CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथिला गौरव



डा. राजेन्द्र विमल

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथिला गौरव

डा. राजेन्द्र विमल

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : नेपाल संस्कृत विश्वविद्यालय,
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
प्रकाशन मिति : २०७४ मङ्सिर ७ गते बिहीवार,
(विवाहपञ्चमी)
अनुदान : रोटरि, आरआई डिस्ट्रिक्ट ३२९२ नेपाल-भूटानका डिस्ट्रिक्ट गभर्नर श्रीमती जयाराज्यलक्ष्मी शाज्यूको आर्थिक अनुदानबाट प्रकाशित
सर्वाधिकार : प्रकाशकमा
आवरण चित्र : जानकी मन्दिर, जनकपुर
प्रकाशित प्रति : ६००
मूल्य : ७००
कम्प्युटर सेटिङ : टेकनाथ पाण्डेय
मुद्रक : कृपा प्रिन्टर्स, चबहिल
ISBN NO. : 978-9937-0-4222-2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्गीय बबी विक्रम शाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

पाइलट क्याप्टेन स्वर्गीय ववी विक्रम शाहज्यूको
दिवङ्गत आत्माको चीरशान्ति
एवम् पुण्यस्मृतिमा
समर्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

(त्यो परब्रह्म पूर्ण छ, यो कार्यब्रह्म जीव पनि पूर्ण नै छ, किनभने कार्यब्रह्म जीव परब्रह्मबाट प्रकट भएको हो । अन्तमा कार्यब्रह्म जीवको पूर्णत्त्व आफूमा आत्मसात् गरेर केवल परब्रह्मको सत्तामात्र बाँकी रहन्छ ।)

- ईशावास्योपनिषद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

लेखकीय I

अनुदाताको मन्तब्य III–IV

कार्यकारी निर्देशकको मन्तब्य V–VII

कुलसचिवको मन्तब्य IX

शिक्षाध्यक्षको मन्तब्य XI

उपकुलपतिको मन्तब्य XIII

प्रथम अध्याय

मिथिलाक्षेत्रको परिचय १-६८

द्वितीय अध्याय

विदेह दर्शन र विभूतिहरू ७०-१३१

तृतीय अध्याय

मिथिलाका केही विभूतिहरू १३२-१५८

चतुर्थ अध्याय

वर्णव्यवस्था र व्यवसाय १६०-१६८

पञ्चम अध्याय

धार्मिक सम्प्रदाय, अन्धविश्वास र टुनामुना १७०-१८६

षष्टम अध्याय

प्रमुख पर्व, चाडबाड र व्रत १८७-१९६

सप्तम अध्याय

मैथिली संस्कार र लोकगीत १९७-२६२

अष्टम अध्याय

महिलाहरूको केही व्रत विधान र व्रतकथा २६३-३७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवम् अध्याय

मैथिली लोक गाथा ३७५-४०१

दशौं अध्याय

मैथिली लोककथा ४०२-४०६

एघारौं अध्याय

केही मैथिली लोकनाट्यको कथावस्तु ४०७-४२७

बाह्रौं अध्याय

नृत्यकला, चित्रकला, सङ्गीतकला र काव्यकला ४२८-४३७

उपसंहार

नेपाली संस्कृति, मिथिला गौरव र राष्ट्रियता ४३८-५०८

- नेपाली संस्कृतिको सङ्क्षिप्त इतिहास ४३८
- मिथिला गौरव ४७१
- राष्ट्रियता ५०८

सन्दर्भ ग्रन्थसूची ५०९-५१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकीय



यो पुस्तक लेख्ने सुअवसर जुराइदिएकोमा नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रप्रति विनम्रतापूर्वक आभार व्यक्त गर्ने अनुमति चाहन्छु । विशेष गरी, यस केन्द्रका कार्यकारी निर्देशक श्रद्धेय डा. श्री जगमान गुरूङको ऋषितुल्य उदात्त कल्याण-भाव, मुक्त चेतना, कर्मनिष्ठा, राष्ट्रप्रेम, सात्विक जीवनशैली र मानवमात्रका लागि अहर्निश अजस्र र अविच्छिन्न रूपमा प्रवाहित हुने स्नेहशील जस्ता उच्च गुणहरूबाट म आजन्म अनुप्राणित रहने छु ।

पुस्तक-प्रणयनमा सहयोग लिइएका अभिलेख, दस्तावेज, ग्रन्थ, पत्रपत्रिका आदि सबैका प्रणेता, लेखक, सम्पादक आदि प्रति आभारावनत छु ।

टंकणमा मात्र होइन, सन्तानोचित सल्लाहले पाइलापिच्छे सहयोग गर्नुहुने सुपुत्रवत्प्रिय श्री प्रकाश 'प्रेमी' र केही अंशको टंकणमा सहयोग गर्ने उमेश पोखरेलले ठूलो गुन लगाउनुभएको छ । आयुष्मान् 'प्रेमी' प्रति आभारका औपचारिक शब्द व्यक्त गर्नुपर्दा असहज अनुभव गर्दछु । प्रेम त सहज, अनमोल अनुभूति हो, अभिव्यक्तिले केही मोल घट्छ कि ?

पुस्तक लेखन र प्रकाशनको चिन्ता दिन रात लिने सहचरी श्रीमती वीणा विमल, ज्वाँइ आयुष्मान् श्री अजय कुमार कायस्थ, छोरी सौभाग्यवती आभा अनुपमा र नाति आयुषले तयार पारेका अनुकूल वातावरणसँगै चाहिएको बेला स्वतः कुदीकुदी ल्याइदिने खाना, खाजा, चियाका लागि उर्लेर आउने स्नेह र आशीर्वादको बाढी 'धन्यवाद' जस्तो छोटो शब्दभित्र अटाउँदैन ।

मिथिलाको सभ्यता, संस्कृति, कला परम्परा र वर्तमानलाई सम्पूर्ण गरिमा र सौन्दर्यसहित एउटा सीमित पृष्ठभित्र समेट्नु लोहटामा समुद्र अटाउने प्रयास गरे जस्तै हुन्छ, तर लोहटाको पानीले समुद्रको पानी बारे केही संकेत र सूचना अवश्य दिन्छ । मिथिलाको प्राचीन र अर्वाचीन वैभवबारे अन्य संस्करण र ग्रन्थहरूमा मेरो बर्कतले भ्याएसम्म थप सूचना दिँदै जानेछु - अवसर प्राप्त भए । अर्को संस्करणमा उचित संशोधन, प्रबर्द्धन तथा उत्कर्ष ल्याउन यहाँहरूको कृपापूर्ण सुझाव र मंगलवचनका लागि अपलक, आतुर प्रतीक्षा गरिरहन्छु ।

विनीत

डा. राजेन्द्र विमल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथापूर्वे सञ्जानानां उपासते ।।

(हे मनुष्य हो ! जसरी अघि तिम्रा विद्वान् पूर्वजहरू सदाचारको पालन गर्दथे, त्यसरी नै तिमीहरू पनि सँगै मिलेर हिँड, एउटै बोली बोल, तिमीहरूको मन पनि एउटै होओस् ।)

– ऋग्वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

हिमालयको सुन्दर, शान्त र शीतल काखमा रहेको नेपाल अनेकन् सभ्यता र संस्कृतिको थलो हो। अतः नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक राष्ट्र हो। नेपालमा बसोबास गर्ने अनेकन् जातजातिका आ-आफ्नै भाषा, धर्म, र सांस्कृतिक परम्पराहरू छन्। यसरी आ-आफ्ना भाषा, धर्म र संस्कृतिलाई जोगाउँदै नेपालीहरू सहिष्णुता र सहअस्तित्वको सिद्धान्तमा बाँचेका छन्। यसैले नेपाल विश्वमा शान्तिप्रिय बहुलवादी तथा आधुनिक देश तथा अनुपम आदर्श भएको राष्ट्रको रूपमा चिनिएको छ।

नेपालका राष्ट्रिय संस्कृतिहरूमा मैथिली संस्कृति एक समृद्ध एवम् गौरवशाली संस्कृति हो। आफ्नो शरीरलाई पनि मेरो होइन भनेर त्यागको भावना राख्ने विदेह राजा जनकको राजधानी मानिने जनकपुर मैथिली संस्कृतिको केन्द्र हो। मिथिला क्षेत्रमा वैदिककालदेखि कै जीवन पद्धतिको नमुना पाइन्छ। त्यसकारण मैथिली संस्कृतिको विषयमा अध्ययन-अनुसन्धान र विश्लेषण गरी यसको संरक्षण र संवर्द्धन गर्नु हाम्रो कर्तव्य र दायित्व हो।

जगज्जननी जानकीको जन्मभूमि जनकपुर मिथिलाको प्राचीन राजधानी रहेकोमा सम्पूर्ण नेपाली आफूलाई गौरवान्वित ठान्दछन्। विदेह राजा जनकको राजसभामा अनेकन् विद्वान् एवम् विदुषीहरूको सम्मेलन हुन्थ्यो। बृहद्दारण्यकोपनिषद्का रचयिता याज्ञवल्क्य, अष्टावक्र र गार्गीको उपस्थिति त्यस सम्मेलनमा गरिमामय मानिन्थ्यो। नेपालको कमलाखोंचमा याज्ञवल्क्य ऋषिको आश्रम रहेको मानिएको छ। यसैगरी जनकपुरको बाह्र बिघा मैदानलाई तान्त्रिक साधकहरूको साधना स्थल मानिएको छ। अतः नेपालको मिथिलाक्षेत्रमा वैदिक दर्शनमा आधारित सभ्यता र संस्कृतिको विकास भएको पाइन्छ। यसका अतिरिक्त मिथिलाक्षेत्रको जनजीवनमा तन्त्र अथवा काली उपासनाले पनि महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ। अहिले मिथिलाक्षेत्रको प्राचीन वैभव केवल प्राचीन गौरवको रूपमा मात्र रहिरहेको छ। आज मिथिलावासीहरू आफ्नो प्राचीन गौरव गरिमा प्राप्त गर्नका लागि सजग, सक्रिय र सचेत हुँदै छन्। अतः यस सन्दर्भमा मैथिली संस्कृतिको वैज्ञानिक अध्ययन र विश्लेषण हुनु अत्यावश्यक छ।

नेपालको इतिहास, धर्म, संस्कृति, भाषा, साहित्य र कला-कौशलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रमा मिथिलाको इतिहास, भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति र कला-कौशल उर्वर अवस्थामा रहेको पाइन्छ। यसमा अझ समग्र आर्यावर्तीय संस्कृतिको तत्त्व बोधका लागि मिथिलाको संस्कृति अपार छ। मिथिलाको सभ्यता र संस्कृति विश्वकै प्राचीनतम एवम् समृद्ध सभ्यता र संस्कृतिको रूपमा रहेको पाइन्छ। वैदिक एवम् औपनिषदिक कालमा मिथिलाक्षेत्र सभ्यता र संस्कृतिको चरम उत्कर्षमा थियो। अनेक वैदिक एवम् औपनिषदिक ऋचाहरूको रचना यही मिथिलाक्षेत्रमा भएको पाइन्छ। ऋग्वैदिक कालपछि सर्वाधिक महत्त्वपूर्ण ग्रन्थ 'शतपथब्राह्मण' र 'बृहदारण्यकोपनिषद'को रचना मिथिलामा नै याज्ञवल्क्य ऋषिले गरेका थिए। अष्टावक्र गीताको रचना पनि यही पुण्यभूमिमा भएको थियो। यसैगरी प्रजातन्त्रको थालनी पनि मिथिलाकै भूमिबाट भएको पाइन्छ, किनभने यस क्षेत्रमा स्वयम् राजाले पनि प्रजाको हितका लागि हलो चलाउँदथे। यस क्षेत्रमा महिलाको पनि अग्रिम र पूजनीय स्थान रहेको थियो। राजा जनकले हलो जोत्दा फेला परेकी बालिकालाई स्वयम् राजाले आफ्नो छोरीको रूपमा अङ्गीकार गरेका थिए।

मिथिलाकी धर्तीपुत्री सीताको वरणका लागि स्वम् मर्यादा पुरुषोत्तम श्रीरामले मिथिलामा पदार्पण गरेका थिए। यसैगरी विभिन्न प्रकरणमा भगवान् श्रीकृष्ण पनि मिथिलामा तीन पटक आएको वर्णन पाइन्छ। वैदिक धर्मावलम्बीहरूका लागि मात्र नभई जैन धर्मावलम्बीहरूका लागि पनि मिथिलाको भूमि अति पवित्र छ। जैन धर्मका २४ तीर्थङ्करमध्ये १८ औँ र २१ औँ तीर्थङ्करको जन्म मिथिला कै भूमिमा भएको थियो। यस क्षेत्रमा स्वयम् महावीरले पनि ६ वर्ष बिताएका थिए। शाक्यमुनि बुद्धले पनि मिथिलाको धेरैपटक भ्रमण गरेका थिए। इस्लाम धर्म अन्तर्गत सूफी सन्तहरूको कर्मक्षेत्रको रूपमा पनि मिथिलाको भूमि महत्त्वपूर्ण रहेको छ।

आज मिथिलाको प्राचीन गौरवगाथाको संरक्षण, सम्वर्द्धन र उन्नयनका लागि नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले मि(थिला गौरव शीर्षकको पुस्तक प्रकाशन गर्ने सुवर्ण अवसरमा मैले आफ्ना स्वग(ीय पति पाइलट क्याप्टेन बबी विक्रम शाहज्यूको दिवङ्गत आत्माको चीरशा(न्तका लागि यो पुस्तक प्रकाशन गर्न आर्थिक अनुदान दिने सुवर्ण अवसर पाउँदा म ज्यादै गौरवान्वित भएको छु। यस कार्यले नेपालको धर्म, दर्शन, संस्कृति, भाषा, साहित्य एवम् कला-कौशलको संरक्षण, सम्वर्द्धन भई नेपाल राष्ट्र र नेपाली राष्ट्रियताप्रति उन्मुख हुन समस्त नेपालीहरूलाई प्रेरणा प्राप्त होस् भन्ने हार्दिक मङ्गल कामना गर्दछु।

श्रीमती जयाराज्यलक्ष्मी शाह
डिस्ट्रिक्ट गभर्नर, रोटरि, आरआई डिस्ट्रिक्ट ३२९२ नेपाल-भूटान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन



अहिले केवल जनकपुरक्षेत्रलाई मात्र मिथिला भन्ने गरेको पाइन्छ तर नारायणीदेखि पूर्व कनकाईदेखि पश्चिम, चुरेदेखि दक्षिण गङ्गाको मैदानसम्मको विस्तृत भूभाग मिथिलाञ्चल हो । अघि प्राचीनकालमा नेपालमण्डल, मिथिला, वैशाली र पाटलिपुत्रको बिचमा सांस्कृतिक, धार्मिक, आर्थिक तथा राजनैतिक अन्तरसम्बन्ध रहेको थियो । मिथिलाले नेपालमण्डल, वैशाली र पाटलिपुत्रको बिचमा एउटा Transmision Zone को काम गर्दथ्यो । हरिसिंहदेवको समय पछि सिम्रौनगढको पतन भयो । त्यसपछि जयस्थितिमल्लको समयदेखि यक्षमल्लको समयसम्म सिम्रौनगढ समेत गङ्गासम्मको भूभाग नेपालको अधीनमा रहेको थियो ।

मिथिलाञ्चलमा दर्शनमा आधारित सभ्यता र संस्कृतिको विकास भएको पाइन्छ । मिथिलाञ्चलमा नै शतपथब्राह्मण र बृहदारण्यकोपनिषद्को रचना भएको थियो । मिथिलाले याज्ञवल्क्य, जनक, अष्टावक्र, गार्गी आदि विद्वान् तथा विदुषीहरूको कर्मक्षेत्रको रुपमा परिचित हुने शौभाग्य पाएको थियो ।

कालान्तरमा कालीको उपासनाले मिथिलाञ्चलमा प्रश्रय पायो । विश्वमा सबैभन्दा बढी पशुबलि चढाइने गढीमाई यसको उदाहरण हो । यसैगरी गङ्गाको तटमा अस्ताउँदो र उदाउँदो सूर्यको उपासना गर्ने छठ पर्वको विकास भयो । छठ पर्वको अवसरमा सबै वर्गका मानिसहरू एउटै पोखरीमा स्नान गर्दछन् । त्यसमा कुनै भेदभाव हुँदैन । नववधूहरूले मनाउने मधुश्रावणी पर्व मिथिलाञ्चलको विशेष सांस्कृतिक परिचय हो । सलहेसपर्व मिथिलाञ्चलको एउटा उदात्त संस्कृतिको द्योतक हो । यसैगरी यहाँका चिडिमारहरूले हिन्दू र ईस्लाम धर्मावलम्बीकका बिचमा सुमधुर सम्बन्ध कायम गराइरहेको छ ।

अहिले मिथिला कलाले आफ्नो छुट्टै परिचय कायम गरिसकेको छ । नेपालमण्डलका मल्लराजाहरूको दरबारमा मैथिली र भोजपुरी भाषाको पहुँच थियो । त्यसवेला नेपालमण्डलका राजदरबारहरूमा मञ्चन गरिने नाटकहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैथिली भाषामा रचिएका हुन्थे । अहिले पनि मिथिला र भोजपुरीक्षेत्रका भजनको राग ताल र नेपालका नेवार समुदायमा प्रचलित भजनका राग तालहरू एउटै छन् । यसरी नेपालमण्डलको भाषा, साहित्य, सभ्यता र संस्कृतिको विकासमा मिथिलाञ्चलको महत्त्वपूर्ण योगदान रहेको छ ।

अतः मिथिलाञ्चलको गौरवलाई उचो राख्न तथा मिथिलाञ्चल र नेपालमण्डल बिचको सांस्कृतिक समन्वय, सहिष्णुता र समभावलाई अक्षुण्ण राखी नेपाली राष्ट्रियताको भावनालाई उजागर गर्ने उद्देश्यद्वारा अभिप्रेरित भएर नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले मिथिला गौरव शीर्षकको अनुसन्धान परियोजना सञ्चालन गर्ने लक्ष्य राखेर उक्त अनुसन्धान परियोजनालाई सफलतापूर्वक सम्पन्न गराई अनुसन्धान प्रतिवेदनलाई पुस्तकाकार रुपमा प्रकाशित गरिएको हो ।

डा. राजेन्द्र विमल नेपालको एउटा जिउँदो र सबल सम्पदा हुनुहुन्छ । मधेशी समुदायमा जन्मेर पनि नेपाली भाषा तथा साहित्यको विकासमा लागि रहनुभएको छ र समष्टिगत राष्ट्रिय नेपाली संस्कृतिको प्रवर्द्धनमा दत्तचित्त हुनुहुन्छ । आफ्नो जवानीको समयमा इस्पातले आफ्नो पाखुरा चिरेर जय नेपाल लेख्ने उहाँ मात्र एक्लो नेपाली हुनुहुन्छ । उहाँको यस चरित्रबाट उहाँमा अन्तर्निहित उदात्त नेपाली राष्ट्रियताको भावना प्रस्फुटित हुन्छ । अतः उहाँ सिङ्गो नेपाल राष्ट्र र एक ढिक्का नेपाली राष्ट्रियताको संवाहक हुनुहुन्छ । यस्ता महान व्यक्तित्व डा. राजेन्द्र विमलबाट मिथिला गौरव शीर्षकको यो ग्रन्थको संरचना गराउन पाउँदा नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले आफूलाई गौरवान्वित ठानेको छ ।

नेपालका श्री ३ महाराज चन्द्रशमशेर ज.ब.रा.का पनातिनी, जनरल सिंहशमशेर ज.ब.रा.का नातिनी, श्री अर्जुनशमशेर ज.ब.रा.का सुपुत्री एवम् जाजरकोट राजवंशका पाइलट क्याप्टेन वसन्त विक्रम शाहका धर्मपत्नी रोटरी क्लब आरआई डिस्ट्रिक्ट ३२८२ नेपाल-भूटानका डिस्ट्रिक्ट गभर्नर श्रीमती जयाराज्यलक्ष्मीदेवी शाहज्यूको आर्थिक अनुदानबाट उहाँका पति स्वर्गीय वसन्त विक्रम शाहज्यूको दिवङ्गत आत्माको चिरशान्ति एवम् पुण्यस्मृतिमा यो ग्रन्थ प्रकाशन गर्न पाउँदा नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र आफूलाई अत्यन्तै गौरवशाली महशुस गर्दछ । यो पवित्र कार्य नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र र जनसमुदाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिचको अन्तरसम्बन्ध एवम् समन्वयको एउटा पहिलो अनुपम नमूना हो । नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले समन्वयात्मक संस्कृतिको धरातलमा नेपाली जनमानसमा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र एक ढिक्का नेपाली राष्ट्रियताको दिगो विकासको भावना जागृत गराउने अभियानमा श्रीमती जयाराज्यलक्ष्मीदेवी शाहज्यूको अतुलनीय भूमिका रहेको छ । नेपाली संस्कृति र राष्ट्रियताको विकासमा श्रीमती जयाराज्यलक्ष्मीदेवी शाहज्यूको यो योगदान अत्यन्तै प्रशंसनीय र कदर लायक छ ।

यो पुस्तकको भाषा सम्पादनमा सहयोग गर्नुभएकोमा यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका सहप्राध्यापक डा. लक्ष्मीराज पण्डित तथा भाषा सम्पादनका साथै कम्प्युटर सेटिङका लागि कुशल सेवा गरे वापत् यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कम्प्युटर अपरेटर टेकनाथ पाण्डेय तथा अन्य सहयोगीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । छिटोछरितो छपाइका लागि काठमाडौँ, चाबहिल, गङ्गाहिटी स्थित कृपा प्रिन्टर्सका कृष्णमणि भट्टराई, अर्जुन नेपाल सहित अन्य सबैलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ शं नो मित्रः शं वरूणः । शं नो भवत्वर्यमा । शं नः इन्द्रो बृहस्पतिः । शं नो विष्णुरूरूक्रमः । नमो ब्राह्मणे । नमस्ते वायो । त्वमेव प्रत्यक्षं ब्रह्मासि । त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि । ऋतं वदिष्यामि । सत्यं वदिष्यामि । तन्मामवतु तद्वक्तारमवतु । अवतुमाम् अवतु । वक्तारम् ।

(प्राणवृत्ति र दिनलाई 'म हुँ' भनी सम्झने देवतास्अरूप मित्र अपानवृत्ति र रात्रिलाई 'म हुँ' भनी सम्झने वरुण, चक्षु र सूर्यलाई 'म हुँ' भनी सम्झने देवता स्अरूप अर्यमा, बललाई 'म हुँ' भनी सम्झने इन्द्र, वचन र बुद्धिलाई 'म हुँ' भनी सम्झने देवतास्अरूप बृहस्पति, व्यापक टेकाइ भएका पाउलाई 'म हुँ' भनी सम्झने देवतास्अरूप विष्णु हाम्रा सुखरूप होऊन् । वायुस्अरूप ब्रह्मलाई नमस्कार छ, हे वायुदेव! तिमीलाई नमस्कार छ । तिमी नै प्राण रूप हुनाले चक्षु आदि भन्दा प्रत्यक्ष ब्रह्म छौ, तिमीलाई नै प्रत्यक्ष ब्रह्म भन्नेछु, तिमीलाई नै शास्त्र आफ्नो कर्तव्य अनुसार बुद्धिमा निश्चय गरिएको वस्तु एवम् वचन र शरीरले सम्पन्न गरिने सत्य भन्नेछु । त्यो वायुनामक ब्रह्मले म (विद्यार्थी) लाई र आचार्य (गुरु) लाई साथ-साथै रक्षा गरोस् ।)

- तैत्तिरीयोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
बेलझुन्डी दाङ
Beljhundi, Dang

कुलसचिवको कार्यालय — Office of the Registrar

पत्र सङ्ख्या :-
चलानी नम्बर :-
Reference No. :-

मिति (Date) : २०७५/०२/१

शुभकामना

राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले मिथिला गौरव शीर्षकको पुस्तक प्रकाशन गर्न गइरहेकोमा खुसी लागेको छ। स्थापनाकालदेखि नै यस केन्द्रले नेपालको राष्ट्रिय संस्कृतिका अंगका रुपमा रहेका विविध जातजाति र तिनका धर्म र संस्कृतिलाई उजागर गर्ने, तिनका महत्व र विशेषतालाई प्रकाशमा ल्याउने काम गर्दै आएको छ।

हाम्रा कतिपय भाषा र संस्कृतिहरु लोपोन्मुख अवस्थामा पुगेका छन्। तिनको संरक्षण र प्रवर्द्धन गर्नु हाम्रो मुख्य दायित्व हो। कतिपय संस्कृति र परम्पराहरु खास जाति र धर्मसँग मात्र जोडिएका हुँदा हुँदै पनि तिनीहरुले देशको मूल संस्कृतिलाई नै टेवा पुर्‍याउँदै आइरहेका छन्। वहुजातीय, बहुभाषिक एवं वहुसंस्कृतियुक्त नेपालनै सम्पूर्ण नेपाल हो अनि नेपालीहरुको संस्कृति भनेको साझा राष्ट्रिय संस्कृति हो भन्ने भावनालाई हृदयमा राखेर अघि बढ्नु हाम्रो दायित्व हो। राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र यही उद्देश्यमा क्रियाशील रहेको छ। यसपटक हाम्रो प्राचीन गौरवमय मिथिला राज्य र त्यहाँको ऐतिहासिक, सामाजिक, सांस्कृतिक परिचयलाई समेटेर विद्वान् लेखक डा. राजेन्द्र विमलज्यूले तयार गर्नु भएको पुस्तक प्रकाशन गरेर राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले ज्यादै महनीय कार्य गरेको छ। राजर्षि जनक, जगज्जननी सीता, महर्षि याज्ञवल्क्य, विदुषी मैत्रेयी र गार्गीहरुको साधनाभूमि पवित्र मिथिला क्षेत्रको महत्व र विशेषतालाई सबै नेपालीका सामु उजागर गर्न यो पुस्तक आधार सामग्री वन्ने विश्वास लिएको छु। मुलुकको धार्मिक एवं सांस्कृतिक नगरी जनकपुर र वरपरको क्षेत्रका सांस्कृतिक विशेषताहरुलाई तथ्यपरक ढङ्गले विश्लेषण गरिएको यो पुस्तक मिथिला संस्कृतिलाई परख गर्ने आधिकारिक दस्तावेज वन्न पुगेको छ। यति महत्वपूर्ण पुस्तक प्रकाशन गर्न लागेकोमा राष्ट्रिय सांस्कृतिक केन्द्रलाई बधाई दिँदै भोलिका दिनमा पनि यसरी नै प्राज्ञिक कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

.....
प्रा.कार्तिकेय झा
कुलसचिव

फोन/फ्याक्स नं.(Phone/Fax No.) : ०८२-४००००४ (082-400004) E-mail : nsu.vcoffice@gmail.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवाः भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवा गुं सस्तनूभिर्व्यशेम देवहितं यदायुः ॥
स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पुषा विश्ववेदाः ।
स्वस्ति नस्ताक्ष्र्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ॥

(हे देवता हो ! यज्ञ गर्ने हामीहरू कानले कल्याणमय वचन सुनौँ; आँखाले कल्याण देखौँ; सबल अङ्गले स्तुति गर्ने हामी जुन (जस्तो) आयु देवताहरूको हित गर्ने हुन्छ, त्यै (त्यस्तै) आयु भोग गरौँ । बडा कीर्तिमान इन्द्र, परम् ज्ञानवान् पूषा, आपत्ति हटाउन चक्र समान गरूड र बृहस्पति हाम्रो कल्याण गरून् ।)

– मुण्डकोपनिषद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
बेलहुन्डी, दाङ
Belhundi, Dang

शिक्षाध्यक्षको कार्यालय — *Office of the Rector*

Reference No.
पत्र संख्या :- २३८ (फा.नं.३८८) Date/दिनाङ्क २०७५/२/११

चलानी नम्बर :-

विषय (Subject) :- शुभकामना ।

नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रद्वारा "मिथिला गौरव" नामक अनुसन्धानात्मक ग्रन्थ प्रकाशित हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । नेपाल भारतको सांस्कृतिक इतिहासमा मात्र नभई दक्षिण एशियाकै इतिहासमा मिथिला संस्कृतिको गौरवमय स्थान रहँदै आएको छ । विशेषतः जनक नन्दिनी सीता र अयोध्याका राजा दशरथका छोरा रामको वैवाहिक सम्बन्ध कायम भएको जनकपुर क्षेत्र मिथिलाको केन्द्रीय भुमि हो । यस आसपासको नेपाल तथा भारतका विशाल क्षेत्रमा हजारौं वर्ष पहिलेदेखि मिथिला संस्कृतिको विकास र विस्तार हुँदै आएको बुझिन्छ । राजर्षि जनकको आदर्श र सीतारामको अनुकरणीय जीवन दर्शन मीलाएको यस पवित्र धरतीको महिमा प्राचीन हिन्दुग्रन्थहरूमा सविस्तार वर्णन गरिएको पाईन्छ ।

नेपाली संस्कृतिको फाँटमा मिथिला संस्कृतिले धेरै फराकिलो र गौरवमय स्थान ओगटेको छ । युग युगान्तर यस क्षेत्रमा विकसित हुँदै आएका विविध सांस्कृतिक पक्षहरू जस्तै चाडपर्व, उत्सव समारोह, खानपान, भेषभूषा, रहनसहन, भाषा, कला नृत्य, संगीत, वाद्यवादन, व्रतउपवास आदिले यस क्षेत्रको महत्वलाई अन्तर्राष्ट्रिय स्तरमै परिचित तुल्याएका छन् । समग्र नेपाली संस्कृतिलाई सदैव हराभरा बनाउने मिथिलाको इतिहास, संस्कृति, सभ्यता तथा कला र वास्तुकलालाई केन्द्रीय विषयवस्तु बनाई यसका विविध पक्षहरूबारे थप खोज तथा अनुसन्धान गरी मिथिलाको गौरवमय संस्कृति र सभ्यतालाई अझै लोकप्रिय एवं जीवनोपयोगी बनाउने उद्देश्यका साथ "मिथिला गौरव" नामक ग्रन्थ प्रकाशनार्थ आर्थिक दायित्व बहन गर्ने उदारमना व्यक्तित्व, अनुसन्धानात्मक लेखहरू प्रकाशित गर्ने विद्वान् लेखकहरू, सम्पादक मण्डल प्रति हार्दिक साधुवाद प्रकट गर्दै प्रस्तुत ग्रन्थले नेपालको इतिहास र संस्कृतिको क्षेत्रमा गहकिलो योगदान पुऱ्याउन सकोस् भन्ने हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

प्रा. रमेशप्रसाद ढकाल
शिक्षाध्यक्ष

फोन नं.: ०८२-४०००३४ इमेल आईडी nsurectoroffice@gemal.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे।
मित्रस्य चक्षुषा समीक्षामहे।

(मलाई सबै प्राणीले मित्रको दृष्टिले हेरुन्। म पनि सबै प्राणीलाई मित्रको दृष्टिले हेर्न सकूँ)।

– यजुर्वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
Beltimadi, Dang

उपकुलपतिको कार्यालय | Office of the Vice Chancellor

Reference No. :- | मिति (Date) : २०७५/२/१

पत्र सङ्ख्या :-

चलानी नम्बर :-

शुभकामना मन्तव्य

नेपालका विविध जात जातिको भाषा, साहित्य, धर्म, दर्शन एवम् संस्कार र संस्कृतिको अध्ययन अनुसन्धान गराउने उद्देश्यद्वारा नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत स्थापित राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रको आ.व. २०६९/७० को अनुसन्धान परियोजना अनुसार जनकपुर निवासी विद्वान् डा. राजेन्द्र विमलजीले मिथिला गौरवका विषयमा विस्तृत अध्ययन गरेर तयार पार्नु भएको अनुसन्धान प्रतिवेदन पुस्तकाकार रूपमा प्रकाशित भएकोमा म ज्यादै हर्षित छु।

साँच्चिनै मिथिला हाम्रो गौरव हो। वेद, वेदान्त र ज्ञान-विज्ञानको खानी हो। आफ्नै शरीरलाई पनि मेरो होइन भन्ने त्यागी विदेहद्वारा संरक्षित पावन थलो हो। अतः मिथिलाको गौरवलाई अक्षुण्ण राखेर यसको संरक्षण र संवर्द्धन गर्नु हाम्रो दायित्व हो। मित्र डा. राजेन्द्र विमलजीको यस कृतिले हामीलाई हाम्रो निजस्व र वर्चस्वमा अडिग रहन प्रेरणा दिने छ। यसप्रकारको परिपाटि मिलाउन सफल हुनु भएको मा राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा. जगमान गुरुङ तथा अन्य शिक्षक एवम् कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

प्रा.डा. कुलप्रसाद कोइराला
उपकुलपति
उपकुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णानामर्थसङ्घानां रसानां छन्दसामपि ।
मङ्कलानां च कर्त्तारौ वन्दे वाणी विनायकौ ॥

(अक्षरहरु, अर्थसमूहरु, रसहरु र छन्दहरुका साथै मङ्गलकर्ता सरस्वती र गणेशको वन्दना गर्दछु ।)

– श्रीरामचरितमानसब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम अध्याय

मिथिलाक्षेत्रको परिचय

(क) विषय-प्रवेश :

मिथिलाको सभ्यता विश्वको अनुपम सभ्यतामध्ये एक रहेको कुरा असंदिग्ध छ । तर यस अन्यतम र गौरवपूर्ण सभ्यताका आधार एवं तत्त्वहरूको खोजी गर्ने, संकलित गर्ने, व्याख्या र विश्लेषण गर्ने श्रमसाध्य प्रयास सिङ्गो कुनै एउटा ग्रन्थमा भएको पाइन्न । फलतः 'मिथिला गौरव' ग्रन्थको प्रणयनको लागि मधुकर- अनुवर्तिनी- साधनापथ मात्र श्रेयस्कर भयो । यस क्रममा केही प्राचीन अभिलेखहरूको अध्ययन अपरिहार्य भयो । वैदिक साहित्य, केही प्राचीन अभिलेख, केही शोध-ग्रन्थ, मिथिलाविषयक कतिपय विकीर्ण आलेख तथा टिप्पणी एवं छिटफुट पुरातात्विक प्रतिवेदन र कार्यपत्रहरूको गवेषणा, अध्ययन एवं तात्विक विश्लेषण गरियो । चम्पारण अभिलेख, नोलागढ अभिलेख (बेगूसराय, लक्ष्मण सम्बत् ६९), पन्चोब ताम्रपत्र, अन्हराठाढी अभिलेख, मोतिहारीबाट प्राप्त अभिलेख, भीठभगवानपुर अभिलेख, हाबीडीह अभिलेख, रुकुद्दीन पकसको महेश्वर अभिलेख, मोहम्मद बिनतुगलकको वेदीवन अभिलेख, सारनक्षेत्रबाट प्राप्त फिरोज तुगलक-कालको अभिलेख, तुगलकपुरा टक्सार (दरभङ्गा) बाट प्राप्त मोहम्मद बिन तुगलकका दुई प्राचीन मुद्रा, नसत शाहको मोतिहारी अभिलेख, मुल्ला तकियाद्वारा प्रस्तुत दरभङ्गा वरिपरि प्राप्त केही मुसलमानी अभिलेखहरू विजय सेनको देवपारा अभिलेख केही महत्त्वपूर्ण अभिलेख हुन् ।

कुनै 'देव'-द्वारा लिखित यजस् तिलक, संध्यातकर नन्दीको 'रामचरित', श्रीधर दासको 'बल्लालचरित', 'साधूक्ति कर्णामृत', विल्हणको 'देवचरित', वामनको 'लिङ्गानुशासन', चण्डेश्वरको 'राजनीतिरत्नाकार', ज्योतिरीश्वरको 'वर्णरत्नाकर', उमापतिको 'पारिजातहरण', 'प्राकृतपैंगलम्' विद्यापतिका रचनाहरू (खासगरी 'पुरुषपरीक्षा'), रंभामञ्जरी' (नाटक), हरिब्रह्मका अवहट्ठ कवितामा हरिसिंह देवका शक्तिशाली मन्त्री चण्डेश्वरबारे दिइएका जानकारी, मुल्ला तकियाको 'बजाय', म.म. परमेश्वर झाको 'मिथिला - तत्त्व - विमर्श', मिथिलामिहिर (पत्रिका' को मिथिलाङ्क' (१९३५ - ३३६) मा प्रकाशित निबन्ध, ईसाको तेह्रौं शताब्दीमा धर्मस्वामीद्वारा लिखित मिथिलाको यात्रावृत्तान्त, जैन ग्रन्थ, बौद्ध जातक कथाहरू, कतिपय पुराणहरूमा मिथिलाको गौरव - गाथाका झिल्काझिल्कीहरू छरिएर रहेका छन् ।

पुस्तक - लेखनको क्रममा अध्ययन गरिएका पुस्तकहरूको सन्दर्भ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

– सूची अन्त्यमा संलग्न छ। तर, यहाँ केवल आधुनिक कालका मुख्य आधार ग्रन्थहरूको चर्चा गरिन्छ। मिथिलाबारे आधुनिक कालमा अध्ययन गरिएको निसात अंसारीको 'विहार ड्युरिङ द तुर्क अफगान पिरियड' एउटा उल्लेखनीय ग्रन्थ हो। डा. के. पी. जयसवाल[१], एन. के बसु[२], आर. सी. मजुमदार[३], डा. जी. ए. ग्रियर्सन[४], म. म. परमेश्वर झा[५], रास विहारी लाल दास[६], राधाकृष्ण चोधरी[७], आर. आर. दिवाकर[८], म. म. मुकुन्द झा वख्शी[९], डा. चन्देश्वर प्रसाद नारायण सिन्हा,[१०] श्यामनारायण सिंह[११], उमेश मिश्रा[१२], ५१० उपेन्द्र ठाकुर[१३], जयकान्त मिश्र[१४], का ग्रन्थ कोसे ढुङ्गा हुन्।

(ख) अध्ययनको महत्त्व :

अध्ययनले नेपालको एउटा सर्वाधिक महिमाशाली सभ्यता, संस्कृति, साहित्य र कलाको चिनारी विश्वस्तरमा गराउन सक्ने भएको हुँदा यसले नेपालको अन्तर्राष्ट्रिय छविलाई समुन्नत रूमपा स्थापित र प्रसारित गर्ने छ। नेपालको पर्यटन–उद्योगलाई यसले सशक्त टेबा पुऱ्याउँछ। मिथिलाको गौरवमय ऐतिहय र परम्परा तथा पौराणिक, ऐतिहासिक एवं सांस्कृतिक महत्त्वका स्थलहरूको पहिचान र प्रसार विश्वस्तरमा गर्न–गराउन सघाउ पुऱ्याउने छ। राष्ट्रको अर्थतन्त्रलाई अझ सुदृढ पार्न यस्ता अध्ययनले मद्दत पुऱ्याउने सत्य निर्विवाद छ। यस अध्ययनले पहिलो पटक मिथिलाको सांस्कृतिक नक्सा तथा सांस्कृतिक 'क्याटलोग' (Cultural Catalogue) बनाउन सहयोग गर्ने छ। वर्तमान नेपालको सबभन्दा प्राथमिक आवश्यकता नेपाली मात्रलाई राष्ट्रिय भावनाको संस्कारले संस्कारित गर्नु हो र यस अध्ययनले यस ऐतिहासिक आवश्यकताको पूर्तिमा महत्त्वपूर्ण सहयोग प्रदान गर्ने छ।

मिथिलाको सम्पूर्ण गौरवलाई विस्तृत रूपमा समेट्नु एउटा चुनौतीपूर्ण, दीर्घ कालापेक्षी र पर्याप्त द्रव्यापेक्षी योजना भएको हुँदा प्रस्तुत अध्ययनमा व्यासशैलीको साटो आप्तशैलीको प्रयोग व्यावहारिक देखिन्छ। त्यसैले मिथिला–सभ्यता र संस्कृतिका विविध आयामहरूलाई सारगर्भित रूपमा प्रस्तुत गरिने छ। यो अध्ययन 'मिथिला ज्ञान कोश' सिद्ध होस् भन्ने उद्देश्य पनि लिइएको हो।

(ग) मिथिलाको नामकरण :

'मिथिला महात्म्य' मा मिथिलाका बाहवटा नाम पाइन्छन् –

'मिथिला तैरभुक्तिश्च वैदेही नैमिकाननम्।
ज्ञानक्षेत्रं कृपापीठं स्वर्णलाङ्गलपद्धति : ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानकी जन्मभूमिश्च निरपेक्षा विक्लम्बा ।
रामानन्दकरी विश्वभाविनी नित्यमंगाल ॥ [१५]

यिनका अतिरिक्त पनि मिथिलालाई विदेह, तपोभूमि, स्वर्णकानन, वैजयन्ती आदि नामबाट अभिहित गरिन्छ । यी नामहरूमध्ये तीनवटा सर्वाधिक लोकप्रिय छन् : मिथिला, विदेह र तीरभुक्ति (तिरहुत) यहाँ यी तीन नामबारे संक्षिप्त चर्चा गरिन्छ ।

(i) विदेह -

'विदेह' नामको प्रयोग सर्वप्रथम 'शतपथ ब्राह्मण'मा पाइन्छ ।[१६] मिथिलाको गौरवभूमिका संस्थापक विदेघ माथव (विदेह माधव) पञ्चनद प्रदेशमा सरस्वती किनारमा वस्तथे । एक पटक वैश्वानर अग्निसहित उनी सदानीरा गंडक किनारमा (नेपालका देवघाट ?) आइपुगे र यो भन्दा पूर्वको दलदलयुक्त भूमिलाई बसोबासयुक्त तुल्याए र यही बस्न थाले । विदेघ माथव वा विदेह माधवद्वारा स्थापित भएको हुनाले यस भूखण्डलाई 'विदेह' भन्न थालियो । यज्ञ, हवन आदि धार्मिक अनुष्ठानद्वारा उनले यस भूमिलाई परम पवित्र तुल्याएका थिए ।

(ii) मिथिला -

कालान्तरमा विदेह राज्यलाई 'मिथिला' भन्न थालियो । प्रारम्भमा 'मिथिला' नाउँको प्रयोग सम्पूर्ण राज्यका लागि नभई एउटा स्थानविशेष (जनकपुर) का लागि भएको पाइन्छ [१७]

'मिथिलानाम नगरी तत्रास्ते लोक विश्रुता ।
पञ्चभिः कारणैः पुण्या विख्याता जगत्री त्रये ॥'

कालान्तरमा यस शब्दको अर्थविस्तार भयो र सम्पूर्ण विदेह राज्यका लागि यस नाउँको प्रयोग गर्न थालियो । 'श्रीमद्भागवत महापुराण', 'स्कन्दपुराण', 'बाल्मीकि रामायण', 'रघुवंश' आदि प्राचीन ग्रन्थहरूमा मिथिलाको वर्णन पाइन्छ । 'मिथिला' नामकरण बारे अनेक मत मतान्तर पाइन्छन् । यथा,

(अ) राजा निमि मनुका छोरा थिए । उनी अयोध्याबाट यस भूमि (मिथिला) मा आए । उनकै सुपुत्र 'मिथि' ले यस राज्यको स्थापना गरेको हुँदा यस भूमिको नाउँ 'मिथिला' (मिथिद्वारा लालित) हुन गयो ।

(आ) समुद्रमन्थनपश्चात् उत्पन्न भएको हुनाले मनुपुत्रलाई 'मिथि' भनियो । असामान्य जन्मले गर्दा तिनलाई 'जनक' र अशरीरी रहेको हुँदा 'विदेह' पनि भनियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(इ) 'श्रीमद् भागवत' महापुराण अनुसार, महाराज निमिले एक पटक यज्ञको आयोजन गरेका थिए र ऋत्विजको रूपमा आफ्ना कुलगुरु तथा पुरोहित वशिष्ठलाई आमन्त्रित गरेका थिए। यसैबीच गुरु वशिष्ठले निर्धारित तिथिमा इन्द्रलाई यज्ञ गराउन जानुपरेको हुँदा निमिलाई प्रतीक्षा गर्न भने। तर, वशिष्ठ फर्किन ढिलो भएको हुँदा निमिले गोतम रहुगणलाई ऋत्विज बनाए। वशिष्ठ जब फर्किए गोतम रहुगणलाई आफ्नो आज्ञाविरुद्ध पुरोहित बनाएको हुँदा क्रुद्ध भए र शाप दिए। त्यस शापले निमिको मृत्यु भयो। हाहाकार मच्चियो। सबै देवगण तथा ऋषिहरूले निमिको आत्मालाई पुनः मानवरूपमा प्रकट गर्न प्रार्थना गर्न थाले। तर, उनको प्रार्थना फलित भएन। अन्ततोगत्वा ऋषिहरूले निमिलाई वरदान दिए, 'हजुरको निवास अबदेखि मानव-निमेष (परेला) मा हुनेछ।' तदुपरान्त उनी (निमि) जस्तै सुयोग्य पुत्र जन्माउने उद्देश्यले उनीहरूले उनको (निमिको) शरीरलाई मदानीमा राखी मन्थन गर्न थाले। त्यसबाट 'मिथि' नाउँको बालक प्रकट भए जो पिताको राज्यका उत्तराधिकारी भए। यिनै मिथिको नाउँमा उनीद्वारा शासित राज्यको नाउँ 'मिथिला' भयो। यस सम्बन्धी एउटा श्लोक छ :

'जन्मना जनक सोऽ भूदवैदेहस्तु विदेहजः।
मिथिलो मन्थनाज्जातो मिथिला येन निर्मिता॥'

'मत्स्यपुराण' मा पनि वर्णन छ –

'अराजकमयं नृपां मन्यमानाः महार्षयः।
दह ममन्यः स्मनिमेः कुमार समजायत॥
जन्मना जनकः सो भवद विदेस्तु विदेहजः।
मिथिस्तु मथनाज्जातो मिथिला येन निर्मिता॥'

'भविष्य पुराण'मा मिथिला नगर एवं जनक उपाधिको उत्पत्तिको वर्णन निम्नलिखित रूपमा पाइन्छ :

'निमिः पुत्रस्तु तत्रैव तिथिर्नाम महान स्मृतः।
प्रथमं भुजबलैयेन त्रेहस्तु पार्श्वतः।
निर्मितं स्वीयनाम्ना य मिथिलापुरमुत्तमम्।
पुरी जनन सामर्थ्यात् जनकः स च कीर्तितःऽ।'

(ई) पाणिनिले मिथिला शब्दको व्युत्पत्ति 'मंथ' धातुबाट मानेका छन्। अर्थात्, 'मिथिला त्यो महान भूमि हो, जहाँ शत्रुको मर्दन गरिन्छ।' ('मथ्यन्तेऽत्र रिपवो मिथिला नगरी')[१८]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(उ) डा. सुभद्र झाले यस 'मिथिला' शब्दको सम्बन्ध 'मिथ' अर्थात् 'मिश्र' शब्दसँग गाँसेका छन्। उनको विचारमा 'मिथिला त्यस भूभागलाई भनियो जुन अन्तर्गत विदेह, वैशाली तथा अंगराज्य सन्निविष्ट थियो। [१९]

(ऊ) केही मतअनुसार 'मिथिला' शब्दमा प्रयुक्त म, थ, ल वर्ण क्रमशः जन्म, स्थिति र लयका प्रातीक हुन् -

मकारो विश्वकर्ता च, थकारः स्थितिपालकः।
लकारो लयकर्तावे, त्रिमात्रा शक्तयोभवन ॥ [२०]

मत-मतान्तर धेरै भए पनि राजा मिथिसँग यसको सम्बन्ध चित्तबुझ्दो छ। हलायुधको मत-

'मथ्यन्ते शत्रुवो यस्यां। मथ+मिथिलादयश्च इति अकारस्येत्वं निपात्यते स्वनामख्याता नगरी। सातु जनक राजपुरी यथा। विदेहा मिथिला प्रोक्ता।[२१]

पनि पाणिनिको व्युत्पत्ति नजिक छ।

(iii) तीरभुक्ति (तिरहुत) -

तीरभुक्तिवा 'तिरहुत' शब्द अर्वाचीन हो। नदीहरूको तीर (किनार) मा अवस्थित रहेको हुँदा यसलाई 'तीरभुक्ति' वा 'तिरहुत' भनिएको होला भन्ने अनुमान गरिन्छ। विल्सनको आधारमा कनिंघमले भनेका छन् , 'तीर'को अर्थ हुन्छ नदीको किनार र 'भुक्ति'को अर्थ हुन्छ 'सीमा'। यसरी, तीरभुक्ति शब्दको अर्थ नदी - किनारका छेउछाउका भाग हुन जान्छ।[२२] मिथिला अनेक नदीहरूको क्षेत्र भएको हुनाले र यसको निर्माण तथा विकासमा नदीको प्रमुख भूमिका भएको हुनाले 'तीरभुक्ति' नामको सार्थकता स्वतः सिद्ध छ।

यो भूभाग तीनतिरबाट आफ्नो सीमामा नदीले घेरिएको छ - गंडक, कोशी र गङ्गाबाट। पहिले यो भूमि विदेह राज्यको रूपमा थियो, फेरि यो बृहत्तर गणतन्त्रको रूपमा अभिहित भयो, र विकासको तेस्रो चरणमा यो मगधराज्य अन्तर्गत विहारको एउटा 'सूबा' बन्न पुग्यो र अन्तिम चरणमा यसलाई तिरहुत कमिश्नरीको रूप दिइयो, जुन अन्तर्गत दरभङ्गा, मुजफ्फरपुर, सारन र चम्पारणलाई गाभियो। आज पनि मिथिलाबासीलाई 'तिरहुतिया' 'तेहौते' र मैथिली गीतलाई 'तिरहुत' भन्ने चलन छ। नेपालको इतिहासमा मिथिलाबाट ल्याएर बनाइएको सेनालाई 'तेहौते सेना' भनिएको छ। पंडितलाई 'तेहौते पण्डित' भनिएको छ। अबुल फजल[२३], वेसेन्ट स्मिथले पनि 'तिरहुत' शब्दको प्रयोग गरेका छन्[२४]।

कुनै पण्डितले लेखेका छन् -

'जाता सा यत्र सीता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरिद्मलजला वागमती यत्र पुण्या ,
यत्रास्ते संनिधाने सुरनगर,
नदी भैरवी यत्र लिङ्गम् ।
मीमांसा, न्याय, वेदाध्ययन पटुतरे :
पंडितैमंडिताया,
भूदेवो यत्र भूपो यजन-वसुमती
सरितमै तीरमुक्ति : ॥

'बृहद विष्णु पुराण' को मिथिला खण्डमा यहाँ बग्ने नदीहरूका नाम उल्लिखित छन्:

'कौशिकी कमला चैव तथा विल्वमती मता ।
यमुना चेति विश्चाता भूपसी गैरिका तथा ॥
जलाधिका दुग्धवती तथा व्याघ्रमती मता ।
विरजा मण्डना चैव तथैवेच्छामतीति च ॥'

कवि गङ्गानन्दले 'भृंगदूत' काव्यमा तीरभुक्ति पदको उल्लेख यसरी गरेका छन् :

'गङ्गाती रावधिरधिगता यद्भुवो भंगमुक्ति ।
नाम्ना सैव त्रिभुवनतले विश्रुता तीरभुक्ति ।
भूमिंमित्वा समजनि सखे सीरकेतोस्तपस्या ।
वल्ली यस्याममृतफलदा जानकी कैतवेन ॥

'वृहद विष्णुपुराण' को मिथिला महात्म्य, द्वितीय सर्गको श्लोक ५मा 'तैरभुक्ति' नाम आएको छ - 'गङ्गाहिमवतोर्मध्ये नदी पञ्च दशान्तरे, तैर भुक्तिरिति ख्यातो देभः परमपाठनः ।' उल्लेखनीय छ, प्राचीन ग्रन्थहरूमा 'तीरभुक्ति' नामको उल्लेख कतै छैन ।

कतिपय विद्वानहरूले 'त्रयहुतम' बाट 'तिरहुत' को व्युत्पत्ति मानेका छन् । उनको दृष्टिले तीरभुक्ति वा तिरहुत त्यस देशको नाउँ हो जहाँ तीन सुप्रसिद्ध यज्ञ सम्पादित भए : (i) हलकर्षण वा हलेष्ठि यज्ञ (ii) धनुषयज्ञ र (iii) सीता-रामविवाहयज्ञ । तर, सत्य के हो भने प्राचीन मिथिला (जनकपुर) को प्रत्येक पाइलामा अश्वमेध यज्ञ सम्पन्न भएको कुरा प्राचीन ग्रन्थहरूमा उल्लिखित छ ।

म.म. हरप्रसाद शास्त्रीअनुसार 'भुक्ति' शब्द प्राचीन होइन । यसको प्रथम प्रयोग ईसाको बाह्रौं शताब्दीमा सेन अभिलेखमा 'प्रदेश' का लागि पाइन्छ । उनको विचारमा यस शब्दको प्रथम प्रयोग त्यस बेलामा भयो, जुन बेला बंगालका सेन राज्यहरूले यस देशलाई पराजित गरी यहाँ अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणहरूलाई बस्नलगाए ।[२५] १९०३ ई. मा भारतीय पुरातत्त्व विभागले वैशालीमा उत्खनन गराउँदा चौथो शताब्दी (ई.सन्) का केही मुद्रा फेला परे , जसमा 'तीरभुक्ति' शब्द उत्कीर्ण थियो । कतिपय पत्रमा मात्र 'तीर' शब्दको प्रयोग भएको छ जसबाट 'तीर' नाउँ गरेको कुनै जाति वा अञ्चल भएको सङ्केत पाइन्छ । खोला वा नदीको किनारमा बस्ने माझी जातिका लागि पनि 'तीवर' वा 'तीअर' शब्द प्रचलित भएको आधारमा तीवरबाट 'तीर' शब्द विकसित भएको अनुमान गरी मत्स्यप्रेमी नदीतीरबासीका लागि 'तिरभुत्ति' शब्दको प्रयोग प्रचलनमा आएको अनुमान पनि गरिएको छ । तर, नदी-तटका भूखण्डका लागि 'तीरभुक्ति' शब्दको प्रयोग हुन सक्ने तर्क बढी युक्तिसङ्गत लाग्द छ ।

(घ) मिथिलाको सीमा :

मिथिलाको सीमा विभिन्न कालखण्डमा ऐतिहासिक आरोह - अवरोहका कारण र कोशी , गण्डकी र गङ्गाले आफ्नो प्रवाहपथ परिवर्तन गरेको हुँदा, परिवर्तित हुँदै गरेको पाइन्छ । 'बृहद् विष्णुपुराण'मा मिथिलाको प्राचीन सीमा यसरी बताइएको छ :

"गङ्गाहिवतोर्मध्ये नदी पञ्चदशान्तरे ।
तैरभुक्तिरिति ख्यातो देशः परमपावनः ॥
कौशिकीन्तु समारम्य गण्डकीमधिगम्यवै ।
योजनानि चतुर्विशुत् व्यायामः परिकीर्त्तितः ॥
गङ्गाप्रवाहरभ्य यावद्धैमवतं वनम् ।
विस्तारः षोडषः प्रोक्तो देक्षाख्यकुलनन्दन ॥
मिथिला नाम नगरी नामस्ते लोकविश्रुता
पञ्चाभिः करणे पुण्या विख्याता जगत्री त्रेय ॥"

पूर्वमा कौशिकीदेखि पश्चिममा शालग्रामी (गण्डकी) सम्म तथा उत्तरमा हिमालदेखि दक्षिणमा गङ्गासम्म मिथिलाको लम्बाइ २४ योजन वा १९२ माइल तथा चौडाइ १६ योजन वा १२८ माइल थियो ।[२६] यस आधारमा गङ्गादेखि हिमालयसम्मको लम्बाइ १९२ माइल मात्र हुनुपर्दछ तर त्यसो देखिन्न । पूर्वमा कोशीदेखि पश्चिममा गण्डकी सम्मको चौडाइ पनि १२८ माइल पाइँदैन । भाषिक आधारमा हेर्दा वर्तमान मिथिलाक्षेत्र पूर्वदेखि पश्चिमसम्म मिथिलाको लम्बाइ लागभग २५० माइल तथा दक्षिणदेखि उत्तर यसको चौडाइ १०० माइल मानिन्छ ।[२७] भारतका जिल्लाहरूमा मुजफ्फरपुर, दरभङ्गा, मधुवनी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीतामढी, सहरसा, भागलपुर, पूर्णिया, उत्तरी मुंगेर, संथाल परगनाको गोड्डा, राजमहल, देवघर अनुमंडल तथा नेपालमा मोरङ, सुनसरी, सप्तरी सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बाराको मुख्य भाषा मैथिली हो। यसरी, वर्तमान मिथिलाको क्षेत्रफल लगभग तीस हजार वर्गमील हो।[२८] सम्पूर्ण मिथिला क्षेत्रको जनसंख्या लगभग नौ करोड भनिन्छ।

मिथिलाका सुप्रसिद्ध विद्वान, रामायणकार कवीश्वर चन्दा झाले मिथिलाको सीमाङ्कन यसरी गरेका छन् :

'गङ्गा बहथि जनिक दक्षिणदिशि, पूर्व कौशिकी धारा।
पश्चिम बहथि गंडकी, उत्तर हिमवत् वल विस्तारा॥
कमला, त्रियुगा, अमृता धेमुरा, बागमति कृत सारा।
मध्य बहथि लक्ष्मणा प्रभृति, से मिथिला विद्यागारा॥'

मुगल सम्राट अकबरद्वारा महेश ठाकुरलाई प्रदान गरिएको - मिथिला राज्यको सनदमा मिथिलाको सीमाको विषयमा निम्नलिखित पदावली प्रयोग गरिएको छ : 'अज कोष ता गोस, अज गंग ता संग।' यहाँ 'कोष' कोशी नदीलाई, 'गोस' गण्डकी नदीलाई भनिएको छ। फारसीमा 'संग' को अर्थ पर्वत हुन्छ। यसबाट के प्रष्ट हुन्छ भने अकबरले महेश्वर ठाकुरलाई प्रदान गरेको मिथिला राज्यको सीमा कोशीदेखि गण्डकीसम्म तथा गङ्गादेखि हिमालय पर्वतश्रृंखला (शिवालिका) सम्म थियो। डा. उपेन्द्र ठाकुर अनुसार, उत्तरमा हिमालयको पादभागदेखि दक्षिणमा गङ्गासम्म तथा पूर्वमा कोशीदेखि पश्चिममा गण्डकीसम्म मिथिलाको क्षेत्रफल लगभग २५००० वर्गमाइल देखिन्छ।[२९] हुएनसांगले मिथिलाको वर्णन पञ्चभारतमध्ये एकको रूपमा गरेका छन् र यसको क्षेत्रफल विशाल रहेको विवरण दिएका छन्। उत्तरमा हिमालयसम्म मिथिला रहेको ऐतिहासिक, सांस्कृतिक कुनै पुरातात्विक अवशेष, दस्ताबेज वा त्यहाँको भूगोल, जीवनशैली आदिका चित्तबुझ्दो अभिलक्षण नदेखिएको हुँदा पुष्ट प्रमाणको अभावमा हिमालयसम्म मिथिलाको अवस्थितिको प्रमाण अनुसंधेय छ। शिवालिका पर्वतमाला वा चुरेलाई पनि हिमालयकै श्रृंखला मानिने हुँदा सम्भवतः गङ्गादेखि चुरेसम्म प्राचीन मिथिलाको अवस्थिति थियो। त्यसै गरी कोशीको प्रवाह - मार्ग प्राचीन कालमा अझ पूर्वसम्म हुन सकेन अनुमानका दुई आधार छन् :

१. अहिले कोशी विराटनगर भन्दा वरै पश्चिममा बगेको छ, तर प्राचीन मैथिली साहित्यहरूमा मोरङको प्रशस्त चर्चा छ, जहाँ सम्पूर्ण मिथिलाबाट मानिस कमाउन आउँथे।
२. मिथिलामा कोशीलाई सीरध्वज जनककी छोरी सीताकी सहेली मानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा जनश्रुति के छ भने कौशिकी भन्ने सीताकी सहेलीको विवाह सुदूर पूर्वमा भयो, तर सीताको बिछोड सहन नसकी सीतालाई खोज्दै उनी हुनहुनाउँदै भाग्दै वर-वर जनकपुरतिर आउँदै छिन् ।

(ङ) भौगोलिक अवस्था :

मिथिलाञ्चलको भूतात्विक बनोट लगभग पचास हजार वर्ष प्राचीन हो । भूगर्भवेन्ताहरू अनुसार यसको भूपृष्ठ पृथ्वीको भूपृष्ठको तुलनामा नवीन छ । आजभन्दा दस लाख वर्ष अघि यो समुद्रको एउटा भाग थियो, जसले विन्धगिरी मेखलासित हिमालयलाई विभक्त गर्दथ्यो र पश्चिम पयोधि अरब सागरलाई बंगालको खाडीसित मिलाउँदथ्यो ।[३०] गङ्गा, कोशी, गंडकी जस्ता अतिपावन नदी यसका तीनतिरका सीमा हुन् । यस महान् भूमिको हृदय-प्रदेशमा कमला, बलान, जीवछ, बिरजा, जलाधि, दुग्धमती, राप्ती, बिग्धी जस्ता अनेक नदीहरू कलकल - छलछल गरी बगिरहन्छन्, जसले गर्दा यो धरित्री हरीतिमामय सौन्दर्यले नयनाभिराम त बनेकै छ, सँगै अन्नपूर्णाको भण्डार पनि सिद्ध भएको छ । यत्र - तत्र - सर्वत्र पाइने आम्रकुञ्ज, तिनको सुमधुर सुरभि र तिनका हाँगा र सघन पल्लव कुञ्जमा कूजित कोकिलको सङ्गीत स्वरले दिव्य आनन्दको सिर्जना गर्दछन् । रुख तथा लहरामा आँप, केरा, कटहर, बड़हर, नरिवल, किम्बु फल, लिची, अम्बा, करोना, चलता, तरकुन, खजुर, जामुन, जिलेबी, तरबुज, बेल, खरबुजा, काँक्रो, खिरी, खिरियापुरिया, भालसरी, अमला, अमारो, हरफा, शरीफा, सीताफल, गूलर, सपाटो, इमली, भालसरी, अनार, मेवा आदि । माटोमुनि फल्ने अनारस, चिचोरी, केसौर, सखरखन्ड, सुठनी, आदि, पानीमा फल्ने कड़हर, जलसिंघारा, मखान, मलकोका, आदि लोकप्रिय फल हुन् । जसका विविध परिकारहरू बन्दछन् ।

प्रसिद्ध फूलहरूमा सयपत्री, गुलाफ, बेली, चमेली, चम्पा, रात-रानी, जूही, कमल, धतुरो, कास, अमलतास, गुम्मा, गोल्डमोहर, लवंग, बाहमासे, कटगैंया, कनेर, पारिजात, अरहुल, (जवाकुसुम) केतकी, कटहरी, केवड़ा , टिकुलिया, वैजयन्ती, आदि प्रसस्त पाइन्छन् । मिथिला क्षेत्रमा बसोबास सघन हुँदै गएको हुँदा वन-सम्पदा क्षीण हुँदै गएको छ । भारतको मिथिलाखण्डमा वन-जङ्गल शेष रहेन, मात्र आँप, लीची, केराका, ठूल्ठूला उद्यानहरू देखिन्छन् । तर नेपालमा चुरेभन्दा तल वनहरू बाँचिरहेका छन् । धनुषा जिल्लाको जलाधि जलाधार क्षेत्रको वन-जङ्गलको अवस्था अध्ययन गर्दा निम्नलिखित अवस्था देखा पऱ्यो[३१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलाधि खोलाको जलाधारमा वनको क्षेत्रफल (हेक्टर)

सि.नं.	स्थान	क्षेत्रफल
(क)	चुरे पहाड देखि तल्लो भागको वन-जङ्गल	१८.५६
(ख)	पूर्व-पश्चिम राजमार्गको तल्लो भागको वन-जङ्गल	३१.८८
(ग)	चुरे पहाडमा रहेको वनको क्षेत्रफल	३,४९१.५६
	जम्मा	३५४२

जलाधि खोलाको जलाधार क्षेत्रको वनको अवस्था :

सि.नं.	किसिम	हालको सरदार संख्या प्रतिहेक्टर
(क)	रुख संख्या (३० से. मि. भन्दा मोटो डायमिटर भएको) हुनुपर्ने ३०० रुख प्रति मिटर ।	१८.७७
(ख)	पोल संख्या (१० देखि ३० से.मि. डायमिटर भएको) हुनुपर्ने ५०० प्रति हेक्टर ।	३५१.१५
(ग)	लाथ्रा (१ मिटरदेखि अग्लो र १० से.मि. भन्दा कम डायमिटर भएको रुख) हुनुपर्ने २,००० प्रति हेक्टर	२,५३९.३०
(घ)	साना विरूवा पोथ्रा (१ मिटरसम्म अग्लो) हुनपर्ने ५,००० प्रति हेक्टर	४,३४६.००

सखुवा, कर्मा, सिम्मल, आसन, धाबा, कुसुम, हर्रो, बर्रो, कोरैया, अमलतास, तेहाइ, दोरी, बाँझी, सतसाल, विजय साल, पाडर, पाजन, भरिऔन, कन्हा, जिमहर केही अन्य रुखहरू पाइन्छन् ।

जैविक विविधता :

मिथिलामा उपलब्ध प्राणी एवं वनस्पति बीचमा रहेको भिन्नता, प्रकार तथा तिनको पारस्परिक संयोजनको इतिहास रोचक छ । यो गहिरो अध्ययनको विषय भएपनि पारिस्थितिक प्रणालीविविधता तथा प्रजातिविविधता तथा आनुवंशिक विविधताको अन्वेषण-अनुशीलन एउटा चुनौतीपूर्ण कार्य हो ।

जैविक विविधता भन्ने शब्द सन् १९८० को मध्यतिर जीवहरूको संख्या र प्रजातिको अध्ययनको क्रममा प्रयोगमा आएको हो । हाम्रा वेद, महाभारत, रामायण जस्ता प्राचीन शास्त्रीय ग्रन्थहरूमा वनस्पति तथा प्राणीहरूको चर्चा हामी पाउँदछौ । महान युनानी दार्शनिक अरस्तुले प्राणीहरूको लगभग ६०० प्रजातिहरूको पहिचान गरेका थिए । १६ औं शताब्दीदेखि जीवविज्ञानको अध्ययनको क्रममा जैविक विविधता सम्बन्धी नव-नवीन सिद्धान्त, अवधारणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा सूचना थपिदै गएको हामी पाउँदछौं। सन् १९८८ मा ई. ओ. विल्सन (E. O. Wilson) द्वारा सम्पादित ५७ वटा लेखहरूको सङ्गालोमा जैविक विविधतालई विभिन्न आयामहरूमा हेरिएको छ। यिनै विल्सनले सन् १९९२ मा 'द डाइभर्सिटी अफ लाइफ' (The Diversity of Life) लेखेर यस विज्ञानलाई अझ नयाँ विस्तार र दृष्टिकोण दिए। सन् १९९२ को जुनमा ब्राजिलको राजधानी रियो दि जेनेरियोमा सम्पन्न विश्व शिखर सम्मेलनको अवसरमा १५५ देशका प्रमुखहरूले जैविक विविधता अध्ययन, संरक्षण र सम्बर्द्धन सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेका थिए।

सन् १९७२ मा स्थापित संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम : सन् १९८२ मा ब्रुटल्याण्ड आयोगद्वारा प्रस्तुत सुझावहरू तथा यिनको नीतिअनुरूप तथा नेपालको जनसंख्या तथा वातावरण संरक्षक ऐन २०५३ साल, वातावरण संरक्षण नियमावली २०५४, महत्त्वपूर्ण घटना हुन्। यस अन्तर्गत धनुषामा जलाधि जलाधार क्षेत्रको जैविक विविधताको अनुसन्धान, संरक्षण र जलाधार व्यवस्थापनको दिशामा काम गर्न जलाधि एकीकृत जलाधार तथा प्राकृतिक स्रोतव्यवस्थापन कार्यक्रम सन् २००५ देखि संचालनमा आएको छ।

यस भेकको स्थल पर्यावरणीय प्रणाली अन्तर्गत पर्ने स्थलगत आधारमा वन, झाडी, बुट्यान, घाँसे मैदान, खेती नगरिएको जग्गा, खेतीजग्गा अन्य जग्गा आदिको छुट्टा-छुट्टै अध्ययन गरी तिनको सम्भावना, व्यवस्थापन, संरक्षण र सम्बर्द्धनको वारेमा राम्रो अध्ययन हुन सकेको छैन्। मिथिलाको जैविक विविधताको अध्ययन ईषत् रूपमा भए पनि सिमसार पर्यावरणीय प्रणाली (Wetland Ecosystem) अन्तरगत पर्ने नदी, ताल, जलाशय, गाउँका पोखरी, खेती जग्गा, सिमसार र दलदलको प्रामाणिक अध्ययन भइसकेको छैन। यस भेकमा सिमसारमा निर्भर वनस्पतिहरू - कमल, सिंघारा, जलकुम्भी, मखान प्रशस्त पाइन्छन्। त्यसैगरी सिमसारमा निर्भर-प्राणीहरूमा सर्प, गोही, कछुवा आदि पनि पाइन्छन्। अहिलेसम्म गरिएका अध्ययन अनुसार यहाँका सिमसार क्षेत्रहरूमा ३२ प्रजातिका स्तनधारी, २३२ प्रजातिका चराहरू (जसमध्ये १५ प्रजातिका दुर्लभ श्रेणीका) ९ प्रजातिका कछुवा, २० प्रजातिका सर्प र १८ प्रजातिका माछा पाइन्छन्। यिनीहरूमध्ये यस क्षेत्रमा पाइने प्राणीहरूको अवस्था के छ, त्यो अध्ययनको अभावमा स्पष्ट छैन। तर यस भेकमा झ्याउ, ढुसी, लेउ, मांस (SFO), उन्यु, सपुष्पक, माकुरा, कीरा, पुतली, पतंग, माछा, उभयचर, घस्रने जन्तु, चरा तथा स्तनधारी प्राणीहरू अगणित छन्। नेपालमा २,००० प्रजातिका झ्याउहरू पाइएका छन्। नेपालमा परम्परागत औषधिको रूपमा प्रयोग गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएका स्टेरियाकोलन प्रजाति, उस्निया प्रजाति, रामालिना प्रजाति तथा रंग बनाउन प्रयोग गर्ने गरिएको आक्रोलेकिया प्रजाति, पार्मेलिया प्रजाति, उम्बिलिकारिया प्रजाति छन् । नेपालबाट निर्यात गरिने झ्याउका प्रजातिहरूमा पार्मेलिया नेपालेन्सिस, पार्मेलिय सिह्टा, पार्मेलियानिल्घेरेन्सिस, पार्मेलिय टिङ टोरूम आदि छन् र यिनको उपयोग अगरबत्ती बनाउन घरेलु उपचार गर्न, मसलाहरू बनाउन र सुगन्धित वस्तुहरू उत्पादन गर्न गरिन्छ । मिथिलामा पाइने झ्याङहरूको पहिचान र उपयोग हुन सकेको छैन् । नेपालमा १८२२ प्रजातिको ढुसीहरू छन् । गुची, च्याउ, सेतो च्याउ, गोवर च्याउ, खानेयोग्य च्याउ हुन । मिथिलामा यिनको विकासका पूर्ण सम्भावना छन् । हालसम्म ५० परिवार तथा १५० जाति भित्र पर्ने ६८७ प्रजातिका लेउहरूको विवरण पाइन्छ । यस भेकमा प्रशस्त मात्रामा लेउ हुर्केको देखिन्छ । तर यिनको आकलन र उपयोग भएको छैन । मांस र काई जस्ता उभयचर वनस्पतिका नेपालमा ८५३ प्रजातिबारे सूचना प्राप्त हुन्छ । मार्कन्सिया (Marchantia), लिवरओर्टस (Liverworts), यन्थोसेरोस (Anthoceros) हार्नओर्टस (Hornworts), फुनारिया (Funaria), मांस (Moss), आदि यस वर्गमा पाइन्छन् । त्यसैगरी नेपालमा पाइने ३८० प्रजातिका उन्युको उल्लेख गरिन्छ । ती मध्ये निहुरो (Drypteris sp), प्टेरिस (Pteris), एडियन्टम (Adiyantum), लाइगोडियम (Lygodium), नागवेली (Lycopodium), सेलागिनेला (Selaginela) आदि । घिउ निउरो (Drypteris), जिरे निउरो (Dplazium multicaudatum), जिब्रे साग (Ophioglossum Petioolatum), आदि खाद्य उन्यु हुन् भने जागवेलीको परागकणबाट श्रृंगार सामाग्री बनाइन्छ । नेपालमा २७ प्रजातिका अनावृतनीजी वनस्पति पाइन्छन् – साइकस पेक्टिनाटा (Cycas Pectinata) ग्निटम मोण्टानुम (Gnetum Montanum), संभस्त प्रजाति, लारिक्स हिमालाइका, तालिसपत्र (Taxas baccata), इफोडा जेरार्डिआना (Ephedra Geradiana) ओषधिमूलक वनस्पति हुन् । देवदार र सल्लाको उपयोग गृहनिमार्णमा तथा धुपीको प्रयोग अगरबत्ती बनाउन र धुपको रूपमा बाल्न गरिन्छ । नेपालमा ७००० सपुष्पक वनस्पतिका प्रजातिहरू छन् । मिथिला क्षेत्रमा यिनको पहिचानका लागि अध्ययन हुनुपर्दछ । त्यसैगरी नेपालमा १४४ प्रजातिका स्तनधारी पाइएका छन् । यस क्षेत्रमा पनि यिनको खोजीनिति आवश्यक छ ।

जङ्गलको विनाशसँगसँगै जैविक विविधता पनि विनाशको क्रम आउँदै गएको कुरा अध्ययनबाट स्पष्ट देखियो । खोरिया फँडानी र खोरिया खेतीले, सुकुम्बासीहरूको पुनर्वास–नीति तथा कार्यक्रमले यस भेगका वनहरू पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृषि भूमिमा परिणत भए। वसाई-सराइ, गैरकानुनी काठ-दाउरा सङ्कलन र तस्करी काष्ठव्यापार आदिले गर्दा भएको वन विनाशका कारण यी वन्य प्राणीहरूले आफ्नो निवास नै गुमाउनु पऱ्यो र आज धेरै वनस्पति र प्राणीहरूको अस्तित्त्व नै लोप भैसकेको छ। जनसंख्यावृद्धि, वनसम्पदाको अवैज्ञानिक प्रयोग आदि कारण मिथिला क्षेत्रको जैविक संसार सङ्कटमा परेको छ। प्राकृतिक सौन्दर्य, भोजन, औषधि, आवास, धागो र रंग निर्माण, तेलउत्पादन, जीविका, पर्यावरण-संतुलन, वर्षा, कृषि, लुगाफाटा र वंशाणु दृष्टिले यिनको उपयोगिता बारे जनचेतना फैलाउनु आवश्यक छ। नेपाल सरकारले जैविक विविधता संरक्षण सम्बन्धमा अहिलेसम्म गरेका २० भन्दा बढी सन्धिहरूमा हस्ताक्षर अतिरिक्त, जलचर संरक्षण ऐन २०१७ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, विउ विजन ऐन २०५९, वन ऐन २०४९, जलस्रोत ऐन २०४९ वातावरण संरक्षण ऐन २०५३ जस्ता ऐनहरू तर्जुमा गरे पनि यिनको प्रभावशाली कार्यान्वयन हुन सकेको छैन्।

रोगको नाम	स्थानीय र वैज्ञानिक नाम परिवार	प्रयोग गर्ने भाग तथा तरिका	
पेटको किरामार्ने	खैर (Acacia Catechu)	Fabaceae बोक्रा-झोल	
(Althelmintic)	बेल (Aegle Marmelos)	Rutaceae पात-लिटो	Insectcide
	नीम (Azadirachta Indica)	Meliaceae पात-बोक्रो	Azadirachtin
		विउ-लिटो	
जीउ सुनिने तथा पिप	सतुवा (Pairs Polyphylla	Liliaceae जरा-लिटो	
लाग्न नदिने (Anti)	flanatory)		
भोक बढाउने	सुगन्धवाला वा नक्कली पद्मचाल	Valeriancacere जरा-झोल	
	Rheum Australe	Polygonaceae पात र कलिलो	
		डाट-तरकारी झोल	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्थमा-दम तथा	कागचरो र सोमलता Ephedraceae	Broncahodilator विरूवा-झोल	
ब्रोनकाइटीस	Ephedra Gerardizna		
	असुरो र वाकस	Acanthaceae पात-झोल	
	Justicia Adhtoda		
कफ तथा चिसो	वोजो Acourus Calamus	Araceae काण्ड तथा जार	
	जिम्बु झाड Allium Wallichil	Liliaceae झोल	
	टिमुर Xanthoxylum Arma	Rutaceae गांठो-झोल	
	Rutaceae	फल-झोल	
डायविटिज वा मधुमेह	वेल Aegle Marmelos	Rutaceae पात-धुलो	
	जामुन वा जमुना	Myrtaceae विउ-झोल	
	Syzygium Cumini		
कमलपित्त	टटेलो वा पटसन, टोटोल	Bignoniaceae वोक्रा-रस	
	Orxylum Indicun		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूध बढाउने	कुरिलो Asparagus	Liliaceae कलिलो डाट	
Lactation	Racamosus	तथा मोटो जरा र लेदो	
पायरिया	बंगरेडा (बघन्डी)		
Pyorhea	Jatropha Gassypifolia	Euphorbiaceae जरा-कांड	
	तिते Swertia Nervosa	Gentianaceae जरा-कांड	
		विरुवा-झोल	
प्रसुती रोग	लघुपत्र Posophylum	Antitumor कांड-लेदो	
	Berberidaceae		
Infection	Hexandrum	Podophyllotoxin	
सर्प तथा बिच्छी	सर्प गंध वा झरविरुवा	Apocynaceae जरा-लेदो	
Snake Bitescor	Rauvolifia Serpentina	Tranpuilizer Circuary	
		टोकाइ	

मिथिला क्षेत्रमा पाइने केही वनस्पतिहरूको परम्परागत संभावित औषधीय प्रयोगको सूची यस प्रकार रहेको छ ।

यहाँ कुकुर, बिरालो, फ्याउरो, घोडगधा, खिरखिरे, लोखर्के, न्याउरी, मुसो, दुम्सी, वनविरालो, घोडा, हात्ती, गधा, खसी, बाखा, गाई, भैंसी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेडा, बाँदर, लङ्गुर, आदि पाइन्छन् ।

कुम्हैनिया चरो, कौवा, काग, मैना, परेवा, हुटिट्याउँ, बकुल्लो, कठखोधी, उल्लू, फिस्टो, बटेर, सुगा, पेडुकी (ढुकुर), तित्रा, सिल्ली, गोरैया, अबाबिल, सुगा, कालिज, लालसर, सारस, चखेबा, रतुवा, भङेरा, वनकुखुरा, रूपी, हाँस, कोइली, बुलबुल, बत्तख, गरुड, गिद्ध, सिल्ली, ढील, चील आदि पाइन्छन् । हजारौं प्रजातिका चराहरूको पहिचान र नामकरण अज्ञात छ ।

(च) महत्त्वपूर्ण स्थल :

वस्तुतः मिथिलाको प्रत्येक ग्राम र नगर तथा ती ग्राम वा नगरभित्रको प्रत्येक ठाउँ पवित्र छ, ज्ञानदीप्त छ । माटोको प्रत्येक कणभित्र ब्रह्माण्ड र इतरब्रह्माण्डको रहस्यबीज त्यसरी लुकेको छ, जसरी, फूलका पत्रावरणभित्रको गर्भगृहमा अनन्त पुष्प उत्पन्न गर्ने बीज र तिनको जीवन चक्रका सम्भावनाहरू लुकेका हुन्छन् । तैपनि केही बढी चर्चित स्थलहरूको चर्चा यहाँ गरिन्छ ।

(१) जनकपुर :

मिथिलाको महानसभ्यताका जनक जनकवंशी राजाहरूको अवतारभूमि तथा जगदम्बा जानकीको लीलाभूमि जनकपुर नेपालको मध्यमाञ्चलभित्र पर्दछ । जनकपुर अञ्चलको तथा धनुषा जिल्लाको सदरमुकाम हो । संवत् १९११ मा टीकमगढ़ (म. प्र.) की महारानी बृषभानु कुँवरिद्वारा निर्मित यहाँको जानकी मन्दिरलाई मोगल तथा राजपूत स्थापत्य शैलीको अद्भुद नमुना रहेको आधारमा नेपालको ताजमहल भनिन्छ । मन्दिरको क्षेत्रफल २६५ फिट ह १८७ फिट = ४९,५५५ बर्गफिटमा फैलिएको छ । यसमा ७० कोठाहरू छन् ।

मिथिलाको सभ्यता र संस्कृसति संसारकै प्राचीनतम, उन्नततम, र सर्वाधिक समृद्ध सभ्यता र संस्कृति मध्ये एक रहेको तथ्यांकका प्रशस्त साक्ष्यहरू छन् । मिथिलाको कथा " शत्पथ ब्राह्मण" मा उल्लिखित त्यस विदेध माथवको कथाबाट थालिन्छ, जसले सदानीराको तटमा अग्नि प्रकट गरेका थिए । वैदिक र औपनिषदिक कालमा यो भूमि सभ्यताको चरम उत्कर्षमा थियो । अनेक वैदिक र औपनिषदिक ऋचाहरूको रचना यही भयो । यस भूमिको कण-कण विदेहदर्शन तथा याज्ञबल्क्य, अष्टाबक्र, गार्गी, मैत्रेयी जस्ता मनीषी र विदुषीको दिव्य ज्ञानले दीप्त छ । ई. पू. १०० देखि ई. पूं ६०० सम्मको कालखण्डमा गोतम , कणाद, जैमिनी र कपिलद्वारा क्रमशः न्याय , मीमांसा, वैशेषिक र सांख्य दर्शनको प्रतिपादन यहीं भएको थियो । कृति जनकको राजसभा कोशल तथा कुरू प्रदेशबाट आएका विद्वानहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वल, जरत्कारव, याज्ञवल्क्य, भुज्यु, उशस्त, गार्गी, बाचक्नवी, उद्दालक, आरूणी आदि विद्वानरत्नबाट त्यसरी अलंकृत थियो, जसरी युनानका मसेदुनी राजाहरूका राजसभा विद्वानहरूबाट अलंकृत हुने गर्दथे। ऋग्वेद पश्चात्को सर्वाधिक महत्त्वपूर्ण ग्रन्थ 'शत्पथ ब्राह्मण' को रचना विदेह जनपदमा नै स्वयं याज्ञवल्क्यले गरेका थिए। जनकपुरको आख्यानमा जनकद्वारा आयोजित शास्त्रार्थको विवरण नै "वृहदारण्यक उपनिषद्" हो। आदर्श प्रजातन्त्रको प्रथम ध्वनि यसै माटोबाट उठेको थियो, जहाँ स्वय राजाले प्रजाका लागि हलोसम्म चलाउँथे, जहाँ हलो चलाउँदा खेतमा पाइएकी बालिकालाई स्वयं राजाले राजकुमारीको सम्मान आजीवन प्रदान गरेका थिए। संसारलाई धान्यसंस्कृति प्रदान गर्ने पनि यो माटो नै हो।

वैदिक धर्मावलम्बीहरू मात्र होइन, जैन धर्मावलम्बीहरूको निमित्त पनि यो धर्ती त्यतिकै पवित्र छ। यसो सवलतम कारण के हो भने जैनहरूका २४ तीर्थङ्करमध्ये दुई (१८ औं र २१औं) को जन्म मिथिलामै भएको थियो। अन्तिम तीर्थङ्कर महावीरका एउटा गणधर यहींका थिए। निन्ह पनि यहींका थिए। यहाँ महावीरले स्वयं छ वर्ष विताए। बुद्ध यहाँ धेरै पटक आए। उनी जनकपुरको मखावनमा बस्दथे। महावीर यहाँको मणिभद्र चैत्यमा बस्दथे। जैन तीर्थङ्करहरूमध्ये मल्लिनाथ, नेमिनाथ यहीं जन्मिएका थिए। ज्ञानप्राप्तिको बेला महावीरले जुनवेला मध्यम पाबामा आर्य सोमिल नाउँको ब्राह्मणबाट यज्ञ गराएका थिए , जनकपुरका ३०० शिष्यले यसमा भाग लिएका थिए। मिथिलाका विद्वान आशमित्र जनकपुरको लक्ष्मीधर चैत्यमा बस्दथे। महावीरको निर्वाणको दुईसय वर्ष पश्चात् यिनले जैन धर्मको विरोध गरेका थिए र चौथो निन्हव भए। 'जीनकल्प' नै मिथिलाकल्प हो। वौद्धका पन्ध्र जातक - मखदेव, चूलजनक, विनिलक, महापणद, गंधार, कुम्भकार, सूरूची, साधीन, संखपाल, महाजनक, निमि, भूरिदत्त, महानारद कश्यप, विदुर र महाउम्मगमा मिथिलाको प्रशस्त गौरवगान पाइन्छ। सृष्टिको यस अलौकिक भूमिलाई गर्भको रूपमा रोज्ने आदिशक्ति जगदम्बा सीताको पति हुने कामना लिएर परब्रह्म राम यहाँ बेहुलाको रूपमा आउन वाध्य भए। विभिन्न प्रकरणमा कृष्ण पनि यहाँ तीन पटक आएको चर्चा प्राचीन ग्रन्थहरूमा पाइन्छ। सूफी सन्तहरूको कर्मक्षेत्र रहेका आधारमा मुसलमानहरूको लागि पनि यो माटो त्यतिकै सम्पूज्य छ।

यसरी वैदिककालदेखि लिएर बौद्धकालसम्म जनकपुर आर्य-सभ्यताको केन्द्र भएर विश्वासभ्यतालाई अनुप्राणित गरेको देखिन्छ। सभ्यताको यस चूडान्त विन्दूमा अवस्थित मिथिलाको इतिहास उत्थान - पतनमय र निकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवादस्पद रहेको पाइन्छ। विदेह राज्यदेखि परवर्ती ओइनिवार वंशसम्मको इतिहासबारे थोरबहुत सामग्री पाइए पनि अनेक द्विविधा उत्पन्न गर्दछन्।

जनकपुर २५ – ३५° देखि २६.५° उत्तरी आक्षांश र ५.५° देखि ६.२° पूर्वी देशान्तर सम्म फैलिएको छ।

विदेहवंशीय राजाहरूको पतनपश्चात् जनकपुरको इतिहास अन्धकाराच्छन्न हुन्छ। महदैया क्षेत्रमा प्राप्त राय रणपालको दुर्गका भग्नावशेष, राममन्दिरमा संरक्षित पालकालीन मूर्तिहरू, मठहीको भग्न शिवमन्दिरको अवशेष आदिबाट पालकालीन जनकपुरको इतिहासमाथि केही प्रकाश पर्छ। कर्णाटकालीन जनकपुर (१०८९ – १३२६ ई.) को प्रसङ्गमा थोरै सूचना कर्णाट राजा हरिसिंह देवका सभापण्डित ज्योतिरीश्वर ठाकुरद्वारा लिखित, उत्तरी आर्यावर्तकै प्रथम गद्यग्रन्थ 'वर्णरत्नाकर' को 'तीर्थवर्णन' अन्तर्गत 'मिथिला' शब्दको उल्लेखबाट प्राप्त हुन्छ। यहाँ 'मिथिला' जनकपुरको पर्यायवाचीको रूपमा आएको छ। यसबाट कम्तिमा कत्ति जानकारी प्राप्त हुन्छ भने यस बेला पनि जनकपुर पावन तीर्थको रूपमा सम्पूजित थियो। कर्णाटवंशको पतनश्चात् यहाँ केही दिनसम्म मुसलमानी राज्य स्थापित भयो।[३३] त्यसपछि द्रोणवार शासन (१३६० ई. – १४१८ ई.) सेन शासन (१५२७ ई. – १७६२ ई.) अन्तर्गत जनकपुरको विकास भयो।[३४] सेनवंशी राज्य वि. स. १८१९ सम्म रह्यो र यसै वर्ष गोर्खाका प्रभावशाली राजा पृथ्वीनारायण शाहबाट, धनुषा जनकपुरमथि अधिकार जमाइयो।[३५]

जनकपुरको क्षेत्रफल निकै सानो भए पनि यति कम क्षेत्रफलमा अझै ७२ कुण्डमध्ये लगभग ७० सरोवर सुरक्षित हुनु संसारमै दुर्लभ कुरो हो। अग्निकुण्ड, कपालमोचनी सर, गोडधोइ पोखरी, छत्रधारणी पोखरी, झोंझी कठबा, तैलदीर्घिका सर, देमान पोखरी, धनौजी पोखरी, पापमोचनी सर, पुण्यघर सर, बाल्मीकि सर, बिडाल सर, विहारकुण्ड, अंगराज सर, गोबराही पोखरी, गङ्गासागर, जनक सर, डबरा पोखरी, दशरथ तालाव, धनुषक्षेत्र, परशुराम तालाव, पाकवती सर, वलदेवसर, बिगही सर, विषहरा पोखरी, भलुवाही सर, भुतही पोखरी, मध्य पोखरी, मुरली सर, राम सागर, लक्ष्मण सर (तरही) , सीताकुण्ड, सूर्यकुण्ड, मण्डन सर, महाराज सागर, रत्नसागर, रुक्मिणी सर, तेलहा, मड़हा आदि सरोवरहरूमा स्नान गरे ठूलो पुण्य हुने दृढ लोक आस्था छ। उल्लेखनीय छ, जनकपुरमा पहिले ७२ सरोवर थिए। तिनको नामावली यस्तो छ अहिले अनेक लुप्त भए, केही लोपोन्मुख छन् र बाँचे जतिका पनि अतिक्रमणका दिनहुँ शिकार हुँदै छन्।

सम्पूर्ण मिथिला–क्षेत्रका गढ़–गढीको अध्ययन हुन नसकेको हुँदा मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनकपुर क्षेत्रका केही गढ–गढीहरूको सूची यहाँ प्रस्तुत गरिन्छ :

जनकपुर क्षेत्रमा रहेका पुरातात्विक महत्त्वका केही गढ–गढीहरूको सूची तल प्रस्तुत गरिएको छ ।

१. सवाल सिंह गढी : वरूण दह (वरूण दह) र यमुनीको सङ्गमस्थित यस गोलाकार गढीको क्षेत्रफल ०–५–० कठ्ठा मात्र बाँचेको छ । यस गढीको अरू क्षेत्रहरू खेतमा परिणत भैरहेको छ । यस गढीको चारैतिर सुरक्षाको निम्ति खाल्डो रहेको अनुमान गर्न सकिन्छ ।

२. जटजटीन गढ : मैथिल संस्कृतिका प्रसिद्ध लोक नायक जट र नायिका जटीनको नाममा रहेको यस गढीको क्षेत्रफल ०–४–० कठ्ठा र उचाइ ३' छ । यस गढीबाट माटाका भाँडाकुँडाका टुक्राहरू प्राप्त भै रहेका छन । यसै गढीको नामबाट यस गा. वि. स. को नाउ जटही हुन गएको अनुमान गर्न सकिन्छ । यस गाउँमा जटजटिनीको नृत्य हुँदैन ।

३. मङ्गल गढी : स्थानीय पुलिस चौकी रहेको यस गढीको क्षेत्रपल ०–७–० कठ्ठा र उँचइ करिव ३' छ । यस गढीबाट ठूलाठूला घ्याम्पोहरू प्राप्त भएका छन । यी दुवै गा. वि. स. भारतीय सिमानासँग जोडिएको र भारतीय क्षेत्रमा गढी रहको र माटाका वर्तनका टुक्राहरूका साथ–साथै मानिसका ठूला–ठूला कंकालहरू प्राप्त भएको सुनिन्छ ।

४. रन्नुभन्नु गढी : पोखरीको डिलमा लगभग ५ कठ्ठामा विस्तृत यस गढीको उँचाइ करिव ७' छ । कुनै द्रोणवार राजाले आफ्नो धनको रक्षाको निम्ति रन्नु र भन्नु दुई जनालाइ नरवलि दिइएको जनश्रुति छ । त्यसैको नाउमा यस गढीको नामाकरण भएको अनुमान गर्न सकिन्छ । यस क्षेत्रमा रहेका पोखरीलाई पनि गढी पोखरी भन्दछन् ।

५. मणिमण्डप वा मडवा : रामसीताको विवाह मण्डपको रूपमा प्रसिद्ध यस ठाउँको क्षेत्रफल ८,५४९ वर्ग फिट छ । खेतमा परिणत भैरहेको यो ढिस्को ठूलो बाढीमा पनि डुब्दैन भन्ने मानिसहरूको भनाइ छ । यस ढिस्कोबाट कहिलेकाहि सुनको सिंग भएको गाई, रांगा र भैंसी आदि निस्कने गर्दछ भन्ने जनधारणा छ ।

६. वसहिया गढी : गढीको क्षेत्रफल ५ कठ्ठामा फैलिएको यस गढीको उचाई अन्दाजी २' छ । यस गढीबाट ईटाको टुक्रा र माटाको भाँडाकुँडाका टुक्राहरू प्राप्त भैरहेका छन् ।

७. भसा : यसै गा. वि. स. मा भिसाको रूपमा प्रसिद्ध यस भिसाको क्षेत्रपल ५ कठ्ठा र उचाइ अन्दाजी १३' रहेको छ । यस भिसाबाट भाँडाकुँडाहरू र ईटाका टुक्राहरू प्राप्त भएको छ । हुनत कुनै अग्लो ठाउँलाइ भिसा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा भिट भन्ने चलन यस क्षेत्रमा रहे तापनि देपुरा रूपैठा गा.वि.स.सँग जोडिएको यी दुवै गढ र भिसाको बीच सम्बन्ध रहेको अनुमान गर्न सकिन्छ ।

८. बसविट्टी : गढीमुनि धन रहेको जनश्रुति अनुसार यस चौकौर आकारको गढीको क्षेत्रफल १० कठ्ठा र उचाइ लगभग १०' रहेको छ ।

९. महुवा गढी थान : यसको क्षेत्रफल लगभग १० कठ्ठा र उँचाइ अन्दाजी ६' छ ।

१०. सुगा मधुकरही : यस गढीको क्षेत्रफल १४ कठ्ठा र मध्य भागमा इनार र वक्राकार ईटाहरू प्राप्त भएका छन ।

११. पौडेश्वर (चनन ठाकुर गढी) : द्रोनवार राजा चनन ठाकुरको नामले प्रसिद्ध यस गढीको क्षेत्रफल ६ कठ्ठा र उचाइ लगभग १०' रहेको छ । यस गढीबाट ईट र माटाका भाँडाकुँडाहरूका टुक्राहरू प्राप्त भैरहेको छ । डिहवार-डिहवारनीको पूजा हुने स्थल रहेको र तिनीहरू कहिलेकाही अदभुद् दर्शन दिने गर्दछन भने जनश्रुति रहेको छ ।

१२. वघचौडा (करिहया गढी) : यस गढीको क्षेत्रफल ९ कठ्ठा र यस गढीबाट भाँडाकुँडाको टुक्राहरू प्राप्त भैरहेको छ । यी गढी लुप्त हुने स्थितिमा छ ।

१३. हंसपुर कठपुल्ला (मलंगवा गढी) : यस गढीको क्षेत्रफल १ कठ्ठा र यसबाट ईटका टुक्राहरू तथा अन्य अवशेषहरू प्राप्त भएका छन ।

१४. नौवाखोर पर्साही गढी : यस गढीको क्षेत्रफल २ कठ्ठा १० धुर र उचाइ ४' यसबाट लामो आकारको चौकोर ईटाहरू प्राप्त भैरहेको र गढीमा इनारको अवशेष प्राप्त भएको छ । यसै गढीबाट खन्दा खण्डित सूर्यको मूर्ति प्राप्त भएको छ । यस गढीबाट मुद्रा र आभूषणहरू प्राप्त भएको सुनिन्छ ।

१५. झटियाही गढी : धेरै क्षेत्रमा वितृत हाल यस गढीको क्षेत्रफल मात्र १० धुर र उँचाइ ५' रहेको छ । यस गढीबाट ठूलाठूला टुक्राहरू र पुराना अवशेषहरू प्राप्त भएका छन । गढीदेखि अन्दाजी ३०० को दूरीमा रहेका पोखरीसम्म जाने पक्की सडक र गढीबाट केही मूर्तिहरू निस्केका थिए । जुन भनाइ अनुसार राष्ट्रिय सङ्ग्रहालयमा रहेको भनिन्छ । गढी र पोखरीसम्म रहेको पक्की सडकबाट कहिलेकाही जंजीर बाँधिएको ठूलो संदुक आवतजावत गरेको जनश्रुति छ ।

१६. मिथिलेश्वर निकास गढी : राजा जनकद्वारा मिथिला नगरको उत्तर दिशामा स्थापित मिथिलेश्वर महादेवको मूर्ति रहेको अनुमान गरिएको छ । हालसम्म कुनै शिवलिङ्ग वा त्यसको अवशेष उत्खननको अभावमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त भएको छैन । यो गढी हाल ३' अग्लो छ ।

१७. तारापट्टी सिर्सिया (जुतो खुटी गढी): विचित्र नाम र जनश्रुतिको अभाव भए पनि यस गढीबाट केही मुद्राहरू प्राप्त भएको सुनिन्छ । यसको क्षेत्रफल १ धुर र उँचाई ३' लागभग छ ।

१८. भुतही पटेर्वा (महरानी गढी) : यस क्षेत्रमा ज्यादै धार्मिक जनविश्वास भएको यस गढीको क्षेत्रफल ५ कठ्ठा र उचाइ ४' रहेको छ । यस गढीबाट ठूला आकारका माटा र धातुका वर्तनहरू प्राप्त भैरहेको र धार्मिक कारणले प्राप्त भाँडाकुँडा त्यहीं राख्ने चलन रहेको छ ।

१९. सिसमपुर गढी : ५ कठ्ठा र लगभग ६' भएका यस गढीको आकार पहिले गोलाकार र हाल अतिक्रमणले गर्दा चारकुने भइरहेको छ ।

२०. लक्ष्मीपुर वगेवा गढी : भगवती मन्दिरदेखि पश्चिम लागभग ५' उचाई र २ कामा फैलिएको यस गढीबाट माटाका भाँडाकुँडाका टुक्राहरू प्राप्त भएका छन् ।

२१. गढी : भगवती मन्दिरदेखि पश्चिम लगभग ३ कठ्ठा र ५' उचाइ भएको यस गढीको मध्यभागमा मन्दिर वा महलको माथिको भाग जस्तै देखापर्दछ ।

२२. बेंगा शिवपुर भुरकरिणीगढी : चमिनियाँ गढीको नामले हाल प्रसिद्ध यस गढीको क्षेत्रफल ७०' ८०' र उचाइ ५' जति छ ।

२३. पिपरी गढी : मुर्कुरिया गढीभन्दा लगभग आधा किलोमिटर उत्तर पश्चिम कुनामा वरनडा चमारको गढीबाट यस गढीको क्षेत्रफल २८०' २३' र उचाइ लगभग ६' छ । यस गढीबाट धातुका गहना तथा माटाका ठूलाठूला भाँडाहरू जाँता, सिलौटा र चक्ला तथा ईंटाहरू प्राप्त भएका छन् । राजा सुपालको दरवार रहेको जनश्रुति प्रचलित छ ।

२४. मखनाहा गढी : यस गा. वि. स. मा रहेका शिव मन्दिरदेखि करिब २०० पश्चिममा यस गढीको क्षेत्रफल १००० ५० एवं १' उँचाइ ।

२५. धनुषा गोविन्दपुर गढी : यस गा. वि. स का वार्ड नं. १ मा अवस्थित गढीको क्षेत्रफल १६ कट्ठा र पहिले करिव ४' उचाइ तर हाल २' मात्र रहेको तर हाल खेतमा परिणत भैरहेको छ ।

२६. सतोषर गढी : यस गढीको लगभग २० विघा क्षेत्रमा पुरातात्विक अवशेषहरू प्राप्त भै रहेकोमा हाल ०-५-० कठ्ठामा रहेको र अर्ध्दचन्द्राकार ईंट ठूला ठूला माटाका भाँडाकुँडाहरू प्राप्त भएका छन् । हाल मूल सतोषरि पोखरीदेखि गढीसम्म पक्की सडकमा रहेको छ ।

२७. सिमराडी गढी : जनश्रुति अनुसार राजा बलदेव सिंह दोनवारको गढी रहेको, तर हाल देवी पूजा स्थलमा रहेको यस गढीको क्षेत्रफल ३-१४-०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र उचाई करिव ४' छ। यस गढीबाट ठूला आकारका चौकोर ईंटाहरू र माटाका भाँडाकुँडाहरू प्राप्त भएका छन्।

२८. नन्नुपट्टी : वा. नं. ५ मा अवस्थित यस गढीको क्षेत्रफल ०-१२-० कट्ठा र उचाई ४' जति छ। यस गढीबाट माटाका भाँडाकुँडाको टुक्रा र लामा आकारका ईंटा प्राप्त भएका छन्।

२९. धनौजी सुपालगढी : यस क्षेत्रका एउटा प्रसिद्ध राजा सुपाल थिए जसका अनेकौं कथाहरू प्रचलित छन्। यिनको नाममा रहेको यस गढीको क्षेत्रफल हाल ०-७-० कट्ठा र यस गढीबाट ईंटाको र माटाका भाँडाकुँडाका टुक्रा र विभिन्न धातुका गहनाहरू प्राप्त भएका छन्।

३०. हरिहरपुर क्षीरेश्वरनाथ मन्दिर : आधुनिक कालमा निर्मित यस मन्दिरको ढिस्को ७० ५० छ। यसबाट प्रत्थरका टुक्राहरू तथा ईंटाका माटाका भाँडाकुँडाका टुक्राहरू प्राप्त भएका छन्।

३१. लखौरी गढी : यस गा. वि. स. मा प्राप्त तीन गढीबाट प्रायः एकै प्रकारका वस्तुहरू प्राप्त भएका छन्।

३२. लोहना साहुजी गढी : चौकोर आकारको यस गढीको र यसबाट ईंट र माटाका भाँडाकुँडाका टुक्रा प्राप्त भएका छन्।

३३. अन्दुपट्टी गढी : लगभग ०-१-० कट्ठा क्षेत्रफलमा विस्तृत यस गढीको उँचाई ५' छ। यसबाट माटाका भाँडाकुँडाका टुक्राहरू प्राप्त भएका छन्।

३४. औरही गढी : गोलाकार भएको लगभग १० विगहा क्षेत्रमा विस्तृत यस गढीको उचाई ७' छ। गढी क्षेत्रमा पोखरी इनार र माटा र धातुका भाँडाकुँडा प्राप्त भएका छन्। २०४९ सालमा लोहोटा र तमघैल हाल श्री मङ्गल केयोटको संरक्षणमा छन्। यी गढीहरूको अतिरिक्त यस क्षेत्रमा केही डीहहरू प्राप्त भएका छन्। प्राचीन निवासक्षेत्रलाई मैथिली भाषामा डीह भन्दछन्। यसबाट केही वस्तुहरू प्राप्त भै रहेका छन्।

३५. फुलगामा : नाग वा मविआरी डीह, हाँसपट्टी डीह।

३६. देवडीहा : थान वाला डीह सविटा कूप र ४-४ का गोलाकार ईंटहरू प्राप्त अकौरा डीह, घोडघास मनियारी डीह आदि पाईएका छन्। विवाह पञ्चमी (मंसिर शुक्लपञ्चमी), राम नवमी (चेत्र शुक्ल नवमी), जानकी नवमी (वैशाख शुक्ल नवमी), झूला (श्रावण शुक्ल द्वितीया), पन्धदिने माध्यमिकी परिक्रमा (फागुन), अन्तगृह परिक्रमा (फाल्गुन पूर्णिमा) आदि यहाँका प्रसिद्ध मेलाहरू हुन्। जसमा लाखौंको संख्यामा तीर्थयात्री यहाँ मेला भर्न आउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) जलेश्वर - यो जनकपुरभन्दा १४ कि. मि. दक्षिण-पश्चिममा महोत्तरी जिल्लामा अवस्थित छ। यहाँ २० फिट गहिरो पानीको कुँवामाथि मन्दिर निर्मित छ। कुवाँभित्र रहेको शिवलिङ्ग सर्वदा जलशयनमा अवस्थित हुनुहुन्छ। शिवरात्रिमा यहाँ मेला लाग्द छ।

(३) धनुषा धाम - सीता-स्वयंवरमा धनुर्भङ्ग गर्दा धनुषको एउटा टुक्रा यहाँ झरेको जन-विश्वास प्राचीन कालदेखि नै रहेको छ। आज पनि यहाँ यो धनुष प्रस्तरको रूपमा देखिन्छ, जुन स्वतः ३-४ वर्षमा बढ्ने गर्दछ भन्ने भनाइ छ। माघ मकर संक्रान्तिपछि प्रत्येक आइतवार मेला लाग्दछ।

(४) मटिहानी - जलेश्वर देखि १२ कि. मि. पूर्वमा अवस्थित मटिहानी सिद्ध संत तसमैया बाबाको सिद्धस्थली हो।

(५) सीतामढी (पुनौरा) - यो विहारको सीतामढी जिल्लाको सदरमुकाम हो। यहींको पुनौरा स्थानमा सीरध्वज जनकले हलो जोत्दा सीता फेला परेकी थिइन्।

(६) शिलानाथ - जयनगर स्टेशनदेखि केही पश्चिम कमला नदीको किनारमा शिलानाथ महादेवको प्राचीन र प्रसिद्ध मन्दिर छ। कार्तिक एवं माघ पूर्णिमामा यहाँ दर्शानार्थीहरूको मेला हुन्छ।

(७) कल्याणेश्वर (कलना) - यो जनकपुरदेखि दक्षिण-पूर्वमा अवस्थित छ। परमहंस कलना बाबाको यो सिद्ध पीठ हो।

(८) दुर्गास्थान - यो स्थान विहारको बेनीपट्टी नजिक उच्चैठ ग्राममा छ। अत्यन्त प्राचीन सरोवरको तटमा अवस्थित यहाँको भव्य दुर्गा मन्दिरको परिसर रमणीय र आध्यात्मिकताले ओतपोत छ। यहीं दुर्गाको वरदानले महाकवि कालिदासले विद्वताको वरदान पाएको किंवदन्ती छ। नजिकै कालिदासको पाठशाला स्थल छ। शारदी नवरात्रामा यहाँ साधक तथा दर्शनार्थीहरूको मेला लाग्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९) श्री चामुण्डास्थान - यो मन्दिर विहारको तिरसठि प्रगन्ना अन्तर्गत कटरा ग्राममा छ। मिथिलामा यसको निकै प्रसिद्धि छ।

(१०) कपिलेश्वर स्थान - मैथिली लोकसाहित्यमा समेत कपिलेश्वर स्थानको निकै चर्चा छ। भनिन्छ, ककरौड़ ग्रामस्थित यो शिवलिङ्ग स्वयं महर्षि कपिलले स्थापित गरेका थिए। मिथिलानरेश महाराज राघवसिंहले यसको वर्तमान मन्दिरको स्थापना गरेका थिए। मकरसंक्रान्तिको प्रत्येक आइतवार तथा शिवरात्रिमा यहाँ ठूलो मेला लाग्द छ।

(११) राजेश्वरी मठ - यो भव्य मठ मधुबनीदेखि डेढ कोस ईशान कोणमा विन्दु सर नाउँ गरेको सरोवरको तटमा निर्मित छ।

(१२) गौतम कुण्ड - न्यायसूत्रका प्रवर्तक गौतम ऋषिले यस कुण्डको निर्माण गरेका थिए। अर्को भनाइ अनुसार अहल्यालाई शाप दिने गौतम यसमै स्नान गर्दथे। यो भरवारा प्रगन्नामा पर्दछ। यहाँ अवस्थित 'चाफद' नामक सरोवरको वर्णन 'भृङ्गदूत' काव्यमा गङ्गानन्द कवि (सं.१६७३-१७४२) ले गरेका छन्-

'तस्यादूरो त्रिभुवनपतेर्लोकनेत्राभिरामा
बन्धो धीरब्रजनिवसतिर्ब्रह्मपूर्वापुराऽऽस्ते।
यस्यामास्त्रक्षितिरूहफलं पीतरक्तादिवण
भुञ्जानानाममृतनिकृतिर्ज्जायते मानवानाम् ॥१॥
संशोभन्ते मधुप मधुरस्वादबद्यिः पयोभि
व्याप्ता यत्र प्रचुरकमलव्यचिताः पुष्करिण्यः।
मल्ली - वल्ली - पनसकदल - नारिकेलाम्रवृक्षाः
यासां वप्रोपरि जनमनो रोपिता मोदयन्ति ॥२॥
यत्र प्राच्यां हरिति हरते लाचनं चारूचाभि
र्लोकस्याम्भोनिधिरिव सखे चापदाख्यसततड़ागः।
तत्राघ्राय प्रणयिकमलव्रातमेकाह गम्यं
रम्यं धाम त्रिभुवनपतेर्भैरवस्याभ्युपेयाः ॥३॥[३६]

यो सरोवर विद्यापतिका आश्रयदाता महाराज शिवसिंहले खन्न लगाएका थिए। स्थानीयहरूले त्यसैले यस पोखरीलाई 'रजोखरि' भन्दछन्।

(१३) अहिल्यास्थान - यो स्थान अहियारी गाउँमा तथा गौतमकुण्डदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक कोश पूर्व, कमतौल स्टेशनदेखि एक कोश दक्षिणमा अवस्थित छ। गौतमको शापले शिलाखण्ड भएकी अहल्यालाई यहीं जनकपुर जानेबेला विश्वामित्र ऋषिको आदेशले भगवान रामले आफ्नो दिव्य चरण - स्पर्शद्वारा मानवीमा परिणत गरेका थिए।

महाभारत ८४ अध्यायमा तीर्थयात्रा प्रकरणमा यस स्थानको चर्चा छ :

'ततो गच्छेत ब्रह्मर्षेगौतमस्य वनं प्रियम्।
अहल्याय हृदे स्नात्वाव्रजेत परमांगतिम्॥
अभिगत्याश्रमं राजन् विन्दते श्रियमात्मनः।
तत्रोधानं धर्मज्ञ त्रिषु लोकेषु विश्रुतम्॥
तत्रभिषेकं कृत्वा तु वाजिमेधमवाप्नुयात्।
जनकस्य तु राजर्षि कूपस्विदशपूजितः॥
तत्राभिषेक कृत्वा तु विष्णुलोकमवाप्नुयात्॥'

उल्लेखनीय छ, यिनै गौतम र अहल्याका पुत्र शतानन्द महाराज जनकका कुलपुरोहत थिए, जसले जनकपुरको ज्ञानकूपका दुई कूपमध्ये एउटाको निर्माण गरेको किंवदन्ती छ। ज्ञानकूपमा दुई कूप छन् - शतानन्द कूप र याज्ञवल्क्य कूप। सम्भवतः यी आफ्ना दुई भिन्दाभिन्दै दर्शनदृष्टि वा तत्त्वमार्गका भिन्नभिन्न गुरुकुल थिए, यिनैद्वारा स्थापित।

(१४) भद्रकालिका - यो मधुवनी जिल्लाअन्तर्गत कोइलख ग्राममा अवस्थित भगवती हुन्। यिनलाई कोकिलाक्षी भगवती पनि भनिन्छ। कोकिलाक्षीकै नाउँमा गाउँको नाउँ, 'कोइलख' भनिन्छ। नवरात्राभरि भगवतीको विशेष भव्य पूजा-आराधना गरिन्छ।

(१५) भुवनेश्वरी - मधुवनी जिल्लाको राजग्राममा अवस्थित माता भुवनेश्वरीको सुन्दर विग्रह छ। यिनी पनि महिमाशालिनी हुन्।

(१६) चण्डेश्वर - मौजे हडरी प्रगन्ना भौरमा भगवान चण्डेश्वरको मन्दिर छ। प्राचीन कालमा मिथिलेश महाराजकुमारहरूको मुण्डन-संस्कार यहीं हुने गर्दथ्यो।

(१७) कुशेश्वर स्थान - यो पनि मधुवनी जिल्ला अन्तर्गत नै पर्दछ। 'थामलसारोद्धार' भन्ने ग्रन्थमा उल्लेख भए अनुसार यहाँको कुशेश्वर महादेवको स्थापना कुश ऋषिले गरेका थिए, त्यसै आधारमा यिनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशेश्वर भनिन्छ । मकर संक्रान्ति तथा शिवरात्रिमा यहाँ पनि भव्य मेला लाग्द छ । कुशेश्वर स्थान मिथिलाको गंभीर आस्थास्थल हो ।

(१८) जयमङ्गला- यो भगवती स्थान विहारको भूसडी प्रगन्ना अन्तर्गत रजौर ग्राममा अवस्थित छ ।टाढा-टाढासम्म फैलिएको निर्जन-निभृत काननमध्य एउटा गढमाथि यस देवीको मन्दिर छ । यो स्थल हेर्दैमा तपोभूमिझैं लाग्द छ ।

(१९) उग्रतारा स्थान - सहर्षाको महिषी भन्ने गाउँमा यो सिद्ध पीठ छ । गाउँभन्दा बाहिर आग्नेय कोणमा पश्चिमतिर फर्किएको यो मन्दिर हो, जसमा एकजटा नील सरस्वती अक्षोभ्य ऋषिसहित तारामूर्ति विराजमान छिन् । भनिन्छ, यो मन्दिर महारानी पद्मावतीद्वारा निमार्ण गराइएको हो । देवी अत्यन्त उग्र र त्वरितसिद्धिदायिका छिन् ।

(२०) सिंहेश्वर स्थान - यो सहरसा जिल्लाको मधेपुरा रेल्वे स्टेशननेर अवस्थित छ । यहाँ श्रृंगेश्वरनाथ महादेवको सुन्दर शिवालय छ । अनुश्रुति अनुसार स्वयं श्रृंगी ऋषिले यस महादेवको स्थापना गरेका थिए ।

(२१) जगवन - यो कमतौल स्टेशननेरको एउटा गाउँ हो । नेपालको धनुषा जिल्ला अन्तर्गत कुसुमाहा गाउँमा याज्ञवल्क्य ऋषिको आश्रम रहेझैं, यहाँ पनि एउटा आश्रम रहेको जन-विश्वास छ ।

(२२) ककरौल - मधुवनी स्टेशननेर रहेको यस बस्तीलाई कपिल मुनिको निवास स्थल मानिन्छ ।

(२३) बलाइन - यो गाउँ मधुवनी स्टेशन नजिक ने छ । भनिन्छ, वलदेवले आफ्ना शिष्यहरूलाई यहाँ गदायुद्धको शिक्षा दिन्थे ।

(२४) जजुआर - यो मुजफ्फरपुर जिल्लाको एउटा बस्ती हो । प्राचीन कालमा मिथिलाका उद्भट्ट विद्वानहरू यहाँ आयुर्वेदको अध्ययन गर्दथे ।[३७]

(२५) लदारी - यो दरभङ्गा सहर नजिकको एउटा गाउँ हो । यस गाउँको सम्बन्ध नन्दारि अर्थात् चाणक्यसित बताइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६) विसौल - मधुवनी जिल्लाको हरलाखी थाना अन्तर्गत पर्ने यस गाउँमा विश्वामित्रको आश्रम थियो। यसका अतिरिक्त अनेक यस्ता ग्रामहरू छन्। जसको सम्बन्ध पुराण तथा इतिहासको महापुरुष कालपुरुष वा प्रमुख घटनासित रहेको बताइन्छ।

(२७) गणपतिगंज - श्री वरदराज पेरूमल देवस्थानम् यो मठ दक्षिण भारतीय वैष्णव मठको शैलीमा निर्मित छ। यो रामानुज सम्प्रदायको भव्य मन्दिर हो।

(छ) मिथिलाको इतिहास -

अध्ययनका आधारस्रोत :

प्राचीन मिथिलाबारे प्रकाश पार्ने पर्याप्त सामग्री हामीसित छैन। वैदिक साहित्य, केही प्राचीन अभिलेख, केही शोध-अध्ययनबाट प्राप्त जानकारी, ईषत् पुरातात्विक प्रतिवेदनका आधारमा मात्र त्यसबारे उत्पन्न जिज्ञासामा चित्त बुझाउनु पर्छ। चम्पारण अभिलेख, नौलागढ अभिलेख (बेगूसराय, लक्ष्मण सं.६९), पन्चोब ताम्रपत्र, अन्हराठाढी अभिलेख, मोतिहारीबाट प्राप्त अभिलेख, मीठभगवानपुर अभिलेख, हाबीडीह अभिलेख, सारनक्षेत्रबाट प्राप्त फिरोज तुगलक कालको अभिलेख, तुगलक पुरा टक्सार (दरभङ्गा) बाट प्राप्त मोहम्मद बिन तुगलकका दुई प्राचीन मुद्रा, नस्रत शाहको मोतीहारी अभिलेख, मुल्ला तकियाद्वारा प्रस्तुत दरभङ्गा वरिपरि प्राप्त केही मुसलमानी अभिलेखहरू, विजयसेनको देवपरा अभिलेख आदि केही महत्त्वपूर्ण अभिलेख हुन् , जसको चर्चा माथि गरिएको छ।

कुनै देवद्वारा लिखित 'यजस् तिलक', संध्यातकर नन्दीको 'रामचरित्', श्रीधर दासको 'बल्लालचरित् साधूक्तिकर्णामृत, विल्हणको विक्रनामका 'देव चरित' वामनको 'लिङ्गानुशासन', चन्देश्वर ठाकुरका 'रत्नाकर' ज्योतिरीश्वर लिखित 'वर्णरत्नाकर', उमापति लिखित 'पारिजातहरण नाटक' 'प्राकृत पैगलम', विद्यापतिका रचनाहरू 'पुरुषपरीक्षा', 'रंभामञ्जरी नाटक', चन्द्रेश्वरको 'राजनीतिरत्नाकर', हरिब्रह्मका अवहठ्ठ कवितामा हरिसिंहदेवका शत्तिशाली मन्त्री चन्डेश्वरबारे दिइएको जानकारी, मुल्ला तकियाको 'बजाय', परमेश्वर झाद्वारा आफ्ना निबन्धमा प्रस्तुत मिथिलासम्बन्धी सूचनाहरू, 'मिथिला मिहिर'को मिथिलाङ्कमा (१९३५-१९३६) प्रकाशित निबन्ध, ईसाको तेह्रौं शताब्दीमा धर्मस्वामीद्वारा लिखित मिथिलाको यात्रावृत्तान्त, जातककथाहरू, केही पुराणहरूले मिथिलाको इतिहासबारे महत्त्वपूर्ण प्रकाश पार्दछन्। आधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालमा आर.आर. दिवाकर, आर. एस. त्रिपाठी, आर बी दास, आर.सी. मजुमदार, ई. जे. च्यापसन, ई. हुल्ज, उपेन्द्र ठाकुर, एफ ई.पर्जिटर, एम. एल. ब्रुच. आदि सयौं लेखकहरूले मिथिलाको इतिहासबारे महत्त्वपूर्ण सूचनाहरू संकलित गरी प्रकाशित गरेका छन् ।

विदेहराज्य (३०० ई.पू. - ६०० ई. पू.) -

ऋग्वेदकालदेखि नै विदेहको अस्तित्त्व पाइन्छ । ऋग्वेदका ऋषि नमिसाप्य (नि.शि.) विदेह (प्राचीन मिथिला) का राजा थिए । यिनले दासप्रमुख नमुचिको हत्या गरेका थिए । विदेह माधवका गुरु गौतम रहुगण ऋग्वेदकालीन ऋषि थिए, जसले अनेक सूत्रहरूको रचना गरे । उनी राजन कौणेय, उग्रदेव, राजनी, क्रतुजित, जानकी, केशिन, खाण्डिक आदिका समकालीन थिए, जिनको चर्चा संहिताहरू, ब्राह्मणहरू र श्रौत सूत्रहरूमा पाइन्छ । मिथिलामाथि शासन गर्ने निमिदेखि सीरध्वज जनक, (सीताका पिता) सम्मका राजाहरूको निम्नलिखित सूची पाइन्छ : १. निमि, २. मिथि, ३. उदावसु, ४. नन्दिबर्धन, ५. सुकेतु, ६.देवरात, ७.बृहद्रथ, ८. महावीर, ९. सुधृति, १०.धृष्टकेतु, ११. हर्यश्व, १२. मरु, १३. प्रतीन्धक, १४.कीर्तिरथ, १५.देवमढी, १६. विमुध, १७. महीद्रक, १८. कीर्तिरात, १९. महारोमा, २०. स्वर्णरोमा, २१. ह्स्वरोमा, २२. सीरध्वज (जनक द्वितिय) । वाल्मीकि रामायण, वालकाण्ड ७१ औं सर्ग अनुसार निमिको वंशावली अलिक फरक देखिन्छ ।

'बृहद्विष्णुपुराण' मा मिथिलाको लम्बाइ ४६ कोश तथा गङ्गादेखि हिमालयसम्मको चौडाइ ६४ कोश रहेको वर्णन पाइन्छ । सुरुचि जातक र गन्धार जातकमा मिथिलाको राजधानी २१ माइलमा रहेको उल्लेख छ । गान्धार जातकले मिथिलाको सीमा परिधि ७०० माइल रहेको उल्लेख छ ।

तत्कालीन प्रशासनिक ढाँचा -

वैदिककालमा र उत्तरवैदिककाला राजाको पनि चुनाव हुन्थ्यो । (ऋग्वेद १०: १२४ - ८० एत्तरीय ब्राह्मण १.१.१४) पछि मात्र राजा वंशानुक्रमले हुन थाले । परीक्षितहरू र जनकवंश यसका प्रमाण हुन् । परीक्षित जनक युगमा राजा प्रमुख सभासद र समानका बीच प्रथम मात्र थिए । राजा लोकतान्त्रिक थिए र राजाको चुनावमा राज्यभिषेकको बेला राजाले अनेक उपबन्धलाई स्वीकार गर्थे । उनी मन्त्री तथा जनसभाप्रति उत्तरदायी थिए । सभा तथा समितिले राजालाई निरंकुश हुनुबाट नियन्त्रित गर्दथे । मन्त्रीहरू अतिरिक्त समितिको बैठकमा सूत तथा ग्रामीण (जसलाई राजकृत अर्थात् राजनिर्माता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्थ्यो) सहभागी हुन्थे । राजालाई पदच्यूत गर्न व्यवस्था पनि थियो । राजा लोककल्याणका विरोधी भएपछि निष्कासित मात्र होइन, मृत्युदण्डसम्म पाउन सक्थे । यसको निर्णय समितिले गर्थ्यो ।

यसरी समिति एउटा संवैधानिक संस्था थियो ।, जसमा सामान्य जनताका प्रतिनिधिका अतिरिक्त अभिजात वर्गका प्रतिनिधि पनि हुन्थे । यसरी लोकसभा, राज्यका वा राष्ट्रिय एउटै समितिभित्र अर्न्तनिहित थिए । यिनका छुट्टाछुट्टै अधिकार र कर्तव्य सीमा होलान् भन्ने अनुमान गर्न सकिन्छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तीनै अधिकारले समिति सम्पन्न थियो ।

राजा सबभन्दा माथि थिए । उनका पुनि अमात्यहरू हुन्थे । विदेह राजाका ५०० अमात्य थिए । जसमा खण्ड प्रमुख (अग्र अमात्य) हुन्थ्यो ।

व्यवसाय :

कृषि प्रमुख व्यवसाय थियो । शतपथ ब्राह्मणमा कृष्ण, वपन, चुनन, मृणन आदि कृषिकार्यको चर्चा छ । हँसुआले धान काटिन्थ्यो, त्यसले बाँधेर दाना खलिहानमै झारिन्थ्यो, दाई गरिन्थ्यो, बताइन्थ्ये, चालिन्थ्यो । अनाज 'उर्दर' नामक पात्रमा राखिन्थ्यो । तौलको एकाइलाई 'खारी' भनिन्थ्यो । धान, जौ, मुङ, उडुद (मास), तील, गहुँ आदि बाली हुन्थे । अतिवृष्टि र अनावृष्टिको शिकार हुनु पर्थ्यो । बाली नष्ट गर्ने कीरा-फट्याङ्ग्रा, पशु एवं अति मानवीय शक्तिहरूको संहार मन्त्र शक्तिले गरिन्थ्यो ।

व्यापार :

व्यापार उन्नत अवस्थामा थियो । बंगालको बन्दरगाहदेखि समुद्रपारिसम्म मिथिलाले व्यापार गर्थ्यो भन्ने कुराको प्रमाण आशुतोष मुखर्जी सिलवर जुबिली, भोल्युम ३, भाग-१ (पृष्ठ १०८) पाइन्छ । आफ्ना माल बेच्न मानिसहरू श्रावस्ती देखि विदेह आउँथे । व्यापारी प्रमुखलाई 'श्रेष्ठी' र व्यापारीलाई 'पणि' भनिन्थ्यो ।

वैदिकयुगका आर्यहरूलाई हिरण्य, अयस, श्याम, लौह, सीस तथा त्रपु नाउँका धातुहरूको उपयोगको जानकारी प्राप्त थियो । चाँदीको प्रयोग आभूषण वा पात्रका अतिरिक्त सिक्का वा निष्क बनाउन पनि गरिन्थ्यो । स्वर्णमुद्रा पनि थिए । मुद्राहरूका तौल निश्चित थिए । तौल, 'अष्टपुङ' तथा 'शतमान'मा विभाजित थिए । पाद पनि एक किसिमको मुद्रा थियो । शतमान चाँदीको मुद्रालाई भनिन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूटनैतिक र वैदेशिक सम्बन्ध -

रामायणकालमा कोसल, विदेह तथा अङ्ग राजाहरूबीच मैत्रीपूर्ण सम्बन्ध रहेको उल्लेख पाइन्छ। जनकपुरका राजा सीरध्वज जनककी पुत्री सीता र अयोध्यानरेश दशरथका पुत्र राम बीचको वैवाहिक सम्बन्धले दुवै राज्यका बीचको सांस्कृतिक सम्बन्धको सूचना दिन्छ। जनकका पुरोहित कोसलबाट आएका थिए। काशी र मिथिलाको सम्बन्ध कहिले अति राम्रो र कहिले कटुतापूर्ण हुने गर्थ्यो। महाभारत अनुसार युधिष्ठिर जब इन्द्रप्रस्थको सिंहासनमा बसे, भीम दिग्विजयको क्रममा निस्किए र मिथिलालाई पराजित गरे। सम्भवतः त्यसै रिसले महाभारत युद्धमा विदेहहरू कौरवको पक्षमा लड्न पुगे। इन्द्रप्रस्थबाट राजगृह आउँदा श्रीकृष्ण भीम र अर्जुनसँग मिथिला आएका थिए। कृतिजनकका उत्तराधिकारीहरूले कोसल तथा मगधका राजकुलमा वैवाहिक सम्बन्ध पनि गाँसेका थिए।

गन्धार जातकमा विदेह तथा गान्धार (वर्तमान कान्धार) अफगानिस्तान का राजामा मित्रतापूर्ण सम्बन्धको चर्चा छ। महाउम्मग जातकमा विदेह राजा तथा राजा शङ्खपालका बीच लामो लडाई चलेको सन्दर्भ पाइन्छ। यसै जातकमा विदेहका राजा तथा उत्तर पाञ्चालका चुलानि ब्रह्मदत्तका बीच भीषण सङ्ग्राम भएको पनि प्रसङ्ग पाइन्छ।

सामाजिक तथा आर्थिक अवस्था -

सामाजिक सङ्गठन शिथिल भयो र यसलाई बाँध्ने रीतिरिवाज निर्माण हुँदै थिए। जाति व्यवस्थाको बीजांकुर यसै कालमा पाइन्छ र पछि मात्र त्यसले विशाल वृक्षको रूप ग्रहण गऱ्यो। ऋग्वेदले दाजुभाइसित दिदीबहिनीको तथा पितासित पुत्रीको विवाहलाई मात्रै अमान्य ठहर गरेको छ, तर शतपथ-ब्राह्मणले तेस्रो र चौथो पिंढीसम्मको सम्बन्धलाई अनैतिक मानेको छ। ब्राह्मण र क्षेत्रीलाई कुनै जातकी केटीसित विवाह गर्ने अधिकार थियो। ब्राहमणहरू भिक्षाटन गर्ने, दानदक्षिणा लिने, सोमरस पान गर्ने र लगभग स्वेच्छाचारी थिए। क्षत्रीयले अन्य भूभागमा विजय प्राप्त गरेपछि राजाले इनाममा जग्गा र कमारा दिन्थे। शूद्रहरूलाई वेद पढ्ने वा तप गर्ने अधिकार थिएन। जनक जस्ता महान दार्शनिकले पनि ब्राह्मणलाई शूद्र दासको रूपमा भेटी दिएका थिए र याज्ञवल्क्य जस्ता विद्वानले पनि यस्तो दान स्वीकार गरेका थिए। ब्राह्मण र क्षत्रीयको तुलनामा शूद्र र वैश्यले बढी कर तिर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दथ्यो । शिक्षा प्राप्त गरेर क्षेत्री पनि बाहुन हुन सक्थे । स्वयं क्षत्री जनकका अनेक ब्राह्मण चेला थिए । चतुराश्रम व्यवस्था थियो । त्यसैले याज्ञवल्क्य तपस्याका लागि वनमा जान लाग्दा आफ्नी पत्नी मैत्रेयीलाई ब्रह्मको बारेमा शिक्षा दिएर जान्छन् ।

ब्राह्मण ग्रन्थकारहरूका दृष्टिमा नारी जाति अत्यन्त घृणित थियो । क्रयविवाह बहुत प्रचलित थियो । सभामा स्त्रीहरू बोल्न सक्दैनथे । उत्तराधिकार प्राप्त थिएन । उनी अनेक सौताहरूबीच बाँच्नुपर्थ्यो । राजाहरूलाई सामान्यतः चारवटा रानी राख्ने छुट थियो । नारीसम्बन्धी यस धारणामा अलि परिवर्तन उपनिषद्कालमा पाइन्छ । त्यसैले यस युगमा वाचक्नवी, मैत्रेयी जस्ता विदुषीहरू भए, जो जनकको राजसभामा गएर शास्त्रार्थ गर्न सक्थे । याज्ञवल्क्यकी कान्छी पत्नी कात्यायनी अशिक्षित थिइन् । हारीतकको विचारमा नारी समाज दुई श्रेणीमा विभक्त थियो – १. ब्रह्मवादिनी तथा २.सद्योबधू । ब्रह्मवादिनीहरूले ब्रह्मचर्य ब्रत पालन गर्थे । किशोरीहरू अध्ययनकालमा ब्रह्मचारिणी भएर बस्नुपर्थ्यो, त्यसपछि यो प्रतिबन्ध थिएन । तर, प्रौढ महिलाहरूले मात्र दार्शनिक प्रवचन सुन्न सक्थे । पारिवारिक दायित्व पूरा गरिसकेपछि मात्र संन्यास लिने अधिकार थियो । तर पछि-पछि, राजदण्डबाट जोगिन र गार्हस्थ जीवनको टन्टाबाट पलायन गर्न पनि सन्यास लिन थालियो ।

पुरुषलाई अनेक स्वास्नी राख्ने हक भए पनि, स्वास्नीमानिसले अनेक पति राख्न सक्दैनथे । त्यसबेलाका मैथिल बुहारीहरू पनि ससुराका अगाडि पर्दैनथे भन्ने प्रमाण ऐतरेय ब्राह्मणमा पाइन्छ । विधवा नन्दहरू माइतमा भाउजूहरूले दिएका अनेक यातना सहन बाध्य थिए ।

समाजमा वेश्यावृत्ति थियो । जनकका दरबारमा शुकदेव मुनिलाई अनेक रतिनिष्णाता, कामिनीहरूले घेरेका थिए । राजनीतिक लक्ष्य पूर्तिका लागि पुरुषलाई फँसाउन राजाहरूले आफ्नै कन्याको पनि प्रयोग गर्थे ।

पशुमांसको भक्षण निषिद्ध थिएन । भवभूतिको 'उत्तररामचरित' अनुसार, वाल्मीकि आश्रममा वशिष्ठलाई बाच्छीको मासु भोजनका लागि पस्किएको थियो ।

शिक्षाप्रणाली :

वैदिकयुगमा शिक्षा जीवनको अनिवार्य अंगजस्तो थियो । छात्रहरूका लागि 'छात्रीशाला' थिए । अधिकांश शिक्षार्थीहरू घरमै शिक्षा ग्रहण गर्दथे । त्यसका लागि 'उपनयन' संस्कार ब्राह्मणहरूका लागि अपरिहार्य बनाइयो । एउटै शिक्षकका शिष्यहरूलाई 'सतीर्थ्य' र 'सब्रह्मचारी' भनिन्थ्यो । शिष्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षकका नाउँ वा विषयले जानिन्थे। यथा, पाणिनि विद्यालयका छात्रलाई 'पाणिनीय' भनिन्थ्यो। शिक्षकलाई 'अध्यापक' वा प्रवक्ता भनिन्थ्यो। वेदपाठका विशेषज्ञलाई 'क्षेत्रीय' भनिन्थ्यो। शिक्षकले सामान्यतः पाठ्यका विषयवस्तुलाई पाँच पटक भन्ने गर्थे। एकै पटक बुझिहाल्ने विद्यार्थीलाई 'एकसंघग्राही' भनिन्थ्यो। वेदपाठमा गरिने अशुद्धिका आधारमा विद्यार्थीको स्तर-निर्धारण गरिन्थ्यो। चौधसम्म अशुद्धि गर्नु क्षम्य थियो। वेद-शिक्षाका लागि बाह्र वर्ष लाग्ने गर्दथ्यो । गुरुका आश्रममा रहेर अध्ययन गर्नेलाई अन्तेबासी भनिन्थ्यो र उनीहरू बाह्र वर्षको अध्ययनपश्चात् घर फर्किन्थे। गरू आश्रममा बसी अध्ययन गर्ने 'कुलबासी' (अन्तेबासी) ले भिक्षाटन गर्नु पर्दथ्यो, यज्ञका लागि अग्निप्रबन्ध गर्नुपर्दथ्यो र आश्रमको हेरचाहको सम्पूर्ण जिम्मेवारी बोक्नु पर्थ्यो। ब्रह्मविद्या प्राप्त गर्न विद्यार्थीका लागि शान्त, दान्त, अनाशक्त, सहिष्णु र वंशी हुनु न्यूनतम शर्त थियो। पाठ्यक्रम सबै जातिका लागि समान थिएन। राज्यसंरक्षणमा अनेक शैक्षणिक संस्थाहरू थिए। यी संस्थालाई 'चरण' पनि भनिन्थ्यो।

उपनिषद्कालमा मिथिला शिक्षा र संस्कृतिको प्रमुख केन्द्र थियो, जहाँ कुरू, पञ्चाल आदि ठाउँहरूबाट ब्राह्मणहरू दार्शनिक विवेचनामा सहभागी हुन आउने गर्थे। जनक महान तत्त्वज्ञानी थिए र याज्ञवल्क्य उनको विद्वद्सभाका प्रसिद्ध दार्शनिक थिए। जनकले अश्वमेघ यज्ञमा बोलाएको दार्शनिक सम्मेलनमा आएका उद्दालक, आरूणि, अश्लव, जारत्कारव, आर्तभाग, भुज्यु, लाह्यानी, उशस्त, चाक्रायण, कहोड कौशीतकेय, विदग्ध साकल्य तथा गार्गी, वाचक्नवी जस्ता विद्वानले याज्ञवल्क्यलाई अध्यात्म विषयक अत्यन्त कठिन प्रश्नहरू गरेका थिए। यो मिथिलाको शिक्षापद्धतिकै परिणाम थियो कि यहाँ ६ भारतीय दर्शनमध्ये ४ को (सांख्य, वैशेषिक, न्याय, मीमांसा) तथा बृहदारण्यक उपनिषद्का अतिरिक्त अनेक वैदिक एवं औपनिषदिक ऋचाहरूको रचना भयो। गौतम तथा कपिलले आयुर्वेदका ग्रन्थहरू पनि लेखे। ब्रह्मवैवर्तपुराणमा आयुर्वेद विषयक ग्रन्थहरूको रूपमा निमि तथा उनका उत्तराधिकारी जनक वैदेहीको नाउँको उल्लेख पाइन्छ। चक्रपाणिले आफ्नो सुश्रुत टीकामा कपिलको नाउँ उल्लेख गरेका छन्। भनिन्छ, गौतमले पशुचिकित्सा विषयक 'गवायुर्वेद संहिता' को स्थापना गरेका थिए, तर यो ग्रन्थ अप्राप्य छ।

कला -

इन्द्रियजन्य सुख लक्ष्य भएको हुँदा कलाको उचित सम्मान उपनिषद् कालमा थिएन, तैपनि फलाम, तामा, राजसूय यज्ञमा लगाइने त्रसरवस्त्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्की भवन आदिको प्रचलन थियो। गोस्वामी तुलसीदासले रामचरित मानसमा जनकपुरको वैभववर्णनको क्रममा यहाँ ब्रह्मलाई लोभ्याउने महलहरू रहेको वर्णन गरेका छन्। गान्धर्व, आयुर्वेद, धनुर्वेद, तन्त्र आदिका लागि केही कलात्मक निर्मिति चाहिन्थे, जसरी चित्राङ्कन, सरोवर, भवन आदि। किसानहरूले खर, माटो, बाँस र कच्ची ईटाका घर बनाउँथे। पुरोहित - कुलीन वर्गले पकाएको ईटाका घर बनाउँथे र राजाहरूका ठूल्ठूला प्रासाद, दुर्ग, गढ आदि हुन्थे। महिलाहरूलाई नृत्य-सङ्गीत र ललितकलाको ज्ञान दिइन्थ्यो।

धर्म :

वैदिककालीन मुख्य देवताहरू पछि गौण र गौण देवता प्रमुख भए। मारण, मोहन, उच्चाटन, वशीकरण, जादू-टुना आदिमा विश्वास यस युगमा पनि पाइन्छ। ब्रह्म वा आत्मालाई परमतत्त्व मानियो। उपनिषद्कालमा आएर यज्ञ-अनुष्ठान आदिको विरोध पनि पाइन्छ। परम सत्यको बोध गरी आत्मालाई परमात्मासँग एकाकार गरी मुक्ति पाउने दर्शनको प्रतिपादन यस कालमा गरियो। परवर्ती कालमा ब्रह्मा, विष्णु, महेशको पूजाले प्रमुख स्थान प्राप्त गऱ्यो। धर्मको नाउँमा ब्राह्मण वर्गले जादू-टुनालाई आधार बनाई सामान्य जनतालाई शोषण गर्न थालेपछि मिथिलामा केही अन्य भाग जस्तै कर्मकाण्ड तथा बाह्याडम्बर अिरूद्ध विद्रँहको स्वर उठ्यो। अर्कोतिर अन्धविश्वास र बाह्याडम्बरमा चुर्लुम्म डुबेको जनसामान्यको एउटा वर्गले ब्राह्मणलाई पृथ्वीको देवता ('भूदेव') भनी स्तुति पनि गर्दै थियो। उनको अवज्ञालाई आपदविपद निम्त्याउने अपराध ठान्दै थियो। जनक विदेह स्वयं ठूल्ठूला यज्ञका पक्षमा थिएनन्। उनले यज्ञमा पुरोहितको अपरिहार्यतालाई स्वीकार गरेनन् र उनी आफैले पनि यस्ता अनुष्ठान सम्पादन गर्न सकिनेमा आस्था राख्दथे। मुण्डक उपनिषद्, बृहदारण्यक उपनिषद् आदिले यी विशाल यज्ञहरूको विरोध गरेका छन्। फलतः आत्मा-परमात्मा जस्ता चरम सत्यको बोधलाई सर्वाधिक महत्त्व दिने चिन्तन-परम्पराले नवीन चिन्ताधाराको अभ्युदय भयो।

दर्शन :

उपनिषद्कालको दार्शनिक चिन्तनमा युगान्तरकारी परिवर्तन ल्याउने मनीषिहरूमा महीदास, एतरेव, रैक्व, शाण्डिल्य, सत्यकाम, जावाल, जैवालि, उद्दालक, श्वेतकेतु, भारद्वाज, गार्ग्यायन, प्रतर्दन, बालाकि, अजातशत्रु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरूण, याज्ञवल्क्य, गार्गी, मैत्रीय, जनक, विदेह, शैव्य सत्यकाम, कौसाल्य, आश्वल्यायन, भार्गव, वैदर्भि, कबन्धि, कात्यायन आदिको पहत्वपूर्ण योगदान छ।

सांख्य दर्शनका प्रतिपादक कपिलले ईश्वरलाई स्रष्टा नमानी प्रकृतिलाई नै सबै तत्त्वका स्रष्टा भन्थे। गहन वनमा ठूल्ठूला शास्त्रार्थहरूको आयोजना गरिन्थ्यो र यिनमा जगत्, आत्मा, ब्रह्म, सत्यासत्य, आदिबारे शास्त्रार्थ गरी निष्कर्ष निकालिन्थ्यो। उपनिषद्ले आत्मतत्त्वबोधलाई शोकमुक्तिको मार्ग घोषित गऱ्यो। बृहदारण्यक उपनिषद् पनि याज्ञवल्क्य, मैत्रेयी तथा गार्गीबीच भएको शास्त्र-चर्चाको परिणाम हो। याज्ञवल्क्य जनकका पनि गुरु थिए। भनिन्छ, याज्ञवल्क्यले शुक्ल यजुर्वेदको रचना तथा सङ्कलन गरेका थिए। याज्ञवल्क्य मनुभन्दा उदार छन्। उनले गोमांस-भक्षणलाई निषिद्ध मानेका छैनन्। (शतपथ ब्राहमण, ३.१.२.२१) 'मिथिलातीर्थ प्रकाश' अनुसार उनको एउटा आश्रम जनकपुरको धनुषानेर रहेको कुसुमाहा गाउँमा थियो। याज्ञवल्क्यका अतिरिक्त गौतम, कपिल, विभाण्डक, शतानन्द तथा ऋष्यश्रृंग विख्यात मैथिल विद्वान् थिए। ऋष्यश्रृंगको विद्वताबाट प्रभावित भएर अयोध्याका राजा दशरथले उनलाई पुत्रेष्टि यज्ञ सम्पादनहेतु आमन्त्रित गरेका थिए। कुशध्वज जनककी पुत्री वेदवती प्रसिद्ध विदुषी थिइन्।

उपनिषद्को गम्भीर दार्शनिकता सामान्य जनका लागि बोधगम्य नहुनाले नै ई. पू. छैठौं शताब्दीमा बौद्धधर्मको उदय भयो। विदेह-कोसल-शाक्य जनपदमा बौद्धधर्मको उदयका लागि अनुकूल पृष्ठभूमि याज्ञवल्क्यद्वारा रचित 'वृहदारण्यक उपनिषद्' ले तयार गरिसकेको थियो। वेदान्तदर्शन केही कालका लागि तेजहीन देखिए पनि केही शताब्दीपछि शङ्कराचार्य वाचस्पति र अन्य चूडान्त दार्शनिकहरूको प्रादुर्भावले जाज्ज्वल्यमान भयो।

गणतन्त्रयुग (६०० ई. पू. - २२६ ई. पू.) -

लगभग ६०० ई. पू. मा मिथिला बज्जिसंघको सदस्य भयो। लिच्छिविहरूको राजधानी वैशाली मिथिला राज्यको एउटा भाग थियो, जहाँका शासक भानुमन्त थिए। महाभारत युद्धपछि अयोध्याको अवनति तथा जनक उग्रसेन - अधीनस्थ मिथिलाको अभ्युदयसँगै वैशाली प्रदेश मिथिलाको अङ्ग हुन पुग्यो। वैशाली राजवंशका संस्थापक इक्ष्वाकु तथा अप्सरा अलम्बुषाका पुत्र विशाल थिए। पुराण अनुसार, हेमचन्द्र, सुचन्द्र, धूम्रास्व, शृज्जय, सहदेव, कुशाशव, सोमदत्त काकुस्थ, सुमित क्रमशः उनका उत्तराधिकारी भए। बुद्धको समयमा (ई. पू. छैठो शताब्दी) वैशाली एउटा बाक्लो बस्ती थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसका तीन मण्डलमा क्रमशः ७०००, १४००० तथा २१००० घर थिए। टी. ब्लाकले राजा विशालको गढको उत्खननमा पाएका मुद्रामा 'तीरभुक्ति' तथ 'वैशाली' नाम अंकित भएबाट यस राज्यको प्राचीनता सिद्ध हुन्छ। राजा विशालको गढको अस्तित्त्व सम्भवतः ई. पू. तृतीय शत्कमा रहेको अनुमान विद्वानहरूले गरेका छन्।

यस कालको प्रशासनिक ढाँचा -

भगवान बुद्धको बेलामा प्रचलित गणराज्य गोरखपुर, दरभङ्गा मधुवनी तथा हिमालय र गङ्गाको मध्यवर्ती क्षेत्रमा पनि थियो। यी गणराज्यहरू मग्ग, कुलि, कोलिया, शाक्य, लिच्छवि तथा विदेहका थिए।

वैशाली गणतन्त्रमा मताधिकार संघको घटक गोत्रसम्म सीमित थियो, जसमा सात हजार, सात सय राजा थिए। त्यसैले यसलाई आंशिक गणतन्त्र मात्र मानिएको छ। वैशाली राज्यका विभिन्न कुल ७७०७ क्षेत्रीय परिवारमा विभक्त थिए। राज्यमा समसंख्यक राजप्रतिनिधि, सेनापति, कोषाध्यक्ष तथा युवराज थिए। यिनीहरूले स्थायी रूपमा रहेर शासन गर्दथे। सबैलाई छुट्टाछुट्टै अधिकारक्षेत्र थियो। सम्भवतः यी ७७०७ राजाहरू स-साना जमिन्दार जस्ता थिए, जसका आ-आफ्ना सेनाहरू पनि थिए। यी राजाहरूलाई संघको प्रशासनमा समान अधिकार थियो, तर केही राजाहरू बढी प्रभावशाली थिए।

प्रशासनका लागि राजा, उपराजा तथा सेनापति तथा भाण्डागारिक उच्चतम पदाधिकारीहरू थिए। यी पदाधिकारीहरू उक्त ७७०७ राजाबाट नै रोजिन्थे। कार्यपालिका सम्बन्धी अधिकार सम्भवतः आठ वा नौ कुलका लघु संस्थामा निहित थियो। यिनीहरूका सभापति उच्चतम न्यायाधिकारी हुन्थे। यिनीहरूका भिन्दाभिन्दै रङका गणवेष थिए। सभापति उच्चतम न्यायाधिकारी हुन्थे। एउटा विधि मन्त्रीलाई तलब दिएर नियुक्त गरिन्थ्यो। विदेश विभागका कार्य नौ सदस्यीय एउटा परिषद्ले हेर्थ्यो। सभाले कार्यपालिकाको चुनाउ गर्दथ्यो। कार्यपालिका आठदेखि दस जनाको हुन्थ्यो। यिनीहरूले सेनासम्बन्धी, अर्थमामिला, विदेशविभाग आदि हेर्दथे।

न्यायपरिषद्मा आठजना न्यायाधीश हुन्थे। उच्चतम न्यायालयलाई अट्ठकुल भनिन्थ्यो। प्रत्येक न्यायालयलाई अभियोग-मुक्त गर्ने अधिकार थियो। यिनबाट अभियुक्त घोषित गरिएकालाई पनि कार्यकारिणी परिषद्ले निर्दोष सिद्ध गर्न सक्थ्यो। प्रचलित दण्डसंहिता (ऐन) लाई 'पवेनिपोत्थक' भन्थ्यो। बैठकका लागि गणपूरक संख्या निश्चित भए पनि सामान्यतया निर्णय सर्वसम्मतिबाट लिइन्थ्यो। संघीय परिषद्मा महासंघको सर्वाधिक महत्त्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्था थियो। विदेह तथा लिच्छवि जनतन्त्रका अतिरिक्त यस परिषदमा नौ वटा लिच्छवि र नौ वटा मल्लिक थिए। परिषद्का सदस्यहरूलाई 'गणराजा' भनिन्थ्यो। मिथिलाराज्यका चेटक यस संघका महत्त्वपूर्ण राजा थिए। उनकी बहिनी त्रिशला वा विदेहदत्ता जैन धर्मका प्रवर्तक महावीरकी आमा थिइन्। चेटककी छोरी विदेही अजातशत्रुकी आमा थिइन्।

सामाजिक र आर्थिक अवस्था -

यस कालमा आउँदाआउँदै ब्राह्मणको महत्त्व घटेको र कुलीन तथा व्यापारी वर्गको सम्मान बढेको पाइन्छ। वर्णाश्रम अवस्था शिथिल भयो। व्यक्तिले चाहेको व्यवसाय अपनाउन सक्थ्यो। ब्राह्मणले लुकीछिपी चाण्डालसँग पनि भोजन गर्थे, तर यो कुरा खुलेपछि जाति-वहिष्कृत हुनु पर्थ्यो। कारण, कुलीन वर्गले अझ् चाण्डालसित घृणा गर्थ्यो। चाण्डालहरू बस्तीभन्दा बाहिर बस्थे। दास-प्रथा कायमै थियो। विधुर पण्डित जातकमा दासका चार कोटिको चर्चा गरिएको छ - जन्मना दास, किनिएका दास, स्वेच्छादास तथा भयले बनेका दास। दासीका तीन प्रकार थिए- दासी, परिचारिका र धात्री। स्त्रीलाई समाजमा उचित सम्मान थिएन। जातकहरू - स्त्रीनिन्दाले भरिएका छन्। स्वास्नीमानिस सार्वजनिक स्थल, उपवन, खोलाकिनार, परिजन कुटुम्बकहाँ, अपरिचित कक्षमा जान पाउँदैनथे र गए भने सामाजिक निन्दाका कोपभाजन हुन्थे। तैपनि बुद्धले आम्रपाली, गौतमी र अन्य गणिकासहित पाँचसय शाक्य महिलाहरूलाई आफ्नो संघमा स्वीकार गरेका थिए। चारित्रिक पतन भएकी स्वास्नी मानिसलाई प्राणदण्डसम्म दिइन्थ्यो। लोग्नेमानिसले चाहिँ चाहेजति स्वास्नी ल्याउन सक्थे। राजाले सामान्यतया सोह्र हजार नृत्यांगनालाई मनोरञ्जनका लागि नियुक्त गर्थे। प्रथा कहिले कठोर हुन्थ्यो, कहिले शिथिल हुन्थ्यो। लासलाई फाल्ने, जलाउने वा माटोमा पुर्ने तीनै चलन थियो।

अर्थव्यवस्था -

कृषिमा आधारित जीवनपद्धति थियो। विभिन्न प्रकारका शिल्पको विकास भएको थियो। व्यापारीहरू जलमार्ग एवं थलमार्गद्वारा स्वदेश र विदेशमा व्यापार गर्दथे।

ग्रामप्रमुखलाई 'ग्रामभोजक' भनिन्थ्यो, जसले कर सञ्चय गर्दथ्यो, गाउँका झैं-झगडाको फैसला गर्दथ्यो र अपराधीसित दण्ड लिन्थ्यो। अनिकाल वा खरेडीको बेला ग्रामभोजकले गाउँलेहरूको भोजनको व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि गर्दथ्यो। बगैंचापाले, डकर्मी, सिकर्मी, वैद्य, माझी, घाटे, सूचीकार, ढोल बजाउने, शंख बजाउने व्यवसायीहरू समाजमा थिए। पूर्वेली भारतको श्रावस्ती, वाराणसी, राजगृह, वैशाली, चम्पा आदि सबै ठाउँमा व्यापारी समुद्रमार्गबाट व्यापार गर्ने गर्दथे। यिनीहरू सुनचाँदीका गहना, विभिन्न प्रकारका रत्न, सुनका कचौरा, रिकापी, कपासका सामान, ऊन, चाँदी, घोडा तथा अन्य वस्तुको व्यापार गर्थे। सुधारकका व्यापारीहरू श्रावस्ती आउँथे र बनारसका व्यापारीहरू विक्रय-सामाग्री लिएर बेबिलोनिया, भरोंच, बर्मा पुग्थें। मिथिला र गान्धारको व्यापारिक सम्बन्ध कायमै थियो। समाजमा विनिमयप्रणाली पनि थियो। मासक, अडढमासक, पाद, अद्धपाद, कहापण तथा अद्धकहापणको मुद्राको रूपमा प्रचलन थियो। तामा र चाँदीका सिक्का पनि बुद्धकालमा प्रचलित थिए।

शिक्षाप्रणाली -

तत्कालीन बज्जिसंघमा शिक्षालाई धेरै महत्त्व प्राप्त थियो। तक्षशिलामा सम्पूर्ण भारतबाट विद्याध्ययनका लागि मानिस आउँथे। वाराणसी, राजगृह, मिथिला, उज्जयिनी आदि विख्यात शिक्षाकेन्द्र थिए। स्त्री शिक्षाको व्यापक प्रचार थियो। सुक्क, खेमा, धम्मदिना, प्रसिद्ध दार्शनिक र विदुषी भएका छन्। उन्नैसौं जैन तीर्थङ्कर नेमिनाथ मिथिलाका शासक कुम्भकी कन्या थिइन्। चाण्डालहरू शिक्षाबाट बञ्चित थिए। दुई चाण्डाल बालकले छद्मवेषमा तक्षशिलामा नामाङ्कन गराए पनि पोल खुल्नासाथ तिनलाई निष्कासित गरियो। 'कूटागार' मा लिच्छविहरूले दार्शनिक प्रश्नमा विचार गर्थे। वाराणसी सङ्गीतशिक्षाका लागि अन्यतम केन्द्रहरूमध्ये गनिन्थ्यो।

धर्म -

वैदिक कालमा प्रचलित धर्म र धार्मिक विश्वासहरूमाथि बुद्धले ठूलो आघात गरेका थिए। सामान्य जनतामा अधिकांश बुद्धका अनुयायी थिए। तैपनि इन्द्र र ब्रह्मा अझै लोकप्रिय देवता थिए। जैन सम्प्रदायका चौबीसौं तीर्थङ्कर महावीर वैशालीका थिए र त्यहाँ उनले बाह्र वर्षा ऋतु बिताएका थिए। लिच्छवीहरूमध्ये अधिकांश उनका शिष्य थिए। बज्जिमहासंघमा राजनीतिक सङ्कट उत्पन्न हुँदा बुद्धसित परामर्श लिइन्थ्यो। कालान्तरमा भिक्षुणीसंघ व्यभिचारको अड्डा बन्न गयो। संघमा नारीलाई स्थान दिएकोमा बुद्धले आनन्द समक्ष पश्चाताप गर्नुपरेको थियो। बुद्धको महानिर्वाणको एकसय वर्षपछि बज्जिपुत्तक भिक्षु तथा वैशालीका नागरिकहरू बौद्ध धर्मको विपरीतका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाकलापमा संलग्न भए। संक्षेपमा, धार्मिक दृष्टिले यो काल बुद्ध र महावीरको प्रभावकाल थियो।

बज्जिमहासंघको पतन -

मौर्यसम्राट बिम्बसारको विस्तारवादी नीतिको सफलताले गर्दा कोसल, काशी र वैशाली मगध साम्राज्यको अंग बन्न पुगे। बिम्बसारको छोरो अजातशत्रुले पनि विस्तारवादी महत्त्वाकांक्षाले बज्जिसंघलाई धराशायी गर्न दुरूह भएको हुँदा कूटनीतिको सहारा लिए। आफ्नो मन्त्री बस्सकारको सहयोगले ऊ बज्जिसंघका सदस्यमा शत्रुताको बीउ छर्न सफल भयो। वैशालीका नागरिक, लिच्छविहरूमा त्यसले फूट ल्यायो। फूट हालेर अनुकूल वातावरण तयार गरेपछि अजातशत्रु वैशाली गणतन्त्रमाथि आक्रमण गऱ्यो। चेटकले लिच्छवि तथा मल्लिकका अतिरिक्त काशी तथा कोसलका अठार गणराजाहरूलाई सङ्गठित गरी आक्रमणको प्रतिरोध गर्न खोज्यो। सोह्र वर्षसम्म (५६२-५४५ ई.पू.) चल्ने यस संघर्षमा बज्जिसंघ पराजित भयो।

शक्तिशाली लिच्छविहरूको परवर्ती इतिहास धूमिल देखापर्छ। उनीहरू यसकालका दुई सय वर्ष पछिसम्म संघात्मक राज्य प्रणालीअन्तर्गत रहेको कुरा कौटिल्यको अर्थशास्त्रबाट बुझिन्छ। कौटिल्यले चन्द्रगुप्त मौर्यलाई शक्तिशाली लिच्छविहरूसित सहयोग लिने सुझाव दिएका थिए। 'बेसाली अनुसंयानक टकारे' (सं. ८००, फलक), मृण्मुद्रा, मौर्यकालीन पालिसदार प्रस्तरखण्ड आदि प्राप्त भएबाट लिच्छविहरू मगधसाम्राज्यको अधीन हुन गएको कुरा प्रमाणित हुन्छ। तर शुंग र काण्वको अवनतिपछि उनी सम्भवतः फेरि शक्तिशाली भए। ईसाको प्रथम शताब्दीमा नेपालसँग र चौथो शताब्दीमा गुप्तवंशसँग भएको लिच्छविहरूको सम्बन्धले ठूलो ऐतिहासिक महत्त्व राख्दछ। नेपालका अंशुवर्मा (सातौं शताब्दी) यसै लिच्छवि वंशका थिए। लिच्छविवंशको एउटा शाखा नेपालमा आएर बसोबास गरेको कुरा र अर्को शाखा तिब्बतमा गई बसेको इतिहासबाट प्रमाणित छ। यिनको विदेश पलायनको कारण प्राय : मगधबाट हुने पराजय थियो। ई. सन्को चौथो शताब्दीको प्रारम्भमा चन्द्रगुप्त प्रथम र उनकी लिच्छविवंशीय रानी कुमारी देवीले संयुक्त नामाङ्कित मुद्रा चलाएका थिए। तर ई. सन्को चौथो शताब्दीपछि उत्तरी भारतमा कुनै स्थायी शक्तिको शासन नरहेपछि साम्राज्यको विघटित रूप देखिन्छ। गुप्त साम्राज्यको पतनसँगसँगै लिच्छवि र विदेहभूमि वैशाली उजाड भयो। ई. को पाँचौं शताब्दीको अन्त्यसमम हिन्दूभारतबाट गणतन्त्र लुप्त भयो। ५५.ई.पछि हिन्दू इतिहास राष्ट्रिय इतिहास नभई पुटकर राजनेताहरूको जीवन-वृत्त बन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएको कुरा प्रो. उपेन्द्र ठाकुरले लेखेका छन् ।

बाहिरी शासन (अनु. ३२६ ई.पू.-१००७) -

बज्जिसंघको पतनपश्चात् भारतीय राजनीतिक इतिहासमा अनेक उथुल-पुथुल देखिन्छन् । बज्जिसंघको अवस्था छिन्नभिन्न हुनु, लिच्छविहरूको पलायन, मिथिला वैशाली गणराज्यको अंग नभई अब मगधसाम्राज्यको अंग बन्नु, वैशालीको साटो राजनीतिक गतिविधिको केन्द्र मगधको राजधानी पाटलिपुत्र (पटना) बन्नु जस्ता अनेक उत्थान-पतन भए । मगधसम्राट अजातशत्रुको अधीनस्थ मिथिलाको काल (अनु.३२६ ई.पू.) देखि कर्णाटकराजा नान्यदेव (१००७) को आविर्भावसम्म मिथिला भारतका विभिन्न भागबाट आई आक्रमण गर्ने अनेक शक्तिको अधीनस्थ हुनुपऱ्यो । तल तिनको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ ।

मगध -

कतिपय इतिहासकारहरूको मतमा मगधसम्राट अजातशत्रुले आफ्नो राज्यको विस्तार गङ्गा र हिमालयको मध्यवर्ती प्रदेशसम्म गऱ्यो । उसले आफ्नो शत्रु लिच्छविहरूलाई नियन्त्रणमा लिन गङ्गाकिनारको पाटलिग्राममा किलाको निर्माण गऱ्यो ।

शिशुनागवंश -

अजातशत्रुका उत्तराधिकारीमा उदयनबाहेक बाँकी सबै कमजोर थिए । उनीहरू बाबुलाई मारेर राज्य हात पार्ने दाउमा मात्र संलग्न रहन्थे । यसबाट जनता रिसायो र वाराणसीमा मगधको राजप्रतिनिधि भएर बसेका एउटा शिशुनाग भन्ने अमात्यलाई बोलाई उसको राज्याभिषेक गरिदियो । शिशुनागले वैशालीको पुननिर्माण गऱ्यो र यहाँ राजभवन बनायो । शिशुनागको छोरो कालाशोकले पनि पाटलिपुत्र तथा वैशालीमा केही समय शासन गरे, तर उसको हत्या गरियो । आन्तरिक कलह र षड्यन्त्रले गर्दा शिशुनागवंश समाप्त भयो र त्यसको स्थान नन्दवंशले लियो ।

नन्दवंश -

शिशुनागवंशपछि महापद्मपति नन्दवंशका पहिला राजा भए । उनी कसरी राजा बने त्यो कुरा विवादास्पद छ, तर उनी अति शक्तिशाली थिए । सम्भवतः त्यतिखेर मैथिलहरूको अधिकारमा एउटा साना मण्डल- दरभङ्गा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मधुवनी, समस्तीपुर मात्र बाँकी रहन गएको थियो। महापद्मले इस्वाकु, पञ्चाल, काशी, हेल्य, कलिङ्ग, अश्मक, कुरू, शूरसेन, नीतहोम आदि राज्यसँगै मिथिलालाई पनि आफ्नो राज्यभित्र समेट्यो। उसको राजधानी पाटलिपुत्र थियो। धनानन्द यस वंशका अन्तिम राजा थिए। उनी ज्यादै अत्याचारी थिए। मौर्यहरूसँग परास्त भएपछि नन्दवंशको पतन र मौर्यवंशको उदय हुन्छ।

मौर्यवंश -

यस वंशका संस्थापक चन्द्रगुप्त मौर्य (अनु.३२१ ई.पू.) क्षत्रिय थिए। नन्दवंशलाई पराजित गरेर त्यसले आफ्नो साम्राज्यको विस्तार हिमालयदेखि दक्षिणी समुद्रसम्म र सेल्यूकशलाई पराजित गरी बंगालदेखि अफगानिस्तानसम्म गऱ्यो।

चन्द्रगुप्तपछि विन्दुसार (अनु.ई.३००) राजा भए। विन्दुसारका पुत्र अशोक विश्व इतिहासमै अत्यन्त प्रतापी मानिन्छन्। भारतको राजनीतिक परिदृश्यमा लगभग चालीस वर्षको अवधि (२६० ई.पू.-२३२ ई.पू.) सम्म अशोक सबभन्दा तेजस्वी सम्राट देखिन्छन्। कलिङ्गविजयसँगै अशोकले पूरै उत्तरी भारतलाई मगधसाम्राज्यमा मिलायो। अशोकको साम्राज्य अन्तर्गत देहरादून जिल्ला, नेपाल तराई तथा दुवै चम्पारन जिल्ला गाभिए। कतिपय इतिहासकारहरूका अनुसार अशोककालमा सिङ्गो नेपाल मौर्य साम्राज्यको अभिन्न अंग थियो। कलिङ्गयुद्धमा बगेको रक्तधारबाट द्रवित भई बौद्ध भिक्षुक बनेका अशोक बुद्धधर्मका प्रचारका लागि मिथिला समेतका विद्वान् लिई तिब्बतसम्म गए। अशोकको अहिंसा नीतिले अशोकको मृत्युपछि मगध साम्राज्यलाई कमजोर तुल्यायो र ब्राह्मण पुष्यमित्रको सैनिक विद्रोह (अनु.१८७ ई.पू.)- ले यस राज्यसत्तालाई पनि समाप्त गऱ्यो।

शुङ्गवंश -

मौर्यवंशको पतनपश्चात् भारतको राजनीति अस्थिर भयो। उत्तर भारतमा नन्द र अशोकका वंशजहरूको तेजोबध गर्न कलिङ्गराज खारवेल उद्यत भयो र एउटा शक्तिशाली शासकको रूपमा उदित भयो। उत्तर-पश्चिममा मौर्यवंश शक्तिहीन भएको थियो। बाहिरी शक्तिहरूको भारतमा आक्रमण हुँदै थियो र कसैमा भारत-प्रवेश रोक्ने ताकत थिएन। ब्राह्मण धर्मको पुनरूत्थान भयो र बौद्धधर्मको प्रभाव घट्यो। मौर्यवंशका अन्तिम शासक स्थापित गरे। उसको राज्यभित्र पाटलिपुत्र, अयोध्या, विदिशादेखि नर्मदासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । मिथिला पनि यसै राज्यको अधीन थियो । ब्राह्मण धर्मका पुनरुननायक पुष्यमित्रले दुईवटा अश्वमेघ यज्ञ गराएका थिए । यूनानीहरूले एकचोटि फेरि भारतविजयको प्रयास गरेका थिए, तर पुष्यमित्रले उनको आकांक्षालाई विफल तुल्याइदिए । अग्निमित्र तथा वसुमित्र उनका उत्तराधिकारी थिए । यिनीहरूले आफ्नो राज्यको सफलतापूर्वक संरक्षण गरे । यस वंशका अन्तिम राजा देवभूतिलाई उनका अमात्य वासुदेवले हत्या गरेका हुनाले ई.पू. ७५ मा यस वंशको शासनको अन्त्य भयो ।

काण्ववंश -

शुंगवंश शक्तिहीन भएपछि यिनको अधिकार काण्ववंशीहरूले हात पारे, जसले गर्दा शुङ्ग राज नाउँका मात्र राजा रहन गए । काण्वहरूलाई पनि आंध्रवंशले शक्तिहीन तुल्याइदियो । खारवेलले ई.पूं प्रथम शताब्दीमा उत्तरी भारतमा आक्रमण गऱ्यो र राजगृहका राजालाई पराजित गऱ्यो । त्यसले पाटलिपुत्र र तिरहुत आदिलाई पनि आफ्नो अधीनमा पाऱ्यो ।

ई.पू. प्रथम शताब्दीदेखि कुषाण वंशका कनिष्कसम्म (ई.सन् ७८) मगध तथा पूर्वोत्तर भारतको इतिहास अन्धकारपूर्ण छ ।

कुषाणवंश -

कुषाणवंशका प्रथम उल्लेखनीय व्यक्ति विम् कदफिसेस् भएपनि कनिष्क नै सर्वाधिक महत्त्वपूर्ण व्यक्तित्व थिए । यिनको कालमा कुषाणवंशको आधिपत्य वाराणसी, मथुरा, कोसल, पाटलिपुत्र, तिरहुतसम्म थियो । कुषाणहरूले आफ्नो राज्यप्राप्तिका प्रारम्भिक वर्षहरूमै मगधमाथि विजय प्राप्त गरे । प्राप्त मुद्रामध्ये एउटा 'राज्ञो महाक्षत्रयस्य स्वामीरुद्रसंहस्य भगिन्या महादेव्या प्रभुदमाया' अर्थात् 'महाक्षत्रय राजा स्वामी रुद्रसिंहकी छोरी तथा राजा क्षत्रय स्वामी रुद्रसेनकी बहिनी महारानी प्रभुदमाको मुद्रा' भनी अंकित भएको आधारमा केही समयसम्म वैशाली अथवा तिरहुतमा उज्जैन महाक्षत्रम रुद्रसिंहका पुत्र रुद्रसेन प्रथमको अधिकार थियो भन्ने कुरा प्रमाणित हुन्छ ।

नाग तथा वाकाटक -

कुषाण साम्राज्यको विघटन र गुप्त साम्राज्यको अभ्युदयको बीचमा नागवंशले बुन्देलखण्डभन्दा उत्तर भारतमा अर्धसाम्राज्यीय सत्ताको स्थापना गरे । ईसाको तेस्रो शताब्दीको प्रारम्भमा यी नागशासकहरूले दसवटा अश्वमेर्घयज्ञ गरेर गङ्गाघाटी विजयको उत्सव मनाएका थिए । यस वंशका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराक्रमी शासक वीरसेनले मध्यदेश तथा पूर्वी उत्तर प्रदेशबाट कुषाणहरूलाई समाप्त गरेका थिए। यस वंशका अन्तिम राजा भवनाग (अनु.३०५-३४ ई. सन्) ले ब्राह्मण वाकाटक राजा प्रवरसेनका पुत्रसँग वैवाहिक सम्बन्ध स्थापित गरेका थिए। यस सम्बन्धले गर्दा नागवंशीहरू वाकाटकवंशमा विलीन भए। वाकाटकवंशको शासन (अनु.२४८ ई.) बुन्देलखण्ड र कृष्णाको मध्यवर्ती क्षेत्रमा थियो। प्रवरसेन सम्पूर्ण भारतवर्षमा शासन गर्ने पहिला चक्रवर्ती उपाधिधारी थिए। उनका उत्तराधिकारी रुद्रसेन प्रथम पृथ्वीसेन वा रुद्रसेन द्वितीय थिए। परवर्ती वाकाटक शासनकालमा लिच्छवि प्रभुत्व पुनर्जागृत भयो र पाटलिपुत्रमा उनले शासन गरे। गुप्तवंशसँग यी लिच्छविहरूले वैवाहिक सम्बन्ध मात्र स्थापित गरेनन्, अपितु गुप्तसाम्राज्यमै समाहित भए।

गुप्तवंश -

३१०-२० ई.मा गुप्तसाम्राज्यको स्थापना भयो। सम्पूर्ण उत्तरविहार (नेपालको सीमासम्म) गुप्त शासन क्षेत्रभित्र पर्दथ्यो। चन्द्रगुप्त द्वितीयको शासनकालमा तीरमुक्ति (तिरहुत-मिथिला) अनेक भुक्तिमध्ये एक थियो। चन्द्रगुप्त द्वितीयपछि उक्त प्रदेशमा कुमारगुप्त तथा उनको उत्तराधिकारी पुरुगुप्त एवं स्कन्दगुप्तको नियन्त्रण पाइन्छ। स्कन्दगुप्तको मृत्युपछि (अनु.४६७ ई.) गुप्त साम्राज्य आन्तरिक एवं बाह्य अधिकारीहरूले स्थानीय प्रशासनलाई हातमा लिए र महाराज, 'महाराजधिराज' आदि उपाधि धारण गर्न थाले। कुमारगुप्त (द्वितीय) को शासनपछि बुधगुप्तले सत्ता सम्हाले (४७६-७७ ई.)। बुधगुप्तको राज्य-सीमा हिमालयसम्म फैलिएको थियो र त्यसमा नेपाल पनि पर्दथ्यो भन्ने अनुमान इतिहासकारहरूको छ। वराहक्षेत्र (नेपाल) यस सीमाभित्र पर्दथ्यो। बुधगुप्तका उत्तराधिकारीहरू-नरसिंहगुप्त, वैन्यगुप्त (५०६ ई.सन्), कुमारगुप्त तृतीय, भानुगुप्त आदि अत्यन्त कमजोर शासक सिद्ध भए। त्यसैले, बुधगुप्तको मृत्युपछि सत्तालाई सम्हाल्न नसकेर गुप्तसाम्राज्य टुक्रा-टुक्रा भयो र अन्ततः ५५१ ई. मा निमिट्यानै भयो।

सन् ५३० ई मा यशोवर्मन राजनीतिक क्षितिजमा उदित हुन्छन् र उनको विशाल साम्राज्य-ब्रह्मपुत्रदेखि पश्चिम समुद्रसम्म तथा हिमालयभन्दा दक्षिण-पूर्वमा महेन्द्र पर्वतसम्म फैलिन्छ। तर यो साम्राज्य पनि स्थायी हुन सकेन। उता मौखरी वंशका शासकहरू उत्तर भारतमा प्रभुत्व कायम गर्न निरन्तर संघर्षशील थिए।

परवर्ती गुप्तवंशीहरू पनि मुन्टो उठाउन थाले। यस संघर्षको फलस्वरूप जीवित गुप्तका पुत्र कुमार गुप्त स्वतन्त्र राजाको रूपमा प्रतिष्ठित भए। पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परवर्ती गुप्त शासकहरू (जीवित गुप्त, कुमारगुप्त तथा दामोदर गुप्त) तथा मौखरी वंशजहरू (इशान्वर्मन र सर्ववर्मन) बीचको संघर्षले युद्धको स्वरूप ग्रहण गऱ्यो। अन्त्यमा सिङ्गो विहार गुप्त शासकहरूको हातबाट फुत्केर मौखरीहरूको अधिकारमा आयो। मिथिला पनि यसै अन्तर्गत थियो।

वर्धनवंश -

ईसाको छैठौं शताब्दीको अन्त्यसम्म राजनीतिक आकर्षणको केन्द्रविन्दु मगध नभएर कनौज हुन पुग्यो र आदित्यवर्धनको पुत्र प्रभाकर वर्धनले 'महाराजाधिराज' को पदवी धारण गरे। तर उसको मृत्युपछि राजविद्रोह सुरू भयो। उसकी छोरी राजश्रीको विवाह ग्रहवर्मा मौखरीसँग भएको हुनाले कनौज र थानेश्वरको सम्बन्ध बलियो भयो। यसबाट मालवका राजा देवगुप्त र गौडनरेश शशांक भयभीत भए। माल्वका राजाले युद्धमा पराजित गरे, तर पछि उनी नै शशांकबाट मारिए। मिथिलासमेत सम्पूर्ण विहार र उडीसा शशांकको अधीनस्थ भयो।

राज्यवर्धनको मृत्युपछि हर्षवर्धन कनौजको सिंहासनमा बसे। उनले शशांकलाई हराए। मिथिला मात्र होइन, पञ्जाव, कान्यकुब्ज, गौड, वंगाल, उडीसा हर्षवर्धनको शासनभित्र आए। तर, जसरी गुप्तकालमा मिथिला एउटा भुक्ति थियो, त्यसै गरी फेरि भुक्ति (प्रशासनिक एकाइ) बन्यो।

तिब्बती आक्रमण -

हर्षको पराक्रमणपूर्ण संरक्षण समाप्त भएपछि (६४७ ई.) साम्राज्यका लागि हानाथाप हुन थाल्यो। तिरहुतमा नियुक्त हर्षका मन्त्री अर्जुनले हर्षको राजसिंहासनलाई कब्जा गरे, तर उनले वांग ह्वेन-त्सेलाई अपमानित गरेका हुनाले उनीमाथि तिब्बती र नेपाली सेनाले सम्मिलित आक्रमण गरे। यसबाट आदित्य सेनलाई लाभ भयो। अर्जुन भागेर गए पनि चिनिया राजदूतबाट बन्दी बनाइएर चीन लगिए। मिथिला अल्पकालका लागि सम्भवतः तिब्बतीय अधीनतामा पर्न गयो। तर गुप्तवंशको हराएको गौरवलाई पुनर्जीवित गर्ने संघर्षका क्रममा राजा आदित्यसेनले तिरहुत, वैशाली, मगधसमेत हिमालसम्मको प्रदेशलाई आफ्नो हातमा लिए। नेपालका लिच्छवि राजा शिवदेव आदित्यसेनका समकालीन थिए तथा मौखरी भोगवर्मनका ज्वाइँ थिए। देवगुप्त तृतीय, विष्णुगुप्त तथा उसको छोरो जीवतगुप्त द्वितीय आदित्य सेनका उत्तराधिकारी थिए। परवर्तीकालमा गुप्त शक्ति सदा-सर्वदाका लागि अस्त भयो। पश्चिमी चालुक्य राजा विनयादित्य तथा कान्यकुब्जका राजा यशोवर्मनका आक्रमणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगाडि परवर्ती गुप्त शासकहरूले घुँडा टेके। मगधप्रदेश तथा तिरहुतसहित हिमालय प्रदेशको सम्पूर्ण क्षेत्र यशोवर्मनको अधीनस्थ भयो। पछि बंगालका राजा गोपालले मगधलाई आफ्नो अधीनमा लिए।

पाल, गुर्जर तथा चन्देल -

गोपालपछि उनका छोरा धर्मपाल सिंहासनमा बसे। उनले ७७०-९० को मध्यकालमा उत्तरप्रदेशको ठूलो भू-भाग जिते, पश्चिममा सिन्धसम्म, उत्तरमा हिमालयसम्म र दक्षिणमा नर्मदासम्मको भू-भाग उनको अधीनस्थ भयो। फेरि गजरेराज नागभटसित मुंगेरमा उसको युद्ध भयो, तर नागभट सफल भएन। धमपालले कामरूप, तिरहुत, गौड तथा अन्य देशहरूलाई अधीनस्थ गरे। उनका पुत्र देवपाल अन्तर्गत पालसाम्राज्य उन्नतिको चरम शिखरमा थियो। देवपालको मृत्युपछि पाल साम्राज्य कमजोर भयो। विग्रहपाल आफ्ना पुर्खाजस्ता पराक्रमी थिएनन्। प्राप्त साक्ष्यहरू अनुसार, यस वंशका नारायणपाल अपेक्षाकृत बढी पराक्रमी थिए र तिरहुतमाथि यिनको प्रभुत्व कायम रह्यो। महेन्द्र पाल सिंहासनारूढ भएको तेह्रौं वर्षमा सम्पूर्ण तिरहुत तथा उत्तर बंगालमाथि गुर्जहरूको अधिकार भयो, तर शेष भागमा पाल शासन कायमै रह्यो। राज्यपाल नारायणपालका उत्तराधिकारी थिए। नारायण पालको शासनको २७ औं वर्षमा प्रतिहारहरूले पालशासकबाट मिथिलाका केही भाग खोसेर आफ्नो अधीनमा लिए।

गुर्जर-प्रतिहारको शासनकालका केही समय उपरान्त चदेलहरू आए। हर्षका पुत्र तथा उत्तराधिकारी यशोवर्मनले फेरि मिथिलामाथि विजय प्राप्त गऱ्यो। चन्देलहरूले गुर्जरहरूबाट मिथिला प्रदेश जिते। सन् १०३७ मा चेदि वा कलचुरिका गांगदेव विक्रमादित्यले मिथिलामाथि आक्रमण गरे। चेदिहरूको शासन मिथिलामा कति वर्षसम्म रह्यो, भन्नु गाह्रो छ। एघारौं शताब्दीतिर गांगेयदेवका पुत्र लक्ष्मीकरणको नेतृत्वमा बंगालमाथि आक्रमण गरियो। विग्रहपाल तृतीयले कर्णलाई पराजित गरे। यसरी, मिथिलामा दीर्घकालसम्म पालशासन रहेको प्रमाण पाइन्छ। चालुक्यवंशीय सोमेश्वर (१०४०-६९) को शक्तिमा वृद्धि हुँदै थियो। उनले मालवाको राजधानी धारमा आक्रमण गरी परमार शासक भोजलाई भगाएका थिए। सम्भवतः त्यहाँबाट भोज भागेर तिरहुत आए र यसलाई आफ्नो अधीनस्थ पारे।

सेन शासकहरूले बंगालमा आफ्नो प्रभुत्व कायम गरेको बेला अर्को कर्णाटकवंशीय राजा न्यायदेव मिथिला तथा नेपालमा आफ्नो शासन कायम गर्न संघर्षशील थिए। सन् १०९७ ई. मा नान्यदेव मिथिलामा आफ्नो शासन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कायम गर्न सफल भए ।

कर्णाट शासन (१०८० ई.-१३२४ ई.)

बज्जिसंघको विघटनदेखि कर्णाटवंशको स्थापनाकालसम्मको मिथिलाको इतिहास अनेक उत्थानपतनको इतिहास हो । लगभग १४०० वर्षको चतुर्दिक आक्रमणले क्षतविक्षत भएको मिथिलाले अब राहतको अनुभव गर्न थालेको थियो । सन् १०९७ मा नान्यदेवले आफ्नो स्वतन्त्र राज्य कायम गरे र सिमरौनगढलाई राजधानी बनाए । डेनियल राइटले शकसम्बत् ८११ शनिबारका दिन कर्णाट राजा नान्यदेव नेपाल पसेको कुराको उल्लेख गरेका छन् । यिनले ललितपतन र कान्तिपुरका राजा जयदेव मल्ल र भक्तपुरका राजा आनन्द मल्ललाई पराजित गरी आफ्नो शासन गरेका थिए । भनिन्छ, उनले आफूसित स्वेखु र माजु भन्ने दुईटा देउता पनि ल्याएका थिए । सिद्धिनरसिंह मल्ल (पाटन), प्रतापमल्ल (कान्तिपुर) र जगज्योतिमल्ल (भक्तपुर) आदि राजाहरूले आफुलाई कर्णाटवंशी नान्यदेवका सन्तान भनेका छन् । नान्यदेवले लगभग ५० वर्षसम्म शासन गरे र सन् ११५० तिर उनको देहावसान भयो । संस्कृत, साहित्य, संस्कृति, कलामा उनको गहन रुचि थियो । उनले 'नाट्यशास्त्र' को रचना गरेका थिए ।

नान्यदेवको उपलब्ध वंशावलीमा एकरूपता पाइँदैन । केही तालिकाहरू निम्नानुसार छन् :[३८]

सी.पी.एन.सिंह र उपेन्द्र ठाकुर	गोपालराज वंशावली	केशर पुस्तकालय	प्रताप मल्ल
१. नान्यदेव	नान्यदेव	नान्यदेव गङ्गादेव	नान्यदेव गङ्गादेव
२. मल्लदेव	नरसिंहदेव	नरसिंहदेव	नरसिंहदेव
३. नरसिंहदेव	रामसिंहदेव	रामसिंहदेव भवसिंहदेव	रामसिंहदेव
४. रामसिंहदेव			
५. शक्तिसिंहदेव वा शक्रसिंहदेव		कर्मसिंहदेव	भूपालसिंहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिसिंहदेव	हरिसिंहदेव	हरिसिंहदेव	हरिसिंहदेव

भाषावंशावली	जगज्योर्तिमल्ल
नान्यदेव - ५० वर्ष	नान्यदेव
गङ्गादेव - ४१ वर्ष	गङ्गादेव
नरसिंहदेव- ३१ वर्ष	भवसिंहदेव
शक्तिसिंहदेव - ३९ वर्ष	कर्मसिंहदेव
रामसिंहदेव-५८ वर्ष	हरिसिंहदेव
हरिसिंहदेव -	

राइट वंशावली	कर्कव्याट्रिक	हस्रत बी.जे.
नान्यदेव - ५० वर्ष	नान्यदेव	नान्यदेव - ५० वर्ष
गङ्गादेव - ४१ वर्ष	कनकदेव	गङ्गादेव - ४१ वर्ष
नरसिंहदेव - ३१ वर्ष	नरसिंहदेव	शक्तिसिंहदेव - ३९ वर्ष
शक्तिसिंहदेव - ३९ वर्ष	रामसिंहदेव	रामसिंहदेव -
रामसिंहदेव - ५८ वर्ष	कर्मसिंहदेव	हरिसिंहदेव -
हरिसिंहदेव -	हरिसिंहदेव	

मल्लदेव - नान्यदेवका दुई पुत्र थिए - मल्लदेव तथा गङ्गादेव । जनश्रुतिअनुसार भीठभगवानपुर (विहार) मल्लदेवको राजधानी थियो । यहाँबाट नेपालको सीमा ५०-५५ किलोमिटर मात्र भएको आधारमा डा.उपेन्द्र ठाकुरले मल्लदेवले तिरहुतको पूर्वी भाग तथा नेपालका केही भागमा शासन गरेको अनुमान गरेका छन् । महाकवि विद्यापतिले 'पुरुष परीक्षामा' मल्लदेवलाई वीर योद्धा भनेका छन् । उनी कनौजका राजा जयचन्द्र कहाँ गएका थिए । जयचन्द्रसित मतभेद भएकोले उनी कनौज छाडी चिक्कोरका राजाकहाँ आइपुगे । यसले गर्दा चिक्कोर र कनौजबीच युद्ध भयो । यी साक्ष्यहरूको प्रामाणिकता संदिग्ध छ ।

गङ्गादेव (११४७-११८८ ई.) - गङ्गादेव ११४७ ई. तिर राजगद्दीमा बसे । यिनको शासनकाल बाह्य आक्रमणबाट मुक्त थियो । सेन तथा मुसलमानी आक्रमणहरूलाई रोक्न यिनी सफल भए । सम्पूर्ण उत्तर भारत बाह्य शत्रुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आक्रमणबाट अशान्त भएको बेला मिथिलालाई शान्तिमय राख्न सक्नु उनको पौरखको परिणाम हो। प्रशासनिक सुधारका लागि उनले मिथिलालाई अनेक परागनामा विभाजित गरेका थिए र राजस्व सङ्कलनका लागि प्रत्येक परगनामा चौधरी अथवा प्रमुखको व्यवस्था गरेका थिए। विवादहरूको फैसलाका लागि पञ्चायतको चुनाउ गरिन्थ्यो। लोक कल्याणका लागि उनले अनेक पोखरी खन्न लगाएका थिए। उनले अन्हराढाढीमा एउटा विशाल गढ पनि बनाए। धार्मिक विवादलाई टुंगो लगाउन एउटा छुट्टै निकाय थियो, जसका प्रमुख वर्धमान उपाध्याय थिए।

नरसिंहदेव (११८८-१२२७ ई.) - गङ्गादेवपछि नरसिंहदेव मिथिलाका राजा भए। विद्यापतिरचित 'पुरुषपरीक्षा' अनुसार, नरसिंहदेव पहिले दिल्लीका प्रथम मुसलमान शासक शहाबुद्दीन गोरीका सेनापति थिए र गोरीलाई सेवाले रिझाएका हुनाले मिथिलाको राज्य प्राप्त गरेका थिए। तर, सन् १२०० ई. मा विहारमाथि भएको मुहम्मद अख्तियार खिलजीको आक्रमणको पूर्व मिथिलाका कुनै मुसलमानको शासन रहेको कुरा प्रमाणित नभएको हुनाले उक्त गोरीद्वारा मिथिलाराज्य प्रदान गरिने कुरा कल्पना जस्तो लाग्छ। वस्तुतः नरसिंहदेवका छोरा रामसिंहदेवको शासनकालमा रामसिंहदेव (१२७७-८५) मिथिला राजनीतिक क्रियाकलापभन्दा बढी बौद्धिक व्यायाममा व्यस्त रहेको कुरा प्रमाणित हुन्छ। रामसिंहले स्वयं पनि अनेक धार्मिक साहित्यको सिर्जना गरेका थिए। उनले अनेक प्रशासनिक, सामाजिक तथा धार्मिक सुधार गरेका थिए। जनताको मार्गदर्शनका लागि यस कालमा अनेक धार्मिक एवं सामाजिक आचारसंहिताहरूको निर्माण भयो। यी संहिताहरूको पालनका लागि गाउँ-गाउँमा अधिकारीहरूको नियुक्ति गरियो। आन्तरिक प्रशासनमा सुधारका अनेक चेष्टा भए। हरेक गाउँमा एउटा आरक्षी अधिकारी हुन्थ्यो, जसले परगनाको प्रमुख राजस्वअधिकारीलाई गाउँका उल्लेखनीय घटनाबारे सूचना दिने गर्दथ्यो। प्रधान राजस्वअधिकारीलाई तलबको रूपमा जग्गा दिइएको थियो। सम्भवतः सर्वप्रथम उनले नै पटवारीहरू बहाल गरेका थिए। उनले अनेक पोखरी र देवालयको निर्माण पनि गराएका थिए।

शक्तिसिंहदेव (१२४१-१२८० ई) - रामसिंहको मृत्युपछि उनका छोरा शक्तिसिंहदेव मिथिलाको सिंहासनमा बसे। दिल्लीका सुल्तान अलाउद्दीन खिलजीसँगको प्रगाढ मैत्रीले गर्दा उनले खिलजी रणधम्मोरका हम्मीरसित युद्ध हुँदा सहायता गरेका थिए। शक्तिसिंह आफ्ना पिताका तुलनामा निरंकुश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासक थिए। त्यसैले उनका भारदारहरू क्रुद्ध थिए। उनका एक जना चण्डेश्वर ठक्कुर भन्ने मन्त्रीले उनको यस निरंकुशतामाथि नियन्त्रण राख्न एउटा सात सदस्यीय परिषद्को गठन गरेका थिए। शासनको अन्तिम कालमा उनले मुसलमान शासकहरूको कोपको सामना गर्नुपरेको थियो।

हरिसिंहदेव (१२८०-१३२६ ई.) - शक्तिसिंहका पुत्र हरिसिंहदेव कर्णाटवंशका अन्तिम राजा थिए। उनले सामाजिक सुधारको क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याए। मैथिल ब्राह्मण र कर्ण कायस्थहरूको प्रवृत्ति, योगदान तथा योग्यताकोआधारमा थर र श्रेणीको विभाजन यिनैबाट भएको हो। 'पजिप्रथा' मिथिलाको आफ्नो वैशिष्ठ्य हो र यो पञ्जिप्रथा हरिसिंहदेवले नै लागु गरेका थिए। यिनी विद्या एवं संस्कृतिका महान् संरक्षक थिए, जसको दरबारमा सम्पूर्ण उत्तरी भारतको पहिलो गद्यग्रन्थ 'वर्णत्नाकर' का रचयिता ज्योतिरीश्वर तथा महामनीषि चन्डेश्वर, देवादित्य र वीरेश्वर जस्ता विद्वान्रत्नहरू आश्रित थिए। चण्डेश्वरले कृत्यरत्नाकार, विवादरत्नाकर जस्ता ग्रन्थहरू लेखे। हरिसिंहदेवले अनेक मन्दिर तथा पोखरीहरूको निर्माण गर्न लगाए।

सन् १३२४ मा सुल्तान गयासुद्दीन तुगलकले बंगालमाथि आक्रमण गरे र त्यहाँबाट फर्किने बेलामा तिरहुतमाथि पनि चढाइ गरे। हरिसिंहदेव पराजित भए र त्यहाँबाट आफ्ना भारदार तथा अनुयायीहरूसँग पलायन गरी नेपाल उपत्यकामाथि आक्रमण गरे। भादगाउँमा त्यहाँका राजा आनन्द मल्ललाई पराजित गरी आफ्नो साथमा ल्याएको भगवती तुलजा भवानीलाई देवताको रूपमा स्थापित गरी त्यहीं राज्य चलाई बसे।

ओइनवार वंश (अनु.१३५३-१५२६ ई.) - हरिसिंहदेवको नेपाल उपत्यका पलायनसँगै सम्पूर्ण विहार र सिम्रौनगढ सहितको मिथिला भू-भाग दिल्लीको मुसलमान शासनको अधीनस्थ भयो। तर दिल्लीका शासक तुगलक शाहले मिथिलाको शासन ओइनिवार वंशीय ब्राह्मण कामेश्वर ठाकुरलाई प्रदान गरे। मिथिला यद्यपि आन्तरिक मामिलामा स्वतन्त्र थियो, तर बाह्य कार्यक्षेत्रमा यो दिल्लीको अधीनस्थ नै थियो। यी ओयनवार वंशीय विद्वान् र तपस्वी ब्राह्मण ओएन ठाकुरले कर्णाट शासकहरूको सेवा गरी ओइनी गाउँ पुरस्कारमा पाएका थिए। पछि यिनीहरू क्षेत्रीय कहलाए। ओएन ठाकुरका अतिरूप नाउँका पुत्र थिए, उनका पुत्र विश्वरूप, विश्वरूपका पुत्र गोविन्द र गोविन्दका पुत्र लक्ष्मण ठाकुर थिए। लक्ष्मण ठाकुरका ६ पुत्र थिए - १. कामेश्वर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. हर्षण, ३. त्रिपुर, ४. तेवारी, ५. सलखन तथा ६. गौड। यीमध्ये मात्र कामेश्वर प्रसिद्ध भए।

कामेश्वर ठाकुर : कामेश्वर ठाकुर यस वंशमा पहिला राजा थिए। राजा बन्नुभन्दा अगाडि उनी कर्णाट राजसभामा सभापण्डित थिए। केही मात्र शासन गरेपछि फिरोज शाहले उनलाई गद्दीबाट हटाए र उनको कान्छो भोगीश्वरलाई राज्य सञ्चालन गर्ने जिम्मा दिए।

भोगीश्वर ठाकुर : कामेश्वरका दुई पुत्र थिए- भोगीश्वर र भवीश। भोगीश्वर फिरोज शाहका मित्र थिए। यिनकी पत्नीको नाउँ पदमावती थियो। यिनले ३३ वर्षसम्म राज्य गरे।

गणेश्वर ठाकुर : भोगेश्वरपछि उनका पुत्र गणेश्वरले शासन सम्हाले। यिनलाई सिंहसानारूढ हुन निकै संघर्ष गर्नु परेको थियो। यिनलाई राजा बनाउने कि नबनाउने भन्ने विवादले गर्दा भारदारहरूका दुई दल देखिए। एउटा समूहले भोगीश्वरका कान्छा भाइ भवसिंहलाई राजा बनाउन चाहन्थ्यो, अर्को दलले गणेश्वरलाई। तर, पछि गणेश्वरकै पक्षमा निर्णय लिइयो। भवेश्वरले पनि यो निर्णय माने, तर उनका छोराहरू हरिसिंह र त्रिपुरसिंह यस निर्णयबाट क्रुद्ध भए र अर्जुन राइ तथा रत्नाकरका सहायताले यिनको हत्या गरिदिए। तर विद्यापतिले 'कीर्तिलता' मा भिन्न प्रकारको वृत्तान्त प्रस्तुत गरेका छन्। यिनका अनुसार, मिथिला राज्यका लोभी असलान नाउँका मुसलमानले ल.स.२५२ (१३७१ ई.) मा यिनलाई छलपूर्वक मारेका थिए। तर मिथिलालाई गुलाम बनाउने असलानको योजना सफल हुन सकेन। किनभने गणेश्वरका पुत्र वीरसिंह, कीर्तिसिंह तथा राजसिंहले इब्राहिम शाहको सहयोग लिएर असलानको हत्या गरी पिताको हत्याको बदला लिन सफल भए। युद्धमा वीरसिंह पनि मारिए। कीर्तिसिंह इब्राहिम शाहद्वारा मिथिलाका राजा बनाइए।

कीर्तिसिंह (१४०२-१४१०) - कीर्तिसिंह गणेश्वरका दोस्रा छोरा थिए। यिनको प्रारम्भिक जीवन संघर्षपूर्ण देखिन्छ। कीर्तिसिंहको राज्याभिषेकदेखि १४६० ई. सम्म मिथिला जौनपूरको सामन्ती राज्य थियो। कविकोकिल विद्यापति र 'वाणीभूषण' का स्रष्टा दामोदर मिश्र यसै कालमा भएका थिए। कीर्तिसिंह, वीरसिंह तथा राजसिंह निसन्तान भएको हुँदा कीर्तिसिंहपछि कामेश्वरका कान्छा छोरा भवसिंहदेव गद्दीमा आसीन भए। अविभाजित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथिलाका उनी पहिला ओइनिवार शासक थिए, किनभने यिनको कालमा दुई भागमा विभक्त मिथिला एकीकृत भयो ।

यिनी ठूला योद्धा थिए । यिनी धार्मिक स्वभावका पनि थिए । अनेक यज्ञहरू गरी ब्राह्मणहरूलाई उदारतापूर्वक दान दिएका थिए । यिनका तीनवटा रानी थिए, जसमध्ये दुईवटा रानी उनको मृत्युपछि सती भए ।

यो काल साहित्यिक एवं बौद्धिक उत्कर्षको काल हो । मिथिलाका हास्यसम्राट गोनूझा 'न्यायतत्त्व-चिन्तामणि' का लेखक मैथिल दार्शनिक गंगेश उपाध्याय, दार्शनिक वर्धमान उपाध्याय (गंगेश उपाध्यायका पुत्र) यसै कालमा थिए ।

देवसिंह - देवसिंह भवसिंह जेठा छोरा थिए । उनले ओइनीलाई छाडी आफ्नो नाउँमा देवकुली (देकुली) मा नयाँ राजधानी बनाए । यिनी पनि महान योद्धा थिए । यिनले ब्राह्मणहरूलाई स्वर्णमय हात्ती तथा रथ दान गरेका थिए । अनेक पोखरीहरूको पनि यिनले निर्माण गरे । यिनकै आग्रहमा महाकवि विद्यापतिले 'भूपरिक्रमा' को रचना गरेका थिए तथा यिनकै प्रेरणाले श्रीदत्तले 'एकाग्निदान पद्धति' को सम्पादन गरेका थिए । मुरारिका पितामह हरिहर उनको दरबारमा मुख्य न्यायाधीश थिए । 'स्मृतितत्त्वामृत' का रचयिता अभिनव वर्धमान उपाध्याय राजसभाका धर्माधिकारी थिए । देकुलीको 'वर्धमानेश्वर मन्दिर' को निमाृण वर्धमान उपाध्यायद्वारा नै भएको मानिन्छ ।

शिवसिंह - देवसिंहका दुई पुत्र थिए- शिवसिंह र पद्मसिंह । पिताका ज्येष्ठ पुत्र भएको हुँदा देवसिंहको मृत्युपछि शिवसिंह राजा भए । शिवसिंह मिथिलाको इतिहासमा सबैभन्दा बढी चर्चित शासक हुन् । यिनकै आग्रहले विद्यापतिले 'पुरुषपरीक्षा'को रचना गरेका थिए । विद्यापतिको प्रायः प्रत्येक पदमा 'शिवसिंह' को नाउँको उल्लेख छ । १५ वर्षकै उमेरदेखि यिनले आफ्नो पितालाई प्रशासनिक कार्यमा सघाउन थालेका थिए । यिनले देकुली छाडेर आफ्नो राजधानी गजरथगपुर बनाए र यसको नाउँ 'शिवसिंहपुर' राखे । राजधानी परिवर्तनको मुख्य कारण मुसलमानी आक्रमण तथा गृहकलह भएको अनुमान गरिन्छ । अमरकवि विद्यापति, यिनका सखा, मार्गदर्शक र परामर्शदाता थिए । गौडा, गज्जनन तथा यवन सेनापतिसित यिनले युद्ध गर्नुपरेको थियो । यिनले यी शत्रुहरूलाई पराजित गरी लखेटेर आफ्नो राज्यको सीमाभन्दा बाहिर पठाएका थिए ।

त्यसबेला मिथिला जस्तै बंगालमा पनि राजनीतिक अस्थिरता थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गयासुद्दीनको हत्या तथा सैफुद्दीन हमजा शाहको राज्यारोहणले गर्दा त्यहाँ भीषण गृहयुद्ध हुन थाल्यो। यस अस्थिरताको लाभ उठाई गणेशले सिंहासन कब्जा गरे। उसको जेठो छोरो यदुसेन मुसलमान भयो र आफ्नो न्वारान जलालुद्दीन भनेर गऱ्यो। यही जलालुद्दीन गणेशपछि राजा बन्यो। उनी शिवसिंहका समकालीन थिए। शिवसिंहले यस नक्कली मुसलमान राजामाथि विजय प्राप्त गर्ने योजना बनाए र तदनुकूल उसको राज्यका केही भागमाथि अधिकार गर्न सफल भए।

शिवसिंहले त्यस भूभागमा पितासँगै शासन गरे। देवसिंहको मृत्यु २३ मार्च १४१२ वा १३ मा भयो र शिवसिंह पूर्ण स्वामित्व भएका राजा भए। पिताको मृत्युपछि उनको दिल्लीको अधीनतालाई अस्वीकार गरे। उनले सुल्तानलाई कर बुझाउन बन्द गरे। सुल्तान आगो भयो र शिवसिंहमाथि आक्रमण गऱ्यो। यस भीषण युद्धमा डटेर सामना गरे पनि उनी बन्दी बनाइएर दिल्ली लगिए वा मारिए यो अझै पनि इतिहासको विवादास्पद अल्झो हो। तर यस घटनापछि उनकी रानी लखिमा र विद्यापतिले नेपालमा तत्कालीन सप्तरीका राजा पुरादित्यको दरबारमा आश्रय लिए। यसरी मिथिला फेरि मुसलमान शासकको अधीनस्थ भयो।

शिवसिंह महान दानी योद्धा र धनुर्विद्या विशारद थिए। उनका ६ रानीमध्ये परम विदुषी र साहित्यानुरागी रानी लखिमा सर्वाधिक प्रिय थिइन्। रविका पितामह अच्युत उनका मन्त्री थिए। अन्य मन्त्रीहरूमा महेश्वर, रतिधर आदि उल्लेख्य छन्।

शिवसिंह आफ्नो मुद्रा चलाउने पहिला मैथिल नरेश थिए। उनको राजदरबारमा अनेक रत्नहरू थिए, जसमध्ये मैथिल कवि कोकिल विद्यापति र 'तत्त्वकौमुदी' एवं 'विवादचन्द्र' का रचयिता महान् दार्शनिक वाचस्पति मिश्र विश्वप्रसिद्ध छन्।

लखिमा रानी - नेपालको सप्तरीमा राजा पुरादित्य गिरिनारायणको दरबारमा कविकोकिल विद्यापतिसँगै शरण लिन पुगेकी पटरानी लखिमा देवी विद्यापतिको प्रयासले सुल्तानको सनद पाई फेरि मिथिला फर्किइन् र १४१६ ई. तिर राज्यसिंहासनमा बसिन्।

उनी प्रसिद्ध विदुषी र कवयित्री थिइन्। उनका संस्कृत कविताहरू मैथिल पण्डितहरूमध्ये पनि सम्मानित छन्। उनको प्रत्युत्पन्नमतित्त्व र वाक्-विनोद-चातुर्यबारे अनेक किम्बदन्तीहरू छन्। चेलीबेटी बेची विवाह गर्नेहरूमाथि व्यङ्ग्य गर्दै लेखिएको संस्कृत पद्यबाट उनको सामाजिक सचेतना,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यङ्ग्यप्रतिभा र प्रगतिशील जीवनदृष्टिको परिचय पाइन्छ ।

पद्मसिंह - सन् १४३० तिर शिवसिंहका भाइ पद्मसिंह गद्दीमा बसे । उनी मुसलमान शासकहरूका चमचा थिए । तर साहित्य र संस्कृतिको सम्बर्द्धनमा यिनले केही योगदान अवश्य गरेका थिए । यिनी निःसन्तान थिए ।

विश्वासदेवी - पद्मसिंहपछि उनकी प्रिय रानी विश्वास देवी मिथिलाको सिंहासनमा बसिन् । यिनले लगभग १२ वर्षसम्म मिथिलामा राज्य गरिन् । यिनले आफ्नो नाउँमा 'बसोली' गाउँ बसाएर त्यसलाई आफ्नो राजधानी बनाइन् । यिनकै संरक्षणमा विद्यापतिले 'शैवसर्वस्वसार', 'प्रमाणभूत-पुराणसङ्ग्रह' तथा 'गङ्गावाक्यावली' को रचना गरे । यिनी निःसन्तान भएकी हुनाले यिनीसँगै यस वंशको वरीय शाखा-शासनको अन्त्य भयो ।

हरिसंहदेव - वरीय शाखाको अन्त्यपछि भवसिंहका कान्छा पुत्र तथा देवसिंहका अनुज हरसिंह मिथिलाका राजा भए । यिनको राज्यकाल अल्पकालीन र घटनाविहीन छ ।

नरसिंहदेव - हरसिंहदेवपछि उनका पुत्र नरसिंहदेव सिंहासनासीन भए । यिनकै आग्रहले यस कालमा अनेक व्याकारण तथा तर्कशास्त्रका ग्रन्थ लेखिए । यिनका दुई पत्नीमध्ये जेठी धीरमती चाहिँ प्रसिद्ध विदुषी थिइन् । कान्छी रानीको नाउँ हीरा थियो । सन् १४६० तिर यिनको निधन भयो ।

धीर सिंह - नरसिंहपछि उनका जेठा पुत्र धीरसिंहले मिथिलाको गद्दी सुशोभित गरे । यिनले दरभङ्गा जिल्लाको 'बरूआर' गाउँमा आफ्नो राजधानी कायम गरे । यिनको शासनकालमा मिथिलाको सैन्यशक्ति उत्कर्षमा थियो, त्यसैले पञ्चगौडेश्वर र गौडेश्वरका प्रतिनिधि केदार रायलाई विनयावनत गराउन मिथिला सफल भयो । यिनले सयौं पोखरी र नगरपतनुको निर्माण गराएका थिए तथा तुलापुरुष दान गरेका थिए । यिनको आग्रहले वाचस्पतिले 'विवाद-चिन्तामणि' तथा 'व्यवहार-चिन्तामणि' नाउँका प्रशासन तथा विधिसम्बन्धी पुस्तकको रचना गरेका थिए, जो मिथिलाका लागि प्रशासन निर्देशिका सिद्ध भयो । यिनले श्रीलंकाका राजासित मैत्री स्थापित गरेका थिए । यी दुवै राज्यमा राजदूतहरूको आवागमन हुने गर्दथ्यो ।

यिनकै शासनकालमा रुचिपातीले अनर्धराघव-टीकाको रचना गरे, वाचस्पति मिश्रले 'व्यवहार चिन्तामणि', 'कृत्यमहार्णव', 'महादान निर्णय',

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'द्वैतनिर्णय', 'कृत्यचिन्तामणि' जस्ता ग्रन्थहरूको रचना गरे। यसै कालमा महानैयायिक पक्षधर मिश्रले 'लक्ष्य न्यायालोक', 'तिथिचन्द्रिका' आदिको सिर्जना गरे। वर्धमान उपाध्यायले 'दण्डविवेक' को तथा विद्यापतिले 'दुर्गाभक्तितरगिणी' को प्रणयन गरे। वाचस्पति यिनका पार्षद र वर्धमान यिनका धर्माधिकरणिक थिए। लगभग ३५ वर्षको शासनपछि सन् १५१५ तिर दिवंगत भए।

रामभद्रदेव - भैरवेन्द्रका पुत्र र उत्तराधिकारी रामभद्रदेव यस वंशका चौधौं राजा थिए। यिनले आफ्नो नाउँमा 'रामभद्रपुर' नाउँको राजधानीको स्थापना गरे। भनिन्छ, यिनले गौड, बंगाल तथा मुर्शिदावादसम्म विजय प्राप्त गरेका थिए। यिनी पनि पिता जस्तै संस्कृतविद्यानुरागी थिए। यिनका पार्षद् वाचस्पति मिश्रले वृद्धावस्थामा 'पितृभक्तितरंगिणी' यस कालमा लेखे। वर्धमानले 'गङ्गाकृत्यविवेक' तथा विभाकरले 'द्वैतविवेक' को रचना गरे।

लक्ष्मीनाथ देव - रामभद्र देवका पुत्र र उत्तराधिकारी लक्ष्मीनाथ देव यस वंशका अन्तिम राजा थिए। यिनी अत्यन्त विलासी राजा थिए। यसैको लाभ उठाउन मुसलमान शासकहरूले मिथिलामाथि आधिपत्य कायम गर्न फेरि मुन्टो उठाउन थाले। स्वयं मैथिल समाज पनि यिनको नैतिक पतन र विलासप्रियताको विरोधमा थियो। दिल्लीको सुल्तान सिकन्दर लोदीले तिर हुतमाथि आक्रमण गऱ्यो। सिकन्दर लोदी जत्तिखेर जौनपुर विजयपछि (सन् १४९९ तिर) बंगालका राजा हुसेन शाहमाथि आक्रमण गर्न आइलागेका थिए, बाढ भन्ने ठाउँमा अल्लाउद्दीन हुसेनशाह र सिकन्दर लोदीबीच भएको एउटा सन्धिमा के निर्णय गरियो भने विहार, तिरहुत र सरकार सारनलाई सिकन्दर लोदीले लिन पाउने छन् तर यसको साटो लोदीले बंगालमाथि आक्रमण गर्न पाउने छैन। तर यो सन्धि धेरै वर्षसम्म कायम रहन सकेन र सोह्रौं शताब्दीको पूर्वार्द्ध (ई.१५१८-३२) मा नसरत शाहले तिरहुतमाथि आक्रमण गरी यहाँका राजा लक्ष्मीनाथलाई मारेर आफ्ना ज्वाइँ अलाउद्दीनलाई यहाँका राज्यपाल बनाए।

परवर्ती ओइनवार - लक्ष्मीनाथपछिको मिथिलावंशको इतिहास अत्यन्त विवादास्पद र अस्पष्ट छ। सम्भवतः मिथिला अनेक स-साना राज्यमा विभाजित भयो र तिनका शासक स्थानीय राजाहरू भए। भनिन्छ, ओइनिवार वंशको पतनपछि कुनै ठाउँमा कर्ण कायस्थले कतै मजुमदारले, कुनै राज्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मजलिस खान नाउँ गरेका मुसलमानले, कुनै राज्यमा ठाकुर वंशले र कुनै ठाउँमा सेनहरूले राज्य गरेका थिए। तर, ओइनिवारपछिको इतिहास स्पष्ट छैन।

सन् १०९७ ई. देखि १५२६ ई. सम्मको मिथिलाको इतिहासका केही उल्लेनीय बुँदा :

१. मुसलमानी आक्रमणभन्दा पूर्वदेखि नै धर्म, राजनीति, दर्शन, विधि, अर्थशास्त्र जस्ता ज्ञान-विज्ञानका अनेक क्षेत्रमा मिथिलामा चिन्तन र लेखनको अविच्छिन्न परम्परा पाइन्छ। चण्डेश्वरकृत 'राजनीतिरत्नाकार' एउटा उल्लेखनीय कृति हो। मुसलमानी आक्रमणले उत्पन्न भएको अस्तित्त्व-सङ्कटबाट मिथिलाको ज्ञान-परम्परालाई अक्षुण्ण राख्न एघारौं शताब्दीमा चण्डेश्वर, लक्ष्मीघर, वाचस्पति, नीलकण्ठ आदिले गरेका सारस्वत साधना स्तुत्य छन्।

२. नान्यदेवदेखि रामसिंहपूर्वसम्म वा राजाहरू न्यायप्रिय र प्रजावत्सल थिए। रामसिंह स्वेच्छाचारितामा नियन्त्रण गर्न सातसदस्यीय परिषद्को मातहतमा राजालाई राख्ने व्यवस्था भारदारहरूले गरेका थिए।

३. 'राजनीति रत्नाकर' ले तत्कालीन प्रशासनिक ढाँचामाथि प्रकाश पार्छ। उक्त ग्रन्थको अध्ययनबाट स्पष्ट हुन्छ, त्यसबेला ग्राम-प्रशासनको सञ्चालनहेतु राज्यलाई विभिन्न एकाइमा विभक्त गरिएको थियो। तीनदेखि पाँच गाउँको समूहलाई 'गुल्म' भनिन्थ्यो। गाउँको मुखियालाई 'ग्रामपति' वा ग्रामाधिपति , दस गाउँको प्रमुखलाई 'दशग्रामपति', बीस गाउँको प्रमुखलाई 'विंशतीश' तथा एक हजार गाउँको प्रमुखलाई 'सहस्रग्रामपति' भनिन्थ्यो। ग्रामप्रमुखका अतिरिक्त राजाले एउटा मन्त्रीको पनि नियुक्ति गर्थे। मन्त्री राजपरिवारकै सदस्यबाट हुने गर्दथ्यो। पदाधिकारीहरूको क्रियाकलापको निरीक्षण र अनुगमनका लागि प्रत्येक नगरका एउटा उच्चाधिकारी हुन्थ्यो। विधिको शासन (Rule of law) थियो। विधिव्यवस्था अत्यन्त सुदृढ थियो। मिसरूमिश्रलिखित 'विवादचन्द्र', वर्धमान लिखित 'दण्ड विवेक', विद्यापतिलिखित 'विभागसार', मुरारिमिश्रलिखित 'एकादशाधिकारण', वाचस्पतिलिखित 'व्यवहार चिन्तामणि' आदि तत्कालीन विधि-विधानसम्बन्धी मार्गदर्शक ग्रन्थ हुन्। ज्योतिरीश्वरलिखित 'वर्णरत्नाकर' तत्कालीन भारतको राजनीतिक, सामाजिक एवं सांस्कृतिक जीवनको ज्ञानकोश हो। उक्त ग्रन्थबाट राजव्यवस्थाका लागि भूपाल, माण्डलिक, सामन्त, सेनापति, पुरपति, मन्त्री, पुरोहित, धर्माधिकरणिक, सन्धिविग्रहिक, महामहत्तक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिबलकरणाध्यक्ष, शान्तिकरणिक, राजगुरु, दुर्गपाल आदि पदाधिकारीहरू रहेको जानकारी प्राप्त हुन्छ ।

४. वर्णाश्रम व्यवस्थामा दृढ आस्था पाइन्छ । 'पञ्जिव्यवस्था' कर्णाटकवंशको ठूलो योगदान हो । हरिसिंहदेवले मैथिल ब्राह्मण तथा कर्णकायस्थलाई योग्यताअनुसार विभिन्न श्रेणीमा विभक्त गरेका थिए । मैथिल ब्राह्मणका श्रोत्रिय, योग्य, पञ्जिबद्ध तथा जयवार गरी चार श्रेणी तथा मैथिल कायस्थ (कर्ण कायस्थ) का कुलीन एवं गृहस्थ गरी दुई वर्ग गरिए । कन्यापक्षमा आफूलाई बेच्ने ब्राह्मणहरू (बिकौआ) 'भलमानुस' कहलाए । यी 'भलमानुसहरू' ले पचास-पचासवटा केटीसित विवाह गर्थे । बालविवाह, अनमेल विवाह तथा क्रय विवाहको प्रचलन थियो ।

५. नारी र शूद्र समान रूपमा पतितावस्थामा थिए । वर्णरत्नाकरमा श्मसानलाई नारीको चरित्रजस्तै दारूण (स्त्रीको चरित्र अइसन दारूण) भनिएको छ । सतीप्रथा प्रचलित थियो । मध्ययुगीन मिथिलामा सतीप्रथा रहेको पाइन्छ । भवसिंहको मृत्युपछि उनका दुई रानी बाग्मती किनारामा सती गएका थिए । वेश्यावृत्ति निकै चम्किएको थियो ।

६. समाजका वैश्य एवं निम्नवर्गका व्यक्तिहरू मात्र कृषिकर्ममा संलग्न थिए । मिथिलाको प्रत्येक करेसाबारीमा केराको रुख हुन्थ्यो । च्युरा र खीर बडो रुचिपूर्वक खाइन्थ्यो । वापी, कूप, तडाग, खोलानाला जतातत्तै थिए । सामान्य जनता पनि संस्कृतका ज्ञाता थिए । छुवाछूतको प्रचलन थियो । चोर, जुवाडे, बगलीमारा, लम्पट स्याउँस्याउँती थिए । तुर्कहरू ब्राह्मण बालकलाई समाती बेठबेगारमा काम गराउँथे, तिनको टाउकोमा गोमांस हाल्थे, चन्दन-टीका चाट्थे, जनै चुँडालेर फाल्थे । यिनले मन्दिर भत्काई मस्जिद बनाउँथे ।

७. शिव, शक्ति र विष्णुका उपासना समान भक्तिले गरिए पनि सम्भवतः शङ्कर सर्वाधिक लोकप्रिय देवता थिए । देवादित्य, वर्धमान, मदन जस्ता अनेक तान्त्रिक भए । सूर्योपासनाको परम्परा पनि यस कालमा पाइन्छ । बौद्ध र ब्राह्मण धर्मको संघर्ष पूर्ववत् थियो । विद्यापतिका आश्रयदाता सप्तरीका मैथिल राजा पुरादित्यले बौद्ध जनता तथा उनका शासक अर्जुनको संहार गरेका थिए ।

मैथिलीमा प्रचलित उर्दू-फारसीका शब्दावलीको प्रचलन, तजिया-दाहाको प्रचलन, अकबरद्वारा चलाइएको फसली साललाई राष्ट्रिय संवतको रूपमा प्रचलन, मैथिल सङ्गीतकार लोचनद्वारा 'रागतरंगिणी' मा इमाम तथा फिरदौसी रागको समावेश आदिबाट मिथिलामा इस्लामी प्रभाव पनि प्रमाणित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ ।

८. कर्णाट तथा ओइनवार शासनकालमा संस्कृत शिक्षाको व्यापक प्रसार पाइन्छ । चण्डेश्वर, श्रीदत्तोपाध्याय, हरिनाथोपाध्याय, भवशर्मा, इन्द्रपति, लक्ष्मीपति आदि संस्कृतका महान् पण्डित थिए । पद्मनाथ दत्तले व्याकरणग्रन्थ 'सुपद्म' लेखे । भानुदत्त मिश्रले अलंकार तथा श्रृंगारशास्त्रबारे महत्त्वपूर्ण रचनाहरू गरे । रत्नेश्वरले 'सरस्वती कंठाभरण' को व्याख्या लेखे तथा ज्योतिरीश्वरले 'पञ्चशायक', 'रंगशेखर' नाउँका कामशास्त्रपरक रचना गरे । श्री हर्षको 'नैषधचरित' महाकाव्यमा भवदत्तको टीका लेखियो । पृथ्वीधर आचार्यले रामसिंहदेवको संरक्षणमा मृच्छकटिक नाटकको टीका लेखे । श्रीकर आचार्यलिखित 'अमरकोश-टीका' एउटा ऐतिहासिक कृति हो । स्वयं विद्यापति विश्व-साहित्यका अद्वितीय प्रतिभा भए ।

यस कालको मिथिलामा मीमांसाको अध्ययन चरमोत्कर्षमा थियो । पद्मसिंहकी पत्नी रानी विश्वास देवीको शासनकालमा मिथिलामा विद्वत्सभाको आयोजना गरिएको थियो, जसमा चौध सय मीमांसकलाई आमन्त्रित गरिएको थियो । गंगेश, वर्धमान, पक्षधर धारा अन्य तार्किकहरूको योगदानले गर्दा नव्यन्यायपरम्पराको विकास भयो । यसकालमा संस्कृतसँगै लोकभाषासाहित्यको पनि श्रीवृद्धि भयो ।

मिथिलाको आफ्नै विश्वविद्यालयीय अध्यापनपद्धति थियो । यसको विशिष्ट परीक्षापद्धतिलाई शलाका परीक्षा तथा षडयन्त्रपरीक्षा भनिन्थ्यो । दीक्षान्तमा सदुपाध्याय, महोपाध्याय, महामहोपाध्याय आदि पदवीले विभूषित गरिन्थ्यो । बंगाल, मिथिला र नेपालका विद्वानहरूमा प्रगाढ सम्बन्ध थियो र मुक्त आवागमन भइरहन्थ्यो । मैथिलीका अनेक दुर्लभ ग्रन्थ नेपालमा सुरक्षित थिए । मिथिलामा नेपाली लिपिकको बसोबास थियो ।

मध्यकालमा कलाको अभूतपूर्व विकास भयो । नान्यदेवले स्वयं मैथिल लोकरागरागिनीहरूको विकास गरेका थिए । उनले 'सरस्वती हृदयालंकार' भन्ने ग्रन्थको रचना गरे । उनले कुल १६० रागको विवेचना गरेका छन् । जयदेवको 'गीत गोविन्द'ले सम्पूर्ण मिथिलालाई रागरंजित र आन्दोलित गरेका थिए । महाराजा हरिसिंहदेव स्वयं सङ्गीतज्ञ थिए र उनको राज्यमा ज्योतिरश्विरजस्ता सङ्गीतमर्मज्ञ थिए । नेपालका सिंह भूपाल महान् मैथिल सङ्गीतज्ञ थिए । नेपालका जगद्धरले (१४७४) मा 'सङ्गीत सर्वस्व' को रचना गरे । जगज्योर्तिमल्लले तत्कालीन राग-रागिनी एवं नृत्यहरूको सङ्कलन गरी 'सङ्गीत सार सङ्ग्रह' लेखे । चन्द्रमणि झाद्वारा लिखित 'सङ्गीत चन्द्र' को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टीका अभिलाषले लेखे ।

यसै गरी घनश्यामले मैथिल सङ्गीत परम्पराको अनुपम निधि 'श्रीहस्त मुक्तावली' को टीका लेखेका छन् । श्री हस्तमुक्तावलीका रचयिता सम्भवतः महाराजा महेश ठाकुरका पुत्र शुभंकर ठाकुर थिए । शुभकंर ठाकुरले नृत्यबारे पनि एउटा पुस्तक लेखेका छन् । मैथिल सङ्गीत मर्मज्ञहरूको यसै परम्परामा परवर्ती युगका (१८ औं शताब्दीतिरका) उमापति र गोविन्ददास, १९ औं शताब्दीमा हर्षनाथ झा, भाना झा तथा चन्दा झा आदि भए । कीर्तनियाँ नाटकको विकास यसै कालमा भयो ।

मिथिलाको आफ्नै स्थापत्यकलाको विकास यस कालमा भयो । तिरहुत शैलीका मन्दिरहरूमा गर्भगृह चतुष्कोण प्रकोष्ठको हुन्छ, सामुन्ने द्वार - मण्डप र बार्दली हुन्छ । बागदार (चम्पारण) को हरमन्दिर, सौराठको महादेव मठ, अहिल्यास्थानको रामचन्द्र मन्दिर, सुबेगको भगवती मन्दिर, सिम्रौनगढको कंकालीदेवी मन्दिर आदि मैथिल नवरत्न शैलीका नमूना हुन् । सिम्रौनगढको राजप्रासादको भग्नावशेषले तत्कालीन स्थापत्यकलाको वैशिष्ठ्य र मौलिकताको प्रमाण प्रस्तुत गर्दछ । अन्हराठाढी मन्दिरको पर्खालमा उत्कीर्ण-शिव, शक्ति र विष्णुको प्रतीकको रूपमा रहेको आकृति अभिलेख मूर्तिकलाको अभिनवताको परिचायक हो । भगीरथपुरको उत्खननमा प्राप्त भवनको संरचनाबाट के स्पष्ट हुन्छ भने मिथिलामा १५ औं शताब्दीसम्म प्रस्तर र ईंटामा सूक्ष्म कलाकृति अंकित गर्ने परम्पराको विकास भइसकेको थियो । नेपालको महदैया, खजुरी, मोरङमा प्राप्त प्राचीन भवनका अवशेषबाट पनि विकसित स्थापत्य एवं मूर्तिकलाको प्रमाण पाइन्छ ।

विश्वविश्रुत मिथिला कलाका नमूना पनि पाइएका छन् ।

(ज) मौथिली लिपि भाषा र साहित्य :

मैथिली लिपि :

अहिले देवनागरी , तिरहुत र कैथी गरी तीनवटा लिपि मैथिली भाषा-लेखनका लागि प्रयोग गरिन्छन् । प्राचीन मिथिलामा मागधी लिपिको प्रयोग पनि पाइन्छ । सम्भवतः मागधी लिपिनै प्राच्य भारतीय लिपि हो, किनभने यो सम्पूर्ण उत्तरी भारत र वाराणसीदेखि पूर्वको भूभागमा प्रचलित थियो । प्राच्य भारतीय लिपिको विकास तीन रूपमा देखिन्छ - तिरहुता, बङ्गला र उडिया लिपिको रूपमा । सम्राट अकबरको शासनकालमा तिरहुता लिपि निकै लोकप्रिय रहेको पाइन्छ । तर, मैथिल राजाहरूको अवनतिसँगै यस लिपिको प्रयोगमा पनि ह्रास आउँदै गरेको देखिन्छ । पाठशालाहरूमा फारसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिपि पनि पढाइन्थ्यो । सन् १८७० ई. देखि फारसी लिपिको ठाउँमा कर्नवालिस (cornwalis) ले कैथी लिपिको प्रयोगलाई प्रश्रय दिए । सबै सरकारी कागजपत्रहरू कैथी लिपिमा तयार गर्न लगाए । सांस्कृतिक अनुष्ठानहरूमा तिरहुता लिपिको प्रयोग यथावत कायम रह्यो । मेकाले (Macauley) ले आधुनिक शिक्षा भारतमा लागू गरेपछि उनले मिथिलाक्षरको ठाउँमा देवनागरीको प्रचारलाई प्रोतसाहित गरे । सन् १९३६ ई. मा आचार्य रामलोचन शरण र शिवनाथ रायको नेतृत्वमा मिथिलाक्षर समितिको गठन भयो, जसले मिथिलाक्षरलाई पुनः प्राचीन गरिमा प्रदान गर्ने चेष्टा गऱ्यो । अहिले यो लिपि लोपोन्मुख अवस्थामा छ । मात्र विवाह, उपनयन र मुण्डन जस्ता संस्कार अनुष्ठानका लागि आमन्त्रण-पत्र आदिमा मैथिल ब्राह्मण र कर्ण कायस्थद्वारा यस लिपिको प्रयोग गरिन्छ । हो, मैथिली भाषा-साहित्यका उच्चतर कक्षामा दस अङ्क मिथिलाक्षर ज्ञानलाई पनि दिइएको देखिन्छ ।

मिथिलाक्षरको इतिहास अत्यन्त प्राचीन छ । प्रसिद्ध बौद्ध ग्रन्थ 'ललित विस्तर' मा 'वैदेही लिपि' को चर्चा हुनुबाट यसको प्राचीनता सिद्ध हुन्छ । तिब्बती यात्री धर्मस्वामीले सन् १२३४ ई. मा भारतको यात्रा गर्दा यस लिपिलाई 'वैवत लिपि' भनेको पाइन्छ । हरप्रसाद शास्त्रीले यस लिपिका प्राचीनतम नमुनाको रूपमा अनेक ताडपत्र सङ्ग्रहीत गरेका छन् र 'हजार बछरेर बौद्ध गान ओ दोहा', भनेर आफ्नो पुस्तक प्रकाशित गरेका छन् । महापंडित राहुल सांकृत्यायनले पनि तिब्बतबाट प्राचीन तिरहुताका नमूना ल्याई संकलित गरे - 'कुरूकुल्ला सवन' भन्ने ग्रन्थमा महाराज नान्यदेवका मन्त्री श्रीधर कायस्थद्वारा लिखित अन्हराठाढी अभिलेखमा मिथिलाक्षरको विशुद्ध रूप पाइन्छ । पनिचोभ ताम्रपत्र, आसी प्रस्तर- अभिलेख, तिलकेश्वर गढ अभिलेख, खोजपुर अभिलेख, भगीरथपुर प्रस्तरअभिलेख आदिमा यस लिपिको प्राचीन स्वरूपको दर्शन हुन्छ । विहार शोध संस्थान, दरभङ्गाले प्रकाशित गरेको अभिलेख सङ्ग्रहमा सन् १५०० ई. देखि अहिलेसम्मको मिथिलाक्षर लिपिको क्रमिक विकास देख्न सकिन्छ । यसमा पक्षधर मिश्र र विद्यापति ठाकुरद्वारा प्रयुक्त मिथिलाक्षर उल्लेखनीय छ ।

माथि उल्लेख गरिएको छ, सम्राट अकबरको राज्यकालमा यो लिपि लोकप्रिय थियो । स्वयं सम्राट अकबरकै शिलालेखहरूमा (२५९ - २२२ ई. पू.) मा भारतका विभिन्न भागमा यत्किञ्चित भिन्नताले प्रयुक्त ब्राह्मी लिपिका नमुना पाइन्छन् । पं. गोविन्द झा अनुसारू, 'तिरहुताको उद्भव ब्राह्मी लिपिबाट भयो । . . . ब्राह्मी अशोक भन्दा धेरै पूर्व नै पूर्ण भइसेकेको थियो र सम्भवतः यसको दुई रूपान्तर प्रकट भएका थिए - उत्तरभारतीय र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दक्षिण भारतीय। पहिलोबाट तमिल, तेलगु, कन्नड र मलयालम निस्किए र दोस्रोबाट तिरहुत, बङ्गला, असमिया, उडिया, नागरी, गुजराती पंजाबी र नेवारी' विशेषज्ञहरू अनुसार मैथिली लिपिमा गहिरो तांत्रिक प्रभाव छ।

मैथिली भाषा :

भनिन्छ, भारतमा आर्यहरू दुई पटक दुई दलका रूपमा आए। पहिलो दल आएर मध्यदेशमा बस्यो। जब दोस्रो दल त्यहाँ आयो, त्यसले पहिलो दललाई त्यहाँबाट लखेट्यो। परिणामतः पहिलो दलका आर्यहरू मध्यदेशका वरिपरि छरिए। यसै आधारमा ग्रियर्सनले नव्य भारतीय भाषाहरूको द्विधा विभाजन गरेका छन् : अन्तरंग उपशाखा र वहिरंग उपशाखा। मैथिली बहिरंग उपशाखाभित्र पर्दछ। यथा –

(१) बहिरंग उपशाखा –

(क) पश्चिमोत्तर समूह – लहंदा, पश्चिमी पंजाबी, सिन्धी।

(ख) दक्षिण समूह – मराठी।

(ग) प्राच्य समूह – उडिया, विहारी (मैथिली, मगही, भोजपुरी) बङ्गला, असमिया

(२) मध्यवर्ती उपशाखा –

(घ) मध्यवर्ती समूह – पूर्वी हिन्दी (अबधी, ब्रज इत्यादि)।

(३) अन्तरंग उपशाखा –

(ङ) केन्द्रीय समूह– पश्चिमी हिन्दी, पंजाबी, गुजराती, भीली, खानदेशी, राजस्थानी।

(च) पहाडी समूह– पूर्वी पहाडी, केन्द्रीय पहाडी, पश्चिमी पहाडी।

यस विभाजनमा मैथिली बहिरंग उपशाखाको प्राच्य समूह अन्तर्गत विहारी भाषा समूहमा राखिएको छ। तर, सुनीति कुमार चटर्जीले नव्य भारतेली भाषाको वर्गीकरण भिन्न रूपमा मान्दछन्। उनको वर्गीकरण निम्न प्रकारले पाइन्छ :

उदीच्य – सिन्धी, लहंदी, पूर्वी– पंजाबी,

प्रतीच्य– गुजराती, राजस्थानी।

मध्यदेशीय – पश्चिमी हिन्दी।

प्राच्य– कोशली (पूर्वी हिन्दी), विहारी (मैथिली, मगही, भोजपुरी), उडिया, बङ्गला, असमिया।

दक्षिणात्य– मराठी।

डा. चटर्जीका वर्गीकरणमा मैथिलीलाई केन्द्रीय समूह अन्तर्गत राखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषा र साहित्य दुवै दृष्टिले मैथिलीलाई चार कालखण्डमा विभक्त गरी अध्ययन गरिन्छ । प्राचीनतम मैथिली, प्राचीन मैथिली, मध्यकालीन मैथिली र नवीन मैथिली ।

(१) अवहट्ठ वा प्राचीनतम मैथिली (७०० - १०००) : यस कालको भाषाको दर्शन चर्यापद, प्राकृत पैंगल, कीर्तिलता, कीर्तिपताका, डाकवचन, वर्णरत्नाकर आदिमा पाइन्छ ।

डाक- शुक्रबारको बादरी, रहे शनिश्चर छाय ।
कहे डाक सुन डाकिनी , बिन बरसे नहि जाय ।

कीर्तिलता- घरि आनय बाभन बडुआ।
मथा चढाबए गाइक चुडुआ ॥
फोट चाट, जनौअ तोड़ ।
उपर चढ़ाबए चाह घोड़ ॥

यस कालको साहित्यमा दुई प्रकारका विषय पाइन्छन् - १. नाथ सिद्ध सम्प्रदायका धार्मिक वा आध्यात्मिक भजन २. वीर चरितकाव्य ।

(२) प्राचीन काल (१०००-१६००) - ज्योतिरीश्वरको 'वर्णरत्नाकर' बाहेक यस कालका सबै कृति गीतिमय छन् । संस्कृत नाटकहरूमा समेत गीत मैथिलीमा छन् । ज्योतिरीश्वरको 'धूर्तसमागम' (संस्कृत नाटक), विद्यापतिकृत 'गोरक्ष विजय' (सं. नाटक) तथा उमापतिकृत 'पारिजात - हरण' (मै. नाटक) आदिमा यस कालको भाषाको रूप देख्न सकिन्छ ।

केही उदाहरण :

(क) भेलि कान कटु कहिनी तोरि ।
(ख) छोटि मधुमास रजनी । काँचे कर्पूरे लेसन देल ।
(ग) जो चिन्ताओ आसा कबललि मोरि ।
(घ) सिआरकाँ जओ सींग जनमए (राम. २१६)

(३) मध्यकाल (१६०० - १८६० ई.) - मल्लकालीन नाटकको भाषा मध्यकालीन मैथिली हो । यस कालमा पौराणिक कथालाई नाट्यरूप दिने प्रवृति मुख्य रूपमा पाइन्छ । 'रुक्मिणी हरण', 'उषाहरण' आदिमा यस कालको भाषा देखिन्छ । केही विशेषता हुन् :

(i) आदारार्थक मध्यम पुरुषमा 'इहा' को प्रयोग : 'हे नाथ, इहाय कृष्णक सङ्ग प्रवेश करु ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) वहुपदीय क्रियापदको प्रयोग, यथा, देखिअ (न. मै. देखैछी ।) । हमे जाइ छव ।

(iii) संयुक्त व्यञ्जनको प्रयोग : यथा, इहा तीनिहु व्यक्तिक अपूर्व रूप, अद्‌भुत स्थान, सुन्दर बाजब ।

(iv) करणकारक प्रत्यय 'य' : यथा, 'राजाक आज्ञाय रथ बोलाय आनब' ।

(४) आधुनिक मैथिली - आधुनिक मैथिलीमा क्रियापदको रूपविस्तार भयो । उदाहरणका लागि प्राचीन मैथिलीमा सामान्य भूतकालमा क्रियापदका रूप तीन-चार मात्र पाइन्छन् , यथा, हमे देखल । तोंहे देखलह, तङे देखले । ओ देखल । तर नवीन मैथिलीमा यसका रूप अनेक देखिन्छन् । जस्तै छी, छियौक, छिअहु, छिऐक छिऐन्ह, छें, छहिक, छहुन्ह, छह, छहक, छहुन्ह, आछि, छौक, छहु, छैक, छैन्ह, छथि, छथुन्ह, छथिन्ह ।

केही अन्य भाषिक विशेषताहरू :

भारोपपेली परिवारको मागधी अपभ्रंशबाट विकसित मैथिली भाषाको प्राचीन रूप वेदान्त भाष्यको टीका 'भामती' मा पाइन्छ । बाचस्पतिले नवौं शताब्दीमा 'हडी' जस्ता ठेठ मैथिली शब्दको प्रयोग गरेका छन् । सर्वानन्दको 'अमरकोश टीका' (११औं शदी) पनि महत्त्वपूर्ण ग्रन्थ हो, जसमा मैथिलीले एउटा नव्य भाषाको रूप ग्रहण गर्दछ । यस भाषाका प्रचीनतम रूपको अध्ययनको दृष्टिले 'चर्यापद' 'डाकवचन' 'गोपिचन्दका गीत' नान्यदेवका मन्त्री श्रीधर कायस्थलिखित 'साधूक्ति', 'कर्णमृत' (११ औं शदी) ज्योतिरीश्वरको 'वर्णरत्नाकर', विद्यापतिका 'कीर्तिकला', 'कीर्तिपताका पदावलीका विभिन्न पाण्डुलिपिहरू, वाराटीकापत्रहरू, प्रकृत पैंगलम् आदिको अध्ययन गर्नु आवश्यक छ । वर्णरत्नाकरदेखि मनवोधका 'कृष्णजन्म' सम्मको भाषालाई मध्यकालीन मैथिली भाषा अन्तर्गत राख्न सकिन्छ । .'कृष्णजन्म' (१८ औं सदी) सँगै आधुनिक मैथिली भाषाको झलक पाउन थालिन्छ । आधुनिक मैथिली भाषाका कतिपय रोचक विशेषता निम्न लिखित छन् -

१. अधिकांश नव्य भारतीय भाषामा शब्द मध्यगत एवं शब्दान्तर स्वर ध्वनिको लोप भएको छ, तर नेपाली, मैथिली, उडिया जस्ता केही भाषामा मात्र यो सुरक्षित छ । उदाहरणार्थ मैथिली 'काऽन कानऽ धऽन । नेपाली घर (घऽरऽ) बङ्गला-हिन्दी-रात, तर मैथिली, उडिया 'राति' (उच्चारण लगभग 'राइत'), नेपाली राती ।

२. मैथिलीमा नेपालीमा जस्तै 'औ' को उच्चारण 'अउ' हुन्छ तर हिन्दीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'अओ' । यथा कोशलको उच्चारण मैथिली-नेपालीमा 'कअउशल' हुन्छ भने हिन्दीमा 'कओशल' 'ऐ' को उच्चारण मैथिली-नेपालीमा 'अइ' हुन्छ तर हिन्दीमा अए । यथा-मैथिली, नेपाली-कैलाश (कइलाश) हिन्दी (कएलाश) ।

३. मैथिली ध्वनि पद्धतिअनुसार तत्सम शब्दका असंयुक्त 'य' उच्चारण 'ज' र 'ष' को उच्चारण 'ख' हुन्छ यथा-संस्कृत-यजमान √ जजमान,ष 'कृषि' √ 'कृखि' ।

४. मैथिलीमा लिङ्गभेद क्रिया वा विशेषणद्वारा मात्र मानवबोधक शब्दसँगै सूचित गरिन्छ, 'राम गेल' 'सीता गेलि' 'बरद गेल' । त्यसै गरी 'राम गेल छलाह' सीता गेल छलीह' । नपुंसक लिङ्गी वा अन्यप्राणी वाचक शब्दमा यस्तो भेद गरिन्न । हो, क्षुद्रताबाची शब्द जस्तै (वडका) थार-(बडकी) थारी, (बडका) डाला-(बडकी) डाली । पुलिङ्ग चराका अगाडि 'नर' र स्त्री लिङ्गका अगाडि 'मेदनी' केही पुलिङ्ग जनावरका अगाडि 'पुरखाही', स्त्री लिङ्गका अगाडि 'मौगियाहा' विशेषण लगाइन्छ । 'नर परवा' मेदिन परवा' । पुरखाही हाथी- मौगियाही हाथी' । आ, का, खा, हाम वा मा अन्त्य हुने पुरुषवाची निश्चयात्मक विशेषण शब्दहरूलाई स्त्रीलिङ्ग तुल्याउँदा क्रमशः ई, की, खी, ही, बी तुल्याउनु पर्छ । यथा-मोटका मामा -मोटकी मामी । अनिश्चयार्थक विशेषणमा लिङ्गपरिवर्तन हुँदैन, यथा-कारी घोडा-कारी घोडी, तर करिक्का घोडा, करिक्की घोडी । कैल बरद-कैल गाय ।

५. बहुवचन 'सभ' लोकनि 'बृन्द' अदि समूहवाचक शब्द थपेर बनाइन्छ, यथा छात्रालोकनि, नेतासभ, शिक्षवृन्द आदि ।

६. १०० (एक सय) भन्दा मथि र २०० (दुई सय) सम्मका केही संख्यावाची विशेषणका लागि छुट्टै शब्दहरू छन् । यथा दोतर सय (१०२) चरिओतर सय (१०४) पचोतर सय (१०५), अठोतर सय (१०८) दहित्तर सय (११०), बढोत्तर सय (११२), बीसा सय (१२०) एकताल सय (१४१), बेयाल सय (१४२), बन्ना सय (१५२), पहिल, दोसर, तेसर जस्ता क्रमवाचक संख्याको 'एक्का', 'दूआ', 'तीया' को अतिरिक्त 'मीरा', 'दोल्हा' 'तेल्हा' जस्ता शब्द पनि प्रचलित छन् ।

७. मैथिली क्रिया रूपको जटिलतालाई भाषाविद्हरूले एक स्वरमा स्वीकार गरेका छन् । उदाहरणार्थ वर्तमानकालिक 'ओ खयने अछि' आ 'ओ खलयक अछि' को अंग्रेजी अनुवाद 'हि हैज ईटेन' भएपनि दोस्रोको तुलनामा दूरवर्ती भूतको सूचना दिन्छ । 'ओ खाय गेलाह' को अंग्रेजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद 'हिं वेन्ट टू ईट', 'ही वेन्ट आफ्टर ईटिङ', 'ही ऐट अप' जे पनि हुन सक्दछ र यो अर्थ सन्दर्भले मात्र छुट्टिन्छ ।

८. अति सम्मानार्थ सर्वनाम 'ई सँग आउने धातु 'अथु' को प्रयोग ज्यादै सीमित सम्बन्ध (सासू-बुहारी, सासू-ज्वाइँ) भित्र गरिन्छ यथा- ई खा लेथु 'ई सुतथु' ।

९. विशेषण शब्दमा स्वरदीर्घताले मात्राको सङ्केत दिन्छ । यथा- बूडि (मूर्ख) बूऽऽडि (ठूलो मूर्ख) बूऽऽऽडिऽ (बज्रस्वाँठ) । 'ऊ' मा जति दीर्घता थपिंदै जान्छ मूर्ख्याइँको मात्रा त्यत्ति बढी भएको सूचित हुन्छ ।

१०. मात्राबोधक विशेषणका जति सूक्ष्म भेदहरू जनाउने सामर्थ्य मैथिली भाषामा छ त्यती अन्य भाषामा दुर्लभ छ । यथा- 'कोढिआएल लताम', 'फुलाएल लताम', 'खिच्चा लताम', 'बजरी लताम', 'जुवाएल लताम', 'डम्हाएल लताम', 'परसल लताम', 'उतरल लताम'- अम्बा फलको विकासको क्रम जनाउने यी क्रमबोधक विशेषणबाट यो सिद्ध हुन्छ ।

११. प्रेरणार्थक क्रियाका रूप नव्य भारतीय भाषामा प्रायः मैथिलीमा सर्वाधिक छ ।

मैथिली	माछ मरैत अछि	माछ मारैत अछि	माछ मरबैत अछि	माछ मरबबैत अछि
नेपाली	माछा मार्छ	माछा मार्छ	माछा मार्न लगाइन्छ	X
हिन्दी	मछली मरती है	मछली मारता है	मछली मरवाता है	X

१२. मैथिलीमा कतिपय शब्द यस्ता छन् जसको प्रयोग स्वास्नीमान्छेबाट मात्र हुन्छ, यथा- कनियाँ, बर, कचोट । मैथिलीमा कतिपय शब्द यस्ता छन् जसको प्रयोग बालकबाट मात्र हुन्छ, यथा- मनुआ (बाखाको बच्चाअ), हिया (गेरु), बाँ (गाई) ।

१३. मैथिलीका असंख्य शब्दहरूका अर्थ मूल संस्कृतभन्दा निकै पर गैसकेका छन्, यथा चेतन (युवक-युवती), आस्था .(धन), आवेश (स्नेह), कथा (विवाह वा विवाहको प्रस्ताव) इत्यादि ।

१४.मात्राबोधक विशेषण जनाउने केही शब्द छन् जसको स्थानापन्न अन्य शब्दद्वारा हुन सक्दैन, यथा-लालटेस (साहै रातो), गोर दपदप (साहै गोरो), हरियर कचोर (साहै हरियो), पीयर ढाबुस (साहै पहेंलो) कारी खटखट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(साहै कालो) आदि । त्यसै गरी 'लालघोडा-रातो घोडा', 'गोलबरद-रातो गरू', 'उज्जर घोडा-सेतो घोडा', 'कैल वरद' निक (राम्रँ) विशेषणमा प्रयोग जनावरको नाउँसँग गर्न सकिन्न ।

१५.लोग्नेमान्छे, स्वास्नी मान्छे, बालक र प्रौढले अरूलाई प्रयोग गरिने सम्बोधनसूचक शब्दमा पनि भिन्नता हुनु मैथिली भाषाको विशेषता हो ।

यथा- 'हए' आफूभन्दा निम्न स्तरका स्वास्नीमान्छेलाई बोलाउँदा मात्र प्रयोग गरिन्छ । त्यसैगरी - 'अए', 'गए', 'रय', 'हओ' को प्रयोगमा लिङ्ग र सम्मान-स्तरको ध्यान राख्नु आवश्यक हुन्छ । यसरी मैथिली भाषा शब्दढुकुटीको दृष्टिले पनि अति समृद्ध र सूक्ष्मतम भावना एवं गहनतम विचारलाई अभिव्यक्त गर्ने सर्वथा समर्थ भाषा हो ।

साहित्य : अध्ययन-सुकरातका दृष्टिले मैथिली साहित्यलाई तीन कालमा विभाजित गरिएको छ ।

(क) आदिकाल - ८०० औं ई. देखि १३०० ई. सम्म

(ख) मध्यकाल - १३०० ई. देखि १८६० ई. सम्म

(ग) आधुनिककाल १८६० ई. देखि आद्यपर्यन्त ।

(क) आदिकाल ८०० ई. देखि १३०० ई. सम्म

मैथिली साहित्यका इतिहासकारहरूले संस्कृतका महाकवि कालिदासको 'विक्रमोर्वशीय' नाटकको चतुर्थ अङ्कको एउटा दोहालाई मिथिला जनपदीय भाषा स्वीकार गर्दै मैथिली साहित्यको इतिहास यहींबाट थालेका छन् । स्मरण राख्नुपर्ने कुरा के हो भने महाकवि कालिदास मैथिल थिए । ११ औं शताब्दीमा रचित काशीका दामोदर पण्डित कृत 'उक्ति व्यक्ति प्रकरण' मा 'पढव', 'लिखब', 'अभ्यासब' 'करत अछि' जस्ता मैथिली क्रिया रूप तथा 'सँ' जस्ता कारकविभक्तिको प्रयोग' पाइन्छ । यसै शताब्दीका 'रोडा' कवि कृत 'राउल वेल' नाउँको ललित काव्यको पनि चर्चा गरिन्छ । जसमा वर्तमान मैथिलीमा क्रियाको भूत वा आसन्न वर्तामानका रूप प्रयुक्त 'अल' प्रत्यय यथा- 'ओढल', 'पसरल' पाइन्छ । चालुक्यवंशी राजा सोमेश्वर भूलोक मल्ल (१२औं सदी) को राज्याश्रयमा रचित 'मानसोल्लास्-अभिलाषार्थ चिन्तामणि' नामक संस्कृत ग्रन्थमा दशावतार वर्णनमा मैथिली गीतको प्रयोग भएको छ । हेमचन्द्रकृत प्राकृत व्याकरण, प्राकृत पैगलम् र हरिहरकृत त्यसको टीका, हरिहरब्रह्मद्वारा गरिएका चण्डेश्वर ठाकुरको 'बन्दना', वाचस्पति मिश्रको 'भामती' मा मैथिली शब्दको प्रयोग, सर्वानन्दका 'अमरकोशटीका', चण्डेश्वर, रुचिपति, जगद्धारका ग्रन्थ, वर्णरत्नाकर, चर्या गीत डाक वचन आदि ग्रन्थहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैथिली भाषा तथा साहित्यका प्राचीन रूप पाइन्छन्। मैथिली साहित्यका सर्वाधिक महत्त्वपूर्ण उपलब्धि हुन्-ज्योतिरीश्वर कृत 'वर्णरत्नाकर' (१३४० ई.) र भारतका मध्यकालीन इतिहासका ८४ सिद्धहरू मध्ये २३ द्वारा रचित 'चर्यागीतहरू'। आधुनिक भारतीय भाषाका प्रथम गद्यग्रन्थ साताकल्लोलमा विभाजित 'वर्णरत्नाकर' मा नगर वर्णन, नायक वर्णन, स्थान वर्णन, ऋतुवर्णन, प्रयाणवर्णन, भट्टदिक्वर्णन, र श्मसानवर्णन भएको छ। यसमा रत्नादि, वस्त्र, उत्तम खाद्य वस्तु, द्यूतगृह, वैद्य, ज्योतिष, नृत्यगीत, नायक-नायिका सखीहरू, राजाको जीवनयापन क्रम, राजदरबार, शयनगृह, स्नान गृह, प्रभात, मध्यान्ह, सन्ध्या, रात्रि, अन्धकार, चन्द्रमा, वर्षरात्रि, मेघादि, ऋतु सौन्दर्य, ६४ कला, षोडस महादान, द्यूत, वेश्या कुट्टनी, कामावस्था, राजपरिवार, आखेट, वन, पर्वत, ऋषिआश्रम, काव्य, सङ्गीत, नृत्य, मरुभूमि, सागर, तीर्थस्थान, नदी, नाव, आयुध, देश र विवाह वर्णन छ शैलीको आधारमा यसलाई मैथिलीको प्रथम 'लेक्सीकन' भनिएको छ। तत्कालीन मिथिलाको सामाजिक, सांस्कृतिक एवं साहित्यिक परिस्थितिको प्रामाणिक जानकारी दिने यो मैथिलीको प्रथम ग्रन्थ हो जसको प्रभाव विद्यापति जस्ता परवर्ती कविहरूमाथि मात्र नपरी बंगालको कथन नाट्य परम्परा, नेपालको मल्ल नाट्य परम्परा र मिथिलाको कीर्तिनिया नाट्य परम्परामा गहिरो रूपमा परेको छ।

२४ प्रकारका रागरागिनीमा आश्रित चर्चापदका रचयिता सिद्धहरूको अविर्भाव पालवंशी राजाहरूको समयमा (७५०-११५०) भएको थियो। समाजका विभिन्न वर्गबाट आएका यी सिद्धहरू-सरह, शाबर, कन्हा, भुसुक, शान्तिपद आदिले लोकभाषामा घरेलु प्रतीकहरूको माध्यमले बौद्ध दर्शनका अनुसार तत्त्वबोधि, चित्तशून्यता, करूण, सामरस्य, महासुख जस्ता गहन तत्त्वहरूको प्रतिपादन गरेका छन् जसको अध्ययनबाट तत्कालीन सामाजिक, सांस्कृतिक एवं राजनैतिक स्थितिको झलक पनि पाउन सकिन्छ।

(ख) मध्यकाल (१३००-१८६० ई.)

मैथिली साहित्यका गौरव, विश्व साहित्यमा अद्वितीय महाकवि विद्यापति नै पहिला यस्ता कवि हुन् जसले संस्कृतको साटो साहित्य रचना माध्यम लोकभाषालाई बनाएर बंगालका शङ्करदेव, चण्डीदास, रामानन्द, अवधका तुलसी, ब्रजका सूर तथा राजस्थानी मीरालाइ प्रेरित गरे। हिन्दू संस्कृतिलाई धुलो-पिठो पारेको बेला हरिसिंहदेव, धीरेश्वर ठाकुर र चण्डेश्वर ठाकुर आदिले जुन सामाजिक पुनर्संगठन कठोर प्रयास गरेका थिए, विद्यापतिले त्यसमा ठोस योगदान दिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनमा माधुर्यको सञ्चारद्वारा, धार्मिक रचनाको माध्यमले धर्मको संरक्षण पुनर्जीवनद्वारा, समाजिक कुरीतिहरूमाथि कठोर व्यङ्ग्य प्रहारद्वारा। यौवनको उन्मत्त कन्याले जीवनको गरा-गरालाई चुर्लुम्म डुबाउँदा उत्पन्न हुने दैहिक वा मानसिक मनोवैज्ञानिक अवस्थाको हुन सक्दछन्। विद्यापतिले सबैको सूक्ष्म निरीक्षण र अङ्कन अद्वितीय कलात्मकताले गरेका छन्।

विद्यापतिको संस्कृतकृतिहरूमा भूपरिक्रमा, पुरुषपरीक्षा, शैवसर्वस्वसार, लिखनाली (यसका रचना सप्तरी प्रगन्नाका राजा गिरिनारायण पुरादित्यको आज्ञाले नेपाल प्रवासमा गरे-हाल त्यो स्थान जनकपुरको नजिक वनौली गाउँमा पर्दछ) वर्षकृत्य, आदि प्रसिद्ध छन् भने अवहट्ठमा कीर्तिलता र कीर्तिपताका प्रख्यात छन्। मैथिली कृतिहरूमा 'गोरक्ष विजय' (संस्कृत नाटक जसमा पदहरू मैथिलीमा छन्।) र पदावलीका विभिन्न सङ्कलन (यथा नेपाल पदावली नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको १४६ गीत र विभिन्न स्थानबाट संकलित पदावली आदि छन्)। विद्यापतिले यस युगमा दीर्घकालसम्म मिथिलामामात्र होइन अपितु बंगाल, आसाम, उडीसा, नेपालका साहित्यलाई समेत प्रभावित गरी एउटा विद्यापति काव्यपरम्पराको स्थापना गरेको पाइन्छ। विद्यापति काव्यको विशाल धारामा नेपालका सिद्धनरसिंहमल्ल, भुपतिन्द्र मल्ल, जगज्योर्तिमल्ल, रणजितमल्ल, उमापति, निश्रुक्क भिजेका छन्। नेपालको मल्लकाल मैथिली साहित्यको स्वर्णकाल हो।

मध्यकालीन मैथिली साहित्यका कतिपय उपलब्धि हुन्-सन्धिकालीन रूपबाट मुक्त भई भाषाको स्वतन्त्र तिखार, कृष्ण काव्य परम्पराको उद्भव, गीति तत्त्वको प्रमुखता, ३०० वर्षसम्म बंगाल र उडीसा फैलिएको ब्रजबुलि भाषा साहित्यको उद्भव र विकास, नेपालमा २०० वर्षसम्म रजाइँ गर्ने माध्यमको रूपमा प्रतिष्ठा आदि।

(ग) आधुनिक काल (१८६० ई.)

फ्रायड, मार्क्स, डाविन, आदिका विचार, विज्ञान एवं प्रविधिको क्षेत्रमा भएका क्रान्तिहरूबाट आएको वैचारिक परिवर्तन, गाँधी, विवेकानन्द, अरविन्द आदिका चिन्तन, अंग्रेजी शिक्षापद्धति आदिका सम्मिलित, प्रभावले प्रभावित मैथिली साहित्यका चन्दा झा आधुनिकयुगका प्रथम पुरोध हुन्। मैथिलीमा पत्र-पत्रिकाहरूको प्रकाशनको लहर, गद्य साहित्यको अविर्भाव एवं बहुमुखी विकास, राष्ट्रिय भावनाको प्रबल धारा, लोकसंस्कृतिको उन्मेष, सरल जनभाषाप्रति आग्रह, समसामयिक समस्यासितको संपृक्तता, विश्वासाहित्यको प्रभाव आदिलाई रेखाङ्कित गर्न सकिन्छ। आदर्शवाद, अभिव्यञ्जनावाद, अतियथार्थवाद् व्यक्तिवाद, प्रतीक एवं विम्बवाद आदि विश्व साहित्यमा देखा पर्ने धाराहरूबाट आधुनिककालीन मैथिली साहित्य पनि अस्पर्शित रहेको छैन। 'मैथिली साहित्यक आलोचनात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास' मा डा. दिनेश कुमार झाले आधुनिक मैथिली साहित्यका केही प्रमुख प्रवृतिहरू गनाएका छन् –

१. विज्ञानबोधले प्रभावित विचारधारालाई प्रश्रय तथा धर्म, नियति, ईश्वर, मन्दिर आदिको उपयोगितामा तर्कद्वारा प्रश्न चिन्ह लगाई भौतिक सत्यलाई प्रतिष्ठापित गर्ने आग्रह ।

२. मानवव्यक्तित्वको गरिमाको स्थापनामा आग्रह–मानवको प्रकृतजयी रूपको आदर ।

३. अनुभवको प्रामाणिकता ।

४. समष्टिगत परिवेशको अपेक्षा व्यक्तिगत परिवेशको विशेष प्रतिष्ठा ।

५. क्षणवादको प्रतिष्ठा ।

६. अनुभवको प्रामाणिकता ।

७. सामाजिक सम्बन्ध एवं नैतिक मूल्यमा परिवर्तनको आग्रह ।

८. पीडित वर्गप्रति सहानुभूति ।

९. समान्यभन्दा सामान्य वस्तुको महत्त्व स्वीकृति ।

१०. अन्तर्राष्ट्रिय क्षेत्रसम्म सम्वेदनाको प्रसार ।

११. रूढिगत व्यवस्था, सामाजिक एवं राजनैतिक विद्रुपतामाथि व्यङ्ग्य ।

१२. पारस्परिक शिल्पमा परिवर्तन (काव्यमा छन्द-तत्त्व, नवीन प्रतीक एवं उपमाको प्रयोग)

१३. यौन चित्रणमा रुचि ।

यस नवीन धारामा नेपालीय मैथिली भाषा, साहित्य एवं संस्कृतिको अभ्युदयका लागि पं. जीवननाथ झा, पं. रमाकान्त झा, पं. लक्ष्मण शास्त्री, पं. कृष्ण प्रसाद उपाध्याय, डा. धीरेश्वर झा 'धीरेन्द्री' , कुँवरकान्त, सुन्दर झा 'शास्त्री', महेन्द्र मलंगिया, डा. राजेन्द्र प्रशाद विमल, डा. प्रफुल्ल कुमार सिंह 'मौन', पार्थय, राम भरोस कापडि, परमेश्वर कापडि, डा. सुनील झा, डा. रामावातार यादव, राजेश्वर नेपाली, योगेन्द्र शाह 'नेपाली', डा. बालकृष्ण झा, डा. रामदयाल 'राकेश', रेवतीरमण लाल, अयोध्यानाथ चौधरी, डा. योगेन्द्र यादव, दिगम्वर झा 'दिनमणि', रोशन जनकपुरी, पं. सूर्यकान्त झा, आदि समर्पित छन् भने नेपालीय मैथिली साहित्यका भण्डारमा रहेका कृतिहरूलाई प्रकाशमा ल्याउने भारतीय विद्वानहरूमा डा. जयकान्त मिश्र, डा. रमानाथ झा, डा. रामदेव झा, डा. मोतीलाल यादव, डा. लेखनाथ मिश्र आदि प्रमुख हुन । भारतको मिथिला क्षेत्रमा हजारौं स्रष्टाहरू साहित्यसाधनारत छन् । श्री धीरेन्द्र प्रेमर्षि, रमेश रन्जन, जनान्द मिश्र, सन्तोष मिश्र, अशोक दत्त, सुजित कुमार झा, प्रकाश प्रेमी, अमरेन्द्र यादव, सुदिप झा, विजय दत्त 'मणि' पुनम झा, काशिकान्त झा, प्रेम विदेह ललन, प्रवीन नारायण चौधरी, शिवनारायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डित, जीतेन्द्र झा, मनोज मुक्ति, श्याम सुन्दर शशि, अबधेश पोखरेल, नित्यानन्द मण्डल, अर्जुन प्रसाद गुप्ता, उपेन्द्र नागवंशी, अमरकान्त ठाकुर, रोशन झा, सरस्वती चौधरी, मीनाक्षी झा, प्रा.विजय दत्त, सुनिल मल्लिक, राजेश कर्ण, वीणा विमल, राजेन्द्र ललन, देवेश्वर लाल मुन्ना, रामनारायण सुधाकर, डा. सुरेन्द्र लाभ, उपन्द्र लाभ, डा. भोगेन्द्र झा, रामचन्द्र झा, शीतल झा, राम भरत साह, रूपा झा, हिमांशु चौधरी, रवीन्द्र झा, अनिता चौधरी, करूणा झा, रामनारायण देव, चन्द्रशेखर लाल शेखर जस्ता दर्जनौ जाज्वल्यमान प्रतिभा समर्पित छन् ।

....

१. मिथिला म्यानुस्क्रिप्ट्स क्याटलग, भाग – २

२. हिस्ट्री अफ प्रस्टिच्युसन इन इन्डिया, भागन कलकत्ता ,१९३३

३. करपोरेट लाइफ इन एनसियन्ट इन्डिया, कलकत्ता १९२२

४. मैथिली ग्रामर – ग्रियर्सन

५. मिथिला तत्त्व – विमर्श, सम्पादक गोविन्द झा, मैथिली अकादमी पटना, १९७७

६. मिथिला – दर्पण, दरभङ्गा, १९१५

७. हिस्ट्री अफ मुस्लिम रूल इन तिरहुत, चौखम्मा पब्लिकेशन्स, वाराणसी, १९७०

८. मिथिला थ्रु द एजेज – कलकत्ता, १९५९

९. मिथिला भाषामय इतिहास, दरभङ्गा

१०. मिथिला अन्डर कर्नाट्स, जानकी पब्लिकेसन्स, दिल्ली १९७७

११. हिस्ट्री अफ तिरहुत, कलकता, १९२२

१२. मिथिला, संस्कृति ओ सभ्यता

१३. मिथिलाक इतिहास, मैथिली आकादमी पटना – १९८०

१४. मैथिली साहित्यक इतिहास, साहित्य आकादमी १९८८

१५. 'मिथिला महात्म्य' १४/२/२२-२४ पृष्ठ, रामेश्वर छापाखाना, दरभङ्गा

१६. शतपथ ब्राह्मण सम्पादक ए वेबर, लन्दन, १८८५

१७. मिथिला महात्म्य १४/२/१४ पृष्ठ १६, रामेश्वर छापाखाना, दरभङ्गा

१८.भट्टोजिदीक्षितः सिद्धान्तकौमुदी,उणादि प्रकरण, (सं.) अच्युतानन्द शास्त्री, पृष्ठ ३११, पंडित पुस्तकालय, काशी (१९९९सं.)

१९. Dr. Subhadra Jha Formation of Mithila Language London (1958)

२०. मिथिला महात्म्य : २२/१०/२३ पृष्ठ ९९, दरभङ्गा

२१. शष्वकल्पद्रुम, भाग-३, पृष्ठ ७२३, ऊलादि – ६०

२२. A Cunningham: Archaeological Survey of India , Vol xvi P. 1 (1880 - 81)

२३. H. S. Jarret : Aine Akabare , vol. 111, P.252, A. S. B. (1891)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. A.vincent smith: Early history of India (3rd edition) A. 36, oxford CLAREDON

२५. दरभङ्गा डिस्ट्रिक्ट गजेटियर , पृष्ट १५७

२६. ओइनवारकालीन मिथिला, डा. नारायण कुमार झा , ओइनवारकालीन मिथिला P.7 शेखर प्रकाशन, 2 A /39

२७. Dr. Lakshman Jha : Mithila, P.10, Mithila Mandal, (1954)

२८. Dr. J. K. Mishra : History of Maithili Literature, vol. i P.9, Tirbhukti Publication, Allahabad (1949)

२९. Dr. Upendra Thakur : History of Mithila, P.3 Darbhanga Research Institute (1958

३० . राम इकबाल सिंह 'राकेश' : मैथिली लोकगीत, प्राक्कथन, पृष्ठ ९-१०, हिन्दी साहित्य सम्मेलन, प्रयाग (2012 B. S.)

३१. राजेन्द्र विमल तथा शिवेन्द्र लाल कर्ण : जलाधि जलाधार क्षेत्रको इतिहास, पृष्ठ ५१, सामज उत्थान युवा केन्द्र, गोपालपुर, धनुषा-२, २०१२(संवत्)

३२. शिवेन्द्र लाल कर्ण /नारायण प्र. रिमान : जनकपुरधामका मठ-मन्दिरहरू, जनकपुर क्षेत्र विकास परिषद्, जनकपुरधाम, २०६५

३३. डा. धीरेश्वर झा धीरेन्द्र : जनकपुर : कर्णाटिकाल देखि मकवानपुर सेनहरू सम्म : सिंहावलोकन पाक्षिक, विशेषांक - २, पृष्ठ २, जनकपुरधाम : संम्वत् २०४६

३४. ऐ. ऐ. पृष्ठ ३

३५. शिवेन्द्र लालकर्ण / नारायण प्र. रिमाल जनकपुरधामका मठ-मन्दिरहरू, जनकपुर क्षेत्र विकास परिषद्, जनकपुर

३६. म.म. परमेश्वर झा, मिथिला-तत्त्व-विमर्श, पृष्ठ ४३

३७. Darbhanga Gazeteer, P. 25-26

३८. उपाध्याय, शंकार कुमार, सिम्रौनगढको इतिहास, श्यामानेपाल, वीरगंज १६, प्रथम संस्करण, २०५६ श्रावण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय अध्याय

विदेह दर्शन र विभूतिहरू

(१) मिथिलामा प्रतिपादित जीवनदृष्टि र दर्शनको समष्टि नै विदेहदर्शन हो। विदेहदर्शनको विराटता र गम्भीरताको झझल्को मिथिलामा रचित निम्नलिखित ग्रन्थहरूमा प्रतिपादित विचारमा पाउन सकिन्छ –

(क) ऋग्वेद

संसारको प्राचीनतम ग्रन्थ 'ऋग्वेद' को प्रथम मण्डलको रचना मिथिलामा भएको तथ्यको उल्लेख माथि सगर्व गरिएको छ। 'ऋग्वेद' मा दस हजार पाँचसय एकैस ऋचा वा मन्त्र छन्, जसलाई एक हजार अट्ठाईस सूक्तमा बाँधिएको छ। यी मन्त्रहरूमा अग्नि, इन्द्र, वायु, सवता, वरूण, विष्णु र रुद्र आदि देवताहरूको स्तुति र वर्णन गरिएको छ। यी सूक्तहरू मिलाएर 'मण्डल' बनाइएका छन्। सबै सूक्त दस मण्डलमा विभक्त छन्। प्रत्येक सूक्तको आरंभमा रचयिता ऋषि, उपासित देवता र प्रयुक्त छन्दको नाउँ उल्लिखित छ। 'प्रथम मण्डलमा ईश्वरीय उपासना, पुरुषार्थ, विद्या, ब्रह्मचर्य, विद्वानको श्रेष्ठता, राजा र प्रजाको कर्तव्य, ईश्वर र सूर्यका गुण, वायु र वरूणका गुण, प्रकृतिका विविध रूप र गुण, स्त्री–पुरुषको धर्म, सोमलताको महत्त्व र उसका गुणका साथ मित्र–अमित्रका गुण तथा अन्न आदिका गुणको पनि व्यापक्तासँग उल्लेख गरिएको छ।'[1] डा. मोदनाथ प्रश्रित अनुसार, 'ऋग्वेदको प्रथम मण्डलको सूक्त ७४ देखि ९३ सम्मका २०४ ऋचाले विशेषकुरा सङ्केत गरेका छन्। ती मध्ये ७४ देखि ८६ सम्मका सूक्तका ऋषि गौतम रहुगण र ८७ देखि ९३ सम्मका ऋषि रहुगणपुत्र गौतम भन्ने उल्लेख दयानन्द सरूस्वतीको ऋग्वेद भाष्यमा छ। यसबाट स्पष्ट छ, ती मध्ये अधिकांश ऋचा मिथिला भूमिमै रचिएका थिए। ती ऋचाहरूभित्र

अहिले स्वस्तिवाचन गर्दा पढिने –

'स्वस्ति न इन्द्रो बृद्धश्रवा'

'भद्रं कर्णेभिः शृणुयाम देवाः'

'शतमिन्नु शरदो आन्ति देवा :'

तथा 'मधुवाता ऋतायते मधु क्षरन्ति सिन्धवः' आदि धेरै जसो ऋचा परेका छन्। जनक दरबारका वैदिक दार्शनिक याज्ञवल्क्यले कृष्णयजुर्वेदसँग मत र संस्कृति बाझेकाले त्यसलाई छोडेर शुक्ल यजुर्वेदको सम्पादन गरी त्यस आधारमा यज्ञ र कर्मकाण्ड चलाएको प्रसङ्ग विख्यात छ। वेदको सर्वश्रेष्ठ ऋचा मानिने गायत्री मन्त्रका द्रष्टा कोशीतटका ऋषि विश्वामित्र मानिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी सबै कुराले ऋग्वेदयुगको प्रारंभिक चरणमै मिथिला भूमि वेदका द्रष्टा स्रष्टाहरूको साधनाभूमि बनिसकेको कुरा खलस्त हुन्छ । वैदिक मन्त्रद्रष्टाहरूमा महिला पनि अग्रणी देखिएका छन् ।'[२]

(ख) न्याय - दर्शन

महर्षि गौतमद्वारा प्रवर्तित न्यायदर्शनको मूल ग्रन्थ न्यायसूत्र हो । यस ग्रन्थमा पाँच अध्याय छन् र प्रत्येक अध्याय दुई आह्निकमा विभक्त छन् । सम्पूर्ण न्यायदर्शनलाई बुझ्न यस दर्शनलाई चार खण्डमा विभक्त गरी बुझ्न सकिन्छ । पहिलो खण्डमा प्रमाण सम्बन्धी, दोस्रोमा भौतिक संसार सम्बन्धी, तेस्रोमा आत्मा र मोक्ष सम्बन्धी तथा चौथोमा ईश्वर सम्बन्धी विचारलाई ग्रहण गर्न सकिन्छ ।

न्यायदर्शनले पदार्थको संख्या सोह्र मानेको छ – (१) प्रमाण (२) प्रमेय (३) संशय (४) प्रयोजन (५) दृष्टान्त (६) सिद्धान्त (७) अवयव (८) तर्क (९) निर्णय (१०) वाद (११) जल्प (१२) वितंडा (१३) हेत्वाभास (१४) छल (१५) जाति र (१६) निग्रहस्थान । तल प्रत्येकको बारेमा छोटो विवरण दिइन्छ :

(१) प्रमाण - कुनै विषयको यथार्थ ज्ञान प्राप्त गर्ने कारण वा उपाय अवश्य हुन्छ । त्यो उपाय हो प्रमाण ।

(२) प्रमेय - प्रमाण पाएर जुन विषय जानिन्छ त्यसलाई प्रमेय भनिन्छ । महर्षि गौतमका अनुसार प्रमेय यी हुन् – (१) आत्मा, (२) शरीर (जुन जीवका विभिन्न क्रियाकलाप तथा सुखदुःखको आश्रय हुन्छ ।), (३) पञ्च ज्ञानेन्द्रिय, ४. इन्द्रियका पाँच अर्थ- रूप, रस, गंध, स्पर्श, ध्वनि,(५) बुद्धि/ज्ञान (६) मन, (जसबाट सुख-दुःखको अनुभूति हुन्छ ।), (७) प्रवृति, (८) दोष अर्थात् राम्रा – नराम्रा प्रवृत्तिका मूल मानिने राग-द्वेष, मोह आदि (९) प्रेत्यभाव अर्थात् पुनर्जन्म (१०) फल (पूर्व कर्मका परिणाम) (११) दुःख (१२) अपवर्ग दुःखबाट पूर्ण विमुक्ति यिनका अतिरिक्त पनि अन्य प्रमेय छन् ।

(३) संशय - मनको त्यस अवस्थालाई संशय भनिन्छ जसमा मनमा दुई वा दुईभन्दा बढी विकल्प उत्पन्न हुन्छन् र मन निर्णय गर्न असमर्थ हुन्छ । यो भ्रम वा विपर्ययको अवस्था हो । अन्धकारमा देखिने कुनै वस्तुलाई देख्ता कहिलेकाहिँ हामी द्विविधामा पर्छौं – 'यो कुकुर हो, मान्छे हो, खम्बा हो, के हो ?' यथार्थ ज्ञान न पाउने मनको यस अवस्थालाई संशय भनिन्छ ।

(४) प्रयोजन – कुनै इष्ट वस्तुलाई प्राप्त गर्न अथवा अनिष्ट वस्तुको परित्याग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न हामीले उद्यम गर्छौं। जुन कुनै वस्तुका लागि उद्यम गरिन्छ त्यसलाई प्रयोजन भनिन्छ। प्रयोजन भनेको लक्ष्य हो।

(५) दृष्टान्त - युक्तिलाई पुष्ट गर्न जुन उदाहरण दिइन्छ, त्यसलाई दृष्टान्त भनिन्छ।

(६) सिद्धान्त - युक्तिद्वारा सिद्ध गरिएको सत्यलाई सिद्धान्त भनिन्छ।

(७) अवयव - कुनै मत वा सिद्धान्तलाई सिद्ध गर्न अनुमानको प्रक्रियातिर लाग्नु आवश्यक हुन्छ। 'अनु' को अर्थ 'पश्चात्' तथा 'मन'को अर्थ ज्ञान हुन्छ। अनुमान त्यस ज्ञानलाई भनिन्छ, जो पूर्वज्ञानपछि आउँछ। उदाहरणका लागि, पर्वत वह्निमान छ, किनभने यो धूमवान छ तथा जे धूमवान हुन्छ, त्यो वह्निमान हुन्छ। यसरी अनुमान जुन वाक्यहरूले बनेका हुन्छन्, तिनलाई (ती वाक्यलाई) अवयव भनिन्छ।

(८) तर्क - प्रतिपाद्य वस्तुलाई, सिद्ध गर्न जुन युक्तिको सहयोग लिइन्छ, त्यसलाई तर्क भनिन्छ। यथार्थ ज्ञानको प्राप्तिमा यसले ठूलो सहायता गर्छ।

(९) निर्णय - निर्णय भनेको निश्चित ज्ञान हो। यो निश्चित ज्ञान प्रमाणद्वारा प्राप्त हुन्छ। संशयको निराकरणपछि निर्णयमा पुगिन्छ र संशय त्यतिखेर मात्र हराउँछ, जब सिद्धान्तका पक्ष र विपक्षका सबै युक्तिमाथि विचार गरिन्छ।

(१०) वाद - 'वाद' त्यस विशद विचारलाई भनिन्छ, जसमा, सबै प्रमाण र तर्कको सहायताले र पाँच अवयव द्वारा विपक्षको खण्डन गरी स्वपक्षको समर्थन गरिन्छ र जहाँ अन्तिम निर्णय कुनै स्वीकृत सिद्धान्तको विरुद्ध हुँदैन। वादद्वारा वादी र प्रतिवादी दुवै आफ्नो मतको पुष्टि गर्न चाहन्छन्, तर दुवैको उद्देश्य यथार्थ ज्ञानको प्राप्ति हुन्छ।

(११) जल्प - 'जल्प' भनेको त्यो निरर्थक वाद-विवाद हो, जसमा सत्य-प्राप्तिको आकांक्षा नरहेर मात्र विजय प्राप्त गर्ने आकांक्षा हुन्छ।

(१२) वितंडा - यसमा वादीले आफ्नो पक्षको स्थापना गर्दैन, अरू प्रतिवादीको पक्षको खण्डन गरेर जित्न खोज्दछ।

(१३) हेत्वाभास - यो त्यस 'हेतु' लाई भनिन्छ जुन वास्तवमा हेतु होइन, तर 'हेतु' जस्तो प्रतित हुन्छ। सामान्यत्या अनुमानको् दोषलाई हेत्वाभास भनिन्छ।

(१४) छल - व्यापक अर्थमा प्रयुक्त शब्दलाई संकुचित अर्थमा लिएर अथवा मुख्यार्थलाई छाडेर गौण या लाक्षणिक अर्थ लिएर आक्षेप गर्नुलाई छल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ । संस्कृतमा 'नव'को अर्थ 'नयाँ' र 'नौ' दुवै हुन्छ । यदि कसैले 'नव कमल'को अर्थ 'नौ कमल' भनेर लगाउँछ र प्रतिवादीलाई पराजित गर्न खोज्छ भने यसलाई छल भनिन्छ ।

(१५) जाति – यो पनि एक किसिमको छल हो । जब वादीको दोषरहित युक्तिको खण्डन गर्न कुनै प्रकारको सादृश्य या वैषम्यमा आधारित दुष्ट अनुमानको सहायता लिइन्छ, त्यस अनुमानलाई जाति भनिन्छ । उदाहरणका लागि कसैले एउटा अनुमान यदि प्रस्तुत गर्दछ, 'शब्द अनित्य हो, किनभने यो घटझैं एउटा कार्य हो' र यसलाई खण्डन गर्न एउटा अमिल्दो साम्य प्रस्तुत गरेर भनिन्छ, 'होइन, शब्द नित्य हो, किनभने यो कालझैं अदृश्य हो' भने यसलाई जाति भनिन्छ ।

(१६) निग्रहस्थान – वाद – विवादमा जहाँ पराजय स्थानमा पुगिन्छ त्यसलाई (त्यस पराजय स्थानलाई) निग्रहस्थान भनिन्छ । निग्रहस्थानका दुई कारण हुन्छन् – १. गलत ज्ञान २. अज्ञान । जब कुनै वादी आफ्नो प्रतिवादीका युक्तिहरूलाई राम्ररी बुझ्दैन वा बुझ्न सक्तैन, त्यो निग्रहस्थानमा पुग्दछ र पराजय स्वीकार गर्द छ । त्यसैगरी दोषपूर्ण युक्ति वा तर्कले गर्दा पनि पराजय भोग्नुपर्ने हुन्छ ।

न्यायशास्त्रलाई वस्तुवादी भनिन्छ । यसको करण के हो भने यसले बाह्य वस्तुको स्वतन्त्र सत्ता स्वीकार गर्दछ र तिनलाई (बाह्य वस्तुलाई) ज्ञाताको ज्ञानमा निर्भर मान्दैन । आकाश, तारा, झील, झर्नाको अस्तित्त्व यस कारण छैन कि हामीलाई तिनको ज्ञान छ । हामीलाई तिनको ज्ञान नभए पनि तिनको अस्तित्त्वलाई अस्वीकार गर्न मिल्दैन । वस्तु पृथक हुन्छ र ज्ञान पृथक हुन्छ । त्यसैले ज्ञान के हो , यसलाई कसरी प्राप्त गर्न सकिन्छ, सत्य-ज्ञान र भ्रम वा मिथ्या ज्ञानमा के फरक छ आदि जान्नु आवश्यक छ, अन्यथा सत्यलाई जान्न सकिन्न । त्यसैले दर्शनशास्त्रमा प्रमाण-विचारको औधि महत्त्व छ ।

१. प्रमाण- विचार – तत्त्वबोध : प्रमाण – विचारमा आधारित हुन्छ । यस सिद्धान्त अनुसार तत्त्वबोधका चार उपाय छन् १.प्रत्यक्ष, २.अनुमान, ३.उपमान, र ४.शब्द । तर यिनलाई बुझ्न पनि बोध वा ज्ञानको स्वरूप र तिनका भेदलाई बुझ्नु आवश्यक छ ।

२. ज्ञानको स्वरुप र भेद : जसरी बत्तीको उज्यालोले कुनै वस्तुलाई प्रकाशित गर्दछ, त्यसै गरी ज्ञानले पनि विषयलाई प्रकाशित गर्दछ । ज्ञानका मुख्य दुई भेद छन् – प्रमा (यथार्थ ज्ञान) र अप्रमा (भ्रमित ज्ञान) । प्रमा (यथार्थ ज्ञान)का चार भेद छन् –प्रत्यक्ष, अनुमान, उपमान तथा शब्द । यी बाहेकका ज्ञानलाई अप्रमा भनिन्छ । अप्रमा पनि चार प्रकारका हुन्छन् –स्मृति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संशय, भ्रम, तथा तर्क। कुनै विषय वा वस्तुको असंदिग्ध, सत्यज्ञानलाई प्रमा भनिन्छ। मैले यो लेख्ता मेरो हातमा कलम छ भन्ने ज्ञान प्रमा हो किनभने यो प्रत्यक्ष र असंदिग्ध छ। स्मृति कुनै अतीतको घटना वा वस्तुको अनुभवमा आधारित हुन्छ। यो अनुभव यथार्थ र अयथार्थ हुन सक्तछ। संशयात्मक ज्ञान पनि प्रमा हुँदैन, किनभने यो असंदिग्ध हुँदैन। भ्रम पनि विषयको यथार्थ ज्ञान होइन धोका हो - यद्यपि यो असंदिग्ध पनि हुन सक्तछ। अँध्यारोमा देखिएको डोरीमा सर्पको भ्रम हुन्छ र त्यसबेलासम्म 'यो पक्का सर्पै हो' भन्ने असंदिग्ध रूपमा मनले ठहर गर्छ जब सम्म 'यो डोरी हो' भन्ने यर्थाथ ज्ञान हुँदैन। तर्क पनि प्रमाणि होइन। कुनै घरबाट आएको धूँवा देखेरै आगो लागेको तर्क अयथार्थ पनि हुन सक्तछ। ज्ञान त्यतिखेर मात्र सत्य हुन्छ, जतिखेर त्यसले विषयको यथार्थ ज्ञान प्रवाहित गर्दछ। यस्सो देख्ता सूर्य र चन्द्रमा हिंडेको देखिन्छन् तर यो यथार्थ ज्ञान होइन। ज्ञात वस्तुको यथार्थ धर्मको प्रकाशक भए मात्र ज्ञानलाई सत्यज्ञान भन्न सकिन्छ। सेतो पदार्थको धूलो नून हो कि चीनी भन्ने द्विविधा हुँदा त्यसलाई चाखेपछि मात्र थाहा हुन्छ। यथार्थ ज्ञानले सफलता प्राप्त हुन्छ, अयथार्थ ज्ञानले असफलता।

३. प्रत्यक्ष र त्यसको लक्षण : त्यसको लक्षण इन्द्रिय संयोगले उत्पन्न हुने असंदिग्ध अनुभव प्रत्यक्ष हो। कतिपय नैयायिक एवं वेदान्ती यस परिभाषासित सहमत देखिदैनन्। उनको तर्क छ, इन्द्रियसंयोग बिना पनि प्रत्यक्ष ज्ञान सम्भव छ। भगवानलाई सबै विषयको प्रत्यक्ष ज्ञान छ, तर भगवानसित इन्द्रिय नै छैन। सुख - दुःख जस्ता अनुभूतिको प्रत्यक्ष इन्द्रिय -संयोग बिना पनि सम्भव छ। त्यसैले, उनको दृष्टिमा प्रत्यक्षको सामान्य लक्षण इन्द्रिय-संयोग होइन, साक्षात् प्रतीति हो।

(ख) प्रत्यक्षहरूको प्रकार-भेद - प्रत्यक्षहरूको प्रकार - विभाजन अनेक दृष्टिले गर्न सकिन्छ, यथा लौकिक र अलौकिक प्रकार। इन्द्रियको संयोग वस्तुसँग हुँदा लौकिक प्रत्यक्ष हुन्छ। लौकिक प्रत्यक्ष पनि दुई प्रकारका हुन्छन्। बाह्य तथा मानस बाह्य प्रत्यक्ष आँखा , नाक, कान, त्वचा, एवं जिह्वाद्वारा हुन्छ। मानस - प्रत्यक्ष मानसिक अनुभूतिसँग मनको संयोग हुँदा हुन्छ। लौकिक प्रत्यक्षलाई अर्को दृष्टिले छ प्रकारमा विभाजित गर्न सकिन्छ - चाक्षुष, श्रौत, स्पर्शन, रासन, घ्राणज, तथा मानस। अलौकिक प्रत्यक्ष पनि तीन प्रकारका हुन्छन्। सामान्य लक्षण, ज्ञान-लक्षण र योगज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यायअनुसार ज्ञानेन्द्रिय छ हुन्छन्। यिनमा पाँच बाह्य एवं एउटा अंतिरिन्द्रिय हुन्छ। बाह्य इन्द्रिय हुन् : नाक, कान, आँखा, जिब्रा र त्वचा। यिनकै सहयोगले क्रमशः गंध, ध्वनि, रूप, स्वाद र स्पर्शको ज्ञान हुन्छ। मन अतिरिन्द्रिय हो यसबाट जीवको इच्छा, द्वेष, प्रयत्न, सुख र दुःखको प्रत्यक्ष हुन्छ ।

(ग) अलौकिक प्रत्यक्ष - अलौकिक प्रत्यक्ष तीन किसिमका हुन्छन्। पहिलो अलौकिक प्रत्यक्षलाई सामान्य लक्षण भनिन्छ। 'जीवन क्षणभंगुर छ' भन्नुको अर्थ कुनै विशेष मान्छे, पशु, पंछी वा कीरा वा फट्याङ्ग्रको जीवन क्षणभंगुर छ भन्ने होइन। सबै जीवको जीवन क्षणभंगुर हुन्छ भन्ने तात्पर्य नै उक्त उक्तिको हो। तर, एक - एक जीवसम्म पुगेर क्षणभंगुरताको प्रत्यक्ष अनुभव गरेर त्यसो भनिएको होइन। जीव मात्रको जीवनको यो ज्ञान अलौकिक प्रत्यक्षद्वारा भएको हो।

अलौकिक प्रत्यक्षको दोस्रो भेदलाई ज्ञान - लक्षण भनिन्छ। फूल कोमल देखिन्छ भन्नुको तात्पर्य हो फूलको कोमलता आँखाद्वारा देख्न सकिन्छ। वस्तुतः कोमलता त छोएर मात्र अनुभव गर्ने कुरा थियो, आँखाद्वारा कसरी देख्न सकिन्छ ? नैयायिकहरूले यसको समाधान कसरी दिएका छन् भने अतीतमा हामीले धेरै पटक फूललाई देखेका छौं। त्यसको बास्ना पनि लिएका छौं। छोएर त्यसका पत्र-पत्रको कोमलताको पनि अनुभव गरेका छौं। यसरी मनमा रूप, रंग र स्पर्शको प्रत्यक्ष अनुभव अतीतज्ञानको कारणले भएको छ। त्यसैले यसलाई ज्ञानलक्षण प्रत्यक्ष भनिन्छ। ज्ञान - लक्षणलाई अलौकिक भन्ने कारण के छ भन्ने यसमा एउटा इन्द्रियले अर्को इन्द्रियको विषयको अनुभव गर्न सक्तछ।

तेस्रो किसिमको अलौकिक प्रत्यक्षलाई योगज भनिन्छ। यसद्वारा भूत र भविष्य, गूढ र सूक्ष्म, नजिकको र टाढाको सबै प्रकारको वस्तुको साक्षात् अनुभूति हुन्छ। यस्तो अनुभूति मात्र योगीहरूलाई हुन्छ। सिद्ध योगीलाई योगज शक्ति स्वतः उपलब्ध हुन्छ। यस्ता योगीलाई 'युक्त' भनिन्छ। आंशिक सिद्धि मात्र प्राप्त गर्ने योगीलाई 'युंजान' भनिन्छ। युंजानलाई ध्यान, धारणा आदि यौगिक साधना गरेपछि मात्र योगज शक्ति प्राप्त हुन्छ। योगज शक्तिप्राप्त व्यक्तिले पनि अलौकिक प्रत्यक्ष आफ्नो सिद्धि बलले गर्न सक्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) लौकिक प्रत्यक्षका तीन भेद : माथि लौकिक प्रत्यक्षका दुई भेद- बाह्य तथा मानसको चर्चा गरिएको छ। अर्को दृष्टिले हेर्दा लौकिक प्रत्यक्षका दुई भेद हुन सक्छन् : निर्विकल्पक तथा सविकल्पक। प्रत्यक्ष ज्ञानको अविकसित रूपलाई निर्विकल्पक प्रत्यक्ष तथा विकसित रूपलाई सविकल्पक प्रत्यक्ष भनिन्छ। यी दुई प्रकारका प्रत्यक्षका अतिरिक्त एउटा अर्को प्रत्यक्ष पनि हुन्छ, जसलाई प्रत्याभिज्ञा भनिन्छ। न्यायिकहरू अनुसार सबै लौकिक प्रत्यक्ष सविकल्पक हुन्छन्, किनभने ती सर्वदा स्पष्ट र निश्चित हुन्छन्। निर्विकल्पक प्रत्यक्षको अवस्थामा कुनै वस्तुको रूप, रंग वा धर्मविशेषको ज्ञान त हुन्छ, तर त्यो अविकसित हुन्छ। जस्तै, अँध्यारोमा डोरी देखिदा यो सर्प नै हो भन्ने हुन्छ। यो डोरी हो कि सर्प हो कि पात हो कि तार हो इत्यादि विकल्प मनमा आउँदैन, त्यसैले यस प्रत्यक्षलाई निर्विकल्प प्रत्यक्ष भनिन्छ। यो प्रत्यक्ष ज्ञानको अविकसित रूप हो। तर पछि फेरि बिकल्पहरू आउन थाल्छन्। यो लामो हो, सर्प यति लामो त कहाँ हुन्छ ? फेरि यो हिंडडुल पनि गर्दैन। थपडी मार्दा पनि चलमलाउँदैन। हो, यो डोरी नै हो। यो प्रत्यक्षको विकसित रूप हो र यसलाई सविकल्पक भनिन्छ।

ठीक-ठीक पहिल्याउनु वा चिन्नुलाई प्रत्यभिज्ञता भनिन्छ। कुनै मान्छेलाई देख्ना साथ 'ए ! यो त काले हो।' जस्तो साक्षात् ज्ञान भयो भने यस ज्ञानलाई प्रत्यभिज्ञा भनिन्छ। प्रत्यभिज्ञामा प्रत्यक्ष अनुभव हुन्छ।

४. अनुमान :

(क) अनुमानका लक्षण - कुनै पूर्वज्ञानको आधारमा पश्चात् घट्ने कुनै घटनाको जुन संभावित ज्ञान हुन्छ, त्यसलाई अनुमान भनिन्छ। उदाहरणका लागि, 'पहाडमा कतै आगो लागेको छ, किनभे त्यहाँ धूवाँ देखा पर्दछ र जहाँ धूवाँ हुन्छ त्यहाँ आगो हुन्छ।' यस उदाहरणमा पहाडमा देखिने धूवाँलाई देखेपछि हामी यस निगमनमा पुग्दछौं कि त्यहाँ आगो छ। किनभने हामीलाई पहिलेदेखि यो ज्ञान छ कि धूवाँ र आगोमा व्याप्तिको सम्बन्ध हुन्छ। यसरी अनुमान त्यस विचारलाई भनिन्छ, जसमा कुनै एउटा लिङ्गद्वारा अर्को वस्तुको ज्ञान प्राप्त हुन्छ। किनभने दुवैमा व्याप्तिको सम्बन्ध रहन्छ।

(ख) अनुमानका अवयव - कुनै अनुमानमा कम्तिमा तीन पद र कम्तिमा तीन वाक्य हुन्छन्। अनुमानमा हामी कुनै साधनलाई आधार बनाएर अप्रत्यक्ष विषयबारे निश्चयात्मक ज्ञान प्राप्त गर्दछौं। साधन र विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविच्छेद्य सम्बन्ध हुनु आवश्यक छ। 'पहाडमा कतै आगो बलेको छ, किनभने जहाँ धूवाँ हुन्छ, त्यहाँ आगो अवश्य हुन्छ' भन्ने वाक्यमा धूवाँ र आगोको अविच्छेद्य सम्बन्ध स्पष्ट छ। यसरी, धुवाँ र आगो सम्बन्धी यस अनुमानका तीन भाग छन् - पहिलो, पहाडमा धूवाँ उठेको देखिन्छ। दोस्रो, धूवाँ र आगोमा व्याप्ति वा अविच्छेद्य सम्बन्ध छ। यो हामीलाई पहिलादेखि थाहा छ। तेस्रो, 'पहाडमा कतै आगो बलेको छ', तर त्यो बलेको आगोलाई हामी देख्तैनौं। यहाँ 'पहाड' पक्ष हो, किनभने सिङ्गो उक्तिमा यसै (पहाड) को सम्बन्धमा विचार गरिएको छ। 'आगो' साध्य हो, किनभने अनुमानद्वारा पहाडको बारेमा यो नै सिद्ध गर्न खोजिन्छ कि त्यो आगो बलेको छ। धूवाँ 'लिङ्ग' हो अर्थात चिन्ह हो। पाश्चात्य तर्कशास्त्रमा पक्ष, साध्य र लिङ्गका लागि क्रमशः माइनर (Minor), मेजर (Major) र मिड्ल (Middle) शब्दको प्रयोग गरिन्छ।

नैयायिकहरूका अनुसार, अनुमानद्वारा कसैलाई केही बुझाउन खोज्दा पाँच वाक्यको प्रयोग गर्नुपर्दछ। यी वाक्यलाई अवयव भनिन्छ। यी अवयवका नाम छन् - प्रतिज्ञा, हेतु, उदाहरण, उपनय तथा निगमन। यस पाँचअवयव अनुमानको उदाहरण यसरी दिन सकिन्छ - (क) राम मरणशील हो (प्रतिज्ञा)। (ख) किनभने त्यो मान्छे हो (हेतु)। (ग) सबै मानिस मरणशील हुन्छन, जस्तै देवदत्त, मोहन, सोहन आदि (उदाहरण) (घ) राम पनि मान्छे हो (उपनय) अतः त्यो मरणशील हो (निगमन)।

(ग) अनुमानको आधार - हेतु र साध्यको बीच जुन व्यापक सम्बन्ध रहन्छ, त्यसैद्वारा अनुमान हुन्छ। सम्बन्धलाई व्याप्ति भनिन्छ। अनुमानमा पक्ष र साध्यको सम्बन्ध स्थापित गर्न दुई कुरा अपरिहार्य छन् : १. पक्ष र हेतुको सम्बन्ध तथा २. हेतु र साध्यको व्याप्ति सम्बन्ध। 'पहाडमा आगो बलेको छ' यस निगमनका लागि सबभन्दा पहिले के जान्नै पर्छ भने धूवाँ र आगोमा व्याप्ति सम्बन्ध हुन्छ। यसरी, अनुमानका लागि दुई कुरा आवश्यक छन् : पहिलो, पक्षमा हेतु हुनु अर्थात् पर्वतमा धूवाँ देखिनु। दोस्रो, हेतु र साध्यमा व्याप्ति - सम्बन्ध हुनु अर्थात् धूवाँ र आगोमा अविच्छेद्य सम्बन्ध हुनु।

अनुमानको निगमन व्याप्तिमै आधारित हुने हुँदा व्याप्तिको बारेमा जान्नु आवश्यक छ। व्याप्तिबाट दुई वस्तुको पारस्परिक सम्बन्धको बोध हुन्छ : एउटा व्याप्यको अर्को व्यापकको। कुनै वस्तु अर्को वस्तुमा व्यापक त्यतिखेर हुन्छ जतिखेर पहिलो वस्तु अर्को वस्तुमा सधैं मौजुद रहन्छ। माथिल्लो उदाहरणमा धूवाँ व्याप्य हो, किनभने धूवाँसित आगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सधै मौजुद रहन्छ । तर, आगोसित धूवाँ सधै मौजुद रहन्न, जसरी तातो फलाममा । न्यूनाधिक विस्तार भएको दुई पदमा व्याप्तिको सम्बन्ध हुँदा व्याप्तिलाई असमव्याप्ति भनिन्छ, जस्तै, धूवाँ र आगोमा । दुई पदमा यस्तो असम वा विषम सम्बन्ध हुँदा (कम विस्तार भएको वस्तुबाट) अर्कोको (बढी विस्तार भएको वस्तु) को अनुमान गरिन्छ । तर, दोस्रोबाट पहिलोको अनुमान गर्न सकिन्न । धूवाँबाट आगोको अनुमान गर्न सकिन्छ, तर आगोबाट धूवाँको अनुमान गर्न सकिन्न । तर समान विस्तार भएका दुई पदमा व्याप्तिको सम्बन्ध हुँदा समव्याप्ति हुन्छ, यथा अभिधेय र प्रमेय । जो अभिधेय हो त्यही प्रमेय हो र जो अभिधेय हो त्यही प्रमेय हो र जो प्रमेय हो, त्यही अभिधेय हो । प्रमेय भनेको ज्ञेय पदार्थ र अभिधेय भनेको नाउँद्वारा बोलाईने हो । प्रत्येक साहचर्यलाई व्याप्ति मान्न सकिन्न । सामान्यतया आगोसँग धूवाँ देखिन्छ, तर दुवैमा व्याप्ति छैन, किनभने धूवाँ नभए पनि आगो हुन सक्त छ । धुवाँ र आगोको सम्बन्ध केही उपाधि (विशेष अवस्था) मा निर्भर गर्दछ, जुन उपाधि धूवाँ र आगोभन्दा भिन्न छ । आगोमा धूवाँको उपस्थिति दाउराको ओसिलोपनमा भर पर्दछ । यदि दाउरा भिजेको छैन भने त्यसबाट धूवाँ निस्किन सक्तैन । यसरी व्याप्ति भनेको त्यो साहचर्य पनि हो , जुन उपाधिहीन होस् । हेतुपद र साध्यपदको नियत अनौपाधिक सम्बन्ध हुन्छ ।

व्याप्तिको ज्ञान कसरी हुन्छ, यस सम्बन्धमा अनेक मतहरू छन् । बौद्ध दार्शनिकहरू अनुसार दुई वस्तुमा कार्यकारण सम्बन्ध हुँदा व्याप्ति सम्बन्ध हुन्छ । कार्यकारण – सम्बन्ध स्थापित गर्न बौद्ध दार्शनिकहरूले 'पञ्चकारिणी निरीक्षण विधिको सहयोग लिन्छन् ।

पञ्चकारिणी निम्नांकित निरीक्षण विधिको नाउँ हो –

१. कारण वा कार्यमध्ये कुनै दृष्टिगोचर छैन् ।
२. कारणको प्रत्यक्ष भयो ।
३. तुरुन्तै त्यसपछि कर्ताको पनि प्रत्यक्ष भयो ।
४. कारणको लोप भयो ।
५. तुरुन्तै त्यसपछि कार्यको पनि लोप भयो ।

व्याप्तिसम्बन्ध स्थापित गर्न बौद्ध दार्शनिक तादात्म्यको पनि सहायता लिन्छन् । दुई वस्तुका अविच्छिन्न (तादात्म्य) सम्बन्ध छ भने दुवैमा व्याप्ति सम्बन्ध निश्चित नै हुन्छ । सबै 'मानिस' जीव हुन् । जीवत्व भएन भने 'मानिस' हुने छैन । त्यसैले मानिस तथा जीवमा तादात्म्य हुनाले व्याप्तिसम्बन्ध छ ।

वेदान्तीहरू अनुसार व्याप्तिको स्थापना अतीत अत्याभिचारी साहचर्यके

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभवमा आधारित छ। यसको तात्पर्य छ, यदि दुई वस्तु सदैव सँगसँगै देखिन्छन् र तिनमा व्यभिचार (अपवाद) देखिन्न भने दुवैमा साहचर्यको सम्बन्ध मान्नु पर्दछ। न्यायको व्याप्ति – स्थापना प्रणाली यसरी छ – सबभन्दा पहिले हामी दुई वस्तुमा अन्वय – सम्बन्ध देख्तछौं। अर्थात्, एउटा छ भने अर्को पनि छ। धूवाँ छ भने आगो पनि छ। यसलाई अन्वय भनिन्छ। अन्वयपछि व्यतिरेकको सहायता लिइन्छ – एउटा छैन भने अर्को पनि छैन। आगो छैन भने धूँवा पनि छैन। व्याप्तिको सम्बन्ध स्थापित गर्न व्यतिरेक हुनै पर्दछ। त्यसरी नै जुन व्याप्तिको निश्चय अन्वय र व्यतिरेकद्वारा भयो त्यसको कुनै व्यतिक्रम वा व्यभिचार यदि कहिल्यै देखिएन भने व्याप्तिको धारणा दृढ हुन्छ। अर्थात्, व्यभिचारको अभाव पनि व्याप्ति निश्चयको सहायक हो। व्याभिचारको अभावलाई व्यभिचारग्रह भनिन्छ। व्याप्ति निश्चयका लागि त्यो अनौपाधिक हुनु आवश्यक छ। उपाधिको निराकरण नभएसम्म व्याप्ति निश्चय हुँदैन। यस सम्बन्धमा बिजुली बत्ती बाल्ने दृष्टान्त रोचक छ। बिजुलीबत्तीको स्वीच थिचिएन भने बत्ती बल्दैन। यो देखेर कुनै व्यक्ति यदि यस निष्कर्षमा पुग्दछ कि स्वीच र बत्तीमा व्याप्ति सम्बन्ध छ भने त्यो भ्रममा छ , किनभने उसले उपाधिमा ध्यान पुऱ्याएको छैन। त्यो उपाधि हो बिजुलीको शक्ति। बिजुलीको शक्ति नभए स्वीच जति थिच्दा पनि बत्ती बल्दैन। बिजुलीको शक्ति उपाधि हो। उपाधि त्यो हो जसको साहचर्य कुनै अनुमानको साध्यसँग रहन्छ। तर कुनै हेतु वा साधनसँग रहँदैन। उपाधिको पहिचानका लागि पुनः पुनः निरीक्षण आवश्यक छ। यस पुनः पुनः निरीक्षणलाई भूयोदर्शन भनिन्छ। भूयोदर्शनद्वारा हेतु र साध्यका बीच रहने जति पनि उपाधिको आशंका रहन्छन्, तिनको निराकरण हुँदै जान्छ।

(घ) अनुमानको भेद : गौतमका अनुसार अनुमान तीन प्रकारका हुन्छन् : पूर्ववत्, शेषवत् र सामान्यतोदृष्ट। पूर्ववत अनुमान त्यो हो जसमा भविष्यमा घट्ने घटनाको अनुमान वर्तमानको अवस्थाको आधारमा गरिन्छ। यथा, वर्तमानमा, आकाशमा कालो बादल गड्याङ–गुडुङ गरेको देखेर यदि झमझम पानी पर्ने अनुमान गरिन्छ भने यस अनुमानलाई पूर्ववत् अनुमान भनिन्छ। वर्तमान अवस्थाको आधारमा पूर्वघटनाको अनुमान गरिन्छ भने यस्तो अनुमानलाई शेषवत् भनिन्छ। उदाहरणका लागि वर्तमानमा बागमतीको फोहोर पानी देखेर अतीतमा यसको दुरूपयोग भएको अनुमान गरिन्छ भने यसलाई शेषबत् भनिन्छ। माथि उल्लिखित दुवै अनुमानमा साधन तथा साध्यमा कर्मकारण सम्बन्ध छ। सामान्यतोदृष्टमा साधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा साध्यमा कार्यकारण सम्बन्ध हुँदैन । यसलाई उदाहरणद्वारा यसरी बुझ्न सकिन्छ । कुनै जनावरको सिङ देखेर यदि हामी यसको खुँड फाटेको होला भन्ने अनुमान गर्छौं भने यस अनुमानको आधार कुनै कार्यकराण सम्बन्ध सामान्य सादृश्यको अनुभवको आधार छ । यस अनुमानलाई सामान्यतोदृष्ट अनुमान भनिन्छ । यो अनुमान उपमानसित मिल्द छ । प्रयोजन भेदले अनुमान दूई किसिमका हुन्छन् – स्वार्थानुमान र परमार्थानुमान । धूवाँ देखेर आगोको अनुमान यदि आफ्नै लागि गरिन्छ भने यो स्वार्थानुमान हो यदि यही अनुमान उसले अरूलाई तर्कद्वारा बुझाउने प्रयत्न गर्दछ भने यसलाई परार्थ अनुमान भनिन्छ । नव्यन्यायमा एउटा तेस्रो दृष्टिले पनि भेद गरिन्छ । यस दृष्टिले अनुमान तीन प्रकारका हुन्छन् : केवलान्वयी, केवलव्यतिरेकी तथा अन्वयव्यतिरेकी । केवलान्वयी अनुमान भनेको त्यो हो जसमा साधन र साध्यमा नित्य साहचर्य देखिन्छ, अर्थात् जसको व्यक्ति केवल अन्वयद्वारा स्थापित हुन्छ र जसमा व्यतिरेकको सर्वथा अभाव हुन्छ ।

१. केवलान्वयी : मात्र अन्वयद्वारा व्यक्ति सम्बन्ध स्थापित हुनुको उदाहरण यसरी दिन सकिन्छ – सबै प्रमेय (ज्ञेय पदार्थ) अभिधेय (नाँउले सम्बोधित गर्न सकिने) हुन्छन् । यथा, घट प्रमेय हो, अतएव अभिधेय हो । यस्तो व्यक्तिको नाम केवलान्वयी हो ।

२. केवलव्यतिरेकी – केवलव्यतिरेकी अनुमान त्यस्तो अनुमान हो जसमा साध्य र साधन दुवैको अभाव हुन्छ, त्यसैले साध्य र साधनमा अन्वयको प्रश्न नै उठ्तैन । यसमा व्यक्ति (अविच्छिन्न सम्बन्ध) को स्थापना केवल व्यतिरेकद्वारा सम्भव हुन्छ, किनभने यसमा पक्षबाहेक अरू कुनै साधनको दृष्टान्त हुँदैन, जोसित अन्वय गर्न सकियोस् । यसलाई उदाहरणद्वारा यसरी बुझ्न सकिन्छ : 'अन्य भूत भन्दा जो भिन्न छैन त्यसमा गंध हुँदैन । पृथ्वीमा गंध छ, अतः पृथ्वी अन्य भूतभन्दा भिन्न छ ।' यस उदाहरणको पहिलो पंक्तिमा साध्यको अभावसँग साधनको अभावको व्याप्ति देखाइएको छ । साधन 'गंध' लाई पक्ष 'पृथ्वी' बाहेक अरू कतै देख्नु सम्भव छैन । त्यसैले साध्य – साधनमा अन्वय गर्न मिल्दैन । यसरी यस कथनमा व्यतिरेकमूलक व्याप्तिको आधारमै अनुमान गर्न सकिन्छ ।

३. अन्वयव्यतिरेकी अनुमान – अन्वयव्यतिरेकी अनुमानमा साधन र साध्यको सम्बन्ध अन्वय र व्यतिरेक दुवैद्वारा स्थापित हुन्छ । यस अनुमानमा व्याप्ति सम्बन्ध यसरी स्थापित हुन्छ – साधन उपस्थित हुँदा साध्य पनि उपस्थित रहन्छ तथा साध्य उपस्थित नहुँदा साधन पनि उपस्थित रहदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी व्याप्तिको ज्ञान अन्वय र व्यतिरेकको सम्मिलित प्रणालीद्वारा गरिन्छ । उदाहरणका लागि, (१) सबै धूमवान पदार्थ वह्निमान हुन्छन् : पर्वत धूमवान छ, अतएव, पर्वत वह्निमान छ । २. सबै बह्निहीन पदार्थ धूमहीन छन् । पर्वत धूमहीन छ, अतः पर्वत बह्निहीन छ ।

(ङ) हेत्वाभास - हेत्वाभासको अर्थ हो हेतुको आभास हुनु । अर्थात् हेतु नहुँदा पनि हेतु जस्तो प्रतीत हुनु । यस्तो दोषपूर्ण हेतुद्वारा अनुमानमा हेत्वाभास दोष आउँछ । हेत्वाभास पाँच प्रकारका हुन्छन् : १. सव्यभिचार २. विरुद्ध ३. सत्प्रतिपक्ष ४. असिद्ध तथा ५. वाधित ।

१. सव्यभिचार : सव्यभिचार - हेतुद्वारा एउटै निगमन (निष्कर्ष) निस्किएर दुई परस्पर विपरीत निगमन निस्किन सक्छन् । उदाहरणका लागि सबै दुईखुट्टे बुद्धिमान छन्, काग दुई खुट्टे हुन्छ, काग बुद्धिमान हुन्छ । तर यसरी पनि निष्कर्ष निकाल्न सकिन्छ : सबै दुईखुट्टे बुद्धिहीन हुन्छन्, (जस्तै लाटाकोसेरो) काग दुई खुट्टे हुन्छ , त्यसैले काग बुद्धिहीन हुन्छ ।

२. विरुद्ध : विरुद्ध हेतु यस्तो हेतु हो, जसमा निगमनको स्वतः खण्डन हुन जान्छ । उदाहरणका लागि, 'शब्द नित्य हो किनभने यसको उत्पत्ति हुन्छ ।' यसमा 'उत्पत्ति' हेतुको रूप आएको छ, तर यस हेतुद्वारा शब्दको नित्यता सिद्ध हुँदैन, अरू अनित्यता सिद्ध हुन्छ, किनभने जसको 'उत्पत्ति' हुन्छ त्यो नित्य हुन सक्तैन, अरू त्यसको विनाश पो हुन्छ । यसरी विरुद्धहेतु त्यस अनुमानमा पाइन्छ, जसमा साध्यको अस्तित्त्वलाई होइन, त्यसको अभावलाई नै पक्षमा सिद्ध गर्दछ ।

३. सत्प्रतिपक्ष : सत्प्रतिपक्ष हेतु - दोष त्यहाँ पाइन्छ, जहाँ एउटा अनुमानको कुनै अर्को प्रतिपक्षी अनुमान सम्भव हुन्छ । उदाहरणका लागि :

१. शब्द नित्य हुन्छ, किनभने यो आकाशझैं अदृश्य हुन्छ ।

२. शब्द अनित्य हो, किनभने यो घटझैं एउटा कार्य हो ।

४. असिद्ध वा साध्यसम - साध्यसम हेतु त्यहाँ हुन्छ, जहाँ हेतु स्वयं साध्य जस्तै असिद्ध रहन्छ । उदाहरणका लागि 'आकाश - कुसुम बास्नादार छ, किनभने यो कुसुम हो ।' यसमा हेतु 'कुसुम' कै अस्तित्त्व छैन । आकाशमा कुसुम फुल्ने कविकल्पना हुन सक्तछ, तर यो यथार्थ होइन । यसरी यस वाक्यमा 'हेतु' नै असिद्ध भएकोले यस दोषलाई असिद्ध भनिन्छ ।

५. बाधित - हेतुद्वारा सिद्ध गरिएको अनुमान यदि प्रत्यक्ष अनुभवद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाधित हुन्छ भने हेतुको यस दोषलाई बाधित हेतु भनिन्छ। उदाहरणका लगि आगो शीतल छ, किनभने यो एउटा द्रव्य हो। यस वाक्यमा शीतल साध्य हो र द्रव्य हेतु। यो अनुमान ठीक छैन, किनभने हामीले आगो छोयौ भने त्यसमा शीतलताको अभाव मात्र होइन, ऊष्णताको उपस्थिति समेत पाउँदछौं। अर्थात् हेतु 'द्रव्य' द्वारा जुन अनुमान सिद्ध हुन्छ, त्यो प्रत्यक्षद्वारा बाधित हुन्छ। अतः यहाँ हेतुमा बाधित दोष छ।

४. उपमान -

न्याय अनुसार उपमान तेस्रो प्रमाण हो। यसद्वारा संज्ञा - संज्ञी सम्बन्धको ज्ञान हुन्छ , अर्थात् नाम र नामीको सम्बन्ध ज्ञान हुन्छ। यदि कुनै व्यक्तिले मेरो अगाडि यस्तो वस्तुको वर्णन गर्दछ जसलाई मैले देखेको छैन र पछि त्यस वर्णनको आधारमा मैले बनाएको धारणाको भरमा यदि पछि कुनै वस्तुलाई देखेर म भन्छु 'ए, यो त त्यही वस्तु हो' भने यहाँ मैले नाम र नामीको सम्बन्ध स्थापित गरेको ठहर्छ। नाम र नामीको सम्बन्धको ज्ञानलाई नै उपमान भनिन्छ। उपमान प्रमाणका लागि यो आवश्यक छ कि मलाई कुनै ज्ञात वस्तुसँग अज्ञात वस्तुको सादृश्यको ज्ञान होस् र त्यस सादृश्यको प्रत्यक्षीकरण होस्।

५. शब्द -

न्याय अनुसार चौथो प्रमाण शब्द हो। सबै शब्दलाई यथार्थ प्रमाण मान्न सकिन्न। आप्त वचन (सिद्धपुरुषको वचन), अनुभवी व्यक्तिको वचन र सत्यवादी व्यक्तिको वचनलाई मात्र प्रमाण मान्न सकिन्छ। शब्द दुई प्रकारका हुन्छन् : दृष्टार्थ र अदृष्टार्थ। दृष्टार्थ शब्द त्यस्ता शब्दलाई भनिन्छ जसबाट यस्तो वस्तुको ज्ञान प्राप्त हुन्छ, जसलाई प्रत्यक्ष गर्न सकियोस्। अदृष्टार्थ शब्दद्वारा अदृष्ट वस्तुको ज्ञान प्राप्त हुन्छ। साक्षात् दृश्य वा घटनाको बारेमा त्यसको जानकारहरूद्वारा दिइएको वचन, विश्वासयोग्य अनुभवीद्वारा बोलिएका शब्द, अदालतमा दिइएका बयान आदि दृष्ट शब्द अन्तर्गत छन्, तर स्वर्ग - नर्क, पाप - पुण्य, आत्मा - परमात्मा आदि बारे अभिव्यक्त शास्त्र तथा धर्मगुरुका वचन अदृष्टर्थ शब्द हुन्। त्यसै गरी वैदिक र लौकिक गरी दई भेद गरिएका छन् शब्दका। वैदिक शब्दलाई निर्भ्रान्त ईश्वरवाणी मानिन्छ, लौकिक शब्द भ्रान्तिपूर्ण पनि हुन सक्छन्।

(ख) वाक्य विवेचना : अर्थपूर्ण ढङ्गले क्रमबद्ध शब्दयोजनालाई वाक्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ। न्यायशास्त्रमा अर्थबोध गराउने जुन क्षमता छ , त्यसलाई शब्दशक्ति भनिन्छ। न्यायशास्त्रमा अर्थबोध गराउने क्षमता अर्थात् शब्दशक्तिलाई ईश्वरेच्छामा निर्भर मानिएको छ। परमात्माले गर्दा नै शब्दहरूको क्रमव्यवस्थाद्वारा अर्थ सुनिश्चित हुन्छन्। नैयायिकहरू सृष्टिको सम्पूर्ण व्यवस्थाका लागि ईश्वरलाई श्रेय दिन्छन्। वाक्यको अर्थ निश्चयका लागि जुन शब्दार्थसम्बन्ध र वाक्यनिर्माणको व्यवस्था छ, त्यसका लागि ईश्वरलाई नै श्रेय दिन्छन्। शब्दहरूको समूहले मात्र वाक्य बन्दैन। अर्थपूर्ण वाक्यका लागि चार तत्त्व आवश्यक छन्। आकांक्षा, योग्यता, आसक्ति र तात्पर्य।

१. आकांक्षा - वाक्यमा एउटा पदले अर्को पदको आकांक्षा राख्त छ। उदाहरणका लगि यदि कसैले भन्छ, 'खाऊ'। अनि जिज्ञासा वा जान्ने आकांक्षा उत्पन्न हुन्छ, 'के खाऊँ ?' यस आकांक्षालाई 'भात', 'केरा', 'दही' जस्तो कुनै पदले पूर्ण गर्दछ। सार्थक वाक्य बन्द छ - 'भात खाऊ।' वा 'केरा खाऊ' अथवा 'दही खाऊ'।

२. योग्यता - वाक्यको अर्को तत्त्व हो योग्यता। वाक्यमा कर्ताले गरेको कार्य उसको सामर्थ्यअनुकूल छ भने वाक्यमा योग्यता-तत्त्व छ, छैन भने योग्यता तत्त्व छैन। उदाहरणका लागि , 'पानीले डढेलो लाग्यो।' भन्ने वाक्यमा हामी देख्छौं पानीमा डढेलो लगाउने योग्यता हुँदैन , अतएव यो वाक्य उपयुक्त छैन।

३. आसक्ति : वाक्यको तेस्रो तत्त्व आसक्ति हो। वाक्यका पदहरूका लागि निश्चित क्रम हुन्छन् , यसै क्रमलाई आसक्ति भनिन्छ। आसक्तिको अर्को अर्थ समय र स्थानको निकटता पनि हो। आज 'म' , एक वर्ष पछि 'भात' र मर्ने बेलामा 'खान्छु' भनियो भने वाक्य बन्दैन।

४. तात्पर्य - कुनै वाक्यबाट जुन अर्थ सूचित गर्ने अभिप्राय हुन्छ, त्यसलाई 'तात्पर्य' भनिन्छ। कुनै कुनै शब्द अनेकार्थी हुन्छन् र वाक्यमा त्यसको ठीक - ठीक अर्थ बुझ्न वक्ताको तात्पर्य बुझ्नु आवश्यक छ। 'राम प्रसाद खान्छ।' भन्ने वाक्यको अर्थ 'रामले प्रसाद खान्छ' र 'राम प्रसाद भन्ने मान्छेले खान्छ' दुवै अर्थ हुन सक्छन्, तर प्रसङ्ग बुझ्दा यस वाक्यको सही अर्थ स्पष्ट हुन्छ।

३. जगत् सम्बन्धी विचार

नैयायिकहरू अनुसार आत्मा, शरीर, इन्द्रिय एवं तिनका बुद्धि , मन, प्रवृत्ति, दोष, प्रेत्यभाव, फल, दुःख, र अपवर्ग प्रमेय हुन्। द्रव्य, गुण, कर्म,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य, विशेष, समवाय, अभाव पनि प्रमेय अन्तर्गत नै आउँदछन् । सबै प्रमेय जड़ जगत्मा अवस्थित हुँदैनन् । आत्मा, ज्ञान, र मन, काल र दिक् भौतिक होइनन् । तर, सबै भौतिक द्रव्य दिक् र कालमै अवस्थित हुन्छन् । आकाश एउटा अपरिणामी भूत हो । यो जड़ जगत् माटो, पानी, हावा, र आगोले बनेको छ र यी चारै भूत आफ्नै परमाणुले निर्मित छन् । यिनका मूल परमाणु नित्य र अपरिवर्तनशील छन् । आकाश, काल र दिक् पनि नित्य विभु द्रव्य हुन्, तर यी परमाणुले निर्मित सबै वस्तु तिनका गुण र पारस्परिक सम्बन्ध, जीवन शरीर, इन्द्रिय र तिनद्वारा ज्ञातव्य वस्तुका गुण - सबै जड जगत् अन्तर्गत नै हुन् ।

४. जीवात्मा र मोक्ष - आत्मा सम्बन्धमा पूर्वेली दर्शनमा चार किसिमका मत मुख्य छन् । चार्वाकले 'चैतन्य-विशिष्ट शरीर' लाई आत्मा मानेका छन् । बौद्ध दर्शनमा आत्मालाई 'विज्ञानहरूको प्रवाह' मानिएको छ । अद्वैत वेदान्तअनुसार, आत्मा एक हो, नित्य हो र स्व-प्रकाश चैतन्य हो । विशिष्टाद्वैत वेदान्त अनुसार आत्मा चैतन्य मात्र होइन, ज्ञाता पनि हो । न्याय र वैशेषिक अनुसार, आत्मा एउटा यस्तो द्रव्य हो, जसमा बुद्धि वा ज्ञान, सुख-दुःख, राग-द्वेष, इच्छा, कृति वा प्रयत्न आदि गुणका रूपमा वर्तमान रहन्छन् । यी गुणहरूको बाह्य इन्द्रियद्वारा अनुभव गर्न सकिन्न । त्यसैले यी गुण जड द्रव्यभन्दा भिन्न छन् । न्याय-दर्शन अनुसार, अलग्ग-अलग्ग देहमा अलग्ग-अलग्ग आत्मा हुन्छन् । किनभने तिनका अनुभव भिन्न-भिन्न छन् । आत्मा नित्य हुन्छ किनभने यसको नाश हुँदैन । यो काल र दिक् दुवै दृष्टिले असीम हुन्छ, त्यसैले विभु हुन्छ ।

देह वा इन्द्रियलाई आत्मा मान्न सकिन्न, किनभने देहको आफ्नो चेतना हुँदैन । कल्पना, स्मृति, विचार आदि मानसिक व्यपार बाह्य इन्द्रियका कार्य होइनन् । मन पनि आत्मा होइन । न्यायशास्त्र अनुसार, मन अणु हो त्यसैले अप्रत्यक्ष छ । मनलाई आत्मा मानेमा सुख, दुःख आदिलाई मनकै गुण मान्नु पर्ने हुन्छ र यी पनि अणु अप्रत्यक्ष हुनेछन् । तर, सुख-दुःखको अनुभूति हामीलाई प्रत्यक्ष हुन्छ । बौद्धिकहरूले आत्मालाई विज्ञानहरूको प्रवाह मानेझैं न्यायले मान्दैन । आत्मा मात्र विज्ञानको प्रवाह भए कुनै मानसिक दशामा यो पत्ता लगाउन सकिन्न कि यो भन्दा पूर्वअवस्था त्यसको कस्तो थियो र यसपछि यसको के अवस्था हुने छ । अद्वैत वेदान्तलेझैं यसले आत्मालाई स्वप्रकाश चैतन्य मान्दैन, किनभने चैतन्यका लागि कुनै आश्रयपदार्थ हुनु आवश्यक छ । वास्तवमा आत्मा स्वयं यस्तो द्रव्य हो जसको गुण हो प्रकाश । आत्मा ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभई ज्ञाता हो, जुन अहङ्कारको आश्रय र भोक्ता हो । ज्ञान वा चेतना आत्माको गुण भए पनि चेतनालाई आत्मा मान्न सकिन्न । आत्मामा चेतनाको प्रसार मनसँग सम्पर्क हुँदा र मनको इन्द्रियसँग सम्पर्क हुँदा तथा इन्द्रियको बाह्य वस्तुसँग सम्पर्क हुँदा हुन्छ । त्यसैले शरीरबाट अलग्ग हुँदा आत्मामा ज्ञानको अभाव हुन्छ । त्यसैले चेतना त आत्माको आगन्तुक गुण हो । इच्छा, राग-द्वेष, सुख-दुःख सबै आत्माका प्रमाण हुन् ।

मोक्ष – दुःखको पूर्ण निरोधलाई मोक्ष भनिन्छ । यसलाई अपवर्ग पनि भनिन्छ । देहको पिंजराभित्र आत्माको सुगा पीडामुक्त हुन सक्तैन । देह-मुक्त भएपछि आत्मा सुख-दुखको बन्धनबाट मुक्त हुन्छ । 'अभयम अजरम' 'अमृत्युपदम्' । धर्मग्रन्थहरूको मनन र योगद्वारा निर्देशित निदिध्यासनद्वारा मानिसलाई आत्मा देहभन्दा भिन्न हो भने आत्मबोध हुन्छ । परिणामतः त्यो वासना र प्रवृत्तिको पंजामा फँस्तैन । निष्काम कर्म गर्दछ र जन्ममरणको बंधनबाट मुक्त हुन्छ ।

ईश्वर – सर्वशक्तिमान र सर्वज्ञ ईश्वर ब्रह्माण्डका स्रष्टा पालक र संहारक हुन् । उनले अविनाशी परमाणु, दिक्, काल, आकाश, मन तथा आत्मा लिएर ब्रह्माण्डको सृष्टि गर्दछन् । उनी अनन्त र नित्य भएका हुँदा दिक्, काल, मन र आत्मा तिनलाई सीमित गर्न सक्तैनन् । ईश्वरका छ वटा नित्य गुण हुन् – १. अखण्ड ऐश्वर्य (आधिपत्य, वीर्य, यश, श्री, ज्ञान, र वैराग्य) का भण्डार हुन् । २. ईश्वर जगत्का निमित्त कारण हुन् , तर जीवात्माका कामका उनी प्रयोजक कारक हुन् । ३. जीव प्रत्येक कार्यका लागि पूर्ण स्वतन्त्र छैन, अपेक्षाकृत स्वतन्त्र छ । ४. जीव ईश्वरद्वारा अदृष्ट (पूर्वकर्म) अनुसार प्रेरित भएर कार्य गर्दछ । ५. ईश्वर जीवका धर्म व्यवस्थापक हुन् । ६. उनी कर्मफलदाता तथा सुखदुःखका निर्णायक हुन् ।

ईश्वरको अस्तित्वका प्रमाण

(क) परमाणुबाट निर्मित संसारका सबै सावयव वस्तु जस्तै पहाड, समुद्र आदि का कारण छन् र यिनलाई बनाउने कर्त्ताको कार्यका यी प्रमाण हुन् । यी कार्य हुन् किनभने सावयव हुन् र मध्यम परिमाणका हुन् । दिक्, काल, आकाश र आत्मालाई कार्य मान्न सकिन्न , किनभने यी सावयव नभएर विभु (नित्य) हुन् । जसले यो सृष्टि गरेको छ ती अवश्य नै सर्वज्ञ छन् किनभने सर्वज्ञले नै परमाणु जस्ता सूक्ष्म सत्ताको ज्ञान प्राप्त गर्न सक्छ ।

(ख) प्राणी – प्राणीको जीवनमा जुन विभिन्नता देखिन्छ त्यसको कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के हो ? किन कुनै व्यक्ति धनी छ, कुनै गरिव, केही दुःखी छन्, केही सुखी, केही सर्वाङ्ग सुन्दर छ, कोही अपाङ्ग र कुरूप । न्यायले यी सबै भाग्य भेदका लागि पूर्व जुनीका कर्मलाई उत्तरदायी ठहराएको छ । हाम्रो सुकर्मले हामी सुखी छौं र दुष्कर्मले दुःखी । यस व्यवस्थाको नियामक कर्म हो । राम्रा – नराम्रा कर्मबाट उत्पन्न पाप – पुण्यको भण्डारलाई अदृष्ट भनिन्छ । हाम्रा वर्तमान जीवनका सुःख दुःखका लागि वर्तमान जीवनका कर्म मात्रै होइन, अदृष्ट पनि उत्तरदायी हुन्छ । ईश्वरले हामीले गरेका कार्य अनुसारका फल हामीलाई दिन्छन् ।

(ग) नैयायिकहरूका अनुसार ईश्वरको अस्तित्त्वको एउटा प्रमाण वेदको प्रामाणिकता पनि हो । न्यायले वेदलाई अपौरुषेय (ईश्वरकृत) मान्द छ ।

(घ) आप्तवचनबाट ईश्वरको अस्तित्त्व प्रमाणित हुन्छ । बृहदारण्यक उपनिषद् (४.४ २२.२४) ले ईश्वरलाई सबैका स्वामी, शासक र रक्षक भनेको छ । श्वेताश्वेतर उपनिषद्ले पनि ईश्वरलाई सर्वजीवव्यापी, सर्वव्यापी, अन्तरात्माव्यवस्थापक एवं रक्षक मानेको छ । सबै वेद र उपनिषद् ईश्वरको अस्तित्त्वलाई स्वीकार गर्दछन् ।

यसरी न्यायदर्शन आप्त वचनमा होइन, प्रमाण विचारमा अवलम्वित छ । तर्कयुक्त दर्शन हो यो । आकाश अर्थात् देश (Space) तथा काल (Time) को विवेचनासँगै ईश्वर, जीवन, देह, इन्द्रिय, मन, आत्मा, दिक् अदि बारे यसमा तर्कयुक्त विश्लेषण गरिएको पाइन्छ ।

वैशेषिक

(ग) वैशेषिक दर्शन –

वैशेषिक दर्शनका प्रवर्तक कणादको नाउँ उलूक थियो । 'कणाद' उनको उपनाम थियो । उनी यस्ता तपस्वी र सन्तोषी थिए कि खेतबाट टिपिएका अन्नका कणहरूले गुजारा गर्थे । 'कण' टिप्ने हुँदा उनको नाम 'कणाद' हुनगयो । न्याय र वैशेषिकको उद्देश्य समान छ – जन्म – जन्मान्तरको चक्रबाट मुक्ति । तर न्यायले जहाँ चार प्रमाण – प्रत्यक्ष, अनुमान, उपमान र शब्द मान्दछ, त्यहाँ वैशेषिकले प्रत्यक्ष र अनुमान भन्ने दुई प्रमाण मात्र स्वीकार गर्छ । न्यायले सोह पदार्थ मान्दछ, वैशेषिकले स्वीकार गर्ने सात पदार्थ हुन् – १. द्रव्य, २. गुण, ३. कर्म, ४. सामान्य, ५. विशेष, ६. समवाय र ७. अभाव । यिनै सात पदार्थ अन्तर्गत न्यायका सोहै पदार्थ समाविष्ट हुन्छन् । पदार्थले तात्पर्य त्यस वस्तुसित छ, जसको बोध 'पद' (शब्द) बाट हुन्छ । यी पदार्थ दुई किसिमका हुन्छन् – १. भाव पदार्थ र २. अभाव पदार्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो विद्यमान छ, त्यसलाई भाव पदार्थ र जो विद्यमान छैन त्यसलाई अभाव पदार्थ भनिन्छ । भाव पदार्थको संख्या ६ हुन्छ – द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय । वैशेषिक सूत्रमा यिनको मात्र उल्लेख छ । अभाव पछिल्ला ग्रन्थकारहरूले थपेका हुन् ।

१. द्रव्य :

यो गुण र कर्मको आश्रय हो । द्रव्य सावयव कार्यको समवायी कारण पनि हो । समवायी कारणको अर्थ हो जुन द्रव्यले कार्य भएको छ त्यसको कारण पनि त्यही द्रव्य हो । उदाहरणको लागि कपडा एउटा सावयव कार्य हो र धागो समवायी कारण हो । धागो र कपडा एउटै द्रव्यले बनेको छ । त्यसैले कपडा सावयव कार्य हो ।

समवायी कारणका अतिरिक्त असमवायी कारण पनि हुन्छ, जुन निहित त रहन्छ समवायी कारणमा , तर गौण रूपमा रहेर समवायीका सहायक भई काम गर्दछ । जस्तै सूतमा रहेको रंग असमवायी कारण हो ।

तेस्रो किसिमको कारण पनि हुन्छ, जसलाई निमित्त कारण भनिन्छ । यो कार्यको उपादान कार्य पनि होइन, उपादानको सहयोगी पनि होइन, तैपनि यो कार्यको उत्पत्तिको कारण हुन्छ जस्तै कपडा बनाउने तान । तान कपडाका लागि निमित्त कारण हो । अर्को दृष्टिले कारणका दुई भेद अरू गर्न सकिन्छः प्रायोजक कारण र भोक्ता कारण । जुलाहा (कपडा बनाउने) कपडाको प्रायोजक कारण हो भने कपडाको उपयोग गर्ने (जुन प्रकारका व्यक्तिलाई लक्ष्यमा राखेर कपडा बनाइएको हुन्छ) ती भोक्ता कारण हुन् ।

द्रव्य नौ प्रकारका हुन्छन् – १. पृथ्वी, २. जल, ३. तेज वा अग्नि, ४. वायु, ५. आकाश, ६. काल, ७. दिक्, ८. आत्मा र ९. मन । क्षिति, जल, पावक, गगन र समीर पञ्चभूत हुन्, जिनको प्रत्यक्ष बाह्येन्द्रियद्वारा हुन्छ । यी सबैका आ-आफ्ना विशेष गुण छन् । उदाहरणका लागि पृथ्वीको विशेष गुण गंध, जलको रस, तेजको रूप, वायुको स्पर्श र आकाशको शब्द पाइन्छ । जुन इन्द्रियको माध्यमले जुन विशेष गुणको अनुभव हुन्छ, त्यसैको आधारभूत द्रव्यबाट त्यस इन्द्रियको उत्पत्ति हुन्छ । घ्राणेन्द्रियको उत्पत्ति पृथ्वीतत्त्वले, रसेन्द्रियको जलले, आँखाको तेजले, त्वचाको वायुले, र कानको आकाशतत्त्वले निर्माण हुन्छ । पृथ्वी, जल, अग्नि र वायु यी द्रव्यकारण रूपमा नित्य र कार्यरूपमा अनित्य हुन्छन् । क्षिति, जल, पावक र समीरका परमाणु नित्य छन्, किनभने परमाणु निरवयव, अनादि र अनन्त हुन्छन् । तर यिनबाट निर्मित सावयव पदार्थ अनित्य हुन् । यिनको विनाश हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमाणुलाई प्रत्यक्ष देख्न सकिन्न । यिनको अस्तित्त्व अनुमानले जानिन्छ । कुनै सावयव कार्यको निर्माण परमाणु संघटनले हुन्छ । यदि कुनै कार्यद्रव्यका अवयवहरूको सूक्ष्मातिसूक्ष्म विभाजन गर्दै गयौं भने महतबाट क्षुद्र , क्षुद्रबाट क्षुद्रतर र अन्ततः यस्तो क्षुद्रतम अवस्थामा पुग्छौं जसको विभाजन सम्भव हुँदैन । यो अविभाज्य अंशलाई नै परमाणु भनिन्छ । परमाणु अनादि हुन्छ, अविनाशी हुन्छ, नित्य हुन्छ । आधुनिक विज्ञान पनि यस सत्यको नजिक छ ।

पञ्चम भूत आकाश हो र यो आकाश शब्दको आधार हो । शब्द प्रत्यक्ष हुन्छ, आकाश प्रत्यक्ष हुँदैन । बाह्य प्रत्यक्षका लागि तिनमा दुई कुरा हुनु आवश्यक हुन्छन् : (१) महत्त्व अर्थात् ठूलो परिमाण तथा (२) अद्भूतरूपवत्व, अर्थात् प्रकट रूप । शब्दमा पृथ्वी, जल, तेज वायुमध्य कुनैको गुण हुँदैन । न यसमा पृथ्वीको गंध छ, न जलको रस छ, न तेजको रूप छ, न वायुको स्पर्श । जव यी द्रव्य हुँदैनन्, त्यस बेला पनि शब्दको प्रादुर्भाव हुन्छ । शब्दमा दिक्, काल, आत्मा र मनको गुण पनि हुँदैन । किनभने शब्द नहुँदा पनि यिनको अस्तित्त्व हुन सक्छ । त्यसैले, शब्दको आधार एउटा भिन्न द्रव्यलाई मान्नु पर्ने हुन्छ । यो द्रव्य आकाश हो । आकाश निरवयव हो, त्यसैले नित्य हो । आकाश विभु अथवा सर्वव्यापी हुन्छ ।

आकाशझैं दिक् र काल पनि अगोचर द्रव्य हुन्छन् । दिक् र काल पनि नित्य र सर्वव्यापी हुन्छन् । 'यहाँ', 'त्यहाँ', 'नजिक', 'टाढा' यी प्रत्ययहरूको कारण हो अनुमान । अनुमानद्वारा नै यिनको ज्ञान हुन्छ । त्यसै गरी भूत, भविष्यत्, वर्तमान, प्राचीन र आर्वाचीन यी प्रत्ययहरूको कारण हो काल । आकाश, दिक् र काल सर्वव्यापी हुन्छन्, तर उपाधि भेदले यी नाना (अनेक) प्रतीत हुन्छन् तथा यिनका अंश एक अर्काबाट अलग्ग प्रतीत हुन्छन् । उदाहरणको लागि घरभित्रको आकाश र बाहिरको आकाश भिन्न प्रतीत हुन्छ, तर हो एउटै । त्यसै गरी, पूर्व र पश्चिम, दिन र घण्टा, दिक् कालका औपाधिक भेद त देखिन्छन्, तर यिनमा प्रत्येकको सत्ता एक हुन्छ ।

आत्मा नित्य र विभु (सर्वव्यापी) हुन्छ । यो नै चेतनाको आधार हो । आत्मा दुई प्रकारका हुन्छन् : (१) जीवात्मा र (२) परमात्मा । परमात्मा एक हुन् , सृष्टिको उद्भव, स्थिति र संहारका कारण हुन् । जीवात्माको ज्ञान मानस प्रत्यक्षद्वारा हुन्छ । यथा, 'म सुखी हुँ' 'म दुःखी हुँ' जस्ता विशेष अनुभवद्वारा जीवात्माका गुण प्रकट हुन्छन् । जीवात्मा अनेक हुन, किनभने भिन्न-भिन्न कायामा भिन्न-भिन्न जीवात्माको बास हुन्छ ।

जीवात्मा र तिनका गुण (सुख-दुःख आदि) लाई प्रत्यक्ष गर्ने आभ्यन्तरिक साधन मन हो । जीवात्मा परमाणु रूप हो, त्यसैले आँखाले देख्न सकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवात्माको अस्तित्त्वको अनुमान तीन कुराले गर्न सकिन्छ :
१. बाह्य जगत्को ज्ञानका लागि बाह्येन्द्रियको आवश्यकता भएझैं, आभ्यन्तरिक पदार्थ (ज्ञान, इच्छा, भाव, विचार आदि) का साक्षात्कारका लागि आभ्यन्तरिक साधन (इन्द्रिय) हुनु आवश्यक हुन्छ ।
(२) यद्यपि, हेर्दा पाँचवटै बाह्येन्द्रिय एउटै समयमा आ-आफ्ना विषयले संयुक्त हुन्छन्, तैपनि हामीलाई रूप, रस गन्ध, स्पर्श र ध्वनिको अनुभव एउटै समयमा हुँदैन, अघि-पछि हुन्छ । प्रत्येक सम्वेदनामा इन्द्रिय-संयोगका साथै मनको संलग्नता पनि हुन्छ । मनको संयोग नहुँदा विषको प्रतीति हुँदैन । गंधमा मनको संलग्नता भएके बेला रूपको ध्यान हुँदैन, रूपमा ध्यान स्थिर हुँदा ध्वनिको ज्ञान हुँदैन । यसरी के सिद्ध हुन्छ भने अन्तरिन्द्रियको रूपमा मनको अस्तित्त्व मान्नै पर्ने हुन्छ । मन पनि अणुरूप हुन्छ ।

(२) गुण-

गुण त्यस पदार्थलाई भनिन्छ, जुन द्रव्यमै निहित हुन्छ र जसमा अन्य कुनै गुण वा कर्म हुँदैन । द्रव्य हुँदैन भने गुण हुँदैन । गुण द्रव्यमा हुन्छ । द्रव्यको गुण हुन्छ तर, गुणको गुण हुँदैन । त्यसैले द्रव्य कुनै कार्यको उपादान (साधन वा समवायी) कारण हुन सक्छ । गुण उपादान वा समवायी हुनु हुँदैन, त्यसैले यसलाई असमवायी भनिन्छ ।

गुण चौवीस प्रकारका हुन्छन् : (१) रूप (२) रस (३) गन्ध (४) स्पर्श (५) शब्द (६) संख्या (७) परिमाण (८) पृथकत्व (९) संयोग (१०) विभाग (११) परत्व (१२) अपरत्व (१३) बुद्धि (१४) सुख (१५) दुःख (१६) इच्छा (१७) द्वेष (१८) प्रयत्न (१९) गुरुत्व (२०) द्रव्यत्व (२१) स्नेह (२२) संस्कार (२३) धर्म (२४) अधर्म । यी मध्ये कतिपय गुणका अवान्तर विभाग पनि हुन्छन् : जस्तै रूप-रंगका प्रभेद - सेतो, कालो, रातो, नीलो, हरियो, आदि । रसका प्रभेद - गुलियो, अमिलो, नुनिलो, पिरो, तीतो, टर्रो । गंधका प्रभेद - सुगन्ध, दुर्गन्ध । स्पर्शका प्रभेद - तातो, चिसो मनतातो । शब्दका प्रभेद - ध्वन्यात्मक, अस्फुट, वर्णात्मक वा स्फुट शब्द ।

संख्या पदार्थको त्यो गुण हो, जसले गर्दा हामी एक, दुई, तीन जस्ता शब्दको व्यवहार गर्दछौं । परिमाणले गर्दा हामी पदार्थमा सानो र ठूलोको भेद देख्तछौं । यी चार प्रकारका हुन्छन् - १. अणु (सब भन्दा सानो), २. ह्रस्व (सानो), ३. दीर्घ (ठूलो) ४. महत् (सबभन्दा ठूलो) । पृथकत्व त्यो गुण हो जसले गर्दा एउटा वस्तुको अर्को वस्तुसँग भेद परिलक्षित हुन्छ ।

दुई पृथक रहनसक्ने द्रव्यको सम्बन्धको नाम संयोग हो । जस्तै कागज र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलमको सम्बन्ध । कारण र कार्यमा जुन सम्बन्ध छ, त्यसलाई संयोग भन्न मिल्दैन, किनभने कारण बिना कार्यको छुट्टै अस्तित्त्व सम्भव छैन । संयोगको छुट्टा - छुटै अस्तित्त्वलाई विभाग भनिन्छ । संयोग तीन प्रकारका हुन्छन् ।

१. आभ्यन्तर कर्मज - यसमा एउटा द्रव्य आएर अर्को द्रव्यसित सम्बन्ध राख्त छ । जस्तै चरा उड्दै आएर गुराँसको हाँगामा बस्नु ।

२. उभयज कर्मज - यसमा दुई द्रव्यका क्रिया - प्रतिक्रियाको संयोग हुन्छ । जस्तै, दुई पहलवान दुईतिरबाट आएर पौंठाजोरी खेल्नु ।

३. संयोगज - यसमा एउटा संयोगले अर्को संयोग हुन्छ । जस्तै मेरो हातको कलमले कागजको संयोगज संयोग हुन्छ । हातको संयोग कलमले, फेरि कलमको संयोग कागजले, कागजको संयोग पनि टेबलले ।

विभाग पनि तीन प्रकारका हुन्छन् :

१. अभ्यन्तर कर्मज - जहाँ एउटा द्रव्यको क्रियाले संयोगको अन्त हुन्छ, जस्तै गुराँसको हाँगाबाट चरो भुर्र उडेर जानु ।

२. उभयज कमर्ज - जहाँ दुई द्रव्यको क्रियाले विभाग हुन्छ, जस्तै, दुई पहलवानले पैठाजोरी खेलेर बाटो लाग्नु ।

३. विभागज - जहाँ एउटा विभागले अर्को विभाग जान्छ, जस्तै जब हातले कलम छोड्छ, कागजसित पनि हात र कलमको सम्बन्ध छुट्छ ।

परत्व र अपरत्व पनि दुई प्रकारका हुन्छन् : कालिक र दैशिक । कालिक परत्व भनेको प्राचीनता हो र अपरत्व भनेको नवीनत हो । त्यसै गरी, दैशिक परत्व भनेको टाढापन हो, दैशिक अपरत्व भनेको नजिकपन हो ।

प्रयत्न तीन प्रकारका हुन्छन् ।

१. प्रवृत्ति (कुनै वस्तु पाउने चेष्टा)

२. निवृत्ति (कुनै वस्तुसित मुक्ति पाउने चेष्टा)

३. जीवनयोनि (प्राण धारण गर्ने चेष्टा),

द्रव्यत्व एउटा यस्तो गुण हो, जसले गर्दा पानी , दूध जस्ता तरल पदार्थ बग्छन् । स्नेह एउटा यस्तो गुण हो , जसले गर्दा पार्थिव कणहरू मिलेर पिण्ड बन्दछन् । यो गुण पनि पानीमा पाइन्छ । पानीले गहुँको पिठोका कणलाई एक ठाउँमा पारी पिण्ड बनाइन्छ ।

संस्कार तीन प्रकारका हुन्छन् -

१. बेग - यसले गर्दा कुनै वस्तुमा गति हुन्छ ।

२. भावना - यसले गर्दा कुनै वस्तुको संझना वा पहिचान (प्रत्यभिज्ञा) हुन्छ ।

३. स्थितिस्थापकत्व - यसले गर्दा कुनै पदार्थ विक्षोभित भएर फेरि आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरानो अवस्थामा फर्किन्छ । जस्तै, रबरको फित्ता । धर्म र अधर्मले पुण्य र पापको बोध हुन्छ । धर्मले सुख र अधर्मले दुःख पाइन्छ ।

यसरी वैशेषिक दर्शनमा गुण चौबीस मात्र मानिए पनि यिनका अवान्तर प्रभेदले गुण असंख्य हुन जान्छन् ।

३. कर्म -

द्रव्यका मूल गतिशील धर्मलाई कर्म भनिएको छ । गुण निष्क्रिय स्वरूप हो, कर्म सक्रिय । गुण आफ्नो आधारभूत त्यो निष्क्रिय धर्म हो, जुन त्यसैमा निहित रहन्छ । कर्म त्यो गतिशील व्यापार हो , जसले पदार्थलाई स्थानान्तर पुऱ्याउँदछ । कर्मको आधार मात्र मूर्त द्रव्य - पृथ्वी, पानी , तेज हावा र मन - हुन सक्छन् । सर्वव्यापी द्रव्य - आकाश , दिक् , काल र आत्मा -मा कर्मको गति सम्भव छैन, किनभने यी एक स्थानबाट अर्को स्थानमा पुग्न सक्तैनन् । कर्म पाँच प्रकारका हुन्छन् -

१. उत्प्रेषण (माथि उफार्नु), जस्तै, भुकुन्डो ।
२. अवक्षेपन (तल झार्नु), छानो बाट पानी फाल्नु ।
३. आकुञ्चन (खुम्च्याउनु), जस्तै खुट्टा खुम्च्याउनु ।
४. प्रसारण (फैलाउनु), जस्तै गोडा पसार्नु ।
५. गमन (सार्नु वा हिडेनु) जस्तै हिंड्नु, कुद्नु आदि

सबै कर्म प्रत्यक्ष हुँदैनन् । पृथ्वी, पानी, प्रकाश (तेज) आदि देख्न सकिने द्रव्यज्ञान देखेर वा स्पर्शले हुन सक्छ । तर, मन अगोचर पदार्थ हो, त्यसैको प्रत्यक्ष ज्ञान हुन सक्तैन ।

४. सामान्य :

समान धर्म भएका एउटै वस्तु वा प्राणीलाई एउटै नाउँले सम्बोधित गरिन्छ । जातिवाचक संज्ञा यस अन्तर्गत पर्दछन् । जुन पदार्थले गर्दा भिन्नभिन्न व्यक्ति, जीव, वस्तु एउटै नाउँले सम्बोधित (संज्ञानित) हुन्छन्, न्यायदर्शनमा त्यसैलाई सामान्य भनिन्छ ।

न्याय र वैशेषिक दर्शनले प्रतिपादन गरेको मतलाई 'वस्तुवाद' भनिन्छ । भिन्नभिन्न मानिसमा जुन एकताको प्रतीति हुन्छ, त्यो तिनमा निहित सामान्यले गर्दा । मानवत्व, पाशुत्व एउटा मानसिक अवधारणा वा प्रत्यय (concept) मात्र होइन, त्यसको स्वतन्त्र सत्ता हुन्छ । विस्तार वा व्यापक्ताको दृष्टिले सामान्यका तीन भेद हुन्छन् । १. पर २. अपर र ३. परापर । सबभन्दा बढी सामान्यलाई 'पर', सबभन्दा कम सामान्यलाई 'अपर' र बीचको सामान्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'परापर' भनिन्छ । 'सत्ता' सर्वाधिक व्यापक भएको हुँदा (द्रव्य, गुण, कर्म तीनैमा व्याप्त भएको हुँदा) 'परा' समान्य हो । 'घटत्व' मात्र घटमा सीमित भएको हुँदा 'अपर' सामान्य हो । 'द्रव्यत्त्व' दुवैको बीचमा भएको हुँदा 'परापर' सामान्य हो ।

५. विशेष :

जुन द्रव्य निरवयव हुनाले नित्य हुन्, तिनको विशिष्ट व्यक्तित्वलाई 'विशेष' भनिन्छ । यथा, दिक्, काल, आकाश, मन, आत्मा तथा चार भूतका परमाणुविशेषले गर्दा नै एउटा परमाणु तथा एउटा आत्मा र अर्को आत्मामा फरक हुन्छ र यिनका छुट्टाछुट्टै व्यक्तिगत स्वरूप चिनिन्छन् । नित्य द्रव्यमा निहित भएको कारण विशेष पनि नित्य हुन्छ । सावयव पदार्थ (घैंटा, रुख लहरा) आफ्नो अवयवको भिन्नताले नै चिनिन्छन् । तर निरवयव नित्य द्रव्यको मूल फरक विशेषले गर्दा छुट्याइन्छ । यस्ता द्रव्य असंख्य छन्, त्यसैले विशेष पनि असंख्य छन् ।

६. समवाय :

सम्बन्ध दुई प्रकारका हुन्छन् : संयोग र समवाय । छुट्टाछुट्टै वस्तु केही समयका लागि मात्र एकत्र हुनुलाई संयोग भनिन्छ । जस्तै नदी - नाउ संयोग । यो सम्बन्ध क्षणिक हुन्छ । तर समवाय दुई पदार्थको नित्य सम्बन्ध हो । जस्तै, धागो र कपडाको सम्बन्ध, गुलाफको फूलसित रातो रंगको सम्बन्ध (यद्यपि अहिले कृत्रिम रूपले विकसित भएका अनेक रंगका गुलाफ देखिन्छन्), जलमा गति आदि । समवायसम्बन्ध ती दुई वस्तुमा परस्पराश्रित हुन्छ जसमा एउटाको अभावमा अर्कोको कल्पना सम्भव छैन । धागोमा कपडाको अस्तित्त्व परस्पराश्रित र अन्योन्याश्रित छ । त्यसैले यस समबन्धलाई 'अयुतसिद्ध' भनिन्छ । रंग फूलमा रहन्छ, तर फूल रंगमा रहँदैन । रंग र फूलको यो सम्बन्ध समवाय सम्बन्ध हो ।

७. अभाव :

माथिका ६ पदार्थ मध्ये कुनैमा पनि नरहने पदार्थलाई अभाव पदार्थ भनिन्छ । अभाव दुई प्रकारका हुन्छन् । १. संसर्गाभाव र २. अन्योन्याभाव । संसर्गाभावको अर्थ नै हो कुनै एक वस्तुको अर्को वस्तुमा अभाव । यथा, आगोमा शीतलताको अभाव । अन्योन्याभावको अर्थ हो एउटा वस्तु अर्को वस्तुमा नहुनु । यथा, पानी आगो होइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसर्गाभाव तीन प्रकारका हुन्छन् : १. प्रागाभाव २. ध्वंसाभाव ३. अत्यंताभाव ।

१. प्रागभाव – कुनै कायैद्रव्य (यथा, घैंटा)को उत्पत्तिपूर्व माटोमा जुन त्यसको अभाव थियो, त्यसलाई प्रागभाव भनिन्छ । माटोमा यो अभाव अनादि कालदेखि थियो र घैटा बनिसकेपछि त्यस अभावको अन्त्य भयो । त्यसैले प्रागाभावलाई अनादि र सांत भनिन्छ ।

२.ध्वंसाभाव – कुनै उत्पन्न कार्यद्रव्य नष्ट भएपछि जुन त्यसको अभाव हुन्छ, त्यसलाई ध्वंसाभाव भनिन्छ । जस्तै घैंटा फुटेपछि जुन त्यसको (घैंटाको) अभाव भयो त्यसलाई ध्वंसाभाव भनिन्छ । यसलाई आदि र अनन्त मानिन्छ ।

३. अत्यन्ताभाव – कुनै वस्तुमा सार्वकालिक (भूत, वर्तमान र भविष्यत् काल) सम्बन्धको अभावलाई अत्यन्ताभाव भनिन्छ ।

४. अन्योन्याभाव – दुई पदार्थमा सम्बन्धको अभावलाई संसर्गाभाव भनिन्छ भने दुई वस्तु अलग्ग–अलग्ग हुनु अर्थात् एउटै नहुनुलाई अन्योन्याभाव भनिन्छ । एउटा पदार्थ अर्को पदार्थ भन्दा भिन्न हुन्छ । अर्थात् एउटा वस्तुमा अर्को वस्तुको अभाव हुन्छ । घट (घैंटा) मा पट (वस्त्र) को अभाव हुन्छ, पटमा घटको अभाव हुन्छ । यस प्रकारको भेदमूलक अभावलाई अन्योन्याभाव भनिन्छ । अत्यन्ताभावझैं अन्योन्याभाव पनि अनादि र अनन्त हुन्छ ।

सृष्टि र प्रलय :

संसारका सबै पदार्थ चार प्रकारका परमाणुबाट बनेका छन् । ती परमाणु हुन्– पृथ्वी, जल, तेज र वायु । शेष पाँच द्रव्यमा परमाणु हुँदैन । आकाश, दिक, काल, मन र आत्मामा परमाणु हुँदैन । परमाणुको गतिका सूत्रधार परमात्मा हुन् । उनी जीवका अदृष्य अनुसार कर्मफलको फल भोगाउन परमाणुका क्रियालाई प्रवर्तित गर्दछन् । सृष्टि र प्रलय उनै ईश्वरको इच्छाले हुन्छन् । तर, सबै प्राणीलाई आत्मोन्नति वा आत्मावनति गर्न सीमित स्वतन्त्रता प्राप्त छ ।

जगत् अनित्य हो । यसको उत्पत्ति र विनाश अवश्यम्भावी छ । तर जगत्का नित्य पदार्थ आकाश, दिक् , काल, मन, आत्मा र भौतिक परमाणुको न सृष्टि हुन्छ, न संहार । अणुहरूको संयोगले कार्यद्रव्यको उत्पत्ति र तिनको विच्छेदले तिनको ध्वंस हुन्छ । यिनै अनित्य द्रव्यको सृष्टि र लयको क्रम बताउनु परमाणुवाद हो ।

दुई परमाणुको प्रथमा सहयोगलाई 'द्वयणुक' भनिन्छ । तीन परमाणुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयोगलाई 'त्र्यणुक' वा 'त्रसरेणु' भनिन्छ। परमाणु सूक्ष्म भएकोले यिनको प्रत्यक्ष हुँदैन। सम्पूर्ण भौतिक जगत् र तिनका कार्यद्रव्य पृथ्वी, जल, तेज र वायुका परमाणुका द्वयणुक तथा तिनका बृहत्तर संयोगका परिणाम हुन्। संसारमा संयोगजन्य भौतिक कार्यद्रव्य पनि छन् र शरीर, इन्द्रिय, मन, बुद्धि र अहङ्कारले युक्त जीवात्मा पनि छन्। यी सबै दिक्, काल, र आकाशमा अवस्थित कार्य-कारण श्रृङ्खलामा बाँधिएका छन्। जीवात्मा आफ्नो, बुद्धि, ज्ञान र कर्म अनुसार सुख-दुःखको भोग गर्छन्। प्रत्येक लयभन्दा पूर्व सृष्टि रहन्छ तथा प्रत्येक सृष्टि भन्दा पूर्व लय। जीवात्माका प्राक्तन कर्म (पाप र पुण्य) अनुसार ईश्वर नव सृष्टिको रचना गर्छन्। ईश्वरले जब नव सृष्टिको संकल्प लिन्छन् जीवात्माको अदृष्ट अनुसार तिनका भोग - साधन (शरीर र बाह्य द्रव्य) बन्न थाल्छन्। तथा जीवात्मालाई त्यसै दिशामा प्रवृत्त गर्न थाल्छन्।

वायु परमाणुको संयोगले वायुमहाभूतको, जलपरमाणुको संयोगले जलमहाभूतको, पृथ्वी परमाणुको संयोगले पृथ्वीमहाभूतको, तेजपरमाणुको संयोगले तेजमहाभूतको उत्पत्ति हुन्छ। ईश्वरले ध्यान गर्नासाथ ब्रह्माण्ड उत्पन्न हुन्छ। ईश्वरले नै संसार संचालित गर्दछन्। उनले यसरी ब्रह्माण्डचक्र घुमाउँछन् कि धर्म र अधर्मअनुसार जीवहरूलाई सुखदुःखको भोग भइरहन्छ। एक दिन प्रलय आउँछ। दुई प्रलयको बीचको सृष्टिलाई कल्प भनिन्छ। एकपछि अर्को कल्प भइरहन्छ।

कणादद्वारा दुई हजारभन्दा पनि पहिले 'पदार्थ'को प्रत्याभिज्ञान एउटा आश्चर्यजनक घटना हो।

सांख्य दर्शन

(घ) सांख्य दर्शन -

महर्षि कपिल सांख्य - दर्शनका प्रवर्तक हुन्। सांख्य - दर्शनको सम्बन्ध संख्यासित छ, सम्भवतः त्यसैले यसको नाम सांख्य दर्शन पऱ्यो होला।

सांख्य - दर्शनका सिद्धान्त

१. सत्कार्यवाद-

सत्यकार्यवाद सिद्धान्त एउटा विवादमा आधारित छ कार्यको सत्ता पूर्वकारण विद्यमान रहन्छ वा रहँदैन ? घैंटाको सत्ता माटोमा पहलेदेखि नै विद्यमान थियो वा थिएन ? जुन सिद्धान्तले कार्यको सता पूर्वकारणमा विद्यमान थिएन भन्ने विश्वास गर्दछ, त्यसलाई असत्कार्यवाद भनिन्छ। सांख्य दर्शन असत्कार्यवादको विरुद्ध हो। यस दर्शनका तर्क निम्नलिखित हुन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) कार्य यदि कारणमा विद्यमान नरहेको भए तोरीबाट मात्रै तेल किन निस्किन्छ ? बालुवाबाट किन निस्किदैन ?

(२) खास कार्यको प्रादुर्भाव खास कारणले नै हुन्छ । तेल यदि निस्किन्छ भने तिल, सर्स्युं, बदाम, तोरी जस्ता पदार्थले नै । खास कार्यको प्रादुर्भाव खास कारणमा नभएको भए ईटाबाट पनि तेल निकाल्न सकिन्थ्यो ।

(३) समर्थ कारणले नै अभीष्ट कार्यको प्राप्ति हुन्छ ।

(४) कार्य कारणमा अविद्यमान भएको भए शुन्बाट पनि कुनै वस्तुको प्रादुर्भाव सम्भव हुन्थ्यो ।

(५) कार्य-कारण अभिन्न छन् । ढुङ्गाबाट प्रकट हुने कलाकृति पनि वास्तवमा ढुङ्गा हो । सत्कार्यवादका दुई रूप हुन्छन् : (१) परिणाम र (२) विवर्तवाद । परिणाम अनुसार, कार्यको उत्पत्तिको अर्थ हो, कारणको रूपान्तरण हुनु । दूधकै रूपान्तरण दही हो । विवर्तवाद अनुसार, कारणमा देखिएको रूपान्तरण भ्रम मात्र हो । ब्रह्मको रूपान्तरण हुँदैन । त्यो शाश्वत हो । वस्तुतः नाम रूपात्मक जगत्मा रूपान्तरणको भ्रम हुन्छ । कार्य कारणको वास्तविक रूपान्तर होइन, विवर्त (appearance) मात्र हो ।

२. प्रकृति र त्यसका तीन गुण :

संसारका सबै पदार्थ कार्यद्रव्य हुन्, जो अनेक उपादानको संयोगको परिणति या परिणाम हो । सांख्य अनुसार, देह, इन्द्रिय र बुद्धि समेत कार्यद्रव्य हुन् र यी पनि अनेक उपादानको संयोगका परिणाम हुन् । यो सृष्टि कार्यकारणको एउटा श्रृंखला हो र यसको कारण आत्मा वा पुरुषलाई मान्न सकिन्न, किनभने आत्मा कुनै वस्तुको न कार्य हो न कारण । त्यसैले संसार या सृष्टिको मूल कारण जड पदार्थ नै हुन सक्छ । यो मूल कारण जड सँगसँगै सूक्ष्मातिसूक्ष्म अनादि र अनन्त हुनुपर्दछ । यस मूल कारणलाई सांख्यदर्शनले प्रकृति मान्दछ । मन, बुद्धि र अहङ्कार जस्ता सूक्ष्मातिसूक्ष्म कार्यका आधार भएको हुँदा प्रकृति पनि एउटा अनन्त र सूक्ष्मातिसूक्ष्म शक्ति हो, जसद्वारा संसारको सृष्टि र लयको चक्र निरन्तर चलिरहन्छ ।

संसारको मूलभूत सूक्ष्म कारण प्रकृति हो, किनभने (१). संसारका सम्पूर्ण विषय-बुद्धिदेखि पृथ्वीसम्म - देशकालले परिच्छन्न (सीमित) र कारणापेक्ष (पूर्ववती कारणमा निर्भर) हुन्छन् । (२) संसारका सबै पदार्थ सुख-दुःख, मोह, उदासीनता आदि उत्पन्न गर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने यिनका मूल कारणमा पनि यी गुण निहित हुनुपर्दछ । (३) सबै कार्य यस्ता कारणले उत्पन्न हुन्छन्, जसमा यी कार्य अव्यक्त बीच रूपमा विद्यमान थिए । अर्थात्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयजगत्, जुन कार्यहरूको समूह हो, अव्यक्त रूपले कुनै वीजरूप कारण जगत्मा विद्यमान हुनु पर्दछ। (४) कार्य कारणबाट उत्पन्न हुन्छ र नष्ट भएपछि कारणमै विलीन हुन्छ। प्रलयावस्थामा सबै पदार्थ भौतिक परमाणुमा, परमाणु शक्तिमा र अन्ततः सबै वस्तु अव्यक्त प्रकृतिमा लीन हुन जान्छन्। प्रकृति स्वयं कुनै कारणको कार्य नभई शाश्वत हुन्छ।

सत्व, रज र तम - यी तीन गुण प्रकृतिमा निहित छन्। यी गुण तीन धर्म नभएर तीन द्रव्य हुन्, जो प्रत्यक्ष दृष्टिगोचर हुँदैनन्। विषयरूपी कार्यका स्वरूप देखेर हामी गुणका स्वरूपको अड्कल काट्तछौं। एउटै वस्तुले कसैको मनमा सुख, कसैको मनमा दुःख र कसैको मनमा उदासीनता उत्पन्न गर्दछ। उदाहरणका लागि एउटै सङ्गीतले कुनै सङ्गीत प्रेमीलाई सुख दिन्छ, बेरामीलाई दुःख दिन्छ र भैंसीलाई सुख न दुःख अर्थात् उदासीनता दिन्छ।

सतोगुण लघु , प्रकाशक र आनन्ददायक हुन्छ। जहाँ - जहाँ लघुता हुन्छ (जस्तै लघुता वा हुलुङ्गोपनले गर्दा अग्निज्वाला माथि उठ्नु, मनको ऊर्ध्वगमन आदि), आनन्द हुन्छ। तिनको मूलकारण सत्वगुण हो। रजोगुण गतिशील र उत्तेजक हुन्छ। जहाँजहाँ गति र उत्तेजना हुन्छ , त्यहाँ रजोगुण हुन्छ। यो गुण दुःखात्मक हुन्छ। शारीरिक व मानसिक पीडाको कारण रजोगुण नै हो। तमोगुण गुरु (भारी) र अवरोधक (रोक्ने) हुन्छ। यो प्रकाशको आवरण र रजोगुणका क्रियाको अवरोधक हो। यसले मूर्खता र अहङ्कारको उत्पत्ति हुन्छ। सत्वगुणको रंग सेतो, रजोगुणको रातो र तमोगुणको कालो कल्पित गरिएको छ। यी तीनै गुणमा परस्पर विरोध पनि छ र सहयोग पनि। त्यसैले सांसारिक वस्तुमा यी गुण मात्रागत भेदले विद्यमान हुन्छन्। यिनमा निहित प्रत्येक गुणले एक अर्कालाई दबाउने प्रयत्न गर्दछ र जुन गुण बलियो हुन्छ त्यसै अनुसार वस्तुको स्वरूप निर्धारित हुन्छ। यिनै गुणको आधारमा विषयको विभाजन तीन वर्गमा गरिन्छ : इष्ट, अनिष्ट र तटस्थ। प्रलयावस्थामा सत्व सत्वमा , रज रजमा र तम तममा परिणत हुन्छ। सृष्टिपूर्व यी गुण (साम्य) अवस्थामा रहन्छन्। तिनमा न शब्द, न स्पर्श, न रूप, न रस, न गंध, न स्पर्श हुन्छ। यसै साम्यावस्थालाई सांख्यमा प्रकृति भनिएको छ।

३. पुरुष या आत्मा संख्याको एउटा तत्त्व प्रकृति हो , अर्को पुरुष तथा आत्माको अस्तित्त्व निर्विवाद हुन्छ। आत्मा स्वयंसिद्ध (स्वतः प्रकाश) हो र यसको सत्ता निर्विवाद छ। सांख्य दर्शन अनुसार आत्मा (पुरुष) देह, इन्द्रिय, मन र बुद्धिभन्दा इतर हुन्छ। आत्मा त्यो शुद्ध चैतन्यस्वरूप हो, जो सर्वदा द्रष्टा र ज्ञाताको रूपमा रहन्छ र कहिल्यै पनि ज्ञानको विषय हुन सक्तैन। त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयम्भू, नित्य र सर्वव्यापी सत्ता हो, जो राग-द्वेष जस्ता सबै विषयबाट असंपृक्त रहन्छ। कर्म र परिणाम प्रकृति र तिनका विकारका धर्म हुन्। सांख्यले द्रष्टा पुरुष (आत्मा) लाई सिद्ध गर्न अनेक तर्क प्रस्तुत गरेको छ। (१) संसारका सबै सावयव द्रव्य (घर, भाँडा, कपडा आदि) पदार्थ (अर्काका लागि) हुन्छन्, स्वयं आफ्ना लागि होइन। यी द्रव्य जसको उद्देश्य पूरा गर्ने साधन हुन्। ती अचेतन हुन सक्तैनन्। (२) यी पुरुष (आत्मा) विषयझैं जड र सावयव होइन। जड भएका भए यसमा पनि उद्देश्य पूरा गर्ने साधनाको रूपमा उसैद्वारा प्रयोग गरिन्थ्यो। (३) सबै जड पदार्थ चेतन सत्ताद्वारा संचालित हुन्छन्। त्यसै गरी जड प्रकृति र तिनका विकार कुनै चेतन पुरुषको सहयोगले सृष्टिरचना गर्न समर्थ हुने थिएनन्। तिनका क्रियाकलापलाई निर्देशित गर्न पनि चेतन सत्ता हुनु अपरिहार्य छ।

४. संसारका भोग्य पदार्थ सुख दःखले परिपूर्ण छन्। यीनका भोक्ता नभए भोग कसरी सम्भव हुन्थ्यो ?

५. हामी दुःखबाट मुक्ति चाहन्छौं। यसबाट सिद्ध हुन्छ, दुःखमय जड जगत् भन्दा माथि कुनै आत्मा या अशरीरी पुरुष अवश्य छ, जसले मुक्ति चाहन्छ। अद्वैत वेदान्तको विचारमा एउटै आत्मा सबै जीवमा व्याप्त हुन्छ, तर सांख्यले प्रत्येक जीवमा छुट्टाछुट्टै आत्माको अस्तित्त्व स्वीकार गर्दछ। भिन्न-भिन्न व्यक्तिको जन्म-मृत्यु, ज्ञान-कर्ममा भिन्नता पाइन्छ। एउटाको जन्मले सबैको जन्म र एउटाको मृत्युले सबैको मृत्यु हुँदैन। यसबाट स्पष्ट छ, आत्मा एक होइन, अनेक छन्। सबै जीवमा एउटै आत्मा भएको भए एउटा सुत्दा सबै सुत्थे, एउटा उठ्ता सबै उठ्थे। मान्छे चेतनाको दृष्टिले अन्य जीवभन्दा माथिल्लो श्रेणीमा र ईश्वर भन्दा तल्लो श्रेणीमा पर्दछ। आत्मा एउटै भए यो भिन्नता पनि हुने थिएन। प्रकृति एउटा हो, तर पुरुष अनेक छन्।

४. जगत्को सृष्टि र विकार :

प्रकृति र पुरुषको संयोगले सृष्टि हुन्छ। प्रकृतिको क्रिया पुरुषको चैतन्यबाट निरूपित हुन्छ, त्यसपछि सृष्टिको उद्भव हुन्छ। जसरी एउटा अन्धो र एउटा लङ्गडोले मिलेर एक अर्काको सहायताले जङ्गल पार गर्छन्। त्यसै गरी प्रकृति र पुरुष भिन्न-भिन्न र एकअर्काको सहयोगले सृष्टि गर्छन्। माथि उल्लेख गरिएको छ, सृष्टिपूर्व सत्व, रज, तम यी तीनै गुण साम्यावस्थामा रहन्छन्। तर प्रकृति र पुरुषको संयोग भएपछि यिनमा विकार उत्पन्न हुन्छ, जसलाई 'गुण-क्षोभ' भनिन्छ। सबभन्दा पहिले रजोगुणमा परिवर्तन (क्षोभ) उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, किनभने यो स्वभावतः क्रियात्मक हो। त्यसपछि त्यसका कारण र गुणमा स्पन्दन हुन थाल्छ। फलतः प्रकृतिमा एउटा भीषण आन्दोलनको थालनी हुन्छ र प्रत्येक गुणले एक अर्कामाथि आधिपत्य जमाउन खोज्दछ। क्रमशः तीनवटै गुणमा पृथकीकरण र संयोगको प्रक्रिया सुरू हुन्छ, तथा न्यूनाधिक अनुपातमा तिनको संयोगको परिणाम स्वरूप नाना प्रकारका सांसारिक विषय उत्पन्न हुन्छन्। सांख्य मत अनुसार सृष्टिको उद्भवको एउट निश्चित प्रक्रिया छ र सबभन्दा पहिले 'महत्' को जन्म हुन्छ। यो 'महत' नै सृष्टिको बीज हो। बुद्धिले नै ज्ञात र ज्ञेयको भेद छुट्याउँद छ। सत्वगुणको प्रभावले नै बुद्धि (महत-तत्त्व) को जन्म हुन्छ, जसले राम्रो नराम्रो छुटयाउँद छ। तथा स्वतः स्वयंलाई तथा अन्य वस्तुलाई प्रकाशित गर्दछ। बुद्धिमा सत्वको अधिकता भएको अवस्थामा सात्विक बुद्धिको फल हुन्छ : धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य। तमस्को आधिक्य भएको बेला तमस बुद्धिले गर्दा अधर्म, अज्ञान, आसक्तिको उत्पत्ति हुन्छ।

बुद्धि पुरुष (आत्मा) भन्दा भिन्न हुन्छ। आत्मा त समस्त द्रव्य र गुणभन्दा भिन्न र माथि छ। इन्द्रिय र मनका व्यापार बुद्धिका लागि हुन्छन् र बुद्धिका व्यापार आत्माका लागि। बुद्धिको सहयोगले आत्मा आफ्नो र प्रकृतिको भेद बुझेर आफ्नो सत्यस्वरूपको पहिचान गर्न सक्तछ। प्रकृतिको दोस्रो विकार हो- अहङ्कार। यो महत्त्वको परिणम हो। 'म' र 'मेरो' को अभिमान नै अहङ्कार हो। यसै अहङ्कारले गर्दा आत्मा मिथ्या भ्रममा फँसेर आफूलाई कर्ता र कामी ठान्दछ। सबभन्दा पहिले इन्द्रियद्वारा विषयको प्रत्यक्ष हुन्छ, त्यसपछि मन त्यसबारे सोच्न थाल्छ अनि 'म' र 'मेरो' को भावलाई नै अहङ्कार भनिन्छ। यसै अहङ्कारले सांसारिक विषयमा आफ्नो प्रवृत्ति भएपछि हामी सांसारिक क्रियाकलापमा संलग्न हुन्छौं।

अहङ्कार तीन प्रकारका हुन्छन् : (१) सात्विक (सत्वगुणको प्रधानता भएको) (२) राजस (रजोगुणको प्रधानता भएको) (३) तामस (तमोगुणको प्रभाव भएको)। सात्विक अहङ्कारले नै एकादश इन्द्रियको उत्पत्ति हुन्छ, जसमा ५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय र एउटा मन सम्मिलित छ। राजस अहङ्कार सात्विक र तामस दुवै अहङ्कारका सहायक हुन्। पुरुष (आत्मा)को विषयभोगको लालसा नै विषय र इन्द्रियको उत्पत्तिको कारण हो। कर्मन्द्रिय यी हुन् : मुख, हात, खुट्टा, मलद्वार, जननेन्द्रिय। मुखले बोलिन्छ, हातले समाइन्छ, खुट्टाले हिंडिन्छ, मलद्वारले मल विसर्जन गरिन्छ, जननेन्द्रियले मूत्र विसर्जनसँगै संतान पनि उत्पन्न गरिन्छ। मन आभ्यन्तरिक इन्द्रिय दुवैलाई साथ दिन्छ। मनले नै कर्मेन्द्रियलाई आ-आफ्ना कर्मका लागि प्रेरित गर्दछ। मन अत्यन्त सूक्ष्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रिय भएपनि सावयव हुन्छ र एक साथ अनेक इन्द्रियसित संयुक्त हुन सक्छ। मन, अहङ्कार र बुद्धि यी तीनलाई अन्तःकरण भनिन्छ तथा ज्ञानेन्द्रिय एवं कर्मेन्द्रियलाई बाह्य कारण भनिन्छ। प्रँणको क्रिया अन्तःकरणबाट प्रवर्तित हुन्छ तथा अंतःकरण बाह्य कारणबाट प्रभावित हुन्छ। मन बाह्येन्द्रियद्वारा गृहीत निर्विकल्प प्रत्यक्षको रूप निर्धारित गर्दछ र त्यसलाई सविकल्प प्रत्यक्षका रूपमा प्रवर्तित गर्दछ। अहङ्कारले प्रत्यक्ष विषयसित राग र प्रतिकूल विषयसित द्वेष राख्त छ। बुद्धिले नै यी विषयको ग्रहण वा त्यागको निर्णय गर्दछ। तीन आभ्यन्तरिक र दस बाह्य इन्द्रिय समेत गर्दा 'त्रयोदश कारण' बन्दछन्। बाह्य इन्द्रियको सम्बन्ध मात्र वर्तमान विषयसित हुन्छ, तर आभ्यन्तरिक इन्द्रियको सम्बन्ध भूत, भविष्य र वर्तमानसित हुन्छ।

सांख्य मतानुसार मन अणुरूप होइन, न नित्य पदार्थ हो। त्यो प्रकृतिको एउटा कार्यदल हो र त्यसको कालविशेषमा उत्पत्ति पनि हुन्छ तथा नाश पनि। एउटै क्षणमा नाना ज्ञान, इच्छा र संकल्प हुन सक्त छ। शब्द, स्पर्श, रूप, रस र गंध यी पाँच 'तन्मात्र' हुन्, यनिको सम्बन्ध पाँच विषयसित छ। यो पञ्चतन्त्रले पाँच महाभूतको आविर्भाव हुन्छ। शब्द तन्मात्रले आकाशको उत्पत्ति हुन्छ। स्पर्श तन्मात्र र शब्द-तन्त्रमात्रको योगले वायुको उत्पत्ति हुन्छ। रूप तन्मात्र र स्पर्श-शब्द-तन्मात्रको योगले तेज वा आग्निको उत्पत्ति हुन्छ। रसतन्मात्र र शब्द-स्पर्श-रूपतन्मात्र को योगले जलको उत्पत्ति हुन्छ। गंधतन्मात्र र शब्द-स्पर्श-रूप-तन्मात्रको योगले पृथ्वीको उत्पत्ति हुन्छ। जुन क्रममा यिनको नाउँ दिइएको छ, तिनमा प्रत्येक परवर्तीमा पूर्ववर्तीको गुण पनि सम्मिलित हुन्छ, किनभने तिनका तत्त्व एक-अर्कासित मिल्दै अगाडि सर्छन्।

प्रकृतिदेखि पञ्चमहाभूतको उत्पत्तिसम्म चल्ने विकासधाराका दुई रूप हुन्छन्। (१) प्रत्ययसर्ग (बुद्धिसर्ग) र (२) तन्मात्रसर्ग (भौतिकसर्ग)। पहिलो अवस्थामा बुद्धि, अहङ्कार र एकादश इन्द्रियको आविर्भाव हुन्छ। द्वितीय अवस्थामा पञ्चतन्मात्रा, पञ्चमहाभूत र तिनको विकारको प्रादुर्भाव हुन्छ। तन्मात्रालाई सामन्यत्या अप्रत्यक्ष र अयोग्य हुनाले 'अविशेष' भनिन्छ। भौतिक तत्त्व र तिनका परिणामलाई विशेष धर्म, अर्थात् सुख, दुःख, र मोहले युक्त हुनाले विशेष भनिन्छ। विशेष वा विशिष्ट धर्म तीन प्रकारका हुन्छन् : (१) स्थूल महाभूत (२) स्थूल शरीर र (३) सूक्ष्म व लिङ्ग शरीर। स्थूल शरीरको निर्माण पञ्चमहाभूतले हुन्छ। बुद्धि, अहङ्कार एकादश इन्द्रिय र पञ्चतन्मात्राको समूहलाई सूक्ष्म सरीर भनिन्छ। स्थूल शरीरमा नै सूक्ष्म शरीरको निवास छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि चौबीस तत्त्वको खेल हो, जसको आरम्भ प्रकृतिबाट भएर पञ्चमहाभूतमा अवसान हुन्छ। यस खेलको दर्शक हो साक्षी पुरुष, जसले यसबाट आनन्द प्राप्त गर्दछ। यो संसार पुरुषको आध्यात्मिक उन्नतिको साधन हो। प्रकृतिको सांसारिक विषयको रूपमा विकासले गर्दा नै पुरुषले धर्माधर्म अनुसार सुख-दुःखको भोग गर्छ। प्राकृतिक विकासको चरम लक्ष्य हो पुरुषको मुक्ति र यो मुक्ति धार्मिक जीवन - शैलीले सम्भव हुन्छ। धार्मिक जीवनशैली अपनाउनेले पुरुषलाई आफ्नो सत्य-स्वरूपको ज्ञान हुन्छ। पुरुषको संसर्गले प्रकृतिको विकास कसरी हुन्छ, त्यसलाई स्पष्ट गर्न तल एउटा चित्र प्रस्तुत गरिएको छ :



प्रमाण - विचार

सांख्य दर्शनले तीन प्रमाण स्वीकार गर्दछ : प्रत्यक्ष, अनुमान र शब्द। उपमान, अर्थापत्ति, अनुपलब्धि जस्ता प्रमाण यी तीनभित्र नै समाविष्ट छन्। कुनै विषयको सत्यज्ञानलाई 'अर्थपरिच्छिति' वा 'प्रमा' भनिन्छ। यो 'प्रमा' चैतन्य बुद्धिमा उद्भूत हुन्छ। जब आत्मा चैतन्य बुद्धिमा प्रतिविम्वित हुन्छ, त्यसमा ज्ञानको उदय हुन्छ। चैतन्य आत्माको सहज धर्म हो। आत्मालाई स्वतः विषयको साक्षात्कार हुँदैन। बुद्धिमा चैतन्यको प्रकाश परेपछि हामीलाई विषको ज्ञान हुन्छ। 'प्रमा' (सत्यज्ञान)-को उत्पत्ति तीन वस्तुमा निर्भर हुन्छ : १. प्रमाता (जान्ने पुरुष) २. प्रमेय (जानिने विषय) र प्रमाण (सत्य ज्ञान प्रप्त गर्ने साधन)। शुद्ध चेतना पुरुष नै 'प्रमाता' हो, सत्यज्ञान नै प्रमेय हो र सत्यज्ञान प्राप्त गर्ने साधन नै प्रमाण हो।

कुनै विषयको इन्द्रियसँग सम्पर्क भएपछि जुन साक्षात् ज्ञान हुन्छ, त्यसलाई प्रत्यक्ष भनिन्छ। प्रत्यक्ष दुई प्रकारका हुन्छन् : निर्विकल्प र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सविकल्प । इन्द्रियसँग विषयको सम्पर्कको क्षणमा जुन विषयको आलोचना हुन्छ, त्यसलाई निर्विकल्प भनिन्छ । यस अवस्थालाई मानसिक विश्लेषण र संश्लेषणको पूर्वको अवस्था भनिन्छ । जब मनको द्वारा विषयको विश्लेषण, संश्लेषण र रूप निर्धारण हुन्छ, यसलाई सविकल्प प्रत्यक्ष भनिन्छ ।

अनुमानका दुई भेद हुन्छन् : बीत र अबीत । बीतका पनि दुई भेद हुन्छन्: पूर्ववत् र सामान्यतोदृष्ट । वस्तुहरूबीचको व्याप्ति सम्बन्धमा आधारित अनुमानलाई पूर्ववत्, बीत अनुमान भनिन्छ । जस्तै धूँवाले आगोको अनुमान पूर्ववत् बीत अनुमान हो, किनभने धूँवा आगोमा व्याप्त हुन्छ भन्ने बोध पूर्वज्ञानमा आधारित छ । लिङ्ग र साध्य बीच व्याप्ति सम्बन्ध नदेखिए पनि लिङ्गको सादृश्य (साधनको समानता) ती वस्तुसित हुँदा जसको साध्यसँग निश्चित सम्बन्ध छ, सामान्यतोकृष्ट अनुमान हुन्छ । यथा 'इन्द्रियद्वारा हामी सबै कुरा जान्छौं' यो अनुमान कसरी गर्ने ? प्रत्यक्षद्वारा यो सम्भव छैन । किनभने इन्द्रिय स्वयं अगोचर पनि छन् । आँखाले सबै देख्तछ तर हाम्रै आँखालाई हामीले सीसा वा ऐना बाहेक त्यसै देख्न सक्तैनौं । एउटा औंलाको टुप्पाले आफैं आफ्नो स्पर्श गर्न सक्तैन । यसरी प्रत्यक्ष ज्ञान र इन्द्रियमा व्याप्तिको सम्बन्धै नदेखिए पनि इन्द्रियको बारेमा हामी अनुमान गर्दछौं । यस्तो अनुमानलाई सामान्यतोदृष्ट अनुमान भनिन्छ ।

सबै विकल्प पन्छाउँदा जब एउटा विकल्प शेष रहन्छ, अनि त्यो सत्य प्रमाणित हुन्छ । यस प्रकारको अनुमानलाई 'अबीत' भनिन्छ । उदाहरणका लागि 'शब्द के हो ?' भन्ने मनले प्रश्न गर्दा हामी एक-एक विकल्पमाथि विचार गर्छौं - यो द्रव्य होइन, कर्म होइन, सामान्य, विशेष, समवाय वा अभाव होइन । यस्तो अवस्थामा अन्तिम विकल्प शेष रहन्छ - 'यो गुण हो' ।

तेस्रो हो 'प्रमाण' । आप्त वचनलाई प्रमाण भनिन्छ । वेदवाक्यलाई सांख्यले प्रमाण मान्दछ । यी वेदवचन (आप्तवाक्य) ऋषिहरूका साक्षात् अनुमान या अंतर्दृष्टि (intuitions) ले प्रकाशित भएका चरम सत्य हुन् ।

मोक्ष

सांसारिक जीवनमा हाँसो थोरै र आँसु धेरै छ । सामान्यतः दुःख तीन प्रकारका छन् - आध्यात्मिक, आधिभौतिक र आधिदैविक । आध्यात्मिक-दुःखले तात्पर्य सांख्यमा दैहिक दुःखसित छ । 'आत्मा' भनेको यहाँ पुरुष होइन, पुरुषको देह हो । यसरी दैहिक, भौतिक, दैविक यी तीन प्रकारका दुःख सांख्यले पनि स्वीकारेको छ । मानिस यी दुःखबाट मुक्ति चाहन्छ । तर यो मुक्ति वा मोक्ष कसरी प्राप्त गर्ने ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांख्य दर्शन अनुसार दुई प्रकारका वास्तविक सत्ता मात्र हुन्छन् – एउटा चेतन पुरुष र अर्को त्यसको विषयभूत जडपदार्थ। पुरुष (आत्मा) चैतन्यस्वरूप र बंधनमुक्त हुन्छ। यो बुद्धि, अहङ्कार, मन, इन्द्रिय र शरीर भन्दा माथि ज्ञाता मात्र हो। दुःख त मनोयुक्त शरीरलाई हुन्छ। आत्मा अमर हो। बुद्धिलाई सुखदुःखको अनुभूति हुँदा आत्मालाई आफू दुःखी भएको भ्रम पर्छ, किनभने उसले (आत्माले) अफूलाई बुद्धिभन्दा अभिन्न ठान्दछ। द्रष्टाले (आत्माले) आफूलाई दृश्य (प्रकृत) ठान्ने भूलले गर्दा नै आत्माले आफूलाई सुखी वा दुःखी ठान्दछ। म मुक्त, नित्य, अमर आत्मा हुँ र शरीर इन्द्रिय, मन र बुद्धिभन्दा माथि हुँ भन्ने बोधयुक्त अनुभूति हुनासाथ हामी सबै क्लेशबाट मुक्त हुन्छौं। सबै क्लेश शरीर , इन्द्रिय, मन र बुद्धिलाई मात्र हुन्छ भन्ने अटल सत्यको बोध हुन्छ।

मुक्ति पनि दुई किसिमका छन् – यसै जीवनमा सत्यस्वरूपको बोधद्वारा हुने मुक्तिलाई जीवनमुक्ति र मृत्युपछि देहबाट समेत हुने मुक्तिलाई विदेहमुक्ति भनिन्छ।

ईश्वर

ईश्वरको अस्तित्त्वबारे सांख्यदर्शनका अनुयायीहरूमा मतमतान्तर देखिन्छ। सनातन सांख्य मतावलम्वीहरू ईश्वरको अस्तित्त्वलाई अस्वीकार गर्दछन्। उनका तर्क छन् –

१. संसारको निर्माण प्रकृतिद्वारा भएको छ, ईश्वरद्वारा होइन। किनभने ईश्वरलाई नित्य र निर्विकार मानिएको छ। जौ आफैं निर्विकार (अपरिणामी) छ, त्यो कुनै वस्तुको निमित्तकारण कसरी हुन सक्छ ? त्यसैले कुनै क्रियाको प्रवर्तन कसरी गर्न सक्छ ?

२. प्रकृति पनि जड हो, तर चेतन सत्ताले युक्त भएर सृष्टि उत्पन्न गर्दछ। हो, अनन्तबुद्धियुक्त चेतन सत्तालाई ईश्वर भन्न सकिन्थ्यो, तर ईश्वरवादीहरूले कुनै क्रियामा संलग्न वा प्रवृत्त स्वीकार नगरेकैले यस्तो ईश्वरको सत्तालाई स्वीकार गर्न अपठ्यारो परेको हो।

३. ईश्वरमा विश्वास गरियो भने जीव (आत्मा) को स्वतन्त्रता र अमरतामा आस्था खण्डित हुन जान्छ। जीवलाई ईश्वरको अंश मान्ने हो भने जीवमा ईश्वरको शक्ति हुनु पर्दथ्यो, तर यस्तो देखिदैन। अतएव , ईश्वर होइन , प्रकृति नै जगत्को मूल कारण हो।

माथिका तर्कहरू विरुद्ध सांख्यका ईश्वर मान्ने अनुयायीहरूले पनि तर्क सारेका छन्। यिनमा विज्ञानाभिक्षु अग्रगण्य हुन्। यिनको तर्क छ – जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्त चेतन सत्ताको संयोगले प्रकृतिको क्रियाशक्ति प्रवर्तित हुन्छ, त्यो नै ईश्वर हो ।

(घ) मीमांसा

जैमिनीद्वारा प्रवर्तित मीमांसा दर्शनको प्रवर्तन वैदिक कर्मकाण्डको पुष्टिका लागि भएको छ । अध्ययन सुगमताका लागि मीमांसा दर्शनलाई हामी तीन भागमा विभक्त गर्न सक्तछौं : (१) प्रमाण – विचार (२) तत्त्व – विचार र (३) धर्म – विचार ।

१. प्रमाण – विचार

वेदका प्रामाणिकता सिद्ध गर्न मीमांसा प्रमा, प्रमाण, प्रामाण्य आदि विषयबारे गम्भीर चिन्तन र विश्लेषण पाइन्छ ।

यस दर्शनले पनि ज्ञानको दुई भेद गरेको छ : प्रत्यक्ष ज्ञान र परोक्ष ज्ञान । कुनै पदार्थसित इन्द्रियको संयोग भएपछि मात्र प्रत्यक्ष ज्ञान आत्मालाई हुन्छ । इन्द्रियसँग संयोग हुनुभन्दा पूर्व 'ज्ञान' होइन, 'प्रतीति' हुन्छ । 'त्यो हो' मात्र यत्ति प्रतीत हुन्छ, तर 'त्यो मान्छे हो' भन्ने प्रत्यक्ष ज्ञान इन्द्रिय संयोगले मात्र हुन्छ । यस्तो ज्ञानलाई सविकल्प प्रत्यक्ष भनिन्छ ।

प्रत्यक्षका अतिरिक्त अन्य पाँच प्रमाण पनि मानिन्छन् : १. अनुमान २. उपमान ३. शब्द ४. अर्थपत्ति ५. अनुपलब्धि ।

१. अनुमान : अनुमान सम्बन्धी विचार मीमांसा र न्याय दर्शनमा समान छ र यसको उल्लेख न्यायदर्शनको विवेचन क्रममा भैसकेको छ । मीमांसा – दर्शन अनुसार, उपमानजन्य ज्ञान त्यतिखेर हुन्छ, जतिखेर पहिले देखेको कुनै बस्तुसित मिल्ने कुनै वस्तुलाई देखेर व्यक्तिले त्यो वस्तु फलानो थोक हो भन्ने बुझ्दछ । तर शबर स्वामीको मत अलिक भिन्न छ । उनको दृष्टिमा, ज्ञात वस्तुको सादृश्य (analogy) को आधारमा अज्ञात वस्तुको ज्ञान प्राप्त गर्नुलाई उपमान प्रमाण भनिन्छ । सादृश्यलाई मीमांसामा एउटा स्वतन्त्र पदार्थ मानिएको छ ।

२. शब्द : मीमांसा दर्शनमा शब्द – प्रमाणलाई धेरै महत्त्व दिइएको छ, किनभने वेदलाई यस दर्शनले पूर्ण प्रामाणिक सिद्ध गर्नु छ । शब्द – प्रमाण दुई किसिमका हुन्छन् : पौरुषेय र अपौरुषेय । आप्त (विश्वस्त) व्यक्तिका वचनलाई पौरुषेय भनिन्छ । वेदवाक्य अपौरुषेय हुन् । वेदवाक्य पनि दुई किसिमका छन् : सिद्धार्थ वाक्य (जुन वाक्यले कुनै सिद्ध विषयको बारेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान प्राप्त हुन्छ) र विधायक वाक्य (जुन वाक्यले कुनै क्रियाका लागि विधि वा आज्ञा सूचित हुन्छ। यज्ञादि सम्पन्न गर्न कर्त्तव्यको निर्देश गर्ने वेदका वाक्यहरू अपौरुषेय र स्वतः प्रमाण हुन्। विधिवाक्यका सहायक नहुने वेद वाक्य अर्थहीन हुन्। सृष्टिकर्ता वा संहारकर्तामा मीमांसाको आस्था छैन। त्यसैले मीमांसादर्शन अनुसार सिद्धार्थक वाक्य (वेदवाक्य) पनि विधिवाक्यका समर्थक छैनन् भने निरर्थक हुन्। त्यसैले आत्मा, परमात्माका प्रसङ्गमा वेदमा आएका उक्तिहरूको सम्बन्ध कुनै न कुनै योगादि कर्मका विधायक वाक्यसित अवश्य हुनुपर्दछ। यी वेद-वचनहरू मानिसका विहित कर्ममा प्रवृत गराउन तथा निषिद्ध कर्मबाट निवृत्त गराउन सहायक छन्। वेदलाई नित्य मान्ने मीमांसाका तर्क : (१) वेदमा कर्ताको नाउँ छैन। जुन ऋषिहरूका नाम मन्त्रमा आएका छन् ती द्रष्टा, व्याख्याता वा विभिन्न वैदिक सम्प्रदायका प्रवर्तक मात्र हुन्। (२) मीमांसा शब्द-नित्यत्ववादमा विश्वास गर्दछ। शब्दमा प्रयुक्त वर्णहरू नित्य हुन् र जुन वर्णध्वनि (आधुनिक भाषा विज्ञानको शब्दमा संध्वनि) हामी सुन्दछौं, ती नित्य वर्णका क्षणिक प्रकाशक मात्र हुन्। वर्णहरू उच्चारणबाट उत्पन्न नभई व्यक्त हुन्छन्। अतएव, वास्तविक शब्द अनादि हुनाले नित्य हुन्। शब्द र अर्थको सम्बन्ध नित्य र स्वाभाविक हो, सांकेतिक होइन। लिखित वा उच्चारित वेद नित्य वेदका प्रकाशक मात्र हुन्। (३) वेदमा विहित कर्मद्वारा स्वर्गप्राप्ति हुने परम सत्य उद्घाटित भएको छ। स्वर्गलाई कसैले देखेको छैन, तैपनि यस्तो सत्यको उद्घोषणबाट पनि वेदको अपौरुषेयता सिद्ध हुन्छ। वेदका अतिरिक्त आप्तवचन (ऋषि, मुनि चिन्तकहरूका वचन) लाई पनि मीमांसाले प्रमाण मानेको छ।

३. अर्थापत्ति - अर्थापत्ति त्यो आवश्यक कल्पना (अनुमान) हो, जसको माध्यमले कुनै अनुत्पन्न विषय उत्पन्न हुनु सम्भव हुन्छ। उदाहरणका लागि 'देवदत्त दिउँसो खाना खाँदैन र पनि दिनदिनै भुसतिघ्रे हुँदै गएको छ।' अब यहाँ उपवास र मोटोपन (भुसतिघ्रेपन) मा परस्पर विरोध देखिन्छ। अब यी दुवै विरुद्ध कुराको उपपत्ति त्यस बेला मात्रै सम्भव हुन्छ, जब यो कल्पना (अनुमान) गरियोस् कि देवदत्त रातिराति धेरै खाने गर्छ। यस प्रकारको कल्पनाद्वारा विरुद्ध कोटिका विषयको समन्वय हुन जान्छ।

अर्थापत्तिद्वारा प्राप्त ज्ञानलाई प्रत्यक्ष, अनुमान वा शब्दको कोटिमा राख्न सकिन्न। यो ज्ञानको सहयोगी मात्र हो। अर्थापत्ति दुई प्रकारका हुन्छन् : दृष्टार्थापत्ति र श्रुतार्थापत्ति। जहाँ अर्थापत्तिद्वारा कुनै देखिएको घटनाको उत्पत्ति हुन्छ, त्यसलाई दृष्टार्थापत्ति भनिन्छ। जस्तै देवदत्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोटोपनको कारण – ज्ञान; जहाँ अर्थापत्तिद्वारा सुनिएको घटनाको ज्ञान उत्पत्ति हुन्छ त्यहाँ श्रुतार्थापत्ति हुन्छ । यथा, कसैको मुखबाट 'मोहनको घर गङ्गामा छ' सुनेर मोहनको घर गङ्गा-तटमा छ' भन्ने ज्ञानको उत्पत्ति ।

४. अनुपलब्धि – कुनै विषयको अभावले गर्दा जुन साक्षात् ज्ञान हुन्छ, त्यो अनुपलब्ध प्रमाणद्वारा । कोठामा घट छैन भन्ने ज्ञानलाई प्रत्यक्ष ज्ञान भन्न मिल्दैन । किनभने प्रत्यक्ष ज्ञानका लागि विषय र इन्द्रियको संयोग हुनुपर्दछ । अभाव कुनै 'वस्तु' होइन, जसको चक्षुरिन्द्रिय (आँखा) सित संयोग हुन सकोस् । त्यसैले यहाँ घटाभावको ज्ञान घटको अनुपलब्धिले गर्दा हुन्छ । यस सम्बन्धमा विचारणीय कुरा के छ भने अनुपलब्धि मात्रले अभाव सूचित हुँदैन । चकमन्न अँध्यारोमा केही देखिदैन भने केही छैन भन्ने होइन । परमाणु, आकाश, पाप, पुण्य आदि अदृश्य पदार्थ देखिन्नन्, तर हामी तिनको अभाव मान्दैनौं । यसरी अभावज्ञानको कारण 'योगानुपलब्धि' (अर्थात्, प्रत्यक्षयोग्य वस्तुको प्रत्यक्ष नहुनु) हो ।

३. प्रामाण्य विचार :

निश्चयात्मक ज्ञानको उत्पत्तिका लागि पर्याप्त कारण सामग्री आवश्यक हुन्छ । यथा, टंटलापुर घाममा यदि हामी स्वस्थ आँखाले कुनै वस्तु देख्तछौं भने हामीलाई त्यो वस्तुको अस्तित्त्वमा कुनै संशय रहदैंन । हो, कमलपित्ते आँखाले देख्ता त्यो वस्तु पहेंलो देखिन सक्छ । यसरी दुई सत्य स्पष्ट हुन्छन् : (१) ज्ञानको प्रामाणिकता त्यस ज्ञानको उत्पादक सामग्रीमै निहित हुन्छ, द्रष्टा वा अन्य बाह्य सामग्रीमा होइन । (२) सत्य – ज्ञान हुनासाथ त्यसको प्रामाणिकताको पनि ज्ञान हुन्छ । यी दुवै सत्यलाई अंगीकार गर्ने सिद्धान्तलाई 'स्वतः प्रामाण्यवाद' भनिन्छ ।

सत्य स्वतःप्रकाश हुन्छ, तर कहिलेकाहि अर्को ज्ञानद्वारा मात्र हामीलाई ज्ञात हुन्छ कि हामीले प्राप्त गरेको ज्ञान त्रुटिपूर्ण वा भ्रमपूर्ण छ । नैयायिकहरूको के मत छ भने कुनै ज्ञानको प्रमाण त्यस ज्ञानको उत्पादक कारण सामग्रीका अतिरिक्त पनि अन्य कारणले उत्पन्न हुन्छ । जस्तै हामीले संसारमा देख्न, सुन्ने, स्वाद लिने, गन्ध लिने, हुँदा अनुभव हुने वस्तुको हाम्रो ज्ञानको प्रमाणिकता हाम्रा ज्ञानेन्द्रियको स्वस्थतामा पनि निर्भर गर्दछ । तर, मीमांसकहरूको मतमा यी ज्ञानेन्द्रिय जस्ता अतिरिक्त कारण पनि प्रत्यक्ष ज्ञानका सहायक कारण हुन् । प्रत्येक प्राप्त ज्ञानको प्रामाणिकता सत्यापित गर्ने क्रममा हामीले अन्य कारणहरूद्वारा पुष्टि गर्दै गयौं भने यो प्रक्रिया अनन्त हुनेछ र यसरी अनवस्था दोष (Infinite Regress) उत्पन्न हुनेछ । हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिले सम्म एउटा प्रमाणको सत्यापनको लागि अर्को प्रमाण, फेरि त्यसको लागि पनि अर्को प्रमाण खोज्दै जाने छौं ? वेदवाक्य स्वयं सिद्ध छ ।

(क) भ्रमः प्रभाकर मीमांसकहरू अनुसार, प्रत्येक ज्ञान सत्य हुन्छ र भ्रम केही हुँदैन । जसलाई हामी भ्रम भन्छौं (जस्तै डोरीमा साँपको भ्रम), त्यसमा पनि दुई किसिमका ज्ञानको सम्मिश्रण पाइन्छ - एउटा लामो, बाङ्गोटिङ्गो वस्तुको प्रत्यक्ष ज्ञान र अर्को पूर्वकालमा प्रत्यक्ष गरिएको सर्पको स्मृति । मात्र स्मृतिदोषले गर्दा हामी के बिर्सन्छौं भने साँप स्मृतिको विषय हो, प्रत्यक्षको होइन । यो ज्ञानको अभाव मात्र हो । यो भ्रम होइन, किनभने भ्रम अज्ञान होइन, अपितु मिथ्याको सत्य रूपमा प्रतीति नै भ्रम हो । प्रभाकर मीमांसादर्शनमा यसलाई 'अख्यातिवाद' भनिन्छ । भट्ट मीमांसकहरूको मत भिन्न देखिन्छ । अनेक मतमा, डोरीमा साँपको कल्पना प्रत्यक्ष सत्यझैं प्रतीत हुन्छ । आँखाका नानी थिचेर हेर्दा चन्द्रमा दुईवटा देखिन्छन् । डोरीलाई सर्प देख्ता, उद्देश्य र विधेय दुईटै सत्य छन् । जुन डोरी विद्यमान छ, त्यो साँपको कोटिमा आएको छ । संसारमा सत्ता दुवैको छ । भ्रम किन हुन्छ भने हामी दुई सत् तर पृथक् पदार्थमा उद्देश्य र विधेयको सम्बन्ध गाँस्तछौं । सर्प पनि सत्य, डोरी पनि सत्य, तर दुवैको सम्बन्ध बन्धन भ्रामक । यस्ता भ्रम वा विर्पययले गर्दा मानिस विपरीत आचरण गर्दछ । भट्ट मीमांसकहरूको यस मतलाई 'विपरीत ख्यातिवाद' भनिन्छ ।

प्रभाकर मीमांसकहरू कुनै ज्ञानमा भ्रमको सत्तालाई स्वीकार गर्दैनन्, तर भट्टमीमांसकहरूले भ्रमको सत्ता स्वीकार गर्छ र भ्रम विषयले गर्दा नभई, संसर्गले गर्दा हुने मान्यता राख्त छन् ।

३. तत्त्व - विचार

मीमांसादर्शनले संसार र त्यसका सबै विषयलाई सत्य मान्द छ । प्रत्यक्ष विषका अतिरिक्त मीमांसाले स्वर्ग, नर्क, आत्मा, वैदिक यज्ञका देवता आदिको अस्तित्त्वलाई पनि सत्य मान्द छ । यसले आत्मा र परमाणुलाई नित्य अविनाशी मान्द छ । कर्म-नियमअनुसार सृष्टिको रचना हुन्छ । संसार यी तीन तत्त्वले बनेको छ :

१. देह वा योगायतन र यसमा जीवात्मा आ-आफ्ना पूर्वकर्मअनुसार भोग गर्दछ ।

२. ज्ञानेन्द्रिय र कर्मेन्द्रिय (सुख-दुःखका साधन)

३. बाह्यवस्तु (भोगका विषय) ।

माथि चर्चा गरेझैं, मी मीमांसकहरू सृष्टि र प्रलयमा विश्वास गर्दैनन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र संसारलाई नित्य मान्द छ। कतिपय भट्ट मीमांसकहरू द्रव्य, जाति, गुण, क्रिया र अभाव, यी पाँच पदार्थको अस्तित्त्व मान्दछन्। वैशेषिकहरूझैं नौ द्रव्यका अतिरिक्त अँध्यारो र शब्दलाई पनि द्रव्य नै मान्दछन्। यसरी, मीमांसा-दर्शनमा वेद वाक्यप्रति दुर्दान्त आस्था छ र स्वर्ग, नर्क, अदृष्ट आदिमा घोर निष्ठा छ।

१. शक्ति र अपूर्व

कार्य-कारण सम्बन्धबारे सिद्धान्तलाई मीमांसामा 'शक्तिवाद' भनिएको छ। बीजमा अदृश्य शक्ति हुन्छ, जसले गर्दा त्यसमा आँकुरो पलाउँछ। तर, त्यही शक्ति बाधित वा नष्ट भएपछि, त्यसले कार्य उत्पन्न गर्दैन। बीउलाई भुटेपछि आँकुरो कहाँ पलाउँछ ? यस लोकमा गरिएको कर्मबाट एउटा अदृश्य शक्तिको प्रादुर्भाव हुन्छ, जसलाई 'अपूर्व' भनिन्छ। लौकिक वा वैदिक सबै कार्यको फल सञ्चित रहन्छ र कालान्तर वा जीवनान्तरमा अङ्कुरित एवं फलित हुन्छ।

४. आत्म विचार :

आत्मा नित्य र अविनाशी द्रव्य हो, जुन जीवनमा देहसित संयुक्त रहन्छ। मृत्युपछि पनि त्यो आफ्नो यस जन्मको कर्म-फल भोग गर्न विद्यमान रहन्छ। सुषुप्तावस्था तथा मोक्षको अवस्थामा आत्मा चैतन्य रहित हुन्छ, किनभने यी अवस्थामा त्यसको उत्पादक कारण र इन्द्रिय (विषयको संयोग) को अभाव हुन्छ। जति जीव, त्यति आत्मा। जीवात्माको बंधनमा आविर्भाव हुन्छ, तर मोक्ष पाउन सक्तछन्। हामीले आत्माको विचार गर्दा 'म हुँ' भन्ने बोध हुन्छ। यसैलाई 'अहंवित्ति' (Self consciousness) भनिन्छ। यसको जो विषय (object) हो त्यो आत्मा हो। प्रभाकर सम्प्रदायले 'अहंवित्ति' को धारणलाई भ्रामक मानेको छ। यस सम्प्रदायको के मत छ भने एउटै आत्मा ज्ञाता र ज्ञेय दुवै हुन सक्तैन, जसरी एउटै अन्न भोक्ता र भोज्य दुवै हुन सक्तैन। कर्ता र कर्म - व्यपार परस्पर विरोधी हुन्छन्। आत्मा स्वयं ज्ञात हो ज्ञेय होइन तर भट्ट सम्प्रदायको मत के छ भने सधैं विषय- ज्ञानसँग आत्माको ज्ञान उद्भासित हुँदैन। कर्ता र कर्मको विरोध शब्दजाल मात्र हो। यदि दुवैमा बिरोध भएको भए 'आत्मानं विद्धि' (आत्मालाई जान) जस्ता वेदवाक्य अर्थहीन हुने थिए। अर्थात् आत्मा पनि ज्ञानको विषय हुन सक्तछ।

एउटा महत्त्वपूर्ण प्रश्न छ - ज्ञानको ज्ञान कसरी हुन्छ ? यसको उत्तर यसरी दिइएको छ। प्रत्येक विषयज्ञानमा तीन अंग निहित हुन्छन् : १. ज्ञात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. ज्ञेय ३. ज्ञान। यी तीनैको सम्मिलित ज्ञानलाई 'त्रिपुटी ज्ञान' भनिन्छ। ज्ञान उत्पन्न भएपछि यो 'त्रिपुटी ज्ञान' उपलब्ध हुन्छ। यसको विपरीत भट्ट मीमांसकहरूको मान्यता छ, जसरी औंलाको टुप्पोले आफैंलाई आफू छुन सक्तैन, त्यसरी नै ज्ञान आफ्नो विषय आफै हुन सक्तैन। कुनै विषय कित ज्ञात हुन्छ, वा अज्ञात। ज्ञात विषय भए ज्ञाततताकै आधारमा हामी हामी अनुमान गर्दछौं - हामीलाई यो विषयको ज्ञान पहिलादेखि थियो। ज्ञान ज्ञाततताको आधारमा अनुमानद्वारा प्रप्त हुन्छ।

धर्मविचार - मीमांसकहरू ईश्वरलाई मान्दैनन्। ईश्वरलाई महत्त्व दिएपछि वेदको महत्ता न्यून हुन्छ भन्ने उनको मान्यता छ। त्यसैले ईश्वरको अस्तित्त्वबारे तर्क - वितर्कको भुमरीमा फस्ने साटो विधि-विधानको भण्डार वेदले निर्देशित गरे अनुसार आचरण (यज्ञादिक्रिया) गर्नेले हामी पुण्य अर्जित गर्दछौं।

२. कर्तब्यता - इष्ट - साधन वा अनिष्ट निवारणका लगि वैदिकयुगमा अग्नि, इन्द्र, वरूण, सूर्य आदि देवतालाई आहुतिद्वारा सन्तुष्ट गरिन्थ्यो। मीमांसामा कर्मकाण्डलाई धेरै महत्त्व दिइयो, फलतः देवताहरूको महत्त्व गौण हुन गयो। यस दर्शनमा देवता सम्प्रदानकारक सूचक शब्द (जसका लागि हवि वा आहुति दिइन्छ) हुन पुग्यो, तिनको गुण-धर्मको वर्णन भएन। काम्य कर्म र नैमित्तिक कर्मको निर्देशन दिइयो। काम्य कर्मले स्वर्ग, वर्षा आदि प्राप्त हुन्छ, नैमित्तिक कर्म किन आवश्यक छ भने यी वेदका आज्ञा हुन्। कर्तव्यताको मूल स्रोत अपौरुषेय वेद हो, जसले निष्काम कर्म गर्ने आदेश दिन्छ।

३. निःश्रेयस : - प्रारम्भमा मीमांसाले स्वर्ग प्राप्तिलाई यज्ञ कर्मको मुख्य उद्देश्य स्थापित गरे : स्वर्गकामो यजेत। तर, कालान्तरमा 'मोक्ष' लाई कल्याण वा निःश्रेयस मान्न थाले। निष्काम भावले वेदविहित कर्मले मात्रै पुनर्जन्म र भववन्धनबाट मोक्ष पाइन्छ। देह, इन्द्रिय र मनबाट आत्माको मुक्तिलाई नै मोक्ष भनियो। मीमांसाले चैतन्यलाई आत्माको स्वाभाविक गुण मानेको छैन। जब आत्मा देह र इन्द्रियद्वारा विषयको सम्पर्कमा आउँछ, अनि मात्र त्यसलाई सुख-दुःखको ज्ञान वा अनुभूति हुन्छ। प्रारंभिक मीमांसाहरू अनुसार मोक्षपछि आत्मा आफ्नो सत्य-स्वरूपमा मात्र स्थित हुन आउँछ, चरम आनन्दको अवस्थामा स्थित हुँदैन। तर कालान्तरमा केही भट्ट मीमांसकहरूले मोक्षलाई परमानन्दानुभूतिरूप मान्न थालेको पाइन्छ। यी सबै मान्यताका बाबजुद मीमांसालाई अनीश्वरवादी भनेर धेरै प्रहार गरिएको छ। तर म्याक्समूलर (Max Muller) को तर्क छ, मीमांसाहरूले ईश्वरलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिकर्ताको रूपमा स्थापित नगर्नुको पृष्ठभूमिमा उनको धारणा के थियो भने ईश्वरलाई सृष्टिकर्ता मान्दा तिनमाथि क्रूरता, विभेद, पक्षपात आदिको आरोप लाग्न सक्थ्यो । म्याक्समूलरको यो तर्क मीमांसकहरूको पक्षमा वकालत गर्नु मात्र हो । सत्य त के हो भने प्राचीन मीमांसा ईश्वरको प्रसङ्गमा मौन छ र परवर्ती मीमांसकहरू जैनहरूझैं ईश्वरको अस्तित्त्वसम्बन्धी प्रमाणहरूको खण्डनमा व्यस्त छन् । वैदिक देवतासित यज्ञको अन्योन्याश्रित सम्बन्ध गाँसेको हुँदा यिनलाई वहुदेवतावादी (Polytheistic) मान्न सकिन्छ कि ? यी वेदमा दुर्दान्त आस्था राख्त छन् । वैदिक ऋचाहरूद्वारा हामीलाई ज्ञात हुन्छ, मन्त्रद्रष्टा यी ऋषिहरू यज्ञस्थलमा देवताहरूको आगमनको साक्षात् अनुभूति गर्दथे । तर, मीमांसकहरूले तर्क गर्छन्, एउटै देवता एउटै समयमा अनेक यज्ञस्थलमा कसरी उपस्थित हुन सक्छन् ? यसरी मीमांसा साध्यलाई गौण र साधनलाई मुख्य मानेको विरोधाभासी अवस्था देखिन्छ । फलतः वैदिक युगमा व्याप्त ईश्वरप्रतिको अडिग आस्था मीमांसकहरूले गर्दा ढलमलिदैं गएको पाइन्छ ।

(ङ) बृहदारण्यक उपनिषद् :

बृहदाराण्यक उपनिषद्को रचना मिथिलाको बृहदारण्यमा सम्पन्न तत्त्वमीमांसाबारे शास्त्रार्थको सार हो । यो उपनिषद् यजुर्वेदको काण्वी शाखाको बाजसनेयब्राह्मण अन्तर्गत पर्दछ । ग्रन्थको शुभारम्भ 'अश्वमेध ब्राह्मण' भन्ने अध्यायबाट हुन्छ । यसमा यज्ञीय अश्वका अंग-प्रत्यङ्मा विराट सत्ताको दृष्टिको विवेचन - चिन्तन छ । प्रजापतिका पुत्र देव र असुर विद्रोहको चर्चा पनि छ । इन्द्रियहरूका दैवी र आसुरी वृत्तिको प्रतीकको रूपमा पनि देवासुर विग्रहलाई ग्रहण गर्न सकिन्छ । सांसारिक जीवनमा आसुरी बृत्तिको वर्चस्व देखिनाले नै सम्भवतः असुरलाई जेष्ठ र देवलाई कनिष्ट भनिएको होला । पुण्य र पाप संस्कारले गर्दा यी दुवै वृत्तिको उत्थान र विनाश हुने गर्दछ । शास्त्रोचित कर्मले नै दैवी चेतनाको विकास भएर आसुरी वृत्तिको निर्मूलन वा न्यूनीकरण सम्भव हुन्छ । प्रसङ्ग छ, एक पटक देवताहरूले उद्गीतद्वारा असुरहरूलाई पराजित गर्ने यत्न गरे । उनीहरूले वाक्, घ्राण, चक्षु, श्रोत्र र त्वक्का अहङ्कारी देवताहरूलाई आफ्ना लागि उद्गान गर्ने सल्लाह दिए । ती देवता मध्ये प्रत्येकले आ-आफ्ना कर्मद्वारा दैवी वृत्तिको प्रवलताका लागि उद्गान त गरे, तर भूल के भयो भने ती कर्मका फल तिनले स्वयं भोग्न खोजे, तर उद्गान निष्फल भयो । निष्फलताको कारण स्वार्थ थियो र स्वार्थ आफैं आसुरी वृत्ति हो । अन्त्यमा मुख्यप्राणसित यस कर्मका लागि प्रस्थान गरियो । प्राण अनासक्त भएर अहर्निश क्रियाशील रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊ स्वयं कुनै पनि विषयको भोग गर्दैन, अपितु उसकै कृपाले सबै इन्द्रियले विषयभोग गर्दछन्। प्राणको अनासक्त उद्गीथले देवताहरूको विजय भयो। यस कथाको प्रतीकात्मक अर्थ छ – अनासक्त कर्म फलदायक र सार्थक हुन्छ।

दोस्रो अध्यायमा दृप्तबालाकि गार्ग्य र अजातशत्रुको संवाद छ। यी दुवैले दुई मूल्यका प्रतिनिधित्व गरेका छन्। दृप्तबालाकि गार्ग्यलाई ज्ञानको अहङ्कार छ, तर ऊ तत्त्वज्ञ होइन। काशीराज अजातशत्रु तत्त्वज्ञानी हो। चिन्तक हो। गार्ग्यले अजातशत्रुलाई भन्यो, 'म तिमीलाई ब्रहमबारे उपदेश दिन्छु।' अजाततशत्रुले तत्क्षण उनलाई एक सहस्र सुवर्ण मुद्रा प्रदान गरे। यस घटनाले तत्त्वज्ञानीहरूको पूर्वाग्रहहीनता र उदारता सिद्ध गर्दछ। त्यसपछि गार्ग्यले आदित्य आदि पुरुषमा ब्रह्मत्वको आरोप गरे, तर अज्ञात शत्रुले बडो विनम्रतापूर्वक उनको एक-एक स्थापनाको खण्डन गरे। गार्ग्यको ज्ञान-अभिमान हिउँझैं पग्लिंदै गयो र अन्तमा अजातशत्रुको शरणमा परे। राजा अजातशत्रुले गार्ग्यको हात समाए र प्रीतिपूर्वक महलभित्र लिएर गए। त्यहाँ सुतिरहेका एक पुरुषको छेउमा गएर प्राणाभिमानी चन्द्रमाका अनेक नाम पाण्डरवास, सोम, राजन' आदि लिएर बोलाए। कुनै नामले बोलाउँदा त्यो उठेन, तर जब अजातशत्रुले हात थिचे, उनी जुरुक्क उठे। यसको प्रतीकार्थ हो – जति पनि रूपाभिमनी देव हुन्, ती विज्ञानमय आत्मा होइनन्। विज्ञानात्मा त नाम र रूपभन्दा इतर हुन्छ। सामान्यतया सर्वत्र व्याप्त भए पनि अन्तर्लोकमा तिनको विशेष अभिव्यक्ति हुन्छ। वस्तुतः त्यो विज्ञानात्मा नै सबैका प्रेरक र सच्चा भोक्ता हुन् तथा उन्य इन्द्रियाभिमानी देवता पनि तिनैका विभूति हुन्। इन्द्रियलाई प्रेरित गर्ने गरेका हुनाले ती प्राण हुन् र प्राणलाई पनि प्रेरित गर्ने गरेका हुँदा प्राणका पनि प्राण हुन्। यस अध्यायमा याज्ञवल्क्य र मैत्रेयीको सम्वाद पनि महत्त्वपूर्ण छ। जतिखेर याज्ञवल्क्यको इच्छा संन्यास लिने भयो, उहाँले दुवै पत्नीलाई आफ्नो सम्पत्तिमा अंश दिने प्रस्ताव गरे। प्रस्ताव सुनेर कात्यायनी केही बोलिनन्, तर मैत्रेयीले भनिन्, धनधान्यपूर्ण यो पृथ्वी नै मेरो भए पनि के म सुखी हुने छु ? याज्ञवल्क्यले भने 'धनले अमरत्व प्राप्त हुँदन, तर सांसारिक भोग प्राप्त हुन्छ।' यो कुरा सुनेर मैत्रेयीको मुखबाट हठात् निस्कियो, 'जुन सम्पतिले अमरत्व प्राप्त हुँदैन, त्यो लिएर म के गरूँ ? मलाई त अमरत्वको बाटो दिनुहोस्।' मैत्रेयीको प्रबल आकांक्षा देखेर याज्ञवल्क्यले तिनलाई ब्रह्मज्ञानको उपेदेश दिनुभयो। उहाँले ब्रह्म र आत्माको अभेद स्वरूपको व्याख्या गर्नुभयो र आत्मा आत्माकै लागि सबैको प्रियतम आत्मज्ञानले नै सबैको ज्ञान आत्मासित भिन्न कुनै वस्तुलाई बोध गर्दा पराजय, आत्माबाट नै सम्पूर्ण भूतको उत्पत्ति र प्रलय तथा अज्ञानमा अनात्म वस्तुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्ता रहने तत्त्वबोध गराएर अन्त्यमा के उपदेश दिनुभयो भने जसको दृष्टिमा सबै कुरो आत्मा नै हुन जान्छ, त्यसका लागि कर्ता, क्रिया र करणको सर्वथा अभाव हुन जान्छ । त्यहाँ सुँध्नु, सुन्नु मनन गर्नु र जान्नु आदि कुनै क्रिया हुँदैन, आत्मतत्त्व कसैका लागि ज्ञेय पनि छैन, किनभने सबैको ज्ञाता त्यो स्वयं हो ।

यस प्रसङ्गपछि मधुब्राह्मण छ । यसमा याज्ञवल्क्यको आत्ममन्थनको सार छ । पृथ्वी, अग्नि, वायु, आकाश, सूर्य, चन्द्रमा, विद्युत र दिशा आदि सबै पदार्थ चारै भूतका कार्य हुन् । तथा भूत तिनका कारण हुन् । यसरी तिनको परस्पर उपकार्य उपकारक सम्बन्ध देखिन्छ । यस नाताले यी एक - अर्काका लागि मधु हुन् । पारमार्थिक दृष्टिले पनि तिनका अधिष्ठान त्यो ज्योतिर्मय, अमृतमय पुरुष नै हो । यो नै तिनको सारभूत स्वरूप हो यसैको नाम आत्मा हो । आत्मा नै अमृत ब्रह्म र सर्वरूप हो । यो हाम्रो सम्पूर्ण प्रपञ्च ब्रह्मरूप हो । 'इन्द्रोमायाभिः पुरूरूप ईयते ।' यसरी उहाँले के स्पष्ट गर्नुभयो भने यो आत्मातत्त्व नै आफ्नो मायाशक्तिले अनेक रूप धारण गरेर क्रीडा गर्दैछ ।

त्यसपछि आउने अध्यायमा याज्ञवल्कीय काण्ड छ । राजा जनकको दरबारमा पाञ्चाल देशका सबै विद्वान ब्राह्मण एकत्र भएका थिए । जनकले घोषणा गरे, 'यी ब्राह्मणहरू मध्ये जो सबभन्दा ठूला ब्रह्मज्ञानी हुन् तिनले मेरो गोशालामा रहेका दस-दस स्वर्णमुद्रामण्डित सिंग भएका दस सहस्र गाई खोलेर लै जान सक्छन् । ब्रह्मज्ञानी जनक समक्ष आफूलाई सर्वश्रेष्ठ तत्त्ववेत्ता घोषित गर्ने हिम्मत कसैको भएन । त्यस बेला याज्ञवल्क्यले उठेर आफ्ना ब्रह्मचारीलाई गाई खोलेर लैजाने आज्ञा दिए । ब्राह्मणहरू क्षुब्ध भए र सोधे, 'आफूलाई सर्वश्रेष्ठ ब्रह्मज्ञानी तिमीले कसरी सिद्ध गर्न सक्छौं ?' याज्ञवल्क्यले आफ्नो गरिमा अनुकूल उत्तर दिए, 'वशिष्ठलाई म नमन गर्दछु, तर म गो प्राप्त गर्ने आकांक्षी हुँ ।' त्यसपछि एक-एक गरी अनेक ब्राह्मणले प्रश्न गरे र याज्ञवल्क्यले समुचित उत्तर दिएर सबैको चित्त बुझाइदिनुभयो । अन्त्यमा गार्गी उठिन् । उनले यस लोकबारे प्रश्न थालेर उत्तरोत्तर प्रत्येक लोकबारे कारणका कारण सोध्न थालिन् । अन्त्यमा जब ब्रह्मलोकको पनि कारण सोधिन्, याज्ञवल्क्यले उनलाई चूप लाग्ने आदेश दिनुभयो, किनभने यो 'अतिप्रश्न' थियो । निःसंदिग्ध वस्तुको बारेमा प्रश्नलाई 'अतिप्रश्न' भनिन्छ । यस्तै अतिप्रश्न गर्नाले शाकल्यको टाउको काटिएको थियो । त्यसपछि याज्ञवल्क्यले प्रश्न गर्नुभयो र उपस्थित ब्राह्मण मध्ये कसैले उनको प्रश्नको उत्तर दिन सकेन ।

चतुर्थ अध्यायको प्रथम ब्राह्मणमा जनक र याज्ञवल्क्यको संवाद छ । जनकले भिन्न-भिन्न आचार्यबाट वाक्, प्राण, चक्षु आदिलाई नै ब्रह्मरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनेका थिए। याज्ञवल्क्यले तिनमध्ये प्रत्येकको आयतन (गोलक) र प्रतिष्ठा (अधिष्ठान) सोधे। जनक मौन भए। किनभने उनले यसबारे केही सुनेका थिएनन्। त्यसैले याज्ञवल्क्यले नै तिनको आयतन (प्रतिष्ठा) बारे बताएर भिन्न – भिन्न प्रकारले तिनको उपासना गर्ने विधान गर्नुभयो। उहाँले प्रत्येक उपासनाले देवलोकको प्राप्ति हुने ज्ञान पनि दिनुभयो। प्रत्येक उपासनाको फल सुनेर जनकले तिनलाई परम पुरुषार्थ मानी याज्ञवल्क्यलाई एक हजार गो दान दिन खोज्नुभयो। तर, याज्ञवल्क्यले भने, शिष्यलाई कृतार्थ नगरूञ्जेल धन लिनु मेरो (याज्ञवल्क्यको) पिताको सिद्धान्त विरुद्ध हुनेछ। द्वितीय ब्राह्मणमा जनकलाई उचित पात्र ठानी याज्ञवल्क्यले विराटको वर्णन गर्दै प्रत्येक आत्मामा त्यस विराट सत्ताको अस्तित्त्वबारे परम ज्ञान दिनु भई परब्रह्मको बोध गराउनु भयो। जनक धन्य हुनुभयो र सम्पूर्ण राज्य गुरुदेवका चरणमा अर्पित गर्नुभयो।

यस अध्यायको तेस्रो र चौथौ ब्राह्मणमा पनि जनक – याज्ञवल्क्य सम्वाद छ। यद्यपि याज्ञवल्क्य आफू मौन रहने संकल्प लिएर गएका थिए, तर जनकलाई इच्छाअनुसार प्रश्न गर्ने वरदान दिएका हुनाले जनकले सोध्नुभन्दा पहिले आफैंले प्रश्न गरे, 'त्यो पुरुष कुन ज्योतिवाला छ ?' तत्पश्चात् तत्त्वज्ञानसम्म पुग्न दुवैमा प्रश्न–प्रतिप्रश्न, तर्क, वितर्क, प्रारम्भ हुन्छ। उल्लेखनीय छ, तत्त्वज्ञानका लागि पूर्वाग्रहमुक्त नभई हुँदैन। पूर्वाग्रह अहङ्कारले जन्मिन्छ र सत्यबोधका लागि अहङ्कारशून्य र सत्याग्रही (सत्यार्थी) हुनु अपरिहार्य छ। त्यसैले जनक र याज्ञवल्क्य अन्त्यमा निष्कर्षमा पुग्दछन्, 'आत्मा नै चरम ज्योति हो। त्यो स्वयंप्रकाश हो। स्वप्नावस्थामा सम्पूर्ण भोगको भोक्ता भएर पनि त्यो निःसंग हो। सुसुप्तावस्थामा त्यो सबै प्रपञ्चको उपसंहार गरी आनन्दमय स्वरूपमा स्थिर रहन्छ। त्यो नै द्रष्टाको दृष्टि, घ्राताको घ्राति, रसयिताको रसनाशक्ति, वक्ताको उक्ति, श्रोताको श्रुति, मन्ताको मति र विज्ञाताको विज्ञाति हो। यसरी, सबैको स्वरूप भएको हुँदा त्यसको कहिल्यै अभाव हुँदैन, किनभने जहिले जो पनि शेष रहन्छ त्यसको सत्यस्वरूप स्वयं आत्मा नै हो। त्यो सबैको स्वरूप भएको हुनाले दृष्टि आदिका विषय पनि त्यसभन्दा भिन्न छैनन्। त्यो अलुप्तशक्तिस्वरूप द्रष्टा हो। अलुप्तशक्तिस्वरूप द्रष्टा नै सर्वमय हो। त्यो नै निरतिशय आनन्दस्वरूप हो। यो बोध हुनासाथ व्यक्ति निष्काम , आप्तकाम र आत्मकाम हुन्छ। त्यसको प्राणको उत्क्रमण हुँदैन। त्यो ब्रह्मस्वरूप नै हो र ब्रह्मरूपले नै स्थित हुन्छ।' चतुर्थ अध्यायको अन्त्यसम्म याज्ञवल्क्यले यसै तत्त्वको सूक्ष्मानिसूक्ष्म विवेचन गर्नुभएको छ। पञ्चम ब्राह्मणमा याज्ञवल्कीय काण्डको पद्धतिद्वारा, याज्ञवल्क्य – मैत्रेयि – संवादको वर्णन भएकोछ र छैंठो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणमा आचार्यपरम्पराको उल्लेखसहित मधुकाण्डको समाप्ति हुन्छ ।

पञ्चम अव्यायदेखि खिलकाण्डको प्रारम्भ हुन्छ । प्रजापतिपुत्र देव, असुर र मानव आफ्ना पिता कहाँ बसी ब्रह्मचार्यब्रत पालन गर्दछन् र पितासित उपदेश दिन प्रार्थना गर्दछन् । प्रजापति एकएक गरी तीनवटै पुत्रलाई एउटै अक्षर (वर्ण) 'द' को उपदेश प्रदान गर्छन् र यो एउटै अक्षरले तीनै जन मनोवांछित उपदेश पाउँछन् । भोगप्रधान देवताहरूले बुझ्छन् 'द' भनेको 'दमन' हो, अर्थात् हामीले इन्द्रिय दमन गर्नुपर्दछ । क्रुर असुरहरूले बुझ्छन्, 'द' भनेको 'दया' हो, अर्थात् हामीले दया गर्नुपर्दछ । अर्थलोभी मानवले ठान्यो, 'द' भनेको दान हो, अर्थात हामीले दान गर्नुपर्दछ । यसरी आ-आफ्ना प्रकृति अनुसार उपदेशको अर्थ लगाएर ती तीनैजना धन्य भए । यस अध्यायमा उपासना - पद्धतिहरूको पनि चर्चा छ । छैठौं अध्यायको प्रथम ब्राह्मणमा इन्द्रियविवादद्वारा प्राणको उत्कृष्टता देखाइएको छ । श्वेतकेतु र प्रवाहणको प्रसङ्ग द्वितीय अध्यायमा आएको छ । श्वेतकेतुले मात्र शास्त्राध्ययनले आफूलाई विद्वान ठान्न थालेको थियो । राजसभामा आफ्नो विद्वताको धाक लगाउन त्यो पाञ्चाल नरेश प्रवाहणको सभामा आयो । राजा प्रवाहणले त्यसलाई अभिमानी ठानी त्योसित पाँच प्रश्न गरे र पाँचवटै प्रश्नको सम्बन्ध जीवन - मरणको समस्यासित थियो । श्वेतकेतुले कुनै प्रश्नको उत्तर दिन सकेन । त्यसपछि त्यो आफ्नो पिता र गरू आरूणिनेर आयो । उहाँले पनि ती प्रश्नका उत्तरबारे आफ्नो अनभिज्ञता प्रकट गरे । त्यसपछि पिता र पुत्र दुवै जना प्रवाहणकहाँ आए र ती प्रश्नहरूको उत्तर सोधे । प्रवाहणले तिनलाई पञ्चाग्निविधाको उपदेश दिए ।

त्यसपछि तेस्रो र चौथो ब्राह्मणमा क्रमशः श्रीमन्त र पुत्रमन्थ कर्मको वर्णन पाइन्छ । यसको उद्देश्य सत् सन्तान प्राप्ति हो । यसरी पारलौकिक र लौकिक दुवै उद्देश्य साधनाबारे गहन चिन्तन तथा कर्म - विधानको विशद् विवेचनसँगै यो ग्रन्थ पूर्ण हुन्छ ।

(च) अष्टावक्र - महागीता

अष्टाबक्र महागीता सांख्यमा आधारित उपदेश - ग्रन्थ हो । जनकले प्रश्न गरेका छन् र गुरु अष्टाबक्रले उत्तर दिएका छन् । यिनै प्रश्नोत्तरमा अध्यात्मको तत्त्व निहित छन् ।

ग्रन्थमा जम्मा २० प्रकरण छन्, जिनमा २९८ सूत्र छन् । सुख कहाँ पाइन्छ ? दुःखका कारण के हुन ? वंधन के हो ? मुक्ति के हो र कसरी प्राप्त गर्न सकिन्छ ? जगत् के हो ? ज्ञानी को हो ? यस्तै प्रश्नहरूका तात्विक उत्तर दिन्छ महागीताले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनक – प्रभो; ज्ञान कसरी प्राप्त हुन्छ ? मुक्ति कसरी कुन्छ ? वैराग्य कसरी प्राप्त हुन्छ ?

अष्टावक्र – तिमी मुक्ति चाहन्छौ भने विषयहरूलाई विष ठानी त्याग गर तथा क्षमा, सरलता, दया, सन्तोष र सत्यलाई अमृतसदृश सेवन गर। तिमी न पृथ्वी हौ, न जल, न अग्नि, न वायु, न आकाश। तिमी त यी सबैका साक्षी स्वरूप हौ। जब तिमीले देहसित आत्मालाई पृथक ठानेर आत्मामा चित्त स्थिर गरी शान्त हुनेछौ। तिमीले परम शान्ति प्राप्त गर्ने छौ। हे जनक; तिमी ब्राह्मण आदि कुनै जातिका होइनौ र न तिम्रो वर्णाश्रम आदि कुनै धर्म छ। तिमी कुनै इन्द्रियको विषय पनि होइनौ, तिमी त सबैका साक्षी र असंग हौ, आकाररहित हौ, सम्पूर्ण संसारका साक्षी हौ, यसरी बोध गरी संसारको तापबाट मुक्त होऊ।

हे व्यापक; धर्म र अधर्म, सुख र दुःख यी सबै मनका धर्म हुन्। तिमी न कर्त्ता हौ, न भोक्ता, तिमी त सधैं मुक्त हौ।

तिमी सबैका द्रष्टा हौ, मुक्त स्वरूप हौ। तिम्रौ बन्धन यति मात्र हो कि तिमी आफू बाहेक सबैलाई द्रष्टा देख्छौ। 'म कर्त्ता हुँ' भन्ने विशाल कालसर्पबाट दंशित भएर तिमी 'म कर्त्ता होइन' जस्ता विश्वासरूपी अमृतपान गरी सुखी भए। 'म एउटा अति शुद्ध बुद्धरूप हुँ' यस्तो निश्चयरूपी अग्निले आफ्नो अज्ञानरूपी वनलाई जलाई शोकरहित भए। जसमा यो संसार डोरीमा सर्पझैं भासित हुन्छ , त्यो नै आनन्द परमानन्दको बोध हो। तिमी सुखपूर्वक विचरण गरे। मुक्तिको अभिमानी मुक्त हो र बद्धको अभिमानी बद्ध हो। किनभने संसारको यो किंवदन्ती सत्य हो कि जस्तो जसको मति हुन्छ, त्यस्तै त्यसको गति हुन्छ। आत्मा साक्षी हो, चैतन्य रूप हो, क्रीयारहित, संगरहित, इच्छारहित र शान्त हो। भ्रमले गर्दा संसार भासित हुन्छ। 'म' र 'मेरो' को भावनाको त्याग गरी आत्मालाई अकर्णा, कूटस्थ, असंग ज्ञानस्वरूप, अद्वैत र व्यापक निश्चय गर। हे पुत्र; तिमी देहको अभिमानरूपी पशुले धेरे कालदेखि बाँधिएका छौ, आत्मज्ञानरूपी खड्गले त्यस बन्धनलाई काटेर 'म ज्ञान रूप हुँ', 'नित्य मुक्त हुँ' यसरी निश्चय गरी सुखी होऊ। तिमी संगरहित हौ, क्रियारहित हौ, स्वयंप्रकाशरूप हौ र निर्दोष हौ। तिम्रो बन्धन नै यही हो कि तिमी (उसको प्राप्तिका लागि) समाधिको अनुष्ठान गर्दछौ। यो संसार तिमीमा व्याप्त छ, तिमीमै उनिएको छ। यथार्थमा तिमी चैतन्यरूवरूप हौ। अतः विपरीत चित्तवृतिलाई प्राप्त न होऊ र तिमी उपेक्षारहित हौ, अर्थात् स्वनिर्भर हौ, शान्ति र मुक्तिका स्थान हौ। अगाध चैतन्य बुद्धिरूप हौ, क्षोभरहित हौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः चैतन्य मात्रमा निष्ठा राख्ने हौ ।

हे राजन; तिमी साकारलाई मिथ्या जान, निराकारलाई निश्चल नित्य जान । यस यथार्थ उपदेशले संसारमा पुनः उत्पत्ति हुँदैन । जसरी दर्पण आफैंमा प्रतिविम्वित रूपभित्र र बाहिर व्याप्त छ, त्यसै गरी परमात्मा यस संसारभित्र र बाहिर स्थित छ । जसरी एउटा आकाश घटभित्र र एउटा बाहिर स्थित छ, त्यसै गरी नित्य निरन्तर ब्रह्म सबै भूतको शरीरमा स्थित छ ।

दोस्रो प्रकरण

(राजा जनकलाई आत्मज्ञान)

जनक – ओहो; म त निर्दोष, शान्त, बोधरूप र प्रकृतिभन्दा इतर पो रहेछु । अहिलेसम्म मोहद्वारा ठगिएको पो रहेछु । आजदेखि हे गुरु; हजुरको कृपाले आत्मानन्दको अनुभवलाई प्राप्त भएको छु । जसरी यस देहलाई म एक्लैले प्रकाशित गर्दछु, त्यसै गरी संसारलाई पनि प्रकाशित गर्दछु । त्यसैले यो मेरो सम्पूर्ण संसार हो, वा फेरि मेरो केही पनि होइन । शरीररहित विश्वलाई आफूभन्दा पृथक ठानेर अथवा त्यागेर कुनै कुशलताले अर्थात् उपदेशले नै अब म परमात्मालाई देख्त छु । जसरी तरंग र फिँज जलभन्दा भिन्न छैन, किनभने जल नै ती सबैको उपादान कारण हो, त्यसै गरी विश्व आत्माले उत्पन्न छ, अर्थात् यसको उपादान कारण आत्मा नै हो । जसरी विचार गर्नाले कपडा तन्तु (धागो) मात्र प्रतीत हुन्छ, त्यसै गरी विचार गर्नाले यो संसार आत्मसत्ता मात्र प्रतीत हुन्छ । जसरी उखुको रसले बनेको सक्खर उखुको रसमा व्याप्त हुन्छ, त्यसैगरी म बाट बनेको संसार मैमा व्याप्त छ । आत्माको अज्ञानले संसार भासित हुन्छ, आत्माको ज्ञानले भासित हुँदैन । प्रकाश मेरो निजी रूप हो । म त्योभन्दा भिन्न होइन । जब संसार प्रकशित हुन्छ, मेरो प्रकाशले प्रकाशित हुन्छ । अचम्भ छ कल्पित संसार अज्ञानले ममा यसरी भासित छ, जसरी सीपीमा चाँदी, डोरीमा सर्प, सूर्यको किरणमा जल भासित हुन्छ । ममा उत्पन्न यो संसार मैमा लयलाई प्राप्त हुने छ, जसरी माटोमा गाग्रो, जलमा लहर र स्वर्णमा आभूषण लय हुन्छ । ब्रह्मादेखि लिएर तृणपर्यन्त जगत्को नाश भए पनि मेरो नाश हुँदैन । त्यसैले म आश्चर्यरूप हुँ (म नित्य हुँ), मेरो लागि नमस्कार छ । म देहधारी भए पनि अद्वैत हुँ । न कतै जाने हुँ, न कतैबाट आउने हुँ, संसारलाई आच्छादित गरेर स्थित हुँ । यस संसारमा मेरो तुल्य कोही छैन, किनभने शरीरलाई स्पर्श नगरेरै यस विश्वलाई सधैं-सधैं धारण गरिरहन्छु । मेरो केही पनि होइन वा मेरो सबै थोक हुन्, जुन वाणी र मनका विषय हुन् । ज्ञान, ज्ञेय र ज्ञाता यी तीनवटै जहाँ यथार्थमा छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहाँ यी तीनवटै अज्ञानले भासित हुन्छन्, म त्यहीं निरञ्जन रूप हुँ ।

दुःखको मूल द्वैत हो र त्यसैको कुनै औषधि हुँदैन । यी सबै दृश्य झुठा हुन्, मिथ्या हुन् । म एउटा अद्वैत शुद्ध चैतन्यरस हुँ । म बोधरूप हुँ, तर मैद्वारा अज्ञानता वश उपाधिको कल्पना गरिएको छ । यसरी नित्य विचार गर्दै मेरो स्थिति निर्विकल्प छ । अचम्म छ, ममा स्थित जगत् वास्तवमा ममा स्थित छैन । त्यसैले न मेरो बन्ध छ, न मोक्ष छ । यस्ता विचारले आश्रयरहित भई मेरो भ्रान्ति शान्त भएको छ । शरीर रहित यो संसार केही पनि होइन । अर्थात् न सत् र न असत् । यो शुद्ध चैतन्य मात्र आत्मा हो भने यसको कल्पना नै कसमा छ । यो शरीर स्वर्ग र नरक, बन्धन र मोक्ष र भय निःसन्देह कल्पना मात्र हुन् । तीसित म चैतन्य आत्मालाई के प्रयोजन ? जीवहरूको बीचमा पनि मलाई द्वैत देखा पर्दैन । यो अरण्यवत् भएको छ । म मोह कोसित गरूँ ? न म शरीर हुँ, न मोरे शरीर छ, म जीव पनि होइन, निश्चय नै म चैतन्य मात्र हुँ । मेरो यसै बन्धनले मलाई बाँच्ने इच्छा थियो । अपार समुद्ररूप ममा चित्तरूपी पवनको झोंक्काले तुरुन्तै जगत्रूपी तरंग उत्पन्न हुन्छन् । अपार समुद्ररूप ममा चित्तरूपी हावा शान्त हुनासाथ जीवरूपी व्यापारीको दुर्भाग्यले संसाररूपी डुङ्गा (अर्थात् शरीर ज्ञान) नाशलाई प्राप्त हुन्छ ।

अचम्म छ, अपार महासागररूप ममा जीवनरूपी तरंग उठ्छन् , परस्पर जुध्छन्, खेल्छन् र स्वभावले लय हुन्छन् ।

तेस्रो प्रकरण

(अष्टावक्रद्वारा राजा जनकको आत्मज्ञानको परीक्षा)

अष्टावक्र – अद्वैत, अविनाशी आत्मालाई यथार्थतः जानेर पनि तिमी आत्मज्ञानी धीरलाई धन-सङ्ग्रह गर्ने प्रीति किन छ ? आत्माको अज्ञानले विषयको भ्रम भएपछि त्यस्तै प्रीति हुन्छ, जस्तो सीपीमा चाँदीको भ्रमले लोभ उत्पन्न हुन्छ । जुन आत्मारूपी समुद्रमा यो संसार तरंगझैं स्फुरित हुन्छ, त्यो मै हुँ, यसरी जानेर पनि तिमी किन दीन भएर कुद्छौ ? अत्यन्त सुन्दर आत्मालाई जानेर पनि नजिकको विषयमा अतिआसक्त भएर पुरुष मूढतालाई प्राप्त हुन्छ । परम अद्वैतको आश्रय पाएर पनि र मोक्षका लागि उद्यत भएर पनि पुरुष कामको वशमा परी क्रीडाको अभ्यासले व्याकुल हुन्छ भने यो आश्चर्यको कुरो हो । कामलाई उद्भूत ज्ञानको शत्रु ठानेर पनि दुर्बल र अन्तकाललाई प्राप्त भएको पुरुषले कामको इच्छा गर्दछ भने आश्चर्य हो । जो ईहलोक र परलोकको भोगले विरक्त छ, जसले नित्य र अनित्यको विचार गर्दछ र मोक्ष चाहन्छ, त्यसले पनि मोक्षसित भय गर्दछ भने आश्चर्य हो । ज्ञानी पुरुष त भोगेर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र पीडित भएर पनि नित्य केवल आत्मालाई देखेर न त प्रसन्न हुन्छ, न कोप गर्दछ। आफ्नो चेष्टारत शरीरलाई जसले अर्काकोझैं देख्तछ, त्यो महाशय पुरुष स्मृति र निन्दामा पनि कसरी क्षोभलाई प्राप्त हुने छ ? जसको अज्ञानता समाप्त भएको छ, यस्तो धीर पुरुष यस विश्वलाई मात्र माया रूप देखेर मृत्युको आगमनले पनि किन डराउँछ ? जुन महात्माको मन मोक्षका लागि पनि इच्छारहित भइसकेको छ, त्यस आत्मज्ञानले तृप्त पुरुषको बराबरी को सित हुन सक्त छ ? जसले बुझ्दछ, यो दृश्य स्वभावैले केही पनि होइन, त्यसैले कसरी देख्न सक्छ कि यो ग्रहण गर्ने योग्य हो र यो त्याग्नेयोग्य हो। जसले विषय - वासनाको कषायलाई आफ्नो अन्तःकरणबाट त्यागिसकेको छ, जो द्वन्द्वरहित छ, आशारहित छ, यस्तो पुरुषलाई दैवयोगले प्राप्त भएको वस्तु न दुःखका लागि छ, न सन्तोषका लागि।

चौथो प्रकरण

(राजा जनकको उत्तर)

जनक - यो सत्य हो, भोग - विलाससित खेल्ने गरेको आत्मज्ञानी धीर पुरुषको तुलना संसारसित लिप्त मूढ पुरुषसित कदापि गर्न सकिन्न। जुन पदको इच्छा गर्दै इन्द्रादि सबै देवता दीन हुँदै गरेका छन्, योगी त्यस पदमा स्थित भएर पनि हर्षित हुँदैन, यो आश्चर्य हो। त्यस पदलाई जान्ने व्यक्तिको अन्तःकरणको पुण्य र पापसित सम्बन्ध हुँदैन। किनभने आकाशको सम्बन्ध देखिए पनि धूँवासित हुँदैन। जुन महात्माद्वारा यो संसार आत्मारूपमा जानिएको छ, त्यस आत्मज्ञानीलाई आफ्नो इच्छा अनुसार व्यवहार गर्नुबाट कसले रोक्न सक्छ ? ब्रह्मादेखि कमिलासम्म चार प्रकारका जीवका समूहमा नै ज्ञानीलाई नै इच्छा र अनिच्छा रोक्ने निश्चित सामर्थ्य हुन्छ। कसै-कसैले मात्रै आत्मा अर्थात् जीव र ईश्वरलाई अद्वैत गर्दछ। त्यसैले जुन कर्मलाई गर्न योग्य मान्दछ, त्यसलाई गर्दै त्यसलाई कुनै भय हुँदैन।

पाँचौ प्रकरण

(राजा जनकलाई मोक्ष प्राप्तिका उपाय बताउनु)

अष्टावक्र - तिम्रो कसैसँग पनि आसक्ति छैन, त्यसैले शुद्ध हौ। कसलाई त्याग्न चाहन्छौ ? यस प्रकारको देहाभिमानको त्याग गर्ने इच्छा गर्दै मोक्षलाई प्राप्त भए। तिमीबाट संसार उत्पन्न हुन्छ, जसरी समुद्रबाट फोका। यसरी आत्मालाई एक जानेर तिमी शान्तिलाई प्राप्त भए। दृश्यमान संसार प्रत्यक्ष भएर पनि डोरी साँप जस्तो हुने तिमी शुद्धका लागि होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले तिमी शान्ति (मोक्ष) लाई प्राप्त भए। जसको दृष्टिमा दुःख र सुख समान हुन्छ, जो पूर्ण छ, आशा र निराशा पनि जसको दृष्टिमा एक समान छ, बाँच्नु र मर्नु पनि जसको दृष्टिमा समान छ यस्ता तिमी ब्रह्मदृष्टि (मोक्ष) लाई उपलब्ध भए।।

छैठौं प्रकरण

(राजा जनकद्वारा मुक्तिको उद्घोषण)

जनक – आकाशझैं म अनन्त हुँ। यो संसार माटोको गाग्रोझैं प्रकृतिजन्य हो। त्यसैले यसको न त्याग हुन्छ, न ग्रहण नै, न लय – यो नै ज्ञान हो। म समुद्रझैं हुँ। यो संसार छाल जस्तो छ। यस कारणले यसको न त्याग हुन्छ, न ग्रहण, न लय। यो नै ज्ञान हो। यिनै प्रकारका विचारलाई ज्ञान भनिन्छ। म सीपीझैं हुँ, संसारको कल्पना रजत (चाँदी) जस्तो छ। त्यसैले यसको न त्याग छ, न ग्रहण, न लय। यो नै ज्ञान हो अर्थात् यस्तो जसले अनुभव गर्दछ, त्यो नै ज्ञानी हो। म निश्चय पनि सबै भूतमा हुँ, सबै भूत ममा छन्। यस कारणले म यसमा लय होइन, न यसको त्याग हो, न ग्रहण। यस प्रकारको ज्ञान हो।

सातौं प्रकरण

(राजा जनकबाट मुक्तिको स्थितिको वर्णन)

जनक – म अनन्त समुद्र हुँ र संसारको डुंगा मनरूपी पवनले गर्दा यता र उता हल्लिन्छ। तर , मलाई असहनशीलता छैन। अनन्त समुद्र जस्तो मभित्र संसाररूपी तरंग स्वभावले नै उदित होस् वा लयलाई प्राप्त होस् , यसबाट ममा न बृद्धि छ न हानि नै। अनन्त समुद्ररूपी 'म' भित्र निश्चय गरेर नै संसार कल्पना मात्र हो। म अत्यन्त शान्त हुँ, निराकार हुँ र यसै अवस्थामा स्थित हुँ। आत्मा देह आदिमा होइन र देहाद्वि त्यस अनन्त, निर्द्वन्द्व आत्मामा होइन। यसरी संगरहित भएर म यस आत्माको आश्रित हुँ। अचम्म छ , म त चैतन्य मात्र पो हुँ। संसार इन्द्रजाल जस्तो छ। त्यसैले मेरो हेय र उपादेयको कल्पना किन र कसमा होस् ?

आठौं प्रकरण

(अष्टावक्रद्वारा बन्ध र मोक्षको विवेचना)

अष्टावक्र – जब मन केही चाहन्छ, केही सोच्त छ, केही त्याग्द छ, केही ग्रहण गर्दछ, प्रसन्न हुन्छ, दुःखी, अनि बन्ध (बन्धन) हो। जब मन न केही चाहन्छ, न शोक गर्दछ, न प्रसन्न हुन्छ, न दुःखी हुन्छ त्यही मुक्ति (मोक्ष) हो।

जब मन (चित्त) कुनै दृष्टिमा अर्थात् विषयमा संलग्न छ, यो बन्ध हो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब मन (चित्त) सवै दृष्टिमा अर्थात् सबै विषयमध्ये कुनैमा आसक्त छैन, त्यो नै मुक्ति हो। जबसम्म म हुँ, तब सम्म बन्ध हो। जब म होइन, अनि मुक्ति हो। यसरी मानेर इच्छाले न केही ग्रहण गर, न त्याग गर।

नवौं प्रकरण

(संसारबाट कृति आसक्ति त्यागको उपदेश)

अष्टावक्र - कृत र अकृत कर्म र दुःख - सुख कसका कहिले शान्त भएका छन् ? यस्तो संशयरहित भई जानेर यस संसारबाट वैराग्यब्रतरहित भएर तिमी त्यागपरायण भए। हे प्रिय, उत्पत्ति र विनाशरूप लोकका चेष्ट देखेरै कुनै महात्माको बाँच्ने इच्छा, भोग्ने इच्छा र ज्ञानको इच्छा शान्त भएको छ र ? यी सबै अनित्य हुन्। तीनै तापले दूषित हुन्, साररहित हुन्, निन्दित हुन्, त्याग्नेयोग्य हुन् - यस्तो निश्चय गरेर शान्तिलाई प्राप्त हुन्छन्। त्यो कुन काल हो वा कुन अवस्था हो, जसमा मानिसलाई द्वन्द्व (सुख दुःखादि) न होस् ? तिनको अपेक्षा गरेर यथाप्राप्त वस्तुमा सन्तोष गर्ने व्यक्तिलाई सिद्धि अर्थात् मोक्ष प्राप्त हुन्छ। महर्षि र योगीहरूका नाना प्रकारका मत छन् - यस्तो देखेर वैराग्यलाई प्राप्त कुन पुरुषलाई शान्ति उपलब्ध भएको छ ? वैराग्य, समता र युक्ति, चैतन्यको मूर्ति - ज्ञान - लाई जानेर जसले संसारबाट आफूलाई तार्दछ, के त्यो गुरु होइन ? जब भूत - विकारलाई (देह, इन्द्रिय आदिलाई) तिमीले यथार्थतः भूत मात्रै देख्ने छौ - त्यसै बेला बन्धबाट मुक्त भएर आफ्नो स्वरूपमा स्थित हुने छौ। वासना नै संसार हो - यस्तो जानेर ती सबै वासनालाई त्यागिदेऊ। वासनाको त्याग नै संसारको त्याग हो यस्तो भएपछि जस्तो प्रारब्ध छ - त्यस्तै अनुसार शरीरको स्थिति छ।

दसौं प्रकरण

(संसारबाट तृष्णा - त्यागको उपदेश)

अष्टावक्र - शत्रुरूपी कामलाई र अनर्थको भण्डार अर्थलाई तथा दुवैका कारण स्वरूपलाई त्याग गरी धर्म बाहेक सबैको उपेक्षा गर। मित्र, जमीन, धन, मकान, स्त्री, दाजुभाई आदि सम्पदालाई तिमी स्वप्न र इन्द्रजालझैं हेर। यी तीन वा पाँच दिन मात्र टिक्छन्। जुन-जुन वस्तुमा इच्छा होस् ती सबैमा संसार जान। प्रौढ वैराग्यलाई आश्रय गरी तृष्णारहित भई तिमी सुखी भए। तृष्णामात्र आत्माको बन्धन हो। त्यसको नाशलाई मोक्ष भनिन्छ। संसार मात्रमा अनासक्त हुनाले पटकपटक आत्माको प्राप्ति र तृप्ति हुन्छ। तिमी शुद्ध चैतन्यरूप हौ। संसार जड र असत् हो, त्यसै गरी यो अविद्या पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असत् हो । यस्तो भए पनि तिमीलाई के जान्ने इच्छा छ । सबैका राज्य, पुत्र, स्त्री, शरीर र सुख सबै कुनै जन्ममा नष्ट भएका छन् । र तिम्रा पनि यी सबै हरेक जन्ममा भएका छन् । अर्थ काम र सुकृत कर्म त धेरै भए, तैपनि यी तीनवटैले संसारको यस जङ्गलमा चित्त शान्त भएन । कति - कति जन्ममा तिमीले शरीरबाट , मनले, वाणीले दुःखपूर्ण र सम्पूर्ण कर्म गरेका छैनौ । अब त उपराम (विश्राम) गर ।

एघारौं प्रकरण
(आत्मज्ञानीको दशाको वर्णन)

'भाव र अभावको विकार स्वभावले हुन्छ' भनेर निश्चयपूर्वक जान्ने विकार र क्लेशरहित पुरुष सुखपूर्वक शान्तिलाई प्राप्त हुन्छ । 'सबैलाई उत्पन्न गर्ने ईश्वर हुन्, अरू कोही होइन' भनेर निश्चयपूर्वक जान्ने पुरुष शान्त हुन्छन्, उसका सबै आशा अन्तःकरणमा गलित हुन्छन् र त्यो कतै पनि आसक्त हुँदैन । 'विपत्ति र सम्पति दैवयोगले नै समयमा आउँछ' भनेर निश्चयपूर्वक जान्ने नित्य सन्तुष्ट तथा स्वयेन्द्रिय भई न अप्राप्त वस्तुको इच्छा गर्दछ र न नष्ट भएको वस्तुबारे शोक गर्दछ । 'सुख र दुःख, जन्म र मृत्यु दैवयोगले नै प्राप्त हुन्छ' भनेर निश्चयपूर्वक जान्ने पुरुष सहायकर्मलाई हेर्दै र बिना प्रयास कर्म गर्दै पनि तिनमा लिप्त हुँदैन । 'यस संसारमा चिन्ताले दुःख उत्पन्न हुन्छ, अन्यथा हुँदैन' भन्ने निश्चयपूर्वक जान्ने व्यक्ति सुखी र शान्त हुन्छ, उसका इच्छा सर्वत्र गलित हुन्छन्, । र त्यो चिन्तारहित हुन्छ । 'म शरीर होइन, देह मेरो होइन', यसरी निश्चयपूर्वक जान्ने पुरुष कैवल्यलाई प्राप्त भएर अकृत र कृत कर्मको स्मरण गर्दैन ।'

ब्रह्मदेखि तृणपर्यन्त मै हुँ भन्ने निश्चयपूर्वक जान्ने निर्विकार, शुद्ध, शान्त तथा लाभालाभरहित पुरुष सुखी हुन्छ । 'यो संसार अनेक आश्चर्ययुक्त होइन अर्थात् मिथ्या हो' भनेर निश्चयपूर्वक जान्ने वासनारहित, बोध-स्वरूप पुरुष यसरी शान्तिपूर्वक बस्तछ, मानौं केही पनि छैन ।

बाह्रौं प्रकरण
(आत्मबोधको अवस्थाको वर्णन)

पहिले मैले शारीरिक कर्मलाई सहन गरिन, बाचिक कर्मलाई मबाट सहन गर्न सकिएन, त्यसपछि मानसिक कर्मलाई सहन गर्न सकिएन, अर्थात् कायिक, वाचिक र सम्पूर्ण मानसिक कर्मलाई मैले त्याग गरें र अब म चैतन्य आत्मामा स्थित हुँ । शब्द आदि ऐन्द्रिक विषयप्रति प्रीतिको अभावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा आत्माको अदृश्यताले प्राप्त विक्षेपले जसको मन मुक्त भएर एकाग्र भइसक्यो, यसरी म स्थित हुँ। आत्मज्ञानको अभावमा अज्ञानताले विक्षेप भएपछि – समाधिका लागि साधना हुन्छ – यस्तो नियमलाई देखेर आत्मज्ञानी भई समाधिरहित म स्थित हुँ। हे प्रभो; आत्मज्ञानले गर्दा त्याज्य र ग्राह्य दुवै वस्तुबारे निरपेक्ष भई अब म जे हुँ, त्यही हुँ, । जो आश्रय र अनाश्रय हुँ र चित्तले स्वीकार गरिएको वस्तुको त्याग हो – ती सबैमा उत्पन्न भएका आफ्ना विकल्प देखेर म तीनैबाट रहित स्थित हुँ। जसरी कर्मको अनुष्ठान अज्ञानबाट हुन्छ, त्यसै गरी कर्मको त्याग पनि हो। यस तत्त्वलाई राम्ररी बुझेर कर्म गर्ने र कर्म नगर्ने इच्छालाई त्याग गरी म स्थित हुँ। ब्रह्मको चिन्ता गर्दै गरेका पुरुषले पनि चिन्ताको भावना गर्दछ। त्यसैले म त्यस चिन्ताको भावलाई त्याग गरी यस्तै स्थित हुँ। जुन पुरुषले साधनाद्वारा क्रियारहित स्वरूप अर्जित गरेको छ। त्यो पुरुष कृत्कृत्य हुन्छ। जो स्वभावले नै यस्तो छ, त्यो त कृतकृत्य हो नै त्यसमा केही भन्नै पर्दैन।

तेह्रौं प्रकरण

(योगीलाई पनि दुर्लभ परम संन्यास)

जनक – संसारका जे पनि कर्म, भाव, विचार, त्याग, ग्रहण आदि छन्। सबै प्रकृतिजन्य कार्य हुन्। यिनको सम्बन्ध मन, अहङ्कार र शरीरसँग छ। आत्मा त चैतन्य साक्षी हो। केही पनि संसारका सत्य होइन भन्ने विचारबाट प्राप्त जुन चित्तको स्थिरता हो, त्यो कौपीन धारण गरेर पनि प्राप्त गर्नु दुर्लभ छ। त्यसैले त्याग र ग्रहण दुवैलाई छाडेर म सुखपूर्वक छु। कतै शरीरको दुःख छ, कतै वाणीको दुःख छ, कतै मनको दुःख छ। त्यसैले तीनवटैको त्याग गरी म आत्मानन्दमा स्थित छु। शरीरादिद्वारा गरिएको कर्म होइनन्, यसरी विचार गरी परेको बेला आवश्यकतानुसार कार्य गर्ने म आनन्दमा स्थित छु। कर्म र निष्कर्मको बन्धनबाट संयुक्त भाव भएको शरीरमा आसक्त नभई संयोग – वियोगबाट सर्वदा पृथक आत्मस्वरूप भएर म सुखपूर्वक स्थित छु। मलाई रोकिन, हिंड्न वा सुत्न, अर्थ र अनर्थ केही पनि छैन – त्यसैले म यत्न र अयत्नमा रोकिदैं, हिंड्दै, सुत्दै प्रत्येक अवस्थामा सुखपूर्वक स्थित छु।

सुत्दा पनि मलाई कुनै हानि हुनेवाला छैन र ती ज्ञानेन्द्रिय वा कर्मेन्द्रियका कार्यले मेरो कुनै प्रकार पनि सिद्धि पनि हुने छैन र लाभ र हानि भन्दा पर दुवैलाई परित्याग गरी म सुखको परम स्थितमा स्थित छु। त्यसैले अनेक जन्ममा सुखादि रूपको अनित्यतालाई पटक – पटक देखेर शुभ र अशुभलाई त्याग गरेर म सुखपूर्वक स्थित छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौधौं प्रकरण

(आत्मा नै परमात्मा हो)

जनक – जुन पुरुष स्वभावले नै शून्य चित्तवाला छ र प्रभावले विषयको सेवन गर्दछ र सुत्दा पनि जागेको समान छ – त्यो पुरुष संसार – रहित छ। मेरो इच्छा नष्ट भएको छ भने मेरा लागि कहाँ धन, कहाँ मित्र, कहाँ विषयरूपी चोर, कहाँ शास्त्र र कहाँ ज्ञान ? साक्षी पुरुष (जीव) परमात्मा, ईश्वर, आश – मुक्ति, बन्ध-मुक्तिलाई जानिसकेपछि मलाई मुक्तिको चिन्ता छैन। जो अन्तःकरणमा विकल्पले शून्य छ र जो – बाहिर भ्रान्त पुरूषझैं स्वतन्त्र छ – यस्ता पुरुषका भिन्न – भिन्न दशालाई त्यस्तै दशा भएकाले जान्दछन्।

पन्ध्रौं प्रकरण

(अष्टावक्रद्वारा तत्त्वबोधको वर्णन)

अष्टावक्र – सत्बुद्धि पुरुष थोरै उपदेशले पनि धन्य हुन्छन्, असतबुद्धि पुरुष जीवन पर्यन्त जिज्ञासु रहेर पनि त्यसमा मोहले ग्रस्त हुन्छ। विषयसित वैराग्य मोक्ष हो – विषयसम्बन्धी रस, बन्ध हो। यत्ति मात्र ज्ञान छ, यसलाई राम्ररी बुझेर तिमीलाई अब जे इच्छा छ, गर। यस तत्त्वज्ञानले धेरै बोल्ने पण्डित महाउद्योगी पुरुषलाई लाटो, जड़ र अल्छी बनाउँछ। त्यसैले भोग – विलास पुरुषबाट तत्त्वबोध त्यागिएको छ। तिमी शरीर होइनौ, न तिम्रो यो शरीर हो, तिमी भोक्ता र कर्ता पनि होइनौ। तिमी त चैतन्यस्वरूप हौ, साक्षी हौ, निरपेक्ष हौ, तिमी सुखपूर्वक विचरण गर। राग र द्वेष मनका धर्म हुन्। तिम्रा होइनन्। तिमी कहिल्यै पनि मन होइनौ। तिमी निर्विकल्प, निर्विकार, बोधस्वरूप आत्मा हौ। तिमी सुखपूर्वक विचरण गर। सबै भूतमा आत्मालाई तथा सबै भूतलाई आत्मामा जानेर तिमी अहङ्काररहित र ममतारहित हौ। तिमी सुखी होऊ। जसमा यो संसार तरंगझैं स्फुरित हुन्छ, त्यो तिमी नै हौ, यसमा सन्देह होइन। हे चैतन्यस्वरूप; तिमी संतापरहित होऊ। हे सौम्य; श्रद्धा गर, श्रद्धा गर, यसमा मोह नगर। तिमी ज्ञानस्वरूप आत्मा हौ तथा प्रकृतिभन्दा पर हौ। गुणमा लिप्त यो शरीर स्थित छ, आउँछ र जान्छ, तर यो आत्मा न जानेवाला छ, न आउनेवाला। यसका लागि तिमी किन सोच गर्छौ। चाहे यो शरीर कल्पको अन्त्यसम्म रहोस् वा कुनै बेला चटक्क जाओस्, तिमी चैतन्यरूपवालाको कहाँ बृद्धि वा हानि छ ? तिम्रो अनन्त महासमुद्रमा विश्वरूपी लहर आफ्नो स्वभावले उदय र अन्त्यलाई प्राप्त हुन्छ, तर तिम्रो न बृद्धि छ, र न नाश नै। हे प्रिय तिमी चैतन्यरूप हौ, तिम्रो यो जगत् तिमीभन्दा भिन्न छैन। त्यसैले त्याज्य र ग्राह्यको कल्पना कसको, किन र कहाँ हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्छ ? तिम्रो एउटा निर्मल, अविनाशी शान्त र चैतन्यरूप आकाशमा जन्म कहाँ छ, कर्म कहाँ छ र अहङ्कार कहाँ छ ? जसलाई तिमी देख्तछौ, त्यसमा तिमी एउटा मात्र भासित छौ । के कंगन, बाजूबन्द र घुंगरू स्वर्णभन्दा भिन्न छ ? 'यो म हुँ' 'यो म होइन' यस्ता विभाजनको परित्याग गर । सबै आत्मा हो - यस्तो निश्चय गेरेर तिमी संकल्परहित हौ भने सुखी हौ । तेरै अज्ञानले यो संसार हो । परमार्थतः तिमी एक हौ । तिमी बाहेक कोही अर्को छैन - न संसारी, न असंसारी । 'यो संसार भ्रान्ति मात्र हो, अरू केही होइन' यस्तो निश्चयपूर्वक जान्ने पुरुष वासनारहित र चैतन्य मात्र हो । यस्तो पुरुष केही नभए झैं (वासना रहित भई) शान्तिलाई प्राप्त हुन्छ । संसाररूपी समुद्रमा तिमी एक्लै मात्र थियौ र रहनेछौ । तिम्रो बन्ध र मोक्ष छैन । तिमी कृतकृत्य भएर विचरण गर । हे चैतन्यस्वरूप; तिमी चित्तलाई संकल्प र विकल्पले क्षोभित नगर । शान्त भएर आनन्दपूरित आफ्नो स्वरूपमा सुखपूर्वक स्थित होऊ । सबै ठाउँमा मनलाई त्याग गरेर, हृदयमा केही धारण नगर । तिमी आत्मा मुक्तरूप मात्र हौ । तिमी विचार गरेर के गर्छौ ?

सोह्रौं प्रकरण

('स्व' को ज्ञान नै मुक्ति हो)

हे प्रिय ! अनेक प्रकारका शास्त्रलाई भिन्न - भिन्न किसिमले तिमी भन, सून - तर सबैको विस्मरण नगरूञ्जेल तिमीलाई शान्ति प्राप्त हुने छैन । हे ज्ञानस्वरूपा ! तिम्रो चित्तले भोग, कर्म, समाधि प्राप्त गरोस्, तैपनि आत्माज्ञानको प्रभावले सबै आशाले रहित भई तिम्रो चित्त शान्त रहने छ । परिश्रमले सबै जीव दुःखी छन् । यसलाई कसैले जान्दैन । यसै उपदेशले भाग्यवानहरू परम सुखलाई प्राप्त हुन्छन् । जुन व्यक्ति आँखा चिम्लने र खोल्ने व्यपारले पनि दुःखी हुन्छ, त्यसलाई आलस्यशिरोमणि हुने सुख मात्र छ, अरू सुख होइन । यो गरियो यो गरिएन भन्ने द्वन्द्वले मन मुक्त भएपछि धर्म, अर्थ, काम र मोक्षको कामनाबाट पनि मुक्ति पाइन्छ । विषयको द्वेष विरक्त हुन्, विषयलोलुप रागी हुन्, जो पुरुष ग्रहण र त्याग दुवैले रहित छ, त्यो न विरक्त हो, न रागवान हो । जबसम्म तृष्णा रहन्छ, तबसम्म त्याज्य र ग्राह्य भाव पनि जीवित रहन्छ, जो संसाररूपी रुखको आँकुरो हो । प्रवृत्तिले राग र निवृत्तिमा द्वेष हुन्छ । त्यसले बुद्धिमान पुरुष द्वन्द्वरहित बालकझैं जे-जस्तो हुन्छ, त्यसमै स्थित हुन्छ । रागी पुरुष दुःखका निवृत्तिका लागि संसारलाई त्याग्न चाहन्छ । रागरहित पुरुष मनमा निश्चय गरी दुःखबाट मुक्त हुँदै संसारमा रहेर पनि क्लेशमुक्त हुन्छ । जसलाई मोक्षको अभिमान छ र त्यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी शररिप्रति पनि ममता छ, त्यो न ज्ञानी हो, न योगी हो, त्यो मात्र दुःखको भागी हो। तिम्रो उपदेशक शिव, ब्रह्मा वा विष्णु हो भने पनि त्यागबिना तिमीलाई शान्ति प्राप्त हुने छैन।

सत्रौं प्रकरण

(आत्मानुभूति गरी आत्मानन्दको रस)

अष्टावक्र – जुन पुरुष नित्य हो, तृप्त हो, शुद्ध इन्द्रियवाल हो, त्यो सधैं एक्लै रमण गर्दछ, त्यसैलाई ज्ञान एवं अभ्यासको फल प्राप्त भएको छ। हे जनक ! तत्त्वज्ञानी यस संसारमा दुःखलाई कदापि प्राप्त हुँदैन, किनभने मात्र एक त्यसैबाट ब्रह्माण्डमण्डल पूर्ण छ। जसरी सल्लाको पालुवाले तृप्त भएको हात्ति नीमको पातले कहिल्यै हर्षित हुँदैन, त्यसैगरी आत्मामा रमण गर्ने पुरुषलाई यी विषयहरूले कहिल्यै आकर्षित गर्दैनन्। जो भोगका भोगमा आसक्त हुँदैन र अभुक्त पदार्थमा आकांक्षारहित छ, यस्तो पुरुष संसारमा दुर्लभ छ। भोगको इच्छा राख्ने र मोक्षका इच्छा राख्ने दुवै प्रकारका व्यक्ति संसारमा देखिन्छन् तर, भोग र मोक्ष दुवैबाट निरपेक्ष व्यक्ति कोहीकोही मात्र हुन्छन्। उदारचित पुरुषले धर्म, अर्थ, काम र मोक्ष, जीवन र मरणमा त्याग र ग्रहणको भाव राख्तैन। जसमा विषयको विलयको इच्छा छैन र न त्यसको स्थितिप्रति द्वेष हो, त्यो धन्य पुरुष, त्यसैले यथाप्राप्य आजीविकाले सुखपूर्वक रहन्छ। ज्ञानले कृतार्थ भई गलितबुद्धि भएका कृतकार्य पुरुष देखेर, सुनेर, स्पर्श गरेर, सुङेर, खाएर सुखपूर्वक रहन्छ। जसको संसाररूपी समुद्र क्षीण भएको छ, जसको दृष्टि शून्य भएको छ, चेष्टा व्यर्थ भएको छ, यस्ता पुरुषमा न तृष्णा छ, न विरक्ति छ, जो न जाग्द छ, न सुत्द छ, न परेला उघार्छ र परेला चिम्म गर्द छ। अचम्म छ, कस्तो उत्कृष्ट दशा ज्ञानीको हुन्छ; मुक्त पुरुष सबै ठाउँमा शान्त, शुद्ध अन्तःकरण भएको देखा पर्दछ र सबै वासनाले रहित भएर सर्वत्र सुशोभित हुन्छ। देख्तै, सुन्दै, स्पर्श गर्दै, सुङ्दै, खाँदै, ग्रहण गर्दै, बोल्दै, जाँदै, रागद्वेषबाट मुक्त यस्ता महात्मा पुरुष निश्चय पनि जीवनमुक्त हुन्छ। ज्ञानी पुरुष सर्वत्र उदासीन छ। त्यसैले न निंदा गर्दछ, न स्तुति गर्दछ, न हर्षित हुन्छ, न लिन्छ। प्रीतियुक्त स्त्री वा नजिकमा उपस्थित मृत्युलाई देखेर जुन महापुरुष अविचलमना र स्वस्थ रहन्छ, त्यो निश्चिय नै मुक्त हो। समदर्शी ज्ञानीका लागि सुख र दुःखमा, नर र नारीमा, सम्पत्ति र विपत्तिमा कुनै भेद छैन। जसको संसार क्षीण भएको छ, त्यसमा न हिंसा छ, न करूणा छ, न उद्दण्डता छ, न दीनता छ, न आश्चर्य छ, न क्षोभ। जीवनमुक्त पुरुष न विषयमा द्वेष गर्ने हुन्छ, न विषयलोलुप हुन्छ। त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदैव आसक्तिरहित मनवाला भएर प्राप्त र अप्राप्त वस्तुको उपभोग गर्दछ। शून्य चित्त पुरुष समाधान र असमाधान, हित र अहितको कल्पनासम्मलाई जान्दैन। त्यो त कैवल्य जस्तो स्थित छ। अभ्यन्तरमा जसको समस्त आशा मलिन भएको छ र जसले निश्चयपूर्वक के जान्द छ भने यस्तो ममतारहित अहङ्कारशून्य पुरुष कर्म गर्दै गरे पनि तिनमा लिप्त हुँदैन। जसको मन गलित भएको छ, यस्तो ज्ञानी पुरुष मनको प्रकाशले, चित्तको शान्तिले, स्वप्न र जडता (सुसुप्ति) ले वर्जित भएर पनि अनिर्वचनीय दशालाई प्राप्त हुन्छ।

अठारौं प्रकरण

(आत्मबोध अर्थात् आत्माको प्रत्यक्ष ज्ञान)

अष्टावक्र - जसको बोधको उदय हुनाले सम्पूर्ण भ्रान्ति सपनाझैं तिरोहित हुन्छ। त्यस आनन्दस्वरूप, शान्तरूप र तेजमय रूपलाई नमस्कार छ। सबै सम्पति आर्जित गरेर मानिसले अतिशय भोग अवश्य प्राप्त गर्दछ तर सबैको परित्याग नगरी सुख पाउँदैन। कर्तव्यजन्य दुःखरूपी सूर्यको तापले जसको अन्तर्मन जलेको छ, यस्ता पुरुषलाई शान्तिरूपी - अमृतधाराको वर्षाबिना सुख कहाँ छ ? यो जगत् भावनामात्र अर्थात् संकल्प मात्र हो, परमार्थतः केही पनि होइन, किनभने भावरूप र अभावरूप पदार्थमा स्थित स्वभावको अभाव हुँदैन। यो आत्मपद न त टाढा छ, न संकोचले नै प्राप्त हुन्छ। यो विकल्परहित, प्रयासरहित, विकाररहित र निर्दोष हो। मोहबाट निवृत भएपछि र आफ्नो स्वरूपको ग्रहण मात्रले आवरणरहित दृष्टि भएका ज्ञानी पुरुष शोभायमान हुन्छन्। सम्पूर्ण जगत् कल्पना मात्र हो, आत्मा मुक्त र सनातन हो - यस्तो जानेर धीर पुरुष वालकझैं चेष्टाहीन हुन्छ। आत्मा ब्रह्म हो र भाव तथा अभाव कल्पित हुन् - यस्तो निश्चयपूर्वक जानेर कामनारहित पुरुष न केही जान्दछ, न भन्दछ, न गर्दछ। सबै आत्मा हो भनी जानेर शान्त भएका योगीका यस्ता कल्पना कि 'यो म हुँ' 'यो म होइन' क्षीण भएर जान्छन्। शान्त भएका योगीका लागि न विक्षेप हो, न एकाग्रता, न बोध, न मूर्खता, न सुख, न दुःख। विकल्परहित स्वभाव भएका योगीका लागि राज्य र भिक्षावृत्तिमा, लाभ र हानिमा, समाज र वनमा कुनै फरक छैन, यस प्रकारको द्वन्द्वले मुक्त योगीका लागि कहाँ धर्म छ, कहाँ कर्म छ, कहाँ अर्थ र कहाँ विवेक ?

जीवन मुक्त योगीका लागि कर्तव्यकर्म केही होइन र न त्यसको हृदयमा कुनै अनुराग छ। त्यो संसारमा यथाप्राप्त जीवन बाँच्त छ। सम्पूर्ण संकल्पको अन्त्य भएपछि विश्रान्त भएका योगीका लागि कहाँ मोह छ ? कहाँ मुक्ति छ ? जुन समान्य पुरुषले संसारलाई देखेको छ, त्यसले यसलाई अस्वीकार गर्न सक्तैन, तर वासनारहित पुरुषले देखेर पनि देख्तैन। जसले श्रेष्ठ ब्रह्मलाई देखेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ, त्यसले 'म ब्रह्म हुँ' को चिन्ता गर्न सक्छ, तर जुन पुरुष निश्चिन्त भएर केही देख्तैन, त्यसले के चिन्तन गरोस् ? जुन पुरुष आत्मामा विक्षेप देख्त छ, त्यसले चित्तको निरोध गरोस, तर विक्षेपरहित उदार पुरुष साध्यको अभावमा के गरोस् ? जो संसारी भएर पनि संसारबाट भिन्न छ, त्यो धीर पुरुषले न आफ्नो समाधिलाई, न विक्षेपलाई र न बन्धनलाई नै देख्त छ। जो पुरुष तृप्त छ, भाव–अभाव रहित छ, वासना रहित छ, त्यो लोकदृष्टिले कर्म गर्दै गरे पनि केही गर्दैन। धीर पुरुष प्रवृत्ति वा निवृत्तिमा दुराग्रह राख्तैन। त्यसलाई जत्तिखेर केही आइलाग्छ, त्यसलाई सम्पन्न गरी सुखपूर्वक बाँच्तछ। ज्ञानी पुरुष वासनारहित, आलम्बनरहित, स्वचच्छन्द र बन्धनरहित प्रारब्धरूपी वायुले प्रेरित भई सुकेको पातझैं व्यवहार गर्द छ। ज्ञानी पुरुषलाई न कहिले हर्ष हुन्छ, न विषाद। त्यो शान्तमना सदैव विदेह (मुक्त) झैं शोभायमान रहन्छ। आत्मामा रमण गर्ने र शीतल तथा निर्मल चित्त भएका ज्ञानीलाई न कतै त्यागको इच्छा हुन्छ, न कतै ग्रहणको। स्वाभाविक रूपले जो शून्यचित्त छ र सहजरूपले जो कर्म गर्दछ, त्यस ज्ञानी पुरुषलाई न आम मानिसझैं मान छ, म शुद्ध रूपद्वारा होइन। यस्तो चिन्तनको जसले अनुमान गर्दछ, त्यसले कर्म गरेर पनि गर्दैन।

जीवन मुक्त त्यस सामान्य मानिसलेझैं कर्म गर्दछ, जसले केही बोल्द छ र केही अरू नै गर्दछ, तैपनि त्यो मूर्ख हुँदैन र शोभायमान भएर संसारको सुख पनि भोग्दै छ। जुन ज्ञानी पुरुष अनेक प्रकारका विचारबाट गलेर शान्तिलाई उपलब्ध हुन्छ, त्यसले न कल्पना गर्दछ, न जान्दछ, न सुन्दछ, न देख्तछ। ज्ञानी पुरुष विक्षेपरहित र समाधिरहित भएको कारण मुमुक्षु छैन तथा द्वैत भ्रमको अभावले आबद्ध छैन। त्यो निश्चियपूर्वक जगत्लाई कल्पित ठान्दै ब्रह्मवत् स्थिर रहन्छ। जसको अन्तःकरणमा अहङ्कार छ, त्यसले कर्म नगर्दै पनि संकल्पादि कर्म गर्दछ र अहङ्काररहित ज्ञानी पुरुष कर्म गरे पनि गर्दैन। मुक्त पुरुषको उद्वेगरहित, संतापरहित, कर्तव्यरहित, स्पंदरहित, आशारहित, सन्देहरहित चित्त नै शोभा प्राप्त गर्दछ। ज्ञानी अथवा मुक्त पुरुषको चित्त ध्यान वा चेष्टा प्रवृत्त हुँदैन, तर त्यो निमित्त वा हेतुबिना नै ध्यान गर्दछ तथा नाना प्रकारका काम गर्दछ। मन्दबुद्धि तत्त्वपदार्थ अर्थात् उपनिषद् आदिलाई सुनेर मूढतालाई प्राप्त हुन्छ। तर कुनै ज्ञानी मूढबत् भएर संकोच वा समाधिलाई प्राप्त हुन्छ। चित्तको एकाग्रता अथवा निरोधक अज्ञानीले धेरै अभ्यास गर्दछ, तर ज्ञानी पुरुष सुतेका व्यक्तिझैं आफ्नो स्वभावमा स्थित भएर केही गर्नयोग्य देख्तैन। अज्ञानी पुरुष प्रयत्न अथवा अप्रयत्नले परम सुखलाई प्राप्त हुँदैन, जबकी ज्ञानी पुरुष मात्र तत्त्वलाई निश्चयपूर्वक जानेर कृतार्थ भैजान्छ। यस संसारमा अभ्यासी पुरुष त्यस आत्मालाई जान्न पाउँदैन, जुन शुद्ध, बुद्ध, प्रिय, पूर्ण, प्रपञ्चरहित र दुःखरहित छ। अज्ञानी अभ्यासरूपी कर्मले गर्दा मोक्षलाई प्राप्त हुँदैन। तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियारहित भाग्यवान पुरुष केवल ज्ञानद्वारा मुक्त भएर स्थित रहन्छ। अज्ञानीले जसरी ब्रह्म हुने इच्छा राख्त छ, त्यसरी ब्रह्म हुन पाउँदैन, तर ज्ञानी पुरुष न चाहेर पनि निश्चित नै पर-ब्रह्मरुवरूपलाई भज्ने हुन्छ। यस आधाररहित, दुराग्रहयुक्त संसारको पोषक अज्ञानी पुरुष नै हो। यस अनर्थरूप मूल भएको संसारको मूलोच्छेद ज्ञानीद्वरा गरिएको छ। अज्ञानी जसरी शान्त हुने गर्दछ, त्यसरी त्यो शान्तिलाई प्राप्त हुँदैन, तर ज्ञानी पुरुष तत्त्वलाई जानेर सर्वदा शान्त मनवाला हुन्छ। त्यसलाई आत्माको दर्शन कहाँ छ, जसले दृष्टको अवलम्वन गर्दछ ? ज्ञानी पुरुष दुष्टलाई देख्तैन। त्यसैले अविनाशी आत्मालाई देख्तछ जसले निश्चित रूपले चित्तको निरोध गर्दछ। त्यस अज्ञानीलाई खोइ चित्तको निरोध हुन्छ ? स्वयंमा रमण गर्ने ज्ञानी पुरुषलाई यो चित्तको निरोध स्वाभाविक हो। कोही भावलाई मान्ने पुरुष छ, कोही 'कोही पनि होइन' भन्ने मान्दछ। कोही-कोही दुवैलाई मान्दछ र त्यही स्वस्थचित्त हो। दुर्बुद्धि पुरुष शुद्ध अद्वैत आत्माको भावना गर्दछन्, तर अज्ञानतावश त्यसलाई जान्दैनन्, अनि जीवनभरि सुख रहित रहन्छन्। मुमुक्षु पुरुषको बुद्धि आलम्बन बिना रहदैन। मुक्त पुरुषको बुद्धि सदा निष्काम र आश्रितरहित रहन्छ। विषयरूपी बाघलाई देखेर तर्सिएका मूर्ख मान्छे आश्रयको खोजीमा चाँडै नै चित्तनिरोधक र एकाग्रताका सिद्धिका लागि पहाडको गुफाभित्र प्रवेश गर्दछ। वासनारहित पुरुषरूपी सिंहलाई देखेर विषयरूपी हात्ती कित लुसुक्क भाग्छ अथवा चाटुकार भई त्यसको सेवा गर्न थाल्दछ।

शंकारहित र निश्चल मन भएको पुरुष मुक्तिकारी योग (यम-नियम आदि) लाई आग्रहसाथ ग्रहण गर्दैन, तर त्यो देख्तै, सुन्दै, स्पर्श गर्दै, सुङ्दै, खाँदै सुखपूर्वक रहन्छ। यथार्थ ज्ञान सुनेरै पनि शुद्ध बुद्धि भएको र स्वस्थ चित्तभएको पुरुष न आचारलाई न उदासीनतालाई देख्तछ। ज्ञानी पुरुषलाई जब केही शुभ वा अशुभ आइलाग्छ, त्यसलाई सहजतापूर्वक सम्पन्न गर्दछ, किनभने उसको स्वभाव शिशुवत् छ। ज्ञानी पुरुष स्वतन्त्रताले सुखलाई प्राप्त हुन्छ, स्वतन्त्रताले ज्ञान प्राप्त हुन्छ, स्वतन्त्रताले नित्य ज्ञानलाई प्राप्त हुन्छ र स्वतन्त्रताले परम पद प्राप्त हुन्छ। जब पुरुष आफ्नो अकर्तापनलाई र अभोक्तापनलाई स्वीकार गर्दछ, उसका सम्पूर्ण चित्तवृत्तिको नाश हुन्छ। ज्ञानी पुरुषको स्वाभाविक उच्छृंखल स्थिति पनि शोभित हुन्छ, तर स्पृहासक्त चित्त भएको मूर्खलाई नक्कली शान्ति पनि शोभित हुँदैन। कल्पनारहित, बन्धनरहित, मुक्त बुद्धि भएका ज्ञानी कहिल्यै प्रचूर भोगका साथ प्रारब्धवश क्रीडा गर्दछन् र कहिल्ये पहाडका कन्दराभित्र प्रवेश गर्दछन्। ज्ञानी पुरुषका हृदयमा पंडित, देवता र तीर्थको पूजन गरी तथा राजा र प्रिय जनलाई देखेर पनि कुनै वासना उत्पन्न हुँदैन। ज्ञानी नोकर-चाकर, श्रीमती, नाति-नातिना र वन्धु-वान्धवद्वारा अपमानित भएर पनि विकारलाई प्राप्त हुँदैन। ज्ञानी पुरुष लोकदृष्टिले सन्तुष्ट देखिए पनि सन्तुष्ट हुँदैन र दुःख पाएर पनि दुःखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन । उसको यस आश्चर्यजनक रूपलाई उस्तै किसिमका ज्ञानीले बुझ्न सक्छन् । कर्तव्यता नै संसार हो । त्यसलाई शून्याकार, निराकार, निर्विकार र दुःखरहित ज्ञानीले देख्तैनन् । अज्ञानी कर्मलाई नगरे पनि सबै ठाउँमा संकल्प र विकल्पले व्याकुल रहन्छ र ज्ञानी कर्म गर्दै पनि निश्चय गरी निश्चय – चित्त भएको हुन्छ । व्यवहारमा पनि ज्ञानी सुखपूर्वक बस्तछ, सुखपूर्वक आउँछ र जान्छ, सुखपूर्वक बोल्छ र सुखपूर्वक भोजन गर्छ । जुन ज्ञानी स्वभावले व्यवहारमा पनि सामान्य जनझैं व्यवहार गर्दैन र महासरोवरझैं क्लेशरहित हुन्छ, त्यो नै शोभायमान हुन्छ । मूढ पुरुषको निवृत्ति पनि प्रवृत्तिसमान फल दिन्छ । मूढ पुरुषको वैराग्य परिग्रहले देखिन्छ, तर जसको आशा देहमा गलित भएको छ यस्ता ज्ञानीलाई न राग छ, न वैराग्य । मूर्ख पुरुषको दृष्टि सधैं भावनामा वा आभावमा संलग्न रहन्छ, तर स्वस्थ पुरुषको दृष्टि भावना, अभावनाले युक्त भएर पनि तीप्रति अदृष्टिरूप रहन्छ, जो ज्ञानी शिशुवत् व्यवहार गर्दै कामनारहित रूपले सबै कर्मको आरम्भ गर्छ, त्यस शुद्ध स्वरूपद्वारा गरिएका कर्ममा लिप्तता हुँदैन । त्यो नै आत्मज्ञानी धन्य हो, जसले मनको निस्तरण गर्न सकेको छ र जो देखेर, सुनेर, छामेर, सुङेर, खाएर पनि सबै भावना एकरस हुन्छ । सदैव आकाशवत् निर्विकल्प ज्ञानीका लागि संसार कता छ ? कहाँ आभास छ ? कहाँ साध्य छ ? कहाँ साधन अर्थात् यज्ञादि कर्म छन् ? त्यही द्रष्टा – द्रष्टा कर्मफलले रहित संन्यासी जयलाई प्राप्त हुन्छ, जो पूर्णानन्दस्वरूप हो, तथा जसको स्वाभाविक समाधि आफ्नो पूर्ण स्वरूपमा निरन्तर वर्तमान रहन्छ । यसबारे धेरै बोल्ने के प्रयोजन ? तत्त्वज्ञानी र भोग तथा मोक्ष दुवैमा निराकांक्षी ज्ञानी सधैं र सर्वत्र राग–द्वेषरहित हुन्छ । महत्त्व आदि जुन द्वैत जगत् हो, त्यो नाउँ मात्रकै भिन्न छ । त्यसलाई त्याग गरेपछि शुद्ध बोधस्वरूप भएकालाई कुन कार्य शेष रहन्छ ? यो समस्त भ्रमरूप जगत्प्रपञ्च केही पनि होइन, यस्तो निश्चयपूर्वक जानेर अलक्ष्य (आत्मा) को स्फुरण भएको शुद्ध पुरुष स्वभावले नै शान्तिलाई प्राप्त हुन्छ । दृश्य भावलाई नदेखेर शुद्ध स्फुरण रूप भएकाको अनुभव गर्ने ज्ञानीलाई कहाँ कर्म – विधान छ ? कहाँ वैराग्य छ ? कहाँ त्याग छ ? कहाँ शान्ति छ ? अनन्त रूपमा मायालाई नदेख्ने ज्ञानीलाई कहाँ बन्धन छ ? कहाँ मोक्ष छ ? कहाँ अर्थ छ ? र, कहाँ शोक छ ? बुद्धिपर्यन्त संसारमा जहाँ पनि माया भासित हुन्छ, त्यहाँ ममतारहित, अहङ्काररहित र कामनारहित ज्ञानी नै शोभायमान हुन्छ । अविनाशी र सन्तापरहित आत्मालाई देख्ने मुनिलाई कहाँ विद्या, कहाँ शास्त्र, कहाँ संसार (अविद्या), कहाँ देह ? कहाँ म र मेरोको भाव ? अज्ञानी पुरुषले निरोधादि कर्मको परित्याग गर्छ भने त्यो तत्क्षण मनोरथ र प्रलापलाई पूरा गर्न प्रवृत्त हुन जान्छ ? मूर्ख त्यस आत्मालाई सुनेर पनि मूढताको परित्याग गर्दैन । त्यो बाह्य प्रयत्नमा निर्विकल्प भएर मनमा विषयको लालसा राख्ने हुन्छ । जसको कर्म ज्ञानले नष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ, यस्ता ज्ञानी लोकदृष्टिमा कर्म गर्ने पनि हुन्छ, तर त्यसले न केही गर्ने अवसर पाउँछ, न केही भन्ने। सधैं निर्भय र निर्विकार ज्ञानी पुरुषलाई कहाँ अन्धकार छ ? कहाँ प्रकाश छ ? कहाँ त्याग छ ? केही पनि छैन। अनिर्वचनीय स्वभाव भएका र स्वभावरहित योगीलाई कहाँ धीरता छ ? कहाँ विवेकिता छ ? निर्भयता पनि कहाँ छ ?

योगीलाई न स्वर्ग छ, न नरक छ, न जीवनमुक्ति नै। यसमा धेरै भन्ने के प्रयोजन छ ? योगीका निमित योगका दृष्टिले केही पनि छैन। ज्ञानीको चित्त अमृतले पूरित भएको शीतल हुन्छ। त्यसैले न त्यसैले लाभका लागि प्रार्थना गर्दछ, न हानिका लागि कहिल्यै सोच गर्दछ। कामनारहित पुरुष न त शान्त पुरुषलाई प्रशंसा गर्दछ, न दुष्ट पुरुषलाई निंदा गर्दछ। त्यो सुखदुःखलाई समान ठान्दै तृप्त रहन्छ। त्यसले गर्नलाई केही देख्तैन। ज्ञानी न संसारप्रति द्वेष गर्दछ, न आत्मालाई देख्ने इच्छा गर्दछ। हर्ष र शोकले मुक्त त्यो न मरेजस्तो छ, न जीवित जस्तो। पुत्र, स्त्री आदिप्रति स्नेहरहित र विषयमा कामनारहित हुँदै, आफ्नो शरीरप्रति पनि चिन्ता नगर्दै ज्ञानी पुरुष सबै आशाबाट मुक्त शोभायमान हुन्छ। यथाप्राप्यबाट आफ्नो जीवन चलाउने, देशमा स्वच्छन्दताले विचरण गर्ने, जहाँ सूर्यास्त हुन्छ, त्यही सुत्ने ज्ञानी पुरुष सदैव आनन्दित हुन्छ। जो निज स्वभावरूपी भूमिमा विश्राम गर्दछ र जसलाई संसार विस्मृत भएको छ, त्यस महात्माले कुन कुराको चिन्ता गर्दछ भने देह रहन्छ कि यसको नाश हुन्छ। गृहस्थ धर्मरहित, स्वच्छन्द विचरणगर्ने, द्वन्द्वरहित, संशयरहित आसक्तिरहित र एक्लै ज्ञानी पुरुष नै सबै भावमा रमण गर्दछ। जो ममतारहित छ, त्यसका लागि माटाका डल्ला, ढुङ्गा र सुन समान हुन्छन्। जसको हृदयका ग्रन्थि चुँडिएका छन् र जसका रज, तम पखालिएका छन्, त्यो ज्ञानी पुरुष शोभायमान हुन्छ र जसका हृदयमा कुनै पनि वासना छैन, त्यस्तो तृप्त ज्ञानीको तुलना केसित गर्न सकिन्छ ? वासनारहित पुरुषबाहेक अरू को हो जो जानेर पनि जान्दैन, देखेर पनि देख्तैन, बोलेर पनि बोल्दैन। जसका सबै भावमा श्रेष्ठ, अश्रेष्ठले बुद्धि गलित भएको छ र जो निष्काम छ, त्यही शोभायमान हुन्छ, त्यो भिखारी होस् कि राजा। निष्कपट सरलरूप र वास्तविक चरित्रभएको योगीलाई कहाँ स्वच्छन्दता छ ? आत्मामा विश्राम गर्दै तृप्त भएका, आशा रहित र शोकरहित ज्ञानीको अन्तरमा जुन अनुभूति हुन्छ, त्यसलाई कसरी र कोसित भनियोस् ? जो सुतेर पनि सुतेका छैन, न स्वप्नमा नै सुतेको छ, जाग्रतमा पनि जागेको छैन, त्यही ज्ञानी पुरुष क्षण - क्षणमा तृप्त छ ? ज्ञानी चिन्तासहित पनि इन्द्रियरहित हुन्छ, बुद्धिसहित पनि बुद्धिरहित हुन्छ तथा अहङ्कारसहित पनि अहङ्काररहित हुन्छ। ज्ञानी न सुखी हुन्छ, न दुःखी, न विरक्त, न रागवान, न मुमुक्षु, न मुक्त, न किञ्चन, न अकिञ्चन। ज्ञानी पुरुष विक्षेपमा पनि विक्षिप्त हुँदन, समाधिमा पनि समाधिस्थ हुँदैन, जडतामा पनि जड हुँदैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डित्याईमा पनि पण्डित हुँदैन, मुक्त ज्ञानी सबै अवस्थामा स्वस्थ हुन्छ, गरिएका र गर्नयोग्य कर्ममा तृप्त हुन्छ, सर्वत्र समान हुन्छ, तृष्णाको अभावमा गरिएको र नगरिएको कर्मको संझना गर्दैन। जीवनमुक्त पुरुष न स्तुतिले प्रसन्न हुन्छ, न निन्दाले क्रोधित, न मृत्युमा उद्विग्न हुन्छ, न जीवनमा हर्षित। शान्त बुद्धि भएको पुरुष न मानिसहरू भरिभराउ भएको सहरतिर भाग्दछ, नवनतिर। त्यो सबै स्थान र स्थितिमा समभावले स्थित रहन्छ।

उन्नाईसौं प्रकरण

(राजा जनकद्वारा आत्मज्ञानको वर्णन)

जनक : मैले हजुरबाट तत्त्वज्ञानको झिरले हृदय र उदरभित्र रहेका नाना प्रकारका विचाररूपी वाणलाई झिकिसकेको छु। आफ्नो महिमामा स्थित रहेको मलाई कहाँ धर्म छ ? कहाँ काम छ ? कहाँ अर्थ छ ? कहाँ द्वैत र कहाँ अद्वैत छ ? नित्य आफ्नो महिमामा स्थित भएको मलाई कहाँ भूत छ ? कहाँ भविष्यत् छ ? कहाँ वर्तमान छ ? अथवा कहाँ देश छ ? आफ्नो महिमामा अवस्थित मलाई कहाँ आत्मा छ ? कहाँ अनात्मा छ ? कहाँ शुभ छ ? कहाँ अशुभ छ ? कहाँ चिन्ता छ ? कहाँ अचिन्ता छ ? आफ्नो महिमामा अवस्थित मलाई कहाँ स्वप्न छ, कहाँ सुषुप्ति छ, कहाँ जागरण छ र कहाँ तुरीय अवस्थाको भय ? आफ्नो महिमामा अवस्थित मलाई कहाँ टाढा छ, कहाँ नजिक छ, कहाँ बाह्य छ, कहाँ अभ्यन्तर छ, कहाँ स्थूल छ र कहाँ सूक्ष्म ? आफ्नो आत्मामा विश्रान्त मलाई धर्म, अर्थ कामको कथा नै पर्याप्त छ, योगको कथा पनि पर्याप्त छ, विज्ञानको कथा पनि पर्याप्त छ।

बीसौं प्रकरण

(राजा जनकद्वारा आत्मबोधको वर्णन)

जनक : मेरो निरञ्जन स्वरूपमा कहाँ आकाशादि भूत छन् ? कहाँ देह छ ? कहाँ इन्द्रिय छन् ? कहाँ मन छ ? कहाँ तृप्ति छ ? कहाँ तृष्णाको अभाव छ ? मेरो रूपलाई कहाँ रूपता छ ? कहाँ विद्या छ ? कहाँ अविद्या छ ? कहाँ अन्धकार छ ? कहाँ यो बाह्यवस्तु छ र कहाँ मेरो छ ? कहाँ बन्ध र कहाँ मोक्ष छ ? म सर्वदा निर्विशेषलाई प्रारब्ध - कर्म कहाँ वा जीवनमुक्ति कहाँ ? कहाँ यो विदेहमुक्ति नै छ ? सर्वदा स्वभावरहित रहेको ममा कहाँ कर्तापन छ ? कहाँ भोक्तापन ? कहाँ क्रियाहीनता छ ? कहाँ प्रत्यक्ष ज्ञान छ र कहाँ फल ? म अद्वैत स्वरूपलाई कहाँ लोक छ ? कहाँ मुमुक्षु र कहाँ योगी, ज्ञानवान, बद्ध वा मुक्त छ ? म विमलस्वरूपलाई कहाँ प्रमाता (प्रमाण दिने) ? कहाँ प्रमाण ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहाँ प्रमेय र कहाँ प्रमा ? कहाँ किंचित र कहाँ अकिंचित ? सदा क्रियारहित मलाई कहाँ एकाग्रता छ ? कहाँ ज्ञान छ ? कहाँ मूढता छ ? कहाँ हर्ष छ ? कहाँ शोक छ ? सदा निर्मलचित्त रहने मलाई कहाँ व्यवहार छ ? कहाँ त्यो परमार्थता छ ? कहाँ सुख छ ? र कहाँ दुःख छ ? सदा निर्मल स्वरूप रहने मलाई कहाँ माया छ ? कहाँ संसार छ ? कहाँ प्रीति र कहाँ विरति छ ? कहाँ जीव र कहाँ यो ब्रह्म छ ? सदा स्थिर, कूटस्थ र विभागरहित मलाई कहाँ प्रवृति , कहाँ निवृत्ति, कहाँ मुक्ति र कहाँ बन्ध छ ? उपाधिरहित, कल्याणरूप मलाई कहाँ उपदेश छ ? अथवा, कहाँ शास्त्र छ ? कहाँ शिष्य छ ? कहाँ गुरु छ र कहाँ मोक्ष छ ? कहाँ अस्ति र कहाँ नास्ति छ ? कहाँ एक र कहाँ दुई छ ? यसमा धेरै भन्ने के प्रयोजन ? मेरो त सबै शान्त भए केही पनि त मेरो अन्तरमा उठिरहेको छैन ।

१. ऋग्वेद, प्रस्तुति तीर्थ, आचार्य वेदान्त पृष्ठ – ६, मनोज पब्लिकेशन्स, दिल्ली

२. राष्ट्रिय रामायण सम्मेलन (स्मारिका २०६८) पृष्ठ १०५ –६ , भारद्वाज संस्कृत सम्बर्द्धन केन्द्र काठमान्डु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय अध्याय

मिथिलाका केही विभूतिहरू

१. देवभूमि :

मिथिला अनेक देव देवी, ऋषि-मुनि, चिन्तक, मनीषि आदिको पावन जन्मस्थली एवं कर्मस्थली रहेको छ। स्वयं शुकदेव मुनिले यहाँ आएर ब्रह्म विद्या प्राप्त गरेका थिए। मिथिलाको पौराणिक ऐतिह्यगाथा सूर्यवंशी राजा निमिदेखि आरम्भ हुन्छ। वाल्मीकि रामायण, बालकाण्ड, ७१ औं सर्ग अनुसार निमि - वंशावली यसरी प्राप्त हुन्छ १. निमि, २. मिथि, (जनक प्रथम) ३. उदावसु, ४. नन्दिवर्धन, ५. सुकेतु, ६. देवरात, ७. वृहद्रथ, ८. महावीर, ९. सुघृति, १०. घृष्टकेतु, ११. हर्यस्व, १२. मरु, १३. प्रतिन्ध, १४. कीर्तिरथ, १५. देवमीढ १६. विवुध, १७. महीघ्रक १८. कीर्तिरात, १९. महारोमा, २०. स्वर्णरोमा, २१. ह्रस्वरोमा, २२. सीरध्वज, (जनक द्वितीय विदेह), यिनका आयोनिजा कन्या सीता (रामपत्नी), उर्मिला यो निजा (लक्ष्मण पत्नी), भ्राता कुशध्वज (सांकाश्य देशका राजा) यिनका कन्या (१) माण्डवी (भरतपत्नी), श्रुतिकीर्ति (शत्रुध्नपत्नी), विष्णुपुराण (४ अंश ५ अध्याय) मा केही फरक देखिन्छ। यथा- १. निमि (विदेह), २. जनक (मिथि-मिथिला वैदेह), ३. उदावसु, ४. नन्दिवर्धन, ५. सुकेतु, ६. देवरात, ७. बृहद्रथ(बृहदुक्थ), ८. महावीर्य, ९. सुधृति (सत्यधृति), १०. घृष्टकेतु, ११. हर्यस्व, १२. मरु, १३. प्रतिवन्धक (प्रतीपक), १४. कृति (त) रथ, १५. देवमीढ (कृति), १६. विवुध (विश्रुत-विसृत), १७. महाघृति (कृति), १८. कीर्तिरात, १९. महारोमा, २०. सुवर्णरोमा, २१. स्वरोमा, २२. सीरध्वज (जनक), २३. भानुमान्, २४. शतद्युम्न, २५. शुचि, २६. ऊर्डावह, २७. सत्यध्व, २८. कुणि, २९. अञ्जन, ३०. ऋतुजित, ३१. अरिष्टनेमि, ३२. श्रुतायु, ३३. सुपार्श्व, ३४. सञ्जय, ३५. क्षेमारि, ३६. अनेनस्, ३७. मीनरथ, ३८. सत्यरथ, ३९. अञ्जन, ४०. उपगु (रु), ४१. श्रुत, ४२. शाश्वत, ४३. सुधन्वा, ४४. सुभास, ४५. सुश्रुत, ४६. जय, ४७. विजय, ४८. ऋत, ४९. सुनय, ५०. वीतहव्य, ५१. घृति, ५२. वहुलाश्व, ५३. कृति। श्रीमद्भागवत ९ औं स्कन्ध १३ औं अध्यायमा यस वंशको वर्णन सीरध्वजदेखि भानुमान्सम्म अनेक राजाहरूको नाउँ उल्लिखित छन्। यी सबै मिथिलाका पौराणिक विभूति नै हुन्।

जनक वंशको कथा :

१. मिथिलाका आदि नरेश निमिले यज्ञ गरेका थिए। त्यस यज्ञका ऋत्विक हुने दायित्वका लागि गुरु वशिष्ठलाई अनुनय गर्दा उनले स्वीकृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएका थिए। तर, यज्ञ प्रारम्भ गर्नुभन्दा पूर्व वशिष्ट इन्द्रको यज्ञका लागि ऋत्विक भई गए र त्यहाँ यज्ञ पूर्णाहुतिमा विलम्व भयो। यसैबीच निमिले सोचे , जीवन अनित्य छ, कुनै बेला मृत्यु घटित हुन सक्छ, अतएव गौतमलाई ऋत्विक बनाई यज्ञ आरम्भ गर्नुपर्छ। जब इन्द्रको यज्ञ समाप्त गरेर वशिष्ठ फर्किए, गौतमलाई आफ्नो ठाउँमा ऋत्विक भई यज्ञ गराउन लागेको देखेर क्रुध भए र निमिलाई विदेह हुने (मृत्यु हुने) शाप दिए, निमिले पनि प्रतिशाप दिए, 'तपाई पनि धर्मको मर्म नबुझी लोभको वशमा काम गर्नुहुन्छ, 'तपाईको पनि देहपात होस्।' यस्तो भएपछि वशिष्ठले मित्रवरूणको अंशले उर्वशीमा देहान्तर परिग्रह गरे, तर निमिको शरीर तैलकुण्डमा गंध-द्रव्यसहितराखियो। यज्ञको समाप्तिपछि ऋत्विकहरूले देवताहरूसित निमिलाई पुनर्जीवित गर्न प्राथना गरे। निमिका वायुभूत प्राण उपस्थित भयो र प्रार्थना गर्न थाल्यो, 'म प्रतिपल दुःखदायक यो शरीर पुनः धारण गर्न चाहन्न।' देवताहरूले विनती गरे, 'त्यसो भए अध्यात्मज्ञानयुक्त भएर मानिसका परेलामा बास गर्नुहोस्।' विदेह निमिमहाराजको यज्ञ समाप्त गरी महर्षिहरूले निमिको वंशको तथा राज्यको रक्षाका लागि उनको मृत् शरीरलाई मथित गरी मिथि नामको पुत्र उत्पन्न गरे।[1] त्यसपछि त्यस वंशका राजाहरूको 'जनक' वा 'वैदेह' कौलिक थर स्थापित भयो र त्यस वंशका राजाहरू योगीश्वर याज्ञवल्क्यको प्रसादले ब्रह्मज्ञानी हुँदै गए।

"एते वै मैथिला राजन्नात्मविद्याविशारदाः।
योगीश्वरप्रसादेन द्वन्द्वैर्मुक्ता गृहष्वपि॥"[2]

यसै वंशमा सीता ज्यूका पिता राजर्षि जनक उत्पन्न भए। सीताको विवाह अयोध्याका राजकुमार रामसित भयो।

२. याज्ञवल्क्य :

देवरातका पुत्र याज्ञवल्क्य मुनि मैथिल ब्राह्मण थिए भन्ने कुरा याज्ञवल्क्य संहितामा उल्लिखित छ :

'मिथिलास्यः स योगीन्द्रः क्षणं ध्वात्वाऽब्रवीन्मुनीन॥'

उनले व्यासशिष्य वैशम्पायनसित यजुर्वेदको अध्ययन गरेका थिए। तर कुनै विषयमा वैचारिक भिन्नता उत्पन्न भयो। गुरुले आज्ञा दिए - मसित पढेको वेदको ज्ञान मलाई फर्काइदेऊ। याज्ञवल्क्यले वैशाम्पायनलाई उनीबाट अध्ययन गरेका वेद-ज्ञान ओकलिदिए जसलाई वेशाम्पायनका अन्य शिष्यले तित्रा चरो बनी टिपे। त्यसैले त्यो ज्ञानलाई कृष्ण यजुर्वेद तैतरीय शाखा भनिन्छ। यो घटनापछि महर्षि याज्ञवल्क्य मूर्खवत् भए। सूर्य उपासना गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुक्लयजुर्वेद (माध्यन्दिनी शाखा आदि) लाभ गरे एवं शतपथ ब्राह्मण तथा याज्ञवल्क्यस्मृतिको रचना गरे। केही विद्वानहरूले दुवैका स्मृतिकार भिन्न मानेका छन्। एवं प्रकारले कर्मकाण्डमा निपुण भई पछि ज्ञानकाण्डको अवलम्वन गर्दै ब्रह्मज्ञानी भए। योगी थिए उनी –

'ज्ञेयं चारण्यकमहं, यदादित्यावाप्तवान्।
योगशास्त्रञ्च मत्प्रोक्तं, ज्ञेयं योगमभीप्सता ॥'

याज्ञवल्क्यका दुई पत्नी थिए : १. मैत्रेयी २. कात्यायनी। पतिका उपदेशले मैत्रेयी ब्रह्मवादिनी भइन र कात्यायनी सद्योवधू थिइन्। बृहदारण्यक उपनिषद्मा यिनको एउटा प्रसिद्ध आख्यान उल्लिखित छ – जनक वैदेहले अश्वमेघ यज्ञ गरे। यसमा कुरूपञ्चाल (पंजाब) आदि देशका ब्राह्मणहरू एकत्र भए। त्यस बेला महाराज जनकलाई जिज्ञासा भयो – यस यज्ञमा जो विशिष्ठ ब्राह्मज्ञानी हुनुहुन्छ, त्यसले मेरो गोशालाबाट एक हजार स्वर्णश्रृंगी गाई खोलेर लैजानुहोस्। याज्ञवल्क्यले गाई खोल्न लगाए। अन्य आगत विद्वानहरूसित शास्त्रार्थ भयो र उनले आफ्नो ब्रह्मज्ञानले सबैलाई परास्त गरे। त्यस दिनदेखि याज्ञवल्क्य त्यस वंशका सबै राजाका गुरु भए :

'सोहं भगवे विदेहान्ददामि, माञ्चापि दास्यायेति।'

३. क्षेमारि :

महाभारत, कर्ण पर्व, पाँचौं अध्यायमा मिथिलाका राजा क्षेमधूर्तिको चर्चा पाइन्छ।

'तथैव रथिनां श्रेष्ठः क्षेमधूर्तिर्विशाम्पते।
मिहितो गदया राजन् भीमसेनेन संयुगे ॥
तथा राजा महेष्वासो जलसन्धो मावलः।
सुमहत्कदं कृत्वा हतः सात्याकिना रणे ॥'

यसरी, यस वंशका (निमि वंशका) ३५ औं राजा पुराणोक्त क्षेमारि वा ९ औं स्कन्ध भागवतमा उल्लिखित क्षेमधि थिए। यिनी दुर्योधनको पक्षमा थिए। त्यसका तीन कारणको उल्लेख म.म.परमेश्वर झाले गरेका छन्।[३] पहिलो कारण, पाण्डुले मिथिलामा आएर विजय प्राप्त गरेका थिए (आदिपर्व, ११३ अध्याय), त्यसैले पाण्डवहरूसित शत्रुता थियो। अर्को, भीम जब उत्तर दिशामा विजय प्राप्त गर्न आएका थिए, मिथिलाका राजा र नेपालको पहाडी क्षेत्र (दोलखा आदिका) का सात राजासित बाझाबाझ भएको थियो, जसको चर्चा महाभारत सभावर्प, ३० औं अध्यायमा भएको छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'वैदेहकञ्च राजनं जनकं जगत्ी पतिम् ।
विजग्ये पुरुषव्याघ्रो नातिनीवेण कर्मणा ॥
शाकाँश्च वर्वराँश्चैव अजयच्छद्मपूर्वकम् ।
वैदेहस्थस्तु कौन्तेय इन्द्रपर्वतमन्तिकात् ॥
किरातानामधिपतीनजयत्सप्त पाण्डवा ॥

तेस्रो कारण, स्यान्तकमणिका कारण : जब श्रीकृष्ण विरुद्ध भई वलभद्र मिथिलामा आएर बसेका थिए, दुर्योधनले मिथिला(जनकपुर) मा आई उनीसित गदायुद्धको शिक्षा प्राप्त गरेका थिए । मिथिलाको राजासित दुर्योधनको प्रगाढ मैत्री भयो । महाभारतमा चर्चित राजा जरासन्ध मिथिलाबासी थिए र यिनको निवास स्थल जलसैन (जडिसैनि) मा थियो ।

४. राजा नान्यदेव -

पम्मार क्षेत्रीय वंशका नान्यदेवले कार्णाटकबाट चौध सहस्र पैदल तथा घोडसबार सेना लिएर मिथिलामा आक्रमण गरेका थिए । नान्यापुर (वर्तमान सीतामढी जिल्लाको नानपुर) यिनको राजधानी थियो । किंवदन्ति के छ भने यिनले मिथिलामा आउँदा त्यस वर्तमान नानपुर गाउँको एक ठाउँमा एउटा सर्पको फणामा एउटै श्लोक लेखेको देखे :

'रामोवेत्तिनलोवत्ति वेत्ति राजा पुरूरवाक ।
अलर्कस्य धनं प्राप्य नान्यो राजा भविष्यति ॥'

उनले त्यो स्थल उत्खनन गर्न लगाए र त्यहाँ लुकाइएको अपार सम्पदा प्राप्त गरी राजा बने । यिनको राज्यारम्भको काल सन् ४९६ साल फसली, मो. शाके १०११ र ई. सन् १०८९ मानिएको छ । यिनको अर्को राजधानी नेपालको सिम्रौनगढ पनि रहेको कुरा गढको वास्तुशिलामा उत्कीर्ण श्लोकबाट प्रमाणित हुन्छ :

'नन्देन्दुविन्दुविधुसिम्मित शाकवर्षे
सच्छावणे सितदले मुनिसिद्धि तिथित्याम् ।
स्वा(ती) तौ शर्नेश्चरदिने करिवैरिलग्ने
श्रीनान्यदेवनृपतिर्व्वदधीत वास्तुम् ॥'

अर्थात् शाके २०१९ श्रावण शुदि सप्तमी तिथि सिद्धियोग स्वाती नक्षत्र शनिवार सिंहलग्नमा नान्य राजाले वास्तुविधान गरे । नेपालको कर्णाटवंशीय इतिहासको शिलान्यास नान्यदेवले गरेको हुँदा यिनी नेपाल - मिथिलाको ऐतिहासिक अध्ययनको दृष्टिले अत्यन्त महत्त्वपूर्ण व्यक्तित्व हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. वाचस्पति मिश्र :

द्वादशदर्शनटीकाकार वाचस्पति मिश्रकी श्रीमती भामतीको नाउँमा भामा ग्राम नानपुरकै छेउमा छ। वाचस्पति मिश्रले जुन नृग महाराजका राज्याश्रित भई 'भामती' ग्रन्थको रचना गर्नुभयो, त्यो बडगाम भन्ने गाउँमा। महान् दार्शनिक वाचस्पति मिश्रले नास्तिक षडदर्शनबारे जे-जति टीकाको रचना गरे, ती उपलब्ध छैनन्, तर, यिनीबाट लेखिएका आस्तिक दर्शनका केही उपलब्ध ग्रन्थ हुन्: न्यायकणिका, तत्त्वसमीक्षा, तत्त्वविन्दु, न्यायवर्तिकातात्पर्यटीका, सांख्य तत्त्वकौमुदी, योगभाष्यविवृति, वेदान्तशारीरकभाष्यमाथि भामती नामक व्याख्या आदि। यिनी शङ्कराचार्य (सं. ८४५ मो. शाके ७१०) का परवर्ती हुन्। 'कुसुमाञ्जली', 'किरणवली', 'लक्षणावली' आदि ग्रन्थका विख्यात ग्रन्थकार उदयनभन्दा प्राचीन हुन्।

६. उदयनाचार्य :

यिनी नोनौतिवार मूलका काश्यपगोत्रीय मैथिल ब्राह्मण थिए। बौद्ध धर्मको प्रबल प्रभाव मिथिलामा बढ्न लागेको देखेर भयभीत भई धर्मरक्षार्थ यिनी बंगदेश गएर गौडेश्वर आदिशूरको राज्यमा धर्माधिकारणिक भए। उनले एउटा विवाह वंगालमा पनि गरेका थिए। विल्वडीह (बिलेटी) मा उनका संतान बंगाली ब्राह्मणहरूमा 'भादुडी' (भद्राडीही) कहलाउँछन्। (हरिसिंह देव : इतिहास खण्डमा यिनको चर्चा गरिएको छ।)

७. महाराजाधिराज शिवसिंह देव :

महाराज देवसिंहपछि शिवसिंह मिथिलाको राज्य सिंहासनमा आरूढ भए (संवत् १४५९, सन् १४०२ ई., सन् ८२० फसली)। मैथिली - काव्याकाशका मात्र नभई विश्व - काव्यकाशक कहिले नअस्ताउने सूर्य महाकवि विद्यापति यिनकै राज्याश्रयमा थिए। दिल्लीका बादशाहको कैदबाट शिवसिंहलाई मुक्त गराएको पुरस्कारमा महाराज शिवसिंहले उनलाई 'अभिनव जयदेव' को पदवी दिएका थिए। स्वाभिमानी राजा शिवसिंहले मोहम्मद तुगलकको अधीनता स्वीकार नगरेको हुँदा सूबे विहारका नबाबले यिनलाई थरीथरीका यातना दिन थाले। यिनी गजरथपुर घाटी छोटा रजबाडामा बस्न थाले। यिनले तीन वर्ष नौ महीना मात्र शासन गरेका थिए, मो. तुगलकले यिनमाथि आक्रमण गरे। यिनी युद्धमा लुप्त भए, तर आत्मसमर्पण गरेनन्। युद्धको आशंका हुनासाथ यिनले आफ्ना मन्त्री महाकवि विद्यापतिका साथ आफ्नी रानी लखिमादेवीलाई जनकपुर नजिक रहेको बनौली राज्यका द्रोणवंशीय राजा पुरादित्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दरबारमा पठाइदिएका थिए। महाराज शिवसिंहको सेनाले मो. तुगलकको सेनासित अनेक दिनसम्म युद्ध गरे। युद्धको अन्तिम दिन यिनी मो. तुगलकको सैन्यव्यूह चिर्दै बादशाहको नजिकसम्म पुग्न सफल भए। चाहेको भए भालाले उनको हत्या गर्न सक्थे। तर, उनले मात्र उनको श्रीपेंच (ताज) को भेदन गरी फर्किए। बादशाहले यिनको आभार स्वीकार गरी आफ्नो सेनालाई यिनलाई पछ्याएर यिनलाई नमार्ने आदेश दिए। महाराजाको परिवारलाई बनौलीमा राखेर महाकवि विद्यापति स्वयं यस युद्धमा सरिक भएका थिए। त्यसैले विद्यापतिले यस युद्धको सजीव र प्रत्यक्ष वर्णन गरेका छन् :

'दूर दुग्गम दमीस मञ्जेओ, गाढ गढ गूढीअ गज्जेओ,
पातिसाह ससीभ सीमा, समर दरसेओ रे ॥ . . . '

शिवसिंहको सेना पराजित भयो। महाराजाधिराज शिवसिंह जङ्गलभित्र हराए। त्यसपछिको उनको जीवन-लीलाको आधिकारिक वृतान्त पाइएन।

८. विद्यापति :

नोबल पुरस्कार प्राप्त विश्वप्रसिद्ध कवि रवीन्द्रनाथलाई समेत उत्प्रेरित गर्ने कवि विद्यापति विश्वासाहित्यका अद्वितीय कवि, मैथिल मात्रको एकताका प्रतीक पुरुष तथा सम्पूर्ण मिथिलाका आराध्य देव हुन्। अनेक मत-मतान्तर भए पनि उनको जन्म सन् १३५० तिर भएको अधिकांश विद्वानद्वारा मानिन्छ। महाराजाधिराज शिवसिंहका राज्याश्रित कवि विद्यापतिका कविताको प्रभाव-क्षेत्र अभूतपूर्व रूपमा काल र देशको सीमा छिचोल्दै गएको हामी पाउँदछौं। आसाम, बंगाल, उडीसा र नेपालमा उनको गहिरो प्रभाव छ। मध्यकालीन मल्ल राजाहरूद्वारा र उनका राज्याश्रित नाटककार, गीतकार र कविद्वारा रचित विपुल साहित्यमा विद्यापतिको अमिट प्रभाव छ। श्रृंगार र भक्तिरसका साथै सामाजिक संचेतनाको चरम चुलीमा समाधिस्थ कवि विद्यापतिका अधिकांश प्रामाणिक ग्रन्थ नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको र पछि विभिन्न विद्वानहरूद्वारा, फेला पारिएको तथ्य सर्वस्वीकृत छ। नेपाल पदावली, भाषा गीत सङ्ग्रह, गोरक्षविजय (नाटक) कीर्तिलता, (प्रवन्धकाव्य) कीर्तिपताका (प्रबन्ध काव्य), शैव सर्वस्वसार, दानवाक्यावली दुर्गाभक्तितरंगणी, पुरुषपरीक्षा, तिखनावली जस्ता महत्त्वपूर्ण ग्रन्थका प्रामाणिक प्रतिलिपि नेपालमै उपलब्ध भयो। भूपरिक्रमा, शैवसर्वस्वसार, गङ्गावाक्यावली, विभागसार, गोरक्षविजय आदि पनि उनका उल्लेख्य कृति हुन्। विद्यापतिका पदहरूमा जस्तो चामत्कारिक उपमाको प्रयोग भएको छ, त्यो विलक्षण छ, विश्वासाहित्यमा दुर्लभ छ। नारीका विविध उमेरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकसित मनोविज्ञानको यस्तो सूक्ष्म निरीक्षण र चित्रण विश्वासाहित्मै अनुपम छ ।

मदमस्त यौवनमा मात्तिएकी कुचाग्रा नायिकाको मजेत्रो एक छिनलाई चिप्लिएर तल झर्छ कनक काया झलक्क झल्किन्छ र नायिकाले फेरि मजेत्रो समालिहाल्दा कविले भन्छन् , त्यो स्वर्ण अंग यस्तो देखियो मानौं नव जलधर (भर्खर उठेको बादल) मा विजुली चम्किएको होस् । आज मैले मेरी प्रेयसीलाई हिडिरहेको देखें र मेरो मनमा कामोद्वेग भयो । मेरी प्रेयसी त्यस्ती देखिन्थी मानौं ऊ बिना अवलम्वकी सुनलहरा होस् । अझ उसका जोबनका कमलफूल त अपूर्वै थियो, पूरा फक्रिन नसकेको । फक्रियोस् पनि कसरी ? मुखचन्द्रमुनि फुल्ने कमल कहाँ विकसित हुन पाउँछ ? त्यसैले कुचयुग – कमल आधि मात्रै फक्रिएको देखियो :

'ससन परस खसु अम्वर रे, देखल घनि देह ।
नव जलधरतर संचर रे, जनु विजुरी रेह ॥१॥
आज देखलि घनी जाइत रे, मोहि उपजल रंग ।
कनकलताजनि संचर रे, मोहि निरअवलम्व ॥२॥
ता पुन अपरूब देखल रे, कुच जुग अरबिन्द
विकसित नहि किछु कारण रे, सोझा मुख चन्द ॥३॥
विद्यापति कवि गाओल रे, रस बुझ रसमन्त ।
देवसिंह नृप नागर रे, हासिनि देवी कन्त ॥४॥

विद्यापतिकी राधा मिथिलाकी आम युवती हो र कृष्ण आम युवक । राधा-कृष्णको संयोग वियोगको श्रृंगारिक वर्णन नै कविको साध्य हो । राधाको बैंसमा वसन्त चढ्दै जाँदा उरज-उदय-स्थलमा लालिमा आएको छ । दुवै आँखा रही – रही श्रवणपथतिर जान थाले, अर्थात् तेर्सो नजरले हेर्न थालिन् । कुचयुग पहिले बयरझैं थियो, फेरि सुन्तला र विस्तारै भोगटेमा परिवर्तित हुँदै गए । कृष्णले स्नान गरेर तुरुन्त निस्किएकी राधालाई देखे । उनको वस्त्र स्तनसित चपक्क टाँसिएको थियो । झपक्क परेका कपालले छोपिएका स्तन चमरले छोपिएका स्वर्णशिवलिगं जस्ता देखिन्थे :

"पहिल बदरि कुच पुन नवरंग, दिने-दिने बाढय पिडय अनंग ॥१॥
से पुन भए गेल बीजकपोर, अब कुच बाढल श्रीफल जोर ॥२॥
माधव पेखल रमणि सन्धान, घटहि भेटल करइत सिनान ॥३॥
तनु शुक वसन हिरदय लागि, जे पुरुख देखव तकर भागि ॥४॥
उरहि लोलित चाँचर केश, चामरे झाँपल कनक महेश ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनइ विद्यापति सुनह मुरारि, सुपुरुख बिलसय से वरनारि ॥६॥''
कृष्ण-वियोगमा राधाको विरह-वेदना चरम चुलीमा पुग्दा उनको अवस्थाको चित्रण जुन मार्मिकतासँग विद्यापतिले गरेका छन्, त्यो कुनै अन्य कविबाट सम्भव देखिदैन । हेर्नुहोस् :

''अनुखन माधव माधव सुमरइत, सुन्दरि भेलि मधाईं ।
ओ निज भाव सोभावहि बिसरल, अपनहि गुण लुबधाई ॥
माधव अपरूव तोहर सिनेह ।
अपन विरहे अपन तनु जारय, जीवइते भेलि सन्देह ॥
भोरहि सहचरि कातर दिठि हेरि, छलछल लोचन पानि ।
अनुखन राधा-राधा रटितहि, आधा-आधा बानि ॥
राधासओं जब पुनितहि माधव, माधवसओं जब राधा ।
दारूण प्रेम तबहि नहि टूटत, बाढत विरहक बाधा ॥
दुहु दिश दारू दहने वैसे दगधइ, आकुल कीट परान ।
ऐसन वल्लभ हेरि सुधामुखि, कवि विद्यापति भान ॥''

एकनासले पल-प्रतिपल 'माधव-माधव' रट्दा-रट्दै सुन्दरी राधा स्वयं आफू नै माधव भएका (भाव-तरंगमा) अनुभव गर्न थाल्छिन् । उनी माधव भएर आफ्नै (राधाकै) रूप-गुणमा लट्ठ परेर आफ्नो मनोभावमा हराउँछिन् । हे माधव; यो कस्तो अपूर्व प्रेम हो तिम्रो, जसमा मन यसरी आत्मविस्मृत भएर जान्छ कि आफ्नो स्वतन्त्र अस्तित्त्वको ज्ञान नै लुप्त हुन्छ । आफूलाई कृष्ण रूपमा अनुभव गर्ने राधाले आफ्नै सखीतिर हेर्छिन् र उनका आँखाबाट बर्बरी आँसु झर्न थाल्छन् । किनभने उनी राधाको विरहवेदनाको अनुभव अनुभूति गर्छिन् । राधा-राधा रट्छिन्, राधा रट्दा-रट्दा उनको कण्ठ फुट्छ, अड्की-अड्की आधा-आधा मात्रै बोल्न सक्छिन् । अनौठो के छ भने, जतिखेर राधाको भावमा फर्किन्छिन् माधवलाई डाक्न थाल्छिन् , जब माधबको भावमा आविष्ट हुन्छिन् 'राधा; राधा;;' कराउन थाल्छिन् । दाउराका दुवै छेउमा आगो लागेर बीचमा परेको कीरा जसरी जता गए पनि जल्छ, राधा र कृष्ण दुवैको विरहमा समान रूपले जल्ने राधाको अहिले त्यही दशा भएको छ ।...' कस्तो अपूर्व चित्रण;

श्रृंगारको पराकाष्ठा जस्तै कविका अन्तिम बेलामा रचित गीतहरूमा वैराग्यको पनि पराकाष्ठा छ ।

''तातल सैकत वारिविन्दु-सम, सुत, मित, रमणी समाजे ।
तोहे बिसारि मन तोहे समर्पल, अब मझुहब कोन काजे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माधव हम परिणाम निराशा ।
तुहुँ जगत्‌ारण दीन दयामय, अतये तोहरि बिसबासा ।
आध जनम हम निन्दे गमाओल, जरा शिशु कत दिन गेला ।
निधुवन रमणि रसरंगे मातल, तोहेतोहे भजब कोन बेला ।
कत चतुरानन मरिमरि जाओत, न तुअ आदि अवसाना ।
तोहे जन्म पुनि तोहे समाओत, सागर लहरि समाना ।
भनइ विद्यापति शेष शमन भये, तुअ बिनु गति नहि आरा ।
आदि अनादिक नाथ कहाओसि, अब तारण भार तोहारा ।

अर्थात्, 'सुत, मित्र, रमणी, समाज सबै मेरा लागि अब तातो बालुवामा खन्याएका पानीका थोपासरी भएका छन् । हे भगवान, तिमीलाई बिर्सेर अब फेरि म आफूलाई तिमीलाई नै समर्पित गर्दछु । अब मेरो के उपाय छ प्रभु ? हे माधव ! जीवनको अन्तिम परिणाम निराशा हो र यस्तोमा एउटै विश्वास छ कि तिमी नै जगमा सबैलाई तार्ने र दीनप्रति दयामय हौ । मैले त आधा जनम निद्रामा (सुतेर) बिताएँ, जरावस्था र शैशव पनि क्षणिक थिए । यौवन त रमणीहरूसित रमण गर्दै बित्यो र तिमीलाई भज्ने समय नै पाइन । अहिले आएर बोध भयो, कति कति ब्रह्म त मरेर जान्छन्, तिम्रो न त आदि छ, न अवसान । तिमीबाटै जन्मिएर प्राणी तिमीमै यसरी मिल्छन् , जसरी सागरबाट उठेर लहर फेरि सागरमै विलीन हुन्छन् । विद्यापातिले भन्छन्, शेषको शमन होस्, तिमी बिना अरू नै मेरो गति छैन । तिमी त आदि र अनादिका नियामक कहलाउँछौ, तार्ने भार तिम्रै हो ।'

विद्यापतिले वालविवाह, वहुविवाह जस्ता विसङ्गीतका कारुणिक र सांस्कारिक अवसरका लागि गीत रचेका छन् । उनको रचनासंसार विविधतामय छ । उनका कृष्णविषयक गीत र शिवविषयक नचारी गाउँदा-गाउँदै सन्त चैतन्य महापुरुष भावाविष्ट भई मूर्च्छित भइजानुहुन्थ्यो । परवर्ती कवि तुलसी, सरदासमाथि विद्यापतिको प्रभाव छ । विद्यापतिबारे दुई जनश्रुति प्रसिद्ध छन् - १. उनको भक्तिबाट प्रभावित भएर स्वयं शिव नै मानवरूप धारण गरी उनका नोकर बनेका थिए । उनकी पत्नीले चिर्पटले हान्दा जब 'उगना' नाउँ दिइएको साक्षात् शिव अन्तर्ध्यान हुनुभयो, विद्यापतिले कवितामा विलाप गर्न थाले - 'उगना रे मोर कतए गेला' । २. अशक्त भएर गङ्गासम्म पुग्न नसक्ता गङ्गा स्वयं उहाँसम्म अन्त्यकालमा पुगेकी थिइन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ट) पक्षधर मिश्र :

उहाँ महानैयायिक हुनुहुन्थ्यो । 'न्यायचिन्तामणि' को आलोकटीका उहाँले लेख्नुभएको थियो । उहाँद्वारा लिखित 'प्रसन्न राघव' नाटकको प्रसिद्धिको अनुमान कैले गर्न सकिन्छ भने विश्वप्रसिद्ध संतकवि तुलसीदासले समेत यस कृतिको छायानुशरण अनेक स्थलमा गरेका छन् । उदाहरणार्थ :

'झटिति जगत्री मागच्छन्त्याः पितामह विष्टपान्महति पथि यो देव्यावाचः श्रमः समजायत ।
अपि कथमसौ मुञ्चेदेनं नवदेवगाहते रघुपति गुण ग्रामश्लाघामयदीर्घिकाम ॥' (प्रसन्न राघव नाटक, अङ्क-१)

छायानुवाद हेर्नुस् -

'भक्तिहेतु विधि भवन बिहाई । सुमिरत सारद आबत् धाई ॥
रामचरित सर बिन अन्हबाये । सो श्रम जाय न कोटि उपाये ॥'
(रामचरित मानस वालकाण्ड) त्यसै गरी, 'वाणस्य-बाहुशिखरै :
परिपीड्यमानं नेदं धनुश्चलति किञ्चिदपीन्दुमौलै : ।
कामातुरस्य वचसामिव संविधानै रभ्यर्धितं प्रकृतिचारूमनः सतीनाम् ॥
- (प्र.रा.ना., अङ्क १)

छायानुवाद -

'डगै न शम्भु शरासन कैसे । कामी वचन सती मन जैसे ॥'
-(रा.च. मानस, वालकाण्ड)

पुनः -

'चन्द्रहास हर मे परितापं । रामचन्द्र विरहानल जात् ।
त्वंहि कान्तिजित - मौक्तिकचूर्ण घारयावहसि शीतलम्भः ॥'
- (प्रसन्न राघव, अङ्क ६)

छायानुवाद-

कुरू सकरूणञ्चेत : श्रीमन्शोक वनस्पते दहनकणिका मेकान्तावत् मम प्रकटी कुरू ।
ननु विरहिणं सन्तापाय स्फुटी कुरूते भावन् नवकिसलयश्रेणिव्याजकृशानु शिखाबलिम् ।' - (मानस, सुन्दरकाण्ड)

सुनहु विनय मम विटप अशोका । सत्यनाम करू हरू मम शोका ॥
नूतन किसल्य अनल समाना । देहु अग्नि तनु करहु निदाना ॥
- (मानस, सुन्दरकाण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैगरी,

'हिमांशु श्चण्डांशुर्नवजलधरो राजदहनः सरिद्वीचीबातः कुपितफणी निश्वास पवन : ।

नवामल्लीमल्ली कुवलय वनं कुन्तगहनं मम त्वद्विश्लेषात्सुमुखि विपरीतं जगदिद्म ।' - (प्रसन्न राघव,अङ्क -६)

छायानुवाद-

'राम कहा वियोग तब सीता । मोकह सकल भये विपरीता ॥
नूतन किसलय मनहु कृशानू । कालनिशा सम निशि शशि भानू ॥
कुबलय विपिन कुन्त वन सरिसा । वारिद तपत तेल जनु बरिसा ॥
जेहि तरू रहाँ करत सोइ पीरा । उरग श्वास सम त्रिविध समीरा ॥'

परमख्यात विद्वान पक्षधर मिश्र महाराज भैरव सिंहको राजसभाका सदस्य थिए । पिताको नाम महादेव र आमाको नाउँ सुमित्रा थियो । यिनी शाण्डिल्य गोत्रीय मैथिल ब्राह्मण थिए । किंवदन्ती के छ भने कतै कुनै शास्थत्रार्थ हुँदा पराजित हुन लागेको विद्वानको पक्षमा यिनी उभिन्थे, र उनका प्रतिद्वन्दी विद्वानलाई आफ्नो ज्ञान र तर्कले पराजित गर्न यिनी समर्थ हुन्थे , त्यसैले यिनको नाउँ पक्षधर प्रचलित भयो ।

यिनी भटपुरा गाउँमा बस्थे । यिनले ताडपत्रमा एउटा 'विष्णुपुराण' को रचना गरे । पुस्तकको अन्त्यमा एउटा श्लोक छ :

'वाणैर्वेदयुतैः सशम्यनयनैः संख्यां गते हायने
श्रीमद् गौडमहीभुजो गुरुदिने मार्गे च पक्षे सिते ।
षष्ठ्यान्तामरावतीमधिवसन् या भूमिदेवालया
श्रीमत्पक्षधरः सुपुस्तकमिदं शुद्धं व्यलेखीद्द्रुतम् ॥१॥'

यसरी यस श्लोकबाट यो ग्रन्थ ल.सं ३४५ मंसिर शुद्धि छ बृहस्पतिवार अमरावती भन्ने नगरीमा लेखिएको तथ्य उद्घाटित हुन्छ । यो सन् १४५४ ई. हुनुपर्दछ । यो अमरावती भन्ने ठाउँ कुन हो, खोजीको विषय हुन सक्त छ ।

पक्षधर मिश्रका ग्रन्थ :

१. आलोकः विश्वविख्यात मैथिल न्यायायिक गंगेश उपाध्यायद्वारा लिखित 'न्यायतत्त्वचिन्तामणि' कोटिको हो यो मण्यालोक । यिनको मण्यालोकमा पनि मधुसूदन ठाकुर, म.म.रा. महेश ठाकुर, भवानन्द, जयराम न्यायपञ्चानन, गोपीनाथ, गुणानन्द, विद्यावागीश, रघुपति भट्टाचार्य, मथुरानाथ, गदाधर आदिका टीका छन् । चिन्तामणि टीका गर्ने अन्य प्रसिद्ध विद्वान पनि हुन् । ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टीका र लेखकका नाम हुन् –

(क) प्रकाश – रुचिदत्त कृत । यिनी रुचिदत्ताको कुसुमाञ्जलीमाथि 'मकरन्द नाउँको ग्रन्थ हो ।'

(ख) तत्त्वदीपन – विष्णुपतिकृत ।

(ग) प्रभा – माण्डरसं – वटेश्वरकृत ।

(घ) क्षीरनीरनिरूपण – कविरत्नकृत । (यिनकै पोत्र उमापति उपाध्याय नेपालको हिन्दुपति मकवानी राजा हरिहरका आश्रित कवि थिए ।)

(ङ) रहस्य – मथुरानाथ तर्कवागीशकृत ।

(च) दीधिति – रघुनाथ शिरोमणिकृत ।

(छ) दीप्ती – वासुदेव मिश्रकृत ।

२. चन्द्रलोक – पक्षधर मिश्रको यो ग्रन्थ काव्यालङ्कारबारे हो ।

३. सीताविहार

४. प्रसन्नराघब (नाटक)

(१०) महामहोपाध्याय वाचस्पति मिश्र :

यिनी व्याकरण, न्याय, मीमांसा, धर्मशास्त्र आदि विषयका निष्णात विद्वान थिए । महाराज भैरवसिंहका बहिनीज्वाइँ भएकाले यिनी राजसभाका सर्वाध्यक्ष पण्डित थिए । यिनले ४९ वटा ग्रन्थ लेखे – आचारचिन्तामणि, विवादचिन्तामणि, व्यवहारचिन्तामणि, शुद्धिचिन्तामणि, तीर्थचिन्तामणि, श्राद्धचिन्तामणि, षोडशमहादान निर्णय कृत्यप्रदीप, कृत्यमहार्णव, द्वैतनिर्णय, पितृभक्तितरङ्गिणी आदि । उहाँका पुत्र नरहरि मिश्र पनि महापण्डित थिए ।

(११) अयाची :

अयाची मिश्र सरिसव ग्रामका निवासी थिए । यिनी महान नैयायिक थिए । कसैसित कुनै वस्तुको याचना गर्दैनथे । आफ्नै करेसोबारीमा स्वतः जन्मिएका सागपात, पिंडालु, तरुल, बेल आदि खाएरै जीवन धान्थे र सारस्वत-साधनामा लीन रहन्थे । यस्तै चरम निर्धनतामा छोरो शंकार मिश्रको जन्म भयो । सुँडिनीले पुत्रजन्मको उल्लासमा बकस मागी । आमा (अयाचीकी श्रीमती) ले भनिन् – 'अहिले त मसित दिने केही छैन, तर यो बालक ठूलो भएर कमाउन थालेपछि यसको पहिलो कमाइ जे भए पनि तिम्रै हुनेछ ।' सुँडिनीले चित्त बुझाउनुबाहेक अरू केही उपाय थिएन । शङ्कर मिश्र बढ्न थाले । पाँच वर्षका भएको बेला केटा-केटीसित खेलिरहेका थिए । त्यसै बेला त्यो बाटो भएर महाराज शिवसिंहको सवारी भयो । महाराजको दृष्टि अकस्मात् त्यो तेजस्वी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकमा पऱ्यो । महाराजले बालकलाई नजिक बोलाए । बालक शङ्कर मिश्रले राजाद्वारा सोधिएको प्रत्येक प्रश्नको उत्तर दिए । महाराजाले भने, 'कुनै श्लोक सुनाउन सक्छौ ?' पाँचवर्षे बालकले प्रतिप्रश्न गरे- 'आफैंले बनाएको कि अरूले ?' राजाले भने, 'अहिले तिमी बालकै छौ, अरूले बनाएको सुनाए पनि हुन्छ ।' प्रत्युत्पन्नमति बालकको मुखबाट सहसा निस्कियो :

'बालोऽहं जगदानन्द न च मे बाला सरस्वती ।
अपूर्णे पञ्चमे वर्षे वर्णयाभि जगत्त्रयम् ॥'

राजा अबाक् । फेरि प्रतिभा-परीक्षणका लागि भने, 'आफ्नो र अरूको श्लोक मिसाएर सुनाऊ त;' शङ्कर मिश्रले तुरुन्त भने :

'चलितश्चकितश्छन्नः प्रयाणे तव भूपते ।
सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात ॥'

राजाले कोषाध्यक्षलाई हुकुम दिए, 'यो बालकलाई कोषागारमा लैजाऊ, जे-जति बोक्न सक्छन्, दिएर पठाऊ ।' बालक शङ्करको अगाडि सिङ्गो कोषागार खुल्ला गरियो । शङ्करले विचार गरे, रूपैया, पैसा, असर्फी गाह्रौं हुन्छ, धेरै बोक्न सक्तिन । आफूसित जीर्ण फाटेको चार अम्मल चौडा 'धरिया' (लंगोटी) मात्र छ, अरू त्यसैमा बाँधेर अँटाउने जति सुनका छड लैजान्छु ।' सुनका छड़ लिएर घर पुगे, आमालाई सबै बृतान्त सुनाए । आमाले वाचाअनुसार त्यस सुँडिनीलाई बोलाइन् र शङ्करले ल्याएका सबै सुन दिइन् । यस्तो दरिद्रावस्थामा यत्रो उदारता मिथिलाकी नारीमा मात्र सम्भव छ । सुँडिनीले पनि त्यस द्रव्यको उपयोग बैयक्तिक सुख-सुविधाका लागि नगरी एउटा सार्वजनिक पोखरी खन्न लगाइन्, जो अहिले पनि सरिसब ग्राममा विद्यमान छ ।

अयाची मिश्ररचित ग्रन्थः

१. मुरारिनाटक - टीका
२. खण्डनखण्डखाद्य टीका
३. नयविवेक (मीमांसा)

शङ्कर मिश्र महाराज भैरव सिंहका कनिष्ट पुत्र राजा पुरुषोत्तम देवका आश्रित थिए ।

शङ्कर मिश्र ग्रन्थावली :

१. गौरी दिगम्बर प्रहसन
२. कृष्णविनोद नाटक
३. मनोपराभव नाटक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. रसार्णव
५. दुर्गाटीका
६. छन्दोगाह्निकोद्धार
७. वादिविनोद
८. वैशेषिक सूत्रबारे 'उपस्कार'
९. कुसुमाञ्जली माथि आमोद
१०. खण्डन-खण्डखाद्य-टीका ।

१२. मण्डन - भारती :

कुमारिल भट्ट जैमिनीकृत पूर्वमीमांसा - दर्शनका प्रकाण्ड पण्डित थिए । यिनले शास्त्रार्थमा बौद्धहरूलाई पानी पिलाइदिए । शङ्कराचार्य यिनको सहयोगले अद्वैत मतलाई अझ प्रभावशाली किसिमले प्रचारित गर्न चाहन्थे । तर उनले जब सुने कि उनी भूसको आगोमा आफूलाई जिउँदै जलाइरहेका छन्, उनी त्यहाँ पुगे । शरीर जलिसकेको थियो, मुख मात्रै शेष थियो । उनले शङ्कराचार्यलाई श्रद्धापूर्वक प्रणाम गरे र बोले, 'भाष्यबारे वार्तिक लेख्ने सौभाग्य मेरो थिएन, म जाँदै छु ।' शङ्कराचार्यले भने, 'बौद्धहरूलाई परास्त गर्ने हे निष्पाप कार्तिकेय; म तपाईंमाथि पानीका केही मात्र थोपा छरी, तपाईंलाई जीवित तुल्याइदिन्छु, तपाईं मेरो भाष्यमा वार्तिकाको रचना गरिदिनुस् ।' कुमारिलले भने, 'म बाँच्न चाहन्न । अरू यस अन्तिम बेलामा मलाई आफ्नो श्रीमुखबाट ब्रह्मतत्त्वको उपदेश दिनुहोस् ।' यदि हजुरले वेदान्त - मार्गलाई प्रकाशित गर्न चाहनुहुन्छ भन्ने मिथिलाका मण्डन मिश्रलाई पराजित गर्नुहोस् ।' कुमारिलले यति बोलेर सर्वदाका लागि आँखा चिम्लिहाले ।

मण्डन मिश्रको ख्याति मीमांसा - दर्शनलाई प्रामाणिक मानेकाले सर्वत्र थियो । शङ्कराचार्यले मिथिलाको महिषी भन्ने गाउँका निवासी आचार्य मण्डन मिश्रसित भेट्न प्रस्थान गरे । बाटोमा मण्डन मिश्रका केही दासीहरूसित भेंट भयो जो संस्कृतमा वार्तालाप गर्दै थिए । शङ्करले मण्डनको घर कुन हो भनेर सोधे । दासीहरूले उत्तर दिए, "जुन ढोकामा झुण्ड्याइएको पिंजराभित्र बसेका मैनाहरू 'वेद स्वतः प्रमाण हो कि परतः प्रमाण ?, कर्मको शुभाशुभ फल कर्मले दिन्छ वा ईश्वरले ? जगत् ध्रुव हो वा अध्रुव ? यस्ता शास्त्रार्थ गरिरहेका देख्नुहुन्छ त्यो मण्डनको घर हो भनेर चिन्नु होला ।"

शङ्कराचार्य त्यहाँ पुगे र मण्डनलाई शास्त्रार्थका लागि हाँक दिए । शास्त्रार्थ आरम्भ भयो ।

शङ्करले भने, 'एकमेवाद्वितीय ब्रह्म', 'सत्यं ज्ञानमन्नतं ब्रह्म',

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'विज्ञानमानन्दं ब्रह्म', सर्व खल्विदं ब्रह्म' आदि उपनिषद् – प्रमाणबाट सिद्ध हुन्छ, जीव र ब्रह्मको एकताको सिद्धान्त प्रत्यक्ष अनुमान तथा श्रुति, यी तीनै प्रमाणको विरुद्ध हो ।'

शङ्कराचार्यले भने, कुनै वस्तुलाई सिद्ध गर्न तीन प्रमाण हुन्छन् , प्रत्यक्ष, अनुमान र आगम । जीव र ब्रह्मको एकतामा प्रत्यक्ष प्रमाण हुन सक्तैन, किनभने यो इन्द्रियग्राह्य हुन्छ । अनुमान त अनुमान हो , प्रमाण होइन । अतएव, आगमलाई नै प्रमाण मान्नु पर्दछ ।'

मण्डनले भने, 'जीवको विशेषण हो ईश्वर, जीव विशेष्य हो । अतएव, दुवैमा भेद स्वतः सिद्ध छ । न्याय मतमा आत्मा र मन द्रव्य पदार्थ हुन् अतः द्रव्यहरूको संयोग सम्बन्ध निश्चित नै छ । इन्द्रिय जड हुन्छन् , आत्मा चेतन हो । दुवैमा भेद छ ।' शङ्करले प्रश्न गरे, 'आत्मा विभु हो वा अणु ? आत्मासँग मनको संयोग हुन सक्तैन किनभने संयोग त सावयव द्रव्यहरूको हुन्छ । आत्मा अवयवी होइन । विभु तथा अणु दुवै अवयवरहित हुन्छन् । मन् पनि अवयव रहित हो, अतएव यसको पनि संयोग हुन सक्तैन । मनलाई इन्द्रिय मान्नाले भेद प्रतीत हुन्छ, जबकि मन वेदान्तअनुसार इन्द्रिय होइन, अपितु ज्ञान गराउन इन्द्रिय सहायक हो । . . . '

'भेद – ज्ञान इन्द्रियजन्य हुँदैन, मानें, तर त्यो 'स्वयं' साक्षीस्वरूप हो । अतएव, दुवैमा भेद त स्पष्ट छ । शङ्कराचार्य, 'भेदको प्रतीति अज्ञानले हुन्छ ।'

मण्डनले तैत्तिरीय उपनिष् (२/१/२) को उदाहरण दिए जसमा भनिएको छ, 'ब्रह्म सत्य, ज्ञानस्वरूप र अनन्त हुन् । जुन व्यक्ति परमाकाशमा तथा प्राणीहरूको हृदयरूपी गुफामा लुकेकालाई चिन्दछ । त्यो त्यस विज्ञानस्वरूप ब्रह्मसँगै समस्त भोगहरूको अनुभव गर्दछ । 'मण्डनले भने', यस श्रुतिबाट पनि स्पष्ट छ, मुक्तिमा समेत जीव र ब्रह्म भिन्दाभिन्दै रहन्छन् तथा जीवनै समस्त भोगलाई यसरी भोग्दछ, जसरी ब्रह्मले भोग्द छन् ।'

शङ्करले भने, 'अँध्यारोमा घट देखा पर्दैन भने के घटको अस्तित्त्वलाई अस्वीकार गर्न सकिन्छ ? त्यसैगरी, अविद्याले गर्दा अभेद – बोध हुँदैन, तर अविद्या नष्ट हुनासाथ यो बोध जाग्रत हुन्छ ।'

यसरी अनेक दिन सम्म शास्त्रार्थ चल्यो । मण्डन तर्कमा पराजित हुन थाले । स्वाभिमानिनी मैथिलानी नारी भारती (मण्डनकी पत्नी) कैयौं दिनसम्म चलेको यो शास्त्र ध्यनापूर्वक सुन्दै थिइन् । उनी उठिन् र कुर्लिन, 'अहिलेसम्म तपाईंले मेरा पतिलाई पूर्णरूपले पराजित गरिसक्नु भएको छैन, किनभने, म उहाँकी अर्धाङ्गिनी हुँ । र यस आधा अंगलाई पराजित नगरेसम्म तपाईंको यस तर्कयुद्धमा प्रबलतालाई विजय मान्न सकिन्न । मसँग शास्त्रार्थका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार हुनुहोस् ।'

शङ्कराचार्यले चुनौती स्वीकार गरे । भारतीले प्रश्नको बौछार गरिन्, 'कामका कति कला हुन्छन् ? त्यसको(कामको) स्वरूप के हुन्छ ? त्यो कुन स्थानमा निवास गर्दछ ? शुक्लपक्ष र कृष्णपक्षमा त्यसको स्थिति कहाँ - कहाँ हुन्छ ? युवती र पुरुषमा यी कलाको निवास कुन प्रकारले छ ?'

ब्रह्मचारी शङ्कराचार्य अवाक् भए, किनभने उनलाई कामकलाको के ज्ञान ? फेरि यो चतुर नारीले कामानुभूतिलाई ईश्वर र जीवको भेदाभेदको अनुभूतिसित जोरेर हेर्दैछिन् । उनले विनती गरे, 'यस विषयमा उत्तर दिन मलाई एक मासको समय दिनुहोस् ।'

उनी पराजित भए । भनिन्छ, यस घटना पछि योगीराज शङ्कर आफ्ना शिष्यसहित योगबलले आकाशमा विचरण गर्न थाले । उनले कुनै स्थानमा अमरुक भन्ने एउटा राजाको लास र त्यसका वरिपरि बिलौना गर्ने अनेक सुन्दरी युवतीलाई देखे । उनले कामानुभवका लागि अमरुकको मृत शरीरभित्र प्रवेश गर्ने संकल्प प्रकट गर्दा उनका शिष्य सनन्दनले संन्यासीका लागि यो उचित नहुने कुरा बताए । शङ्करले भने, 'स्वप्नकालमा गरिएका पापपुण्यले जागेपछि फल दिंदैनन् । कर्तृत्व अभिमान नष्ट भएकाले शुभ-अशुभ कर्ममा लिप्त हुँदैन । त्यसैगरी, यस शरीरले कामशास्त्रको परिशीलन गरे पनि त्यो मेरालागि दोषकृत हुनेछैन । यति भनी उनले परकाया प्रवेश गरे र राजमहलका रानीहरूसँग विलास गरी कामकलको अनुभव र ज्ञान प्राप्त गरे तैपनि मिथिलामा भएको पराजयको इतिहास मेट्न असफल रहे ।

१३. ज्योतिरीश्वर (१३२४ ई.-१४१२ई.) :

यिनले सम्पूर्ण उत्तरभारतको पहिलो गद्यग्रन्थ 'वर्णरत्नाकर'को रचना गरे । संस्कृतका धूर्तसमागम (नाटक) र पञ्चशायक (कामशास्त्र) पनि यिनकै प्रसिद्ध रचना हुन् । 'वर्णरत्नाकर' मिथिलाको राजनैतिक र सांस्कृतिक इतिहासको आधार-ग्रन्थ पनि हो ।

१४. चौरासी सिद्धकवि (८ औं देखि ११ औं शताब्दीसम्म) : का धर्मपाल कालीन केही प्रमुख कवि -

(क) सरह- (७७०-८०९ई) यिनमका सोह्रवटा मैथिली कृतिका तिब्बती अनुवादको चर्चा छ ।

(ख) शबर - सरहका शिष्य शबरका ६ वटा कृतिको तिब्बती अनुवाद पाइन्छ ।

(ग) लुइ - यी धर्मपाल नरेश (७७० - ८०९ ई.) यिनका पाँच कृतिका तिब्बती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद पाइन्छन् ।

(घ) कान्हा – 'चर्यापद'मा सबभन्दा बढी पद यिनकै पाइन्छन् ।

(ङ) भुसुक – यिनी नालन्दा विश्वविद्यालयका प्रसिद्ध विद्वान थिए ।

(च) शान्तिपाद – यिनी क्षेत्रिय राजकुमार थिए । पछि मंजुलवजका शिष्य भए । केही दिन मगधका सेनापति भएर कार्य गरे र जीवनका अन्तिम बेला नालन्दामा बास गरी साहित्य सृजन गरे । राहुल सांकृत्यायन अनुसार विक्रमशिला विद्यालय पूर्वीय प्रवेशद्वारका थिए र यिनको नाम रत्नाकर शान्तिभिक्षुक थियो । यिनका ९ वटा दार्शनिक, २३ वटा तान्त्रिक एवं एउटा छन्दशास्त्रको ग्रन्थ उपलब्ध छन् ।

१५. अमृतकर : यिनी हरिसिंह देवका मन्त्री श्रीधर कायस्थका वंशधर हुन् । यिनको रचनामा महाराज शिवसिंह एवं भैरव सिंह जसमादेवि (रामभद्रपुर पुस्तकमा सङ्गृहीत प्राचीन गीत सं. १०५) को नाउँ उल्लेख गरेका छन् । स्वयं विद्यापतिले यिनको प्रशंसा गरेका छन् :

'कायस्थ माँह सुप्रसिद्ध भउ चन्द्र तुलाइव शशिधर : ।
कवि कण्ठहार कल उच्चरइ अमिअ बरिसइ अमिअकर ॥'

१५. हरपति :

यिनी विद्यापतिकी जेठी पत्नीका जेठा पुत्र थिए । 'व्यवहारदीपक' यिनको प्रसिद्ध ज्योतिषग्रन्थ हो । श्रृंगार रसका यिनका अनेक गीत पाइन्छन् ।

१६. चन्द्रकला : 'रागतरंगिणी' मा यिनको पनि गीत पाइन्छ ।

१७. भानुकवि : नेपालमा यिनको पद उपलब्ध भयो ।

१८. गजसिंह : 'रागतरंगिणी'मा यिनको नवपुरुषोत्तमको कीर्तन पाइन्छ । 'भाषागीत सङ्ग्रह' मा पनि यिनको एउटा पद (६५औं) पाइन्छ ।

१८. दशावघान ठाकुर : यिनका पाँचवटा मात्र पद उपलब्ध छन्, तर तिनबाट मात्रै पनि यिनी श्रृंगाररसका प्रथम श्रेणीका कवि सिद्ध हुन्छन् ।

१९. विष्णुपुरी : पहिले शिवभक्त थिए , पछि वैष्णव भए । 'भक्ति रत्नावली' यिनको प्रसिद्ध ग्रन्थ भए पनि, यिनले अनेक ग्रन्थका रचना गरेका छन् ।

२०. यशोधर : (१४८९ – १५३३ ई.) यिनी पनि विद्यापतिपरम्पराका कवि हुन् । उच्च कोटिका श्रृंगाररसका कवि ।

२१. कंसनारायण : महाराज लक्ष्मीनाथ कंसनारायण मैथिली साहित्य-सङ्गीतका ठूलो आश्रयदाता थिए । यिनी मोरङ (नेपाल) का राजा थिए । नेपालतालपत्र पुस्तकमा तथा भाषा-गीत-सङ्ग्रहमा यिनका गीत सङ्गृहीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् ।

२२. गोविन्द : यिनी पनि राजा लक्ष्मीनाथ कंसनारायणका आश्रित कवि थिए । यिनका बाह्रवटा गीत 'भाषागीत-सङ्ग्रह'मा सङ्गृहीत छन् । तीनवटा हस्तलिखित गीत छन् । एउटा 'महेशवाणी' जगज्ज्योतिर्मल्लको 'हर गौरी विवाहमा र एउटा महान् वैयाकरण पं. दीनबन्धु झाको 'मिथिला- भाषा-विद्योतन'मा उपलब्ध छन् । १३ वटा पद श्रृंगारिक र २ वटा भक्ति विषयक छन् ।

२३. भीष्मकवि : मोरङका राज्यकालका कवि गोपीनाथ, वीरनारायण, धीरेश्वर, गङ्गाधर अदि मध्ये यिनी सर्वाधिक लोकप्रिय हुन् । भीष्मकवि र उनका समकालीन उपुर्यक्त कविहरू स्वयं पनि मोरङका राजा वा राजकुल सम्बद्ध थिए, थिएनन्, अनुसन्धानको विषय हो । १६ औं शताब्दीका मुरारि मिश्रले आफ्नो 'शुभकर्मनिर्णय'मा यी राजाहरूको वंशवृक्ष प्रस्तुत गरेका छन : लक्ष्मीनारायण - रूपनारायण - वीरनारायण - नरनारायण - जगन्नारायण - त्रिविक्रमनारायण - निर्भयनारायण । यी कविहरूमा लक्ष्मी नारायण, रूपनारायण र वीरनारायण राजा स्वयं उच्च कोटिका कवि थिए । वीरनारायाण त्रैलोक्यामल्ल (१५७२-१५८८ ई.) का राज्याश्रित थिए र यिनले राज्याश्रयमै 'विद्याविलाप' को रचना गरेका थिए । धीरेश्वर राजा नरनारायाणका राज्यकालमा थिए । गङ्गाधर त्रिविक्रमका राज्यकालमा भए । 'रागतरंगिणी'मा जगन्नारायणका आश्रित कवि भीष्मकविको एउटा पद छ । डा. सुकुमार सेनका अनुसार उर्वशीको कथामा आधारित एउटा नाटक पनि यिनले लेखेका थिए ।

२४. महेश ठाकुर : यिनका चारवटा पद चेतन झाले आफ्नो 'पारिजातहरण' को भूमिकामा उद्धृत गरेका छन् एवं चार पद म.म. मुकुन्द झा वख्शीले आफ्नो मिथिलाभाषामय इतिहासमा उद्धृत गरेका छन् । यिनी ठूला दार्शनिक पनि थिए ।

२५. चतुरचतुर्भुज : यिनका अनेक रचनाहरूको उल्लेख छ र यिनी उमापति, गोविन्ददास आदिका समकक्ष मानिन्छन् । यिनका पदहरू 'रागतरंगिणी', 'एशियाटिक सोसाइटी जर्नल', रमानाथ झाद्वारा प्रकाशित 'भाषा गीत-सङ्ग्रह' आदिमा पाइन्छन् ।

२६. लोचन : मैथिली साहित्यमा यिनको स्थान उच्च छ । यिनले 'रागतरंगणी' को सम्पादन गरी प्राचीन काव्यधाराको अध्ययनका लागि मार्ग प्रशस्त गरे । सङ्गीतशास्त्रका विश्वविख्यात विद्वान भारतखण्डे जस्ता विशेषज्ञले यिनलाई मध्यकालीन भारतका सङ्गीतशास्त्रका अधिकारी विशेषज्ञ मानेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्। यिनी मोरङका महाराज महिनाथ ठाकुरको राजसभामा थिए। महाराजा महिनाथ ठाकुरका अनुज नरपति ठाकुरले विद्रोही नेताहरूको विद्रोहको दमनका लागि निस्किदा 'वदन भयानक कान शब कुण्डल' जस्ता वीररसका रचना गरेका थिए।

२७. गोविन्ददास : विद्यापतिपश्चात् गोविन्ददास मैथिलीका सर्वश्रेष्ठ कवि मानिन्छन्। यिनी महाराज सुन्दर ठकुर (१६४३ - १६७१) का समकालीन थिए। महाराजा रामदासका अग्रज म.म. शुचिकर झाका प्रपौत्र, म.म. शिवदास झाका प्रपौत्र, म.म. कृष्णदासका पुत्र थिए। डा. अमरनाथ झाले यिनका भक्तिपरक एवं श्रृंगारिक रचनाहरू (पदहरू) को सङ्कलन 'श्रृंगार भजनगीतावली' मा गरेका छन्। चैतन्य महाप्रभु मात्र होइन, सम्पूर्ण बंगाल कुनै बेला यिनको भजनमा झुम्दथ्यो।

अठाह्रौं शताब्दीका आरम्भमा अवतीर्ण कविगणमा भागीरथ कवि, धरणीधर, जयकृष्ण, जयराम कुमुदी, राजालखनचन्द्र, नृपप्रीतिनाथ, पृथ्वीचन्द, कविराजपूर्णमल्ल, रतन्नानिकवि, सदानन्द, सङ्गम आदि उल्लेखनीय छन्।

२८. उमापति : यिनी अठारौं शताब्दी पूर्वाद्धका अतिमहत्त्वपूर्ण कवि हुन्। 'पारिजातहरण' नाटक यिनको सर्वाधिक लोकप्रिय कृति हो। यिनी म.म. महाराज राघवसिंह (१७०७ - ४० ई.) कै समकालीन थिए। मोरङका महाराज हिन्दूपति हरिहरसिंह देवका राज्याश्रित थिए। यिनका पदहरू विद्यापतिकै परम्पराको अनुशरणमा लेखिएका छन्।

२९. रामदास : (१८ औं शताब्दी मध्य) यिनी महाकवि गोविन्ददासका अनुज हुन्। यिनले महराज सुन्दर ठाकुरका लागि 'आनन्द - विजय' नाटकको रचना गरेका थिए , जसमा राधा कृष्णको प्रणय - लीला वर्णित छ।

३०. रमापति झा : आफ्नो 'रुक्मिणीहरण' नाटकमा आफ्नो परिचय स्वयं लेखेका छन्। यिनी अयाचीका वंशधर हुन्। यिनले अनेक पद्य र गीतको रचना समेत गरे।

३१. लालकवि : 'गौरी स्वयंवर' नाटकका रचयिता लालकवि महाराज नरेन्द्र सिंहको दरबारमा (१७४४ - ८१ ई.) थिए। नाटकमा मैथिल संस्कृतिको सुन्दर र सूक्ष्म चित्रण छ। 'घटकैती', नैना जोगिन', 'कोबर', परिछन' आदि मैथिल विवाहको चित्रणले नाटक मनमोहक भएको छ।

३२. नन्दीपति झा : यिनी महाराज माधवसिंह (१७७६ - १८०८) का समकालीन थिए। 'कृष्णकेलिमाला' यिनको प्रसिद्ध नाटक हो।

३३. रत्नपाणि झा : 'उषाहरण नाटिका' का प्रसिद्ध रचनाकार रत्नपाणिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचय यस नाटिकाकै द्वितीय एवं तृतीय प्रकरणमा उल्लिखित छ। यस नाटिकामा हरिवंशको ११५-१२८ भागको कथाको आधारमा उषा र अनिरूद्धको प्रेमकथा चित्रित छ।

३४. हर्षनाथ झा (१८४७ - १८९८) : यिनका चारवटा ग्रन्थ छन् - १. उषाहरण नाटकम् २. माधवानन्द नाटिका ३. राधाकृष्ण मिलन-लीला (ब्रजभाषा) ४. विविध विषयक स्फुट गीत। यिनी विद्यापति सम्प्रदायका अन्तिम कवि हुन्।

३५.कविशेखर भंजन : यिनी महाराज राघवसिंह (१७०४ - ४०ई.) को दरबारमा थिए। मैथिली लोक गीतको रूपमा यिनले प्रेम विरह गीतका अतिरिक्त महेशवाणी र योगगीत पनि रचेका हुन्।

३६. चक्रपाणि : यिनका श्रृंगारविषयक पदावलीहरू प्राप्त छन्। अभिसारिकाको रूपसज्जा एवं कामप्रेरित मनोभावको चित्रणमा यिनी सिद्धहस्त छन्।

३७. निधि : ललित-कलित भाषामा श्रृंगाररसले टम्म भरिएका यिनका पद्य - रसिक हृदयाह्लाद्कारी हुन्।

३८.साहेब रामदास : अलौकिक सिद्धिप्राप्त वैष्णव संत साहेब रामदासका पदावलीको सङ्कलन कवीश्वर चन्दा झाले गरेका छन्। यिनी महाराज नरेन्द्रसिंहको राज्यकाल (१७४५ ई. तिर) मा थिए। यिनले मन्त्रबलले घरका भित्ता हाँक्न सक्थे, जेलमा कैद भएको बेला मन्त्रले अन्तरध्यान भई गङ्गास्नान गरी नित्य फर्किन्थ्ये। यिनका राम र कृष्ण लीला विषयक भजनहरू मिथिलामा प्रसिद्ध छन्।

३९. वेणीदत्त : यिनी पनि श्रृंगाररसकै कवि हुन्।

४०. करणश्याम : यिनी सम्भवतः उन्नेसौं शताब्दी पूर्वार्द्धका कवि हुन्। महेशवाणी, सोहर, रास आदि मैथिली लोकगीतका रचयिता करणश्यामका रचना अलंकारवहुल छन्।

४१. चन्दा झा (२० जनवरी १८३२) : यिनी आधुनिक मैथिली कविताधाराका मूल पुरुष वा प्रवर्तक हुन्। प्रारम्भमा यिनी नरहनि राजाका दरबारमा थिए, पछि मिथिला नरेश महाराज लक्ष्मेश्वर सिंहका दरबारिया कवि भए। १. 'चन्द्रपदावली' २. महेशवानी ३. गीतसप्तशती ४. वाताह्वान ५. लक्ष्मीश्वर विलास ६. गोविन्ददासका गीतावलीको सङ्कलन ७. साहेब रामदासगीतावली यिनका स्फुट गीत कविताहरूका सङ्कलन सम्पादन हुन् भने मैथिलीका प्रथम रामायण ८. 'मिथिलाभाषा रामायण' यिनको अमर कृति हो। ९. 'पुरुषपरीक्षा' को अनुवाद तथा पुरातत्त्व विषयक टिप्पणीको सङ्ग्रह गरेका छन्। १०. गीतसुधाका गीतहरू लोकप्रिय छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनका अधिकांश रचना भक्तिभावाप्लावित छन् ।

४२.लक्ष्मीनाथ गोसाइँ (१७८७ - १८७२) : सिद्ध भक्तका रूपमा प्रख्यात कवि गोसाइँका पनि भक्तिपरक भजनहरू प्रशस्त पाइन्छन् ।

४३. आदिनाथ झा (१९ औं शताब्दी पूर्वार्द्ध) : यिनका आठवटा पदको सङ्कलन 'मैथिल-भक्ति-प्रकाश' मा उपलब्ध छ ।

४४. जीवन झा (१८५६ - १९२० ई.) : यिनी काशीनरेश महाराज प्रभुनारायण सिंहका दण्डाध्यक्ष थिए । 'नर्मदासट्टक' (१९०६ इं.) एवं 'सामवती पुनर्जन्म' नाटकको रचना यिनको ख्यातिको मूल आधार हो । यी नाटकहरू आधुनिक मैथिली नाटकका आरम्भविन्दु हुन् ।

४५. विन्ध्यनाथ झा (१८५७ - १९१२ ई.) : तथा (३६) गणनाथ झा (१८६९ - १९१४ ई.) : यी दुवै कवि पहिला मैथिली बी. ए. पास थिए । दुवैका रचनाको सङ्कलन 'विन्ध्यनाथ झा - गणनाथ झा पदावलीमा' प्रकाशित छन् ।

४७. रुपनारायण झा (१८६०-१९४० ई.) : यिनको 'शिवायन' हिन्दीमा प्रकाशित छ । मैथिली पद्यहरूको सङ्कलन 'भजनामृततरंगिणी' प्रकाशित छ । यिनी बहुदेवोपासक शैव योगी तथा दार्शनिक थिए ।

मैथिली इतर्‌ेत्रका विभूति

बंगालमाः

१. ज्ञानदास (जन्म १५३०) यिनका पदमा राधाको परकीय भावको प्रेमको सजीव वर्णन भएको छ-

'लहुलहु मुचकि हासि चलि आओल, पुन पुन हेरसि फेरि ।
रतिपतिसओं मिलन रंगभूमि, ऐच्छन कएल पुछेरि ॥'

२. वलरामदासः यिनका लगभग ८० वटा कृष्णभक्तिविषयक पद पाइन्छन् ।

३. नरोत्तमदास (१५८३ ई.) : यिनका पनि राधाकृष्णलीला सम्बन्धी पदहरू पाइन्छन् ।

४. गोविन्ददासः मैथिल गोबिन्ददास बाहेक बंगालका मैथिली कवि (ब्रजबुली साहित्यका कवि)-मध्ये कम्तिमा तीनवटा गोविन्ददास भएका छन् :

(i) गोविन्ददास कविराज (१५३५-१६१३ ई.)
(ii) गोविन्ददास चक्रवर्ती (गोविन्ददास कविराजका समकालीन)
(iii) गोविन्ददास आचार्य (१५३३ ई.) । यी सबै कृष्णभक्त हुन् ।

५. नरोत्तमदास (१५८३ ई.) : यिनले पनि राधाकृष्ण लीला सम्बन्धी पद लेखेका छन् । शैली चाहिँ गोविन्द दासकै अनुशरण गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसाममा

(क) शङ्कर देव (सन् १४४९ - १५६८ ई.) ले आफ्नो यात्राक्रममा के अनुभव गरे भने वैष्णवधर्मको प्रचारमा लोकभाषा सर्वाधिक प्रभावशाली हुन सक्त छ। त्यसैले बंगालमा जस्तै उनले आसाममा पनि मैथिली भाषाको आश्रय लिए। विद्यापतिको प्रभावमा रचित आसामी ब्रजबुली साहित्यका दुई मुख्य भेद छन् : (क) वरगीत (ख) अंकिया नाट। शङ्करदेवका नाट्य रचना हुन् : १. कालीयदमन २.रामविजय ३. रुक्मिणी हरण ४. केलिगोपाल ५. पत्नी प्रसाद ६. पारिजात हरण।

(ख) माधवदेव (१४८९ - १५९६) रचना : १. 'भक्ति रत्नावली' को अनुवाद २.नामघोष ३. अर्जुन भंजन ४. भोजन विहार ५. भूमिलोटौवा ६. रासझुमुरा ७. कोटौरा खेलौवा ८.गोवालपारा ९. चोरधरा।

(ग) गोपालदेव : नाटक रचना १. जन्मयात्रा २. उद्धवंसवाद।

(घ) रामचरण ठाकुर : 'कंसबध' नाटक।

आसाममा विभिन्न राग-रागिनीमा (सिन्धुरा, कल्याण खरमाल, सुहाई आदिमा) शङ्कर देवले गीत रचे, जुन उनकै रूम्मिणी परिणय नाटकमा सङ्गृहीत छन्।

अंकिया नाटकका प्रमुख रचयिता हुन् : शङ्करदेव (१४४९ -१५६८ ई.), माधवदेव (१४८९ ई.) एवं गोपाल देव (१५४७ - १६११ ई.)।

उडीसामा

उडीसामा मैथिली प्रभावको दर्शन सर्वप्रथम १६ औं शताब्दीमा हुन्छ। 'पूजाप्रदीप' एवं 'काव्यप्रदीप'का रचनाकार म.म. गोविन्द ठाकुरले उडीसाको यात्रा गरेका थिए।

सुप्रसिद्ध कवि एवं नाटककार रामानन्द राय उडीसाका महाराज प्रतापरुद्रदेवका कालमा (१५०४ - ३२ ई.) भए। यिनी चैतन्य महाप्रभुसित भएको मिलन (१५१२) पछि मैथिली पद्य रचना गर्न थालेका हुन्। प्रियरंजन सेनद्वारा प्रकाशित 'रामानन्द रायका भनितायुक्त पदावली' मा सय भन्दा बढी कृष्ण विषयक पद संकलित छन्। उडीसामा ई. सन्को १६ औं शताब्दीमा देखापर्ने प्रमुख कवि हुन् :

महाराज प्रतापरुद्रदेव, धनपतिराय, माधवी दासी, कान्हूदास, मुरारी, दामोदर दास, चन्दा कवि, यदुपति दास आदि। दामोदर दास र चन्दा कवि राजा रामचन्द्र देव (प्रथम) को दरबारमा तथा यदुपति दास राजा नरसिंह देवको दरबारमा राज्याश्रित थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै शताब्दी (१६ औं शताब्दी) का माधवी दासी, कान्हू दास एवं मुरारीका रचना 'पदकल्पतहरू' तथा 'क्षणदाचिन्तामणि' मा संकलित छन् ।

नेपालका केही मल्लकालीन स्रष्टा :

मल्लकाललाई मैथिली साहित्यमा 'स्वर्णयुग' मानिएको छ । वस्तुतः नेपालमा उपलब्ध मैथिली ग्रन्थ तथा मल्लकालीन साहित्यलाई मैथिली साहित्यको इतिहासबाट झिकियो भने सिङ्गो मैथिली साहित्य शून्यवत् देखिने छ । केही प्रसिद्ध मल्लकालीन कवि हुन् :

१. सिंहभूपति : रागतरंगिणीमा सिंहभूपतिका दुई पद संकलित छन् । अनुमानतः यिनी नै पाटनका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्ल (१६२० - ५७) हुन् । यिनको एउटा सिङ्गो पदावली ग्रन्थ उपलब्ध छ, जसमा नरसिंह तथा सिद्धिनरसिंह भनिता प्रयुक्त भएको छ ।

२. भूपतीन्द्र मल्ल (१६९५ -१७२२ ई.) : यिनी भक्तपुरका राजा थिए । सूर्यविक्रम ज्ञवलीले 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' मा यिनीबाट रचित १०० उच्चकोटिका मैथिली गीतहरूको सङ्ग्रहको उल्लेख गरेका छन् । कतिपय गीत शिलोत्कीर्ण छन् । यी भक्तिपूर्ण गीतहरू शिव, गौरी, हरि ओ शक्तिको आधाराधनामा रचिएका छन् ।

३. जगज्ज्योतिर्मल्ल (शासनकालः १६१३-१६३७ ई.) : यिनी आफू पनि महान कवि थिए र सङ्गीतशास्त्रका संरक्षक थिए । 'मुदितकुवलयाश्व' (१६२६ ई.), 'हरगौरी विवाह' (१६२९ ई.) 'कुंजविहार नाटक' आदि यिनका रचना हुन् । यिनको विविध भाव विषयक पदसङ्ग्रह 'गीतपञ्चाशिका'मा सबै रसको प्रयोग भएको छ ।

४. जगत्प्रकाशमल्ल (शासन १६३६ - १६७२ ई.) : यिनका अनेक मैथिली पद 'पदसमुच्चय', 'नानारंग गीत सङ्ग्रह', 'गीत पञ्चक' आदिमा सङ्ग्रहित छन् । यिनका सातवटा नाटक उपलब्ध छन् : १. उषाहरण २. नलीय नाटक (१६७०ई.) ३. पारिजात हरण ४.प्रभावती हरण (१६५६ ई.) ५. मल्यगन्धिनी ६. मूलशशिदेवोपाख्यान ७. मदनचरित् ।

५. सिद्धिनरसिंहमल्ल (१६२०-५७) : यिनका श्रृंगाररसाप्लावित सातवटा पद 'भाषा गीत सङ्ग्रह'मा उपलब्ध छन् । मिलन र वियोग दुवैका भाव र वस्तु दुवैको चित्रणमा कविको कल्पनाशीलता तथा शब्दार्थगत चमत्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्भुद् छन् ।

६. प्रताप मल्ल (१६४१-७४ ई.) : यिनी कान्तिपुरका राजा थिए । यिनी सुकवि, संस्कृतज्ञ, वहुभाषी, वहुलिपिज्ञ, सङ्गीत-नृत्य एवं तन्त्रादिका मर्मज्ञ थिए । 'गीत प्रताप मल्लीयम्', 'गीत गोविन्दम्' आदि अनेक सङ्ग्रहमा यिनका गीत संकलित छन् ।

७. वंशमणि झा : जगज्जयोतिर्मल्लको राज्याश्रित भई यिनले 'मुदित कुवलयाश्वर', 'नरपतिजय चर्चा' (१६१४ ई.), 'सङ्गीतभाष्कर' (१६३१ ई.) 'गीतदिगम्वर' जस्ता रचना गरे । यिनका 'चतुरंग तरंगिणी', 'प्रभावती हरणम्' नाटकहरू पनि उपलब्ध छन् ।

८. श्रीनिवासमल्ल (१६५६-८५ई.) : राजा सिद्धिनरसिंह मल्लका छोरा श्रीनिवास मल्लका पदहरू लोचनले समेत 'रागतरंगिणी' मा संकलित गरेका छन् ।

९. नृपमल्लदेव : यिनको एउटा विलक्षण पद 'भाषा गीत सङ्ग्रह' र एउटा नेपाल तालपत्रको विद्यापति गीत सङ्ग्रहमा उपलब्ध छन् ।

१०. रणजित मल्ल (१७२२-७१ई.) : भूपतीन्द्रमल्ल पश्चात् यिनी भक्तपुरका अन्तिम राजा भए । यिनलाई पराजित गरेर पृथ्वीनारायण राजा भए । यिनको कालमा सर्वाधिक संख्यामा मैथिली नाटकको रचना भयो र यिनकै आश्रित भएर काशीनाथ, धनपति, गणेश आदिले साहित्य साधना गरे ।

रायमल्ल (१४८१-९६ ई.), विश्वमल्ल (१५३३ ई.) आदिका राज्यकालमा अनेक मैथिली नाटकको रचना भएको सूचना पाइन्छ । विश्वमल्ल (१५३३ ई.) ले 'विद्याविलाप' नाटक लेखे । त्रैलोक्यमल्ल (त्रभुवन मल्ल १५७२ - ८५ ई.) द्वारा रचित कृष्णविषयक नाटकको खण्डित प्रति पाइन्छ । अन्य नाटककार हुन् -

(क) जगज्ज्योतिर्मल्ल(१६१३-३७ई.) : रचना १. मुदितकुवलयाश्व २. हरगौरी विवाह ३. कुंजविहार नाटक ।

(ख) नरेन्द्रमल्ल : जगज्योतिर्मल्लका पुत्र हुन् । नाट्य रचना : १. उषाहरण २. नलीयनाटकम् (१६७० ई.) ३. पारिजातहरणम् ४.प्रभावतीहरणम् (१६५६) ५. मल्यगान्धिनी (१६६३) ६. मदनचरित ७. मूलशशिदेवोपाख्यानम् ८. मालतीमाधव ।

(ग) सुमतिजितामित्रमल्ल (१६७२ - ९८ई.) : नाट्य रचना : १.कलीयमथनोपाख्यान (१६८४) २.मदालसाहरणम् (१६९७ ई.) ३.जैमिनीय भारत नाटकम् (१६९० ई.) ४. गोपीचन्द्र नाखम् (१६९०) ५. उषाहरण ६. नवदुर्गा नाटकम् (१६८६) ७. कुमारप्रादुर्भाव ८. भाषानाटकम् ९.वरूथिनीहरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०.अश्वमेघनाटक (१६८९) ११.मङ्गलोत्सव आदि ।

(घ) भूपतीन्द्र मलल (१६९६-१७२२) : यिनको राज्यकालमा सोह्र थान भन्दा बढी नाट्यकृतिको रचना भयो । यथा, १. रुक्मिणी हरण २. माधवानल (१७०४) ३. जालन्धरोपाख्यान ४. गौरी विवाह ५. गोपीचन्द्रोपाख्यान ६.कोलासुखधोपाख्यान ७. कंश-बध -कृष्णचरित आदि ।

(ङ) रणजीत मल्ल (१७२२-७२ ई.) : यिनको कालमा सर्वाधिक नाटक लेखिए । डा. जयकान्त मिश्रले आफ्नो इतिहासमा यसकालका १९ वटा नाटकको वर्णन गरेका छन् । (१) कृष्ण-कैलाशोपाख्यान, (२) रामायण, (३) राम-चरित, (४) अन्धकासुर बधोपाख्यान (१७६८) (५) रुक्मिणी हरण, (६) माधवानन्द-कामकन्दकला ७. विद्याविलाप आदि ।

काठमाण्डूमा : (क) 'गीतदिगम्वर' नाटक । (ख) भूपालेन्द्र मल्ल (१६८७-१७००) यिनको कालमा 'नलचरित' नाटकको रचना भयो । (ग) पार्थिबेन्द्रमल्ल (१६८०-७)-यिनको राज्यकालमा रचित 'पञ्चराक्ष' नाटकको पाण्डुलिपिको सूचना पाइन्छ । (ङ) जगज्जयमल्ल (१७२२-३६) यिनको कालमा 'अभिनव-प्रबोध-चन्द्रोदय नाटकको रचना भयो ।

बनेपामा : (क) भुवनमल्ल(१५०१ -०८) : रचना : 'पाण्डव विजय' (नाटक)

केही अन्य महत्त्वपूर्ण शास्त्रीय ग्रन्थ र तिनका रचनाकार :

१. गंगदेव - नान्यदेवपछि सन् ११२४ ई. मा सिंहासनारूढ़ रचित ग्रन्थ : १. दण्डविवेक २. स्मृतिविवेक ३. शान्तिक पौष्टिक विवेक

२. चण्डेश्वराचार्य - नरसिंहदेव (सिंहासन रूढ़ ११३९ ई.) का राज्याश्रित विद्वान चण्डेश्वराचर्यले सूर्यसिद्धन्तमा आधारित भाष्यको रचना गरेका थिए ।

३. महाराज शक्रसिंह - (सन् १२८३ सिंहासनारूढ) रचित ग्रन्थ : वीरविरूदावली

४. वीरेश्वर ठाकुर - हरिसिहंदेवका सन्धिविग्रहि मन्त्री देवादित्यपछि मन्त्रीपद उनका पुत्र वीरेश्वर ठाकुरले ग्रहण गरे । उनले 'छन्दोग संस्कार' को रचना गरे ।

५. धीरेश्वर ठाकुर - महाकवि विद्यापतिका प्रपितामह धीरेश्वरले पनि 'छन्दोगपद्धति' लेखे ।

६. चण्डेश्वर ठाकुर - वीरेश्वर पछि सन्धिविग्रहिक महामहत्तक (महथा) चण्डेवश्वर ठाकुर पनि मन्त्री भए । ग्रन्थः १.कृत्यरत्नाकर २.दानरत्नाकर ३.व्यवहाररत्नाकर ४.शुद्धिरत्नाकर ५.पूजारत्नाकर ६.विविधरत्नाकर ७. गृहस्थरत्नाकर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. ज्योतिरीश्वर – (सन् १२२४) चण्डेश्वर कुलकै ज्योतिरीश्वर हरिसिंह देवका मन्त्री र राज पण्डित थिए सिम्रौनगढमा। रचना – १. पञ्चशायक (कामशास्त्र) २. धूर्तसमागम ३.वर्णरत्नाकर

८. गंगेश झा – यिनी मिथिलाका प्रख्यात नैयायिक र मीमांसक थिए। यिनले न्यायशास्त्रको मूलग्रन्थ 'न्यायतत्त्वचिन्तामणि' लेखे, जसमा शताधिक टीका पाइन्छन्।

९. म.म. रुचि शर्म कृष्णमिश्रकृत – 'प्रबोधचन्द्रोदय' नाटकको टीका लेखे। 'वसन्तराज शकुन' भन्ने ग्रन्थका रचयिता पनि यिनै हुन् भन्ने विश्वास अनेक विद्वानको छ। तर, मिथिलानरेश चन्द्रदेवरचित हो भन्ने विचार व्यक्त गरेका छन्। चन्द्रदेवले 'अनर्ध्यराघव' (मुरारि) नाटकको टीका लेखेका हुन्। यसै कुलका म. म. बुद्धिका शुक्लले जलाशयोत्सर्ग विषयमा लेखे। यसैबेला म. म. वटेश्वरले 'मुद्राराक्षस' नाटकको टीका लेखे। वटेश्वरका पुत्र पक्षधर झाले 'तत्त्व-निर्णय' रचे। वटेश्वरकै बृद्धप्रपौत्र पशुपतिका प्रपौत्र म. म. नरहरी झाले 'द्वैतनिर्णय' बारे समालोचना लेखे। 'मालतीमाधव नाटक', वेणीसंहार नाटक, वासवदत्ता नाटक, 'गीत गोविन्द' आदिका टीका पनि यिनले लेखे।

१०. गोविन्द ठाकुर : भटसिमर ग्रँम निवासी गोविन्द निष्णात मैथिल विद्वान थिए। यिनका शिष्य हरिदास झाले ल. सं. पू. पू आषाढ शुदि ३ सोमवार महाभारत टीका, विमलबोधरचित 'दुर्बोधपदभञ्जिका' नाउँ गरेको तालपत्रमा लेखे। हरिदास हयग्रीवोपासक सिद्ध वैष्णव थिए। जगन्नाथ पुरीमा गएका थिए। दर्शन-पूजनपछि पण्डाहरूले अन्नग्रहणका लागि अनुरोध गर्दा यिनले हठ गरे, 'जबसम्म जगन्नाथले लगाउने धोती दिनुहुन्न म अन्न ग्रहण गर्न सक्तिन।' यो सम्भव नभएको हुँदा उनी उपवासमै बस्नुपऱ्यो। राति पण्डाहरूले स्वप्नमा जगन्नाथको आदेश पाए, 'यी महापण्डितलाई मेरो धोती देऊ, तर आजदेखि आफ्नो कुनै सन्तानलाई मेरो दर्शन गर्न नपठाउनू भन्ने मेरो आदेश पनि सुनाइदिनू।' कतै डुलिरहेको बेला कालो नागले आक्रमण गर्न लागे अरे। यिनले तुरुन्त श्लोक बनाए र पढे :

'नाथ प्रार्थनया कया नहि मया भूयो भवानर्थितः
कस्यां वा भवता कृपां कलयता नालस्यमभ्यासितम्।
निर्लज्जोऽस्मि तथाव्यानन्यशरणः श्रीमन्तमभ्यर्थये
कालव्याल मुखान्तरालपतितं गोपाल मां पालय ॥१॥'

हयग्रीवको कृपाले तत्कालै त्यो नाग विलुप्त भयो। यिनका ग्रन्थावली-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. काव्य प्रदीप २. पूजाप्रदीप ३. स्मृतिकौमुदी ४. अधिकारण कौमुदी ५. काव्यकौमुदी ६. तन्त्रकौमुदी

११. मधुसूदन ठाकूर – देवनाथ ठाकुरका अनुज मधुसूदन ठाकुरका ग्रन्थ १. कण्टकोद्धार (न्यायचिन्तामणिमा पक्षधर मिश्रद्वारा गरिएको टीका 'आलोक' माथि टीका) २. जीर्णोद्धार ३. समयप्रदीप ४. द्वैतिनिर्णय टीका

१२. म.म. शङ्कर : (गोविन्द ठाकुरका समकालीन) 'स्मृतिसुधाकर' उनको प्रसिद्ध ग्रन्थ हो ।

१३. मेघ ठाकुर : ओइनिवार महाराज कंसनारायण तथा उनका मुंशीपछि लगभग नौ वर्षसम्म मिथिलामा अराजकता थियो । त्यसपछि म.म. महेश ठाकुरले राज्योपार्जन गरे । यिनकै वंशज मेघ ठाकुरले उदयनाचार्यको 'किरणावली' ग्रन्थमाथि तथा वर्धमानको 'लीलावती प्रकाश' माथि 'जलद' नामक उत्तम टीका लेखे ।

१४. दामोदर ठाकुर : यिनी मेघ ठाकुरका समकालीन पण्डित, न्यायदर्शन तथा कर्मकाण्ड पारंगत थिए । यिनी मध्यदेश (वस्तर) का महाराज सङ् ग्रामसिंहको राजदरबारमा याज्ञिक आचार्य थिए । ग्रन्थः १. विवेकदीपक

१५. महेश ठाकुर : ग्रन्थ रचना – १. दपर्ण (ग्रन्थ रचना समाप्ति संवत् १६६९ आ. कृ. रविवार) २. दायसर ३. तिथितत्त्वचिन्तामणि ४. अतिचारादिनिर्णय ५. अकबर बादशाहको इतिहास (संस्कृत भाषामा)

एक पटक दाजुभाइसित परामर्शै नगरी महेश ठाकुरले दिल्लीको यात्रा गरे । मध्य प्रदेशमा परिभ्रमण गरेको बेला कुनै जङ्गलमा गई नियमपालनका लागि वाल्मीकि रामायण पाठ गर्न थाले । त्यहाँ एउटा बाँदर सुन्दै थियो । राति स्वप्नमा त्यसै बाँदरले भन्यो, 'तँ दिल्ली जा, राजा हुन्छस् ।' उनी दिल्ली गई राजा मानसिंहसित भेंटे र प्रमिताक्षरा छन्दमा एउटा श्लोक बनाएर उनको वर्णन गरे :

'उपवीणयन्ति वरप्पसरसो, नृपमानसिंह तव दानयश : ।
सुरशखिमौलिक कुसुमस्पृहया, नमनाय भूरि यतमानतमा : ॥'

मानसिंहले बादशाह अकवरसित भेंट गराए । उनले श्लोकमा अकबरको पनि स्तुति गरे । बादशाह प्रसन्न भए । उनले यिनको पाण्डित्य, कुशागबुद्धि र सदाचारबाट प्रसन्न भएर, ताम्रपत्रमा कपेर, यिनलाई मिथिला राज्य प्रदान गरे ।

हेमाङ्ग ठाकुर – भनिन्छ, एक पटक गोपाल ठाकुरमाथि सात लाख शाही मालगुजारी अभियोग लाग्यो र सजायमा उनका सुपुत्र ज्योतिर्विद हेमाङ्ग ठाकुरलाई दिल्ली लगियो । त्यहाँ कारागारमा बसेको बेला उनले एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजार वर्षसम्म भविष्यमा लाग्ने ग्रहणबारे 'ग्रहणमाला' नाउँको ग्रन्थ लेखे। बादशाहले सो जानकारी पाएपछि उनलाई अभियोगमुक्त गरे।

वैयाकरण नरपति झा (शाके १५११ तिर) ग्रन्थ रचना – १. गोपी वल्लभ (प्रबन्ध काव्य) २. राघवकीर्तिशतक गोकुलनाथ उपाध्याय (जन्म शाके १६१५) यिनी महाराज राघवसिंहका समकालीन थिए र मंगरौनी गाउँमा निवास गर्दथे। कर्मकाण्ड सम्बन्धी, तिथिसम्बन्धी, क्षयमास आदि बारे विवाद हुँदा यिनको मत अन्तिम मानिन्थ्यो।

ग्रन्थ : १. कुण्डकादम्बरी २. अमृतोदय नाटक ३. एकावली छन्दोग्रन्थ ४. कादम्वरी कीर्ति–श्लोक ५. कादम्बरी प्रदीप (द्वैत निर्णय टीका) ६. कादम्बरी प्रश्नोत्तरमाला ७. काव्यप्रकाश टीका ८. कुसुमाञ्जली टिप्पणी ९. रश्मिचक्र (चिन्तामणि टीका) १०. दिक्काल निरूपण ११. दीधितिविद्योत १२. पदवाक्यरत्नाकर १३. मासमीमांसा १४. मिथ्यात्वनिर्वचन १५. शिवस्तुति १६. खण्डनकुठार १७. आलोक – टिप्पणी १८. आधाराधेयभावतत्त्व – परीक्षा १९. मुक्तिवाद–विचार २०. विशिष्ठवैशिष्ठ्यबोध २१. तर्कतत्त्व २२. प्रबोधकादम्बरी २३. लाघवगौरवरहस्य आदि

.....

१. भागवत, स्कन्ध १३ अध्याय : जन्मना जनकाः सौऽभू द्वैदेहस्तु विदेहजः। मिथिलो मथना ज्जातो मिथिला ऐन निर्मिता॥

२. भागवत, ९ स्क. १३ अ.

३. म.म. परमेश्वर झा : मिथिल तत्त्व विमर्श : पृष्ठ ५४ : मैथिली आकादमी पटना १९७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ अध्याय

वर्णव्यवस्था र व्यवसाय

हिन्दु -

मिथिलाका प्रमुख हिन्दू जातिहरू निम्नलिखित हुन् -

पानी चल्ने :

ब्राह्मण, राजपूत, कायस्थ, खत्री, भूमिहार, सोनार, ठठेरी, लोहार, कुम्हार, (कुमाले) गोआर (यादव), हजाम, हलुवाइ, मलाह (माझी), माली, तमोली (पान बेच्ने), कोइरी (तरकारी उब्जाउने), बीन (माछा मार्ने), क्योट (केवट), धानुख, अमात, कुर्मी, भाट, सोन्ही, सन्यासी (गिरी, पुरी, भारती), खटिक (फल बेच्ने), थारु, दोनवार आदि ।

पानी नचल्ने :

चमार, धोबी, मुसहर, तेली, सूडी, कलवार, पासी, डोम, धनिकार, हलखोर, दुसाध, खतबे, ततमा, सरबरिया आदि ।

मुसलमान -

मिथिलामा बस्ने मुसलमानहरूलाई मोटामोटी दुई वर्गमा बाँड्न सकिन्छ : (क) अशराफ (ख) अजलाब

(क) अशराफ (अभिजात) : बाहिरबाट आएका अथवा हिन्दूहरूमध्ये उच्च जातिबाट बनेका मुसलमानलाई अशराफ भनियो ।

(ख) अजलाब (निम्न कोटिका) : जुन मुसलमानहरू पहिले हिन्दु समाजमा निम्न जातिका थिए र पछि मुसलामान भएर अजलाब कहलाए । यद्यपि मुसलमानहरूमा पनि अनेक जातिहरू छन्, तर मिथिलामा बस्ने मुसलमानमा सैयद, शेख, पठान, अंसारी (जुलहा), कुजार, लहेरी (चुरा बनाउने), मंसूरी (रूवा धुन्ने), रंगरेज, नट, फकीर, इब्राहिमी (नोआ) तथा कुरैशी प्रमुख हुन् । मुसलमानहरू 'सैयद'- लाई 'ब्राह्मण' को दर्जा प्राप्त छ । यिनीहरूले आफूलाई हजरत मोहम्मदकी छोरी फातिमाका सन्तान भन्छन् । सैयदपछि शेखलाई जातीय उच्चताको क्रममा राखिन्छ । यिनीहरू अरबबाट आएका हुन् । सैयद भित्र कुरैश नामक जनजातिका तीन शाखा पर्दछन् - (१) सिद्दिकी (पहिला खलीफा अबूबकारका वंशज) (२) फारूकी (दोस्रो खलीफा उमर-ए-फारुखका वंशज) र (३) अब्बासी (हजरत मोहम्मदको काकाका वंशज) । हजरत मोहम्मद पनि कुरैश जनजातिका भएका हुनाले यस जातिलाई मुसलमान समुदायमा धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मान गरिन्छ। पठान, मुगल र मल्लिकहरूलाई 'क्षेत्रीय' को दर्जा दिइएको छ। यी वीर र परिश्रमी हुन्छन्। यिनका अतिरिक्त कुजरा (तरकारी उब्जाउने) पमरिया, खट्टी, मदारी, बक्खो आदि जातिहरू पनि पाइन्छन्।

मिथिलाका केही जातिहरू :

थारु :

नेपालको सम्पूर्ण तराई, पश्चिमी चम्पारण जिल्लाको उत्तरी पश्चिमी भाग् तथा गोरखपुरदेखि कुमायुँसम्म थारुहरू फैलिएका छन्। यी हिमालयको तराईमा पूर्वमा जलपाइगुडीदेखि पश्चिममा कुमायुँ भावरसम्म पाइन्छन्। यिनको उल्लेख अल्वेरुनीले पनि गरेका छन्। कुकले यस सम्बन्धमा विशेष खोजी गरेका छन्। यिनको अनुसार थारु मूलत : द्रविड हुन। तर नेपाली अन्य पहाडे जातिको सम्पर्क तथा सम्मिश्रणले उनमा मंगोलरक्त आएको छ।

थारुहरूका थरको गणना गर्नु गाह्रो छ। सम्भवत : यसै कारणले 'मधेश समस्या र समाधान' पुस्तक मा संकलित "थारु र राज्य" भन्ने लेखमा श्रीलंकाका प्रसिद्ध विद्वान अर्जुन गुणरत्नले लेखेका छन 'थारुहरूको पुरानो थलो कहाँ हो भन्ने कुराको यकिन प्रमाण फेला परेको छैन। विभिन्न समुदायमा विभाजित सबै थारु एउटै पुर्खाका सन्तान हुन् भन्ने पनि कुनै प्रमाण पाइएको छैन। विविध कारणवश शताब्दियौंदेखि आएका अनेक मानिसहरू मिसिएर थारु जातिको उत्पत्ति भयो।' गुणरत्नको यस स्थापनासित सहमति वा विमति जे पनि देखाउन सकिने भए पनि एउटा प्रामाणिक तथ्य के हो भने नेपालका अन्य धेरै मधेशीहरूझैं धेरै थारुहरू पनि भारतीय भूखण्डबाट आएका हुन् र उनमा कतिपयको रक्त सम्बन्ध आज पनि भारतमा बस्ने थारुसित पाइन्छ। कठहरीया, कनकटा, कोचिला, खवास, खस, खरल, खाँ, खुनाहा, खौसिया, गच्छेदार, चितौनिया, चौधरी, जोगी, डंगरिया, तावेदार, थनदार, दंगौरा, दाग, वदिया, परिहार, वर्दिया, बहन्थ, वाण्ड, वांतर, वोक्सा, वोट, भगत, भोटगमिया, मझौरा, मर्दनिया, महन्त, महाउतो, माझी, मोरंगिया, रझढिया, राजघरिया, राजहतिया, राणा, राजी, रौतार, लम्पुछिया, लालपुरिया, सरदार, सोनाहा, सोलरिया, हेमलरिया, आदि यिनका थर हुन्।

थारुहरूले पुरोहित गर्नु गराउनु पर्ने धार्मिक अनुष्ठानका विधिहरू भान्जाबाट सम्पादित गर्छन्-गराउँछन। भान्जा भएन भने गुरु वा भर्रा वा सोखाले पुरोहितको काम गर्छन्। यिनीहरूमा पनि उप जातीय श्रेणीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारमा तल्ला र माथिल्ला संस्तरणका थारु हुन्छन्। राणाहरू उपल्ला र वांतरहरू लल्ला थारु हुन्। अन्य मधेशीहरूझैं यिनले पनि बढम वा वरहमको पूजा गर्छन। सुप्रसिद्ध भाषाशास्त्री भोलानाथ तिवारीले चम्पारणको तराईमा बोलिने थारु भाषालाई थारु भोजपुरी र उत्तरी पूर्णियांमा बोलिने थारुलाइ थारु मैथिली भनेका छन्। आफ्नो पुर्खाहरू पूर्णिया भारतबाट आएका वताए। यिनको मातृभाषा अन्य मधेशीझैं मैथिली हो। चितवनका थारु पुरुषहरूले लगाउने लगौंटी भित्री तहसम्म मिलेका र वाहिरी तह चाहिं घुँडासम्म हल्लिने यहाँ लगाइदैन। यहांका थारुहरू स्थानीय अन्य वासिन्दाझैं धोती, कुर्ता, पैजामा, पाइन्ट आदिमा ठाँटिएका देखिन्छन्। कमरमुनि अघिल्लतिर मुजा भएको घुँडासम्मका गुन्यु र आधा वाहुले चाली अर्थात् डंगौरा पहिरन लगाउने थरुनीको साटो यस भेगका थरुनीहरू साडीब्लाउज लगाएकै देखिन्छन। ती नरंगे लहंगा चोलियाको प्रचलन पनि छैन। अन्य ठाउँका थारुहरूमा मागी विवाह, चोरी विवाह र जारी विवाह गरी तीन थरिका विवाह प्रचलनमा आए पनि यस भेगमा मांगी विवाहनै लोकप्रिय छ। विवाह गर्दा केटा पक्षले केटी पक्षलाई पैसा दिनुपर्छ जसलाइ झांगा भन्छ।

परम्परागत रूपमा केटीको विवाह गरेपछि डोलीमा विदा गर्दा माइती तर्फबाट डोलीभित्र एउटा वत्ती र विषको प्याला राखिन्थ्यो। अभिप्राय के थियो भने बाटामा शत्रुले अपहरण गर्न खोज्दा वत्ती लिएर भाग्नु र भाग्न नसके विषादि सेवन गरी बरू प्राण त्याग गर्नु इज्जत नदिनु। तर यो चलन पनि यस भेगमा लुप्तप्राय छ। दाजुको मृत्युपछि भाउजूसित विवाह गर्न सकिन्छ। तर जुन विधवाको देवर हुँदैन, त्यसका लागि सासूससुराले अन्तैबाट केटा खोजेर ल्याइदिने र त्यससित विवाह गरेर दुलहालाई छोरा जस्तै माया गरी घरमा राख्ने चलन पनि हराउँदै छ। जनकपुर क्षेत्रमा थारुहरू मैथिल संस्कृतिमै जन्मे-हुर्केका हुँदा यिनको सांस्कृतिक जीवनमा स्थानीय कुनै अन्य मधेशीको संस्कृतिक जीवनभन्दा धेरै भिन्नता देखिदैन। पश्चिमतिरका थारुझैं मृतकलाई पुरुष भए घोप्टो र महिला भए उतानो पारेर गाड्ने चलन छैन। घरमा कोही मरेपछि किया वस्नेले तेह दिनसम्म जुठो वार्छ र तेह दिनमा चोखिन्छ। चोखिने दिनमा रक्सी र मासुका भोज गरिन्छ।

दनुवार :

थारु जातिसित यिनको निकटता देखिन्छ। मुख्य थर चारवटा छन्। राइ, अधिकारी, जनैधारी र नयालनधारी। यिनका थरहरू छन्-मिरदाहा, गुरा, कुमार, राइ, खान, चौधरी, सिंह, कटारे, रमुन आदि। तर मिथिला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रमा राई चौधरी सिंह थरका दनुवारहरू मात्र फेला परे। रझनहरू कछारेभन्दा उपल्लो मनिन्छ। मांगीविवाहको प्रचलन छ। विवाहमा बढी आर्थिक भार केटा पक्षलाई पर्ने हुदा दनुवारहरू छोरा जन्मिदा रुनछन्। यिनमा तन्त्रमन्त्र झारफूकको धेरै प्रभाव छ। यस क्षेत्रका दनुवारहरू पनि मैथिल संस्कृतिमै रंगाइएका पाइन्छन्। यिनमा १३ दिनको श्राद्धका अतिरिक्त मासिक र वार्षिक श्राद्ध गर्ने चलन छ।

सतार :

यिनीहरू भारतको सन्थाल क्षेत्रबाट आएका हुन्। यिनका अनेक थरहरू हुनः किसकु, मुरमुङ्ग, सेरेन, हेमब्रम, मसडी, ढुडु, वास्के, वेस्रा, खास्दा, चोडे, पौडिया, र वेदया, छपरा, गोपडुवा आदि। फागु पूर्णिमा, दशैं शोभराइ, वाह एरोक, सिरूवा, विसुव आदि यिनका मुख्य पर्व हुन्। सुत्केरीलाई निमको पात हालेको भात खान दिएर चोख्याउछन्। शवलाई गाड्नु वा जलाउनु भन्दा पहिले त्यसमा महिलाहरूले तेल र सिन्दुरको टिका लगाइदिने चलन छ। परिवारमा कुनै मान्छे मरेको भोलिपल्ट तेलनहान हुन्छ। अनि परिवार शुद्ध हुन्छ। यिनमा क्रिया वस्ने चलन छैन। मृतककालागि प्रत्येक वर्षको मंसिर महिनामा श्राद्ध गर्ने चलन छ।

डोम (डुम) :

भारत र नेपालका चौविस प्रगन्ना डोमका मूलथला हुन : चौरासी दरभङ्गा, राजविसारा, लोआम, भाला, वछौर, ब्रालागच्छ, गयासपुर, हाटी, पच्ही, वेसारा, सरैसा, मलकैता, भच्छी, राजभरौडा कोराडी आदि।

यिनका अनेक वंश खुंट वा खरहा छन् : अम्लौर, अधलपुरिया, अर्रा, आहिंस, अधारपुर, अमारी, अरैता, कोणलीआर, कस्मा, कोठिया, कल्याणपुर, कन्हौली, कानु, कोढियैता, ओन्हलिया, गोरैता, घटैता, घटहो, चोन्हलियार, चर्चवार, चनौली, जदुअति, जरुवा, वेलसण्डी, जरुवा, वेसाडा, जलालपुर, जरूवेत, टम्कैत, तिसवार, नागवस्ती, कोणसिया, पांगा, मोहाल, फुल, सोन, परिया, पुनहास, पुसा, वेलसरैत, वहैल, वरिया, वलगछिया। श्राद्ध गर्दा पुरै इलाकाका डोमलाई निम्ता दिनुपर्छ। कुनै ठूलो संस्कार कर्म विवाहादिको भोज हुँदा पहिले माइन्जनहरूलाई ताडी दिइन्छ, फेरि खैनी पानीले स्वागत गरिन्छ। भोजका लागि वस्न लगाउनुभन्दा पहिले पाहुनाहरूलाई ओखलमा हालिएको पानीमा गोडा चोप्न दिइन्छ। डोमहरू सुगुँर अनिवार्य रूपले पाल्छन्। सुगुँरको नवजात बच्चालाई 'पाहुर' अलिक ठूलोलाई 'ढोका', दूध खान छोडेर खेल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाल्ने उमेरकालई छावी, एक वर्षकालाई पाङ्गर,२ वर्षका लाई डहरा, व्याउनलायक भएकालाई सुगुँर भनिन्छ। भोजमा सुगुँरको मासुका विभिन्न परिकारहरू पस्किन्छन्। जस्तै वेलसंडी, भिंगहा, भतया, भासिहांढा, मवामगहिया, मनकैता, महुवति, मलकी, मधुपुरिया, रोसरैत, लल्वार, लरहनि, लाधवरवटा, लालागच्छ, वैसारसौनपरि, सिंगाढा, सोनपुर, हंसैता, हायर, हंसा, आदि। डोमहरूले जातीय समस्या समाधानका लागि आफ्नो सरदार छान्छन्। उनको सहयोगका लगि टोलपिच्छे एउटा माइन्जनको चुनाव पनि हुन्छ। पहिलेपहिलेका डोमहरूमा कसैले व्यभिचार गऱ्यो भने दण्डस्वरूप त्यसको घाँटीमा ओखर बाँधेर त्यसलाई कुदाइन्थ्यो। अहिलेको जरिवानामा रूपैया तिरे पुग्छ। दोस्रो विवाह गर्न सकिन्छ। तर सम्बन्ध परित्याग गर्दा दण्ड तिर्नु पर्ने हुन्छ। विधवा विवाह मान्य हुनेछ।

डोमहरूले गुरुमन्त्र पनि लिन्छन्। सुगुँरलाई मार्न तिनले बाँसको लट्ठी जिउदो सुँगुरको घाटीमा बाधेर घिसार्छन र श्वासनली भाँचि दिन्छन्। यिनको डोमकच्छ नाच मिथिलामा जनप्रिय छ। डोमहरूले शिशुको जन्म र विवाहको शुभ अवसरमा यो नाच गर्दथे। मिथिलामा मृतकको दाह सस्कारका लागि डोमसित आगो किन्नु अपरिहार्य छ। जन्म, उपनयन , विवाह, मृतक-संस्कार आदि सबै अवसरमा यिनले निर्मित गरेको बाँसका कलात्मक वस्तुहरू नभई नहुने अवस्था छ। छठिहारमा बेना र बाँसको पंखा, उपनयनमा बाँसका मेघडम्बर, साजी, कोनियां, बांसका डाली, छठमा डाला, दौरा, चंगेरा, कोनियां, विवाहद्विरागमनमा डाला, श्राद्धमा पेटारी ,चंगेरा, छाता, आदि बाँसका कलात्मक उपकरणहरू डोमले नै तयार पार्छन, जसको अभावमा मिथिलाको सांस्कृतिक अनुष्ठानहरू पूर्ण नै हुन सक्तैनन्। मिथिलाका अन्य जातिहरू डोमका यजमान हुन र डोमहरूले आपस्तन यी यजमानहरूको खरीदविक्री पनि गर्दछन्। काली, बन्नी, गोरैया, गहिल, सहोदरा आदि यिनका देउता हुन्।

चमार :

सिनो फाल्नु यिनको परम्परागत व्यवसाय थियो। तर अहिले विद्रोह गरेर यिनीहरूले यो व्यवसाय छोडेका छन। यसको अतिरिक्त मरेका गाई वस्तुका छाला काडनु र तिनका विभिन्न उपयोगी वस्तु बनाउनु र सिंग हाड, बोसो, गोलोचन आदि मृत पशुबाट प्राप्त गरी व्यवसाय गर्नु पनि यिनको पेसा रहेको छ। चमारकै पत्नीले सुत्केरीलाई सजिलो प्रसव गराउन सुडिनीको काम गर्छन। राउत, मोची, सफरी, कनगुजिया, महरा, हाट, सारखी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धोखरिया, पंजरतोडा, पांड, नाइक, छपरिया, कपरी, मगहिया, बोहित, धसिया, बहिडारि, गोरिया, गोहित आदि यिनका थर हुन्। यिनका गृहदेवता हुन कोरल, क्षेत्री, धर्मराज, रक्तमाला, काली, बन्नी, गोरैया, महामाया, नरसिंह, जलपा, लुशरि, मनसाराम, लालजी अदि। सुत्केरीको कल्याणका लागि चमैनी (सुँडिनी) ले हुलहुली देवीको पुजा गर्छन।

मलाह :

माछा पालन, मखान र पानी सिंघाराको उत्पादन मलाहको मुख्य व्यवसाय हो। यिनका विभिन्न उपजाति हुन्छन्। बी, बांतर बनपर, सोरहिया, सुहिया, तिअर, नोनफर, गोढि, खनौट, पछिमा, चाभ, केवट, कोल्ह, कठौतिया, जेठौतिया, खरकट, आदि। सहनी, माझी, मुखिया, सिंह, चौकधारी, मंढल आदि यिनका थर हुन्।

यिनका जातीय देवता हुन दुलरा दयाल, नटवर दयासिंह, जयसिंह, केवल महराज, गांगो देवी, झम्मन मरड, ठिठामल ठीठरमल्ल, बैहरू तिअर, झालाराम, रइयाँ, रनपाल, मीर, सैइद सूलतान खाँ, कुसियारमल, मातर आदि। यिनले कमला कोइलाको पुजा पनि गर्छन्। कमलामा पाठोको बली चढाउँछन्। सुल्तान खाँलाई कुखुरा र हुक्का चढाउने प्रचलन छ। श्यामसिंह डोम हुन, लालवन बाबा चमार हुन्, गरीबन भुंइया धोबी हुन्, गणिनाथ गोविन्द तेली, सुडी, कलवार र हलुवाइका देउता हुन। जयसिंह, अमरसिंह, केवल महाराज जनजातिहरूका कुलदेवता हुन, तर सम्पूर्ण मिथिला यिनको पराक्रमका अगाडि नतमस्तक छ र यिनको पराक्रममा गर्व गर्दछ। मिथिला क्षेत्रमा देखिने समतामूलक भावना र सह-अस्तित्त्वप्रतिको जागरूकतालाई तारिफ गर्नै पर्दछ।

भेषभूषा र परिधान :

आध्यात्मिक चिन्तनलाई बढी महत्त्व दिने मिथिलावासीहरूले बाह्य परिधानलाई त्यत्ति महत्त्व नदिएको पाइन्छ, तर शक्तिका उपासक मैथिल नारीहरूले चाहिं लगभग प्रत्येक अंगलाई अलंकारले सजाउँछन्। कम लुगा लगाउने कारण त्यहाँको जलवायु पनि हुन सक्दछ। भनिन्छ –

'ठेहुना धोती, मुठिया टीक। तखन बुझब तिरहुतिया थीक॥'

अर्थात् घुँडासम्मको धोती, मुठीभरिको टुपी देख्नासाथ यो तिरहुतिया अर्थात् मिथिलाबासी हो भनेर बुझ्नू। परम्परागत रूपमा ब्राह्मणहरूले धोती, चपकन (मिरजइ), दोपटा, गम्छा र पाग लगाउँछन्, हातमा छाता र छडी तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोडामा पनही जुत्ता हुन्छ । अरू जातिका पुरुषहरूले धोती, कुर्ता वा गोलगला, गम्छा आदि लगाउँछन् । मुसलमानहरूले लुंगी लगाउँछन् । विवाह, उपनयन, मुण्डन जस्ता मांगलिक अवसरमा रातो वा पहेंलो धोती लगाउनै पर्छ । अन्य कतिपय जातिहरूमा बेहुलाहरू चुस्त पाजामा, शेरबानी र विशेष प्रकारको पगडी लगाएर सम्राट जस्ता राजसी पोशाकमा बिहा गर्न जान्छन् । ब्राह्मण बेहुलाले पाग र कायस्थ तथा अन्य कतिपय जातका बेहुलाले 'मौर' लगाउँछन् । अभिजात वर्गका मैथिलहरूले 'साँची धोती' र अपेक्षाकृत पुरातनपन्थी वा साधारण रहन-सहन मनपराउने मैथिलहरूले 'ढठ्ठाबला धोती' लगाउँछन् । स-सना बच्चाहरूले धरिया, भगबा, विष्ठी, वा लँगोटी लगाउँछन् । घाम पानीबाट आफूलाई सुरक्षित राख्न छाताको प्रयोग त गरिन्छ, तर ग्रामीण जीवनमा सामान्यतया कृषकहरूले 'मेघडम्बर' वा 'छोपी' को प्रयोग पनि गर्दछन् । (यो पहाडी भेकमा ओढिने धुम जस्तो हुन्छ) हातमा छडी, बेंत, सटका, पैना, ठेङा वा फराठी लिइन्छ र कसैलाई ठटाउनुपर्दा वा टेकेर हिंड्दा यिनको प्रयोग गरिन्छ । बूढाहरूले कन्दनीमा लगभग चार अंगुलको एउटा झोला भिर्छन, जसलाई बटुआ, बनुली वा धोकरी भनिन्छ र जसमा सुपाडी, सरौता, नसदानी, तमाखु, चुनौटी आदि राखिन्छ ।

माटोमा ओछ्याउने ओछ्यानलाई पटिया (खास प्रकारको बनस्पति, पटेरबाबाट बनेको), शीतलपाटी, तराए, बरहत्था, गोनैर, सेज तथा सलीता प्रमुख छन् । काठबाट बनेको चौकी, खाट, पलङ, सन्दूक र बोराबाट बनेको सफरीको प्रयोग पनि सुत्नलाई गरिन्छ अर्थात् यिनीमाथि पनि सुतिन्छ । ओढनेलाई चादर (दोसल्ला) सीरकको अतिरिक्त दोलाइ, पलिया, सलगा (तुराइ)को प्रयोग गरिन्छ । गरिबहरूले फाटेका लुगाबाट केथरी (थाङ्नो) गदली, सुजनी आदि बनाउँछन् ।

स्वास्नी मानिसहरू फरिया लगाउँछन् । विधवाहरूले पारी भएको फरिया लगाउनु निषिद्ध छ । कम्मरमा आँचलको भाग बेरेर झोली जस्तो बनाइन्छ जसलाई 'खोंइछ' वा 'फँरि' भनिन्छ । विवाहित छोरीलाई घर पठाउँदा 'खोंइछ' मा धान, दूबो, गेडा बेसार, चाँदीको रूपैयाँ आदि हाल्ने चलन छ । बुहारी माइत जाँदा 'खोंइछ'मा चामल, दूबो, रूपैया र बेसारको गेडा हाल्ने चलन छ ।

स-साना केटीहरूले 'घघरी' लगाउँछन् । चोलोलाई अंगा, कसनी, झुल्ला, निमस्तीन ब्लाउज आदि भनिन्छ ।

खानपान : -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारका महानतम सभ्यताहरूको विकास नदी वा समुद्रको किनारमा भएको साक्षी मानवजातिको इतिहासले दिन्छ। मिथिला भूमि अनगिन्ती नदी, पोखरी र जलाशयहरूले गर्दा उर्बर रहेको छ। यहाँ उब्जिने बालीलाई तीन भागमा विभक्त गरिन्छ - अगहनी, रब्बी, भदै। अगहन (मङ्सिर) पुसतिर हुने बालीलाई अगहनी भनिन्छ र यिनमा धान प्रमुख हो। चैत्र-बैशाख महीनामा तयार हुने गहुँ, चना, खेसारी, रहर, जौं, आलस, कुरथी, केराउ, मटर, सस्यूँ, राइ आदिलाई रब्बी भनिन्छ। साउन-भदौंतिर तयार हुने आँसु, ठेलइ, कोदा, मकै, कउन, सामा आदिलाई भदै भनिन्छ। यिनका अतिरिक्त गम्हरी, मुँग, मसुर, चीन, जनेर उखु, शखरखण्ड, तम्बाकू आदिका बाली पनि लगाइन्छ। मुख्य भोजन भात, दाल, तरकारी हो। समान्यतया घरमा उसिना चामलको भात पकाइन्छ तर चाड-बाड वा अतिथि सत्कारका लागि अरबा चामल पकाइन्छ। मिथिलाबासीहरू - कर्ज लिएर पनि मीठो भोजन गर्दछन्। भात, दाल, घिउ, एउटा चटनी, एउटा अचार, दूध वा दही वा अमोट (आँपको माडा) नियमित भोजनका मुख्य परिकार हुन्।

आर्थिक दृष्टिले अभावग्रस्त परिवारका व्यक्तिहरू चामलको भात खान नसकेका दिन आँसु, ठेलइ, गम्हरी, काउन, साम, चीन कोदो वा मकैको भात खान्छन्। कहिलेकाहीं खीर, खिचडी वा घोरजाउर पनि पकाइन्छ। दालहरूमा रहरलाई सर्वोच्च स्थान प्राप्त छ। अन्य दालहरूमा मूँग, चना, मसुर, खेसारी, उडुद, कुरथी, केराउ, रहरिया आदिका दाल पनि पकाइन्छन्।

मिथिलामा तरकारीका छप्पन किसिमका परिकार तयार गरिन्छ। प्रमुख तरकारीहरूमा बड-बडी, तिलकोर, अरिकोंच, ओल, खम्हारू, परबल, करेला, अदौरी, झिमनी, रामझिमनी, र राम तोरैया, कुम्हर (कोभिन्डो), फर्सी, लौका, कुम्हरौरी, आलु-कोबी, केरा, मुनिगा, साग छन्। पठुआ, गेन्हारी, बथुआ, चना, पलाँकी (पालुँगो), करमी, खेसारी, केराउ, ठढियाँ, लाफ, सस्युँ, नैनी आदिका साग अत्यन्त लोकप्रिय छन्। अतिथिसत्कारमा सागको परिकार पस्कनुलाई विनम्रताको प्रतीक मानिन्छ। माछा-मासु पनि मुख्य खाद्यपदार्थ अन्तर्गत पर्दछन्। साना, चोखा, भर्ता आदि चटनीकै विविध परिकार हुन्। आलु, ओल, परवल, भन्टा, आँप, धनियाँ, तील, आलस, पुदीना, कुतरूम, अमला, अमरा, चल्ता, इमली, टमाटर आदिका चटनी साहै स्वाद लिएर चाटिन्छ। खट्टा (अमिलो) हुने (आँप, अमला, टमाटर इमली) आदिलाई गुँड वा चीनीको पाकमा हालेर 'खटमिट्ठी' पनि तयार गरिन्छ। त्यसैगरी अचारका लोभी मैथिलहरू आँप, कटहर, कागती, ज्यामिर, अमरा, करेला, खुर्सानी, करोअना, अदुवा, कुतरूम, चल्ता, आलु, अमला, तील,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परवल आदिका अचार वर्षभरिका लागि तयार गरेर राख्छन् र घरभरिका मानिस प्रत्येक छाकमा बडो स्वाद लिएर खान्छन्। दूध-दही अहिले पनि ग्रामीण क्षेत्रमा पर्याप्त मात्रामा पाइन्छ, त्यसैले भोज-भतेरमा निम्तालुलाई दूध-दहीमा झन्डै चुर्लुम्म डुबाइन्छ। दूधमा बुनियाँ र चिनी हालेर एउटा विशेष प्रकारको पेय विशेष अवसरमा (विवाह, उपनयन, वा अन्य अवसरमा भोज भतेरका लागि) बनाइन्छ, जसलाई 'सकरौडी' भनिन्छ। खाजामा च्यूरा-दही विशेष लोकप्रिय छन्। भोजनोपरान्त पान-सुपारी आवश्यक हुन्छ।

यहाँका फलहरूमा आँप, कटहर, अम्बा, लिची, बरहर, केरा, जामुन, शरीफा, कागती, बयर, शरीफा, बेल, दाडिम, अनार, काँक्रा, सपाटो, तरबुज, फूँट आदि प्रमुख हुन्।

मिष्टान्नहरूमा खाजा, मुङबा, जिलेबी, छेना, रसगुल्ला, गुलाबजामुन, अमिरिती, घेवर, पेंडा, बुनिया, लड्डु, बताशा, मिथिलाबासीलाई साहै मन पर्छन्।

यहाँका अन्य खाद्य पदार्थहरूमा पूडी, पूआ, अमोट, ठकुआ, भूसबा (कसार), पेरूकिया, खजूर, चौरठ, झिल्ली, कचरी, मुरही, दलिपिट्ठी, ओरहा, बगिया, दलिपूडी, लाइ, सतुवा, रोटी, दूधपिठ्ठी, आदि प्रमुख छन्। बिहानको खाजालाई 'पनपियाइ' वा 'जलखइ' भनिन्छ, दिनको भोजनलाई 'खाएक' 'कलउ' वा 'मझिनी' तथा साँझको खाजालाई 'बेरहटिया' वा 'सँझोअ' भनिन्छ। व्यसनहरूमा भाँग, ताडी, हुक्का, गुडगुडी, दारू, बीडी, सिकरेट गाँजा र खैनीको बढी चलन छ।

अलंकरण :

सम्भवतः जति प्रकारका गहनाहरूको प्रचलन मिथिलामा छ, संसारको कुनै पनि भागमा छैन। नारी-देहको प्रत्येक अंगका लागि अनेकानेक आभूषणको विन्यास पाइन्छ। एक-एक मन स्वर्ण-रजतनिर्मित आभूषणले सिंगारिएका बेहुलीहरूलाई जब डोलीमा बोकेर लैजाने गरिन्थे, 'रन्न-रन्न' ध्वनिले बेहुली जानेबाटो गुन्जिन्थ्यो। डाँकाहरूको डरले खास पहरामा मात्र डोली लगिन्थ्यो। यहाँ गहनाहरूको संक्षिप्त विवरण दिइन्छ :

(क) शिरका आभूषण : मनटीका, चाँप, टीका, टिकुली

(ख) नाकका आभूषण : ठोप, छक, नथुनी, नकबेसर, बुलकी, नथिया, नकमुन्नी

(ग) कानका आभूषण : बोर, झुमका, ढोल, अन्ती, कनैली, तरकी, कर्णफूल, कनपासा, माकरी, बाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) गलाका गहना : टीप, सूति, हँसुली, सिकडी, हैकल, तख, करसरि, मटरमाला, चन्द्रहार, रूपैयाँ छड, अशर्फी, ढोलना, नेकलस, लकेट आदि आधुनिक आभूषण हुन् ।

(ङ) पाखुराका आभूषण : पचखण्डी, बाँक, कफोरबा, कटबी, बिरखी, बिजोठ, बाजूबन्द, पटही, अनन्त, पाति, कुसियार-गेडी, जोसन, लपेट ।

(च) कलाइका आभूषण : कंगना, बरहरी, अगेली, बिचेली, पछेली, लसनी, हतसंकर, पहुँची, अमिरती, मटरमाला, सकरा ।,

(छ) कम्मरका गहना : डँडकस, कोचवन ।

(ज) गोडाका गहना : पाजेब, काँडा, छारा, साट, पायल, पैरसंकर ।

(झ) गोडाका औंलाहरूका गहना : औंठी, बिछिया, ठेसा ।

(ङ) हातका औंलाका गहना : औंठी

साडीमा जडेको सुन - चाँदीको गहनालाई मनोरी, कटोरी, अँचारी टुम्मुक्क, झुमुक्क भनिन्छ । विवाहपछि छोरीलाई विदाइ गर्दा चोलोमा चाँदीको बटन लगाई विदा गर्ने चलन छ ।

जन्म, मुन्डन, उपनयन र विवाहको अवसरमा स-साना बालकलाई पनि आभूषणले सजाइन्छ । जस्तैः

कान - कुन्डल, लवंगफूल, चिडिया, कनौसी ।

गला - कंठा, हनुमानी, अशर्फी, मुँगाको माला, रुद्राक्षको माला ।

हात - मट्ठा, बलिया ।

पाखुरा - जन्तर, मुँगा, रुद्राक्ष ।

कम्मर - जै, हरहरा ।

गोडा - काँडा, पाउजु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चम अध्याय

धार्मिक सम्प्रदाय, अन्धविश्वास र टुनामुना

धार्मिक सम्प्रदाय :

मिथिलावासीहरू मुख्यतः हिन्दु र मुसलमान छन्। हिन्दुहरूमा 'स्मार्त सम्प्रदाय' को बढी प्रभाव छ। अर्थात् यिनीहरू शिव, शक्ति र विष्णुका एकैसँग उपासक छन्। भनिन्छ, मिथिला बज्जिसंघको सदस्य भएपछि बौद्ध धर्मको प्रभावमा मिथिलामा पर्न सक्ने भयले उदयनले शैव, शक्त र वैष्णव धर्ममा विभक्त मैथिलहरूका लागि 'स्मार्त' सम्प्रदायको विकास गरेका थिए। अर्थात्, एकैसँग शिव, शक्ति र विष्णुको उपासना गर्ने सम्प्रदायको विकास गरे। त्यसैले परम्परावादी मैथिलहरू आफ्नो ललाटमा शैव धर्मको आस्थाको प्रतीक भस्म, शाक्त धर्मको आस्थाको प्रतीक रक्तचन्दन वा सिन्दूर र वैष्णव धर्मको आस्थाको प्रतीक रामरज लगाउँछन्। आँगनमा तुलसाको मठ हुन्छ, मठमुनि शिवभक्तिका लागि प्रस्तरखण्ड हुन्छन् र प्रत्येक घरमा भगवतीको गह्वर हुन्छ। गङ्गा-स्नान, सङ्गम-स्नान, पञ्चदेवता (गणेश, शङ्कर, विष्णु, सूर्य भगवती) को पूजा र नव ग्रहको पूजनमा मिथिलाको गहिरो आस्था छ।

मुसलमान धर्ममा अनेक सम्प्रदायहरू विकासित भएका छन् - बहाबी, देववन्दी, फूलबारी शरीफ आदि।

१. शैव सम्प्रदाय :

शिवलिङ्ग र शिवमूर्तिका पूजक मिथिलामा प्रत्येक घरमा शिवलिङ्गको पूजा गरिन्छ। माटोको महादेव (शिवलिङ्ग) बनाई पूजा गरिन्छ। घरमा कुनै दैवी प्रकोप वा मानवकृत अनिष्ट हुन थाल्दा शिव-पूजाले त्यसको शमन हुने विश्वास पाइन्छ। शिवभक्तिले ओतप्रोत भएका 'महेशवाणी' र 'नचारी' तथा शिव-कीर्तन प्रत्येक हिन्दु घरमा अत्यन्त तन्मय भएर गाइन्छ। स्नान गर्दा 'हरहर बमबम' को उच्चारण गरिन्छ। लगभग प्रत्येक गाउँमा शिव-मन्दिर पाइन्छ।

२. शाक्त सम्प्रदाय :

मिथिलाको प्रत्येक घरमा भगवती स्थापनाका लागि एउटा कोठा छुट्याइएको हुन्छ जसलाई 'गोसाइँ-घर' भनिन्छ। प्रत्येक मांगलिक कार्य आरम्भ गर्दा 'गोसाइँ' को आराधना स्तुति अनिवार्य हुन्छ। विशेष चाडबाड, पर्व-तिहारमा 'गोसाइँ' को पूजा गर्ने वा बलि दिने प्रावधान छ। यी अवसर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूमा परिवारका स्त्रीहरू अत्यन्त भावाविष्ट भएर 'गोसाउनि गीत' गाउँछन् । दशैंको बेलामा बडो-धूमधामले भगवतीको आराधना गरिन्छ, चण्डीपाठ गरिन्छ । मिथिला तन्त्रभूमि भएको हुनाले भगवतीको विशेष महिमा छ । स-साना बच्चाहरू बोल्न थालेदेखि नै घरका बूढापाकाले भगवती श्लोक सिकाउन थाल्छन् -

'साते भवतु सुप्रीता देवी शिखर वासिनी,
उग्रेण तपसा लब्धो, यया पशुपतिः पतिः ॥'

आर्द्रा नक्षत्रमा पायस चढाउने प्रचलन छ र यसलाई 'पातरि' (उच्चारण 'पातइर') भनिन्छ । जीवित कुमारीहरूको पूजा गर्ने चलन मिथिलामा पनि छ र यहाँ रजस्वला नभएका कुमारीहरूलाई भोजन गराई दान-दक्षिणा दिइन्छ, उनका गोडामा ढोगिन्छ र धेरैले गोडा धोई जल पनि खाने चलन छ । सयौं देवीहरूका मठ मिथिलामा पाइन्छन् ।

३. वैष्णव सम्प्रदाय :

वैष्णव धर्म मान्ने रामानन्दी सम्प्रदाय, रामानुज सम्प्रदाय, श्री सम्प्रदाय, वल्लभ सम्प्रदाय, सखी सम्प्रदाय, राधावल्लभी सम्प्रदाय, आदिको गहिरो प्रभाव मिथिलामा पाइन्छ । हनुमान त लोकदेवता हुन पुगेका छन् । मिथिलाका लोकगीत, लोक गाथाहरूमा राम कथाका प्रसङ्गहरू यत्र तत्र सर्वत्र पाइन्छन् । प्रत्येक घरमा तुलसीको मठ छ र हनुमानजीको ध्वजा अनेक घरमा फहराइरहेको पाइन्छ । प्रत्येक गाउँमा लोकदेवताका गहबरहरू पाइन्छन् । हरेक गाउँमा ग्राम्य-देवता 'डिहबार' 'बढम', 'सल्हेस', का मठ हुन्छन् र प्रत्येक वर्ष भव्य समारोहका साथ तिनको पूजा गरिन्छ । कारिख, काली, बन्नी, गोरैया, देवीहरूका अतिरिक्त मलंग बाबाको पूजा पनि हुन्छ ।

कवीरपन्थीको प्रभावसँगै आधुनिक कालमा आएर नयाँ-नयाँ धार्मिक सम्प्रदायहरू ओशो, आनन्दमार्ग, जय गुरुदेव, ओम शान्ति (प्रजापति, ब्रह्मकुमारी) आदिबाट पनि नवयुवकहरू प्रभावित भएका छन् । अन्य हिन्दुहरू जस्तै मैथिलहरू पनि दर्जन कोटि देवतामा विश्वास राख्दछन् , नदी र वृक्षहरूको पूजा गर्दछन् ।

बोक्सा - बोक्सी, भूत-प्रेत, टुनामुना इत्यादि बारे लोकविश्वास

मिथिलामा प्रचलित लोक विश्वासलाई दुई कोटीमा विभाजित गर्न सकिन्छ : शास्त्रसम्मत र लोकसम्मत ।

शास्त्रसम्मत लोकविश्वासको प्रमुख स्रोत वेद, पुराण, तन्त्रादिक ग्रन्थहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्, जसलाई हाँक दिनु मिथिलामा मात्र होइन, सम्पूर्ण हिन्दू समाजमा आफूलाई नास्तिक प्रमाणित गर्न-गराउन निहुँ खोज्नु हो। किनभने, यिनको सम्बन्ध धर्मसित छ। यसैगरी, लोकसम्मत धारणा (टुनामुना, लौकिक तन्त्रमन्त्र इत्यादि) को स्रोत पनि विभिन्न कालखण्डमा अज्ञात व्यक्तिहरूद्वारा फैलाइएका विश्वासहरू हुन्, जसमा वैज्ञानिक आधार भेट्टाउनु कहिले सुलभ र कहिले कठिन देखिन्छ।

तन्त्र-मन्त्र, बोक्सा-बोक्सी, भूत-प्रेत, धामी-झांक्री आदिमा विश्वास हाम्रो वंशाणुमा निहित छ। दक्षिणमार्गी र वाममार्गी दुवै प्रकारका तन्त्रका प्रणेता स्वयं भगवान शिव हुन्, यस्तो मान्यता पाइन्छ र भगवान् शिव आर्यगनमा पूर्वका देउता हुन्। यसरी, यस समाजमा तन्त्र-मन्त्र र बोक्सा-बोक्सीको अस्तित्त्व आर्यहरूको आगमनभन्दा पूर्वदेखि नै प्रचलित रहेको सिद्ध हुन्छ। उल्लेखनीय छ, ऋग्वेदको प्रथम मण्डलको रचना मिथिलामै भएको थियो। ऋग्वेदका सूत्रहरूको विषयवस्तुलाई विटर निट्जले जुन वर्गीकरण गरेका छन्, त्यसमा एउटा सूक्त ऐन्द्रजालिक सूक्त पनि छ। ऋग्वेदको दशम् मण्डलमा पीडित व्यक्तिलाई मृत्युको मुखबाट निकाल्ने, बाधक राक्षसका बिध्नबाट रक्षा गर्ने, गर्भमा बाधा पुऱ्याउने र राक्षस भगाउने, दुःस्वप्न नाश गर्ने, पिशाचको अवतरणद्वारा शिशुको रक्षा गर्ने, वर्षा गराउने मन्त्रहरू छन्। सौतालाई कष्ट पुऱ्याउने एउटा मन्त्र छ :

'इमं खनाम्योषिधं वीरुधं वलमत्तमम्।
यथा सपत्नीं बाधते यथा संविन्द्यते पतिम् ॥' (ऋग्वेद १०. १४५१)

यसरी के स्पष्ट छ भने वैदिक कालमा इष्टकर र अनिष्टकर दुवै प्रकारका तन्त्र-मन्त्रको प्रयोग प्रचलित थियो। यी तन्त्र-मन्त्र लौकिक र शास्त्रीय दुवै प्रकारका थिए होलान्। यी दुवै प्रकारको विकास स्वतन्त्र रूपले भइरहेको थियो होला भन्ने अनुमान सहजै गर्न सकिन्छ। यी मन्त्रहरू सिद्ध गर्नेमा स्त्रीहरू पनि थिए होलान्, जसलाई लौकिक भाषामा सम्भवतः 'डाकिनी' भनिएको होला। यसै 'डाकिनी' शब्दले 'डाइन' वा 'डायन' शब्दको विकास भएको देखिन्छ। 'बोक्सी' शब्दको विकास प्राकृत 'बोक्कस' शब्दबाट भएको पाइन्छ। यसरी, तन्त्र-मन्त्र, बोक्सा-बोक्सी, टुना-मुनाको अस्तित्त्व प्रागैतिहासिक कालदेखि नै रहेको तथ्य पूर्वेली र पश्चिमेली दुवै गोलार्धमा स्वीकृत छ। प्राचीन गुफाहरूमा प्राप्त केही चित्राङ्कनमा र कतिपय पुरातात्विक प्रमाणका आधारमा यो तथ्य अझ पुष्ट हुन्छ। इनसाइक्लोपेडिया ब्रिटानिकामा पनि बोक्सीप्रतिको लोकविश्वास प्रागैतिहासिक कालदेखि व्याप्त रहेको तथ्य उद्घाटित भएको छ।[न] इवान्स रिचार्डको समाजैतिहासिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्त अनुसार, प्राचीन सभ्यताहरूमा पनि जादू-टुनामा विश्वास गरिन्थ्यो। मेसोपोटामिया, मिश्र र कन्नानमा यो विश्वास अझ गहिंरो थियो। स्यामुएल प्रथम पुस्तक (First book of samueol) मा बोक्सीलाई 'परिचित आत्मा राख्ने आइमाइ' र त्यसको परिमार्जित संस्करणमा 'माध्यम' भनिएको छ। इजाकिएलका ग्रुन्थमा केही यस्तै महिलाका सन्दर्भ आएका छन् जसले जादूका घडी र लुगाका आवरणले जीवन-मृत्यु माथि नियंत्रण राख्ने गर्छन्। यस्ता बोक्सीको निन्दा गरिएको छ।

'ओल्डटेस्टामेन्ट' मा यस्ता महिलालाई ईश्वर विरोधी तथा समाज विरोधी भनी भर्त्सना गरिएको छ। बाइबलअनुसार यस्ता महिलालाई मृत्युदण्ड दिनुपर्दछ। 'न्यू टेस्टामेन्ट' पनि यस्तालाई अनैतिक र मूर्तिपूजक मान्दछ। प्राचीन रोम र युनानमा मङ्गलकारी इन्द्रजालको स्तुति तथा अनिष्टकारीको आलोचना गरिन्थ्यो। समाजका अनिष्टकारी तत्त्व आर्थिक, राजनैतिक, क्रीडासम्बन्धी, प्रेम सम्बन्धी जीवनमा उपद्रव गरिरहन्छन् भन्ने लोकविश्वास प्राचीन रोम र युनानमा पाइन्छ। मिथिलाका भूत, प्रेत, चुड़ैल (किचकिन्नी) ब्रह्मकिटाँस जस्ता अनिष्टकारी अतिमानवीय तत्त्वहरूझैं त्यहाँ पनि सलेन, हेकेट आदि थिए, जसलाई बोक्सीहरूले तन्त्रमन्त्र एवं विधिविधानद्वारा मध्यरात्रिमा सिद्ध गर्ने गर्दथे ।

अपुलियस नाउँ गरेका दोस्रो शताब्दीका लेखकले 'स्वर्णिम गधा' (The Golden Ass) नाउँ गरेको पुस्तकमा टोसली क्षेत्रका बोक्सीहरूको वर्णन गरेका छन् , जो लासका अनुहार चपाउँथे, भिन्न-भिन्न रूप धारण गर्न सक्थे। सोह्रौं शताब्दीको यूरोपेली समाजमा भूतप्रेत आदिमा विश्वास कति गंभीर थियो भन्ने कुराको जानकारी शेक्सपियर साहित्यको अध्ययनबाट प्राप्त हुन्छ। रोमन साम्राज्यको पतनपछि युरोपभरि फैलिएको जर्मनिक जातिका बोक्साबोक्सी र तन्त्रमन्त्रको कस्तो आतंक थियो त्यो ग्रीक र रोमन साहित्यबाट थाहा हुन्छ।

सम्पूर्ण तन्त्रसाहित्य भूत-प्रेत, तन्त्रमन्त्र सम्बन्धी धारणालाई पोषण गर्दै आएको छ। सिद्धिश्वर तन्त्र, कुलार्णवतन्त्र, फत्कारीतन्त्र, श्रीक्रम तन्त्र, सिद्धसार तन्त्र, योगिनी तन्त्र, शिवागम तन्त्र, मुण्डमालाख्य तन्त्र, किरुत्तर तन्त्र, क्रियासार तन्त्र, सम्मोहन तन्त्र, मालिनी तन्त्र, गवाक्ष तन्त्र, मालिनी विजय तन्त्र, योगिनी हृदय तन्त्र, योनि तन्त्र, कुलचूडामणि तन्त्र, कामाख्या तन्त्र, भूतडामर तन्त्र, ब्रह्मयामल तन्त्र, कुलामृत तन्त्र, यंत्र चूडामाणी तन्त्र, महातन्त्र, ज्ञानार्णव तन्त्र, देव्यागम तन्त्र, सिद्धयामल तन्त्र, सिद्ध सारस्वत तन्त्र, गणेशविमर्षिणी तन्त्र, चामुण्डाख्या तन्त्र, हंसमाहेश्वर तन्त्र, कल्पतन्त्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निबन्धाख्य तन्त्र, ललिताख्या तन्त्र, रुद्रयामल तन्त्र, सुकामदनी तन्त्र, समयाचर तन्त्र, भैरव तन्त्र, तन्त्रान्तर तन्त्र, भावचूडामणि तन्त्र, कामधेनु तन्त्र, विश्वासार तन्त्र, कुलउड्डिय तन्त्र, काली तन्त्र, नील तन्त्र, उत्तराख्य तन्त्र, मत्स्यसूक्त तन्त्र, वाराही तन्त्र, नित्य तन्त्र, माहेश्वर तन्त्र, कुल प्रकाशक तन्त्र, गान्धर्वक तन्त्र, स्वतन्त्र तन्त्र, राधाख्यक तन्त्र, बृहद् श्रीक्रमतन्त्र, विशुद्धेश्वर तन्त्र, भैरवी तन्त्र, सनतकुमार तन्त्र, नवरत्नेश्वर तन्त्र, तन्त्रदेव प्रकाश, कुमारी तन्त्र, वायमाल तन्त्र, महाकाल तन्त्र, कुंजिकाख्य तन्त्र, आदि तन्त्रका ६३ भेद हुन् तथा बौद्ध तन्त्र, कपिल तन्त्र, जैमिनी तन्त्र, वशिष्ठ तन्त्र, नारद तन्त्र, गगं तन्त्र, पुलस्त्य तन्त्र, भार्गव तन्त्र, याज्ञवल्क्य तन्त्र, भृगुतन्त्र, शुक्रतन्त्र, बृहस्पति तन्त्र र सांख्य तन्त्र – यी १३ उपतन्त्र हुन्। यी मध्ये अनेक तन्त्रको विकास ऋग्वेदकालदेखि नै मिथिलामा हुँदै आएको छ। यिनको गहिरो प्रभाव अझै पनि यहाँ विद्यमान छ। यिनमा मारण, मोहन, उच्चाटन, वशीकरण सिद्धिका विधान दिइएका छन्। प्रेत, जिन्न, यक्षिणी, मृतात्मा प्रकट गर्ने र यिनलाई वशमा पार्ने उपायहरू बताइएका छन्। धनदा यक्षिणी – साधना, कर्णपिशाची – साधना, कनकावती साधना जस्ता अनेक प्रयोगका विधिविधानहरू बताइएका छन्।

मिथिलामा प्रचलित केही लोकविश्वास

तन्त्रमन्त्र, बोक्साबोक्सी र टुनामुनामा विश्वास मिथिलाको वंशाणु (जिन्स) मा छ। परापूर्व कालदेखि धर्म, संस्कृति जीवनशैली र जीवनका अवस्थामा आएको विकृति वा यस सम्बन्धी विकृत व्याख्या, अवधारण र सोचका कारण यी लोकविश्वासहरूको बीजवपन भयो र कालक्रममा यिनको पोषण पनि यिनै कारक तत्त्वहरूले गर्दा हुँदै आएको छ। अतएव, हाम्रा धर्म – संस्कृतिका मर्म के हुन् र यिनमा आएका विकृति के हुन्, यी विकृतिको उन्मूलन कसरी गर्ने, देश–काल–पात्र–अनुकूल यिनको रूपान्तरण के गरी गर्ने, हाम्रा सामाजिक संस्थापन तथा संचेतनामा रूपान्तरणका लागि के–के गरिनुपर्दछ – यसबारे अनुशीलन, अन्वेषण र परीक्षण तथा चिन्तन हुनु अपरिहार्य छ। अशिक्षा र गरिबीमा जकडिएको तथा वैज्ञानिक चेतनामा शून्यवत् रहेको मिथिलाको सामान्य जीवनमा गर्भाधान नै अन्धविश्वाससँगै हुन्छ र अन्धविश्वासहरूको अन्त्य पनि घाटमै पुगेर हुन्छ। यौनक्रियामा पुरुष बलियो भयो भने छोरो पाउँछ, महिला बलियी भई भने छोरी हुन्छ। कसैले छोरा पाउँछ कि छोरी भनेर जोखना हेर्न तातो खीरमा कागती निचोर्नु पर्छ र फाटेको दूधले छोरा हुने कि छोरी भन्ने सङ्केत त्यसमा देखिएको जनेन्द्रियको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकृतिले गर्दछ । फलानीको गर्भको बच्चा बोक्सीले मन्त्रशक्तिले बिलाइ दिई र फलानीको भ्रूण फलानीको गर्भमा पठाइ दिई । बोक्सीहरूले गर्भकै कलिलो बच्चा चपाइदिन्छन् अथवा तुहाइदिन्छन् । करामत त यस्ता-यस्ता गर्छन् कि बोक्सीले कपालको एउटा केश काटेर वा फरियाको एउटा धागो चुँडेर वा तानेर पनि सर्वदाका लागि बाँझी बनाइदिन सक्छे । हो, त्यस्तै कुनै जब्बर धामी वा झाँक्रीले मात्रै बोक्सीको यस प्रभावबाट मुक्त पारेर सन्तानवती तुल्याउन सक्छ । यसरी यस्तो प्रभाव बाट मुक्त पार्ने विधि प्रक्रियालाई 'कोखिया गोहाइर' भनिन्छ । सुत्केरी घरको दैलोको छानामा आँप, जामुन, वा नीमको हाँगो, जुत्ता झुन्ड्याइन्छ, त्यो मुनि बोर्सीमा (एक किसिमको ठूलो मकलमा) आगो राखिन्छ, जसमा थु-थु गरी थुकेर मात्र स्वास्नी मानिसहरू सुत्केरी घरभित्र छिर्छन् । अन्यथा बच्चा र आमा दुवैलाई वा दुवैमध्ये कुनैलाई नजर लाग्न सक्छ । पिउसो र उसकी आमालाई 'जौंआ' (जुम्ल्याहा भन्ने एक प्रकारको कल्पित जीव) ले खोजिहिंडेका हुन्छन् र यी दुवै भध्ये कुनै एउटालाई पनि यसले छोइदियो भने उसको ज्यान जोगाउनु असम्भव हुन्छ । यी 'जौआ'हरू एक बित्ता जत्रा हुन्छन् र जोडामा खेलिरहन्छन् । यिनीहरू सुत्केरी घरमा त्यसको वरिपरि, छेउछाउमा रहेको गोबरको डंगुरमाथि, चुठ्यान वा घुरयानमा अदृश्यरूपमा नाचि वा खेलिरहन्छन् । फलानो गाउँकी फलानीले बिच्च दिनमा दुइटा जौंआलाई गुँइठाको थुप्रोमथि लडिबुडि गरेको, पैठाजोरी खेलेको आफ्नै आँखाले देखेकी थिई अरे; -एक वित्ता अग्ला जीउका र ठूल्ठूला बल्ढ्याङ्ग्रा, लाल गेडी जस्ता राता-राता आँखा भएका; चुड़ैल (किचकिन्नी)-हरू नाकले बोल्छन् र तिनका खुट्टा उल्टा घुमेका हुन्छन् - ठ्याकै पछाडि । कुनै रूपवान लक्का जवानलाई सुनसानमा एक्लै फेला पारी भने आफ्नो रूपजालमा त्यसलाई फँसाएर दिनहुँ रातिराति आएर संभोगक्रियामा त्यस बेलासम्म अल्झाइ रहन्छे जबसम्म त्यो कम्लपित्तको रोगीझैं पहेंलिदै गएर मरणासन्न हुँदैन वा मर्दैन । मुक्तिको एउटै उपाय छ - त्यो जव चकम्मन रातमा यौनक्रियाका लागि आउँछे, यौनक्रिया गर्न लागेको बेला उसले थाहा नपाउने गरी उसको पिठ्युँतिरको फरियामा सुटुक्क एउटा सियो छिराइदिनुपर्छ । सियोको प्वालमा दुई तीन किलोमिटरसम्म जान सक्ने धागो लागेको हुनुपर्छ । धागो छोड्दै जानुस् । भोलिपल्ट त्यो धागो पछ्याउँदै गएपछि कहिले त्यो धागो कुनै हाडमा बाँधिएको, कहिले कुनै बेल, पीपल, जामुन, ताड वा बकैनाको रुखको धोद्रोसम्म पुगेको पाउनु हुनेछ र त्यहाँ पनि त्यो हाडमै बाँधिएको हुन्छ । यही हाड राति-राति किचकिन्नी वा चुड़ैल बनेर युवकसित रतिक्रिया गर्न आएकी हुन्छे । त्यस हाडलाई झाँक्रीले जलाउँछ, त्यसबाट मुर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलेको गन्ध आउँछ। जलेर चुड़ैल खरानी हुन्छे। मिथिलामा 'राकस'-हरू (राँके भूतहरू) राति-राति हातमा आहुतिका ज्वाला बोकेर खेत-खेत र चहुर-चहुर चाहारेका हुन्छन्। कतै तपाई एक्लै - दोक्लै फेला पर्नुभयो भने यो खेतका माटाका डल्ला बोकेर त्यो खेतमा र त्यो खेतको यो खेतमा ओसारिरहनुपर्छ - रातभरि। देवीहरू अग्ला - अग्ला झ्याम्मिएका रुखमा बस्न मन पराउँछन् - पाकड, जामुन, ताड, पिराड, बेल, पीपल, बर, बडहर, किम्मु, जेको रुख पनि हुनसक्छ। यी भूत, प्रेत, देवीहरू बासका लागि रुख सर्न पनि सक्छन्। देवीको हातमा पनि 'आहुत' (ज्वाला) हुन्छ। आँगनमा, दलानमा, मूल ढोकाबाहिरको ठाउँमा घुरेर सुतेको मान्छेको छातीमा जखमले 'मनुखदेवाहरू' आएर थ्याच्च बसिदिन्छन् र थिचेर मार्छन्। गर्भवती स्त्रीहरू मर्छन् भने प्रेतिनीको जुनीमा जान्छन् र घरमा फर्किई - फर्किई नवजात शिशुलाई आफैंसित लिएर जान खोज्छन्। दुःख दिई-दिई मार्छन्। उल्टो सर्स्युं चिहानदेखि घरसम्म छर्दै आउनुपर्छ र यसो गरे, श्मसानमा खेल्ने बोक्सीहरूले वा प्रेतिनीहरूले एक-एक गेडा नटिपेसम्म घरसम्म पुग्नै सक्तैन। ब्राह्मणको अकाल मृत्यु भयो भने त्यो 'बढमकिटाँस' जुनीमा भट्किन्छ, कुमारी कन्या मरेपछि 'देवी' बन्छे। प्रेतहरू ताड़जत्रा अग्ला बन्न सक्छन्, बकुल्लाका प्वाँखजस्ता सेता वस्त्र लगाउँछन्। ती कहिले कुकुर बन्न सक्छन्, तुरुन्त बिरालो वा साँढे बन्न सक्छन्। कुकुर वा विरालाहरूले भूत-प्रेत देख्छन्। धेरै जनाले भूत-प्रेतलाई रुखका हाँगामा हल्लिएर पिङ खेलेका देखेका छन्। पल्लो घरका हजुरबालाई एक पटक आधी रातमा नै भोर भएको भ्रम परेछ, आँप घारीमा दिसा-मैदानका लागि निस्किहालेछन्। त्यहाँ त भूतै भूत। आँप झर्थ्यो, हजुरबाले टिप्नु हुन्थ्यो, भूत पनि पछिपछि। दशैंमा माइथान र कार्तिक पूर्णिमामा कमला खोलामा धामी-झाँक्री तथा कारनीहरूको विशाल भूतमेला मिथिलामा लाग्दछ। मिथिला क्षेत्रमा के जनविश्वास छ भने बोक्सीविद्या सिक्नलाई लोग्ने अथवा छोरामध्ये कुनै एक गुरुमाँलाई वलि चढाउनुपर्छ। गुरुमाँले सोध्छिन्- 'मन्त्र सिक्छस् भने मलाई के दिन्छस्, 'बरेडी' (दलिन) कि घरबीचको 'खम्बा ?' 'बरेडी' भनेको पति, खम्बा भनेको छोरो। बोक्सी विद्या सिक्ने चेलीले 'बरेडी' भनी भने लोग्ने मर्छ, खम्बा भनी भने छोरो मर्छ। जो मर्छ उसको आत्मालाई (प्रेतलाई) बोक्सीले आफ्नो अधीनमा राख्छे र नाना भाँतिका काम लिन्छे। बोक्सीहरू घोंङा (संखेकिरा प्रजातिको जीव), सीपी र नहर्नी लिएर घुमिरहन्छन्। यिनीहरूले दशैंको रात वा औंसीको रातको बीच भागमा (मध्य निशामा) श्मसानमा जान्छन्, जलिरहेको चितामा मान्छेको खप्परमा खीर पकाउँछन् र खान्छन्, श्मसानमा रात-रातभरि फन्फनी नांगै नाच्छन्। सानो बच्चो मरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ र उसलाई खाल्डोमा पुरिएको छ भने त्यसलाई झिक्छन् र मन्त्रशक्तिले जीवित पार्छन्। बच्चा खेल्न थाल्छ। त्यसलाई तेल दल्छन्, गाजल कोर्छन्, म्वाइ खान्छन्, खेलाउँछन् र घर फर्किनुभन्दा पहिले फेरि मुर्दा पारेर खाल्डो भित्र पुरिदिन्छन्। उनका यी काला जादूका करामात कसैले कुनै कारणवश एक्कासि देख्यो भने बोक्सी कराउँछे, 'रे मुरहा घूरि ताक ;' (ए मुढो, फर्किएर हेर् ;) यदि देख्ने मान्छेले फर्किएर हेऱ्यो भने त्यहीं ठहरै मर्छ। कसैको घरमा बोक्सी आएकी रहिछ भने 'सुइ-धागो' बोल्यो भने त्यो कुनै न कुनै निहुँ गरी लुसुक्क हिंड्छे। आइतबार र मङ्गलबार कुनै बोक्सीको चियोचर्चो गर्नुहुँदैन, उसले सबै कुरो थाहा पाउँछे। दशैंमा कुनै बोक्सीले टाउकोमा तेल हालिदिई वा खोपिदिई (पाचिदिई) भने त्यो मान्छे एक-दुई दिनमै मर्छ। दशैंमा बोक्सीको नजरबाट जोगाउन बच्चालाई हिंग र लसुनको माला लगाइदिनुपर्छ। निधार र नाइटोमा गाजलको टिका लगाइदिनु पर्छ। बोक्सीले श्मसान जान नपाऊन् र कसैमाथि मारण, मोहन, उच्चाटनको प्रयोग गर्न वा मन्त्र सिद्ध गर्न नजाऊन भनेरै रातरातभरि मिथिलामा झिझियानृत्यको आयोजन गरिन्छ। बोक्सीले कुभिन्डोको बलि दिएर, जवाकुसुम, सिंदूर, गाजल बिन्दी, सुइ, धागो, अच्छेता अदि मन्त्र्याएर चौबाटोमा हालिदिन्छे, जसलाई 'चक्कर पुज्नु' भनिन्छ। यदि कसैले झुक्किएर यो चक्कर नाघ्यो भने त्यो रिङटा लागेर वा रगत छादेर मर्छ। युरोपमा बोक्सीको स्वरूप जीवित नर-कंकाल जस्तो मानिन्छ, तर मिथिलामा बोक्सीहरू अधिकांशतः विधवा, बूढी, मिठोमिठो कुरा बिस्तारो बोल्ने हुन्छन्। युरोप, अफ्रिका, एशिया जस्तै लगभग प्रत्येक देशमा के विश्वास छ भने यी बोक्सीहरूले चाहे भने प्रेतात्मालाई जनावर वा चरा, बनाएर पाल्न सक्छन् र आफ्नो कार्य - सिद्धिका लागि लक्षित व्यक्तिको घरमा पठाउन सक्छन्।

गर्भिणी महिलाले लास भएको ठाउँ, श्मसान, मरोपरोमा जानु हुन्न। कुनै अपरिचित स्वास्नी मानिसको छेउमा वा बोक्सी कहलाइएकी कुनै स्वास्नी मानिसको छेउछाउ त के उनका आँखाअगाडि पनि पर्नु हुन्न। बोक्सीले पेटको बच्चा खाइदिन, बदलिदिन, गर्भपतन गराइदिन सक्छन्। बाँझी स्वास्नी मानिसलाई मिथिलामा पनि अन्य हिन्दू समाजमाझैं होच्याएर हेरिन्छ। गर्भिणी आइमाइले ग्रहण हेर्नु हुँदैन, हेऱ्यो भन्ने बच्चा अपांग, वा सुस्तमनस्थितिको हुन सक्छ वा त्यसको जीउमा कालो धब्बा (लसुन) पर्न सक्छ। डरलाग्दा सिनेमा, तस्विर वा दृश्य हेर्नुहुँदैन। कसैले नाघेको पानी खानु हुँदैन। दाम्लो पनि नाघ्नु हुँदैन। सहज प्रसवमा सङ्कट हुँदा कुलदेवीको गहबरको माटो कम्मरमा लाइदिने गरिन्छ, चढाएको फूल सिरानीमा राखिदिइन्छ, बिगुत खुवाइदिने चलन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बच्चा जन्मिएको दिनमै नाभीको धागो (umbilical cord) काटिन्छ। बच्चा जन्मिएपछि परिवारका महिलाहरूले 'सोहर' (लोकगीत) गुनगुनाउन वा गाउन थाल्छन्। काटिएको नाभीधागोलाई सामान्यतया बाँसघारीमा फालिन्छ। जुन महिलाका सन्तान बाँच्ने गर्दैनन्, तिनलाई नवजात शिशुका बोलाइने नाम अनौठा – अनौठा राख्छन् , यथा, 'फेकना' (फालिएको) 'फेकनी' (फालिएकी) 'मनटुटिया' (मनटुटाउने केटी), 'मनतोरिया' (मनभाँच्ने केटी) . . . आदि। कुनै सन्तान मरेपछि जन्मिएको अर्को सन्तानलाई 'मरछियाह' भनिन्छ। त्यसको जीउमा त्यो मरेको सन्तान चढ्ने गर्छ र त्यसलाई झ्वाँकी मिजासको बनाउँछ भन्ने विश्वास गरिन्छ। झ्वाँक चढ्ने नहोस् भनेर उपचारका लागि त्यसको नाक छेडिन्छ। अरूका अगाडि बच्चालाई तेल घस्नु हुँदैन, आँखा लाग्न सक्छ। त्यो बच्चो एकनासले रुनु र चूप लाग्न नमान्नुलाई 'छिरिआउनु' भनिन्छ। यस्तो अवस्थामा आगोमा सुकेको खोर्सानी हालेर तीन पटक बच्चाको चारैतिर पर्सिदिनु पर्छ। अतिमानवीय शक्तिको दुष्प्रभाव रोक्न बच्चाको सिरानमा फलामको चाकू राख्ने चलन छ। बच्चालाई थू-थू गरी हलुका थुकिरहनु पर्छ। नजर लाग्नुबाट जोगाउन निधारमा कालो टीका पनि लगाइन्छ। बच्चा जन्मिएको छैठो दिन 'छठिहार' हुन्छ (यसको वर्णन अन्यत्र गरिएको छ)। यसै दिन न्वारान पनि हुन्छ।

तीनवटा छोरापछि जन्मिएकी छोरीलाई 'तेतइर' भनिन्छ। यसलाई बाबु-आमाका लागि भाग्यमानी मानिन्छ। भनाइ छ 'तेतरि बेटा भीख मङाबे, तेतरि बेटी राज लगाबे।' अर्थात् तीन छोरापछिकी छोरीले राज्य दिलाउँछिन, तीन छोरी पछिको छोरोले माग्ने बनाउँछ। गर्भिणीको अनुहार गर्भावस्थामा हँसिलो, फुर्तिलो र उज्यालो रहन्छ भने छोरो जन्मिने, होइन भने छोरी जन्मिने विश्वास छ। गर्भको बच्चो दायोतिर छ भने छोरो , होइन भने छोरी जन्मिने छे।

मंसिर महिनामा मिथिलामा विवाह गरिन्न। सीताको विवाह मंसिरमा भएको थियो र उनले जीवनपर्यन्त सुख पाइन्नन्। त्यसैले के अन्धविश्वास छ भने मंसिरमा छोरीको विवाह गर्दा छोरीले सीता जस्तै दुःख पाउने छिन्। महिलाले जम्ल्याहा केरा वा कुनै अन्य फलफूल खानु हुँदैन, खायो भने जुम्ल्याहा सन्तान पाएर दुःख पाउँछे। मिथिलाका कतिपय असवर्ण जातिमा दाजु मर्दा वा हराउँदा भाउजुसित विवाह गर्ने चलन छ। अरूसित गर्दा मरेको दाजुको आत्माले आफ्नी श्रीमतीलाई दुःख दिन सक्छ।

मिथिलामा अतिमानवीय तत्त्वसित सम्बन्धित लोकविश्वासका अतिरिक्त पनि अनेक टुनामुना र लोक विश्वास प्रचलित छन्। यथा, कुकुरलाई यदि कसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हगिरहेको देख्छ भने देख्नेलाई 'आनो' (आँखाको रोग) हुन्छ, तर देख्नासाथ जिभ्रो ओठबाहिर निकालेर 'लोलोलोलो' ध्वनि विशेष प्रकारले निकाल्यो भने आनो हुँदैन। कम्मर वा ढाँडमा 'चोरा' ले समात्दा (दुख्ता) उल्टो जन्मिएको मान्छेले बिहान बेलुका मुसारिदियो भने निको हुन्छ। केटी वा आइमाइले मुतेर कुनै लोग्नेमानिसलाई कुनै निहुँमा पिलाइदिई भने त्यो लोग्नेमानिस उसको हातको च्याम्पटी हुन्छ। कसैको टुपी काटेर आफ्नो आँगनमा वा करेसोमा गाड्दिनुस, त्यो मान्छे पटक - पटक तपाईको घर आइरहन्छ। झमझम पानी परेको परै छ भने कुनै गोरो मान्छे चिप्लिएपछि दिन उघ्रिन्छ। आँखामा फुली रोग भयो भने घैला राख्ने ठाउँमा घैलामुनि दिनहुँ नुनका डल्ला छोप्ने गर्नुस्, फुली त दुई चार दिनमै च्वाट्ट। जसरी-जसरी नून गल्दै जान्छ, त्यसरी -त्यसरी फुली गल्दै जान्छ। साँझमा एक्लो तारा देखापर्नु, उल्कापात देखिनु अनिष्टको सङ्केत हो। उल्कापात देखियो भने तुरुन्त एकै साँसमा पाँचवटा फल र पाँचवटा बाहुनको नाउँ लिनुपर्छ अनिष्टनिवारण हुन्छ। पानीले भरिएको लोटा हातबाट चिप्लिएर झऱ्यो भने पाहुना आउने सङ्केत हो। घोडाको लिंड निचोरेर बच्चालाई ख्वाउँदा ममरखा रोग निको हुन्छ। गोमन सर्पको जोडालाई संभोगरत देखियो भने गम्छाले छोपिदिनुपर्छ र पछि त्यो गम्छा घरमा ल्याएर राख्ता धनधान्य सम्पन्न होइन्छ। साउनमा मेंहदी लगाउँदा लोग्नेको आयु बढ्छ, भदौमा लगाउँदा दाजु - भाइको आयु बढ्छ। हुटिट्याउँ बोलेको सुनियो भने बेसाइत पर्छ। छेपारो बोल्दा 'ठीक-ठीक' भन्नुपर्छ, चिताएको काम पूरा हुन्छ। घडेरीमा आएर स्याल करायो भने भावी विपत्तिको सूचना हो। कसैको मृत्यु हुन सक्छ। त्यसैले त्यो घडेरी छोडेर अन्यत्र बास सर्नु पर्छ।

बोक्सा-बोक्सीबारे भएका अध्ययन

बोक्सा - बोक्सीको बारेमा हजारौं शोधग्रन्थ लेखिएको छन्। 'केही महत्त्वपूर्ण शोधकर्ता हुन् : क्लाइडकुक होन, मोनिका विल्सन, एस. एफ. नाहिल, म्याक्समारविक', ई. जी. क्रिग, इवान्स प्रिचार्ड आदि। नेपालमा प्रख्यात साहित्यकार डा. श्री मोदनाथ प्रश्रितले एउटा लघु प्रयास गर्नु भएको छ र भूत-प्रेतको यथार्थबारे उहाँको एउटा सानो पुस्तिका प्रकाशित छ। पश्चिममा सन् १८३१ - ३२ मा पी. ग्यामिट्टो नाउँ गरेको एउटा पुर्तगाली सेनाको अधिकृतद्वारा अफ्रिकाको मरावी र सेवा जनजातिको गरिएको अध्ययनलाई महत्त्वपूर्ण मानिन्छ। आफ्नो शोध-क्रममा उनले के पाए भने त्यस जनजातिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोक्सीको आरोप लागेको व्यक्तिलाई विष खुवाइन्छ र के विश्वास गरिन्छ भने यदि त्यो व्यक्ति निर्दोष हो भने छाद्छ, मर्दैन, यदि दोषी हो भने छेर्दाछेर्दै मर्छ। मात्र छेरा लाग्यो र मरेन भने पनि जीवितै जलाउने चलन थियो। मिथिलामा पनि झाँक्रीहरूले बोक्सीलाई नांगोझार पारी नचाउने, मुज्याइएको आँचलबाट आगोको लप्का उठाउने दाबी गर्छन्। बीसौं शताब्दीको आरम्भमा सर वाल्डविन स्पेन्सर र एफ. जी. गिलेले मध्य अफ्रिकाका तान्त्रिक – मांत्रिक समाजको अध्ययन गरे। त्यहाँका जादुगरहरूले छडी वा हाडको सङ्केतले मात्र पनि टाढा रहेका शत्रुलाई मृत्युको घाटसम्म पुऱ्याउने दाबी गर्दथे। लोकमा पनि यो विश्वास बलियो थियो। ल्वायड वार्नरले सन् १९३७ तिर उत्तरी अस्ट्रेलियाको मुर्नजिन जनजातिको अध्ययन गरे, जहाँ जादु-टुनाले मान्छे मार्ने दाबी गरिन्थ्यो। 'रियो फरचुन' (१९३२ ई.) भन्ने पुस्तकमा पनि प्रशान्त सागरको टेवारी द्वीपमा बस्ने डोबी जातिका बोक्सीहरूका अध्ययन-नतिजा प्रकाशित छ। त्यहाँका धामी-झाँक्रीहरूले पानीमा रोगीको छायाँ देखेर तिनको रोगका कारण पत्ता लगाउँथे र रोगीको मध्यमा औंलालाई मोडेर कष्टको निवारण गर्थे। सन् १९४६ ई. मा क्लाइड कुकले हान्स नबाजे जनजातिका बोक्साबोक्सीहरूको अध्ययन गरे। जे. डी. र ई. जी. क्रिगले दक्षिण अफ्रिकाको लोबेड जनजातिको अध्ययन गरे। मोनिको विल्सन र एस. एस. नडिलले भिन्न-भिन्न सामाजिक संस्थापनाका पृष्ठभूमिमा व्याप्त बोक्सा-बोक्सी सम्बन्धी भिन्न – भिन्न धारणाको तुलनात्मक अध्ययन गरे। यसै गरी क्लाइड मिचोले सन १९५६-५७ मा याओ, विक्टर र न्डेम्बु (Ndembu) जनजातिका बोक्सी तथा तन्त्रमन्त्रसम्बन्धी विश्वासका बारेमा खोजी गरे तथा सामाजिक सम्बन्धमा आएका सङ्कटलाई बोक्सीकाण्डका लागि जिम्मेवार ठहराए। म्याक्स मारविकले जुन सेवा जनजातिको अध्ययन गरे, त्यसबाट के स्पष्ट भयो भने त्यस जनजातिमा तन्त्रमन्त्र, भूत-प्रेत, धामीझाँक्री, बोक्सा-बोक्सीमा त्यस कालमा बृद्धि भयो जुन कालमा पारस्परिक विरोधले गर्दा गाउँलेहरू आपसमा विभाजित भए, गाउँको आकार र जनसंख्या अनियन्त्रित रूपमा बृद्धि त भयो, तर आर्थिक उत्पादनका स्रोत घटे। क्लाइड मिचेल र मार्क स्वार्जको अनुभवले के देखाउँछ भने सहरीकरणको प्रक्रिया सँगसँगै तन्त्रमन्त्र र धामीझाँक्री तथा बोक्साबोक्सीमा विश्वासको कमी हुँदै जान्छ।

तन्त्रमन्त्र, बोक्साबोक्सी, टुनामुना तथा धामीझाँक्री आदिको प्रकोपका सामाजिक पृष्ठभूमि

(क) अहिलेसम्म पाश्चात्य मुलुकमा भएका अध्ययनअनुसार बोक्सा-बोक्सीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वास ती समुदायमा मात्र देखिएको छ, जसमा शिक्षा र सभ्यताको यथोचित विकास सम्भव हुन सकेको छैन जो आकारमा यति साना छन् कि व्यक्ति व्यक्तिको सम्बान्ध एउटा संजाल (Network) को रूपमा विकसित भएको छ र ती सम्बन्ध आजीवन रहने देखापर्दछ। बोक्सीमा विश्वास यस्ता समाजका महिलामा नियन्त्रणको काम गर्दोरहेछ, किनभने कुनै महिला समाजको नियन्त्रणभन्दा बाहिर भई भने तिनमाथि तुरुन्त बोक्सीको आरोप लगाउनु सजिलो हुँदोरहेछ। यस आरोपमा लाग्ने भयबाट महिलाहरू ग्रस्त देखिन्छन्।

(ख) जुन समाजमा शिक्षा तथा प्राविधिक ज्ञान र साधनको अभाव हुन्छ, अकाल मृत्यु, विफलता, कुनै आकांक्षा पूरा नहुन सक्नु आदिका कारण खोज्नु, पहिचान गर्नु र व्याख्या - विश्लेषण गर्नु सम्भव हुँदैन त्यहाँ बोक्सी, ताँत्रिक-माँत्रिक वा टुनामुनामा विश्वास गरेर मान्छेले चित्त बुझाउँछ। 'बोक्सीविद्या, धामीझाँक्री र जादुटुना' (Witch craft, oracle and magic) नाउँको पुस्तक (सन् १९३६ ई.) मा सर एडवार्ड इवान्स प्रिचार्डले के उल्लेख गरेका छन् भने अफ्रिकाको आजान्डे जातिका मानिस आफ्ना सबै दुःखका कारण बोक्सा-बोक्सी वा तांत्रिक-मांत्रिकलाई मान्दछन्। यस समाजमा कुनै व्यक्ति बेरामी हुन्छन् भने सबभन्दा पहिले धामीझाँक्री कहाँ धाउँछन्। धामीझाँक्रीले जादुटुना गर्ने अथवा बोक्सीको नामबारे जोखना हेर्छ, त्यस बोक्सीलाई झिकाइन्छ र त्यसलाई आफ्नो मन्त्रशक्तिको प्रभाव त्यस रोगीबाट झिक्ने हुकुम त्यसै धामीले दिन्छ। बोक्सी वा तान्त्रिकले त्यसको हुकुम तामेल गर्नैपर्छ र यसरी, रोगी रोगमुक्त हुन्छ।

(ग) भूत-प्रेत, तन्त्र-मन्त्र र बोक्सा-बोक्सीमा विश्वास त्यस समाजबाट उन्मूलन गर्नु गाह्रो हुन्छ, जुन समाजमा जन्मैदेखि मानिसले यिनबारे कल्पित घटनाका कथाहरू सुन्दै आएका हुन्छन्। यस्ता विश्वास पूर्वाग्रह वा संस्कारको रूपमा विकसित भएका हुन्छन्। उदाहरणका लागि, युरोपेली समाजमा के विश्वास छ भने यी बोक्सीहरू राति-राति तन्त्र-मन्त्र र टुनामुना गर्छन्, खरेटोमा बसेर हावामा उड्छन् र मन परेको ठाउँमा हावाकै गतिमा पुग्छन्। मध्यएशियामा यी बोक्सीहरू ढक्कीमा बसेर उडने विश्वास गरिन्छ र के पनि विश्वास गरिन्छ भने यी बोक्सीहरूले शत्रुकहाँ भूत-प्रेतलाई कुकुर बिराला वा न्याउरीमुसा बनाएर पठाउँछन्। मिथिलाका बोक्सीहरूले पनि रुख हाँक्छन् र रुखमै बसेर तीनै लोकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सयल गर्छन् । यहाँ पनि कालो वा सेतो बिरालोलाई बोक्सी मानिन्छ । जापानका बोक्सीहरूले उपद्रो मच्चाउन लुमडी पठाउँछन् र अफ्रिकामा हायना, उल्लू वा लङ्गुर । यी बोक्सीहरू सर्वनाश गर्न सक्छन्, मान्छेलाई घाइते तुल्याउन सक्छन् । मिथिलाका बोक्सीहरूले पनि तन्त्रमन्त्रका 'अगिनबान' (अग्निवाण) चलाएर कसैको जीउमा रातो घाउ (डाबर) बनाउन सक्छन् । जीबितै चपाइदिन सक्छन् । मन्त्रशक्तिले लासको भोज गाउँभरिका बोक्सीका लागि मसानमा आयोजित गर्न सक्छन् कुनै जब्बर बोक्सीले भन्ने अटल विश्वास अफ्रिकामा छ । मुसलमानहरूका जिन्नातले तपाईलाई औलादौला सम्पति थुपार्न सक्छन् भने भएको सम्पत्तिको सिरि खुरी समेत गर्न सक्छन् । नेपाली पहाडका किचकिन्नीहरू र मिथिलाका चुरेलहरूले एक्लो-दोक्लो लक्का जवान युवाकलाई हेर्ने नहुने, देख्यो कि संभोग गराउन फँसाइहाल्ने । मिथिलाको हरेक आँपघारी भुतहा हुन्छन् । बेल, पीपल, जामुन, पाकर जस्ता रुखमा देवी-देउता, भूत-प्रेत, अगियाबेताल, किच्चिन, बढमकिटाँस, मनुखदेवा स्याउँस्याउँती हुन्छन् । हरेक पोखरीमा 'पनडुब्बी' भन्ने प्रेतात्माको बास हुन्छ, जसले एक्लै कुनै मान्छेलाई नुहाइरहेको देख्यो कि उसको गोडा तानेर बीच पानीमा लगी डुबाइदिन्छ । कुनै पनि अशिक्षित समाजको कुनै परिवार यदि धन, मान, शिक्षा, पद कुनै क्षेत्रमा अगाडि बढ्यो भने त्यस परिवारमा आएको जुनसुकै विपत्तिको कारण पनि बोक्सीको ईर्ष्यालाई मानिन्छ, नेपालभरि ।

मुखाले आइमाइ, ब्याजखोर लोग्नेमानिस र उसकी स्वास्नी घमण्डी पुरुष वा उसकी श्रीमती अर्थात् समाजको दृष्टिमा खसेंको व्यक्तिलाई बोक्सी वा बोक्सा हुने अभियोग नेपालभरि लगाइन्छ । विधवा, निःसन्तान, असहाय, सोझी स्त्रीलाई पनि बोक्सी ठहऱ्याई परपीडा (sadism) को आनन्द लिइन्छ । मार्गरेट मुरे अनुसार, युरोपमा बोक्सीप्रथा पुरानो मूर्तिपूजाको अवशेष हो । अंग्रेज इतिहासकार एच. आर. ट्रेगर अनुसार, बोक्सा-बोक्सी तन्त्रमन्त्र र धामीझाँक्रीमा विश्वास मध्ययुगीन चर्चद्वारा फैलाइएको दैत्यजस्ता अतिमानवीय तत्त्वमा विश्वासको दुष्परिणम हो । प्रसारवादी सिद्धान्त अनुसार, टुनामुना, तन्त्रमन्त्रमा विश्वास अनेक ठाउँका अतिमानवीय तत्त्वमा विश्वासको सम्मिलित परिणाम हो ।

फ्रयाडवादी मनोविश्लेषकहरूको के धारणा छ भने अवदमित भावनाको मूतिमान प्रतिस्थापना प्रेत र बोक्सीको जन्मदायक हो । यो एक प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोरोग हो । ब्रोनिसला भ्यालिनोवस्कीले त बोक्सीपनलाई संस्थागत क्षतिपूर्ति क्रियाकलाप (instituitionalised substitute activity) भनेका छन् ।

बोक्सीपनविरूद्ध सामाजिक, धार्मिक र कानुनी विरोधको इतिहास

अहिलेसम्म प्राप्त साक्ष्य अनुसार, बोक्सीहरूविरुद्ध सर्वप्रथम प्राचीन स्पेन र गाउलमा कानुनको निर्माण भयो र चार्ल म्याग्ने र अन्य शासकहरूले बोक्सी-कर्मको निंदा गरे, यसलाई अन्धविश्वास ठहराए र यस्ता क्रियाकलापमा संलग्न व्यक्तिहरूका लागि मृत्युदण्डसम्मको कानुनी सजाँय तोके । यस सम्बन्धमा चर्चको धारणमा एकरूपता वा स्थिरताको अभाव पाइन्छ । चर्चले कहिले बोक्सी-कर्मलाई गर्हित अन्धविश्वास भन्यो त कहिले यसको प्रवल शक्तिलाई स्वीकार गर्दै यसको दमन गर्ने सुझाउ दियो । अगस्तिन र थमस एल्किनास जस्ता प्राचीन एवं मध्यकालीन चर्चहरूले बोक्सीपनमा विश्वासलाई निरूत्साहित गर्ने चेष्टा गऱ्यो । सेन्ट बोनिफेर र सेन्ट आगोबार्डद्वारा यस दिशामा गरिएका प्रयास उल्लेखनीय छन् । बाह्रौंदेखि पन्ध्रौं शताब्दीसम्म चर्चको दृष्टिकोणमा स्पष्ट परिवर्तन देखापर्दछ । बाह्रौं शताब्दीमा अरबी संस्कृतिको प्रभावले ज्ञान-क्षितिजमा नयाँ-नयाँ परिवर्तन आउँछन् । चिकित्साशास्त्र र खगोलशास्त्रमा भएको नवीन खोजीले पुराना जादुटुनाको तिलस्मी संसार हराउँदै जान्छ र नवीन विस्मयकर संसारको ढोका उघ्रिन्छ, जसमा चमत्कारसँगै वैज्ञानिकता र तार्किकता छ । सन् १४८४ ई. मा क्याथोलिक चर्चका दुई जना सदस्य - हेनरिक क्रेमर र जोहान स्प्रेंगर पोप इनोसेन्ट (viii) ले जर्मनीसित बोक्सी उन्मूलनका लागि कानुन बनाउने अधिकार प्रदान गर्न दबाब दिएको थियो । यी दुवै धार्मिक नेताले दुई वर्षपछि 'Malleus Malification' नाउँको पुस्तक लेखे, जसको प्रचार संसारभरि भयो । उनीहरूले यस ग्रन्थमा लेखे , यी बोक्सी र धामीहरू अदृश्य दुष्टात्मासित यौन-सम्बन्ध राख्तछन् । यी अदृश्य दुष्टात्मा पुरुष पनि हुन्छन् र स्त्रीलाई 'सुकुबस' (sucubus) यिनले भने । बाइबलले पनि घोषणा गऱ्यो , 'तिमीहरूले एउटी पनि जादुगर्नीलाई बाँच्न दिनु हुँदैन ।' (you shall not permit a sorceress to live)

बोक्सी - उन्मूलनको यो क्रम १९ औं शताब्दीदेखि अहिलेसम्म पटकपटक दोहोऱ्याइएको छ । तर, धर्म-निरपेक्ष युगको अगमन नभएसम्म युरोबाट बोक्सी विश्वासको उन्मूलन हुन सकेन । अंग्रेज इतिहासकार ए. डे. जे. म्याकफोरलेनको विचारमा जबसम्म सामाजिक चेतनामा रूपान्तरण हुने छैन, बोक्साबोक्सी, भूत-प्रेत र धामीझाँक्री प्रतिको अन्धविश्वास पनि उन्मूलन हुने छैन । यस निष्कर्षसम्म पुग्न उनले सन् १५६० ई. देखि १६८० ई. सम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घटेका १२०० बोक्साबोक्सी सम्बन्धी घटनाको अध्ययन गरे। सन् १६९२ ई. को 'सलेम बोक्सी मुद्दा' (Salem witch trial) को सुनवाइ भयो र सलेम क्षेत्रमा घट्ने बोक्सीकाण्डको अध्ययन गर्ने अमेरिकी इतिहासकार निष्कर्षमा पुगे, 'मनोसामाजिक परिस्थितिको परिणाम हो बोक्सीविश्वास, त्यसैले मनोसामाजिक परिस्थितिमा परिवर्तन ल्याउनु आवश्यक छ।' सलेम क्षेत्रका बोक्सीहरू उपद्रव मच्चाउन साँच्चै सफल हुन्थे , त्यसको कारण थियो, समाजमा व्याप्त बोक्सी शक्तिमा गंभीर र अखण्ड विश्वास। बोक्साबोक्सी बकबास हो भन्ने विश्वास आउनासाथ बोक्सीको जादु कपुरको धूँवा भयो भन्ने निष्कर्ष शोधकर्ता ह्यानसनको हो। बोक्सी, भूत-प्रेत, तन्त्र-मन्त्र, टुनामुना आदिमा विश्वासको मूल कारण यी शोधकर्ताहरूले मुख्यतः आठ्वटा बताएका छन्- (१) अशिक्षा (२) गरिबी (३) वैज्ञानिक र तकनिकी विकासको अभावमा दुःखको कारण ज्ञात हुन नसक्नु (४) सहरीकरणको अभाव (५) अखण्ड सामुदायिक एवं रक्त-सम्बन्धको संजालले उत्पन्न मनोभावको अवदमन (६) बदलाको भावना (७) निहित स्वार्थवश कुनै व्यक्तिद्वारा कुनै व्यक्ति बोक्सी हुने आरोपको बिस्तारै प्रचार र क्रमशः त्यसमा विश्वासको बृद्धि (८) सामाजिक घृणा र आक्रोशको परिणामले गर्दा हुने षड्यन्त्र।

मिथिलामा बोक्सीको नाउँमा नारी-उत्पीडन र तांत्रिक-मांत्रिकहरूको फस्टाउँदो ब्यवसाय

आज एक्काईसौं शताब्दीमा पनि हाम्रो समाजमा बोक्सीको नाउँमा हुने नारीहरूको हिंसा, उत्पीडन र यातनाका घटनाले आदिमयुगीन बर्बरतालाई पनि लज्जित पारेका छन्। बोक्सीको आरोप लागेका महिलाहरूलाई सामाजिक बहिष्कार गरिन्छ, अपमान र घृणा गरिन्छ, सबै आरोपितसित कुरा गर्न डराउँछन् वा हच्किन्छन्। त्यसलाई देख्नासाथ थुक्छन्, धामीझाँक्रीहरूले मरलान्तक पारी कुटपिट गर्छन् र त्यति मात्र नभई, उसलाई पछारेर गुहु समेत ख्वाउँछन्। यी सबै पीडा उसले त्यस बेलासम्म सहनु पर्छ, जुन बेलासम्म ऊ कन्दै, हुँक्कहुँक्क गर्दै साँस फेरि रहन्छे। यन्त्रणाको पराकाष्ठा त्यतिखेर देखिन्छ जतिखेर आरोप खेपेकी र लट्ठी टेकेर हिंडेकी विधवा, बेसहारा, बूढीलाई गाउँभरिका मान्छेले बर्छा भाला लिएर त्यसलाई घेर्छन् र मार्छन्, मानौं त्यो मान्छे नभएर जङ्गली बघिनी होस्। जति 'पानी' 'पानी' कराए पनि दया गरेर कसैले दुई घुड्को पानीसमेत उसलाई दिंदैन। अनेक लाचार महिलाहरू यसरी मारिएका छन्। मरिन भने पनि यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यातनाहरू त नमरुञ्जेल भोग्नै पर्ने नियति छ उसको। मरिसकेपछि पनि सन्तान-दर-सन्तानसम्मलाई बोक्सीको सन्तान भनी अपमानित गरिन्छ। यसको प्रत्यक्ष प्रभाव उनको व्यक्तित्व-विकासमा पर्छ। हीनताग्रन्थि, कुण्ठा र अवदमनले गर्दा ऊ मानव-मर्यादाबाट च्युत , एउटा पशुवत् जीवन बाँच्न बाध्य हुन्छ। त्यसैगरी तन्त्रमन्त्रको नाउँमा सोझा-साझा जनतालाई लुट्नु मानव-अधिकार-विरुद्ध हो। धामी झाँक्रीको व्यवसायलाई कठोरतापूर्वक रोकी धार्मिक शोषणको अन्त्य गर्ने दायित्व सरकार, गैरसरकारी निकाय र नागरिक समाज सबैको हो।

मिथिलामा यस दिशामा भएका यत्किंचित प्रयास :

नेपालको मिथिलाक्षेत्रमा बोक्सीको आरोप लागेका महिलालाई यातना दिने विरुद्ध केही प्रयास भएका छन्। महोत्तरी जिल्लाको सिमरदही काण्ड एउटा अन्तर्राष्ट्रिय मुद्दा बनेको थियो र मरनी देवी सञ्चार जगत्की महानायिका बनिन्। यसबाट जनचेतनामा केही बृद्धि अवश्य भयो। सिभिक्टको सहयोगमा समाज उत्थान केन्द्र, धनुषाले सं. २०५९ साल देखि नै बोक्सी विरुद्धको कानुनी सहयोगमा संलग्न रहेको छ। गोपालपुर (महोत्तरी) कै मोस्तकिया र नईमा खातुन तथा महोत्तरी जिल्ला, नैनही गा.बि. स. की सुकुमरिया देवीलाई बोक्सीको आरोपमा दिइएको यातनाको विरुद्ध जिल्ला अदालत महोत्तरीमा यसै संस्थाले मुद्दा दायर गरेको थियो। यसै संस्थाद्वारा एकडारा र सिमरदही काण्डको स्थलगत निरीक्षण गरी यस सम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको थियो। त्यसैगरी जिल्ला महिला अधिकार सरोकार समूह, धनुषाले पनि तेस्रो साझा अभियानको सबालको रूपमा बोक्सीको आरोपमा भइरहेका हिंसाका घटनाको सबाललाई उठाएको थियो। यस सरोकार समूहमा आएका निवेदनहरूमाथि छानबीन र मध्यस्थता गर्ने उद्देश्यले पाँच सदस्यीय निवेदन कार्यान्वयन समितिको गठन गरिएको थियो। यस समितिमा २०६५/५/२३ मा घोडघास गा.बि.स.का तेतरी देवी र सुट्टी देवीका निवेदनमाथि छलफल गरी स्थलगत निरीक्षणको आवश्यकता महसुस गरियो तथा २०६५/५/२७ गतेका दिन घोडघास गा.बि.स., वार्ड नं. ५ बजबा टोलमा स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार पारी प्रकाशमा ल्याइयो। बोक्सीका नाउँमा यातना दिनेलाई महोत्तरी जिल्ला समितिले दण्डसजायको प्रावधान गरेको थियो। यी सबै प्रयासहरूको परिणामस्वरूप सिरहा जिल्लाका धामीझाक्रीले एकताका रोगीहरूका उपचारका लागि 'बैठकी' नगरी, तिनलाई तुरुन्त डक्टरकहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठाउने निर्णय गरेका थिए ।

अन्धविश्वास कुनै पनि समाजका लागि गौरवको विषय हुन सक्तैन । अतएव, सबै जिम्मेवार व्यक्ति र निकायले कानुन–निर्माण एवं कार्यान्वयनद्वारा यसको रोकथाम गर्नु पर्छ ।

.....

1. If certain intrpretatio of roek painting and other archaeological evidences are accebted the history of belief in witecheraft goes back to pre-historicperiod - En eyclopaedio Britanica

.....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्टम अध्याय

प्रमुख पर्व-तिहार, चाडबाड र ब्रत

कुनै पनि महीना यस्तो हुँदैन, जसमा दुई-चार पर्व नहोस् । यो चाडपर्वकै अञ्चल हो । मिथिलाका पर्वलाई ६ वर्गमा विभक्त गरिन्छ -

१. धार्मिक चाड : नागपञ्चमी, अनन्त चतुर्दशी, अक्षयनवमी, देवोत्थान एकादशी, वकपञ्चक, माघ सप्तमी, शिवरात्री, जेठ दशहरा, निर्जला एकादशी, हरिशयनी एकादशी आदि प्रमुख छन् ।

२. हर्षोल्लाससम्बन्धी चाड : झूलन, कृष्णाष्टमी, चौठचन्द्र (गणेश चतुर्दशी), दशैं, दीपावली, गोधन, पखेब, कार्तिक पूर्णिमा, नवान्न, विवाहपञ्चमी, सतुआइन, जूडशीतल र जानकी नवमी आदिको सम्बन्ध धर्मसित भए पनि हर्षोल्लाससित बढी छ ।

३. दाम्पत्य-जीवनसम्बन्धी पर्व : दाम्पत्य जीवनको दीर्घता र सुखमयताका लागि नारीहरूले मधुश्रावणी, सोमवारी, कोजाग्रा, तुसारी, बरिसाइत आदि पर्व मनाउँदछन् ।

४. दाजु-भाइ, दिदी-बहिनीको पारस्परिक प्रेम र दीर्घायुका लागि : भातृद्वितीया र श्यामा-चकेबा प्रमुख छन् । अहिले रक्षाबन्धन (राखी) बाँध्ने चलन पनि आएको छ ।

५. परिवार कल्याणका लागि : सन्तानका दीर्घायु र मङ्गलका लागि जितिया पर्व गरिन्छ । पूरै परिवारको कल्याणका लागि 'छठ' गरिन्छ ।

६. आमा-बाबुका कल्याण वा मुक्तिका लागि : कुशी अमावस्या, पितृपक्ष, मातृनवमी, आर्द्रा प्रमुख हुन् ।

मिथिलाका केही प्रमुख चाडबाडहरू :

(१) चौठचन्द्र ब्रत :

माघ शुक्ल चतुर्थीमा गरिने यस पूजाको आरम्भ मिथिलानरेश हेमाङ्द ठाकुरद्वारा भयो । उनी ज्योतिषी थिए र यस तिथिमा उनलाई विशेष लाभ प्राप्त भएको थियो । यस पर्व सम्बन्धी एउटा कथा प्रचलित छ ।

कथा- नन्दिकेश्वर योगीन्द्रले सनत कुमारलाई भने, 'चन्द्रमाको यस कथालाई ध्यान दिएर सुन्नुहोस् । चौठचन्द्र पूजा भाद्र शुक्ल चतुर्थीको अन्त्यमा हुन्छ । आफ्नो सर्वविधि कल्याण चाहने नर-नारीले यो ब्रत गर्नु पर्दछ । जसले यो पूजा गर्दछ त्यो धनी, पुत्रवान र प्रसन्न रहन्छ ।' सनतकुमारले विनती गरे, 'प्रभु, यो कथा मर्त्यलोकमा कसरी आयो, आज्ञा होस् ।' नन्दिकेश्वरले भने, 'हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगीन्द्र, मर्यादापालक भगवान कृष्णलाई स्यान्तक मणिको चोरी गर्ने मिथ्या अपवाद लाग्दा उहाँले नारदको प्रेरणा पाएर चन्द्रमाको पूजा गर्नुभयो, जसले गर्दा अपवादबाट मुक्त हुनुभयो ।'

सनतकुमारले प्रश्न गरे, 'हे नन्दिकेश्वर; सृष्टिका नियन्ता भगवान श्रीकृष्णलाई के कसरी आरोप लागेको थियो, सुनाउनुहोस् । नन्दिकेश्वरले भने, 'पृथ्वीको भार उतार्न वासुदेव-पुत्रको रूपमा वलराम, कृष्ण, हलधर र कमलनाथको जन्म भएको थियो । कंसबधपछि कंसका ससुरा जरासंधको आक्रमणको भयले कृष्णले समुन्द्रभित्र गुप्तसेननिर्मित द्वारकाको जीर्णोद्धार गराउनुभयो । त्यहाँ छप्पन करोड यदुवंशीहरू निवास गर्दथे । त्यहाँ सोह्र हजार आठ पटरानीहरूका लागि छुट्टै महलको निर्माण गराइएको थियो । त्यहाँका राजा उग्रलाई संत्राजित र प्रसेनजित नाउँका दुई प्रसिद्ध छोरा थिए । विवेकशील संत्राजितले समुद्रको शान्त किनारमा सूर्यको तपस्या गर्न थाले । तपस्याले प्रसन्न भई भगवान सूर्य प्रकट भए र वर माग्न भने । संत्राजितले भने, 'हजुर ममाथि प्रसन्न होइबक्सन्छ भने जसरी भए पनि एउटा स्यन्तकमणि प्राप्त गर्ने वरदान पाऊँ ।' सूर्यले तत्क्षण आफ्नो गालाबाट स्यन्तकमणि निकालेर दिनुभयो र भन्नुभयो, 'यस दिव्यमणिले तिमीलाई प्रत्येक दिन आठ भारी सुन दिनेछ । त्यसैले यसलाई अत्यन्त पवित्रतापूर्वक धारण गर्नू ।' यति भनी सूर्य अन्तर्ध्यान भए । संत्राजित त्यस दिव्य मणिलाई धारण गरी चतुर्दिक उज्यालो फैलाउँदै द्वारकामा प्रवेश गरे । त्यहाँका बासिन्दालाई स्वयं साक्षात् सूर्य भगवान श्रीकृष्णसित भेट्न आउनलागेको भ्रम भयो । तर श्रीकृष्णले शंकाको निवारण गरे, 'यिनी सूर्य होइनन्, संत्राजित हुन् । यिनी सूर्यबाट स्यन्तकमणि प्राप्त गरी घर फर्किंदै छन् ।' संत्राजितलाई पनि अपठ्यारो लाग्यो, 'कतै श्रीकृष्णले यो मणि माँगिहाले भने कसरी नाइँ भन्ने;' त्यसैले उनले त्यो मणि प्रसेनजितलाई दिए र त्यसलाई सधैं पवित्रतापूर्वक धारण गर्ने अनुरोध गरे ।

एकदिन प्रसेनजित त्यो मणि लगाएर श्रीकृष्णसँग सिकार खेल्न गए । घोडामाथि चढ्नाले उनी (प्रसेन) अपवित्र भए । त्यसैले जङ्गलमा सिंहका आहार बन्न पुगे । जब सिंह त्यो रत्न लिएर रवाना भयो, बाटोमा जामवन्त भन्ने भालूले उसलाई मार्‍यो र स्यन्तकमणि खेलौनाको रूपमा खेल्न आफ्नो छोरोलाई दियो । यता सिकारले गलित भएर श्रीकृष्ण द्वारका फर्किए । धेरै दिनसम्म जब प्रसेनजितको अत्तोपत्तो पाइएन, प्रसेनजित जङ्गलमा मारिएको कुरा पुष्ट भयो । द्वारकामा गाइँगुइँ चल्न थाल्यो, 'श्रीकृष्णले भित्र प्रसेनजितको हत्या गरे । त्यो पनि, स्यन्तक मणिको लोभमा ।' यस मिथ्या कलङ्कबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आहत भएर कृष्ण अनेकौं पुरबासीलाई साथ लिएर त्यसै जङ्गलमा गए। त्यहाँ प्रसेनजित र सिंह दुवैलाई मरेको पाए। अब कृष्णलाई छर्लङ्ग भयो, प्रसेनलाई पक्कै पनि सिंहले मार्‍यो र सिंहलाई जामवन्तले। अब उनी भालूका ओडार-ओडार चहार्न थाले। एउटा ओडारभित्र सयौं योजनअगाडि गएपछि उनले एउटा दिव्य महलमा जामवन्तका पुत्र सुकुमारले खेल्ने एउटा पिङमा झुण्ड्याएइको स्यन्तक मणिलाई देखे। एउटी धाइआमा सुकुमारलाई फकाउँदै थिइन्, 'सुकुमार बाबु, सिंहले प्रसेनजितलाई मार्‍यो र सिंहलाई हजुरका पिताले। अब न रुनुहोस्, यो स्यन्तक मणि हजुरकै हो।' त्यसै बेला कृष्णले एउटी सुन्दरी कन्याले जाम्बन्तलाई पिङ खेलाएको पनि देखे। जामवन्तीले पनि कृष्णलाई देखिहालिन्। उनी कामपीडिता भइन्। उनले कृष्णलाई भनिन्, 'अहिले मेरा पिता सुतेका छन्। तपाईं अहिल्यै मणि लिएर भाग्नुहोस्।' यो कुरा सुनेपछि प्रतापी वीर श्रीकृष्णले शंख फुके। शंखको ध्वनि सुनेर जाम्बन्तका आँखा खुले। उनीहरूको बीचमा भयानक युद्ध भयो। उता सात दिनसम्म भीषण युद्ध चलेको बेला द्वारकाबासीले श्रीकृष्ण पनि मारिएको ठाने र उनको प्रेतक्रिया समेत सम्पन्न गरे। श्रीकृष्णलाई साक्षात् परमेश्वर ठानी आफ्नी छोरी जाम्बतीसँग विवाह गर्न प्रार्थना गरे।

स्यन्तक मणि र जाम्बतीलाई लिएर श्रीकृष्ण द्वारका फर्किए। एउटा सभा बोलाए र नगरबासीलाई सम्पूर्ण वृतान्त सुनाए। उनले संत्राजितलाई त्यो मणि हस्तान्तरित गरे।

कृष्ण र वलराम कुनै बेला कतै गएका थिए। मौका हेरी पापी शतधन्वाले संत्राजितको हत्या गरे र त्यो मणि हात पारे। सत्यभामाले यो कुरा श्रीकृष्णलाई सुनाइन्। श्रीकृष्णले आफ्ना दाजु वलरामलाई भने, 'दाजु शतधन्वाले संत्राजितको हत्या गरी स्यन्तक मणि लिएर भागेछ, मलाई जसरी पनि त्यो मणि चाहिन्छ। उता शतधन्वाले त्यो मणि श्रीकृष्णको भयले अक्रूर नाउँ गरेका एउटा यादवलाई दिएर आफू घोडीमा सबार भई दक्षिण दिशातिर भाग्यो। सय योजन गएपछि घोडी मरी। त्यसपछि त्यो पैदलै भाग्न थाल्यो। श्रीष्णले पनि रथ छाडी पैदलै उसलाई लखेटे र उसको हत्या गरे, तर स्यन्तक मणि भेट्टिएन। वलरामलाई यो कुरा भन्दा उनले कृष्णमाथि विश्वास गरेनन्। र भने, 'भाइ, तिमी सधैंका कपटी र पापी हौ। तिमीलाई साथ दिने मैलाई धिक्कार छ।' यति भनेर वलराम रिसले मुर्मुरिदै विदर्भ देशतिर लागे। यता कृष्ण पनि रथमा सबार भई द्वारका घुमेर आए। द्वारकामा फेरि घुइरो-घुइरो कुरो चल्दै थियो, 'कृष्णको नीयत ठीक छैन। स्यन्तक मणिको लोभमा आफ्नै दाजुलाई कन्नि कता, लखेटेर पठाइदिएछन्।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर, स्यन्तक मणि लिएर त अक्रूर काशी पुगेका थिए र त्यो धारण गरी नित्य काशी विश्वनाथको पूजा गर्दथे ।

त्यसैबेला भगवान नारद श्रीकृष्णसमक्ष उपस्थित भएर उनी दुःखी देखिने कारण सोधे । श्रीकृष्णले आफ्नो व्यथाकथा सुनाए तथा आफ्नो उद्धारको बाटो सोधे । नारदले भने, 'हजुरबाट भाद्र शुक्ल चतुर्थीमा चन्द्रमालाई नजर गरिबक्सन्छ, त्यसैले कलङ्क लागेको छ ।' भगवान श्रीकृष्णले यस चतुर्थी तिथिमा चन्द्रमाको दर्शनले हुने दोषबारे विस्तृत जानकारीदिने अनुरोध गरे ।

नारदले भने, 'रूपगर्विता चन्द्रमालई गणपतिको श्राप छ, यस चतुर्थी तिथिमा जसले उनको दर्शन गर्नेछ, त्यसलाई मिथ्या अवगाल आउने छ ।'

कृष्णले सोध्नुभयो, 'गणपतिले किन यस्तो श्राप दिनुभयो ?'

नारदजीले भन्न थाल्नु भयो, 'प्राचीनकालमा ब्रह्मा, विष्णु, महेशले सृष्टिको कल्याणका लागि भगवान गणेशको अष्टसिद्धि पूजा गरेका थिए र रत्नादि चढाएर उनको स्तुति गरेका थिए । ब्रह्माले भने, 'हजुरकै कृपाले विष्णु पृथ्वीका पालन गर्न सक्षम छन् । अतएव, हे विद्याका अधिष्ठाता देवता; हजुरबाट हामीलाई वरदान प्राप्त होस् ।' गणेशजीले सबै देवतालाई आ-आफ्ना मनोनुकूल वरदान माग्ने आज्ञा भयो । ब्रह्माले मागे, 'मैले गरेको सृष्टि निर्विघ्न होस् ।' यसै गरी सबैले आ-आफ्नो दायित्वको निर्विघ्न निर्वाहको वरदान मागे । गणेशले सबैलाई 'एवमस्तु;' भनी प्रसन्न गरे तथा हातमा लड्डू लिई आकाशमार्गबाट कैलाशतिर लागे । दुर्भाग्वश, बाटोमा चन्द्रमाले उनको अनौठो बक्रतुण्ड र गजमुख रूप देखिन् । उनलाई हाँसो उठ्न थाल्यो । श्रीगणेश क्रुद्ध भए र शाप दिए, 'तिमीलाई आफ्नो रूप-सौन्दर्यको धेरै घमण्ड छ, यसको फल तिमीले पाउनेछ्यौ । आजको तिथिमा कसैले तिम्रो रूप देख्यो भने त्यसलाई मिथ्या कलङ्क लाग्ने छ ।' यो सुनेर चन्द्रमा स्तब्ध भइन् । अत्यन्त शोकाकुल अनुहार लिई उनी जलमा प्रवेश गरिन् । कुमुदिनी पुष्पले घर निर्माण गरी बस्न थालिन् । उनको यो कष्ट देखी देवता, ऋषि, गन्धर्व सबै दुःखी भएर इन्द्रको नेतृत्वमा ब्रह्मानेर पुगे । ब्रह्माले विचार गरी भने, 'चन्द्रमा गणेशबाट अभिशप्त भएकी छिन् । त्यसैले तपाईहरू सबै गणेशकै शरणमा जानुहोस् । त्यसपछि ब्रह्माले सबै देवतालाई आजकै तिथिमा अनेक पूजा-सामग्री, पक्वान्न, लड्डू र फलफूलले गणेशको पूजा गर्ने आदेश दिए । देवताहरूको अनुरोधमा ब्रह्माले पूजाको विधिविधान बताए, जुन अहिले मिथिलामा प्रचलित छ ।

चन्द्रमाले पनि ब्रह्माले सिकाएको विधिविधानअनुसार नै गणेशको पूजा गरिन् । सन्तुष्ट भई गणेश प्रकट भए र वर माग्ने आदेश दिए । चन्द्रमाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाप र शापबाट मुक्तहुने वरदान मागिन् । गणेशले पाप र शापबाट मुक्त गर्दै भने, 'भाद्र शुक्ल चतुर्थीका दिन विधिपूर्वक गणेश पूजा गरी जसले हातमा फलफूल लिएर तिम्रो दर्शन गर्ने छ, त्यसलाई कलङ्क लाग्ने छैन र त्यसले मनवांछित फल पनि प्राप्त गर्ने छ ।' यति भनी भगवान गणेश अन्तर्ध्यान भए ।

(२) गोधन :

गोधन कार्तिक शुक्ल प्रतिपदाको दिन हुन्छ । इन्द्रका विरुद्ध स्वयं श्रीकृष्णले गोबर्द्धन पूजाको सूत्रपात गरेका थिए । यस दिन एकबिहानै मिथिलाका स्त्रीहरू गोठमा गई गोबरले मानिसको आकृति बनाई फूल, पिठार (अरबा चामल पानीमा ढड्याई त्यसलाई पिसेर बनाइएको लेदो), दूबो धान, र सिन्दूरले त्यसको पूजा गर्छन् । केही जातका महिलाहरूले त्यस आकृतिको पूजा गर्नु साटो मूसल लिएर त्यसलाई कुट्छन् पनि, जसलाई 'गोधन कुटुनु' भनिन्छ ।

(३) पखेबा :

कार्तिक शुक्ल तृतीयाको दिन पखेबा हुन्छ । यस दिन मिथिलाका कृषकहरूले गाई-वस्तुका शरीर रङ्गाउँछन् , सिङ्गमा तेलको मालिस गर्छन, गलामा नयाँ र रङ-विरङ्गी दाम्ला लगाउँछन्, गलामै कौडाको हार पहिराउँछन् र थरी-थरीले सजाउँछन् । गोठालाहरूलाई पनि यस दिन नयाँ लुगा, स्वादिष्ट भोजन, द्रव्य आदि दिने चलन छ । यसै दिन भैंसी र सुँगुरको बच्चा जुधाएर मनोरञ्जन गरिन्छ, जसलाई 'हुर्रा खेल्नु' भनिन्छ ।

(४) नवान्न (लबान) :

यो सामान्यतया मंसिर महीनामा नयाँ अन्न भित्र्याउने बेलामा मनाइन्छ । धान पाकेपछि गृहस्थ अलिकति धान काटेर ल्याउँछन् र त्यसको च्यूरा कुट्छन् । आफैंले खानुभन्दा पहिला त्यस च्यूरालाई भगवान विष्णुलाई चढाउँछन् । बीच कोठामा आगो बालिएको हुन्छ । परिवारको प्रत्येक सदस्यले आगोलाई अलि-अलि दूध, च्यूरा, गुँड आदि समर्पित गरेपछि शेष रहेको दूध, च्यूरा, गुँड मिलाएर बाँडेर प्रसादस्वरूप ग्रहण गर्दछन् । यस दिन ब्राह्मण भोजन गराउने पनि चलन छ । धेरै ठाउँमा यस दिन ग्रँम्य देवता 'डिहबार' को पूजा गर्ने पनि चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) जूडशीतल :

विक्रम संवत्को नयाँ वर्ष आरम्भ हुँदा चैत्र मसान्तको एक दिनपछि अर्थात् वैशाखको पहिलो दिन धुलो-हिलोले यो खेल (पर्व) हुन्छ। फागुनमा जसरी रङ-अबिरले खेल्छन, त्यसैगरी हिलो-धुलोले यो खेल खेलिन्छ। त्यसैले यस पर्वलाई 'धुरखेल' पनि भनिन्छ। यस दिन अन्य भोज्य पदार्थसँगै बासी भात र 'बडी' अनिवार्य रूपले खाइन्छ र फागुनमा रङ-अबीर छ्यापे जस्तै एक-अर्कालाई हिलो-धुलो, खरानी, गोबर, फोहर पानी आदि छ्याप्छन्। दुई-चार घण्टाको हिलो छ्यापछ्याप्ती हिलोपानीमा डुबेर शिवका गणझैं हँस्यौलो आकृति लिएका मानिसहरू एक ठाउँमा जम्मा हुन्छन् र गाउँको परिक्रमा गर्छन्। दिउँसो स्नान भोजन गरिसकेपछि यिनीहरू शिकारका लागि निस्किन्छिन् र स्याल, ब्वाँसो आदिको शिकार गर्छन्।

(६) कोजाग्रा :

यो पर्व आश्विन शुक्ल पूर्णिमाको दिन मनाइन्छ। यस दिन विहानै घर-आँगन गोबर-माटोले लिपिन्छ र ढोकादेखि भगवती (इष्टदेवी) को गहवरसम्म 'अरिपन' दिइन्छ। त्यसपछि लोहोटामा चोखो जल लिई त्यसमा आँपको पल्लव हालिन्छ र तामाको ट्वाकमा चाँदीको रूपैयाँ हाली एक ठाउँमा राखिन्छ, अनि लक्ष्मीपूजा गरिन्छ। अङ्कुरित चना, पान, मखान, केरा, मिश्री तथा नरिवलको भाग लगाइन्छ, बाँडिन्छ।

कोजागराको अवसरमा नवविवाहित वरको ससुरालीबाट नयाँ पोशाक दही, माछा, मखान, पान आदिको कोसेली आउँछ। साँझमा छर-छिमेकमा निमन्त्रण दिइन्छ र मध्यरातमा वरको 'चुमाओन' गरिन्छ। अष्टदल अरिपन दिइएको हुन्छ, त्यसमाथि डाला (वर्गाकार ठूलो ढक्की) हालेर सामुन्ने 'पुर हर-पातिल' र कलशको अरिपन दिएर त्यसमाथि धान राखेर कलशमा आँपको पल्लव राखिन्छ र पातिल (माटोको भाडो) मा सर्स्यूको तेलको टुकी बालिरहन्छ। एउटा पिर्कामा पनि अरिपन दिइएको हुन्छ, जुन अष्टदलको पश्चिममा राखिन्छ। 'चुमाओन' को डाला (ढक्की) मा मखान, पाँचवटा नरिवल, पाँच हत्था केरा, दहीको कहतारो, पानको ढोली, सिङ्गो सुपारी, मखानको माला, घुनेश, सुपाडीको कृत्रिम रुख, जनैको रुख, सुकमेल, अलँची, चाँदीको कौडा, पचीसी (पासा जस्तो खेल सामग्री), शतरन्जा आदि रहन्छन्। पान, धान र दूबो लिएर वरको अभिषेक गरिन्छ तथा दहीले चुमाओन हुन्छ। पुरहर पातिलको टुकीको रापले सेकिन्छ, कजरौटाको (गाजल पार्ने फलामे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्रीमा) गाजल लिई आँखामा लगाइन्छ। पाँच पटकअभिषेक गरिन्छ। ससुरालीबाट आएको नयाँ बस्त्र धारण गराएर वरलाई ससुरालीबाट आएको नयाँ पिर्कामा पूर्वतिर मुख हुने गरी बसाइन्छ, त्यसपछि 'चुमाओन' गरिन्छ। चुमाओनपछि कम्तिमा पाँचजना विवाहित श्रेष्ठजनहरूले दूर्वाक्षत दिन्छन्। त्यसपछि वरले सबै श्रेष्ठ जनलाई ढोग्छन्। सबैलाई भोजन गराइन्छ वा पान मखान, मिष्ठान्न दिइन्छ। सबै आ-आफ्ना घर फर्किन्छन्। पहिले पट्याँसको 'उक्कालोली' हातमा नचाइन्थ्यो र के विश्वास गरिन्थ्यो भने यो उज्यालो हेरी पितृलोकबाट पितृहरू धर्तीमा ओर्लिन्छन्।

(७) कुशी अमावस्या : भाद्रपद अमावस्यको दिनलाई कुशी अमावस्या भनिन्छ, किनेभने वर्षभरि हुने धार्मिक अनुष्ठानका लागि जहाँतहाँबाट कुश उखेलेर घरमा सञ्चित गरिन्छ। आसन बनाउन, भगवानको पूजा-अर्चना गर्न, श्राद्ध, बरखी वा तर्पण गर्न यी कुशको प्रयोजन हुन्छ।

(८) आर्द्रा : आर्द्रा नक्षत्रमा पितालाई पिण्ड दिने, पायस (खीर) र आँप लिएर ब्राह्मण भोजन गराउने इष्टदेवी भगवतीलाई खीर, आँप चढाउँने चलन छ। भगवतीलाई आजको दिन जुन खीर, फलफूल (खासगरी आँप) चढाइन्छ, त्यसलाई 'पातरि' (उच्चारण 'पातइर' भनिन्छ। खीर र आँप को प्रसाद घरभरिका व्यक्तिले ग्रहण गरी तृप्त हुन्छन्।

(९) गबहा-संक्रान्ति : कार्तिक महिनाको तुला राशिको संक्रान्तिमा मनाइने यस पर्वमा सूर्योदय भन्दापूर्व घरको इष्ट देवदेवी घरमा हुने विश्वास गरिन्छ। त्यसैले 'चिनवार' (गोसाउनी घरमा माटो हाली बनाइएको अग्लो स्थल, जहाँ मुख्य रूपमा गोसाउनीको 'पातरि' (प्रसाद) का लागि खीर आदि व्यञ्जन पकाइन्छ) देखि त्यो कोठाको बार्दलीसम्म कोजाग्रा दिनको जस्तै अरिपन दिइन्छ। अरिपनको पुछारमा अष्टदल आरिपन दिइन्छ, जसमाथि पिर्का हुन्छ र त्यसमाथि पनि सिन्दूर-पिठार लागेको 'तामा' (काठको चामल नाप्ने ट्वाक) राखिन्छ। पिर्काको चारै कुनामा घ्यूको दीप बलिरहन्छ। 'तामा' (ट्वाक) मा एउटा चाँदीको रूपैयाको ढक, दूबो, धान वा गम्हरी, डाँठसहितको पान, सिङ्गो सुपारी रहन्छन्। तीनपटक हातमा जल लिएर मन्त्र जस्तै पढिन्छ : दारिद्रय बाहिर जाऊ"।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संक्रान्ति दिन सूर्योदयपछि आँगनमा तीनवटा औंलाले पाँचवटा बाटुला आकारका अरिपन दिएर त्यसमा सिन्दूर लगाइन्छ। त्यसपछि कुमारी कन्याले नव वस्त्र लगाई पूर्वतिर फर्किई, पाँच-पाँचवटा गुँइठा (चिप्री) बनाउँछिन्। त्यसमा सिन्दूर, पिठार लगाउँछिन्। त्यसमाथि कुभिण्डोको फूल वा सयपत्री फूल टाँसिन्छन्। त्यसपछि उनी गौरी पूजा गर्छिन् र बिसर्जन गर्छिन्। यस गुँइठा (बाटुलो आकारको गुँइठा, जसलाई चिप्री भनिन्छ) ले नवान्नको दिन आगो बालिन्छ।

(१०) दियाबाती (दीपावली) : कार्तिक अमावस्याको रातिमा मनाइने यस पर्वमा कोजाग्रा दिन जस्तै चिनवारदेखि बार्दलीसम्म अरिपन दिइन्छ र अरिपनको पुछारमा अष्टदल अरिपन दिइन्छ। त्यसमाथि पिर्का राखिन्छ। सन्ध्याकाल घरलाई दीपलामाले सजाइन्छ र आबाल युवा बृद्धले सन्ठी र खरको 'ऊक' बाली हातमा 'उक्कालोली' लिएर फनफती घुमाउँछन्। घरमा दिइएको अरिपनमाथि पिर्का हालिएको हुन्छ र त्यसमाथि तामा (काठको टवाक) राखिएको हुन्छ। पिर्काको चारै कुनामा दीप बलेको हुन्छ। तामा (चामल नाप्ने काठको ट्वाक) मा सुन, चाँदी, द्रव्य र अन्न हुन्छ। रात्रिको अन्तिम प्रहरमा घरकी मुख्य महिलाले यो भनेर लक्ष्मीलाई घरमा आह्वान गर्छिन् -"अन्न धन लक्ष्मी घर अउन्, दारिद्रय बाहिर जाओस्"। उनी नाँङ्लो ठटाउँदै यो माथिल्लो मन्त्र पढ्दै घर मित्रबाहिर गरिरहन्छिन्।

यी पर्वका अतिरिक्त मिथिलाका नारीहरू साँझ, गौरी तथा हरिसोंको पूजन गर्छन्, 'सप्ता-विपताको डोरा' बाँध्छन्। आइतबारे अलिनो खाने ब्रत राख्छन्, सोमबारे, मङ्गल, बृहस्पतिबारे ब्रत गर्छन चन्द्रायण ब्रत राख्छन्, 'हरिबासल' गर्छन्, कार्तिक-माघमा प्रातः स्नान गरी 'गोसाइनाम' सुन्छन्। लगपाँचे (नागपञ्चमी) करमाधरा, राधाष्टमी, 'दोआतिपूजा' (चित्रगुप्त पूजा) आदि पनि मिथिलाका महत्त्वपूर्ण पर्व हुन्।

मुसलमानहरूले शबेबरात, रमजान, ईद-उल-फित्र, मुहर्रम आदि पर्व मनाउँछन् भन्ने विश्वास छ। ईद सबै दुर्गुणबाट मुक्त हुने पवित्र महीना हो। शबेबरातमा हलुआ र ईदमा पकाइने सेबइको अनौठो स्वाद हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथिलाका प्रमुख चाडबाडको सूची

१	श्रावण महात्म	–	श्रावण
२	अशून्यशयन ब्रत	–	श्रावण कृष्ण द्वितीयादेखि
३	मौनापञ्चमी र नागपञ्चमी	–	श्रावणकृष्ण पञ्चमी
४	श्रावण सोमवारी	–	श्रावणको प्रत्येक सोम
५	मधुश्रावणी ब्रत	–	श्रावण कृष्ण पञ्चमीदेखि आरम्भ
६	राखी	–	श्रावण पूर्णिमा
७	बहुला पूजा	–	भाद्रकृष्ण चतुर्थी
८	कृष्णाष्टमी ब्रत	–	भाद्रकृष्ण अष्टमी
९	कुशी अमावस्था	–	भाद्र अमावस्था
१०	हरितालिका ब्रतकथा	–	भाद्र शुक्ल तृतीया
११	चौठचन्द्र ब्रत	–	भाद्र शुक्ल चतुर्थी
१२	अनन्त पूजा	–	भाद्र शुक्ल चतुर्दशी
१३	पितृपक्ष र मातृनवमी	–	आश्विन कृणअष्टमी
१४	जिमूतवाहन ब्रत (जितिया)	–	आश्विन शुक्ल परेवादेखि
१५	शारदीय नवरात्रा	–	आश्विन शुक्ल पूर्णिमा
१६	कोजागरा	–	कार्तिक तुला संक्रान्ति
१७	गवहा संक्रान्ति	–	कार्तिक तुला संक्रान्ति
१८	दियावाती	–	कार्तिक अमावश्या
१९	गोवर्धन पूजा	–	कार्तिक शुक्ल परेवा
२०	भातृद्वितीया	–	कार्तिक शुक्ल द्वितीया
२१	चित्रगुप्त पूजा	–	कार्तिक शुक्ल द्वितीया
२२	छठ ब्रत	–	कार्तिक शुक्ल षष्ठी
२३	अक्षय नवमी	–	कार्तिक शुक्ल नवमी
२४	देवोत्थान एकादशी	–	कार्तिक शुक्ल एकादशी
२५	सामाचकेवा	–	कार्तिक पूर्णिमा देखि
२६	कार्तिक कृत्य	–	कार्तिक मासभरि
२७	हरिसो	–	कार्तिक शुक्ल परेवादेखि
२८	रवि (आइतवार) ब्रत	–	अग्रहण (मंसिर) शुक्ल आइतबार
२९	मकर संक्रान्ति (तीला संक्रान्ति)	–	माघ मकर संक्रान्ति
३०	पृथ्वी पूजा	–	मकर संक्रान्ति
३१	तुसारी	–	मकर संक्रान्तिदेखि
३२	साँझ	–	मकर संक्रान्तिदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३३	नरक निवारण चतुर्दशी	–	माघ कृष्ण चतुर्दशी
३४	वसन्त पन्चमी (सरस्वती पूजा)	–	माघ शुक्ल पञ्चमी
३५	माघ सप्तमी	–	माघ शुक्ल सप्तमी
३६	शिवरात्रि ब्रत	–	फाल्गुण कृष्ण चतुर्दशी
३७	होली (फागु)	–	फाल्गुण पूर्णिमा
३८	सपता विपताको कथा	–	चैत्र शुक्ल नवमी
३९	रामनवमी	–	चैत्र शुक्ल नवमी
४०	जूडशीतल	–	मेष संक्रान्ति
४१	अक्षय तृतीया	–	वैशाख शुल्क तृतीया
४२	बटसावित्री ब्रतकथा	–	जेष्ठ कृष्ण अमावश्या
४३	सोमावती सोमबारी	–	बाह्रै महिनाको अमावश्या सोम
४४	गङ्गा दशहरा	–	जेष्ठ शुक्ल दशमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तम अध्याय

मैथिली संस्कार र लोकगीत

(क) जन्मदेखि मृत्युसम्मका केही प्रमुख संस्कार :

मिथिलामा सम्पन्न हुने प्राय : सबै संस्कार पुरोहितको सम्मति/निर्देशनमा सम्पादित हुन्छन्। तर अन्य सबै जातिको समावेशात्मकता यस संस्कृतिको वैशिष्ट्य हो। छठिहार, मुण्डन, चूडाकरण, विवाहमा हजामको भूमिका प्रमुख रहे पनि धोबी, माली, डोम आदि दलित - जनजातिका भूमिका पनि अनिवार्य रूपले निर्धारित छन्। गीत-सङ्गीत चाड-पर्व तथा सांस्कृतिक विधि-विधानका अंग नै छन्। भोज भतेरको पनि भव्य प्रावधान छ।

जन्म :

सुत्केरी हुन लाग्दा गर्भिणीलाई एउटा छुट्टै छुट्याइएको सुत्केरी कोठामा लगिन्छ। सुँडिनीको सहयोगमा प्रसव हुन्छ, सुँडिनीले नै साल-नाल काट्छिन् र सुत्केरी तथा नवजात शिशुको सबै स्याहार गर्छिन्। यस बापत उनलाई इनाम (बक्सिस) दिने चलन छ। शिशुलाई साथ दूध चुसाउने चलन छैन। आमाको दूध नहुने अवस्थामा बाख्राको दूध खुवाइन्छ। शिशुको सिरानमा फलामको चक्कू वा सरौता राखिन्छ र यसले बोक्सी, भूत, प्रेत, अदृश्य शक्तिले गर्ने अनिष्टबाट रक्षा गर्छ। शिशु र आमालाई छ दिनसम 'सोइरी घर' (सुत्केरी कोठा) मै राखिन्छ। छैठौं दिनलाई छठिहार भनिन्छ। सुत्केरीलाई सुँडिनीले महीनौं मालिस गर्छन्। यस सम्बन्धमा थप जानकारी लोक गीत प्रकरणमा दिइएको छ।

छैठी (छठिहार) :

शिसु जन्मको छैठौं दिन सुत्केरी (बच्चा दुवैलाई घरबाहिर निकालिन्छ र सुत्केरी कोठालाई सफासँग राम्ररी लिपपोत गरिन्छ। हजामिनीले सुत्केरीको नङ काट्छिन्। नुहाई-धोई गरी उनले नयाँ पहेंलो वस्त्र, सिन्दूर, चूरा आदि लगाउँछिन्। बच्चालाई पनि नयाँ पहेंलो वस्त्र लगाइन्छ। नाता-कुटुम्ब र गाउँटोलका महिलाहरू जम्मा भई गीत गाएर हर्कबढाई गर्दछन्। बेलुका छैठी (छठिहार) पूजा गर्न एउटा पिर्कामा गाईको गोबरको मूर्ति बनाइन्छ, जसलाई मार्कण्डेय भनिन्छ। मार्कण्डेय मूर्तिको हातमा बाँसको कलम र अगाडिको पिर्कामाथि रातो मसी तथा ताडपत्र राखिन्छ। मार्कण्डेय नजिक आँगनमा पहेंलो वस्त्रमा बेरेर बच्चालाई त्यहाँ बालिएको दीप नहेर्ने गरी राखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजै बच्चाको न्वारान गरिन्छ। बच्चालाई मार्कण्डेयनेर राख्ने तात्पर्य के छ भने ब्रह्माले मार्कण्डेयकै कलमले उसको भाग्य लेख्ने छन्। छैठी पूजाको बेला त्यहाँ उपस्थित महिलाहरूले मङ्गलगीत गाउँछन्। पूजा समाप्त भएपछि भात, दाल, विभिन्न परिकारका तरकारी , पकौडा (तरुआ), पापड, माछा र दहीको भोज गरिन्छ। भोजमा माछा हुनै पर्छ। 'भदबा' वा शनिवार परेमा अर्को दिन मात्रै सुत्केरी र शिशुलाई बाहिर निकालिन्छ।

मुण्डन-संस्कार :

मुण्डनमा बटुक (बरूआ) को कपाल कैंचीले काटिन्छ। मुण्डन सामान्यतया बटुकको पहिलो, तेस्रो अथवा पाँचौं वर्षमा गर्ने चलन छ। मिथिलामा मुण्डन पनि दुई किसिमका हुन्छन् - जगमुण्डन र गनोरा मुण्डन। जगमुण्डन झ्याँइझ्याँइ बाजा बजाएर, सबैलाई सूचना दिएर गरिन्छ। गनोरा मुण्डनमा चूपचाप ज्योतिषीसित शुभ दिन सोधेर बटुकको कपाल कटाइन्छ र आफ्नो घरमा स्थापित भगवतीलाई खीर चढाइन्छ जसलाई 'पातरि (पातइर) दिनु भनिन्छ। जगमुण्डनको आरम्भ 'उदोग' देखि हुन्छ। ज्योतिषीबाट निश्चित गरिएको उद्योगको शुभ दिनमा 'बरूआ' (बटुक) को शरीरबाट सबै गहना निकालिन्छ। यस दिनदेखि मुण्डनसम्म बरूआलाई बडो पवित्रता र संयमपूर्वक राखिन्छ। यसदिन टोल-छिमेकका पुरुषनारीहरूलाई आमन्त्रित गरिन्छ। पुरुषहरूलाई पान-सुपारी तथा महिलाहरूलाई तेल-सिन्दूर वितरण गरिन्छ। 'उदोग' को दिनदेखि मुण्डनको प्रत्येक दिन सन्ध्याकाल स्त्री एवं कन्याहरू आँगनमा वा ओसोरामा (बर्दलीमा) बसेर साँझ, गोसाउनी र पितृका गीत गाउँछन्। मुण्डनको पहिलो दिन पहिले कुलदेवता कुलदेवीको पूजा हुन्छ, फेरि 'ब्रह्म' (बढमबाबा वा डिहबार) को। अन्त्यमा बटुकको कपाल काटिन्छ। त्यो कपाललाई कुनै बूढी हजुरआमा, आमा, दिदी, फुपू वा काकीले आफ्नो आँचलमा कमल (पुरइन) को पात, दुबो, धान हालेर समाल्छिन् र शुभ मुहूर्तमा जलमा विसर्जित गरिदिन्छिन् अथवा कुनै बाँसको झ्याङमा हालिदिन्छन्। कपाल काटिएपछि 'बरूआ' (बटुक) लाई स्नान गराइन्छ, त्यसपछि नयाँ वस्त्र र आभूषणले शृङ्गार गरी त्यसको 'चुमाओन' गरिन्छ। त्यसपछि बरूआ (बटुक) ले भगवतीलाई प्रणम गर्दछ र आफूभन्दा ठूलो मान्छेलाई ढोगेर आशीर्वाद लिन्छ।

मुण्डन-संस्कारको बेला देउता र पितृ (पितर) को आराधना गरिन्छ। यस संस्कारको बेला थरिथरिका गीत गाइन्छन्। केही त आचार गीत (अनुष्ठान गीत) छन् , केही मांगलिक गीत र केही अन्य गीत छन्। आनुष्ठानिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतभित्र पितृका गीत, चुमाओनका गीत, मिनती (विनती) तथा अन्य गीत पर्दछन्। मांगलिक गीतभित्र साँझ, भगवती गीत, हनुमान गीत, पितृका गीत, ब्रह्मका गीत र अन्य प्रकारका भजन पर्दछन्। विविध गीतभित्र सोहर, खेलवना, वटगवनी आदिलाई राख्न सकिन्छ। चूडाकर्ममा पहिलोपटक टुपी राखिन्छ। पितृगीतमा यसै कपाल काट्ने र टुपी हाल्ने छुरा - कैंचीको वर्णन हुन्छ । चूडाकर्म समाप्त भएपछि उपनयन भएमा कमसेकम पाँच ब्राहमण वा जेठा कुटुम्बले हातमा दूर्वादल, धान लिएर दूर्वाक्षत मन्त्र तीनपटक पढ्छन र बटुकमाथि तीनैपटक वर्षाउँछन्। दूर्वाक्षत मन्त्रमा सिङ्गो राष्ट्रको कल्याण गर्ने शुभकामना हुन्छ -

ॐ आ ब्रह्मन ब्राहमवर्चसी जायताम
राष्ट्रे राजन्यः शूरऽहषे व्योऽतिव्याधी
महारथो जायतां
दोग्ध्री धेनुर्वोढा नड्वानाशुः सप्तिः पुरन्धिर्योषा
जिण्ण रथेष्ठा : सभेयो युवास्य
यजमानस्य वीरो जायतां
निकामे निकामेनः पर्जन्यो वर्षतु।
फलवत्यो नओषधयः पच्यन्तां।
योगक्षेमो न कल्पान्तम्
मन्त्रार्थ सिद्धयः सन्ति मनोरथा :।
शत्रुणां बुद्धि नाशस्तु मित्राणं मुदयस्तव :।
दिर्घायु भव :।

दूर्वाक्षत पनि 'चुमाओन' को अङ्ग हो र यस कालमा गाइने गीतालई 'चुमाओन गीत' भनिन्छ।

चुमाओनको प्रक्रिया निम्नानुसार हुन्छ :

चुमाओनको ठाउँलाई गोबरले लिपेर त्यसमाथि 'पिठार' (पानीमा डुबाएर ढड्याइएको अरबा चामललाई पिसेर बनाइएको लेदो) ले 'अरिपन' (भूमिचित्र) बनाइन्छ। त्यसै अरिपनमाथि राखिएको पिर्कामा 'बरूआ' लाई बसाएर त्यसको सामुन्ने बाँसले बनेको एउटा ढक्कीमा दुबो, धान, दहीको कहतारो र दीपक बलेको माटोको भाँडा राखिएको हुन्छ। केही स्वास्नीमानिसहरूले मिलेर त्यो ढक्की उठाउँछन् र 'बरूआ' (बटुक) को टाउकोमा तीनपटक स्पर्श गराउँछन्। अन्त्यमा एउटी महिलाले बटुकको निधारमा दहीको टीका लगाउँछिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीत – रामजीक चुमाओन जनकपुरमे
आङन चोआ चानन नीपल ।
काँच बाँसके डाला सजाओल
ताहि देल दुभि धान जनकपुरमे
अलश कलश लय पुरहर साजल
चौमुख दीप ताहि ऊपर जराओल
आयत नगरक लोक जनकपुरमे
पहिने चुमाओल रानी सुनयना
तखन सुवासिनी नगर निवासिनी
रामजीक चुमाओन जनकपुरमे ।

मिनती :

'चुमाओन' पछि 'बटुक' ले कुलदेवीलाई प्रणाम गर्दछ । त्यसबेला गाइने गीतलाई 'मिनती' भनिन्छ ।

मिथिलाको घर-घरमा कुनै न कुनै कुलदेवी वा कुलदेवतालाई स्थापित गरिएको हुन्छ । कुल देवताका लागि एउटा कोठा छुट्याइएको हुन्छ, जसलाई 'गोसाइँ घर' 'गोसाउनिघर' वा 'भगवती घर' भनिन्छ । त्यस कोठाको एउटा कुनामा माटोको पिण्ड जस्तो बनाइएको हुन्छ जसलाई 'सिर' भनिन्छ । प्रत्येक दिन त्यसलाई लिपेर फूल, अक्षत, धूप आदिले पूजा गरिन्छ । त्यसै सिरमाथि एउटा 'मौर' (मउर) झुण्ड्याइएको हुन्छ । पिण्ड (सर) को नजिक नै पर्खालमा चम्किलो धागोले बुनिएको कपडा टाँगेको हुन्छ जसलाई 'अँचरी' भनिन्छ । कुलदेवीलाई प्रसन्न गर्न दसैंमा, मांगलिक अनुष्ठानहरूमा खसीको बलि दिइन्छ । कसै-कसैले भाकल गरेको हुनाले खसीको एउटा कान मात्र कुलदेवता वा देवीअगाडि काटेर खसीलाई मुक्त गरिन्छ, जसलाई 'धुर बाँच्नु' भनिन्छ देवी गीतको एउटा नमूना

विनती सुनियौ हे महरानी, हम सब शरण मे ठाढ ।
अक्षत चानन अहाँके चढायब, आरती उतारब ना ।०।
बेली चमेली माँके हार चढायब, ओढूल फूल चढायब ना ।
करिया छागर धुर बन्हायब, उजरा चढायब ना । विन.

वटगवनी :

यस अवसरमा ब्रह्म स्थानमा जाने बेलामा वा अन्य ठाउँमा जाँदा बाटोमा हिंड्दै जुन गीत महिलाहरूले समवेत स्वरमा गाउँछन् , त्यसलाई 'वटगवनी' भनिन्छ । अन्य अवसरहरूमा पनि यथा मेलापाती जाँदा, मधुश्रावणीमा फूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्न जाँदा , पँधेरोबाट घैंटामा पानी लिएर फर्किंदा, नवविवाहित दुलहालाई 'कोहबर घर' देखि 'गोसाउनि घरसम्म' लिएर जाँदा मैथिल ललनाहरूले 'बटगवनी' गाउने गर्दछन्। बेहुलाले बेहुलीको हात समाएर सुस्त-सुस्त हिंडिरहेका हुन्छन् र पछिपछि नवयौवनाहरू 'बटगवनी' गाएर हृदयमा श्रृंगाररसको सञ्चार गरिरहेका हुन्छन्। अधिकांश 'बटगवनी'मा प्रियतम-प्रियतमाका रस-विलास र केलिक्रीडाकै वर्णन हुन्छ र केहीमा वियोगश्रृंगारको वर्णन पनि हुन्छ :

अवधि मास छल भादव सजनी गे, निज कय गेला बुझाय।
से दिन आबि तुलायल सजनी गे, धीरज धयल न जाय।
अति आकुल पहु बिनु सजनी गे, सुन्दर अति सुकुमारि।
अकछि हिया पथ हेरथि सजनी गे, अजहुँ ने आयल मुरारि।
खन-खन मदन दहो दिस सजनी गे, पीर उठे तन जागि
से दुख ककरा बुझायब सजनी गे, बैसब ककरा लग जाय।
हरि गुण सुमरि बिकल भेल सजनी गे, के बुझत दुःख मोर।
विद्यापति कवि गाओल सजनी गे, आयल नन्दकिशोर।

उपनयन संस्कार :

यस संस्कारद्वारा ब्रह्मचारी 'बटुक' सर्वप्रथम आचार्य चरणमा विद्याध्ययनका लागि आउँछ, त्यसैले यसलाई उपनयन भनिन्छ। बटुकले मृगचर्म, मुंजको कन्दिनी (करधनी), पलाशदण्ड, मेघडम्वर (बाँसको छाता), खडाउँ आदि धारण गरी श्रेष्ठजनसित भिक्षाटन गर्दछ। कुटीजस्तो मण्डप बनाइएको हुन्छ। यस अवसरमा बटुकले पहिलो पटक जनै धारण गर्दछ। उपनयन संस्कार आठौं, एघारौं वा वाह्रौं वर्षमा हुने गर्दछ।

उपनयन संस्कारको आरम्भ पनि 'उदोग' देखि हुन्छ। 'उदोग' को शुभ मुहूर्त ब्राह्मणले पात्रो हेरी निश्चित गर्दछन्। उदोगको दिन 'बटुक' ले पाँचवटा बाँसमा पिठार (अरबा चामल पिसेर बनाइएको लेदो) र सिन्दूर लगाउँदछ। यी पाँचवटा बाँस र अरू बाँसहरू काटेर मण्डप बनाउन लगाइन्छ। कुनै शुभ दिनमा मात्र मण्डप तयार गरिन्छ। मण्डप तयार गर्नुलाई 'मडबठट्ठी' भनिन्छ। यस्तै कुनै शुभ दिनमा बटुक ('बरूआ') लाई साथ लिएर, आँचलमा बरूआको काटेको, झरेको थोरै कपाल लिएर स्वास्नीमानिस र अन्य ऐभातीहरू गीत गाउँदै कुनै तलाउबाट माटो ल्याउँछन्, जुन माटोबाट उपनयनका लागि चूलो तयार गरिन्छ। यस विधिलाई 'मटिकोर' वा 'माटिमांगर' भनिन्छ। एक-दुई दिनपछि केही स्वास्नीमानिस जम्मा भएर चरखा चलाएर धागो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिक्छन्, जसबाट 'बटुक' को जनै तयार हुन्छ, जसलाई उसले उपनयनको दिन धारण गर्दछ। चरखाबाट धागो झिक्ने विधिलाई 'चरखकट्टी' भनिन्छ। उपनयनभन्दा दुई दिन पहिले कुलदेवीको अगाडि केही हँसुआ राखिन्छ, यसलाई 'हँसुआ नोतब' अर्थात 'हँसिआ निम्त्याउनु' भनिन्छ। यसको भोलिपल्ट यिनै हँसियाले कुलदेवी समक्ष खसीको बली दिइन्छ। उपनयनभन्दा एक दिन अगाडि केही स्त्रीहरू घाम अस्ताउन लागेको बेला कुनै तलाउ वा नदीमा जान्छन् र नाङ्लोले बरूआलाई नुहाइदिन्छन्। नुहाइसकेपछि 'बरूआ' को हातबाट माटोको भाँडा, द्रव्य इत्यादि पानीमा उत्सर्ग गरिन्छ। यस विधिलाई 'कुमरम' भनिन्छ। यसै दिन घरको कुनै महिलाले नयाँ चूलोमा भात, दाल, कढी-बरी इत्यादि तयार गरी, पितृहरूको भोजन तयार गरी कुनै ठाउँमा हाल्छिन्। उपनयन यज्ञ, हवन, भिक्षायाचना, क्षौरकर्म (छुराले केश कटाउने कर्म) हुन्छ। कपाल काटिएपछि बटुकलाई स्नान गराइन्छ र उसको 'चुमाओन' हुन्छ। चुमाओनपछि कुलदेवी, ब्रह्म, आफ्ना श्रेष्ठजनहरू आदिलाई 'बटुक' ले ढोग्छ र आशीर्वाद लिन्छ। उपनयनको चौथो दिन राति केही लौकिक विधिहरूको सम्पादन हुन्छ जसलाई 'रातिम' भनिन्छ। उपनयनका यी सबै विधिमा गीत गाइन्छन्। यसरी उपनयनका गीतहरूलाई मूलतः तीन भागमा वर्गीकृत गर्न सकिन्छ -

आनुष्ठानिक गीत, मांगलिक गीत र विविध गीत। आनुष्ठानिक गीत अन्तर्गत बँसकट्टी गीत, मडबठट्टी गीत, माटिमांगर गीत, चरखकट्टी गीत, कुमरम गीत, भिखहरि गीत, चुमान गीत, मिनती गीत, आदि पर्दछन्। मांगलिक गीत अन्तर्गत साँझ गीत, गोसाउनि गीत, हनुमान गीत, ब्रह्म गीत, पितर गीत आदि छन्। विविध गीतभित्र सोहर, खेलवना, बटगवनी अदि पर्दछन्।

बँसकट्टी गीत :

कोने बाबा इहो बाँस कोपर भेल हे।
ओ जे कोने अम्मा सोइरी साँठल आँगन माडब भेल हे।
आङनमे घुरथिन बडका बाबा पण्डित कतेक नोतु हे।
हँसि-हँसि पुछथिन बडका बाबा धोती कते किनू हे।
मुसकैत कहथिन अपन बाबी धोती बहुत किनू हे

मडबठट्टी गीत :

जन्म सुफल आइ भेल की आङन माडब भेल हे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्म सुफल ओहि बाबाक जिनका आङन माडब हे ।
जन्म सुफल ओहि बाबीक जनिका कुल पुत्र भेल हे ।
पीयरहि खढ़ छरायब कि लाल झालरि लगायब हे ।
ताहि माडब बैसत फल्लाँ बरूआ जिनकर जनउ हैत हे ।
चहुदिस रहतनि सर सम्बन्धी की मांडब सोहाओन हे ।

कुमरम वा मटिकोर गीत :

लौंग इलाइची लऽ - कऽ नोत पठौलनि , केओ ने एलनि नौतहार
नोत पुरय गेलनि फल्लाँ छिनरो हमहीं एलहुँ नोतहार
केहन लागल लौंग इलाची, केहन लागल पान हे
केहन लागल पाकल केरा, छिनरो बड बेइमान हे
करु लागल लौंग इलाइची, तीत लागल पान हे
बड मीठ लागल पाकल केरा, छिनरो बड बेइमान हे
फेरि दियौ लौंग इलाइची, फेर दियौ पान हे
राखि लिय, पाकल केरा छिनरो बड बेइमान हे

भिखहरि गीत (बटुकले भिक्षा माग्दाको गीत) :

मिथिलाक रुसल बरूआ काशी कथि लेल जाय ।
आगे दाइ कियो नहि बन्धु जे बरूआ लेत बिलमाय ।
आगे दाइ बाबा से बडका बाबा बरूआ लेल विलमाय ।
बाबी से अइहब बाबी भीख नेने ठाढि ।
आगे माइ भिखो ने लियै बरूआ मुँहोसँ ने बजाय ।
पहिरय लय पियर धोती ओढय लेल मागल चादर ।
आगे माइ मिथिलाक रुसल बरूआ काशी किये जाय ।

यी गीतहरूमा भावापन्नतासँगै वर्णनात्मकता छ, नाटकीयता छ, संवादात्मकता छ, पितृ र आमा बाबुप्रति श्रद्धा - निवेदन छ र लौकिक विधिहरूको चर्चा छ ।

सिद्धान्त :

मिथिलामा विवाहका लागि कुरा छिन्ने वा टीकाटालो गर्ने विधि-विधानलाई जाति अनुसार 'सिद्धान्त', 'छेका', 'तिलक', 'फलदान' आदि भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल कर्ण कायस्थमा हुने सिद्धान्तको एउटा चित्र प्रस्तुत गरिन्छ :

'सिद्धान्त' पूर्व वर-कन्याका अभिभावकहरूले पञ्जिकारलाई पान-मसलाको 'भार' (कोसेली) प्रदान गरी सिद्धान्त गरिने थलो, समय आदिको स्वीकृति लिन्छन्, जुन शुभतिथि पुरोहितले निश्चित गरेका हुन्छन्। निर्धारित स्थल, तिथि र समयमा पञ्जिकारसहित वरपक्ष तथा कन्यापक्ष आफ्ना इष्ट-मित्र तथा कुटुम्बसहित उपस्थित हुन्छन्। सामान्यतया देवस्थल, पोखरीको डिल वा वरपक्षको दलानमा सिद्धान्तका विधि सम्पादित गरिन्छन्। बस्ने थलोमा दरी (सतरन्जा) र तन्ना ओछ्याइएका हुन्छन् - दुईतिर। बीचको ठाउँ खाली हुन्छ। वरपक्ष पूर्वतिर फर्किएर बस्छ भने कन्यापक्ष पश्चिमतिर फर्किएर। बीचको खाली ठाउँमा दुवै पक्षबाट ल्याइएका पित्तल वा सुनका 'सोबरना' (कुरुवा) मा जल भरिएर राखिएको हुन्छ, कलशझैं। जलपूर्ण कुरूवाहरूमा आँपका पल्लव हुन्छन्। त्यहीं बाँसको 'डाला' (रंगाइएको ढक्की) हुन्छ, जसमा दीप बलिरहेको हुन्छ र पान मखान, मसलाहरू फिंजाएर राखिएका हुन्छन्। दुवै पक्षका आफन्त जम्मा भइसकेपछि पञ्जिकारले दुवै पक्षबाट त्यो जलपूर्ण कलश उठाएर वैवाहिक कार्यसम्पन्न गर्ने वर-कन्याका कुनै दाजु वा भाइलाई बीचमा बोलाउँछन्। दुवै पक्षका 'लोटा उठाउने' (जलपूर्ण कुरूवा उठाई प्रतिज्ञा गर्ने) र पञ्जिकार बीचमा उपस्थित हुन्छन्। 'लोटा उठाउने' दाजु वा भाइले रातो धोती, कुर्ता, पाग र दुपट्टा लगाएका हुन्छन्। आँखामा गाजल हुन्छ। पञ्जिकार जलपूर्ण कुरुवा लिई पालैपालो दुवैतिर फर्किई 'अभिस्थान', 'अभिस्थान' भन्छन्। त्यसपछि, उत्तर फर्किइ उभिन्छन् र मङ्गलाचरण गरी विन्तीपूर्वक उपस्थित जनसमूहलाई सम्बोधन गर्छन्: 'अओ ब्राह्मण - कर्णगोष्ठी लोकनि, एक विनती ध्यान दए सुनल जाओ।' (ए ब्राह्मण कर्णगोष्ठीहरू एउटा विन्ती ध्यान दिएर सुन्नुहोस्।) त्यहाँ उपस्थिहरूले भन्छन् : 'कहल जाओ; कहल जाओ;' (भन्नुहोस्; भन्नुहोस्;;) अनि पञ्जिकारले भन्छन, 'फलानां मूलका श्री . . . (फलाना) ठक्कुरकी कन्या . . . फलानूँ मूलकी श्री . . . फलानूँ ठक्कुरका वर यहाँहरूको सहमति भए यो सिद्धान्त होस् ?' त्यहाँ उपस्थित समूहले प्रश्न गर्छ, 'अधिकार जाँच्नुभयो ?' पञ्जिकारले भन्छन्, 'पञ्जिकृत प्रथाअनुसार अधिकार जाँचियो, भन्नुहोस, 'शुभ होस्, शुभ होस्, शुभ होस्।' त्यहाँ उपस्थित सबैले भन्छन्, 'शुभ होस्; शुभ होस्;; शुभ होस्;;;'

यस उपरान्त दुवै पक्षका 'लोटा उठाउने' व्यक्ति बीचमै उभिन्छन्। पञ्जिकारले कन्या पक्षका लोटा उठाउनेलाई हातमा त्यही जलभरिएको कुरूवा समात्न लगाउँछन् र वरपक्षका लोटा उठाउनेलाई त्यो कुरूवा छाम्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाउँछन् र यसै मुद्रामा कन्यापक्षकालाई पढाउँछन् . . . 'फलाना मूलस्य श्री . . . ठक्कुरसुतायां . . . फलाना मूलस्य श्री . . . ठक्कुरस्य दौहित्री सुश्री . . . (कन्याको नाम) नाम्नी कन्या . . . फलाना मूलस्य (वरको नाम) . . . ठक्कुर वराय । कन्याकां उपस्थित करोमि ।' पञ्जिकारले वरपक्षका लोटा उठाउने व्यक्तिलाई भन्न लगाउँछन् - 'कार्य स्वीकृतम ।' अनि कुरूवा तल राखी दुवै पक्षका लोटा उठाउनेले परस्पर अंगालो हाल्छन् र नमस्कार गर्छन् । उपस्थित सबैले ताली बजाउँछन् । दुवै आ-आफ्ना ठाउँमा बस्छन् । पञ्जिकारले उनी दुवैका हातमा 'अस्वजनपत्र' (वरपक्षको सात पुस्ता र कन्या पक्षको पाँच पुस्तासम्म कुनै रक्तसम्बन्ध नभएकोले वैवाहिक सम्बन्ध हुनसक्ने प्रमाणपत्र - अस्वजन अर्थात् आफ्ना स्वजन नभएको प्रमाणपत्र) हस्तान्तरित गर्छन् । त्यसपछि दुवै पक्षबाट ल्याइएका पान, मसला आदि वितरण गरिन्छ । लोटा उठाउनेहरूले पनि एकअर्कालाई सम्मानपूर्वक आ-आफ्ना पक्षका पान-मसला दिन्छन्, जसलाई घर फर्किएपछि उनीहरूले घरकी इष्टदेवी भगवती अगाडि नैवेद्य रूपमा राख्नुपर्ने हुन्छ । पञ्जिकारलाई पनि दुवै पक्षकाले पान-मसला र नगद दक्षिणा दिई सन्तुष्ट पार्छन् । यसरी अठोट सकिन्छ ।

गोडामा बुकी (अपटन) लगाउने विधि

सिद्धान्त सम्पन्न भएपछि लोटा उठाउनेहरू जब घर फर्किन्छन्, संध्या कालमा उनको गोडामा अपटन (बेसार, मेथी, सर्स्यू र अरबा चामल पिसेर बनाइएको बुकुवा) लगाइन्छ, जसलाई 'पएर उगारब' भनिन्छ । यस अवसरमा टोल-छिमेकमा आमन्त्रित गरी बोलाइएका महिलाहरूले मङ्गलगीत गाउँछन् । कुल देवी भगवतीका अगाडि धूप, दीप बालिन्छ र भगवती - गीत गाइन्छ । बाहिर पर्खेर बसेका लोटा उठाउने व्यक्तिलाई घर भित्र्याउनका लागि एउटी ऐभाती महिलाले टाउकोमा 'सिरहर' (जल-पल्लवयुक्त, कलशघट) लिएर उभिएकी हुन्छिन्, जसको पछाडि मङ्गलगीत गाउने महिलाहरू गीत गाइरहेका हुन्छन् । लोटा उठाउने व्यक्ति घर भित्रिनुभन्दा अगाडि त्यस 'सिरहर' (कलशघट) मा केही द्रव्य हाली भगवतीघर भित्र प्रवेश गर्छन् र भगवतीलाई द्रव्य अर्पित गरी त्यहाँ 'अस्वजनपत्र' समेत राखिदिन्छन् । भगवतीलाई प्रणाम गर्छन् । त्यसपछि त्यसै ठाउँमा ओछ्याइएको कम्बलमा ती लोटा उठाउनेलाई बस्न लगाई महिलाहरूले 'अपटन' (बेसार, मेथी, अरबा, चामल, सर्स्यूले बनाइएको बुकुवा) लगाउँछन् । यी महिलाहरूमा मुख्य भूमिका वर कन्याका ऐभाती दिदी, बहिनी, फुपू, भाउजुको हुन्छ । समापनमा आमान्त्रित महिलाहरूलाई सुगन्धित तेल, पान, मसला आदि बाँडिन्छ र सिउँदोमा सिन्दूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाइन्छ ।

वैवाहिक तिथिको प्रस्ताव - पत्र - 'कट' :

सिद्धान्त सम्पन्न भएपछि विवाहका लागि वधूपक्षका अभिभावकले पुरोहितबाट शुभ साइत हेर्न लगाउँछन् । दिन निश्चिन्त भएपछि 'कट' लेखिन्छ । रातो रंगमा रंगाइएको बाँसको ढक्कीमा रातोमा रंगाइएको कलम, सादा कागज , दूबो, रातोमा रंगाइएको धान, पाँच टुक्रा बेसार, रातो धागो, रातो रंग र विषम संख्यामा केही मुद्रा राखिन्छ । नाताकुटुम्बका व्यक्तिहरू टोल-छिमेकीहरू, इष्ट-मित्र र मान्य जनहरूका उपस्थितिमा विवाहको शुभ साइतको प्रस्ताव-पत्र ('कट') लेखिन्छ र पछि स्वीकृतिका लागि वरका अभिभावककहाँ पठाइन्छ । 'कट' लेख्ता सर्वप्रथम वरपक्षका मान्यजनहरूका विषम संख्यामा नामहरू लेखी नमस्कार वा प्रणाम लेखिन्छ । त्यसपछि शुभ साइतको दिनको व्योहोरा लेखिन्छ । 'कट' मिथिलाक्षरमा लेखिन्छ । पंक्तिहरू पनि विषम हुनुपर्दछ र यो कागजको पुछारमा लेखिन्छ, बीचमा होइन । लेखिसके पछि त्यसमाथि रातो रंग छर्किन्छ र त्यसमा दुबो, धान, बेसार र मुद्रा राखी, विषम संख्यामा पट्याई, पत्रको पुछारको दाहिने कुना च्यातेर बेरिन्छ । फेरि त्यसलाई रातो धागोले बाँधिन्छ र इष्टदेवी भगवतीको अगाडि राखिन्छ । त्यसपछि त्यसलाई हजामको हातबाट वरकहाँ पठाइन्छ । वरपक्ष पनि आ- आफन्त, कुटुम्ब, घरछिमेकी, मान्यजन आदिलाई बोलाई सबैको समुपस्थितिमा स्वीकृतिपत्र लेखिन्छ । स्वीकृतिपत्रमा सर्वप्रथम कन्या पक्षका श्रेष्ठ जनहरूको नाम पनि विषम संख्यामा लेखिन्छ, नमस्कार वा प्रणाम लेखिन्छ । मंजूरी पत्र विवाहको दिनभन्दा पूर्व विषम संख्याको दिनमा लिने-दिने गरिन्छ । सामान्यतया विवाह हुनुभन्दा ७ वा ५ दिन पूर्व स्वीकृति पत्र लिने-दिने गरिन्छ । स्वीकृति पत्रको लेन-देन भएपछि दुवै परिवारमा भगवती गीत निरन्तर गाउन थालिन्छ । भगवती घरमा भगवतीअगाडि 'कट' राखिन्छ र त्यहाँ धूप-दीप बालिन्छ । यसै दिनदेखि वर र कन्याको शरीरमा 'अपटन' (बुकुवा) लगाउने पनि गरिन्छ, जसलाई 'पसाहइन' भनिन्छ । विवाहको तैयारीको चहलपहल सुरु हुन्छ ।

मैथिल विवाहको तैयारी

तैयारीको क्रममा सर्वप्रथम कन्यको आँगनमा विवाहमण्डपको निर्माण गरिन्छ । शुभ साइतमा मण्डप-निर्माण गरिने प्रक्रियालाई 'मडवठ्ठी' भनिन्छ । यसका लागि रातोमा रंगाइएको डोरी, पहेंलो कपडामा हिंग, ज्वानु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राइ, बेसार आदि ल्याइन्छ। पहेंलो कपडामा हिंग, ज्वानु, राइ, बेसार आदि बेरिन्छ। बेहुली हुने कन्यालाई अगाडि राखी, पछाडि-पछाडि महिलाहरू गीत गाइरहेका हुन्छन्। कन्याले बाँस र खरले निर्मित त्यस मण्डपमा सर्वप्रथम पाँचवटा गाँठो लगाउँछिन्। ढक्कीको रातो डोरीले मण्डपको छानो बाँस र खरले बनेको हुन्छ भने बेदी माटो पुरेर अग्लो उठाइएको भुइँमा हुन्छ।

विवाहको दिन मण्डप नौ पटक लिपपोत गरिन्छ। मण्डपमै 'पिठार' (पानीमा ढाडिएको अरबा चामलको लेदो) ले कोहबर भन्ने मिथिलाचित्र कोरिन्छ। त्यस चित्रमा सिन्दूरको टीका लगाइन्छ। मण्डपमा एकातिर माटाका भाँडाहरू हुन्छन्, जसमा दीप बलेका हुन्छन्। यी भाँडामध्ये एउटा थरीलाई 'पुरहर' र अर्को थरीलाई 'पातिल' भनिन्छ। यी पुरहर पातिल माटोको हात्तीमाथि ढक्कनले छोपेर राखिएको हुन्छ। पुरहर-पातिललाई हावा - हुरीबाट सुरक्षित राख्न 'श्रीसरबा' राखिन्छ। 'श्रीसरबा' कुमरम वा मटकोरकै दिन पोखरीबाट फर्किंदा सुपारी, अक्षत, मुद्रा आदि हाली बाँधिएको कपडा हुन्छ। विवाहमण्डपको चारैतिर बाबियोको डोरीमा आँपका पात उनी बनाइएको झल्लरी झुन्ड्याइएको हुन्छ, बेहुलाको आसन रातोरंगमा रंगाइएको काठको पिर्का हुन्छ। यसै दिन 'कोहबर' (बेहुला-बेहुली मिलन गृह) लाई पनि नौ पटक लिपपोत गरिन्छ। कोहबरको भुँइमा 'खटबार' भन्ने 'अरिपन' (भूमिचित्र) लेखिएको हुन्छ। भित्तामा कोहबर - चित्र हुन्छ। कोहबर चित्रमुनि क्रमसँग माटोको ढकनी सहित माटाका पुरहर, पातिल, हात्ती र 'चानक डाला' सजाइन्छन्। अघिल्तिर पटेरले बनेको रङगीचङ्गी गुन्द्री (पटिया) ओछ्याइएको हुन्छ। कोहबर घरमै पश्चिमतिर रातो रंगको काठको नादी (कठौत) राखिन्छ, जसमा दूधले नुहाउने विधि गरिन्छ। कोहबरको चारै कुनामा भित्तामा नारी मुखाकृति बनाइएको हुन्छ, जसलाई 'नैना-जोगिन' भनिन्छ। मैथिली लोकगाथाहरूमा नैना-जोगिनलाई प्रसिद्ध डाकिनी वा नारी-तान्त्रिकको रूपमा वर्णन पाइन्छ। यस प्रतीकात्मक चित्रले वर-बधूलाई अनिष्टकारी टुनामुनाले रक्षा गर्ने विश्वास लिइन्छ। बेहुलालाई चारै कुनामा घुमाइन्छ र घुमाउने बेलामा चारै कुनामा चारवटा ऐभातीहरू टाउकोमा बाँसको रातो ढक्की लिएर उभिएका हुन्छन्, जसमा रूपैया, चामल र सुपाडी राखिएको हुन्छ। विवाहकै दिन साँझमा आँगनमा मण्डपको उत्तर - पश्चिम कुनामा माटाको बेदी बनाइएको हुन्छ। बेदीमा पान, सुपारी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपैया राखिएको हुन्छ । वेदीलाई पनि पटक-पटक लिपपोत गरिएको हुन्छ । हरियो बाँसको मुन्टामुनि केराको फूल गाँसी बेदीको चारै कुनामा उभ्याइएको हुन्छ । बेहुलाको रातो पिर्का पश्चिमतिर राखिएको चर्चा माथि भइसकेको छ । 'सिद्धान्त' (अठोट) पछि र विवाहपूर्व 'निर्भूषण' भन्ने एउटा विधिमा बेहुलीका पुराना वस्त्र झिकी पहेंलो सारी, पेट्रिकोट, ब्लाउज, लहठी भन्ने लाहाको चुरा लगाउन दिइन्छ, जुन 'कुमरम' दिन सम्म उनले लगाउँछिन् । यस दिनदेखि त दुवै रूपमा महिलाहरूले गीत अझ बाक्ले रूपमा गाउन थाल्छन् । यसै गरी विवाहको दिन निर्णित भइसकेपछि विवाह दिनसम्म महिलाहरूद्वारा गाइने यस्तै मङ्गलगीतहरूका माझ वर एवं कन्याको आ-आफ्नो घरमा 'पसाहइन' (वेसार, मेथी, सर्स्यू र अरबा चामल पिसेर बनाइएको बुकुवा लगाइने बिधि) गरिन्छ । 'पसाहइन' गरिने कन्याले नव पहेंलो वस्त्र लगाउँछिन् भने 'पसाहइन' गर्ने मूल महिला (भाउजू, दिदी वा फुपू) ले पनि नव पहेंलो वस्त्र लगाउँछिन् । पसाहइन गर्ने दिनमा 'नारी-चुमाउने' (नारी चुमान) विधि गरिन्छ । यस विधिमा कन्याले ढोलमा सिन्दूर, पिठार लगाउँछिन् र पूजा गरी ढोलमाथि धान छर्दै परिक्रमा गर्छिन् । यो छरिएको धान पोल्टामा सुरक्षित राखिन्छ र 'कुमरम'को दिन लाबा भुटिन्छ ।

कुमरम :

विवाहभन्दा एक-दुई दिन पूर्व यो विधि गरिन्छ । यो विधि उपनयनमा पनि हुन्छ । कुमरमको दिन विहान कुलदेवी भगवतीको गीत गाइन्छ । आज इष्टदेवी र देवताको अगाडि गई, उनलाई पूजा गरी वैवाहिक अनुष्ठानमा उपस्थित भई रक्षा गर्ने आमन्त्रण गरिन्छ । दुवै पक्षमा कन्यादान गर्नेहरू उपवास बस्छन् । आज कुलदेवीलाई नैवेद्य दिइन्छ, जसलाई 'पातइर' भनिन्छ । नैवेद्यमा खीर, पुरी, मिष्ठान्न, अक्षत, फूल, बेलपत्र, धूप, दीप आदि हुन्छन् । देवीलाई खसीका बलि दिने पनि चलन छ, जसलाई 'छगराधुर' भनिन्छ । पूजा सकिएपछि कन्या/वरको कुलदेवीकै सामुन्ने 'पसाहइन' गरिन्छ । आज साँझमा महिलाहरू गीत गाउँदै बेहुला/बेहुलीलाई पोखरीमा लिएर जान्छन् । पोखरीको डीलमा तिनलाई महिलाहरूको मध्यमा राखी केही विधिहरू सम्पन्न गरी नुहाइदिन्छन् । फेरि, त्यसै पोखरीबाट माटो झिकी त्यहाँ पूजा गरिन्छ र विसर्जन गरिन्छ । यी सबै कार्यको सम्पादन मूल रूपमा बेहुला/बेहुलीकी आमाबाट गरिन्छ । त्यसपछि मन्दिरमा गई पनि पूजा गरिन्छ । घर फर्किएपछि कुमरम गर्न जाने महिलाहरूलाई च्यूरा बाँडिन्छ । पोखरीबाट फर्किएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै कुलदेवीको ढोकामा केराको बोट र बाँसको झ्याङ रोपिन्छ र त्यही खीरपुरी बनाई एउटा पिर्कामा छ ठाउँमा पस्किई त्यसमाथि सुपारी र पैसा हाली, देउता र पितरलाई निम्ता दिने महिलाले आफ्नो टाउकोमा पिर्का राखी, घिस्रिदैं कुलदेवीको अगाडि गएर पिर्का तल हाल्छिन् र जलले पर्सेर प्रणाम गर्छिन्। यसपछि पुरोहितले कन्यादान गर्नेबाट 'सिउँदो निम्ताउने' (सीथ नोंतब) विधि गरिन्छ। यस विधि अनुसार कन्यादान गर्ने पूर्व दिशामा बस्छन् र उनकी श्रीमतीले कन्याको टाउको छोप्छिन्। पञ्चदेवताको पूजा गरी पुरेतले मन्त्रोच्चारणद्वारा सिउँदो निम्ताउने विधि सम्पादित गराउँछ। यसमा दुम्सीको काँडाले सिउँदोमा सिंदूर हालिन्छ र नव वस्त्राभूषण दिइन्छ। वैवाहिक गीतहरू गाइन्छन्।

कुमरमको दिन राति लाबा भुट्ने विधि गरिन्छ। यसमा नारी चुमाइने (नारी चुमाब) विधिमा संकलित गरिएको धानलाई बेहुला/बेहुलीका दिदी-भिनाजु वा फुपाजु-फुपाले भुट्छन् र भुटेर उठाइएको लाबा विवाहको वेदीमा छरिन्छ। लावा भुट्ने विधिका लागि भुट्ने जोडीलाई (सामान्य तथा छोरी-ज्वाइँलाई) बेहुला-बेहुलीले जस्तै नयाँ वस्त्रादि दिइन्छ। ज्वाइँलाई रंगाइएको नयाँ धोती, नयाँ कुर्ता, पाग, दुपट्टा आदि तथा छोरीलाई नयाँ रातो फरिया, चोलो, गुन्युँ, गर-गहना आदि लगाउन दिई उनलाई पनि पर्सिन्छ। लाबा भुट्दा माटोले बनाइएको चूलोलाई कुलदेवीको अगाडिको ठाउँमा तथा कोहबर कोठाको बार्दलीमा राखिन्छ, ज्वाँइ अगाडि र छोरी पछाडि बस्छिन् र दुवैले खरमा आगो बाली माटोको भाँडामा आँपको पालुवाले धान भुट्छन्। यस क्रममा भाँडोमा घानी हाल्ने काम त्यहीं बस्ने बेहुला वा बेहुलीले गर्छिन्। लाबा भुटिसकेपछि तयार भएको लाबा-थालमा लिई टाउकोमा हालेर लाबा भुट्नेहरू टुक्रुक्क बसेरै लाबा छर्दै-छर्दै कुलदेवीको स्थानसम्म पुग्छन् र थाल त्यहाँ बिसाई प्रणाम गर्छन्। कुलदेवीको कोठामा प्रवेश गर्नुभन्दापूर्व भुट्ने पुरुषका साला-सालीहरूले ढोका छेक्ने र सो बापत केही इनाम लिएपछि मात्रै भित्र जान दिने चलन छ। छोरी ज्वाइँले पनि त त्यसै इनाम नलिई लाबा भुट्न कहाँ मानेका हुन्छन् र; लाबा भुटी राखिएको थालमा उपस्थित महिलाहरूले नगद दिने गर्छन् , जुन भुट्नेहरूकै इनाम हुन्छ । विवाहको दिन 'दूधनुहाई' (दूध नहान) एवं केश-विन्यासको विधि हुन्छ। साँझमा प्रीतिभोज हुन्छ। साँझमा जन्ती आइसकेपछि 'कुमारी गौरी पूजा' गरिन्छ, जुन अन्तर्गत कोहबरमा गई कन्याले माटाको हात्तीमाथि 'सपरी' (सिन्दूर र पूजा सामग्री भएको पित्तलको खास किसिमको भाँडो) बाट सुपारी, साँख झिकी, तीन पटक गौरीको मन्त्र पढी पूजा गर्छिन् र सुपारीमाथिको सिन्दूर घाँटीमा लगाउँछिन् र यही सिन्दूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहपछि पनि लगाउने गरिन्छ । त्यसै गरी, कोहबर घरमा दीप बाल्ने विधि गरिन्छ, जुन अन्तर्गत दीप बाल्ने सुहागिन महिलाले नव वस्त्र लगाउँछिन् र आँखा छोपेर 'कोहबर घरमा' रहेको 'पातिल' (मिथिलाचित्रअङ्कित माटाको भाँडो) मा आँखा छोपिई दीप बाल्छिन् र त्यसपछि उनलाई च्युरा - दही - चिनी खुवाइन्छ । यो विधि विवाहको दिनदेखि चतुर्थीसम्म चार दिन चल्छ । यो दीप अहोरात्र बलिरहन्छ र त्यसका लागि बेला-बेलामा तेल-बाती थपिरहनुपर्छ । यसै बेलामा कन्याका आफन्तहरूले कन्याको कुमारी मुख हेर्छन् । कुमारी मुख हेर्ने विधिपछि जन्ती आइसकेको खबर दिन जन्तीपक्षबाट एउटा बाहुन र एउटा हजाम आउँछन्, यो खबर लिएर आउनुलाई 'जनसम्बाद लिएर आउनु' भनिन्छ । 'जनसम्बाद' लिएर आउने बाहुन र हजामलाई जन्तीका लागि तयार पारिएका सबै परिकारको भोजन गराई तृप्त पारिन्छ । यसै बेला महिलाहरू बेहुलीलाई लिई गीत गाउँदै घर-बाहिर नजिक रहेको आँप र महुवाको रुख सँगै भएको बगैंचामा जान्छन् । त्यस आँपको बोटमा कन्याले हत्केलाले पिठारको छाप दिई, सिन्दूर लगाई पान र 'आरतक पात' (रातो रंगको कागजको बाटुलो टुक्रा -सूर्यको प्रतीक) टाँसी, धागो बेर्दै ३ पटक परिक्रमा गर्छिन् र पछाडि-पछाडि अर्को महिलाले सो धागो फेरि समेट्तै सुरक्षित राखिन्छन् । बेहुलापक्षद्वारा, संयोगवश भुलेर यस्तो धागो नल्याइएमा यिनै धागोलाई 'अठोङर' भन्ने विधिमा प्रयोग गरिन्छ । यस विधिलाई 'आम-महु विवाह' भनिन्छ । आम - महु - विवाहको विधि सम्पन्न गरेर आइसकेपछि कोहवर - घरमा पुरोहितद्वारा कन्यादानकर्तालिई वेहुलीको उपस्थितिमा 'मातृका-पूजा' सम्पन्न गराइन्छ । भित्तोमा १८ ठाउँमा गोबरमा दुबो हाली टाँसिन्छ र घ्यू चढाइन्छ । मातृका-पूजनपछि कन्यादानकर्ता र पुरोहित विवाह मण्डपमा आई बस्तछन् । यता बेहुलीलाई आँगनमा त्यस ठाउँमा ल्याइन्छ, जहाँ 'अरिपन' (अरबा चामल ढड्याएर पिसिएको लेदोले बनाइएको भूमिचित्र) कोरिएको हुन्छ र त्यसमाथि हलुको हातले समाइने माथिल्लो भाग राखिएको हुन्छ । बेहुलीलाई त्यसमाथि बस्न लगाई धोविनले 'सुहाग' दिने विधि गर्छिन् । यहाँ बेहुलीले लगाएको लुगा फेरि विवाहको फरिया, जसलाई 'पुतली' भन्ने चलन छ, लगाउँछिन् र फेरिएको सारी धोबिनीलाई दिइन्छ । यस बेलामा उपस्थित महिलाहरूले 'निछाउर' (सं. न्योछावर) मा केही रकम दिने गर्छन् ।

परिछन (जन्ती पर्सिनु) :

जन्ती बस्ने 'बासा' को स्थान बेहुलीपक्षद्वारा पहिले नै तोकिएको हुन्छ । विवाहको दिन यहीं आएर जन्ती विश्राम गर्दछ । जन्तीलाई पर्सेर विवाहगृहसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याउन बेहुलीका दाजु वा भाई नयाँ वस्त्र, पाग र दुपट्टा धारण गरी, पित्तले कुरुवामा जल र आँपको पल्लव राखी अगाडि-अगाडि तथा बेहुली पक्षका अन्य कुटुम्ब, इष्टमित्र एवं मान्यजनहरू पछिपछि हिंडेका हुन्छन् । एक जना मेन्टल वा विद्युत-उपकरण (सुविधा अनुसार) लिएर प्रकाशका लागि सँगसँगै हुन्छ । उताबाट बेहुलाको वाहन सँगै जन्तीहरू नाच-गान गर्दै विस्तारै सरिरहेका हुन्छन्, यता बेहुली पक्षकाहरू पनि स्वागत गर्न अगाडि सर्छन् । दुवै तर्फको गति मन्द हुन्छ र जब दुवै मिल्छन्, बेहुलीका दाजु वा भाइ कुरुवामा लिएको जलमा आँपको पालुवा भिजाई देब्रे हातले तीन पटक पर्सिदिन्छन्, उनको चारैतिर जल छर्किदै, हात घुमाएर । उनकै नेतृत्वमा वासस्थानतिर जन्तीलाई डोऱ्याइन्छ । सबै सँगै आउँछन् । वासस्थानमा पण्डाल सजाइएको हुन्छ - अग्लो ठाउँमा सिंहासन र तल कुर्सी टेबल हालेर । सिंहासननुमा आसन पूर्वतिर फर्किएको हुन्छ, जसमा दूल्हा, उनका भिनाजु र इष्टमित्रहरूलाई बसालिन्छ । सबै बसिसकेपछि बेहुलीका दाजु, भाइ तथा हजाम वा नोकरले दूधमिश्रित जल भएको कुरुवा लिएर सबै जन्तीको गोडा 'अभिस्थान', 'अभिस्थान' भन्दै धुन्छन् । तर अहिले सामान्यतया बेहुला लगायत जन्तीतिरका पाँच जना विशिष्ठ व्यक्तित्वको मात्र गोडा धोएर गम्छा वा तौलियाले पुछ्ने गरिन्छ । अरू जन्तीले गोडा धुन दिन स्वीकार गर्दैनन् - लोकतान्त्रिक विचारले । यसपछि सबैलाई चिसो, मिष्टान्नहरू, फलफूल, जूस नुनिला परिकारहरू आदिले स्वागत गर्ने क्रम चल्छ ।

साँकर :

जन्तीहरू पण्डालमा आई बसिसकेपछि विवाहका लागि दुलहालाई कन्यापक्षका वस्त्राभूषणद्वारा सजाइने 'परिकामिनी' विधि हुन्छ । तर यसभन्दा पूर्व कन्यापक्षबाट वरपक्षलाई 'साँकर' को निम्तो (हँकार) दिइन्छ । 'साँकर' को तात्पर्य हुन्छ - एउटा पित्तलको थाल, जसमा सक्खर (गुँड), सारी, सिन्दूर, सुपारी र विषम संख्यामा द्रव्य हुन्छ । बेहुली पक्षका दुई जना महिलामध्ये एक जनाको टाउकोमा 'सिरहर' (सिन्दूर र 'पिठार' लगाइएको घैला, जसमा पूर्ण जल, आँपको पालुवा हुन्छ) र अर्कीको टाउकोमा 'चान डाला' (बाँसको ढक्की) हुन्छ, जसलाई रातो सारीले छोपिएको हुन्छ । महिलाहरू गीत गाउँदै ढोकामा आई उभिएका हुन्छन् । वरपक्षबाट वरका काका, दाजु, भिनाजु वा श्रेष्ठ एक जनाले एउटा पित्तलको थालमा सक्खर, साडी, सिन्दूर, सुपारी र विषम संख्यामा रूपैया भएको साँकर लिएर, पाग दोपटा (दुपट्टा) धारण गरी आउँछन् र सिरहर नगद रुपैया हालेर 'चानक डाला' माथि आफूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगिएका सामानहरू दिई फर्किन्छन् । यस बेला ठट्यौलीका रूपमा 'साँकर'का सामानहरू बेहुलीको घरमा लगिन्छ र 'परिकामनी' का सामान (बेहुलाका लागि सुन्दर नव वस्त्राभूषण) लिई पण्डालमा गइन्छ । बेहुलाले लगाएका वस्त्राभूष्ण फेरेर बेहुलीकहाँबाट आएका वस्त्राभूषण फेरिन्छ । बेहुलाका आँखामा गाजल, निधारमा श्रीखण्ड चन्दन, गोडामा जुत्ता, गालामा लकेट वा चेन, हातमा औंठी दिइन्छ । सुटकेसभरि दैनिक उपभोगका र विलासिता सामग्री, टि. भी., कार वा मोटर साइकल आदि (दाइजो) पनि यसै बेला समर्पित गरिन्छन् । यसपछि सालोले बेहुलाको गलामा 'दोपटा' (दुपट्टा) हाली डोऱ्याएर विवाहको वेदीनेर आफ्नो आँगन लैजान्छ । आँगनमा प्रवेश गर्नु अगाडि पनि फेरि बेहुलालाई आइमाइहरूले पर्सिन्छन् र केही विधि गरिन्छ । पर्सिंदा ('परिछन' गर्दा) बाँसका कप्टेरा रँगाएर बनाइएको 'चङेरा' (एक किसिमको सानो ढक्की) मा कछुवाको खप्परमा तेलबत्ती हाली बालिएको हुन्छ र गाजल, श्रीखण्ड चन्दन, आँपका पाँचवटा पल्लव-पातमा चामलको पिठोका डल्ला, 'ठकबक', डमरु, काठको पन्यु, घोट्ने, लगाइएको पान, सिरहर, लोहोटाभरि जल आदि हुन्छन्, जो बोकेर 'विधिकरी' (विधिहरू गराउने महिला), बेहुलीकी आमा आदि मिलेर बेहुलालाई पर्सिन्छन् र त्यसपछि वरलाई आँगनमा लगिन्छ । वरलाई विवाहमण्डपका चारैतिर सालोले वरको गलाको 'दोपटा' समई छिटोछिटो घुमाउन थाल्छन् । यस क्रममा पश्चिम-उत्तर कुनाबाट सुरु गरेर मण्डपको दाहिनेतिरबाट तीन पटक मण्डपको परिक्रमा गरिन्छ । अगाडि-अगाडि हजामले माटोका घैंटा (तौला) भुँइमा राख्तै जान्छ र वरले त्यसलाई छुन खोज्छ, तर हजामले छुन नदिई त्यो लिएर फेरि अगाडि कुद्छ र अन्त्यमा तेस्रो पटकमा वरले छुन पाउँछ । वरलाई यसरी घुमाउँदा नै सालोले हजामको पछाडि-पछाडि वरलाई डोऱ्याएको हुन्छ, गलाको 'दोपटा' समाई । मण्डप घुमाउने विधि सम्पन्न भएपछि बेहुलालाई 'कोहबर घर' मा लगी 'नैला-जोगिन' भन्ने विधि सम्पन्न गराइन्छ । यस विधिमा पनि मण्डप घुमाए जस्तै सालोले कोहबर घरको चारै कुनामा ३ पटक घुमाउँछन् । चारै कुनामा १-१ जना महिला वा युवती ढक्की लिएर उभिएकी हुन्छिन् । त्यसपछि बेहुली चिनाउने विधि सम्पन्न गरिन्छ । यस विधिमा बेहुली र उनकी बहिनीलाई एकै ठाउँमा बसाइएको हुन्छ, साडी ओढ्याएर सर्वाङग छोपिएको हुन्छ । बहिनी (बेहुलाकी साली) लाई बेहुलीको दायाँ पट्टि राखिएको हुन्छ । अब बेहुलालाई आफ्नी बेहुली चिनेर आँपको पल्लवले तिनलाई छोइदिन भनिन्छ । झुक्किएर सालीलाई नै बेहुलाले आफ्नी भावी बेहुली भनेर चिन्दा ठूलो अट्टहास गुञ्जिन्छ र सालीले बेहुलाको गालामा दही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दलिदिन्छिन् । यस पछि आँगनमा कन्याद्वारा पानको पात छरिन्छ र बेहुलीलाई टिप्न लगाइन्छ, जसलाई 'पनबिच्छी' भनिन्छ । पान टिप्ने काम तीन पटक हुन्छ । वरले पान टिप्न अनकनाउँछन् । यस विधिपछि 'नहछू' हुन्छ । यसमा आँगनको पश्चिमतर्फ एउटा बाँसको सिंढीमा भाइको अघिल्तिर बेहुलीलाई बस्न लगाइन्छ र त्यहीं हजामले बेहुलीको देब्रे हातको कान्छी औंलाबाट नहर्नीले अलिकति रगत झिकेर रुवाले पुछिन्छ र त्यो रुवा बेहुलीकी आमालाई आगामी विधिको लागि समालेर राख्न दिइन्छ । यो विधि वरको घरमा वरको रगत झिकेर पनि गरिएको हुन्छ । वरको रगतको रुवा हजामले बेहुलीकी आमालाई दिन्छ । विवाहउपरान्त दुवैको रगत खीरमा मिसाई चतुर्थीविधि अगाडिनै वर र कन्या दुवैलाई ख्वाइन्छ । यसरी दुवैको रगत एक भएको विश्वास गरिन्छ । 'नहछू' पछि 'अठोङर' (सं. अष्टौलुखल) गरिन्छ । यसमा, आँगनमा राखिएको ओखलभित्र रँगाइएको धान र पाँचवटा सिङ्गो सुपारी राखिएको हुन्छ, जसलाई आठ जना मिलेर मूसलले आठ पटक हानेर पुरेतको मन्त्रोच्चारणसहित कुट्ने गरिन्छ । यसै विधिमा वरपक्षकहाँबाट आएको रातो धागोभित्र आठै जना अठोङर कुट्नेलाई बेरेर बाँधी कुटिने आठवटा सुपारी सबैलाई १-१ वटा गरी बाँडिन्छ । यो सुपारी पनि वरपक्षबाट नै आएको हुन्छ । यहीं कुटिएको धानबाट बनेको चामलमा दही मिसाई आँपको पातमा रातो धागोले बेरी वरको दाहिने र कन्याको देब्रे हातमा बाँधिन्छ, जसलाई 'कंगन' भनिन्छ । 'अठोङर'को विधिपश्चात् वरलाई विवाहमण्डपमा बस्न लगाइन्छ, जहाँ एक पटक पुनः वरको धोती फेर्न लगाइन्छ । मण्डपमा बेहुलालाई पूर्वतर्फ फर्किने गरी पिर्कामा बसाइन्छ । त्यहीं कन्यादानकर्ता तथा पुरोहित पनि बसेका हुन्छन् । थप वैवाहिक विधि अगाडि बढ्छन् ।

गोत्राध्याय :

विवाहमण्डपमा वर-कन्या, कन्यादानकर्ता, पुरोहित आदि रहेका हुन्छन् । वरका अभिभावकहरूलाई 'हँकार' (निमन्त्रण) पठाएर बोलाइन्छ र मण्डपमा बसाई पुरोहितद्वारा गोत्राध्याय गराइन्छ । गोत्रसहित पहिले कन्यापक्षको ३ पुस्ता र त्यसपछि वरपक्षको ३ पुस्ताको नाम ३ पटक पढाइने गरिन्छ ।

उदाहरण : "ॐ अद्यमासीय . . . पक्षीय . . . तिथौ (गोत्रको नाम) गोत्रस्य काश्यपवत्सार नै धुवेति त्रिप्रवरस्य (पितामहको नाम) ठकुरस्य प्रपौत्रिम (गोत्रको नाम) गोत्रस्य काश्यपावत्सार नै धुवेति त्रिप्रवरस्य (पिताको नाम) ३ पटक पढाएपछि (गोत्रको नाम) त्रिप्रवरस्य श्री (वरको नाम) नाम्नी इमां र कन्यां सालंकारा प्रजापति देवता स्वर्ग कामः पत्नी त्वेनाऽहं सम्प्रददे ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति पढाइसकेपछि दूर्वाक्षत, शंखको जल वरकन्याका एकत्रित हत्केलामा दिई बेहुलालाई 'ॐ स्वस्ति' भन्न लगाइन्छ तथा 'ॐ धौस्त्वा ददातु पृथिवी त्वा प्रतिगृहणतु ।' भन्न लगाई कन्यादानकर्ताबाट कन्यादान गर्न लगाइन्छ । कन्यादानको दक्षिणा वरको हातमा दिई गोत्राध्याय विधि सकिन्छ । उपस्थित भएका जन्तीहरू 'बासा'मा फर्किन्छन् र जाने बेलामा उनीहरूलाई पानका बीडा दिइन्छन् । पुनः यज्ञवेदीमा यथास्थान वरकन्यालाई बसाइन्छ र होमको तयारी गरिन्छ । होमका लागि पाँच प्रकारका लकडी (आँप, आक, पलास, पीपल, समी) को आगो तयार पारी पुरोहितले वरलाई मन्त्रोच्चारणसँगै होम गर्न लगाउँछन् । यसै वेदीनेर वरद्वारा कन्याको सिउँदोमा ३ पटक सिन्दूर हाल्न लगाई सिन्दूरदान गरिन्छ । यसै बेलमा महिलाहरूले अटल सौभाग्यको कामना गर्दै लोकगीतहरू गाउँछन् । सिन्दूरदानका सामग्रीहरू वरपक्षबाट हजामको माध्यमले कन्याकहाँ पहिले नै आएका हुन्छन् । यी सामग्रीहरूमा थरी-थरीका आभूषण र वस्त्र हुन्छन् : पुतली (विवाहका लागि मूल्यवान सारी), ढोलना (गलामा लगाइने सुनको गहना), गुआमाला, शिरविन्दी तथा अन्य, कन्यालाई धारण गर्न लगाइन्छ । एउटा थालमा कुमरम राति भुटिएको दुवैपक्षका धानको लाबा एकै ठाउँमा मिसाई कन्याको भाइको हातमा दिइन्छ । भाइले बेहुली बैनीलाई लावा दिने गर्छन् र बैनीले छर्ने गर्छिन् र यसरी लाबा छर्दै दुवै त्यस वेदीको तीन पटक मण्डप र वेदीको परिक्रमा गर्छन् । वरले कन्याको हात समाएका हुन्छन् । यस पश्चात कन्याको सिउँदो दुम्सीको काँडाले मिलाइन्छ र कन्याकी आमा कन्याको अगाडि बसी आफ्नो सारीको आँचलले कन्याको मुख छोप्छिन् । पहिले कन्याको सिउँदोमा गाईको घ्यू लगाइन्छ आफन्त महिलाद्वारा वर पछिल्तिर उभिएका हुन्छन् र उनको देब्रे हातमा विधिकरी (सम्पूर्ण वैवाहिक विधि सम्पन्न गराउने निर्धारित महिला) ले सिन्दूरको बट्टा थमाउँछिन् । वरले दायाँ हातमा सुन, सोहगैली (काठको), साँख (चाँदीको) गेरुली (पाट वा सनको) सिन्दूर लिई कन्याको सिउँदोमा ३ पटक सिन्दूर हाल्छन् । सिन्दूरदानपछि वेदीनेर वरको बाँया भागमा कन्या बस्तछिन्, जहाँ वर-कन्यालाई मन्त्रोच्चारणसहित दूर्वाक्षत दिइन्छ र चुमाओन गरिन्छ । चुमाओनमा विधिकरीले आफ्नो दुवै हातमा दूबो, धान लिएर पहिले वरको दुवै खुट्टा, दुवै घुँडा, दुवै काँध एवं टाउकोमा ३ पटक छुवाउँछिन् र चुम्बन लिए जस्तो ओठबाट ध्वनि निकाल्छिन् । अनि त्यसै गरी कन्याको टाउकोमा त्यो दूबो र धान तीन पटक छर्किई, ढक्की (डाला) मा रहेको चामल नाप्ने काठको ट्वाक, दही, साँख, सुभरौली आदि भएको ढक्कीसहित कन्याको टाउकोमा छुवाउँछिन् । देब्रे हातको कान्छी औंलले भाँडोमा रहेको दहीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टीका वरलाई लगाउँछिन् । बल्दो दीपले हत्केला सेकी रापले वरको गाला सेक्छिन् , हातमा रहेको पान -सुपारीलाई पानीले पर्सेर, आफ्नो आँचलमा लिई डालोमा (ढक्कीमा) हाल्छिन् । यसरी 'चुमाओन' विधि पूर्ण हुन्छ ।

घोघट (घुम्टो) :

होमको बेदीनिर सिन्दूर गरिसकिए पछि दूर्वाक्षत र चुमाओन हुन्छ । वर-कन्यालाई विवाहमण्डपमा बसाइन्छ । हजामद्वारा जन्तीलाई 'घोघट' को निम्ता पठाइन्छ । यता कन्यालाई व्यवस्थित रूपमा बस्न लगाई, पुनः रूपविन्यास गरी, घुम्टो हाली, एक जना पुरुष हाँसिएरै बसेको हुन्छ । हजामद्वारा निम्तो पाएपछि जन्तीहरू आँगनमा आउँछन् । जन्तीका प्रमुख र मान्य व्यक्तिहरूलाई विवाहमण्डपका उत्तरतिर आसन दिइएको हुन्छ । विवाहमण्डपमा वरकन्याका अगाडि एउटा खाली रातो ढक्की राखिएको हुन्छ । जसमा वरपक्षकाले कन्याका लागि ल्याएका पटोर (पाटको सारी), आभूषणहरू तथा सिन्दूर आदि थप-थप गरी राखिन्छन् । यी वस्त्रभूषणसहितको ढक्की लगेर कुलदेवीको अगाडि राखिन्छ । पुनः त्यसबाट पटोर झिकी वरका दाजु वा मामालाई दिइन्छ । सो लिएर दाजु वा मामाले तीन पटक बेहुलीलाई छोप्छन् । यस विधिलाई 'घोघट' भनिन्छ । यस बेलामा महिलाहरूले घोघट-गीत गाउँछन् । घोघट दिने बेला वर-बेहुलीको पछाडि बसेका हुन्छन् । कन्यालाई वरका दाजुले पटोर हाली जीउ छोप्ता वरले दुई पटक झिकिदिन्छन् र दाजुले दुवै पटक फेरि हाल्छन् । यसलाई जेठाजूले बुहारीको इज्जत राख्ने संकल्पको रूपमा लिइन्छ । यसपछि बेहुलीलाई समातेर बसेका बेहुलीका नातेदारले घुम्टो उठाई उनको अनुहार जन्तीलाई हेर्न लगाउँछन् । हेर्नेहरूले मुख-देखाइको रूपमा सगुनका रूपमा केही रकम बेहुलीको हातमा राख्छन् । अन्त्यमा वरका अभिभावकले जम्मा रकममा केही मोटो रकम आफूतिरबाट पनि थपिदिन्छन् । मुँह देखाइएको यस विधिलाई 'कन्यानिरीक्षण' वा ''सुहाग' भनिन्छ । सुहागमा जम्मा भएको रकममा पछि कन्याका अभिभावकले पनि दोब्बर जति रकम थपिदिन्छन् र कुल रकम जन्ती बिदा हुने बेलामा वरका अभिभावकलाई सुम्पिदिन्छन् । 'सुहाग' सम्पन्न भएपछि वरपक्ष र कन्या पक्षका श्रेष्ठजनहरू मिलेर मन्त्रोच्चारण सहित दूर्वाक्षत दिन्छन् । जन्तीहरू पानका बींडाहरू ग्रहण गरी बासामा फर्किन्छन् र यता महिलाहरूले पुनः 'चुमाओन' गर्दछन् ।

मण्डपबाट बेहुला-बेहुलीलाई कुलदेवी अगाडि लगिन्छ । जहाँ बेहुलाको सालोले ढोका छेक्छन् र इनाममा केही रकम पाएपछि मात्रै भित्र जाने अनुमति दिन्छन् । भगवतीलाई प्रणाम गरी कोहबर घरतिर लगिन्छ । यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि बेहुलाको ढोका सालीहरूद्वारा छेकिन्छ । कोहबर –प्रवेशपछि विधिपूर्वक गौरीको पूजा गरिन्छ । यहाँ हुने विधिहरूमा 'हरीरपान' (पान र पानी) ले वर–कन्याको गोडा धुने, 'महुअक' रस (मधुपर्क) अर्थात् गुलियो खीर खुवाउने आदि प्रमुख हुन् । यसपछि बेहुला–बेहुलीलाई त्यहाँ सजाइएको शैय्यामा विश्रामका लागि छाडिन्छ । वर–वधू कोहवरमा हास–विलास गरिरहेको बेला बाहिर जन्तीहरूलाई भोजन ग्रहण गराइन्छ । जन्तीका भोजनमा नाना थरीका मिष्टान्न, पोलाउ, मासु, माछा, अदौरी, बडी, तिलौरी, दनौरी, सकरौडी आदि व्यञ्जनहरू प्रशस्त हुन्छन् ।

विवाहको भोलिपल्ट विहानै बेहुला–बेहुलीलाई जगाउन कोहबर गीत गाइन्छ । बेहुला–बेहुली नित्य क्रियाबाट मुक्त भई रातिजस्तै गौरी–पूजा गर्छन् । बेहुला बासामा गई अभिभावक, मित्र , गाउँले, नातेदार सबैसित भेट्छन् । जन्तीलाई कन्यापक्षकाले दतिउन, तेल, साबुन, स्नानका उपकरण, चिया, बिस्कुट नास्ता अदि पठाउँछन् । कन्यापक्षकाहरू बासामा आई परस्पर परिचय गर्छन् र वरपक्षसित जन्तीको सूची माग्दछ । वरपक्षकाले जन्तीमा भएका ब्राह्मण, मातृक पक्षका व्यक्ति, आफ्नै खलकका व्यक्ति, मित्र एवं अन्यहरूका नाम 'छुट्याई' उपलब्ध गराउँछ । कन्यापक्षकाले 'स्वजन भोजन' ('मर्याद') का लागि वरपक्षसँग सम्धी बनाउने कुरा गर्छ । 'पाककर्ता' (भोज्य सामग्री पकाउने) को माग गर्छ । वरपक्षले आफ्नै स्थान वा परिवारसित सम्बन्धित एक जनाको नाउँ दिन्छ र कन्यापक्षले सम्धीलाई निमन्त्रण गर्न पाग लगाई, थालमा सुपारी राखी टक्रयाउँछ । वरका अभिभावकले सो सुपारी ग्रहण गर्छन् । कतै – कतै मातृपक्ष र पितृपक्षका श्रेष्ठ जनलाई मात्र 'सम्धी' बनाउने चलन छ, भने सामान्यतया अब सबै ठाउँमा 'सकल–साधारण' भनी सबैलाई समान सम्मान दिने प्रचलन आएको छ । यसमा ब्राह्मण, खलक, स्वजाति, कुटुम्व, मित्र सबै सम्धी बिदाइका सम्मानपूर्ण पात्र हुन्छन् । तर, नोकर, ड्राइभर, बाजाबाला हुँदैनन् । यी जन्तीसँग भाडामा आउने हुन् । त्यसपछि स्वजन भोज हुन्छ । दिउँसो यसमा दाल, भात, घीउ, नानाप्रकारका तर्कारी, पकौडा (तरुवा), अँचार पापड, दनौरी, सकरौडी, माछा, बऽडी, दही, चिनी, खटमिठ्ठी आदि हुन्छन् । आज वरपक्ष र कन्याक्षका सबै मिलेर सँगै भोजन गर्छन, त्यसैले यसको नाउँ 'स्वजन भोजन' भएको होला । वरसंग उसको साला बसेर एकै थालमा भोजन गर्छन् । एक जना वरका पितृपक्षका, एक जना कन्यापक्षका गरी सबैलाई एउटा छुट्टै कोठामा भोजन गराई विशेष सम्मान प्रदर्शित गरिन्छ । भोजन गरुञ्जेल महिलाहरूले लोकगीतमै जन्तीतर्फका व्यक्तिहरूलाई द्वयार्थी गीत गाई जिस्काइरहेका हुन्छन् । यी काउकुती लगाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीत 'डहकन' मा छद्म अश्लीलता हुन्छ । भोजनोपरान्त पान-सुपारी, सुकमेल आदि वितरण गरिन्छ ।

बिदाइ :

जन्तीहरूले स्वजन भोजन गरिसक्नु भएपछि बिदाइप्रकरण थालिन्छ । जनबासामा दुवै पक्षका मान्यजन र आफन्त एकत्रित हुन्छन् । वर पनि उपस्थित हुन्छन् । वरपक्षका सबै बृत्ताकार बस्छन् । कन्यापक्षबाट सबैको नेतृत्वगर्ने कन्याका अभिभावक अगाडि र अरू पछाडि बसेका हुन्छन् । अभिभावकका समकक्ष सँगै बस्छन् । (यस क्रममा) कन्याका अभिभावकले ढक्कीमा 'साँकर' एवं दक्षिणा-रकम, सुपारी आदि वरका अभिभावकलाई टक्राउँछन् । वरले ती वस्तुहरू एक-एक गरी स्पर्श गरिसकेपछि वरका अभिभावकले ती सामग्री ढक्कीबाट उठाई स्वीकार गर्छन् । यसपछि क्रमशः त्यसै ढक्कीमा दाइजोका भाडा, वर्तन र पुनः केही रकम र दक्षिणा स्वरूप सुपारी (गाई) तथा कन्या निरीक्षणबेला जम्मा भएको रकममा आफ्नो तर्फबाट पनि रकम थपी समर्पित गर्छन् । सम्धीको सम्मानस्वरूप बिदाइका रकम, मातृपक्षलाई सम्मानपूर्ण बिदाइको रकम, समर्पित गरिन्छ । त्यसै गरी, कन्यादानगर्नेले विदाइ एवं दक्षिणा, सुपारी तथा 'सुहाग' (कन्या निरीक्षण) को बेला विवाहमण्डपमा दिइएको आभूषणलाई स्पर्श गर्छन् तथा वरका अभिभावकले उठाएर राख्छन्, जसलाई कन्या विदाइसम्मका लागि वरका अभिभावकले कन्याका अभिभावकलाई फर्काइदिन्छन् । यसपछि बाटामा भोजन गर्न जन्तीलाई 'पाथेय' च्युरा, दही, मिष्टान्न, फलफूल आदि दिइन्छ । अन्त्यमा दुवै पक्षका सम्धी पर्नेहरू पाग लगाई गला मिल्छन्, जसलाई 'सम्धीमिलन' भनिन्छ । कन्या र वरका अभिभावकले मिलेर 'द्विरागमन' को तिथि निश्चित गर्छन् र जन्ती ल्याइएका वाहनहरूमै फर्किन्छ ।

चतुर्थी :

विवाहको पाँचौ दिन 'चतुर्थी' हुन्छ । विवाहउपरान्त प्रत्येक दिन विहान कोहबर-घरमा गौरी-पूजा बेहुला-बेहुलीले गर्छन् र वेलुकी विवाहमण्डपको परिक्रमा गर्छन्, चतुर्थी सम्म । चतुर्थीको दिन दीपबाल्ने महिलाले एकाविहानै 'पातिल' (माटोको भाँडो) मा बलिरहेको दीप निभाउँछिन् । आज आँगनमा हलोको माथिल्लो भाग (सिराउर) राखिन्छ । यसमाथि वर-कन्यालाई बस्न लगाई तिनलाई 'सिरहर' (घैला) मा राखिएको चार दिन बासी पानीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नान गराइन्छ। कोहबर-घर लिपपोत गरी, कम्बल ओछ्याई, त्यसमाथि बेहुलाबेहुलीलाई बस्न लगाई पुरोहितद्वारा पूजा तथा होम गराइन्छ र पुनः सिन्दूरदान गरिन्छ। सिन्दूरदानपछि गौरीपूजा गर्न लगाई गीत गाउँदै महिलाहरूद्वारा वरकन्यालाई नजिकको पोखरीमा लगिन्छ जहाँ देव-पितृलाई निम्त्याउन कन्याकी मातासँगै वर-कन्या स्नान गर्छन्। त्यहाँ केही विधि सम्पन्न गरी वरले नयाँ वस्त्र र पाग धारण गर्छन्। कन्यालाई तेल-सिन्दूर लगाइन्छ र त्यहाँ वर-कन्यालाई गीत गाउँदै लिएर गएका सबै महिलालाई तेल-सिन्दूर लगाइन्छन्। त्यसपछि सबै कुनै देवस्थलमा जान्छ, वरकन्याले देवतालाई प्रणाम गर्छन् र घर फर्किन्छन्। आँगनमा पुगेपछि विवाह-मण्डपको चारै कुनामा वरद्वारा खीर-पुरी राख्न लगाइन्छ र ती खीर-पुरी माथि कन्याले सिन्दूर लगाउँदै जान्छिन्। त्यसपछि वर-कन्या भगवती कोठामा गई भगवतीलाई प्रणाम गर्छन्। प्रसाद ग्रहण गरी दुवैले श्रेष्ठजनलाई ढोगेपछि चतुर्थीको विधि सकिन्छ। यस दिन बेहुलाले रात्रिभोजको आयोजन गर्ने चलन छ। यसै रात 'घसकट्टी' हुन्छ, जसमा केही महिलाहरू बेहुलाकी आमा, सानीमा ठूलीमा आदिको नक्कल पारी दुलहालाई जिस्काएर हँसाउँछन्। विधिसम्पन्न गराएबापत बेहुलाले दक्षिणास्वरूप एकमुष्ठ रकम सासूआमालाई दिन्छन्, जसमा 'सिरहर' 'सिरासलामी' (भगवती पूजा), 'गोलापूजा' (चतुर्थीको भोज), पुरोहितको दक्षिणा, 'पालोतर' (हलो-व्यवस्थापन), नैनाजोगिन, विधकरी-इनाम, बेहुलीको जुरो खोलाइ, गुन्द्री झराई आदि सम्मिलित हुन्छन्। चुतुर्थीमा वरपक्षकहाँबाट कन्यापक्षका परिवारका महिलाहरूका लागि नव-नव परिधान, मिष्टान्न र पक्वान्न, फलफूल आदि कोसेली पठाइएको हुन्छ। चतुर्थीपछि बेहुलाले साला र सालीलाई आफूहरूसँग घुमाउन लैजान्छन्। द्विरागमनको निर्धारित तिथि (चतुर्थी सम्पन्न भएको दुई-चार दिनपछि) मा वरपक्षबाट फेरि सानो जन्ती आउँछ। खास गरी वरका भिनाजु र भाइ अनिवार्यतः आउँछन्। जन्तीले पनि कोसेलीमा दही र माछा लिएर आउँछ। द्विरागमन गराउन आउनेलाई बिदाइस्वरूप नयाँ वस्त्र दिनुपर्छ भने, वर र कन्यालाई फेरि दाइजो स्वरूप फर्निचर, सोफा, पलङ, दराज, फ्रिज, ओछ्यान, डसना, सिरक, कम्बल, ग्यासचूलो भाँडाकुरा, सुटकेस आदि दिइन्छ। विदाइपूर्व कन्यालाई वरपक्षबाट आएको नयाँ सारी, चुरा, लगाई श्रृंगार गरी भगवती कोठामा लगी प्रणाम गराइन्छ। कन्याको सारीको आँचलमा दूबो, धान, नगद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रकम राखिन्छ, जसलाई 'खोंइछ' भनिन्छ। उनलाई केही गुलियो खुवाइन्छ र त्यसपछि विवाह-मण्डपमा ल्याई वरसँगै दूर्वाक्षत दिइन्छ। आइमाइहरूले दुवैको चुमाओन गर्दछन् र रुवाबासीसँगै दुवैलाई बिदा गरिन्छ। बिदा गर्दा ढोकामा 'सिरहर' (जलपूर्ण घट-कलश) लिई उभिएकी महिलालाई वरले केही द्रव्य हाल्छन् भने एउटा माटाको थलियामा आगो लिई बसेकी महिलाको हातबाट सो थलिया लिई त्यसलाई भुँइमा बजारेर प्याट्ट फुटाइन्छ। आमाले छोरीको बिदाइ हेर्न नहुने चलन अनुसार उनी एउटा तामाको भाँडोमा सुहाग मथिरहेकी हुन्छिन्। गाडी अगाडि बढ्छ र फेरि पछाडि फर्किन्छ। यो क्रम दुई पटक गरिन्छ। यस विधिलाई 'धुरखुर' भनिन्छ। तेस्रो पटक गाडी नफर्किई सरासर अगाडि बढ्छ। द्विरागमन गराउन आएकालाई दिइएका सम्पूर्ण सामानको सूची हस्तगत गराइन्छ र विवाहकालमा बेहुलीलाई दिइएका गहनाहरू पनि जिम्मा लगाइन्छ। बेहुलातिर पनि विवाहपूर्व वरको भगवती पूजा ('सिरागू-पूजा') र 'कुमरम', 'पसाहइन' गरिन्छ। विवाहको दिन विवाहका लागि प्रस्थान गर्नुभन्दा पूर्व 'विलौकी' माग्ने चलन छ। बिलौकी माग्दा 'वर'लाई डोली (महफा) मा राखी नौमती बाजासहित आफन्तहरूकहाँ पुगिन्छ जहाँ सबैले आशीर्वादस्वरूप धान, दूबो र नकद दिन्छन्। बिलौकी बिधिपछि वरलाई देवस्थलमा प्रणाम गर्न लगिन्छ। त्यसपछि 'आँप-महुवा' को विवाह गरिन्छ। आँगनमा फर्किएपछि वरको पोसाक फेरिन्छन्। उनलाई भगवती कोठामा लगी प्रणाम गर्न लगाइन्छ। भगवतीकै गहबरमा पिताले भगवती पूजा गरिसकेपछि वरलाई 'मौर' (वैवाहिक शिरपोश विशेष) लगाइदिन्छन्। त्यसपछि आँगन वा मण्डपमा वरलाई बस्न लगाई 'दूर्वाक्षत' दिई चुमाओन गरिन्छ। चुमाओनपछि वरले सबै श्रेष्ठजनलाई ढोग्छन् र उनलाई विवाहका लागि निश्चित वाहनमा बसालिन्छ। यतिबेला आफन्त महिलाहरूले वरलाई नगद रूपैया तथा रुमाल, नरिवल, छुहारा, सुकुमेल आदि मसला दिने गर्छन्। वर विवाहका लागि प्रस्थान गरिसकेपछि वरपक्षकहाँ आइमाइहरूले 'नगहर' 'गुरौंछ' (रात्रिकालीन भोजनकालागि दही, च्यूरा, मिष्टान्न भोजन) गर्छन् र 'डोमकछ' (रत्यौली जस्तै) अलिक अश्लील हास-परिहासात्मक अभिनय) गरिन्छ। उता वर-कन्याको विवाहपछि अर्को दिन स्वजन भोजन भइरेको हुन्छ, यता 'बहुरोंछ' (महिलाहरूको कपाल कोर्ने-बाट्ने तथा खीर-पुरी बाँड्ने विधि) हुन्छ। विवाहको पाँचौं दिन 'दहनही' भन्ने विधि गरी लाबा भुट्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री तथा विवाहका लागि तयार गरिएको 'मौर' जुन फिर्ता आएको हुन्छ, सबैलाई जलप्रवाह गरिन्छ । देउता-पितृलाई निम्त्याउनेले समापनकोपूजा गरी सँगै जन्ती गएकालाई तेल-सिन्दूर बाँड्छन् । द्विरागमनपछि वर-कन्या फर्किदा पुनः 'परिछन' गरिन्छ । दूर्वाक्षत र चुमाओन गरिन्छ । अनि मात्र बेहुला-बेहुलीलाई कोठामा भित्र्याइन्छ । कन्या र वर पहिले भगवती कोठामा जान्छन्, भगवतीलाई प्रणाम गर्छन्, कन्याको 'खोंइछ' (आँचलमा बाँधिएको दूबो, धान, नगद) त्यहीं नाड्लोमा राख्ने गरिन्छ र त्यसपछि बेहुलीको मुख हेर्ने विधि गरिन्छ । मुख हेर्नेले 'मुख-देखाइ' मा केही नगद, सुन-चाँदी वा उपहार दिने चलन छ । कन्या भित्र्याएको चौथो दिन 'भडफोरी' हुन्छ र कन्याले पहिलो पटक भान्साकोठामा गई कुनै परिकार तयार पार्छिन् । यसै विधिअन्तर्गत पिठो र सक्खर मिसाई 'अहिबक फर' (लिङ्गाकार पक्वान्न) तयार पारी सबैमा बाँडिन्छ । बेहुलीले यस घरमा आज माछा पनि पकाउनै पर्छ । हाँसी-खुसी सबैले बेहुली हातका भोजन ग्रहण गरी तृप्त हुन्छन् । घरमा ठट्यौलीको अद्भुद् वातावरण हुन्छ । यसरी विवाह सम्पन्न हुन्छ ।

अन्त्येष्ठि :

मृत्युपश्चात् शवलाई तुलसाको मठनेरको ठाउँ गोबरले लिपेर उत्तरतर्फ टाउको हुने गरी सुताइन्छ । छरछिमेकका मानिसलाई मलामी जाने सूचना दिइन्छ । दाहसंस्कारका सामग्रीहरू तयार पारिन्छ र बाँसको खट (अर्थी) बनाई शव त्यसमा राखी चार जनाले बोकेर श्मशान(घाट) तिर लैजान्छ । क्रियापुत्री (कर्ता) ले आफ्नो हातमा गुँइठामा आगो लगाई अगाडिअगाडि हिंड्छ । क्रियापुत्रीले खर बोक्तैन । सामान्यत्या जेठा छोरो क्रियापुत्री हुन्छ । विशेष परिस्थितिमा कान्छोले पनि दागबत्ती दिन सक्छ । सो पनि नहुनेलाई भतिजा, नाति वा नजिकको नातेदारले पनि दागबत्ती दिन सक्छ । श्मसानमा पुगेपछि एकातिर चिता तयार गरिन्छ भने अर्को तर्फ क्रियापुत्रीलाई जलाशयमा स्नान गराई कात्रो धारण गर्न तथा घैंटामा पानी बोक्न लगाइन्छ । शवलाई स्नान गराई कात्रो पहिराएर चितामा राखिन्छ । शवको शिर उत्तरतिर हुन्छ । शवको मुखमा प्रथम मुखाग्नि दिएपछि तीन पटक परिक्रमा गरिन्छ र तीनै पटक मुखाग्नि दिइन्छ । अन्तिम पटक मुखाग्नि दिएपछि दागबत्ती उत्तर दिशामा फालिन्छ । चितामा आगो दन्किन थाल्छ र जलेर खरानी भएपछि मलामीहरू देब्रे हातमा ३ र दायाँ हातमा दुई वटा आँपका साना लकडी लिई, उल्टो फर्किएर चित्तामाथि फाल्छन् । त्यसपछि जलाशयमा पुगेर मलामीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलाशयभित्र गई तीलाञ्जली दिई डुबुल्की मार्छन र भिजेकै वस्त्र लगाई क्रियापुत्रीको घरमा पुग्छन्, जहाँ ढोकामा राखिएका आगो औंलाले छोई, सुकेको खुर्सानी दाँतले टोकी आ-आफ्ना घर फर्किन्छन्। घरमा प्रवेश गर्नु अगाडि फेरि खुर्सानी चपाई हात खुट्टा धोई लुगा फेर्छन्। दोस्रो वा तेस्रो दिन नङ र कपाल कटाउँछन्। छोरी-ज्वाँइ र नातिले चौथो दिन नङ र कपाल कटाउँछन्।

श्राद्ध :

अन्त्येष्ठि-क्रियापश्चात् क्रियापुत्रीलाई एउटा छुट्टै घरमा कम्बल ओछ्याई राखिन्छ। उनको हेरचाह पत्नी वा आमाले गर्छिन्। जबसम्म श्राद्धकर्म सम्पन्न हुँदैन कर्ता वा क्रियापुत्रीले नुन खानु हुँदैन र एकछाके भई बस्नुपर्छ। चौथो दिन 'तेराइत' भन्ने कर्म हुन्छ। यस दिन छोरीपट्टिकाले नङ् र कपाल कटाउँछन्। यसै दिन श्मसानघाटमा गई महापात्र ब्राह्मणद्वारा चितालाई चिताको वरिपरि रहेको खरानीले छोपिन्छ र त्यहाँ अग्निशेष अस्थि टिपेर माटोको भाँडोमा जमा गरी सेतो वस्त्रले बाँधिन्छ। यस अस्थिलाई अनुकूल तिथिमा परिवारको कुनै सदस्यद्वारा गङ्गामा प्रवाहित गरिन्छ। खरानीले चिता छोप्ने कर्मलाई 'साराझप्पी' भनिन्छ। यसै दिन मलामीलाई भोजन गराइन्छ। सामान्यतया यो भोज चेलीबेटीले गर्नुपर्छ।

तेराइतपछि दसौं दिनमा फेरि 'नौकेश' (नङ र कपाल काट्ने) विधि हुन्छ। यो नङ र कपाल काट्ने काम मृतकको घरमा बोलाइएको हजामले गर्छ। यस दिन कर्ताले जलाशय-तटमा गई, नौकेश गराई, त्यहीं नुहाई कर्म गर्ने गर्दछन्। कर्ताको सहयोगका लागि जाने सदस्यलाई 'पाँचक' भनिन्छ। कर्तासँगै जलाशयतटमा घरपरिवारका अन्य पाँच सात जना स्नान गर्छन्। परिवारका महिला सदस्यहरूले पनि हजामिनीबाट नङ कटाउँछन्। यस दिन पनि भोजको आयोजना हुन्छ।

एघारौं दिनमा 'एकादशा' कर्म हुन्छ। आजै हो मुख्य श्राद्ध हुने। यस दिन जलाशयतटमा गराइने पिण्डदान आदि कर्म लामो हुन्छ र त्यहीं स्वर्गमा सुखशान्तिपूर्वक बस्न मृतकका लागि महापात्रलाई भाडा कुरा, गाई, बाच्छा, पलङ, डसना आदि प्रदान गरिन्छ। श्राद्धकर्मका लागि जलाशयतटमा पहिले नै खर-बाँसको घर बनाइएको हुन्छ। यसै भित्र कर्महरू हुन्छन्। जति सामग्री जलाशय तटमा दान गरिन्छ, फेरि आँगन फर्किएपछि पनि त्यति नै गर्नुपर्ने हुन्छ। आँगनमा शय्या सजाइएको हुन्छ र वरिपरि सबै बस्तु (दान) राखिएका हुन्छन्। दानदक्षिणा र ब्राह्मणभोजनपछि आफन्तहरूका लागि रात्रिभोजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयोजना हुन्छ ।

बाह्रौं दिन श्राद्धकर्मको अन्तिम दिन हो । यसदिन पनि जलाशय तटमा महापात्रले घंटौं पिण्डदान आदि गर्न लगाउँछन् । आज कर्ताले दागबत्ती दिने बेला गलामा धारण गरेको 'उत्री' (कात्रोको टुक्राको माला) महापात्रले काटिदिन्छन् । महापात्रका परिवार र खलकका सदस्यहरूलाई ब्राह्मणभोजन गराउनुपर्छ । घाटको कर्म सम्पन्न भएपछि कर्ता र पाँचक आँगन फर्किएपछि त्यहाँ नुहाई, नयाँ वस्त्र धारण गरी, पिर्का वा आसनमा बस्छन् जहाँ तिनको 'चुमाओन' हुन्छ । पुरोहित तथा श्रेष्ठजनले 'दूर्वाक्षत' दिन्छन् । तेह्रौं दिनमा क्रियापुत्री र पाँचकसहित परिवारका सदस्यले माछा-मासु खान्छन् । आज माछामासु नखाए वर्ष दिनसम्म माछामासु वर्जित हुन्छ ।

पाँच वर्षसम्म मृत्यु - तिथिका दिन नङ र कपाल कटाई, कर्मकाण्ड गरिन्छ र पाँचौं वर्षमा भोज गर्ने चलन छ ।

(ख) पञ्जि-व्यवस्था :

पञ्जि-व्यवस्थाको प्रचलन सातौं शताब्दीदेखि रहेको कुरा मीमांसासूत्रको वार्तिकमा पाइन्छ । यस प्रकारको प्रथाको जन्म ९ औं शताब्दीमा मिथिलाको पूर्वी भागमा राज्य गर्ने आदिशूरकालमा भएको उल्लेख पाइन्छ ।[1] तर कर्णाटवंशी राजा हरिसिंह देव (सिम्रौनगढ, नेपाल) ले मैथिल ब्राह्मण र कर्ण कायस्थमा वैवाहिक सम्बन्धमा रक्त शुद्धिलाई संरक्षित गर्न पञ्जिव्यवस्थालाई कठोरतापूर्वक पालन गर्न लगाएको देखिन्छ । एघारौं शताब्दीमै नान्यदेवले यस्तो प्रावधान गरेका थिए । यो मैथिल संस्कृतिको एउटा अनौठो वैशिष्ठ्य हो । यस परिपाटीले गर्दा नै आज यी दुवै जातिका सयौं वर्षका वंशवृक्ष पञ्जिकारसित रहेको पञ्जिहरूमा सुरक्षित छन् । यस व्यवस्था अन्तर्गत वर र कन्या विवाहयोग्य भएपछि दुवैका अभिभावक पञ्जिकारछेउ जान्छन् र पञ्जिकारले दुवै पक्षमध्ये वरका सात पुस्ताका तथा कन्याका पाँच पुस्ताका मातृक एवं पैत्रिक सम्बन्धभित्र वैवाहिक सम्बन्ध रहे-नरहेको हेर्छन् । सगोत्रीय वा एउटै मूल रहेका वर-कन्याबीच पनि वैवाहिक सम्बन्ध निषिद्ध छ । पञ्जिकारले पञ्जि हेरेर विवाहमा कुनै निषेध्य अवस्था नरहेको पाएपछि प्रमाणपत्र दिन्छ ।

पञ्जिव्यवस्था कायम गर्ने कारणके बताइन्छ भने तत्कालीन समयमा विदेशी राजाहरूको कठोर शासन थियो र अन्य जातिहरूले समेत नक्कली ब्राह्मण - कायस्थ बन्ने छल गर्दथे । त्यसबेला शासन प्रशासनमा पनि यी दुई जातिकै बोलबाला थियो । भनिन्छ, पण्डित हरिनाथ शर्मा नामक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणपत्नीलाई कुनैबेला शिव मन्दिरमा एउटा चाण्डालले वलात्कार गर्ने चेष्टा गरे, तर भगवानले सर्पको रूप धारण गरी उसको सतीत्वको रक्षा गरे। तर चण्डालले उसको सतीत्व नष्ट गरेको हल्ला फैलियो। ब्राह्मणीले जति सफाइ दिए पनि कसैले उसको कुरा पत्याएन र त्यसलाई किरिया खान लगाइयो र आगोमा तताइएको फलामको डण्डी छुन लगाइयो। ती ब्राह्मणीले तताइएको फलाम छोई, 'नाहं चाण्डालगामिनी' भनेर किरिया खाँदा, तिनको हात जल्यो। उनले अचम्म मानिन् र विलाप गर्दै राजाकहाँ पुगिन्। राजाका आदेश अनुसार, राजका प्रधानले फेरि किरिया खान लगाए र किरियाको भाषा फेरिदिए 'नाहं पतिव्यरिक्त चाण्डालगामिनी' (मैले पतिबाहेक अरू कुनै चाण्डालसँग गमन गरेकी छैन)। यसपालि उनलाई केही भएन। छानबिन गर्दा थाहा पाइयो, उनका पति नै चाण्डाल थिए। पं. हरिनाथ शार्मले अनाधिकारमा विवाह गरेकाले पञ्जिव्यवस्था अस्तित्त्वमा आयो।[२]

'पञ्जिप्रथाको अवधारणा अन्तर्गत पञ्जिकारहरूको नियुक्ति र मिथिलास्थ ब्राह्मण, कायस्थहरूको पञ्जिको निर्माण नान्यदेवका छैठौं पुस्ताका अन्तिम राजा हरिसिंह देव (१३२४ ई.)द्वारा विवाहविषयक अस्वजनतादि दोष-निवारणका लागि प्रयोजनवश धर्मशास्त्रानुसार एवं वैज्ञानिक आधारमा गोत्रानुसार निर्णय गरी शाके १२४५ सन् १३२४ ई. मा हिमालयतर्फ प्रस्थान गरे। प्रथम पञ्जिकार सिसववंशीय श्री शङ्करदेव मल्लिक थिए। उनीद्वारा निर्मित पञ्जि नै आदि पञ्जि भयो।'

(ग) मैथिली लोकगीत :

मिथिलामा सङ्गीतको परम्परा अत्यन्त प्राचीन र सुदीर्घ छ। मैथिली लोकगीतलाई निम्नलिखित कोटिमा विभाजित गर्न सकिन्छ :

१. धार्मिक गीत
२. संस्कार गीत
३. चाडबाड, ब्रत तिहारका गीत
४. व्यवसाय-गीत
५. ऋतुगीत
६. नाचका गीत
७. शिशुगीत
८. विविध गीत

धार्मिक गीत

यस्ता गीतअन्तर्गत गोसाउनिक गीत, नचारी, महेशवाणी, कीर्तन, विष्णुपद, परात्ती, साँझ, गङ्गाक गीत, शीतलाक गीत, ब्रह्मक गीत, गुरुक गीत र निर्गुण गरी बाह्र प्रकारका गीत पर्दछन्। ती हुन् :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोसाउनीक गीत : शाक्तभूमि मिथिलाको घरघरमा भगवतीको गह्वर हुन्छ र प्रत्येक मांगलिक अवसरमा अनिवार्य रूपले भगवतीको गीत गाइन्छ। भगवतीलाई 'गोसाउनि' भनिन्छ र भगवतीका गीतलाई 'गोसाउनिक गीत'। एउटा भगवती गीत यसप्रकार छ :

विनती सुनियौ हे महारानी, हम सब शरण मे ठाढ।
अक्षत चानन अहाँके चढायब, आरती उतारब ना ॥ वि.
बेल चमेलीक माँके हार चढायब, अढूल चढायब ना ॥
करिया छागर धूर बन्हायब, उजर चढायब ना ॥ वि.
कोन फूल पियर हे माता कोन फूल लाल हे।
कोन फूल पहिरन माँके कौन फूल शृङ्गार हे।
चम्पा फूल पियर माँ हे अढूल फूल लाल हे।
बेली फूल उजर माँ हे अढूल फूल लाल हे।
चम्पा फूल पहिरन माँ के अढूल फूल श्रृंगार हे।
पहिरि ओढिय काली मन्दिर मे ठाढ हे।
सब सखि मिलि कय पूजू माँके दुआरि हे।
पाँच-सात सखि मिलि विनिमव तोहार हे।
हमरो विनती माता सूनु बारम्बार हे।
एकटा जे आशीष दिअ अइहबक शृङ्गार हे।
युग-युग रहै पबनैतिनक सोहाग हे।
महिमा तोहर आपर हे जगजननी महिमा तोहर अपार हे।
बामे खप्पर दहिने कत्ता बहै सोनितक धार हे। महि.
पहिरन चीर, गले मुण्डमाला पैर मे नुपुर अपार हे। महि.
सूरदास प्रभु तुम्हारे दरस को सदा रहिय रखबार हे। महि.
अहाँ किये भेलहुँ कठोर हे जननी अहाँ किये भेलहुँ कठोर।
हम दुखिया माँ शरण अहाँके, अहाँ किये भेलहुँ कठोर।
अतुल कष्ट सहि जनम देल अछि, आब पोछत के नोर हे जननी।
ककरा पर हम जनम गमायब, के करती आब शोर हे जननी।
ककरापर हम जनम गमायब, के करती आब शोर हे जननी।
ककरा पर हम रूसि परायब के आब रक्षक मोर हे जननी। अहाँ.

२. नचारी : नचारी अर्थात् लाचारी। मिथिलावासी, लाचार भएर जब भगवान शिवका अगाडि आफ्नो दुःख, दैन्य, पीडाबारे गीतमा आर्तनाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछन् त्यस गीतलाई 'नचारी' भनिन्छ । वैद्यनाथ धाम जाने कमरथुआ, शिव-आराधनामा लीन भक्त, आफ्ना निर्धनता र विपत्तिको भुङ्ग्रोमा छटपटाएका कृषक यी नचारी र महेशवाणी (शिवलीला) गाउँदागाउँदै आत्मविभोर हुने के कारण छ भने नचारी गाउँदा भक्तले शिवलाई मात्र सहारा देख्छन् । एउटा नचारीका पद हेर्नुहोस् :

आजु नाथ एक व्रत महासुख लागय हे ।
आहे तोहे शिव धरू नटवेश कि डमरु बजाबहुँ हे ।
तोहे तँ कहै छ्ऽगौरा नाचय कह कोना नाचव हे ।
अमृत चूबिय भूमि खसत बघम्बर जागत हे ।
आहे होयत बघम्बर बाघ बसहा धय खायत हे ।
शिरसँ ससरि सभ साँप दहो दिश जायत हे ।
आहे कार्तिक पोसल मयूर सेहो धय खायत हे ।
जटासँ छिलकत गंग भूमि पटि जायत हे ।
आहे होयत सहस्रमुख धार समेटलो ने जायत हे ।
मुण्डलमाल टुटी खसत मसानी जागत हे ।
आहे तोहे गौरा जयब पडाय नाच के देखत हे ।
भनहि विद्यापति गाओल गाबि सुनाओल हे ।
आहे राखल गौरीके सदाशिव शङ्कर हे ।

एउटा महेशवाणीमा भनिएको :

नैना सकल गुण आगरि हे उमा बड सुकमारि
तनिका लय वर अनलंनि हे बूढ भँगिया भिखारि
घर नै दुआरी छनि कोठा बखारी
घरमे सुनल धुर भरि भाँगक बारी ।
भरि दिन भीख नहि खेती पथारी
आक धतुर विष पिवथि त्रिपुरारी ।

शिव-पार्वतीको वैवाहिक जीवनको यस चित्रमा के प्रत्येक मैथिलको हास्य अश्रु चित्रित छैन ?

कीर्तन : राम, कृष्ण, हनुमान आदिको भक्तिमा गाइने गीतलाई कीर्तन भनिन्छ । विष्णुसम्बन्धी गीतलाई 'विष्णुपद' भनिन्छ । राम-सीताको झाँकी बनाई सम्पूर्ण विवाहको दृश्यलाई राम-सीता विवाहको नाटकीकरणको रूप प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुलाई 'विवाहपरिकरण' (सं विवाहप्रकरण) भनिन्छ। यसमा वैवाहिक अवसरमा मिथिलामा गरिने सबै विधि राम-सीता गर्दछन् र मिथिलावासी पुरुष-महिलाहरूले 'दिदी-भिनाजु' सित गरिने हास्य-विनोद रामसीतासँग गरी हर्षोल्लसित हुन्छन्। यस अवसरमा पनि कीर्तन गरिन्छ। कीर्तनको आयोजन कुनैबेला, कुनै स्थानमा गर्न सकिन्छ। एउटा कीर्तन छ -

तिलक लगौने धुनुष काँधपर दूटा बालक ठाढ छै।
घूमि रहल छै जनक बागमे फूल तोडै लेल ठाढ छै।
पुछै छै त कहैछै जे अवधक राजकुमार छै।
श्याम रंग जे सब सँ सुन्दर ओएह सभक सरदार छै।
काल्हि जे बजला राजा जनकजी दुनियामे नहि वीर छै।
से सुनि कुदि उठला लक्ष्मणजी ई कोन भरी बात छै।
चुटकी सँ मलि देवइ धनुष के ई कोन भारी बात छै।
जखन रामजी धनुष तोडल मचि गेल जयजयकार छै।
संग सहेली सीताके कर सुन्दर सन जयमाल छै।

पराती : प्रातः काल ब्रह्म मूहुर्तमा गाइने हुँदा यस्ता गीतलाई पराती भनिन्छ। हुन्छन्, गायकको व्यथा-कथा हुन्छ, जीवनको नश्वरता र निःसारताको बोध हुन्छ, ईश्वर-दर्शनको लालसा हुन्छ।

मैं न जियब बिनु राम हे जानकी, मै न जियब
राम, लखन, सिया वनके सिधारल, दशरथ गये सूरधाम।
सब नरनारी दोष लगावत भल न कियो यह काम हे जानकी।
होत प्रात हमहुँ वन जायब अवधमे नहि मोहि काम।
भरत कुण्ड मे करब तपस्या कुश आसन धरि ध्यान।
जाधरि राम अबध अयोध्या न औताह ताधरि हम धरव ध्यान।

साँझ : मैथिल ललनाहरू मुन्डन, उपनयन, विवाह आदि संस्कारका अवसरमा सन्ध्याकालीन 'साँझ' गाउँछन्। तुलसाको मठमा ऐभाती स्त्रीहरू दीपक जलाउँछन् र एकस्वरमा संझामाइसित आफ्नो सौभाग्यको वरदान माग्दै, संस्कार निर्विध्न समाप्त हुने बरदान माग्छन्। सुनको दीपक, पाटको बाती, सर्स्यूको तेल, संझामाइको आनन्द-क्रीडाको चित्रण पाइन्छ। गीत प्रश्नोत्तर शैलीमा गाइन्छ।

साँझ-दिय यसुमति मइया हे साझ बीतल जाइये।
जैता कन्हैया खिसिआय हे साँझ बीतल जाइये।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथि केर दीप कथी केर बांती हे साँझ बीतल जाइये ।
सोना केर दीप पाट सूत बाती हे साँझ बीतल जाइये ।
सरिसो तेल जरय सारी राती हे साँझ बीतल जाइये ।
जरय लागल दीप चमकि गेल बाती हे साँझ बीतल जाइये ।
खेलय लगलै साँझ मइया हे साँझ बीतल जाइये ।

गङ्गा-गीत : यी गीतहरूमा भक्तले गङ्गासित दर्शन दिने र पापमुक्त पार्ने अनुनय गरेको पाइन्छ ।

शीतला-गीत : चेचकबाट सुरक्षाका लागि शीतला-गीत गाइने चलन छ । चेचकबाट जोगिन 'पाँच' दिने चलन थियो । पचनियाँले पाँचन लाग्दा शीतला-गीत गाउने चलन थियो । अहिले चेचकको भयावहता घट्नुका साथै शीतला गीतको लोकप्रियता पनि घटेको अनुभव हुन्छ ।

छोटी मोटी नीमक गाछ भुइयाँ लेटु हे ।
ताही तर शीतला मैया खेलाय हे ।
झुमरि खेलाइते है मैया टुटी गेल गिरमोहार हे ।
नहि कानी जुनि खिजू पाँचो बहिन हे ।
सोनरा बजाय देव हरबा गढाय हे ।
पटबा बजाय देव हरबा गँथाय हे ।
हरबा पहिरि मैया झुमरि खेलाय हे ।
कहत सेवक सब दुनू करजोरि हे ।
पुत्रजानी दया करू फेरु नयन हे ।

ब्रह्मका गीत (बढमगीत) : ग्रामदेवतालाई ब्रह्म वा बढमबाबा भनिन्छ । यिनैलाई डिहबार पनि भनिन्छ । यिनको पीडी गाउँमा कुनै रुखमुनि माटो हालेर बनाइन्छ । गाउँका रक्षाका लागि यिनी राति-राति गाउँको चारैतिर घुम्छन् र गाउँलाई सबै प्रकारका अनिष्टबाट बचाउँछन् । मुण्डन, उपनयन र प्रत्येक वर्ष निश्चित तिथिमा हुने डिहबार पूजाको बेला ब्रह्मको गीत गाइन्छ ।

बटिया जोहेत ब्राह्म दिन राति बीतल ।
अबैत हेता ब्राह्मण दिन राति बीतल ।
अबैत हेता ब्रह्मण बाबू सडक धै कए ।
गहवर निपय राखल गाय गोबरसँ ।
खुशी हेता ब्राह्मण बाबू आङन देखि कए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरण पूजब हम फूल अक्षत लय कए ।
धूर बन्हायब हम छागर आनि कए ।
पीअर जनउ देब, धोती पीयरमे रंगिकए ।
धूप दीप देब नैवेद्य देब आनि कए ।
आशीष देता ब्राह्मण पुत्र जानि कए ।
खुशी होएत सगर परिवार जानि कए ।

गुरुगीत : गुरुगीतमा गुरुवन्दना गरिन्छ ।

निर्गुण गीत : यिनको संख्या मिथिलामा कमै छ, तर कवीर पन्थीहरूको प्रभावले निर्गुण पनि गाइने चलन छ । यिनमा वैराग्यभावनाको प्रवलता छ ।

संस्कार गीत

जन्म संस्कारका गीत : गर्भाधानको तीन-चार महीनापछि देखि नै गर्भिणी आइमाइलाई विशेष ध्यान दिइन्छ । बोक्सीका टुनामुनाबाट बचाउन आवत-जावत बन्द गरिन्छ । सुत्केरी हुने पीडा हुन थालेपछि, उसलाई नयाँ वस्त्र, गाजल, सिन्दूर, तेल आदिले सिंगारिन्छ र सुत्केरी कोठा (सोइरी घर) मा लगिन्छ । प्रसव भएपछि बच्चा र आमालाई छ दिनसम्म सुत्केरी कोठामै राखिन्छ । सुत्केरी भएकै दिनेदेखि टुना-मुनाले बच्चालाई जोगाउन सुत्केरी कोठाको दैलामाथिको दलिनमा आँप, जामुन वा नीमको हाँगा वा जुत्ता झुन्ड्याइएको हुन्छ । एकातिर माटोको फुटेको भाँडो (खपरी) र बोर्सी बलेको हुन्छ जसमा थुकेरै कुनै मान्छे सुत्केरी कोठाभित्र छिर्नुपर्छ । ६ दिनसम्म आमा र बच्चालाई सुत्केरी कोठाभित्र राख्नुपर्ने एउटा विशेष कारण हो - 'जौंआ' ले छोने डर । 'जौंआ' दुईटा काल्पनिक मानवाकृति हुन्, जो एक डेढ बित्ता अग्ला हुन्छन् र जुम्ल्याहा हुन्छन् । यिनीहरू भर्खर जन्मिएको बच्चाको गन्ध पाएर कोठाभित्र, घर वरिपरि, गोबरको थुप्रोमाथि, जतातत अदृश्य रूपमा एक-अर्कासित लडिबुडी खेलिरहन्छन् । कसै-कसैले यी, डेढ बित्ते घातक जम्ल्याहालाई देखेका नि छन् अरे । लोक विश्वास के छ भने यी जम्ल्याहाले (जौंआले) नवजात शिशु वा आमालाई छोइ मात्रै दियो भने छोइने मान्छेको तत्काल मृत्यु हुन्छ । त्यसैले आमा र बच्चालाई एक्लै छाड्नु हुँदैन । छैठीका दिन सुत्केरी र बच्चालाई स्नान गराएर नयाँ लुगा लगाइन्छ र घरबाहिर ल्याइन्छ । (कुनै कुनै जातमा छैंठी (छठिहार) नभएर 'बरही' हुन्छ, अर्थात् प्रसवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्रौं दिनमा यो संस्कार गरिन्छ ।) यस दिन प्रसविनीको माइतबाट पहेंलो लुगा, गहना, कोसेली आउँछ र माइतबाट आएको लुगा लगाएरै सुत्केरी घरबाहिर आउँछिन् । राति सुत्केरीले सुत्केरी कोठामा पर्खालमा सिन्दूरको ५ वटा टीका लगाउँछिन् । बच्चाको सिरानमा नयाँ कलम (पाएसम्म बाँको कलम) राखिन्छ र के विश्वास गरिन्छ भने ब्रह्माले आज बच्चाको भाग्य लेख्छन् । भोज-भतेरको आयोजना गरिएको हुन्छ, जसमा माछाको परिकारको व्यवस्था अनिवार्यरूपले गर्ने चलन छ । नाता-कुटुम्ब, छर-छिमेकका स्वास्नी मानिसहरूलाई तेल-सिन्दूर बाँडिन्छ र ती सबै मिलेर 'सोहर' र 'खेलअेना' गाउँछन् ।

सोहर : घरमा सन्तानको जन्म भएपछि उल्लासपूर्वक गाइने गीतलाई सोहर भनिन्छ । लोकगीतका विभिन्न वर्गमा गीतहरूका आ-आफ्ना भिन्न छन्द र राग-रागिनी भए जस्तै सोहरको पनि आफ्नै छन्द र राग हुन्छ । यी गीतहरूमा सुत्केरीको मनोविज्ञानको मार्मिक विम्बन पाइन्छ । गर्भाधान, शारिरीक दशा प्रसवपीडा, सन्तानलालसा, नन्द-देवरका खेलठट्टा, भाउजूसँगको योचना आदि यी गीतका मुख्य विषयवस्तु हुने गर्दछन् । सोहरहरू राम कृष्ण विषयक हुन्छन् । रामसम्बन्धी सोहरहरूमा अयोध्यापति दशरथ र उनका रानीहरू पुत्रका लागि चिन्तित देखिन्छन्, पुत्रप्राप्तिपछि अन्न-धन, सुन-चाँदी लुटाउँछन् । पुत्रजन्मको सुखद समाचार पाउनासाथ देखिएको भावविह्वलताको वर्णन पनि यी सोहरमा पाइन्छ । कृष्णसम्बन्धी सोहरमा नन्द-यशोदा पुत्रका लागि चिन्तित देखिदैनन् । कृष्ण जन्म भएपछि जनताको हर्षोल्लासको वर्णन पाइन्छ र जनताको सहज उल्लाससँगै कंस-संहारकले जन्म लिएकोमा विशेष (थप) उल्लास देखिन्छ । देवकीको प्रसवदेवना, वसुदेवले सुँडिनी डाक्न गएको, नन्द र यशोदाको हर्षको सीमा नरहेको, कृष्णले आफ्नो विराट-दिव्य रूपक प्रदर्शन गरेको (शंख, चक्र, गदा, पद्म लिई प्रकट भएको) वर्णन पाइन्छ ।

शिल्पको दृष्टिले दुई किसिमको सोहर पाइन्छ । साधारण सोहर र छन्दवाला सोहर । साधारण सोहरको प्रत्येक पंक्तिमा लगभग १७ देखि २० वर्षहरू हुन्छन् । प्रत्येक पक्तिमा सामान्यतः समान वर्ण हुन्छ । छन्दवद्ध सोहरमा हरेक एकदुई पंक्तिपछि एउटा छन्द र त्यो छन्द प्रायः सवैयाका दुई पंक्ति हुन्छन् ।

काल-विस्तारको दृष्टिले पनि सोहर दुई प्रकारका हुन्छन् - दसमासी सोहर र साधारण सोहर । दसमासी सोहरमा गर्भधारणदेखि प्रसवसम्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णन हुन्छ । यस कालमा गर्भिणीको शरीर र मनमा हुने परिवर्तनका सूक्ष्म र मार्मिक वर्णन पाइन्छ । साधारण सोहरमा गर्भिणीको पुत्रलालसा, प्रसववेदना, र साह्रै पीडादायक परिणाम (प्रसव) हुने भएकोले लोग्नेसित नसुत्ने किरिया, फेरि सन्तान जन्मिएपछिको उल्लास एवं दान-पुरस्कार आदिको हृदयस्पर्शी वर्णन पाइन्छ ।

सोहर गीत सात थरिका हुन्छन् :

१) दोहद २) पुत्रलालसा ३) प्रसव पीडा
४) पति सहवास नगर्ने प्रतिज्ञा ५) उल्लास
६) इनाम बक्सिस ७) विविध

गर्भिणी अमिलो-पीरो खान बल गर्छन्, कहिलेकाहीँ चुलोको माटोसम्म खान मन लाग्छ । एउटा सोहरमा गर्भिणीको यस मनोभावको सुन्दर चित्रण भएको छ :

"शुभ नक्षत्र शुभमास र शुभ दिन बीतल हे
ललना रूकमिनी रानी हे मनेमन विहुँसथि
ललना हँसिहँसि पुछथि श्रीकृष्ण सुनहु रानी रूकमिनी हे
रानी कओने कओन फल भाबए कहिकए बुझाबहुँ हे
राजा जेठ रे वैशाख टिकोलबा, चटनिया मनभावए
राजा दाख-छहोरा ने भाबए कसौंझदेखि हुलसए हे
जेठ रे वैशाखके इमिलिया चटनिया मन भाबए रे
घर पछुअरबा मलीबा भइया तोही मोरा हित बसु रे
भइया जाहिक आनन्द वन बाग इमलिया तोडि लाबह हे"

पुत्रलालसा व्यक्त भएका सोहरहरूमा पुत्रप्राप्तिका निम्ति गरिने प्रयास, जडिबुटी खानु, साधुसन्यासीको प्रसादको लागि प्रयत्न गर्नु, देवी-देवताको भाकल गर्नु आदि र त्यसमा सफलतापछि आएको उल्लास, हुने आनन्दोत्सव आदिको वर्णन हुन्छ ।

खेलवनामा पुत्रप्राप्तिको उल्लासमा ब्राह्मण, भात मागध, बन्दीहरू, पमरियाँ, सुँडिनी (चमैन), हजामिनी आदि याचकयाचिकाहरूलाई मुक्तहृदयले धन दान दिने वर्णन हुन्छ ।

'आश्वासन' सोहरमा नन्द र भाउजूको कटुतापूर्ण सम्बन्ध देखाइएको हुन्छ । भाउजू जब प्रसवले तड्पिन थाल्छिन्, नन्दको सहयोगको अवश्यकता अनुभव गर्छिन् । भाउजुले नन्दलाई गहना आदि दिने लोभले फकाउँछिन् । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब सन्तानको जन्म भइहाल्छ, पुरस्कार दिन आलेटाले गर्न थाल्छिन्। नन्द रिसाएर दाजुसित गुनासो पोख्छिन्:, अनि दाजुले मुण्डन र उपनयनमा प्रशस्त दान दिने आश्वासन दिएर फकाउँछन्।

मुण्डन-संस्कार र त्यसका गीत : मुण्डनमा बटुक (बरूआ) को कपाल कैंचीले काटिन्छ। मुण्डन सामान्यतया बटुकको पहिलो, तेस्रो अथवा पाँचौं वर्षमा गर्ने चलन छ। मिथिलामा मुण्डन पनि दुई किसिमका हुन्छन्- जगमुण्डन र गनोरा मुण्डन। जगमुण्डन झ्याइँझ्याइँ बाजा बजाएर, सबैलाई सूचना दिएर गरिन्छ। गनोरा मुण्डनमा चूपचाप ज्यातिषीसित शुभ दिन सोधेर बटुकको कपाल कटाइन्छ र आफ्नो घरमा स्थापित भगवतीलाई खीर चढाइन्छ जसलाई 'पातरि (पातइर) दिनु' भनिन्छ।

जगमुण्डनको आरम्भ 'उदोग' (उद्योग) देखि हुन्छ। ज्योतिषीबाट निश्चित गरिएको उद्योगको शुभ दिनमा 'बरूआ' (बटुक)- को शरीरबाट सबै गहना निकालिन्छ। यस दिनदेखि मुण्डनसम्म 'बरूआ' लाई बडो पवित्रता र संयमपूर्वक राखिन्छ। यसदिन टोल-छिमेकका पुरुष नारीहरूलाई आमन्त्रित गरिन्छ। पुरुषहरूलाई पान-सुपारी तथा महिलाहरूलाई तेल-सिन्दूर वितरण गरिन्छ। 'उदोग' को दिनदेखि मुण्डनको प्रत्येक दिन सन्ध्याकाल स्त्री एवं कन्याहरू आँगन वा ओसरामा बसेर साँझ, गोसाउनि र पितृका गीत गाउँछन्। मुण्डनको पहिलो दिन कुलदेवता कुलदेवीको पूजा हुन्छ, फेरि 'ब्रह्म' (बढमबाबा वा डिहबर) को। अन्त्यमा बटुकको कपाल काटिन्छ। त्यो कपाललाई कुनै बूढी हजुरआमा, आमा दिदी, फुपू वा काकीले आफ्नो आँचलमा कपाल (पुरइन) को पात, दुबो, धान हालेर समाल्छिन् र शुभ मुहूर्तमा जलमा विसर्जित गरिदिन्छन् अथवा कुनै बाँसको झ्याङमा हालिदिन्छिन्। कपाल काटिएपछि 'बरूआ' (बटुक) लाई स्नान गराइन्छ, त्यसपछि नयाँ वस्त्र र आभूषणले शृङ्गार गरी त्यसको 'चुमाओन' गरिन्छ। त्यसपछि बरूआ (बटुक)- ले भगवतीलाई प्रणाम गर्दछ र आफूभन्दा ठूलो मान्छेलाई ढोगेर आशीर्वाद लिन्छ।

मुण्डन-संस्कारको बेला देउता र पितृ (पितर) को आराधना गरिन्छ। यस संस्कारको बेला थरिथरिका गीत गाइन्छन्। केही त आचार गीत (अनुष्ठान गीत) छन्, केही मांगलिक गीत र केही अन्य गीत छन्। आनुष्ठानिक गीतभित्र पितृका गीत, चुमाओनका गीत, मिनती (विनती) तथा अन्य गीत पर्दछन्। मांगलिक गीतभित्र साँझ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवती गीत, हनुमान गीत, पितृका गीत, ब्रह्माका गीत र अन्य प्रकारका भजन पर्दछन्। विविध गीतभित्र सोहर, खेलवना वटगवनी आदिलाई राख्न सकिन्छ। चूडाकर्ममा पहिलोपटक टुपी राखिन्छ। पितृगीतमा यसै कपाल काट्ने र टुपी हाल्ने छुरा-कैंचीको वर्णन हुन्छ। चूडाकर्म समाप्त भएपछि उपनयन भएमा कमसेकम पाँच ब्राह्मण वा जेठा कुटुम्बले हातमा दूर्वादल, धान लिए दूर्वाक्षत मन्त्र तीनपटक पढ्छन् र बटुकमाथि तीनैपटक वर्षाउँछन्। दूर्वाक्षत मन्त्रमा सिङ्गो राष्ट्रको कल्याण गर्ने शुभकामना हुन्छ-

ॐ आ ब्राह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामा
राष्ट्रे राजन्य : शूऽहषे व्योऽतिव्याधी
महारथो जायतां
दोग्ध्री धेनुर्वोढा नड्वानाशुः सप्तिः पुरन्धिर्योषा
जिण्ण रथेष्ठा : सभेयो युवास्य
यजमानस्य वीरो जायतां
निकामे निकामेनः पर्जन्यो वर्षतु।
फलवत्यो नओषधनः पच्यन्तां।
योगक्षेमो न कल्पान्तम्
मन्त्रार्था सिद्धथः सन्ति मनोरथाः।
शत्रुणां बुद्धि नाशस्तु मित्रणां मुदयस्तव :।

दूर्वाक्षत पनि 'चुमाओन' को अङ्ग हो र यस कालमा गाइने गीतलाई 'चुमाओन गीत' भनिन्छ।

चुमाओनको प्रक्रिया निम्नानुसार छन् :

चुमाओनको ठाउँलाई गोबरले लिपेर त्यसमाठि 'पिठार' (पानीमा डुबाएर फुलाएको अरबा चामललाई पिसेर बनाइएको लेदो) ले 'अरिपन' (भूमिचित्र) बनाइन्छ। त्यसै अरिपनमाथि राखिएको पिर्कामा 'बरूआ' लाई बसाएर त्यसको हातमा पान-सुपारी र केही द्रव्य राखिन्छ। त्यसको सामुन्ने बाँसले बनेको एउटा ढक्कीमा दुबो, धान, दहीको कहतारो र दीपक बलेको माटोको भाँडा राखिएको हुन्छ। केही स्वास्नीमानिसहरूले मिलेर त्यो ढक्की उठाउँछन् र 'बरूआ' (बटुक) को टाउकोमा तीनपटक स्पर्श गराउँछन्। अन्त्यमा एउटी महिलाले बटुकको निधारमा दहीको टीका लगाउँछिन्।

रामजीक चुमाओन जनकपुरमे
आङन चोआ चानन नीपल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काँच बाँसके डाला सजाओल
ताहि देल दुभि धान जनकपुरमे
अलश कलश लय पुरहर साजल
चौमुख दीप ताहि ऊपर जराओल
आयल नगरक लोक जनकपुरमे
पहिने चुमाओल रानी सुनयना
तखन सुवासिनी नगर निवासिनी
राजमीक चुमाओन जनकपुरमे ।

मिनतीः 'चुमाओन' पछि 'बटुक' ले कुलदेवीलाई प्रणाम गर्दछ । त्यसबेला गाइने गीतलाई मिनती भनिन्छ ।

मिथिलाको घर-घरमा कुनै न कुनै कुलदेवी वा कुलदेवतालाई स्थापित गरिएको हुन्छ । कुल देवताका लागि एउटा कोठा छुट्याएको हुन्छ, जसलाई 'गोसाइँ घर', 'गोसाउनिघर' वा 'भगवती घर' भनिन्छ । त्यस कोठाको एउटा कुनामा माटोको पिण्ड जस्तो बनायएको हुन्छ जसलाई 'सिर' भनिन्छ । प्रत्येक दिन त्यसलाई लिपेर फूल, अक्षता, धूप आदिले पूजा गरिन्छ । त्यसै सिरमाथि एउटा 'मौर' (मउर) झुण्ड्याइएको हुन्छ । पिण्ड (सर) को नजिक नै पर्खालमा चम्किलो धागोले बुनिएको कपडा टाँगेको हुन्छ जसलाई 'अँचरी' भनिन्छ । कुलदेवीलाई प्रसन्न गर्न दसैमा, मांगलिक अनुष्ठानहरूमा खसीको बलि दिइन्छ । कसै-कसैले भाकल गरेको हुनाले खसीको एउटा कान मात्र कुलदेवता र देवीअगाडि काटेर खसीलाई मुक्त गरिन्छ, जसलाई 'धुर बाँध्नु' भनिन्छः । देवी गीतको एउटा नमूना

विनती सुनियौ हे महारानी, हम सब शरणमे ठाढ ।
अक्षत चानन अहाँके चढायब, ओढूल फूल चढायब ना ।
करिया छागर धूर बन्हायब, उजरा चढायब ना । विन.

बटगवनी : यस अवसरमा ब्रह्म स्थानमा जाने बेलामा वा अन्य ठाउँमा जाँदा बाटोमा हिंड्दै जुन गीत महिलाहरूले समवेत स्वरमा गाउँछन्, त्यसलाई 'वटगवनी' भनिन्छ । अन्य अवसरहरूमा पनि यथा मेलापाती जाँदा, मधुश्रावणीमा फूल टिप्न जाँदा, पँधेरोबाट घैंटामा पानी लिएर फर्किदा, नवविवाहित दुलहालाई 'कोहबर घर' देखि 'गोसाउनि घरसम्म' लिएर जाँदा मैथिल ललनाहरूले 'बटगबनी' गाउने गर्दछन् । बेहुलाले बेहुलीको हात समाएर सुस्त-सुस्त हिंडिरहेका हुन्छन् र पछिपछि नवयौवनाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'बटबगनी' गाएर हृदयमा श्रृगार रसको सञ्चार गरिरहेका हुन्छन्। अधिकांश 'बटगबनी' मा प्रियतम-प्रियतमाका रस-विलास र केलिक्रीडाकै वर्णन हुन्छ र केहीमा वियोग श्रृंगारको वर्णन पनि हुन्छ :

अवधि मास छल भादव सजनी गे, निज कय गेला बुझाय।
से दिन आबि तुलायल सजनी गे, धिरज धयल ने जाय।
अति आकुल पहु बिनु सजनी गे, सुन्दर अति सुकुमारि।
अकछि हिया पथ हेरथि सजनी गे, अजहुँ ने आयल मुरारि।
खन-खन मदन दहो दिस सजनी गे, पीर उठे तन जागि।
से दुख ककरा बुझायब सजनी गे, बैसब ककरा लग जाय।
हरि गुण सुमरि बिकल भेल सजनी गे, के बुझत दुःख मोर।
विद्यापति कवि गाओल सजनी गे, आयल नन्द किशोर।

उपनयन संस्कार : यस संस्कारद्वारा ब्रह्मचारी 'बटुक' सर्वप्रथम आचार्य चरणमा विद्याध्ययनका लागि आउँछ, त्यसैले यसलाई उपनयन भनिन्छ। बटुकले मृगचर्म, मुंजको कान्दानी (करधनी), पलाशदण्ड, मेघडम्बर (बाँसको छाता), खडाउँ आदि धारण गरी श्रेष्ठजनसित भिक्षाटन गर्दछ। कुटीजस्तो मण्डप बनाइएको हुन्छ। यस अवसरमा बटुकले पहिलो पटक जनै धारण गर्दछ। उपनयन संस्कार आठौं, एघारौ वा बाह्रौं वर्षमा हुने गर्दछ।

उपनयन संस्कारको आरम्भ पनि 'उदोग' देखि हुन्छ। 'उदोग' को शुभ मुहूर्त ब्राह्मणले पात्रो हेरी निश्चित गर्दछन्। उदोगको दिन 'बटुक' ले पाँचवटा बासमा पिठार (अरबा चामल पिसेर बनाइएको लेदो) र सिन्दूर लगाउँदछ। यी पाँचवटा बाँस र अरू बाँसहरू काटेर मण्डप बनाउन लगाइन्छ। कुनै शुभ दिनमा मात्र मण्डप तयार गरिन्छ। मण्डप तयार गर्नुलाई 'मडवठ्ठी' भनिन्छ। यस्तै कुनै शुभ दिनमा बटुक (बरूआ) लाई साथ लिएर, आँचलमा बरूआको काटेको, झरेको कपाल लिएर स्वास्नीमानिस र अन्य ऐभातीहरू गीत गाउँदै कुनै तलाउबाट माटो ल्याउँछन्, जुन माटोबाट उपनयनका लागि चूलो तयार गरिन्छ। यस विधिलाई 'मेटिकोर' वा 'माटिमंगर' भनिन्छ। एक-दुई दिनपछि केही स्वास्नीमानिस जम्मा भएर चरखा चलाएर धागो झिक्छन्, जसबाट 'बटुक' को जनै तयार हुन्छ, जसलाई उसले उपनयनको दिन धारण गर्दछ। चरखाबाट धोगो झिक्ने विधिलाई 'चरखकट्टी' भनिन्छ। उपनयनभन्दा दुई दिन पहिले कुलदेवीको अगाडि केही हँसुआ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखिन्छ, यसलाई 'हसुँआ नोतब' अर्थात् 'हँसुआ निम्त्याउनु' भनिन्छ। यसको भोलिपल्ट यिनै हँसुआले कुलदेवी समक्ष खसीको बलि दिइन्छ। उपनयनभन्दा एकदिन अगाडि केही स्त्रीहरू घाम अस्ताउन लागेको बेला कुनै तलाउ वा नदीमा जान्छन् र नाङ्लोले बरूआलाई नुहाइदिन्छन्। नुहाइसकेपछि 'बरूआ' को हातबाट माटोको भाँडा द्रव्य इत्यादि पानीमा उत्सर्ग गरिन्छ। यस विधिलाई 'कुमरम' भनिन्छ। यसै दिन घरकी कुनै महिलाले नयाँ चूलोमा भात, दाल, कढी-वरी इत्यादि तयार गरी पितृहरूको भोजन तयार गरी कुनै ठाउँमा हाल्छिन्। उपनयनमा यज्ञ, हवन, भिक्षायाचना, क्षौरकर्म (छुराले केश कटाउने कर्म) हुन्छ। कपाल काटिएपछि बटुकलाई स्नान गराइन्छ र उसको 'चुमाओन' हुन्छ। चुमाओनपछि कुलादेवी, ब्रम्ह, आफ्ना श्रेष्ठजनहरू आदिलाई 'बटुक' ले ढोग्छ र आशीर्वाद लिन्छ। उपनयनको चौथो दिन राति केही लौकिक विधिहरूको सम्पादन हुन्छ जसलाई 'रातिम' भनिन्छ। उपनयनका यी सबै विधिमा गीत गाइन्छन्। यसरी उपनयनका गीतहरूलाई मूलतः तीन भागमा वर्गीकृत गर्न सकिन्छ- आनुष्ठानिक गीत, मांगलिक गीत र विविध गीत।

आनुष्ठानिक गीत अन्तर्गत बसकट्टी गीत, मडबढट्ठी गीत, माटिमंगर, चरखकट्टी, कुमरकम, भिखहरि, चुमान, मिनती आदि पर्दछन्। मांटिमंगर, चरखकट्टी, कुमरकम, भिखहरि, चुमान, मिनती आदि पर्दछन्। मांगलिक गीत अन्तर्गत साँझ, गोसाउनि गीत, हनुमान गीत, ब्रह्म गीत, पितर गीत आदि छन्। विविध गीतभित्र सोहर, खेलवना, बटगबनी आदि पर्दछन्।

बासकट्टी गीत :

कोने बाबा इहो बाँस कोपर भेल हे।
ओ जे कोने अम्मा आइरी साँठल आँगन माडब भेल हे।
आङनमे घुरथिन बडका बाबा पण्डित कतेक नोतु हे।
हँसि-हँसि कहथिन बडकी बाबी पण्डित बहुत बहुत नोतु हे।
हँसि-हँसि पुछथिन बडका बाबा धोती कते किनू हे।
मुसकैत कहथिन अपन बाबी धोती बहुत कीनु हे।

मडबठट्ठी गीत :

जन्म सुफल आइ भेल की आङन माडब भेल हे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्म सुफल ओहि बाबाक जिनका आङन माडब हे ।
जन्म सुफल ओहि बाबीक जनिका कुल पुत्र भेल हे ।
पीयरहि खड छरायब कि लाल झालरि लगायब हे ।
ताहि माडब बैसत फल्लाँ बरूआ जिनकर जनउ हैत हे ।
पहुदिस रहतनि सर सम्बन्धी की माडब सोहाओन हे ।

कुमरम वा मटिकोर गीत :

लौंग इलाइची लऽ-कऽ नोत पठौलनि, केओ ने एलनि नोतहार
नोत पुरय गेलनि फल्लाँ छिनारो, हमहीं एलहुँ नोतहार
केहन लागल लौंग इलाइची, केहन लागल पान हे
केहन लागल पाकल केरा, छिनरो बड बेइमान हे
करू लागल लौंग इलाइच, तीत लागल पान हे
बड मीठ लागल पाकल केरा, छिनरो बड बेइमान हे
फेरि दियौ लौंग इलाइची, फेरि दियौ पान हे
राखि लिय, पाकल केरा, छिनरो बड बेइमान हे

भिखहरि गीत :

मिथिलाक रूसल बरूआ काशी कथि लेल जाय ।
आगे दाइ कियो नहि हित बन्धु जे बरूआ लेल विलमाय ।
आगे दाइ बाबा से बडका बाबा बरूआ लेल विलमाय ।
बाबी से अइहब बाबी भीख नेने ठाढि ।
आगे माइ भिखो ने लियै बरूआ मुँहो सँ ने बनाय ।
पहिरय लय पियर धोती ओढय लेल मागल चादर ।
आगे माय हाथ दुनु मट्ठा मागे कान दुनु सोन ।
आगे माइ मिथिलाक रूसल बरूआ काशी किये जाय ।

यी गीतहरूमा भावापन्नतासँगै वर्णनात्मकता छ, नाटकीयता छ, संवादात्मकता छ, पितृ र आमा बाबुप्रति श्रद्धा-निवेदन छ र लौकिक विधिहरूको चर्चा छ ।

विवाह संस्कार र त्यसका गीत

विवाहको समय र मधुमय संस्कारको आरम्भ 'सिद्धान्त' देखि मानिन्छ । सिद्धान्तमा वर र कन्या पक्षका पक्षका बुजुकहरूले मिलेर विवाहको स्थान र समय आदि बारे निर्णय गर्दछन् र यस निर्णयलाई पञ्जिकारले ताडपत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखेर आफ्नो स्वीकृति प्रदान गर्दछ। समूलीये, सगोत्रीय र रक्तसम्बन्धमा विवाह वर्जित भएको हुनाले नान्यदेवको पालादेखि (एघारौं शताब्दीदेखि अहिलेसम्म) विवाहको रेकर्ड (पञ्जि) राख्ने काम पञ्जिकारले वंश-परम्परामा गर्दै आएका छन्। यो पञ्जिव्यवस्था मैथिल ब्राह्मण र कर्ण कायस्थामा मात्र छ। अरूहरूले कुरा छिन्ने कर्मलाई 'फलदान' वा 'तिलक' भन्ने पनि चलन छ। क्षयमास वा 'अतिचार' परेको बेला विवाह गरिन्न।

प्रत्येक वैवाहिक विधिका लागि गीतहरू सुनिश्चित छन् र त्यसको आधारमा गाइने गीतहरूलाई यसरी वर्गीकृत गर्न सकिन्छ :

क) वर पक्षका गीत ख) वधू पक्षका गीत ग) उभय पक्षका गीत

क) वर पक्षका गीत : १. सिरहर (कलश) भर्ने गीत, २. पचीसी (पासाजस्तो खेल) खेल्ने गीत, ३. वधूलाई डोलीबाट उतार्दाको गीत, ४. बेसार पिस्दाको गीत, ५. माछा बनाउँदाको गीत, ६. खोंइछा भर्दाको गीत ७. मुख देखाउँदाको गीत, ८. भँडफोरीको गीत, ९. अन्य विविध गीत।

ख) बधू पक्षका गीत : १. परिछन (बेहुला पर्सिने) गीत, २. आम-महुआको विवाहको गीत, ३. नैना जोगिनको गीत, ४. कन्यानिरीक्षणका गीत, ५. मातृकापूजनको गीत, ६. कानलाग्ने गीत, ७. गोत्राध्यायको गीत, ८. अठोंगरको गीत, ९. गेठबन्धन (लगनगाँठो पार्ने) को गीत, १०. सिन्दूरको गीत, ११. बेदी घुम्ने गीत, १२. लाबा भुट्ने गीत, १३. लाबा छर्ने गीत, १४. महुअक (मधुपर्क) गीत, १५. पटिया (सुकुल) फाल्ने गीत, १६. कोहबरको गीत, १८. जुट्टी खोलाइको गीत, १९. भोजनको गीत, २०. उबटन (बुकी) लगाउने गीत, २१. कंगन खोलाइको गीत, २२. चतुर्थीको गीत, २३. धोती लगाउने गीत, २४. दही खाने गीत, २५. पान-हरीर खाने गीत, २६. दह नही (दहीस्नान) को गीत, २७. छोरी विदाइको गीत, २८. अन्य विविध गीत

ग) उभय पक्षको गीत : १. पसाहनि (उच्चारण पसाहइन) को गीत, २. चुमाओनको गीत, ३. दोहरिछेकाओन (ढोका छेक्ने) गीत। ४. अन्य गीत। केहि गीत :

कुमार : छोरी विवाहयोग्य भए पनि उपर्युक्त केटोको खोजी गर्न गाउँ-गाउँ भटकिदा अपमानित हुँदा पनि लाचार पिताले उपर्युक्त वर नपाउँदाको वेदना 'कुमार गीत' मा अभिव्यक्त भएको हुन्छ। सिन्दूरदान भन्दा पूर्वका घटना र मनोदशाको मार्मिक वर्णन भएको यो गीत सिन्दूरदानभन्दा पूर्व वर-वधूको घरमा गाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारिछन : बेहुला विवाहका लागि ससुराली पहिलो पटक पुग्दा युवती र महिलाहरूले गार्हस्थ जीवनसित सम्बन्धित वस्तुहरूलाई देखाई बेहुलालाई चिन्न भन्दछन्- यथा, पीठो, अन्न आदि । ब्रह्मचर्यको आश्रमबाट गार्हस्य जीवनमा आएका वरको प्राणायमशक्तिलाई जाँच्न होला, एउटी स्त्रीले पानका कोमल पातले बेहुलाको नाक समात्छिन् र उसको गर्धनमा डोपटा (दुपट्टा) बेहेर बिस्तारै-बिस्तारै ढोकाबाट आँगनसम्म लिएर जान्छिन् । यस मनोविनोदमय श्रृंगारिक वातावरणमा गाइने गीतलाई 'परिछन' भनिन्छ ।

एक दिन सीता मन्दिर निपय गेली, धनुषा देल ओंगठाय ।
घर सँ बहार भेली माय सुनयाना, वैंस गेली देहरि झमाय ।
पूजन अयला राजा जनक जी, सीता सीता कयल पुकार ।
घर सँ बहार भय कहल सुनयना, सीता कयल अचरज आइ ।
सीता जोग वर कतहु न भेटत, सीता रहती कुमारि ।
से सुनी राजा यज्ञ कराओल, धनुषा देल तोडबाय ।
भनहि विद्यापति गाओल, शुभ दिन आबि तुलायल ।

यी गीतहरूमा मिथिलामा दुलहाले लगाउने परिधानको सजीव चित्र हुन्छ । पहेलो धोती, सेतो डोपटा, निधारमा चन्दन, आँखामा गाजल, ओठमा पानको लालिमा र नाडीमा बाँधिएको आम्रपल्लवको कंगन १

कोहबर : विवाह कार्य सम्पन्न भएपछि जुन कोठामा बेहुला-बेहुलीको प्रथम मिलन हुन्छ र जहाँ बिदाइसम्म दुवै बस्छन् त्यसलाई 'कोहबर', 'केलिगृह', वा 'कौतुक गृह' भनिन्छ । प्रणयाकुल पिपासित आत्माहरूको प्रथम मधुर मिलन हुने स्थल भएको हुदाँ यहाँ युवा हृदयलाई कुतकुत्याउने गीतहरू गाइन्छन् । कोहबर घरको साज-श्रृंगार अनौठो हुन्छ । पूरै कोठालाई पोतेर मिथिला चित्रकलाले सजाइन्छ । बीचमा कोहबर चित्र हुन्छ, एउटा कुनामा बाँस र सुगाको चित्र हुन्छ, अर्कोतिर नैना जोगिनको चित्र हुन्छ । कोठामा 'अहिबातक पातिल' ले (माटाको भाडामा दीप बलेको) अहर्निश मन्द-मन्द प्रकाश छरेको हुन्छ । त्यहीँ 'ठक-बक' (माटोले बनाइएको आश्चर्यचकित मानवाकृति) राखिएको हुन्छ । कोहबर गीतमा बेहुला-बेहुली पसिनाले निथ्रुक्क भिज्नु, बिस्ता 'बेन' (सिकीले बनेको एक किसिमको हातेपंखा) हम्कदा त्यो पनि भाँचिनु आदि यी गीतका विषयवस्तु हुन् । कोहबर सामान्यतया साँझपछि गाइन्छ । कोहबर गीत असंख्य छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको कारण के छ भने विवाह गर्न आएको बेहुलालाई मिथिलामा अनिश्चित कालसम्म राख्ने चलन छ र दुलहा जबसम्म ससुरालीमा रहन्छ उनको भोजनको रसमा वृद्धि गर्न प्रत्येक पटक षट्रस भोजन गराइन्छ र प्रत्येक भोजनकालमा कोहबर गाइन्छ। जबसम्म गीत आरम्भ हुँदैन बेहुलाले भोजन आरम्भ गर्दैन र गीत रोकियो कि बेहुलाले आधा पेट खाए पनि भोजन रोकिन्छ। जबसम्म अर्को गीत थालिंदैन, बेहुलाले भोजन आरम्भ गर्दैनन्। यो मिथिलाको कौतुकपूर्ण चलन हो। भोजनकालमा गाइने गीतहरूमा उचिती, जोग, डहकन (घोर श्रृंगारिक र कहिलेकाहीँ अश्लील पनि) जेमनार प्रमुख छन्।

उचिती : उचितीले तात्पर्य उचित व्यवहार झल्किने गीत अर्थात शिष्टाचार गीत हो। यो गीतहरूमा अतिथिको महिमा र उनको उचित सम्मान गर्न नसकिने आफ्ना असमर्थता, अकिंचनता तथा क्षमायाचना व्यक्त गरिएको हुन्छ। यी गीतहरूमा रचिपूर्वक भोजन गर्ने अनुनय गरिएको हुन्छ। मैथिल ललनाहरूको ह्दयको अनुराग, सरलता, विनम्रता, आतिथ्यप्रेम, शिष्टाचार, मधुरता आदि गुण छचल्किएका हुन्छन्।

योग : भोजन कालमै योग पनि गाइन्छ। केही योग-गीतमा पस्किएको सुस्वादु भोजनको वर्णन गरिएको हुन्छ भने केहीमा योग, टुनामुनाका कुरा पनि हुन्छन्। टुनामुना भएका गीतमा बधूले वरसित आफ्नो योगशक्तिको प्रभावको सूचना दिंदै भन्छिन् - मलाई छाडेर परदेश लाग्न खोज्नुभयो भने म मेरो योगबलले (चुम्बकीयताले) तपाईलाई तानेर राख्छु। योगभित्र केही दार्शनिक गीत पनि छन् जसमा आत्मा-परमात्माका कुराहरू छन्।

डहकन : डहकनमा वर, सम्धी-सम्धिन वा बरियात (जन्ती)लाई हास-परिहासमा अश्लील र व्यंग्यात्मक मिठा गालीहरू दिइएका हुन्छन्-

चन्दा छिप गेल लाल कोठरियामे।
फलाँ छिनरोके गाल छनि पूआ समान,
फलाँ रसिया मलिमलि कए भए गेल नेहाल।
फलाँ छिनरोके छाती छनि बेल समान,
फलाँ रसिया चढिचढि कए भए गेल नेहाल।

यी डहकनमा 'चन्दा' शब्द नारी जनेन्द्रियको प्रतीकको रूपमा आएको पाइन्छ।

उदासी : बेहुलालाई बिदा गर्दा गाइने गीत नै 'उदासी' हो। विवाहपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्वाइँ मिथिलामा सँगसँगै दुई-दुई महीनासम्म बस्छन् र यस अवसरमा सास्, ससुरा, साला, साली, जेठान सबैसित निकै घुलमेल गरिसकेका हुन्छन्, सबैका प्रिय मनोविनोदका साधन बनिसकेका हुन्छन्। त्यहीँ ज्याइँ जब बिदा हुन लाग्छन् यो उदासीको स्वर वायुमण्डलमा उठ्दछ। गाउने र सुन्ने जतिलाई रूवाउँदछ। यिनमा प्रिय पाहुनाको बिछोडमा हुने नारीहरूको व्याकुलतासँगै फेरि छिट्टै फर्किएर आउने आकुल निवेदन हुन्छ, कष्टका लागि क्षमायाचना हुन्छ र उत्कट आशक्ति हुन्छ। सम्पूर्ण वातावरणलाई अश्रुमय बनाइदिने सामर्थ्य यी 'उदासी' मा देखिन्छ।

समदाओन : कन्या बिदा हुने बेलामा समदाओन गाइन्छ। समदाओनमा आफ्नो बाबुको घर छाडी पतिगृह जान लागेकी कन्याको मनोदशासँगै परिजन-पुरजन र प्रकृतिको भावविह्वलताको मर्मबेधी अङ्कन पाइन्छ।

बड रे जतन सँ हस सियादाइके पोसलहुँ सेहो रघुवर नेने जाइ।
लाली डोलिया मे सबुजी ओहरिया लागि गेल बतीसो कहार।
एक कोस अली दुइ कोश गेली तेसरे यमुनाक धार।
सावन भादव के उमडल नदिया कोन विधि उतरब पार।
टुटि गेलै बेरबा छिटकि गेलइ बन्हन हमहुँ खसब मझधार
हेलिय डुविय हम भिडि चढि बैसलहुँ तकइत भैया केर बाट।

भूपाली : भूपालीमा कामपीडिता स्वकीया एवं परकीया नायिकाहरूको कामातुरताको अभिव्यञ्जना हुन्छ। परदेशी प्रियतमको आगमनको प्रतीक्षामा रहेकी कामातुरा प्रोषितपतिकाको मनोदशाको चित्रण नै भूपालीको विशेषता हो।

विवाहको आनन्दोत्सवमा गाइने गतिहरूमा 'तिरहुत' को अधिकता पाइन्छ।

तिरहुतः पावस ऋतुको झमझम वर्षा, आकाशमा मडारिने कालाकाला बादलु, कोहबर जान लागेकी नववधूको पाउजुको रुनझुन र समवेत नारीहरूको कण्ठबाट निर्झरित तिरहुत गीत सबै मिलेर एउटा जादूको संसारको सिर्जना गर्दछन्। विवाहको अवसरमा प्रत्येक गीतको अन्त्यमा ना, रे, हो, सजनी गे, हे सखि आदिको टेक हुन्छ।

जखन चलल रघुनन्दन रे मारिच मृग मारि।
सून भवन जानकीक रे बैसल हिया हारि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काँपथि पुछथि रघुनन्दन रे सुनु लक्ष्मण भाइ ।
आइ कतय छथि जानकी रे वन रहल नुकाइ ।
खन खन गगन विलोकथि रे खन करथि पुछारी ।
चन्द्रवदन विछरल सन रे शिर वेदन भारी ।
पल पल वितय कष्टसँ रे शिर बेदन भारी ।
पल पल वितय कष्टसँ रे वासर भेल शेष ।
सूरदास प्रभु गाओल रे चलू सीताक उदेश ।

विवाहको अवसरमा ग्वालरी, विहाग, मान, रास आदि पनि मैथिल लालनाहरूले गाउँछन् । मृत्युसंस्कारको अवसरमा सामान्यतया 'निर्गुण' गाइन्छ ।

ऋतुगीत : प्रत्येक ऋतुले प्रकृतिलाई आफ्नै रूपरङ्ग र सौन्दर्यले सजाउँदछ र प्रकृतिका यी परिवर्तित रूप अनुसार त्यसको सम्पर्कमा आउने मानिसको भावधारामा पनि परिवर्तन आउँछ । यी भाव स्वतः मलार, बाह्रमासा, छमासा, चौमासा आदि लोकगीत भएर छचल्किन्छन् ।

१. फागु : फागुन महीनामा गाइने गीतलाई फागु वा फगुआ भनिन्छ । के नारी, के पुरुष, के बालबालिका, के बृद्धबृद्धा फागुन महीनामा डफला-डम्फूमा थाप पर्नासाथ सबै यौवनको उमंगमा मात्तिएर फगुआ गाउन थाल्दछन् । एउटा अनौठो नशामा सम्पूर्ण परिवेश डुबेको हुन्छ । मालपूआ र मासुको भोजन, भांग वा सोमरसको पान, रङ र अबीरको लाली, साली-भिनाजुको रस-रङ र मुक्त स्पर्शसुख- रूप, रस, गन्ध, स्पर्श, ध्वनि जस्ता पञ्च तन्मात्राको सुखका उच्चतम आयोजनाले फागुमा प्रत्येक इन्द्रीय उद्दीप्त र तृप्त हुन्छ, फगुआ गीतमा । केही गीत घटनाप्रधान छन्, जसमा रामसीता विवाह, राधा-कृष्ण-प्रेम-प्रसङ्ग आदि छन् ।

२) केही श्रृंगारपरक गीत छन् र केही भक्तिपरक तथा केही जोगीरा हुन्छन् ।

परदेशिया लै अङना निपाबे गोरिया ।
जब परदेसिया नगर बीच आयल ।
लाले लाल पुआ पकावे गोरिया ।। परदेसिया लै ।।
जब परदेशिया दुअरे बीच आयल
लाल-रंग चदरा ओछावे गोरिया ।। परदेसिया लै ।।
जब परदेशिया पलंगपर बैसल ।
रेग अबीर उडाबे गोरिया ।। परदेसिया ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरीसँग कृष्ण खेलत होरी ।
ग्वालवालसँग कृष्ण कन्हैया
सुन्दर रंग भरी झोरी ।
बाजत आबत झाल मृदंग सब ।
सब जन आबत रस बोरी ।
गिरिधर दास गाओल बालसँग ।
युग-युग जीबओ यह जोरी ।
गौरीसँग कृष्ण ।

जोगीरा : यो प्रश्नोत्तर शैलीमा गाइन्छ । 'जोगीरा सररर', 'जोगीजी ताल न टूटे' प्रत्येक प्रश्नोत्तरसँगै अन्तमा यी पद थप्दा अद्‌भुत् दृश्य उपस्थित हुन्छ –

चैतावर : चैत महिनामा गाइने हुँदा यसलाई 'चैतावर' भनिन्छ । वासन्ती सौन्दर्यसुरभिले यी गीत मग्मगाउँदछन् । वसन्तको मदनमत्त महीनामा आफ्नो प्रियतमसित भेट्न मैथिल ललनाहरू उद्विग्न हुन्छन् । प्रियतमसित भेट्ने सौभाग्यशालीहरू आनन्दसागरमा डुबुल्की मार्दछन्, तर वियोग-विरहानलमा जल्नेहरूको हाल बेहाल हुन्छ । चैतावरले आगो वर्षाउन थाल्छ, कोइलीको स्वर पोल्छ, जून ज्वाला बन्छ । चैतावरको मूल भाव यही वेदना हुन्छ । प्रत्येक गीतको अन्तमा 'हो रामा' भन्ने टेक हुन्छ ।

आन दिन बोले कोइली भोर भिनसरवा
आजु बोले अधरतिया हो रामा
तोरे बोली सुनिके पिया मोर जागल
उठि चलल परदेशवा हो रामा ।
होइत प्रात कोइली खोंता उजारब
काटब चनन घन गछिया हो रामा ।
ई हम जनितहुँ पिया जच जायत ।
कटितहुँ रेशम के डोरिया हो राम
रेशमक डोरिया मे कोइलिया के बन्हितहुँ
रखितहुँ मुसुक चढाई हो रामा ।
सारी राति हम जागि बिताओल
भोरे गेलहुँ अलसाय हो रामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आन दिन वोले कोइली

वसन्त : प्रेम श्रृंगार र सौन्दर्य वसन्त गीतका प्राण हुन्। सम्भोग र विप्रलंभ दवैको ह्दयहारी वर्णन वसन्तमा पाइन्छ। सामान्यतः मैथिली वसन्त गीतको अन्तमा भनहि विद्यापति रितु वसन्त, ककरहु जनि होइ अमरुख कंत भन्ने पंक्ति गाभिएको पाइन्छ, यद्यपि यी पंक्तिहरू महाकवि विद्यापति रचित होइनन्।

सरस वसन्त भेल सजनी गे दखिन पबन बहु धीरे।
सपनहु रूप वचन एक भाखिय मुखसँ दूर करू चीरे।
तोहर बदन सन चान होथि नहि यदपि जनत विधि होथि।
कय बेरि काटि बनाओल नव कय तदपि तुलिन नहि होथि।
लोचन तूल कमल नहि भय सक से नहि के जग जाने।
तै पुनि जाय नुकायल जल मे पंकज एहि अपमाने।
मदन बदन परतर नहि पावथि जब भरि तोहरहि जोहि।
भनहि विद्यापति सुनु वर यौवति उपला सुभ्रय न मोहि।

४. पावस : पावस ऋतुमा गाइने यस गीतमा वर्षाको कामोद्दीपकता तथा प्रियतमवियोगको अत्यन्त मार्मिक वर्णन पाइन्छ। 'सखि रे' आदि पावस-गीतका टेक हुन् -

सखि रे विसरल मोहि मुरारी।
प्रथम आषाढ तेजल मोहि मोहन
कोन विधि खेपब अन्हारी
रिमझिम रिमझिम सावन वरसय
बैसल सो असारी सखि रे विसरल
मदन मेघ बून्द वरसय भादव
हरि विसरल गिरधारी।
आसिन कहय पुकारि हे उधो
बिसरल मोहि मुरारी
सखिरे विसरल
उधो प्राननाथ नहि आये।
आयल प्रवल दिवस ऋतु वरखा।
तापर घन घहराये॥
चितवन चौंक फटय मोर छतिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कत दिन मोहि सताये ।
कुलिश कठोर भेल हुँनि छतिया
हरि घरिया नहि आये ।
नारि विरानि जानि मोहि त्यागल
एहन आदेश चलाये ।
विसरल प्रेम पुरातन अब हरि
वर नागरि मन भाये ।
हुनकर वचन सुनब कब बाँसुरी
अमृत पाती नहि पाये ।
उधो प्राननाथ नहि आये ।

५. झूला : श्रावण शुक्ल पक्षमा मन्दिर-मन्दिरमा राम-सीता र राधा कृष्णको झूला (पिङ) लाग्दा झूला गाइन्छ । मिथिलाको आम्रकुञ्जमा पनि युवक-युवतीहरू पिङ खेल्छन् । यिनमा केलि-क्रीडा, रास, हास-परिहासको वर्णन हुन्छ :

छल मनोरथ आओत प्रथम मास अषाढ यो ।
हमर वालम किछु ने जानथि तेजि गेला विदेश यो ।
साओन हे सखि-सर्व सोहाओन फुलय बेली चमेलि यो ।
ताहि सौरभ भ्रम लुबधल करय मधुर रस केलि यो ।
भादब हे सखि रैनि भेयाओन दामिनि दमकय मेघ यो ।
बिजुली चमकय झिंगुर झनकय सुनि-सुनि हिया मोर साल यो ।
आसिन हे सखि आस लगायल डारी चानन गाछ यो ।
ताहि हिरूला पाट झुलब मिलि हरिजीक साथ यो ।

६. मलार : मलार पनि एउट वर्षाकालीन गीत हो, जसमा छन्द, लय, सङ्गीतको शब्दको माध्यमले झूला र वर्षान्तको चित्रणसँगै प्रेमको अविरल धारा छचल्किएको हुन्छ । यसका दुई भेद छन् - पावस मलार र धुरिया मलार । पावस मलार वर्षाकालमा गाइन्छ र धुलो उड्न थालेपछि सुक्खा बेलामा धुरिया मलार गाइन्छ । 'हे मधुकर', 'हे उधो हे', 'हे आली', 'आली रे', 'रे दैया', 'सखि रे' इत्यादि मलारका प्रमुख टेक हुन्-

उधो प्राननाथ नहि आये ।
आयल प्रवल दिवस ऋतु वरसा ।
तापर घन घहराये ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चितवत चौंकि फटय मोर छतिया
कत दिन मोहि सताये ।
कुलिश कठोर भेल हुँनि छतिया
हरि घरिया नहि आये ।
नारि विरानि जानि मोहि त्यागल
एहन आदेश चलाये ।
विसरल प्रेरातन अब हरि
वर नागरि मन भाये ।
हुनकर वचन सुनब कब बाँसुरी
अमृत पांती नहि पाये ।
उधो प्राननाथ नहि आये ।

५. बाह्मासा : 'बारहमासा' भनिन्छ यसलाई, किनभने यसमा बाह्रै महीनाको वर्णन हुन्छ । 'बारहमासा' पनि पावस ऋतुमै गाउने चलन छ । रोपाइँको बेला कृषकहरूले, पिङ खेल्दा युवक युवतीले, 'मचान (टाहार) माथि बसेर गृहस्थले जुनेली रातमा जब बाह्मासाको राग अलाप्न थाल्छ, समग्र सृष्टि एउटा जादूलोकमा डुबेको अनुभव हुन्छ । यस गीतमा मिलनको उत्साह र वियोगको वेदना दुवैको सम्मिलन हुन्छ । प्रकृति पनि उद्दीपन रूपमा प्रस्तुत गरिएको हुन्छ । दाम्पत्य जीवनको मधुर झलक, प्रकृतिको प्रत्येक उपादानको विरहाग्नि प्रज्वलित गर्ने उद्दीपन रूपमा प्रभावशाली चित्रण, मानव र प्रकृतिको अन्तर्सम्बन्ध, लोकभाषाको प्रयोग आदिले गर्दा बाह्मासा मिथिलामा अत्यधिक लोकप्रिय छ । अधिकांश बारहमासाको आरम्भ असार तथा चैत्र महीनाको वर्णनबाट हुन्छ, तर वैशाख, साउन, मंसिर तथा पूस महीनाको वर्णनदेखि थालिने 'बारहमासा' पनि छन् ।

केही बारहमासा राम विषयक छन्, केही कृष्ण विषयक र केही शिवविषयक । राम-सीता विषयक बारहमासामा कतै रामजानकी विवाहको प्रसङ्ग छ, कतै रामको ससुरालीप्रेमको, कतै मिथिलाकिशोरीसँग रामको हास-विलासको । तर यी सबैमा राम-सीताको व्याजले मैथिल दम्पतीको मनोभावको सुमधुर व्यञ्जना भएको छ । कृष्ण विषयक बाह्मासामा कतै राधा-विरह छ, कतै वियोगिनीको कृशकाय अवस्थाको चित्रण छ, कतै राधाको उद्धव अथवा अन्य पथिकसित कृष्णसम्म चिठी पुऱ्याइदिने अनुनय छ भने कतै राधा-कृष्णको मिलन, कृष्णगोपीको रास र नोकझोंक, ठस्का-ठस्की रिस र फकाइ, रङ-व्यङ्ग्य र हर्षोल्लास छन् । शिवविषयक बारहमासामा गार्हस्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनका घटना र समस्याहरूको सजीव चित्रण पाइन्छ। पार्वती विवाहयोग्य भएपछि पिता हिमालयको चिन्ता, वरको खोजी, मनोनुकूल ज्वाइँ नपाएपछि मासु मैनाको रिस र रोदन शिव-पार्वती परिणय, पार्वतीको कैलाश आगमन आदिको चित्रण पाइन्छ।

प्रथम मास अषाढ हे सखि उमडि चलल जलधार हे।
एहि प्रीति कारण सेतु बान्हल सिया उदेश श्रीराम हे।
सावन हे सखि शब्द सुहावन रिमझिम बरसत बुन्द हे।
सभक बलमुआ रामा घरेघरे आएल हमर बलमु परदेश हे।
भादो हे सखि रइनि भेयाओन दूजे अन्हरिया राति हे।
ठनका जे ठनकय बिजुली जे चमकय से देखि जियरा डेराय हे।
आसिन जे पूरल राम कुवरी सौतिनिङा के जे कंत राखल लोभाय हे।
कातिक हे सखि पुण्य महीना सखि सभ करू गङ्गा स्नान हे।
सब कियो पहिरय रामा पाट पटम्बर हम धनि गुदरी पुरान हे।
अगहन हे सखि हरित सोहाओन चहु दिश उपजल धान हे।
सामा चकेबा रामा खेल करय सखि से देखि जिया हुलसाय हे।
पूस हे सखि ओस बढि गेल भीजि गेल नामी नामी केश हे।
जाढ छेदय तन सुई सन छन छन थर थर काँपय करेज हे।
माघ हे सखि जाढ लगतु है, देह थर थर काँप हे॥
पिया जे रहितथि रामा कोरबा लगवितथि कटइत जाढ हमार हे।
फागुन हे सखिरंग महीना सब सखि खेलू पिया सँग हे।
जे देखि हमरो जियरा तरसय ककरा पर दिय हम रंग हे।
चैत हे सखि सब वन फूलल फूलबा तँ फूलय गुलाब हे।
सखि सब फूलय रामा पियाजी के सङ्गमे हमरो फूल मलीन हे।
बइसाख हे सखि पिया नहि आयल विरह कुहकत गात हे।
दिन जँ कटय रामा कनइत कनइत कुहुकैत बीतए सारी राति हे।
जेठ हे सखि अयला बलमजी पूरल मन केर आश हे।
सगर दिन सखि मङ्गल गाबथि रयन गमाबथि पिया साथ हे।

छमासा : यस गीतमा छ महिनाको मात्र वर्णन हुन्छ। अधिकांश गीतमा कुष्णको वियोगमा गोपीहरूको अवस्थाको वर्णन पाइन्छ।

छल मनोरथ प्रीतम आओत प्रथम मास अषाढ यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हमर बलम किछु ने जानथि तेजि गेला परदेश यो ।
साओन हे सखि-सर्व सोहाओन फुलय बेली चमेलि यो ।
ताहि सौरभ भ्रमर लुबधल करय मधुर रसकेलि यो ।
भादव हे सखि रैनि भेयाओन, दामिनि दमकय मेघ यो ।
विजुली चमकय, झिगुर झनकय सुनि-सुनि हिया मोर साल यो ।
आसिन हे सखि आस लगायत डारि चानन गाछ यो ।
ताहि हिरूला पाट झूलब, मिलि हरिजीक साथ यो ।

चौमासा : यी गीतहरूमा वियोगिनीं नायिकाको असार, साउन, भाद्र र आश्विन यी चार महीनामा हुने वियोग-वेदनाको मार्मिक चित्रण पाइन्छ । उद्दीपनको रूपमा प्रकृतिको चित्रण भएको हुन्छ ।

माघ मोहन नेह लगायल अपने चलल परदेश यो ।
ओहि रे परदेशिया रामा ओतहि गमाओल हम धनि बारि बयस यो ।
फागुन हे सखि आम मजरल कोइली सबद घमसान यो ।
कोइली शब्द सुनि हिया मोर सालय नैनासँ झहरय नोर यो ।
चैत हे सखि चित्त चंचल, यौवन भेल जीवकाल यो ।
आन धन रहितय बेचि हम खइतौं ई धन बेचलो ने जाय यो ।
बैशाख हे सखि विषय ज्वाला घामसँ भीजल शरीर यो ।
रगडि चन्दन अंग लेपितहुँ जौं गृह रहितथि कन्त यो ।

पर्व गीत : मिथिलाका लगभग सबै लोकगीतहरू मैथिल ललनाहरूद्वारा समवेत स्वरमा गाइन्छन् । पर्व गीतहरू पनि मूलतः स्त्रीहरूले गाउँछन् । प्रमुख चाडबाडमा गाइने गीतहरूलाई ६ वर्गमा विभक्त गर्न सकिन्छ- १. मधुश्रावणी, २. नागपञ्चमी, ३. छठ, ४. तुसारी, ५. बरिसाइत, ६. विविध

मधुश्रावणीका गीत : मधुश्रावणी दीर्घ दाम्पत्य सुखका लागि लिइने व्रत हो । नयाँ बेहुलीहरूले प्रत्येक वर्ष साउन शुक्ल तृतीयादेखिको दिनमा मनाइने यस पर्वमा नव वधूको घुँडामा पानको पात हालेर त्यसलाई बल्दो बातीले डामिन्छ । पछाडिबाट वधूका आँखा वरले छोपेका हुन्छन् । वधूको घुँडामा जत्ति ठूलो फोका निस्किन्छ त्यति नै भाग्यशाली र पतिप्रेम पाउने लक्षण देखिन्छ । यस अवसरमा गाइने गीतलाई मधुश्रावणीको गीत भनिन्छ ।

विनती सुनियौं हे महरानी, हम सब चरणमे ठाढ ।
अक्षत चानन अहाँके चढायब, आरती उतारब ना ।। वि.
बेली चमेलीक माँके हार चढायब, अढूल चढायब ना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करिया छागर धूर बन्हायब, उजर चढायब ना ॥

XX

कोन फूल पियर हे माता कोन फूल लाल हे ॥।

कोन फूल पहिरन माँके कौने फूल शृङ्गार हे ।

चम्पा फूल पियर माँ हे अढूल फूल लाल हे ।

बेली फूल उज्जर माँ हे ओढूल फूल लाल हे ।

चम्पा फूल पहिरन माँ के अढुल फूल श्रृंगार हे ।

पहिरि ओढिय काली मन्दिर मे ठाढ हे ।

सब सखि मिलि कय पूजू माँके दुआरि हे ।

पाँच-सात सखि मिलि विनिमव तोहार हे ॥

हमरो विनती माता सूनू बारम्बार हे ॥

एकटा जे आशीष दिअ अइहबक शृङ्गार हे ।

युग-युग रहै पबनैतिनक सोहाग हे ।

XX

महिमा तोहर अपार हे जगजननी महिमा तोहर अपार हे ।

बामे खप्पर दहिने कत्ता बहै सोनितक धार हे । महिमा

पहिरन चीर गले मुण्डमाला पैरे नुपुर अपार हे । महिमा

सुरदास प्रभु तुम्हरे दरस को सदा रहिय रखबार हे । महिमा

XX

अहाँ किये कठोर हे जननी अहाँ किये भेलहुँ कठोर

हम दुखिया माँ शरण अहाँके, अहाँ किये भेलहुँ कठोर ।

अतुल कष्ट सहि जनम देल अछि, आब पोछत के नोर हे जननी ।

ककरा पर हम जनम गमायब, के करती आब शोर हे जननी ।

ककरा पर हम रूसि पडायब के आब रक्षक मोर हे जननी । अहाँ.

गौरीक गीत :

लिय हे सुन्दरी सिन्दुरक पुरिया, ताहि लय गौरी अराधु हे ॥

लिय हे सुन्दरि फूल चानन, ताहि लय गौरी अराधु हे ।

लिय हे सुन्दरि धूप गुगुल, ताहि लय गौरी अराधु हे ।

गौरी पूजि वर मागु सुन्दरी, युग-युग रहत अहिबात हे ।

XX

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरी पूजय चललि रुक्मिणी सँग सखी दश-पाँच यो।
तीन फूल लय गौरी पूजल बेली चम्पा गुलाब यो।
तीन सुन्दुर लय गौरी पूजल मटिया अचीन यो।
तीन नैवेद्य लय गौरी पूजल केरा कटहल आम यो।
तीन वेर कलजोरी पूजब लय गङ्गाजल नीर यो॥

विसहाराक गीत :

साओन मास नागपञ्चमी भेल।
विसहरि गहबर सोहाओन भेल
केओ नीपै गहबर केओ चौपारि।
हमही अभागिन निपी दुआरि।
केओ लोढे अढुल, के ओ वेलपात।
हमहू अभागिने हरिअर दूवि।
केओ मागे अनधन, के ओ मागे पूत
हमहू अभागिन सिरक सिन्दुर।

XX

कथि के चौखण्डी माता कथी के चौपारि।
कथीके ओठङनी विसहरि खेले जुआ सारि।
सोना के चौखण्डी मैया रूपा के चौपारि।
तुलसी ओठङनी विसहरि खेले जुआ सारि।
खेलैते धूपैत विसहरि गेली अलसाय।
सिरमा बैसल भगता बेनिया डोलाय।
कहाँ तोहर आसन वासन कहाँ निज धाम।
कोन दाइक बेटी थिकौं कि थिक नाम।
मेना हमर आसन बासन बैह थिकै नाम।
गौरी दाइक बेटी थिकौं विसहरि नाम।
जोडा लागल कलश देब जोडा लागल झाँझ।
जोडे लागल छागर देव रहू एहि ठाम।
सदा दहिन रहू होइयो नै वाम।

पावनिक गीत :

पाबनि पूजु सोहागिन प्राणनाथ के सँग मे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारी कम्बल झारि गङ्गाजल काजर सिन्दुर हाथ मे।
चानन घसू मेहदी पीसू लिखू मैना पात मे।
पावनि साजी भरि-भरि आनल जाही जूही पात मे।
कतेक सुन्दरी साज साजल अछि लिखल मैना पात मे।

XX

नहुँनहुँ सखी बाती, धरकय मोर छाती।
नहुँ नहुँ पान पसारह, नहुँ नहुँ दृग दुहु झाँपह।
मधुर मधुर उठ दाह मधुर मधुर अवगाहे।
कुमर करह विधि आजे, मधुश्रावणी भेल आजे।

टेमी कालक गीत :

शीतल बहथु समीर, दहो दिश शीतल लेथू उसासे।
शीतल भानु लहु-लहु उगथु शीतल भरल अकासे।
शीतल सजनि गीत पुनि शीतल-शीतल विधि व्यवहारे।
शीतल मधुश्रावणी विधि हो शीतल वसन सिंगारे।
शीतल धृत शीतल अरू वातीशीतल कामिनि आँगे।
शीतल अगर सुशीतल चानन शीतल आबथु मागे।
शीतल कर लय नयन झपावह शीतल देलह पाने
कदली दल सन थरथर काँपय मधुश्रावणी आजे
सकल शृङ्गार समारि साजथि सब मधुमय कैल समाजे।
कमल नयनपर पानक पट दै नागर जखनहि झाँपे।
विधकरी हाथ चन्द्रकर बाती देखि सगर तन काँपे।
आजु सोहागिन सहमल बैसल मुख किये पडल उदासे।
अम्बा मुख हेरय कियै कामिनि पलपल लैह उसासे।
कुमर नयनसँ नोर बहाबह गाइनि गाबथि गीते।
बड अजगुत मधुश्रावणी विधि परम कठिन इहो रीते।

साँझ : कोन घर सँझाय गेल कोने घर दीप जरू रे।
बाबू कोने सिर कल्याण भेल लक्ष्मी दहिन भेल रे।
बडका बाबा साँझ सँझाय गेल बडकी बाबी घर दीप जरू रे॥
फल्लाँ बाबा घर सिर कल्याण भेल लक्ष्मी दहिन भेल रे।

XX

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँझ भेल घर नहि आयल कन्हैया
कथि केर दीप कथी केर बाती, कथी केर तेल जरय सारी राती।
सोने केर दीप पाट सुत बाती, सरसो तेल जरय सारी राती।
कथि केर नाव कथि केर करूआरि, कथी चढि कृष्ण जेता ससुरारि।
सोने केर नाव रूपे करूआरी, ताहि चाढि कृष्ण जेता ससुरारि।

कोबर : कोबर कोबर सुनियै हे प्रभु कोबर कोना होइ हे।
पिसू पिठार, लिखू नव पुरहर, कोबर एहन होय हे।
ताहि कोबर सासु पलंगा ओछाओल, ओलरल धिया जमाय हे।
धुरि सुतु फिरि सुतु ससुरक बेटिया अहाँ गामे गरमी बहुत हे।
हम नहि घरबै अहाँक बोलिया पर घर बाजु कुबोल हे।

नागपञ्चमी गीत : श्रावण शुक्ल पञ्चमीमा मनाइने नागपञ्चमी पर्वमा गृहिणीहरूले आ-आफ्नो घरको पर्खालमा गोबरले सर्पका आकृति बनाउँछन्। नागदेवताका लागि प्रत्येक कोठामा मन्त्रले सिद्ध गरेको लावा र दूध राखिन्छ। यसै दिन माटोको पाँच-सात पिण्ड बनाएर मानिसले घरमा राख्छन् र कसैलाई सर्पले टोक्यो भने विष झार्न यसको प्रयोग गर्छन्। सर्पदंशको भयले त्यसबाट जोगिन नागपञ्चमीका दिन नागपूजा गरिन्छ र गीत गाइन्छ।

छठको गीत : केरवा जे फरल छै घउदसँ
ओइपर सुगा मंडराय
मारबौ रे सुगवा धनुषसँ
सुगा खसल मुरूझाय
सुगनी जे कानय वियोगसँ
आदित होइयौ ने सहाय
नेमुआ जे फरल छै घउदसँ।
ओइपर सुगा मंडराय
मारबौ रे सुगवा धनुषसँ
सुगा खसय मुरूझाय
आदित होउ ने सहाय
काँचहि बाँस केर बहिंगा
ओइमे रेशमक डोर
भरिया से फल्लाँ भरिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भार नेने जाइ छै
बाटहि पुछै बटोहिया
ई भार किनकर जाइ
आन्हर होएबे रे बटोहिया
ई भार छठि माइके जाइ
ई भार दीनानाथके जाय

तुसारीको गीत : तुसारी ब्राह्मण कुमारी कन्याहरूले गर्छन् । पौष संक्रान्तिदेखि माघ संक्रान्तिसम्म हुने यस कन्यापर्वमा सूर्योदयभन्दा पूर्व नै आँगनलाई गोबरले लिपिन्छ, पाटको सानो गद्दी 'गेरुली' माथि बसेर 'पिठार' (अरबा चामल पिसेको लेदो) लिएर तुसारी पुजिन्छ । कन्याले पिठारको तीन धर्को आँगनमा तान्छिन्, फेरि एउटा रेखाले काटेर जोडको चिन्हहरू बनाउँछिन् । यिनै जोडका चिन्हमा हात राखेर कन्याले मन्त्र पढ्छिन् :

तु-तुसारी, जनम कियारी
छत्ताधारी
बाप महादेव, माय गौरी,
तिनकर बेटी हम कुमारी,
आँचर झाँपि बयन दी
नमस्ते, नमस्ते ।

कुमारीले यो मन्त्र मनमनै पढ्छिन् र त्यहाँ भएका अन्य महिलाहरूले गीत गाउँछन् । यसरी यस पर्वमा शिव-गौरीको पूजा गरेर अनुकूल वर (पति) को याचना गरिन्छ ।

बरिसाइतको गीत : पतिको दीर्घायुका लागि यस पर्वमा मैथिल ऐभातीहरूले वट-पूजा गर्छन् । भनिन्छ, जेठ अमावस्याकै दिन कुनै वटवृक्षमुनि सत्यवानको देहावसान भएको थियो र सावित्रीले आफ्नो पातिब्रत्य शक्तिद्वारा तिनलाई पुनर्जीवित गरेकी थिइन् । त्यसैले आजकै दिन बरिसाइत पूजा गर्ने चलन मिथिलामा छ । वर-पूजाको अर्थ पति-पूजा पनि हुन्छ । वरलाई पतिको प्रतीक मानी पनि वरको पूजा गरिएको हुन सक्छ । बरिसाइतको एउटा गीत छ -

जेठ मास अमावस सजनी गे सब धनि मङ्गल गाव ।
भूषण वसन ठीक करू सजनी गे रचि आँग लगाब ।
काजर रेख सिन्दूर भेल सजनी गे पहिरथु सुबुधि सयानि ।
हरखित चललि अक्षयवत सजनी गे गवितहि मङ्गल गाने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर घर नारि हकारल सजनी गे तैं आकुल सभ भेलि ।
घुरूमि घुरूमि जल ढारल सजनी गे बांटल अक्षत सुपारी ।
फतुर लाल देल आशिष सजनी गे जीबथु दुलह दुलारी ॥

विविधगीत : जन्माष्टमी, देवोत्थान, एकादशी, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, शिवरात्रि आदिमा पनि गीत गाइन्छन् ।

व्यवसाय गीत : व्यवसाय गीतअन्तर्गत चार किसिमका गीत छन् –

१. जाँतो चलाउने बेलाको गीत (लगनी)
२. गोदना गोदाउने बेलाको गीत (गोदना गीत)
३. चरखा चलाउने बेलाको गीत (चरखा गीत)
४. रोपाइँ गर्ने बेलाको गीत (चाँचर)

लगनी : महिलाहरूले जाँतो चलाउँदा गीत गाउँछन्, जसलाई लगनी भनिन्छ । यी गीतहरूमा नारीजीवनका व्यथाकथा हुन्छन् । परदेश लागेका पतिको सम्झना, नारीको पराधीनता-पीडा, बाँझको सन्तानेच्छा, सासूको कञ्जुस्याइँ र बुहार्तन, सासूले बुहारीलाई दिने गरेको यातना, बुहारीको उदारता, बुहारीको एकदिन पनि विश्राम गर्न पाउने आकांक्षा र त्यो नपाउँदाको पीडा आदि यस गीतका वर्णविषय हुन् । केही गीतमा श्रृंगारिक प्रसङ्गहरू पनि छन् ।

गोदनागीत : मिथिलामा आज पनि गोदना गोदाउने चलन छ । गोदना गोद्ने स्त्रीले गोदना गोद्दा गीत पनि गाउँछन् । गोदना गोदाउँदा हुने असह्य पीडाबाट ध्यान हटाउन गोदना गीत गाइन्छ । यो एक किसिमको सङ्गीत चिकित्सा (म्यूजिक थेर्‍यापी) हो ।

गोदना गोद्ने स्त्री प्रायः मुसलमान हुन्छन् । एउटा पातलो सुइरो तथा रड लिएर त्यसले जीउमा घोच्ने गर्दछे । सुइरो घोचिंदा पीडा हुनु स्वभाविक हो । गोदना गोदाउने बुहारीको स्वाभाविक आकांक्षा, गोदना गोदाएपछिको पीडा, गोदना गोदाउन बुहारीले सासूसित ज्यालाका लागि गर्ने अनुनय-विनय, सासुबाट त्यसको स्वीकृति, सासू र नन्दको अत्याचार, पति-प्रेम आदिको वर्णन गोदना गीतमा पाइन्छ ।

चरखा गीत : चरखा चलाउँदा जुन गीत गाइन्छ त्यसलाई चरखा गीत भनिन्छ ।

चाँचर : खेतमा रोपाइँ गर्दा गाइने गीतलाई चाँचर भनिन्छ । यो गीत प्रश्नोत्तर शैलीमा गाइन्छ । रोपाइँ गर्ने खेतालाहरूको एउटा दलले प्रश्न सोध्छ र अर्कोले उत्तर दिन्छ । यी गीतहरूमा गार्हस्थ जीवनसित सम्बन्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराहरू हुन्छन्- यथा, परिवारका सदस्यहरूमा पारस्परिक सम्बन्ध, नायिकाको मनोभावना, नायिकाको प्रेमप्रसङ्गहरू, सासु-बुहारीको र नन्द-भाउजुको कटुमधु सम्बन्ध, नन्द र भाउजूको ठट्यौली आदि चाँचर गीतका वर्ण्यवस्तु हुन् ।

बाल गीत : बाल गीतहरू जीवनसित सम्बन्धित छन् । यसभित्र स्वयं बालकहरूद्वारा गाइने गीत र बालबालिकाका लागि अरूहरूद्वारा गाइने गीत गरी दुई थरीका गीत पर्दछन् । बालबालिकाद्वारा गाइने गीतको उदाहरण मनोरञ्जन वा क्रीडागीत हुन् । बालबालिकाका लागि अन्यद्वारा गाइने गीत अन्तर्गत लोरी गीत, पलना गीत (क्रेडल साँग) तथा उबटन-तेल गीत पर्दछन् ।

क्रीडागीत : क्रीडा गीतको मुख्य उद्देश्य खेलसँगै गीतिमय मनोरञ्जन गर्नुहुन्छ । 'अटकन-मटकन,' 'झिझिरकोना,' 'इलौटिया सिलौटिया,' अट्टापट्टा, घुघआमना आदि केही क्रीडागीत छन् ।

अटकन-मटकन : बच्चाहरू खेलका लागि एक ठाउँमा जम्मा हुन्छन् र आफ्नो दुवै हत्केला भुइँमा टाँसेर बस्छन् । एउटा बच्चाले आफ्नो देब्रे हत्केला भुइँमा टाँस्छ र दायाँ हातले सबैको हातमा हलुका पाराले हान्दै लयमा पढ्छ :

अटकन-मटकन, दहिया चटकन
माघमास करैला फूले
तइ करैला नाम की ?
आमुन गोटी, जामुन गोटी
तेतरी सोहाग गोटी,
बाँस काटे ठाँइ-ठाँइ
नदी गुँगुआए
कमलक फूल दुनू अलगल जाए,
जोठी रानी छोटी रानी गेली नहाए
पएरमहक बिछिया गेलनि हेराए

जसको हातमा यो गीत पूरा हुन्छ, त्यसको हातमा हलुका किसिमले चिमोटिन्छ र चिमोदिदै सोधिन्छ- सिंगही लेबए कि मुङरी (सिंही माछा लिन्छौ किन मुङरी माछा ?) त्यसले जवाफमा 'सिंगही' भनेपछि उसले (चिमोट्नेले) उसको (जवाफ दिनेको) हात उठाएर उसको (जवाफ दिनेका) टाउकोमा राख्दछ र 'मुङरी' जवाफ दिएपछि पेटमा राख्दछ । त्यसपछि फेरि 'अटकन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मटकन' गाउन थाल्दछ । त्यो त्यसबेलासम्म यो गीत गाइरहन्छ जबसम्म सबै बच्चाको हात पेट अथवा टाउकोमा हालिसकिदैन । अन्तमा सबै बच्चा हात टाउको र पेटमा राखेर टुक्रुक्क बसेरै विस्तारै सरिरहन्छन् र पढिरहन्छन्- 'लाबा भरभर तीसी चनचन ।' केही बेरसम्म यो पढ्दै बसेर घुमिरहन्छन् । केही बेरपछि पहिले प्रश्न गर्ने केटोले बच्चाहरूसित सोध्छ- 'की गाए वियाएल ?' (के गाई व्यायो ?)

एउटाले जवाफ दिन्छ - "हँ बिआएल" । (हो व्यायो ।)

फेरि सबैले सोध्छन् - "हमरो खिरसा देब ?" (मलाई पनि बिगौती दिन्छौ ?)

त्यसले जवाफ दिन्छ - "नइँ, नइँ देब ।" (नाइँ, दिन्न ?)

यत्ति सुन्नासाथ सबै बच्चा त्यसमाथि खनिन्छन् र हलुका हलुका पिट्न थाल्छन् । त्यो बच्चा भाग्छ, अरूले लखेट्छन् । त्सलाई समात्नासाथ खेल सकिन्छ ।

अट्टापट्ट : कुनै पाको व्यक्तिले बच्चाको हत्केला आफ्नो देब्रे हत्केलामा हाली दायाँ हातले कुत्कुत्याउँदै पढ्छ -

अट्टापट्टा, बौआके सातटा बेटा
एकटा गेल गायमे, एउटा महीसमे
एकटा घोडामे, एकटा हाथीमे
एकटा गेल बकरीमे, एकटा गेल भेडामे
एकटा गेल .....

भन्दैभन्दै बच्चालाई हत्केलाबाट विस्तारै कान्छी औंलालाई कुत्कुत्याउँदै पाखुरा, कुत्कुत्याउँदै, काँखी कुत्कुत्याउन थाल्दछ । बच्चा जोरजोरले हाँस्न थाल्दछ र बच्चालाई खेलाउने मान्छे पनि खुसी हुन्छ ।

घुघुआमना : घरको कुनै बुजुक उत्तानो सुत्छ, बच्चालाई दुवै गोडामा हाली गोडा तलमाथि गर्छ र गाउँछ -

घुघुआमना
उपजे घना
बौआके छेदा देब
कान दुनू सोना
बौआ मातृक की-की बिकाय ?
आडी-टोपी, रिट्ठी बिकाय ।
ला गे मामी रिट्ठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथीके पुत कथीके ?
अनन चनन कस्तुरीके
लोक विरन्ना माटीके
पितिपितिआइन पित्तरके
आबइ छौ रे पोटबा
मारतउ दू तलबा
नव घर उठए, पुरान घर असए

आइलो-पाइलो : यो गोडाको खेल हो । केही बच्चाहरू खुट्टा फैलाएर बस्दछन् र एउटा बच्चा सबैको गोडा स्पर्श गर्दै गाउँछ -

आइलो पाइलो, धान खखराइलो
एकटा डिमहा पइली,
चुलहीमे घुसिअइली
हम मीता खइली
ताइले मीतामाय झगडा केलनि
टूका दिएल त नेलेथि
खरा दिऐन त नेलेथि
माय कनै अछि आरी-बारी
बहिन कानए फुलबारी
जे बेटखौकी नजरि लगौती
तिनको देबनि गारी
माएकें देबनि लाल सारी,
बहिनके देबनि गारी
जे बेटखौकी नजरि लगौती
तिनको देबनि अङोर
धान कूट गे रिमनी झिमनी
ठकुरा दे मनतोरिया
अबै छौ थाना सिपाहिया
माङि लेतौ रूपइया

गाउनेलाई 'मधबिखनी' भनिन्छ र अरू बच्चालाई 'जन' । यो गीत गाइसकेपछि त्यसले सबैको एउटा खुट्टा त्यसको अर्को खुट्टामाथि हालिदिन्छ । सबै बच्चाले खुट्टामाथि खुट्टा हालेर धान कुट्ने जस्तो स्वांग पार्छन् । केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेरपछि खुट्टा बजार्न बन्द गर्छन् । त्यसपछि मधबिखनी (गाउने बच्चा) पालैपालो सबैको औंला पड्काउँदै सोध्ने गर्छ- 'भात भेलो ?' (भात पाक्यो ?) त्यसले 'हँ' (हो;) भन्नसाथ च्युँडामा बिस्तारै एक मुक्का हानी त्यसको जोल्ट्याइएको गोडा छुट्याइदिन्छ । यसरी सबैका गोडा तल आउँछन्, अनि 'मधबिखनी' सबैजना पछाडि गएर पालोपालो गरी तिनको पिठ्युँ मुसार्न थाल्छ । जसले त्यो सित सोध्छ- 'की कोरैत छी ?' (के खान्छौं ?) 'मधबिखनी' ले जवाफ दिन्छ 'आदी;' (अदुवा ;) फेरि जसले सोध्छ- 'हमरो देवे ?' (मलाई पनि दिनु हुन्छ ?) 'मधबिखनी'ले जवाफ दिन्छ - 'नइँ देब ;' (दिन्न ;) यति सुन्नासाथ सबै बच्चाले 'मधबिनी' लाई कुट्न जाइलाग्छन्, त्यो भाग्छ र सबैले लखेट्छन् ।

झिझिरकोना : लुकाछिपीको यस खेलमा केही बच्चाहरू लुक्छन् र ती मध्येको एउटा बच्चाले उनलाई खोज्छन् । लुक्नेहरू लयात्मक स्वरमा पढ्दै लुक्नलाई भाग्छन्-

झिझिरकोना, झिझिरकोना,
कोन कोना जाउ ?
बेलतरके मारल बबूर कोना जाउ ।

खोज्ने बच्चालाई 'चोर' भनिन्छ । 'चोर' ले जुन बच्चालाई छोइदिन्छ त्यो 'चोर' बन्छ र अरूलाई छुन खोज्छ । यो क्रम चलिरहन्छ ।

इलौटिया-सिलौटिया : दुई बच्चा पिठ्युँमा टाँसेर दुई विपरीत दिशामा मुख गरी उभिन्छन् र एक-अर्काको पाखुरामा पाखुरा अल्झाएर पालो-पालो गरी एकले अर्कालाई उचाल्छन् र गाउँछन्-

इलौटिया, सिलौटिया
अरीच दरड्ी, मरीच दरडी

हतार-हतारमा उचाल्दा ती दुईमध्ये एउटा बच्चा लड्छ र सबै खित्का छाडी हाँस्छन् ।

गोहि-गोहि : एउटा बच्चा घरको बरण्डा (बार्दली) मा उभिन्छ र आँगनलाई पोखरी मानी अरू सबै बच्चा त्यसमा नुहाउने स्वाँग गर्छन् र गाउँछन्-

डोम-डोमिनियाँ खेल दे
कोनिया-सुपती बून दे
गोहिया पोखरीमे नहाए दे

त्यसपछि सबै बच्चाले आ-आफ्नो एउटा खुट्टामा दुवै हात राख्छन्, फेरि कम्मरमा र अन्त्यमा टाउकोमाथि र 'एतेक पानि, एतेक पानि' (यति पानी, यत्ति पानी) भन्दै नुहाउने नक्कल पार्छन् । त्यसैबेलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'गोहि' ले कसैलाई छोइदियो भने त्यो 'गोहि' बन्छ र त्यसले अरूलाई 'गोहि' बनाउन छुने उपक्रम गर्दछ ।

इयार-इयार : केही बच्चा हातेमालो गरेर एक पंक्तिमा उभिन्छन् । एउटा छेउको बच्चाले प्रश्न सोध्छ अर्को छेउकोले उत्तर दिन्छ । सबाल-जवाफको क्रम यसरी चल्छ -

इयार-इयार (यार-यार;)
की इयार ? (केयार ?)
अहाँक घोडी धान खएलक; (तपाईंको घोडीले धान खायो ?)
कितना ? (कत्ति ?)
हग्गे कितना ? (हग्यो कत्ति ?)
चोत्ते; (ल्वात्तै;)
मूते कितना ? (मुत्यो कति ?)
घैले; (घैंटाभरि;)
दूध कितना ? (दूध कति ?)
घैले; (घैटाभरि)
डाढी कितना ? (खुर्कन कति ?)
माछीक मुड़ियो ने; (झिंगाको टाउको जत्ति पनि होइन;)

यत्ति भन्दै पूरै लामका बच्चा अन्तिम छेउमा रहेको 'माछक मुडियो ने;' भन्ने बच्चाको हातमुनिबाट बाहिर निस्किन्छन् । यसरी त्यो बच्चा बाँधिन्छ । यस गीतको क्रम त्यसबेलासम्म चलिरहन्छ जबसम्म सबै बच्चा बाँधिन पुग्दैनन् । अन्त्यमा नबाँधिएको बच्चो 'चोर' बन्छ । त्यो चोर भाग्छ, सबै लखेट्छन् र सोध्छन्-

'माथपर की ?' (टाउकोमाथि के ?)
'जट्टा १' (जटा १)
'जे ताकए तकर आँखि निपट्टा १' (जसले हेर्छ त्यसको आँखा अन्धो)

सबैजना यत्ति पढ्दै, भाग्दै गर्छन् । चोरले सबैलाई समात्ने प्रयत्न गर्दछ । जो समातिन्छ त्यो चोर बन्दछ र अरूलाई समात्न खोज्दछ । यो क्रम चलिरहन्छ ।

बच्चा खेलाउने गीत

आकोचाको : मिथिलामा आमा र हजुरआमाले बच्चालाई तेल वा अपटन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(बुकी) लगाएर मालिस गरिसकेपछि, गाजलको टीका लगाइ सकेर बच्चाकै वरिपरि बल्दो दीपक फन्फनी घुमाउँदै गाउँछिन् र बच्चालाई खेलाउने चेष्टा गर्छिन् -

आकोमाइ चाको
कननी-खिजनी पाछू जा,
हासनी-खेलनी आगू आ

चन्नामामा : बच्चलाई खेलाउनेले चन्नामामालाई देखाउँदै पढ्छ -

आरे चन्ना, आरे आ,
रसकुसियार ला,
केराके भार ला,
रसकुसियार ला,
मधु मरवान ला,
खिरसा फाडि ला,
बौआके मुहँमे घुटुक १

तेल दिए तेलया : एउटा 'अपटन' (बुकी) लगाउने गीतमा भनिएको छ-

तेल दिए तेलिया,
रोग लिए बनिया
बौआ होए सतभैंया

ओल्हुसन कोल्हुसन :

बौआ ओल्हुसन
बौआ केल्हुसन
बौआ धोबियाके पाटसन
कुम्हरा के चाकसम

पलना गीत : बच्चालाई पलना वा ओछ्यानमा सुताइन्छ र त्यसको कोमल गालामा हलुका हातले धाप दिंदै सुताउने मान्छेले गीत गाउँछ-

आरे कौआ बोनसँ
बौआ खएतउ मोनसँ
आरे कौआ च'रिक'
बौआ खएतउ त'रिक'
आरे कौआ नाँचिक'
बौआ सुततै बाँचिक'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिशुगीतमा बालमनोविज्ञानको चित्रणसँगै मिथिलाको लोकजीवनको झाँकी पनि पाइन्छ ।

विविध गीत :

मिथिलाका अन्य गीतहरूमा झिझिया गीत, झररी गीत, झूमर गीत र नारी स्वतन्त्रताका गीतहरू पर्दछन् । झिझिया गीत, झररी गीत र झूमर गीतलाई नृत्य गीत पनि भन्न सकिन्छ ।

झिझिया गीत : यो गीत आश्विनको दसैंमा गाइन्छ । लोकविश्वास के छ भने दसैंमा बोक्सा-बोक्सीहरूले मसानमा गई जादू, टुनामुना सिद्ध गर्छन् र अन्य उपद्रवहरू गर्नुका अतिरिक्त मान्छेलाई मार्न पनि सक्छन् । त्यसैले स्वास्नीमानिसहरूले सबैलाई जगाइ राख्न र यस्ता बोक्सा-बोक्सीमाथि निगरानी राख्न झिझिया नृत्यको आयोजना गर्छन् । दिनमै केही स्वास्नीमानिसहरूले केही माटाका घैंटामा साना-साना प्वाल पारी राख्छन् र राति भएपछि यिनमा बल्दा दीपक हाल्छन् । एउटी स्त्रीले यी घैंताहरूलाई एकमाथि अर्को हाल्दै आठ-आठ घैंटासम्म आफ्नो टाउकोमाथि राख्छिन् र नाँच्न थाल्छिन् । अरू स्वास्नीमाथिस लर्को लागेर गीत गाउँदै पछ्याउँछन् । यिनीहरू नाच्दै-गाउँदै गाउँको परिक्रमा गरिरहन्छन् । घैंटाहरूको प्वालबाट निस्किने प्रकाशले गाउँमा अद्भूत लोकको सिर्जना गरेको हुन्छ । यस अवसरमा गाइने एउटा गीत छ-

झररी गीत : यो गीत मिथिलाका मुसलमान पुरुषहरूले मुहर्रमकोअवसरमा गाउँछन् । मुहर्रमभन्दा १५ दिन अगावैदेखि गाउँका पुरुषहरू एक ठाउँमा एकत्र हुन्छन् । दस-बाह्र जना मण्डलाकार उभिन्छन् । सबैको दुवै हातमा बाँसले बनेको एक-एक झररी हुन्छ । सबैले एकपटक आफ्नो झररीमा र अर्को पटक छेउको मानिसको झररीमा झररीले हान्दै झुकी-झुकी, झुम्दै गाउँछन् र तालमा अगाडि गोलाकार घुमिरहन्छन् । यो गीत पनि प्रश्नोत्तर शैलीमा गाइन्छ ।

झूमर : मूलतः यो सामूहिक नृत्य गीत हो । मिथिलामा दुई प्रकारका झूमर पाइन्छन् । सन्देशात्मक र भावात्मक । सन्देशात्मक झूमरमा विरहिणी नायिकाले परदेशी प्रियतमलाई भमरा, कोइली, काग आदिद्वारा आफ्नो वेदनापूर्ण सन्देश पठाउँछिन् । भावात्मक झूमरमा सन्देश नभई विर ह-वेदनाको सहज वर्णनात्मक अभिव्यक्ति पाइन्छ ।

नारी स्वतन्त्रताका गीत : केही परम्परित गीतहरूमा मैथिली नारी-मुक्तिका सन्देश पनि पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैथिली लोकगीतका केही साझा विशेषता छन् । ती हुन्-

क) यी सबै गीतमा मिथिलाको अर्थ-सामाजिक जीवनको झलक पाइन्छ । दयनीय आर्थिक अवस्थाले उत्पन्न समस्याहरू र तीनको सहज प्रतिक्रियाले उब्जिएका भावनाहरू सँगै बेमेल विवाह, बहुविवाह, नन्द र भाउजू तथा सासू-बुहारीको कलह, दरिद्रता, लाचारी, भाग्यनिर्भरता, माइतप्रतिको आसक्ति आदिको मार्मिक अभिव्यक्ति पाइन्छ ।

ख) नारी मनोविज्ञानको जत्ति मर्मभेदी चित्रण वा प्रतिबिम्बन यी लोकगीतमा पाइन्छ, अन्यत्र दुर्लभ छ । नारीको प्रत्येक रूपको चित्रण यिनमा पाइन्छ ।

ग) कतिपय गीतमा विदेशी दासताका कथा पनि छन् ।

घ) यिनमा मिथिलाको भूगोल बोल्दछ । प्रत्येक ऋतुमा देखिने प्राकृतिक छविका चित्रहरूमा मनै मुग्ध गरिदिने क्षमता छ । मिथिलामा पाइने आँप, केरा, भाँग-धतुरो, ल्वाङ, बेली-चमेली फूल, कमल, पुरइनको पात, पीपल, पाकर, अशोक, बाँस, सिकी, गोरू, बसहा, शेषनाग, माछा चकोर, दादुर, पपिहा, सुगा, काग, गङ्गा, जमुना, बलान, कमला आदिका सन्दर्भहरू बग्रेल्ती छन् ।

ङ) मिथिलाका लगभग प्रत्येक जातिको संस्कृति र देवी-देवताको ज्ञान पाइन्छ ।

च) लोकविश्वास, भोजनप्रणाली, परिधान आदिको परिचय यी गीतहरूले सजिलै दिन्छन् ।

छ) सिँगै मिथिलालाई सजीव-साकार गर्न सक्ने सामर्थ्य भएका लोकगीतमा श्रृंगार, हास्य, भयानक, शान्त, वीर, करूण आदि सबै रसको उद्रेक गराउन सक्ने क्षमता छ ।

ज) यी गीतहरूमा रूप, रस, गन्ध, स्पर्श, ध्वनि अर्थात पञ्चै तन्मात्राको प्रयोग भएको छ । यिनमा काव्यशास्त्रमा वर्णित सबै काव्यालंकारको प्रयोग भएको छ ।

बीप्सा- सुनू-सुनू हे सखि, जिया मोरा थर-थर काँपे
श्लेष - भोला केहन केलउँ दीन ?
उपमा - सीकी सन धनी पातरि, कुसुमरंग सुन्दरी
रूपक - मागके टीका पिया हमर तो,
हमर देयादिनी नवरंग चोली, देओरा चोलीक तार
ध्वन्यर्थ व्यञ्जना
उपडि घुमडि बरिसत बदरा
स्भावोक्ति : अगहन हे सखि सारि लुबधल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाँति-भाँतिक धान यौ

उत्प्रेक्षा : कोहवर घर मणिजटित पलंगपर, राजय जुगल किशोर दुलहिन दुलहन भेल परस्पर मानहुँ चन्द चकोर

आतिशयोक्ति : अम्माके कानब गङ्गा बढिया गेल, बाबा करथि विलाप

अन्योक्ति : एहन सुगा ने पोसब नेह लगएबे, सुगा हएत उडियाँत ।

१. राजेन्द्र झा, मैथिल पञ्जिव्यवस्था, सिंहवलोकन , जनकपुरधाम, सं. कुलराजधिमिरे, २०४५ पृ. ७८

२. राजेन्द्र झा, मैथिल पञ्जिव्यवस्था, सिंहवलोकन , जनकपुरधाम, सं. कुलराजधिमिरे, २०४५ पृ. २२

३. डा. शैलेन्द्र नारायण मल्लिक मिथिलाका कर्ण कायस्थ : इतिहास र सामाजिक - संस्कृतिक परम्परा, यश मिथिला, जनकपुर-१०, पृष्ठ, ४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टम अध्याय

महिलाहरूको केही व्रत-विधान र ब्रतकथा

मधुश्रावणी -

मैथिली लोकगीतहरूमा श्रावणको महिनालाई मैथिल नारीहरूका लागि प्रबल कामोद्दीपनको रूपमा चित्रित गरिएको पाइन्छ, जब उनी परदेशी प्रियतमलाई आतुरतापूर्वक पर्खिरहेका हुन्छन् - रित्तोलाग्ने ओछ्याना कोल्टा फेर्दै। यसै बेला मधुश्रावणी हुन्छ। नव विवाहिता बेहुलीले श्रावण बदी चतुर्थीको साँझमा जाइ, जुही, अमगर, तगर, नीम, दाडिम र मेहदीको पालुवा टिपेर राख्नुपर्छ। बेहुली छोरी पात टिप्न गएको बेला आमाले एउटा पवित्र काठलाई, जसमा मधुश्रावणी पूजा हुन्छ, लिपेर राख्छिन्। त्यसै कोठाको पूजास्थलमा पिठार (अरबा चामल पानीमा भिजाएर पिसेको लेदो) ले वर्गाकार अरिपन (भूमि चित्र) पनि बनाउँछिन्। अरिपनमा पश्चिमदेखि वर-बधू लागि प्रवेशद्वार छोडिएको हुन्छ। चतुष्कोण 'अरिपन' को घेराको बीचमा दुवै उत्तर र दक्षिण कुनामा 'पुरहर पातिल' (मोटोको विशिष्ट घट) राखिने ठाउँमा दुईटा गोलाकार अरिपन रहन्छ, जसमाथि बालुवा फैलाएर राखिएको हुन्छ। उत्तर दिशाको बालुवामाथि 'पुरहर' र दक्षिण दिशाको बालुवामाथि 'पातिल' राखिएको हुन्छ। पातिलमा तेल र बत्ती हालिएको दीपक हुन्छ। पुरहर-पातिलको पश्चिममा 'अरिपन' दिएर कलशको ठाउँ बनाइन्छ। एउटा नयाँ, पिठारले रंगाएको 'डाबा' (माटोको भाडाँ विशेष) माथि गोबरले बनाइएका पाँचवटा सर्प टाँसिएका हुन्छन्। पाँचवटै सर्पको मुखमा दुबो गाडिएको हुन्छ। कलशको दक्षिण दिशामा सूर्य तथा चन्द्रमाको अरिपन हुन्छ र त्यसको उत्तर दिशामा एक जोर झुण्डिएको सर्प (नागभाग) को अरिपन हुन्छ। यसको पश्चिममा नौ फूल भएको नवग्रहको अरिपन बनाइएको हुन्छ। कलशको पश्चिममा दुईवटा तीन फूल भएका अरिपन हुन्छन्। उत्तरमा कुसुमावतीका लागि र दक्षिणमा पिङ्लाका लागि। यी दुवै अरिपनमुनि बीचमा फेरि दुई-तीन फूल भएका अरिपन दिइन्छन्, उत्तरमा चनाइका लागि र दक्षिणमा लीलीका लागि। चर्नाइको अरिपनभन्दा उत्तर दिशामा मैनाको पातजस्तो अरिपन बैरसीका एकसय भाइका लागि दिइन्छन्। यसैगरी, दक्षिणमा लीलीका एकसय बहिनीका लागि एकसय एक नागिन भएको मैनाको पातजस्तो 'अरिपन' हुन्छ। यी दुवै अरिपनको बीचमा ठीक कलशको सामुन्ने सबभन्दा पश्चिम गौरीका लागि पाँच फूल भएको अरिपन हुन्छ। यस पूलको बीचका तीन फूलमा गौरीका दुवै पैंतालाका चित्र अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरी यन्त्र लेखिएको हुनुपर्छ । यी 'अरिपन' सित टाँसिएरै दक्षिण दिशामा तीन फूल भएको षष्ठिका (साठि) को अरिपन दिइन्छ ।

पूजा सामग्री :

गौरीको निर्माणका लागि बेसार, कुसुमको फूल, सिन्दूर, पान र मेथीलाई पवित्र सिलौटामा पिसेर शिवलिङ्गको आकारको प्रतिमा बनाई पिठारले रङ्गाएको एउटा सरबा (माटाको रिकापीजस्तो अञ्जुली परेको भाँडो) मा उभ्याउनुपर्छ । जाई-जुई सबै पिसेर एउटा पूंडा (पातको सानो दुनाजस्तो) मा हाल्नुपर्छ । मैना भन्ने वनस्पतिका चारवटा ठूल्ठूला पात हुनुपर्छ, जसमध्ये एउटा मैनाको पातमा पिसेको श्रीखण्ड चन्दनले एकसय र 'पिठार' ले एउटा सर्पको चित्र लेख्नुपर्छ । अर्को पातमा चाहिँ एकसय चित्र पिठारले र एउटा श्रीखण्ड लेपले कोर्नुपर्छ । यी दुवै पात बिहानी पूजाबेला उत्तरतिरको मैनाको पातबाला अरिपनमाथि राखिने छ, जसमा बढी पात चन्दनले लेखिएको माथिपट्टि तथा बढी पात पिठारले लेखिएको मुन्तिर राखिने छ । तेस्रो मैनाको पातमा सिन्दूरले एक सय र गाजलले एक नागिनका चित्र बनाउनुपर्छ । यी दुवै पात पनि बिहानीपख दक्षिण भागको मैनाको पातको आकार भएको अरिपनमाथि राखिने छ जसका धेरै (बढी) सिन्दुरबाला माथि र धेरै गाजलबाला मुनि हुनेछ । कुसुमावती, पिङला, चनाइ एवं लीलीको पूजाका लागि चारवटा केराको पातको 'पुडा' (दुना) बनाइन्छ । नैवेद्यका वस्तु अरवा चामल, च्यूरा, चुरलाई (गुँडको पाकमा बनाइएको च्यूराको लड्डु,) चिनी, लाबा, आँप, कटहर, केरा, अङ्कुरित चना आदिको व्यवस्था गरिन्छ । 'चनाइका' का लागि एउटा डलियामा अरबा, चामल, पैसा र एक कहतारो दही रहन्छ 'बिनीको पोको' का लागि धनियाँ, दूबो, बेसार, सुपारी, अलैंची, सुकमेल, जाइफल, ल्वांग, ठूलो हर्रो, सानो हर्रो, बर्रो र पैसा (प्रत्येक पन्ध-पन्ध्रवटा) यी सबैलाई एउटा 'केचुआ' (चोलो) मा बाँधी पोको पार्नुपर्छ । 'पुरहर र पातिल' (माटाका घैटा विशेष) र कलशमुनि हाल्नलाई धान रहनुपर्छ । गाईको दूध, कुसुमको फूल, पान-सुपारी, साँखसहेली, गौरीका लागि राता र पहेंला फूलका माला, नीमका पात, कागती, अमिलो दाडिम, पखुओ (आँपको कोयोभित्रको गुदी), कुश, धामीको पात इत्यादि पूजामा हुनु आवश्यक छ । बेहुलीका लागि रातो पारी भएको पहेंलो सारी र आलसको फूल रंगको लाहाको पहेंलो चुरा (लहठी) हुनु आवश्यक छ ।

पूजा आरम्भ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागपञ्चमीको दिन पूजा गर्ने बेहुली एकाबिहानै उठी, नित्य कर्मबाट निवृत्त भई, पूजाका लागि लोग्नेको घरबाट आएका सारी, लाहाको चुरा (लहठी) आदि लगाएर, हातगोडा पवित्रतापूर्वक धोई भगवलीको भक्तिगीत सुन्दै र कुल देवतालाई प्रणाम गरी पूजास्थलमा आई बस्तछिन्। त्यसपछि, पातिल, पुरहर र कलशका लागि बनाइएको अरिपनमाथि पहिले केही बालुवा हालीं जलले सिञ्चित गरेर त्यसमाथि केही धान राखी तीनैलाई यथास्थान राख्दछिन्। त्यसपछि कलशलाई जलले भरेर त्यसमाथि एउटा आँपको पल्लव हाल्दछिन्। फेरि दीप बाल्दछिन्। यति गरिसकेपछि बेहुली आफ्नो आसनमा आई बस्दछिन् र गीत गाउने महिलाहरू गौरीको गीत गाउन थाल्छन्। त्यसपछि, सरबा (माटोको अञ्जुलीजस्तो बनेको रिकापी) मा बनेको हात्तीमा चढेको गौर हुन्छ, त्यसलाई गौरीका लागि बनेको तीनवटा अरिपनमध्ये उत्तरतिरको फूलमाथि राखी लोग्नेको घरबाट आएको गौरीलाई दक्षिणतिरको फूलमाथि हाल्छिन्।

एउटा केराको पातमाथि नैवेद्य र अर्कोमाथि फूल, अच्छेता, चन्दन, बेलपत्र धूप, दीप आदिको व्यवस्था गर्छिन् र गौरी पूजा निम्न मन्त्रले पञ्चोपचार गर्छिन्।

गौरी पूजा :

अब बेहुलीले निम्नलिखित क्रममा पूजा गर्छिन् दाहिने हातको बूढी औंला र अनामिकाले सिन्दूर लिएर – "ऐली गौरी ! महामाये, चन्दन डारि तोडैत एलहुँ, सोहाग भाग बँटैत एलहुँ, फूलक माला अहाँ लिय, सोहागभाग हमरा दिय, स्वामी-पुत्रसहित गौर्यैनमः।" (ऐ. गौरी, महामाया, चन्दनको हाँगा भाँच्दै आउँनुभयो, ऐभात र भाग्य बाँड्दै आउनुभयो स्वामी पुत्रसहित गौर्यै नमः) यस मन्त्रले तीनपटक सिन्दूर दिएर गौरीको आहवान गरिन्छ, तीनैपटक मन्त्र पढ्छिन्। त्यसपछि जल लिएर 'एतानि पाद्यादिनि नमः स्वामी पुत्रसहित गौर्यैनमः।' यस मन्त्रले सरबा (माटाको रिकापी) मुनि जल दिन्छिन्। 'इदं रक्तचन्दनं नमः, स्वामी पुत्रसहित गौर्यैनमः" यस मन्त्रले रक्तचन्दन दिन्छिन्। "इदं सिन्दूरं नमः स्वामी पुत्रसहित गौर्यैनमः।" पढ्दै अञ्जुलीभरि फूल चढाउँछिन्। "एतानि विल्वपत्राणि नम : स्वामी पुत्र सहित गौर्यैनमः" पढ्दै धेरै बेलपत्र चढाउँछिन्। त्यसपछि, "इदं पुष्पमाल्यं स्वामीपुत्रसहित गौर्यैनमः" पढ्दै रातो अथवा पहेंलो फूलको माला चढाउँछिन्। त्यसपछि "एतानि गन्ध-पुष्प-धूप-दीप-ताम्बुल यथाभाग नानाविधि नैवेद्यानि नमः स्वामी-पुत्र सहित गौर्यनमः" पढ्दै नैवेद्य उत्सर्ग गर्छिन्। फेरि, "इदमाचनीयम् नमः स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रसहित गौर्यैनमः" पढेर जल हाल्छिन् । "एष रक्तपुष्पाञ्जली, नमः स्वामी पुत्रसहित गौर्यैनमः" पढेर अञ्जुलीभरि लिएर राता फूल चढाउँछिन् । यसैगरी मन्त्रहरूले लोग्नेको घरकी र माइतकी गौरीको पूजा गर्छिन् ।

कलशको पूजा :

यसपछि दुलहीले कलशको आह्वान गर्दै पढ्छिन् – 'नमः शान्तिकलश इहगच्छ इहतिष्ठ ।" "एतानि पाद्यादीनि नमः शान्ति कलशायनमः" पढ्दै जल चढाउँछिन् र महिले जसरी गौरी पूजा गरेकी थिइन् त्यसरी नै क्रमशः "इदमनुलेपनम् श्वेत चन्दनम् नमः शान्तिकलशाय नमः" भन्दै अक्षता तथा त्यसै गरी फूल, बेलपत्र, दूबो, धूप, दीप, नैवेद्य चढाउँछिन् । पुनः "इदमाचमनयम् नमः शान्ति कलशायनमः" भनेर जल, "नमः शान्ति कुम्भ महाभाग सर्व-काम-फलप्रद । पुष्पं गृहं शुभ यच्छ पूज्याधार नमोस्तुते । एष पुषाञ्जली नमः शान्ति कलशाय नमः" भनेर अञ्जुलीभरि फूल चढाएर शान्ति कलशलाई प्रणाम गर्छिन् ।

त्यसपति क्रमशः सूर्य, चन्द्रमा र नवग्रहको पूजा निम्नलिखित रूपमा "नवः सूर्य इहागच्छ इहतिष्ठ" भनी सूर्यको आह्वान गर्दै उपर्युक्त किसिमले नै "एतानि पाद्यादीनि नमः सूर्याय नमः" आदि मन्त्रहरू पढ्दै क्रमशः जल, रातो चन्दन, सिन्दूर, अक्षता, रातो फूल, बेलपत्र, दूबो, नैवेद्य चढाउँछिन्, आचमन गराउँछिन् र रातो फूलले पुष्पाञ्जली दिन्छिन् ।

"नमः चन्द्र इहागच्छ इहतिष्ठ" पढेर चन्द्रमाको आह्वान गरी उपर्युक्त किसिमले क्रमशः "नमः चन्द्राय नमः" भन्दै जल, सेतो चन्दन, अक्षता, सेतो फूल, बेलपत्र, दूबो नैवेद्य चढाई, आचमन गराएपछि अञ्जुलीभरि फूल लिएर मन्त्र पढ्दै पुष्पाञ्जली दिन्छिन् ।

तदुपरान्त पुनः अक्षता लिएर "नमो नवग्रह इहागच्छत इहतिष्ठत" भनेर चन्दन, अक्षता, फूल, बेलपत्र, दुबो, नैवेद्य आदि क्रमशः उपर्युक्त प्रकारले नै नाम उच्चारण गर्दै "नवग्रहेभ्यो नमः मन्त्र पढेर चढाउँछिन् । अन्त्यमा आचमन गराइसकेपछि पुष्पाञ्जली दिएर प्रणाम गर्छिन् ।

विषहरा पूजा :

अक्षता लिएर "नमो नाग दाम्पत्य इहागच्छत इहतिष्ठत" भनेर नागको आह्वान गरी जल दिएर एतानि पाद्यादीनि नमो नाग दाम्पतिभ्यां नमः", "इदमनु लेपनम्, इदं रक्त चन्दनं, इदमक्षतं, एतानि पुष्पाणि, इदं विल्वपत्रं, इदं दूर्वादलं, एतानि गन्ध-पुष्प-धूप-दीप-ताम्बुल, इदमाचनीयं एष पुष्पाञ्जली" भन्दै अञ्जुलीभरि फूल चढाइ नागभागलाई प्रणाम गर्छिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैसरी पूजा :

फेरि अक्षता लिएर उत्तरतिरको मैनाको पातमा "नमः शतानुजसहित वैरस्येनमः" भनेर वैसरीको आह्वान गर्छिन्। अनि जल लिएर "एतानि पाद्यादीनि नमः शतानुजसहित वैरस्ये नमः" मन्त्र पढेर जल र क्रमशः यसै गरी मन्त्र पढ्दै सेतो चन्दन, अक्षता, सेतो फूल, बेलपत्र, दूबो, धूप, दीप, नैवेद्य चढाउँछिन्। त्यसपछि जलले आचमन गराई पुष्पाञ्जली चढाएर वैरसीलाई प्रणाम गर्छिन्।

चनाइ नागको पूजा :

अक्षता लिएर वैरसीनेरको पूडा (दुना) मा "नमः चनाइ नाग इहागच्छ इहतिष्ठत" मन्त्र पढेर जल तथा यसरी नै मन्त्र पढेर क्रमशः सेतो चन्दन, सेतो फूल, बेलपत्र, दूबो, धूप, दीप, नैवेद्य चढाउँछिन्। "इदमाचनीय नमः चनाइ नागाय नमः" मन्त्रले जल र "एष पुष्पाञ्जली : नमः चनाइ नागाय नमः" मन्त्रले अञ्जुलीभरि सेतो फूलले पुष्पाञ्जली दिएर चनाइ नागलाई प्रणाम गर्छिन्।

कुसुमावती पूजा :

अब अक्षता लिएर उत्तरपूर्वको पूडा (दुना) मा "नमः कुसुमावती इहागच्छ इहतिष्ठ" मन्त्र पढेर कुसुमावतीको आह्वान गरिन्छ। त्यसपछि फेरि पूर्ववत् "एतानि पाद्यादीनि नमः कसुमावत्यै नमः" पढेर जल तथा "ईदं रक्तानुलेपनः नमः कुसुमावत्यै नमः" मन्त्रले रक्तचन्दन चढाएर क्रमशः उपर्युक्त किसिमले मन्त्र पढ्दै सिन्दूर, अक्षता, फूल, बेलपत्र, धूप, दीप, नैवेद्य चढाइन्छ। अन्त्यमा, "इदमाचमनीयं नमः कुसुमावत्यै नमः" मन्त्रले आचमन गराई, अञ्जुलीमा कुसुमका फूल लिई मन्त्र पढ्दै पुष्पाञ्जली दिएर प्रणाम गरिन्छ।

पिङ्गलाको पूजा :

अक्षता लिएर पूर्व-दक्षिणको पूडा (दुना) मा "नमः पिंगले इहागच्छ इहतिष्ठत" -मन्त्र पढेर पिंगलाको आह्वान गरिन्छ। पूर्ववत् प्रत्येक वस्तुको मन्त्र पढ्दै क्रमशः जल रक्तचन्दन, सिन्दूर, अक्षता, फूल, बेलपत्र, धूप, दीप, नैवेद्य चढाइन्छ आचमन गराइन्छ र पुष्पाञ्जली दिएर प्रणाम गरिन्छ।

लीली नागको पूजा :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि गोसाउनि (इष्टदेवी) देखि उत्तरतिरको पूडा (दूना) मा लीलीको आह्वान गरिन्छ, अक्षता लिएर "नमः लीली नागे इहागच्छ इहतिष्ठ" मन्त्र पढिन्छ । त्यसपछि पूर्वोक्तः क्रममा एक-एक वस्तुको मन्त्र पढ्दै क्रमशः जल, रक्त चन्दन, सिन्दूर, अक्षता, फूल, बेलपत्र दूबो, धूप, दीप, नैवेद्य आदि चढाइन्छ । "इदमाचमनीयम्" -मन्त्र पढेर, आचमन गराएर, अञ्जुलीभरि फूलले मन्त्र पढ्दै पुष्पाञ्जली दिइन्छ र प्रणाम गरिन्छ ।

शतभागिनीसहित गोसाउनि नागको पूजा :

अक्षता लिएर "नमः शतभागिनीसहित गोसाउनि नागे इहागच्छ इहतिष्ठ" मन्त्र पढेर दक्षिणतिरको मैनाको पातमा गासाउनिको आह्वान गरिन्छ । त्यसपछि पूवोक्त क्रममा नै जल, रक्तचन्दन, सिन्दुर, अक्षता, फूल, बेलपत्र, दूबो, धूप, दीप, नैवेद्य मन्त्र पढी-पढी चढाइन्छ, आचमन गराइन्छ । पुष्पाञ्जली दिइन्छ । पहिलो दिन टिपिएका जाइ, जुही आदि पनि गासाउनीलाई चढाएर प्रणाम गरिन्छ ।

साठिको पूजा :

त्यसपछि साठि (षष्ठिका) को पूजा गरिन्छ । सराइ र पातमा साठिको मन्त्र लेखेर गौरीको दक्षिण साठिको अरिपनमाथि राखिन्छ । फेरि "नमः पष्ठी इहागच्छ इहतिष्ठ" मन्त्रले साठिको आह्वान गरिन्छ र उपर्युक्त क्रममा नै मन्त्र पढी जल, अक्षता, सेतो फूल, बेलपत्र चढाइन्छ । त्यसपछि "एतानि दूर्बादलानि नमः षष्ठी देव्यै नमः" पढेर सकियो भने साठीवटा, होइन भने कमसेकम ६ वटा दूबो चढाइन्छ । फेरि पूर्वोक्त मन्त्र पढी आचमन गराइन्छ र अञ्जुलीभरि सेता फूल चढाएर साठिलाई प्रणाम गरिन्छ । त्यसपछि बेहुली (पूजा गर्ने) द्वारा बीनीको पोको आँचलमा राखेर निम्नलिखित पाँचवटा बीनीमन्त्र क्रमशः तीनपटक सुनिन्छ ।

बीनी-१

जहियासँ भेल मन मनारे । बिसहरि खसली शम्भु भँडारे
कानथि गौरा फोडथि ढाह । हे दाइ बिसहरि राखू नाह ।
आबि तुलाएलि पाँचो बहिनी । सकल शरीर घामि गेल बीनी
बीनी हे बिसकर्मा देलनि । देव पितरके 'देख' देलनि ।
सामिल-बाइल हरे परेखी । बेनी गुन यति कहब बिसेखी ।
आँतर-आँतर लागल मोती । मुक्ता गाछ पाटके थोपी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारिकंचन चारि मासिक वरना। से देखि माह हे; आदित भुलना।
से देखि माइ हे; मालिन भुलना। डाँटी लागि गरुडके बाला।
सोने बान्हू बाँन्ह करोडा। रूपे बान्हू गजमोती माला।
जे बिनइ तिन बिनइ सारी। गहागुही पलटा दे नारी।
अन्हरा पाबे नयन संयुक्ता। कोढिया पाबए निर्मल काया।
बाँझी नारी पाबए पुत्ता ; जे ई बीनी सुनए चित्ता।
अनधन लक्ष्मी बाढए बिनि ; जे ई बीनी सुनए मन चित्त।
तकरा वंश नै हो विष दोष। तकर पुरुख चलए लछ कोस।
जँ एहि बीनीक लागए बसात। बीख-दोख नहि आबए पास।

बीनी-२

गोसाउनि दान बडि, सोहाग बडि, आधा साओन,
जगत्र गोसाउनि, मधस्थ राजाक बेटी, जुगे कुमरक बहीन,
मधु-मधु महानाग-श्री नाग-नाग श्री दाइकँ पाँच पुत्र कोखि धारि
नाहर परतारि वैरसी वियाहि, मद्र-मनिका घरहर ढाहि, गोसाउनि
सन भाग, लीली सन सोहाग, सुननिहारिके होइन।

बीनी-३

गोसाउनि दाइकँ एक ढक छियनि,
पुरबा-पछबा बसात छियनि,
कोखिलाक सात छियनि
भमराक लात छियनि
मेघडम्बर सन छाती छियनि
मातंगवली पाँती छियनि।

बीनी-४

बीन बूनल झारिकोन,
बीनी उठल पहिल कोन।
बीनी बूनल झारि कोन,
बीनी उठल दोसर कोन।
बीनी बूनल झारि कोन,
बीनी उठल तेसर कोन।
बीनी बूनल झारि कोन,
बीनी उठल चारिम कोन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीनी उठल झारि कोन
बीनी उठल पाँचम कोन ।
चारू कोना रुना टूना भेल सम्पूर्णा ।
गौरा दाइकँ पाँचो बेटिया ।
भल दाइ शङ्कर हम हीँ जिआओल,
गौरी दाइके बेटी

बीनी-५

दीप दिपहरा जाथु धरा । मोती-मानिक भरथु धरा ।
नाग बढथु, नागिन बढथु । पाँच बहिन विषहरा बढथु ।
बाल बसन्त मैया बढथु । डाढी-खोंढी मौसी बढथु ।
आशावरी पीसी बढथु । बासुकी राजा नाग बढथु ।
वासुकिनी माए बढथु । खोना-मोना मामा बढथु ।
राही शब्द लए सूती काँसा शब्द लए उठी ।
होइत प्रात सोना कटोरामे दूध भात खाई ।
साँझ सूती प्रात उठी, पटोर पहिरी कचोर ओढी ।
ब्रह्माक देल कोदारि, विष्णुक चाँटल बाट ।
भाग-भाग रे कीडा-मकोडा । ताहीबाट अओताह
ईश्वर महादेव, पडल गरुडके ढाठ, आस्तिक
आस्तिक, गरुड, गरुड ॥

बेहुलीले कथा सुन्ने नियम

बेहुलीले ई पाँचवटै बीनी तीनपटक कथा सुन्छिन् । ई कथा तेहै दिनसम्म भिन्दाभिन्दै हुन्छन् । पहिलो दिन मौना पञ्चमीको कथा हुन्छ । कथा सुनेपछि अन्त्यमा एकपटक बाचो बीनी सुन्नुपर्छ ।

बाचो बीनी

पुरैनिक पत्ता, झिलमिल लत्ता,
ताहि चढि बैसली विषहरि मत्ता ।
हाथ सुपाडी खोंइछा पान,
बिसहरि करती शुभ कल्याण

(नोट : मन्त्रहरूको भाषा शोधको विषय हो । वर्तमान मैथिली भाषाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिले यिनलाई अर्थ्याउन गाह्रो छ ।)

बाचो बीनी पढेर पूजा गरेका देउताहरूलाई प्रणाम गरी बीनीको पोका कलशमाथि राखेर आफ्नो कुलदेवता, त्यपछि श्रेष्ठजनलाई प्रणाम गरी पूजाका लागि राखिएको सारी फेरेर नियमपूर्वक राख्नुपर्छ, किनभने यही सारी लगाएर अर्को दिन पनि पूजा गरिन्छ । त्यसपछि लोग्नेकहाँबाट पठाइएको अरबा चामल, च्यूराको लड्डू (चुरलाई), दही आदिले ऐभाती र कुमारीलाई बेहुलीले भोजन गराउँछिन् । अनि त्यसपछि मात्र आफै खान्छिन् । मधुश्रावणी पर्व हुन्जेल बेहुलीले साग खानु हुँदैन । बेलुकी जाइजुही, फूलपात टिपिसकेपछि, हातखुट्टा धोएर, पूजाका लागि राखिएको फरिया लगाएर, पोल्टा (खोंइछा-आँचल) मा बीनीको पोका लिन्छिन् र तीनपटक पाँचवटै बीनीमन्त्र सुन्छिन् । एकपटक फेरि बाचो बीनी सुनेर पातिल (माटोको भाँडो) मा दीप बाल्छिन्, धूप, दीप हाल्छिन् । गीत गाउने महिला टोलीले साँझको बेला 'साँझ-गीत' र 'कोबर गीत' गाउँछ । यसैगरी पूजाकथा मधुश्रावणी (श्रावण शुक्ल तृतीया) देखि एक दिन पूर्वसम्म भइरहन्छ । पहिलो र अन्तिम दिन बाहेक अन्य दिन ऐभाती र कुमारीलाई भोजन गराउनु अनिवार्य नभई ऐच्छिक हुन्छ ।

मधुश्रावणीभन्दा एक दिनपूर्व कथा समाप्त भएपछि कलशबाहेक अरू सबै देवताको विसर्जन हुन्छ । पहिलेको अरिपन र सबै पात, दुना (पूडा) हटाएर पूजास्थललाई लिपी, फेरि पहिलेझैँ सबै बन्दोबस्त गरिन्छ । यस दिन वर (दुलहा) को उपस्थिति अनिवार्य हुन्छ । उनलाई पर्सिन्छ । मधुश्रावणी दिन पञ्चमी दिनजस्तै सबै पूजा यथास्थानमा गरिन्छ । यस दिन वर (बेहुला) नयाँ पोसाक पहिरेर, नयाँ पाग र दुपट्टा लगाई बेहुलीको पिठ्युँमा हात हालेर पछाडि बसिरहन्छन् । लीलीलाई तेह्रवटा लीलीढक्की उत्सर्ग गरिन्छ । यी ढक्कीहरूमा निम्नलिखित परिकार हुन्छन् - अलैंची, सुकमेल, ल्वाङ, रातो र कालो धागोले बाँधिएका दुईवटा लाहाको चुरा - एउटा रातो र एउटा कालो, ऐना, काँयियो, नयाँ पहेंलो कपडामा बाँधिएको एउटा घोंघा, (मारेको संखेकिरा) जसमाथि सिन्दूर, गाजल लागेको हुन्छ । पूजा गर्ने बेहुलीको आज गौरी (पार्वती) लाई च्यूरा, दही, लाबा, अङ्कुरित चना, आँप, कटहर, केरा, लताम, कुरडी (एकप्रकारको फल गोलकाँक्रो), पनपथिया (ढक्की) आदि उत्सर्ग गर्छिन् ।

पूजा सम्पन्न भएपछि तीनपटक बीनी सुनेर श्रीकर राजाको कथा सुन्छिन्, त्यसपछि गणेशद्वारा सोहाग (ऐभात), मथ्ने कथा सुन्छिन्, त्यसपछि आँप, बेल तथा नीम - तीनवटैको काठ देब्रे हातले समातेर, देब्रे तिघ्रमनि हाली तामा (भान्साका लागि चामल नाप्न काठको ट्वाक) मा राखिएको धान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनियाँ र पानीलाई मथिरहन्छिन् । कथा समाप्त भएपछि फेरि एकपटक बीनी सुनेर उमेरको क्रमले जेठ कान्छी अनुसार दसवटा ऐभातीलाई देब्रे हातले तामा (चामल नाप्ने काठको भाँडो) बाट झिकी धान र धनियाँ सुहागको प्रतीकको रूपमा दिन्छिन् । त्यसपछि दुलहाको हातले दुलहीलाई फेरि सिन्दुर दान गराइन्छ र कुलपरम्पराअनुसार 'टेमी' (बेहुलीको घुँडा डाम्ने चलन) दिइन्छ ।

'टेमी' दिने सामग्री र विधि : सरबा (माटाको रिकापी) – १, टेमी (बत्ती) – ५, आरतका पात (बाटुलो आकारमा रातो कागजबाट काटिएका टुक्रा) – ५, पान – ७, सरबा अर्थात् माटाको रिकापीमा ध्यू हाली टेमी (बत्ती) भिजाइन्छ । बेहुलाले आफ्नो दुवै हातमा एक-एकवटा पान र आरतीको पात लिन्छन् । आरतीको पात माथि र पानको पात त्यसमुनि राखि बेहुलीका आँखा छोप्छन् । विधिकरी (विधि गराउने महिला, जो सामान्यतया भाउज्, काकी वा फुपू हुने गर्छिन्) ले बीचमा प्वाल पारिएको पानको पात तथा आरतको पात बेहुलीको दुवै घुँडा, डुडुँलो र दुवै गोडामाथि टाँस्छिन् र त्यसमाथि बीचमा प्वाल पारिएको आरतको पात टाँस्छिन् । आरतको पातको प्वालबाट छाला देखिने भएपछि एक-एकवटा जल्दो बत्ती (टेमी) पाँचै ठाउँमा टाँसिन्छ ।

त्यसपछि जल लिएर पूजित देवता र नागहरूलाई विसर्जन गरी बेहुला-बेहुली पूजास्थलबाट उठेर गोसाउनि (इष्टदेता) लाई प्रणाम गरी सिरहरमा सलामीस्वरूप सिङ्गो सुपारी चढाउँछन् । बेहुलीले ऐभाती कुमारीलाई भोजन गराएपछि त्यसदिन (त्यस राति अलिनो भोजन गर्छिन् । गौरीपूजाको प्रसादको बिलो घरघरै बाँड्छिन् । साँझमा 'साँझ' र कोबरको गीत गाइन्छ र त्यसपटि निर्माल्य विसर्जित गरिन्छ ।

कथा भाग

पहिलो दिनको कथा

मौना पञ्चमीको कथा :

एकदिन एउटी बूढी स्नान गर्न खोलामा गएपछि त्यहाँ एउटा पातमाथि केही चलमल गरेको देखिन् । त्यस जीवले बूढीलाई भन्यो – ए बुढी गाउँमा गएर गाउँलेहरूलाई आज मौना पञ्चमी हो भनेर बताऊ । आज मानिसले पाँच खेप पहेंलो माटा ल्याएर, घर-आँगन पवित्रापूर्वक लिपेर, तेलसेल लगाई स्नान गरी, आँगनमा पहेंलो माटोका पाँचवटा ढिस्का बनाउनुपर्छ । त्यसमा सिन्दूर, पिठार (अरबा चामलको लेदो) लगाएर त्यसमाथि दूबा टाँस्नुपर्छ । नयाँ भाँडामा खीर, अमिलो दहीमा मुछेको अरबा चामल (घोरजाउर) पकाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ। विषहरा (नाग) को पूजा गरेर उनलाई दूध-लाबा चढाउनुपर्छ र खीर-घेरजाउरले उत्सर्ग गर्नुपर्छ। निबुवा, आँपको सुक्खा बोक्रा, अमिलो दाडिम, नीमको पात, लङडो कुश, धामीको पात आदि चढाउनु पर्छ। यी सबै गरिसकेपछि सबैले दही मिसाएको अरबा चामल (कोत) र खीर-घोरजाउर खानुपर्छ। कोठाको ढोकामा दुवै भागमा फणा काढेका नागका चित्र बनाई तिनको मुखमा दही र दूबो लगाइदिनु पर्छ। जो कसैले यस किसिमले पूजा गर्छ त्यसको सबै प्रकारले कल्याण हुन्छ, जसले गर्दैन त्यसको हानि हुन्छ।

नुहाएर फर्किएपछि बुढीले गाउँमा सबैलाई यो कुरा सुनाइन्। गाउँमा केही व्यक्तिले यो कुरा पत्याए र भनेअनुसार गरे। केहीलाई कुरा असत्य जस्तो लाग्यो र उनले हाँसेर टारिदिए। ज-जसले पत्याएर यो पर्व गरे तिनको कल्याण भयो, ज-जसले गरेनन्, रातभरिमै मरिहाले। गाउँमा खैलाबैला मच्चियो। केही सीप नलागेर सबैजना फेरि बूढीकहाँ आए र मुर्दाहरू फेरि बाँच्ने उपाय सोधे। बूढीको बुद्धिले काम नगरेपछि उनी फेरि खोला किनारमा आइन्। त्यहाँ चिल्लो पातमा तिनै पाँचै जीव लहलह गर्दै थिए। ती पाँचै दिदीबहिनी विषहरा थिए। बूढीले तिनलाई प्रणाम गरिन् र गाउँको पूरा वृत्तान्त सुनाएर मरेकाहरू फेरि जिउँदा हुने मेलो सोधिन्।

विषहराले भनिन् - "उनीहरू मैले भनेअनुसार पर्व नगरेका हुनाले मरे। अब एउटामात्र उपाय छ। गाउँमा कसैको कसौंडी वा कराहीमा खीर-घोरजाउर टाँसिएको बाँकी रहेछ भने त्यसलाई घोलेर मुर्दाहरूलाई चटाइदिनु र उनीहरू जीवित भएपछि के सुनाइदिनु भने आउँदो पञ्चमीका दिन फेरि नागपञ्चमी हुनेछ। त्यस दिन सबैले नियमपूर्वक पर्व गरेपछि कल्याण हुनेछ।

बूढीले घरैघर कराहीमा टाँसिएर रहेको खीर-घोरजाउर खोजी मुर्दाहरूलाई चटाइन् सबै 'राम-राम' गरी उठे। अब उनीहरूले पनि विषहराले भनेजस्तो पर्व गर्न थाले र आनन्द साथ बस्न थाले। ती मुर्दाहरू फेरि बाँचेका हुनाले र नागपञ्चमी ब्रत गरेका हुनाले 'मरडए' कहलाए।

विषहराको जन्म :

एकदिन महादेव गौरीसँग सरोवरमा जलक्रीडा गरिरहनु भएको थियो। संयोगले महादेव कामावेगले उत्तेजित भए र उनको वीर्य स्खलन भयो। महादेवले त्यो वीर्यका थोपा पुरइन (कमलिनी) को पातमा हालिदिए। त्यसै वीर्यले विषहरा पाँचै दिदीबहिनीको जन्म भयो। महादेवको माया यी पाँचै दिदीबहिनीमा हुनु बहुत स्वाभाविक थियो। उनी नित्य त्यस सरोवरमा स्नान गर्न जान्थे र धेरैबेरसम्म ती सर्पका बच्चासँग खेलिरहन्थे। आइमाइको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन, गौरीलाई शंका लाग्यो। आखिर महादेव यतिबेलासम्म पोखरीमा के गरिरहनुहुन्छ ? एकदिन उनी महादेवका पछि-पछि लागेर जाँदा के देखिन् भने महादेव त सर्पका बच्चाहरूसँग खेल्दा रहेछन्। यो देखेर गौरी रिसले भुतुक्कै भइन्। उनीले सर्पका बच्चालाई कुर्कुच्चाले कुल्चीकुल्ची मार्न र मिल्काउन थालिन्। महादेवले रोके, भने, यिनी मार्न लायकका छैनन्, यी सबै तिम्रा छोरीहरू हुन्। यिनीहरूले तिमीलाई अनेक सङ्कटबाट बचाउने छन्। मृत्युभुवनमा श्रावण महिनामा यिनको पूजा हुनेछ। जसले यी पाँचै दिदीबहिनीको पूजा गर्नेछ, तिनलाई सर्पको भय हुने छैन। यो धनधान्यले पूर्ण हुनेछ र त्यसको सबै प्रकारले कल्याण हुनेछ। मैले यी पाँचवटै दिदीबहिनीको नाउँ जुराएको छु - जाया, विषहरि, शामिलबारी, देव र दौतलि।

दोस्रो दिनको कथा

बिहुला र मनसाको कथा :

मनसा महादेवकी मानसपुत्री थिइन्। उनी जन्मिनासाथ तरुनी भइहालिन्। नाङ्गै थिइन्, त्यसैले उनको लाज छोप्न हत्तपत्त सर्पहरू उनको जीउभरि झुन्डिए। यसबाट गौरी अप्रसन्न भइन्। त्यसैले मनसाले कैलाश छाडी अन्यत्र जानुपर्‍यो। महादेवको कृपाले उनी मर्त्यभुवन गइहालिन्। मृत्युलोकका मानिसहरूले उनको पूजा गरुन् भन्ने उनको धोको थियो। त्यसबेला मृत्युलोकमा चन्द्रधर भन्ने एउटा ठूलो व्यापारी बस्दथे। ठूलाबडाका नक्कल त अरूहरूले गरिहल्छन्। त्यसैले मनसादेवीले विचार गरिन्, "पहिले चन्द्र (चन्द्रधर) ले मेरो पूजा गरोस्, अनि त्यसकै देखासिकी अरूले पनि गर्न थालिहाल्छन् नि।" चन्द्र चाहिँ महादेवका परम भक्त थिए, त्यसैले अरू देवताको पूजा गर्नै मानेनन्। त्यसले भन्यो - "दाहिने हात त मैले महादेवलाई दिइसकेको छु। हो, देब्रे हातले चाहिँ तपाईंको पूजा गर्न सक्छु।" मनसालाई यो मन परेन। उनी रिसाइन्। चन्द्रका ६ वटा छोराहरूलाई उनले सर्पले डस्न लगाएर मारिहालिन्। चन्द्रलाई बुढेसकालमा फेरि एउटा छोरा भयो। उनको चिना हेरेर ज्योतिषीले उनी पनि धेरै दिन नबाँच्ने कुरा बताए। विवाहकै दिन कोहबर (सुहागरात मनाइने घर) मै सर्पले डस्ने छ। यो सुनेर चन्द्र साहै विकल भए, तर आफ्नै कुनै साध्य थिएन। त्यस छोराको न्वारान लक्ष्मीधर (बाला लखन्दर) भनेर गरियो। लक्ष्मीधर जब ६ महिनाका मात्रै भए चन्दू आफ्नी श्रीमतीको जिद्दीले यस्ती बेहुलीसित लक्ष्मीधरको विवाह गराउन तयार भए जसको चिनामा चिर-सुहागिन योग थियो। चन्दूले पहाडमा एउटा यस्तो घर बनाए, जसमा कतै कुनै प्वाल थिएन। उनी न्याउरी मुसो र अरिंगाल पालेर बसे। त्यस घरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लखन्दरको विवाह बाह्र वर्षकी परम सुन्दरी र सुलक्षणा पत्नी बिहुलासित भयो। जतिबेला उनी कोहबर घरमा केलिक्रीडा गर्दै थिए, एउटा कुनै दुलोबाट सर्प निस्किई उनलाई डसिहाल्यो। लखन्दर त्यतिबेला नै मरे। मानिसुहरूले तिनलाई संस्कारका लागि गङ्गा किनारमा लगे। बिहुला सती थिइन्, उनी पनि स्वामीसँग श्मसान् गइन्। उनले मानिसहरूलाई लास माटोमुनि पुर्न दिइनन्। उनले जसरी भएपनि आफ्नो पतिलाई जीवित गराईछाड्ने कुरा गरिन्। बिहुलाले केराको रुखको एउटा नाउ बनाइन्, त्यसमा लाससँगै आफू पनि बसिन् र गङ्गामा नाउ हुत्याइ दिइन्। सबैले रोके, तर उनले मानिनन् उनी भोकभोकै त्यो लाससँग कैयौं दिनसम्म गङ्गामा भासिंदै गइन्। भासिंदाभासिंदै नाउ प्रयाग पुग्यो। बिहुलाले त्यहाँ त्रिवेणी घाटमा एउटी धोबिनीलाई लुगा सफा गरेको देखिन्। त्योसँग एउटा पिउसो (बच्चा) थियो। त्यो बच्चा उसलाई साह्रै दिक्क गर्थ्यो, बीच-बीचमा फरिया तान्थ्यो। दिक्क भएर धोबिनीले त्यस बच्चालाई मारेर एउटा सफा सारीमुनि छोपिदिई। फेरि लुगा सफा गर्न सकिएछि, बच्चालाई जिलाइहाली र काँखीमुनि च्यापेर, टाउकोमा लुगाफाटोको पोको हालेर घरतिर लागी। बिहुलालाई लाग्यो, यो धोबिनीले मेरो काम बनाउन सकछे। त्यो दिन त्यो त्यही बास बसी। अर्को दिन जब फेरि त्यो धोबिनी त्यहाँ आई, बिहुलाले आफ्नो सम्पूर्ण वेदना त्यसलाई सुनाइन् र आफ्नो मृत पतिलाई पुनर्जीवित गर्न मद्दत मागिन्। बिहुलाको सुन्दरता, धैर्य र साहस देखेर धोबिनीलाई दया आयो। धोबिनी बिहुलालाई लिएर इन्द्रको दरबारमा पुगिन्। त्यहाँ अरू देवताहरू पनि थिए। बिहुलाले सबै देवतालाई आफ्नो पतिको प्राणको भीख मागिन्। देवताहरू बिहुलाको व्यवहारले मुग्ध भए र उनलाई टिठ लाग्यो। उनीहरूले सबैले विषहरालाई बोलाए र चन्दूका अपराधलाई क्षमा गर्ने आदेश दिए। बिहुलाले पनि विषहराको गोडा समाती बिनती गरिन् र आँचल फैलाएर के भाकल गरिन् भने यदि पतिसहित उनका छवटै जेठाजु जीवित हुन्छन् भने उनी आफ्ना ससुरालाई मनाएर ठूलो धुमधामसँग समारोहपूर्वक बिषहराको पूजा गर्नेछिन्, तथा मर्त्यलोकमा यसको प्रचार गर्नेछिन्। विषहराआमाले प्रसन्न भएर सबैलाई जीवित हुने वरदान दिइन्। इन्द्र महाराजले लक्ष्मीघरसहित सातवटै दाजुभाइलाई यमपुरीबाट बाहिर निकाल्ने हुकुम दिए। सातवटै दाजुभाइलाई नयाँ शरीर दिएर सती बिहुलाको साथ लगाइयो।

व्यापारी चन्दू पुत्रशोकमा मरणासन्न भएका थिए। हेरचाह गर्ने मानिस नपाएर औलादौला सम्पत्ति पनि नाश भइसकेको थियो। एक्कासि सातवटै छोरासँगै बुहारी समेतलाई आएको देखेर उनी आनन्द विभोर भए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लसित भएर छोरा र बुहारीलाई गला लगाए। बिहुलाबाट सबै हाल थाहा पाएपछि उनीमाथि आशीर्वादको वर्षा गरे। खुबै धूमधामसँग विषहराको पूजा गरे, सबैलाई निम्ता पठाए। विषहराको महिमाको स्तुति गरियो, उनको पूजाको प्रचार गरियो। अनेक ठाउँमा उनका मन्दिर बनाइए। त्यस दिनदेखि मर्त्यलोकमा विषहराको पूजा हुन थाल्यो। गाउँगाउँमा उनका गहवर (बेदी) बने र मानिसहरूले ढोल बजाई-बजाई, भीख मागेर, विषहराका गीत गाएर, पूजा गर्न थाले।

विषहराको कथा : कद्रू नाउँ गरेकी स्त्रीबाट कश्यप मुनिलाई एक हजार सर्प सन्तान भएर जन्मिए र ती स्याउँस्याउँती संसारभरि फैलिए। ती सर्पहरू बडो उपद्रवी थिए, जथाभावी मान्छेहरूलाई टोक्न थाले, मान्छेहरू अन्धाधुन्द मर्न थाले। यो देखेर ब्रह्माज्यूलाई ठूलो चिन्ता भयो। यी सर्पहरूले यसरी नै उपद्रो मच्चाइरहन्छन् भने मेरो त सृष्टि नै स्वाहा हुने भयो। ब्रह्माले कश्यप मुनिलाई यस सङ्कटबाट अमलेख पाउने उपाय गर्न भने। कश्यप मुनिले सर्पको विष झार्ने मन्त्र बताए र मानसिक तपस्याद्वारा विषहराको सृष्टि गरे। त्यसैले यिनलाई मनसादेवी भनिन्छ। केही उमेर छिप्पिएपछि उनी महादेवकहाँ कैलाश गइहालिन्। त्यहाँ कठोर तपस्यापछि शङ्कर भगवानले दर्शन दिए र प्रसन्न भएर तिनलाई मन्त्र र ज्ञान दिंदै पुष्कर क्षेत्र गएर तपस्या गर्ने सल्लाह दिए। त्यहाँ कयौं युगसम्म तपस्या गरेपछि उनी सिद्ध भइन्। यहाँ उनी सिद्धयोगिनी कहलाइन्। उनी कुमारी नै थिइन्। तपस्याले जीउ खङ्ग्रङ्ग सुकेको हुनाले उनको नाउँ 'जरत्कारू' पनि भयो। त्यसैले उनले 'जरत्कारू' नै नाउँको एकजना बूढो बाहुनसित विवाह गर्नुपऱ्यो। यसबाट उनलाई आस्तिक नाउँ गरेको छोरा उत्पन्न भयो। राजा जनमेजयको सर्पयज्ञमा अनेक सर्प मरे, तर सबै सर्पलाई यिनै आस्तिक मुनिले आफ्नो सिद्धिले बचाएका थिए। आषाढ संक्रान्तिदेखि नागपञ्चमीसम्म विषहराको पूजा केतकीको पातमा हुन्छ विषहरापूजा गरेपछि मान्छे धनधान्यले पूर्ण हुन्छन् र सर्पभय रहँदैन। बाह्र नाउँले विषहरा विख्यात छिन् - जगद्गौरी, मनसा, जरत्कारू, वैष्णवी, सिद्धयोगिनी, नागेश्वरी, शैवी, जरत्कारूप्रिया, नाग- भगिनी, आस्तिक माता, विषहरा र महाज्ञानयुता। यी बाह्रैवटा नाउँ लिइरहेपछि आफैलाई वा सन्तानलाई सर्पभय रहँदैन। यी बाह्रै नाउँ जप्नाले सर्प भाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्गला गौरीको कथा :

एकादेशमा श्रुतिकीर्ति नाउँ गरेका एउटा राजा थिए। तिनका छोरा थिएनन्, त्यसैले उनी चिन्तामा डुबिरहन्थे। अन्त्यमा उनले पुत्रप्राप्तिका लागि भगवतीमा आराधना गर्न थाले। भगवती प्रसन्न भएर प्रकट भइन् र वरदान माग्न भनिन्। राजाले नतमस्तक हुँदै भने - "हे माता, हजुरको दयाले मलाई कुनै कुराको अभाव छैन। मात्र एउटा छोरो नभएर म दुःखी छु। हजुर यदि प्रसन्न होइबक्सिन्छ भने एउटा पुत्र पाउने वरदान पाऊँ।" भगवतीले भनिन् - "पुत्र, म तिम्रो आराधनाबाट प्रसन्न छु। तिम्रो भाग्यमा छोरो नलेखिएको भए पनि म तिमीलाई छोरा दिन्छु। यदि सर्वगुणसम्पन्न छोरो लिन्छौ भने त्यो सोह्र वर्षसम्म मात्र बाँच्ने छ। तर यदि मूर्ख छोरा लिन्छौ भने त्यो चिरञ्जीवी हुन्छ। अब तिमीले नै भन, तिमीलाई कस्तो छोरो चाहियो ?" भगवतीको वचनले राजा झन सोचमा परे। उनले रानीसित विचारविमर्श गरे र अन्त्यमा सर्वगुणसम्पन्न पुत्रको वरदान मागे।

भगवतीले उनलाई आदेश दिइन् -"मेरो मन्दिरको ढोकामा रहेको आँपको रुखबाट आँप टिपेर रानीलाई खुवाएपछि रानी गर्भवती हुन्छिन्।"

राजा प्रसन्न भए र आँप टिपेर रानीलाई खुवाए। रानी गर्भवती भइन्। तिनको गर्भबाट सुन्दर बालकको जन्म भयो। राजाले बालकको नाउँ 'चिरायु' राखे। समय बित्न थाल्यो। भगवतीको कथनअनुसार राजकुमार पढीलेखी सर्वगुणसम्पन्न भए। आमा-बुवा, परिवारजन-पुरजन सबैलाई आफ्नो व्यवहारले आनन्दित तुल्याउन थाले। हेर्दहिर्दा पन्ध्र वर्ष बिते। राजाको चिन्ता बढ्यो। पुत्रशोक के गरी सहने ? आँखा अगाडि पुत्रको लास कसरी हेर्ने ? राजा विकल भए। उनले आफ्नो सालोलाई सुम्पेर भने - "यसलाई काशी लिएर जाऊ। यिनी बाँचुञ्जेल यिनलाई कुनै सुख-सुविधाको अभाव हुनुहुँदैन। यिनको मृत्युपछि मणिकर्णिका घाटमा राजकीय सम्मानसहित यिनको संस्कार गरेर फर्किहाल्नू।

मामा-भाञ्जा काशी जाने बाटोमा हिँड्दा-हिँड्दै आनन्दनगर पुगे। त्यहाँका राजा बीरसेन थिए। तिनकी एउटी मङ्गलागौरी नाउँ गरेकी सुन्दरी र सुलक्षणा कन्या थिइन्। जुन दिन मामा-भाञ्जा त्यहाँ पुगे, त्यसै रात राजकुमारीको विवाह हुनेवाला थियो। त्यसैले राजकुमारी गौरीपूजनका लागि सखीहरूसँग मिलेर फूल टिप्दै थिइन्। कुरैकुरामा एउटी सखीले राजकुमारीलाई रिसाएर 'राँडी' भनिहालिन्। यस्तो अशुभ कुरा बोलेकी हुनाले सबै सखी त्यसमाथि खनिए - "आजको यस शुभ घडीमा यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलच्छिनी कुरा गर्नुहुन्छ ? छि : ;" तर, राजकुमारी बोलिन् – "हत्त, यल्ले राँडी भन्दैमा म विधुवी हुन्छु र ? मेरो कुलमा आजसम्म कोही विधवा भएकै छैन। हाम्रो कुलमा हामीले यति गौरीको पूजा–आराधना गर्छौं कि विधवा हुने कुरै छैन। मेरो हातको अक्षत जुन बरको टाउको झर्छ त्यो अत्पायु भए पनि गौरीको कृपाले चिरायु हुनेछ।" संयोगको कुरा चिरायु आफ्नो मामासँग त्यसै फूलबारीमा बास बसेका थिए। राजकुमारीका कुरा ती दुवैका कानमा परे। मामाले सोचे मेरो भान्जोको विवाह यदि त्यो कन्यासँग भयो भने मेरो भान्जो जरूर चिरायु हुन्छ। संयोगको कुरा के थियो भने राजकुमारीको विवाह वाह्निक (ध्बजलष्य) देशका राजा दृढवर्माका छोरा सुकेतु वर्मासँग हुनु निश्चित भएको थियो। साँझपख जन्तीहरूले त्यसै फूलबारीमा बास पाए। सुकेतु वर्मा परम कुरूप, मूर्ख र बहिरा थिए। दुलहाका बाबु र काकाहरूले विचार गरे, यस्ता दुलहा विवाहमण्डपमा जान्छन् भने कन्यापक्षका व्यक्तिहरूले त्यहीबाट यसलाई धपाएर फर्काइदिनेछन्। त्यसैले एउटा सुन्दर दुलहालाई विवाहमण्डपमा लैजानुपर्छ। विवाह भइसकेपछि त्यो दुलहालाई कुटपिट गरी लखेट्छौं र सुकेतुलाई कोहबर (केलिगृह) मा बसाइदिन्छौं।

त्यत्तिकैमा जन्तीहरूको दृष्टि सुन्दर युवक चिरायुमा पऱ्यो। जन्तीहरूको रातभरिका लागि चिरायुलाई मामासँग मागे। के खोज्छस् काना ? आँखा ; मामाले त खोजेकै त्यही थिए। त्यसले एकछिन 'नाइँ–नाइँ' को स्वांग गरेपछि मानिहाले।

त्यसपछि जन्तीहरू सुकेतुलाई बासामै छाडी एक रातलाई मागेको दुलहा चिरायुलाई लिएर विवाहस्थलमा पुगे। शुभ–शुभ गरी सबै कार्य सम्पन्न भए। गौरीशङ्करको प्रतिमा अगाडि सिन्दूरदान भयो। बेहुला चिरायु मङ्गलागौरीसँग कोहबरमा सुते।

आजकै रात चिरायुको सोह्र वर्ष पूरा भयो। मध्य निशामा काल गोमन सर्पको रूप धारण गरी कोहबर घरमा छिऱ्यो। राजकुमारीलाई त्यति बेलासम्म निद्रा परेको थिएन। उनी डरलाग्दो गोमन देखेर थुरथुर काम्न थालिन्, तर साहस गरेर एक कटोरा दुध सर्पको अगाडि राखिहालिन् र आफ्नो पतिको प्राण नलिन अरू चिरञ्जिवी बनाउन, प्रार्थना गर्न थालिन्। उनको पतिको प्राण नलिएमा र चिरायु बनाएमा उनले जीवनभरि नागराजको व्रत लिई पूजा गर्ने भाकल पनि गरिन्।

सर्पले राजकुमारीको प्रार्थना स्वीकार गरे। उनी कटोराको दूध खाई त्यहाँ राखिएको पुरहर (माटोको भाँडो) मा छिरिहाले। राजकुमारीले लगत्तै आफ्नो आँगी (चोलो) फुकाली पुरहरको मुख बाँधिहालिन्। त्यसबेलासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिरायुको निद्रा खुलिसकेको थियो। भोकाएका हुनाले उनले राजकुमारीसँग केही खाने कुरा मागे। बेहुलीले आमासित मागेर खीर र लड्डु ल्याएर बेहुलाको भोक तृप्त गरिन्। चुठ्ने बेलामा दुलहाको औंलाबाट पञ्चरत्नको औंठी झऱ्यो, दुलहीले टिपेर त्यो आफ्नो औंलामा लगाइन्। पान-सुपारी खाएर बेहुला फेरि निदाए।

पछि राजकुमारीले जब सर्प भएको पुरहर (भाँडो) फाल्न गइन्, उनले देखिन् -सर्पको ठाउँमा त्यहाँ एउटा रत्नहार टल्किरहेको थियो। उनले त्यो हार गलामा लगाइन्। मिर्मिरे भएपछि मामाले चिरायुलाई फर्काएर लगे। जन्तीहरूले सुकेतुलाई कोहबरमा जबर्जस्ती छिराउन खोजे। तर अरूसितै उनको विवाह भएको र उनको लोग्ने भएको हुनाले मङ्गलागौरीले सुकेतुलाई छिर्न दिइनन्। जन्तीहरूले सबूत मागे। मङ्गलागौरीले आफूले विवाहमा राति एउटा औंठी र एउटा हार पाएको कुरा बताइन्। यदि बेहुलाले (सुकेतुले) औंठी हाल कस्ता थिए, राति उनले के-के कुरा गरे, के-के भयो, सबै कुरा बताउन सक्छन् भने उनी सुकेतुलाई वर स्वीकार गर्न तयार हुने बताइन्। तर सुकेतुले केही बताउन सकेन। अन्त्यमा हारेर जन्तीहरू फर्किए। राजा बीरसेनले जब सबै षड्यन्त्र-वृत्तान्त सुने, उनी स्तब्ध भए। राजाले राजकुमारीलाई असली वर चिन्न उनको बास माथिल्लो कोठामा दिए। त्यहाँ एउटा पर्दा लगाइयो। आफ्नी श्रीमतीलाई खोज्दै एकदिन असली दुलहा अवश्य आउनेछन् भन्ने उनको धारणा थियो। जुन दिन राजकुमारीले आफ्नो वरलाई चिन्ने छिन, त्यसै दिन यो विवाह मान्य हुनेछ।

त्यसै भयो। चिरायु आफ्ना मामासँग काशी, प्रयाग, विन्धयाचल आदि हुँदै एक वर्षपछि त्यहाँ आइपुगे। यो देख्नासाथ राजकुमारी कराइन् - "ऊ हेर, मेरो लोग्ने ;, हेर, हेर, मेरो लोग्ने जाँदैछ ;;" वीरसेनले मामा-भान्जा दुवैलाई कोठामा बोलाए। राजकुमारीले सोधेको हरेक प्रश्नको जवाफ ठ्याकठ्याक मिल्नेगरी दिए। राजा वीरसेनलाई परमानन्द भयो। उनले आफ्नो सम्पूर्ण कुटुम्बलाई निम्ता पठाए र धूमधामले फेरि विवाह गरे। नाना प्रकारका आभूषण, हात्ती, घोडा, फौज-सिपाही आदिसँग छोरी-ज्वाइँलाई बिदा गरे। चिरायु सबै सामान र बेहुलीलाई लिई आफ्ना राजधानी पुगे। राजारानीले आफ्नो छोरा जीउँदै रहेको र बिहा गरी बुहारीसित फर्किन लागेको समाचार पाएपछि पहिले त पत्याउँदै पत्याएनन्, तर जब सत्यता बुझे उनको आनन्दको सीमा रहेन। छोरा र बुहारीले आएर ढोगे। सासूले मङ्गलागौरीलाई ध्वाप्लाक्क अँगालो हालेर, अत्यन्त मायासाथ काखमा बसाइन्। मङ्गलागौरीले आफ्नो माइतमा गौरीपूजाको चलन रहेको र गौरीकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपाले सबै सधैं ऐभाती नै रहने कुरा बताइन् । त्यसैले, गौरी र नागपूजाको महत्त्व ऐभातीको जीवनमा औधी नै हुन्छ ।

तेस्रो दिनको कथा

पृथ्वीको जन्म :

ब्रह्मा, विष्णु र अन्य देवताहरूले एक दिन सभा गरे र पृथ्वीमा बढेको पापको भारले पृथ्वी भागेर पाताल गएकोमा चिन्ता व्यक्त गरे । अब पातालमा गई लुकेको पृथ्वीलाई के गरी माथि ल्याउने भन्ने कुरा विचार हुन थाल्यो । पृथ्वी नै पातालमा गएपछि अब संसार कहाँ रहन्छ ? त्यसैले, सबैले मिलेर पृथ्वीलाई माथि आउने प्रार्थना गरे । पृथ्वीले भनिन् - "सबै मैमाथि बस्छन् र मैमाथि मलमूत्रको विसर्जन गर्छन् । यसले मेरो घोर अपमान हुन्छ, म यो अपमान सहन सक्दिन ।" देउताहरूले भने - "तपाईं यसको चिन्ता नगर्नुहोस् । जसले तपाईंमाथि मलमूत्रको त्याग गर्छ र त्यसलाई देख्नेछ, त्यसलाई पाप लाग्नेछ । तपाईंसित माफी नमागी जो कोही तपाईंको जीउमाथि गोडा हाल्नेछ, त्यो पनि पापको भागी हुनेछ ।" देवताहरूको अनुनय-विनयले जब पृथ्वीमाथि आइन्, उनी डगमगाउँदै थिइन् । त्यसैले कछुवाको रूप धारण गरी विष्णु भगवानले आफ्नो पिठ्यूँमा पृथ्वीलाई धारण गरे । पृथ्वीले डगमगाउन छोड्यो ।

समुन्द्रमन्थन :

समुन्द्रमन्थनको विचार गरेर यस सम्बन्धमा छलफलका लागि देउताहरूले सभा गरे । यो कार्य देव-दानव सबैले मिलेर गरुन् भन्ने विचार विष्णुको थियो । उहाँकै विचारले बासुकी नाग पनि बोलाइए । उनले आफ्नो सिङ्गो शरीर मन्दराचल पर्वतमा बेहेर त्यसलाई उखेलेर समुद्रको किनारमा ल्याइपुऱ्याए । मन्दराचल पर्वतको मदानी बनाई बासुकी नागको डोरीले समुद्र-मन्थन हुने भयो । समुद्र-मन्थनबाट प्राप्त हुने अमृतको लोभमा देउताहरू पनि यस कार्यका लागि दुःख बेहोर्न राजी भए । यस्तो विशाल मन्दराचल पर्वतलाई समुद्रमा हाल्दा डुब्ने डर थियो, त्यसैले देवता र दानवको आग्रहमा कूर्मराज (कछुवा) ले मन्दराचललाई आफ्नो पिठ्युँमा बोक्न तयार भयो । मन्दराचललाई मदानी बनाइयो, बासुकीलाई डोरी र समुद्र मन्थन थालियो । नागहरूका टाउका दानवहरूले समाते र पुच्छर देउताहरूले । समुद्र मन्थनले समुद्रका यावत जीव-जन्तुहरू पिसिन्थ्यो र मन्दराचलमाथिका रुख आपसी रगडले भाँचिएर तल झर्न थाले । त्यस रगडबाट पर्वतमाथि आगो लाग्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र त्यसमा भएका जडीबुटी, सुन-चाँदी, मुंगा-मोती आदि जलेर भस्म भए। देव-दानवलाई गर्मीले फत्र्याक-फत्र्याक गरेको देखी इन्द्रले झमझम वर्षा गरे। वर्षाले गर्दा जडीबुटी र द्रव्यका अमृतोपम भष्म बन्दै समुद्रमा मिसिन थाल्यो। समुद्रको नुनिलो पानी दूधझैं सेतो देखिन थाल्यो र धेरै बेरसम्मको मन्थनले घीउ भयो। यसैगरी अरू केही बेरसम्मको मन्थनले समुद्रबाट लक्ष्मी, सोमरस (मदिरा), उच्चैश्रवा घोडा निस्किए, जसलाई चन्द्रमाले हात पारे। तत्पश्चात् अमृतकलश लिई धन्वन्तरी प्रकट भए। त्यसपछि विष निस्कियो, त्यसको रापले देव-दानव सबै बेहोस हुन थाले। हाहाकार मच्चियो। अन्त्यमा विष्णुको अनुनयले शङ्कर भगवानले सबै विषलाई स्वात्तै निलिहाले। उहाँ पनि बिचेत हुनुभयो। अनि गौरीका अनुनय-विनयमा विषहरासँग अनेक सर्प, बारूलो, अरिंगाल, कमिला आदिले महादेवको शरीरबाट विष झिके। तर, महादेवकै अनुरोधमा उहाँको कण्ठमा अलिकति विष छाडिदिए, जसले गर्दा उनको कण्ठ निलो भयोस उनी नीलकण्ठ भए।

अमृतका लागि देउता र दानवमा झगडा हुन थाल्यो। दानवहरूको भनाइ थियो - समुद्रबाट निस्किएका सबै वस्तु त देवताहरूले नै लिए, तर जुन अमृतका लागि सबैले यति परिश्रम गरेका थिए, त्यसमा उनको पनि भाग हुनुपर्छ। यता देउताहरूलाई के भय थियो भने, अमृत नखाएर त यी दानवहरू यत्ति बलिया छन् कि कैयौं पटक देउताहरूलाई स्वर्गबाट लखेटिसकेका छन्, झन अमृत खाए भने उनको के गति होला ? यो सोचेर विष्णु भगवानले मोहिनीको रूप धारण गरेर दानवहरूलाई लोभ्याउन उनका सामु उभिए। दैत्यहरूले अमृतकलश ती मोहिनी मायालाई दिएर आफू देवतासित युद्ध गर्न जाइलागे। त्यत्तिकैमा भगवान नारायणले देवताहरूलाई अमृतपान गराइदिए। देउताहरूको रूप धारण गरी राहु नामक दैत्यले पनि अमृतपान गर्न थाल्यो। तर चन्द्रमा र सूर्यले उसलाई चिनिहाले र भगवान विष्णुलाई भनिदिए। उसको कण्ठसम्म अमृत पुग्नुभन्दा अगाडि नै भगवान विष्णुले आफ्नो चक्रले उसको गर्धन काटिहाले। अमृतको स्पर्श भएको हुँदा त्यो मर्न त सकेन, तर दुई टुक्रामा विभक्त भयो। उसको टाउको राहु धड केतु कहलायो। त्यसै दिनदेखि त्यो चन्द्रमा र सूर्यको शत्रु भयो। त्यसैले अहिलेसम्म पनि कहिले तिनले सूर्यलाई र कहिले चन्द्रमालाई निल्छन् जसले गर्दा सूर्यग्रहण र चन्द्रग्रहण हुन्छ। दुई टुक्रामा काटिएको हुनाले नै सूर्य वा चन्द्रमा बीच भएर बाहिर निस्किहाल्छ।

देवताहरूलाई अमृत पिलाइसकेपछि भगवान् विष्णुले दानवहरूसित घमासान युद्ध गरी तिनलाई लखेटेर पाताल पठाइदिए। बाँकी रहेको अमृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रलाई दिए र त्यसको सुरक्षा गर्ने दायित्व विश्वकर्मालाई दिइयो ।

समुद्र मन्थनमा बासुकी नागले डोरीको काम गरेका थिए । त्यसैले उनलाई देउताहरूबाट आमाको श्राप नलाग्ने तथा जनमेजय यज्ञमा नजल्ने वरदान प्राप्त भयो । त्यसैले उनको भान्जा आस्तिवक मुनिले जनमेजय यज्ञमा उनको रक्षा गरे ।

चौथो दिनको कथा

सतीको कथा :

परमात्माले यस सृष्टिको रचना गर्ने इच्छाले पहिले विष्णु, त्यसपछि महादेव र अन्त्यमा ब्रह्माको अवतार लिए । ब्रह्मालाई सृष्टि गर्ने जिम्मा दिइयो । तपस्याको बलले उनले आफ्नो शरीरबाट देउता र ऋषि, मुनि, मुखबाट सतरूपा नाउँ गरेकी स्त्रीसहित स्वयंभुव मनु, दाहिने आँखाबाट अत्रि, काँधबाट मरीचि र दाहिने भागबाट दक्ष प्रजापतिलाई जन्म दिए । त्यसपछि ब्रह्माका सन्तानहरूले पनि सृष्टि गर्न थाले । मरीचिका पुत्र कश्यप भए र अत्रिका पुत्र चन्द्रमा । मनुका दुई छोरा भए प्रियब्रत र उत्तानपाद । उनले तीन छोरी पनि पाए – आकृति, देवहुति र प्रसूति । प्रसूतिको विवाह दक्ष प्रजापतिसँग भयो । त्यसबाट साठी कन्याको जन्म भयो । तिनमध्ये आठ कन्याको विवाह धर्मसित, एघारको रुद्रसित, तेह्रको कश्यपसित, सत्ताइसवटाको चन्द्रमासित र एउटी सती नाउँ गरेकी कन्याको महादेवसित विवाह भयो । चन्द्रमाले आफ्ना स्त्रीहरूमध्ये सबभन्दा बढी माया रोहिणीलाई गर्थे । त्यसैले अरू बाँकी छब्बीस दिदी-बहिनीलाई उनीसित डाहा हुन्थ्यो । तिनीहरू सबैले पिता दक्षलाई गुनासो गरे । दक्षले आफ्ना ज्वाइँ चन्द्रमालाई बुझाउने चेष्ट गरे, तर असफल भए । दक्षलाई रिस उठ्यो र उनले श्राप दिए – "हजुरलाई क्षयरोग लाग्नेछ र सिङ्गो जीउ गलेर जानेछ ।" चन्द्रमाको जीउ गल्न थाल्यो । उनले देउताहरूलाई पुकारे, तर कसैले उनको कुरालाई टेरेन । हारेर शिवजीको शरणमा गए । त्यस् बेलासम्म चन्द्रमाको शरीर गल्दागल्दै ख्याउटे भएको थियो, जे-जति बाँकी थियो त्यसलाई उनले आफ्नो टाउकोमा बास दिए । चन्द्रमाको शरीर गल्ने प्रक्रिया रोकियो । त्यसपछि दक्षले यी सबै कुरा थाहा पाएर कुद्दै शिवजीकहाँ गए र उहाँलाई आफ्नो ज्वाइँ तल झार्ने प्रार्थना गरे । महादेवले शरणागतको तिरस्कार गर्न मानेनन् । दक्ष प्रजापतिले त्यस दिनदेखि महादेवसित आफ्नो सम्बन्ध विच्छेद गरे । शिवजीसित आफ्नो आक्रोश व्यक्त गर्न दक्षले एउटा यज्ञको आयोजना गरे । त्यसमा सबै देवता र मुनिलाई निम्त्याए तर महादेवलाई चटक्क छाडिदिए । यज्ञ प्रारम्भ भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञ हेर्न मान्छेहरूको ओइरो लाग्यो। देवताहरू विमानमा हिंडे। सबैलाई आफ्नै माइततिर लागेको देख्दा सतीले महादेवसित यसको कारण सोधिन्। आफ्नै माइतमा, आफ्नै पिताले यस्तो महान यज्ञ गर्न लागेको कुरा थाहा पाएर सतीले लोग्नेसित निम्ता नभए पनि यज्ञमा जाने जिद्दी गर्न थालिन्। अन्त्यमा प्रियाहठमा परी महादेवले सतीलाई आफ्ना सेवक वीरभद्रसँग माइत पठाइदिए।

सती जब यज्ञस्थलमा पुगिन् उनलाई माइतको कुनै व्यक्तिले बस्नसम्म भनेन। सबैले एकअर्काको कानमा खासखुस गर्न थाले, महादेवको निन्दा गर्न थाले। यी सबै देख्दादेख्दै, आफ्नो लोग्नेको निन्दा सुन्दासुन्दै सतीलाई अब असह्य भयो, उनले दन्किदो अग्निकुण्डमा हामफालेर आत्मदाह गरिन्। सँगै गएका वीरभद्रले त्यहाँ उपद्रव मच्चाउन थाल्यो। दक्षको गर्धन छप्काइदियो, यज्ञलाई तहसनहस पाऱ्यो। देउता र ऋषि-मुनिलाई कुटी-कुटी लखेटियो। महादेवले जब यो कुरा सुने उनी त्यहाँ तुरुन्त पुगे। उनलाई क्रोधले थरथर कामेको देखेर देवताहरूले हात जोरेर क्षमाको भीख माग्न थाले। हजुरलाई अपमानित गरेको दण्ड दक्ष प्रजापतिले त पाइसकेको कुरा उनीहरूले बिन्ती गरे र अब यज्ञ सम्पन्न नहुँदा संसारको अनिष्ट हुने कुरा पनि बताए। तर यजमान पुनर्जीवित नभएसम्म यज्ञ कसरी सम्पन्न हुन्छ ? त्यसैले दक्षलाई जियाउने अनुनय पनि गर्न थाले। अन्त्यमा अवढर दानी महादेवको मुटु परिलियो र उनले यज्ञमा बाँधिएको बोकाको टाउको काटेर दक्षको काटिएको टाउकाको ठाउँमा थिचिदिए। दक्ष पुनर्जीवित भएर बोकाझैं "बोऽ बोऽ....." कराउन थाल्यो। महादेवलाई नयाँ ससुराको नयाँ बोली साहै मीठो लाग्यो। त्यसै दिनदेखि पूजाको अन्त्यमा कसैले बोका झैं "बो-बो ब्रुम" गर्दा महादेव प्रसन्न हुन्छन्।

दक्षको यज्ञ सम्पन्न भयो, तर महादेव बौलाए। सतीको लासलाई काँधमा बोकेर उनी जताततै भट्किन थाले। शिवजीको यो दशा विष्णु भगवानले देख्न सक्नु भएन। आफ्नो चक्रले सतीको लासको टुक्रा-टुक्रा काटेर उनले खसाउन थाले। जुनजुन ठाउँमा सतीको अङ्ग झऱ्यो, त्यो सिद्धपीठ भयो। विष्णु भगवानले शिवजीलाई सल्लाह दिनुभयो, "तपाई कठिन तपस्या गर्नुहोस्। सती जब फेरि जन्म लिनेछिन्, तपाईलाई पत्नीको रूपमा प्राप्त हुनेछिन्।" अनि, कैलाश छाडी, हिमालयको अनकण्टार वनमा गई तपस्या गर्न थाले।

पतिब्रताको कथा :

एउटा राजाका दुई छोरी थिए। जेठीको नाउँ कुमरब्रता र कान्छीको नाउँ पतिब्रता थियो। नाउँअनुसार नै दुवैका गुण पनि थिए। कुमरब्रताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनभरि कुमारी रहने ब्रत लिएकी थिइन् र पतिब्रताले पातिब्रत्यको संकल्प लिएकी थिइन्। राजाले पतिब्रताको विवाह एउटा राजकुमारसित गरेर घर पठाइदिए र कुमरब्रतालाई नन्दनवनमा एउटा कुटी बनाई त्यहीं बस्ने व्यवस्था गरिदिए। एकदिन एउटा सिद्ध जोगी त्यस जङ्गलबाट जाँदै थिए। त्यसै बखत एउटा कौवाले उनको टाउकोमाथि हगिदियो। जोगीले कौवालाई श्राप दिए। कौवा जलेर खरानी भयो। जोगी भीख माग्दै पतिब्रताको घरमा पुगे। पतिब्रताले भनिन् – नन्दनवनमा आगो लागेको छ। त्यस वनमा मेरी बहिनीको एउटा कुटी छ। त्यसलाई बचाएर आउनु, तबसम्म म तुलसीको बोटलाई धागोले बेर्छु। आएपछि भीख दिउँला। साधुले उनलाई तर्साए – "हेर, तुरुन्त मलाई भीख नदिए म श्राप दिहाल्छु।" पतिब्रताले हाँसेर भनिन् – "मलाई तपाईंको श्रापले भस्म हुने कौवा नठान्नुस्।" यो सुनेर साधु अवाक् भए। सोचे, यिनी त मभन्दा पनि ठूलै सिद्ध हुन्। बाबा तुरुन्त नन्दनवन पुगे। त्यहाँ पूरै जङ्गलमा डढेलो लागेको छ, तर कुमरब्रताको कुटी मात्र पतिब्रताको सिद्धिबलले बाँचेको छ। बाबाले कुमरब्रतालाई भने – "तपाईंले जीवनभरि कौमार्यब्रत (ब्रह्मचर्यब्रत) को पालना गर्नुभयो, तैपनि आफ्नो कुटी बचाउन सक्नुभएन। तपाईंको कुटी पतिब्रताको प्रभावले बाँच्यो। त्यसैले कौमार्यब्रतभन्दा पातिब्रत्य ठूलो हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।"

यो सुनेर कुमरब्रताले पनि विवाह गरेर पातिब्रत्य धर्म लिने निर्णय लिइन्। अर्को दिन मिर्मिरेमा उठ्नासाथ जुन पहिलो पुरुषको दर्शन हुन्छ, उनले त्यसैसित विवाह गर्ने अठोट गरिन्। ईश्वरको लीला, अर्को दिन मिर्मिरेमा उनको पहिलो नजर एउटा कुष्ठरोगीमाथि पर्न गयो। अब, संकल्पअनुसार उनले त्यसै कोर सल्किएको मान्छेलाई पतिको रूपमा वरण गर्नुपर्‍यो। उनी त्यसैको स्याहार-सुसारमा जुटिन्। रातदिन एक गरेर स्वामीको सेवा गर्थिन्, तर रोग बढ्दै गयो। अन्त्यमा, एकदिन उनको पतिले भने – "म अब धेरै बाँच्दिन, त्यसैले मलाई तीर्थ गराउन लैजाऊ।" उनले पतिलाई एउटा ढक्कीमा हालिन् र त्यसलाई टाउकोमाथि हाली तीर्थहरूका लागि बिदा भइन्। बाटोमा एउटा ऋषि त्रिशूलको टुप्पोमा झुण्डिएर तपस्या गर्दै थिए। पतिब्रताले टाउकोबाट ढक्कीलाई तल झार्न लागेकी थिइन्, ऋषिको कम्मरमा ढक्की ठोक्कियो र ऋषि तड्पिन लागे। ऋषिले श्राप दिए – "जुन लोग्नेका सुखका लागि तैले मलाई यत्रो दुःख दिइस्, त्यही लोग्ने सूर्योदय हुनुभन्दा अगावै मरोस्।" यो कुरा सुनेर उनलाई ठूलो चोट पर्‍यो र उनी त्यही बसेर सूर्यको ब्रत गर्न थालिन्। उनले पहिले पनि यति तपस्या गरेकी थिइन् कि विधवा हुनु असम्भव थियो। ऋषिको श्रापले पतिको मृत्यु त भयो तर सतीको तपस्याको प्रभावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनी फेरि ब्युँतिए, उनको शरीर पूर्ण पनि भयो। यसरी सतीका अनेक महिमा देखिएका छन्। पूर्ण मनोयोगले पतिसेवामा लागेका नारीहरू पूर्ण सुख प्राप्त गर्दै सावित्री, अनुसूया, विहुला, सीता आदि महान् नारीझैँ अमर हुन्छन्।

पाँचौं दिनको कथा

महादेवको परिवार : दक्षको यज्ञमा सतीले प्राण त्यागेपछि दक्ष प्रजापतिले हिमालयको रूपमा अवतार लिए। उनका क्रमशः पाँच कन्या भए - उमा, पार्वती, गङ्गा, गौरी र सन्ध्या। यी पाँचवटै कन्याको विवाह एकपछि अर्को गरी महादेवसित भयो।

उमा : हिमालयकी पत्नी मनाइनकी पहिली छोरी जब पाँच वर्षकी मात्रै भइन्। महादेवलाई प्राप्त गर्ने उद्देश्यले तपस्या गर्न जङ्गलतिर लागिन्। आमा मनाइनले अनेक किसिमले रोक्न खोजिन्, तर उनले मानिनन्। त्यसैले पनि उनलाई 'उमा' भनियो। आठ वर्षकी भएपछि महादेव उनको तपस्याले प्रसन्न भए र उनीसित विवाह गरे। यो खबर पाउनासाथ मनाइन बौलाही भइन् र कराउन थालिन्- "मेरी फूलजस्ती छोरीलाई बूढो महादेवले मुहुनी लगाइदिए।"

पार्वती : हिमालयकी दोस्री छोरी पार्वती भइन्। उनी पनि हलक्क बढ्न थालिन् र थोरै दिनमा विवाहयोग्य भइन्। एकदिन सखीहरूको साथ फूल टिप्न भनेर कनकशिखरमा पुगिन्। त्यहाँ उनले एकजना बूढोलाई देखिन्, जसका जिङ्रिङ्ग परेका सेताम्मे जटाजूट थिए र ठूल्ठूला दाँत थिए। नन्दी (बसहा) मा सवार भएर डमरु बजाउँदै थिए। पार्वतीले देख्नासाथ यिनी साक्षात् महादेव हुन् भनेर चिनिहालिन्। सखीहरूले लाख मनाही गरे पनि उनले सखीहरूलाई बिदाबारी गरी बूढो महादेवसँगै बसहामाथि बसिहालिन्। सखीहरूले आएर आमा मनाइनलाई सबै वृत्तान्त सुनाए। आमाले भुँइमा टाउको बजार्न थालिन् र विलौना गर्न थालिन्। 'मेरो कर्मै खोटो, एउटी छोरीले त्यसो गरी, अर्कीले पनि त्यसै गरी। म कसरी बाँचू ?'

गङ्गा : हिमालयकी तेस्री छोरी थिइन् गङ्गा। उनी पनि जब तरूणी हुन थालिन्, एकदिन महादेव भीख माग्ने निहुँले आए र आफ्नो जटामा गङ्गालाई लुकाएर भागिहाले। मनाइन फेरि टाउको ठटाई-ठटाई विलौना गर्न थालिन् - "यो बूढोको चाला नै यस्तो छ, मेरा सबै छोरीलाई चोरी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चोरी कुलेलम ठोक्छ। त्यसदिनदेखि गङ्गा डरले महादेवको जटा भित्रै बस्न थाली। गौरी र संध्यासित पनि यस्तै भयो।

छैठौं दिनको कथा

गङ्गाको कथा :

सगर महाराजका दुई श्रीमती थिए - वैदर्भी र शैव्या। शैव्याबाट असमंजस नाउँ गरेको पुत्रको जन्म भयो। वैदर्भी सन्तानहीन थिइन्। उनी सन्तानका लाथि महादेवको पूजा गर्न थालिन्। एकसय वर्ष तपस्या गरेपछि एउटा छोरोको जन्म त भयो, तर अपाङ्ग र खोरन्डो छोरोको। यो देखेर वैदर्भी रुन थालिन्। उनले महादेवलाई सम्झिन्, महादेव ब्राह्मणको रूप धारण गरी त्यहाँ आए र त्यस कुँजोलाई साठी हजार टुक्रा पारी प्रत्येक चोक्टालाई तेलले भरिएको एक-एकवटा घैंटामा हालिदिए। केही दिनपछि ती साठी हजार टुक्रा साठी हजार सुन्दर र बलिया पुत्रका रूपमा प्रकट भए।

सागर महाराजले उनान्सयवटा अश्वमेध यज्ञ सम्पन्न गरिसकेका थिए र सयौं यज्ञ गर्ने तयारीमा लागेका थिए। तर, इन्द्र यो यज्ञ पूरा हुन दिन चाहेका थिएनन्, किनभने कसैले सयवटा अश्वमेध यज्ञ गर्न सफल भए भने त्यो व्यक्ति शतक्रतु इन्द्र हुनजान्छ। त्यसैले उनी कुनै न कुनै विध्नबाधा उपस्थित गरिहाल्थे।

अश्वमेधको घोडा छाडियो। यी घोडाहरूका रक्षक राजा सागरका ती साठी हजार पुत्र थिए। इन्द्र आफ्ना छलबलले घोडा लिएर भागे। सागरका यी साठी हजार पुत्रले इन्द्रलाई लखेटे घोडालाई खोज्न पृथ्वीलाई खन्दै उनीहरू अगाडि बढ्दै गए। अन्त्यमा घोडालाई कपिल मुनिको आश्रममा बाँधिएको देखे। कपिल मुनि तपस्यामा लीन थिए। सागरका छोराहरू उनलाई चोर ठानी उनीमाथि जाइलागे। मुनिको ध्यान भङ्ग भयो। उनको कुद्ध दृष्टिले साठी हजार राजकुमारहरू तुरुन्त जलेर भस्म भए। राजाको यज्ञ अपूरो रह्यो। सागर महाराज यसै शोकले मरे र राजकमारहरूको अकालमृत्यु भएको थियो। तिनीहरूको मुक्ति लागि उपायको विचार गर्न ज्ञानीहरूको एउटा सभाको आयोजना गरियो। यो महासभाले निर्णय दियो - यदि गङ्गा स्वयं स्वर्गबाट बगेर पृथ्वीमा आउँछिन्, तिनको मुक्ति हुन्छ। गङ्गालाई पृथ्वीमा ल्याउनकालागि उनका बेमातर दाजु असमंजस तपस्या गर्दागर्दै मरे। उनको छोरो दिलीप पनि लाख वर्षसम्म तपस्या गर्दागर्दै मरे। दिलीपका छोरा अंशुमन पनि तपस्यै गर्दा मरे। त्यसपछि उनका छोरा भगीरथले तपस्या गर्न थाले। उनको तपस्याले विष्णु प्रसन्न भए र गङ्गालाई स्वर्गबाट पृथ्वीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लैजाने अनुमति प्राप्त गरे ।

एक्कासि स्वर्गबाट वेगवती गङ्गा पृथ्वीमा उत्रिंदा पृथ्वी रसातलमा धस्न सक्थ्यो, त्यसैले महादेव हिमालयको चोटीमा उक्लिए र गङ्गालाई आफ्नो जटामा समेटेर शनै : शनै : सुस्तरी उत्रिने मेलो गरे । उहाको जटाबाट निस्किएर गङ्गा हिमालय प्रदेशलाई आप्लावित गर्दै बिदा भइन् । जब जाह्नवी ऋषिको आश्रम बग्न थाल्यो, उनले गङ्गालाई स्वात्त निलिहाले । भगीरथको लागि अब ठूलो समस्या उपस्थित भयो । उनी साहसी थिए । उनी मुनिलाई प्रसन्न पार्न उनको सेवा गर्न थाले । अन्त्यमा, मुनिले भने – "यदि गङ्गालाई मेरी छोरी भनिनेछ भने म तिजलाई ओकल्न तयार छु ।" अगाडि–अगाडि कुद्दै भगीरथले गङ्गालाई त्यतैतिर डोऱ्याए जतातिर उनका पितृहरूको खरानी थियो । सबैलाई बगाउँदै–डुबाउँदै भगीरथलाई पछ्याउँदै गङ्गा अन्त्यमा त्यस विशाल खाडलमा झरिन् जुन सगरका साठी हजार पुत्रद्वारा अश्वमेधको घोडा खोज्ने क्रममा खनिएको थियो । त्यसैले त्यसलाई अब सागर भनिन्छ । यसरी गङ्गाले मर्त्यलोकमा आई सागरका साठी हजार छोरालाई सद्गति प्रदान गरिन् र भगीरथको तपस्यालाई सफल गरिन् ।

गौरीको जन्म :

सतीको मृत्युपछि महादेवलाई वैराग्य भयो । उनी कुनै निर्जन स्थानमा गएर तपस्या गर्न थाले । उनलाई संसारमा कुनै चासो थिएन । त्यसैले संसारमा राक्षसहरूले मनपरी उपद्रव गर्न थाले । ती राक्षसहरूमा ताडकासुर अत्यन्त भयानक थिए । उनले तपस्याद्वारा ब्रह्मालाई प्रसन्न गरी अमर हुने वरदान मागे । तर, ब्रह्माले भने – "यो असम्भव कुरो माग्यौ जुन प्राणीको जन्म हुन्छ त्यसको मृत्यु त हुन्छ नै ।" त्यसपछि ताडकासुरले अर्को वरदान मागे – "त्यसो भए मेरो मृत्यु महादेवको औरस पुत्रको हातबाट होस् ।" ब्रह्माले 'तथास्तु' भनिदिए । यो वरदान ताडकासुरले खास उद्देश्य राखेर मागेका थिए । उद्देश्य के थियो भने महादेवकी स्त्री निःसन्तान मरेकी थिइन् र महादेव संसारबाट विरक्त भएका थिए । उनको दोस्रो (अर्को) विवाहको कुनै सम्भावना थिएन । त्यसैले उनको पुत्र हुने र त्यसबाट ताडकासुर मारिने कुरा नै आउँदैन । त्यसको अर्थ हो, उनी स्वतः नै अमर हुन्छन् । ताडकसुरले देउताहरूलाई स्वर्गबाट भगाइदिए र सबैका राजा बनिहाले । यज्ञ–पूजा आदि रोकिदिए । ऋषिहरूलाई दुःख दिन थालियो । रूपवती स्त्रीहरूको अपहरण हुन थाल्यो । सम्पूर्ण संसारमा कोकोहोलो मच्चियो । उनको अनीति र अत्याचारले आजित भएर देवता र ऋषिहरू सबै ब्रह्माकहाँ उपस्थित भए । ब्रह्माले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनको व्यथाकथा गम्भीरतापूर्वक सुने र विचार गरेर बोले – "हे ऋषिगण, संसारमा जब-जब दैत्य दानवहरूले यस्ता उपद्रव गर्दछन्, आदिशक्ति महामाया दुर्गाको अवतार हुन्छ ।" तपाईंहरू यी राक्षसहरूको उपद्रवबाट मुक्तिका लागि तिनै महामाया दुर्गाको आराधना गर्नुहोस् । तिनै महामायाले सतीको रूपमा महादेवसित विवाह गर्नेछिन् तिनले जुन छोरा पाउँछिन् त्यसैले ताडकासुरको वध गर्नेछ ।" ब्रह्माको वचन मानेर ऋषिमुनिहरूले माता दुर्गाको आराधना गर्न थाले ।

केही दिनपछि हिमालयले एउटी छोरी पाए यो देखेर देउताहरूले फूलको वर्षा गरे । उनी अत्यन्त गोरी थिइन्, त्यसैले उनको नाउँ गौरी राखियो ।

काम-दहन :

एक दिन हिमालयकहाँ नारद मुनि आए । हिमालयले गौरीलाई देखाउँदै नारदलाई सोधे – "यिनको विवाह कोसँग हुनेछ ?" नारद मुनिले गौरीको हात हेरी उनको विवाह महादेवसित हुने बताए । "तर यो विवाह त्यसै हुनेछैन । महादेव अहिले तपाईंकै शिखरमा तपस्या गरिरहेका छन् । यिनी यदि नित्य त्यहाँ गई उनको सेवा गर्नेछिन् भने मात्र महादेवले प्रसन्न भएर यिनीसित विवाह गर्नेछिन् ।" नारदले सुझाउ दिए ।

गौरी तरुनी भइन् । हिमालयले दिनहुँ तिनलाई दुईवटा सखीसँग महादेवको सेवा गर्न पठाउन थाले । उता देवताहरूले पनि महादेवको तपस्या भंग गरी गौरीतिर वसन्त र स्त्री रतिलाई लिई त्यहाँ पुगे । वसन्तको महिमाले वनका सबै फूल र लहराहरूमा फूल ढकमक्क भई फुले । सुवासले वनप्रान्त मगमगाउन थाल्यो । फूलहरूमा भमरा मडारिन थाले । शीतल समीर बग्न थाल्यो । चन्द्रमाको ज्योतिले वन सुन्दर लाग्न थाल्यो । यस रमणीय वातावरणमा मुनिहरूको के कुरा, स्वयं महादेवको ध्यान पनि भंग हुन थाल्यो । गौरी श्रृंगारपटार गरी वसन्ती फूलका गहना लगाई सखीहरूसँग त्यस वनमा पूजा गर्न पुगिन् । एक त गौरी त्यसै परम सुन्दरी थिइन्, त्यसमा अझ श्रृंगारपटार गरेकी हुनाले उनको अङ्ग-भङ्ग झन् कान्तिवान भएर आयो । गौरी महादेवनिर पुगेकी मात्र के थिइन्, कामदेवले लक्ष्य ताकेर बाण हानिहाले । वाण महादेव नजिकै झऱ्यो । महादेवले गौरीतिर हेरे । गौरीले महादेवलाई प्रणाम गरिन्, पूजा गरिन् र छेउ लागेर उभिइन् । गौरीको रूप हेरी महादेव मुग्ध भए । "अहा ; आज जस्तो तिम्रो रूप छ गौरी, त्यसको वर्णन कसले गर्न सक्छ र ?" – भन्दै महादेवले आफ्नो हात गौरीको आँचलतिर बढाए । गौरी लजाइन् र अलिक पर गएर महादेवका आँखामा आँखा हाली एकनास हेर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थालिन्। एकछिन त महादेवको होसै हरायो, तर उनी झल्याँस सम्झे, यदि उनी नै यसरी कामातुर हुन्छन् भने अरूको के हाल हुन्छ ? उनले यताउता हेर्न थाले। त्यहाँ पोथ्रापोथ्रीका रूपमा कामदेवलाई लुकेको देखे। उनी रिसले काम्न थाले र उनको त्रिनेत्र खुल्यो। कामदेव जलेर भष्म भए।

रतिले जब आफ्नो लोग्नेलाई यसरी महादेवको क्रोधले भस्म भएको देखिन् उनी मूर्च्छित भइन्। होस आएपछि उनी विलौना गर्न थालिन्। देवताहरू रतिको हृदयविदारक अवस्था देखेर महादेवनेर आइपुगे र यसमा कामदेवको कुनै दोष नभएको व्योहोरा बिन्ती गरे। महादेवको ध्यान गौरीतिर आकृष्ट गरी दुवैको विवाह गराउने उनीहरूकै योजना रहेको कुरा पनि उनले बताए। त्यसपछि मात्र ताडकासुरबाट उनीहरूको उद्धार हुन सक्थ्यो। त्यसैले रतिपति कामदेवलाई पुनर्जीवित गर्न उनीहरू महादेवका अगाडि गिडगिडाउन थाले।

महादेवले भने - "कामदेव मरेका छैनन्, मात्र उनको शरीर जलेको हो। उनजाई अब त्यो शरीर प्राप्त हुने छैन। समुद्रमा शम्बर नाउँ गरेको एउटा दैत्य बस्दछ, रति अब गएर त्यसैसँग बसून्। द्वापरयुगमा श्रीकृष्णका छोरा प्रद्युम्न जन्मिने छन्। जन्मिनासाथ शम्बर त्यसलाई उठाएर आफ्नो नगर लिएर जाने छन्। रतिले त्यही प्रद्युम्नको रूपमा कामदेव पाउनेछिन्। जब उनी ठूलो हुनेछन्, शम्बरलाई मारेर उनको श्री-सम्पत्तिसहित रतिलाई द्वारिका लिएर जानेछन् र रतिसित विवाह गरी सुख-सयल गर्नेछन्।"

यति कुरा भनेर महादेव अन्तर्ध्यान भए। रति शम्बरकहाँ आश्रय लिन बिदा भइन् र कामदेवसित पुनर्मिलन हुने दिनको प्रतीक्षा गर्न थालिन्।

साताँ दिनको कथा

गौरीको तपस्या :

गौरी कामदहन र महादेवको व्यवहार देखेर डराइन्। तिनलाई कतै चैन थिएन। 'शिव-शिव' मात्र जपिरहन्थिन्। यसै बीच उनको भेट नारद मुनिसित भयो। उनले फेरि महादेवलाई प्राप्त गर्ने उपाय सोधिन्। नारदले भने - "घनघोर तपस्या नगरेसम्म महादेवको दर्शन हुनु कठिन छ। उहाँलाई मात्र तपस्याले प्राप्त गर्न सकिन्छ। अनि सबै सखीले महारानी मैनालाई सबै कुरा सुनाए। मैनाले गौरीलाई बोलाएर भनिन् - "हाम्रै घरमा सबै देवता छन्। यस्तो कोमल शरीर लिएर वनमा तपस्या गर्दा अनेक कष्ट हुनेछ। मेरो विचारले घरमै तपस्या गर।" तर, आमाको कुरा गौरीलाई मन परेन। महादेवको तपस्या नगरेसम्म उनलाई शान्ति मिल्दै मिल्दैनथ्यो। गौरीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखी देखेर आमा धेरै चिन्तित हुनुभयो र अन्त्यमा वनमा गई तपस्या गर्ने आज्ञा दिइहाल्नुभयो ।

आमाबाबुलाई प्रणाम गरी गौरी सखीहरूका साथ वनतिर लागिन् । आफ्नो रेशमी वस्त्र र गहना फुकालेर उनले कृष्णाजिन र वल्कल धारण गरिन् र गौरीशिखर नाउँ गरेको चुचुरामाथि पुगिन् । फलफूलले लटरम्म परेको मनोहारी स्थल देखेर त्यसलाई सफा सुग्घर पारी तपस्याको बेदी बनाइन् र त्यसमाथि बसेर कठोर तपस्या गर्न थालिन् । गर्मी याममा चारैतिर आगोको धुनी बाली सूर्यतिर फर्केर तपस्या गर्थिन्, वर्षामा ओत नभएको ठाउँमा बसी तप गर्थिन् र जाडोमा जलमा उभिएर तपस्या गर्थिन् ।

जस्तो तपस्या ऋषिमुनिहरूबाट सम्भव थिएन, त्यस्तो तपस्या एउटी सुकुमारी कन्याले गरेको देखेर मुनिहरू उनको दर्शनका लागि आउन थाले । सबैले उनको मुरी-मुरी प्रशंसा गर्थे । त्यस आश्रमको विलक्षण महिमा थियो । त्यहाँ गाई र सिंह एउटै घाटमा पानी खान्थे । गौरीको तपोबलले कैलाश र गौरीशिखरमा कुनै फरक रहन गएन ।

गौरीबाट प्रभावित भएर ऋषिमुनिहरू सबै मिलेर नारदलाई साथमा लिई महादेवकहाँ गए र विनम्रतासाथ बिन्ती गरे – "हे महादेव, गौरीले जस्तो तपस्या गरेकी छिन् यस्तो न आजसम्म कसैले गरेको छ, न भविष्यमा कसैले गर्नेछ । अब पनि उनीमाथि प्रसन्न भई हाम्रो मन्सुबा पूरा गर्नुहोस् ।"

महादेवले भन्नुभयो – "गौरीले आफ्नो तपस्याबाट मलाई खुसी पारेकी छिन् । अब म उनको मनोरथ पूर्ण गर्ने भएँ, तपाईंहरू जानुहोस् । तपाईंहरूको काम त अनायासै हुने भयो ।"

महादेवले बूढो साधुको रूपधारण गर्नुभयो र गौरीले तपस्या गर्ने थलोमा पुग्नुभयो । बूढो साधुलाई देखेर गौरीले उनको सत्कार गरिन् । बाबाले प्रसन्न भएर सोधे – "यहाँ कुनै बाधा-बिध्न त छैन ? यहाँ कुन मनोकामनाले तपस्या गर्नुहुन्छ ?"

गौरी आफै केही उत्तर दिइनन्, मात्र आफ्नी सखीतिर सान गरिन् । सखीले जवाफ दिइन् – "हाम्री सखी गौरी विवाहको कामनाले तपस्या गर्दैछिन् । जुन दिनदेखि तपस्या गर्न थालिन्, त्यसै दिनदेखि आश्रममा फलफूल लगाइन् । आश्रमका ती रुख, अिरूवा र लहराहरूमा लटरम्मै फलफूल लागेका छन् । तर, यिनको कामनाको लहरामा टुसो पनि पलाउन सकेको छैन ।"

बूढो बाबाजीले गौरीसित सोधे – "के यो कुरो सत्य हो ?" गौरीले भनिन् – "हो, यो सत्य हो ।" यसको जवाफमा बूढोले निराशा प्रकट गर्दै भने – "ए, मलाई त कुनै ठूलै कामनाले यस्तो विघ्न तपस्या गरेको लागेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो ।" र यति भनेर बिदा भए ।

गौरीले उनलाई जान लागेको देखी रोक्ने प्रयास गर्दै भनिन् - "मबाट यस्तो कुन अपराध भयो, जसले गर्दा तपाई रिसाएर बिदा हुन लाग्नुभयो ?"

बाबाजीले भने - "तपाईले मप्रति कुनै अपराध नगरी आफ्नै हानि गर्न लाग्नुभएको छ । पहिले मलाई तपाईंमाथि श्रद्धा जागेको थियो । तर अब घृणा हुन थाल्यो । तपाईले असर्फी बेचेर माटो किन्न थाल्नुभएको छ । हात्तीको सवारी छाडी गोरूमाथि उक्लिन खोज्नुभएको हो । सूर्यको झलमल्ल घाम छाडी जुनकीरीको पिल्पिले प्रकाशमा बस्न खोज्नुहुन्छ । राजमहल छाडी मसान जिन्दगी बिताउन खोज्नुहुँदोरहेछ । कहाँ सर्वशक्तिसम्पन्न इन्द्रादि देवता र कहाँ भिखारी महादेव ? तपाईंजस्ती सुन्दरीसित त्यो बूढो, नाङ्गो, माग्ने महादेवको जोडी कस्तो देखिएला ? तपाईंको यो चन्दमालाई माथ गर्ने सुन्दर अनुहार, बूढो महादेवको दाह्री-जुँगा र बल्ने तीन आँखा, तपाईंको कपालको सुन्दर वेणी, महादेवको जटाजूट तपाईंको युवा र कोमल शरीरमा मग्मगाउँदो श्रृङ्गार-प्रसाधन, महादेवको जीउभरि घसिएको खरानी ;; तपाईंको शरीरभरि झपक्क स्वर्ण-आभूषण, उनको शरीरमा बेरिएको सर्प र घाँटीमा मुन्डमाला । तपाईं मङ्गलमयी, उनी महाअमङ्गल । तपाईं महाराज हिमालयकी छोरी र उनी कसका छोरा हुन् त्यो उनलाई पनि थाहा छैन । धनी त यस्ता हुन् कि जीउमा झुत्रो पनि छैन । आफ्नी कन्याका लागि मानिसले वरमा जे-जे गुण खोज्छन्, ती मध्ये एउटा पनि गुण महादेवमा छैन । उनीसित विवाह गरेर तपाईंको कुनै रहर पुग्ला ? फेरि तपाइंसित महादेवको कुनै प्रेम वा आकर्षण भए उनले कामदेवलाई यस्तरी जलाउने नै थिएनन् । उनी तपाईंका लागि उपयुक्त वर कदापि छैनन् ।"

"महादेव निर्गुण ब्रह्म हुन्, तर आफ्नो इच्छाले सगुण रूप पनि धारण गर्न सक्छन् ।" - गौरीले भनिन् - "उनी नै ब्रह्माको रूप धारण गरी संसारको सृष्टि गर्दछन्, सबैका आदिपुरुष उनी नै हुन् । उनको पिता को हुन् सक्दछ ? सबै विद्याका आदि मूल उनी नै हुन् । उनकै श्वासबाट वेद निस्किएको हो । उनी मूर्ख कसरी हुन सक्छन् ? दरिद्रभन्दा दरिद्रले जसको पूजा गरी धनधान्यसम्पन्न हुन सक्दछ, त्यो आफैँ गरिब के गरी हुन सक्दछ ? उनको लीला अपरम्पार हो । सुन्दरभन्दा सुन्दर र कुरूपभन्दा कुरूप शरीर उनले धारण गर्न सक्दछन् । उनी कहिल्यै अमङ्गलकारी हुन् सक्दैछनन् । तपाईंजस्तो पापीले उनको रहस्य के गरी बुझ्न सक्छ ? तपाईंजस्तो पातकीसित कुरा गरेकोमा पनि मैले प्रायश्चित्त गर्नुपर्छ ;" भनेर गौरी चूप लागिन् ।

बूढोले फेरि केही बोल्न खोज्यो, तर गौरीले सखीलाई इसाराले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाबाजीलाई हटाउन भनिन् । यिनले फेरि महादेवको निन्दा गर्लान् । "आफूभन्दा मान्य मान्छेको निन्दा गर्ने मात्र होइन, सुन्ने पनि पापको भागी हुन्छ" -भन्दै गौरी त्यहाँबाट रिसाएर बिदा भइन् । बुढो बाबा तुरुन्त महादेवको रूप धारण गरी प्रकट भए र गौरीको बाटो छेकेर बोले - "म तिम्रो तपस्याले प्रसन्न छु । जे बरदान माग्छ्यौ, माग । आजदेखि म तिम्रो किनिएको दास हुँ ।"

गौरी लाजले भुतुक्कै भइन् । महादेवले भने - "अब तिम्रो बिछोड म सहन सक्दिनँ । ला, कैलाश हिँडे । हामी त्यही विवाह गर्छौं ।"

लाजकी पुरी गौरीले केही बोल्न सकिनन् । उनले आफ्नी सखीद्वारा भन्न लगाइन् - "यदि साँच्चै तपाई रिझिनुभएको छ भने यिनलाई कुलपरम्परा र सामाजिक मर्यादाअनुसार पहिले कुनै मान्छेलाई यिनको पिताकहाँ पठाएर यिनलाई माग्नुहोस् । विवाहको जुन प्रचलित नियम छ, त्यसैअनुसार विवाह हुनुपर्दछ, जसले गर्दा यिनको पिताको गार्हस्थ जीवन पनि सफल हुनेछ र यश पनि फैलिनेछ ।"

गौरीका अनुनय मानी महादेव अन्तर्ध्यान भए । गौरी आमा-बाबुका घर गइन् । गौरीका सखीका मुखबाट सबै बृत्तान्त सुनी पिता हिमालय, आमा मैना, प्रसन्न भए । ऋषिमुनिहरू समाचार सुन्नासाथ हिमालयकहाँ आइपुगे ।

आठौँ दिनको कथा

महादेवले काशीमा सप्तऋषिलाई बोलाए । उनीहरू तुरुन्त आए । वशिष्ठसँग उनकी श्रीमती अरुनधती पनि आइन् । महादेवले विवाहको प्रस्ताव लिएर सबैलाई हिमालयकहाँ पठाए । हिमालय र मैनाले जब ऋषिहरूको मुखबाट महादेवको विवाहको प्रस्ताव सुने, उनका आँखाबाट बर्बरी आँसु झर्न थाले । ऋषिमुनिहरूले गौरीलाई आशीर्वाद दिए । अरुनधतीको मैनालाई महादेवको महिमा सुनाइन् । कुरा छिनिएपछि विवाहको मङ्गलतिथि हेरियो । विवाहको दिन फागुन वदी चतुर्दशी निश्चित भयो । सप्तर्षिहरू प्रसन्न भएर काशी फर्किए र महादेवलाई सबै कुरा सुनाए । महादेव प्रसन्न भए र सबैलाई आफ्नो विवाहमा जन्ती जाने निम्ता दिए । महादेव कैलाश फर्किए । देवताहरूलाई निम्ता पठाउने भार नारदमुनिलाई दिइयो । महादेवका गणहरू जन्तीको तयारीमा लागे । बेहुलालाई कसरी सजाउने ? जे-जे उनका गहना थिए, सबै लगाएर । टाउकोमाथि चन्द्रमाको मुकुट, जीउभरि सर्पैसर्प । जटालाई धोई-पखाली बाँधियो । नयाँ बाघछाला ओढाइयो । यतिकै शृङ्गारले बेहुला परम रूपवान् देखिए ।

चौथो दिन महादेवको जन्ती हिमालयकहाँ पुग्यो । हिमाल आफ्ना कुटुम्बहरूसहित जन्तीको सत्कारमा जुटे । मैनाको मनमा त्यो वर हेर्ने ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्कण्ठा थियो, जुन वरका लागि उनकी छोरीले यति कठोर तपस्या गरेकी थिइन् । उनी नादमुनिसँग बेहुलालाई हेर्ने उत्सुकतामा ढोकाबाहिर निस्किइन् । सबभन्दा पहिले गन्धर्व राजा आए, तिनको सुन्दरता देखेर मैनाले तिनलाई नै बेहुला ठानिन् र गद्गद् भइन् । तर नारदजीले तिनलाई देवताहरूको गबैया भनेर चिनाएपछि अकमक्क परिन् । त्यसपछि धर्मराज आए । मैनाले तिनलाई दूल्है ठानिन् । नारदले फेरि भने – "यिनी त धर्मराज हुन् ।" मैनाले सोच्थिन्, यिनी यति सुन्दर छन् भने महादेव कति सुन्दर होलान् ? यसैगरी क्रमशः अनेक सुन्दर देवताहरू आए र नारदमुनि सबैको परिचय गराउँदै गए । मैनाले गौरीको भाग्यमा गर्व थालिन् । महादेवले यो कुरा बुझिहाले र केही कौतुक गर्न खोजे । नारदले मैनालाई भन्दै थिए – "ऊ हेनुस्, बेहुला आउँदैछन् । देखेर नेत्र सफल गर्नुहोस् ।"

मैना चनाखो भई उल्लासपूर्वक हेर्न थालिन् । पहिले महादेवका गण, भूत, प्रेत, विशाच सबै आए । उनीहरूको पोसाक, बोलीचाली, नाच्नुगाउनु, उफ्रिनु, कराउनु आदिबाट मैना तर्सिइन् । मुटु ढुकढुक गर्न थाल्यो । कतै दूल्हा यस्तै त छैनन् ? त्यसैबेला महादेव आइपुगे । नन्दी बसाहामा बसेका, पाँच मुख, तीन आँखा, दस हात भएका, एउटा हातमा खप्पर, अर्कोमा भिक्षापात्र लिएका, तेस्रो हातमा पिनाक, चौथोमा वाण, पाँचौमा त्रिशूल र छैठौंमा अभय मुद्रा । यसै गरी सबै हातमा केही न केही लिएका । हात्तीको छाला लगाएका, त्यसमाथि बाघम्बर ओढेका, जीउभरि सर्प झुन्ड्याएका, आँखा चिम्लेर आफू थुरथुर कामेका ।

नारदले भने – "दूल्हा यिनै हुन् ।" महादेवलाई देख्नासाथ मैना बेहोस् भइन् । रिसले मुर्मुरिदैँ फतफताइन् – "ज्याद्री केटी, के गरिस् ? यस्ता दूल्हासित के गरी बस्छेस् ?"

नवाँ दिनको कथा

मैनाको मोहभङ्ग :

जब गौरीका दूल्हा महादेवलाई देखेर मैना बेहोस् भइन्, ठूलो हल्लीखल्ली मच्चियो । मुखमा पानीसानी छर्की कसैगरी मानिसहरूले उनलाई होसमा ल्याए । होसमा आएपछि उनी नारद र गौरीलाई सराप्न थालिन् । रिसको झ्वाँकमा नारदलाई भनिन् – "नारद; तँ ठूलै ठग छस् । तैले गौरीलाई महादेव मनपर्ने कुरा गर्थिस् । गौरीलाई महादेव पाउन तपस्या गर्न उक्साइस् । यसले गर्दा संसारभरिको मेरी छोरीले अवगाल खप्नुपर्‍यो । म कुन मुख लिएर समाजमा हिँडूँ ? मत जिउँदै मरूँ । अब कहाँ जाऊँ, के गरूँ, केही बुझ्दिनँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो घर बर्बाद गरेर तँलाई के फाइदा भयो ? मेरा सबै रहरमा डढेलो लगाउने तैँ होस् । कहाँ गए सप्तर्षि ? अरुनधति भनिने ती स्वास्नीमानिस त झन् महाठगिनी रहिछ ।" फेरि गौरीलाई गाली गर्न थालिन् – "अरूलाई के भनूँ ? मेरो त आफ्नै कोख बिटुलो रहेछ । यी सबै दुर्गति मैले मेरै छोरीले गर्दा भोग्नुपरेको छ । सुन बेचेर माटो किन्ने, सूर्यको प्रकाश छाडेर जुनकीरीको बत्तीमा बस्ने, शक्तिशाली देवताहरूलाई छाडी मगन्ता जोगीलाई रोज्ने मेरी आफ्नै छोरी त हो । तँलाई धिक्कार छ, गौरी । आफ्नो घरपरिवार र यो नगरमा आगो लगाइदिइस्, अब विष खाएर किन मर्दिनस् । ल्या मेरै हातले तेरो गर्धन रेटिदिन्छु । यस्तो बौलाहासित दुःखपूर्ण जीवन बिताउनु साटो अरू एकैछिनको सास्ती सहेर मर्नु जाती ।"

यसरी क्रोधमा फतफताउँदै मैना कतै विश्राम गर्न गइन् । हिमालयले जति फकाउने-फुल्याउने प्रयास गरे पनि उनी केही बोल्दैन थिइन् । परि स्थितिको गम्भीरता बुझ्दै ब्रह्मा स्वयम् मैनालाई शान्त गराउन आए । उनले मैनालाई भने – "महादेव सबै देवताभन्दा महान् हुन् । उनी परमेश्वर हुन् । उनी त संसारका पालनकर्ता तथा संहारकर्ता हुन् । तपाईंले अझै उनलाई चिन्न सक्नुभएन, त्यसैले बौलाहीझैँ कराउनुहुन्छ ।"

मैनाले तुरुन्त जवाफ दिइन् – "अरू त जे-जे भन्नु छ भन्नुहोस्, तर महादेवसित गौरीको विवाह गर्ने कुरा नगर्नुहोस् । तपाईंहरूले मिलिमतो गरी गौरीको सुन्दरता नष्ट नगर्नुहोस् । अरू गौरीको हत्या गरिदिनुहोस् । दसवटै दिक्पालले (सूर्य, अग्नि, यम, नेऋति, अरूण, ईशान, ब्रह्मा, शेषनाग आदि) मिलेर मैनालाई बुझाउन खोजे, तर मैना आफ्नो सङ्कल्पमा अडिग रहिन् – "तपाईंहरूले जे-जति भने पनि म मेरी गौरीजस्ती छोरीको विवाह त्यो कुरूप महादेवसँग कुनै हालतमा पनि हुन दिन्नँ ।" सप्तर्षिहरू (वशिष्ठ, कश्यप, अत्रि, जमदग्नि, गौतम, विश्वामित्र तथा भारद्वाज) जे पनि मैनालाई सम्झाए – "हामी अनुचित कर्ममा कहिल्यै अल्झिएनौँ । यस विवाहलाई सर्वथा उपयुक्त ठानेर नै हामी लमी भएका छौँ । स्वयम् त्रिलोकनाथ बेहुलाको रूपमा तपाईंको घरमा आउनु भएको छ । यिनको त दर्शनै दुर्लभ छ । कन्यादानका लागि यिनीभन्दा बढी उपयुक्त पात्र संसारमा कोही छैन ।" तर मैनाले उनका कुरा पनि माननन् । आफ्नी छोरीलाई तरबारले टुक्राउन अरू राजी थिइन्, तर विवाह गर्न राजी भइनन् ।

त्यसपछि स्वयम् हिमालयले मैनालाई बुझाउन थाले– "तिमी यसरी किन आत्तिन्छ्यौँ ? हाम्रो ढोकामा को आएका हुन्, तिमीलाई थाहा छैन ? म महादेवलाई चिन्दछु, उनी त्रिलोकनाथ हुन् । उनी जे पनि गर्न सक्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसले तिमी लिँडेढिपी छाड र विवाह सम्पन्न हुन देऊ।" मैनाले उत्तर दिइन् – "निर्णय अटल छ। म महादेवसँग गौरीको विवाह हुन दिन्नँ। तपाई छोरीलाई कतै बिदा गरी ढुक्क हुन चाहनुहुन्छ भने छोरीको घाँटीमा चट्टान बाँधेर अरू खोलामा डुबाइदिनुहोस्।" अब स्वयम् गौरी आमालाई बुझाउन गइन् – "आमा, हजुरको बुद्धि यसरी किन बिग्रिएको ? हजुले सधैँ धर्मकर्ममा विश्वास गरिसियो। ब्रह्माण्डका सबै देवता यिनका सेवक भएर आएका हुन्। होस् गरिसियोस् र महादेवलाई मलाई दान गरी सुखी होइसियोस्। हजुरले यो नगरे म अरू कुनै देवतासँग विवाह गर्दिनँ, अरू जीवनभरि कुमारी बसेर महादेवको तपस्या गरिरहन्छु। मैले मेरो मन, कर्म, वचनले उनलाई मेरो पति स्वीकार गरिसकेकी छु।"

मैना गौरीका यस्ता मायाको वचन सुनेर अवाक् भइन्। रिसले थुरथुर काम्दै गौरीलाई समातेर उनले कुट्न थालिन्। यो देखेर नारदमुनि कुद्दै आए र गौरीलाई छुट्याए। विष्णु भगवान्ले पनि मैनालाई अनेक जुक्ति गरी बुझाए। तर मैना टसमस भइनन्। त्यसपछि नारदले महादेवलाई भने – "हे भोलानाथ भक्तवत्सल, अब लीला समेटिबक्सियोस् र सुन्दर रूप धारण गरेर गौरीलाई दिएको वरदान पूरा गरिबक्सियोस्।"

भोलानाथले आफ्नो रूप परिवर्तन गरे। नारदले मैनालाई भने – "अब गएर बेहुलालाई हेर्नुस् त; उनी कति राम्रा छन्;" मैना महादेवको सुन्दर स्वरूप हेरेको हेऱ्यौ गरिन्। सूर्यझैँ चम्किला आँखा, मोतीमाणिकका गहना। सूर्यले छत्र ओढाएका, चन्द्रमाले चँवर हल्लाएका, आठवटै सिद्धिले नृत्य गरेका, पछिपछि गङ्गा-यमुनाले चमर हल्लाएका। ब्रह्मा, विष्णु, इन्द्र तथा ऋषिमुनि उनका अगाडिपछाडि जयजयकार गरिरहेका थिए। गन्धर्व तथा अप्सराहरू नाचिरहेका थिए। महादेवका गणहरू झ्याली र मृदंग बजाउँदै झुम्मिएका, नानाथरीका बाजा बजाएका र दमाहा पिटेका थिए यसबेला महादेवको शोभा अवर्णनीय थियो।

महादेवको यस्तो रूप देखेर मैना तीनछक्क परिन्। अब मैनालाई होस् भयो। मनमने खुसी भइन् र आफ्नी छोरी गौरीले गरेको कठोर तपस्याको फलको रूपमा त्रिलोकनाथ महादेवलाई देखेर पहिले आफूले पारेको स्वाङ्गमा आफैँ लजाइन् र पछुताइन्।

गौरीको विवाह :

महादेव देवता, ऋषिमुनिको जन्ती र बाजागाजा लिएर हिमालयको ढोकामा पुगे। मैनाले उनलाई पर्सिइन्। स्त्रीहरू गीत गाउँदै मैनाका पछिपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे । महादेवको रूप हेरी सबै मुग्ध थिए र गौरीको भाग्यको सहनी गर्दै थिए साक्षात् महादेवको दर्शन पाएर सधै धन्य थिए ।

देवताहरू महादेवलाई एकछि छोड्दैनथे, किनभने महादेवले फेरि कुनै लीला गर्न बेर छैन भनेर । उनीहरू सशंकित थिए । मैना झट्ट महादेवलाई पर्सेर गइहालिन् । उनलाई पनि देउताहरूले खिसिट्युरी गर्ने हुन् कि भन्ने डर थियो ।

वरलाई मण्डपमा ल्याइयो : हिमालयले उनको पूजा गरे । 'अठोङर' (ओखलमा सुपारी राखी आठ जनाले आठपटक मूसल हानी सुपारी फुटाउने विधि) कुटियो । महादेवले 'कोहबर' (पतिपत्नीको मिलनका लागि सज्जित प्रकोष्ठ) मा गौरीलाई हात समाई ल्याए । ब्रह्मा सबै विधि गराउन सतर्क थिए । वरलाई रेशमी धोती, फूल तथा सुनको माला पहिराइयो । बेहुला-बेहुलीलाई आँपको पल्लवको कंगन लगाइयो । ऋषिहरूले गोत्राध्याय पढाए । हिमालयले कन्यादान सम्पन्न गरे । गौरीशङ्कर बेदीनेर गए । अग्निको आह्वान गरी हवन गरियो । विवाहका सबै विधि सम्पन्न भए । ऋषिहरूले वरवधूलाई आशीर्वाद दिए । गन्धर्व, अप्सराहरूले नाच-गान गरे । देउताहरूले भने - "हे महादेव, हजुर जगत्पिता होइबक्सिन्छ, गौरी जगन्माता हुन् ।" गौरी-शङ्कर कुलदेवतालाई प्रणाम गरी, भोजनोपरान्त विश्रामका लागि कोहबरमा गए । वरियाती (जन्तीहरू) को सत्कार आरम्भ भयो । भिन्नभिन्न प्रकारको व्यवस्था गरिएको थियो । जुन घरमा साक्षात् अन्नपूर्ण जन्मिएकी थिइन्, उहाँ कुनै वस्तुको अभाव कसरी हुन्थ्यो ? जन्तीहरू हिमालयलाई धन्यवाद दिदैं विदा भए र भने - "हिमालय, तपाईं धन्य हुनुहुन्छ । अब हामीले ताडकासुरबाट मुक्ति पाउने बाटो पायौं ।" हिमालय हात जोरेर उभिएका थिए । मैनाले आफ्नो अज्ञानतका लागि देवता र ऋषिसित क्षमा मागे । उनीहरूले भने - "यी सबै लीला त्रिलोकीनाथका थिए । तपाईको सौभाग्य बढोस् । अब हामी बिदा पाऔं ।" अगाडिअगाडि गौरी शङ्कर नान्दीमा बसेर विदा भए, पछि-पछि उनलाई बिदा गर्न हिमालयसहित उनको परिवार थियो । केही परसम्म हिमालयहरू गए र फेरि कन्या विछोडको वेदनाले आँशु पुछ्दै घर फर्किए ।

दशौं दिनको कथा

कार्तिकको जन्म :

कुनै बेला महादेवलाई गौरीसित जङ्गलमा संभोग गर्ने रहर जाग्यो । उनी वनमा पसे र मगमग वास्ना आउने एउटा झ्याङमा लुकेर सम्भोग गर्न थाले । महादेव संभोगमा यस्तरी मदहोस भए कि उनलाई कुनै कुराको सुद्धिबुद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेन। सम्भोग गर्दागर्दै धेरै दिन बिते। देवताहरूलाई चिन्ता हुन थाल्यो। उनीहरू ब्रह्माकहाँ गए र महादेव सम्भोगमा यसरी डुबेको कथा सुनाए। फेरि सोधे – 'प्रभु ! यस्तो सम्भोगबाट जुन सन्तानको जन्म हुन्छ त्यो कस्तो हुन्छ ?' ब्रह्माले भने – "तपाईहरू चिन्ता नगर्नुहोस्। कल्याण नै हुन्छ। तर, एउटा कुन कुराको ध्यान राख्नुहोस् भने सन्तान यदि गौरीको गर्भबाट जन्मिन्छ भने सम्पूर्ण संसारको नाश हुनेछ। त्यसैले तपाईहरू महादेवलाई यस सम्भोगबाट निवृत्त गराउने जुक्ति गर्नुहोस्।"

सबै देवताहरू त्यस वनमा गई हल्लाखल्ला मच्चाउन थाले। हल्लाले महादेवको ध्यान उछिट्टियो र उनी हतार-हतार सम्भोगबाट निवृत भए। महादेव जब सम्भोगबाट उठे उनको वीर्य ठाउँमा नझरी पृथ्वीमा झऱ्यो। गौरीलाई यसबाट धेरै रिस उठ्यो। उनले सबै देवतालाई श्राप दिइन् – आजदेखि कुनै देवताले सम्भोगद्वारा सन्तान पाउने छैन।

महादेवको वीर्यको तेज पृथ्वीले सहन गर्न सकेन। त्यसले त्यो वीर्य आगोमा फ्याकिहाल्यो। आगोले पनि त्यो तेज सहन सकेन र त्यसलाई सरपतका झारमा फ्याँकिदियो। सरपत (एक किसिमको झार) मा झरेर त्यो वीर्य छ मुख भएको एउटा बालक बन्यो। त्यसै बाटो भएर कृत्तिकाहरू जाँदै थिए। उनीहरूले छ मुखले रुने त्यस बच्चलाई काखमा उठाए र आ-आफ्नो दूध खुवाई त्यस बालकलाई पाले। बच्चा ठूलो भएपछि सबै प्रकारको शिक्षा दिइयो। कृतिकाहरूले त्यस बच्चालाई पालेको हुनाले त्यसको नाउँ कार्तिकेय राखियो। गणेशजीको जन्मपछि जब गौरीशङ्करले कार्तिकेय जन्मबारे थाहा पाए, तिनलाई आफूकहाँ बोलाइहाले। देवताहरूले उनको अभिषेक गरे र कार्तिकेयलाई आफ्नो सेनापति बनाए। कार्तिकेयले ताडकासुरको बध गरे र इन्द्रलाई उनको राज्य फिर्ता गरे। तिनको विवाह साठीसित भयो।

गणेशको जन्म :

देउताहरूद्वारा प्रथम सम्भोगमै बाधा पुऱ्याइएको हुनाले गौरीको झनक्क रिसाउने स्वभाव भयो। उनी कुरै पिच्छे झर्किने गर्थिन्। कार्तिकेयको जन्म त्यतिबेलासम्म भइसकेको थियो, तर उनीहरूलाई यसको सूचना थिएन। महादेवले गौरीलाई खुसी पार्ने धेरै जुक्ति गरे, तर सफल भएनन्। महादेवलाई बडो चिन्ता लाग्यो। एकदिन उनले गौरीलाई सोधिहाले, "गौरी तिमी यसरी कुरैपिच्छे किन झर्किने गर्छ्यौ ? तिमी के गरी खुसी हुन्छ्यौ, त्यो मलाई भन।" गौरीले भनिन् – "हजुर त अन्तर्यामी होइसिन्छ, हजुरले सबैको मनको कुरा बुझिसिन्छ, मेरो मनको कुरा बुझिसिन्न, म कसरी पत्याऊँ ? मूर्ख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिलाई यो स्वास्नीमानिसहरूले सबै कुरा खोलेर भन्छन्, हजुर त अन्तर्यामी, के मैले खोलेरै भन्नुपर्छ; तैपनि हजुरले सोधिसिन्छ भने आज्ञा मैले मान्नै पर्‍यो। सुनिसियोस्, स्वास्नी मानिसका लागि संसारमा सबभन्दा ठूलो सुख सुन्दर पुरुषबाट सम्भोग गराउनु हो। त्यस सम्भोगमा यदि कुनै किसिमको बाधा उत्पन्न हुन्छ भने यस दुःखले स्वास्नी मानिसहरू दिन-दिनै खिन्न र झक्की स्वभावका हुँदै जान्छन्। अब हजुरले नै सोचिसियोस्। मलाई कत्रो दुःख होला। एक त सम्भोगमा बाधा पर्‍यो, अर्को हजुरको वीर्य ठाउँमा नझरी पृथ्वीमा झर्न गयो र सबभन्दा ठूलो दुःख त के छ भने म अहिल्यैसम्म निःसन्तान छु। जसको पति स्वयम् त्रिलोकीनाथ छन्, त्यसैले छोराको मुख नदेख्नु, कत्रो दुर्भाग्य। जुन स्त्रीले छोरो पाउन सकिन, त्यसको जीवन नै व्यर्थ छ। तपस्या, योग, दान, इत्यादि राम्रा कर्महरू अर्को जुनिमा काम लाग्छन्, तर सुपात्र छोरोले इहलोक र परलोक दुवै ठाउँमा सुख दिन्छ। हे प्राणनाथ, हजुर त सर्वोपरि र सर्वज्ञ होइसिन्छ। म अब के गरूँ, हजुरबाट नै आज्ञा होस्।"

पार्वतीका कुरा सुनेर महादेवले भने- "हे प्रिय ! निराश नहोऊ। सबै कुराका उपाय छन्। माघ शुक्ल त्रयोदशीदेखि सुपुष्य नाउँको विष्णुव्रत आरम्भ हुन्छ र त्यो वर्षभरि चल्छ। यस व्रतमा धेरै खर्च र कष्ट भएपनि यो जस्तो तुरुन्त फल दिने व्रत अर्को छैन। त्यसैले तिमी चिन्ता नगर। म सबै प्रबन्ध मिलाइदिन्छु। कुनै कुराको खाँचो हुनेछैन।

गौरीले प्रसन्न भएर आउँदो माघदेखि सुपुष्यव्रत आरम्भ गरेर सविधि समाप्त गरिन्। व्रत समाप्त गरेर गौरीले महादेवसँग कैलाशको एउटा सुन्दर, निर्जन स्थानमा भोगविलास गर्न थालिन्, जतिखेर महादेवको वीर्यपात हुन थाल्यो, त्यति नै खेर भगवान विष्णु एउटा बूढो तपस्वी ब्राह्मणको भेषमा त्यहाँ पुगे र जोर-जारले डाक्न थाले - "परम पिता महादेव र जगन्माता गौरी, हजुरहरू कहाँ होइसिन्छ ? म भोकभोकै मर्न आँटे। केही खाने कुरा पाऊँ ; मेरो प्राणको रक्षा गरिसियोस्, प्रभो ;;"

भोको ब्राह्मणको क्रन्दन सुनेर दुवै जना हतारिदै जुरुक्क उठे, दौडे। यसै बीच महादेवको वीर्य फेरि पलंगमाथि नै झर्‍यो। गौरी महादेव ब्राह्मणको आदर सत्कारमा लागे। सोधीसोधी भोजन गराउन थाले। एक्कासि ब्राह्मण देवता अन्तर्ध्यान भए। त्यसैबेला आकाशबाणी भयो - "तपाईंको व्रतको फल पलंगमाथि खेल्दैछ। जानुहोस्, पुत्रलाई देखेर जीवन सफल पार्नुहोस्।"

आकाशवाणी सुन्नासाथ गौरी कुदिन्। एउटा अत्यन्त सुन्दर शिशुलाई पलंगमाथि खेलिरहेको देखिन्। बच्चा आफ्नो बुढी औला चुस्दै थियो। दुवै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनालाई असीम आनन्द प्राप्त भयो। कैलाशमा ठूलो उत्सवको आयोजना भयो। देवताहरूले आएर बच्चालाई आशीष दिए। हिमालय पनि स-परिवार आए। बालकको नाउँ गणेश राखियो। यस उत्सवमा शनि महाराज पनि आएका थिए। गौरीले आग्रह गरेपछि उनले बच्चालाई झलक्क मात्र के हेरेका थिए बच्चाको गर्धन काटियो। भगवान विष्णुले तुरुन्त एउटा हात्तीको गर्धन काटेर गणेशको गर्धनको ठाउँमा हालिदिए र अमृत छरेर पुनर्जीवित गरिदिए। त्यसै दिनदेखि गणेशको अनुहार हात्तीको अनुहार छ। यसै उत्सवमा गौरी महादेवले देउताहरूबाट के थाहा पाए भने उनीहरूको प्रथम सम्भोगको परिणाम स्वरूप कार्तिकेयको जन्म भैसकेको छ र उनी कृत्तिकाहरूको संरक्षणमा छन्। गणेशको विवाह दक्ष प्रजापतिकी छोरी पुष्टिसित भयो।

गौरी (नाग) को दन्त्य कथा : हिमालयकी चौथी छोरी अति गोरी थिइन्। त्यसैले उनको नाउँ गौरी राखियो। गौरी जब विवाहयोग्य भइन्, मनाइनले हिमालयलाई भन्न थालिन् - "यसै बसेर कन्यादानको चिन्तै नलिएर हुन्छ ? एउटा बूढो आउँछ र छोरीलाई चोरेर भाग्छ। यो राम्रो होइन। लमीलाई पठाएर राम्रो वर खोज्न लगाउनुहोस्। जसरी अरू भद्र भलाद्मीहरूले कन्यादान गर्छन्, मलाई पनि त्यसै गर्ने रहर छ।"

हिमालयले सोंचे, सबै ठाउँमा पुग्ने सबैको गुणदोष थाहा पाउने यस्तो कुन मान्छे हुन सक्छ ? उनलाई झल्याँस्स नारद मुनिको सम्झना आयो। उनले नारद मुनिलाई वर खोज्ने दायित्व दिए र विवाहको वन्दोबस्त गर्न थाले।

नारद मुनिले फेरि त्यही बूढो महादेवलाई खोजेर ल्याए। निकै सजधजका साथ जन्ती आयो। स्वास्नीमानिसहरूको बरियाती हेर्न घुइँचो लाग्यो। हेर्छन् त देख्छन् दूल्हा का आँखामा चिप्रा, अंग-अंगमा सर्प झुण्डिएको। जन्तीमा कोही कानो छ, कोही खोरण्डो, कोही खुँडो, कोही लङ्गडो, कोही लुलो। सबै स्वास्नीमानिसहरू नारदमाथि खनिए र जन्तीलाई फर्काउन थाले, जब गौरीले यो कुरा थाहा पाइन्, उनले मनमनै महादेवलाई प्रार्थना गर्दै रूप परिवर्तन गर्न गुहार्न थालिन्। महादेवले त्यसै गरे। तुरुन्त सर्पहरू बिलाए। सुन्दर पीत पाटम्बर धारण गरी शङ्कररूप भए। उनको यस्तो सुन्दर रूप देखेर सबै चकित भए। शुभ-शुभ गरी विवाह सम्पन्न भयो। मनाइनले खुसी खुसी छोरी-ज्वाइँलाई विदा गरिन्। महादेव गौरीसाथ खुसीखुसी बस्न थाले।

कोसेली :

छोरी ज्वाइँलाई विदा गरेपछि केही दिन पश्चात् मैनाले दही, केरा, खाजा, लड्डु, ठकुआ, मालपूआ इत्यादि कोसेली पठाइन्। महादेवलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्ति परिकार राख्ने न घरमा ठाउँ थियो, न खाने मान्छे नै कोही थियो। मान्छेहरूलाई बोलाइबोलाई खूब खुवाए, बिलो बाँडे, तर जत्ति बाँडे पनि कुनै परिकार सकिँदै सकिँदैनथ्यो। कोसेलीहरू कुहिएर आँगन-घर डुङ्डुङ्ती गन्हाउन थाल्यो। कोसेली के गरी सक्ने, सोच्न थाले। एकजनाले सल्लाह दियो – 'भडकनि छुलाहि' (एउटा काल्पनिक जीव) कोठाको ढोका समातेर उभिन्छ भने कोसेलीका परिकारहरू सकिन्छन्। खोजीनिति गरी भडकनि छुलाहि' ल्याइयो र त्यसलाई ढोकामा टाँसेर उभ्याइयो। अनि मात्र कोसेलीका वस्तुहरू सकिए।

गौरीको नन्द :

एक दिन गौरीले महादेवसित भनिन् – "हजुर सबैका नन्द छन्, आउँछन्, जान्छन्। मेरी नन्द कहिल्यै नआएर साह्रै खल्लो लाग्छ।"

महादेवले भने – "नन्दको भार तिमी सहन सक्छ्यौ ?"

गौरीले भनिन् – "किन र ? म नन्दको भार किन थेग्न सक्दिन ?" गौरीको रहर पुऱ्याउन महादेवले तुरुन्त आफ्नी बहिनी आशावरीलाई बोलाए। आशवरी देवीका गोडा पटपटी फुटेका थिए। ठट्टै-ठट्टामा उनले गौरीलाई त्यस फुटेको कापमा लुकाइदिइन्, त्यसबीच महादेव आँगनमा पुगे, गौरीलाई यताउती हेरे। गौरीलाई कतै देखेनन्। गौरी त्यसै कापभित्र रुँदै थिइन्। महादेवले आफ्नी बहिनी आशावरीलाई सोधे – 'तिम्री भाउजू खोइ ?' उनले भनिन् – "कोन्नि, मैले त देखेकै छैन।" महादेव परम चिन्तित भए। आशावरी देवीले जोरले खुट्टा बजारिन्। गौरी भुइँमा फ्यात्त झरिन्। दुवैजना खित्का छाडी हाँस्न थाले।

एकदिन महादेवले धेरै माछा ल्याए। गौरीले विन्यासपूर्वक माछा पकाइन्। नन्द आशावरीलाई भनिन् – "तपाई यो घरको चेलीबेटी पहिले तपाई खानुहोस्, पछि हामी खाऔँला।" उनी माछा खान थालिन्। खाँदाखाँदै पूरै माछा च्वाम्म च्वाम्म पारी सिध्याइन्। गौरी चोक्टापछि चोक्टा दिँदै जान्थिन्। आशावरीले कुपुकुपु खाँदै गरिन्। यसै गरी आशावरीले सबै माछा खाइहालिन्। बिचरी गौरीको लागि काँढा चोइटा पनि बाँकी रहेन। अब आजित भएर गौरीले महादेवसित भनिन् – "अब यिनलाई बिदा गरिदिनुहोस्। यस्ती नन्दबाट मेरो चित्त बुझ्यो।"

महादेव हाँस्न थाले – मैले त पहिले नै भनेको थिएँ, नन्दको भार तिमीले थेग्न सक्दिनौं, तर तिमीले जिद्दी गऱ्यौ। यत्तिकै दिनमा दिक्क लाग्यो। केही दिन अझ राखेर हेर, अनि सबै रहर पूरा हुन्छन्। गौरीले विन्ती गर्न थालिन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

– "म बारम्बार ढोग्छु, यिनलाई बिदा गरिदिसियोस् । होइन भने, यिनले मलाई नै खान्छिन् ।" महादेवले सम्झाई–बुझाई बहिनी आशावरी देवीलाई विदा गरे ।

गौरीको भान्जो :

गौरीले एकदिन फेरि महादेवसित भनिन् – "हजुर, सबैका भान्जा आउँछन्, ख्यालठट्टा गरी रमाइलो गर्छन् । हाम्रो त कहिल्यै आउँदैनन् । यो रहर रहरै हुने भयो ।"

महादेवले मुसुमुसु हाँस्दै भने – "नन्दको रहर त राम्ररी नै पुग्यो अब रह्यो भान्जो आउने रहर, त्यो पनि पुग्छ, तर पछि तलमाथि पऱ्यो भने गुनासो नपोख्नू ।"

गौरी गङ्गाजल भर्न गइन् । जोरजोरले पुरिबा पछवा बतास चल्यो । जति समात्न खोज्दा पनि फरिया उडेर जान्थ्यो । गौरी लाजले भुतुक्क हुन्थिन् । महादेवसित भनिन् – "हेरिसियोस् त यो हावाले त मलाई नाङ्गेझार तुल्याउन थाल्यो ।''

महादेवले भने – "बतासका यी झोक्का तिम्रा भान्जा हुन्, तिम्रो रहर पुऱ्याउन आएका ? यिनले तिमीलाई यसरी जिस्क्याएका छन्, ख्यालठट्टा गरी रमाइलो गरेका छन् ।"

हाँसेर गौरीले भनिन् – बाब्बा, जसरी हजुरको पार कसैले पाउन सक्दैन, हजुरका नाता–कुटुम्बको लीला पनि अपरम्पारै रहेछ ।"

छिल्लिएकी पातर्नी गौरी : कुनै समयमा महादेवलाई गौरीले भनिन् – "ए महादेव, हजुर त त्रिलोकीनाथ होइसिन्छ । हजुरले चोर्नी र पातर्नीलाई चिन्ने कुनै चिन्ह किन दिसिन्न ? हजुरले त जे पनि गरिसिन्छ ।" महादेवले भने – "लौ, मैले तिम्रो कुरा माने । अब कसलाई कुन चिन्ह दिने, भन ।"

गौरीले भनिन् – "पातर्नीलाई सिंग र चोर्नीलाई पुच्छर दिसियोस् ।" एक दिन गौरीसित महादेवले भने – "गौरी, मलाई आज माछा खाने साहै इच्छा लागेको छ । तिमी माछा खुवाउने जुक्ति गर । "गौरी माछा लिन गइन् । मलाहा (माझी) हरूको टोलमा कतै माछा पाइएन । गौरी खोला किनारमा पुगिन् । त्यहाँ महादेव आफै मछुवाराको (माझीको) रूप धारण गरी माछा मार्दै थिए । गौरीले उनलाई मछुवारा (माछा बेच्ने) नै ठानी सोधिन् – "ए मछुवारा, माछा छ ? के भाउ बेच्छौ ?" मछुवाराले भन्यो "आज मैले बेच्नु छैन । तिमीले माछा लिनु छ भने मेरो मनको कुरा पुऱ्याइदेऊ, म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सित्तैमा माछा दिन्छु ।" उसले साहै अनुचित कुरा भन्यो । गौरी असमञ्जसमा परिन् । के गर्ने ? महादेवलाई माछा खाने यस्तो रहर छ, यो मोरोले यस्तो कुरा गर्छ । के हुन्छ ? कसैले देख्न पनि देख्दैन । मछुवाराको इच्छा पुऱ्याउँदैमा यदि पतिको माछा खाने रहर पुग्छ भने ठीकै हो नि । अरू अन्त माछा पनि पाइँदैन र महादेवले आजै माछा खानुपर्ने ?" यी तर्कनाहरू गर्दै थिइन् कि उनको टाउकोमा स्वाँइय दुइटा सिंग उम्रिए । तिनलाई जत्ति छोप्न खोजे पनि तिनी बढ्दै गए । महादेव मरीमरी हाँस्न थाले – "हेऱ्यौ गौरी, आज त तिमी पनि उदांगियौ ।" गौरी लजाइन् ।

गौरी चोर्नी :

एक दिन महादेव हतारिंदै आए र गौरीलाई भने – "मलाई छिट्टो खान देऊ, चाँडै काममा जानु छ ।" त्यसैबेला गौरीलाई दिसाले च्याप्यो । जत्ति रोक्न खोजे पनि रोक्न सकिएन । उनले त्यही दिसा गरेर ढकनाले छोपी दिइन् । महादेवले छोपिएको वस्तु देखेर गौरीसित सोधे – "यहाँ के लुकाएर राखेकी छ्यौ ?" गौरी लजाइन् । के भन्ने, के नभन्ने, अकमक्क परिन् । यसैबीच गौरीको पिंधमा ठूलो पुच्छर झुण्डियो । उनलाई पसीना आयो । अन्तमा महादेवलाई हात जोरिन् – "भैगो, म माफी पाऊँ । अरूहरूको लागि जे भन्दा हजुरले मैमाथि लागु गरिसिन्छ । अब म कुनै ढिपी गर्दै गर्दिन ।" महादेव मुस्कुराए ।

एघारौं दिनको कथा

सन्ध्याको विवाह र लीलीको जन्म :

हिमालयकी पाँचौ छोरी सन्ध्या भइन् । उनी गौरीभन्दा कान्छी थिइन् । तैपनि गौरीको विवाहमा उनको महादेवसित निकै हेलमेल बढेको थियो । महादेवले उनलाई धेरै मायाँ गर्थे । सन्ध्या जब विवाहयोग्य भइन्, महादेव गौरीसित लुकेर उनीसित विवाह गर्न पुगे । गौरीले जब महादेवलाई देखिनन्, उनलाई साहै चिन्ता लाग्यो । महादेवलाई खोज्न धुँइपत्ताल गरिन्, तर महादेव कतै फेला परेनन् । जब उनले महादेव सन्ध्यासित विवाह गर्न गएको कुरा थाहा पाइन्, उनी शोकाकुल भइन् । उनी रुन थालिन् । रुँदारुँदा शरीरबाट पसीनाको धार बग्न थाल्यो । पसीना चलेकोले शरीरबाट मयल निस्किन थाल्यो । सबै मयललाई गौरीले जम्मा पारिन् र त्यसबाट एउटा सर्पको आकार बनाई त्यसलाई बीच बाटोमा हाल्दिइन् । विवाह गरेर फर्किएपछि महादेवले गौरीलाई बलिन्द्रधारा आँसु बगाएर रोएको देखे । उनले बीच बाटामो राखेको त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्पको आकारलाई पनि देखे । उनले त्यस सर्पमा प्राण हालिदिए । सर्प लहलह गर्न थाल्यो । महादेवले गौरीलाई भने – "तिमी किन रुनछ्यौ ? यो सर्प तिम्री छोरी हो । यसैलाई खेलाउन मैले एउटी बेहुली ल्याएको छु ।" यो कुरा सुनेर गौरीको मुखबाट हाँसोको फोहोरा छुट्यो । त्यस सर्पको नाउँ लीली राखियो ।

लीलीको विवाह : नाहर नाम गरेको एउटा राजा थिए र ताँती नाम गरेकी उनकी रानी थिई । उनका एकसय छोरा थिए । बैरसी जेठो र चनाई त्यसभन्दा मुनिको छोरो थियो । बैरसी नोकरीका लागि महादेवकहाँ गयो । महादेवकी एउटी छोरी लीली थिई । तिनलाई एउटा नोकर चाहिएको थियो । महादेवले बैरसीलाई भने – "लीलीलाई धर्मकुण्डमा स्नान गराइदिनू र सुहागकुण्डमा त्यसको बुढीऔंला चोपिदिनु ।" बैरसीले यो कुरा सुन्न भूल गरे । उनले उल्टै गरिदिए, अर्थात्, धर्मकुण्डमा बुढीऔंला चोपिदिए र सुहागकुण्डमा नुहाइदिए । त्यसैले लीलीले सुहाग (ऐभात) त लामो पाइन् तर धर्मको लेश पनि पाइनन् । लीली विवाहयोग्य भइन् । वरको खोजी हुन थाल्यो । लीलीले जब यो कुरा सुनिन्, उनले भनिन् – "मेरो लागि दूल्हा खोज्नै पर्दैन, म त बैरसीसित विवाह गर्छु ।" बैरसीको विवाह लीलीसित भयो ।

आइतबारको कथा

पतिब्रता सुकन्याको कथा :

एउटा राजा थिए । उनका सन्तान थिएनन्, सन्तानका लागि उनले चारवटा विवाह गरे । सबभन्दा कान्छी रानीबाट एउटी कन्याको जन्म भयो । उनी परम सुन्दरी र सुशील थिइन् । त्यसको नाउँ सुकन्या राखियो । सुकन्याको मीठो बानी व्यवहारले गर्दा चारवटै आमाले उनलाई साह्रै मायाँ गर्थे । राजाले पनि सुकन्याका लागि ज्यान फाल्थे । उनी जहाँजहाँ जान्थे, सुकन्यालाई सँगै लिएर जान्थे । एकदिन राजा मिर्मिरेमा घुम्न निस्किए । उनीसँग धेरै भारदारहरू थिए । साथमा सुकन्या पनि थिइन् । उनले माटोको एउटा ढिक्कामा धमिरा लागेको र त्यसभित्र प्वालमा दुईटा केही टल्केको देखिन् । यो चम्किने वस्तु के हो भने जान्ने उत्कण्ठा सुकन्यालाई भयो । आफ्नो औंलाले उनी त्यो चम्किलो वस्तुलाई कोट्याउन थालिन् । कोट्याउँदा कोट्याउँदै उनको औंलामा रगत लाग्यो । त्यसपछि एउटा सिन्का लिएर उनले घोचिन् । ती चम्किला वस्तुबाट रगतको फोहरा छुट्यो । सुकन्या तर्सिएर भागिन् । त्यो ढिस्कोमुनि एउटा ऋषि तपस्या गर्दै थिए र ती चम्किला वस्तु उनका दुई चम्किला आँखा थिए । ती आँखा सुकन्याको केटाकेटीपनले फुटेका थिए । राजमहल आएर राजाले राजपण्डितहरूलाई बोलाए र सबै वृतान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताए । पण्डितहरूले यसलाई अक्षम्य अपराध ठहर गरे र मुनिसित क्षमायाचना गर्ने सुझाउ दिए । राजाले त्यसै गरे । राजाले विन्ती गरे - "हे मुनी, मेरी कन्याबाट ठूलो अपराध हुन गयो, कृपया क्षमादान दिनुहोस् ।" मुनिले भने - "तिम्री छोरीले मेरो आँखा फुटाइदिई,, म अन्धो भएँ, तिमी आफ्नी छोरीलाई मेरो कुटीमा छाडिदेऊ । उसले मेरो स्याहार-सुसार गर्नेछ ।"

मुनिको वचन सुनेर राजालाई ठूलो चोट पऱ्यो । उनी राजमहल आएर पथरा परे । एउटी मात्र छोरी थिई, त्यसलाई पनि मुनि मागदैछिन् ।

राजाले कोसेलीपात दिएर छोरीलाई विदा गर्ने तयारी गरे । तर, सुकन्याले आफूसित केही लैजान मानिनन् । उनले आफ्नो शरीरबाट सबै अलङ्कार झिकिन् र वनपूलका आभूषण मात्र धारण गरेर सबैसित विदावादी भई मुनिको कुटीमा पुगिन् । त्यहाँ गएर मुनिको स्याहारसुसारमा पूर्ण मनोयोगपूर्वक दत्तचित्त भइन् । सुकन्या प्रतिदिन स्नान गर्न गङ्गाजी जान्थिन् । एकदिन बाटोमा अश्विनी कुमारसित भेट भयो । अश्विनी कुमारले सोधे - "तपाई त राजाकी छोरी हुनुहुन्छ, एक्लै कता जान लाग्नुभयो ?" सुकन्याले आफ्नो सम्पूर्ण कथा सुनाइन् । अश्विनी कुमारले सुकन्याको रूपसौन्दर्यको बखान गर्न थाले र आफूसित विवाह गर्ने प्रस्ताव राखे । सुकन्यालाई रिस उठ्यो । उनले भनिन् - "म सती हुँ, श्राप दिए भने तपाई भस्म बन्नुहुन्छ । फेरि दोहोऱ्याएर यस्तो वचन नबोल्नुहोला ।" अश्विनी कुमारले भने - "यदि तपाईंले मुनिलाई मसँगै गङ्गास्नान गराउनुहुन्छ भने उनी म जस्तै सुन्दर युवक हुन्छन् ।" अर्को दिन सुकन्याले वृद्ध मुनिलाई अश्विनी कुमारसँगै गङ्गास्नान गराउन आफूसितै लगिन् । तीनै जनाले गङ्गामा डुबुल्की मारे । आश्विनी कुमार र मुनि काटिकुटी एउटै देखिन्थे । सुकन्याले कुन अश्विनी कुमार हो र कुन मुनि, छुट्याउन गाह्रो भयो । उनी द्विविधामा फँसिन् । त्यसैबेलामा उनले केटाकेटीदेखि नै सुनेको एउटा कुरा सम्झिन् । द्यौताहरूको परेला झर्दैन रे उनले छुट्याइहालिन् । उनले च्याप्प आफ्नो पति मुनिका हात समातिन् । अश्विनी कुमार त धोखा दिएर विवाह गर्ने दाउमा थिए, तर त्यसो हुन सकेन । सुकन्याले प्रसन्न भएर आफ्ना देवीदेवतालाई प्रणाम गरिन् । आफ्ना स्वामीलाई सुन्दर युवकको रूपमा प्राप्त गरेर हर्षविभोर भइन् । मुनिसँग सुखपूर्वक जीवनयापन गर्न थालिन् ।

केही दिन बितेपछि सुकन्याकी आमाले छोरीलाई सम्झिन् - छोरी एक्लै जङ्गल पसेकी थिई, कुन्नि के भयो होला ? वनमा बाघ, सिंह र नानाथरिका हिंस्रक जनावरहरू बस्दछन् । मनमा अनेक शंकाउपशंका खेल्न थाले । बूढा मुनि पनि स्वर्गलोक गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदिन राजारानी सुकन्याको भलाकुसारी सोध्न वन गए। उनले देखे, सुकन्या अति सुन्दर युवकसँग बस्छिन्। उनले ठाने, उनकी छोरीले बूढोलाई छाडी अब अर्कै ठिटोसँग बस्न थालेकी छन् क्यार। सुकन्याले जब आमा बाबुलाई देखिन्, उनको सत्कारका लागि लम्किइन्। आमाले भनिन् – "हामी तिमीकहाँ जान्नौ, तिमीले हामीलाई ठूलो कलङ्क लगाएकी छ्यौ।" सुकन्याले भनिन् – "यी सबै हजुरहरूकै आशीर्वादले सम्भव भयो। हजुरहरूले पूरा कथा सुनेपछि मात्र विश्वास गरिसिन्छ। जब उनले ज्वाइँको मुखबाट सबै कथा सुने, उनलाई आफ्नी छोरी निर्दोष भएको विश्वास भयो। छोरीलाई दोषी ठानेकोमा पछुतो भयो। राजारानी प्रसन्न भएर राजमहल फर्किए। राजाले अश्वमेध यज्ञ गरे त्यसमा छोरी-ज्वाईलाई बोलाए। देवताहरूलाई पनि निम्ता पठाएको थियो। उनीहरू एउटै लहरमा बसी भोजन गर्न थाले। त्यसै लहरमा अश्विनी कुमार पनि भोजन गर्न बसे, तर देउताहरूले उनलाई आफ्नो लहरमा बस्न दिन चाहँदैनथे। राजाले धेरै विन्तीभाउ गरेपछि मात्र सँगै खान दिए। सबैले हर्षित भएर छोरी-ज्वाइँलाई आशीर्वाद दिएर आ-आफ्नो घर फर्किए।

बाह्रौं दिनको कथा :

एउटा ब्राह्मणका सातवटा छोरा थिए। कान्छी बुहारी गरिबकी छोरी थिई। त्यसैले सासूले उनलाई निकै हेला गर्थिन्। केही मीठो-मसिनो पाक्यो भने सबैले बाँडेर खान्थे, बिचरी बुहारीलाई त्यसै छाडिदिन्थे। भगवानको कृपाले जब बुहारी गर्भवती भइन्, अमिलो-पिरो खान बल गर्थिन्, तर सासुले कुनै पनि रहरको वस्तु नजिक पर्न दिंदैनथिन्। एकदिन बडो दुःखी भएर उनले आफ्नो पतिका अगाडि खीर-पुरी खाने रहर व्यक्त गरिन्। उनको पतिले आमालाई भने, 'आमा, म खेत जोत्न जान्छु। हजुरकी बुहारीको हातबाट मलाई खीर-पुरी पठाइदिनुहोला।' बूढिया त खली खाएकी, खप्पिस थिई। उसले छोराको मनसाय बुझिहाली-यल्ले आफै नखाएर स्वास्नीलाई खुवाउन यो स्वाङ गरेको हो। त्यसैले उसले बुहारीको जिब्रोमा केही लेखिदिई र तर्साउँदै भनी – "लौ खेतबाट फर्किएर आउँदासम्म तिम्रो जिब्रोमा लेखिएका अक्षर मेटिनु हुँदैन।" र बुहारीको हातबाट खीर-पुरी खेतमा पठाई।

बुहारी खीरपुरी लिएर खेतको डिलमा पुगी। आधी जत्ति दूल्हाले खाए र आधी दुलहीलाई खान कर गरे। दुलहीले भनी, "म कसरी खाऊँ ? हजुरको आमाले मेरो जिब्रोमा केही लेखिदिनु भएको छ। खाँदा त्यो मेटिन्छ र मैले कुटाइ खानुपर्छ।" दूल्हाले भने – "त्यसो भए अहिले खीरपूरी कतै लुकाएर राखिदेऊ। आमाले जिब्रामा लेखिएका अक्षर हेरिसक्नु भएपछि मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खान् ।" दुलहीलाई यो कुरा मनपऱ्यो । उनले एउटा पीपलको रुखको धोद्रोमा खीर-पुरी लुकाएर राखिदिइन् र घर फर्किइन् । सासूले जीब्रो हेरिन् । त्यसपछि दुलही कुनै न कुनै निहुँ गरेर खीर-पुरी खान त्यसै पीपलको रुखनेर गइन्, तर त्यसको धोद्रोमा खीर-पुरी थिएन । त्यस धोद्रोमा एउटा दुलो थियो र त्यस दुलोमा एउटा नागिनको बास थियो । तिनी गर्भवती थिइन् । दुलहीको चित्त साहै दुख्यो, त्यत्ति जुक्ति गर्दा पनि खीर-पुरी खानु त्यसको भाग्यमा थिएन । उनले खीर-पुरी चारैतिर खोज्न थालिन् र भन्न थालिन् - "आशा भेल निराशा, झाँझर मेल पलास जे मोरा खएलनि खिरियापुरिया, तिनको पूरनि आँस ।" (आशा भयो निराशा, सुक्यो खङ्गङ्ग पलास, जसले खाइन् खीर र पुरी, तीनको पुगोस् आश) केही दिनपछि त्यस नागिनले दुईटा बच्चा पाइन् । जुन चउरमा ब्राह्मणीको खेत थियो , त्यसैमा सर्पका यी दुवै बच्चाहरू घसिंदै ब्राह्मणी छेउ पुगे । ब्राह्मणीलाई साहै मायाँ लाग्यो । उनले तिनलाई झट्ट एउटा ढक्कीले छोपिदिइन् । चरूवाले आएर सोधे - "तपाईंले सर्पका दुई बच्चा देख्नुभएको छ ?" उनले उत्तर दिइन् - "होइन, ती त यतातिर आएजस्तो लाग्दैन ।" जब चरूवा गयो, उनले ढक्की उघारिन् । नागिनका दुवै बच्चा घिसिंदै गए ।

घर पुगेपछि यी दुवै पिउसाले आमालाई भने- "आमा, आज एउटी बाहुनीले हाम्रो प्राणको रक्षा नगरेको भए चरूवाहरूले लखेटेर झण्डै हामीलाई सिध्याइसकेका थिए ।"

नागिनको एउटा बच्चाको नाउँ बाल र अर्कोको नाउँ बसन्त थियो । आमाले बच्चालाई भनिन् - "यो कुरा सधै सम्झनू, जसले गुन लगाउँछ त्यसलाई कहिल्यै बिर्सनु हुँदैन र परेको बेला त्यसलाई पनि गुन लगाउनु पर्दछ ।"

दुवै नागपुत्र अर्कोदिन फेरि त्यस चउरमा खेल्न गए । दुलही आफ्नो खेतीपाती हेर्न चउर गएकी थिइन् । तिनलाई देखेर नागको बच्चा बोल्यो - "हामीहरू बासुकी नागका छोरा हौं । हिजो तपाईंले हामी दुवै दाजुभाइको प्राणको रक्षा गर्नुभयो । त्यसैले हामी प्रसन्न छौं । तपाईंले वरदान माग्नुस् ।" दुलहीले भनिन्, "मेरो माइतले मेरा आश पुऱ्याओस्, यत्ति मात्र बरदान दिनुहोस् ।" अर्को दिन दुवै दाजुभाइ मानिसको रूप धारण गरी दुलहीकहाँ पुगे । त्यहाँ दुलहीका सासू, ससुरा, जेठ र दूल्हालाई भने - "हामी दुवै दुल्हीका भाइ हौं । हाम्रो जन्म यिनको द्विरागमनपछि भएको हो । यहाँ आवत-जावत नभएको हुनाले हुजुरहरूले मलाई चिन्नुहुन्न । हामी हाम्रा दिदीलाई लैजान आएका हौं । कृपया यिनलाई बिदा गरिदिनुहोस् ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुलहीको मन र दुवै भाइका हठ देखेर दुलहीलाई बिदा गरियो । त्यस दुलोभित्र तीनैजना छिरे र दुलोबाट निस्किएपछि उनले राम्ररी सजधज गरिएको महल पाइन् । बासुकी नागिनले मानवीको रूप धारण गरी दुलहीको स्वागत गरिन् । उनी सुखसाथ त्यहाँ बस्न थालिन् । दुलहीसित नागिनले भनिन् – चेलीबेटीको काम घरै झलमल्ल पार्नु हो । त्यसैले तिमी दिनहुँ पानसमा बत्ती बाल्ने गर, आरामसाथ बस, आऊ, खेलाऊ ।"

दुलहीले दिनहुँ पानसमा बत्ती बाल्थिन् । उनी जसलाई पानस ठान्थिन्, त्यो बासुकी नागको फणा थियो । साँझमा बासुकी नाग गुँडुल्किएर बस्थ्यो र फणालाई माथि उचाल्थ्यो । दुलहीले त्यसैलाई पानसको बत्ती बाल्ने ठाउँ ठान्थिन् ।

दीप तातिएपछि बासुकी नागको फणा पोल्न थाल्थ्यो । केही दिनसम्म त दुलहीलाई चेलीबेटी ठानी उनले दुःख सहे, तर जब असह्य भयो, उनले नागिनलाई भने – "यो स्वास्नीमानिसले दिनहुँ मेरो टाउँको पोल्छे, मेरो तालुभरि फोका उठेका छन् । अब मलाई असह्य भएको छ । अब यिनलाई नटोकी छोड्दिन ।"

बासुकी नागिनले बिन्ती गर्दै भनिन– "चेलीबेटीको सुख साधारण हुँदैन र त्यो सुख पाउन दुःख बेहोर्नैपर्छ । जतिखेर चेलीबेटीको जन्म हुन्छ, त्यसैबेलादेखि बाबुको टाउको पोलिन थाल्छ – यसको स्वभाव कस्तो हुनेछ, घरवार कस्तो हुनेछ, अपरिचित मानिस (लोग्ने) सित के गरी दिन बिताउँछे, लोग्नेको घरमा यश पाउँछे कि अपयश, सुख पाउँछे कि दुःख ? यी सबै चिन्ताले बाबुको तालु सधै तातो रहन्छ । यहाँ यसलाई केही नगरिसियोस्, होइन भने मलाई ठूलो अवगाल हुन्छ । म यसलाई यहाँबाट भोलि बिदा गरिदिन्छु । यिनी घर गएपछि जे विचार हुन्छ, गर्नुहोला ।"

अर्को दिन बासुकी नागिनले फरिया, लाहाको चुरा, गर-गहना आदि दिएर छोरीलाई जस्तै आफ्नो घरबाट बाल-बसन्तका साथ दुलहीलाई बिदा गरिन् । जाने बेलामा बासुकी नागिनले दुलहीलाई सुत्ने बेलामा सधै तलको मन्त्र पढ्ने सल्लाह दिइन् ।

"दीप-दीपहारा जागू हरा
मोती मानिककरू घरा,
नाग बढथु, नागिन बढथु,
पाँचो बहिन विषहर बढथु ।
बाल वसन्त भैया बढथु,
डाढि-खोढि मोसी बढथु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशाबरी पीसी बढथु,
सोना-मोना मामा बढथु ।
राहि शब्द लए सुती,
काँसा शब्द लए उठी,
होइत प्रात सोना कटोरामे
दूध-भात खाइ ।
साँझ सूती, प्रात उठी,
पटोर पहिरी, कचोर ओढी ।
ब्रह्माक देल कोदारि, विष्णुक चाँछल बाट ।
भाग-भाग रे कीडा मकोडा, ताहि बाटे
अओल ईश्वर महादेव, पडए गरुडको ठाठ ।
आस्तिक, आस्तिक, आस्तिक ।" अर्थात्,
(दीप दीपहारा, जाग हरा
मोती माणिक ल्याऊ घराँ
नाग बढून् नागिन बढून्
पाँचै बहिनी बिषहरा बढून्
बाल-बसन्त भाइ बढून,
हाँगा-बिंगा सानीमा बढून् ।
'राही' शब्द लिई सुतूँ,
'काँसा' शब्द लिई उठूँ ।
बिहानी हुनासाथ सुनको कटोरामा,
दूधभात खाऊँ ।
साँझमा सूतूँ, बिहानै उठूँ,
पाटम्बर लगाउँ, सप्को ओढूँ,
ब्रह्माले दिएको कोदालो,
विष्णुले कोरेको बाटो
भाग-भाग ए किरा-फट्याङ्ग्रा,
सयैबाट आउने हुन् -
ईश्वर महादेव,
ओइरिन्छन् गरुडहरू -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्तिक; आस्तिक;; आस्तिक;;;)

केही दिनपछि बासुकी त्यस बेहुलीलाई डस्न गए। दुलहीले सधैँ राति सुत्नुभन्दा अगाडि बासुकिनीले दिएको मन्त्र पढ्थिन्, त्यसैले बासुकीलाई डस्ने आँट आउँदैनथ्यो। उनी फर्किएर आउँथे। मन्त्रको प्रभावले तीन रातसम्म जब दुलहीलाई सकेन, चौथो रातमा रिसाएर उनकी सासूलाई टोक्यो र ढोकामा तीनपटक पुच्छर बजारेर फर्कियो। दुलहीको घर सुन-चाँदी, हीरा-जुहारले भरिभराउ भयो। उनी आनन्दसाथ बस्न थालिन्।

गोसाउनिको कथा :

एउटा मध्यस्थ नाउँ गरेका राजा थिए। तिनका एक सय एकवटा छोरी थिए। जेठीको नाउँ गोसाउनी थियो। उनी सुन्दरी, सुलक्षणा थिइन्। उनी तरुनी भएपछि राजाले विचार गरे, म यसको विवाह यस्तो घरमा गर्छु, जसका एक सय एक छोरा हुन्छन्। आफ्ना सबै छोरीको विवाह उनका सबै छोरासित गरिदिन्छु। त्यस्तो वर खोज्न थालियो। संयोगले यस्तो वर नाहर राजाको छोरो बैरसी पाइयो। उनी पनि एक सय एक दाजुभाइ थिए। बैरसीमुनिका भाई चनाय थिए। बैरसीका एक सय एक दाजुभाइको विवाह गोसाँउनीका एक सय एक दिदी-बहिनीसित भयो।

बैरसीको विवाह-कालमा उनको पाग (मैथिल टोपी) बाट एउटा सर्प झऱ्यो। त्यस सर्पले लावा टिपी खान थाल्यो। सबैलाई अचम्म लाग्यो। यस्तो बेलामा सर्प कहाँबाट आयो ? पछि सबैले थाहा पाए, यो सर्प त बैरसीकी पहिली स्वास्नी महादेवकी छोरी लीली हुन्।

गोसाउनीका पिता मध्यस्थले जब बैरसीको पहिलो विवाह लीलीसित भइसकेको कुरा थाहा पाए, उनी रिसले आगो भए। उनले रिसको झ्वाँकमा बैरसी र उनकी श्रीमती लीलीलाई गुहैगुहुले भरिएको खाल्डोमा जाकिदिए। गोसाउनीले अनेक अनुनय - बिनय गरी बैरसीलाई ल्याइन्। उनी सौतासँग बस्न राजी भइन्। उसले दिने दुःख बेहोर्न पनि तयार भइन्। तर राजा मध्यस्थले बैरसीलाई के श्राप दिए भने यदि उनी पाइलापिच्छे पानका बीउ चपाइरहन्छन् र तिरिया (स्त्री) सित गफ गरिरहन्छन् भने बाँच्छन्, होइन भने मरिहाल्छन्। अब बेहुला बैरसीले बेहुली गोसाउनीलाई बोलाउन थाले, लीली बैरसीनेर आएर थचक्क बसिन्। उनी गोसाउनीलाई नाना यत्नले बैरसीसित गफ गर्न दिँदैनथिन्, आफैले गफ चुट्न थाल्थिन्। यसबाट गोसाउनीलाई साहै रिस उठ्यो। उनले लीलीलाई भनिन् -

"लीली गे ! ताँ आङक झीली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तार-मसुरसन तोहर केस ।
भाग-भाग गे लीली ! हट तौं,
तोरा धर्मक छौ नहि लेश ।"
(ए लीली तेरा अंग झोल्लिए ,
तार-मास झैं तेरो केश ।
भाग् भाग् ए लीली, हट तँ,
तँलाई धर्मको छैन लेश ।।)

पुनः अर्को दिन गोसाउनीले बैरसीसित बात मार्न थालिन् । उनले लीली त्यहाँ नपुगुन् भनेर आँगनघरभरि बालुवा ओछ्याइदिएकी थिइन् । तर, त्यस बालुवामाथि आफ्नो कंगन हालेर लीली त्यस घरमा छिरिहालिन् । उनलाई देख्नासाथ गोसाउनीका बंगारा कड्कडाए । लीलीलाई दुत्कारिन्- "कारी गे कचनारी, कारी भाग पसारी । कर्म दोष की मेटतौ, जानि कियो नहि पौती" (ए काली कचनार, कालो भाग्य फैलाउने कर्मदोष मेट्ला के ? कसैले यो जान्दैन ।।) द्विरागमन भएपछि गोसाउनी घर आइन् । यहाँ पनि लोग्ने बैरसीले लीलीलाई धेरै माया गर्थे । तर गोसाउनी सासूकी ऐभातिन थिइन । स्वामीकी ऐभातिन नभएकोमा मनै भरङ्ग हुन्थ्यो । उनी सासूलाई गुनासो पोख्थिन् सासूले चित्त बुझाउन खोज्थिन् - "सासु सुहागिन चिनवार चढि बैसथु । साँयक सोहागिन नैहर जा बैसथु ।" (सासुकी ऐभातिन्, भान्सामै रहून् लोग्नेकी ऐभातिन, माइत गइबसून् ।

चनाइ र बैरसी :

गोसाउनीको दाम्पत्य जीवन सुखमय थिएन । उनका पति बैरसी उनीसित भेट गर्दैनथे । त्यसैले उनलाई सन्तान हुँदैनथ्यो । उनलाई चिन्ताले सतायो । उनले आफ्नो दुखेसो आफ्ना देवर चनाइसित पोखिन् । उनले सोचे, घरमा लीली भाउजूले गोसाउनी भाउजूलाई दाजुसित भेट्न दिने छैनन्, कुनै अर्को जुक्ति गर्नुपर्छ । यही सोचेर उनले दाजुलाई भने - "दाजु घरमा बस्दाबस्दै हजुरलाई दिक्दार लाग्दो हो । जाऔँ, कतै घुमेर आऔं ।" बैरसीले भने - "भाइ, म कसरी घुम्न जान सक्छु ? तिमीलाई थाहै छ, मलाई ससुराको श्राप छ - पाइलापिच्छे 'तिरिया' (स्त्री) र कोसै पिच्छे 'बिरिया' (पानको बींडा) पाउँछु भने बाच्छुँ, होइन भने मर्छु । यस्तो परिस्थितिमा कसरी कतै डुल्न जान सक्छु ?" चनाइले भने - 'हजुरले त्यसको फिक्री नलिसियोस् । म सबै बन्दोबस्त मिलाउँछु ।' बैरसीले भने - 'हुन्छ, तर मेरो जीवन-मृत्यु, भाइ, तेरै हातमा हुनेछ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चनाइ यात्राको तयारीमा लागे। उनले पाँच-पाँच कोसमा विश्रामका लागि खेमा (बिसौनी) बनाए। गोसाउनी भाउजूलाई अगाडि-अगाडि हिड्ने सल्लाह दिए र प्रत्येक रात भेष बदल्ने पनि सुझाउ दिए। उनले भाउजूलाई भने - "भाउजू, आफूसित पासा पनि लिएर जानुहोस्। जहाँ-जहाँ दाजुसित भेट हुन्छ, सबूतका लागि त्यहाँ-त्यहाँ पलंगमुनि एक-एकवटा पासा गाड्दै जानुहोला।' गोसाउनीले त्यसै गरिन्। बैरसी जब घुम्न निस्किए चनाइले आफूसित एक पोको पान पनि बोके। पाइलापिच्छे चनाइ दाजुलाई एक बिडा पान दिन्थे र बैरसीले कोसैपिच्छे भेट्ने कुनै 'तिरिया' (स्वास्नीमान्छे) लाई बोलाइहाल्थे। एककोश गएपछि उनलाई भाँग खाने इच्छा भयो उनले चार सखी पँधेर्नीलाई पानी भरेको देखेपछि तिनलाई बोलाए-

"बच्ची, आन पिया गटगट्ट।
बच्ची, आन पिया गटगट्ट।
(बच्ची, ल्या, पिया गटगट्ट।
बच्ची, ल्या, पिया, गटगट्ट।)

सखीहरूले बैरसीको कुरा बुझेनन्। पहिलो सखीले भनिन् -

"गहिरे कुआँकें निर्मल पानी
ओ डोलनके ठट्ठ
हम भरिहैं तो पीहे बटोहिया,
तब मचिहैं गट-गट्ट।"
(गहिरो कुवाको निर्मल पानी,
डोलहरूको ठट्ठ।
म भर्छु तिमी खाऊ ए बटुवा,
मच्चिन्छ गटगट्ट।)
बैरसीले भने-
होइन बच्ची, ल्या पिया, गटगट्ट।'

अर्को सखी बोलिन् -

"तप्पत चुलहा, गरम कराही,
ओ घीबनके ठट्ठ।
हम छानब तो खएबँ बटोहिया,
तब मचिहें गटगट्ट॥"
(तातो चूल्हो, गरम कराही,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि घीउको तप्पतप्प ।
म छान्छु, तिमी खाऊ ए बटुवा,
अनि मच्ला गटगट्ट ॥)
बैरसीले भनिन् -
"होइन बच्ची, ल्या, पिया गटगट्ट ।"

तेस्री सखीले भनिन् -

"लाल पलंगपर दरी बिछौना,
ओ तकियाके ठट्ठ ।
हम सूतब ताँ सुतिहैं बटोहिया,
तब मचिहैं गटगट्ठ ॥"
(लाल पलंगमा दरी र तन्ना,
अनि तकियाको ठट्ठ ।
म सुत्छु, तिमी सुत्छौं बटुवा,
मच्चिन्छ गटगट्ट ॥)
फेरि बैरसीले भने -
"बच्ची यस्तो नाइँ गटगट्ट ।
बच्ची ल्या, पिया गटगट्ट ।

चौथी सखीले कुरा बुझिहाली । बोली -

"लाल लच्छीकेर हरियर पत्ती
ओ मरीचके ठट्ठ ।
हम पीसी ताँ पिबे बटोहिया,
तब मचिहे गटगट्ट ।"
(लाल छ झुप्पा, हरियो पत्ती,
अनि मरिचको ठट्ठ ।
म पिस्छु, तिमी पीउ ए बटुवा,
अनि मच्ला गटगट्ट ॥)
बैरसीले दंग परेर भने -
"हो बच्ची, यही भनें गटगट्ट ।"

सबै सखीले मिलेर भाँग पिसी बैरसीलाई दिए । उनी खुसी भएर पिए । बैरसीले अगाडि गएपछि देखे, बुट्यानमा एउटी स्वास्नीमानिस सीकी (एउटा वनस्पति) चिर्देछिन् । उनले बोलाइहाले -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीकी चिरै छथि, डाँर लिबै छनि,
डाँर खसै छनि केश ।
एहन धनी जँ हमरो रहितथि,
सोने मढबितहुँ भेष ॥"
(सिकी चिर्दैछिन् कम्मर झुक्दछ,
कम्मरमा झर्दैछ केश ।
मेरी प्रिया यदि यस्ती हुन्थिन, बेर्थे सुनले भेष)
त्यो स्त्रीले जवाफ दिइन् -
"चकचक गोर, पान मुख शोभनि,
शिरमे औंठिया केश ।
एहन पिया जँ हमरो रहितथि,
सोने मढबितहुँ भेष ।"
(धपक्क गोरो, मुखमा पान र
शिरमा घुम्रे केश ।
यस्ता लोग्ने मेरा भै दिए,
बेर्थे सुनले भेष ॥)

बैरसी जब तेस्रो कोस गए, एउटी स्त्रीलाई गुँइठा पारेको देखे । त्यसलाई सोधिहाले -

"चिपडी पाथए चटापटी कि
लट छिटकाबए केश ।
कनखी भाँजय छनछन गोरी,
तोर पिया कि बेश"
(गुइँठा पार्छिन् फटाफटी
कि अलक निकाल्छिन् केश
कोर्के हेर्छिन् छिनछिन गोरी,
के तेरा पिया छन् बेस ?)
ती स्वास्नीमानिसले उत्तर दिइन् -
"पान खाए मुख पेरय डंडा,
हाथी मारि बनए बलबन्ता ।
सिंह मारि कए करय शिकार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताहि पुरुषके हम बहुआरि ।"

(पान छ मुखमा, हातमा डंडा,

हात्ती मारी भए वलबन्ता ।

मारी सिंह जो बने शिकारी,

यस्ता पुरुषकी म हुँ नारी ।)

बैरसी अगाडि बढे । चौथो कोसमा एउटी ख्याउटी केटीलाई बोलाइदिए –

"सिकिया सन धनि पातरि,

फूलभरि अन्न न खाए ।

जँ देखब एक अँग तँ,

लोचन टुटिफुटि जाए ।"

(सिकी झैं छिन् पातली मायाँ,

फूल जत्ति गाँस न छिर्छ ।

कुनै अंगमा नियाल्न थाल्दा

लोचन मेरो फुट्छ ।)

युवतीले उत्तर दिइन् –

"अमुआ फडए लदाबदी,

डारि लीबि लीबि जाए ।

देखू पिया निःशंकसँ,

ऊपर दैव सहाय ।

(आँप फले लटरम्म भई,

कम्मर यो लच्किन्छ ।

हेर पिया निर्धक्क भई,

दैव–कृपा बर्सिन्छ ।)

जब बैरसी पाँचौ कोसमा पुगिन्, झमक्क साँझ पऱ्यो । त्यहाँ उनले खेमा हालेको देखे । भोजनपछि पालभित्र भेष बदलेर गोसाउनी बैरसीको पलङमा गइन् । बैरसीले उनलाई चिन्न सकेनन् । उनले रातभरि सुखसित बिताए । चनाइले सिकाएअनुसार गोसाउनीले पलंगमुनि एउटा पासा गाडिन् ।

अर्कोदिन नित्य क्रिया र खानपिनपछि बैरसी चनाइसँग घुम्न निस्किए । चनाइले पान बोके । केही पर गएपछि एउटी नुहाउन लागेकी युवतीलाई देखेर बैरसीले भने –

"गोरी गे; दहगोरी; दह पैसि कर असनान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यौवन तोहर कादो लोटाइछौ,
कर ब्राह्मणके दान ।"
(ए गोरी ; दह-गोरी,
दह पसी गर् स्नान ।
यौवन तेरो मिल्दैछ हिलोमा,
गर् ब्राह्मणलाई दान ।)
युवतीले उत्तर दिई -
"ब्राह्मण रे ताँ छोकड़ा,
बढिके भेलँ सेयान ।
लाख रूपैया जकरो उठ्ल,
सेहो ने कएल लबान ।)
(ए बाहुन तँ फुच्चे होस्,
बढेर भइस् जवान
जसले लाखन् खर्च गरे,
छैन गऱ्या रसपान ।)
बैरसीले उत्तर दिइन् -
"कोड़ल खेत, महुआएल बीया,
पहिले खाएल सारिल सुगान
जनमय फूटए पाकए धान,
तब गिरहस्त करए लबान ।"
(कोर्छ, जोत्छ खेत किसानले
पहिलो बाली सुगा खान्छ ।
उम्रिन्छ, फुट्छ, पाक्छ धान,
अनि मात्र धनीले लान्छ ।)

यत्ति भनी बैरसी अगाडि बढे । बाटोमा केरा देखे । खाजाका लागि केराको घरी किनी कम्मरमा झुण्ड्याएर हिंडे । दोस्रो कोसमा युवतीहरूलाई निधारमा बिन्दी टाँसेर खाल्डोका पानी उबाउँदै माछा मारेको देखे र सोधे -

"खत्ता उपछल, खुत्ती उपछल,
मारल रोहु बोआर ।
यौवन दुनू कादो लोटाइछौ,
टिकुलीक कोन शृङ्गार"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(खाल्डा-खुल्डी सबै उबाउँछ्यौ,
मार्छ्यौ रोह्-बोआर ।
यौवन दुइटै हिलोमा मिल्छ,
बिन्दीको कस्तो शृङ्गार ?
उनीहरूले तुरुन्त जवाफ दिए -
"पगिया तोहर लटपट भरिया,
धोती तोहर छितनार ।
कान्हपर केराका भार छौ,
डोपटाक कोन शृङ्गार ?"
(लथालिङ्ग छ टोपी भरिया,
धोतीका मुजा खुस्किहाले ;
काँधमाथि छ केराको भारी,
दुपट्टा शृङ्गार यो कस्तो खाले ?

बैरसी लजाएर अगाडि बढ्यो । तेस्रो कोस पुग्दा केरा खाएर पानी खान भनी पोखरीमा जाँदा त्यहाँ बाँदरहरूलाई पानी खाएको देखी चकित भए । उनी पनि बाँदरहरू जस्तै पानीमा मुख गाडी पानी खान थाले । त्यहाँ पँदेर्नीहरू आएका थिए । बैरसीलाई त्यहाँ बाँदर झैं पानी खाएको देखी एउटी सखीले अर्की सखीलाई खासखुस भनी-

"एक देखू अलबत्त, पुरुष देखू समर्थ ।
मुँह लएकए पानि पीवए, तकर की अर्थ ?"
(एउटा हेर गजफको मानिस,
हेर्दाखेरि समर्थ,
मुखै लगाई पानी खान्छ, त्यसको हो के अर्थ ?)

बैरसीले उत्तर दिए -

"कानल खीजल हे सखी, काजर लागल हत्थ ।
मुँह लए पानि पीवी, तकर थिक ई अर्थ)
(रूवाबासीमा सखी, गाजल लाग्यो हत्थ ।
मुखै लगाई पानी खाने, त्यसको हो यो अर्थ ।)

चौथो कोसमा गएपछि बेरसीले केही सखीलाई आ-आफूमा गफ गरेको देखे । बैरसीलाई देखेर एउटी सखीले अर्कोलाई सोधे -

"खटियापरसँ पटिया देल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोलह फोंका तरबा भेल
हम त पूछी हे सखी,
पंथ चलए से जीबए कोना ?"
(खाटमाथिको सुकुलमा सुत्दा,
सोह फोका उठे पैताला ।
मलाई भन हे सखी,
यो बाटो हिंड्ने बाँच्छन् कसरी ?)

अर्की सखीले भनी–
"गुल्लरिसँ एक निकलल पाँखि,
से हम देखल अपने आँखि ।
ताहि बसाते खसल पचास,
गुल्लरि खाए से जीबय कोना ?"
(गूलरबाट निस्कियो प्वाँख,
त्यसलाई मैले हेर्न थालें ।
झिमिक्क गूलर झरे बर्बरी,
गूलर खाने बाँच्छन् कसरी ?)

तेस्री सखीले भनी–
अरोसिन परोसिन कुटलनि धान,
"ताहि धमकसँ बहीर भेल कान ।
हे स्वामी हम पूछैछी जे, चूडा खाए से जीबए कोना ?
(छरछिमेकीले कुटे धान,
धम-धम ध्वनि, बहिरो भो कान ।
हे सखी बडो अचम्म लाग्छ,
च्यूरा कुटी खाने बाँच्छन् कसरी ?)

चौथी सखीले बैरसीतिर हेरेर भनी –
"दही काट नहु ओरे-ओरे,
खैंक गडत तहुँ पोरेपोरे ।
पण्डित कहथुन हृदय बिचारि,
एहि चारूमे के सुकुमारि ?)
(छेउ-छेउ दही झिक्ता बिस्तारै,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औंलाहरूमा काँढा बिझे,
भनून् पण्डितले हृदय बिचारी,
यी चारैमा को सुकुमारी ?)

बैरसीलाई यसको जवाफ फुरेन। उनले भने-यसको उत्तर म फर्किदा बिचार गरेर दिन्छु। पाँचौ सखीले प्वाक्क बोलिहाली-

"घर जएबँ घर डिंगर होएबँ,
बहुसँ अएबँ सीखि।
एतबा बचन जँ पहिने कहबँ,
पएबँ हमर पीरीति"
(घर-डिंगर घरमा गई हुन्छस्,
स्वास्नीसितै सिकेर आउँछस्।
अहिल्यै झट्ट जवाफ यदि दिन्छस्,
(मेरो पिरती सित्तै पाउँछस्)

पाँचौ कोसमा पहिलेझैं बैरसीले विश्राम गरे र भेष बदलेर आएकी गोसाउनीसँग रात बिताए। गोसाउनीले पलंगका अर्को पाउमुनि अर्को पासा हालिन्। तेस्रो दिन खानपिन गरी बैरसी फेरि घुम्न निस्किए। पानको पोको लिएर चनाइ पछिपछि लागे। एक कोस पुगेपछि उनले देखे, एउटी तरुनी कदम्बको रुखमा चढेर फूल टिप्दैछिन्। बैरसीले त्यस युवतीलाई बोलाइन् -

"कदम तोडे कदमावती,
कदमे लत्तर फूल।
मोर बियहुआ होइते कदमा,
उपर उठबितहुँ छत"
(कदम्ब टिप्छिन् कदमावती,
कदम्बमा फूलैफूल।
मेरी बेहुली हुँदी हो कदमा,
थप्थे छतमा छत")

युवतीले रुखमाथिबाटै जवाफ दिइन्-

"भलसँ भुललैं रे परदेशिया,
जँ सरदेशिया होए
खाँपा मे जे फूल शोभे,
फूल चुम्मा होए।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भलै बिस्यौं ए परदेशी,
यदि स्वदेशी हुन्थ्यौ,
जुरोमा सिउरेका फूलहरू,
तेरै चुम्बन हुन्थे ।)

अर्को कोसमा एउटी स्त्रीलाई चम्पा फूल टिपिरहेकी देखे । उनले बोलाइहाले–

"कुसुम तोड़ए कुसुमावती,
कुसुम लत्तेफत्त ।
मोर बियहुआ होइतँ कुसुमा,
ऊपर उठबितहुँ छत्त ॥"

(कुसुम टिप्दछिन् कुसुमावती,
कुसुम फुले ढकमक्क ।
मेरी बेहुली भएकी भए,
छतमा थप्थें छत ॥)

युवतीले गम्भीर हुँदै जवाफ दिइन् –

"होए चम्पाकेर तीन गुन,
सुन्दर, सुभग, सुवास ।
एक अवगुण मोहे लागिरही,
भमर नआबए पास ॥"

(चम्पामा छन् तीन गुण,
सुन्दर, सुभग, सुवास ।
अवगुण त्यसमा एक छ,
भमरा आउँदैन पास ॥)

तेस्रो कोसमा एउटी धपक्क गोरी र अदुभुत कवयत्रीसित बैरसीको जम्काभेट भयो । तिनले उनको रूप–वर्णन गर्थे र युवतीले अझै बढेर वर्णन गर्न तिनलाई हौस्याउँथिन् ।

बैरसी–

"लाल झिंगुर, लाल सिन्दूर,
लाल अरहुल फूल रे ।
ताहूँसँ जे लाल देखल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरी माथक सिन्दूर रे ॥"
(रातो झ्याउँकिरी, रातो सिन्दूर,
राता घण्टीफूल रे ।
त्यो भन्दा पनि रातो देखें,
गोरी निधारका सिन्दूर रे ॥)

युवती- "लाल दोहा कहलँ भला, से त भेलहुँ बदरंग रे ।
हरियर दोहा कहितँ भला, तब त लगितौ रंग रे ।"
(रातो दोहा भन्यौ भला त्यो भयो बदरंग ए ।
हरियो दोहा भन्थ्यौ भने, गाढा हुन्थ्यो रंग, ए ॥)
बैरसी-हरियर लत्ती, हरियर फत्ती, हरियर भादव धान रे ।
ताहूसँ जे हरियर देखल, गोरी मुँहके पान रे ।)
(हरियो लहरा, हरियो पहरा, हरियो भादव धान ए ;
त्यो भन्दा पनि हरियो देखें, गोरी मुखको पान, ए ;)
युवती-हरियर दोहा कहलँ भला, सेत भेल हुँ बदरंग रे ।
कारी दोहा कहितँ भला, तब त लगितौ रंग रे ॥
(हरियो दोहा भन्यौ राम्रै, उड्यो मेरो रंग, लौ
कालो दोहा यदि भन्दा हौ, गाढा हुन्थ्यो रंग, लौ)
बैरसी-कारी आँजन, कारी भाँजन, कारी भादब मास रे
ताहूसँ जे कारी देखल, गौरी माथक केश रे ॥
(कालो अंजन, कालो मंजन, कालो भदौ मेघ, लै ।
त्यो भन्दा पनि कालो देखें, गोरी माथा केस, लै ।)
युवती-कारी दोहा कहले भला, से त भेल हुँ बदरंग रे ।
पीयर दोहा कहितँ भला, तब त लगितौ रंग रे ।
(कालो दोहा भन्यौ लैलै, उड्यो मेरो रंग, ए ।
पहेंलो दोहा भन्थ्यौ भने, लाग्थ्यो नि रसरंग, ए ।)
बैरसी-पीयर बेंग, पीयर ढाबुस, पीयर हरदिक रंग रे ।
ताहूसँ जे पीयर देखल, गोरीके नकबेसरि रे ।
(पहेंलो भ्यागुत्तो, पहेंलों पाहा,
पहेंलो बेसारे रंग, ए ।
त्यो भन्दा पनि पहेंलो देखें,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरीको नकफूली ए ।)

युवती-पीयर दोहा कहले भला, तब त लगलौ अंग रे ।

ऊँच दोहा कहले भला, आरो लगित्तौ रंग रे ।

(पहेंलो दोहा भन्यौ राम्रै,

लाग्यो मेरो अंग, ए ।

उच्चो दोहा भन्थ्यौ भने,

गाढा हुन्थ्यो रंग, ए ।)

बैरसी-ऊँचे आरि, ऊँचे धूर,

ऊँचे त खरिहान रे ।

ताहू सँ जे ऊँच देखल,

गोरीके भथियान रे ।

(ऊँचो आली, ऊँचो जग्गा,

ऊँचो खला-खलियान, ए ।

त्यो भन्दा पनि ऊँचो देखें,

नाइटोमनिको खान ए)

युवती-ऊँच दोहा कहलें भला, सेतँ भेलहुँ बदरंग रे ।

नीच दोहा कहितें भला, तब त लगितौ रंग रे ।

(उच्चो दोहा भन्यौ राम्रै, उड्यो मेरो रंग, नि ।

नीचा देहा भन्थ्यौ भने, गाढा हुन्थ्यो रंग, नि ।

बैरसी-नीच आबर, नीच डाबर, नीच बीच पोखरि रे ।

ताहूँस नीच देखल गोरी निचा पोखरि रे ॥

(निच्चो खाल्डा, निच्चो खुल्डी, निच्चो बीच पोखरी ।

त्यो भन्दा पनि निच्चो देखँ, गोरीमुनि पोखरी ।)

बेरसीलाई नचाहिने किसिमले अगाडि बढ्दै गएको देखेर युवतीले कुरा टारिन् -

"नीच दोहा कहलें भला, से तँ भेलहुँ बदरंग रे ।

तीत दोहा कहितें भला, तब त लगितौ रंग रे ।"

(नीच दोहा भन्यौ राम्रै, उड्यो मेरो रंग, नि

तीतो दोहा भन्थ्यौ भने, गाढा हुन्थ्यो रंग, नि)

युवती-तीन नीम, तीत करैला, तीत हरदिक पात रे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताहूँसँ जे तीत देखल, गोरी सौतिनक ठोर रे,
(तीतो नीम, तीतो करेली,
तीतो बेसार-पात, नि,
त्यो भन्दा पनि तीतो देखें,
गोरी-सौताको ओंठ, नि ।)
युवती-तीत दोहा कहलें भला, सेत भेल हुँ बदरंग रे ।
गोल दोहा कहिते भला, तब त लगितौ रंग रे ॥
(तीतो दोहो भन्यौ राम्रै, उड्यो मेरो रंग, रे ॥
गोलो दोहा भन्थ्यौ भने, गाढा हुन्थ्यो रंग नि ॥)
बेरसी-गोल नेबो, गोल अनार, गोल पुरइन पात रे ।
ताहूसँ जे गोल देखल, गोरि दुनू दूध रे ॥
(गोलो निबुवा, गोलो अनार,
गोला कमलका पात छन् ।
त्यो भन्दा पनि गोला यी
गोरीका दुवै बुबु छन् ।)
युवती-गोल दोहा कहलें भला,
से तँ भेलहुँ बदरंग रे ।
उज्जर दोहा कहिते भला,
तब त लगितौ रंग रे ।
(गोलो दोहा भन्यौ राम्रै,
उड्यो मेरो रंग रे ।
सेतो दोहा भन्थ्यौ भने,
गाढा हुन्थ्यो रंग रे ।)
बेरसी-उज्जर पोठी, उज्जर मारा,
उज्जर चन्ना माछ रे ।
ताहूसँ जे उज्जर देखल,
गोरी हाथक साँख रे ।
(सेतो पोठी, सेता मारा,
सेता चन्ना माछा छन्
त्यो भन्दा पनि सेतो देखें

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरी हातका कंगन छन् ।)
युवती-उज्जर दोहा कहलें भला,
सेत भेल हुँ बदरंग रे ।
दशम दोहा कहिते भला,
तब त लगितौ रंग रे ।
(सेतो दोहा भन्यौ राम्रै,
उड्यो मेरो रंग, ए ।
दशौं दोहा भन्थ्यौ भने,
गाढा हुन्थ्यो रंग, ए ।)
बैरसी-दश दोहा, दश फूल,
दश गाछक छाँह रे ।
दाहूसँ जे दश देखल,
गोरीकेर वियाह रे ।
(दश दोहा, दश फूल,
दश विरूवाका छायाँ ।
त्यो भन्दा पनि दश देखें,
गोरीको विवाह ।)

गाली सुनेर युवती भागिन् । बैरसी अगाडि हिडे । उनी पाइलापिच्छे पान खान्थे, कोसौपिच्छे केटी जिस्काउँथे र प्रत्येक पाँचौ कोसमा राती खेमामा छद्य भेषमा आउने गोसाउनीसित रस-विलास गर्थे । गोसाउनीले रस-विलासको साक्षी पासा पलंगमुनि राख्थिन् । चौथो पासा पलंगका चारै पाउमुनि र एक पासा बीचमा गाडिन् ।

पाँच दिन बाटोमा बिताई छैठौं दिन आफ्नो भाइ चनाइसँग राजधानी फर्किए । लीलीलाई गोसाउनी मन पर्दैनथिन् । त्यसैले उनी रातिराति कहाँ जान्छिन् भन्ने कुराको वास्तै गरिनन् ।

गोसाउनीको जीउ फुट्नु :

केही दिनपछि गोसाउनीले पाँचवटा छोरा पाइन् । उनका नाउँ क्रमशः ओधु, कछु, महाभाग, श्रीनाग र नागश्री राखिए । लीलीले कुनै सन्तान पाइनन् । किनभने उनमा धर्मको लेश थिएन् । गोसाउनी धर्मात्मा थिइन्, त्यसैले उनलाई फलिफाप भयो ।

गोसाउनीले चनाइलाई आशीष दिइन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जुन वन चन्ना चन्दन हुन्छन्,
फुल्छन् रंग-पलाँस ।
चन्दन सुरभिले सुरभित हुन्छ,
सिरिरिरी चल्दा बतास ।"

यस्ता कुरा सुनेर लीलीलाई डाहा हुन्थ्यो ।

सासूलाई भन्ने गर्थिन्- "ए ताँती रानी, तेरो चनुवा कनुवा छोरोले मलाई कहर कटायो ।"

लीलीले बैरसीको कान भर्न थालिन् । उनले भनिन्- "ए, सौताका पाँचौ छोरा हजुरका कसरी हुन्छन् । ती त चनाइबाट जन्मिएका हुन् । बैरसीलाई पनि यो कुरा 'हो' जस्तो लाग्थ्यो, किनभने उनले न कहिल्यै गोसाउनीलाई मायाँ गरेनन्, न उनीसित कहिल्यै सम्भोग गरे । बैरसीले यो कुरा गोसाउनीसित हाकाहाकी सोधे, गोसाउनीले पाँचवटै खेमामा राति विश्राम गर्दाखेरिका रसरंगको सम्झना गराइन् र प्रमाणमा पलंगमुनि गाडिएका पाँचवटै पासा देखाइन् । बैरसीलाई सबुतमाथि पूरा विश्वास भयो । लीलीको चित्त बुझाउन उनले दुवैको धर्मको परीक्षा गर्न राजी भए । लीलीलाई मालभोग चामल र मुंगको दाल तथा गोसाउनीलाई फलामको चामल र ढुङ्गाको दाल दिए ।

लीली घमण्डी थिइन् । कुनै नियमनिष्ठा नगरी भान्सा गरिन् । त्यसैले उनको चामल र दाल पाकेन, तर गोसाउनी धर्मात्मा थिइन् । उनले नियमनिष्ठापूर्वक पकाइन्, उनको फलामको चामल र ढुगांको दाल मज्जाले पाक्यो । सबैले यो देखेर गोसाउनीको धर्मको तारिफ गरे । तारिफ सुनेर खुसी अँटाउन नसकी गोसाउनीको जीउ पट्ट फुट्यो ।

तेहौं दिनको कथा

राजा श्रीकरको कथा :

श्रीकर नाउँ गरेका एउटा राजा थिए । तिनले एउटी अत्यन्त सुन्दरी कन्यालाई जन्म दिए । जब ज्योतिषीलाई उनको (कन्याको) चिना देखाइयो, ज्यातिषीले केटी अलच्छिनी हुने कुरा बताए । चिनामा उसको भाग्यमा 'छाती लात, चुल्ठो हात, सौतिनीको पोखरीमा अढाइ खेप माटो' लेखिएको थियो । यो सुनेर राजाको मन भरङ्ग भयो । तर भाग्यको अगाडि उनी लाचार थिए । छोरी विवाह योग्य भएपछि राजा स्वर्गीय भए ।

श्रीकर राजाको छोरोको नाउँ चन्द्रकर थियो । पिताको मृत्युपछि चन्द्रकर राजा भए । आमाले बहिनीको विवाहका लागि चन्द्रकरलाई कर गर्न थालिन्, तर चिनाको कुरा सम्झेर बहिनीको विवाह गर्ने हिम्मत गर्दैनथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले आमालाई भने - "आमा, चिनाको कुरा सम्झनोस्। म बहिनीको अपमान सहन सक्दिन। म यसको उपाय साँच्दैछु। यस्तो उपाय गर्छु जसले गर्दा न कसैले यिनलाई देख्छन्, न विवाह हुन्छ र न छातीमा लात हान्नेछन्, चुल्ठो समाइ घिसार्ने छन् वा सौताको पोखरीमा अढाइ खेप माटो बोक्नुपर्छ।"

राजा चन्द्रकरले एउटा अनकन्टार जङ्गलमा ठूलो सुरूङ्ग खन्न लगाए। त्यसमा बस्न लायक एउटा घर बनाए र त्यसैनेर एउटा इनार पनि खनाए। एउटी कमारीसँग बहिनीलाई त्यस सुरूङ्गमा बास दिइयो र सुरूङ्गको मुख लिपपोत गरी थुनियो। हावा छिर्ने एउटा सानो प्वाल मात्र त्यहाँ छोडिएको थियो। बल्लतल्ल एउटा मान्छे त्यसबाट आवतजावत गर्न सक्थ्यो। राजकुमारी पनि अबला थिइन्, लाचार थिइन्। दाजुका कुरा उनले नमानी धरै पाइनन्। उनी सुरूङ्गमा दिन बिताउन थालिन्। दाजुले महिनामहिनामा खाने कुरा पठाउँथे।

एक दिन सुवर्ण नाउँ गरेका राजा त्यसै वनमा पुगे। राजालाई तिर्खा लाग्यो। उनी पानी खोज्न थाले। एक्कासि उनले कमिलाहरूको ताँती देखे। कमिलाहरू लहरै एउटा खास दिशामा जाँदै थिए र उनका मुखमा साग र भातका कण थिए। वरिपरि अवश्य कुनै मानिसको बास हुनुपर्छ भन्ने कुरामा राजालाई विश्वास लाग्यो। उनले कमिलाहरूको लहरलाई पछ्याउन थाले। लहरको सिरानमा उनले त्यो सुरूङ्ग देखे जसबाट कमिलाहरू ओहोर-दोहोर गर्दै थिए। राजा सुरूङ्गभित्र छिरे। भित्र गएपछि सफा-सुग्घर आँगन र इनार देखे। उनले अलिक कराएर सोधे - "कोही हुनुहुन्छ ? मलाई धेरै तिर्खा लागेको छ। एक अञ्जुली पानी दिनुहोस्।"

आवाज सुनेर राजकुमारीले एउटा पात्रमा शीतल जल हाली कमारीको हातबाट पठाइदिइन्। राजाले पानी खाए, तर तिर्खा मेटिएन। उनले फेरि पानी मागेर खाए। कमारीबाट उनले त्यस सुरूङ्गमा एउटी सुन्दरी राजकुमारी बसेको र अहिल्यैसम्म कुमारी रहेकी थाहा पायो।

त्यो राति राजा त्यहीं बास बसे र राजकुमारीको सुन्दरता देखेर मोहित भए। उनले राजकुमारीसित विवाह गरे। केही दिन त्यहीं सुख-विलास गर्दै बिताए। एकदिन जब उनी राजधानी फर्किन लागे, राजकुमारीले भनिन्-"प्राणनाथ, हजुरले राजकाज हेर्न जानै पर्छ। म रोक्दिन, तर श्रावण शुक्ल तृतीयाका दिन मधुश्रावणी पर्व हुनेछ। त्यो दिन सबै नयाँ बेहुलीले यो पर्व गर्छिन्। परम्पराअनुसार बेहुलीहरूलाई लोग्नेकहाँबाट पठाइएका लुगा नै लगाउनु पर्छ। त्यहींको अन्न खानुपर्छ। त्यसैले कसैको हातबाट यी वस्तुहरू पठाइदिसेला।" राजा आफ्नो राजधानी फर्किए। कालिगढलाई बोलाई नव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहिता रानीका लागि विलक्षण चुन्दरी बनाउने हुकुम दिए। यो कुरा जेठी रानीले थाहा पाइहालिन् र राजाले फेरि नयाँ विवाह गरेको शंका गरिन्। उनले यत्तिका दिनसम्म राजा बेपत्ता भएको रहस्य पनि बुझिन्। उनले लुगा बुन्ने जोलाहालाई गोप्य रूपमा बोलाइन् र भनिन् – "तँ त्यस चुनरीमा 'छाती लात र चुल्ठो हात' पनि लेखेस् र कसैले नदेख्ने गरी पट्याएस्। राजाले यो कुरा थाहा पाउनुहुँदैन। तैले मेरो कुरा मानिस् भने तँलाई डालाभरि सुन इनाम दिन्छु।" सुनको लोभले जोलाहाले यो कुरा माने।

पूर्व कालमा राजाहरूले चराचुरूङ्गी पाल्थे र तिनलाई प्रशिक्षित गरी गुप्त काम लिन्थे। राजा सुवर्णले पनि एउटा कौवा पालेका थिए। राजाले नवविवाहिता रानीको चुँन्दरीलाई एउटा बाँसको पुङमा बन्द गरी मधुश्रावणीको एक दिन पहिले कौवालाई रानीको ठेगाना बताएर पुऱ्याउन दिए। जतिसुकै चलाख भएपनि कौवा भनेको कौवा हो। बाटोमा एउटा कुमालेकहाँ भोज थियो, त्यसले पुङ त्यही भुँइमा राखी जुठो टिप्न थाल्यो। पुङ त्यही बिर्सियो। मधुश्रावणीको दिन राजकुमारीकहाँ लोग्नेको घरबाट केही आएन। उनले रिसाएर सेतो फूल र सेतो चन्दन लिई गौरीको पूजा गरिन् तथा हात जोरेर गौरीसित वरदान मागिन्, जहिले राजासित मेरो भेट हुन्छ, म लाटी होऊँ।'

राजकुमारीले विवाह गरेको समाचार जब उनका दाजु चन्द्रकरले पाए उनले रिसको झ्वाँकमा राजकुमारीलाई खर्च पठाउन बन्द गरे। खर्चका अभावमा रानी कैयौं-कयौं दिनसम्म भोकभोकै बस्ने अवस्था पर्थ्यो। कमारीले राजकुमारीको यो अवस्था हेर्नु असह्य हुन्थ्यो। नजिकमै एउटा पोखरी खनिन लागेको थियो, त्यसमा उनले माटो बोकेर अन्न फाल्ने काम गर्न थाली। साँझमा जब ज्याला लिएर आउँथिन् अनि दुवै जनाले खान्थे। कमारीले यो काम दिनहुँ गर्थी।

कमारीकै ज्यालाले दुई जनाको गुजारा चल्नु गाह्रो थियो। राजकुमारीले पनि झुत्रो झाम्रो लगाई कमारीसँगै ज्याला कमाउन जान थालिन्। त्यो पनि पोखरी सौतिनीकै खनिन लागेको कुरो उनले त्यही गएपछि थाहा पाइन्। थाहा पाउनासाथ उनले चिनाको कुरा सम्झिन्। पुर्पुरोमा लेखिएको कुरा कसैले मेटाउन सक्दैन र त्यो भएरै छाड्छ भन्ने कुरामा उनको विश्वास भयो। ढक्कीमा माटो हाली टाउकोमा राख्दा गह्रुगो लाग्यो र मुखबाट निस्कियो –

"सिरकर सिरहि चढाओल,
चन्द्रंकर देल बनबास।
राजा सुवर्ण वनहि वियाहल,
लिखला नहि परकार॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(श्रीकरले थाप्लोमा राखे,
चन्द्रकरले वनवास दिए ।
वनैमा बिहा सुवर्णले गरे,
मेटिन्न भाग्यका लेखा ॥)

ज्यालादारहरू यो सुनेर अकमक्क परे । अर्को ढक्की माटो उचाल्दा पनि राजकुमारीले त्यही दोहा पढिन् । वनमा राजा सुवर्णले विवाह गरेको प्रसङ्ग सुनेर सबै आश्चर्यचकित भए । संयोगले स्वयं राजा त्यस दिन पोखरीको काम हेर्न सवारी भएको थियो । उनले पनि यो दोहा सुने । दोहा सुन्नासाथ उनले सबै घटना झल्झली सम्झे, कसरी तिर्खाले तड्पिदै उनी राजकुमारीको सुरूङ्गमा गएका थिए, त्यहाँ कस्तो सत्कार भएको थियो, कसरी विवाह गरे । यस्ता कुराहरू भुसुक्कै बिर्सेकोमा राजालाई साह्रै थकथकी, सरम र आत्मग्लानि भयो ।

राजकुमारीले तेस्रो ढक्की माटो उचालेर आधी जति मात्र फालेकी थिइन् कि राजा सुवर्ण उनका सामुन्ने उभिए । राजकुमारीलाई राजाले चिनीहाले । उनले राजकुमारीलाई यो काम किन गर्छ्यौ भनेर सोधे । तर, गौरीबाट मागेको वरदान अनुसार राजकुमारी लाटी भइन्, उनको बक फुटेन । उनले राजालाई केही जवाफ दिइनन् र लाटी भई उभिइरहिन् ।

सवारी मगाएर राजाले राजकुमारीलाई कमारीसँगै राजमहल लिएर गए । त्यहाँ इत्र-स्नान गराई सुन्दर पाटम्बर र गर-गहना आदिले श्रृंगार गरेर रानीलाई सम्मान दिए । राजकुमारी नबोलेकी हुनाले राजालाई ठूलो चोट पऱ्यो । कमारीसँगै सोधेपछि कमारीले भनी-"मधुश्रावणीका दिन मौसुफबाट केही पठाइबक्सेन, त्यसै रिसमा राजकुमारीबाट सेतै फूल र सेतै चन्दनले गौरीपूजा गरिबक्सियो र सरकारसित भेट हुँदा म लाटी होऊँ भन्ने वरदान मागिबक्सियो ।"

यो सुन्दा राजाको वेदनाको वारपार रहेन । उनले कौवालाई बोलाई बाँसको पुङ मागे । कौवाले पुङको कुरै बिर्सिसकेको थियो । राजाबाट खोजीनिति हुनासाथ उसले कुमालेलाई बोलाए, तर कुमालेले पनि यस सम्बन्धमा आफूलाई जानकारी नभएको बताए । तैपनि उनले यस सम्बन्धमा घर गई खोजी गर्ने आश्वासन दिए । कुमालेले घर गई खोज्दा भोजका दिन छानोबाट झरेको बाँसको पुङ बुहारीले पाएर त्यसलाई घ्याम्पोमा राखेको थाहा पायो । कुमालेले पुङ ल्याएर राजालाई बुझाए र क्षमा -याचना गरे । राजकुमारीले पनि राजा निर्दोष भएका कुरा थाहा पाएपछि चित्त बुझाइन् । वास्तवमा यो सबै फसाद् त कौवाले पो खडा गरेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाले पुङको बिर्को खोले, त्यसबाट पाटम्बर झिके र त्यसमा लेखिएको 'छाती लात, चुल्ठो हात' पनि पढे। पढ्नासाथ राजा रिसले आगो भए। जोलाहालाई बोलाएर सोधे - "यो यस चुँदरीमा कसरी लेख्यो ?" जोलाहाले सबै कुरा स-विस्तार बताइदिए। राजाले रानीलाई बोलाई मारेर माटोमुनि पुरिदिए।

राजकुमारीले आगौ वर्ष मधुश्रावणीका दिन रातो फूल र रातो चन्दनले गौरीको पूजा गरिन् तथा बोली फर्किने वरदान मागिन्। उनको अभिलाषा पूरा भयो। उनी राजासँग सुखपूर्वक जीवन बिताउन थालिन्।

श्री गणेशले ऐभात-मथन गर्नु र बाँड्नु : मधुश्रावणीका दिन गणेशजीले गौरीसित भने-"आमा, आज मधुश्रावणी छ। म आज, सबैलाई ऐभात बाड्छु।"

गौरीले भनिन्- "अवश्य मथन गर, र जे-जे कुराको खाँचो हुन्छ , मलाई भन।"

गणेशजीले भने - "मलाई धान, धनियाँ, काठको ट्वाक, नीम, बेल र आँपको लकडी चाहिन्छ।"

गौरीले गणेशजीलाई सबै वस्तुको बन्दोवस्त गरिदिइन्। गणेशले ऐभात मथे र बाँड्न थाले। सबभन्दा पहिले एउटी धोबिनी आइन् र ऐभात मागिन्। गणेशजीले त्यसलाई ऐभात दिएर भन्न थाले - "तिम्रो धोबी दिनहुँ लुगा-फाटा धुन्छन्। भट्टी लगाउँछन्, दिनभरि परिश्रम गर्छन् र साँझपख घर फर्किन्छन्। यसैबाट तिम्रो सौभाग्य बढ्नेछ।" त्यसपछि एउटी काइतिनी सौभाग्य (ऐभात) माग्न आइपुगिन्। गणेशजीले तिनलाई पनि सौभाग्य दिए र भने - "तिम्रा देवानजी दिनभरि लेखापढी गर्छन् र साँझमा घर फर्किन्छन्। तिमीले सिकीका ढक्की, मौनी, चङेरी बुन्नेछ्यौ र जुरोको विन्यास गर्नेछ्यौ। त्यसैबाट तिम्रो सौभाग्य बढ्नेछ।" त्यसपछि एउटी मलाहिन (माछा मार्ने जातिकी स्त्री) आइन्। गणेशजीले उनलाई पनि ऐभात दिएर भने - "तिम्रो मलाहा माछा मार्ने र बेच्ने छन्, जाल बुन्ने र खुडी बनाउने काम गर्छन्। तिम्रो जीउ माछ-माछा गनाउँछ। त्यसैबाट तिम्रो ऐभात बढ्नेछ।" त्यसपछि एउटी मालिनी आइन्। गणेशजीले त्यसलाई पनि सौभाग्य दिए र भने - "तिम्रो माली दिनभरि फूल टिप्छन् र साझमै माला उनी आफ्ना ग्राहकका घर पुऱ्याउँछन्, त्यसैबाट तिम्रो सौभाग्य बढ्ने छ।"

त्यसपछि एउटी ग्वालिनी आइन्। गणेशजीले त्यसलाई पनि सौभाग्य दिए र भने- "तिम्रो ग्वाला दिनभरि गाई-भैंसी चराउँछन् र बिहान बेलुकी दूध दुहुन्छन्, तिमी दही पार्नेछ्यौ, घ्यू पार्नेछ्यौ, दूध-दही बेच्नेछ्यौ। तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीउ दुध-दूध गनाउनेछ, त्यसैबाट तिम्रो ऐभात बढ्नेछ। "त्यसपछि एउटी बनियाकी स्वास्नी ऐभात लिन आइन्। गणेशजीले उसलाई पनि ऐभात दिए र भने "तिम्रो बनियाले तराजू-बटखारा धुनेछन्, दिनभरि सौदा बेच्नेछन्। तिमी त्यसलाई सघाउनेछ्यौ, अन्नहरू निफनेर, केलाएर राख्नेछ्यौ, त्यसैबाट तिम्रो सौभाग्य बढ्नेछ।"

सबभन्दा अन्त्यमा बाहुनी आइन्। गणेशजीले उनलाई पनि ऐभात दिएर भने - "तिम्रो बाहुनले पूजा-पाठ गर्नेछन्, आफूले पनि वेद-पुराण पढ्नेछन् र विद्यार्थीहरूलाई पनि पढाउनेछन्। तिमीले जनै बनाउनेछ्यौ, घर-आँगन पवित्र राख्नेछ्यौ, पवित्रतापूर्वक भान्साभात गर्नेछ्यौ, यसैबाट तिम्रो ऐभात बढ्नेछ।"

यसै प्रकारले सबै जातका ऐभातीहरू आए। गणेशजीले सबैलाई ऐभात बाँडे र आ-आफ्नो जाति अनुसारको उपदेश दिए। सबै प्रसन्न भएर आ-आफ्ना धर फर्किए।

अनन्त-पूजा

भाद्र शुक्ल चतुर्दशीमा अनन्तपूजा भविष्य पुराणअनुसार गरिन्छ। पाटको धागो वा जनैले 'अनन्त' बनाएर पूजा गरी पाखुरामा बाँधिन्छ।

पूजास्थललाई सर्वप्रथम गोबर वा माटोले लिपिन्छ र त्यसमाथि 'पिठार' ले अष्टदल अरिपन कोरिन्छ। त्यसमा सिन्दूर लगाइन्छ। त्यस आरिपनमाथि एउटा सानो चौकी वा पिर्का राखिन्छ। त्यस चौकी वा पिर्का माथि पनि पिठारले कमलको फूल बनाइन्छ, सिन्दूर लगाइन्छ र आँपको पल्लव राखिन्छ। त्यसपछि कलशमा सिन्दूर र पिठार लगाइन्छ। पूजाका लागि जुन ढक्की वा डालीमा अनन्त राखिन्छ, त्यसैमा फल-फूलसँगै पक्वान्न पनि राखिन्छ। सूर्यादि पञ्च देवताको पूजा, बलभद्रको पूजा, सुमन्तको पूजा, दीक्षा-पूजन, इन्द्रादि दशदिक्पालको पूजा, नवग्रह-पूजापछि पुरानो धागोको बिसर्जन गरी काँसको वर्तनमा गाईको दूध हालेर त्यसमा नयाँ धागो राखी पुरानो धागोलाई मथिन्छ। मथ्ने स्वास्नीमानिसलाई अन्य महिलाहरूले प्रश्न गर्छन् - 'के मत्थै हुनुहुन्छ ?' 'क्षीर समुद्र;' 'के पाइयो ?' 'अनन्त महराज;' स्वस्ति प्राप्त गरी अनन्तलाई निधारमा लगाई प्रणाम गरिन्छ। पुरुषले दायाँ हातमा र महिलाले बायाँ हातमा 'अनन्त' बाँध्दछन्।

कथा :

जुवामा सर्वस्व हारेर सिरिखुरी भएपछि पाण्डबहरू अज्ञातबासमा भएको बेला एकदिन युधिष्ठिर चिन्तामग्न थिए। अनायास कृष्णलाई त्यहाँ उपस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको देखेर युधिष्ठिरले विनम्रतापूर्वक भने- "म भयानक विपदमा परेको छु, तपाईंले मात्र मेरो उद्धार गर्न सक्नुहुन्छ ।" भगवान् श्रीकृष्णले उत्तर दिए - "तपाईं अनन्त चतुर्दशीको ब्रत गर्नुहोस्, यसबाट मात्र तपाईं आपदबाट मुक्त हुन सक्नुहुन्छ ।" युधिष्ठिरले ब्रतको विधानबारे प्रश्न गर्दा श्रीकृष्णले विधान बुझाउँदै यसको महिमा बुझाउन निम्न लिखित कथा सुनाए ।

सत्ययुगमा सुमन्त नाउँ गरेका एउटा ब्राह्मण थिए । तिनले भृगुकी कन्या दीक्षासित विवाह गरे । दीक्षा परम सुन्दरी दिइन् । उनी सुमन्तसँगै अत्यन्त आनन्दपूर्वक दाम्पत्य जीवन बिताउन थालिन् । दीक्षाको मृत्यु भयो । सुमन्त आफ्नी प्रिय पत्नीको मृत्युबाट शोकाकुल भए । आश्रमको व्यवस्था भताभुङ्ग भयो । उनको व्यक्तिगत जीवन पनि अव्यवस्थित भएको थियो । त्यसैले उनले फेरि कर्कशा नाउँ गरेकी ब्राह्मण कन्यासित विवाह गरे । कर्कशामा नाउँ अनुसार नै गुण पनि थियो । दीक्षा जति नै सुशील, विनम्र र ज्ञानी थिइन्, त्यत्तिकै कर्कशा उच्छृङ्खल, घमण्डी, स्वार्थी र कटु वचन बोल्ने थिइन् । दीक्षाले एउटी कन्याको जन्म दिएकी थिइन् । कर्कशले त्यसलाई साहै दुःख दिन्थी । कन्याको नाउँ शीला थियो ।

शीलाले आफ्नी सौतेनी आमाका सबै आज्ञाको पालन गर्थिन् र पनि सोतेनी आमाको अत्याचारको शिकार हुन्थिन् । तर, उनी भगवानकी भक्तिनी थिइन् । उमेर भएपछि ब्राह्मणलाई उनको विवाहको चिन्ता हुन थाल्यो । उनी चिन्तामग्न भएर धुमधुम्ती बसिरहेको बेला कौडिन्य मुनिले एक्कासि आश्रममा प्रवेश गरे । कौडिन्य मुनिसित प्रशस्त गोधन थियो । शीलाको रूपराशिमा मुग्ध भएर उनले सुमन्तसित कन्याको याचना गरे । सुमन्तले यो प्रस्ताव स्वीकार गरे र शीलाको विवाह कौडिन्य मुनिसित सम्पन्न भयो । छोरी-ज्वाइँलाई विदा गर्ने बेलामा सुमन्तले आफ्नी स्वास्नी कर्कशालाई गृहस्थ जीवनमा काम लाग्ने वस्तुहरू कोसेलीको रूपमा दिने भने । यो सुनेर कर्कशालाई झड्याङ्ग रिस उठ्यो । उनले झर्कर घरमा केही पनि नभएको कुरा भनिन् । अन्त्यमा छोरीज्वाइँलाई बाटो-खर्च मात्र दिएर सुमन्तले बिदा गरे ।

बेहुला-बेहुली रथमा जब यमुना-तटमा पुगे, त्यहाँ धेरै स्वास्नी मानिसको जमघट देखे । कौडिन्य मुनि रथबाट ओर्लिएर नित्य कर्ममा गए र शीलाले गएर स्त्रीहरूसित त्यहाँ उपस्थित हुने कारण सोध्न थालिन् । उनीहरूले अनन्त चतुर्दशी ब्रतको महात्म्य सुनाए तथा शीलालाई पनि ब्रत गराएर अनन्तको धागो बाँधिदिए ।

शीला जब आफ्नो घर आइन्, अनन्तब्रतको प्रभावले उनको दाम्पत्य जीवनमा उत्तरोत्तर सुख समृद्धिको वर्षा हुन थाल्यो । कौडिन्यको जीवनमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उमङ्ग र उत्साहको नयाँ लहर थियो तर, उनले शीलाको पाखुरामा बाँधेको धागोको रहस्य बुझ्न सकेनन्। एकदिन उनले शीलासँग प्रश्न गरे-"यो के हो ? घरमा यत्ति सुन, चाँदी, हीरा-जुहार छन्, तैपनि तिमीले यो जाबो धागो किन बाँधेकी छ्यौ ?" शीलाले सबै कुरा विस्तारपूर्वक बताइन्, तैपनि उनले त्यो धागो चुँडेर आगोमा फालिदिए।

शीला यसबाट उद्विग्न भइन्। आगोको ज्वालामा हुर्हुरी जल्ने अनन्तको त्यस धागोलाई हत्तपत्त झिकेर उनले दूधमा हाल्दिइन्। अब कौडिन्यको जीवनमा दुःखको थालनी भयो जसरी नै धनको औलादौला भएको थियो, त्यसरी नै बिलाउन थाल्यो। समय यसरी बदलियो कि समाजका व्यक्तिहरूले पनि उनीसित घृणा गर्न थाले।

यसै किसिमले जीवन बिताउँदै शीलाले आफ्नो लोग्नेसित एक दिन भनिन् - "मेरो विचारमा, अनन्तलाई आगोमा फालेकै हुनाले हाम्रो जीवनमा यस्ता दुर्दिनहरू आएका छन्। त्यसैले यस पापको प्रायश्चित गर्ने मेलो गर्नु जाति होला।' कौडिन्य मुनिलाई पनि पत्नीको यो कुरा युक्तिसङ्गत लाग्यो। उनले भगवानको तपस्याका लागि घनघोर जङ्गलतिर प्रस्थान गरे। त्यहाँ उनले एउटा आँपको रुख देखे, जसमा आँप लटरम्म फलेको थियो। त्यसमा कमिलाहरूको ओइरो थियो, तर चराचुरुङ्गी चाहिँ एउटै थिएन।

शोकाकुल कौडिन्यले त्यस रुखलाई सोधे - "तिमीले कतैअनन्त भगवाललाई देख्यौ ?" रुखले के उत्तर दिन्थ्यो ? केही जवाफ नपाई उनी अगाडि बढे। त्यहाँ एउटा गाईलाई व्याधासँग देखे, त्यससित पनि त्यही प्रश्न सोधे। उनले पनि 'नाइँ' भन्न मुन्टो हल्लाए। उनी अगाडि बढेपछि दुईटा पुष्करणी देखे। त्यसमा अनगिन्ती कमल फुलेका थिए, हंसहरू कल्लोल गर्दै थिए। सबैतिर प्रश्न गरे। कसैले अनन्त भगवान देखेको स्वीकार गरेन। फेरि अगाडि बढे। त्यहाँ हात्ती र गधालाई देखे, उनीसित पनि प्रश्न गरे। कसैले पनि अनन्त भगवानलाई देखेको थिएन। निराश भएर उनले आत्महत्या गर्ने विचार गरे। काँधबाट गम्छा झिकेर त्यसले पासो लगाई मर्न उनी उद्दत भए। उनले पासो लगाउनै आँटेका थिए कि त्यहाँ एउटा दिव्य प्रकाश भयो र त्यसबाट एउटा बृद्ध ब्राह्मणको रूपमा स्वयं अनन्त भगवान प्रकट हुनुभयो। उहाँले कौडिन्य मुनिको हात समाई एउटा गुफामा लग्नुभयो। त्यहाँ नर-नारीले भरिपूर्ण एउटा सुन्दर नगर थियो। त्यहाँ एउटा रत्नजटित सिंहासनमा शंख, चक्र, गदा, पद्म धारण गरेर अनेक वनमालाले विभूषित अनन्त रूप भगवान विष्णु स्वयं प्रतिष्ठित हुनुहुन्थ्यो। भगवानको तेजले कौडिन्यका आँखा तिरमिऱ्याए। उनले बिन्ती गरे। भगवान प्रसन्न हुनभयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र वर माग्न भन्नुभयो ।

कौडिन्यले आफ्ना सम्पूर्ण व्यथा-कथा सुनाए र आफूले अनन्तको धागो आगोमा फालेको बृतान्त पनि भने । आफूले गरेको अपराधका लागि क्षमायाचना पनि गरे ।

अनन्त भगवानले भन्नुभयो - "तिमी यसरी यत्र-तत्र भ्रमण नगर, आफ्नो घर फर्क र चौध वर्षसम्म नियमित रूपले अनन्त ब्रत गर । सँगै, ब्रतको प्रचार पनि गर । यसबाट तिम्रो कल्याण हुनेछ ।"

त्यहाँबाट कौडिन्य आफ्नो घर फर्किए र अनन्त भगवानको आज्ञाको पालन गरे । यसबाट उनलाई सुखमय जीवन प्राप्त भयो ।

जितिया पर्वको विधान र कथा

भविष्य पुराणमा सन्तानको दीर्घायुका लागि यस ब्रतको विधान गरिएको छ । आश्विन कृष्ण अष्टमीका दिन दुवै छाक उपवास गरी प्रातः काल तिथि बदलिएपछि पारण गर्ने विधान छ । मिथिलामा यो ब्रत गर्ने ऐभातीहरू एक दिन पूर्व माछा र कोदोको रोटी अवश्य खान्छन् र विधवाहरूले अरबा अन्नका परिकार खान्छन् । भोरमा अष्टमी परेन भने च्युरा-दही खाएर अनुष्ठान (ओङठन) गर्दछन् । यो ब्रत खण्डित हुँदा सन्तानलाई अनिष्ट हुने भय हुन्छ ।

अष्टमी दिन पूजा-संकल्प गरी दिनभरि ब्रत बसेर साँझमा गाईको गोबरले आँगन लिप-पोत गरी एउटा खाल्डो खनेर पोखरीको निर्माण गरिन्छ । त्यसको डिलमा एउटा पाकडको हाँगा ठड्याइन्छ र त्यसका हाँगामाथि गोबर-माटोकै एउटा चिल बनाएर राखिन्छ । हाँगामुनि एउटी स्यालनीको आकृति गोबर माटोले नै बनाइन्छ । त्यसको नजिक एउटा जलपूर्ण कलश राखिन्छ । कलशमा कुशको एउटा जिमूतवाहनको मूर्ति निर्माण गरेर राख्ने चलन छ । त्यसपछि फलफूल, नैवेद्य आदिले शास्त्रीय विधानअनुसार जिमूतवाहनको पूजा गरिन्छ ।

जिमूतवाहनको कथा :

एक दिन कैलाशको अतिरमणीय शिखरमा आसनस्थ शङ्करसित पार्वतीले प्रश्न गर्नुभयो - "सौभाग्वती स्त्रीको सन्तानको दीर्घायुका लागि कुन ब्रत गर्नुपर्छ ?" शङ्करले भने - "जिमूतवाहन-पूजा अर्थात् जितिय"

यस पृथ्वीमा समुद्रनेर नर्मदा-तटमा दक्षिण दिशामा कनकावती नाउँ गरेको एउटा नगर छ । त्यहाँ अनेक प्रकारका सेनाले सुसज्जित मलयकेतु नाउँ गरेका एउटा राजा राज्य गर्दथे । तिनकै राज्यमा बाहुलुटा नाम गरेको एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरुभूमि थियो। जसको मध्यबाट नर्मदा नदी बग्दथियो। त्यसको किनारमा एउटा अतिविशाल पाकडको रुख थियो। त्यस पाकडको धोद्रोमा एउटी स्यालनी निवास गर्दथी र हाँगामाथि चिलको बास थियो। धेरै दिनदेखि सँगसँगै बसेको हुनाले दुवैमा प्रगाढ मैत्री भयो। त्यस नगरका निवासी महिलाहरूले त्यस पाकडको रुखमुनि आई, आश्विन कृष्ण अष्टमीमा जिमूतबाहनको पूजा गरी, कथावाचकबाट कथा सुनी, आ-आफ्ना घर फर्किए। स्यालनी र चिलले पनि ब्रत गरेका थिए। यिनीहरू पनि आ-आफ्ना घर गए।

त्यसै दिन साँझमा त्यस नगरमा बास गर्ने एउटा सेठको एकलौता पुत्रको मृत्यु भयो। तिनका परिवारका मानिसहरूले त्यस बालकको दाहसंस्कार गरी आ-आफ्ना घर फर्किए। त्यस रात आकाश बादलले धुम्मिएको थियो। चौरैतिर चकमन्न अँध्यारो थियो। तर, कहिलेकाहीँ बिजुली चम्किदा मृतकको शरीरको मासु देखिन्थ्यो। दिनभरि उपवास बसेकी स्यालनीलाई खाऊँ-खाऊँ लागेर आयो। उसले चिललाई सोधी-"बहिनी, तिमी सुत्यौ कि जागेकै छ्यौ ?" एकदुई पटक त चिलले जवाफ दिई, तर फेरि चूप लागी। स्यालनीले सोची-बहिनी सुती क्यार ! स्यालनी धोद्रोबाट बाहिर निस्की, नदी किनारमा आई र त्यो बालकको मासु नअघाउञ्जेल खाई, केही चोक्टा धोद्रोमा पनि बोकेर ल्याई। चिल सबै देखिरहेकी थिई। भोलिपल्ट स्यालनीले चिललाई सोधी-सखी, पारण गर्ने चालुचुल देख्तिन।" रातको सबै घटना सम्झेर चिल उदास भई, भनी- "हामी स्वास्नीमनिस हौ। तिमी पनि पारण गर, म पनि गर्न जान्छु।"

त्यसपछि कालक्रममा प्रयागमा कुम्भ मेला लाग्यो। चिल र स्यालनी दुवै मेला गर्न गएका थिए। भाग्यको खेल, दुवैको एउटै समयमा त्यहाँ मृत्यु भयो। कुम्भमा मृत्यु भएको कारण दुवैको जन्म भास्कर नाउँ गरेका एउटा भिक्षुब्राह्मणको घरमा भयो। दुवै जुम्ल्याहा थिए। दुवैको न्वारान गरियो। चिल जेठी थिई, उसको नाउँ शीलावती राखियो, स्यालनी कान्छी भई, उसको नाउँ कर्पूरावती राखियो। विवाहयोग्य भएपछि दुवैको विवाह गरियो वा शीलावतीको विवाह महमत्त नाउँको धनी व्यक्तिसँग भयो। कर्पूरावतीको विवाह महाराज मलयकेतुसित भयो, कर्पूरावतीले सातवटा सन्तान पाइन्, तर एकएक गरी सबै शैशवावस्थामै मरे। जेठी शीलावतीले पनि सातवटा पुत्र पाईन्, सातैले दीर्घायु प्राप्त गरे। सबै पुत्रको उत्तरोत्तर उन्नति हुँदै थियो। यो देखेर कर्पूरावती रून्थिन्। आफ्नो भाग्यलाई सराप्थिन्।

यसै औडाहाले कर्पूरावती जिमूतवोहन-पूजा (जितिया) को दिन पथरा परिन्। राजा जब महलमा फर्किए, रानी कहाँ छिन् भनेर सबैलाई सोधे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तःपुरका कमारीहरूले रानीलाई गएर भने-'सरकारबाट खोजिबकिसन्छ, सवारी होस्।' रानीले भनिन् - "जा, भनि दे, रानी शयनागारमा होइबक्सिन्छ। सरकारै सवारी हुनुपर्‍यो।" राजा आए। रानीलाई सोधे, 'सन्चो छैन कि ?' रानीले व्यङ्ग्य गरिन् - "होइन, सुक्खले सुतेकी ?" राजाले यस व्यंग्यको मर्म बुझ्न सकेनन्। टुलुटुलु रानीका मुख नियाल्न थाले। रानीले फेरि भनिन् - "किरिया खाइबक्सियोस्, मैले भनेको पुर्‍याउँछु भनेर, अनि मात्र म मनको कुरा भन्छु।" राजाले किरिया खाए, तीन पटक सत गरे- 'एक सत, दुईसत, तीन सत। तिमीले भनेको जसरी पनि पूरा गर्छु।' कर्पूरावती ओछ्यानबाट उठिन् र भनिन् -"मेरी बहिनी शीलावतीका सातवटै छोराको गर्धन काटेर मलाई झिकाइदिइबक्सियोस्।" यो सुन्नासाथ राजाको मनमा पहिरो गयो, गोडामुनिको धर्ती चिप्लियो। शोकाकुल भएर बोले - यो के भन्यौ कर्पूरावती ;" आफ्नो सपथमा न अड्ने हजुरलाई धिक्कार छ;;" रानीले यसरी धिक्कार्न थालेपछि राजा शीलावतीका छोराको टाउको मगाइ दिन राजी भए। कर्पूरावतीले राजाको वचनमा विश्वास गरी जिमूतवाहनको पूजा गरी। राजाले चण्डाललाई बोलाई हुकुम दिए- "महामत्तका सातवटै छोराको घाँटी रेटेर कर्पूरावतीलाई ल्याइदेऊ।" उनीहरूले भोलिपल्टै एकाविहानै सातवटै घाँटी रेटेर कर्पूरावतीलाई ल्याइदिए। कर्पूरावती उत्फुल्ल भइन्। कर्पूरावतीले ती सातवटै टाउकोलाई धोई-पखाली, पहेंलो लुगामा बेही, सातवटा ढक्कीमा हाली शीलावतीका सातवटै बुहारीलाई पार्वण गर्न भनी पठाइदिई।

शीलावतीले नियम-निष्ठापूर्वक जिमूतवाहनको पूजा गरेकी हुनाले ती सातवटै छोरा जीवित भए। ती सातवटै ढक्कीमा मुण्ड ताडको फल भए र सातवटै छोरा जीवित भए। ती सातवटै छोरा घोडा चढी दरवार फर्किए - स्नान ध्यान गरी आ-आफ्ना पत्नीकहाँ गए। सातवटै बुहारीले आ-आफ्ना पतिलाई सानीमाद्वारा पठाइएको ताडको फल देखाउँदै भने- "हजुरकी सानीमाले पारणका लागि यी फल पठाइबक्सेको छ।"

उता कर्पूरावती शीलावतीका सातवटै सन्तानको बध भएकोले उनका घरमा करूण क्रन्दन मच्चिएर आनन्द पाउने बेलाको प्रतीक्षामा थिइन्। एकछिन बित्यो, दुई दासीले त्यहाँबाट आएर सबै समाचार मालिक्नीलाई सुनाई।

समाचार सुनेर कर्पूरावतीको मन भतभत पोल्न थाल्यो। त्यसले राजालाई भनी- "हजुरले हिंजो शीलावतीका छोराहरूको शिर काट्न लगाइबक्सेको चण्डालहरूले धोका दिएछन्।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाले भने- "त्यो कसरी हुन सक्छ ? सातजनै छोराका काटिएका टाउका हाम्रै अगाडि ढक्कीमा राखिएको हामीले हाम्रै आँखाले देखेका थियौँ, अनि उनीहरूले धोका कसरी दिए ?"

रानीले भनिन् - "अनि ती कसरी पुनर्जीवित भए त।" राजाले स्पष्ट गरे- "हेर रानी, तिम्री दिदीले पूर्वजुनिमा सत्य आचरण गरेकी थिइन्, निष्ठापूर्वक जिमूतवाहनको पूजा गरेकी थिइन्, त्यसै पुण्यको प्रभावले उनका मरेका सन्तान पनि पुनर्जीवित भए, तिमीले त्यसो गरिनौं त्यसैले तिम्रै सातवटै छोरा कालको मुखमा परे र तिमी दुःख भोग्दैछ्यौ।"

कर्पूरावती स्तब्ध भई। आगौं कर्पूरावतीले शीलावतीलाई दासीमार्फत अनुरोध पठाई "हामीसँग बसेर जिमूतवाहनको पूजा गरौं र कथा सुनौं।"

शीलावतीले जवाफ पठाई, "कर्पूरावती रानी हुन्, यस्ती कोमलांगीबाट यो कठोर ब्रत सम्भव छैन।"

यो सुनेर कर्पूरावतीलाई रिस उठ्यो, सातवटा छोराको घमण्ड छ शीलावतीलाई; तैपनि, फेरि अनुरोध पठाई - "हामी सँगसँगै पारण त गर्न सक्छौ ?"

दासीले फेरि जवाफ ल्याई- "शीलावतीले भनेकी छन्, हामी पारणसम्म सँगै गर्न सक्दैनौ।" रानी कर्पूरावती आगो भई। उनले डोली झिकाई, पारण गर्ने सम्पूर्ण सामग्रीको साथ शीलावतीकहाँ पुगी। शीलावतीले आदरपूर्वक उनको गोडा धोई बस्नलाई आसन दिई र सोधी - "बहिनी, कसरी पुग्यौ ?" कर्पूरावतीले सँगै पारण गर्ने इच्छा प्रकट गरी। शीलावतीले तिमी राजसुख भोग, म गृहस्थ जीवनको शान्ति भोग्छु' भनी र सँगै पारण गर्न अस्वीकार गरी। तर, कर्पूरावतीले धेरै जिद्दी गरेपछि सँगै पारण गर्न मानिहाली। ऊ पारण गर्ने प्रबन्धमा लागी र सबै प्रबन्ध भएपछि शीलावतीलाई सँगै नर्मदाको किनारमा हिंड्ने आग्रह गरी। दुवैले पवित्र खोलामा सँगै स्नान गरे। स्नानोपरान्त शीलावतीले कर्पूरावतीलाई सोधिन् - "तिमीलाई पूर्व जुनीको कुरा सम्झना छ ?" कर्पूरावतीले भनी - "अहँ, छैन।" शीलावतीले सम्झाउन थाली - "यो नै नर्मदा खोला हो यो नै बाहुलुटा मरुभूमि हो। यो नै पाकडको रुख हो। सबै चीज र स्थान लगभग यथावत् छन्। यस पाकडको धोद्रोमा तिमी बस्थ्यौ र म यसको हाँगामाथिको गुँडमा बस्थें। यस नगरका स्वास्नीमानिसहरूले आएर यहीँ जिमूतावाहनको पूजा गरेका थिए, कथा सुनका थिए। मैले र तिमीले मिलेर सँगै ब्रत बसेका थियौं। हामीले सँगै कथा सुन्यौं र आ-आफ्ना बासमा फर्क्यौं। त्यस दिन यस नगरको दन्ता सेठको छोराको मृत्यु भएको थियो। उनको दाहसंस्कार गरेर सबै मलामी फर्किएपछि मध्यरातमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई सुतेका ठानी तिमीले पेटभरि मुर्दाको मासु खायौ। भोलिपल्ट तिमीले मलाई सँगै पारण गर्न भनेकी थियौ। मैले छुट्टै गाउँलेहरूले छाडेर गएका अक्षता र अङ्कुरित चना लिएर पारण गरें, तिमीले पारणको बेला पनि धोद्रोमा गई लुकी-लुकी मासुका चोक्टा खायौ। आऊ, हेर।" भनेर उसले धोद्रोमा लिएर गई र नरमांसका हाड र शेषांश कर्पूरावतीलाई देखाई।

त्यसपछि कर्पूरावतीलाई शीलावतीले भनी - "ब्रतभङ्गको दोषले तिम्रा सबै छोरा मरे, तिमी दुःखी हुँदै गयौ। मैले नियमपूर्वक ब्रत पालन गरें, त्यसैको फलस्वरूप मेरा छोराहरू मरेर पनि बाँचे र अहिलेसम्म सुखी छु।" पूर्वजुनीको कथा सुनेर कर्पूरावतीले त्यही प्राण त्याग गरी।

शीलावती त्यहाँबाट घर फर्किएर आई। पत्नीको श्राद्ध गरेर राजा राज्य संचालनमा संलग्न भए। त्यही जिमूतवाहनको पूजा आजसम्म हुँदैछ।

गबहा-संक्रान्ति

कार्तिक महिनाको तुला राशिको संक्रान्तिमा मनाइने यस पर्वमा सूर्योदय भन्दापूर्व घरको इष्ट देवदेवी घरमा हुने विश्वास गरिन्छ। त्यसैले 'चिनवार' (गोसाउनी घरमा माटो हाली बनाइएको अग्लो स्थल, जसमा मुख्य रूपमा गोसाउनीको 'पातरि' (प्रसाद) का लागि खीर आदि व्यञ्जन पकाइन्छ) देखि त्यो कोठाको बार्दलीसम्म कोजाग्रा दिनको जस्तै अरिपन दिइन्छ। अरिपनको पुछारमा अष्टदल अरिपन दिइन्छ, जसमाथि पिर्का हुन्छ र त्यसमाथि पनि सिन्दूर-पिठार लागेको 'तामा' (काठको चामल नाप्ने ट्वाक) राखिन्छ। पिर्काको चारै कुनामा घ्यूको दीप बलिरहन्छ। 'तामा' (ट्वाक) मा एउटा चाँदीको रूपैयाको ढक, दूबो, धान वा गम्हरी, डाँठसहितको पान, सिङ्गो सुपारी रहन्छन्। तीनपटक हातमा जल लिएर मन्त्र जस्तै पढिन्छ : दारिद्रय बाहिर जाऊ"।

संक्रन्ति दिन सूर्योदयपछि आँगनमा तीनवटा औंलाले पाँचवटा बाटुला आकारका अरिपन दिएर त्यसमा सिन्दूर लगाइन्छ। त्यसपछि कुमारी कन्याले नव वस्त्रलगाई पूर्वतिर फर्किई, पाँच-पाँचवटा गुँइठा (चिप्री) बनाउँछिन्। त्यसमा सिन्दूर, पिठार लगाउँछिन्। त्यसमाथि कुभिण्डोको फूल वा सयपत्री फूल टाँसिन्छन्। त्यसपछि उनी गौरी पूजा गर्छिन् र बिसर्जन गर्छिन्। यस गुँइठा (बाटुलो आकारको गुँइठा, जसलाई चिप्री भनिन्छ) ले नवान्नको दिन आगो बालिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दियाबाती (दीपावली)

कार्तिक अमावस्याको रातिमा मनाइने यस पर्वमा कोजाग्रा दिन जस्तै चिनवारदेखि बार्दलीसम्म अरिपन दिइन्छ र अरिपनको पुछारमा अष्टदल अरिपन दिइन्छ । त्यसमाथि पिर्का राखिन्छ । सन्ध्याकाल घरलाई दीपलामाले सजाइन्छ र आबालयुवाबृद्धले सन्ठी र खरको 'ऊक' बाली हातमा 'उक्कालोली' लिएर फनफती घुमाउँछन् । घरमा दिइएको अरिपनमाथि पिर्का हालिएको हुन्छ र त्यसमाथि तामा (काठको टवाक) राखिएको हुन्छ । पिर्काको चारै कुनामा दीप बलेको हुन्छ । तामा (चामल नाप्ने काठको ट्वाक) मा सुन, चाँदी, द्रव्य र अन्न हुन्छ । रात्रिको अन्तिम प्रहरमा घरकी मुख्य महिलाले यो भनेर लक्ष्मीलाई घरमा आह्वान गर्छिन् –"अन्न धन लक्ष्मी घर अउन्, दारिद्रय बाहिर जाओस्" । उनी नाँङ्लो ठटाउँदै यो माथिल्लो मन्त्र पढ्दै घरभित्रबाहिर गरिरहन्छिन् ।

भ्रातृ द्वितीया (भाइटीका)

दिदी-बहिनीले गोबरले आँगन लिप्छन् । त्यसमाथि पिर्का हुन्छ, पिर्कामाथि अरिपन बनाएर सिन्दूरको टीका लगाइएको हुन्छ । अरिपन षट्दल कमल हुन्छ । पिर्काको अगाडि पनि फूल भएको अरिपन हुन्छ, जसमाथि चङेरा (सिकीको भाँडो) राखिएको हुन्छ । त्यही लोहोटामा चोखो पानी पनि हुन्छ । चङेरामा कुभिण्डोका ६ वटा फूल, सिन्दूर, पिठार, ६ वटा पानको पात (डाँठसहित), ६ वटा सिङ्गो सुपारी, अलैंची, सुकुमेल, हर्रो, जायफल रहन्छन् । दाजुभाइ आएपछि दिदी-बहिनीले गोडा धुन्छन् र स्नेह-सम्मानपूर्वक अरिपन दिइएको पिर्कामा बसाउँछन् । दाजु-भाइको दुवै हत्केला जोरी यस अञ्जुलीमा सिन्दूर, पिठार लगाई त्यसमाथि पानको पात, सुपारी, कुभिण्डोको फूल, जायफल आदि राखेर दिदी-बहिनीले मन्त्र पढ्छन्-"यमुना नोतल जमनाके, हम नौतै छी फन्ना भायकँ जहिना जमुनाके बाढि, तहिना भाइके अरूदाके बाढि ....." (यमुनाले निम्ताइन् यमलाई, म निम्त्याउँछु फलानो दाजु वा भाइलाई, जत्तिजत्ति यमुनाज्यूमा बाढी, त्यत्तिकै फलानो दाजु वा भाइको आयुमा बाढी) । यो मन्त्र पढ्दै अञ्जुलीमा जल खन्याउँदै जान्छिन् । जो बगेर त्यही राखिएको बट्टामा जम्मा हुन्छ । यसरी तीन पटक मन्त्र पढ्नुपर्छ । त्यसपछि दिदी वा बहिनीले हत्केला धोएर गम्छाले पुच्छिन् र निधारमा सिन्दूरले टीका गरिदिन्छिन् तथा केराउको दाना (जसलाई बजरी भनिन्छ) आफ्नै हातले खुवाउँछिन् । दाजु-भाइले दिदी बहिनीलाई सामर्थ्यअनुसार रूपैयाँ, गहना, लुगा इत्यादि उपहार दिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणमा सूर्यकन्या यमुनाले आफ्नो भाइ यमलाई आजै निम्त्याएको वर्णन पाइन्छ ।

छठ व्रत

कुनै बेला नैमिषारण्यमा सर्वशास्त्रज्ञ शौनक मुनिले सूतजीसित प्रश्न गरे- "यस पृथ्वीमा मानिसहरू अनेक रोगले ग्रस्त छन्, कोही सन्तानहीन छ, कसैको सन्तानको अकाल मृत्यु हुन्छ, यिनको दुःख मुक्ति कसरी हुन्छ ?" सूतजीले यस प्रश्नको जवाफमा भने- "यही प्रश्न सत्यवतीले भीष्म पुलस्त्य मुनिसित गरेका थिए । यो कथा भन्ने र सुन्ने दुवैको पापको विनाश हुन्छ । प्राचीन कालमा एउटा वलवान र ईर्ष्यालु दुष्ट क्षेत्रीय राजा थिए । तिनलाई पूर्व जुनिको पापले गर्दा कुष्टरोग लागेको थियो र यक्ष्मा पनि थियो । उनले यस्तो जीवनभन्दा मृत्युलाई नै श्रेयष्कर ठान्दथे । त्यसैबेला एउटा विद्वान र तेजस्वी ब्राह्मण त्यहाँ पुगे । राजा उनलाई देखेर अत्यन्त प्रसन्न भए । राजाले ब्राह्मणसित प्रार्थना गर- 'हजुर म कुष्ट र यक्ष्माले पीडित छु । कोही पुत्रविहीन छन् । कसै कसैको सन्तान अल्पायुमै मर्छन् । कसैलाई पतिले त्यागेका छन् । यी दुःखबाट मुक्तिको कुनै उपाय छ कि ?" ब्राह्मणले भने- "तपाईंहरू सूर्यको व्रत गर्नुहोस् ।" ब्राह्मणले राजालाई छठव्रतको विधान पनि बताए । राजा पूर्ण विधानपूर्वक छठको व्रत गरे र सबै क्लेशबाट मुक्त भए । एउटा उच्च कुलीन, तर दरिद्र र मूर्ख ब्राह्मण एक वर्षमात्रै छठ व्रत गरेपछि यशस्वी र सुखी भए । राजाले पाँच वर्षसम्म यो व्रत गरे, फलतः उनका मन्त्री र सेनाहरूमा नयाँ शक्ति उत्पन्न भयो । सबैले मिलेर विद्रोहीहरूलाई भगाए । राजाले निष्कंटक राज्य गर्न थाले ।

छठ-विधि-

मिथिलाञ्चलको महान् पर्व छठ आर्यहरूको सूर्योपासना परम्पराको एउटा अङ्ग हो । भनिन्छ, सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसुयाले यो षष्ठीव्रत गरेकी थिइन् । सूर्यपुराणमा यस पर्वको वर्णन छ । कार्तिक शुक्ल षष्ठीमा हुने यस पर्वमा सायंकालीन एवं प्रातःकालीन सूर्यलाई अर्घ्य दिइन्छ । यस अवसरमा चाहिने नाङ्लो, ढक्की, कनसुपती, कोनिया, कोसिया कुरूवार, सरबा, ढाकन, माटोको हात्ती आदि एक महिनादेखि नै किनेर राखिएका हुन्छन् । अन्य पक्वान्नहरू सन्ध्या अर्घ्यकै दिन घरका महिलाहरूले बिहानैदेखि तयार पार्न थाल्छन् । तयार पारिने सामग्रीमा ठकुवा, भुसवा, खजुरी, पेरूकिया आदि हुन्छन् । फलहरूमा नरिवल, मूला, गाजर, बेसारको गाँठी, ज्यामिर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्तला, सुठनी, केरा आदि हुन् । झुप्पा-झुप्पा फल्ने फलहरू बढाउँदा सूर्य द्यौता प्रसन्न भएर ब्रतीलाई कुटुम्बसहित कल्याण गर्ने विश्वास छ । चढाइने पदार्थहरूको संख्या ६० पुऱ्याउन नै पर्ने, तर सो नभए 'गम्हरी' को चामल मात्र हाल्दा पनि क्षतिपूर्ति हुने ।

छठ चार दिनसम्म मनाइन्छ । पहिलो दिनलाई (चौठको दिनलाई) 'अरबाअरबाइन' वा 'नहान-खान' भन्छन् । चौठकै दिन ब्रतीले भोजनमा माछा, मासु, लहसुन, प्याज, कोदो, मसुर आदि वस्तुको परित्याग गर्छन् । नङ कटाई, नुहाइ धोइ गरी सर्वाङ्ग शुद्ध भई, यसै दिनदेखि ब्रत बस्न थाल्छन् । पञ्चमी तिथिलाई 'खरना' भनिन्छ । यस दिन ब्रतीले दिनभरि निर्जला उपवास बस्नुपर्छ र राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) अर्पण गरी सोही प्रसाद ग्रहण गर्नुपर्दछ । यसपछि ब्रतीले पूर्ण उपवास लिनुपर्छ । षष्ठीका दिन अस्ताचलगामी सूर्यलाई अर्घ्य दिइन्छ । अर्घ्य कुनै नदी वा तलाउमा गएर दिइन्छ । अपराहनदेखि नै त्यस जलाशय, पोखरी नदीको डिलमा परिवारका सबै सदस्यहरू मिलेर कोसिया, कुरूवार, कनसुपती, केरा र बाँसका कप्टेराहरूले बनेका अन्य सामग्रीमा हालिएका परिकारहरूलाई राख्छन् । राख्नु अगाडि त्यस ठाउँ र सामग्री दुवैलाई ब्रतीले पाँचपटक साष्टाङ्ग प्रणाम गर्छन् । वास्तवमा जलाशय, नदी वा पोखरीको डिलमा आफ्नो परिवारको लागि ठाउँ अघिदेखि नै सुरक्षित पारिएको हुन्छ, जहाँ परिवारका महिलाहरूले लिपपोत गरेर तान्त्रिक पद्धति अनुकूल 'अरिपन चित्र' कोरेका हुन्छन् । सन्ध्याकालीन अर्घ्यमा पानीलाई प्रणाम गरी ब्रती महिला पानीमा प्रवेश गर्छिन् र डुबुल्की मार्छिन् । रातो बोर्डर भएको पहेंलो साडी लगाएका, ध्यानपूर्ण मुद्रामा, पानीमा, अर्घ्य दिन उभिएकी ब्रती साक्षत देवीस्वरूपा देखिन्छिन् । दुवै हत्केलामा 'पिठार' (अरबा चामल भिजाएर, पिंधी बनाएको लेप) र सिन्दूर लगाएर, अक्षत फूल हालेर, पछ्यौराले छोपी सबै अर्घ्य सामग्री पालो-पालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर नमस्कार गर्दै ब्रती डिलमा आउँछिन् । अन्तिम दिन पनि विहानको सूर्यलाई यसै गरी अर्घ्य दिनु पर्छ । समाप्त भएपछि परिक्रमा गर्ने, कथा सुन्ने र सूर्य पुराण श्रवण गर्ने चलन छ । छठ ब्रतको कथा सकिएपछि ब्रतीले त्यहाँ भएका ऐभातीहरूलाई सिन्दूर लगाई दिन्छिन् र पछ्यौरा (आँचल) मा प्रसाद हाल्छिन् । प्रसाद वितरण गर्दै घर फर्किन्छिन् ।

सामाचकेवा

कार्तिक शुक्ल षष्ठीदेखि कार्तिक पूर्णिमाको रातिसम्म मिथिलाका ललनाहरू उत्साहपूर्वक सामाचकेवाका गीत गाउँछन् र मूर्तिहरूसित खेल्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो लोक नाट्य जस्तै हो । पात्रहरू माटाका हुन्छन् ।

यस नाट्यमा श्यामा र चकेवा मुख्य पात्र छन् । श्यामा नायिका र चकेवा नायक । अन्य पात्रहरू छन्-चुगिला, ढोलिया, भरिया, सतभैया, खडरूच, वनतितिर, झाँझुर कुत्ता, भैयाबटतकनी, मलिनिया, वृन्दावन, डिहुली, भम्हरा आदि । यी सबै पात्रहरू माटोले बनाइएका हुन्छन् । नयाँ खरले वृन्दावन तथा जुट (पाट) का जुँगा भएका चुगिला महत्पूर्ण पात्र हुन् । यी सबै पात्र भएको र दीप बलेको ढक्की लिएर महिलाहरू कुनै चउरमा जम्मा हुन्छन् । यी पात्रहरूलाई दबो चराउँछन् । चुगिलाको दारीमा आगो लगाउँछन् र गीत गाउँदा रमाइलो गर्छन् । कार्तिक पूर्णिमाको राति कुनै खेतमा लगेर यी पात्रहरूको विसर्जन गरिन्छ । यस राति सामाहरू लोग्नेको घर गएको ठानी महिलाहरू गीतमा विलाप गर्छन् । विसर्जनभन्दा अगाडि दाजु वा भाइ दिदी वा बैनीको घर गई सबै सामालाई घुँडामा छुवाउँछन्, जसलाई 'फाँड भरब' भनिन्छ । यस बापत दाजु-भाइले च्युरा, कसार, खाजा मिठाइ पाउँछन् ।

कथा –

पद्मपुराणमा कथा पाइन्छ । कृष्णकी छोरी थिइन् श्यामा । श्यामाका दाजु श्याम्व थिए र पति थिए चत्रवाक । उनकी कमारी थिई डिहुली । श्यामा दिनहुँ आफ्नो फूलबारीमा डुल्न जान्थिन् । एक दिन डिहुलीले आएर कृष्णलाई के चुक्ली गरिन् भने श्यामा चरित्रहीन छिन् । फूलबारीमा डुल्ने निहुँमा ऋषिहरूसित रमण गर्छिन् । कृष्ण रिसाए । आफ्नै छोरीलाई चरी हुने श्राप दिए । श्यामा चरी भइन् र उडेर गइन् । वियोग सहन नसकी चक्रवाकले पनि स्वेच्छाले पंक्षीको रूप धारण गरेर जङ्गलैजङ्गल उड्न थाले । कृष्णकै कोपभाजन भएर ऋषिहरू पनि चरा भए । त्यसबेला श्यामा दाजु कतै बाहिर गएका थिए । जब फर्किएर आए र सम्पूर्ण कथा सुने, आकुल-व्याकुल भए । बहिनीलाई यस कष्टबाट मुक्ति दिलाउन घोर तपस्या गर्न थाले । उनको तपस्याले कृष्ण भगवान प्रसन्न भए तथा ती सबैलाई मनुष्य बन्ने बरदान दिए । तिनीहरू मनुष्य रूप धारण गरी पृथ्वीमा सुखपूर्वक विचरण गर्न थाले । श्यामाले भनिन्- 'मेरा दाजुले मेरो उद्धार गरे, अतएव माटाका सामाचकेबा बनाई गाउँमा नाच्ने स्वास्नी मानिसका दाजुभाई दीर्घजीवी हुनेछन् ।

हरिसों पर्व कथा

यो पर्व कुमारी कन्याले विवाह भएपछि एक वर्षसम्म गर्छिन् । यो ब्रत कार्तिक शुक्ल प्रतिपदा (पहिलो तिथि) देखि एक महिनासम्म गरी मंसिर शुक्ल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपदासम्म गरिन्छ ।

विधान- यो पर्व गर्ने महिलाको एउटी यस्ती सहयोगिनी महिला हुन्छिन् । जसको कुनै सन्तान मरेको नहोस् । पर्व थाल्नुभन्दा पाँच दिनअगाडि माटो ल्याइन्छ, जसबाट चूल्हो बनाइन्छ ३२ तामा (चामल नाप्ने काठको ट्वाक) धान एकपटक सोझै र एकपटक उल्टोगरी नापिन्छ । त्यस धानलाई कुटिन्छ र एकै हातले जाँतोमा पिसिन्छ । एउटै हातले पीठो मुछेर ३२ वटा बगिया (अरबा चामलको पीठोले बन्ने खाने परिकार) बन्नेछन् । एउटा चार हातको कपडालाई पहेंलो रंगमा रंगाइन्छ, जसलाई धोएर पछि यो पर्व गर्ने महिलाले लगाउँछिन् । यस कपडामा सिन्दूरले थरिथरिका चित्र कोरिन्छन् । सूर्य, चन्द्रमा, नवग्रह, गौरी, साठी, गणेश, तेलको कराहीमा मानिसहरूको अरिपन, माटाको भाँडा (आबा) मा मानवाकृतिहरूको अरिपन, एउटा घैंटामा मानवाकृति अरिपन, सर्प, ब्राह्मण कन्या, ग्वालिन कन्या, एउटी कमारी टाउको माथि दाउराको भारी बोकेकी, एउटा डोलीमा बेहुलीको घाँटीनेर नयाँ भाडोमा चामल नयाँ ढकूकनले छोपिएको । यो कपडालाई पर्खालमा टाँसिन्छ । 'पुरहर पातिल' (माटोको भाँडा) मा नित्य पूजाकाल दीप बाल्नुपर्छ । यो पूजा महिना दिनसम्म भइरहन्छ । पर्व गर्ने महिलाले भोजन गर्ने बेला कौवा र कुकुरको भुकाइ सुन्नु हुँदैन । जुन ३२ वटा बगिया (खाने परिकार) पर्व गर्ने महिलाले बनाएर राखेकी हुन्छिन्, त्यसबाट भोजनभन्दा पूर्व चारवटा जललाई, चारवटा थललाई, चारवटा कागलाई, चारवटा विश्वम्भर भगवानलाई अर्पित गरी, १६ ओठमा छुवाई थन्काउँदै जान्छिन् । पर्व गर्नेले दिनहुँ तीनवटा चिप्री (गोलाकार गुँइठा) बनाउँछिन् र त्यसमा सिन्दूर, पिठार र दूबो लगाउँछिन् । निस्तारभन्दा एक दिनपूर्व विसर्जन गरी सबै हटाउँछिन्, अन्तिम दिन फेरि घर लिपेर अरिपन दिइन्छ र सबै व्यवस्था पूर्ववत् गरिन्छ । पर्व गर्नेले 'बगिया' ओठमा छुवाई विधि गर्छिन् । अरबा च्युरा, दही, चीनी भोजन गर्छिन् । भोजन गर्दा पाँचवटा ऐभाती र पाँचवटा कुमारीसँग मिलेर गर्नुपर्छ । पूजाकाल 'कुमारी गीत' हुन्छ ।

कथा :

कार्तिक महिना थियो । प्रतिपदा तिथि थियो । गाईवस्तुको 'हुर्रा-हुर्री' को दिन थियो । गोरूलाई पखेब दिने दिनमा ब्राह्मणकी छोरी कथा सुन्दै थिइन्, राखी लगाउँदै थिइन् । त्यसबेला ग्वालाकी छोरी आई । उसले ब्राह्मणकी छोरीलाई भनी- "म पनि यो ब्रत गर्छु, यसको विधिविधान बताइदिन्छ्यौ कि ?" ब्राह्मण कन्याले भनिन्- "तिमी ग्वालाकी छोरी हौ, विरालाले झैं दूध-दही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोजी-खोजी हिड्छ्यौ । सातसात जना दाजुभाईका सुकुल बोक्नु, एकैपटकमा सात बिडा पान खानु, सातवटा भाउजूका कपाल कोर्नु, सातवटा मखान खानु, तिमीबाट हुन सक्ने कुरा होइन ।' ग्वालिनीले भनिन्- "किन हुँदैन र ? तपाईंले बताउनु पर्ने कुरा बताइहाल्नुस् ।" ब्राह्मणकी छोरीले ब्रतको विधान बताइदिइन् । "भोजन त्यस्तो कोठामा गरेस जहाँ कुकुरले भुक्ने आवाज र कौवाको बोली नपुगोस् । भोजनकालमा यी आवाज सुनिए भने भोजन नगर्नू । सातवटा दाजु-भाइको ओछ्यान मिलाउनु, सातजना भाउजूको श्रृङ्गार गर्नु, ।" ग्वालाकी छोरीले सबै कुरा सुनी । ऊ खेतमा गई र घर गए भोक प्यास लाग्छ भनेर त्यही बसी । पर्वको सबै विधान त्यहीं गरी । कुकुर भुक्यो, खाँदै गरी । भोलिपल्ट बाहुनकी छोरीले ग्वालाकी छोरीकहाँ कमारीको माध्यमले आग्रह पठाइन्- "यही आएर कथा सुनौ र राखी लगाऔं ।" ग्वालाकी छोरीले कमारीलाई भनी- "मलाई जेजे भनेकी थिइन्, सबै गरें, सात दाजुभाइका ओछ्यान मिलाएँ, सात भाउजूको श्रृङ्गार गरें । मेरी सहेलीलाई भन्नु, मेरो साटो पनि कथा सुन्छिन् र राखी लगाउँछिन् । तेस्रो दिन फेरि ब्राह्मण कन्याले कमारी पठाइन् । फेरि ग्वाला कन्याले त्यस्तै जवाफ दिइन्- "उनले जे-जे भनेकी थिइन्, सब गरें मैले । दूध पनि उमालें, तर पनि खाएँ । उनलाई मेरो साटो पनि कथा सुन्न भन्नू, मेरो साटो पनि राखी लगाउन भन्नू ।"

समय बित्दै गयो । दुवै कन्याको विवाह एउटै गाउँमा भयो । दुवैले सन्तान पाए । ग्वालाकी छोरीका सन्तान हुन्थे, तर मरिहाल्थे, ब्राह्मणकी छोरीका सन्तान जीउँदै रहन्थे । दुवै जनाको भेट हुँदा ब्राह्मणकी छोरीले भन्थिन्- "मलाई मेरो सन्तान मरेको अनुभव प्राप्त गर्ने रहर लाग्छ । ग्वालाकी छोरीले भनी - सन्तान बाच्नु पो ठूलो कुरा हो, मर्नु कुन ठूलो कुरा हो ? जहिले चाहन्छस्, सन्तान मर्न सक्छ । त्यही चाहन्छ्यौ भने हलुवाई बोलाऊ, चूल्होमाथि तेल भएको कराही चढाऊ, तेल निकै उम्लेपछि त्यसमा छोरा हाल्द्यौ, मरिहाल्छ नि !'

ब्राह्मणकी छोरीले त्यसै गरिन् । हलुवाई बोलाइन् । माटाको चूल्हो बनाएर त्यसमाथि तेलले भरिएको कराही चढाइन् । आगो बालिन् । तेल जब निकै उम्लिन थाल्यो । एउटा छोरालाई त्यस कराहीमा झ्वाइँय्य हाल्दिइन् । जब त्यस कराहीमा छोरालाई तड्पिन लागेको देखिन्, उनको मुटु छियाछिया भयो । उनले सोचिन्-एकैछिनमा मानिसहरूले छोरोको लास घाटमा लैजान्छन् । सबै छाती पिटीपिटी रुनछन् । यी दृश्यहरू म कसरी देखेर बाँच्छु ?' उनी विह्वल भएर सूर्यलाई गुहार्न थालिन् - 'हे दिनकर दीनानाथ,, गुहार, मेरो छोरालाई बचाऊ ;' 'गुहार-गुहार' भन्नासाथ चूल्होको आगो निभ्यो, तेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानी झैं शीतल भयो र त्यसबाट उनको छोरा अझ सुन्दर भएर निस्किए। ग्वालिनीकी छोरीसित भेट हुँदा फेरि भनिन् – "मेरो रहर त रहरै हुने भयो।" ग्वालिनीकी छोरीले भनिन्– "एउटा सँपेरा बोलाऊ। त्यससित गोमन किन, त्यसको विष झिकेर लड्डु बनाऊ। सर्पको बच्चालाई मोतीचूरको लड्डुमा हाली भाँडोमा राख। छोरोले खाजा माग्छ भने त्यसै भाँडोबाट झिकेर खाजा खान भन्। सर्पले टोक्यो भने पनि मर्छ, लड्डु खायो भने पनि मर्छ। बाहुनकी छोरीले त्यसै गरिन्। साँझपख छोरो हस्याङफस्याङ गर्दै आयो। र भन्न थाल्यो – "आमा, आमा मलाई भोक लागेको छ।" आमाले भाँडोतिर सान गर्दै भनिन्– "त्यसबाट झिकेर खाऊ।" छोरोले भाँडोबाट खाजा समातेर हात बाहिर झिके, हातमा गजबको हार थियो। उसले आमालाई भन्यो "आमा, यस्तो मूल्यवान हार पनि हजुरले यस माटोको भाँडोमा राखिसेको छ ? लड्डूमा विष हाल्न पनि उनले भसुक्कै बिर्सेकी रहिछन्। छोरो फेरि बाँच्यो। उता ग्वालिनीको छोरा फेरि मऱ्यो। 'मेरो छोरो, ; मेरो मुटु, ;; भनेर त्यो क्वाँ क्वाँ रुन थाली। बाहुनकी छोरी भेट्दा त्यसले भनी– तिम्रो छोरो त्यसै मर्दैन। छोरोलाई ठीकैछ हँसिया लिएर छप्काइदेऊ र हुर्हुर बलेको चूल्होमा जाकिदेऊ। कमारीको छोरो मर्दा त्यो रुनछे, तिमी पनि रुनछौ। मरौपरौमा रुने तिम्रो रहर पुगिहाल्छ।

ब्राह्मणकी छोरीले कमारीलाई डोरीले नबाँधिएको दाउराको भारी बोक्ने हुकुम दिइन्। मूठा–मूठा लिएर त्यसले दाउरा टाउकोमा हाल्न थाली। दाउरा झर्न थाल्यो। त्यसलाई समाल्ने जमर्को गर्दै थिई, त्यत्तिकैमा उसको छोरोलाई हँसियाले रेटेर चूल्होमा पोली, परालको त्यान्द्रोमा बेहेर माटोको भकारीमुनि घुसारिदिई। कमारी दाउरा समाल्ने जमर्को गर्दागर्दै रुन थाली। प्रभो, कुन्नि कहिलेसम्म यत्ति दाउरा समालेर थाप्लोमा हाल्न सकिएला ?' झमक्क साँझ परेपछि जङ्गलकी वनदेवी सपता प्रकट भईन् र नाग बनेर दाउरोको भारीलाई बेरिहालिन्। कमारी हाँस्दै त्यहाँबाट विदा भइन्। बाटोमा अंडा बोक्दै हिड्दा कमिलाको ताँती भेट्टिइन्, ताँती छेउ लाग्यो। उसले कमिलामाथि गोडा पर्न दिइन, अरू खेतबाट धानको सिला टिपेर, दूबो मिसाई, कमिलाको ताँतीको पूजा गरी। कमिलाहरू निर्विघ्न हिंडे र बूढी कमिलाले आशीष दियो, 'तैंले मेरो बडो निष्ठापूर्वक पूजा गरिस्, त्यसैले म तँलाई वरदान दिन्छु–हँसियाले काटिएको र चूल्होमा पोलिएको तेरो छोरोले हीरा जुहारका कंगन र पाउजू लगाई तेरो काखाँ बसी दूध खाऊन्।' कमारी जब घर पुगी हीरा जुहारका गहना लगाएको उसको छोरो कुद्दै आयो र भन्न थाल्यो, 'आमा, मलाई दूध ख्वाउनुहोस्। मलाई भोक लागेको छ। आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(कमारी) ले उसको जीउभरि लागेको चूलोको खरानी टक्टकाउन थाली। बाहुनकी छोरीले आएर भनी- मैले तेरो छोरोलाई हँसियाले काटी, चूल्होमा पोली, परालमा बेहेर भकारीमुनि हाल्दिएकी छु। यो तेरो छोरो हुनै सक्दैन। कमारीले भनी- ए हजुर, हजुरले जुन ब्रत गरिबस्कियो, मैले पनि गरें। हजुरको छोरो मर्दैन भने मेरो छोरो कसरी मर्न सक्छ ? बाटो भएर आउँदा खेतमा धानका बाला झुल्दै थिए, आलीमा दूबो थियो, मैले टिपें र बाटोमा देखिएको कमिलाको ताँतीको पूजा गरें। बूढो कमिलाले आशीर्वाद दियो। त्यसैले मेरो छोरो मरेन। त्यसपछि ग्वालाकी छोरी आइपुगी। बाहुनकी छोरीले भनिन्- "हेर न, कमारीको छोरो पनि मरेन ;" ग्वालाकी छोरीले भनी- "तिमी धेरै ठूलो ब्रत बसेकी छ्यौ। तिमी पोखरी कोर्न लगाऊ, इनार बनाउन लगाऊ, यज्ञ गर, जहिले दाजु-भाउजू आउँछन्, गला मिलेर रुन्, रहर पुगिहाल्छ नि ;"

ग्वालाकी छोरीका सातवटा छोरा भए र सातवटै मरे। बाहुनकी छोरीले जे गरेपनि उनका छोराको रौंसम्म बाङ्गो भएन। जस्तो बाहुनकी छोरीलाई भयो, सबैलाई होस्, जस्तो ग्वालाकी छोरीलाई भयो कसैलाई नहोस्। (यो अन्तिम वाक्य सबै ब्रतालु आइमाइहरूले तीनपटक दोहोऱ्याउँछन्)

नोट : पूजाको प्रारम्भ भगवती गीतबाट हुन्छ, गुँइठा बनाउने बेला कुमारी-गीत हुन्छ। राम्रो वर (दूल्हा) प्राप्त गर्न मिथिलाका कुमारीहरूले यो ब्रत गर्छन्। ब्रत कार्तिक शुक्ल प्रतिपदादेखि अग्रहण शुक्ल प्रतिपदासम्म एक महिनासम्म हुन्छ। भनिन्छ, यो ब्रत स्वयं सीता (जानकी) ले गरेकी थिइन् र रामलाई वरको रूपमा प्राप्त गरिन्। ब्रम्हवैवर्त पुराणमा यसको पूजा विधान प्राप्त हुन्छ।

रवि ब्रत (दिनकर-ब्रत)

बृश्चिक राशिको संक्रान्ति भएपछि शुक्लपक्षको अन्तिम आइतबार यो ब्रत थालिन्छ र मेष संक्रान्तिमा शुक्ल पक्षको आइतबार यसै ब्रतको उद्यापन हुन्छ। ब्रत कालभरि एकछाके बस्नु पर्छ। यस ब्रतको समाप्ति वैशाख शुक्ल पक्षमा अक्षय मास भए पनि गरिन्छ। बृषक संक्रान्तिमा उद्यापन वर्जित छ। अर्को वैशाखमा वृषक संक्रान्तिको सम्भावना हुन्छ।

विधान-प्रातः कालमै स्नान गर्नुपर्दछ। एउटा कोठालाई गोबरले लिप्नुपर्छ, त्यसमाथि विठार लिएर अरिपन बनाउनुपर्छ, सिन्दूर लगाउनु पर्छ र त्यसमाथि एउटा लोहोटामा सिन्दूर विठार लगाएर जल भरिएर राखिन्छ। कलशमा रातो धागो बेरिन्छ। कलशमाथि एउटा बल्दो दीप राखिन्छ, जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा भएसम्म बलिरहन्छ । पाँचवटा डाँठ सहितको पान, पाँच किसिमका फल लिएर पोखरीमा गई अर्घ्य दिइन्छ । अनि ब्रतालुहरूले कथा सुनेर सूर्यको धागो पाखुरामा बाँध्दछन् । त्यसदिन एक छाके हुनुपर्छ । अर्को आइतबार नून खानु हुँदैन । तामाको अर्घीमा गाइको दूध, राता फूल, चन्दन, अक्षत, दूबो आदि लिएर सूर्य भगवानलाई अर्घ्य दिइन्छ । यो कथा दुई किसिमको हुन्छ । एउटा आइतवार भनिन्छ-सुनिन्छ, अर्को बाँकी छ दिन भनिन्छ-सुनिन्छ ।

आइतबारे दिनकर-कथा : 'चिन्ता चिन्ता के को चिन्ता ?' 'श्री सूर्य भगवानको चिन्ता ।' 'त्यस चिन्ताले हुन्छ के ?' 'धन हुन्छ, पुत्र हुन्छ, धर्म हुन्छ ।' एउटा एकरङ्ग नाउँका ब्राह्मण थिए । उनी सोनार देशका बासिन्दा थिए । उनले एक गाउँ भीख भाग्दा पनि एक तामा (काठको ट्वाक) भीख हुन्थ्यो, दुई गाउँ माग्दा पनि एकै तामा । त्यही लिएर उनी लालाबाला पाल्थे । एकपटक ब्राह्मणीले ब्राह्मणलाई भनिन्- 'हे स्वामी, अब अझ दुःख सहन सकिन्न । यी छोरीलाई लगेर जङ्गलमा छाडेर आउनुहोस् । अब खर्च जुटाउनु साह्रै गाह्रो भो ।' ब्राह्मणले भने- 'छी ; अरू करेसावारीको साग र छानोमाथिको कुभिण्डो ख्वाएर दुवै छोरीलाई पाल ।' तर ब्राह्मणीको ढिपी अगाडि उनको केही चलेन । विचरो बाहुनले के गरुन् ।

निधारमा चन्दनका बाक्लैसित लेप गरे र खुल्ने गरी टीका लगाए । हातमा खन्ती लिएर जङ्गलतिर लागे । जङ्गलबाट वनसपतो देवी निस्किइन् । दुवै कन्या वनसपतोलाई बुझाइन् उनी फर्किए । बाटामा नर्मदा किनारमा स्वास्नीमानिसहरू कथा सुन्दै, धागो बाँध्दै गरेका थिए । ती स्वास्नीमानिसहरूले सोंचे-तल राख्दा किरा फट्याङ्ग्राले खान्छन्, माथि राख्दा चिल कौवाले लान्छ । त्योभन्दा जाति यो कथा यसै बाहुनलाई दिइयो भने पुण्य पनि हुन्छ भने बाहुन बाजे, तपाई यो कथा लानुस् । ब्राह्मणीलाई एक वर भन्दा नै दोब्बर हुन्छ । त्यहाँबाट ब्राह्मण घर फर्किए । उनले मनमनै विचार गरे- हेरूँ, उनीहरूले दिएको आशीर्वादको फल के हो ? उनले आफ्नी बाहुनी बज्यैलाई भने- "ए बज्यै, ल्याऊ त, सुनचाँदी राख्ने भाँडो कहाँ छ ?" यति भन्नासाथ त्यहाँ सुनचाँदीको थुप्रो लाग्यो । त्यो देखेर बाहुनीलाई चिन्ता लाग्यो - "ए हजुर, कतैबाट चोरेर त यी सबै ल्याउनु भएन ?" "होइन, श्री सूर्य भगवानको कथा सुनेको । त्यसैको फल हो ।"

यता बाहुनले जुन दुवै कन्यालाई जङ्गलमा छाडेर गए तिनलाई एउटा दाउरेले लग्यो । दाउरेले एक बर दाउरा काट्थ्यो, नौ दोब्बर हुन्थ्यो । दाउरे छक्क पऱ्यो । गएर राजालाई भन्यो- "सरकार ! महारानीको जस्तो मुहार छ, त्यसभन्दा राम्रो त ती दुवै कन्याका कान्छी औंला छन् ।" राजा घोडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चढेर जङ्गलमा आए । महथा नाउँ गरेको साथी पनि सँगै ल्याए ।

दाउरेकहाँ पुगेर राजाले दुवै कन्यालाई सोधे- 'तिमीहरू को हौ, दैतिनी कि भूतिनी ?' उनीहरूले भने- "हामी न दैंतिनी हौं, न भूतिनी, हामी एउटा ब्राह्मणका कन्या हौं । हाम्रा पिताले हामीलाई पाल्न सकेनन् । जङ्गलमा छाडेर गए ।"

राजाले विचार गरे- 'जेठी कन्यासित आफै विवाह गर्छु र अर्कीसित महथालाई गराइदिन्छु ।' त्यसै अनुरूप गरेर दुवै दरवार फर्किए र मिलेर सांसारिक सुखको भोग गर्न थाले ।

एक दिन ब्राह्मणीले भनिन्- "अहा; छोरी ज्वाइँ भएको भए कति आनन्द हुन्थ्यो ।" ब्राह्मणले भने- "छीःछीः, त्यस दिन आफ्नै करेसाको साग र छानाको कुभिण्डो ख्वाएर छोरी पाल भन्दा मानिनौं, अब त चो चण्डालले उठाएर लगेका होलान् ।"

ब्राह्मणीले कर गरेपछि बाहुनले फेरि बाक्लो चन्दन गरे, हातमा पोस्तक, काखीमा खन्ती च्यापेर जङ्गलतिर लागे । एक वन चाहारे, अर्को वन चाहारे, अनि त्यसै वनबाट वनसपतो देवीले निस्किएर सोधिन्- 'ए बाहुन, तिम्रो के हराएको छ र यसरी खोज्दैछौं ?' ब्राह्मणले जवाफ दिए- "केही हराएको छैन, आफ्ना दुईटा छोरीलाई जङ्गलमा बसाएर गएको थिएँ । तिनैलाई खोज्दैछ ।" वनसपतोले सोधी "तेरा छोरीहरूको ठेगाना दिनेलाई के दिन्छौं ?" "जोडा धोती र उजानपुर राज" बाहुनले भने ।

त्यसपछि वनसपतोले भनिन्, 'तिम्री एउटी छोरीसित राजाले विवाह गरेको छ र अर्कीसित उनको साथी महथाले ।'

त्यहाँबाट बाहुन राजाकहाँ आए । अलिक पर गएपछि केही पँधेर्नीहरूलाई पानी भरेको देखे र प्रश्न गरे- "यो कसको पोखरी हो ?" "यो राजाको पोखरी हो र हामी उनकै पँधेर्नी हौ ।" पँधेर्नीहरूले जवाफ दिए ।

ब्राह्मणले पँधेर्नीलाई भने - 'गएर रानीलाई भन, तिम्रो पिता आएका छन् ।' 'कति दल, कति बल ?' 'नाइँ दल, नाई बल । तिनै मेरा बाबु हुन् ।' "उठिस्योस् बुवा, स्नान गरिसियोस् । ज्युनार र पान गरिसियोस् ।" बाबुले भने- जसले दिएको यो घर-वार हो, त्यसको खण्ड (भाग) जबसम्म कथा सुन्दिन म कुनै वस्तु ग्रहण गर्दिन ।' जेठी कन्यालाई भने- 'तिमी पनि कथा सून, धागो बाँध ।' रानीले भनी- "तिमीलाई थप्पडले हिर्काए हुन्थ्यो, हत्याराले काट्न लाए हुन्थ्यो, कुकुरसित टोक्न लगाए हुन्थ्यो, घोक्र्याएर गाउँबाहिर पठाए हुन्थ्यो । हीरा-जुहार लगाउने त ठाउँ छैन, तिम्रो यो रातो धागो र पहेंलो धागो कहाँ बाँधू ?' बाबुलाई ठूलो चोट पऱ्यो । उनी एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पसलेको पसलमा गई भोकभोकै बसे । भोलिपल्ट पसलेलाई भने, 'ऊठ ऊठ बनियाँ, मेरो कथा कान सून ;' पसलेले (बनियाँले) भन्यो- "म के भुत्रो कथा सुन्छु । बाह्र वर्ष भयो महल ठूलो ढुटीमाटी भयो । बिक्री भनेको रत्ती छैन । के गरूँ ?"

छ-दुई अछेता बनियाँको हत्केलामा, छ-दुई अछेता आफ्नो मूठीमा-कथा भन्न थाले । कथा सुन्नासाथ सुनको महल,रूपाको तराजू र ढक झरेर हीरा भयो । छप्पन प्रकारका वस्तुहरूको विक्री हुन थाल्यो । बनियाँ बाहुनको गोडामा पछारियो । तपाईंले जुन ब्रतको कथा भन्नुभयो, त्यसको विधान भन्नुहोस् ।" मंसिर महिनामा शुक्ल पक्षमा, शनिको साँझमा, आइतबार माझमा, टाढासम्म घेरेर, गाईको गोबर गङ्गाजलले लिपेर, पूजा थाल्नू । एक सेर मैदाको तेह्रंवटा लड्डू बनाउनू, एउटा लड्डू बाहुनलाई, बाँकी लड्डू कुमारी कन्यालाई दिनू । त्यसपछि कथा सुन्नू ।" यति भनेर बाहुन बिदा भए ।

केही पर गएपछि एउटा कोर सल्केको मान्छोलाई देखे । त्यसको छेउमा आएर बाहुनले भने- "ऊठ, ऊठ कोरी, मेरो कथा कान सून ।"

"तिम्रो कथा के भुत्रो सुन्नु ; बाह्र वर्षदेखि मेरो अंग-अंग गलेर झर्दैछन् । अनुहारबाट नाक लग्यो, अनुहारै बिग्रियो । अब तपाईंले नै भन्नुहोस् । तपाईंको कथा कसरी सुनू ?"

यो कुरा सुनेर ब्राह्मणले छ-दुई अछेता, कोरीको हत्केलामा हाले, छ-दुई अक्षता आफ्ना मूठीमा लिए । आधी कथा मात्र के सुनेका थिए, कोरीको जीउ फूल झैं फुल्यो, पूरा कथा सकिनासाथ धनको अम्बार लाग्यो । त्यो बाहुनको गोडामा पछारियो र भन्न थाल्यो- कथा त सुनें, अब ब्रतको विधान भन्नहोस् ।

मंसिर महिनामा शुक्ल पक्षमा, शनिको साँझमा, रविको माझमा, टाढासम्म घेरी, गाईको गोबर गङ्गाको माटोले लिप्नू । एक सेर मैदाको तेह्रंवटा लड्डू बनाउनू, एउटा लड्डू बाहुनलाई दिनू, एउटा कन्या कुमारीलाई दिनू । अनि ब्रतको कथा सुन्नू ।

त्यहाँबाट बाहुन फेरि बिदा भयो । अलिक पर गएपछि एउटा पिपलको रुखसित भेट भयो । त्यसलाई भने "ऊठ पिपल, मेरो कथा कान सून ।" "तिम्रो कथा के सुनूँ । बाह्र वर्षदेखि माटामुनि मेरो जरा नै छैनन् । माथि पालुवा लाग्दैन । चराचुरूङ्गीहरूले बास लिंदैनन् ।"

बाहुनले अघिझैं नै छ दुई अछेता पिपलका हत्केलामा हाले, छ-दुई अछेता आफ्नो मूठीमा लिए । कथा सुन्नासाथ माटोमुनि जरा पलाए, हाँगामा पालुवा अए । झपक्क छायाँ भयो, मीठो बतास भयो, चराचुरूङ्गी चिरबिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न थाले। पीपलले बाहुनलाई सोध्यो- ब्रतको कथा भन्नुभयो, अब ब्रतको विधान भन्नुहोस्।"

"मंसिर महिनामा शुक्ल पक्षमा, शनिको साँझमा, रविको माझमा टाढासम्म घेरी, गाईको गोबर गङ्गाको माटोले लिप्नू। एक सेर मैदाको तेह्रंवटा लड्डू बनाउन्, एउटा लड्डू बाहुनलाई देऊ, एउटा कुमारी कन्यालाई र कथा सुन्नू।" त्यहाँबाट बाहुन विदा भए, हरूवाकहाँ पुगे- "ऊठ ए हरूवा, मेरा कथा कान सून।"

"कथा के सुन्न्, हलो भाँच्यो, फाल हरायो, गोरू दुवै जङ्गल भागे।" बाहुनले ६ दुई अछेता उसको हत्केलामा हाले, ६ दुई अछेता आफ्नो मुठीमा लिए। कथा सुन्नासाथ सुनको हलो भयो, रूपाको फाल भयो। कथा पूरा हुनासाथ दुवै गोरू फर्किए र मज्जाले हलो चल्न थाल्यो। हीरामोती उब्जिन थाले। हरूवाले बाहुन बाजेको गोडा समाते- "बाजे, कथा त भन्नुभयो, अब ब्रतका विधान भन्नुहोस्।"

"मंसिर महिनामा शुक्ल पक्षमा, शनिको साँझमा, रविको माझमा टाढासम्म घेर्नु, गाईको गोबर गङ्गाको माटोले लिप्नू। एक सेर मैदाको तेह्रंवटा लड्डू बनाउन्, एउटा लड्डू बाहुनलाई देऊ, एउटा कुमारी कन्यालाई र कथा सुन्नू।" त्यहाँबाट अलिक पर गएपछि केही पँधेर्नीहरूलाई पोखरीबाट पानी बोकेर फर्किन लागेको देखे। तिनीसित प्रश्न गरे- 'कसको पोखरीमा पँधेर्नी ?' पँधेर्नीले भने- 'महथा पोखरी, कमारी पँधेर्नी।'

"महथिनीलाई भनिदिन्, तिम्रा बाबु पाहुना लागेर आएका छन्।" महथिनी आईन, गोडा धुवाईन, पानी घर लिएर गइन्। भान्सेलाई बोलाएर हुकुम दिइन्- "मेरो पिता पाहुना भएर आउनु भएको छ। छप्पन प्रकारको भोजन तयार गर।"

फेरि पितालाई आए भनिन्- "बुवा, उठनुहोस्। खाजा खानुहोस्।" ब्राह्मणले भने- "एउटी छोरीले कुकुरसित टोक्न लगाइन्, हत्याराबाट हत्या गराउने दाउ गरिन्, घोक्रेठ्याक लगाएर गाउँबाट बाहिर निकालिन्। त्यसैले, तिमीले पनि मेरो कुराको मान राख्छ्यौ भने यहीं बस्छु, होइन भने उपबास बस्छु।" छोरीले भनिन्- "उनी महारानी छिन्, म रैयत हुँ। कथा सुन्छु, मनाकामना गर्छ, । दुई-चारदिन त हजुर बस्नै पर्छ।"

दुई चार दिन ब्राह्मण त्यहाँ बसे। महथिनीले आमाका लागि गरगहना र पटोर (पाटाको कीमती वस्त्र) दिइन्।

रानी भएकी महादाई नाउँ गरेकी जेठी कन्याको छोरो खेलेर आफ्नो महलमा आयो र खाना माग्यो। जेठी छोरी महादाईले जवाफ दिइन्- जुनदिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रा हजुरबा अर्थात मेरो माग्ने बाबु आए, सबै सुख लिएर गए, सबै दुःख दिएर गए ।" त्यस बालकलाई आफ्नी सानीमाकहाँ पठाइन् । सानीमाले मीठो-मीठो नअघाउञ्जेल खुवाइन् र एक बिडा पान दिइन् । खानपीनपछि भनिन्-हात्ती हतिसार हेर, घोडा-घुडसाल (तबेला) हेर । छोरोले मुखका पान थुक्यो र घोडाको दाना टिपी-टिपी मुखमा हाल्न थाल्यो । सखीहरूले भने- "ए महथानी, जस्ता व्यवहार शूद्र कमाराले पनि गर्दैनन्, त्यस्ता व्यवहार पो गर्छ यो दिदीको छोरोले,"

महथानीले भनी- "यो बाबु त ठूलाबडाको छोरो हो, ठूलो बडाको नाति हो । छानाका कुभिन्डा ल्याऊ, भकारीका धान ल्याऊ बाबु, यत्ति नै औलादौला दिन्छु कि ठूलो घरमा बिहा गरेस्, पोखरी-इनार खन्न लगाएस्, बसीबसी खाएस् ।" सबै बोकेर छोरो बाटो लाग्यो । सूर्य भगवानलाई अनर्गल लाग्यो । - 'ए फुच्चे, धन कसैको लिएर जान्छस् अर्कालाई । सानीमाको धन आमालाई लिएर जान्छस्, हरामको धन खान्छिन् । गर्भवती हुन्छिन् ।" सूर्यको वचन सुनेर धन सबै भण्डार लागे, कुभिण्डा जति छाना लागे ।

छोरो लखर-लखर निस्तै आइपुग्यो । छोरोलाई रित्तो हात देखेर दिदीले सराप्न थाली । छोरोले मनाही गऱ्यो - सानीमालाई नसराप्नुहोस् । मेरी सानीमाले त औलादौला दिनुभयो । तपाईले नै सानीमालाई गाली गर्नुभयो । आफ्नो पितालाई भोकभोकै राख्नुभयो, त्यसैको यो परिणाम हो ।"

जेठीले टोलभरिका स्वास्नीमानिसलाई गएर गुनासो पोखिन्- 'आज आफ्नै कोखको छोरोले पनि निन्दा गर्छ ।'

छिमेकीले भने- "गर्ने के ? मैलो थाङ्नो, सेतो पार । धनको खोजी गर ।"

जेठी त्यहाँबाट बिदा भएर बहिनीकहाँ पुगिन् । बहिनीले स्वागत- सत्कार गरी भित्र लगिन् । भान्सेलाई हुकुम दिइन्-मेरी दिदी पाहुना भएर आउनु भएको छ, छप्पन्न परिकार बनाऊ ।" भोजन बेलामा बहिनीले दिदीलाई सोधिन्- "भन्नोस् दिदी, कस्तो छ स्वाद । यी भूस-कनिकामा हजुरका पक्वान्नहरूका स्वाद के हुन्थ्यो ?"

भोलिपल्ट खसी ढाल्न लगाइन् । आफ्नै हातले भोजन बनाइन् । सुनको थाल दिदीलाई दिइन्, रूपाको थाल आफैले लिइन्- "भन्नोस् दिदी, भोजनको स्वाद ?" अरू दिनको भन्दा पनि बिरसिलो भोजन भो ।" दिदीले भनिन् । "तपाईले श्री सूर्य महाराजको कथा अपमान गर्नुभयो, त्यसैको परिणाम हो, अमृत पनि रूच्दैन ।"

मंसिर महिनामा पाट बेच्नेलाई निम्ता पठाइन् । दुवै दिदी-बहिनीले कथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्न थाले। दिदीले भनिन्- "जबर्जस्ती समाती के गर्न लगायौ ?' बहिनीले भनिन्- "होइन, तपाइकै भला गर्न लागें।" दिदीले भनिन्- "आफ्नै भलो गछ्यौं कि ? दिनकर महाराज त ठग हुन्।'' महथिनी पूजा गर्न थालिन्। त्यसैबेला सूर्य महाराज मागनेको रूप धारण गरी परीक्षा लिन प्रकट भए- "महाथिनी, मलाई भीख देऊ ;"

''कमारीको हातले लेऊ ;"- महथिनीले जवाफ दिइन्। "कमारीको हातले होइन, तेरै हातले चाहिन्छ।"- मागनेले जिद्दी गऱ्यो। "म त जबसम्म छ वटै खण्ड सम्पूर्ण कथा सुन्दिन, कुनै काम गर्दिन। काखको प्यारो छोरो मरे पनि, घ्यूको भाँडो घोप्टिए पनि, भकारीमा आगो लागे पनि, यहाँबाट उठ्दिन।" उनले कथा सम्पन्न गरिन्। आँचल फुकाई भण्डार घर छिरिन्। साठीको लागि एक नाङ्लो चामल लिइन्। सामुन्ने आई भीख दिइन्, पछाडिबाट ढोगिन्। सूर्य भगवान प्रसन्न भए- "माग, के वरदान माग्छ्यौ।" "मैले हजुरलाई ठगें, हजुरले मलाई ठगिबक्सियो। हजुर त ममाथि प्रसन्न नै होइबसिन्छ। अब दिदीमाथि प्रसन्न होइबक्सियोस्।"

निद्रावस्थामा रानीले सपना देखे - "छ महादाइ, छ यो राजास छैन महादाई, छैन यो राजा।" सिपाही पठाए- 'मलाई बाह्र वर्षे कुमारी चाहिन्छ।" महाथिनीले महथालाई भनिन्"- उठिबक्सिओस्, ज्युनार गरिबक्सियोस्। खुसीको बाढी छ, राजाले बाह्र वर्षे कुमारी मागि पठाएका छन्। मेरी दिदीको छोरो अब हाम्रै राज्यबाट खान्छन्।" धन्य महाथिनी ; रिसाएकीलाई खुसी पारिन्। फाटेकोलाई सिइहालिन्। त्यहाँबाट रानी बिदा भइन्।

कमारीकी छोरीलाई भनिन्- 'हेर त गाउँबाहिर भोको मानिसहरू कोही छ कि ?" "एउटी बहिरी, त्यो हो भोकी !" "ऊठ-ऊठ बहिरा, मेरो कथा कान सून।" "के महात्मानी, तिम्रो कथा के सुन्नू ! छ वटै छोरा चन्दन ल्याउन जङ्गल गए, अहिलेसम्म फर्किएका छैनन्। मेरा बूढा उत्तर सिरहानी गरी बिचेत भई सुतेको छ, अझै ब्युँतिएका छैनन्। कान्छी बुहारी प्रसववेदनाले आकुल छिन्।"

छ-अछेता बहिनीको हत्केलामा हालिन्, छ-दुई अछेता आफ्नो मुठीमा लिइन्। आधा कथा पूरा हुँदाहुँदै, छ वटै छोरा फर्किए, पूरा सुन्दा उसको बूढो राम राम गरी उठ्यो। कान्छी बुहारीले सुनको सालनालमा रूपाको मुकुट लगाएको छोरोलाई जन्म दिइन्।

बट्टामा चन्दन लिइन्, पानबट्टामा पान। राजदरवारमा सबै गाउन थाले, नाच्न थाले। सबैले भने- सूर्य महाराजको कथा सुन्यौ, त्यसैले यी सबै भए।

एउटा खोलामा एउटी बुढियालाई मलमूत्रमा गन्हाउँदै धँसेकी देखिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीले छ-दुई अछेता बुढियाको हत्केलामा हाल्दिइन्, छ-दुई अछेता आफ्नो मूठीमा लिइन्। कथा सुन्नासाथ बुढिया बाह्र वर्षकी कुमारी भइन्। त्यहाँबाट रानी दरवार फर्किइन् र राजासँग सुखपूर्वक जीवन बिताउन थालिन्।

दिनहुँ भनिने-सुनिने कथा

चिन्ता-चिन्ता के को चिन्ता। श्री सुरूज भगवानको चिन्ता। त्यो चिन्ता गरेर के नि ? धन हुन्छ, धरम हुन्छ, पुत्र हुन्छ, आली बाली दंग क्यारी, ठिङ्ग उभिइन्। कन्या कुमारी, कन्या कुमारी माग्छिन के ? गाउने गाई माग्छिन्, कराउने भैंसी माग्छिन्, लोग्नेका तिघ्रा माग्छिन् मूठीभरि डोरी माग्छिन्। एकहरे बाहुन थिए। सुपाडी बगैचामा गई साइत गरे। जेठीले कान्छीलाई भनिन्- जाउः, भेटेर आऊ, त्यही नुहान, त्यही स्नान। दस महिनामा कुल कन्या रहन गयो। बाह्र वर्षपछि बाहुन फर्किएर आए। पानको पानबट्टा हातामा आमाले हालिन्-जाऊ छोरी, बुवालाई भेटेर आऊ। बाबु तलदेखि माथिसम्म नियाल्दछन्, कसरी भई यी छोरी ? सुपाडीको बगैचामा भेट भयो, त्यसैको यो भेटी भयो। जुन घरमा आफ्नै कमारीले घर बढार्छिन् त्यसै घरमा कन्या दिनू, आफ्नै ग्वालाले दूध दिन्छ, त्यसै घरमा कन्या दिनू, आफ्नै मालिनले फूल दिन्छिन्, त्यसै धरमा कन्या दिनू। 'हजुर त ब्राह्मण वरदायक हो, आफ्नी कन्या आफ्नै घर, बाहुनकै घर दिनू।' जेठीले कान्छीलाई भनिन्- 'हजुरकी छोरी सङ्कटमा परिन्।'

'काँचो दूध, अरबा चामल। छोरी, कसलाई अर्घ्य दिन्छ्यौ ?' 'चैती सूर्यलाई' 'के माग्दछ्यौ ?'

'हलघर भैया, चत्रघर स्वामी, जगजीत पण्डित लोग्ने, अर्का घरमा छोरी-छोरी, हाम्रा घरमा धेर बुहारी, दही-मोही, खसी-बाखा .....श्यामा मैयाँ झैं भान्से, सुपरना मैयाँ झैं पस्किने ....यस तपस्वीलाई दूध भातको भोजन .....आशका नगरी, प्यासको नगरी भोकको नगरी, निँदाको नगरी ..... हिंडिहिंडि हाल्ने ..... हे छोरो, निर्णय देऊ। 'म के निर्णय दिन्छु ? म त सौतेनी आमाले पिरोलिएर, बाबुबाट निकालिएर दशाहारी भई जाँदैछु, म के निर्णय गर्छु ?

खाटमा सुतूँ, निद्रा छैन, भुइँमा सुतूँ निद्रा छैन। गङ्गाजल खाऊँ तिर्खा मर्दैन, खाल्डोको पानी खाऊँ, निद्रा छैन। खरानी भूस खाए पनि भोक जान्छ, पाँचवटा पक्वान्न खाए पनि भोक मर्छ। रानीले भनिन् राजालाई, यत्रो फुच्चेले ठगेर जाँदैछ। स्वर्गमा मोतीको अरिपन पर्छ। ब्रह्मा विष्णु वेद पढेर गए, आँपको पात कंगन भयो। छोरा-छोरी कोहबरमा भात-पान खान्छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखी रहन्छन् । केही दिन बित्दा छोरी भन्छे - आमा म घर जान्छु, छोरोले भन्छ घर जान्छु ।

लिइ-लिई माइत जान्छिन् आशा आमा बाटोमा बसेकी हुन्छिन् । चिन्छस् भने राम्रै हो, होइन भने मागने बनाइदिन्छु । छोरोले सिकाउँछ बेहुलीलाई, जसलाई म ढोग्छु, तिमीले पनि ढोग्नू । हात समाई नुहे, अनि टाउको समाई आशा आमाले आशीष दिइन् । भनिन्- "तिमी कता देशपति राजा, म त बुढी भिखारिनी ।" "होइन, हजुर त आमा होइबक्सिन्छ । हजुरको आशा पुऱ्याइबक्सियो । दुर्जन नबाबकी छोरीसित बिहा गराइबक्सियो ।

त्यहाँबाट दुवैजना बिदा भए । गङ्गामा नाउ न बाँध, होइन भने पारी कसरी जाने ? छानोबाट कुभिण्डो, भकारीबाट धान लिए, सबैथोक गङ्गामा बिसर्जित गरे । सुनको सिक्री झनझनाइ दिइन् । दुवै बूढा-बूढी पार उत्रिए । निन्दा गरिन् । बदख्वाइँ गरिन्, अनि अवगात भयो । सुनिन्, लेकिन् सङ्गति भयो । दुवैजना पार उत्रिए । गाउँ आए । आमाले सोधिन्- 'बाबु ! कस्तो बिहा गरिस्, केही दिएन !' 'सबथोक दिए । मैले नै गर्दा सब बर्बाद भयो ।' भोलिपल्ट गादीको निम्तो गयो । जति अलंकार थिए, सबै पाइन् । लगाइवरि सासूलाई ढोग्न गइन् । सासुले भनिन्, बाबु कुन साहुको घर बनायौ, कुन सुनारको घर कुँद्न लगायौ ? ..... न साहु- घर बनाएँ, न सुनार- घर कुँद्न लगाएँ । उनकी आमा सौतेनी आमालाई छ संकष्ट, मङ्गला प्रसन्न थिइन्, त्यसैले पाइन् ।' 'भन बुहारी, यस्तो ब्रतबारे थाहा पाएर पनि मलाई भनिनौं ।' दुवै सासू-बुहारीले कथा सुन्छन्, मनकामना गर्छन्, "बुवालाई राज्य होस्, भकारी होस्, सम्पूर्ण विद्या होस् ।' बुहारीले मनोकामना गरिन्- सिउँदोभरि सिन्दूर, स्तनभरि दूध, काखभरि पूत, ज-जसले सुन्छन्, सबैमाथि प्रसन्न ।' चैतका सूर्य गए कैलाश । जसरी आमा-छोरीमाथि प्रसन्न त्यसैगरी सबै रैतीमाथि प्रसन्न । छुट-फूट पुत्र-कल्याण, जहाँ सम्झे, त्यहीं सहाय ।

(नोटः कथाको भाषा अस्पष्ट, क्रमहीन र अपूर्ण भएको हुँदा अर्थ्याउँदा र अनुवाद गर्दा पनि अस्पष्टता हुन गएको हुनाले यथावत् शब्दानुवाद गर्ने चेष्टा गरिएको छ ।

आशामाइको मन्त्र :

हरदि मुरी दूभि छूटि गेल । तइले त रौता मारिपीटि गेल । दाइ यै, चेथरी गोनरि कहाँसा लाएब । पाटि पटोर मधुनारायण किसमिस तेला भए गेल । दाइ पेट हरहर गुडगुड करैत अछि । घरे आधि अनलनि ओ अढाइ झाँक झँकलनि । सोनाक डीह अमार लागि गेल । गोबर मरौनी गेल कैलाश ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरल चास, कहती-सुनती पूरत आश। बिटिया उठि परल बास। छुटल-फुटल भोर भतान, पुत्र कल्याण। (नोट : मन्त्रमा अर्थ होइन, ध्वनिको महत्त्व भएको हुनाले मन्त्र मात्र दिइएको छ। उल्था गर्ने प्रयास निरर्थक मानियो।)

मकरसंक्रान्ति

मकरसंक्रान्ति माघभरि प्रातः स्नान गर्ने चलन मिथिलामा छ। यस दिन उडुदको दाल, चामल तीलको लड्डू आदि दान गरिन्छ। सम्पत्ति हुनेहरूले गाई, उनी वस्त्र, कम्बल, सुन आदिको पनि दान गर्दछन्। यस दिन खिचडी चढाइन्छ। यस दिन गङ्गासागरको धेरै महिमा छ। यो पर्व गरे दीर्घायु, सुस्वास्थ्य र समृद्धि प्राप्त गर्ने लोक विश्वास छ।

पृथ्वी पूजा

यो पूजा विवाह गरेकै वर्ष हुन्छ। एक वर्षसम्म। तीलासंक्रान्तिमै थालिन्छ र तीलासंक्रान्तिमै यसको समापन हुन्छ।

जुन दिन पूजाको आरम्भ गरिन्छ त्यस दिन ब्रतालु महिलाले प्रातः काल काग बास्नुभन्दा अगाडि नै जलाशयमा स्नान गरी पूजाका लागि बस्छिन् र 'अरिपन' कोरिन्छ। पृथ्वीयन्त्रको बीचमा दुईटा सिन्दूरको टीका,तीन टुक्रा बेलपत्र र एउटा सिङ्गो सुपाडी लिएर पूजा गरिन्छ। तीनपटक मन्त्र पढी अरिपनको बीचबाट जलले काटिन्छ। मन्त्रः 'तीन कोन पृथ्वी, साँप सन सुपती, पानसन पत्री, गङ्गासन पवित्री। राजा इन्द्र धर्मराजके पुछलखिन - ई तिरियाकी मँगै छथि ? सात जनम ऐहब होइ, सात जनम सोइहब होइ, सीतासन सती, रुक्मिणी समरूप, कुन्ती सन जीवन, स्वामी पुत्रसहित गोयैंनमः।'

(तीन कुना पृथ्वी, सर्प जस्तो नाँङ्गो पान जस्तो पत्री, गङ्गाजस्तो पवित्री (औठी), इन्द्रले धर्मराजसित सोध- यो क्रियाले के माग्छिन्।' सात जुनीसम्म ऐभाती होऊँ। सात जुनी सौभाग्वती होऊँ, सीताझैं सती, रुक्मिणीको झैं रूप, कुन्तीको जस्तो जीवन ..... स्वामी पुत्र सहित गौयैं नमः।)

पहिलो दिन र अन्तिम दिन अरिपन दिइन्छ। पिठारले र वर्षभरि सुकेको अरबा चामल ओखलमा कुटी काँचो बेसारले पहेंलो बनाएर राखिएको हुन्छ। यसलाई ब्रतालुले कुनै बट्टामा बन्द गरेर राख्छिन्। एउटा डब्बामा सालभरि फूलको निर्माल्य जम्मा गरेर राखिन्छ। पहिलो र अन्तिम दिन ब्रतालुले नयाँ साडी र नयाँ लहठी (लाहाको चुरा) लगाउनु पर्छ। जुन दिन समाप्त हुन्छ त्यसदिन सूर्योदय भएपछि पहिलो दिन जस्तै अरिपन हुन्छ। दशवटा नयाँ कोहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(माटाको भाँडो) दशवटा बाँसको कप्टेराले बनेको नयाँ डाली (ढक्की), दुवै वस्तुमा सिन्दूर र पिठार लगाइएको हुन्छ र दशवटैमा अक्षत, अङ्कुरित चना, (खाद्य पक्वान्न) च्युराको लड्डू हुन्छन्। पूजा समाप्त भएपछि ब्रतालुले वर्तन उत्सर्ग गर्छिन्। कुमालेलाई वर्तन दान गरेपछि रत्नदानको फल प्राप्त हुने विश्वास छ। बाँसको वस्तु दान गर्नाले वशबृद्धि हुने विश्वास छ। विसर्जनपछि ब्रतालुले ऐभातीहरूमा कोहा (माटाको भाँडा) र डाली (बाँसको कप्टेरोले बनेको ढक्की) बाँड्छिन्। त्यसपछि दशवटा ऐभातीसँगै बसेर, भोजन गर्छिन्। भोजन अलिनो गर्नुपर्छ। खीर, मालपूआ, मिष्ठान्न आदि।

साँझमा गौरीलाई जलमा प्रवाहित गरिन्छ। पूजाको बेलामा पहिले कुलदेवताको गीत हुन्छ, फेरि गौरी गीत र बाँकी बेलामा कोहबर गीत।

तुषारी ब्रत :

माघभरि कुमारी कन्याले सुन्दर वर पाउन सुन्दर सन्तान पाउन र सुखी दाम्पत्य जीवन पाउन तुषारी ब्रत गर्छन्।

काग बास्नुभन्दा अगाडि नै यो पूजा पनि गरिन्छ। यस ब्रतको पूर्णाहुति विवाह भएपछि त्यसै वर्षभित्र गरिन्छ। यसमा तीन प्रकारका अरिपन दिइन्छन्- सेतो, पहेंलो र रातो। अन्तिम दिन अझ बृहत गरी तीसवटा अरिपन दिइन्छन्, जसमाथि घैंटा र त्यसमाथि पक्वान्न छान्ने 'छन्ना' तथा पूआ राखिन्छ। पूजापछि पूआ ऐभातीहरूमा बाँडिन्छ। यी तीन रङ्गमा अरिपन सत्व गुण, जो गुण र तमोगुणका प्रतीक हुन्। साधकको परीक्षा गर्मी महिनामा पञ्चाग्नि ब्रतद्वारा भएझैं जाडोमा तुषारीद्वारा कुमारी साधकको हुन्छ। पार्वतीले हिमालयमा तपस्या गरेझैं यो शीतकालीन तपस्या पनि कठोर छ।

विधानः- यस ब्रतमा ब्रतालु कुमारी कन्याले काग (काग) बास्नुभन्दा अगाडि नै स्नान गर्छिन्। नयाँ बस्त्र लगाउँछिन् र आँचलमा दुबो-धान र द्रव्य लिन्छिन्। (यसलाई 'खोइछ' भनिन्छ।) र आँगनमा तीनवटा अरिपन बनाउँछिन्। पूर्वतिर मुख भएको अरिपन सेतो पिठारले, दक्षिणतिर मुख भएको पहेंलो पिठारले र उत्तरतिर मुख फर्केको अरिपन रातो पिठारले बनाइन्छ। अरिपनको बीचमा गौरीयन्त्र लेखिन्छ र ती यन्त्रहरूमा बेलपत्र टिपेर दिइन्छ, जसमा सिन्दूर लगाइएको हुन्छ। त्यसपछि एउटा सुपाडी लिएर मन्त्र पढी-पढी यन्त्रलाई कोरिन्छ। ब्रतालुले पूजा बेलामा पैतालामुनि सुनको गेरुली (सानो पोको) राख्छिन्।

पूजाको पिठार राख्न कुमालेकहाँबाट माटोले बनेको चारवटा प्याला जस्तो भएको एक अर्कासित जोडिएको 'लगजोरी' राख्छिन्। जसमध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनवटी प्यालामा तीन रंगका पिठार पूजाका लागि राख्छिन् र एउटा प्यालामा दिनदिनै पूजा गर्नेपिठार राख्छिन्। पिठार अरबा चामल कुटेर तयार पार्छिन्। पहेंलो पिठार अरबा चामलमा काँचो बेसार मिसाएर कुटेर बनाइन्छ भने रातो पिठार अरबा चामलमा सिन्दूर हाली कुटेर बनाइन्छ।

पिठार ब्रतालुले स्वयं अभुक्त रहर (केही नखाएर) कुट्छिन्। महिनाभरि यो पूजा उपर्युक्त विधिद्वारा हुन्छ, तर अन्तिम दिन सूर्योदय भएपछि हुन्छ। त्यसदिन ब्रतालुलाई 'खोइँछ' (आँचलको पोल्टामा धान, अक्षता र द्रव्य आदि) तथा नव बस्त्र दिइन्छ। त्यसदिन पनि तीनवटा अरिपन दिइन्छ। अरिपनदेखि पूर्व भागमा सूर्य-चन्द्रमा र नवग्रहको चित्र बनाइन्छ। पातिल-पुरहरको पनि अरिपन हुन्छ। अरिपनभन्दा मुनि साठी र गौरीको अरिपन हुन्छ। गौरीका लागि नैबेद्यमा केरा, पान, मखान इत्यादि हुन्छन्। यसपछि ब्रतालु पवित्रतापूर्वक पूजाको आसनमा बस्छिन्। पहिले गौरीको पूजा पञ्चोपचारसहित गर्छिन्। फेरि नवग्रह र साठीको पञ्चोपचार पूजा गरी तुषारी पुज्छिन्। तुषारीको मन्त्र तल छ।

१ 'पूर्व दिशाका अरिपनमाथि पूजा गर्ने मन्त्र-
"तुस तुषारी जन्म कियारी छत्ताधारी।
मण्डप पूजू-पूजू रे माघ तुषारी।
सेवक घिया मधुमाधबसँ संसारक सार।
सोतिक घर जन्म लिय। ब्राम्हणक घर बैन दिय।
सौतिन चेरिया नमस्तुते-३'

२. दक्षिण दिशाको अरिपनमाथि पूजा गरिने मन्त्र -
"अत्थल पूजू पत्थल पूजू
पूजू रे माघ तुषारी
सेवक घिया मधु माघवसाँ संसारक सार
ब्राह्मण घर बैन दिय
सौतिन चेरिया नमस्तुते - ३"

३. उत्तर दिशाको अरिपनमाथि पूजा गरिने मन्त्र-
"घाट नीपू पाट पहिरू,
साँइ सहित राज भोगू
साँइ घोडा, मएँ दोला,
सौतिन चेरिया नमस्तुते-३"

तीनवटै अरिपनमाथि पूजा गरिसकेपछि पूजित देउतालई बिसर्जित गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ रहेको घैंटा, छाना आदि ऐभातीहरूमा बाँड्नुपर्छ। ब्रतालुले त्यो दिन ऐभाती र सहेलीहरूसित अलिनो भोजन गर्छिन्। पूजाभन्दा पूर्व भगवती गीत, त्यसपछि काल कुमारि र महेशवाणी हुन्छ।

साँझ : जुन वर्ष कन्याको विवाह हुन्छ, त्यस वर्ष उनले प्रत्येक दिन साँझमा सन्ध्या देवीको बन्दना पूजा गर्छिन्। यो पूजा माघसंक्रान्तिदेखि माघसंक्रान्तिसम्म गरिन्छ। यसको अरिपन पनि तुषारीको अरिपन जस्तै हुन्छ।

दाम्पत्य जीवनका भावी सन्ध्या रंगमय र रसमय होस् भन्ने भावनाले यो पूजा गरिन्छ।

यसमा सन्ध्याकाल गाईको गोबरले आँगनको मध्यभागमा चतुर्भुजाकारमा लिपिन्छ र त्यस लिपिएको ठाउँमा सेतो पिठारले पूर्व दिशामा र पहेंलो पिठारले दक्षिण दिशामा अरिपन दिइन्छ। अरिपनमा गौरी यन्त्रको प्रयोग हुन्छ। यन्त्रमा सिन्दूरका टिका हुन्छन्, बेलपत्र राखिएका हुन्छन् र पूजा चाहिं सिङ्गो सुपारी लिएर गरिन्छ। पूजा सकिएपछि यन्त्रलाई जलले केरिन्छ।

पूजाको मन्त्र-

"संझे संझे महासंझे,
पहिल संझे के पूजय?
हम पूजी।
से पूजि की हुअए ?
दई सन भाग हुअए
लीलीसन सोहाग हुअए,
नमस्ते, नमस्ते, नमस्ते"

(साँझ, साँझ, महासाँझ, पहिलो साँझ कल्ले पुज्ने ? मैले पुज्ने।त्यो पुजेर हुन्छ के ? दईको झैं भाग्य हुन्छ, लीलीको झैं सौभाग्य हुन्छ, नमस्ते नमस्ते-नमस्ते-)

पहिलो र अन्तिम दिन ब्रतालुले नयाँ बस्त्र लगाउँछिन्, आँचलको पोल्टामा दूबो, अक्षत, धान, द्रव्य राख्छिन्। अर्थात् 'खोइछ' लिन्छिन्। पहिलो र अन्तिम दिन एकैनास पूजा हुन्छ। ब्रतालुलाई पिठार कम भए फेरि बनाउन सक्छिन्। पूजा समाप्त भएपछि निर्माल्यलाई कौवा बास्नुभन्दा अगावै जलप्रवाह गर्नुपर्छ।

यस ब्रतमा भोजनको विशेष विधान छ। नयाँ चूल्होमा नयाँ कोहा (माटोको ठूलो भाँडा) अरबा चामलको भात पकाइन्छ, कमसेकम सात किसिमको तरकारी तयार पारिन्छ तरकारी लहरामा फलेको वा माटोमुनि फलेको हुनुहुँदैन। तरकारी हँसियाले काटेको हुनुहुँदैन, लोहोरोले कुच्याएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनपर्छ । यी परिकारहरू खोखसको पातले बनेको विशेष प्रकारको थालमा पस्किन्छ । तल भातमाथि तरकारी हुनुपर्दछ । त्यसैमा दूध र सक्खर पनि मिसाइन्छ । एउटा खरमा रूवा बेहेर, घ्यूमा चोपी भातमाथि निचोरिन्छ । यी सबै परिकार दीपसहित पहिले गोसाउनी (भगवती) अगाडि लगिन्छ । फेरि ब्रतालुका दाजु भाइमध्ये एक जनाले त्यस भातलाई चाँदीको धागोले चार भागमा खण्ति गर्दछ, अनि मात्र ब्रतालुले त्यो भोजन गर्न पाउँछिन् ।

नरकनिवारण चतुर्दशी व्रत

यस ब्रतको विधान नारदसहिता तथा लिङ्गपुराणमा छ । ब्रतालु दिनभरि निराहार बस्नुपर्दछ र सन्ध्याकाल स्नान गरी पवित्र आसनमा बसेर माटोको महादेब बनाई गणपत्यादि पञ्चदेवता, विष्णु र शिवको पञ्चोपचार पूजा गरेर आरती गरिन्छ । नैवेद्यमा बयर, अङ्कुरित चना, भाँग र उखु चढाइन्छ ।

कथा :

कैलाश पर्वतमा महादेव, पार्वती र गणेश प्रसन्न मुद्रामा बसेका बेला पार्वतीले शङ्करलाई नरकको यातनाबाट मुक्ति पाउने कुनै सरल ब्रतको विधान बताउने आग्रह गरिन् । महादेवले यस प्रश्नको उत्तरमा नरकनिवारण चतुर्दशीको महिमा र कथा सुनाए । प्रचिन कालमा एउटा घोर पापी, निर्दयी ब्याधा थियो । त्यो जङ्गलमै बस्दथ्यो । त्यसको जहानपरिवार ठूलो थियो, जसलाई पाल्न त्यसले दिनहुँ हत्या गर्नुपर्थ्यो ।

चतुर्दशी परेको एकदिन धनुषवाण लिई शिकार गर्न गइरहेको बेला त्यसले मानिसको ठूलो हूल हरहर, बमबम गर्दै हिंडेको देख्यो । त्यो आफ्नै बाटो जाँदै थियो । दिनभरि शिकारका लागि यताउता दौड्यो, तर शिकार पाएन । साँझ परिसक्यो । भोको र निराश भएर ऊ एउटा नदीका किनारमा बस्यो र त्यहाँ पानी खान आउने कुनै जनावरको प्रतीक्षा गर्न थाल्यो । नदीका डिलमा जहाँ त्यो शिकार ढुकेर बसेको थियो, त्यहाँ एउटा शिवलिङ्ग रहेछ र छेवैमा एउटा वेलको रुख पनि थियो । बेलका पातहरू झरी-झरी शिवलिङ्ग वरिपरि छरपस्ट भएका थिए । व्याधाले आफ्नो बाटो सफा गर्न भनेर ती सबै पात टिपीटिपी शिवलिङ्गमाथि थुपार्न थाल्यो । त्यो व्याधा भोको थियो, दिनभरिको कुदाइले लखतरान थियो । शिकारको प्रतीक्षामा रातभरि जागेको हुँदा अनिधो थियो । रातको एक प्रहर वित्यो, दोस्रो प्रहरमा एउटा तिर्खाएको हरिणी पानी खान त्यो खोलामा पुगी । हरिणीलाई देखेर व्याधा सावधान भयो । आफ्नो परिश्रम सफल हुने आशा जागेर आयो । हरिणी सुन्दर थिई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोटीघाटी र जवान थिई । व्याधाले हरिणीलाई ताकेर धनुषवाण उठायो, तर हरिणीले देखिहाली । हरिणी भयभीत भई र विनम्र भएर व्याधासित बोली- "हे व्याधा, तिमी किन मेरो ज्यान लिन खोज्दैछौ ? मैले तिम्रो के बिगारेको छु ? मलाई नमार ।"

व्याधाले भन्यो- "मेरो बालबच्चा दुई दिनदेखि भोकाएका छन् । अन्न किनेर खाने र लालाबाला पाल्ने मसित धन छैन । त्यसैले आफू बाँच्न र आफ्नो परिवारको प्राण जोगाउन मैले तिम्रो हत्या नगरी भएको छैन ।"

व्याधाले शिवलिङ्गमाथि अनजानमै जुन बेलपत्र चढाएका थिए, त्यसबाट उनको पाप अलिक कम भइसकेको थियो । मानिस जस्तै हरिणीले बोलेको देखेर उसलाई अचम्म लाग्यो । पहिले पनि उसले अनेक हरिण मारिसकेको थियो, तर कुनैले पनि यसरी बोलेकी थिएन । त्यसैले उसले हरिणीलाई भन्यो- "मैले आजसम्म कुनै हरिण वा हरिणीलाई यसरी मान्छेझैं बोलेको देखेको छैन । तिमी को हौ, सत्यसत्य भन ।"

हरिणी बोली- "हे व्याधा, म सत्यसत्य सबै कथा तिमीलाई सुनाउँछु, सून । पहिले म देवराज इन्द्रादि अप्सरा थिएँ । म रूपवती छु भन्ने कुराको मलाई घमण्ड थियो । संयोगले एकदिन मेरो भेट दैत्यराजा हिरण्याक्षसित भयो । मैले त्यस दैत्यसित विवाह गरें । हाम्रो जीवन आनन्दले बित्न थाल्यो । हामीले अनेकौं वर्ष आनन्दक्रीडा गर्दै बितायौं । एक दिन भगवान शङ्करको नृत्य हुनेवाला थियो । कामक्रीडामा डुबेका हुँदा त्यहाँ पुग्न ढिलो हुन गयो । त्यहाँ पुगेपछि भगवान शङ्करले मसित ढिलो हुने कारण सोध्नुभयो । म अकमक्क परें । भगवान शङ्करले क्रुद्ध भएर श्राप दिनु भयो, "तँलाई आफ्नो रूपमा धेरै घमण्ड छ, तेरा पति अत्यन्त कामातुर छन् । त्यसैले तेरो पति मृग र तँ मृगी भएस् । यो श्राप तैंले बाह्र वर्षसम्म भोग्नुपरोस् ।'

मैले भगवानसित माफी पाउन कत्ति विन्ती गरें, तर माफी पाइएन । भगवानको रिस अलिक कम भएपछि श्रापसँगै एउटा वरदान के पाइयो भने कुनै व्याधाले मलाई मार्न खोज्दा म देखिहाल्छु । माथि देखेपछि मैले शकरको दर्शन पाउँछु र मोक्ष प्राप्त हुनेछ । त्यस दिनदेखि मैले भगवान शङ्करको दर्शन पाएको छैन, त्यसैले म ज्यादै दुःखी छु । अहिले म गर्भवती छु । कृपा गरेर मलाई जीवनदान दिनुहोस् । यहाँ अनेक मृग र मृगीहरू आउँनेछन्, तिनलाई मारेर आफ्नो र आफ्ना परिवारको भोक शान्त गर्नुहोला । होइन, यदि मलाई नमारी छोड्नुहुन्न भने आज मलाई छोडिदिनुस्, म भोलि गर्भत्याग गरेर आउँछु, अनि मारेर खानुहोला ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याधाले भन्यो- "तिमी भोलि आएनौ वा आउन ढिलो गऱ्यौ भने त मेरो जहान भोकभोकै मर्छ। तिमी यदि भोलि बिहानै आउने किरिया खान्छ्यौ भने मात्र तिमीलाई अहिले छाड्छु।"

मृगीले किरिया खाई- "हे व्याधा, ब्राह्मणले वेद नपढ्दा, सन्ध्याबन्दना नगर्दा, बेच्न नहुने वस्तु बेच्दा, माग्न नहुने वस्तु माग्दा, जुन पाप लाग्छ, भोलि विहानै नआए त्यसै पापका भागी म होऊ। म भोलि नआए दुष्ट बुद्धि नास्तिक, परस्त्रीगामिनी, वेदविक्रेता, शवस्पर्श गरी भोजन गर्नेले भोग्ने पापको फल म पनि पाऊँ। त्यत्ति मात्र होइन, म भोलि नआए, मृतकको शैया ग्रहण गर्ने, माता-पिताको सेवा नगर्ने, दान गर्दा हच्किने, देवद्रव्य, गुरुद्रव्य र ब्राह्मणद्रव्य चोर्ने दीप चोर्ने, अर्काको गोडामा गोडा रगड्ने, घमण्डी, अजितेन्द्रिय, हतास, अर्काको दोष हेर्ने, परस्त्रीगामी, सदाचारहीन, अर्काको दुःखमा सुखी हुने पापीहरूका पापका भागी म होऊँ। ब्रह्महत्या, मातृपितृ हत्या, जीवहत्याको पाप लागोस्। एउटालाई वचन दिएर अर्कोलाई कन्यादान गर्ने, वचन कर्ममा मेल नहुने, पतिको निन्दा गर्ने, वेदको निन्दा गर्ने, ब्राह्मणीलाई वेश्याको रूपमा हेर्नेले पाउने पाप मलाई पनि लागोस्, यदि म भोलि नआऊँ भने।"

हरिणीले यस्ता शपथ खाएपछि व्याधाले प्रसन्न भएर त्यसलाई छोडिदिए। मृगीलाई मुक्त गरेका हुनाले र शिवलिङ्गमा बेलपत्र चढाएको हुनाले व्याधाका सबै पाप नष्ट भए। यसरी उसको आधा रात बित्यो। केही बेरपछि एउटी हरिणी आफ्नो पतिको बियोगमा रुँदा त्यहाँ आइपुगी। व्याधा अनवरत बेलपत्र टिपीटिपी शिवलिङ्गमाथि चढाउँदै गइरहेको थियो। पुनः हरिणीलाई देखेर धनुषवाण समाल्यो। हरिणीले फेरि व्याधालाई देखिहाली। त्यसले सोंची - यस व्याधाले जरूर मेरी बहिनीको ज्यान लिएको होला, अब मेरो पनि ज्यान लिन्छ।' साहस बटुलेर व्याधालाई सोधी- 'पहिले मेरो एउटा कुरा सुन्नुहोस्, फेरि मन लागे मेरो ज्यान लिनुहोला। के कहाँ अर्की हरिणीलाई पनि आएकी थिइन् ? सत्यसत्य भन्नुहोस्।"

हरिणीको कुरा सुनेर व्याधालाई फेरि आश्चर्य लाग्यो। पहिले आएकी हरिणी पनि मान्छे जस्तै बोल्थी, अहिलेकी पनि मान्छे जस्तै बोल्छे बा। के पहिलेकै हरिणी त प्रतिज्ञापालनको लागि त आएकी होइन ? कि अर्कै हो यो ?' उसले भन्यो- "म यहाँ रातभरि जागेको छु। यहाँ कुनै अर्को मृगी आएकी छैन, त्यसैले म तिमीलाई अवश्य मार्छु। तिमीले द्यौताहरूको स्मरण गर।"

व्याधाको कुरा सुनेर मृगी व्याकुल र दुःखी भई। त्यसले रुँदै भनी- "व्याधा, मलाई नमार्नुहोस्। म पति विरहमा व्याकुल छु। वियोगको वेदनाले मेरो तेजोवलको हरण गरेको छ। मेरो मासु सुकिसक्यो। मलाई मारेर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईको पनि पेट भरिंदैन र बित्थामा मेरो ज्यान पनि जान्छ। यस बाटोमा अनेके मोटाघाटा मृग-मृगी आउलान्। तिनलाई मारेर क्षुधा तृप्त गर्दा हुन्छ। व्याधा द्विविधामा पऱ्यो। उनलाई विचल्लीमा परेको देखेर मृगी बोली, 'मलाई मार्ने नै इच्छा भए अहिले छाडिदिनुस्। आफ्नो पतिको दर्शन गरी म एकविहानै यहाँ आइपुग्छु।' "के तिमी सत्य बोल्छ्यौं ?" व्याधाले सोधे।

मृगीले जवाफ दिई - "म नआए, युद्ध नगर्ने क्षत्रीयले, अर्काको हाँक स्वीकार नगर्ने काँथरले, पोखरी-इनार नष्ट गर्ने समाजहन्ताले, बस्न योग्य स्थान ध्वस्त गर्ने पापीले भोग्ने पाप मलाई लागोस्।"

व्याधाले यस हरिणीलाई पनि छाडिदियो। त्यो हरिणी त्यस टाउँबाट फेरि पानी खाएर बाटो लागी। व्याधा फेरि बेलपत्र टिपीटिपी शिवलिङ्गमाथि थुपार्न थाल्यो र अर्को मृग आउने प्रतीक्षा गर्न थाल्यो। त्यसै बेला एउटा मृग त्यहाँ आइपुग्यो। फेरि व्याधाले धनुषमाथि काँड चढायो। मृगको आँखा व्याधामाथि पऱ्यो। सोंच्न थाल्यो, "अब मेरो मृत्यु नजिक छ। यस व्याधाले निश्चय नै मेरो पत्नीको पनि ज्यान लियो होला, किनभने यहाँ उसका पदचिन्हहरू म स्पष्ट देख्छु।" पत्नीको स्मरण आउनासाथ त्यो फेरि पत्नीबिछोडमा पागल भयो। अब त्यो दापत्य सुख सपना भयो। यो सोंचेर त्यसले व्याधासित प्रश्न गऱ्यो। 'के यता दुईटा हरिणीहरू आएका थिए ? के ती दुवैलाई तपाईले मार्नुभयो ?'

व्याधाले उत्तर दिए- "मैले ती हरिणीहरूलाई मारिन। उनी यतातिर गएका छन्। म बिहानैदेखि भोकाएको छु। अब तिमी मर्नलाई तयार होऊ। अहिले तुरुन्त म तिम्रो प्राण हरण गर्छु।"

मृगले भन्यो- "जे-जे किरिया ती हरिणीहरूले आए, म पनि खान्छु। आफ्ना परिवार-जनसित भेटेर म भोलि मिर्मिरेमै यहाँ आइपुग्छु।"

"होइन, तिमीले मलाई धोखा दिन खोज्दैछौ।" व्याधाले भन्यो। मृगले भन्यो - "पतिलाई धोका दिने पत्नी, मालिकलाई धोखा दिने नोकर, मित्रलाई धोखा दिने मित्र, गुरुद्रोही-यी सबै महापातकी हुन्। प्रेममा धोखा दिने, घर नष्ट गर्ने घोर पातकी हुन्छन्। म पनि भोलि आइन भने यस्तै पातकी होऊँ।" मृगको कुरा पत्याएर व्याधाले त्यसलाई छाडिदियो र पहिलेझैं शिवलिङ्गमाथि बेलपत्र थुपार्न थाल्यो। यसरी मिर्मिरे भयो। स्नान गरेर त्यसले फेरि बेलपत्र शिवलिङ्गमाथि हाल्यो। यसरी रातभरिको जागरण र शिवलिङ्गमाथि बेलपत्र हाल्नाले व्याधाको सबै पाप नष्ट भयो। यत्तिकैमा एउटी हरिणी आफ्नो बच्चा लिएर त्यहाँ आइपुग्यो। व्याधाले फेरि धनु-काँड समाले र निशाना लगाए। मृगीले बोली, 'हे व्याधा, गर्भवती, निद्रामग्न, स्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिलाउने, रोगी-रोगिणी जस्तो हरिण-हरिणीलाई मार्नु हुँदैन। म आफ्नो बच्चा सखीलाई सुम्पेर आउँछु, अनि मात्रै मलाई मार्नू।" हरिणीको कुरा सुनेर व्याधाको मन पग्लियो। त्यसले त्यसलाई पनि छाड्यो। व्याधा जब घर पुग्यो, घरका सबै व्यक्तिलाई भोकले आकुल देख्यो। एक त घरमा खानेकुरा केही थिएन, त्यसमाथि व्याधालाई पनि रित्तो हात फर्किएको देखेर घरका मान्छे घ्वाँ-घ्वाँ रुन थाले। यो दृश्य देखेर व्याधाको मनमा थरी-थरीका विचार आउन थाले। शिवकृपाले त्यसमा केही आत्मबोध आइसकेको थियो। त्यसले हिंजो दिनभरिको घटनालाई सम्झ्यो र निर्णय गऱ्यो- "आज यदि मृग र मृगीहरू आउँछन् भने म मार्दिन।"

उता मृग जब आफ्नो ठाउँमा पुग्यो देख्यो मृगीले एउटा सन्तानलाई जन्म दिएकी छ। अर्को मृग आफ्नी पत्नीसित भेट्न व्याकुल थियो। तेस्रो आफ्नो सन्तानसित भर्खर आइपुगेको थियो। त्यसले सोंच्न थाल्यो, यी सबैको प्राणरक्षा कसरी हुन्छ ? यदि यिनका प्राणरक्षा हुन सक्दैन भने सबै एकैसँगै व्याधानिर पुग्नुपर्छ र सँगै प्राणत्याग गर्नुपर्छ। आफ्नी पत्नीसम्मको रक्षा गर्न नसक्ने र त्यसलाई संन्तुष्ट पार्न नसक्ने नामर्दलाई पाप लाग्छ। त्यसको जन्म निरर्थक हुन्छ। पुत्र नपाउनेलाई सद्गति हुँदैन। त्यसैले पुत्रको रक्षा गर्नु मेरो कर्तव्य हो। तपाईंहरू सन्तानको रक्षा गर्नुहोस् र म व्याधाकहाँ जान्छु, किनभने प्रतिज्ञापालन गर्नैपर्छ।"

यो कुरा सुनेर दुवै हरिणीले भने- "तपाईसँग हामी पनि जान्छौं। स्त्रीका लागि पतिभन्दा ठूलो कोही हुँदैन। यदि तपाई बाँच्नु हुन्न भने हामी बाँचेर के गर्छौं ? पतिहीन नारीका लागि न पुत्रको मोल छ, न रत्नको।"

पत्नीको कुरा सुनेर मृगले केही सोंच्न थाल्यो। प्रतिज्ञाको पालन गर्नैपछ भन्ने अठोट गरी आफ्नो सम्पूर्ण परिवारसँग त्यो व्याधाकहाँ हिड्यो। बाटोमा एकठाउँमा शिवलिङ्ग थियो र नजिकै बेलको रुख पनि थियो। ती सबै हरिण-हरिणीहरू स्नान गरी, शिवजीलाई प्रणाम गरी व्याधाकहाँ लागे। व्याधानेर पुगी मृगले भन्यो- मैले गरेको प्रतिज्ञा अनुसार म आइपुगेको छु। तपाईको पूरै परिवार हिंजोदेखि भोकाएको होला। हामीलाई मारेर तृप्त हुनुहोस्। तपाईं सबभन्दा पहिले मलाई मार्नुहोस्, किनभने परिवारमा अरू मरेको म देख्न सक्दिन।" व्याधाले भन्यो- "हे मृग, तपाईहरू दुःखी नहुनुहोस्। अब म कसैलाई मार्दिन। तपाईहरू घर जानुहोस् र सबै सुखको भोग गर्नुहोस्। मैले अब जीवहत्या छाडिसके। म अब मासुको स्पर्शसम्म गर्दिन।" मृगले भन्यो- "हामी पनि समस्त वासना त्याग गरेर आएका छौं। हामीलाई मारेर तपाईलाई कुनै पाप लाग्नेछैन। हामी वचनबद्ध छौ, त्यसैले फर्केर जान्नौं।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याधाले भन्यो- "मैले पनि आजदेखि कसैलाई नमार्ने, शस्त्र नउठाउने प्रतिज्ञा गरेको छु।" यति भनेर त्यस व्याधाले धनुषवाण भाँचकुच पारेर मिल्काइदियो। बोल्यो- "आजदेखि तपाई मेरो गुरु हुनुभयो, किनभने मायाँको बन्धनबाट मुक्त हुने शिक्षा मैले तपाइबाटै पाएको छु। संसारमा कसैको कोही केही छैन। सबैले आ-आफ्नो कर्मको फल आफैले बेहोर्नु पर्छ।"

यति भनेकै थियो कि आकाशमा दुन्दुभी बज्न थाल्यो। फूलको वर्षा हुन थाल्यो। आकाशबाट एउटा सुन्दर विमान आयो जसबाट ओर्लिएर देवदूतले भने- व्याधा, अब तिमी सबै पापबाट मुक्त भयौ। स्वर्ग हिंड।" मृगलाई पनि भने- "तपाईहरू पनि स-परिवार स्वर्ग हिड्नुहोस्। तपाईहरूको शिवलिङ्ग पूजाले भगवान शिव प्रसन्न हुनुभएको छ र अब तपाईंहरूको पनि पुजा नक्षत्र रूपमा हुनेछ। शिवजीले पार्वतीसित भने- "यस ब्रतमा चारै प्रहरका पूजाको विशेष महत्त्व छ। भोलि पल्टको विहानीमा विसर्जन गरी ब्राह्मणभोजन गराउनुपर्छ। यो ब्रत गर्नाले सहस्र अश्वमेध यज्ञ गर्ने फल प्राप्त हुन्छ र मानिसले गरेका सबै पाप नष्ट हुन्छन्।''

कुमारी कन्याको व्रत

माघ महिनाको शुक्ल पक्ष सप्तमीका दिन मिर्मिरेमा काग बास्नुभन्दा पूर्व दशजना ऐभातीले कुमारी कन्यालाई लिएर पोखरी वा खोलामा भई स्नान गर्न लगाउँछन्। स्नानपछि डिलमा आई कन्यालाई पूर्वतिर मुख फर्काई बसाउँछन्। एउटा बाँसको 'कोनिया' (फलफूल इत्यादि राख्ने भाँडो विशेष) मा सिन्दूर पिठार लगाउँछन्। त्यसमा काटेको मूला र अदुवाको झुप्पा हालेर मन्त्र पढ्छन्- "आदक हत्था आ मूरक चक्का, कहियो ने लगनि धीयाके सौतिनक धक्का।" (अदुवाको झुप्पा र मूलाको कत्ला, कहिल्यौ नलागोस् छोरीलाई सौतिनीको धक्का) यो मन्त्र सात पटक पढेर कोनियामा पानी हालेर कुमारीको टाउकोमा खन्याइन्छ र स्नान गर्न लगाइन्छ। ब्रतालु कन्याले त्यस दिन रातो बस्त्र र लहठी (लाहाको चुरा) लगाउँछिन्।

नोटः 'कोनियाँ' बाँसको कप्टेराले बनेको कोदालो आकारको भाँडो हुन्छ, जसले नाग्लोको काम गर्छ।

सपता-बिपताको कथा

यो ब्रत चैत्र कृष्ण प्रतिपदाको दिन आरम्भ हुन्छ र वैशाख शुक्लको अन्तिम आइतबार पूर्णाहुतिको दिन दिनकरको धागोलाई खाल्डो खनी त्यसमा पुरिन्छ। जुन दिन ब्रत शुरू हुन्छ त्यो भन्दा एक दिन पूर्व अर्थात् होली पर्वकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राति पूआ पकाइन्छ, पूरी छानिन्छ र झिल्ली बनाइन्छ। यी सबै वस्तु बासी नै चढाइन्छ।

भोलिपल्ट ब्रतालु स्नान ध्यान गरेर राती पाकेका यावत् वस्तुहरूलाई नयाँ र पुराना गरी सातवटा डलिया (ढक्की) मा राख्छन्। डलियामा सिन्दूर-पिठार लागेको हुन्छ। डालियाको उपरी भागमा सामयिक फल (यथा, पाकेको केरा) हालिन्छ। सबै डलियालाई सफा कपडामा बाँधेर कथावाचिकाकहाँ ब्रतालुहरू जान्छन् । त्यहाँ कथा सुन्छन्। अर्को आइतबार कथा सुन्नेहरू सात धानका गंडाहरूबाट नङले चामल झिकी त्यसको नैवेद्य दिन्छन्। त्यसपछि कथा सुन्छन्। बिसर्जनको दिन पहिलो दिन जस्तै पक्वान बनाउँछन्। यसदिन सबै वस्तु ताजा हुनुपर्छ। यस दिनको अर्घ्यमा 'बद्धी' (धागोको माला) पनि हुन्छ।

पूजा कसैको आँगनमा पिर्कामाथि अष्टदल अरिपन बनाएर, त्यसमाथि लोहोटालाई कलश बनाई त्यसमा सिन्दूर-पिठार लगाएर, सपताको पञ्चोपचार पूजापछि, धूप-आरती गरेर, अन्त्यमा कथा सुनेर सकिन्छ। पूजा सामग्री अक्षता, धूप, दीप, अङ्कुरित चना, कलश आदि कलशकै पूजन हुन्छ।

कथा : फाल्गुन महिना थियो-फगुआको भोलिपल्ट स्वास्नीमानिसहरू धागो बाँध्दै थिए र कथा सुन्दै थिए। सलखी आइन् राजा नलको आँगन र रानीलाई भन्न थालिन्- "महात्मनी, तपाईले पनि धागो बाँधेको भए रोहिदासका भाइ-बहिनी हुन्थे। रानीले सलखीलाई धागो ल्याइदिने आग्रह गरिन्। धागो आएपछि त्यसमा तीन ठाउँमा गाँठो पारिन र पाखुरामा बाँधिन्। राति जब राजालाई भोजन दिन गइन् तब पाखुरा छोपेर गइन्। राजाले भने- अरू दिन त पाखुरा खुल्लै हुन्थ्यो, आज किन छोपेर आएकी छ्यौ ? सुन-रूपा लगाउने ठाउँ त तिम्रो जीउमा छैन भने यो रातो धागो किन बाँध्यौ ? यत्ति भनेर राजाले त्यो धागो चुँडेर फालिदिए।

प्रातः काल जब सलखी (दासी) आँगन बढार्न आई त्यसले रानीको पाखुरामा धागो देखिन्। बोली, 'हजुरले यत्ति पूजापाठ गरी लगाइबक्सियो, यसलाई यसरी फाल्दा झाडू-खरेटो लाग्छ, यसले त अनिष्ट निम्त्याउँछ।' रानीले फेरि गङ्गाजलले धोएर धागो लगाइहालिन्। फेरि राजालाई भोजन दिन गइन्। राजाले पाखुरातिर हेरे, बोले- "तिमी बहुत जिद्दी छ्यौ।" धागोलाई फेरि चुँडिदिए र टुकीको बत्तीमा जलाएर खरानी बनाइदिए।

यसबाट देवी सपताको जीउभरि फोका उठ्यो। सपताकी बहिनी विपताले भनिन्- "राजामाथि विपत्ति आउने भावी प्रबल भइसक्यो।"

राति जब राजारानी दुवै घरमा सुतेका थिए, सपता आएर ढोकामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उभिइन् र राजारानीसित प्रश्न गरिन्- "राजा रानी सुतेका छौ कि जागेका छौं ?"

राजाले भने- "सुतेको पनि छु, जागेको पनि छु, मनमनै पछुताउँदै पनि छु।" बैंसको विपद लिन्छौ कि बुढेसको ?" सपताले सोधिन्। राजाले भने- "आज तपाई जानुहोस् भोलि घरमा सबैसित राय विचार गरेपछि जवाफ दिन्छु।" यो सुनेर सपता अर्न्तध्यान भइन्।

भोलिपल्ट फेरि उपस्थित भइन्। राजासित सोधिन्- "आपस्तमा विचार गऱ्यौ कि गरेनौ ? गऱ्यौ भने जवाफ देऊ।" राजा रानी दुवैले भने- "बैसको दुःख सहन सकिन्छ, बूढेसकालमा सहने शक्ति नै हराउँछ।"

यो जवाफ दिएको केही दिनभित्रै राजाको सिरिखुरी भयो। जुन दास-दासी, कमाराहरू दरबारमा काम गर्थे, राजाले तिनकै चाकरी गर्ने दिन आए। जुन दासीले रानीको कुट्नेपिंध्ने काम गर्थी, रानीले उनकै ढिकी-जाँतो गर्न थालिन्। केही दिनपछि रानीले राजासित भनिन्, "हे राजा, जुन मुलुकमा सुनको श्रीपेंच लगाएर विवाह गरियो, त्यो मुलुकमा कुटोकोदालो गरी कुन मुखले बाँच्ने ?"

राजाले यो मर्म बुझे, तर सीमाना काटेर अरू देश जाने तयारीमा लागे। घरमा केही पनि पाइएन्। द्विरागमनको बेला रानीको पाहुरमा जुन तमघैल (एक किसिमको गाग्रो) आएको थियो, त्यो मात्र बाँकी रहन गएको थियो। दुवैजना त्यसैलाई लिएर परदेश लागे। घर छाडी जब बिदा हुन थाले उनका प्रिय दासी सलखीले सोधिन्, 'हजुरहरू त सवारी हुन्छ, हाम्रो के हुन्छ ?' रानीले सोच्न थालिन्, बोलिन्- "तिमीहरू पनि हामीसँगै हिड।"

सबै जना सँगसँगै हिडे। सपताले विपतालाई भनिन्- "राजारानीका आफ्ना दिन त पहाड छन्, यो लावालस्करको के हुन्छ ?"

विपताले जवाफ दिइन्- "तपाईकै मतिमा न हो। तपाईको कुदृष्टि भएपछि यिनीहरूले के गरी चैन पाउँछन् ?" यो कुराकानी दुवै दिदीबहिनीमा हुँदै थियो कि यस्तो ठूलो आँधी-बेहरी हुनहुन गर्दै आयो, लावा लस्कर सबै उडेर गए। राजारानी र रोहिदास बाँचे। केही टाढा गएपछि उनीहरूले सतुआको भोज हुन थालेको देखे। रानीले राजासित भनिन्- 'एक मूठी सत्तू भोजबाट मागेर ल्याइदिए कमसेकम रोहितको प्राण त बचाउन सकिन्थ्यो। राजाले सत्तू मागेर ल्याए र छोरो रोहिदासलाई तिघ्रामा बसाएर पुरइन-पात (कमलको पात) मा सत्तु घोल्न थाले। सपता बकुल्लाको रूप धारण गरेर आइन् र झम्टेर सत्तूजति तल झार्दिइन्। राजाले पृथ्वीलाई भने- "पृथ्वी, तिमी चार ठाउँमा फाट म तिनमा सत्तू सुम्पिदिन्छु।" पृथ्वी चार टुक्रामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फाट्यो, राजाले तिनमा सत्तू सुम्पिदियो र प्रार्थना गऱ्यो ।

छोटक वनमा एउटा नागराजा बस्दथ्यो । त्यस वनमा कसैले डढेलो लगाइदिएको थियो । राजा नललाई देखेर त्यो 'नल नल' भनेर कराउन थाल्यो । यो आवाज सुनेर रानीले राजालाई भनिन्- "हजुरलाई कोही गुहार्दैछ ।"

भाग्यको व्यङ्ग्यमा मुस्कुराउँदै राजाले भने- "यस्तो दुर्दिनमा मलाई कसैले किन सम्झन्छ ?" तैपनि रानीले जिद्दी गरेको हुँदा राजाले आफ्नो दोपटा र ठूलो गम्छा, भिजाएर नागराजलाई आगोको ज्वालाबाट मुक्ति दिलाए । तर, आफूलाई लगाएको गुन बिर्सेर नागराजले राजालाई टोकिहाल्यो । राजाले दुःखी भएर भने, "नागराज, तँ कति कृतघ्न छस् । मैले तिम्रो उपकार गरेको कस्तो फल दिइस् ?" नागराजले भन्यो- "राजा, तिम्रो रूपमा त यस्तो कसैले भीख पनि दिंदैन । त्यसैले मैले तिम्रो यो रूप लिएँ र अझ कुरूपता दिएँ ।"

त्यहाँबाट राजा-रानी बच्चालाई लिएर सँगै बिदा भए । अगाडि गएपछि एउटा ठूलो खोलो देखें । त्यसलाई कसरी पार गर्ने यो समस्या थियो । राजाले रानीलाई भने- 'रानी, तिम्रो कंगन लिएर म खर काट्छु र त्यसबाट सानो नाउबनाएर हामी खोला तर्छौं ।' त्यसै गरियो । नाउलाई पानीमा हाली दुवैजना त्यसमा बसे, बीचमा रोहिदासलाई लिए । यो देखेर फेरि सपतालाई विपताले भनिन्- "राजा-रानीलाई कुन विपत्ति पऱ्यो र नाउमा बसी, बच्चालाई बीचमा राखी जलक्रीडा गर्दैछन ।" यो सुनेर सपताले मूसाको रूप धारण गरिन् र पानीमा गई डुब्नउत्रिन थालिन् । यो देखेर रानीले राजालाई भनिन्- "यस मुसालाई पानीबाट झिक्न पाए यसको ज्यान पनि जोगिन्थ्यो र बाबु रोहिदासले पनि खेल्न पाउँथ्यो ।" यो सुनेर राजाले त्यस मूसालाई पानीबाट बाहिर निकाले । त्यस मूसाले एकछिन पछि नै खरको त्यस नाउको बीचमा दाँतले यत्ति ठूलो प्वाल पाऱ्यो कि रोहिदास झ्वाम्म पानीमा झऱ्यो । त्यो तल झऱ्यो कि एउटा ठूलो रोहु माछाले त्यसलाई खर्लप्प निल्यो । राजाले अनेक प्रयत्न गरे, रोहिदासलाई कतै पाएनन् । रानी शोकमा डुबिन् । पुनः वियोगमा उनी रुन कराउन थालिन् । राजाले आश्वासन दिए- "रानी, यो छोरो तिम्रो भाग्यमा रैछ भने तिमी त्यसलाई अवश्य पाउँछौ ।" अलिक पर गएपछि राजा-रानीले एउटा गूलरको रुख देखे । नखाएको धेरै दिन भएको थियो । त्यसैले एक दुई गूलर झारेर भोक मेटाउने इच्छा गरे, तर गूलर झार्ने साधन त्यहाँ केही पाइएन । त्यसैले रानीले राजालाई भनिन्, 'अब भोक खप्नु सम्भव छैन । कतैबाट केही खानेकुरा मागेर ल्याए प्राणको रक्षा गर्न सकिन्थ्यो ।' राजा भीख माग्न हिडे । एउटा घरमा देखे, नन्द-भाउजू मिलेर जाँतो पिस्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए र संगिनी गाउँदै थिए, पीठो मसिनो भई झर्थ्यो । जब यिनी त्यहाँ पुगे, पीठोको साटो गेडै झर्न थाल्यो । दुवै जना (नन्द-भाउजू) मा झगडा हुन थाल्यो । त्यहाँ भएका बूढा-खाडाहरूले झगडाको छिनोफानो गर्दै भने- "केही छैन, तल झरेको दाना माग्नेलाई देऊ र बाँकी तिमीहरूकै भयो ।"

राजा त्यो दाना लिई रानीनेर गए र लिट्टी बनाउन भने । रानीले लिट्टी पकाउन थालिन्, राजा मलाहा (माझी) ले माछा मार्ने ठाउँमा पुगे । राजा त्यहाँ पुग्नुभन्दा अगाडि ठूल्ठूला रोहु र बोआर माछा पर्थे, अब चाहिँ मसिनामसिना चुन्ना-पोठी मात्रै पर्न थाले । माछा मार्नेका साला भिनाजुमा झगडा हुन थाल्यो । बूढा पाकाले भने- 'यी चुन्ना पोठी माग्नेलाई दिएर पठाइदेऊ ।' राजा त्यो माछा लिएर आए र रानीलाई भने- लिट्टी बनाएर माछा पोलिहाल, म स्नान गरेर आउँदैछु ।' जब भोजन तयार भयो, रानीका गहभरि आँशु भए । सोधिन्, ती दिन कता गए जब राजाले राजभोग बाहेक केही ग्रहण गर्दैनथे । यो आधा पाकेका माछा कसरी खान्छन् ? अरू जान्छु, खोलामा गई बेसरी धुन्छु र यो पवित्र देखिएपछि राम्ररी पकाए ख्वाउँछु ।' रानी माछा धुन भनेर खोलामा पुगिन् । धुन मात्र खोजेकी थिइन्, रोटी सजीव भएर आकास लाग्यो, माछा सजीव भई पानीमा भाग्न थाले । बल्ल दुई चारवटा समातिन् र फर्किइन् । स्नान गर्ने बेलामा राजांले यो सबै दृश्य हेरिरहेका थिए । उनले भने, "रानी केही बाँकी रहेका छन् भने आऊ बाँडेर खाऔं ।" रानीले राजालाई भनिन्- 'राजा, हाम्रो कोही नाता कुटुम्ब बाँचेको छ कि छैन ? राजाले भने- किन छैन, यशो बहिनी त छँदैछिन् नि । जाऔं, त्यही दुईचार दिन बास बसौं ।' 'तिमीहरूले त्यहाँ पुगेपछि उपनयनको आयोजना भएको देखें । भोजभतेर हुँदै थियो । राजाले आफू आएको खबर पठाए । बहिनीले संवादबाहकलाई सोधिन्- 'कति जनासित आएका छन् ? के-के ल्याएका छन् ?' संवादबाहकले भने- न कसैसँग आएका छन्, न केही कोसेली ल्याएका छन् । बहिनीले ठाडै भनिन्- 'तिनी मेरा दाजु-भाउजू होइनन् । तिनलाई गोठमा बस्ने ठाउँ मिलाइदेऊ । एक कुन्यू कुश र एक कटिया (सानो घैटाको आकारको भाँडो) पुऱ्याइदेऊ । बसी बसी डोरी बटार्न भन । यहाँ फोकटमा खान पाइदैन ।' भोज सकिएपछि दासीले यशोसित सोधी- "हजुरका दाजु-भाउजूले भोजन गरे कि गरेनन् ? यशोले झर्किएर भने- "मेरा दाजु भाउजू कहाँबाट आए ? दासीले भनी- जे भए पनि माइती त हुन् नि हजुर !"

यशोले भनी- "त्यसो भए, जा भण्डारमा केही बचेखुचेको छ भने दिएर आइज ।" दासीले भण्डार घरमा हेर्दा अलिकति मासको दाल र अलिकति मोही बाँकी रहेको देखी । त्यही लिएर गई । राजाले भने- "मेरी बहिनीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै हातले यो पनि ल्याएकी भए, हामीले खान्थ्यौं। तर दासीको हातबाट पठाइएको छ। त्यसैले यिनलाई यहीं राखिदेऊ र जाऊ।" राजाले सपता-विपतालाई भने- यत्ति विपत्ति त दियौ, अब एउटा कृपा त गर, पृथ्वीलाई चार ठाउँमा फटाइदेऊ, म यिनलाई तिनमै हाल्दिन्छु। एकैछिनमा पृथ्वीमा चार ठाउँमा चिरा परे। राजाले त्यो दाल र मोही तिनमै हाल्दिए। फेरि रानीले सोधिन्- "राजा, ससारमा अरू कोही हाम्रा आफन्त छैनन् ?" राजाले भने- "किन छैनन् ? हाम्रो एउटा साथी छ, त्यही जाऔं। अब त्यहाँ पुगे, साथीले अघि जस्तै उनको स्वागत गरे। ती भोजन गर्न बस्दा भाइले तयार पार्न लगाएका छपन्न परिकार ज्युनार गर्न थाल्दा भैंगो घाँस र साग।'

भीमकी छोरीले रानीलाई सोधी- "काकी, हार उन्न आउँछ ? रानीले भनिन्- "पहिले त आउँथ्यो, अहिले कुन्नि, सक्छु, सक्दिन।" भीमकी छोरीले हार गाँस्न भनेर दिई। रानीलले हार गाँस्न थालेकी थिइन् कि एउटा हाँस आएर इनका हीरामोती टपक्क टिपी निलिहाल्यो। रानी रुन थाली। राजालाई भनी- मेरो भाग्यमा अब हीरा-जुहार चोर्ने कलङ्क लाग्यो। अब यहाँबाट नभागी सुख्ख छैन।" दुवै जनाले यहाँबाट पर्खाल नाघी कुलेलाम ठोके। हस्याङफस्याङ गर्दै, कुद्दै, केही पर पुगेपछि रानीले भनिन्- म असाध्यै गलिसकें। हजुरले एकछिन आफ्नो काखमा सुत्न दिइबक्सिन्छ भने म एक छिन निदाउँछु।' राजाले त्यसै गरे। रानीलाई यस्तो सुखसित सुतेको देखेर सपताले विपतासित भनी- 'रानी यसरी मस्तसित लोग्नेको काखमा निदाएकी छे, यो पनि आपदविपद हो ?" बस, दुवैको मायाँले राजाको मनमा पाप उत्पन्न भयो। उनी सोंच्न थाले- म बेफ्वाँकमा यति दुःखबेहोर्छु स्वास्नीमानिस कत्ति आउँछन्, कत्ति आउँछन्। रानीको टाउकोबाट तिघ्रा झिकी उनी बिदा हुने सुरसार गर्न थाले। बिदा हुनुभन्दा अगाडि उनले रानीको आँचलमा लेखे- "गुणवती, तिमीले पाए धन पनि औलादौला, नगरे छुचो बुद्धि। तीन मासको बाटो हिड्नु, नहिड्नु, तर छौमासे।"

त्यहाँबाट बिदा भएर राजा मतवाली जतिकहाँ पुग्यो। उनीहरूले सोधे- 'तिमी कुन काम गर्न सक्छौ ?'

'रबर काट्छु, पिउसा खेलाउँछु, असिद्ध खान्छु, सिद्ध खान्न।' - राजाले जवाफ दिए। त्यत्तिकैमा रानी पनि त्यसै गाउँको अर्को दैलोमा पुगिन्। उनले पनि घरमालिकलाई आफूलाई दासी राख्ने प्रार्थना गरिन्।

"तिमीले कुन-कुन काम गर्न सक्छ्यौ ?" घरकी मानिक्नीले सोधिन्। "भाँडाकुडा माझ्छु, हजुरको कपाल कोर्छु-बाट्छु, सिन्दूर भरिदिन्छु।" रानीले जवाफ दिइन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा एकदिन जब मालिकको हुकुमले खर काट्न गए, उनी एकातिरका खर काट्थे, खरको चाङ अर्कोतिर लाग्थ्यो। हँसियालाई भ्यागुत्तोले निल्यो, मालिकले पत्याएन। भन्यो- "यस्तो हुनै सक्दैन। तँ छिल्लिएको पातर होस्। कुनै केटीलाई फकाइस् र त्यसैलाई दिइस्।"

राजाले भने- "हजुर, भगवान साक्षी छन्। बाह्र वर्षदेखि कुनै स्वास्नीमानिसको मुख देखेको छैन। नपत्याए, मलाई बेचेर हँसिया किनिबक्सियोस्। त्यसले राजालाई एउटा तेलीको हातमा बेचेर एउटा हँसिया किन्यो। यता रानी जब डाडु-पन्यू माझ्न बसिन्, डाडूपन्यू बगेर गयो। मालिक्निले पत्याइनन्। उनले पनि रानीमाथि डाडु-पन्यु कुनै केटोलाई दिने अत्तो लगाइन्। रानी रुन थालिन्- बाह्र वर्षदेखि लोग्ने मानिसको मुख देखेकी छैन। नपत्याए मलाई बेचेर डाडुपन्यू किनीबक्सियोस्।" नलले रानीलाई एउटा लखेरिया (एउटा जाति) को हातमा बेचिन् र डाडुपन्यू किनिन्। यसपछि रानी जब पानी भर्न भनेर पोखरी गइन्, उनले त्यहाँ मान्छेहरूको घुँइचो देखिन्। त्यहाँ सबै धागो बाँध्दै थिए। बाह्र प्रकारका बतास बग्न थाले। उनका मनमा फेरि धागो बाँध्ने विचार पलायो र उनले उनीहरूसित पूवा मागी कथा सुनिन् र धागो बाँधिन्। जुन घैटा लिएर उनी पानी भर्न गएकी थिइन् त्यो सुनको हुन गयो र 'गेरुली' (घैटा टाउकोमा हाल्दा घैंटामुनि रहने सेल रोटी झैं बेह्रिएको कपडा) रूपाको हुन गयो। त्यहाँबाट जब रानी फर्किएर आइन् लखेराले, भन्यो- "ए पातर्नी, कुन सेठलाई फकायौ र यी सुन रूपका चिजबिज दिएका छन् ?" यो कुरा सुनेर रानी रिसाइन् र भनिन्- 'त्यसो नबोल्नुहोस्। ममाथि सपता-विपताको कुदृष्टि थियो र पो यत्ति सास्ती भोग्दै थिएँ। आज ममाथि उहाँहरू प्रसन्न हुनभएको छ र मेरो जीवनमा एक्कासि यस्तो परिवर्तन आएको छ। लखेराले भन्यो- "तिमीलाई तिमीले लगाएको यो फरिया सुहाउँदैन। अर्को फरिंया लगाऊ।" रानीले जुन फरिया छुन्थिन् त्यही पटोर हुन जान्थ्यो। त्यसैले रानीले भनिन् - म के गरूँ ? म त जुन फरिया अब छुन्छु, त्यही रेशम-पटोर हुन्छ। तिमी आफ्नै हातले कुनै फरिया देऊ। म यो किमती फरिया फेरिहाल्छु।"

त्यस बखत त्यस गाउँमा एउटा राजा थिए, जो स्वर्गे भैसकेका थिए र तिनको कुनै पुत्र थिएन। प्रजाहरूले भने, 'राजा नभएर हाम्रो राज्य नचल्ने भयो, त्यसैले राजाको चयन हुनु आवश्यक छ।' त्यसैले हात्तीहरू, राजाको चुनाव गराउने निर्णय गरियो। हात्तीको सुँडमा एउटा हार झुण्ड्याइयो। गाउँभरिका मान्छे एउटा मैदानमा जम्मा भए र हात्तीले जुन मान्छेलाई त्यो हार लगाइदिन्छ त्यही राजा हुने निर्णय भयो। राजा नलले आफ्नो तेली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मालिकसित त्यस मैदानमा जाने हुकुम मागे। तेलीले अट्टहास गर्दै भन्यो- "गाउँमा यस्ता-यस्ता गण्यमाण्यहरू छन्, तिनीहरू हुँदाहुँदै तैंले कसरी राजा हुने सपना हेर्छस् ?" तर बूढापाकाहरूले सल्लाह दिए- जान देऊ, अरूहरूले यसरी रमिता हेर्छन्, यसले पनि गएर हेर्छ। तेलीकहाँ एउटा कुकुर मरेको थियो। "पहिले यो मूर्दा फालेर आ, अनि जालास्।" - भनेर तेलीले अह्रायो। राजा नलले जब त्यो कुकुरलाई छोए त्यो सुनको हुन गयो। मेरा दिन फर्किए, भनेर उनले बुझिहाले। सुनको त्यो कुकुर खरानीले छोपेर राजाको चुनाउ हुने ठाउँमा उनी पुगे।

हात्ती सुँडमा माला लिएर चारैतिर कसैलाई खोज्दैथियो। राजा नललाई हाँसो उठ्यो। हात्ती घुम्दा घुम्दै आयो र उनको गलामा हार पहिराइदियो। यो देखेर सबैले यिनलाई कुटपिट गरी त्यहाँबाट भगाइदिए। हात्तीको सुँडमा फेरि हार दिइयो। रमिता हेर्न भनेर राजा नल एउटा रुखको ओतमा उभिएका थिए। हात्ती सबैलाई किच्दै कुल्चिदै राजा नल भएको रुखमुनि पुग्यो र फेरि हार तिनैलाई पहिराइदियो। अब उनलाई राजा बनाउनु बाहेक अर्को उपाय रहेन। तर गाउँलेहरूले विचार गरे- "यिनलाई चार ढक्की (चङेरा) च्युरा र चार कहतारो दही देऊ। जान्छन् र मज्जाले खान्छन्। राज्य चाहिं हामीहरूले आपस्तमै बाँडिहालौं।" तर, नलले त्यो च्युरा र दही आफैले नखाएर दान-दक्षिणा गर्न थाले, कुमारी र बटुकलाई भोजन गराउन थाले, यज्ञ-जप गराउन थाले। सबै चकित भए। 'यिनी अवश्य कुनै बेला राजा थिए होलान्, यिनको व्यवहार त विल्कुलै राजाको जस्तो छ।' सबैले ठहर गरे।

विपताले सपतालाई भनिन्- "नल त फेरि राजा भए, तर अब राजारानीको भेट कसरी हुन्छ ?" विपताले भनिन्- यो त तिमीबाट सम्भव छ।"

राजा नल फेरि राजा भए। एक दिन उनलाई स्त्री-प्रसङ्ग गर्न मन लाग्यो। उनले लखेरालाई खबर पठाए- "तिम्रो काम त ठूलाबडालाई मनोरञ्जनका साधनहरू पुऱ्याउनु हो। त्यसैले एक डाला सुन-रूपा लेऊ र मेरो सम्भोग गर्ने इच्छा पूरा गर।" विपताले सपतासिता भनिन- 'अब तिम्रै पालो हो'। सपता लखेराको पेटभित्र छिरिहालिन्। लखेराले पेट दुखेर, 'अय्या' आत्थु गर्न थाल्यो र बाध्य भएर दमयन्तीलाई भन्यो- "म दिसा बस्न जान्छु, तैंले गई राजाका गोडा धोइदिनू।" उनले जब राजाका गोडा धुन थालिन्, उनका गोडाका रुद्ररेखा देखेर आँखाबाट बलिन्द्र धारा आँसु बग्न थाल्यो। बाह्र वर्षदेखि जमेको त्यो आँशु राजाको गोडामा झर्दा त्यहाँ फोका उठ्यो। राजाले भने- "म त यहाँ मनोरञ्जनका लागि आएको थिएँ। तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन रुन थाल्यो ?" दमयन्ती (दमामति) ले भनी- "मेरा राजाका गोडामा पनि यस्तै रुद्ररेखा थिए ।" यो सुन्नासाथ राजाले पृथ्वीलाई ठोके - 'मैले मेरी रानी पाएँ ।' रानीले भनिन्- "मौसुफ यसरी उठिबक्सियो । लखेरा ममाथि रिसाउँछन् । राजाले भने- "लखेरालाई यी लाख रूपैया देऊ । यो रेशमपटोर देऊ, ऊ खुसी भैहाल्छ ।"

राजा आफू त्यहाँबाट गए । दमाति पनि लखेरासँग गई । भोलिपल्ट राजाले लखेरालाई खबर पठाए- 'तिम्रो दासी अब मलाई देऊ ।'

लखेराले बडो सम्मानपूर्वक, आफ्नै छोरीलाई बिदा गरेजस्तो त्यसलाई राजमहलमा बिदा गऱ्यो । दरबारमा पुगेर रानीले जिद्दी गरिन्- रामले सीताको अग्निपरीक्षा लिए जस्तै तपाईंले मेरो परीक्षा पनि लिनुहोस् । म बिटुली होइन ।' राजाले हाँसेर भने 'त्यो पनि भन्नुपर्छ र ?' तर रानीले मानिनन् । उनलाई अग्निमा प्रवेश गराइयो । उनी अघिभन्दा पनि बढी सुन्दर भएर निस्किइन् । राजाले भने- 'म पनि चोखै छु ।' रानीले व्यङ्ग्य गरिन्- 'हो, लोग्नेमानिस सधै चोखा रहन्छन् ।'

दुवै राजारानीको रूपमा राज्य गर्दै थिए । तर, प्रजामा धुइरो-धुइरो सुनिन्थ्यो- तेली डिंगर राजा भएछ, लखेराको कमारी रानी भई । चल्छ यो राज्य ?' यो सुनेर रानीलाई ठूलो चोट पर्थ्यो । राजालाई भनिन्- "चारजनानिर विपत्तिका दिन काट्यौं, चारै जनामा यो राज्य बाँडेर आफ्नै मुलुक जाऔं ।" त्यहाँबाट दुवैजना आफ्नो मुलुक लागे । बहिनीकहाँ पुगेर उनलाई नुपूर कोसेली दिए । दाजु-भाउजूलाई यस रूपमा देखी बहिनीले जब मान्छेहरूलाई बोलाउन थाली, भाउजूले भनिन्- पहिले जस्तै आदर गर्नुहुन्छ भने हामी बस्छौं, होइन भने लाग्छौं देश ।' यो सुनेर नुपूरले बोल्यो- घुटुर-मुटुर दाइ, असुरनि पाइ ।' नन्दले भाउजूलाई सोधिन्- 'यो नुपूर के बोल्छ ?' भाउजूले भनिन् 'जस्तो मान गरेकी थियौ त्यही सम्झाउँछ ।' दमयन्तीले पृथ्वीलाई फेरि फाट्ने आदेश दिई । पृथ्वी चार चिरामा फुट्यो । हेर, तिमीले मेरो आदर गरेको ? रानीले नन्दलाई देखाइन् । त्यहाँबाट राजा विदा भए र आफ्ना मित्रकहाँ पुगे । मित्रकी छोरीलाई हार पहिराइदिए । जस्तो आदर त्यसबेला गरिएको थियो, त्यस्तै आदर भयो । जुन हार पिठरा भन्ने हाँसले निलेको थियो त्यो पनि फर्काइदियो, त्यो पनि पहिराइदिइन् ।

मित्रकी छोरीले सोधिन्- 'यो कस्तो हार हो ?' रानीले भनिन्- त्यसबेला दशा लागेको थियो र चोरीको अवगाल लाग्यो । छोरीले भनी, "तर हामीले त केही पनि भनेनौं नि ।" राजा-रानी त्यहाँबाट पनि विदा भए । लिट्टी बाटोमा भेट्यो । 'सर्कार, दर्शन !'-लिट्टीले भन्यो ।

"पीपलको रुख भएस्, हावै नभएपनि हल्लिएस्", राजाले आशीष दिए,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"अशुभमा आँगन गएस्, शुभमा नगएस् ।"

माछा आयो र भन्यो- "सर्कार दर्शन ;" राजाले भने- "बिसाँढी (माछाको प्रकार) भएस्, चमार जातिलाई प्यारो भएस् ।' गूलरआयो- 'सरकार, दर्शन !' "सुन्दर भएस्, तर तँभित्र किरा फट्याङ्ग्राको बास होस् ।" राजाले त्यसलाई पनि आशीर्वाद दिए । सत्तू आयो- "सर्कार, दर्शन !" जस्सरी बनाएर आए पनि खाने मान्छेलाई झुसिलो डकार आओस् ।' -राजाले भने । जाँतोले त्यसैगरी दर्शन गर्दा राजाले भने- "नचलाई तँ चल्दैनस् तँलाई चलाएर एक चिम्टी पिठो, दाल, जे मान्छेले छाड्छन् त्यही तिम्रो ज्याला हुन्छ ।" उनीहरू करकोटक नागनेर पुगे । त्यसले फेरि 'नल नल' भन्न थाल्यो । भन्यो- "आज तपाईहरूको दिन फर्किए । आफ्नो रूप फिर्ता लिनुहोस् ।" रानीले भनिन् ''राजा त पाएँ, तर रोहिदास अहिलेसम्म पाइएन ।" राजाले भने- 'हिड, तिम्रो छोरो हुन्छ भने अवश्य पाउँछ्यौ ।" गाउँमा हल्ला भयो- धर्मवीर राजा आइपुगे । सलखी कमारी र झाँझी कुकुर सबै हँस्याङफस्याङ गर्दै आइपुगे । मलाहहरू आफ्ना पुराना राजालाई देखेर खुसी भए र खोलामा उनका लागि माछा मार्न गए । नयाँनयाँ मलाहाले भन्थे- हामी माछा मार्न जान्नौं । माछा हाम्रो र दिने राजालाई ? बूढा-पाकाले भने- "जीउ धन सब सरकारकै हो ।" माछा मारियो । चार जनाले माछा बोकी राजाकहाँ ल्याए । राजारानीले मलाहाहरूलाई कीमती पोसाक र असर्फी दिए । सलखी माछा बनाउन गई । माछा बोल्न थाली- "सलखी बिस्तारै ; म रोहिदास यसैभित्र छु ।"

सलखीले भनी- "रानी, म माछा बनाउँदिन । यी माछा त बोल्छन् । रानी आफैले माछा बनाउन गइन् । माछाबाट आवाज आयो- "आमा, आमा, म यसैभित्र छु । अलि विस्तारै, है । आमाको बल दोब्बर भयो । माछाको चोइटा झिकेर मुख चिरिन् । माछाको पेटबाट बच्चा निस्किएर रोहित दास आमाको दूध चुस्न थाल्यो । माछाको पेटबाट बच्चा निस्कियो भनेर हल्ला चारैतिर गाउँमा फिंजियो । मलाहिनीहरूले हल्ला गर्न थाले- 'बच्चा मेरो हो ।' राजाले न्याय गरे- छालाको चोलो रानीलाई पहिराइयो, पाटको मलाहिनीलाई, राजाले गुहारे- "हे सपता, यदि साँच्चै मेरो दिन फर्किएका छन् भने तिमीले नै फैसला गर । रानीको छोरो भए रानी दूधले नुहाउन् । मलाहिनीको छोरो भए, मलाहिनी नै दूधले नुहाउन् ।"

मलाहिनीको छातीबाट दूधको सिर्कासम्म निस्किएन । रानीको छातीबाट दूधको फोहोरा छुट्यो । 'राजा-रानीलाई जसरी सुरू र अन्त्यमा भयो, त्यसैगरी सबैलाई होस् । जस्तो आपद् बीचमा भयो, त्यस्तो कसैलाई नहोस् ।

पचाकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्येष्ठ महिनाको शुक्ल पक्षको तृतीया तिथिका दिन कर्ण कायस्थका नवविवाहिता बेहुलीहरूले यो पूजा गर्छन्। यस दिन जलको पूजा गन्छि। पाँच तत्त्व (पृथ्वी, जल, आकाश, अग्नि, वायु) मध्ये एकको पूजा (पञ्च + एक + ई) गरिने भएको हुँदा सम्भवतः यसलाई पचाकी भनिन्छ। पूजन कालमा घैंटामा सतुवा, च्युरा राखेर तथा बाँसका भाँडाहरूमा अन्न, रत्न, धन आदि एउटा अरिपन (अल्पना चित्र) माथि राखेर गौरीको पूजा गरिन्छ। पूजा समाप्तिपछि यी वस्तु कसैलाई दान गरिन्छ र बेहुलीले मान्यजनलाई ढोग्छिन्।

श्रावण महात्म्य

आषाढ महिनामा हरिशयनी एकादशीपछि जब भगवान विष्णु शयनमा जानुहुन्छ, त्यसपछि मिथिलाबासीहरू शङ्करपार्वतीको आराधनामा लाग्दछन्। श्रावण त्यसको लागि सर्वाधिक उपयुक्त महीना हो। श्रावण मासका प्रत्येक आइतवार र सोमवार मैथिलहरू शिव-मन्दिरमा गई शिवको पूजाआराधना गर्छन्। मैथिल नारीहरू प्रत्येक सोमवार दिनभरि उपवास बस्छन् र आफ्नो अटल सौभाग्य एवं सुखद दाम्पत्य जीवनका लागि शिव-पार्वतीसित प्रार्थना गर्दछन्। मैथिल कन्याहरूले अनुकूल पति प्राप्त गर्ने कामना लिएर सोमवारी व्रत गर्दछन्। दिनभरि व्रत गरी शिवलिङ्गमा जल चढाइन्छ। श्रावण महीनामा नागपूजाको पनि विशेष महिमा छ। ग्रीष्मको अन्त्य र वर्षाऋतुको आरम्भ हुने यस महिनामा यत्र-तत्र साँपको बिगबिगी देखिन्छ । त्यसैले नागसित रक्षाका लागि पनि नागपञ्चमी व्रत मनाइन्छ। मधुश्रावणी पनि यसै महिनामा हुन्छ।

अशुन्यशयन व्रत

यो व्रत मत्स्यपुराणको आधारमा गरिन्छ। श्रावण द्वितीयादेखि आरम्भ गरी कार्तिक कृष्ण द्वितीयासम्म चार महिना भगवान विष्णु र लक्ष्मीको स्वर्ण प्रतिमा बनाई चार वर्षसम्म पूजा गर्नाले विधवा र विधुर होईदैन भन्ने आस्था छ। यो स्वर्णप्रतिमा चौथो वर्षमा निस्तार गरेपछि पुरोहितलाई दान दिने चलन छ । यसमा शैयादानको विशेष महिमा छ। मैथिल र मैथिलानी दुवैले यो पूजा चन्द्रोदयकालसम्म गर्छन्।

श्रावण सोमवारी

अटल सौभाग्यका लागि यस दिन पीपलको पूजा गर्ने चलन पनि मिथिलामा छ। पीपलपूजा पछि शिव-पार्वती एवं अन्य देवी-देवताहरूको पूजा पनि गरिन्छ।

श्रावण महीनाको सोमवार भन्दा एक दिन अगाडि आइतबार कन्या र महिलाहरू नुहाइवरी अरबा चामलको भात खान्छन् र पवित्र भएर बस्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमवार विहानै स्नान गरी सखीहरूसहित पीपलका रुखमुनि एकत्र हुन्छन् । सबै सखीका हातमा हरियो दुबो र पहेंलो फूल रहन्छ । पीपलको जरामा पहेंलो फूल, हरियो दुबो र नैवेद्य चौध ठाउँमा चढाइन्छ । हातमा दुबो र पहेलो फूल लिएर सबैले कथा सुन्दछन् । (कथा तल छ ।) कथाको समाप्तिपछि सबैले भन्छन्, 'जसरी ब्राह्मणीलाई पहिले भयो, त्यस्तो कसैलाई नहोस्, जसरी ब्राह्मणीलाई पछि भयो, त्यस्तो सबैलाई होस् ।' राति फलहारि गरी अर्को दिन एकाविहानै पारण गर्दछन् । कतै-कतै एक बेला मात्रै ब्रत गरिन्छ ।

कथा- कुनै गाउँमा एउटा ब्राह्मण थिए । तिनकी एउटी छोरी थिई । छोरीको भाग्यमा बिहा हुनासाथ विधवा हुने कुरा लेखिएको थियो । ब्राह्मण जहाँ-जहाँ वर खोज्न जान्थे, त्यहाँ कुनै अनिष्ट हुन्थ्यो र त्यो वर मर्थ्यो । यसबाट ब्राह्मण धेरै दुःखी भए । ब्राह्मणीलाई भने, हेर, अब म वर खोज्न कतै जान्न ।' ब्राह्मणीले केही बुझिनन् । ब्राह्मणले स्पष्ट पारे, 'हेर, म जहाँ वर खोज्छु र टिकोटालो मात्रै बाँकी हुन्छ, वर ठहरै मर्छ । यस्तो गर्दागर्दा अनेक ब्राह्मण पुत्रको मृत्यु भइसक्यो । यो हत्या हो, म अब धेरै हत्या गर्न सक्तिन ।'

तर, ब्राह्मणीले मानिनन् । भनिन्, 'छोरो कुमार रहे केही छैन, छोरी बूढीकन्या भएर मर्नु ठीक छैन । गाउँ भरिले कुरा काट्न थालेको छ । केही न केही मेलो त गर्नै पर्ला', अन्तिम लग्न थियो । एउटा ब्राह्मण युवक अब यस लग्नमा बिहा भएन भनेर उदास-उदास घर फकिंदै थियो । ब्राह्मणले तिनलाई बोलाएर सोधे, 'यदि तपाईंले योग्य कन्या पाउनुभयो भने के विवाह गर्नु हुन्छ ?' युवक खुसी भए, 'गरिहाल्छु नि, किन नगर्नु ?' ब्राह्मणले ती युवकलाई घर लिएर गए । ब्राह्मणी पनि दंग परिन् । हतार-हतार विवाहको बन्दोवस्त गरिन् । यज्ञमा छोरी-ज्वाइँलाई बसाइन् । विवाह भयो । जब बेहुला इष्टदेवीको घरमा ढोग्न गए, उनको मृत्यु भयो । अब गीतनादको ठाउँमा रूवावासी हुन थाल्यो । जब बेहुलालाई खटमा हाली घाटतिर लैजान थालियो, बेहुलीले भनिन्, 'म पनि सँगै जान्छु ।' मान्छेहरूले जति बुझाए पनि उनले मानिनन् । उनी बेहुलाको अर्थीसँगै हिंडिन् । लासलाई त्यहीं राख्न लगाइन् र जलाउन दिइनन् । चन्दनको रुख थियो । ब्राह्मणकन्या त्यसको स्याहालमा बसी एक पटक भक्कानो पारी विहान, एक पटक राति रून्थिन् । त्यस रुखमा विधि-विधाता (पार्वती-शिव) को बास थियो । विधिले सोधिन्, 'यति राति को रुनछे ?' विधाताले भने, 'एउटी ब्राह्मण कन्या हुन् । विधवा भएकी छन् ।' विधिले चुकचुकाउँदै सोधिन्, 'यिनको विधवा-जीवन अब के गरी समाप्त हुन्छ ?' विधाता रिसाए, 'त्यसैले तिमीलाई कुनै रहस्य म खोल्दिन ।' धेरै खोतलछ्यौ । यिनले साउन महीनामा सोमबारी ब्रत गरिन् भने यिनको विधवाजीवन समाप्त हुन्छ ।' विधिले सोधिन, 'ब्रतको विधान के कस्तो छ ?' विधाताले सबै विधान विस्तारपूर्वक खोलेर बताइदिए । रुखमुनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोइरहेकी ब्राह्मणकन्याले सबै कुरा सुनिन्। उनी उल्लसित भइन्। साउनको सोमवार नजिकै थियो। पहेंलो फूल, हरियो दुबो र सिंदूर लिएर चौध ठाउँमा पूजा गरिन्। एउटा सोमवारी गर्दा स्वामीको एक अंग हल्लियो, दोस्रो गर्दा दोस्रो अंग हल्लियो, तेस्रो गर्दा तेस्रो। चौथो सोमवारी गर्दा चारै अंग हल्लिन थाले र पाँचौमा त उनी 'राम-राम' गर्दै जुर्मुराए र उठे। आफ्नी श्रीमतीलाई भने, 'ए, म त धेरै बेरसम्म पो सुतेछु।' ब्राह्मणयुवक र ब्राह्मणकन्या त्यसपछि सँगै केटीका गाउँ फर्किए।

टोल छिमेकका सबै छक्क परे र ब्राहमणीलाई भन्न थाले, 'काकी, हजुरका छोरी ज्वाइँ फकिंदै छन्।' ब्राह्मणी रुन थालिन्। छिमेकीहरूले जिस्काएको अनुभव गरिन्। भनिन्, 'जति उडाउनु छ, उडाउनुस्। मेरो भाग्यै यस्तो छ। मेरा छोरी-ज्वाइँ कहाँबाट आउँछन् ? भाग्यले बगाएर लग्यो।' सबैले जब धेरै जोर दिन थाले, गएर हेरिन। ब्राहमणी दंग परिन्। जस्तो ब्राह्मणीलाई पछि भयो, त्यस्तो सबैलाई होस्, जस्तो पहिले भयौ त्यस्तो कसेको न होस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवम् अध्याय

मैथिली लोक गाथा

कथाप्रधान प्रवन्ध- गीतलाई लोकगाथा भनिन्छ। लोकगाथा पनि दुई किसिमका हुन्छन्- खण्डगाथा र महागाथा। खण्डगाथाको जीवनको कुनै एक पक्षको उद्घाटन गर्दछ र महागाथामा जीवन आफ्नो सम्पूर्णतामा चित्रित हुन्छ। मिथिला क्षेत्रमा दुई किसिमका लोकगाथा पाइन्छन्- १) मिथिला क्षेत्रमा मात्र गाइने लोकगाथा २) मिथिलाका अतिरिक्त अन्य क्षेत्रमा पनि गाइने लोक गाथा।

मिथिलामा मात्र गाइने लोक गाथा-

१. कमलाकोइला (दुलरा दयाल) २. राजा सल्हेस
३. दीनाभद्री ४. वंशीधर बाभन
५. गांगो ६. लवहरि कुशहरि
७. कारिख पजियार ८. अमरसिंह
९. जयसिंह १०. गुगुलिया
११. दामोदर सिंह १२. गोरैया
१३. सरबनिया गोआर १४. बुलाकी गोप
१५. जिबाइ १६. मनस गोप
१७. झगरू १८. रघुनाथ सिंह
१९. मीरा २०. मछुआ
२१. राजा ढोढन सिंह २२. बख्तौर सिंह
२३. नेवारको कथा २४. रन्नु सरदार
२५. हिरनी-बिरनी २६. राजा अहेरी
२७. रमखेलिया २८. श्याम सिंह
२९. लालवन बाबा ३०. गरीवन भुइँयाँ
३१. मोती दाइ ३२. गणिनाथा गोबिन्द
३३. फेकूराम ३४. केबल महाराज
३५. जङ्गली बादशाह आदि।

मिथिला सहित अन्य क्षेत्रमा पनि प्रचलित लोकगाथा

१. विहुला २. कुँवर वृजमान
३. नैका बनिजारा ४. गोपीचन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. भरथरी ६. आल्हा
७. सारंगा सदाबृज ८. विजय मल्ल
९. लोरिकायन आदि ।

यी लोकगाथाहरू छरिएर रहेका हुनाले यिनको अनुसन्धान, सङ्कलन र विश्लेषण आवश्यक छ ।

मैथिली लोकगाथाका निम्न कोटिहरू छन्-

१. प्रणय गाथा २. पराक्रम गाथा
३. वैराग्य गाथा ४. जादू गाथा
५. पौराणिक गाथा ६. अन्य गाथा

१. प्रणय गाथा : यस्ता गाथाहरूमा नायिकाको सौन्दर्यमा नायक मुग्ध हुन्छ । मिलनमा बाधा उपस्थित हुन्छ, तर ज्यानको बाजी लगाएर पनि नायकले नायिकालाई प्राप्त गर्दछ । यस्ता लोकगाथामा सारंगा सदा वृज, गांगो, रैयारनपाल आदि प्रमुख छन् ।

२. पराक्रम गाथा : यस्ता गाथामा युद्धरत नायकको शौर्य र पराक्रमको ओजस्वितापूर्ण वर्णन हुन्छ । वंशीधर बामन, दीनाभद्री, लोरिक, सल्हेस आदि यस्तै चरितनायक हुन् ।

३. वैराग्य गाथा : करूणरसप्रधान यी गाथाहरूमा नायकले जीवनसित सन्यास लिएर गृहत्याग गरेका देखिन्छन् । पहेंलो लुगा लगाएका गोरखपंथी साधुहरूले हातमा सारंगी लिएर जब 'गोपीचन' अथवा, 'भरथरी' गाथा सुनाउँछन्, श्रोताका आँखाबाट आँसु बर्सिन थाल्छ ।

४. जादू गाथा : जुन गाथामा जादूको प्रभावले मुख्य घटनाहरू घटेका हुन्छन् त्यसलाई जादू गाथा भनिन्छ । दुलारादयाल वा कमला कोइलामा दयाल सिंहकी सासु बहुरा जादुगर्नी थिइ । उसले आफ्नो जादूले सातसय स्वास्नीमानिस र ज्वाइँलाई मारेकी थिई । दयाल सिंहको जन्तीमा पनि जादूको प्रभाव हुन्छ । दयालसिंह पनि जादू सिक्न कामरूपकामाख्या जान्छ । यस्ता जादूको वर्णन सल्हेस, गाँगो, आदिमा पनि पाइन्छ ।

५. पौराणिक गाथा : मिथिलाको लबहरि-कुशहरि गाथामा रामायणको लवकुश कथा वर्णित छ ।

६. अन्य गाथा : मैथिलीमा पुनर्जन्म, सर्पदंश, पूजापाठ, रहस्य रोमांस आदिको वर्णन भएका गाथाहरू पनि छन् । बिहुला, नैकाबनिजारा आदि यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाथा छन् । यी गाथाहरूका केही विशेषता निम्न लिखित हुन् । यी लोक नाट्य-महागाथाका केही विशेषता हुन् :

सुमिरन : प्रत्येक गाथाको आरंभ देवी-देवताहरूको 'सुमिरन' (स्मरण) बाट हुन्छ । जस्तै 'संल्हेस'को आरंभ यस सुमिरनबाट हुन्छ-

"सुमिरन, सुमिरन, सुमिरन करैछी ।
छप्पन कोटि देवके ह्दयसे जपै छी ए ।
पुरबे सुमिरनमा हे माता उगला सुरूजके ए ।
पुरबेके राजा लगैए उगला सुरूजने ए ।
हुनको चरणमे हे माता सिरमा नबाबइ छी ।
पच्छिमके सुमिरनमा करैछी मीरा सुलतान के
पच्छिमके राज लगैए मीरा सुलतानके ए
हुनको चढोना हे माता मृगा बलिदानने ए
हुनको चरनमा हे माता सिरमा नबबुइछी ए

यसै गरी उत्तरका देउता पांडब भीम र दक्षिणका देउता गङ्गा-हनुमानको पनि 'सुमिरन' गरिन्छ ।

२. बंधन- प्रत्येक लोकगाथाको आरंभमा 'सुमिरने सँगै चारै दिशालाई देव-शक्तिको आरधना गरी बाँध्दछ, जसले गर्दा गायकमाथि कसैले जादू चलाउन नपाओस् ।

३. अतिमानवीय तत्त्वको भूमिका- प्रत्येक लोकगाथामा अतिमानवीय शक्तिको महत्त्वपूर्ण भूमिका पाइन्छ । राजा सल्हेस, आल्हारूदल, दुलरादयाल, वंशीधर बामन लोरिक- सबै लोकनायकले दुर्गाको आशीर्वाद प्राप्त गरी लक्ष्य सिद्ध गरेका छन् ।

४. इष्टपूजा- राजा सल्हेस दुसाधका, दीनाभद्री मुसहरका, दुलरादयाल मलाह (माझी) का इष्ट देवता हुन् । त्यसैले यी लोकगाथा गाएर इष्टलाई प्रसन्न गर्ने उद्देश्य पनि हुन्छ ।

५. सम्पूर्ण मिथिलाको संस्कृति एवं जातीय मनोविज्ञानको झलक- यी गाथाहरूका नायक-नायिका एवं पात्रहरू समाजका विभिन्न वर्ग र जातिबाट आएका छन् । लवकुश क्षत्रिय हुन्, बंशीधर बाहुन हुन्, सल्हेस दुसाध, दीनाभद्री मुसहर, मनस गोप ग्वाला र नैका बनिजारा वैश्य । यिनमा यी जातिहरूको मनोविज्ञान, सामाजिक अवस्था, रीतिथिति र संस्कृतिको झलक पाइन्छ ।

६. अज्ञात रचयिता - यी गाथाहरू परम्परादेखि चलि आएका छन्, अतएव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचयिता अज्ञात छन्। देश, काल, पात्र अनुसार कथावस्तु भाषा शैलीमा परिवर्तन पनि पाइन्छन्।

७. आंचलिक रंग- मिथिलाका विभिन्न स्थानको भौगोलिक परिवेश, भोजन, लोकधारणा, रीतिथितिको वर्णन यिनमा पाइन्छ। हाजीपुर, मोरङ, मुंगेर, तेघरा बजार आदि स्थलका सन्दर्भ र वृतान्तहरू आएका छन्।

८. सङ्गीत वाद्य र अभिनयको सम्मिलित प्रभाव- यी सबै गाथा अभिनेय छन्। ढोलकको थापसँगै जब यी गाथा अभिनयात्म रूपमा प्रस्तुत गरिन्छन्, गाउँ-गाउँबाट आएका दर्शकको भीढ कथा-संसारमा विस्मय-विमुग्ध भई हराउँछन्।

९. दीर्घ कथा - कतिपय लोकगाथा त यत्ति लामा छन् कि सातसात रातसम्म पनि तिनको गायन टुंगिदैन।

१०. विवादास्पद ऐतिहासिकता - यी गाथाहरूका रूपमा यति परिर्वतन भएका छन् कि मूल र प्रक्षिप्त रूप छुट्याउनु असम्भव भएको छ। घटना र चरितनायकको ऐतिहासिकता पनि विवादास्पद छ।

११. मौखिक परम्परा- यी लोकगाथाहरू मौखिक परम्परामै झ्याङ्दिै गएका छन्।

१२. कृत्रिम कलात्मकताको अभाव-ग्रामीण जनताद्वारा ग्राम्य जीवनमै यी लोकगाथाको विकास गरिएको हुँदा यिनमा सहज उच्छलता र प्रभाव त छ, तर कलात्मक सुसङ्गठन र परिष्कारको अभाव छ। तै पनि, जनसामान्यलाई बाँधेर राख्ने यिनमा चामत्कारिक क्षमता छ।

पृष्ठभूमि :

परम्परित रूपमा जनसामान्यद्वारा जनसामान्यको भाषामा गाइने महाकाव्य नै लोकगाथा हो। फरक के छ भने महाकाव्यका नायक इतिहास प्रसिद्ध हुन्छन् अथवा काल्पनिक नै भएपनि सामान्यतया उच्च कुलोद्भव हुन्छन्। काव्यशास्त्रका नियमअनुसार महाकाव्यको रचना गरिएको हुन्छ र यसको भाषा पनि अभिजातकुल बोधगम्य हुन्छ। तर, लोकगाथाका नायक सामान्य कुलमा जन्मिएका हुन्छन् र शौर्य, पराक्रम अथवा विशिष्ठ गुणले चरितनायक बन्न सफल भएका हुन्छन्। लोकगाथामा लोकभाषामा लोकमनोविज्ञान, लोक विश्वास, लोकजीवनको प्रतिविम्बन भएको पाइन्छ। मिथिलाको लगभग प्रत्येक जातिमा कुनै न कुनै नायकको चरितगाथा रहेको पाइन्छ।

यी गाथाहरू लोक-अभिनेता, गीतहरू (गाइने, मनरिया (मान अर्थात एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किसिमको ठूलो मादल) र भगत (देवी-देउताका भजन भगतइ भन्ने विशिष्ठ लोक लयमा गाउने) आदिद्वारा दैनिक जीवनमा गाइन्छन् । एउटा उल्लेखनीय कुरा के छ भने माथि जुन लोकनाट्-महागाथाको चर्चा छ, तिनको अभिनय पनि हुन्छ र स्वतन्त्रगायन पनि । त्यसैले यिनलाई लोकनाट्य-महागाथा र स्वतन्त्र लोकगाथा (भगतहरूद्वारा गाइने गाथा) लाई भगैत-महागाथा भन्न सकिन्छ । भगैत महागाथा अन्तर्गत मिथिलामा जुन जुन चरित नायकहरूका गाथा गाइन्छन्, तिनमा केही मुख्य हुन्- अमरसिंह, अलखिया, कमला, काली, कलाली, किरंची, कुसियारमल, केवल, कुमरविनोदी, कारिख, कोइला, कोरल, कालिदास, गणिनाथ गोविन्द, गहिल, गाँगो, गौरबाबा, गोरैया, जलपा, झम्मन मरड, झालाराम, ठीठामल, डीहबाबा, दयाराम, दीनाभद्री, दुलरादयाल, धर्मराज, नाग, पचपिढिया, पीरबाबा, बालापीर, फेकूराम, बढम, बन्नी बौधूराम, भगवती, भैरव, मनुखदेबा, महिषासुर, मातर, मीरा, मोतीदाइ, रइयाँ-रनपाल र कतमाला, रामठाकुर, राहु, लोकेसेरी विषहर, वेणीराम, ससिया, सहोदरा, सुल्तान खाँ, सुट्ठीकुम्मरि, सुरजाऊ, सोखा, हुलहुल्ली आदि चरितनायक विभिन्न जातिका गृहदेवताका रूपमा पूजित छन् र यिनका लोकगाथा पनि गाइनेमात्र होइन, अभिनीत समेत हुन्छन् । खसी, पाठी, दारू, बिन्दी, सिन्दूर, कुखुरा, फूल, पान, काँग्यो, ऐना, धागो आदि यिनका चढौनाहरू हुन् । यी देवी-देवताहरूको आगमन जुन झाँक्री वा भक्तको जीउमा हुन्छ त्यसलाई तिनको 'घोडा' भन्ने चलन छ । दुःखी व्यक्तिले देवता वा देवीको गहबरमा सुपाडी 'सलामी' राख्छन् र तिनको दुःख निवारणका लागि भगतद्वारा देवीदेउताको आह्वान गरी जीउ कमाउँदै 'हाकबाक' दिने प्रक्रियालाई 'गोहारि' भनिन्छ-बच्चाको कष्ट निवारण गदा 'वालक गोहारि', गाई वस्तुको लागि गोई गोहारि, सन्तानोत्पत्तिका लागि 'कोखिया गोहारि', गरिन्छ । जसका लागि 'गोहारि गरिन्छ त्यो 'कारनी' हो ।

यी सबै मैथिली लोकगाथाहरूमा केही समानता पाइन्छन् । उदाहरणका लागि लोकगाथाका सबै नायकहरू पराक्रमी हुन्छन् । जन्मिनासाथ आमासित सबाल जवाफ गर्न थाल्छन् । नाभि नकाटिंदै सरो (कुश्ती) खेल्न थाल्छन् । कतै जानुभन्दा अगाडि आमासित आसिक थाप्छन् । सङ्कट आउनुभन्दा अगाडिसम्म अँध्यारो कोठामा गहिरो निद्रामा (सात निन्ने मुनहर घरमे) सुतेका हुन्छन् । 'गओना' को (स्वास्नी भित्र्याएको) चार दिनपछि चमत्कारपूर्ण दुस्साहसिक पराक्रम देखाउन बिदा हुन्छन् । सबैलाई भगवती वा कुनै देवताको असीम कृपा प्राप्त हुन्छ । भगवती प्रसन्न भएको बेला विजय हुन्छ, अप्रसन्न भएको बेला पराजय । सबै इन्द्रासन (इन्द्रलोक) जान्छन् । 'सत्त' (प्रतिज्ञा) गर्छन् । परेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यी चरितनायकहरूले संस्कारको बन्दोवस्त गर्छन् र श्राद्धको भोजनमा भात पस्कन्छन्। कहिल्यै प्रकट हुन्छन्, कहिले विलाउँछन्। अदृश्य भएर 'तिरिया' (श्रीमती)-सित भेट्छन्।

केही मैथिली लोकगाथाका कथावस्तु :

श्याम सिंह : श्याम सिंह डोम सिंहिया गाउँमा जन्मिएका थिए। कुश्ती खेल्न यत्ति रमाउँथे कि दिनलाई दिन र रातलाई रात ठान्दैनथे। देवधा गाउँमा खलीफा वंशीधर बाहुनले श्याम सिंह डोमलाई कुश्तीको हाँक दिएर चिठी पठाए- "मरदक जँ जनमल हेतै, अखाढा चढि एतै न, कादरके जनमल हेतै, घर बैसि जेतै ना....।" (मर्दको छोरो भए अखडामा आउँछन्, काँथरबाट जन्मिएको भए मात्र चूप लागेर घर बस्छन्।)

चिठी पढ्नासाथ, श्यामा सिंह आगो भए। असी मनको 'गुदरा' (थाङ्नो) चौरासी मनको लट्ठीमा बाँधी लाबी गहबरबाट बिदा भए। सिपथी पोखरीमा पुगे। हिंड्दा हिंड्दै लखतरान भएका थिए। अम्मल जागिसकेको थियो। थाङ्नोबाट सबासेर गाँजा झिकी चुङ्कीमा माड्न थाले। माडिसकेर चिलिममा हाली नजिकको 'कनसार' (व्यावसायिक रूपमा चामलको खट्टेभूजा, गोलफुकी, चना आदि भुटिने ठाउँ) मा गएर कनुनियाँ (भुट्ने मान्छे) सित आगो माग्न गए। कनुनियाले डुमलाई आगो दिन अस्वीकार गऱ्यो। रिसाएर स्यामासिंहले पातसमेतै उसलाई उचालेर कन्सारको आगोमा हुत्याइदिए। आगो झिकेर चिलिममा हाली चिलिम ताने। चिलिमबाट आगोको लफ्को सवा हात माथिसम्म उठ्यो र नाक-मुखबाट निस्केको धुँवाले संसार अँध्यारो भयो।

गाँजा चढाइसकेपछि श्यामसिंहले ताल ठोके। हरिराम र चुन्नीराम दुवै दाजुभाइले तालकै (तिघ्रा ठटाएको) आवाज सुन्नासाथ यो उनका दौंतरी श्यामसिंहको अगमनको सङ्केत हो भन्ने बुझे र स्वागतको लागि अगाडि बढे। तर, भोजन गर्ने बेलामा श्यामा सिंहलाई 'डहरा' को (दुई वर्षको सुँगुरको) मासु पस्कियो र अन्य कुटुम्बलाई 'पाहुर' (नौ दिनको सुँगुरको) मासु दिइयो। श्यामसिंहलाई अपमानको बोध भयो। उसको अलौकिक शक्तिले 'डहरा' को मासुमा बोसो नै बोसो पलायो, 'पाहुर'बाट पानी छुट्यो। रिसको झ्वाँकमा श्याम सिंहले हरिरामकी बहिनी मनियासित जबर्जस्ती खोसेर दुईटा सुँगुरलाई काखीमुनि च्यापी मारिहाले र मखियाको खप्परमा बजारे।

हिंड्दाहिंड्दै श्यामसिंह व्योराघाट पुगे। त्यहाँ ढुनमुन ग्वाला र अहिमन तेलीका दुई भैंसा पहलमानीको खेलौना भएर रहेका थिए। भैंसा बाटोमा पऱ्यो। श्यामसिंहले आफ्नो तिघ्रामा ढाप दिए, धर्तीबाट टंकार निस्कियो। दुवै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैंसालाई आलोपालो गरी सिंग समातेर पछाडापछाड खेल्दै मारे र खोला ती महुअरि घारीमा पचास हात स्यानो तम्बुक हाल्यो । त्यसमा सुत्दा गोडा तम्बूक बाहिर निस्किन्थ्यो । बाटोमा गलेका श्यामासिंहले रातभरि त्यही विश्राम गरे ।

भोलिपल्ट विहानै महुआ चउरका सात सय सुंगुर खाने एउटा पहलवान आएको खबर दाजुलाई पुऱ्याउन रुँदारुँदै देवधा पुगे । त्यहाँ वंशीधर 'कोबर' (केलिगृह) मा सुतको थियो । वंशीधरले 'गौना' गरेको नौ दिन मात्रै भएको थियो । तर यो सूचना पाउनासाथ वंशीधर। अखडामा जान उद्यत भयो । त्यसैबेला उसकी 'तिरिया' (बेहुली) पोखरीको घाटबाट भिजेकै वस्त्र लगाएर फर्किई । श्यामसिंहले उसको साडीबाट चार अम्मल कपडा काटेर उसको अपमान गरेको थिए । श्याम सिंहले हाँकमा पठाएको माटोको जवाफ पनि वंशीधरले पठाइसकेका थिए । नारीहठ ('तिरिया लटारम्ह') मा नपरी वंशीधर कुशको लङोटा लगाई माता अन्हरीसित आशीष लिन पुग्यो । माताको आँखाबाट बलिन्द्रधारा आँशु बग्न थाल्यो । असमय काग बास्न थाल्यो । सूर्य मलिन भयो । अनेक असगुन (बेसाइत) देखेर बूढा-खाँडाले मनाही गरे, तर वंशीधरले मानेन । श्यामसिंहसित मुकाविला गर्न हिडिहाल्यो ।

सात कोससम्म फैलिएको अखडामा भुँइमा ढुङ्गैढुङ्गा ओछ्याइएको, वंशीधर र श्यामसिंह दुवै एकपटक त्यहाँ पुगे । दुवैले तिघ्रा ठटाउँदा धर्ती डगमग-डगमग काम्न थाल्यो । रुखहरूबाट पात झरझर गरी झर्न थाले । सातदिन सात रात दुवै लडिरहे । एक दाना अन्न र एकथोपा पानी नखाई । अखडको ढुङ्गा धुलो-पिठो भयो । दुर्गामाता सहाय भएपछि वंशीधरले श्यामसिंहलाई बाह्र हात माथि उचाले र भुँइमा बजारिहाले । श्यामसिंहले गहिल भन्ने देउतालाई सम्झे । जुरुक्क उठे । औलामा औंला जुटेर फलाम भए । श्यामसिंहले वंशीधरलाई बाह्र हात माथि उचाले र भुँइमा बजारिहाले । श्यामसिंह मर्न त मरेनन् तर दुई पटक पराजित भए । वंशीधरले युद्ध गर्न चाहेनन् । हारेकालाई के हराउनु ? मरेकालाई के मार्नु ?

आफ्नो बाबु हारेको कुरा श्यामसिंहका छोरा बालाजीले थाहा पाए । बाबु जितेर आएपछि गहिललाई भाकल गरे अनुसार चढाउन भने टक्कर भन्ने विशाल सुँगुरलाई मारी चन्दनको किलामा, फलामको सिक्रिले बाँधी, असी मनको ढुङ्गामनि थिचेर राखेको थियो । तर, उसले एक पटक मात्र हाइ काडेर आङ मर्काएको के थियो सबै बन्धन चऱ्यामचुरूम चुँडियो । बालाजीले देवधाका लागि प्रस्थान गरे । बोटोमा ढुनमुन ग्वाला र अहिमन तेलीले आफ्नो भैसाको मृत्युको बदला लिन खोजे, तर बालाजीबाट दुवै जना मारिए ।

देवधा अखडामा वंशीधर र बालाजीमा भिडन्त भयो । सात दिन, सात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रात युद्ध चल्यो । दुवैले आ-आफ्ना दाउपेच देखाए । अन्तिम दिन बालाजीले दुर्गाजीको स्मरण गरे । चितरसन दाउ लगाएर वंशीधरलाई चौध हात माथि उचाले । बंशीधर आकासबाट भुइँमा झर्न लाग्यो । उसले हातमै रोक्यो । दुवै तिघ्राको माझमा थिची दुर्गालाई बलि दियो ।

तर वंशीधरको मृत्युपछि पनि झगडाको अन्त्य भएन । वंशीधरकी गर्भवती स्वास्नीले बालाजीलाई सम्बाद के पठाइन् भने जसरी ऊ राँड भएकी छ, त्यसैगरी उसकी स्वास्नीलाई पनि बंशीधरको छोरोले राँड बनाएरै छोड्छ ।

बालाजी र श्यासिंह दुवै बाबु-छोरा घर फर्किए । ढुनमुन ग्वाला र अहिमन तेलीको छोरो जब तन्नेरी भए, आ-आफ्ना बाबुको साटो फेर्न खोजे । तर, युद्धमा दुवै जना पराजित भए । बालाजीले दुवैको ज्यान बक्सेर दुवैसित मितेरी गाँसे, तर वंशीधरको छोरो जवान भएपछि बाबुभन्दा पनि जब्बर भयो र बाला तथा श्यामसिंह दुवैलाई मारी बाबुको बदला लिए । सिंघिया थानाको देवधा गाउँमा आज पनि श्यामसिंहको गहबर छ ।

लालबन बाबा : दुईटा मित्र थिए । लालाजी चमार र मनसाराम बाहुन । दुवै सँगसँगै चउरमा भैंसी चराउन जान्थे । एकाबिहानै दुवै यार आ-आफ्ना गाईवस्तु खोल्थे, केदलीवनमा गाई-भैंसी चराउँथे, सँगै गाँजा तान्थे र मस्त रहन्थे । केदली वनमा बाघ-बघिनी बस्थे, एकदिन लुली बघिनीले लालाजीलाई घेरी । लालाजी जब्बर जवान थिए, बघिनीलाई मार्न सक्थे, तर त्रिया-बधबाट हुने पापको डरले त्यसको हत्या गरेनन् । तर, आफू मरेपछि संस्कार कसले गर्ने भन्ने चिन्ताले गदाँ आफ्ना साथी मनसारामलाई आफ्नो घरमा खबर पुऱ्याउन भने । बघिनीको डरले मनसारामलाई कामजरोले समात्यो । हस्याङफस्याङ गर्दै उनले गाउँतिर कुलेलाम ठोके । लालाजीकी आमालाई जब मृतकको दाह संस्कार गर्ने प्रबन्ध गर्न लालाजीले दिएको सम्बाद सुनाइयो, घरै स्तब्ध भयो ।

लुली, बघिनीले लालाजीको सिङ्गो जीउ निलिहाली । एक थोपासम्म रगत जमीनमा झरेन । जीउ चपाउँदा चपाउँदै जब बघिनीको दाँत लालाजीले लगाएको मुन्द्रिका (औंठी) सम्म पुग्यो, मन्द्रिका तल झऱ्यो । मुन्द्रिका उछिट्टिएर गोसाउनी घरमा पुग्यो । त्यहाँ लालाजीकी त्रिया (स्वास्नी) रूवाबासी गर्दै थिइन् । मुन्द्रिकाबाट लालाजीको अंशको आवाज आयो - "ए मेरी प्राणप्रिया, रूवाबासी नगर, तिमी अझै बाह्र वर्षसम्म ऐभाती (सुहागिनी) रहन्छयौ । म तिम्रो सपनामै आइरहन्छु, गइरहन्छु । हाम्रो भेट अब सपनीमा मात्र हुन्छ ।"

लालाजीको अस्थि मात्र छाडेर बघिनी गई । तर, उनको अस्थिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिंगा नभन्किने गरी आँपका पालुवाले छोपेर गई। रातभरि लास त्यही भुँइमा रह्यो, तर मनसारामले संस्कारको बन्दोवस्त मिलाउन सकेन। अर्को दिन जब मनराम भैंसी खोलेर त्यस चउरमा चराउन गयो, लालाजीले उससित गरेको धोखाको बदला लिने विचार गरें। लालाजीले बाघको रूप धारण गरी र मनसारामलाई पछारे र उसको छातीमा बसी मासु र रगत खाए।

गाउँका मानिसहरूले चउरमा मनसारामको लास देखे, तर कसले, किन मारे, यो कुरा बुझ्न सकेनन्। गाउँमा पञ्चायत बस्यो। पञ्चायतको एउटा पञ्चको जीउमा लालाजीको अगमन भयो। ऊ काम्न थाल्यो। साथीले दिएको धोखाको कारण उनको लास अझै चउरमा त्यसै फालिएको छ भन्ने कुरा लालबन बाबाले त्यस पञ्चको मुखले सुनाए। लालबन बाबा (लालाजी) को हुकुम पाएर गाउँलेहरूले दुवै मित्रको दाह-संस्कारको व्यवस्था गरे। त्यसै बेलादेखि लालबन बाबा र मनसारामलाई चमारहरूले जातीय देवताको रूपमा पूजा गर्छन्। लालबन बाबाको पूजा खसी, ताडी, गाँजा आदिले गरिन्छ। मनसारामको पूजामा गाँजा त चढाइन्छ, तर ताडी चाहिँ चढाउने चलन छैन। त्यसको साटो पान, सुपाडी चढाइन्छ।

गरिबन भुइयाँ :

धोबीहरूका देउता गरिबन भुइयाँकै कृपाले धोबीको भट्ठी सप्रिन्छ र कुनै कपडा बिग्रिदैन। यस देउताको पूजा धोबीहरूले प्रत्येक साउन महिनामा गर्दछन्।

उघरा भन्ने गाउँमा घाँसी गोआर (ग्वाला), बरहम ठाकुर बाहुन र गरिबा धोबी तीनै जनामा नङ र मासुको मितेरी थियो। गाउँको पश्चिममा अखडा थियो, जहाँ तीनै साथी दिन रात कुश्ती खेल्थे। गाउँको पूर्वमा कमला-कोइला देउताको गहबर थियो। मध्यरातमा यी तिनै साथीले कुश्ती खेल्न थाल्दा तिघ्रा ठटाउदा, सिङ्गै गाउँ थतर्किन थाल्थ्यो, कमलाको आसन हल्लिन्थ्यो। कमला जोगिनियाँको निद्रा भंग हुन्थ्यो। सोच्थिन् कमला-तीनै भुवन डुलें, तर कहिल्यै यस्तो मर्द देखिएन जसले ताल ठोक्दा मेरो आसन यसरी हल्लियोस्। मेरो आसन हल्लाउने कुन मर्दको छोरो हो ? जब कमलाले त्यो मर्दको छोरो गरिबा हो भन्ने कुरा थाहा पाइन्, त्यसलाई आफ्नो सेवक बनाउन आतुर भइन्। तर, गरिबन त थियो गहिली देउताको सेवक ; गहिली कमलाकी बहिनी थिई। बडो घाघ। कमलाले गहिलीसित त्यो सेवक माँगिन्, तर गहिली तयार भइनन्। उसले भनी- "हुँदैन, हुँदैन, यस्तो सेवक म कतै पाउँदिन। बडो श्रद्धापूर्वक पूज्छ मलाई गरिबाले।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निराश भएर कमला पुगी इन्दर कविलास (इन्द्रपुरी कैलाश)। बाबा इन्द्र नाचगानमा डुबेका थिए। जब कमला त्यहाँ रुँदै कराउँदै पुगिन्, रंगमा भंग भयो। बाबा इन्द्रलाई झड्याङ रिस उठ्यो- "कमला, तैंले सर्वनाश गरिस्। तँलाई कुन यस्तो विपत्ति पऱ्यो र इन्दर कविलाससम्म पुगिस् ?"

रुँदै बोली कमला-"होइन इन्द्रबाबा, पहिले 'सत्त गर्नुहोस्' किरिया खानुहोस्, मैले भनेको पुऱ्याउनुहुन्छ भनेर।"

"लौ सत्त गरें-एक सत्त, दुई सत्त, तीन सत्त ! तैले भनेको नपुऱ्याउँदा अस्सी कुण्ड नरक परूँ।' इन्द्रले किरिया खाए। कमला बोली- "म गरिबालाई मेरो सेवक बनाउन चाहन्छु।" अब इन्द्रबाबाले मान्नै पर्ने भयो। तैपनि कमलाले इन्द्रसभालाई छाडेर गइन। इन्द्रबाबाले जब जान भने, उनले गरिबा मनुखदेबा, बन्ने र अकालमृत्युले मर्ने उपाय सोधिहालिन्। इन्द्रबाबाले रुँदारुँदै भने-उघरा गाउँको पश्चिममा बाघ-बघिनीको शिकारको हल्लीखल्ली हुन्छ। तेरो भाइ कोइला बन्नेछ बाघ, गहिल बन्नेछिन् बघिनी। गाउँका मानिसहरू शिकार गर्न जान्छन् तर यी दुवै मारिने छैनन्। त्यसपछि गरिबन शिकार गर्न भनेर आउँछ। बाघ-बघिनीलाई लखेट्दालखेट्दै गरिबन जब खोलाको छेउछेउ भाग्छ, तैंले त्यसलाई भासमा पारेर मारेस्, त्यसको वलि लिएस्।'

गरिबनको गौना भएको चार दिन पनि भएको थिएन। उसकी अर्धाङ्गिनी थिई भिखना सती। त्यो रात मध्य निशामा काग बास्यो। भिखनाले सङ्केत पाई, आज उसको लोग्ने बाहिर निस्कियो कि जरूर मारिनेछ। दिनभरि त उसले जसरी भए पनि रोकेर राख्न सक्थी, तर राति सुतेको बेला के गर्ने ? उसले गरिबनलाई बिन्ती गरी- "आज काग अनिष्ट हुने बोली बोल्दैछ। बिन्ती छ, जस्तोसुकै जरूरी काम परे पनि बाहिर नगइदिनुहोस्।" गरिबनले हपाऱ्यो- "चराचुरुङ्गी हुँ, तँ बित्थामा डराउँछेस्।" भिखनाले बुझिहाली उसको लोग्नेले उसको कुरा मान्दैन। त्यसैले सुत्ने बेला लोग्नेको धोती र आफ्नो फरियाको छेउ बाँधेर गाँठो पारी। लोग्ने छोडेर हिड्यो भने फरिया तानिएर निद्रा खुल्छ र लोग्नेलाई रोकिहाल्छे भन्ने उसले विचार गरी। तर, भाग्यको लेखा। उघरामा बाघ-बघिनीको शिकारको हल्लीखल्ली भयो। चारै वर्णका मानिसहरू बाघ-बघिनीलाई मार्न उघरातिर भागे। तर, बाघ-बघिनीले सबैलाई गर्जेर फर्काइदिए। घाँसी गोआर र बरहम ठाकुर पुगे। गरिबनको ढोकामा- "ए साथी, तिमी स्वास्नीको काखमा लडिबुडी खेल्दै छौ, उता तिमी हुँदाहुँदै शिकार भाग्दैछ।"

गरिबनले साथीहरूले उसको पौरखलाई दिएको हाँक सहन सकेन। गाँठो फुकाई बाहिर निस्के। बाघ-बघिनीलाई लखेटे। दुवै भाग्दै जान्थे, गरिबन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लखेट्दै जान्थ्यो । गरिबनलाई छकाउन बाघबघिनी जताजता बाङ्गोटिङ्गो बाटो लाग्थे, कमलाले आफ्नो धारा पनि उतैउतै घुमाउँथ्यो । जोगी पोखरीमा पुगेपछि गरिबन कमलाको भासमा पऱ्यो । गरिबनलाई मृत्युको मुखमा पर्न लागेको देखेर गाउँलेहरूमा भागाभाग भयो । गरिबनको लास खोज्ने हिम्मत पनि कसैमा रहेन । कमला खोलामा तैरिरहेको गरिबनको लास बग्दाबग्दै लरायनदोहर भन्ने गाउँनिर लुगा सफा गरिरहेको एउटा धोबीको गोडामा ठोक्कियो । धोबीले त्यस लासलाई पटकपटक बगाउने चेष्टा गर्थ्यो, त्यो लास पटक त्यसको लुगा धुने काठनेर आइपुग्थ्यो । यसैबीच, एउटा मान्छे अतालिंदै, कराउँदै आयो र धोबीको घरमा आगो लागेको, भए जत्तिका कपडा स्वाहा भएको समाचार सुनायो । धोबी घरतिर भाग्यो । बाटोमा उसले घाँसी गोआरको जीउमा गरिबनको आत्मा चढेको कुरा सुन्यो । खेल्दाखेल्दै मनुखदेबा गरिबनले भन्यो –गाउँमा च्वाँकेमा पारी मलाई मारियो र मेरो दाहसंस्कार पनि गरिएन । त्यसैले कुनै धोबीको भट्ठी अब सप्रिनेछैन । धोबीहरूले अबदेखि त्यस गाउँमा बस्न पाउने छैनन् । म लरायनपुरदोहरमा गएर आफ्नो जातिको गोडामा ठोक्किएँ, तर त्यसले पनि मेरो संस्कार के गर्थ्यो, लात्तीले हिर्काएर पन्छाइदियो । अब तिमीहरूले नै भन, मेरो गति (मोक्ष) कसरी हुन्छ ?"

लरायनपुरदोहरको त्यस धोबीले घाँसी गोआरकहाँ आएर फेरि गरिबनलाई आह्वान गऱ्यो ।गरिबनको आत्माको आगमन त्यसको शरीरमा भएपछि, उसले त्यसको संस्कार गरिदिने वचन दियो र भट्ठी सपार्ने उपाय सोध्यो । गरिबनले आफ्नो संस्कारपछि त्यसको भट्ठी सप्रिने वरदान दिए । तैपनि उघरा गाउँका मानिस गरिबनको उत्पात हुने आशकाले भयभीत रहन्थे । त्यसैले गरिबन फेरि कसैको जीउमा प्रकट भए र भने–'यदि यस गाउँका लोग्ने मानिसहरूले गौनापछि आएकी आफ्नी दुलहीको फरिया आफ्नो टाउकोमा सटाउनेछ भने तिनी दोषमुक्त हुन्छन् र गरिबनको उपद्रव सहनु पर्नेछैन ।'

अहिले पनि उघराका लोग्ने मानिसहरू गौनामा आएकी श्रीमतीको फरिया निधारमा अवश्य सटाउँछन् । गरिबनले कुश्ती खेल्ने अखडा र कमलाको गहवर अहिले पनि विद्यमान छ । उघरा गाउँमा अझै धोबीहरू बस्दैनन् । धोबीहरूले आज पनि गुँड–खीर, दूध, खैनी पीनी, गाँजा, लाबाले भुइँमा महाराजको पूजा गर्छन् र पूजास्थलमा चिलिम भरेको हुक्का राखिएको हुन्छ । भनिन्छ, कुनै अदृश्य शक्तिले तानेको जस्तो हुक्काबाट धुँवा आपसेआप निस्किन थाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोतीदाइ (मोती मैया) :

मोतीदाइले बाल्यावस्थादेखि नै प्रत्येक दिन मिर्मिरेमै उठी गङ्गास्नान गर्ने गर्थिन् । बैंस आएपछि विवाह भयो, तर नित्यकर्ममा परिवर्तन आएन । उमेर बित्दै गयो । उनी अधबैंसे भइन् । पुत्र भएन । टोल-छिमेकका मान्छेले बाँझी भनेर गिज्याउँथे ।

एक दिन मोतीदाइ गोबर टिप्ने ढक्की (गोबरछितनी) लिएर गोठ गइन् । चरूवाहरूले यिनलाई आउन लागेको देखेर कुरा गर्न थाले- "लौ, यो बाँझी गोठमा आउन लागेकी छ । यसका आँखा गाई-भैंसीमाथि पर्छन् भने तिनी पनि बाँझा हुन्छन् ।' यो विचार गरेर सबै चरूवाहरूले आ-आफ्नो गाई वस्तु त्यहाँबाट पन्छाउन थाले ।

मोतीदाइले जब चरूवाहरूले यसरी गफ गरेको सुनिन्, उनको हृदयबाट मातृत्वको लहर उठ्न थाल्यो । सोंचिन्, यत्ति निष्ठापूर्वक विहानविहानै नित्य गङ्गास्नान गरेर के भयो ? तुलसाको मठमा पानी नहाली कहिल्यै अन्नजल ग्रहण गरिनन्, के त्यसको यही फल हो ? यत्ति दिनसम्म गहिल देउताको वेदी लिपें, के बाँझी कहलाउन हो ?' मोतीदाइ विक्षुब्ध गइन् । बौलाही जस्ती भएर मोतीदाइ घर फर्किइन् । खुर्पा समातेर गहिलको वेदी उखेल्न थालिन् । आज गहिलको वेदी उखेलेर पानीमा नसेलाई नछोड्ने निश्चय उनले गरिन् ।

अब गहिल प्रकट नभई धर भएन । तर, उनी विवश थिए । मोतीदाइको कोख आवाद हुन सक्दैनथ्यो । उनको पुर्पुरोमा पुत्र लेखेकै थिएन । मोतीदाइ गहिललाई नै प्रकट भएको देख्दा लज्जित भइन् । सबै कुरा सोंचेर अन्त्यमा जीवनलाई नै व्यर्थ ठानिन् । काँधमा बन्चरो बोकिन र अन्कन्टार जङ्गलतिर हिंडिन् । बाटोमा तिलजुगा खोला पर्दथ्यो । केराको रुखको नाउ बनाएर खोला तरिन् । जङ्गलबाट चन्दनका काठ काटेर थुपारिन् । एउटा चितालाई पुग्ने काठ जम्मा भएपछि उजैनी गाउँतिर लागिन् । चिता बनाउन थालिन् ।

मोतीदाइले यसरी आफ्नो चिता आफैले बनाउन थालेको देखेर गहिल चिन्तामा परे । छोरो नपाएर मोतीदाइ यसरी आत्महत्या गरेर मरिन् भने एक त ब्रह्महत्या लाग्छ, अर्को कुरा उनीमाथि कसैले विश्वास गर्दैन । यसै द्विविधामा फँसेर गन्थन गर्दै गहिल पुगे इन्दर कविलास । अब त उनको नाउँ नै संसारबाट मेटिने दिन आए । धेरै आराधनापछि इन्द्र भगवानले भने- "लौ, मोतीदाइले पुत्र त पाउँछिन्, तर छैठीकै दिन मर्छ ।" गहिल असिनपसिन हुँदै पुगे उजैनी गाउँ । मातीदाइले दागबत्ती बालेर आफ्नो मुखमा आफैले लगाउनै आँटेकी थिइन्, गहिलले हात समाते । भने-"लौ ऊठ, तैंले छोरो पाउँछेस्, तर त्यो छैठीकै दिन मर्नेछ ।" मोतीदाइ फर्किइन् । छोरो त भयो, तर छैठीकै दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मऱ्यो । हो, बाँझी अब कसैले भन्न नपाउने भयो ।

गणिनाथ-गोविन्द :

गणिनाथ गोविन्द मिथिलाका तेली, सूडी, कलवार र खास गरी, हलुवाई जातिका जातीय देउता हुन् ।

कुनै बेला ब्रह्मा, विष्णु, र महेशले के विचार गरे भने घोर कलियुग आएपछि संसारमा पापको बृद्धि हुनेछ र मानिसले दुःख पाउनेछन् । अतएव, एउटा यस्तो महापुरुषलाई संसारमा पठाउनु पर्छ, जसले लोककल्याण गर्नेछन् । सो निर्णयअनुसार यी तीनवटै देवताले मिलेर एउटा यज्ञको आयोजना गरे । यज्ञका लागि सात मन तील, सात मन जौं, सात मन धूप, सात मन घ्यू र अन्य शाकलको प्रबन्ध गरियो । हवन प्रारम्भ भयो । यज्ञको अग्निबाट एउटा बाह्र वर्षको बालक अवतीर्ण भए । ती वालक नै गणिनाथ भए । यी तीनवटै देउताले गणिनाथलाई भान्सेको रूपमा नियुक्त गरे । देवलोकमा पहिलेदेखि नै एउटा बाहुन भान्से छँदै थियो । तर गणिनाथले तयार गरेको भान्साको स्वाद अनुपम थियो । देवताहरू परम तृप्त र गद्गद् भए । पहिले देखिका भान्से बाजेलाई गणिनाथको तारिफ मन परेन । उसले थरी-थरी उपाय गरी गणिनाथलाई उपद्रव गर्न थाल्यो । भिजेको दाउराले भात पकाउन लगाउँथ्यो । काँचो दाउरा ठोसेको हुनाले चूल्होबाट निस्केको धुँवाले ऱ्यालसिंगान निस्किन थाल्थ्यो । आँखा राता हुन्थे । मथिंगलमा तिरिमिरिझ्याँइ हुन्थ्यो । आजित भएर उनले देउतासँग विदा मागे । देउताहरूले उनलाई देवलोकबाट मृत्युलोकमा पठाइदिए ।

मृत्युलोकमा गणिनाथ गङ्गाजीमा रहेको एउटा स्यानो द्वीपमा अवतरित भए । त्यहाँ एउटा झाडी थियो । झाडीमा एउटा बूढो खर काट्दै थियो । गणिनाथले बूढोलाई सघाउन थाले । पूरै झाडीलाई एकै छिनमा काटीवरि ठीक्क पारिदिए । खरैले बहत्तर हातको डोरी बनाई सबै खरको कुन्युँ एउटा औंलाले उचालेर बूढोको टाउकोमाथि हालिदिए । बूढोलाई त्यो बोझ फूलभन्दा पनि हलुङ्गो अनुभव भयो । बोझ त टाउको भन्दा पनि एक बित्ता माथि नै बिना कुनै अडेस अडेर हिड्दै थियो । दुवैजना घरतिर हिडे ।

त्यो बूढो कान् जातिको थियो । घरमा उनकी स्त्री कन्सार (अधियामा भूजा भुटिने ठाउँ) मा भुजा भुट्दै थिइन् । जब आफ्नो बूढो लोग्नेलाई टाउकोमा ठूलो बोझा बोकेर आइरहेको देखिन्, उनी तीन छक परिन् । गाउँलेहरू पनि ट्वाल्ल परी हेर्दै थिए । कन्सारनेर आएपछि बूढोले त्यो बोझा भुइँमा झारे । डोरो चुँडियो । खर छरफस्ट भयो र कुन्युबाट एउटी सुन्दर कन्या प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइन्। बूढो कानूलाई कुनै सन्तान भएन। कन्यालाई भावावेशपूर्वक छातीमा टाँसे र खनेसरी भनेर त्यसको न्वारान गरे।

गणिनाथलाई भोक लागेको थियो, तर कानूको घरमा अन्नको एउटा गेडो पनि थिएन। त्यो दिन गाउँको कुनै माछे कन्सारमा केही भुट्न लाउन पनि आएन। नवागन्तुक कन्याको परिचर्या गर्ने चिन्तामा बूढा डुबे। गणिनाथले बूढाको मनोभाव बुझिहाले। तिनलाई सिकामाथि राखिएको माटोको भाँडो (मटकुरी) बाट चामलको दाना ल्याउने आग्रह गरे। गोबरले भुँइ लिपेर त्यसमाथि बूढाको बाच्छी उभ्याई त्यसलाई दुहुन थाले।

भनिन्छ, विवाह गर्न आउँदा गणिनाथले आफ्ना जन्तीहरूसँगै बाटोमा पर्ने गहिरो नदी हिंडेरै तरेका थिए। विवाहमा जन्तीको भोजनका लागि पिठोको साटो गङ्गाको बालुवा र घ्यूको साटा गङ्गा जलको प्रयोग गरी पुरी पकाइएको थियो। जन्तीहरूले पूर्ण तृप्तिपूर्वक अघाएर भोजन गरेका थिए।

गणिनाथका खेमासतीबाट दुई छोरा र दुई छोरी भए। तर, उनको कीर्ति बढाउने कुनै सन्तान भएन। खेमासती सधै यसै चिन्ताले सताइएकी हुन्थिन्। साधनामा डुबेका गणिनाथले पनि खेमासतीलाई बिर्से। यसै चिन्ताले सताइएकी हुन्थिन्। उमेरको चौथोपनमा प्रवेश गरेकी खेमासतीलाई अब सन्तान पाउने आशा पनि रहेन।

एक समय कार्तिक महिनामा हुस्सु लागेको थियो र सूर्यग्रहण पनि लाग्यो। सबै गङ्गास्नान गर्न गए। दिनकर दीनानाथले सपना दिए- "खेमा, तँ पनि गङ्गास्नान गर्न जा। गङ्गामाइका कृपाले तँलाई कीर्तिमान पुत्र प्राप्त हुनेछ।"

दीनानाथको आज्ञाअनुसार, अर्को दिन एकाविहानै खेमासत्ती गइन। तर, गङ्गा पुग्दा अर्कै दृश्य देखियो। गङ्गामा ज्वार आएको थियो र किनारहरू भासिदै थिए। ती भासहरूमा किचिएर मर्ने विचार गरिन्। जुन घाटको सयसय मन माटो एकै चोटि पैरो जान्थ्यो त्यसै घाटतिर लागिन् र बलिन्द्र धारा आँसु बगाएर रुन पनि थालिन्। गङ्गामाइले उनको मनको व्यथा नबुझ्ने कुरै थिएन। उनी त आमा हुन्। उनी बूढीको रूप धारण गरी लट्ठी टेक्दै खेमा सत्तीनेर पुगिन्। सबै बृत्तान्त सुनेर गङ्गा माताले खेमालाई गङ्गामा डुबुल्की मार्ने र पहिल्यै डुबुल्कीमा जत्ति बालुवा र पानी पोल्टामा आउँछ, सबै लिएर घर फर्किने सल्लाह दिइन् र के भनिन् भने त्यसै बालुवा पानीले महिमाशाली पुत्रको जन्म हुनेछ। खेमामाइले त्यसै गरिन् र बूढेसकालमा पनि गर्भवती भइन्। उनको कोखबाट गोविन्दको अवतार भयो।

नौ महिनाको गर्भ भएपछि प्रसववेदना सुरू भयो। कमारी सलखी हिडिन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चम्पानगरबाट चम्पावती भन्ने सुँडिनीलाई बोलाउन। तर चम्पावतीले सर्त राखिन्, जबसम्म मेरो निम्ति सुगाप्वाँखे रङ्गको डोली आउँदैन र बत्तीसवटा कहारको व्यवस्था हुदैन, म राज पलवैया जान्न।' जबसम्म चम्पा चीरचोलो लगाई, र बत्तीस आभूषणले सोह्र शृङ्गार गरी तयार भई, भनेजस्तो डोली-कहार आइपुग्यो। चम्पा बिदा भइन् राज पलबैया।

उता गर्भमा गोविन्दजीले विचार गरे, यसरी डोलीकहार नआएसम्म सुँडिनीहरू नआउने परिपाटी बस्यो भने त गरिबगुरुबाहरूलाई निकै अप्ठ्यारो पर्ने हुन्छ। उनले आफ्नो महिमा देखाए। चम्पाको डोली बीचै बाटोमा चार टुक्रामा भाँच्चिएर चारतिर भए। चम्पाको खुट्टा पनि भाँचियो। तैपनि चम्पा खोच्याउँदा खोच्याउँदै राज पलबैया पुगिन्। तर, उनी पुग्नु भन्दा पहिले नै गोविन्दजीको जन्म भइसकेको थियो। जन्मिनासाथ गोविन्दजीले आफ्नी आमा खेमासत्तीसित सवालजवाफ गर्न थाले – "आमा, आमा, मलाई सुँडिनीले छुन नदिनुहोस्, होइन भने म हजुरको दुध पनि खान्न।" सुत्केरी कोठाको ढोकामा उभिएकी चम्पालाई भर्खर जन्मिएको बच्चाले यसरी बोलेको सुनेर अचम्म लाग्यो। केटीदेखि बूढी भएँ जस्तो अचम्म त पहिल्यै देखिएन।' – फत्फताउँदै चम्पा चम्पानगर फर्किइन्। गोविन्दको महिमा अझै नबुझेकी हुनाले बाटैमा अन्धी भई। फर्किएर फेरि गोविन्दसित माफी माग्न आइन्। गोविन्दले उनलाई गिद्धदृष्टि दिए। अब चम्पाले बत्तीस योजन देख्ने भई।

गोविन्दजीको लग्न स्थिर गर्न पण्डित बोलाइए। यिनी देवताका अवतार हुन् भन्ने कुरा पण्डितले बुझिहाले। तैपनि गणिनाथलाई यिनी राक्षस हुन् र यिनलाई जीवितै माटोमुनि पुर्नुपर्छ भनेर भने। गणिनाथले गोविन्दलाई माटोमुनि पुर्न जत्ति पटक माटोमा कोदालो हान्थे, कोदालो टुक्राटुक्रा हुन्थ्यो। विवश भएर गणिनाथले गोविन्दलाई माटोमुनि पुर्ने विचार छाड्नु पर्‍यो। अरू गोविन्दलाई काठको बाकसमा हाली गङ्गाजीमा फाल्ने निर्णय गरे।

गणिनाथको घरबाहिर ढोकैमा चन्दनको रुख थियो। बाकस बनाउन भनेर जब लुहारेहरूले बन्चरोले ढाल्ने प्रयत्न गर्थे, बन्चरो टुक्राटुक्रा हुन्थ्यो। अन्त्यमा गणिनाथले आफै बन्चरो समाते र हाने, रुख ढल्यो। त्यस काठबाट सन्दूक तयार गरियो र त्यसमा गोविन्दजीलाई हाली गङ्गाजीमा बगाइयो। तर गोविन्दजीलाई बचाउने प्रयत्नमा स्वयं गङ्गा माता संलग्न भइन्। केही दिनसम्म गोविन्दजी गङ्गाको पेटमा रहे। पछि उनले आफ्ना दौंतरी कारिखलाई सम्झे। कारिखसित गोविन्दजीले गर्भमै यारी गाँसेका थिए। कारिख कामरूप कामख्याकी जादूगर्नी नयनामयना जोगिनीको कालो जादूको प्रभावमा परी उसकै चाकरीमा लागेका थिए। नयनामयना र हिरियाजिरिया यस्ता जादुगर्नी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए कि ठूल्ठूला देउताहरूलाई बशमा गरी तिनलाई आफ्नो खटनमा हिंडाउँथे। चौसट्ठी कोसको कामरूपमा एउटै ढोका थियो। अजिङ्गरको दलिन, गोमन-करैतका माटा, साँकट भन्ने सर्पको गाँठ र अरिंगाल-बारूलीका डोरी दिइएका थिए कामरूप गढमा। सोखा शंभुनाथ बलेसीमुनि ठिंग उभिएका, राजा सल्हेस फुलबारीमा धुम्धुम्ती बसेका र द्यौला चौकीदार ढोकामा पाले बसेका थिए। नयनामयनाको अत्याचारले सिङ्गो संसार थुर्र काम्थ्यो। अब गोविन्दले कामरूप-कामख्या जाने विचार गरें। तर, यात्रा आरम्भ गर्नुभन्दा अगाडि आमा खेमासत्तीको आशीर्वाद लिनु आवश्यक थियो। गोविन्द हिंडे राज पलबैया। आमा खेमासत्तीले जब छोराको संकल्प थाहा पाइन्, उनका आँखाबाट बलिन्द्र धारा आँसु छुटे। गोबिन्दलाई नयनाभयनानेर नजाने आग्रह गरिन् तर जब छोरोले हठ गऱ्यो आशीर्वाद दिनै पऱ्यो- "तेरो जीउ बज्रको होस्।" आशीष पाएर गोविन्दले भने- "सबके लेखे मैया अनेक जादूटोनमा हमराले 'सिरि भगवान' (अरू सबैका लागिअनेक टुनामुना छन्, मेरा लागि मात्र श्री भगवान हुनुहन्छ।)

आमा खेमासत्तीले एउटा बाच्छो चुमेर दिइन्। गोविन्द त्यसै बाच्छोमा सवार भई कामरूपतिर उडे। तल धर्ती, माथि आकाश, बीचैबीच घोडाले पैंया ठोक्यो। एक घरी, एक पहर, नबित्दै उनी राज मोरङ्ग पुगिहाले। मोरङ्गमा गोविन्दजी कुसुमा मालिनकहाँ बास बस्न चाहन्थे, तर कुसुमाले बास दिन आलेटाले गर्न थालिन्। गोविन्दको अपमान गरेको हुनाले कुसुमाकी सासू त्यतिखेरै मरी, नन्द विधवा भई, अन्नधन-लक्ष्मी आकाश लाग्यो। कुसुमा गोविन्दलाई गुहार्न थाली। तर गोविन्दले वास्ता गरेनन्। बाच्छोमा चढी आकाश मार्गबाट प्रस्थान गरे। पुगे उसरी डीह। त्यहाँ एउटा डोमिनीले फाटेको गुन्द्रीमा आसन, बुच्चो भाँडोमा पानी ल्याएर दिई। साठी कुटेर भात पकाई, मुङ भुटेर दाल पकाई र छोरोको मासुको फरमाइसी तिहुन पकाई। गोविन्दजी डोमिनीको आतिथ्यले खुसी भए। आशीष दिए - "तँसित भाँडो नलिएसम्म मिथिलाको कुनै संस्कार शुद्ध हुने छैन। गोविन्दको कृपाले उसको मरेको छोरो पनि पुनर्जीवित भयो। भोलिपल्ट गोविन्द कामरूप पुगे।

गोविन्दले कामरूपको धर्तीमा पाइला टेक्नासाथ नयना-मयनाले गोविन्द पुगिसकेको चाल पाई। तीन सय जादुगर्नीहरू गोविन्दको रूपमा मोहित भए। कुनै सुनारले सुनले गोविन्दको देह रचेको हो कि, सिकर्मीले ताछेको हो कि, कुमालेले चक्रमा गढेको होकि बुझ्नै नपाई छक्क पर्दै उनीहरूले गोविन्दसित उनको परिचय र कामरूप आउने उद्देश्य सोधे। जब गोविन्दले उनी आफ्ना मित्र कारिखलाई नयना-मयनाको मायाबाट मुक्त गराउन आएको बताए,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूले बिन्ती गर्न थाले- "फर्केर जाऊ, नत्र नयनाले खान्छिन् ।" तर, गोविन्दे ढिपी गरे- 'अरूका लागि कामरूप जादू-नगर भएपनि मेरो लागि ससुराली हो ।' "त्यसो हो भने त हामी हजुरका सालीहरू नै पऱ्यो । के हाम्रो हातबाट पान पनि खान मिल्दैन ?"-जादुगर्नीहरूले आग्रह गरे । तर, गोविन्दजी न त जादुगर्नीहरूको रूपमा मोहित भए, न उनले दिएको पान खाए ।

'बाबु तपस्वी, म आफू जोगी । पानको मज्जा के लिनु ?'- गोविन्दले भने । जादुगर्नीहरूले आँचलका गाँठा फुकाइ-फुकाई जादू झिक्न र गोविन्दमाथि हान्न थाले । अग्निबाण चलाउनासाथ सयसय मनका आगोका चट्टानहरू बर्सिन थाले, तर गोविन्दका लागि ती शीतल पवन बने । उनीहरूले नागवाण चलाए, गोविन्दले गरुडवाणले निलिहाले । यसरी दुवैतिरबाट हानथाप चल्यो । जादुगर्नीहरू पराजित भए ।

यी सबै कथा नयनामयनाले थाहा पाइन्, त्यसले जादुकै एउटा नगर बसाई । त्यस नगरमा अनेक पसल थापिए । सबै पसलमा जादुगर्नीहरू सोह्र शृङ्गार, बत्तीस आभूषण गरी बसेका थिए । तर, गोविन्द कसैको रूपमा आकर्षित भएनन् । पछि नयना-मयनाको त्यो जादुको गढ भत्काइयो । नयना-मयना समातिई । गोविन्दका परियार, फेकूराम पनि उनको सहायता गर्न भनेर सुनको लौरो समाती, झुनकी खडाउँ लगाई, सैला बाघ चढी त्यहाँ आइपुगे । नयना-मयनासित कारिखको ठेगाना सोधियो, तर कसैले केही बताउन मानेन । फेकूरामले तिनको पाता फर्काए र यातना दिन खोज्दै थिए कि तिनी जादूको बलले परेवा भई उडे । गोविन्दले बाज चरो बनेर लखेट्न थाले । गोविन्दलाई बाज बनेको देखेर उनी माछा भए र जमुना नदीमा हामफाले । गोविन्द बगुल्ला भए । उनीहरू जुका बने, गोविन्द बोआर माछा भए । यसरी भिन्नभिन्न रूप फेरी युद्ध चलिरह्यो । अन्त्यमा गोविन्दले तिनलाई आफ्नो कब्जामा लिई छाडे । तिनले कारिखको ठेगाना बताउनै पऱ्यो । कारिख अस्सी कोसको तरहरामुनि, असी मनको फलामे सिक्रीले बाँधिएर, आखामा फलामको पट्टी हाली, कानमा सीसाको ठेकी हालिई, बीसै औलामा फलामे किला ठोक्किई, छातीमाथि अस्सी मनको चट्टान हालिई राखिएका थिए । तरहरामाथि हरिया बाँसको घारी उमारिएको थियो र ती बाँसमा झुण्ड्याइएको पिङमा नयना-मयना मच्चिने गर्थे । तरहरा खनियो । कारिख मुक्त भए । छप्पन कोटि देउतालाई पनि जादुगर्नीको जालबाट मुक्त गराइयो । सबै आ-आफ्नो लोक गए ।

आफ्नो यार कारिखसँग गोविन्दजीले घरतिरको साइत गरे । साथमा नयना-मयनालाई पनि पात फर्काई डोऱ्याइयो । पहिले सबैजना कारिखको गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुगे । कारिखकी आमा अपुरा सत्ती आफ्नो छोरोको आगमनमा हर्षविभोर भइन् वा बाह्र वर्षपछि छोरोको अनुहार देख्न पाएकी थिइन् । जादुगर्नीहरूलाई देखेर पहिले त अपुरालाई आश्चर्य भयो । पछि सबै बृतान्त सुनेपछि क्षोभ उब्जियो । गोविन्दजीले जादुगर्नीहरूलाई बलि दिन चाहन्थे, तर अपुरा आमाको कुरा मानी तिनले स्त्रीबध गरेनन् मात्र उनको जादू भिकेर अढाइ अक्षर बाँकी छाडिदिए । यसै अढाइ अक्षर जादुले दुनियाँका बोक्सा-बोक्सी अहिल्यै करामत देखाउँदै छन् ।

पश्चात् गोविन्दजीले पलवैया राजको शासन सम्हाले । भनिन्छ, गोविन्दजीले गारखनाथलाई पनि आफ्नो चेलो बनाएका थिए ।

फेंकूराम :

फेकूरामको जन्म कानू-हलुवाइ कुलमा भएको थियो । दयाराम र मनसाराम यिनका परम मित्र थिए । तिनै मित्र उजैना नगरीमा बस्दथे । फेकूरामको गौना भयो । उनी कोहबर घरमा पसे र त्यहाँबाट दुई दिनसम्म निस्किँदौ निस्किएनन् । फेकूकी आमा लछमिनिया माइलाई रिस उठ्यो । बुहारीले छोरोलाई विगारी भन्ने उनको सोंच थियो । नभए सबैका गाईवस्तुहरू चउरमा चर्न गए, उनका गाईवस्तु गोठमै बसेका छन् । लछमिनिया माइले बुहारी सती सोनमन्तीलाई सराप्न थालिन् ।

सासूले यसरी सरापेको सुनेर बेहुली सोनमन्ती रुन थालिन् । उनी आफ्नो लोग्ने फेकूरामका गोडा मिच्दै थिइन् । आँशु तप्प चुहिएर फेकूरामको तिघ्रामा झऱ्यो । फेकूरामको निद्रा खुल्यो । रुने कारण सोध्दा सबै कुरा बुझे । सुनको लौरो समाती, झुनकी खडाउँ लगाई, बाहिर निस्किए । गाइवस्तुका दाम्ला फुकाए र कोशीको फाँटमा चराउन निस्किए ।

सती सोनमन्तीले बाह्र वर्षअगाडि र बाह्र वर्ष पछाडिका कुरा थाहा पाउँथिन् । अब कोशी फाँटमा गएपछि उनको लोग्ने फर्किएर आउने छैनन् भन्ने कुरा उनलाई थाहा थियो । त्यसैले आज आफ्नै हातले खाजा खुवाई मात्र आफ्नै लोग्नेलाई उनी बाहिरा जान दिन चाहन्थिन् । तर, आमाको हपारबाट रिसाएका फेकू भोकभोकै हिडिहाले । जाँदाजाँद्रा श्रीमतीलाई भने-"तुलसाको मठनेर मैले एक कचौरा दूध राखेको छु । तुलसीको विरूवा ओइल्यायो र दूध रगतमा बदलियो भने म यस ससारमा रहिन भन्ने कुरा बुझ्नू ।"

कोशी खोलाको किनारमा रहेको चन्दनको रुखको स्याहालमा गम्छा ओछ्याई फेकूराम पल्टिए । गाइवस्तुहरू चर्न थाले । केही बेरपछि सातसय बघिनी झुम्दाझुम्दै केदली वनबाट निस्किए । सबैले फेकूरामलाई घेरिहाले । फेकूराम थिए त साहै बलिया, तर बघिनीहरूको यत्रो ठूलो बथान देखेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतालिए । बघिनीको नेतिनी लुली बघिनीलाई भने– "पालो पालो गरी आइज, अनि हेर्छु ।" लुली तयार भई । आलोपालो गरी आउने एकएक बघिनीलाई मार्दै कोशीमा फाल्दै गरे । मात्र लुली बाँकी थिइ । खोलामा बघिनीहरूको लासले पुल बन्यो, तर फेकूराम लखतरान भए । लुली बघिनी अझै बाँकी थिइ । सात दिन सात रातसम्मयुद्ध चल्यो । अन्त्यमा उनी लुली बघिनीद्वारा मारिए । उनको लास भुँइमा थियो र प्राण उडेर चन्दनको रुखमा बस्यो ।

त्यसै जङ्गल भएर सात सय व्यापारीहरू गोरूको व्यापार गर्न जाँदै थिए । फेकूरामले मानिसको रूप धारण गरी ती व्यापारीहरूको माध्यमले उनी मरेकोले उनको संस्कार गरिदिन भनेर आफ्नो गाउँमा सूचना पठाए । कानूहरू आए र कोशी किनारमा चिता बनाई फेकूरामलाई त्यसमा हालिदिए । फेकूरामको शरीरबाट स्वतः अग्नि निस्कियो र चिता हुर्हुर थाल्यो । फेकूरामको बल्दो चितामा हाम फालेर उनको बिछोड सहन नसकेर उनका मित्र दयाराम मनसरामले पनि प्राणान्त गरे ।

फेकूरामको श्राद्धको भोजमा फेकूराम, दयाराम र मनसारामलाई आफै भोजन पस्केको देखेर मानिसहरू डरले थुरथुर काम्न थाले, तर पछि यिनको दैवीशक्तिको बोध भएर सबैले शिर झुकाए । यी तीनवटा मनुखदेवा गणिनाथ गोविन्दका सहायक भएर आज पनि जनकल्याणमा संलग्न छन् ।

कारिख : राज परौलमा एउटा भगत राजा थिए । उनको नाउँ जोतिक थियो । उनी दिनकर दीनानाथका भक्त थिए । विहानै उठेर पहिले दिनकरको पूजा गर्थे, त्यसपछि मात्र राजकाजमा लाग्थे ।

एक दिन राजा जोतिक एक सय एक हलो लिएर केदली वन जोत्न गए । जोताइमा लागेको हुनाले दीनानाथको पूजामा ढिलो हुन गयो । एक पहर, दुई पहर, पहरपछि पहर बिते, जोतिकले पूजा गरेन । दीनानाथ बाहुनको रूप धारण गरी परौली राज पुग्नुभयो । जोतिकको आमा अपुराबाट जोतिक केदली वन जोत्न गएको कुरा थाहा भयो । दीनानाथ केदली वन पुगे । बाहुनरूप धारी दीनानाथले जोतिकलाई छिटो पूजा गरी अन्नजल ग्रहण गर्ने सल्लाह दिए, तर जोतिक जोताइ सकेर मात्र पूजा गर्न चाहन्थ्यो । दीनानाथलाई झ्वाँक चल्यो । जोतिकलाई कोर सल्कने श्राप दिए र अर्न्तध्यान भए । अन्तर्ध्यान हुनासाथ जोतिकको हलो, गोरू, राजापाट सबै नष्ट भए । उनी खाली हात घर फर्किए र श्रीमतीलाई सम्पूर्ण कथा सुनाए । उनले प्रायश्चितका लागि केदलीवनमै गई कठोर तपस्या गर्ने इच्छा व्यक्त गरे । उनकी सती श्रीमती बाह्र वर्ष अगाडि र बाह्र वर्षपछाडि हुने घटनाको चाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउँथिन् । घोर तपस्यामा लीन भएपछि लोग्ने अब बाँच्ने छैनन् भन्ने कुरा उनले थाहा पाइन् । त्यसैले तपस्या गर्न नजान बिन्ती गरिन् ।

'गौनाके सरिया हो सामीनाथ,
रंगो ने मलिन भेल ।
हाथके कंगना हो सामीनाथ,
खोललो ने गेल ।'

(अहिले त बिहामा लगाएको फरियाको रंग पनि मलिन भएको छैन, हातका कंगन पनि फुकालिएका छैनन् । अहिल्यै तपाईको बिछोड सहेर कसरी बाँच्न सक्छु ?) जोतिक त्रियाहठमा परे । माइत जान पनि मानिनन् । अन्त्यमा जोतिकले सतीलाई एउटा फूल दिएर भने- 'बाह्र वर्षसम्म म तिम्रो सपनीमा आइ-गइरहन्छु । मसित नहिंड ।' त्रियाले मान्नै पर्ने भयो । जोतिक तपस्याका लागि हिंडे, तर सतीको सपनामा आइरहन्थे । बाह्रौ वर्षमा सती गर्भवती भइन् । प्रसव-वेदना हुन थालेपछि छलकी चाकर्नीलाई सुँडिनीकहाँ पठाइन् । तर, सुँडिनी परौल राज जान तयार भइनन् वा सर्त अनुसार, सुगापंखी रंगको कपडाले ढाकिएको रातो रंगको डोली झिकाएपछि मात्र सुँडिनी डोलीमा बत्तीस कहारले बोक्न लगाई । परौल राज पुगी । तर सुँडिनी पुग्नुभन्दा अगावै कारिखको जन्म भइसकेको थियो ।

शुक्ल पक्षको चन्द्रमा झैं कारिख बढ्न थाले । शैशवावस्थामै बाघ-बघिनीलाई डोरीले नाथेको हुनाले उनको कीर्ति फिजिन थाल्यो । एकपटक मानिसहरूले सयला-स्नान गर्न जान मनाही गरे पनि उनी सयला खोला नुहाउन गए र त्यहाँ भएको नाग-नागिनलाई कुशको झारले नाथे ।

उमेर छिप्पिंदै गएपछि कारिखलाई आफ्नो पिताको बारेमा जिज्ञासा भयो । उनले आमाबाट पिता केदली वनमा तपस्या गरिरहेको कुरा थाहा पाए । कारिख पिताको खोजीमा निस्किए । कारिख हिड्नासाथ परौली राज शून्य भयो । कारिखका पिता केदली वनमा भेट्टिएनन् । मालीबाट थाहा पाए- उनका पिता गङ्गाको किनारमा पीपलको रुखमुनि तपस्या गर्दारैछन् । तर कारिखले त्यहाँ पनि पिता भेट्टाएनन् । पिताको वियोगमा कारिख भक्कानिएर रुन थाले । पुत्रको रूवाइबाट द्रवित भई गङ्गाजीले बूढीको रूप धारण गरी कारिखलाई उनको पिता तपोबलले बैकुण्ठलाभ गरेको सूचना दिइन् । कारिख बैकुण्ठसम्म पुगे र पितालाई आमाकहाँ फर्किने आग्रह गरे । जोतिकले मृत्युलोक फर्किन अस्वीकार गरे । पिताको आशीष लिएर कारिख परौल फर्किए । केही दिनपछि कामरूप कामख्यामा नयना-मयना जादुगर्नीको अत्याचार बढ्यो । नयना-मयना दिदीबहिनी थिए । उनीहरूले आफ्नो जादूको प्रभावले छप्पन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोटि देउतालाई कमारा बनाएर राखेका थिए । देउताहरूको गुहार सुनेर उनी कामरूप-कामख्या गए । हिरिया बिरियाको जादूको गढ भत्काउने यत्न गरे । तर नयना-मयनाको रूपजालमा अल्झिएर त्यहाँ आफू पनि कमारा भए ।

बाह्र वर्षपछि आफ्नो यार गोविन्दजीको युद्धमा नयना-मयनाको बन्दी जीवनबाट मुक्त भए ।

दुलरा दयाल :

बखरी-सलेनाको चौबाटोको इनारमा नन्द र भाउजू पानी भर्दै थिए कि एउटा बटुवा आइपुग्यो- "ए पँधेर्नी बहिनी, ठूलो जातका भए पानी ख्वाउनुहोस्, होइन भने डोल-डोरी पाऊँ, तानेर खान्छु ।' नन्द र भाउजूले परिचय सोधे । नन्दले पनि परिचय दिई- "मेरो नाउँ अमरौटी । माइत-बखरी राज । बाबुको नाम - दुखरन सहनी । आमाको नाम-बहुरा ठकुराइन । घर-भरौडा । ससुरा-माल बिसंभर, सासू-गजमोती । लोग्नेको नाउँ भन्न लाज लाग्छ ।"

बटुवाले परिचय दियो- पदेर्नी बहिनी, मेरो नाउँ दुलरा दयाल । घर भरौडा । बाबुको नाउँ-मालबिसम्भर । आमाको नाउँ- गजमोती । काकाको नाउँ-भिमल सहनी । ससुराली - बखरी । ससुराको नाउँ- दुखरन सहनी । सालाको नाउँ- मानिक चन्द । सासूको नाउँ-बहुरा ठकुराइन । सालोकी श्रीमती- सोनमतिया । स्वास्नीको नाउँ कसरी भनुँ ? लाज लाग्छ ।"

बटुवाको यो परिचय सुन्नासाथ दुलरा दयालकी स्वास्नी अमरौटी पानी भर्न छाडी, लजाएर घुम्टो ओढी भाउजू सोनमतियासित टाँसिएर थचक्क बसी । बाह्र वर्षपछि नन्दको लोग्नेलाई देखेर सोनमतिया अनेक थरीले जिस्काउन थालिन् । कुरै कुरामा दयाल सिंह श्रीमतीको गौना गराउन आएको कुरा बुझियो । सुन्नासाथ सोनमतिया अकमक्क परी । किनभने उसलाई थांहा थियो, गौनाका लागि ज्वाइँ बखरी राज जान्छन् भने सासूले उनलाई फर्किएर जान दिदिनन् । ज्वाइँको निहुँमा बहुराले गाउँका बोक्सी जादुगर्नीहरूसित पैंचो उधारो लिएकी थिइन् । ज्वाइँलाई दिएर उनीहरूको पैंचो तिर्नु थियो । दुलरा दयालको जवान, पोटिलो- गठिलो जीउडाल, अमरौटीको रातो सिउँदो, हातका लहठी र सोह शृङ्गार देखेर सोनमतियाले रुनचे अनुहार लगाइन् । दयाल सिंहलाई त्यसै पँधेरोबाट डोलीमा बसाई अमरौटीको गौना गर्ने सल्लाह दिइन् । तर, दुलरा दयालले त्यसो गर्न मानेनन् । बखरी राजबाट विधिव्यवहारसँगै झ्याइँझ्याइँ पञ्चेबाजासँगै श्रीमतीको गौना गराउने संकल्प त्यसले सुनायो । आफ्नी स्वास्नीलाई यसरी चोरझैं किन लग्नु पर्‍यो ? अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पाँचवर्षे त्यो बेहुला होइन जसको जन्तीमा आएका सात सय मलाहालाई सासू बहुरा ठाकुराइनले जादूको बलले बलि लिएकी थिई। भरौरा राजका सात सय गोढिन एक्कैसँग विधवा भएकी थिइन्। अब त ऊ गुरु जसोधाबाटै सिकेर नटवर दयाल भएको छ। उसले इन्द्र देउताको वरदान पाएको छ। इन्द्रासनमा आफ्नो नाचले त्यसले इन्द्र भगवानलाई रिझाइसकेको छ। आज ऊसित मोहना मनरिया छ, जसले मान (एक किसिमको ठूलो मादल) मा थाप दिएर, राता कच्छा, जामा लगाएर नटवर दयालको घुँगरूसँगै नाच्न थाल्दा सृष्टि टक्क अड्छ। त्यसैले अब सासू बहुरासित टक्कर लिने पूरै सामर्थ्य त्यसमा आइसकेको छ। यसपालि त्यो साटो फेर्न नै आएको छ। बखरी राजले भरौरा राजको इज्जत माटामा मिलाएको थियो। दुखरन सहनी र बहुरा ठकुराइन दुवै पति-पत्नी गङ्गास्नानका लागि गएका थिए। उनको डेराको छेउमै भरौराका मालविसंभर र गजमोती दुवैको डेरा पनि थियो। दुवै परिवार मलाहा थिए र दुवैका स्वास्नी गर्भवती थिए। चिनापरिचय गहिरो भएपछि दुवैले निश्चय गरे-दुवैको गर्भबाट छोरा जन्मिए, दुवैलाई दोस्त बनाउने, कन्या जन्मिए सखी हुने र पुत्र-पुत्री जन्मिए पति-पत्नी हुने। कालक्रममा बहुरा ठकुराइनले अमरौटी छोरी पाई, गजमोतीले दुलरा दयाल छोरा पाए। बाचाअनुसार, दुवैको विवाह भएको थियो। तर, बहुरा नामुद बोक्सी थिई। छोरीको विवाहमा आएका सात सय जन्तीलाखई काँचै खाएकी थिई, जादूले। दयालसिंहका काका भिमल सहनी भतिजालाई लिएर सुँइकुच्चा ठोकेका थिए। बहुराले उनको पनि ज्यान लिएकी थिइ। यस क्षतिको पूर्ति नगराएसम्म दुलराको मुटु पोलिरहनेछ।

आफ्नो जादूको बलले, कमलामाइको सहायताले र दोस्त अहिराको जादूले दयालसिंहले बखरीका सबै जादुगर्नीलाई नाथे। उनले सासू बहुराका सबै मन्त्रलाई निस्तेज पारी अढाइ अक्षर जादू मात्र छाडे, जसलाई लिएर संसारका जादुगर्नीहरू आजसम्म गुजारा गर्छन्। बखरीमा डोली झिकाई दुलरा दयाल राजा भरौरा बिदा भए। तर उनी थिए कमला माइको फूलको सोली। गाउँ नजिककै बलथी खोलामा डोलीमा बसेकी अमरौटीसँगै बिसर्जित भए।

गाँगो :

माछाको जाल फिजाउनुभन्दा अगाडि मलाहाहरूले पोखरी वा खोलाको डिलमा गोबरले लिपेर सबै देवी-देउतासँगै सिन्दूर, बिन्दी, पान, प्रसाद, धूप-दीप आदिले गांगो देवीको पनि पूजा गर्छन् र जालमा माछा पार्ने प्रार्थना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छन् ।

झुत्रो-झाम्रो लगाएर गांगो देवीको जनम भएको थियो र पाटम्बर लगाएर छैंठी भयो । उनी जब किशोरी भइन्, झुमरी खेल्ने बेलामा उनको ग्रीबाहार झऱ्यो । गांगो रुन थालिन् । गांगोका भाइले ग्रीबाहार किनेर ल्याइदिने आश्वासन दिए । एक दिन बिछिया (पाउजु) हरायो, भाइले बिछिया किनेर ल्याइदिने आश्वासन दिए । सयला खोलामा नुहाउँदा निधारको बिन्दी झऱ्यो । मलाहा बोलाइयो ।

बैंस आयो । विवाह-द्विरागमन भयो । एक दिन गांगो देवी पानी भर्न जमुनातिर पुगिन् । त्यहाँ हिलसा, पङास, थरी-थरीका माछा बगेको देखिन । घर फर्किएर ससुरा, जेठ र पतिलाई माछा मार्न जाने सल्लाह दिइन् । ससुरा र जेठले जाल त फिंजाए, तर घोङी सेमाल मात्रै पऱ्यो । अन्तमा गांगोको नाउँ स्मरण गरेर लोग्नेले जाल हाले-हिलसा, पङास, रोहू र बोआरले जाल टम्म भरियो । सबै माछा हाटमा बेचेर आएको पैसा गांगो आचलमा बाँधी कलालको दारू भट्ठीमा पुगी-लोग्नेका लागि दारू किन्न । तर, दारू जत्ति बिक्री भइसकेको थियो । हस्याङ-फस्याङ गर्दै गांगो तमोलिनकहाँ पान किन्न पुगिन्, तर पानको एक टुक्रा पनि पाइएन ।

लोग्नलाई कोसेलीमा नदारू, नपान किनेकी हुनाले लोग्ने रिसाएर परदेश हिंडे । गांगो देवीको भक्कानो छुट्यो - "कहाँ गेल, किए भेल' गामके बहिनपा, सामीजीकै दियउ ने मनाए ।" (गाउँका सखी सहेलीहरू कता गयौ, मेरा पतिलाई फकाइदेऊ न) गांगो देवीको क्रन्दन सुनेर द्रवित भई उनका पति फर्किए ।

गांगोको विलाप अत्यन्त हृदयविदारक छ ।

जयसिंह :

जयसिंह पनि मलाहाहरूकै लोकदेवता हुन् । चिन्तामनका पुत्र जयसिंह आमा जसुमतिको गर्भबाट अवतरित भए । लालपुर गाउँमा हर्षबढाइँ हुन थाल्यो । तर, उनी जन्मिनासाथ धर्ती डगमग-डगमग गरी हल्लिन थाल्यो । इन्दर कविलास हल्लियो । चौध कोस तिरहुत हल्लियो । कमलाको आसन सिंहासन हल्लियो । मैनीमंठ गहबर हल्लियो ।

मैनी मंठ गहबरमा बसेकी कमला अतालिइन् । कुन यस्तो वीरको अवतार भयो ? कमला सोंचमा परिन् । धेरै गन्थनपछि बुझिहालिन्, उनकै फुलडलिया (सेवक) ले अवतार लिएका छन् । उनले मालिनको रूप धारण गर्छिन् । एउटा फुलडालीमा बेली चमेलीका फूल भर्छिन् र चिन्तामन मरडकहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुग्छिन् । ढोकामा मालिन पुग्नासाथ बच्चा जयसिंह चेहाँ-चेहाँ गरी रुन थाले । आमाले काखमा लिंदा रुनथे, मालिनको काखमा जानासाथ हात-खुट्टा फाली खेल्न थाल्थे । जसुमती यताउती गएकी थिइन् । मालिन बच्चा लिएर बेपत्ता भइन् । फर्किएपछि मालिन र बच्चालाई नदेखेर छाती पिटी-पिटी, भुँइमा लोट्दै रुन थालिन् ।

मैनागंढ गहबरमा कमलाले जयसिंहलाई रेशमको धागो र असी मन चामलको सिक्रीले बाँधिन् । तर, दूधे बालक जयसिंह जोरले फलामे सिक्रीलाई हल्लाउँथे, सिक्री टुक्रा-टुक्रा हुन्थ्यो । जयसिंह मुक्त भए । चिन्तामग्न चिन्तामनलाई कमलाले सपना दिइन्- हिरनी खोलामा हिलसा, पङास, रोहू, बोआर बग्दैछन् । सात निद्रामा डुबेका मरड झस्किएर उठ्छन् । जालपात समाल्छन् । भाइ वीरबल सहनीलाई साथ लिन्छन् । माता जसुमतिले जाल चुम्छिन् र दुवै दाजु-भाइ माछा मार्न निस्किन्छन् । घाटमा पुगेर दुवै दाजुभाइले छप्पन कोटि देउतालाई सुमिरेर पान-प्रसाद, गाँजा-ताडी चढाउँछन् । माछाहरू आउँछन्, तर फस्दैनन् । जाल पनि हिलोमा अल्झिन्छ । मरड पानीमा गई जाल झिक्छन् । तर, पानीमा रहेको कमला माइको सिपाही बालासिंह चिन्तामन मरडलाई समातेर पनीको मुनिमुनि मैनामंठ गहबर पुऱ्याउँछन् । दाजुलाई धेरै बेरसम्म पानीबाट ननिस्केको देखेर भाइ वीरवल उनलाई पानीको कुनै जनावरको शिकार भएको अनुमान गरी रुँदै घर फर्किन्छन् । जयसिंह त्यहाँ पहिलेदेखि नै पुगेका थिए । आफ्नो पिता डुबेको खबर सुनेर जयसिंह आगो हुन्छन् । रिसाएर जयसिंहले कमलाको गहबर भत्काइदिन्छन् । बेदी खनेर पानीमा सेलाइदिन्छन् । हिरनी खोलामा बाँध बाँधिदिन्छन् । कछुवा, माछा, गोही र अनेक जीवजन्तुहरू सुकेको डिलमा आएर तड्पिन थाल्छन्, तर चिन्तामनको कतै अत्तोपत्तो पाइँदैन ।

पर कतै सात पञ्च मिलेर पीपलको रुखमुनि कमला माइको पूजा गरिरहेका हुन्छन् । हुक्काको गन्ध पाएर काका बीरवललाई अचम्म लाग्छ, तर कुनै पञ्चले उनलाई हुक्का दिन मान्दैन । जयसिंह ती सबै सात सय पञ्चलाई एक-एक मुड्की हान्छन् । सबै दुई-दुई हात जमीनमुनि तल धस्छन् । सात सय गोढिन विधवा हुन्छन् । हिरनी खोलाबाट जयसिंहले सूचना पाउँछन्, कमला गहबरमा चिन्तामन बन्दी छन् । झ्यापुल्ले कुकुर, बाघ-बघिनी, अरिंगाल बारूली, नाग-नागिन उसका पहरा गर्छन् । जुन कोठामा मरड बन्दी छन् त्यसमा भुन्ना माछाको ढोका लागेको छ । मरडका हात गोडा अस्सी मनको सिक्रीले बाँधिएको छ र छातीमाथि असी मनको चट्टान छ ।

जयसिंह मैनीमंठ गहबर पुग्छन् । झाँझी कुकुरलाई रोटी, बाघ-बघिनीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खसीको साँप्रो, अरिंगाल-बारूलीलाई गुडको डल्लो र नागनागिनलाई दूधको कचौरा दिन्छन्। ती सबै आ-आफ्न प्रिय भोजनतिर झम्टिन्छन् र जयसिंह भित्र छिर्छन्। ढोकानिर पुगपछि पुरिबा-पछिवा बतासलाई निम्त्याई खरमा आगो बालेर भुन्ना माछालाई पोल्छन्। छटपट गर्दै माछा छेउ लाग्छन्। ढोका ढल्छ। जयसिंह पितालाई मुक्त गरिहाल्छन्।

अमरसिंह :

बदिला चमार अनिंद्य सुन्दरी कमलासित विवाह गर्न चाहन्थ्यो। तर, कमला त मलाहाहरूकी पूज्या कुलदेवी थिइन्। बदिलालाई पतिको रूपमा कसरी स्वीकार गर्न सक्थिन् ? रूपवती कमलाको अङ्ग-अङ्गमा उद्दाम यौवनको तरङ्ग तरंगित थियो। रूपसी कमलासित विवाह गर्ने उत्साहमा बदिलाले सिन्दुरे पर्वतबाट सिन्दूर झिकाएको थियो, विवाहका पोसाक बनाउन लगाएको थियो र कोहबर कोठा समेत बनाएको थियो। बदिलाको यो पाप-योजना मलाहालाई सह्य भएन। माता कमलाप्रति यस्तो कुकृत्य-भावना राखेकोले इन्द्रासन हल्लिन थाल्यो। इन्द्रासनबाट अमरसिंहलाई मृत्युलोक पठाइयो। आमा ज्ञानीको गर्भबाट अमरसिंहले अवतार लिए। जन्मिनासाथ अमरसिंहले सय-सय दण्डबैठक गर्न थाले। पिता भगवान रामलाई पार गराउने केवट जातिका थिए। छोराको रुचि देखेर लाली अखडा बनाउन लगाए। सुन्दरी समाधन नाउँको दुलहीसित विवाह पनि गराइदिए। तर अमरसिंह रात-दिन कुश्ती खेल्न व्यस्त थिए। गौनाम भएपनि समरधनलाई कुनै पनि सुख प्राप्त भएन। अमरसिंहको पराक्रमको गाथा सुनेर कमला अमरसिंहको ढोकामा पुगी। चौध कोस तिरहुतकी ठकुरानी कमला र त्यससित विवाहको प्रस्ताव राख्ने हिम्मत गर्ने बदिला वा अमरसिंह बाँचुञ्जेल यो कसरी सम्भव थियो ? आमाको आशीष लिएर अमरसिंह कमलाको रक्षाका लागि जान चाहन्थे। तर, आमाको हृदय भएकोले अरूका लागि आफ्नो ज्यान उत्सर्ग गर्न छोरोलाई आशीष दिइनन्। तर, पुत्र हठको अगाडि विवश हुनु पऱ्यो।

आमाको आशीर्वाद लिएर अमरसिंह आफ्नी श्रीमती समरधननेर गए। पतिलाई युद्धमा पठाउनुभन्दा अगाडि समरधनले उनको शौर्यको परीक्षा लिन खोजिन्। सात समुद्र पारि धौलागिरी पर्वतमा अक्षयबट छ, रुखमा धोद्रो छ, धोद्रोभित्र गेरुली पेटारो छ, पेटारोभित्र साडी छ। त्यो साडी समरधनले लगाउँछिन् भनी अप्सरा हुन्छिन् र आकाशमा उड्न सक्छिन्। त्यो साडीले अमरसिंह बदिलालाई मार्न सक्छन्। त्यसैले समरधनले लोग्नेलाई त्यो साडी ल्याइदिने ढिपी गरिन्। पेटारोको रक्षाको लागि खटिएका नाग-नागिन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाघ-बघिनी,अरिंगाल बारूलीलाई परास्त गर्नु सजिलो थिएन। तर, अमर सिंहले समरधनको त्यो रहर पूरा गरिछाड्यो। गेरुला पेटारोको साडी पाएर समरधनले पतिलाई बिदा गरिन्।

बदिलाको अखडामा वीर जलक्षत्री, कजरौटिया, पंजाबी पहलमानहरू थिए। अमरसिंहले बदिलाका सबै दाउपेच बुझे र गुप्त रूपमा मालिनको घरमा बास लिए।

दोहोरो कच्छा कम्मरमा लगाई अमरसिंह जब एक दिन त्यस अखडामा कुदे, उसले तिघ्रा ठटाउनासाथ पृथ्वी काम्यो, बदिलाको आसन सिंहासन हल्लियो, रुख विरूवाका पात झर्झर गरी झर्न थाले। कमलाका लागि बनाइएको कोहबर त्यो भैंचालोमा लडेर चर्ल्यामचुर्लुम भयो। अशुभ लक्षणहरू देखेर बदिला लाली अखडामा आइपुग्यो। उसले पाल्का सबै पट्ठा पहलमानहरूलाई मारेर अन्तमा अमरसिंहले बदिलालाई पनि पछारी स्वर्ग लोक पठाइदिए। तैपनि अमरसिंहको क्रोध शान्त भएन। उनी पापीहरूलाई धर्तीबाट निर्मूल गर्न बदिलालाई निर्वश गर्न चाहन्थे। बदिलाकी पत्नी दोजिया थिई। अमरसिंहले उसको कोखमा एक लात हाने। सालनालसहित बदिलाको छोरो पिछडा गर्भबाट भुँइमा झऱ्यो। जन्मिनासाथ पिछडाले अमरसिंहसित युद्ध गर्न थाल्यो। अमरसिंहले जब पिछडालाई समातेर पछार्न खोज्थे, सालनाल र रगतले गर्दा पिछडा चिप्लेर उछिट्टिन्थ्यो। अन्तमा कमलाले आगोको भट्टीको खरानी पिछडाको जीउमा टाँसिन थाल्यो। जीउ सुक्खा भयो, चिप्लो रहेन। अमरसिंह त्यसलाई समात्न सफल भयो र लाली अखडामा पछारेर माऱ्यो। बदिला निर्वश भयो।

केवल महाराज :

राजा निरंकुश र अत्याचारी थिए। उनले मलाहा जातिका सात सय पञ्चलाई सात समुद्रपारि पठाएर बन्दी बनाएका थियो। उनको अपराध कति मात्र थिए भने उनी राजाको बेगार गर्न चाहन्नथे, उनको पानी भर्न चाहँदैनथे।

त्यसै बेला इनवारा गाउँमा आमा जमुनाको गर्भबाट केवल महाराजले अवतार लिए। आफ्नो पराक्रमले उनले ती सात सय पञ्चलाई मुक्त गरे। चारैतिर केवल महाराजको जयजयकार हुन थाल्यो। तर यो जयजयकार शिवराका अमरसिंहलाई मन परेन। केवल महाराजका देउता थिए रघुनाथ भुइँया र भित्र थिए देवकी सहनी। सात निद्रामा सुतेका केवल महाराजले सपनामा देखे खेमैटी खोलामा हिलसा-पङास र रोहु बोआरहरू तैरदैछन्। केवल झस्किएर उठे। दोआली-पेरूंगो झुण्ड्याए। हिड्नै आँटेका थिए कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्य रातमा काग बस्यो। पछाडिबाट कसैले हाँछ्यु गऱ्यो। मत्थन भाइले साइत नगर्न अनुरोध गरे। तर केवल रोकिएनन्। बाटोमा स्याल दाहिनेबाट देब्रे गयो। केवल बढ्दै गए। खेमैटी खोलाको डिलमा पुगे। जहाँ आफ्नो डुंगा बाँधेका थिए, डुंगा फुकाउन खोलामा हाम फले। त्यहीँ अरसिंह लुकेका थिए। दुवैमा घमासान युद्ध हुन थाल्यो। केवलसिंहले नाउ माथि ल्याए। चाहे जत्ति माछा मारी घर फर्किए। मिर्मिर उज्यालो भइसकेको थियो। देवकी सहनीले अमरसिंहलाई दिएको बाचा अनुसार केवलसित गद्दारी गरे र बाघको रूप धारण गरी सात दिन, सात रातसम्म केवलसित लडाइँ गरे। अन्तमा केवल महाराजले कुशको झारले बाघलाई नाथेर सुस्ताउन थाले। रधुनाथ भुँइयाको बुद्धिले काम गर्न छोड्यो। उनले लुली बघिनीको रूप धारण गरी केवलमाथि आक्रमण गरे। सात दिन सातरात फेरि युद्ध चल्यो। केवलले इष्टदेवीलाई सम्झेपछि उनीसित युद्ध गर्ने भुँइया महाराजलाई चिनीहाले। उनले आफूलाई भुँइया देवताका अगाडि आत्मसमर्पण गरिदिए। बघिनी बनेका भुँइयाले उनलाई मारे।

मृत्युपछि केवलको प्राण इनवारा पुग्यो। सोनधना दुलहीलाई पूरा बृतान्त सुनाए। सोनधनीको भर्खर गौना भएको थियो। आमा जमुनालाई समाती, भुँइमा लोट्दै उनी क्वाँक्वाँ गरी रुन थालिन्। केवल सिंहले पालेको हिरामन सुगाले स्वामीको शोकमा अन्नजल ग्रहण गर्न छाड्यो। गाउँलेहरूले लास ल्याई केवलको संस्कार गरे। तर आफ्नो श्राद्ध भोजमा निम्तालुहरूलाई उनले आफै परिकारहरू पस्के। सात दिनसम्म भोज हुँदै रह्यो र उनको जयजयकार गुञ्जिरह्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशौं अध्याय

मैथिली लोककथा

लोक जीवनमा परम्परादेखि प्रचलित मैथिली लोककथालाई 'खिस्सा' भनिन्छ। यी मैथिली लोककथाहरूलाई निम्न लिखित रूपमा वर्गीकृत गर्न सकिन्छ :

१. ब्रत कथा
२. अति मानवीय (परी, भूत, प्रेत र लोकदेवता सम्बन्धी) कथा
३. ऐतिहासिक कथा
४. शिक्षाप्रद कथा
५. हास्य विनोद कथा
६. शिशु कथा
७. स्थानसम्बन्धी कथा

यी लोककथाहरू अतिदीर्घ र लघु आकारका छन्। अतिदीर्घ कथाहरूलाई पूरा गर्न सात सात रातसम्म लाग्छन्। गद्यबाट आरम्भ भएपनि बीच-बीचमा पद्यात्मक, गेय अंश पनि यिनमा पाइन्छन्। लघुकथाहरूमा पनि गेय र छन्दोबद्ध अंश पाइन्छन्, तर यिनलाई एक बसाइमै पूरा गरिन्छ।

यी कथाहरूमा निम्न लिखित विशेषताहरू प्राप्त हुन्छन् -

१. अतिमानवीय तत्त्वको वर्णन
२. सुखान्तकता
३. कौतूहल जगाउने क्षमता
४. मैथिल जीवन र मनोविज्ञानको झलक
५. सरल, ग्राम्य भाषा

कथामा केही रूढ प्रसङ्ग हुन्छन्। जो पटक-पटक लोककथाहरूमा आउने गर्दछन्। यी रूढ प्रसङ्गहरूलाई 'अभिप्राय' भन्ने चलन छ। मैथिली लोककथाका केही महत्त्वपूर्ण अभिप्राय निम्न लिखित हुन्-

१. शिव-पार्वती
२. विधविधाता (विधाता र उनकी पत्नी विधि)
३. कान्छी औंलामा अमृत हुनु
४. उड्ने घोडा
५. पतिब्रता स्त्री
६. सत-परीक्षा र सतीत्वका लक्षण
७. पत्नमा आसक्त अति
८. सौतिनी आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. राजा अथवा रानीले कसैलाई मान जङ्गलमा दूतसित पठाउदा दूतले गर्ने प्राणरक्षा
१०. जादूको औंठीको करामत
११. आसमा उड्नु
१२. रूप-परिवर्तन
१३. कामरूप कामाख्या
१४. (मान्छे) ढुङ्गा बन्नु
१५. अर्न्तध्यान हुनु
१६. दुई वरदान
१७. बाह्र वर्षको अवधि
१८. सात छोरा, सात रानी
१९. नाकबाट सर्प निस्कनु
२०. फुलबारीमा पोखरी
२१. अमृतफल
२२. नौलखा हार
२३. राजद्वारमा भेट्ने पहिलो व्यक्तिलाई राजा बनाउनु अथवा आधा राज्य दिएर राजकुमारीसित विवाह गरिदिनु ।
२४. राजाको शर्त पूरा गर्नेलाई राजाले अशर्फी दिनु अथवा राजकुमारीसित विवाह गरी आधा राज्य दिनु ।
२५. छाला झिकेर भूस भर्नु
२६. सन्तान पाउने लालसा
२७. सन्तान प्राप्तिका साधन
२८. सन्तान प्रांप्तिका विभिन्न रूप
२९. नरबलि
३०. प्राणप्रवेश
३१. प्राण कतै अन्त बस्नु
३२. चराचुरूङ्गी र जनावरसित कुराकानी
३३. चराचुरूङ्गीले बाटो देखाउनु
३४. भावी आपत्तिको सूचना
३५. भावी आपत्तिका रूप
३६. पुनर्जन्मका घटनाको स्मरण
३७. राजा भोज र विक्रमादित्य
३८. बडकेशी रानी
४०. सत्त (प्रतिज्ञा गराउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४१. नाग-नागिन
४२. अनमोल कुरा
४३ प्रिय वस्तुको वीयोगमा प्राणत्याग
४४. भ्रार्तप्रेम
४५. बहिनीसित दुर्व्यवहार
४६. सच्चा मित्र
४७. प्रजावत्सल राजा
४८. चतुर सहयोगी मन्त्री
४९. राजकुमारहरूले शिकार खेल्नु
५०. तीलको भार बोक्नु
५१. सुगामैना
५२. डर लाग्दा बाटा गई खजाना पाउनु
५३. श्याल पण्डित
५४. बगुला भगत

यी कथाहरूका पात्र मानव मानवी, पशुपंक्षीका अतिरिक्त देवी-देवता, भूत, प्रेत र कलियुग, भाग्य इत्यादि पनि हुन्छन्। एउटा मैथिली सोमकथा यस्तो छ :

फिस्टी रानी :

एउटी फिस्टी (सानी चरी) गुँडबाट निस्किई। ऊ दाना टिप्न बाहिर गई। फिस्टीले एक गेडो दाल टिपी। ऊ दाल पिंध्न जाँतोमा गई। दाल जाँताको मानीको काठमा अड्कियो। फिस्टीले बल गरी। जाँताबाट दाल निस्केन।

फिस्टी दुःखी भई। ऊ आफ्नो दुःख सुनाउन सिकर्मीकहाँ गई। उसले भनी- "सिकर्मी दाइ; सिकर्मी दाइ; काठ चिर, काठले दाल दिएन। म के खाउँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?

सिकर्मीले जाँताको मानीको काठ चिर्न मानेन। सिकर्मीले फिस्टीलाई भन्यो- "जा जा, तेरो एक गेडो दालका लागि जाताको काठ चिर्न जाऊँ ?"

फिस्टी राजाकहाँ गई र बिन्ती गरी- "राजा ! राजा ! सिकर्मीलाई सजाय दिइबक्सियोस्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। अब म के खाऊँ ? के फिऊँ ? के लिएर परदेश जाऊँ ?"

राजाले सिकर्मीलाई सजाय दिन मानेनन्। फिस्टी रानी कहाँ गई र पुकार गरी - "रानीआमा; रानीआमा; राजालाई सम्झाईबक्सियोस्। राजाले सिकर्मीलाई सजाय गरिबक्सेन, सिकर्मीले जाँताको काठ चिर्न मानेन। जाँतोले दाल दिएन। के खाऊँ ? के फिऊँ ? के लिएर परदेश जाऊँ ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीले पनि राजालई सम्झाउन मानेनन्। फिस्टी सर्प कहाँ गई। उसले सर्पसँग सहयोग मागी- "सर्प; सर्प; तिमीले रानीलाई डसिदेऊ। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई सजाय दिएनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के आऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

सर्पले रानीलाई डस्न मानेन। फिस्टीले लट्ठीको सहयोग लिने विचार गरी। ऊ लट्ठीनेर गई र आफ्नो पिर पोखी- "लट्ठी दाइ ! लट्ठी दाइ ! तिमीले सर्प मार। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई सजायँ गरेनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

लट्ठीले सर्प मार्न मानेन। फिस्टी आगोका छेउमा गई र आफ्नो दुःख सुनाई- "आगो; आगो; लट्ठीलाई डढाऊ। लट्ठीले सर्प मारेन। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाईनन्। राजाले सिकर्मीलाई दण्ड गरेनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

आगोले लट्ठीलाई डढाउन मानेन। फिस्टी समुद्रको छेउमा गई र आफ्नो दुःख पुकार गरी- "समुद्र; समुद्र; आगो निभाऊ। आगोले लट्ठीलाई डढाएन। लट्ठीले सर्प मारेन। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई दण्ड गरेनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के फिऊँ ? के लिएर परदेश जाऊँ ?"

समुद्रले आगो निभाउन मानेन। फिस्टी हात्ती कहाँ गई र आफ्नो दुःख पोखी "हात्ती; हात्ती; समुद्र सुकाऊ। समुद्रले आगो निभाएन। आगोले लट्ठी डढाएन। लट्ठीले सर्प मारेन। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई दण्ड दिएनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

हात्तीले समुद्र सुकाउन मानेन। फिस्टी जालकहाँ गई र आफ्नो दुःख सुनाई- "जाल; जाल; हात्तीलाई जालमा फँसाऊ। हात्तीले समुद्र सुकाएन। समुद्रले आगो निभाएन। आगोले लट्ठी डढाएन। लट्ठीले सर्प मारेन। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई दण्ड गरेनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

जालले हात्तीलाई फँसाउन मानेन। फिस्टी सबैको उजुर लिएर मुसाकहाँ गई- "मुसा भाइ; मुसा भाइ; तिमीले जाल काटिदेऊ। जालले हात्ती फँसाएन। हात्तीले समुद्र सुकाएन। समुद्रले आगो निभाएन। आगोले लट्ठी डढाएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लट्ठीले सर्प मारेन। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई दण्ड गरेनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

मुसो पनि जाल काट्न तयार भएन। फिस्टी लामो उजुरी लिएर बिरालोकहाँ पुगी र सन्चे स्वरमा भनी- "बिरालो; बिरालो; तिमीले मुसालाई मारिदेऊ। मुसाले जाल काटेन। जालले हात्ती फँसाएन। हात्तीले समुद्र सुकाएन। समुद्रले आगो निभाएन। आगोले लट्ठी डढाएन। लट्ठीले सर्प मारेन। सर्पले रानीलाई डसेन। रानीले राजालाई सम्झाइनन्। राजाले सिकर्मीलाई दण्ड गरेनन्। सिकर्मीले काठ चिरेन। काठले दाल दिएन। के खाऊँ ? के पिऊँ ? के लिएर परदेश जाऊँ ?"

बिरालो फिस्टीको काम गर्न तयार भयो र भन्यो- "मलाई सम्झाउने र अर्ती दिने काम नगर। म तेरा लागि मुसा मार्छु।" फिस्टी बिरालोलाई लिएर मुसाकहाँ पुगी बिरालालाई देखेर मुसाको सातोपुत्लो उड्यो। मुसाले डराएर काम्दै भन्यो- "मलाई समात्ने काम कसैले नगर। म जाल काट्ने काम गरिहाल्छु।

फेरि तीनैजना जालकहाँ गए। उनीहरूलाई देख्नासाथ जाल करायो- "मलाई काटकुट गर्ने काम कसैले नगर। म हात्तीलाई फसाइहाल्छु।"

चारैजना हात्तीकहाँ पुगे। हात्तीले आत्तिएर भन्यो - "मलाई फसाउने काम नगर। म समुद्र सुकाइहाल्छु।"

पाँचै जना समुद्रकहाँ पुगे। समुद्र डराएर बोल्यो - "मलाई सुकाउने काम कसैले नगर। म आगो निभाइहाल्छु।"

समुद्रलाई लिएर सबै आगोकहाँ पुगे। आगोले डराई भन्यो - "मलाई निभाउने काम कसैले नगर। म लट्ठीलाई डढाइहाल्छु।"

आगोलाई लिएर सबै लट्ठीकहाँ पुगे। लट्ठी डरले लगलग काम्दै बोल्यो- "मलाई कसैले डढाउने काम नगर। म सर्पलाई मारिहाल्छु।

लट्ठीसमेत मिलेर सबै सर्पछेउ पुगे। सर्पले पनि हात जोड्दै भन्यो- "मलाई कसैले नमार। म रानीलाई डसिहाल्छु।"

सबै रानीकहाँ पुगे। रानीले भक्भकाउँदै भनिन्- "मलाई कसैले नडस। म राजालाई सम्झाइहाल्छु।" रानीसमेत सबै राजाकहाँ पुगे। त्यसपछि राजाले भने- "मलाई सम्झउने काम कसैले नगर। म सिकर्मीलाई दण्ड गरिहाल्छु।"

राजासमेत सबै सिकर्मीकहाँ गए। सिकर्मी हात जोडेर गिडगिडाउन थाल्यो- "मलाई कसैले दण्ड नगर। म जाँताको मानीको काठ चिरिहाल्छु।"

सबै जाँतोको काठछेउ पुगे। ठूलो हुलमा सिकर्मीलाई देखेर काठ डरायो। काठले दालको गेडो फुत्त फलिदियो। फिस्टी दाल टप्प टिपेर भुर्र उडी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारौं अध्याय

केही मैथिली लोकनाट्यको कथावस्तु

मैथिली लोकनाट्यको परम्परा यद्यपि जनककालदेखि नै मानिन्छ तर सर्वप्रथम यसको उल्लेख तेह्रौं शताब्दीमा ज्योतिरीश्वरद्वारा लिखित 'वर्णरत्नाकर' मा पाइन्छ। यसमा 'लोरिक नाच' को चर्चा पाइन्छ। यसबाट के सिद्ध हुन्छ भने लोरिक नाच तेह्रौं शताब्दीभन्दा पूर्व पनि मिथिलामा प्रचलित थियो। मध्यकालमा मिथिलामा कीर्तनियाँ नाच लोकप्रिय थियो र तिनमा लोकनाट्यका तत्त्व प्रशस्त पाइन्छन्। यी कीर्तनियाँ नाचहरूमा कथानक र पात्रहरूभन्दा गीत-नृत्यको प्रधानता पाइन्छ। मिथिलामा प्रचलित लोकनाट्यलाई सामाजिक, धार्मिक र विविध गरी तीन कोटिमा विभक्त गर्न सकिन्छ। जटजटिन, श्यामाचकेवा, जालिम सिंहनाच, बिरहा नाच, विदेशिया नाच, उत्तम चन्दका नाच सामाजिक लोकनाट्य हुन्।

रामलीला, रास, यात्रा पार्टी आदि धार्मिक नाट्य हुन्।

यिनका अतिरिक्त ती लोकगाथाहरू जसको प्रदर्शन रंगमञ्चमा अभिनयद्वारा गरिन्छ, लोकनाट्यको श्रेणीमा गर्न सकिन्छन्। हिरनी-बिरनी, सल्हेस, कमला कोइला, गोपीचन्दका नाच आदि यसका उदाहरण हुन्। मैथिली लोकनाट्यका विशेषता

१. गीतिमय संवाद योजना।

२. सामान्य जीवनसित सहज तादाम्य हुन सक्ने कथानक।

३. प्राय : सुखान्त कथा

४. सरल मञ्च व्यवस्था।

(चौतारो वा डबलीमा चौकी राखेर पनि नाट्य प्रदर्शन गर्न सकिन्छ)

५. सरल, ग्राम्य भाषा।

६. सामान्यतया पुरुषहरूद्वारा मात्र अभिनय

केही प्रसिद्ध मैथिली लोकनाट्यहरू : कतिपय लोकनाट्यहरू (जो नाट्यमहागाथा पनि हुन) को चर्चा लोकगाथा अन्तर्गत गरिएको छ।

१. जटजटिन :

यस नाटकको नायक हो जट र नायिका हो जटिल। जटजटिन पहिले त प्रेमी-प्रेमीकाको रूपमा हुन्छन्, पछि वैवाहिक शुत्रमा आबद्ध हुन्छन्। प्रेमिकाबाट पत्नी भएपछि जटिनको स्वच्छन्द चरित्र जटलाई सह्य हुँदैन। उसले जटिनमाथि नानाथरिका प्रतिबन्ध लगाउँछ। जटिनले प्रतिरोध गर्छे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर आत्मा पराजित भएर पतिकै खटनमा हिड्न बाध्य हुन्छे। तर, महिला अधिारप्रति सजग जटिनको आत्माले विद्रोह गर्छ। ऊ माइत आउँछे र घर फर्किन मान्दिन। लोग्नेले नाना थरी अनुनय-विनय गर्छ, आफ्ना पूर्वव्यवहार प्रति पश्चाताप गर्छ-

"मकडा बियाए गेल सेजियापर,
जटिन हे बिनु
अँगनामा दुभिया जनमि गेल,
तोरे हे बिनु..."

(ओछ्यानमै माकुराले फुल पान थालिसक्यो, जटिन, मात्र तँ नभएर ; मात्र तँ नभएर, आँगनमा दूबो उम्रियो।)

जटिन घर फर्किन्छे। कालान्तरमा पुत्र-रत्नको प्राप्ति हुन्छ। घरायसी खर्च बेहोर्नु गाह्रो हुन्छ। त्यसबेला मोरङ्ग शहर धनधान्य सम्पन्न थियो। जट यहाँ आँसु लिएर जटिनले बिदा गर्छे। धेरै दिनसम्म जटको कुनै खबर आउँदैन। यता एक मात्र छोरो रघुदास सिकिस्त हुन्छ। धामी-झाँक्री आउँछन्। डाक्टर-बैद्यले नाडी छाम्नुभन्दा पहिले पैसा माग्छन्। येनकेन प्रकारेण रघुदास तंग्रिन्छ। गाउँका स्वास्नीमानिसहरूले जट कता गयो, किन आउँदैन आदि प्रश्न गरेर जटिनलाई मानसिक पीडा दिने गर्छन्। त्यत्तिकैमा जटको पदध्वनि सुनिन्छ र झमाझम पानी पर्न थाल्छ। प्रश्नोत्तर शैलीमा गरिने यस जटजटिन लोकनाट्सँग एउटा विशवास के गाँसिएको छ भने जट जटिन लोकनाट्य पानीको अभाव भएर खडेरी परेको बेला वा असाध्यै गर्मी भएको बेला गरियो भने मुसल्धारै पानी पर्छ। अभिनय राति १०-११ बजे शुरू हुन्छ र अभिनय सकिएपछि सबै महिलाहरूले केही भ्यागुत्ता समाती ओखलमा हाली त्यसलाई मुसलले कुच्याउँछन् र सुटुक्क ती मरेका भ्यागुत्ता कुनै मुखाले स्वास्नीमानिसको आँगनमा फ्याँकिदिन्छन्। त्यो स्वास्नीमानिसले जत्ति गाली दिन्छे, पानी त्यत्ति नै बढी पर्छ रे।

जट-जटिन लोकनाट्य लगभग नेपाली दोहोरी गीत जस्तै दुई दलमा विभक्त भएर कसैको आँगन वाघरअगाडि सम्पादन गरिन्छ। तर यसमा कलाकारहरू स्वास्नीमानिसहरू मात्र हुन्छन्। भनिन्छ, मिथिला नरेश शिवसिंह (सन् १४१२-१४१६ ई.) कालमा उनको दरवारमा जयट भन्ने सङ्गीतज्ञ थिए जसले राजाको आज्ञाले विद्यापतिका पदहरूलाई उपयुक्त राग-रागिनीमा आबद्ध गरेका थिए। सम्भवतः उनैले यस गीती नाट्यको रचना गरे र स्वयं नायककोरूपमा यसको अभिनय पनि गरे। कतिपय विद्वानले नेपालको महोत्तरी जिल्लाको जटही गाउँमा यस नाट्यका नायकको जन्म भएको अनुमान पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका छन् ।

श्यामा चकेवा :

कार्तिक शुक्ल षष्ठीदेखि कार्तिक पूर्णिमाका रातसम्म मिथिलाका ललनाहरूले यो लोक गीतिनाट् गर्छन् ।

छठपर्वको भोलिपल्टदेखि श्यामाचकेवाका पात्रहरूका मूर्ति स्वास्नी मानिसहरूले माटोकोबनाउन थाल्छन् । यी माटोका पात्रहरूमा श्यामा र चकेवा मुख्य पात्र हुन् । श्यामा स्त्रीपात्र हो र चकेवा पुरुष पात्र ।

यिनका अतिरिक्त चुगिला, ढोलिया, भरिया, सतभइँया, खडरिच, वनतितिर झाँझी कुकुर, भैया बटतकनी, मलिनियाँ, बृन्दावन आदि पात्रहरू हुन्छन् । राति खान-पिनपछि घरका किशोरी महिलाहरूले यी सबै आकृतिहरूलाई र एउटा बल्दी टुकीलाई बाँसको कप्टेराले बनेको ढक्कीमा हाली, ढक्की टाउकोमा बोक्छन् र गीत गाउँदै कुनै पोखरीको डील, खोलाको किनार वा कुवा नजिक पुग्छन् । त्यहाँ सबै आकृतिहरूलाई बाहिर निकाली नरम-नरम दुबो तिनलाई खान दिन्छन् । माटोसँगै पाटले निर्मित चुगिलामा, माटो र खरपातले बनेको बृन्दावनमा आगो लगाउँछन् । वातावरणमा ज्योतिर्मय बन्छ । यसरी प्रत्येक रात यो खेल चल्छ । पूर्णिमाको रात यी आकृतिहरूलाई कुनै जोतिएको खेत अथवा जलाशयमा विसर्जित गरिन्छ ।

'पद्मपुराण' मा यसको उल्लेखबाट श्यामा-चकेवाको प्रचलन प्राचीन कालदेखि नै मिथिलामा रहेको कुरा प्रमाणित हुन्छ । दाजु-भाइ र दिदी-बहिनीको प्रेमको प्रगाढता र दीर्घायुका लागि श्यामा-चकेवाको गीति नाट्यमय खेल खेल्ने चलन छ ।

२. जालिमसिंह :

रामडिहराका बासी जालिम सिंह क्षेत्री कुलमा जन्मिएको हो । त्यो कुनै राजाको सिपाही हो । घोडामा सवार भई कतै जाँदैछ । बाटोमा एउटा कुवा देख्छ । पानी खान तल झर्छ । त्यहीं त्यसको भेट सुगासित हुन्छ । उसका अरू सखीहरू पानी भरेर घरतिर लाग्छन् । तर, मूगा त्यहाँ एक्लै छुट्छे, किनभने कसैले उसको गाग्रो उसको टाउकोमा हाल्दैन । जालिम सिंह त्यसको रूपमा मुग्ध हुन्छ । त्यो सित प्रेमको याचना गर्छ । तर मूँगा त्यसको प्रेमको उपेक्षा गर्छे । तर जालिम सिंह निराश हुँदैन । उसको रूपको यस्तो बयान गर्छ कि मूगाको मन पनि पग्लिन्छ । उसले उसलाई भोलिपल्ट दिउँसो आफ्नो घर विन्दुपुर आउने निम्तो दिन्छे । जब मूगा पानी बोकेर घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्किन्छे, उसको अनुसार उदास हुन्छ। भाउजूले कारण सोध्छिन्। मूगाले पूरा बृतान्त सुनाउँछे। सुनेर भाउजू सिराउँछिन् र लोकलाजले गर्दा नन्दलाई लिई हाजीपुर आउँछिन्। त्यहाँ पसल थाप्छिन् र त्यहीँ नन्द र भाउजू मिलेर बाँसका कप्टेराले नाङ्लो ढक्की बनाई बेच्न थाल्छन्। भोलिपल्ट जालिमसिंह जब मूगाको घर पुग्छन्, मूगाकी बहिनीले मूगा हाजीपुर गएको सूचना दिन्छे। जालिम सिंह हाजीपुर पुग्छ र भाउजूको विरोधको बाबजुद मूँगाको मन पाएर त्यसलाई घोडामा हाली आफ्नो घर फर्किन्छ। धूमधामले मूगासित जालिम सिंहकमो विवाह हुन्छ। केही दिनपछि नै जालिम सिंहनी आमाले थाहा पाउँछिन्, मूगा (बुहारी) त डुमकी छोरी रहिछ। रिसले भुतुक्क हुन्छिन्। छोरोलाई धिक्कार्छिन्, तर छोरो मूगालाई छाड्न तयार हुँदैन। जालिमको काकाले पनि धम्की दिन्छ, तैपनि जालिम सिंह मूगालाई छार्न मान्दैन। काका जगरनाथले जालिमलाई जेलमा बन्द गरिदिन्छ। जालिम जेलबाट भाग्छ र मूगासँग भटनी भन्ने ठाउँमा बस्न थाल्छ। जालिमकी जेठी स्वास्नी सोनपुरकी थिई। लोग्नेको सारा करतूत उसले पनि थाहा पाउँछे। रुँदै कराउँदै ऊ पतिको खोजीमा निस्किन्छे। बाटोमा एउटा जङ्गल पर्छ। त्यहाँ जयमल डाँकाले उसलाई घेर्छ। उसको प्रार्थनामा भगवान विष्णु साधूको वेषमा त्यहाँ प्रकट हुन्छन् र त्यसको सतीत्व र गरगहनाको रक्षा गर्छन्। अन्तमा मूगाले त्यसलाई देख्छिन् र उसको यस अवस्थाको कारण सोध्छिन्। जालिमको विवाह पहिले भइसकेको कुरा उसकैमुखबाट सुनेर थाहा पाएपछि उसलाई सममानपूर्वक पति भएको ठाउँमा लाग्छिन्। जेठीले पतिको चरणमा सधैं सेविका भएर बस्न पाउने याचना रोएर गर्छिन्। मूगाको हृदय छिया-छिया हुन्छ। उनको सौतालाई आफूसँगै बस्ने विन्ती गर्छिन्। यसरी तीनजना नै सुखपूर्वक त्यहाँ बस्न थाल्दछन्।

नाट्यमञ्चन खुल्ला ठाउँमा गरिन्छ। भुँइमै सबै पात्र लालटिनको उज्यालोमा नाचगान गर्छन्। बाद्ययन्त्रमा पनि हारमोनियम, ढोलक र मंजीराको प्रयोग मात्र गरिन्छ। यो नाट्य भोजपुरी क्षेत्रमा पनि पाइन्छ।

विहार-धोवी जातिको जीवनको झझल्को प्रस्तुत नाट्यको उद्देश्य हो धोबी र धोविनीमा अर्थाभावले झगडा भैरहन्छ। गरिबीको मूल कारण धोवी अल्छी हुनु हो। धोबिनी जहिले पनि आफ्नो पुर्पुरोमा यस्तो लोसे र भतुवा पति लेखिएकोमा भाग्यलाई सरापिरहन्छे। जीवन रातदिनको कलहले दुःखदायक भएको छ। नाट्यको पूर्वार्द्धमा दम्पतीको जीवन अशान्त, कलहपूर्ण र कटुतापूर्ण देखिन्छ, तर क्रमिक रूपमा दाम्पत्य जीवनमा मधुरता आउँदै जान्छ। पति-पत्निले एक अर्कालाई दिएको ईश्वरको भजन कीर्तन गर्ने सल्लाह र सहमति अनुसार दुवै सासारिक संकीर्णताबाट माथ उठी धार्मिक जीवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिताउन थाल्छन्। फलतः जीवन सरल, शान्त र आनन्दमय हुन्छ। नारी पात्रको अभिनय पुरुषद्वारा साडी, चोलो, डँडकस (पेटी), चुरा, कंगन आदि लगाई सम्पादन गरिन्छ।

३. विदेशियाः

भिखारी ठाकुरको भोजपुरी लोकनाट्य 'विदेशिया' को मैथिली रूपान्तर नै 'विदेसिया नाच' हो। विदेसिया आफ्नी स्वास्नी र बालबच्चालाई घरमै छाडी जागिर खान परदेश जान्छ। यता आफूले बिहा गरेर ल्याइएकी जेठी विरहको ज्यालामा जलिरहन्छिन् र एउटा बटुवाको माध्यमले पतिलाई घर फर्किन सन्देश पठाउँछिन्। उता विदेसिया अकैं केटीसित बिहा गरी परदेशमा बसेको हुन्छ। उसलाई आफ्नी र आफ्ना तीन जना छोरासित कुनै वास्ता हुदैन। तर जेठीको सन्देश बोकेर आएर बटुवाले उनलाई निकै धिक्कार्छ। अन्तमा बिदेसिया घर फर्किन्छ र हराएको पतिलाई पाएर जेठीको हर्षको सीमा हुँदैन। विरहिणी नायिकाको प्रतिप्रेम, विरह वेदना, उत्कण्ठा, मानसिक संघर्ष आदि यस नाट्यमा चरमोत्कर्षमा पुगेका छन्।

४. रामलीला :

भगवान रामका विभिन्न लीलामा आधारित यस लोकनाट्यको मूल कथा-स्रोत तुलसीको 'रामचरित मानस' हो।

रासलीला- श्रीमदभागवतलाई रासलीलाको आधार मान्न सकिन्छ।

विवाह परिकरन (विवाह-प्रकरण) -

सीता-राम विवाह प्रसङ्गलाई यस लोकनाट्यमा जीवन्त रूपमा प्रस्तुत गरिन्छ। नवाह परायण, अष्ट्याम आदिको अवसरमा किशोर वयका युवालाई सीतारामको रूपमा सज्जित गरी मैथिल विवाह पद्धति अनुसार सम्पूर्ण विवाह गराइन्छ।

मैथिल संस्कृतिको झलक देखाइने यस लोकनाट्यमा मर्यादित श्रृङ्गारको प्रयोग गरिन्छ।

५. हिरनी-विरनी :

वीररस र श्रृङ्गार रसको मणिकांचन संयोग भएको लोक नाट्य 'ठहिरनी-बिरनी'मा मूलतः पोसन सिंहको प्रेमकथा पाइन्छ। हिरनी र बिरनी दिदी-बहिनी हुन्। यिनीहरू नट्टिन जातका हुन्। यिनको घर गुजरात छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी दुवैको जीवनमा जब बैंसको बाढी आउँछ, यिनी विवाहका लागि आतुर हुन्छन्। तर कुनै मनोनुकुल युवा नपाइएको हुँदा खिन्न रहन्छन्। अन्तमा यिनीहरूले के घोषणा गर्छन् भने जसले यिनको मोहिनी नाउँ गरेको भैंसीलाई नाथ्छ, दुवै दिदी-बहिनीले त्यसैसित विवाह गर्नेछन्। संसारका बाउन्नवटा गढका बाउन्नवता अखडामा गएर उनले यो घोषणा गर्छन्। बम्बई, नेपाल, बंगाल, पटना, छपराल, मिर्जापुवर आदि सबै अखडामा पुग्छन्, तर कुनै पहलवानले भैंसी नाथ्ने साहस गर्दैन। अन्तमा दिल्लीको अखडामा गई त्यहाँका पहलवानलाई भैंसी नाथ्ने साहस गर्दैन। अन्तमा दिल्लीको अखडामा गई त्यहाँका पहलवानलाई हाँक दिन्छन्। त्यो अखडाका पहलवानहरूका गुरु उज्जैनसिंहले भैंसीलाई नाथ्ने प्रयास गर्छ, तर भैंसीले त्यसलाई पछारेर मार्छ वा अन्तमा त्यसको चेलो पोसनसिंह भैंसीलाई नाथ्न अगाडि सर्छ। हिरनी-बिरनी जादूले भैसीलाई भड्काउँछन्, तर पोसन सिंहको पौरखले भैंसीलाई नाथेर छाड्छ। हिरनी बिरनी त्यससित विहा गर्छन्। पोसन सिंहको परिवारका सदस्यहरूले यस विवाहको विरोध गर्छन्। तर पोसन प्रेसमा यसरी पागल हुन्छ कि परिवारका सदस्यहरूले जत्ति रोए कराए पनि सबैलाई छाडि हिरनी बिरनीलाई लिएर गुजरात हिंडछ।

६. राजा सल्हेस :

दुसाध, जातिका सल्हेस महिसौथाका राजा थिए। उनीहरू तीन दाजुभाइ छन्। जेठा सल्हेस, माहिला मोतीराम, कान्छा बुधेसर। राजा सल्हेसकी एक मात्र रहेकी बहिनीको नाउँ बनस्पतो हो र। भान्जाको नाउँ हो करिकन्हा।

उता तरेगना गढका राजा महेश्वर भण्डारीका चारवटा छोरी छन्- रेशमा, कुसुमा, दौना र फलवन्ती। यिनीहरू मालिनी हुन्, तर यिनीहरूले राजा सल्हेसलाई माया गर्छन्। सल्हेसलाई पति रूपमा प्राप्त गर्ने लालासाले अनेक जाल रच्छन्। कहिल्ये सल्हेसलाई भुनभुन गर्दै समात्छन्। यसरी सल्हेस र मालिनीहरूको प्रणय-क्रीडाको लुकामारी चलिरहन्छ। तर सल्हेसको विवाह बनाटपुरकी राजकुमारी सतबर्ती (सत्यवती) सित निश्चित गरिएको हुन्छ। यस विवाहलाई रोक्न यी मालिनीहरूले सल्हेसलाई विवाह मण्डपबाट नै अपहरण गरी सुगा बनाएर राख्छन्। तर, माहिला भाइ मोतीरामको प्रयासले त्यो मुक्त हुन्छ र फेरि अत्यन्त उल्लासपूर्वक विवाह सम्पन्न हुन्छ।

केही दिनपछि गौनाको साइत हेरिन्छ र साइतको दिन हजामको हातबाट बनाटपुर पठाइन्छ। त्यसलाई वनाटपुरको राजाले बन्दी बनाउँछन्। यो सुनी मोतीराम वर करिकन्हा, दुवै दाजुभाइ बनाटपुरका लागि प्रस्थान गर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता पट्ठा जवानहरूलाई देखेर बाटोका चपेटा चउरमा रहेका घँसिनी ठिटीहरूले रोक्छन् र घचेडा-घचेड खेल्न थाल्छन्। यस खेलमा मोतीरामको एउटा आँखो फुट्छ। ऊ रिसले आगो हुन्छ र तिघ्रा ठटाउन थाल्छ। मोतीराम रिसाएको देखेर घँसिनीहरूले कुललाम ठोक्छन्। उनीहरू बनाट दरवारमा पुगी राजासित उल्टो गुनासो पोख्छन्- महिसौथाका दुईटा पट्ठाहरूले इज्जत लिने कोशिस गरेको भनेर। राजा बनाट क्रुद्ध हुन्छ। र आफ्ना सिपाहीलाई उनीहरूलाई समातेर ल्याउन पठाउँछन्। मोतीराम र करिकन्हा सिपाहीहरूलाई गोदगाद पारी फर्काइदिन्छन्। लामो युद्धपछि सल्हेसको द्विरागमन हुन्छ। सल्हेस विलासितामा डुब्छन्। यो देखेर दुर्गा चिन्तित हुन्छिन्। उनले सपनामा भन्छिन्- "तेरो फूलबारीभन्दा राम्रो पकडियाका राजा कुलेश्वरको फूलबारी छ। एकचोटि गएर पकडियाको फूलबारी हेरेर मात्र आइज। उता पकडियाकी राजकुमारी चन्द्रावतीलाई पनि सपनामा भन्छिन् - "जुन युवकका लागि तैंले बाह्र वर्षसम्म पोल्टा थापेर बसिस त्यो युवक भोलि तेरो फुलवारीमा आउँदैछ। गएर त्यसलाई प्रेमको धागोमा बाँध।" यस्तो सपना देखेपछि चन्द्रावती खुसीले पागल हुन्छिन् र एक-एक पल गरी त्यस चिरपरिचित मुहुर्तलाई आकुल आशापूर्वक पर्खिन थालिन्। फुलवारीमा सल्हेस र चन्द्रावतीको भेट हुन्छ। चन्दाले सल्हेसलाई आफ्नी रानी बनाउन आग्रह गर्छ, तर सल्हेस राजी हुँदैनन्। उनले आफू विवाहित भइसकेको हुँदा पुनर्विवाह गर्न असमर्थता देखाउँछन्। चन्द्रावतीले अनेक किसिमले सल्हेसलाई धम्क्याउँछिन् तर सल्हेसमाथि ती धम्कीको कुनै प्रभाव पर्दैन। अन्तमा चन्द्रावती नागिनले जस्तो फुंकार गर्न थाल्छिन्, उल्टो पगडी बाँध्छिन् र गएर आफ्नो बाबुसित फुलबारीमा आएको एउटा ठिटोले आफ्नो इज्जत लिन खोजेको उजुरी गर्छिन। चन्द्रावतीको उजुरीमा सिपाहीहरू आउँछन् र सल्हेसलाई समातेर राजा कुलेश्वरको दरबारमा हाजिर गर्छ। राजा कुलेश्वरले सल्हेसलाई झ्यालखानामा हुल्ने हुकुम दिन्छ। तर, झ्यालखानैमा हाल्ने कुरोबाट चन्द्रावतीको मुटु भक्कानिन्छ। ऊ त कति मात्र चाहन्छे भने दण्डमा उसलाई उसको महलको पालो बनाइयोस् जसले गर्दा ऊ सल्हेसको मुख चाहेको बेला हेर्न पाओस्। सम्भव छ दिनहुँ सल्हेसको मन पनि कुनै दिन परिलन्छ र उसले उसलाई पत्नीका रूपमा स्वीकार गर्नेछ। यस उपायमा लाग्छिन्।

यता चुरा मोकामा गढको राजा हो त्यसले यतै कुनै सजाय पाएर चन्द्रावतीको महलको पाले बसेको छ। चन्द्रावतीले बाबुसित आग्रह गरेपछि राजा कुलेश्वरले चुहरालाई हटाएर सल्हेसलाई चन्द्रावती महलको पाले बनाउँछन्। चुहराले कुलेश्वरसित बदला लिने प्रतिज्ञा गर्दछ र आफ्नो प्रतिज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूरा गर्न सहयोगका लागि गङ्गा नदीको शरणमा पुग्दछ ।

गङ्गाको आशीर्वादले चुहरा मोकामा देखि पकडियासम्म सुरूङ्ग बनाउन सफल हुन्छ । सुरूङको चन्द्रावतीको कोठामा पुगी अन्त्य हुन्थ्यो । उसले चन्द्रावतीका भएजतिका सम्पत्ति चोर्छ । यहाँसम्म कि चन्द्रावतीले लगाएको फरिया र चोलो पनि फुकालेर लग्छ । चन्द्रावती नाङ्गै हुन्छे तर चोरीको दोषारोपण सल्हेसमाथि गरिन्छ । उसलाई जेलमा हालिन्छ र नाना प्रकारको यातना दिइन्छ । मौका छोपी चन्द्रावतीले सल्हेसलाई भन्छिन्-तपाई यदि मसित विवाह गर्न तयार हुनुहुन्छ भने म तपाईलाई यस यातनाबाट मुक्ति दिलाइदिन्छु । सल्हेसले फेरि यो प्रस्ताव ठाडै अस्वीकार गर्दछ । यी घटनाहरूको सूचना दुर्गाका माध्यामले सत्यब्रती र फलवन्तीले पनि पाउँछन् । फुलवन्ती सत्यव्रतीसित छलफल गरी सल्हेसलाई मुक्त गराउन पकडियागढ आउँछिन् र अनेक प्रयासले राजा कुलैश्वरसम्म पुग्छिन् । राजामा सल्हेसलाई मुक्त गर्न विन्ती चढाउँछिन् । उनले दृढतापूर्व भन्छिन् -"सल्हेस चोर हुनै सक्दैन । सल्हेसलाई कारागारबाट मुक्त गरेमा आठ दिन भित्र उनको असली चोरलाई दरवारमा हाजिर गर्नेछिन् । त्यसो गर्न नसके जे दण्ड दिएपनि भोग्न तयार छु" उसले कागत गरी । राजा कुलेश्वर जमानतमा सल्हेसलाई छाडिदिन्छन् । सत्यवती र फुलवन्ती नट-नटीको भेषमा मोकामा जान्छन् । कुनै फुलबारीमा नट-नटीको भेषमा मोकामा जान्छन् । कुनै फुलवारीमा नट-नटीले टाँग्ने गरेको कपडाको पाल जस्तै पाल पनि टाँग्छन् । पुलवन्ती चुहराकी पत्नीलाई गोदना गोदेर वाख्सिसमा चुहराले चन्द्रावतीको महलबाट चोरेर ल्याएका सबै वस्तु प्राप्त गर्छिन् । सामानहरू बरामद भइसकेपछि चुहरालाई आफू बसेको फुलबारीमा ल्याउँछिन् र आफ्नो पालभित्र नाना नखरा देखाई खसी ख्वाएर लट्ठयाई दिन्छिन् । सल्हेसले पातो फकाई चुहरालाई रस्सीले टन्टनी बाँध्छ, मोहना भैसीमाथि हाल्छ । यसरी फुलन्ती चुहरालाई कुलेश्वरको दरवारमा हाजिर गर्न सफल हुन्छे । सल्हेस चोरीको अभियोगबाट सदाका लागि मुक्त हुन्छ । सल्हेस र फलवन्ती पकडियागढबाट विदा हुन्छन् । त्यसैबेला चन्द्रावती आइपुग्छिन् र गहभरि आँशु लिएर सल्हेससित विन्ती गर्छिन्- "म केटाकेटिदेखि नै हजुरको आशमा बसेकी छु, अब त जवानी पनि ढल्न थाल्यो । मलाई चरणमा शरण दिनुहोस् ।" तर सल्हेस डिग्दन । ऊ चन्द्रावतीलाई छाडी महिसौथाका लागि बिदा हुन्छ । चन्द्रवती चटक्क माया मारी हिड्न लागेको सल्हेसलाई गएको आँशुको भदौरे झरी लिएर हेरिरहन्छिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. लोरिक :

अगौरा गाउँमा कुवा राउत बस्दथे। उनकी स्वास्नीको नाउ थियो -खुलैनी। उनका दुइटा छोरा थिए लोरिक र साबर दुवै पहलमान थिए। लोरिक त कान्छो साबर भन्दा पनि बलिया थिए। लोरिकको एउटा साथी थियो-बठा चमार। उनी पनि पहलमानीमा चार चौरासमा नाउँ कमाएका। कुवा राउतका मीत राजल धोबीले लोरिक र बंठालाई कुश्ती सिकाउँथे। यस गाउँका राजाको नाउँ सहदेव राउत थियो।

गौरा गाउँको राजा थियो उधरा चमार। राजा बडो अत्याचारी थियो। यसै गाउँमा एउटा राउत बस्दथ्यो, जसरी तरुनी छोरी थिई माँजरि। उधरा माँजरिसित विवाह गर्न चाहान्थ्यो, तर माँजरिको परिवारलाई यो मन्जुर थिएन। माँजरिको मामा सेवाचनले माजरिको विवाह एउटा यस्तो वीरसित गर्न चाहन्थ्यो जसले उधराको घमण्ड चूर गर्न सकोस्। यस्तै वीर वरको खोजीमा उसको उनानब्बे जोर जुत्ता टुटे, तर यस्तो वीर फेला परेन। एकदिन उनले लोरिकबारे सुँइको पाए र पुगे अगौरा गाउँ। अगौरा गाउँका राजा सहदेव राउत आफ्नो छोरो महादेवको विवाह भाँजरिसित गर्न चाहन्थ्यो। तर यो प्रस्ताव सेवाचनलाई ट्याम्मै मन परेन, किनभने महादेवले उधरा चमारलाई कश्तीमा पछार्न सक्दनथ्यो। त्यसैले यो राजल धोबीकहाँ पुग्यो। राजलले त्यसलाई कुवा राउतकहाँ पुऱ्यायो। त्यसलाई लोरिक मन पऱ्यो। लोरिकका पिता कुवा राउतलाई पनि यो सम्बन्ध मन्जुर थियो। उधराले यो सहन सकेन। उसले अनेक बाधा पुऱ्यायो, तर लोरिकको विवाह माँजरिसित सम्पन्न भयो। दुवै सुहागरात मनाउन आफ्नो कोहबर-घरमा गए। उधराले लोरिकको हत्या गर्न मोनिका पहलवानलाई पठायो। मोनिका छानो फेडेर लोरिकको सुहाग कोठामा पुग्यो। भाँजरिले देखिहालिन् र लोरिकलाई जगाइन्। दुवैमा युद्ध मच्चियो। लोरिकले मोनिकालाई पछारेर उत्तानो मात्र पारेन, उसलाई मारिनै हाल्यो। फेरि बदला लिन सोनिका आयो, ऊ पनि दाजु मोनिकाझैं नै मारियो।

भाँजरिको रूप र जवानी देखेर उधरा पागल थियो। उसले द्विरागमनको दिन लोरिक र भजरिलाई बाटोमै छेक्यो। उधरा मारियो र भाँजरिलाई लिई लोरिक घर फर्कियो।

अगौरा गाउँका राजा सहदेव राउतकी छोरीको नाउँ चनैन थियो। चनैन अपूर्व सुन्दरी भएपनि दुर्भाग्यवश उसको विवाह एउट हिजडासित हुन गयो। एकदिन आफ्नो लोग्नेसित भेटेर फर्किन लागेको बेला उसको भेट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बंठा चमारसित भयो । उसले चनैनको बाटो छेक्यो । चनैनले धेरै विन्तिभाउ गरी, इज्जत नलेऊ भनेर तर त्यसले ऊसित विवाह गरे मात्र अहिले इज्जत नलुट्न तयार थियो । चनैनले एउटा तित्राको रुख देखाउँदै भनी-पहिले मलाई यस रुखमा इमली (तित्रा) टिपेर खुवाऊ, अनि मात्र जे मन लाग्छ गर । बंठा खुसी भयो । उसले आफ्नो पगडी र जुत्ता चनैनलाई जिम्मा दियो र खुर्र कुदेर रुखमा उक्लिन थाल्यो । उता चनैनले पगडी काँठाको झ्याङमा फाल्दिई । एउटा जुत्ता त्यहीँ झ्याके, अर्को लिई टाप कसी । बंठा जब तल ओर्लियो, आफ्नो पगडी काँढाको झ्याङबाट झिक्न र अर्को जुत्ता खेज्न धेरै समयसम्म लगायो । तबसम्म चनैन गाउँ पुगेर सबैलाई गुहारी, तर कसैले शरण दिएन । ऊ लोरिककहाँ पुगी । लोलिकले उसलाई शरण दियो ।

बंठा चमार चनैनलाई खोज्दै लोरिकको घरसम्म पुग्यो र उसकी आमालाई भन्यो-मलाई चनैन फर्काइदेऊ । तर लोरिककी आमाले बंठालाई चनैन बुझाउन मानिन । बंठा रिसायो । त्यसले गाउँमा भए जतिका पोखरी र कुवामा हाडखोर हाल्यो र भन्न थाल्यो-चनैनलाई नदिएसम्म म गाउँका बच्चालाई पनि पानी खान नदिई तिर्खाले नै मर्छु । कसैले बहिरबाट पनि पानी आसाऱ्यो भने त्यसले घैटा फटाउँथ्यो । गाउँमा हाहाकार भयो, मान्छे मर्न थाले ।

अन्तमा खुलैली सिलहट अखडामा पुगी, जहाँ त्यसको छोरो लोरिक कुश्ती खेल्दै थियो । जसले रोई कराई सम्पूर्ण बृतान्त छोरोलाई सुनाई । उसले गुरुसित घर फर्किने आज्ञा माग्यो, तर गुरुले आज्ञा दिएनन् किनभने उनले बंठालाई लोरिकलाई भन्दा एक दाउ बढी सिकाएका थिए । गुरुले त्यो दाउ लोरिकलाई पनि सिकाए । लोरिकलाई आशीर्वाद दिएर पठाए ।

गाउँ आएपछि लोरिक र बंठामा ठूलो युद्ध भयो । बंठा हाऱ्यो । गुरुभाइ हुनाले लोरिकले त्यसको ज्यान लिएन । तर दुवै हात काटेर जङ्गल पठाइदिए । यसरी लोरिकले चनैनको सतीत्व रक्षा गरे ।

लोरिकको पौरखबाट प्रभावित भएर चनैनले त्यससित पुनर्विवाह गर्ने प्रण गरी र बंठाले पाएको दण्डको खुसीमा ठूलो भोज गरी । सहदेव राउतको यस भोजमा लोरिकको परिवारलाई पनि निम्तो पठायो । त्यसै भोजमा लोरिक र चनैनको पहिलो भेट भयो । एक अर्कालाई देखेपछि दुवैको मनमा प्रिति टुसायो । उनीहरू लुकी-लुकी हरेक रात एकअर्कासित भेट्न थाले । एक दिन लुकेर दुवै अगौरा गाउँबाट भागे र हरदीगढ पुगे । त्यहाँको राजा माचेन थियो । चनैनको रूप देखेर ऊ लट्ठियो । उसले लोरिकको हत्या गर्न लगाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चनैनसित विवाह गर्ने योजना बनायो । त्यसले एउटा चिठी दिएर लोरिकलाई गेरुला अखडा पठायो, जहाँ गजभी मलको नेतृत्वमा सात सय पहलवान कुश्ती खेल्दै थिए । त्यस चिठ्ठीमा के लेखिएको थियो भने यो चिठी लिएर जाने मान्छेलाई अखडामै मारिहाल्नु । चिठी पढ्नासाथ गजमीमलले आफ्नो सात सय पहलवालाई लोरिकसित भिडाइदिए । तर, सबै एक-एक गरी मारिए । अन्तमा गजभिमल आयो । तर, उसको पनि त्यही हाल भयो । जुन उसका सात सय पहलवानको भएको थियो । यो समाचार पाएर मोचैन व्याकुल भयो । बदला लिनलाई उसले लोरिकलाई अर्को चिठी दिई न्योरिगढका राजा हरबा कहाँ पठायो । त्यस पत्रमा पनि लोरिकको ठाडै हत्या गर्ने थियो । त्यहाँ पनि लोरिकले फेरि युद्ध गर्नु पऱ्यो । न्योरीगढका राजा पनि मारिए । यसरी लोरिकले अनगिन्ती युद्ध गरे, तर सबै युद्धमा जिते ।

यता भाँजरि लोरिकको बिछोडमा दुब्लाएर अस्थिपंजर मात्र भएकी थिई । रुँदा-रूदै उनका आमा बाबु अन्धा भैसकेका थिए । उसका भाइ साबर मकडाका राजासित युद्ध गर्दागर्दै मारिएका थिए । यस्तो अवस्थामा लोरिकका शत्रु भाँजरिसँग अनैतिक सम्बन्ध स्थापित गर्न खोज्दै थियो । भाँजरिले कागको खुट्टामा चिठी बाँधेर लोरिककहाँ पठाई । चिठी पढेर लोरिक आकुल-व्याकुल भए । ऊ तुरुन्त गाउँ फर्किन चाहन्थ्यो । तर, चनैन उसलाई जान दिन चाहँदैन थिई । किनभने गाउँबाट त दुवै जना भागेर आएका थिए । गाउँलेहरूले गर्ने खिसीका डरले फर्किन आँट आउँदैनथ्यो । तर, लोरिकको संकल्पको अगाडि भाँजरिको केही लागेन । उनीहरू घर फर्किए । घरमा भाइलाई नपाई लोरिकका आँखाबाट सहस्रधार आँशु बग्न थाले ।

८. गुगलीघाटम :

घाटमपुर राज्यका राजाको नाउँ रणपाल थियो । रानीको नाउँ थियो यशोदा । रानीका सात दाजुभाइ थिए । जेठा दाजुको नाउँ थियो गंगबा । गंगबा नामुद डाँका थियो । बाँकी छ दाजु भाइ पनि नामुद नै थिए तर कान्छो चाहिं अलिक नरम मिजासको थियो । तर आफ्ना दाजुहरूको विरुद्धमा केही बोल्ने आँट उसमा थिएन ।

एक दिनको कुरो हो, पाँचै दाजुभाइले मिलेर राजा रणपालको हत्या गरिदिए । कान्छोले जत्ति विन्तीभाउ गरे पनि उनीहरूले मानेनन् । जब रानी जसोदाले यो थाहा पाइन्, दाजुभाइसित डराएर उनी पनि ज्यान जोगाउन भागिन् । जशोदा भाग्दाभाग्दा जयपुर पुगी । जयपुरका राजा गंगबाका मित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। त्यसैले उनी राजाकहाँ गइनन्, बरु अलपत्र परेर जतातत्तै भौतारिन थालिन्। एक त गर्भबोकेकी, त्यसमाथि झन् दिनरात भट्किनु। भोकप्यासले लखतरान भइन्। अन्त्यमा हेमु भन्ने बनियाँकहाँ पुगिन्। रानीको अवस्था देखेर उसको मुटु छियाछिया भयो। रानी जसोदालाई एकै आँतकी बहिनीझैं गरी उसले जसोदालाई आश्रय दियो। उसकै घरमा गुगलीको जन्म भयो।

गुगली छेत्री मामा हेमको माया पाई हुर्किन थाल्यो। गुगली अलिक ठूलो भयो र साथीहरूसँग खेल्न थाल्यो। एकदिन खेल्न जाँदा साथीहरूले झेल गरे र उसलाई "अनेरुआ" (बाबु-आमाको ठेगान नभएको) भनेर जिस्काउन थाले। यो "अनेरुआ" शब्द मुटुभित्र झिरझैं रोपियो। त्यो भागेर आमानेर आयो र 'मेरो बाबु को हो ?' भनेर सोध्यो। पहिले त रहस्य खुल्ने भयले रानी जसोदाले केही भनिनन् , तर पछि जब छोरोले हठ गरेर हैरान पाऱ्यो उनले सबै आत्मवृतान्त खुलेर बताइदिइन्। बाबुको हत्याराको नाउँ सुनेर गुगली छेत्रीको दिमाग तातेर आयो।

एक दिन गुगली छेत्री आमासित आज्ञा लिएर शिकार खेल्न गयो। बाटोमा उसले आफ्नो परिधान खोलेर राख्यो, साधुको भेष धारण गऱ्यो र घाटमपुर राज्य पुग्यो। त्यहाँ पुगी गंगबा डाकूको बारेमा सबै हुलिया पत्ता लगाउन थाल्यो। आफ्ना बाबुको बारेमा सबै पूर्व घटनाको जानकारी लिन थाल्यो। यसरी सबै घटनाको जानकारी सँगेटेर त्यो जयपुर फर्कियो । यहाँ आएर उसले आफ्नो सेना बनाउँछ। सेना सङ्गठित गरेपछि त्यसले घाटमपुर माथि हमला गर्छ। डाँक गंगबाका सात दाजुभाइ पनि आफ्नो सेना लिई सामना गर्न अउँछ। दबै सेनामा भयंकर युद्ध हुन्छ। गुगली - एक-एक गरी सबै मामालाई छप्काइदिन्छ। तर जब कान्छोलाई काट्ने पालो आउँछ , रानी जसोदा अगाडि आई उभिन्छिन्। आमालाई सामुन्ने देखेर-गुगलीले उठाएको हातको तलवार तल झर्छ। चिनेर कान्छो मामाले भान्जोलाई अँगालो हाल्छ र छातीमा टाँस्तछ। सबैका आँखाबाट बर्बरी आँसु झर्न थाल्छन्। गुगलीले घाटमपुरको राज्य पुनः प्राप्त गर्दछ।

९. मैना-गोबिना :

मदनपुर राजका राजा थिए पक्षी। उसका मन्त्रीको नाउँ थियो वीरवल। राजा पक्षीकी एउटी छोरी थिई, नाउँ थियो मैन। मन्त्री वीरवलको पनि एउटा छोरो थियो, जसको नाउँ गोबिना थियो। मैन र गोबिना अलिक ठूलो भएपछि स्कुल जान थाले। स्कुलमा दुवैको भेंटघाट हुन थाल्यो। विस्तारै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवैले एक अर्कासित प्रेम गर्न थाले । एउटालाई नदेखे अर्कोलाई चैन थिएन । अब एक-अर्कासित लुकिलुकी पनि भेंट गर्थे । दुवैको यो प्रेमलीला मोहना गाउँ गरेको एउटा विद्यार्थीले एक दिन देखेछन् । उसले मास्टरजीलाई आएर चुक्ली लाइदिए । मास्टरले गोबिना लाई बेस्करी कुटे र एकअर्कासित कहिल्यै नभेट्ने नसिहत दिए । तर, प्रेमको भुङ्ग्रोमा परी माछोझैं छटपटाएका मैना र गोविना एक - अर्का बिना कसरी बाँच्न सक्थे ? भेटिरहन्थे । अन्तमा यो खबर राजासम्म पुग्यो । राजा पक्षी आगो भयो । क्रोधले काम्न थाले । राजाले गोबिनालाई फाँसीमा झुन्ड्याउन चाहन्थ्यो, तर सबैले उसको यो पहिलो अपराध भएको हुनाले माफी बक्सने गुहार गरे । राजाले प्रजाको पुकार सुनेर गोबिनालाई स्कुलबाट मात्र निष्कासित गरेर अरू सजाँय माफ गरे । तर दुवैको मेल-जोल हुन नपाओर भनेर उनीहरूमाथि कडा निगरानी राख्ने हुकुम सारा भारदारलाई दिए ।

भेंटघाटमा प्रतिबन्ध त लाग्यो तर, चिठीपत्रीमा कसैले प्रतिबन्ध लगाउन सकेन । भेंटघाट पनि ओठवल पोखरीमा चालू नै थियो । दुवै सँगै नुहाउँथे । मोहना भन्ने विद्यार्थीले फेरि यो कुरा थाहा पायो । उसले फेरि यो पोल राजालाई लगायो । राजा फेरि क्रोधले बौलाहा भए । उसले मैनालाई महलमा कैद गरिदिए । गोबिना बिना मैना फेरि पानी बिनाको माछाझैं छटपट गर्न थाली । उसले धाईमाको हातद्वारा गोविनालाई चिठी पठाई । त्यसमा लेखिएको थियो , 'वीच रातमा म राजदरबारको चोटाबाट एउटा फरिया तल झार्छु , त्यही समातेर माथि आउनू ।' अब हरेक रात यस्तै हुन्थ्यो, गोबिना फरिया समाई माथि उक्लिन्थ्यो र त्यही समाई तल झर्थ्यो । तर यो बुद्धि पनि धेरै दिन काम लागेन । राजाले यो कुरा पनि थाहा पाए । दरबारको चारैतिर सिपाहीको पहरा र गस्ती बढाइयो, तर, एक दिन प्रहरीको आँखामा धूलो झोंकेर दुवै फरार भए ।

राजाले दुवैलाई समात्न सेना पठाए । दुवैलाई समातेर ल्याइयो । मैनालाई दरबारमा बन्दी बनाइयो । गोबिनालाई देशनिकाला गरियो । दुवै एक-अर्काको वियोगमा तड़पिन थाले । यता राजाले मैनाको विवाह अर्को ठाउँमा तय गरे ।

विवाहको दिन तोकियो । ठीक साइतमा जन्ती निस्किन लाग्यो । मदनपुर राजको सीमामा एउटा शिवमन्दिर थियो । जन्ती केही बेर यहाँ विश्राम गर्न थाल्यो । त्यसै मन्दिरको भुइँमा गोबिना पनि पल्टिएको थियो । बेहुलाको बाबुको मनमा एउटा कुरा खेल्न थाल्यो, 'मेरो छोरा गोजाङ्ग्रो छ, राजाले त यसलाई यज्ञमण्डपबाटै फर्कादिन सक्छन् । त्यसैले उसले गोविनालाई केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेरका लागि बेहुला बनिदिने अनुरोध गऱ्यो । भन्यो, 'विवाहपछि जब केटी घर आउँछे, अनि तँ आफ्नो घर गएस् ।' गोबिनाले हाँसी-हाँसी यो प्रस्ताव स्वीकार गऱ्यो । ऊ बेहुलाको लुगा लगाई घोडामा ठाँटसाथ बस्यो ।

बरियाती राजदरबारमा पुग्यो । मैनाका आँखामा भदौरे झरी लागेको थियो । तैपनि, सबैले समातेर बलजफ्ती उसलाई विवाहपण्डपमा ल्याए र विवाह गरिदिए । यसरी गोविनासँग उसको विवाह भयो । जब दुवै 'कोहबरघर' (बेहुला-बेहुलीको प्रथम मिलन हुने केलिगृह) गए, मैना आफ्नो लोग्नेतिर फर्किएर पनि हेर्दैनथिई, अन्तमा गोविनाले जब आफ्नो 'मउर' (बेहुलाले लगाउने टोप) उचाल्यो, मैना हेरेको हेरै भई । दुवैले कोहबर घरबाटै भाग्ने योजना बनाए र मिर्मिरेभन्दा पहिले नै कुलेलम ठोके ।

दरबारमा राजालाई सम्पूर्ण वृतान्तको जानकारी भइसकेको थियो । उनले भाग्यको यो विधान स्वीकार गरिसकेका थिए । हजारौं प्रहरी खटाएर उनले मैना र गेविनालाई दरबारमा बोलाए । गोविनालाई ज्वाइँको रूपमा सहर्ष स्वीकार गरे । छोरी-ज्वाइँ दुवै खुसी भए ।

१०. कौआहँकनी :

सोनगढका राजाका ६ वटा रानी थिए, तर संतानसुखचाहिं कसैबाट प्राप्त भएन । ६ वटै रानी बाँझी । राजा ज्यादै दुःखी रहन्थे । उनी बितेपछि सोनागढको राजपाट कसले समाल्ने छ ? राजाले पिर मान्ने मूल कारण यही थियो । मानिसहरूले त्यसलाई निपुत्री भन्ने छन् , बिहान कसैले मुख देख्ता पनि बेसाइत मान्ने छन् आदि कुरा सोचेर उनी झनै व्याकुल हुन्थे । उनले जोखना हेर्न काशीका ज्यतिषीलाई बोलाए । जोखना हेरेर ज्यतिषीले भन्छन् , 'सरकारबाट यदि कुनै अत्यन्त गरिब केटीसित विवाह गरिबक्सिन्छ भने पुत्ररत्नको प्राप्ति अवश्य हुन्छ ।' राजाको अँध्यारो जीवनमा आशाको मिर्मिरे झुल्किन्छ । उनी गरिब केटीको खोजीमा अकासपत्ताल एक गरिदिन्छन् । धरै खोजीपछि एउटा अंधो माग्नेकी छोरी भेट्टिन्छे । त्यो बैंसालु र सुन्दरी हुन्छ , तर कसैले ऊसित विवाह गर्न मान्दैन । किनभने केटीको शर्त अनुसार, त्यो केटीसित विवाह गर्नेले उसको अंधो बाबुको जिम्मेवारी पनि वहन गर्नुपर्ने हुन्छ । राजाले त्यो केटीसित विवाह गरिलिन्छ । विवाहपछि कान्छी रानीलाई साथमा लिई राजा 'कोहबर घर' (बेहुला-बेहुली केलिगृह) जान्छन् । केही दिनपछि रानी गर्भवती हन्छिन् । राजा हर्षले नाच्न थाल्छन् । उनको माया कान्छी रानीप्रति झन् प्रगाढ हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक दिन राजा शिकार खेल्न जाने विचार गर्छन् । त्यसैले दरबारमा एउटा ठूलो घन्टा झुन्डयाउन लगाउँछन् र कान्छी रानीलाई भन्छन्, 'तिमीलाई कुनै सङ्कट पर्दा यो घन्टा बजाइदिनु, आवाज सुन्नासाथ म हाजिर हुन्छु ।' यति भनेर राजा शिकारका लागि जङ्गल प्रस्थान गर्छन् ।

रानीलाई जब प्रसवपीडाले सताउन थाल्छ, उनले सुँडिनीलाई बोलाउने आदेश दिन्छिन् । सबैले एउटै कुरा भन्छ, 'यस राज्यमा सुँडिनी छैन ।' अरू रानीहरूले पनि यसै भन्छन् । बरु सुँडिनीको काम आफैंहरूले समाल्ने आश्वासन दिन्छन् । जब पीडा असह्य हुन्छ र कान्छी रानी छटपटउन थाल्छिन् , सौताहरूले भन्छन् 'टाउको कोठी (अन्नराख्ने माटोको सानो भकारी) मा र गोडा चूलोमा हालेर सुत्नू बच्चा चाँडै जन्मिन्छ , र जन्मिएको बच्चो छोरै हुन्छ ।' कान्छी रानीले त्यसै गर्छिन् । छोरो साँच्चै जन्मिन्छ । तर, कोठीभित्र टाउको घुसारेकी हुनाले उनले आफ्नो छोरोको मुख देख्न पाउँदिनन् । त्यसैले सबै सौता मिलिमतो गरेर उसको छोरो चोर्छन् र त्यस ठाउँमा ईंटा-ढुङ्गा राखिदिन्छिन् । कान्छी रानीले जब टाउको निकाल्छिन् , सौताहरूले भन्छन्, 'तिम्रो कोखबाट यिनै जन्मिएका ।' यी सबै देखेर रानी ज्यादै दुःखी हुन्छिन् ।

यता छ वटै रानी मिलेर त्यस शिशुलाई खेतमा फालिदिन्छन् । बच्चा चेहाँ-चेहाँ गरी रोइरहन्छ, तर ती निठुरीहरूलाई माया लाग्दैन । बच्चालाई माटो खनिने खेतमा फालेपछि उनीहरूले दरबारमा झुन्ड्याइएको घण्टा बजाइ दिन्छन् । राजा खुसीले पागल हुन्छन् । तर, जब छोराको मुख देख्ने रहर लिएर आइपुग्छन्, सबैले उनलाई ईंटा-ढुङ्गा देखाइदिन्छन् । राजा शोकाकुल बन्दछन् । कान्छी रानीप्रतिको उनको माया घृणामा बदलिन्छ । छ वटै रानीको सल्लाहले उनी कान्छीलाई आफ्नो बाह्र बिघामा फैलिएको फूलबारीमा बसी दिनरात कौवा धपाउने काममा पठाइदिन्छन् । राजदरबारका सारा सुख-सयलबाट बंचित भई कान्छी रानी अब फूलबारीको झुपडीमा सर्छिन् । फूलबारीमा कौवा धपाउँदाधपाउँदै उनी बौलाही बन्छिन् । यता खेतमा माटो खन्न आएका व्यक्तिहरूले चेहाँ - चेहाँको करुण चीत्कार सुनी त्यो अबोध शिशुलाई आफ्नो मालिक कुमालेकहाँ पुऱ्याइदिन्छन् । कुमालेले उसलाई पाल्न थाल्छ । जब बालक अलिक ठूलो हुन्छ, भन्छ, 'म स्कुल जान्छु । त्यसैले मलाई कालो घोडा र रातो लगाम बनाइदिनुहोस् ।' कुमालेले उसलाई दुवै चीज बनाइदिन्छन् । त्यो दुवै चीज लिएर ऊ स्कुल जान थाल्छ । बाटोमा एउटा पोखरीमा घोडालाई पानी खुवाउन जान्छ । संयोगले त्यसै पोखरीमा ती छ जना रानीहरू नुहाइरहेका हुन्छन् । त्यस ठिटोलाई माटोको घोडालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानी खुवाउन ल्याएको देखेर गिज्याउन थाल्छन् , 'हेर माटोको घोडा पनि पानी खान्छ ?' यो सुनेर उसले जवाफ दिन्छ, मान्छेले पनि ईंटा-ढुङ्गा ब्याउँछ र ?' जावफ सुनेर रानीहरू अवाक् हुन्छन् । यो ठिटोलाई सबै कुरा थाहा भए जस्तो छ, यसले भन्डाफोर गऱ्यो भने सर्वनाश हुन्छ भन्ने चिन्ता पनि लाग्यो । त्यसैले उनीहरू राजाकहाँ पुगे र चुक्ली गरे, 'कुमालेको छोरोले हामीलाई नचाहिने - नचाहिने गाली गऱ्यो ।' राजा क्रोधित भए । उनले त्यो ठिटोलाई झिकाई उसको गर्दन उडाइदिने हुकुम दिन्छन् । जल्लादहरूले त्यो ठिटोलाई समाती जङ्गलमा लैजान्छन् । उसले जति कल्पे पनि, हार-गुहार गरे पनि ती राक्षसहरूले गर्धन उडाइदिन्छन् ।

गर्धन उडाइदिएपछि त्यो ठिटो राजाको फूलवारीमा एउटा सुन्दर फूल भएर जन्मिन्छ । छ वटै रानी त्यो फूल देखेर मोहित हुन्छन् । उनीहरू त्यस फूललाई टिप्न हात लम्काउँछन् , तर फूल उडेर आकाशमा पुग्छ । यो कुरा जब राजाले सुन्छन् , उनी पनि अचम्म मानेर यो दृश्य हेर्न फूलवारी पुग्छन् । त्यस फूलले आकाशबाट राजासित भन्छ, 'तिमीहरू पापी हौ, त्यसैले यो फूल छुन खोज्दा आकाशमा पुग्छ । यस फूललाई मात्र कान्छी रानीले टिप्न सक्छिन् ।'

राजाले कान्छीलाई बोलाएर यस कथनको सत्यता जाँच्न खोज्छ । कन्छी रानी जब फूल टिप्न आउँछिन्, त्यो फूल नवजात शिशु बनेर उसको काखमा खेल्न थाल्छ र गर्धन समाई 'माँ; माँ;;' बोल्न थाल्छ । यो दृश्य देखेर राजाको बक फुट्तैन । यस घटनाको रहस्य पत्ता लगाउन उनी आतुर बन्छन् । त्यसले एउटा साधुलाई खोज्न भनेर एउटा सिपाही पठाउँछन् । साधु आउँछ र सबै रहस्य राजालाई खुलस्त पार्छ । राजाले छ वटै रानीलाई प्रँणदण्डको सजाय सुनाउँछन । तर, कान्छी रानीको बिन्ती सुनेर सबैको दण्ड माफ गरिदिन्छन् । लम्केर आफ्नो छोरोलाई काखमा लिन्छ । आफ्नी प्यारी रानी र प्यारो छोरोमाथि गरेको अत्याचार संझेर राजाका आँखाबाट बर्बरी आँसु झर्न थाल्छन्, अविरल वर्षाझैं ।

११. जया-विषहर :

इन्द्रलोकबाट दुइटा अप्सरा निष्कासित गरिन्छन् । यी दुवै अप्सारामध्ये एउटी विषहर र अर्की चन्नू सौदागर भएर जन्मिन्छन् । चन्नूको विवाह साहुन नाउँ गरेकी केटीसित हुन्छ । उसको छोरो पनि जन्मिन्छ । तर, विषहरलाई कुनै संतान हुँदैन र उनी बाँझिन कहलाउँछिन् । बाँझिन भएकी हुनाले चन्नू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सौदागरले उनलाई पूजा गर्दैन। साहुनले जति सम्झाए बुझाए पनि चन्नू सौदागर विषहरलाई नैवेद्य चढाउन मान्दैन। विषहरले कमसेकम एक सीपी दूध र पाँच गोडा धानका लावा आफ्नो भाइसित माँग्छिन्, तर त्यो दिन पनि चन्नू टसमस हुँदैन। यसबाट विषहर क्रुद्ध हुन्छे र गएर चन्नूको छोरोलाई डँस्छे। छोरो काटिएको रुखझैं ढल्छ। तैपनि चन्नू अटल रहन्छ।

विषहरले एक-एक गरी चन्नूका छ छोरालाई डँस्तै जान्छे। सातौं छोरा लखीन्दर हुन्छ। ऊ जन्मिएपछि निकै बाजागाजासँग उत्सव मनाइन्छ। तर भित्रभित्रै डर पनि हुन्छ विषहरको। लखिन्दर शुक्लपक्षको चन्द्रमा झैं बढ्न थाल्छ। एक दिन यौवनले भरपूर हुन्छ। चारैतिरबाट विवाहका प्रस्ताव आउन थाल्छन्, तर विषहरको भयले चन्नूले लखिन्दरको विवाह गर्दैन, किनभने विषहरले उसका सबै छोरालाई विवाहपछि नै डँसेको थियो। तर, समाजको दबाब बढ्दै गएपछि चन्नू छोरोको विवाहका लागि राजी हुन्छ।

चन्नू आफ्ना छोरा-बुहारीका लागि यस्तो महल बनाउन चाहन्छ जसमा सर्प छिर्न सक्ने प्वालै नहोस्। उसले यो कुरा महल बनाउने राजमिस्त्रीसित भन्छ। तर, यता विषहरले पनि राजमिस्त्रीलाई कानेखुसी गरी आफ्नो पक्षमा मिलाएकी हुन्छे। राजमिस्त्रीले सबै प्वाल थुने पनि एउटा मसिना प्वाल छोडिदिन्छ र त्यहाँ एउटा अँगारका टुक्रा छिराइदिन्छ। त्यसैले, त्यो प्वालतिर कसैको ध्यानै जाँदैन।

विवाहपछि लखिन्दर आफ्नी पत्नी विहुलासँग त्यस कोठामा सुहागरात मनाउन जान्छ। जब बेहुला -बेहुली घुर्न थाल्छन्, विषहर त्यो अँगार झिकेर प्वाल हुँदै कोठामा छिर्छ। त्यो विस्तारै घस्रिएर पलंगमा उक्लिन्छे र लखिन्दरलाई डँस्छे। लखिन्दर सुतेको सुतै हुन्छ। भोलि पल्ट चारैतिर हाहाकार मच्चिन्छ। कोठामा एउटै प्वाल नभए पनि विषहर कसरी छिरी, त्यो अचम्मको कुरो लाग्छ। अवश्य पनि बेहुलीले नै विष दिएको हुनुपर्छ। बेहुली-बेहुलाकै दोष ठहर गरेर सबैले उसलाई गालीफज्झिति गर्न थाल्छन्। बेहुली ढुङ्गाको मूर्ति बनेर सबै सहिरहन्छे। पछि अत्यन्त दुःखी हृदयले आफ्नो पतिको लास लिएर इन्द्रलोक जान्छे। त्यहाँ इन्द्रसभा लागेको हुन्छ। त्यस सभामा पुगेर बिहुला नाच्न थाल्छे। बिहुलाको नाच देखेर इन्द्र प्रसन्न हुन्छ र त्यसलाई वरदान माग्न भन्छन्। बिहुलाले आफ्नो पति सहित छ वटै जेठाजुलाई प्रँणदान दिन भन्छिन्। इन्द्रले 'एवमस्तु' भन्छन्। तर यसका लागि ब्रह्मलोक जान भन्छन्। ब्रह्मलोक पुगेपछि ब्रह्माले विष्णुलोक जान भन्छन्। विष्णुलोक पुगेपछि विष्णुले शिवलोक जान भन्छन्। शिव सती बिहुलाको सतीत्वमा खुसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर वरदान दिन्छन्। उसका पति र जेठाजु ब्युँतिन्छन्। बिहुला आफ्ना पति र जेठाजुलाई साथ लिएर घर फर्किन्छन्। उसका जेठानीहरू आ-आफ्ना पतिलाई पाएर खुसीले नाच्न थाल्छन्। बिहुलाले जति नै अपमान र फज्झिति पाएकी थिइन्, त्यतिकै आदरसम्मान पाउन थालिन्।

१२. हंसराज-वंशराज :

हंसराज-वंशराज दुवै दाजुभाइ हुन्। एकदिन दुवैकी आमाले सपनीमा देख्छिन्, एउटा फिस्टोले एउटी फिस्टीसित विवाह गर्छ। जब तेस्री फिस्टी आउँछे, पहिली फिस्टीका बच्चाहरूलाई चुच्चोले हानीहानी तल झारिदिन्छे। यो दृश्य देखेर रानी झस्किएर उठ्छिन्। धेरै बेरसम्म यस सपनाकै बारेमा सोच्न थाल्छिन्। म मरे भने यसै गरी मेरा श्रीमान्ले पनि अर्की श्रीमती ल्याउँछ र त्यसले यसै गरी मेरा बच्चाहरूलाई दुःख दिन्छ भन्ने पिरले उनी छटपटाउन थाल्छिन्। उनी राजासित आफू मरेपछि अर्को विवाह नगर्ने बाचा गराउँछिन्। तर, हुनेहुनामलाई कसले टार्न सक्छ ? रानी सिकिस्त बेरामी हुन्छिन्। जति औषधि गरे पनि रोग निको हुँदैन र अन्त्यमा ईहलीला सम्प्त गर्छिन्।

रानीको मृत्युपछि मानिसहरूले राजालाई अर्को विवाह गर्ने दबाब दिन्छन्। सुरुमा त राजाले यो कुरा सुन्नै चाहदैनन्, तर पछि-पछि परिवारको दबाबका अगाडि झुक्छन्। तर, अर्को विवाह गर्नुभन्दा अगाडि आफ्ना छोरा हंसराज र वंशराजलाई उनले सौतेनी आमाको स्वभाबिक दुर्व्यवहारबाट जोगाउन एउटी मालिनीको जिम्मा लगाइदिन्छन्। कान्छी रानी राजदरबारमा भित्र्याइन्छिन्। उनी बिस्तारै राजालाई अनेक नक्कलझक्कलले आफ्नो वशमा पार्छिन्। राज्यमा उनकै हुकुम चल्न थाल्छ। केही दिनपछि जब राजकुमार ठूला हुन्छन्, भकुन्डो खेल्न दरबारकै छेउमा पुग्छन्। दुर्भाग्यले भकुन्डो हान्निएर रानीको जीउमा ठोकिन्छ। रानी रिसले काम्न थाल्छिन् र दरबारकी नोकर्नीसित दुवै केटाको परिचय सोध्छिन्। नोकर्निले रानीलाई पूरा रामकथा सुनाउँछे। सौतिनीका छोराका नाम सुन्नासाथ रानी त नागिनझैं फुंकार गर्न थाल्छिन्। पेट दुख्ने निहुँ पारेर कोपभवनमा सुत्छिन्। अनेक वैद्यहरू बोलाइन्छन्, तर रानीको बेथा निको हुँदैन। राजा झन् चिन्तित बन्छन्। रानीले राजासित भन्छिन्, 'जबसम्म त्यो मालीका दुवै छोराका छाती चिरेर उनका कलेजा ल्याइदिनुहुन्न, मेरो बेथा निको हुँदैन।'

रानीका कुरा सुनी राजा झन् व्याकुल हुन्छन्। तर केही सिप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नलागेपछि दुवै राजकुमारलाई मालीकहाँबाट झिकाएर कलेजा काटेर ल्याउन दुइटा चाण्डालको जिम्मा लगाइदिन्छन्। दुवै चाण्डाल दुवै राजकुमारलाई जङ्गलमा लैजान्छन्। तर, यी टिठलाग्दा कलिला राजकुमारहरूको सुन्दरता देखेर दुवैको हृदयमा करुणा पलाउँछ। उनीहरूले राजकुमारहरूलाई जङ्गलमा छाडिदिन्छन् र दुइटा स्याल मारी तिनका कलेजा लिई दरबार पुग्छन्। कलेजा देखेर रानीको दर्द निको हुन्छ। यता दुवै भाइ राजकुमार जङ्गलमा भट्किन थाल्छन्। भट्किंदा-भट्किंदा दुवै जना एउटा अर्कै देश पुग्छन्। अनेक कष्ट सहन गर्छन् र एक दिन, एकअर्कासित छुट्टिएर बिछोडमा पर्छन्। तीमध्ये जेठो राजकुमार त्यस देशको राजाकहाँ जागिर खान थाल्छ र अर्को कान्छो राजकुमार एउटा तेलीको नोकर बन्छ। राजदरबारमा जागिरे हुन पुगेका जेठा राजकुमारलाई राजकुमारीसित प्रेम पर्छ। राजकुमारी उसका लागि ज्यान फाल्न तयार रहन्छिन्। दुवैले एकअर्कासित विवाह पनि गर्छन्। उता तेलीको घरमा नोकर भएर बसेका कान्छा भाइ दिनरात दुःख सहन्छ। जब तेलीको गोरु मर्छ, उसले त्यसै नोकर (कान्छो राजकुमार) लाई हलोमा जोत्न थाल्छ। त्यो दुब्लाएर मरन्च्याँसे देखिन्छ, तैपनि गोरुको ठाउँमा जोत्न तेलीले छाड्दैन।

जेठो राजकुमार जब राजकुमारीसित विवाह गरेर शक्तिशाली बन्दछन्, उनी आफ्नो प्यारो भाइलाई घुँइघुँइती खोज्न थाल्छन्। खोज्दा खोज्दा जब तेलीकहाँ पुग्छन्, आफ्नो भाइलाई तेलीको कोलमा गोरु भई सकी-नसकी तेल पेलिरहेको देख्छन्। आफ्नो भाइलाई यस अवस्थामा देखेर उनका आँखाबाट बलिन्द्र धारा आँसु बग्न थाल्छ। उनले आफ्नो भाइलाई मुक्त गराउँछन् र त्यो तेलीले मान्छेलाई गोरुझैं जोतेकोमा दण्ड दिन्छन्। उनी आफ्नो भाइलाई लिएर जब राजमहल पुग्छन् , उनकी श्रीमती आफ्नो हराएको देवर पाएर दंग पर्छिन्। दरवारमा उत्सवको वातावरण छाउँछ।

एक दिन दुवै दाजुभाइ सेनाहरूसहित आफ्नो पितासित भेट्न जान्छन्। तर, राज्यमा प्रवेश गर्नासाथ उनीहरूका पितालाई कुनै दुश्मन राष्ट्रले सेना लिएर आक्रमण गर्न आएको भ्रम पर्छ। उनी पनि आफ्ना सेनाहरू साथ मैदानमा युद्धका लागि उत्रिन्छन्। यो देखेर आफ्ना सेनालाई पछाडि छाडेर दुवै राजकुमार बाबुको नजिक हिंडेर पुग्छन्। राजाले आफ्ना छोरा दुवैलाई चिन्छन्। दुवै दाजुभाइले पुराना कुरा बिर्सिने वचन दिन्छन्। राजा क्वाँ-क्वाँ गरी रुन थाल्छन्। जेठो छोराको आग्रहमा उनले आफ्नो सिङ्गो राज्य कान्छो छोरालाई दिन्छन्। जेठोसित आफ्नो राज्य छँदै थियो। देशभरि खुसीको लहर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छाउँछ ।

मैथिली लोकमंचका केही थप विशेषता :

१. मैथिली लोकमंचको निर्माण बाँस र बाँसका टुक्राटुक्रीले हुन्छ । दश-पन्ध्रवटा जति बाँस र दुई किलो जति नरिवल वा बाबियोको डोरीले मंचको निर्माण हुन्छ । माथि खरले छाइन्छ । सामुन्ने ठूलो पर्दा हुन्छ र छेउका बाँस छोप्न स-साना पर्दाहरू हुन्छन् । छानोअगाडि रहेको बाँसमा छेउदेखि पुच्छरसम्म एक बित्ता चौडा पर्दा झुन्डयाइएको हुन्छ । अभिनेताहरूले अभिनय गर्ने ठाउँमा काठका चौकीहरू जोडेर राखिन्छ । मंच अग्लो बनाउन चौकीमाथि चौकी पनि राखिन्छ बाद्यवादकहरू छेउमा वा मंचको पछिल्लो भागमा हुन्छन । दर्शकहरू कि त भुँइमै बस्छन् वा त्यहाँ पराल ओछ्याइन्छ । दर्शकहरू लागि पनि त्रिपाल टाङिएको हुन्छ ।

२. दृश्यविशेष देखाउन त्यस्तै पर्दाको व्यवस्था गरिएको हुन्छ । उदाहरणका लागि, नदी, जङ्गल, पहाड, फूलवारी, मन्दिर जे देखाउनु पर्‍यो, त्यस्तै पर्दा पृष्ठभूमिमा राख्ता पुग्छ ।

३. देहातमा अभिनेताहरू अनुहारमा मुर्दाशंख, खलीको धूलो अथवा पाउडर लगाएर आउँछन् । सहरमा जिंक अक्साइड लगाउने चलन आएको छ । अबरखको प्रयोग पनि हुन्छ । आँखीभौं बनाउन गाजल वा अँगारको धूलोको प्रयोग हुन्छ । यस प्रयोगले बोक्सी वा जादुगरको टुनामुनाको प्रभावबाट जोगिइन्छ भन्ने विश्वास अझै छ । राजा र मन्त्रीको भूमिका गर्नेले मात्र राजसी पोसक लगाउँछन् । अरू पात्रहरूले नियमित पोसाकले नै काम चलाउँछन् । स्त्रीको भूमिका गर्नेले रातो फरिया लगाउने, तर विधवाले सेतो लुगा लगाउने चलन छ । अभिनेताहरूको गोडामा जुत्ता-चप्पल हुँदैन ।

४. सितार, कठताल, डमरु, ढोल, नगाडा, मजिरा, झ्याली, कर्नट, धुतुहू आदि बाजाहरू जोर-जोरले बजाइन्छ ।

५. सर्वप्रथम वादकहरू आ-आफ्ना वाद्ययन्त्र लिएर मचमा उपस्थित हुन्छन् र आ-आफ्ना बाजाका सुर-तालको परीक्षण गर्छन् । केही छिनपछि चारपाँच जना अभिनेत्री मंचमा आई सरस्वती-वन्दना लोकभाषामा गर्छन् :

'माता सरोसतीके चरन गोहरबै छी हो । जिन माता देलखिन अकिल गियान हो ।'

सरस्वती वन्दनापछि दर्गा, कमला, गङ्गा, डिहबार, गोरखनाथ, हनुमान, सूर्य, मीर सुल्तान, पाँच पाण्डव आदिको स्तुति पनि गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्रभूमि मिथिलामा लोकनाट्य प्रदर्शन गर्दा बोक्सीको कालो जादुबाट अभिनयमा बिघ्न पर्न नदिन पनि दुर्गाभगवतीको स्तुति गरिन्छ :

'जुगे-जुगे नाम हम दुरगाके लै छी, हुनको चरनियाँमे शिर हम लबबै छी हो ।

ऐनी गुन बन्हिहे मैया, डैन गुन बन्हिहे, ओझा गुन बन्हिहें मैया, हिरदे लगायके हो ।'

६. जतातिर श्रृगांर कक्ष नेपथ्यमा हुन्छ, प्रवेश र निष्क्रमण पनि त्यतैतिरबाट हुन्छ ।

७. अभिनेताहरू निरक्षर भएका हुँदा संवाद गेय त हुन्छन्, तर, छन्द वा व्याकरणलाई वास्ता गरिदैन । नितान्त लोक भाषामा गेयात्मक प्रदर्शन हुन्छ । समयानुसार, पात्रहरूले संवादमा थपघट पनि गरिरहन्छन् । संवादलाई रोचक बनाउन पनि थप-घट स्वतः भइरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्रौं अध्यय

नृत्यकला, चित्रकला, सङ्गीतकला,स्थापत्यकला र काव्यकला

मैथिली लोक नुत्यलाई चार कोटिमा विभक्त गर्न सकिन्छ ।

१. धार्मिक नृत्य : देवी देवतालाई प्रसन्न गर्न गरिने कीर्तनियाँ नाच, पूजा-आरती नाच, डमरु नाच, पूजा-आरती नाच, आदि कोटिभित्र पर्दछन् ।

२. संस्कार-नृत्य - पमरिया नाच (सन्तान-जन्मेपछि पमरिया भन्ने जातद्वारागरिने नाच), बक्खो नाच (पुत्र जन्मोत्सव, विवाह आदि अवसरमा बक्खो जात द्वारा गरिने नाच), घसकट्टी नाच (विवाहको अवसरमा चतुर्थीको रात वरलाई प्रसन्न पार्न महिलाहरूद्वारा गरिने नाच) आदिलाई यस वर्गभित्र राख्न सकिन्छ ।

३. चाड पर्वसित सम्बनिधत नाच- दशैमा गरिने झिझिया नाच, मुहर्रमको अवसरमा मुसलमानहरूद्वारा गरिने भर्री नाच आदिलाई यस शीर्षक अन्तर्गत राख्न सकिन्छ ।

४. अन्य सामाजिक नाच खजन- चिडैया नाच, डम्फा बसुली नाच, विदापत नाच थारु नाच आदि यस वर्गभित्र पर्दछन् ।

मिथिला लोकचित्र कला

मैथिल लोकचित्रकलाको परम्पराको इतिहास कम्तिमा पनि ५००० (पाँचहजार वर्ष) परानो हो । यी चित्रकलाहरूमा इतस्तत : पाइने लिङ्ग र योनिका प्रतीकहरू (यथा-कोहबर चित्रको माध्यमा) लाई पूजा गर्ने परम्पराले के सिद्ध हुन्छ भने लिङ्ग र योनिको पूजा गर्ने आर्यागमन पूर्वको परम्पराश्रृङ्खला अद्यपर्यन्त मिथिलामा व्याप्त छ । मिथिला लोकचित्रकलामा विद्यमान अदिम तत्त्वहरू भनेको सरल, बृत्त (चक्र) भएका प्रारभिक प्रागैतिहासिक तत्त्वहरूका अतिरिक्त अनेक प्रत्यगैतिहासिक, वैदिक कालीन औपनिषदिक, मध्यकालीन (हर्षवर्द्धन र पालकालीन, तथा उत्तर मध्यकालीन तत्त्वहरू श्री जीतबहादुर रायमाझीले आफ्नो शोधपत्र '२१ औं शताब्दीमा मिथिला लोकचित्रकला एक सम्भावना (२०६१)' मा खोजी गरी देखाउनु भएको छ । उहाँले लेख्नुभएको छ- "आधुनिक वैज्ञानिक आधारमा खोजी गर्दा सिन्धुघाटी सभ्यातामाथि आर्यहरूले कब्जा गरेपछि आर्यसभ्यताको स्थापना र विस्तारकै प्रक्रियामा मिथिलाको स्थापनाकालका उदाहरणहरू मोहनजोदडो र हडप्पाका माटाका भाडाका अवशेषहरूमा पाइएका अंङ्कित चित्रहरू र मिथिलाका झुपडीका भित्तामा लेखिएका शिवलिङ्ग पेटमा बच्चाको चित्र अङ्कित हात्तीको चित्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिपलको पात, दुई पट्टि सम्मुख चरा वा पशुको अंकित चित्र आदिसँग तुलना गर्न सकिन्छ।" वैदिक यज्ञयाज्ञको अवसरमा बनाइने सर्वतोभद्र चित्रहरूको परम्पराविकासका परिणाम अरिपन चित्रहरू (भूमि चित्रहरू) हुन्। जसमा कालान्तरमा बौद्धस्तम्भ एवं हिन्दूतन्त्रका तत्त्वहरू समाविष्ट हुँदै गएका छन्। वात्स्यायानले आफ्नो कामसूत्रमा नारीहरूलाई जुन चौसट्ठी कलाको ज्ञान दिने सल्लाह दिएका छन्, त्यसभित्र चित्रकला पनि पर्दछ। सम्भव छ, कामसूत्रको प्रभावले यस परम्परालाई अझ पुष्ट गरेको होला। संस्कृतका महान् कवि कालीदासको मेघदूतमा नव-विवाहित यक्षको प्रवेशद्वारको भित्तामा कमल र शंख चित्रको अङ्कन भएको वर्णनबाट र वाणभट्टको प्रसिद्ध ग्रन्थ 'हर्षचरितम् मा हर्षको सालो ग्रहवर्माको कोहबरका भित्तामा देउताहरू तथा कामदेवको चित्र अंकित रहेको वर्णनबाट पनि भित्तिचित्र अङ्कन गर्ने परम्परा पुरातन रहेको कुरा सिद्ध हुन्छ। चित्राङ्कन-प्रक्रिया र रङ्ग-योजना परम्परा अनुसार हुने मिथिला लोकचित्र कलाका लागि कूची र रंगको निर्माण अत्यन्त सहज तथा प्राकृतिक रूपमा गरिन्छ। सामान्यतया सात किसिमका रङ्ग पाइन्छन्- सेतो, सिन्दूरी, पहेंलो, रातो, निलो, कालो र हरियो वा सुगापङ्खी। सेतो रङ्ग चामलको पिठारले बनाइन्छ। सिन्दूर र बाख्रीको दुध मिसाएर सिन्दूरी रङ्ग तयार हुन्छ। कुसुम सागको रसले र बेलको रसले रातो रङ्ग बनाइने चलन छ। पर्खाल वा छानोमा जमेको कालो ध्वाँसोलाई सुर्केर गोबरमा मिसाई गुँद हालेर कालो रङ्ग बनाइन्छ। त्यसैगरी निलो र पहेंलो रङ्गको सम्मिश्रणबाट सुगापंखी रंग जन्मिन्छ। यिनका अतिरिक्त यी चित्रकलाहरूमा ठाउँ-ठाउँमा गेरु रङ्गको प्रयोग भएको पनि हामी पाउँछौं।

बाँसको कप्टेरोमा रूवा वा चिल्थो बेहेर कुची बनाइन्छ। डा.धीरेन्द्रले मिथिला चित्रकलालाई विभिन्न आधारमा वर्गीकृत गरेका छन्।

क) विषयको आधारमा-

अ) पारलौकिक - राम-सीता, दुर्गा, राधा, कृष्ण, शिव-पार्वती आदिका चित्र

आ) लौकिक- पशुपक्षी, फलपूल, बृक्ष, लता, पर्वत आदिका चित्र

ख) आधारमूलक वर्गीकरण

अ) भित्ति चित्र

आ) पटचित्र

इ) कष्ठाचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई) वास्तुचित्र

उ) भाण्डचित्र

ऊ) पार्थिव चित्र (आदि)

ग) भावनामूलक वर्गीकरण-

अ) धार्मिक

आ) सामाजिक

इ) आलंकारिक

घ) स्वरूपमूलक :

अ) भावचित्र

आ) व्यक्तिचित्र

इ) क्रियाचित्र

ई) अल्पना चित्र

मिथिला लोकचित्रकलाका प्रतीकहरू :

मिथिला लोकचित्रकलाका चित्रहरू प्रतीकात्मकताको आधारमा दईथरीका छन्- प्रतीकात्मक र अप्रतीकात्मक । शैलीका आधारमा मिथिला लोकचित्रका निम्न लिखित भेद छन् ।

अ) ब्राह्मण शैली : यसलाई लहरदार शैली पनि भनिन्छ । किनभने यस शैलीका चित्रहरूमा शुक्ष्म तथा लहरदार रेखाङ्कन मध्यम खाले हुन्छन् ।

आ) कायस्थ शैली : यस शैलीका चित्रहरू निकै सुडौल (बोल्ड) र बाल्का हुन्छन् ।

इ) सामान्य जनशैली : कायस्थ र ब्राह्मणभन्दा इतर जातिमा यथा, धानुक, कुर्मी, सुनार, मलाह आदिमा) पाइने लोकचित्रकलाको रेखाङ्कन माध्यम खाले हुन्छन् । न ब्राह्मण झैं सूक्ष्म, न कायस्थमै सुडौल । विषयहरू अलंकार प्रधान हुन्छन् । सजावतका लागि ।

ई) थारु शैली : यसमा ब्राह्मण, कायस्थ र सामान्य जनशैलीको मिश्रित रूप पाइन्छ । यस शैलीका चित्र मैथिली भाषाभाषी थारुहरूले बनाउँछन् ।

उ) द्रोणवार शैली : यिनीहरूको चित्रकला आधुनिक चित्रकलाका नजिक देखिन्छन् । गेरु र कालो रङ्गको प्रधानता हुन्छ । चित्रांङ्कन सिद्धहस्त महिलाहरूद्वारा अपूर्व क्षिप्रताका साथ गरिन्छ । विषयहरू वर्तमान युगसापेक्ष पाइन्छ । यथा, दुई पहलवानको कुस्तीको दृश्य, जुँगे राजा, हात्तीमा हिंडेको महाउते, पशुपतिनाको मन्दिर, योद्धाको तरवारयुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि ।

ऊ) गोदना शैली : मुसलमानहरूमा गोदना कप्दा यस शैलीको प्रयोग गरिन्छ । प्रतीकात्मक चित्रहरू मात्र ब्राहमण र कायस्थ चित्रकलामा पाइन्छ । यथा-

हात्ती- गणेश तथा भौतिक समृद्धिका प्रतीक

घोडा - सूर्य तथा संभोग - सामर्थ्यको प्रतीक

गाई - पवित्रता र मातृत्वको प्रतीक

सुगा - आत्मा र ऐन्द्रिक प्रेमको प्रतीक

माछा - उत्पादकता र नारीको प्रतीक

कछुवा - विष्णु अवतार र सम्भोगको प्रतीक

मुजुर - कार्तिक र सौन्दर्यको प्रतीक

हंश - सरस्वती (नीर-क्षीर विर्वक) तथा सौन्दर्यको प्रतीक

कमल - लक्ष्मी तथा नारी देह (कोमलता) को प्रतीक

कदम्बा - श्री कृष्ण र प्रेमको प्रतीक

बाँस - वंशबृद्धि र कायाको प्रतीक

अरिपनहरू शैव, शाक्त र वैष्णवतन्त्रमा आधारित छन् । ब्राह्मण र कायस्थ परिवारमा अरिपनबिना कुनै सँस्कारिक कृत्य वा धार्मिक अनुष्ठान गरिदैन । सर्वतोभद्र, स्वस्तिक, अष्टदल, षष्टदल आदि महत्त्वपूर्ण अरिपन हुन् । यथा-

क) कार्तिक एकादशी देवोत्थानको अरिपन-अष्टदल, केराको रुखमुनि राही-दामोदर, हल-हली, कराही, डाडु, पन्यु, हँसिया, खुर्पा, खडाउँ, कलम-दावात, किताब, नाङ्लो चाल्नो, मेहतर (सबभन्दा तल्लो शूद्र जाति, जसले मलमूत्र सफा गर्ने काम गर्दछ), चुमाओनको ढक्की, पोनचौक (ऊँ आकारको) दूधको कराही आदि ।

ख) गाभा संक्रान्तिको अवसरमा (कार्तिकमा)-चौशख ।

ग) विवाहको अरिपन-कोहबर- चित्र विवाह मण्डपको भूमिका पिठारले ।

घ) बेदीको अरिपन-चौपडि

ङ) सुहागको अरिपन-जोडिएका कमलपत्र)

च) लहछू-जोडिएका कमलपत्र

छ) श्री पूजाको अरिपन-जोडिएका कमलपत्र

ज) नारी पर्सिने बेलाको अरिपन (विवाहभन्दा ५ दिन पूर्व) एक पातको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरइन (कमलपत्र)

झ) 'महुअक' (मधुपर्क)- अरिपन-दुई पत्रको कमलपात

ङ) अठोङर- एकपाते

ट) बेहुलालाई विवाह गर्न बिदा गर्दा-केराको थाम

ठ) बेहुला बेहुली बिहा गरेर घर फर्किदा-पानको पात

ड) बेहुली चारदिन, चार रात कोहबरमा बस्दा-खटबार, ऐभातको पातिल, पुरहर

ढ) सामा- चकेबाको अरिपन-पुरइन (कमलपत्र)

ण) रवि-शनि पर्वको डोरो बाँध्ने - चाँद- सूर्य

त) चौठ चन्द- चाँद सूर्य

थ) छठमा जलाशयबाट फर्किदा-पुरइन-पात

द) मुण्डन-उपनयन-पानको पात

ध) गृहबास- पुरइन

न) दीपावली- पुरइन

प) सत्यनारायण भगवानको पूजा- अष्टदल

अरिपनका केही मुख्य प्रकार हुन् -

१. चौपडि

२. अष्टदल

३. चौशंख

४. कुसुम पसार

५. पानको पात

६. पुरइन-पात

७. केराको थाम

८. खटबार

कोहवर घरको भित्तामा रहेको कोहबर चित्रमा नाव नवग्रह, पञ्चगौर, बेहुला-बेहुलीको डोली पालकी, बायाँतिर चन्द्रमा दाहिने सूर्य, बाँस, बाँसको झ्याङमाथि सुगा आदि हुन्छन् ।

कोहबर घरका अन्य भित्तामा पानको लहरा, बेलको रुख, गौरी महादेव, नान्दी बहरा, कृष्णलीला, चाँदको डाला, हात्ती, चारैकुनामा नैना जोगिन हुन्छन् । कोहबरको मूल ढोकामा पारी पुरइन, कमलपूलमाथि विष्णु, लवंग-लता आदि हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोहबर बाहिरको ढोकामा-सीताराम विवाह, हुनमान, अहिल्या-उद्धार, रासलीला, हात्ती-घोडा, कमलफूल, चरा चुरूङ्गी आदिका चित्र हुन्छन् ।

अहिले मिथिला चित्रकलामा व्यावसायिकता तथा सन्देशमूलकताका दृष्टिले विषयगत र शैलीगत परिवर्तनहरू पनि आउँदै गएका छन् । मिथिला लोकचित्र कलाले विश्वभरि प्रसिद्धि पाएको हुँदा पनि यसका विषय र शैलीमा नित्य न नवीन प्रयोगहरू भइरहेको पाइन्छ ।

मैथिली लोक-सङ्गीतको परम्परा

लोकसङ्गीतको परम्पराको उत्स सामवेदमा पाइए पनि कालक्रममा यसको विशाल विकास भएको स्पष्ट छ । सामवेदमा तीन स्वर मात्र थिए- स्वरित, उदात्त (गंधार), र अनुदत्त (षडज) । कालक्रममा स्वरको संख्या सात भएको पाइन्छ । विद्वानहरू अनुसार सामवेदपूर्व पनि सङ्गीतसाधना परम्परा विद्यमान थियो । प्रागैतिहासिक कालीन गुफामा पनि गान र नृत्यमा मग्न नर-नारीका गुफाचित्र पाइनुबाट यो सिद्ध हुन्छ । सम्भवतः शिकारमा सफलता हुँदा, अरू समूहसितको युद्धमा विजय हुँदा व देवी-देवताको आराधना गर्दा स्वतःस्फूर्तरूपमा नृत्य-गीत अवश्य चलेको हुनुपर्दछ । यी लोकगानहरू शास्त्रीय गायनभन्दा भिन्न लोकस्फूर्त रूपमा परम्परित रहेका छन् । लोकगायन प्रकृतिगान, स्तुतिगान, गाथागानको परम्परा प्राचीन कालदेखि पाइन्छ । उदाहरणका लागि वैवाहिक अनुष्ठानमा 'सम्मरि' (स्वयंवर) गाउने चलन आज पनि देखिन्छ । सीतासम्मरि, गौरीसम्मरि, रुक्मिणीसम्मरि आदि गाउने प्रचलन छ । वैदिक साहित्यमा देवता, राजा, शौर्यपुरुष आदिका कीर्तिगान पाइन्छ । यी गाथा गान हुन् र यिनीसित मूर्त, मगध, चारण बन्दी, दसौंधी आदि सम्बन्धित हुन् । मिथिलामा लोकपरम्परामा प्रचलित सल्हेस, कारीख, धर्मराज, काली, बन्नी, गौरैया आदिका गाथा आज पनि लोकप्रिय छन् र अन्य गाथाहरू पनि यस श्रृंखलामा जुट्तै गएका छन् । राग विशेषमा आबद्ध यी गाथाहरूसित वाद्य-वादनमा अभिनय र नृत्यको पनि विशेष विधान छ मिथिलामा ।

कर्णाट शासनकालमा (१०९७-१३२४) लोकसङ्गीतको विशिष्ट स्वरूपलाई स्थिर गरियो, जसको विकासमा सारङ्गदेव, हरिसिंहदेव, सुमति, लोचन, घनश्याम, जगज्ज्योतिर्मल्ल, वंशमणि, जगधर, धनश्याम आदिद्वारा गरियो । नान्यदेवद्वारा नै मिथिलामा कर्णाट सङ्गीतको प्रवेश भयो । 'सरस्वती हृदयालंकार' (नान्यदेव), 'सङ्गीतरत्नाकर' (सारंगदेव), 'सङ्गीतसर्वस्व' (जगधर), 'श्रीहस्त भुक्तावली' (घनश्याम), 'रागतरंगिनी' (लोचन) आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस कालका महत्त्वपूर्ण योगदान हुन् । यस कालमा लोकसङ्गीतको समन्वयले नयाँ-नयाँ राग-रागिनीको विकास भएको पाइन्छ । कर्णाट, सेन, ओइनवार, द्रोणवार, मल्ल, खण्डवालकुल आदि वंशका राजाहरूको योगदान मैथिली लोकसङ्गीतको विकास र संरक्षणमा अद्वितीय रहेको छ । यस दृष्टिले हरि सिंहदेवका राज्याश्रित ज्योतिरीश्वर, शिवसिंहका राज्याश्रित सुमति र जयन्त, जगज्ज्योर्तिमल्लको राज्याश्रित वंशमणि झालाई बिर्सन सकिन्न ।

मिथिलाका रागरागिनीहरू काठमाण्डू उपत्यका, गोरखपुर, त्रिपुर, बंगाल, त्रिपुरा, उडीसासम्म लोकप्रिय थिए । ललित, विभास, भैरव, हिरानि, बराडी, गोपीवल्लभ, गुजरी, रामकली, कायशारङ्गी, कौशिक कोरा, वसंत,घनछी, आसावरी, गौड, मालव, भूपाल, कामोद, केदार, मलार, गान्धार, देशाषी, मोरंगिया केदार, पहाडी, भूपाली, गुजारी आदि राग-रागिनीहरू मिथिलामा विकसित भए । मिथिलामा लोकप्रिय 'आइने अकबरी' मा शिवभक्तिपरक 'नचारी' को चर्चा छ, जसलाई आज पनि डमरुको तालमा नाचेर गाइन्छ । 'पराती' का राग लोकवाद्य बेगर नै ग्राम्य जीवनमा प्रायः टोल-टोलमा कुनै न कुनै घरबाट उठेर वातावरणलाई भक्तिको तरंगमा चुर्लुम्म डुबाएको आज पनि पाइन्छ । ऋतुगीत, पर्वगीत, संस्कारगीतहरूका अतिरिक्त महेशवाणी, तिरहुत, बटगमनी, मान, रास, आज पनि लोकप्रिय छन् ।

कर्णाटकालमा विकसित गीत-सङ्गीतले जस्तै मल्लकालमा पनि मैथिली सङ्गीतले नव-नव आयाम थप्दै गएको पाइन्छ । जगज्योतिर्मल्ल (सङ्गीतसार-सङ्ग्रह, दशावतारनृत्यम्, हरगौरी विवाह आदि), सिद्धिनरसिंह मल्ल (रागभजन सङ्ग्रह, सङ्गीतभास्कर आदि) अपूर्ण रचना हुन । चौधौ शताब्दीमा आएर मैथिली सङ्गीतले आफ्नो पहिचान पूर्णरूपमा स्थापित गरिसकेको पाइन्छ । ज्योतिरीश्वरको 'धूर्तसमागम' विद्यापतिको 'गोरक्षविजय', उमापतिको 'पारिजातहरण', जगज्ज्योतिर्मल्लको 'कुंजविहार' आदि नाटकमा प्रयुक्त मैथिली सङ्गीतले यस कथनलाई पुष्ट गर्दछन् ।

नेपालमा मैथिलीसङ्गीतका तीनवटा प्रमुखकेन्द्र वा घराना थिए : सिम्रौनगढ घराना, मोरङ - मकमानपुर घराना र उपत्यका मल्लघराना । काठमाण्डू उपत्यकाका तीनवटै केन्द्र भक्तपुर, ललितपुर र कीर्तिपुर मैथिली - सङ्गीत - साधनाका तपोभूमि थिए, जहाँ मैथिली सङ्गीतको अपूर्व विकास भयो ।

१. सिम्रौनगढ घरानाका संस्थापक स्वयं सङ्गीतमर्मज्ञ नान्यदेव र हरिसिंहदेव थिए । ज्योतिरीश्वर, हरिब्रह्म आदि यस घरानाका प्रमुख सङ्गीतविशेषज्ञ थिए ।

२. मोरङ - मकमानपुर घराना - सेनवंशी राजा हरिहरदेव र उनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्याश्रित कवि-सङ्गीतज्ञ उमापतिद्वारा मैथिली सङ्गीतको संपोषण, संरक्षण र प्रबर्द्धन भयो ।

३. नेपाल उपत्यका - यस घरानाका तीनवटै केन्द्रमा भएका जगज्ज्योतिर्मल्ल, सिद्धिनरसिंह मल्ल आदिको चर्चा माथि गरिसकेको छ ।

यिनका अतिरिक्त बनौलीका द्रोणवार राजा पुरादित्यको दरबार तथा भगवतीपुर (महोत्तरी) को दरबारमा पनि मैथिली सङ्गीतको आफ्नै किसिमले विकास भयो । राजा कीर्तिनारायण स्वयं मैथिली गीत-सङ्गीतका संपोषक थिए । तिरहुतका ओइनिवारवंशीय राजा शिवसिंह (विद्यापतिका आश्रयदाता) तथा खण्डवालकुलका राजा नरपति ठाकुरको राज्यकालमा मैथिली सङ्गीत शीर्ष स्थानमा आसीन थियो । तिरहुत (आधुनिक नेपाली सीमा बाहेकको मिथिला) मा चार वटा सङ्गीत घरानाको उल्लेख पाइन्छ : १. अमात घराना २. पाँचगछिया घराना ३. मधुवनी घराना ४. बेतिया घराना ।

नेपालको मिथिला क्षेत्रमा नाचहरूको रूपमा अनेक रागरागिनीको विकास भएको पाइन्छ, यथा, कातिक नाच, विदापत नाच, कमला नाच, लोरिक नाच आदि । (लोकनाट्य र लोकगाथा शीर्षक अध्यायमा पनि यसबारे चर्चा गरिएको छ ।)

नेपालीय मिथिला क्षेत्रमा प्रचलित लोकनृत्य हुन् :

१. धार्मिक लोकनृत्य : भगता, नारदी, नचारी, कमला आदि ।
२ संस्काराधीन लोकनृत्य : पमरिया, बक्खो, घसकट्टी आदि ।
३. पर्वाधारित लोकनृत्य : झिझिया, झरनी, झूमर आदि ।
४. जातीय लोकनृत्य : डम्फा, बसुली, मृदंग, मजूर, झुमरा, आदि ।
५. विविध : लुकेसरी, विदापत, लीलानृत्य, रास आदि ।

यी सबै नृत्यसँगै गाइने गीतहरूका आफ्नै विशिष्ट रागिनी हुन् ।

स्थापत्य कला :

प्रथम कर्णाट राजा नान्यदेवको पालामा (११ औं शताब्दी खिष्टाब्दमा) वास्तुकला र मूर्तिकलाको अभूतपूर्व विकास भएको उल्लेख पाइनछ । मिथिलामा प्रचलित वास्तुकला शैलीको नाम स्पूनरले तिरहुत टाइप अफ टेम्पल राखेका छन् । यस शैलीका उदाहरणहरू सिम्रौनगढदेखि मिथिलाका विभिन्न क्षेत्रमा प्राप्त पुरातात्विक ध्व.मावशेषमा पाइन्छ ।

मूर्तिकला : मिथिलाका प्राचीन मूर्तिकलाका निमन लिखित नमूनाहरू निम्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिखित स्थलमा पाइन्छन्-

कोर्थ- दरभङ्गा ल्लिाको कोर्थु भन्ने गाउँमा प्राप्त प्राचीन उमादेवी, गजक्ष्मी, काली, भगवती, बुद्ध, चित्राङ्कित अलंकृत पाषाण खण्डहरू, तीन प्राचीन राजा रानीका मूर्ति, शिवलिङ्ग ।

वारी- समस्तीपुर जिल्लामा प्राप्त ११ औं शताब्दीको अहिल्या मूर्ति, मन्दिर अवशेष, सहस्रमुख शिवलिङ्ग, षडभुज भगवली, तीन, शिवलिङ्ग, र गुप्तकालीन मन्दिर अवशेषका अतिरिक्त निकटस्थ ग्राम वसुदोमा प्राप्त दुई विष्णुमूर्ति तथा एक उमामहेश्वर मूर्ति ।

इटवाशिनगर- रदभंगा जिल्लाको यसै गाउँमा प्राप्त विष्णु, महिषासुर मर्दिनी, गणेश र पार्वतीका प्राचीन मूर्तिहरू ।

दरभङ्गा-दरभङ्गा शहरमै प्राप्त मलेच्छमर्दिनी तथा निकतस्थ गाउँहरू देकुली, डिलाही, अन्दामा, रघेपुरा र तारालाहीमा प्राप्त गणेश, विष्णु, सुर्य, पार्वती महिषासुर मर्दिनी, अग्नि, दिगम्बर शिव र नटराज मूर्ति आदि ।

यसैगरी यसै जिल्लाका वैद्यनाथपुर, बिरौल, महुआर, लदहो, रतनपुर, देकुली, हाबभौआर, नेहरा, भंडारिसम, भैरबलिया, उजान, अवाम, कनहइ, गोनौन, सोनहद, रूपनगर, कुर्सो, नदियामी आदिमा गिरिजा, विष्णु, सूर्य, हरिषासुर मर्दिनी, अर्धनारीश्वर इन्द्र आदिका अनेक प्राचीन मूर्ति उपलब्ध छन् ।

मधुवनी जिल्लाका शिवनगर, भोजपरौल, उच्चैठ, कालिकपुर, जयनगर, विष्णुबरूआर, इटहरबा, महादेव मठ, मंगरौनीअन्हराढाढी, हुलासपट्टी, भीठ भगवानपुर, विन्देश्वर स्थान, लोहना, सरिसवपाही, रखवारी, जमथरी आदिमा प्राचीन मूर्तिहरूका खजाना पाइएका छन् । यस दृष्टिले अकौरमा प्राप्त विभिन्न कालीन पाँच विष्णुमूर्तिहरू भोजपरौलमा प्राप्त गणेश महेश्वर पार्वती र सूर्यमूर्ति ; कालिकापुरमा प्राप्त कालीमूर्ति, जयनगरमा प्राप्त विष्णुमूर्ति र बरूआरमा प्राप्त सूर्यमूर्ति उल्लेखनीय छन् । महादेव मठमा प्राप्त उमामहेश्वर मूर्ति तथा फूलदरमा प्राप्त गिरीजाभवानी मूर्ति दर्शनीय छन् । जमथरिको शिवलिङ्ग अनौठो छ । भठिभगवानपुरमा प्राप्त 13×10×12 फीट आकारका तीन प्रस्तरशिला उपलब्ध भएका छन् जसमा अनेकौ देव-देवीहरू छन् । यही भगवती, सूर्य, विष्णु, गणेश, उमा, महेश्वर आदिका मूर्तिहरू पनि प्राप्त भएका छन् ।

समस्तीपुर जिल्लाकै सिमरिया भिण्डिमा महिषासुरमर्दिनी उमामहेश्वर तथा विशाल सूर्यमूर्ति पाइएका छन् । मजफ्फरपुर जिल्लाको सवास भन्ने गाउँमा कर्णाटकालीन विशाल सूर्यमर्ति र विष्णुमूर्ति पाइएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी सम्पूर्ण मिथिलाञ्चल त्रिमूर्ति, नटराज, भगवान लक्ष्मीनारायण, अर्धनारीश्वर, गङ्गा-जमुना, महिषासुर मर्दिनी, पार्वती, उमामहेश्वर, विष्णु, बुद्धमूर्ति, भैरव, अहल्या, शिवलिङ्ग, वाराह भगवान, हनुमान आदिका विग्रहले भरिपूर्ण छ। अभिलेख, मृदभाण्ड र ई.पू.का मुद्राहरू अनेक स्थानमा प्राप्त भएका छन्।

प्रा. मदन रिमालका अनुसार "मिथिला क्षेत्रमा प्राप्त भएका प्राचीन मूर्तिकला बंगालको सेनकालमा विकसित कलापरम्पराको पृष्ठभूमिमा कर्णाट राजाहरूको थप कलालाई अंगालेर विकसित भएका देखिन्छन्। जस्तै चितवन (नेपाल) को वाल्मीकी आश्रमका मूर्तिहरू, सिम्रौनगढका मूर्तिहरूश्र, मूर्तियाका मूर्तिहरू, जनकपुरधामको राममन्दिर, जनक मन्दिर, इटहरबा र महोत्तरी जिल्ला तथा आसपासका क्षेत्रमा छरिएर रहेका मूर्तिहरू सप्तरी जिल्लामा रहेका अखडा भगवती, सारस्वरको विष्णुमूर्ति, भारदहको कंकालिनी मूर्ति, धर्मपुरको विष्णुमूर्ति, कोशीनदीको नजिक शिव-पार्वती मूर्ति आदि।" (मिथिला क्षेत्रको महत्त्वपूर्ण पुरातात्विक वस्तु तथा स्थलहरू सं २०६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसंहार

नेपाली संस्कृति, मिथिला गौरव र राष्ट्रियता

सुदीर्घ र गौरवशाली परम्परा बोक्ने नेपाली संस्कृतिको स्वरूप संश्लिष्टात्मक र समन्वयकारी रहेको छ । नेपालमा बसोबास गर्ने चौसठ्ठीभन्दा बढी जाति र साठीभन्दा बढी जनजातिका भिन्दाभिन्दै लोकविश्वास, पर्व – तिहार, चाडबाड, ब्रत, भेषभूषा र अलंकरण, खानपान, लोकगीत, लोकगाथा, लोककथा, लोकनाट्य, नृत्यकला, चित्रकला, मूर्तिकला, सङ्गीतकला, स्थापत्यकला, विविधरंगी सीप आदिको समष्टि नै नेपाली संस्कृति हो । भाषिक दृष्टिले नेपालमा नेपाली, मैथिली, भोजपुरी, थारु (डँगौरा, राना, कोचिला) , तामाङ, नेवार, मगर, अबधी, बान्तबा, गुरुङ, लिम्बू, बज्जिका, उर्दू, राजवंशी, शेर्पा, हिन्दी ,चाम्लिङ, सथाली, चेपाङ, दनुवार, झाङड, सुनुवार, बङ्गला, मारबाडी, माझी, थामी, कुलुङ, धिमाल,अंगिका, याक्खा, थुलुङ, साङ्गपाङ्ग, भुजल /खबास, दरै, खलिँग, कुमाल, थकाली, छन्त्याल, तिब्बती, दुमी, जिरेल, वामबुले, पुमा, योल्मो, नछिरिङ्ग, दुरा, मेचे, पहारी, लेप्चा, बोटे, बहिङ, कोयु, राजी, हायु, ब्याङसी, याम्फू, घले, खरिया, छिलिङ, लोहोरूङ, पन्जाबी, चिनियाँ, अंग्रेजी, मेवहाङ, संस्कृत, काइके, राउटे, किसान, चुरौटी, बरमा, तिलुङ, जेरो, दुङमाली ओरिया, लिङ्खिम, कुसुन्डा, सिन्धी, कोचे, हरियाणबी, मगही, साम, कुर्माली, कागते, जोन्खा, कुर्की, छिनताङ, मिजो, नगमेसी, हलोमी आसामी , सघनी, आदि भाषाहरू बोलिन्छन् र यिनका आ–आफ्ना संस्कृति छन् । अझ एउटै भाषा बोल्नेहरूभित्र पनि सांस्कृतिक भिन्नता पाउन सकिन्छ । एकातिर सांस्कृतिक समन्वयको सहज प्रक्रियाले गर्दा सांस्कृतिक तत्त्व वा घटकहरूको पारस्परिक प्रभाव देखिन्छ भने अर्कोतिर वैश्वीकरणको प्रक्रिया पनि गतिशील छ । प्रस्तुत आलेखमा नेपाली संस्कृति र त्यसभित्र रहेको मिथिलाको गौरवपूर्ण ऐतिहासिक–सांस्कृतिक परम्पराको सारगर्भित चर्चा गर्दै राष्ट्रिय एकताको सन्दर्भमा हाम्रा सांस्कृतिक मूल्यको भूमिकाको प्रसङ्गमा चिन्तनका केही झिल्का झिल्की प्रस्तुत गर्ने चेष्टा गरिने छ ।

(१) नेपाली संस्कृतिको - संक्षिप्त इतिहास

(क) प्रागैतिहासिक काल : क्रमबद्ध ऐतिहासिक साक्ष्यहरू लिखित रूपमा प्रस्तुत गर्ने परम्परा प्रारम्भ नभएको लाखौं वर्षको विशाल कालखण्ड यस अन्तर्गत पर्दछ । क्रमबद्ध ऐतिहासिक साक्ष्यहरू यस कालखण्डमा नलेखिए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूगर्भ, गुफा, समुन्द्र, जङ्गल, भग्नावशेष, जीवाश्म आदिको अध्ययनद्वारा यस कालखण्डको बारेमा जानकारी बटुल्ने प्रयासहरू भएका छन् । यस युगका मानव घुमन्ते थिए । शिकारका लागि मानिस एउटा जङ्गलबाट अर्को जङ्गल घुम्ने गर्दथ्यो र शिकारका लागि ढुङ्गाका हात – हतियार तथा जीवनयापनका लगि औजार बनाउने गर्दथ्यो । त्यसैले यस युगलाई प्रस्तरयुग भनिन्छ । प्रस्तरयुगलाई पनि पुरापाषणयुग (Paleolithic Age) मध्य पाषाणयुग (Mesolithic Age) र नवपाषणयुग (Neolithic Age) गरी तीन खण्डमा विभाजित गरिएको छ । पुरापाषणयुग देखि नै नेपालमा मानव–बसोबास प्रारम्भ भएका प्रमाणहरू छन् । एक करोड़ वर्षभन्दा पनि पहिले पूर्ण मानवाकृति विकसित भइनसकेको युगको प्राणी रामापिथेकसको अवशेष २०३६ सालमा प्रप्त भएबाट नेपालमा मानवबसोबासको इतिहास एक करोड़ वर्षभन्दा पनि प्राचीन रहेको प्रमाणित हुन्छ । बर्दिया जिल्लाको दानवतालको किनारमा प्राक्चेलियन शैलीका ढुङ्गे उपकरणहरू प्राप्त भएका छन् । फ्रान्सको चेलेस भन्ने ठाउँमा यस शैलीका उपकरण भेट्टाएको हुनाले नै यसै ठाउँ विशेषको नाउँको आधारमा चेलियिन तथा त्यो भन्दा पहिलेको शैलीलाई प्राक्चेलियन भन्ने नामाकरण गरिएको छ । यसै गरी डा. एनातोली याकोन्लभ शेटेन्कोले काठमाडौंको बूढानीलकण्ठको दक्षिण – पूर्वतिर धोबीखोलामा प्राचीन प्रस्तर हतियारहरू फेला परेका थिए । यी हतियारहरू बिना पालिसका चोट दिएर अथवा ताछेर (Flaked and chipped) बनाइएका छन् । यी हात हतियारहरू मध्य पाषणकालीन हुन । एनातोली याका ब्लेभले यी हतियारलाई तीन कोटिमा विभक्त गरेका छन् ।

(i) गोबी नमुनाका घार भएका
(ii) दुइधारे (प्रिजम्याटिक) र
(ii) तीन चुच्चे ।

गोबी नमुनाका ढुङ्गे हतियारहरू मंगोलियाको गोबी मन्ने क्षेत्रबाट सुरू भएर सुदुरपूर्व एशिया हुँदै अमेरिकासम्म फैलिएको पाइन्छ । अन्य दुई प्रकारका हतियारहरू युरोपमा बढी प्रचलनमा रहेको पाइन्छ ।

कृषिव्यवस्थाको आरंभ भएपछि पशुपालनको व्यवसायसँगै माटाका विभिन्न भाँडाकुँडाको निर्माण हुन थाल्यो र नवपाषणयुगको आगमन भयो । मेचीदेखि महाकाली सम्मका अनेक स्थलमा नवपाषाणकालीन औजारहरू प्राप्त भएका छन् । दाङ उपत्यका, दोलखाको चरिकोट, ललितपुरको लुभु , नवलपरासीको कोटटाँडी, काभ्रेपलाञ्चोक, पाल्पा, झापा, सँखुवासभा तथा मोरङका विभिन्न क्षेत्रहरूबाट नवपाषाणकालीन ढुङ्गे हतियारहरू प्राप्त भएका छन् । यी हतियारहरू धारिला, चिल्ला र बलिया छन् । र यीनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपयोग खेत-जग्गा खन्न बीउ रोपन, गोडमेल गर्न, बासस्थान बनाउन, जमिन र नदीखोला नियंत्रण गर्न गरिन्थ्यो भन्ने तथ्य स्पष्ट छ । खन्ने, काट्ने, छेडने, ताछ्ने, औजारहरूका अतिरिक्त बन्चरो, ढुङ्गाको हलो इत्यादि पाइन्छन् । नवपाषणयुगसम्म चिसोबाट बच्न भेडा-बाख्रा जस्ता जनावरका छाला मात्र ओढ्न् गरिन्थ्यो भने नव पाषाणकालीनयुगमै कपासको उत्पादन, चर्खाको प्रचलन, कपासबाट कपडा बुन्ने चलन पाइन्छ ।

यसरी नै प्रागैतिहासिक कालमा लिपिको अविष्कार नभएको र मानव समाजको जीवन व्यवस्थित हुन नसकेको तथा धर्म, वर्ण आदिको विभाजन नभएको र इतिहाका लागि जनश्रुति आदिमा मात्र निर्भर रहनु परेको आज भन्दा ६००० वर्ष अघिसम्म्को काललाई प्रागैतिहासिक काल भनिन्छ । इसापूर्व १२०० वर्ष अघिदेखि यताको काललाई प्रागैतिहासिक काल भनिन्छ । प्रागैतिहासिक काललाई पनि- प्राचीन ढुङ्गेयुग, मध्य ढुङ्गेयुग र नयाँ ढुङ्गेयुग गरी तीन भागमा बाँडिएको छ ।

पृथ्वी उत्पत्ति लगभग ४-५ अरब वर्षअघि भएको मानिएको छ । २० करोड वर्ष अगाडि एउटै भूखण्डमा रहेको पृथ्वी पछि-पछि र भूखण्डहरूमा विभाजित भयो । उत्तरी भागलाई लाउरेसिया (Laurasia) र दक्षिणी भागलाई अंगारा ल्याण्ड (Angara land) भनियो । यी दुवैको माझमा टेथिस सागर (Tethys ocean) को अस्तित्त्व थियो । पछि पृथ्वीमा ठूलो हलचल आयो र ६.५ करोड वर्षअघि हिमाल श्रृखंला उठ्न थाल्यो । लगभग ३.५ करोड वर्षपूर्व हिमालको पुनरूत्थान पनि भयो र महाभारत उठ्तै गएको देखापर्‍यो । २ करोड वर्ष अघिदेखि चुरे श्रेणी र गङ्गाको मैदान अस्तित्त्वमा आएको देखापर्दछ । यसरी नेपाली भूखण्डको उत्पत्ति सागरबाट भएको कुरा प्रमाणित भएको छ विभिन्न, ठाउँमा उपलब्ध जीवाश्मबाट पनि । नेपाली भूभागमा मानवका लागि अनुकूल वायुमण्डल लगभग १.५ करोड वर्षदेखि पाइन्छ ।

सन् १९८० मा बुटवलको तिनउ नदीको तटमा नेपाल-अमेरिका संयुक्त बैज्ञानिक अभियानको एउटा कार्यदलले लगभग १ से. मी. लामो र १ से. मी. चौडा एउटा दाँत फेला पार्‍यो भन्ने कुराको उल्लेख माथि भएको छ । यो दाँत लगभग १ करोड़ वर्ष भन्दा अघिको हुने अनुमान गरिएको हो । बाँदर भन्दा पछिल्लो र मानव भन्दा अघिल्लोको रेमापिथेकस (Ramapithicus) अवस्थाको दाँत हुने अनुमान गरिएको छ । नेपालमा प्राप्त ढुङ्गे हतियारहरूले नेपालमा प्रागैतिहासिक मानवका कथा सुनाउँदछन् ।

प्राचीन मानवयुगको मानव-सभ्यता - हामीलाई थाह छ - आदिम मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घनघोर जङ्गलमा घुम्ने गर्दथ्यो। शिकार नै यसको भोजन थियो। भीषण गर्मी, हुरी, हुन्डरी, असिनाबाट जोगिन र गुफा र ओडारमा बस्तथ्यो। आहारको खोजीमा ऊ एक ठाउँबाट अर्को ठाउँमा भौंतारिने गर्दथ्यो। पछि एक्कासि दुईटा रुख बज्रिएर डढेलो लागेको र त्यसमा पोलिएको मासु स्वादिष्ट पाइएको हुँदा आगोको महत्त्व स्थापित भयो र त्यसको आविष्कार एउटा क्रान्तिकारी घटना सिद्ध हुन गयो। लगभग २ लाख वर्षअघितिरका ढुङ्गे हतियारहरू नेपालका नवलपरासी, सुर्खेत, दाङ, देउखरी आदिमा फेला परेका छन्।

मध्य ढुङ्गेयुगको मानव सभ्यता - मानवको अविर्भावको प्रारम्भिक काल देखि १२ हजार वर्ष अघिसम्मको काललाई मध्य ढुङ्गेयुग भनिन्छ। प्राचीन ढुङ्गेयुगको तुलनामा जीवन बढी व्यवस्थित भइसकेको पाइन्छ। यस कालमा भाषाको विकास भइसकेको थियो। वस्तीहरू बसिसकेका थिए। जाति विभाजन भइसकेको थियो। समाज मातृप्रधान थियो। तन्त्रमन्त्र र आलौकिक शक्तिमा आवश्यकता भन्दा बढी विश्वास गर्ने त्यो समाज अन्धविश्वासको कुहिरोले ढाकिएको थियो।

भाटाले लिपेका बाँस र चोयाका भाँडाहरू, हात्ती हाड र शंखका गहनाहरूको प्रयोग गरिन्थ्यो। चट्टानमा चित्र कोर्ने चलन थियो। समाज कबिला र गणहरूमा विभाजित थियो। प्रत्येक गणको एउटा चिन्ह पनि थियो, जसलाई गण चिन्ह वा टोटेम भन्न चलन छ। यौन -स्वच्छन्दता पर्याप्त मात्रामा थियो।

नयाँ ढुँगे मानवयुगको मानव- सभ्यता - आज भन्दा १२ हजार वर्ष अघिदेखि ६ हजार वर्ष अघिसम्मको काललाई नया ढुङ्गे भनिन्छ। कृषि व्यवसथाको प्रदुर्भाव भयो। सम्पत्तिमा निजी स्वमित्वको आविर्भावले एउटा दास-वर्गको जन्म भयो। मानव योजनाका लागि शिकारमा निर्भर नभई कृषि कार्यमा प्रवृत भयो। मातृप्रधान समाजको ठाउँ पितृप्रधान समाजले लियो। जूट, कपास र धातुको उपयोग गर्न मानिसले जानि सके। यस कालका हतियारहरू बढी धारिला थिए। यी हतियारहरूलाई हँसिया, चुपी र छिना गरी ३ थरीमा विभाजित गरिएको छ। हिमालयको फेदी, महाभारत चुरे र तराईमा यस कालका अवशेष पाइएका छन्।

आदि इतिहासकालीन सभ्यताको बारेमा अध्ययन गर्न, प्राचीन धर्मग्रन्थ, पुराण, लोकसाहित्य आदिलाई अधार बनाउनुपर्ने बाध्यता छ, किनभने यस कालको इतिहास पनि साङ्गोपाङ्गरूपमा लिपिबद्ध छैन। तैपनि, प्राप्त आधार हरूले प्रस्तुत काललाई गण कबीलाहरूमाझ भैरहने निरन्तर संघर्षको कालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा प्रस्तुत गर्दछन्। पश्चात् सहअस्तित्त्वका लागि संघर्षको बाटो होइन, सहयोगले बाटो अंगाल्नुपर्छ भन्ने सत्यको अनुभूति भएपछि सङ्गठन बन्न थाले र समाज सर्वमान्य नेताको नेतृत्वमा हिड्न थाल्यो। समाज पितृप्रधान भयो। यौन नैतिकतामा जोड दिइयो र वैवाहिक सम्बन्धमा केहि सामाजिक र नैतिक बन्देज लगाइए। आत्मा, पाप, पुण्य, लोक-परलोकबारे चिन्तन चल्न थाले।

(ख) प्राचीन पौराणिक काल :

नेपाल शब्दको सर्वप्रथम उल्लेख अथर्वपरिशिष्ट (इ.पू. ८०० - ६०० बीच) मा "नेपाल कामरूपं विदेहोदुम्बरं तथा तथावन्त्याः कैकयश्च उत्तरपूर्वे हते हन्यात्" - भनेर नेपाललाई विदेहउदुम्बर, आवन्ती र कैकेय देशहरूसँगै राखी चर्चा गरिएको छ। "मूलसर्वास्तिवाद विनयसङ्ग्रह" भन्ने बौद्धग्रन्थमा भगवान बुद्धसँगै उनका शिष्य, व्यापारीहरू साथ नेपाल आएको चर्चा छ। यसै गरी माहाभारत वनपर्व, जैन गैन्थ "आवश्यक सूत्र" तथा कौटिल्यको अर्थशास्त्र (इ.पू. चौथो शताब्दी) मा, भारतीय गुप्त सम्राट समुद्रगुप्तको इलाहावाद अभिलेखमा नेपालको उल्लेख छ। नेपालका शिलालेखहरूमा संवत् ४३४ (वि. स. ५६९) को टिस्टुङ अभिलेखमा पहिलो पटक नेपाल शब्दको उल्लेख पाइन्छ। यी प्रमाणहरूबाट नेपाल अत्यन्त प्राचीन देश भएको कुरा प्रमाणित हुन्छ।

नेपालको प्रचीन समाज र संस्कृतिबारे विस्तृत विवरण नपाइए पनि राजवंशको स्थापना पूर्व नेपाल (काठमाण्डू उपत्यका) मा नागवंशका मानिसहरूको बसोबास रहेको सङ्केत प्राप्त हुन्छ। काठमाडू उपत्यका जलमग्न रहेको अवस्थामा जलाशयका वरिपरि शिकार गर्ने र सामान्य पशुपालन गर्ने नागवंशी मानिसहरू बसोबास गर्दथे भन्ने अवधारण पाइन्छ। यिनको सामाजिक व्यवस्था र संस्कृतिक भारतमा विभिन्न ठाउँमा रहेको नागवंशीहरू सरह नै हुनुपर्दछ भन्ने अनुमान गर्न सकिन्छ। यी प्राकृतिपूजक र नागपूजक हुन सक्तछन्।

नेपालका प्राचीन ऐतिहासिक धाराको यथातथ्य, स्पष्ट एवं विस्तृत परिचयमा तीनवटा मुख्य बाधाहरू छन्।

(क) पुरातात्विक उत्खननको आभाव (ख) देशको प्रत्येक भागको इतिहासको खोजीनिति हुन नसक्नु (ग) प्राप्त ऐतिहासिक साध्यहरूको पनि गहन विश्लेषण हुन नसक्नु। किरातकालभन्दा अघिको इतिहास अन्धकारमा डुबेको छ। वंशावलीमा नेपाल उपत्यकाको उत्पत्ति "नागदह" नामक सरोवरबाट भएकाृ कुरा उल्लिखित छ। नेपाल आउने प्रथम महात्मा विपश्वी बुद्ध थिए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रे। सत्ययुगमा यिनले कुनै बन्धुमती नगरबाट आई नागदहको उत्तर-पश्चिमको कुनातिरको पर्वतमा निवास गररे कुनै अलौकिक प्रेरणाले यस सरोवरमा चैत्र पूर्णिमाका दिन एउटै कमलबीज छरे। आफू बसेको पर्वतको नाउँ उनले "जतलात्रोच्च" राखे, जो पछि "नागार्जुन" नामले प्रसिद्ध भयो। केहि काल बिताएपछि आफूसँग आएका शिष्यहरूलाई त्यहीं छाडी विपश्वी बुद्ध आफ्नो पूर्वस्थलीतिर गए। अलौलिक कमलको बीजाधान गरिएको संस्मरणमा चैत्र पूर्णिमाका दिन अहिलेसम्म नागार्जुनमा जात्रा गरिन्छ। विपश्वी बुद्धले कमलबीज रोपेको छ महीनापछि आश्विन पूर्णिमाको दिन त्यस बीजबाट एउटा अलौकिक कमलपुष्प जन्मियो। त्यसै दिन स्वर्गलोक अर्थात "अक्षत भुवन" बाट भगवान स्वयम्भूको ज्याति अवतरित भएर त्यस कमलमा देखिएको चर्चा बौद्ध पुराणमा पाइन्छ। कमलबाट अलौकिक ज्याति उत्पन्न भएको कुरा सुनी अरूणपुरीबाट शिखि बुद्धको आगमन भएको थियो अरे। मेष संक्रान्तिका दिन भविष्यमा हुने घटनाहरूबारे सबैलाइ बताउदै स्वयं स्वयम्भू ज्योतिभित्रै लीन भए। शिखि बुद्धले ध्यान गरेको स्थललाई "ध्यानोच्च" भनिन्छ र यहाँ मेष संक्रान्तिका दिन जात्रा हुन्छ।

त्रेतायुगमा विश्वभू बुद्धले "अनुपम" नामक स्थानबाट आई नागदहलाई चारै तिरबाट पर्खालझैं घेर्ने पर्वतहरूमध्ये "फुलोच्च" नामक पर्वतबाट स्वयम्भू ज्योतिको दर्शन गरे। यिनले एक लाख फूलले स्वयम्भूको पूजा गरेका थिए। केही काल पश्चात महाचीनबाट स्वयम्भू ज्यातिको दर्शन गर्न मंजुश्री आए । उनले तीन रात महामंडपमा निवास गरी स्वयम्भूको दर्शन गरे। उनको मनमा नागहदको जल बाहिर निकाल्ने विचार आयो। आफ्नो दुई शक्तिमध्ये "वरदा" लाई फुलच्च गिरिमा र "मोक्षदा" लाई ध्यानोच्च गिरिमा स्थापित गरी मंजुश्री स्वयं महामन्डपदेखि दक्षिणको कुनै पर्वतमा गई बसे। नागहदलाई पर्खालझैं घेर्ने पर्वतमालाको निरीक्षण गरेपछि उनले कटुवाल नामक स्थानमा आफ्नो खड्गले काटेर जल निस्किन बाटो बनाए। वर्तमान कालमा बागमति निस्किने यस द्वारबाट प्रचण्ड बेगसँग जल निस्किन लागेको लाग्दा अन्य नागहरूसँगै नागहदका अधिपति कर्कोटक नाग पनि निस्किन लागेको देख्ता अनिष्टको सम्भावना बुझि मंजुश्रीले उसलाई आग्रपुर्वक टौदहमा बास दिए तथा नागदहमा भएको सम्पूर्ण वैभवका स्वामी बनाए। जलाशयको सम्पूर्ण जल निस्किएपछि मंजुश्रीले आदिबुद्धको ज्यातिर्मय रूपःस्वयम्भूको विराट र दिव्यदर्शन कार्तिक शुक्ल पूर्णिमाका दिन पाए। सत्ययुगमा विपश्वी बुद्धले रोपेको अलौकिक कमल बीजले मूलगुह्येश्वरीमा थियो र कमलासन स्वयम्भूको दर्शन वर्तमान स्वयम्भूमा भएको थियो अरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वंशावली अनुसार मंजुश्रीले पद्मगिरिदेखि गुह्येश्वरीसम्म विस्तृत नगर बसाएका थिए। पछि अशोक पुत्री चारूमतीले यस नगरको पुननिर्माण गराई यसको नाम आफ्नो पति देवपालको नाममा "देव पाटन" राखेका थिए। त्रेतायुगमै केही काल पश्चात कक्रुच्छन्द बुद्धको आगमन भयो। मंजुश्रीले बसाएर गएको मंजुपतनमा राजा धर्माकार निःसन्तान भएकाले उनले धर्मपाललाई आफ्ना उत्तराधिकारी बनाए जो मक्रुच्छन्द बुद्धसँग आएका थिए। धर्मपाल पछि सुधन्वाले त्रेताको अत्यसम्म शासन गरे। सुधन्वा सीता स्वयंवरमा जनकपुर पनि आएका थिए र यही यिनको मृत्यु भएको थियो अरे। सुधन्वाको मृत्युपछि राजा जनकले कुशध्वजलाई नेपालको शासन सम्हाल्न पठाएका थिए। द्वापरयुगमा शोभावतीबाट कङ्कमुनि बुद्ध र तिनीपछि काशीबाट कश्यपष्बुद्ध स्वयम्भू र गुह्येश्वरीको दशर्न गर्न आएको घटनाको उल्लेख वंशावलीमा उल्लिखित छ। वंशावलीमा कंकमुनिको आज्ञाले गांडवी राजा प्रचण्डदेव नेपाल आएर पछि मंजुश्रीका शिष्य गुणाक्षरसित उपदेश ग्रहणगरी भिक्षुलाई प्रारम्भमा शान्तिकारका नामले तथा पछि आचार्य शान्तश्रीका नमले विख्यात भएको उल्लेख पाइन्छ। भनिन्छ, स्वयम्भूको विशाल चैत्यको निमार्ण पन यिनैले गरे। त्यसपछि उनका पुत्र शक्तिदेव र यसै वंशमा पछि ईसाकी दशौं शताब्दीको अन्त्यतिर कामुक राजा गुण कामदेव, सिंहकेतु सिंहल आदि राजा भएको उल्लेख छ। कुनै राक्षसीको प्रेममा परेर सिंहल निःसन्तान मरेका हुँदा कुनै दीपावती स्थानबाट आएका सर्वानन्दले नेपालमा शासन गरे। वस्तुतः वंशावलीमा उल्लिखित यी नाम र घटनाहरू कपोल कल्पित जस्ता लाग्दछन् र किरातकालदेखि नै इतिहासको आरम्भ पत्यारिलो लाग्दछ ।

(ग) गोपाल र आभीरकाल :

नागवंशीहरूको बसोबास रहेकै कालमा उत्तर - पश्चिम भारतबाट गोपालवंशीहरूले उपत्यकामा प्रवेश गरे। सम्भवतः यिनको प्रवेश महाभारतकालमा (इ.पू. १२०० - इ.पू. ८०० बीच) भएको हो। गाई पाल्ने यी अभिरहरू नीप गणजातिका वैदिक धर्मावलम्बी थिए। वर्णाश्रम धर्ममा संस्कारित यी गोपालवंशीहरूले नै उपत्यकामा वर्णव्यस्था कायम गरेको हुनु पर्दछ। गोपालवंशावली अनुसार नेप नाम भएका गोपालकी बहुही नामकी कैली गाइले बागमतीको किनारमा गाई दूधको धारा बगाउने गरेकी हुनाले त्याहाँ खनेर हेर्दा पशुपतिको प्रादुर्भाव भएको थियो। गोपालवंशीपछि उपत्यकामा महिषपाल अभिर राजाहरूले राज्य गरे। यी भैंसी पालक थिए। गोपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै वैदिक धर्मावलम्बी थिए। यसै कालको अन्त्यतिर लुम्बिनी अञ्चलमा शाक्य, कोलीय, बृज्जी आदि वंशका मानिसहरूको बसोबास थियो। त्याहाँ गणतन्त्रात्मक शासन व्यवस्था थियो। लुम्बिनीमा बुद्धको जन्म (इ.पू. ५६३) आगाडि मानिसहरू वैदिक धर्ममा विश्वास गर्दथे, तर बुद्ध धर्मको उदयपछि बोद्धधर्ममा विश्वास गर्न थाले। यिनीहरूको मुख्य पेशा कृषि र पशुपालन भएपनि उद्योग र व्यापार पनि फस्टाउन थालेको थियो। बौद्धधर्मको प्रयोगले जात-पात र छुवाछुतको अन्त्य भएको थियो। तर, मध्य तराईमा भने हिन्दू धर्म र वर्णाश्रम - व्यवसथाको जग बलियो थियो।

गोपाल र महिषपालहरू अभिर जातिका थिए र भारत बाट आएका थिए। भारतमा आमिरहरूको प्रवेश कालबारे निकै मतभिन्नता छ। मनुले यिनलाई ब्राह्मण जातिबाट उत्पन्न मानेका हुन। भने पाणिनि (ई.पू. छैटौं शताब्दी) ले दिएको "त्यादादीनिसवैनित्यम्" (१/२/७२) सूत्रको व्याख्या गर्दै पतञ्जलिले (ई.पू. दोस्रो शताब्दी)। यिनलाई लगभग शूद्रको कोटिमा राखेका छन्। पुराणमा यी मलेच्छ मानिएका छन्। महाभारतको एउटा आख्यान अनुसार कृष्णको स्वर्गारोहणपछि द्वारका र इन्द्रप्रस्थका आमीर हरूले अर्जुनलाई पराजित गरी कृष्णका रानीहरूलाई हरण गरेका थिए। डा. भण्डारकरले यस जातिमा प्रचलित बालकृष्णको पूजा-परम्परालाई ईसाको बालरूपको पूजा-परम्पराको अनुसार मान्दै यिनले भारत प्रवेश ईसाको प्रथम शताब्दी ठहऱ्याएका छन्। कर्कपेट्रिकले प्रस्तुत गरेका वंशावली अनुसार यिनीहरू प्रारम्भमा सिमरौनगढ र जनकपुरको माझमा बस्तथे र बेला-बेलामा शासन सम्हाल्ने गरेर शुद्रबाट क्षत्रीको कोटिमा पुगिसकेका थिए। वस्तुतः गोपालहरूको शासन अघिदेखि नै नेपालको तराईमा कायम थियो। कर्कपेट्रिकले यस वंशका राजाहरूमा भूलसिंह, जयसिंह र भूवसिंहको तथा राइटले वरसिंह, जयमति सिंह र भुवनसिंहको नाउँको सूची प्रस्तुत गरेका छन्। कर्कपेट्रिककै वंशावली अनुसार यिनीहरूको राज्य पश्चिममा त्रिशूली गङ्गा, पूर्वमा दूधकोशी, उत्तरमा नीलकण्ठ पहाड र दक्षिणमा चिलाङसम्म फैलिएको थियो। भुवनसिंहकै पालोमा पूर्वतिरबाट किरातहरूको आक्रमण भयो र नेपाल उनको अधीनमा पर्न गयो। किरात राजाहरूको वंशावली प्रस्तुत गर्दा कर्कपेट्रिकले येलुङ, दुस्खम, बलञ्च, किङले, हुन्नतर, तुस्ख, सुपुस्त, पर्व, जितेदस्ती, पञ्चम, किङ् - किङ्, सुन्नदा, थाम्, जथ, जनरेओ, स्वीख, थोर, थामी, वर्म, गुञ्ज, कुस्कुन, तीषु, सुघ्री, जोश, गोन्थो, खेम्भू, गलिजङ्गको क्रमशः उल्लेख गर्दै जम्मा, १६३० वर्ष १ महिनाको किराती शासन कालको उल्लेख गरेका छन् र राइटले यलम्वर, पवि, स्कन्धर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलम्ब, हुति, हुमेति, जितेदस्ती, गलिंज, पुक्क, सुयर्मा, पप, बुंक, स्वनन्द, स्थुको, जिघ्री, नाने, लुक, थोर, थोको, वर्म, गुज, पुष्कार वा पुष्क, केशु, सुज, संस, गुणम्, खिम्बु, पटुक, गस्तीको क्रमिक नामावली प्रस्तुत गरी जम्मा १९९८ वर्षको किराती शासनकालको सूची प्रस्तुत गरेका छन् । भनिन्छ सातौं किराती राजा जितादस्तीको कालमा गौतम बुद्ध नेपाल उपत्यका आएका थिए । चौथो किराती राजा स्थुंकोको शासनकालमा अशोक यहाँ आए । आफ्नी छोरी चारूमतीको विवाह यहाँको क्षत्रीय राजकुमार देवपालसित गरे जसले देवपाल नगरको निमार्ण गरे भन्ने कुरा राइट वंशावलीमा उल्लिखित छ । किरात राजा पटुकको शासन कालमा सोमवंशी राजपूतहरूको आक्रमण भयो । र किरातहरूले गोकर्णको दरबार छाडी शंखमूलपारी दरबार बनाउनु पऱ्यो । पटुक पछि हुने राजा गस्तीले सोमवंशीद्वारा ईसाको प्रथम शताब्दीको अन्त्यतिर पराजित भई उपत्यका छाडनु पऱ्यो । प्रो. लेवी र डा. जयसवालले गस्तीको शासनकाल प्रथम शताब्दी नमानी ११० ई. मानेका छन् ।

(घ) किरातकाल किरातहरू :

हिमालदेखि गङ्गाको मैदानसम्म यायावरको रूपमा जीवन यापन गर्ने प्राचीन जनजाति हो । जसको चर्चा वेद, रामायण, महाभारत, र चीनी ग्रन्थहरूमा पाइन्छ । संस्कृतिका महाकवि भारविले "किरातार्जुनीयम्" भन्ने प्रबन्धकाव्यको रचना गरेका छन् । मंगोलियन मूलका मानिने यी किरातहरूले इ.पू. सातौं आठौं शताब्दीतिर काठमाण्डू उपत्यकामा प्रवेश गरेको उल्लेख इतिहासग्रन्थहरूमा पाइन्छ । यिनीहरूले लगभग सय सय वर्षसम्म उपत्यकामा राज्य गरेको विवरण वंशावलीहरूमा पाइन्छ । यस कालमा यहाँ मानिस कृषि र पशुपालनका अतिरिक्त जागीर, उद्योग-धन्दा र व्यपार गर्ने गर्दथे । वर्णाश्रम धर्मावलम्बीहरू विभिन्न वंशका थिए नाग, गोपाल, महिषपाल, किरात, मल्ल, शाकीय, कोलीय, लिच्छवि आदि । धार्मिक विविधता पनि थियो । वैष्णव, शाक्त, शैव, प्रकृतिपूजकका अतिरिक्त बौद्धधर्मावलम्बीहरू उपत्यकामा थिए । कपिलवस्तुको पतन पश्चात शाक्य भिक्षुहरूले समेत उपत्यकाभित्र प्रवेश गरेका थिए । भाषिक र सांस्कृतिक विविधता थियो । राई, लिम्बू, धिमाल, चेपाङ, राउटे, जिरेल, धामी र दनुवारका भाषामा कोलभाषाको प्रभाव देखिनाले विद्वानहरू कुन निष्कर्षमा पुगेका छन् भने किरातको आगमनपछि कोल र किरातहरू रक्त-सम्बन्धमा आबद्ध हुँदै गएको सम्भव छ । यसरी यस कालमा कोल र खसहरूससँगै अन्य समुदायका बीच पनि रक्तमिश्रण हुँदै जाँदा नयाँ-नाँया समुदायको उद्भव हुनु स्वभाविक थियो । खस, शक, दरद, वैदेह,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाक्य, कोलीय, बृज्जी, मल्ल, भिल्ल आदि विभिन्न जातिका संस्कृतिहरू उपत्यकाबाहिर फस्टाउँदै थिए ।

यसरी नै किरातकालदेखि नै नेपालको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक व्यवस्थामा एउटा स्थिरता आएको प्रमाण पाइन्छ । कौटिल्यको अर्थशास्त्र तथा मूल सर्वास्तिवाद विनय सङ्ग्रहबाट तत्कालीन नेपालबाट उनका सामग्रीका लागि चीन र भारतका सुदूर भागबाट व्यापारीहरूको आवत जावत रहेको कुरा प्रमाणित हुन्छ । कृषि भन्दा कौशल र वाणिज्य-व्यवसायको बढी उन्नति भएको देखिन्छ । किरात कालमै गौतम बुद्ध लगायत अन्य शास्त्रहरूको नेपाल उपत्यकामा आगमनबाट यहाँको सांस्कृतिक, धार्मिक जीवन परेको प्रभावबारे चर्चा गर्दै श्री बालचन्दै शर्माले लेख्नु भएको छ - "अतः यो कुरा निर्विवाद छ कि गौतम बुद्धको समयदेखि नै उत्तर र दक्षिणको समागमद्वारा निर्मित नेपालको जातीय र सांस्कृतिक जीवनको रूप-रेखा विस्तारै - विस्तारै तैयार हुन लागिसकेको थियो, जो पछि लिच्छविहरूको प्रवेशको साथै आफ्नो स्वतन्त्र अस्तित्त्वमा खडा हुन समर्थ भयो । किरात कालमा गौतमको नवीन ज्ञानको प्रकाश नेपाल उपत्यकामा फिजियो । यस घटनाले नेपालको सामाजिक जीवनलाई एक विशेष खँदिलो आधारमा खडा गऱ्यो" । किरात कालमा नेपाल उपत्यकाभित्र धर्म र संस्कृतिको जुन एउटा नवीन, समन्वित दीप्ति देखियो त्यसले भारत, चीन जपान जस्ता मुलुकलाई आलोकित पारी नेपालको मैत्री-क्षेत्रलाई फराकिलो पाऱ्यो जो राजनितिक, धार्मिक, आर्थिक, सांस्कृतिक दृष्टिले एउटा उपलब्धि सिद्ध भएको छ । अशोकद्वारा दिइएको चैत्यहरूको नमूनाको आधारमा नै नेपालको निजी वास्तुकलाको विकास सम्भव भयो ।

(ङ) लिच्छविकाल :

लिच्छविहरू मल्ल, कोलीय, बृज्जी, शाक्य, आदि जस्तै गणराज्य चलाएर अहिले भारतको विहार प्रान्त अन्तर्गत पर्ने वैशाली भन्ने ठाउँमा अवस्थित थिए । पछि राजतन्त्रात्मक राज्यहरूले उनिहरूको गणराज्य तहसनहस गरेपछि । उनिहरूले काठमान्डौं उपत्यका प्रवेश गरे । विस्तार-विस्तारै किरात राजाहरू कमजोर हुँदै गएपछि उनीहरूले आफ्नो पक्षमा जनशक्तिसङ्गठित गरेर राज्य व्यवस्थालाई आफ्नो अधीनमा पारे । वि.स. ९३६ सम्म उनीहरूले उपत्यकामा शासन गरे ।

यसरी नै नेपालमा लिच्छविहरू भारतको वैशालीबाट आएका थिए । जयदेव (द्वितीय)को पशुपति अभिलेख (संवत १५३) द्वारा नेपालका लिच्छविहरूका आदि-पुरुष पाटलीपुत्र (आधुनिक पटना) का सुपुष्प सिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् । राइटको वंशावलीमा भूमिवर्मा, चन्द्रवर्मा (प्रथम), चन्द्रवर्मा (द्वितीय), वर्षवर्मा, सववर्मा, पृथ्वीवर्मा, ज्येष्ठवर्मा, हरिवर्मा, कुबेरवर्मा, सिद्धिवर्मा, हरिदत्तवर्मा, वसुदत्तवर्मा, पतिवर्मा, शिववृद्धिवर्मा, बसन्तवर्मा, शिववर्मा, रुद्रवर्मा, वृषदेववर्मा, शङ्करदेववर्मा, धर्मदेववर्मा, र मानदेवको क्रमिक उल्लेख छ । वृषदेव, शङ्करदेव (प्रथम), धर्मदेव र नागदेव (प्रथम), को ऐतिहासिकता चाँगुनारायण र पशुपति अभिलेखद्वारा सिद्ध छ । मानदेव (प्रथम) कै चाँगु "अभिलेख र मानांक" मुद्रादेखि नै लिच्छविहरूको प्रमाणिक इतिहास प्राप्त भएको हँदा लिच्छवि राजाहरूको शासनक्रमको प्रमाणिक अध्ययन यिनैदेखि थाल्नुपर्दछ ।

मानदेव :

चाँगु अभिलेख र अन्य शिलालेखहरूको आधारमा प्रसिद्ध इतिहासकार श्री बलभद्र शर्माले शक संवत् ३८६ देखि ४१३ सम्म मानदेवको राज्यकाल मानेका छन् । मानदेवले पराक्रमद्वारा आफ्नो राज्य उत्तरमा हिमालदेखि पश्चिममा गण्डकीपारि र पूर्वमा लगभग कोशीसम्म फैलाएका थिए । चाँगु नारायणको स्थापना गरे, आफ्नी रानी राज्यवतीको पुण्यवृद्धिका लागि लाजिम्पाटमा विष्णुको विक्रान्तमूर्तिको स्थापना गरे । यिनका प्रपितामह वृषदेव बौद्धमार्गी थिए र यिनी आफू वैष्णव । यिनको दुवै धर्ममा समान श्रद्धा थियो । यिनले अनेक बौद्धविहार एवं चैत्यहरूको उद्धार एवं निर्माण गराएकाबाट यिनका स्थापत्यकला प्रेम एवं धार्मिकता प्रमाणित हुन्छ । नेपालको इतिहास प्रसिद्ध राजप्रसाद "मानगृह" को निर्माण यिनैले गराएका थिए, जो अनेकौं वर्षसम्म लिच्छविहरूको शासन केन्द्र थियो । चाँगुअभिलेखबाट मानदेव असाधारण मातृभक्त, युद्ध-विद्या-विशारद, प्रतापी, विनयशील, प्रजावत्सल, उदार र सदगुणी सिद्ध हुन्छन् । गुप्तवंशी सम्राट समुद्रगुप्तको शासन नीतिको अनुसरण गरी यिनलै विद्रोही सामन्तहरूका राज्य जिती पुनःकर मात्रै लिने गरी राज्य फर्काइदिए । मानदवेवपछि भएका महीदेव, वसन्तदेव, उदयदेव, शिवदेव, नरेन्द्रदेव, भीमदेव, विष्णुदेव र विश्वदेव आदि राजाहरू भए । नेपालको लिच्छविकालीन इतिहासमा अत्यन्त प्रतापी राजा अशुवर्मा प्रो. लेवीका अनुसार शिवदेवका ज्वाइँ थिए ।

अंशुवर्मा :

प्रसिद्ध चिनियाँ यात्री हुएनासाङले आफ्नो यात्रा वृतान्तमा अंशुवर्मालाई समकालीन बताई वर्णन गरेका छन् । शिवदेव (प्रथम) ले राजगद्दी पाउनासाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंशुवर्मा महासामन्त भएको कुरा शिवदेवका तुलाछीटोल अभिलेखद्वारा प्रमाणित हुन्छ। नेपालका वैधानिक राजा शिवदेव नै भए पनि त्रिकर बाहेक लेख्य, दानपत्र, पञ्चपराध, आदि सम्बन्धी कार्यभार अंशुवर्माले सम्हालेको हुँदा नेपालमा उनको शासन थियो। भनिन्छ, पछि शिवदेवले सन्यास ग्रहण गरे र अंशुवर्माले मात्र "कैलाशकूट भवन" बाट शासन चलाए। आफ्नी छोरी भृकुटीको विवाह तत्कालीन तिब्बती प्रतापी राजा स्रोङचन-गम्पोसित गराएर आफ्नो राजनीतिक दूरदर्शिताको परिचय दिए। यसबाट नेपला-तिब्बतको सम्बन्ध बलियो भयो। भुकुटीले माइतबाट आक्षेभ्य, मैत्रेयी र ताराका मूर्तिहरू लगेकी थिइन्। बौद्ध धर्मकी प्रथम प्रचारिका भृकुटीले माइतबाट अक्षोभ्य, मैत्रेयी र तारका मूर्तिहरू लगेकी थिइन्। बौद्ध धर्मकी प्रथम प्रचारिका भृकुटी तिब्बतमा "हरिततारा" को रूपमा पूजित भइन्। प्रजाहरूको आर्थिक अवस्थालाई उन्नत तुल्याउन अंशुवर्माले अनेक आर्थिक व्यवस्था मिलाए। हाँडी गाउँमा प्राप्त दुई अभिलेख अनुसार यिनीले सबै राजपुरुषहरूको भत्ता र प्रसिद्ध देवालयहरूको खर्चको रकम तोकेका थिए। साँगाका व्यक्तिहरूलाई राज परिवारलाई चढाउनुपर्ने नजराना र चार करदेखि मुक्त गरेका थिए। पशु, चाँगुनारायण, गुम्विहार, मानविहार जस्ता हिन्दू र बौद्ध पीठहरूलाई समान खर्च दिएर यिनले आफ्नो धार्मिक उदारताको परिचय दिएका छन्। विद्वान र कलामर्मज्ञ अंशुवर्माले शब्द विद्या र (व्याकरण) को रचना गरेका थिए। अंशुवर्माको काललाई "स्वर्णयुग" भनिन्छ।

अंशुवर्मा पछि लिच्छविकालका प्रसिद्ध राजाहरूमा नरेन्द्रदेव, जयदेव प्रथम र जयदेवको नाउँ उल्लेखनीय छ। नरेन्द्रदेवको पालोमा नेपालको भोट र चीनसँग सम्बन्ध प्रगाढ भयो जसले नेपालको अर्थतन्त्रलाई सुदृढ तुल्याउन मद्दत पुऱ्यायो। त्यस बेलामा नेपाल अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बन्यो र अनेक द्रव्यहरू प्रकाशमा आए। नरेन्द्रदेवले "महाराजाधिराज" को पदवी पाएका थिए तथा "परमभट्टारक" को सम्मानले विभूषित भएका थिए। जयदेव (प्रथम) पनि प्रतापी राजा थिए। जयदेव (द्वितिय) लाई "कविराजा" भनिन्छ। उनको कविताको नमूना पशुपतिको शिलालेखमा पाइन्छ। विशाल राज्यको महत्त्वकांक्षा राख्ने जयदेव (प्रथम) प्रायः राज्य-विस्तार गर्न नपाई दिवंगत भए।

(i) लिच्छविहरुको राजनैतिक जीवनः लिच्छविकालमा वंशानुक्रममा राजा बन्ने परम्परा रहेपनि बीचमा एक पटक अंशुवर्माले क्रम-भंग गरेको पाइन्छ। तर उनले पनि शिवदेवका प्रथम पुत्र उदयदेवलाई उत्तराधिकारी घोषित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेपछि लिच्छविहरूको शासनले पुनः निरन्तरता पाएको देखिन्छ। उदयदेव भागेर तिब्बततिर लागेपछि गुप्तहरूले ध्रुवदेव, भीमार्जुन देव, आदि, लिच्छविवंशकें मानिसलाई गद्दी स्थापित गरें। तत्कालीन राज्यलाई विभिन्न क्षेत्रमा वर्गीकृत गरिएको थियो र स्थानीय स्वशासन कायम गरिएको थियो। वर्गीकृत ती क्षेत्रहरू लिचछवि नै हुनुपर्ने बाध्यता थिएन। यी सामन्तहरू बेला-बेलामा विद्रोह गरी स्वतन्त्र राज्य पनि कायम गर्ने गर्दथे। यसै गरी कोट्ट, द्रंग, पुर, ग्राम आदि जस्ता प्रशासनिक इकाइहरू कायम गरिएका थिए। यिनमा क्रमशः कोट्ट प्रमुख, द्रंग प्रमुख, पुर प्रमुख, र ग्रामप्रमुख रहने गर्दथे। स्थानीय भद्र-भलादमीहरूलाई नै राजाले त्यस्तो पदमा नियुक्ति गर्ने गर्दथे। गाउँको प्रशासनलाई गाउँका भद्रभलाद्मीहरू रहेको ग्रामपाञ्चालीले संचालित गर्दथ्यो। स-साना मुद्दाहरू ग्रामपाञ्चालीले हेरे पनि पञ्च अपराधसम्बन्धी मुद्दामा अपराधीलाई मृत्युदण्ड दिने व्यवस्था रहेको हँदा त्यस्ता मुद्दाको सुनुवाइ राजाको अन्तरासनबाट हुने गर्दथ्यो। राजाको कामकाजमा सहयोग गर्न मन्त्रिपरिषदको व्यवस्था थियो। राजाले प्रशासनिक योग्यता भएका व्यक्तिलाई मात्र मन्त्री पदमा नियुक्त गर्ने गर्दथे। यसरी, यस कालमा मानिसहरूले ग्रामपञ्चालीको सदस्यदेखि प्रधानामात्य (प्रधानमन्त्री) को पद सम्ममा प्रतिनिधित्व सक्तथे।

यो समाज वहुभाषी, बहुवर्णीय र बहुजातीय भए पनि संस्कृतलाई राजभाषा घोषित गरिएको थियो। लेखनकार्यमा लिच्छवि लिपिको प्रयोग गरिन्थ्यो। धार्मिक स्वतत्रता थियो र पेशा चाहि जातिद्वारा परम्पराले निर्धारित अँगालिन्थ्यो। एकै प्रकारका अपराधमा पनि जातअनुसार अलग-अलग प्रकारका दण्डसजाय तोकिएको थियो। तर राजाहरू अलग-अलग वर्ण र जातिका मानिससँग अलग-अलग व्यवहार गर्ने परिपाटी थिएन।

(ii) सामाजिक जीवन : वर्णाश्रम व्यवस्थामा आस्था दृढ थियो। मानदेवको संवत् ३८६ (वि.सं.५२१) को चाँगुनारायण अभिलेखअनुसार उनले क्षेत्रीय धर्मअनुसार दीक्षा ग्रहण गरेको प्रमाणबाट उनी क्षेत्रीय रहेको कुरा स्पष्ट हुन्छ। तर, यी क्षेत्रीयहरू शैक्षिक एवं अन्य प्रशासनिक कार्यमा पनि संलग्न थिए। यस कालका विभिन्न अभिलेखहरूमा "ब्राह्मण" को पनि उल्लेख पाइन्छ। यस कालका दुईवटा व्यापारीका नेता रत्नसंघ र गृहमित्रले पनि अभिलेख राख्न लगाइएको थियो। राजा नरेन्द्र देवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्त लिङ्गेश्वर अभिलेखमा "शूद्र" को उल्लेख छ। यस कालमा नेपालमा जम्मा अठार जातका मानिस बसोबास गर्दथे भन्ने तथ्य राजा वसन्तदेवको शकसंवत् ४२८ (वि.स. ५६३) को थानकोट अदिनारायण अभिलेखमा पाइन्छ। हिन्दू र बौद्धधर्म प्रचलनमा थिए। शैव, शाक्त, वैष्णव र प्रकृतिकपूज समाज थियो।

जात्रा र पर्वहरू :

यस कालका अभिलेखहरूमा मल्लयुद्ध गोष्ठी, धूपगोष्ठी, दपिगोष्ठी, ध्वजगोष्ठी, पानीय गोष्ठी आदिको उल्लेख भएबाट के थाहा पाइन्छ भने जाया र पर्व मनाउन, मनोरञ्जन गर्न र विवि संस्कार सम्पादन गर्न छुट्टछुट्टै गोष्ठीहरू (गुठीहरू) थिए। मल्लयुद्ध गोष्ठीले भेंडा जुधाएर मनोरञ्जन प्रदान गर्ने आयोजना गर्दथ्यो। गोयुद्ध कर गोयुद्ध गराएर मनोरञ्जन गराए बापत लिइन्थ्यो। दशैं तिहार, नव वर्ष, माघे संक्रान्ति, कृष्ण अष्टमी, जनै पूर्णिमा, बुद्ध जयन्ती, बराहयात्रा, पशुपतियात्रा, लोकपाल स्वामीको यात्रा, कैलाशयात्रा जस्ता चाडपर्व र यात्राहरूको उल्लेख पाइन्छ। दानधर्मको ठूलो महिमा थियो। पुण्यका लागि मन्दिर र मूर्तिका स्थापना गरिन्थ्यो। शिवलिङ्गको स्थापना गर्ने होड नै देखिन्छ। दान दिएको जग्गा खोसेमा साठी हजार वर्षसम्म नरकमा कीरा भएर बस्नु पर्ने विश्वास थियो। देव मन्दिरलाई चढाएको सम्पति नाश गर्दा पञ्चपातक लाग्दथ्यो। दशदान, वैतरणी, गोदान, अक्षयदानको प्रचलन थियो। शिवदेव द्वितीयको लगनटोल अभिलेखमा "जग्गा दान गर्ने मान्छे साठीहजार वर्षसम्म स्वर्गमा रमाउँछ, तर दान गरिएको जग्गामा हस्तक्षेप गर्ने र त्यस्ताको समर्थन गर्ने साठी हजार वर्ष नै नरकमा बस्नेछ" भन्ने उल्लेख पाइन्छ। चाँगुनारायण अभिलेख हाँडीगाउँ अभिलेख (वि.सं. ६६५), नरेन्द्रदेवको लिङ्गेश्वर आभिलेख आदिमा दानको महिमा पाइन्छ।

संस्कारहरू : हिन्दुहरूको सोह्र संस्कारको प्रचलन थियो। तर बौद्धहरूले मुण्डन र अन्त्येष्टि संस्कार मात्रै स्वीकार गरेका थिए। भिक्षुभिक्षूणीहरू अविवाहित रहन्थे तर गृहस्थ बौद्धमार्गीहरूले विवाह गर्दथे।

भेषभुषा र अलंकरण : तत्कालीन मूर्तीहरूमा तल्लो भागमा धोती लगाएको र माथिलो भाग खुल्ला रहेको देखिनाले त्यसै अनुरूपको भेषभुषा प्रचलनमा रहेको अनुमान हुन्छ। लिच्छविकालमा उपलब्ध एक मात्र मूर्ति नर वर्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिमा यस्तै परिधान देखिन्छ । चिनियाँ स्रोतबाट प्राप्त सूचना अनुसार, तत्कालीन नेपालीहरूले सिङ्गो जीउ ढाकिने एउटा लुगा लगाउँथे । राजा नरेन्द्रदेवले बुद्धको मूर्ति अंकित लामो लुगा लगाउँथे र लुगाबाहिर बुद्ध कै मूर्ति भएको पेटी कम्मरमा बाँध्ने गर्दथे । स्त्रीमूर्तिहरूमा फरियाको प्रयोग देखिन्छ । ऊनी कपडाहरूको प्रयोग बढी हुन्थ्यो ।

उपत्यकामा मानिसले पाउमा कल्ली, कम्मरमा पेटी, कानमा कुण्डल र घाँटीमा कण्ठहार लगाउने गर्थे । मोती, रत्न, मुगा, माणि आदिका अलंकार बाट आफूलाई सजाउन गरिन्थ्यो । कान छेडेर त्यसमा पशुका सिङ, बाँसका टुक्रा लगाइन्थ्यो । तत्कालीन मूर्तिहरूमा केयूर, नुपूर, बाजू, माला, हार, कुण्डलको प्रयोग देखिन्छ । लामो कपाल पाल्ने चलन पनि थियो ।

खान-पिन : दाल, भात, सागसब्जी, दूध, दही, घ्यू, माछा, मासु, फलफूल मुख्य भोजन थिए । अभिलेखहरूमा माछाका विभिन्न प्रकारहरू – काष्टिका, भुकुण्डिहरू, राजग्रीव, मुक्ता – को चर्चा र भेंडा, बाख्रा, कुखुरा, सुंगुर, रांगोको चर्चा पनि पाइन्छ ।

धार्मिक जीवन : राजा मानदेवको पालामा विजय स्वामिनी नमक महिलाले पलाञ्चोकमा भगवतीको स्थापना गराएकी थिइन् । त्यसबाट तत्कालीन शाक्त परम्पराको प्रमाण पाइन्छ । राजा मानदेव स्वयं वैष्णव थिए , तर राजा अंशुवर्माको पालादेखि शैव धर्मलाई राजकीय धर्म घोषित गरियो । बौद्ध धर्मका हीनयान र महायानमा आस्था राख्ने प्रशस्त थिए । अनेक चैत्य र विहारहरूको निर्माण भयो । श्रीमान विहार, गुंविहार, खर्जुरीका विहार, शिवदेव विहार आदिको उल्लेख तत्कालीन स्रोतहरूमा पाइन्छ । राजा वृषदेवको निष्ठा बौद्धधर्ममा थियो । श्रीमान विहार लिच्छवि नरेश शिवदेव प्रथम जीवनको अन्तिम बेलामा बौद्ध भिक्षु भएर हिडेका थिए । अंशुवर्माले बौद्धविहारहरूलाई समान रूपमा राजकोषबाट अनुदान दिएको, नरेन्द्रदेवले बुद्धमूर्ति अंकित पेटी लगाएको. र बौद्धमार्गीहरूका लागी धारा बनइदिएको उल्लेख पाइन्छ । यसरी समाजमा धार्मिक सहिष्णुता थियो ।

प्राचीन नेपालको ललितकला : नेपालमा मात्र होइन, संसारमै रंग र रेखाको माध्यमले मनका भावना र विचारको अभिव्यक्ति गर्ने परम्परा अत्यन्त प्राचीन छ । "देबब्रत अफ बंगाल" भन्ने पुस्तकमा देवब्रतले आर्यावर्त खण्डमा लोक-चित्रकलाको लगभग १५००० वर्ष पुरानो परम्परा रहेको कुरा उल्लिखित गरेका छन् । यसैक्रममा जनकपुर-लोक चित्रकलाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरालाई पनि लिन सकिन्छ, जसको इतिहास, सिन्धु घाटीमा आर्यहरूको आगमन हुनुभन्दा अगाडिदेखि अनुमान गर्न सकिन्छ । लिच्छवि कालमा घर, भवनका भित्ताहरूमा भोजपात्रमा चित्रको प्रचलन रहेको तथ्य फेला पर्छ । दशौं शताब्दीमा लिखित "प्रज्ञा पारमिता" ग्रन्थका काठका जिल्लहरूमा देवी-देवताको चित्रहरू कोरिएका छन् । र्हुनसाङ र चाङहुएनले गोरखा वर्णनहरू र अन्य चीनियाँ वृत्तान्तहरूले उच्चकोटिका नेपाली चित्रकलाका वर्णन प्रस्तुत गरेका छन् । कैलाशकूट, भवनका भित्तामा उच्चस्तरीय चित्रकलाहरू कुँदिएका थिए । तत्कालीन स्तम्भ र अभिलेखहरूमा पनि कमल फूल, शंख, चक्र, घण्टा, त्रिशुल, माछा, साँढे, कलश, फूल-बुट्टाका चित्रहरू पाइएका छन् । जय वागीश्वरी र रातो मच्छेन्द्रनाथका प्राचीन मूर्तिहरूमा देखिने चित्रकारिताबाट पनि नेपाली चित्रकलाको प्राचीनता सिद्ध हुन्छ ।

मूर्तिकला : तेल माटोबाट निर्मित मूतिहरू (टेराकोटा) कपिलवस्तु र लुम्बिनीका उत्खननहरूमा प्राप्त भएका छन् । किरातकालीन कतिपय प्रस्तर मूर्तिहरू प्राप्त भएका छन् । पाटन सुन्धाराको अंशुवर्माको अभिलेखमा "कीरा, मुसाले खाई बिग्रेको भ्याल, ढोका, खापा, चौकोस" भन्ने वाक्यबाट तत्कालीन समाजमा काठका भ्याल, ढोका, खापा, चौकोस प्रचलित थिए भन्ने कुरा प्रमाणित हुन्छ । प्रथम किराती राजा यलम्बरले पशुपतिनाथको छेउमा स्थापना गरेको किरातेश्वर महादेव, आर्यघाटको विरुपाक्षको मूर्तिलाई किरातकालीन मूर्तिकलाको नमूनाका रूपमा उभ्याइन्छ । पशूपति, तिलगङ्गा र लाजिम्पाटस्थित विष्णु विक्रान्त मूर्ति, चाँगुको गरुडध्वज, धूम्रवराहीको वाराहमूर्ति, पलान्चोक भगवती, बुढा नीलकण्ठको जल-शयन मूर्ति, पशुपति आर्यघाट पारिको विष्णुको मूर्ति, स्वयम्भूको बुद्धमूर्ति, हनुमान ढोकाको कालीय दमन मूर्ति आदिमा प्राचीनकालीन मूर्तिकलाको उत्कर्ष सिद्ध गर्दछन् ।

प्राचीन मूर्तिका विशेषताहरू :

(i) धार्मिकता :- लिच्छविकालीन मूर्तिहरू धार्मिक भावनाले आभिप्रेरित छन् ।

(ii) सुडौलता :- चाक्लो-पुष्ट छाती, छिनेर कम्मर, सुलुत परेको बान्किलो जीउ डाल, पोटिला ओठ भएका प्रचीन मूर्तिहरू ज्यादै सुडौल देखिन्छन् ।

(iii) सादापन :- गहनाहरूको कम प्रयोग भएका यी मूर्तिहरूमा कपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिलाइएको छ र पारदर्शी सुन्दर वस्त्र लाइएको छ ।

(iv) सजीवता :- यी मूर्तिहरू जीउँदो र केही बोल्न खोजेको जस्ता छन् ।

(v) धातु र प्रस्तरको प्रयोग :- मूर्तिहरूमा धातु र प्रस्तरको प्रयोग भएको छ ।

वास्तुकला : घर, महल, मन्दिर, चैत्य, पाटी आदि बनाउने कलामा प्राचीन कलाकारहरू सिपालु थिए । प्राचीन वास्तुकलाका अधिकांश नमूनाहरू आज विलुप्त भए पनि पशुपतिनाथको मन्दिर, चाँगुनारायणको मन्दिर, मानगृह, कैलाशकुट भवन, भद्राधिवास भवन, आदिको वर्णन चीनियाँ वृत्तान्त र तत्कालीन अभिलेखहरूमा पाइएबाट, यस कालको उच्चताको जानकारी प्राप्त हुन्छ । यस कालको उत्कृष्टताको दृष्टान्त स्वयम्भूको भव्य चैत, अंशुवर्माको राजविहार, अशोककी छोरी चारूमतीको चावहिल बहाल, ढोका बहालको चैत्य, अशोकले स्थापना गरेको पाटनका चारवटा चैत्य, लुम्विनीको स्तम्भ आदिको वर्णनमा पाइन्छ । स्थापत्य कलामा प्यागोडा शैली र चैत्य शैली बढी लोकप्रिय रहेको पाइन्छ । ईसाको सातौं शताब्दीतिर नेपालमा प्यागोडा शैलीको विकास भइसकेको थियो । मानगृह, कैलाशकुट भवन, पशुपतिनाथको मन्दिर, तलेजु चाँगु नारायणको मन्दिर प्यागोडा शैलीकै नमूना हुन् । चैत्य शैलीको थालनी बुद्धकै जीवन कालमा भएको अनुमान गरिन्छ । स्वयम्भूको प्राचीन रूप, पाटनका चरवटा स्तूपहरू चैत्य शैलीका सुन्दर नमूना हुने । गुम्विहार, राजविहार जस्ता विहारहरू लिच्छविकालीन वास्तुकलाका नमूना हुन् ।

मध्यकाल

मध्यकाललाई दुई भागमा विभाजित गरिन्छ - पूर्वमध्यकाल र उत्तरमध्यकाल ।

पूर्वमध्यकाल-

राजनैतिक जीवन : यस कालमा "देव" नामधारी शासकहरूले शासन गर्दथे । यिनीहरू राघवदेवका सन्तान थिए । बाबुछोरा, दाजुभाइ, काकाभतिजा सबैले मिलेर संयुक्त - शासन गर्थे । ई. बाह्रौं शताब्दीदेखि उपत्यकामा मल्लहरूले शासन गरेको देखिन्छ । तर, शासनमा सक्रिय त उनीहरू पहिलादेखि नै थिए । सर्वप्रथम वि.स. ११६८ को एउटा प्रसङ्गमा गोपालराज वंशावलीले मल्लहरूको चर्चा गरिन्छ । काठमाण्डू उपत्यका, कार्णली प्रदेश र सिम्रौनगढमा क्रमशः ठकुरी, मल्ल, र कर्नाटवंशको शासन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । यस कालमा कला कौशल र संस्कृतिको निकै विकास भएको पाइन्छ । काठमाण्डू उपत्यकामा शासक वर्गले आफै विदेशी आक्रान्ताहरूलाई बोलाई काट-मार आगजनी र लूटपाट मच्चाउन लगाउँथे ।

समाज : उत्तर भारतका हिन्दू संस्कृति र धर्मका केन्द्रहरूलाई मुसलमान आक्रान्ताहरूले ध्वस्त पार्न थालेपछि त्यहाँबाट भागेर मानिसहरूले उपत्यकामा आई शरण लिए । वर्णाश्रम - धर्म नमान्नेहरूको पनि शरणस्थली बन्यो उपत्यका । त्यसैले हिन्दूधर्मको अतिरिक्त बौद्ध धर्म फस्टायो । वर्ण र जात छुटयाउन समेत गाह्रो भयो । त्यसैले पछि जयस्थिति मल्लले सामाजिक सुधार गर्नु पर्‍यो ।

धार्मिक अवस्था : शाक्त, शेव, वैष्णव, बौद्ध धर्मका शाखाहरू झ्याङिदै थिए । बौद्ध भिक्षुणीहरूले समेत विवाह गरेर गृहस्थ जीवन बिउन थाले । बज्रयानी बौद्ध सम्प्रदामा तन्त्र-मन्त्रले प्रवेश पाएका हुँदा कालान्तरमा हिन्दू र बौद्धका तान्त्रिक देवीदेवता पनि एकै बन्न पुगे ।

जाति र वर्ण : यसकालमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जस्ता चार वर्णमध्ये कुनै एक पनि नखुलेका मानिसहरू पनि नेपालमा बसोबास गर्न थाले । तर सिम्रौन गढ वर्णाश्रम व्यवस्था कायम राख्न सफल थियो ।

खानपान भेषभूषा र अलंकरण : परम्परागत भेषभूषा र खानपानले निरन्तर पाएको देखिन्छ ।

शिक्षा, भाषा, लिपि : पुरानो संस्कृत भाषा प्रचलनमा रहे पनि उपत्यकामा नेवारीको अभ्युदय भयो । नेवारी लिपि - भुजीमोल, पाँचुमोल, रञ्जना आदिको विकास भयो । मिथिला क्षेत्रमा मैथिली भाषा र लिपि पल्लवित - पुष्पित भए । खस क्षेत्रमा देवनागरी लिपि तथा अस भाषाको विकास भयो भने खस राज्यको उत्तरी क्षेत्रमा तिब्बती भाषा र तिब्बती लिपिको प्रचलन रहेको अनुमान गरिन्छ ।

आर्थिक जीवन : कृषि, उद्योग र व्यपारको उन्नतिले अझ तीब्रता लियो । विभिन्न प्रकारका वस्तुहरू उत्पादन गर्ने, तेल पेल्ने, लुगा बुन्ने, पिठो पिस्ने, धान कुट्ने उद्योग फस्टाउँदै गए । सिम्रौनगढको व्यपार भारतसँग चल्दथ्यो भने उपत्यकाको भारतका अतिरिक्त चीन र तिब्बतसँग पनि चल्दथ्यो । व्यापारीहरू घुमी-घुमी पनि व्यापार गर्थे ।

उत्तरमध्यकाल-

जयस्थिति मल्लको उदयसँगै उत्तरमध्यकालको आरम्भ भयो । उनी पुरानो मल्लवंशका व्यक्ति थिएनन् । रुद्रमल्लकी नातिनी राजल्ल देवीसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह गर्न उनलाई उपत्यका झिकाइएको थियो र राजल्ल देवीसँग विवाह गरेको नाताले नै वि.सं. १४३७ मा अर्जुन मल्ललाई गद्दीबाट हटाएर उनी आफू स्वयं भक्तपुरका राजा भएका थिए। १८२५ मा पृथ्वीनारायण शाहको उपत्यका-विजयपछि उत्तरमध्यकालको समाप्ति भएर आधुनिक कालको थालनी भएको थियो।

उत्तरमध्यकालको राजनैतिक जीवन : केहि अभिलेखहरूको आधारमा भनिन्छ, उत्तरमध्यकालमा राजा यक्षमल्लले आफ्नो राज्यको विस्तार पूर्वमा बंगाल, दक्षिणमा मिथिला, पाश्चिममा गोरखा र उत्तरमा शिकारजोड तिब्बतसम्म गरेका थिए। उनको स्वर्गारोहण पछि छोराहरूले राज्य विभाजन गरे। काठमाण्डौं उपत्यका तीन भागमा टुक्रियो भने उपत्यका बाहिरका राज्यहरू अनेक टुक्रामा विभाजित भए। उपत्यका भन्दा पश्चिममा बाईसे र चौबीसे गरी छयालीस राज्य भन्दा देखा परे भने दक्षिणमा मकवानपुर, पूर्वमा देलखा, चौदण्डी, विजयपुर जस्ता राज्य अस्तित्त्वमा आए। वस्तुतः यो राजनैतिक अस्थिरताको काल थियो। फलतः उपत्यकाको राज्यसँगै पश्चिम र दक्षिणका राज्यहरू पनि टुक्राटुक्रा भएर परस्पर कलह गर्दै एकअर्कामाथि जाइलग्न थाले। एउटाले अर्कोसित मिलेर तेस्रोसँग युद्ध गर्ने प्रवृत्ति देखा पऱ्यो । राजाहरको विलासिता बढदै थियो। एउटा राजाका अनेक रानी हुन्थे र ती दरबारिया षड्यन्त्रमा लिप्त रहन्थे। मल्ल राज्यहरूको विभाजन, पारस्परिक संघर्ष र आन्तरिक विजय सजिलो हुन गयो।

सामाजिक जीवन : यस कालमा उत्तरमा तिब्बत र दक्षिणमा भारतबाट बसाइँ सरेर नेपाल भित्रिने क्रम बढ्यो। फलतः भाषा, संस्कृति, धर्ममा, झन् विविधता थपियो। उपत्यकामा राजा जयस्थिति मल्लले सामाजिक सुधार गरी वर्ण र जातिलाई व्यवस्थित गरेका थिए र जात-वर्ण नखुलेकाहरूलाई पनि निश्चित जात र वर्णभित्र समाहित गर्न लगाएका थिए। पश्चिममा गोरखाका राजा रामसिंहले पनि यस्ता थिति बाँधेका थिए। तैपनि बाह्य आक्रमण, शुभराज्यबाट हुने लुटपाट तथा राज्यको गृहकलह आदिले गर्दा जनतामा आतंक व्याप्त थियो। अनेक विषम परिस्थितिमा जनताले विदेशी शक्तिलाई पनि हस्ताक्षेप गर्न गुहार्थे। जातपात र छुवाछुत कयमै थियो। दासप्रथा, सतीप्रथा, बाधाश्रम प्रथा, जमिन्दारी प्रथा यथावत् थियो। कतिपय पहाडी भूभाग र हिमाली प्रदेशमा किरात र शेर्पा जातिहरूले जाति र वर्णलाई त्यति महत्त्व दिएको देखिन्न। उपत्यकाको बौद्ध समाजमा पनि जातीय कट्टरता थिएन। तर नेवार समुदायमा पनि वर्ण र जाति व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागू गरिएको हुनाले जातिहरूको संख्यामा झन् बृद्धि भएको थियो ।

विभिन्न जातिहरूको लबाइ, खबाइ, रीतिथिति आदिमा पनि निश्चित नियमहरू तोकिए । जस्तै, कसाईले बाहुला भएको लबेद, पोडेहरूले टोपी, जुत्तार सुनका गहना लगाउन नपाउने भए । अछुतलाई झिङ्गटीवाल घर बनाउने अनुमति थिएन । अछुतहरू शहरभित्र बस्त पाउँदैनथे । पोडेहरू शहरपस्ता कपाल केही छोपेर पस्नु पर्दथ्यो । ठूला जातकी स्त्री तल्लो जातकी मानिन्थिई । भोज-भतेर जन्म, छेबर, उपनयन, विवाह, मृत्यु आदि कुन जातले कसरी गर्ने तथा जुठो, सूतक कसरी र कति बार्ने आदिबारे नियमहरू बाँधिए । राजाको मलामी सबै प्रजाहरू मिलेर जानुपर्ने बाध्यता थियो र त्यसमा उनीहरूले जातीय उच्चताको क्रम मिलाएर हिंड्नुपर्थ्यो । यसरी, जातीय नियमहरू कठोर हुँदै गए ।

नारीको अवस्था : राजाहरूको प्रभावले गर्दा दरबारीसित सम्बन्ध राख्ने र अभिजातहरूमा अनेक श्रीमती राख्नु सानसौकतको प्रतीक मानिन थालियो । त्यसले गर्दा महिलाहरूको जीवन पीडैपीडामा बित्न थाल्यो । सतीप्रथा अर्को सामाजिक कलङ्क थियो । शिक्षा प्राप्त गर्ने अधिकार नारीलाई थिएन । तर, उच्च परिवारमा केही हदसम्म शिक्षा प्राप्त गर्ने दिइएको थियो । त्यसैले गर्दा देवलदेवी, गङ्गारानी, लालमती, ऋद्धिलक्ष्मी, योगमती, दयावती जस्ता नारीहरू राज्यको बागडोर समाल्न सक्षम भएका थिए । केही मल्ल रानीहरूले स्तोत्रहरूको रचना पनि गरेका छन् । तैपनि यी रानीहरूमध्ये कसैले छोराको नयब भएर, कसैले लोग्नेसित विद्रोह गरेर र केही थोरैले आफ्नो योग्यताबाट राज्यसंचालन गरेको पाइन्छ ।

खानपान : परम्परागत दाल, भात, सब्जी, साग आदि तथा माछा-मासु खाने र जाँड-रक्सी पिउने चलन बढयो । तामा, कोइरालो, कर्कलो, पीना, च्याउ अदि पनि तर्कारीको रूपमा गरिन्थे । गरिबहरूले कोदो, तरुल, भ्याकुर, गुन्द्रुक, ढिंडो पनि खान्थे ।

पहिरन : शासकवर्गाको पहिरनमा भारतका मुगल बादशाहहरूको नक्कल गरिएको थियो । जामा जस्तो अंगरखा, बत्तुवाल जुत्ता, मोतीको माला लगाउँथे र दारीजुंगा पाल्थे । आम पुरुषमा लबेदा-सुरूवालको प्रचलन थियो । भने आइमाइहरू चोलो फरिया लगाउँथे र पटुका बाँध्थे । खास्टो ओढ्ने चलन थियो । गहनाहरूमा टुकी, तापो, टिक, चुरा, कल्ली, औंठी, पाउजु लोकप्रिय थिए ।

आस्था : वेद, पुराण, ब्रत, उपवास, स्वर्ग, नर्क आदिमा गंभीर आस्था थियो ।

चाडपर्वहरु : दशैं, तिहार, विभिन्न देवी-देवताका जात्राहरू, वालाचतुर्दशी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घण्टाकर्ण पिशाच चतुर्दशी, मातातीर्थ औंसी, गोकर्णे औंसी, गुरूपूर्णिमा, सिठीनख चाड र (वर्षयाम आरंभसूचक), वसन्तोत्सव(सरस्वती पूजा), योमरी पुनी (धान्य पूर्णिमा), मत्स्येन्द्रनाथ जात्रा, इन्द्र जात्रा, पनौती रथजात्रा, भीमसेन जात्रा, भोटो देखाउने जात्रा, गुह्येश्वरी जात्रा, चाँगुनारायण जात्रा आदिको प्रचलन त्यस बेलामा पनि थियो। गुठी वा सेवाखलकको नामबाट प्रत्येक पर्वसित सम्बन्धित निकायहरू थिए। यथा, मङ्गलवार खलक (गणेशपूजाका लागि), पूर्णिमा खल सरस्वती गुठी, इन्द्र गुठी आदि।

मनोरञ्जनका साधन : यस कालमा अभिनय, नृत्य तथा गीतसङ्गीत कालको निकै विकास भयो। प्रयः प्रत्येक शुभ अवसर तथा उत्सवमा नृत्यगीतको आयोजना गरिन्थ्यो। दरबारमा हुने विवाह, ब्रतबन्ध आदिमा देशका कुनाकुनाबाट नृत्य टोलीहरू भेला हुन्थे र शहरको टोलटोलमा नाचगानको आयोजना गर्थे। हरिसिद्धि, भैरव, महाकाली, अष्टमातृका आदिमा धार्मिक नृतहरू मल्लकालमा बढी जनप्रिय भए। मनोरञ्जन आयोजनका लागि टोल-टोलमा डबलीहरू थिए। मल्ल राजाहरू स्वयं पनि नाटकको रचना गर्थे र अभिनय गर्थे। शासकवर्गमा सतरञ्ज, पासा आदि खेलहरू प्रचलित थिए।

धार्मिक जीवन : शैव, शाक्त, वैष्णव, बौद्ध धर्मका अनेक शाखा-प्रशाखा भऱ्याङिए। नाथ सम्प्रदाय, सप्तमातृका, अष्टमातृका, नवदुर्गा, दश महाविधाको पूजा गर्ने सम्प्रदाय सक्रिय थिए। जीवित कुमारीलाई हिन्दू र बौद्ध दुवैले उपत्यकामा पूजा गर्थे। पश्चिम नेपालमा खसहरू मष्टपूजक थिए। जोस्मनी धर्म पनि जनतामा सम्मनित थियो। तलेजु भवानी स्थापित भइन्। बोद्धधर्मका हीनयान, बज्रयानका अतिरिक्त तन्त्रयान, कालचक्रयान, लामा आदि शाखा पनि विकसित भए। ईसाई र इस्लामले पनि प्रवेश पाए। तर प्रचार प्रसारलाई छुट दिइएन।

आर्थिक जीवन : कृषि, पशुपालन, उद्योग, व्यपार अघिदेखि नै चलेको थियो। उपत्यकाको अधिक व्यापार तिब्बतसँग चल्दथ्यो। नेपाली मुद्रा तिब्बतमा पनि चल्ने बन्दोबस्त मिलाइएको थियो। बाहिरबाट चाँदी ल्याई उपत्यकामा मुद्रा बनाइन्थ्यो र तिब्बतका लागि पठाइन्थ्यो। मकवानपुर, पाल्पा, विजयपुर, मोरङ, चौदण्डी आदिको धेरै जस्तो व्यापार भारतसँग हुने गर्दथ्यो। बाईसे र चौबीसे राज्यको व्यापार दुवै देशसँग हुन्थ्यो। गोरखाका राजा रामशाहले व्यपारिक उन्नतिका लागि नापतौलको उचित व्यवस्था मिलाएका थिए। धातु, काठ र प्रस्तरका मूर्तिहरू र थाङ्काचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाएर तिब्बत तथा भारतमा बेच्ने चलन थियो ।

सामाजिक जन–जीवन :– मध्यकालीन नेपाली समाज वर्णाश्रम व्यवस्थामा अडेसिएको थियो । त्यसैले यस कालमा धर्मप्रति एउटा कट्टरता पाइन्छ । मुगल शासकहरूको अत्याचार र आतंकबाट भय–त्रस्त भएर असंख्य भारतीहरूले नेपाल पसे । यिनको मनमा मुसलमानहरूप्रति तीव्र आक्रोश र घृणाको भावना थियो र प्रतिक्रिया स्वरूप आफ्नो धर्म र संस्कृतिप्रति अगाध मोह–सक्ति । नेपालका धेरै क्षेत्रमा यिनले सत्ता हत्याए । फलस्वरूप यिनका संस्कार र जीवन–शैलीको प्रभाव नेपाली जनतामा पऱ्यो । उपत्यकामा स्थिति मल्ल, महेन्द्र मल्ल र गोरखामा रामशाहले हिन्दू जीवन पद्धतिलाई संरक्षण र प्रोतसाहन दिए ।

जाति – एउटै जात पनि अनेक घरमा विभाजित भएको हामी यस कालमा पाउँछौं । पेशा र पदहरू थरमा बदलिए । उदहारण्मा लागि स्थिति मल्लको राज्यमा प्रधानमन्त्रीलाई "महथ" र मन्त्रीलाई "मुल्मी" भारदारलाई "श्रेष्ठ" र बाडा हाकिमलाई "परमान" भनिन्थ्यो । पछि सबै घरमा बदलिए । यसै गरी व्यञ्जनकार, चित्रकार, ताम्रकार, ज्योतिष, बैद्य, लेखक पनि घरकै रूपमा प्रचलित भए । मध्यकालको अन्त्यमा उपत्यकाभित्र मुसलमानहरूको प्रवेश भयो । अठारौं शताब्दीमा इसाईहरूले उपत्यकामा प्रवेश गरे ।

भाषा – संस्कृत भाषालाई गौरवपूर्ण स्थान प्राप्त थियो, तर बोलचालमा अन्य भाषा प्रचलित थिए । मैथिली र साहित्यको अभूतपूर्व विकास यस कालमा भयो । मैथिली भाषा र साहित्यको इतिहासमा मल्लकाललाई "स्वर्णयुग" भनिन्छ । स्थिति भल्देखि नेवारी भाषाको लिखित रूप पाइन्छ । मुसलमानहरूको प्रवेश तथा छिमेकी मुलुक भारतका मुगल शासकहरूको प्रभावले नेपालभित्र उर्दू–फारसी भाषाको पनि प्रवेश भयो । प्रताप मल्लले लेख्न लगाएका हनुमान ढोकाको बहुभाषिक लेखोटले भाषिक विविधताको सङ्केत गर्दछ ।

धर्म – सनातन धर्म, बुद्ध धर्म, शाक्त, शैव र वैष्णव धर्म सबैको समन्वित रूप पाइन्छ । हिन्दू धर्म राजधर्म, थियो । तर धार्मिक असहिष्णुता कतै थिएन । "सौर सम्प्रदाय" भन्ने एउटा नयाँ सम्प्रदायको उदय पन यस कालमा पाइन्छ । वि. सं. १४०८ (सन् १३५०) मा सुल्तान समसुद्दीनले स्वयम्भू तथा पशुपतिमा तोडफोड गर्ने कुत्सित कार्य गरेका थिए । बाराहमूर्ति (सुंगुरको आकृति भएको र मुसलमानहरूले सुंगुरलाई घृण गर्ने गरेकाले) मात्र सुरक्षित रहन सक्यो ।

पेशा – कृषि नै मुख्य पेशा रहे पनि घरेलु उद्ययोग र व्यपारको उन्नति भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो। वर्णाश्राम-व्यवस्था अनुरूप आ-आफ्ना जातले पाएका व्यवसायमा सबै संलग्न थिए। कुटीर र उद्योगद्वारा उत्पादित वस्तुको निकासी विदेशमा हुन्थ्यो।

रहन सहन – सामान्यतः मध्यकालीन नेपालमा आजकै रीतिथिति थियो, तर केही तत्कालीन रीति-तिथि, आज हराएर गएका छन्। शैव, वैष्णव, शाक्त, स्मार्त सबैका आ-आफ्ना धर्म र कुल परम्परा अनुसारका भिन्दाभिन्दै रीति-थिति थिए। ब्रतबन्ध, विवाह, न्वारन, पास्नी, आशौचको चलनसँगै महिलाहरूमा बेल-विवाह (ईहो) गर्ने र गुफा राख्ने पनि चलन थियो। बाल-विवाह, विधवा-विवाह, बहु-विवाह, पारपाँचुकेका चलन थिए। उपत्यका र कर्णाली क्षेत्रका अभिजात वर्गमा "डोलाजी" प्रथा थियो। चेली-बेटीलाई बिहा गरी लोग्नेको घरमा पठाउने गाह्रो लाग्दा दुलहा खोजी ल्याइन्थ्यो र त्यसको गोत्र-थर दुलहापट्टिको गोत्र-थर अनुसार बदलिई छोरीलाई बाबुकै घरमा राख्ने चलनलाई "डोलाजी" पथा भनिन्छ।

लवाइ-खवाइ – भात मुख्य भोजन थियो। उपत्यकामा रांगाको मासु खाने चलन थियो। घ्यूभन्दा तेलको खर्च बढी थियो। सामान्य र अभिजात वर्गको लवाइ तथा सामान्य जनताको लवाइमा फरक थियो। अभिजात, सामन्त र शासक वर्गको लवाइमा मुगल शासकहरूको लवाइको प्रभाव थियो भन्ने कुरा तत्कालीन सालिकहरू देखेर प्रष्ट हुन्छ। अंगरखा, जामा, वन्तुलाल जुत्ता र मोती मालाको प्रचलन तथा दाह्री-जुंगा पाल्ने फैसन मुगल प्रभावले आएको थियो। स्वास्नीमानिसहरू चोलो, फरिया, पटुका,पछ्यौरा, खास्टो र गहनाहरू लगाउँथे।

चाड-पर्व – तत्कालीन समाजमा सिँढी, गोठ मङ्गल, गाईजात्र, इन्द्रजात्रा, दशैं, तिहार आदि चाड-बाड मनाउने चलन थियो। अमरमल्लको पालादेखि नेवारहरूले "पाहाचह्रे" पर्व मनाउन थाले। सूर्य मल्ल, जगज्योतिर्मल्ल जस्ता राजाहरूले पनि जात्राहरू चलाए। बौद्ध धर्मावलम्बीहरूले "सम्यक् पूजा" बडो धूम-धामसित मनाउने गर्दथे। कृषि प्रधान समाज भएकाले रोपाइँ र बाली काट्ने याममा तथा खेतीबाट फुर्सद पाएर मनोरञ्जन गर्ने समयमा नाच गरिन्थ्यो।

ललित कला : मध्यकालीन नेपाल कलात्मक सौन्दर्यले चिरिच्याँट्ट परेको देखिन्छ। बौद्ध कलामा नेत्र, स्तूप, कमाल र बोधिवृक्ष प्रतीकात्मक रूपमा अवस्थित छन् भने हिन्दू कलामा गरुड, मकर, सिंह, अप्सरा, यक्ष आदिका मोह, चित्रहरू पाइन्छन्। मध्यकालीन नेपालका बहाल र विहारहरूमा मात्र होइन, प्रायः प्रत्येक घरको झ्याल-ढोकामा दर्शन, धर्म, संस्कृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र परम्पराले रंजित कलाहरू देखिन्छन्। हाम्रो धरतीमा जन्मिने प्रत्येक डकर्मी, सिकर्मी, चित्रकार, रंजितकार, लौहकार, बज्रकर्मी सुनकर्मीहरू महान् कलाकार थिए।

मूर्तिकला : गुणकामदेवको कला-प्रेम अविस्मरणीय छ। यिनको पालामा सं. १०४३ मा पाटन कुम्भेश्वरमा शिव-परिवारको सुन्दर मूर्तिको स्थापना भयो। प्रद्युम्न कामदेवो पालामा स्थापित सं. ११२२ को पाटन थापाहिटीको सूर्यमूर्ति सं. १२२२ को भक्तपुरमा स्थित आनन्ददेव कालको प्रस्तर मूर्ति,सं. १२६३ मा देव पाटनमा स्थापित गौरीको मंजुल मूर्ति, स्वयम्भूस्थित ज्योतिर्मल्ल कालको चिन्तामणि लोकेश्वर मूर्ति नेपाली कलाको उत्कृष्ट उदाहरण हुन।

अभय मल्लपछि नेपाल उपत्यका तीन टुक्रामा विभाजित भएपछि पारस्परिक प्रतिस्पर्धाले नेपाली कला अझ विकसित भयो। पाटनको सं. १६५७ मा बनेको महाबौद्ध मन्दिर, सं. १६९३ को कृष्ण मन्दिर, सुन्दरी चोकभित्र धारा वरिपरिका अनेकौं मूर्तिहरूलाई नेपाली मूर्तिकलाको नमूनाकोरूपमा प्रस्तुत गर्न सकिन्छ। यसै गरी यसैगरी काठमाडौंमा महीन्द्र मल्लले सम्वत् १६२० मा स्थापना गरेको तलेजु मन्दिर, प्रताप मल्लको रानी पोखरीस्थित हात्तीमा चढेको मूर्ति पनि उल्लेखनीय छ। भक्तपुरमा जगज्योति मल्लको पालामा निर्मित महाकालको मूर्ति नरेश मल्लको पालामा बनाइएको राधाकृष्ण तथा सरस्वती आदिका मूर्ति, जगत् प्रताप मल्लले स्थापना गरेको भवानी शङ्करको मूर्ति र अन्य मल्ल राजाहरूद्वारा स्थापित मूर्तिहरूमा कला-सौन्दर्य प्रशंसनीय छ। तत्कालीन मूर्तिहरूमा पाषण, धातु, काष्ठ, वस्त्र, कागज आदि विविध सामग्रीहरूको प्रयोग गरिएको छ। कला-कृतिहरू धर्म वा दर्शनद्वारा प्रेरित छन्। प्रतीकात्मकता वा सांकेतिकता मध्यकालीन मूर्तिको वैशिष्ट्य हो। सुन्दर गहना र पोशाकद्वारा यी मूर्तिहरू सजिएका छन्। अधिकांश मूर्तिहरूका आकृति चन्द्रमाझैं बाटुला छन्। तांत्रिकताको प्रभाव मूर्ति-निमार्ण शिल्पमा सूक्ष्मता र जटिलता छ। यसरी मध्यकालीन मूर्तिका ४ प्रमुख विशेषता छन्।

(१) कला कृतिहरू धार्मिक, आध्यात्मिक भावनाले प्रेरित छन्।

(२) तांत्रिक प्रभावले गर्द धैरै हात र शिर भएका देवीहरूको मूर्तिको बाहुल्य छ।

(३) लुगा र गहनाको विशेष प्रयोग छ।

(४) ढुङ्गा, काठ, माटो आदि विविध माध्यमहरूको प्रयोगले मूर्तिमा जटिलता आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तुकला : हाम्रा देवल स्तुप, चैत्य, विहार आदिमध्ये अधिकांश मध्यकालकै हुन् । भक्तपुरको पैगोडा शैलीको न्यात पोल , पाटनको कृष्ण मन्दिर, काठमाण्डूको हनुमान ढोका र काष्ठमण्डप वास्तुकलाका अद्वितीय उदाहरण हुन् । मध्यकालीन वास्तुकृतिहरू उपत्यका बाहिर जस्तै कर्णाली प्रदेश, नुवाकोट, गोरखा आदि स्थानहरूमा पाइन्छन् । मल्लकालीन राजा सबैजसो वास्तुकलाका पारखी थिए । बौद्धको चैत्यद्वारा सम्राट अशोकले सबभन्दा पहिले बौद्धधर्मको वास्तुकलालाई नेपालभित्र प्रचारित गरे । पाटनको महाबौद्ध र कृष्ण मन्दिर भारतीय आर्यशैलीमा निर्मित छन् । इँटा, ढुँगा, काठ, र माटोको प्रयोग गरिएका घरहरू, दरबारहरू, मन्दिरहरूमा एक वा अनेक छानाहरू छन् । दूई छाने चांगु, पशुपति, तीन छाने भीमसेन स्थानको दत्तात्रेयचार छाने बाघभैरव, पाँच छाने न्यातपोल र कुम्भेश्वरमा पैगोडा शैलीको नमूना हर्न सकिनछ । तलेजु भवानीद्वारा, भक्तपुरको पचपन्न झ्याले दरबार, नरदेवीको "देशमरुझ्या" मा नेपाली वास्तुकला पूर्ण सौन्दर्यले मुस्कुराउँदछ ।

मध्यकालीन वास्तुकलामा सात प्रमुख शैलीहरू देखिन्छन् । (१) तलेजु शैली, (२) कृष्ण मन्दिर शैली, (३) महाबौद्ध शैली, (४) चैत्य शैली, (५) झ्याल शैली, (६) विहार शैली, (७) विश्वरूप मन्दिर शैली । मन्दिरहरूमा एक वा बढी सिंढी राख्ने चलन देखिन्छ । झ्याल र ढोका कलापूर्ण थिए । मन्दिरहरू तोरनले सजाइएको हुन्थ्यो । प्रवेशद्वारमा मंगलिक चिन्हहरू र कतै-कतै मन्दिरमा द्वारपाल समेत सजाइएको हुन्थ्यो । सिढींको दायाँ-बायाँ हात्ती, सिंह आदिका मूर्तिहरू राखिन्थे, कलश, छेपारो, कमल, अष्टमङ्गल आदि पनि अंकित गरिन्थे । यसरी (१) प्यागोडा शैली (२) मन्दिरको टुप्पामा गजुर (३) मन्दिरहरूमा एक वा एकभन्दा बढीं सिंढी (४) तोरणहरूको प्रयोग (५) झ्याल, ढोका खम्बा कलापूर्ण (६) कलश, हात्ती, कमल आदि मांगलिक चिन्हहरूको प्रतीकात्मक प्रयोग - यी मध्यकालीन वास्तुकलाका प्रमुख ६ विशेषताहरू हुन् ।

चित्रकला - मध्यकालीन चित्रकलालाई भित्ति चित्र, ग्रन्थ चित्र, र पौभा चित्र गरी तीन भागमा विभाजित गर्न सकिन्छ ।

(१) भित्ति चित्र - गोबर, माटो, भूसा आदि मिसाइ भित्तामा पोतेर त्यसमाथि पातलो सेतो रंग हालेर कोरिएको चित्रलाई भित्ति चित्र भन्ने चलन छ । मध्यकालमा दरबारका बैठकहरूमा कोरिएको चित्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमारी घरको भित्तामा केरिएको राजा जयप्रकाश मल्लको पूर्ण कदको सुन र रत्न प्रयोग गरिएको भक्तपुरको पचपन्न झ्याले दरबार भूपतीन्द्र मल्लका भित्ते चित्रहरू कीर्तिपुरको बाघ भैरवमा रहेका भित्ते चित्रहरू यस्तै चित्रहरू छन् ।

(२) ग्रन्थ चित्र –मध्यकालका ग्रन्थहरूमा भोजपत्र, ताडपत्र, काठको फल्याक, कागज आदिमा पाइन्छ । यी ग्रन्थ चित्रलाई दूई भागमा विभाजित गर्न सकिन्छ :

(क) गाता चित्र : यसको नमूना दशौं शताब्दीमा लेखिएको "प्राज्ञा परामिता" मा भएका काठका गाताहरूमा अंकित १८ देव–देवीका विविध रंगी चित्रहरू छन् ।

(ख) पत्र चित्र – कितबका पानामा भएका चित्रहरूलाई पत्र चित्र भनिन्छ , यसको नमूना मनि "प्रज्ञ परमिता" ग्रन्थमा र सन् १२४७ मा लिखित "पञ्च रक्षा" ग्रन्थमा पाइन्छ ।

(३) पौभा चित्र – स्यानी कपडा वा कागजको क्यानभासमा बनइएका चित्रहरूलाई पौभा चित्र भनिन्छ । यस्ता चित्रहरू पनि दुई किसिमका छन् ।

(क) मण्डल चित्र – ज्यामितिय संतुलनको आधारमा बनाइएका चित्रहरूलाई मण्डल चित्र भनिन्छ । यस्ता चित्रमा मुख्य देवतालाई बीचमा राखेर चार–पाँचवटा गोलले घेरेका हुन्छन् तथा अन्य देवताहरू वरिपरि हुन्छन् । मध्यकालीन अनेक मण्डल चित्रहरू पाइएका छने ।

(ख) पट चित्र – कपडामा कोरिएका देवी–देवताका चित्रहरू वा अन्य किसिमका सौन्दर्यात्मक चित्रहरू पट–चित्रभित्र पर्दछन् ।

मध्यकालीन चित्रकला, ग्रन्थ, ताडपत्र, कपडा, जन्म पत्रिका, काठ आदि वस्तुहरूमा अङ्कित पाउन सकिन्छ । यी चित्रहरूका पृष्ठभूमिमा धार्मिक भावनाको प्रेरणा छ । रंगहरूमा विभिन्न मनस्थिति र भावनाका द्योतक छन् । यथा–रातो त्रोधको, पहँलो विस्मयको, नीलो विनाशको, कालो अज्ञात भयको, सेतो शान्तिको आदि । देवी–देवताको चित्रमा अलौकिकताको रंग छ भने पशु पंक्षीका यथार्थवादी चित्रहरू पनि छन् । मध्यकालमा द्विआयामी यथा, चित्रहरू पाइन्छन् । मध्यकालमा जंकोमा बुढाबुढीको चित्र लेख्ने, व्रत–होम आदिमा मङ्गल–सूचक वस्तुहरू–गणेश, कलश आदिको चित्र लेख्ने, नागपञ्चमीमा नाग लेखेर टाँस्ने आदि चलन पनि थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक काल

सामाजिक जीवन

पृथ्वीनारायण शाहबाट वर्तमान नेपाललाई एकीकृत स्वरूप प्रदान गर्ने कार्यको थालनी भएपछि यस अन्तगर्त विभिन्न जाति, भाषा, धर्म, पेशा, रहन-सहन, चाडपर्व, आदिलाई आ-अफ्नै ढङ्गले सङ्गालेका मानिसहरूको समाज निमार्ण हुन गयो। "चार वर्ण छत्तीस जातको फूलवारी" भन्ने विशेषणयुक्त आधुनिक नेपाल यथार्थता विविधतापूर्ण समाजको द्योतक हो। अनेकताबीच एकता पाइने यहाँको सामाजिक जीवनबारे विविध विषयमा बुझिराख्नु आवश्यक हुन्छ।

(१) जाति :- नेपाल बहुलजातीय मुलुक हो र यहाँ आर्य, आग्नेय, दैविड र मंगोल जातिका मानिसहरू बस्दछन्। प्राचीन नेपालको जाति व्यवस्थालाई मूख्यतः तागाधारी, मतवाली, पानि चल्ने, नचल्ने भनी विभाजित गरिएको थियो। प्रचीन वर्णाश्रम व्यवस्था अनुसार ब्राह्मण, क्षेत्री, शूद्र र वैश्य अन्तर्गत यी जातिहर पनि पर्दथे तथा एउटै जाति अन्तरर्गत पनि अनेक थर थिए। मल्लकालमा जयस्थिति मल्लद्वारा यसलाई व्यवस्थित पार्ने प्रयास भएको थियो। नेपालको हिमाली भेगमा मुख्यतः मंगोल जातिका शेर्पा, थकाली, ल्होमी, लेप्चा आदि जन-जातिहरू, पहाडी भेगमा आर्य जातिका ब्राह्मण, क्षेत्री, मंगोल जातिका राई, लिम्बू, तामाङ, मगर, गुरुङ, तथा दुवै जातिको समिश्रण चेपाङ, कुसुन्डा, आदि बस्दछन्। उपत्यकामा आग्नेय जातिक नेवार जन जाति र तराई क्षेत्रमा खासगरी आर्य जातिका मैथिल, ब्राह्मण, कर्णकायस्थ, राजपूत, यादव, ततमा, खतवे, मुसहर, धानुक कुर्मी, थारु, मुसलमान आदि बसोबास गर्दछन्। जीविकाको खोजी, सरकारी काम-काजका सन्दर्भमा हुने सरूवा तथा बसाइँ-सराइँको निरन्तरताले गर्दा बढदो आपसी सम्पर्कका कारण सांस्कृतिक समन्वको प्रकृयामा तिब्रता आएको पाइन्छ। आधुनिक शिक्षा-दीक्षा, अन्तर्राष्ट्रिय भाइचाराको भावना, मुलुकी ऐन जस्ता ऐन कानूनको व्यवस्था आदिको प्रभावबाट यहाँका समाजमा पनि जातिबाद र छुवाछुतको भावना कम हुँदै गैरहेको छ र मानवतावादी एवं राष्ट्रिय भावनाको विस्तार हुँदैछ। यसले नेपालको राष्ट्रिय अखण्डतालाई एबताबद्ध र मजबूत तुल्यउनमा सघाउ पुगेको देखिन्छ।

(२) भाषा :- नेपाल बहुलभाषिक मुलुक हो। यहाँ बोलिने भाषाहरू मुख्यतः भारोपेली, भोट-बर्मेली, आग्नेली र द्रविड गरी जम्मा चार भाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवार अन्तरर्गत पर्दछन् । यस बाहेकका अन्य भाषाहरू पनि यहाँ रहेका छन्। साहित्यिक भाषको रूपमा संस्कृत, नेपाली, मैथिली, भोजपुरी, नेवारी, अवधी आदि रहेका छन्। आधुनिक नेपालको निमार्ण हुनु अघिसम्म अधिकांश भाषाहरूको आफ्नै लिपि रहेता पनि हाल सबैमा देवनागरी लिपिकै प्रचलन भएको पाइन्छ। नेपालमा अन्तर्राष्ट्रिय भाषाको रूपमा अंग्रेजी भाषा उच्च शिक्षासम्म प्रचलित छ। तराई क्षेत्रमा हिन्दी भाषा सम्पर्क भाषाको रूपमा रहेता पनि नेपालीले सम्पूर्ण जनजाति बीच सम्पर्क भाषाको स्थान ओगटिरहेको देखिन्छ।

(३) धर्म :- नेपाल बहुधार्मिक मुलुक हो र यहाँ विभिनन धर्महरू प्रचलित छन्। विश्वका प्रचीनतम धर्म मध्ये हिन्दू धर्म एक भएको हुनाले यस भित्रपनि कालक्रममा अनेक सम्प्रदाय र शाखाहरू विकसित भएको पाइन्छ। वैष्णव, शैव, शाक्त, स्मार्त समप्रदायका हिन्दू धर्मावलम्बीहरू र हिनयान, महायान समप्रदायका बौद्ध धर्मावलम्बीहरू यहाँ प्रमुख रूपमा निवास गर्दछन्। यसबाहेक यहाँ इस्लाम, इसाइँ, जैन, सिख, बोन, धर्मावलम्बीहरू पनि विद्यमान छन्। भिन्दा भिन्दै धर्मावलम्बीहरूको बसोबास भएता पनि यहाँ धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ। एक अर्काको धर्मप्रति हस्ताक्षेप भेदभाव वा धार्मिक विवाद चर्काउन जस्ता कार्य आजसम्म भएको छैनन्। हिन्दू राष्ट्र भएर पनि एक अर्का धर्मप्ति सम्मान गर्ने, एक अर्काको धर्मस्थलप्रति आदर गर्ने उदर भावनाले गर्दा सबैले आ-आफ्नो धार्मिक भावनालाई जीवित राखने अवसर पाएका छन्। हिन्दू र बौद्ध धर्मका बहुल भएर पनि आपसी सम्बन्ध झन दरिलो हुँदै जानु यहाँका महत्त्वपूर्ण विशेषताहरूमध्ये एक हो

(४) रहन-सहन :- नेपाल भौगोलिक, सामाजिक, आर्थिक उवं सांस्कृतिक विविधताले भरिएको मुलुक हो। यसै विविधताले गर्दा नेपालीहरूको रहन-सहनमा पनि भिन्नता रहेको पाइन्छ। संस्कार, पारिवारिक ढाँचा र लवाई-खवाईलाई मौलिक परम्परा, भौगोलिक वातावरण आर्थिक अवस्थाका अतिरिक्त युगीन मान्यता, दृष्टिकोण र फैशनले पनि प्रभावित गरेको हुन्छ। यसै अनुरूप नेपालीहरूको रहन-सहनमा पनि दिनानुदिन परिवर्तन भैरहेको देखिन्छ। यो परिवर्तन खासगरी शहरी क्षेत्रमा बढी ग्रामीण क्षेत्रमा कम पाइन्छ।

(क) संस्कार - नेपाली समाजमा जन्म, विवाह, मृत्यु, अदि संस्कारमा परम्परागत रूपमा जातिगत भिन्नता रहेको पाइन्छ। प्रेम विवाह र अन्तर्जातीय विवाहले जातिगत विवाह संस्कारको भिन्नतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकरूपता ल्याउँदैछ। त्यस्तै यूरोपेली प्रभावले गर्दा विवाह मात्र होइन, वर्थ-डे पार्टीसमेत दिन थालिएका बेला जन्मगत र विद्युत शव-दाह गर्ने युगको थालनीले मृत्युगत संस्कारहरूमा पनि एकरूपता आउने सम्भावना बढदो छ।

हिन्दूहरूमा लास जलाउने अनिवार्य परम्परा छ भने केही अन्य सम्प्रदायहरूमा लास गाड्ने चलन छ। बोन धर्मावलम्बीहरू लासलाई टुक्रा-टुक्रा पारी चरालाई खुवाउने गर्दछन्। मृत्यु संस्कार अन्तर्गत शुद्ध गर्ने, बरखी बार्ने, चोख्याउने, नामाकरण गर्ने आ-आफ्नै चलन छन्। व्यासीहरू बच्चा जन्मनासाथ नाउँ राख्छन् भने लेप्चाहरूले तीन दिनमा नाउँ राख्तछन्। धीमालहरूमा नाइटो झरेपछि र तराईमा छैटो (जन्मेको छैटौं दिनमा) नाउँ राख्ने गरिन्छ।

विवाह संस्कारमा घरका जेठापाकाको मध्यस्थता र निर्णयबाट परम्परागत विवाह जर्ने प्रचलन एक गरिमा छ भने अर्का जातिहरूमा चोरी विवाह, जुवारी विवाह, जारी विवाह, करकाप विवाह गर्ने चलन छ। राजवंशीहरूमा बिक्रि विवाह (चमुना प्रथा) को पनि चलन छ। हिमाली भेगमा "बहुपति प्रथा" (एउटैकेटी सित दुई-तीन जना दाजु भाई मिली विवाह गर्ने) चलन छ। प्रेम विवाहको आधुनिक चलनसँगै दर्ता विवाह गर्ने चलन पनि देखिएको छ।

(ख) पारिवारिक ढाँचा :- नेपालमा प्राचीन कालदेखि नै संयुक्त परिवारको परिपाटी रहिआएको छ। आपसी सहयोग र एकताको भावनाले यस परिवार व्यवस्थालई राम्रो मानिए तापनि आजको आधुनिक समाजमा ब्राह्म प्रभाव, आर्थिक प्रणाली र सांस्कृतिक वातावरणको परिवर्तनले गर्दा यो व्यवस्था टुट्दै गएको पाइन्छ। तर हिमाली भेगमा बहुपति र पहाडी भेगमा बहुपत्नि प्रथा प्रायः समाप्त भएको छैन्। शिक्षित र रोजगार दाम्पतिहरू प्रायःसंयुक्त परिवारको समर्थनमा रहेको पाईदैनन्।

(ग) लवाई-खवाई :- भौगोलिक, आर्थिक र सामाजिक भिन्नताको प्रभावले नेपालको जनजीवनको लवाई-खवाई पनि विविधता ल्याएको देखिन्छ। हिमाल, पहाड, तराई र उपत्यकाका जनताको वस्त्राभूषण र भोजनमा पर्याप्त भिन्नता पाइन्छ। हिमाली भेगका मान्छे बाबु, माटो, बाक्लो र लामो ऊनी लुगा लगाउँछन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घुँडासम्मको कपडाको जुता तथा काने टोपी भिर्दछन् भने खानामा मम, मासु, छयाङ, छुर्पी र घ्यू हालेको चिया खाने गर्दछन्। पहाडी प्रदेशमा लोग्नेमान्छेले दौरा-सुरूवाल, भोटो, कछाड, वेस्टाकोट, टोपी र जुता लगाउने गर्दछने भने आइमाईहरू फरिया, चोलो,घल्याक आदि लथाउँछन्। भेजनमा ढिडो, गुन्द्रुक, मकैको च्यखला, दल-भात, कोदोको रोटी, दूध-दही खाने गर्दछने। तराईका स्वास्नीमान्छेहरू ककोडिया, कटबी, बाँक, विंजोठ, जोशन, अनन्त, बरहरी, खसिया, मटरदाना, महुँची, कपालमा मनरीक्का, कानमा माथिल्लो खुटढी झिमझिम, तल्लो लोतिमा तर्की, तर्कीमा झुण्डीएको झुम्मक, झुमकमा झुण्डिएको टुम्मक, घाँटीमा सुइत, दीप, माला, सिकरी, हैकल, कम्मर डरकस गोडामा काँडा, छारा र नेउर पैटी , गोड़ा औलाहरूमा औंडाठेला, हातका औंलाहरूमा लागेका माछा बर्रे आरसि रूपिया, गाडन, फरिया, लगाइएको कोचबन, फरियाको छेउमा लागेको भनोटी, कटोरी, अचरदानी, र सात किसिमका बरहरू। पान, मखान, माछा र दही बाहेक तिलकोटको तरूवा, कढी, बढी, सकरौरी आदि मिठो परिकारका रूपमा खाने गर्दछन्। शहरी क्षेत्रमा बाह्म फैशनमा चलेका लुगा-फाटा तथा खान-पिन पनि खाने लगाउने गर्दछन्।

आधुनिक कालमा ललितकलाको विकास

वि. सं. १८२५ मा नेपाल उपत्यकाको विजयपछि पृथ्वीनारायण शहबाट नेपालको सर्वाङ्गीण विकास गर्ने क्रममा ललितकलको विकासमा पनि ध्यान दिइयो। नुवाकोटको साततले र वसन्तपुरको नैतले दरबार बने। युगानुरूप ललित कलामा आएका नवीन शिल्पहरूको प्रयोग उत्तरोत्तर बढ्दै गएको देखिन्छ। त्यसैले तत्कालीन मूर्तिहरू खास गरी ढलोटमा बनेका देखिनछन्। श्री ५ सुरेन्द्र वीर विक्रम शाहदेवको पालामा जङ्गबहादुर बेलायत गएर फर्किएपछि नेपाली कलामा यूरेपेली प्रभावको झलक देखिन थालियो। नेपाली ललितकलाको विकासका लागि प्रधानमन्त्री चन्द्र शम्सेरले नेपाली कलाको प्रदर्शन गराएका थिए। जुद्ध शमसेरले वि. सं. १९९१ मा नेपाल कला पाठशालाको स्थापना गरे, जसको विकास पछि २०३० सालमा ललितकला क्याम्पसको रूपमा भयो। अहिले उक्त क्याम्समा स्नातक स्तरसम्मको अध्यापन हुँदैछ। नेपालमा ललितकलाको विकासको दिशामा स्व. ५ महेन्द्र र वीरेन्द्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगदान पनि महत्त्वपूर्ण रहेका छन् । यसलाई समृद्ध तुल्याउन २०१३ सालमा पुरातत्त्व-कला संरक्षण ऐन बन्यो । वि. सं. २०१६ मा अधिराज्यभर मठ-मन्दिरहरूको जीर्णोद्धार गराइयो । वि.सं. २०२२ सालमा बढी भन्दा बढी नेपाली कलाकारहरूलाई समाविष्ट गरी नेपाली ललितकला संस्थानको स्थापना भयो र २०३४ सालमा यसलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अन्तर्गत गाभियो । अहिले नेपाल राजकीय प्रतिष्ठानले उत्कृष्ट कलाकारलाई श्री ५ इन्द्र राज्य लक्ष्मी पुरस्कार प्रदान गर्ने व्यवस्था गरिएको थियो । यसै गरी नेपाली ललितकालाका विभिन्न फाँटको विकास गर्ने उद्देश्यले वीरेन्द्र आर्ट ग्यालरी, पार्क ग्यालरी, पल्पसा आर्ट ग्यालरी आदिको स्थापना गरिएको छ । नेपाली ललितकलाको क्षेत्रमा नित-नवीन शिल्पको प्रवेशले कला जगत् निकै समृद्ध र सम्बर्द्धित हुँदै छ ।

१. मूर्तिकला : नेपालमा मूर्तिकलाको निकै सुदीघं र समृद्ध परम्परा छ । एकीकरणपछि शाहकालमा निर्मित मूर्तिहरूमा राष्ट्रिय सङ्ग्रहालयमा सङ्ग्रहित पृथ्वी नारायण शाह तथा उनका दुई रानीका ढलौटे मूर्तिहरू, वसन्तपुर दरबारका भगवती मूर्तिहरू, मूर्तिकलाका उत्कृष्ट नमूनाहरू हुन् । राणकालीन मूर्तिहरू श्रृगारिक भावनाले परिपूर्ण छन् र यीनमा पाश्चात्य प्रभाव छ । हनुमान ढोकाको श्वेत भैरव मूर्ति (सं. १८५८) टुँडिखेल रदर जेल अगाडिको जगन्नाथ मन्दिरका देवमूर्तिहरू (सं. १८५३), पाल्पा तानसेनको सङ्कटमूर्ति (सं. १८६५), कालमोचन त्रिपुरेश्वरको सत्यनारायण मन्दिर र यसको चारै कोणका पखेट भएका सिंहमूर्तिहरू, गोकर्णेश्वर मन्दिरको वरिपरि वलभंजन पाण्डेद्वारा स्थापित मूर्तिहरू (सं.१९१२), स्वयम्भूको पूर्वी सिढीको ठूलो बुद्ध मूर्ति (सं.१९५१) जस्ता मूर्तिहरूमा धार्मिकता तथा अध्यात्मिकाताको पैगाढ छ । पशुपति मृगस्थलीमा स्थापित विश्वरूपको धातु मूर्तिमा तान्त्रिकताको प्रभाव बढी छ ।

बालकृष्ण सम, अमर चित्रकार, बाबुकाजी, पञ्च राजवेरवाज्योति, जुजुतलाधर तथा बुद्धरत्न शाक्यलाई पारम्परिक शैलीका मूर्तिकार भन्न सकिन्छ भने ठाकुर प्रशाद मैनाली, प्रमीला गिरि, गोविन्द नारायण आदिलाई आधुनिक शैलीका मूर्तिकार भन्नुपर्दछ । भक्तपुरमा माटोको मूर्ति निर्माण गर्न नेपाली कलाकारहरू संलग्न रहेकोबाट नेपाली मूर्तिकलाको वर्तमान र भविष्य उज्जवल देखिन्छ ।

२. वास्तुकला : एकिकरणपछि नेपालको वास्तुकलामा शिल्प र भावनात्मकताको दृष्टिले प्रयोग जन्य विविधता देखिन्छ । राजस्थानी शैली, मुगल शैली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र पश्चिमी शैली सँगै मौलीकताको सम्मिश्रणले वास्तुकलाको चूडान्त विकास भएको पाइन्छ। वसन्तपुरको नैतले दरबार, विलास मन्दिर, नुवाकोट तथा गेरखाको नौतले दरबार श्री ५ रणबहादुर शाहले बनाउन लगाएका जगन्नाथ र रणमुक्तेश्वर, भीमसेनको धरहरा, बहादुर शाहद्वारा निर्माण गराइएको वसन्तपुरको शिव-पार्वती मन्दिरआदि नेपाली वास्तु कलाको उत्कृष्ट उपलब्धि हुने।

जङ्गबहादुरको बेलायत यात्रापछि वास्तुकलामा आएको पाश्चात्य प्रभाव थपाथली दरबार, लालदरबार, शीतल निवास, वसन्तपुरको गद्दी बैठक, जाउलाखेल दरबार आदिमा स्पष्ट देखिन्छ। नारायण हिटीको नारायण मन्दिर र बुङ्मती कै मच्छिन्द्र मन्दिरमा गंध कूट शैलीको प्रयोग भएको छ।

वि.सं. १९९० सालको भूकम्पबाट विनष्ट प्राचीन तथा मध्यकालीन वास्तुकलाका नमूनाहरूलाई जीर्णोद्धार गर्ने क्रममा अनायास पाश्चात्य शैलीको अविर्भाव भयो। सं. २००७ सालपछि बनेका भवनहरूमा ढलान गरी घर बनाउने, माटोको सट्टा फलामे डन्डी र पाश्चात्य शैलीमा भवन बनाई माथि देवल जस्तो राख्ने, मयूर झ्याल राख्ने आदि चलनबाट नेपाली वास्तुकलाको क्षेत्रमा नित नवीन आयाम थपिँदै गएको अनुभव हुन्छ।

(३) चित्रकला : यद्यपि पृथ्वी नारायण शाहले नेपाली कलाको विकासका लागि पर्याप्त प्रोतसाहन दिएका थिए, तर यसको यथेष्ट विकास आकाशको फूल जस्तै रहन गयो। यसलाई संस्थागत रूपमा विकसित गर्ने उद्देश्यले जुद्ध शम्शेरले सं. १९९१ मा "नेपाल आर्ट स्कूल" को स्थापना गरे। वि.सं. २०२२ मा "नेपाल ललित कला संस्थान" को स्थापना भयो। चित्रकलाको विकास राण शासन कालमा प्रशस्त भयो। हनुमानढोका दरबारमा शेषशायी विष्णु, समुद्रमन्थन आदिका मोहक चित्रहरू सुरक्षित छन्। राष्ट्रिय सङ्ग्रहालय, भक्तपुरमा उन्नाईसौं शताब्दीका गाता चित्रहरू यथा, शेषशायी विष्णु, देवी, महाभारतका दृष्य, कुष्ण लीला, कार्तिकेय आदि राखिएका छन्। जङ्गबहादुर बेलायत यात्राबाट फर्किएपछि हनुमान ढोका बैठकमा श्री ५ पृथ्वी नारायण शाहका जीवालेख्य, मस्त तरुनीहरू, जङ्गबहादुरका सात भाइका चित्र आदि बनाउन लगाएका थिए। भजुमचा भन्ने चित्रकारले उन्नाइसौं शताब्दी मै अनेक चित्रहरू बनाएका थिए। स्वयम्भूस्थित शान्तिपुरमा हर्षमान चित्रकारहरूले भिते चित्रहरू कोरेका छन्। चतुरत्नउदास, आनन्दमुनि शाक्य, सिद्धिमुनि, तेज बहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि राणाकालका पुप्रसिद्ध चित्रकार हुन् ।

आधुनिक युगमा चित्रकलाको क्षेत्रमा अनेक शैली शिल्पको प्रयोग भएको पाइन्छ । उदाहरणका लागि, चंद्रमान सिंह मास्के, कालिदास श्रेष्ठ र वालकृष्ण समका चित्रमा यथार्थबादी संस्पर्श छ भने वाङदेलमा अमूर्त्तत्ता । माण्किमा, शशि विक्रम शाह, टेकवीर मुखिया, दुर्गा वराल, वतसगोपाल बैद्यका चित्रकलाहरूले यस क्षेत्रमा नयाँ क्षितिजहरूको उद्घाटन गरेका छन् । जनकपुर (मिथिला) लोक चित्रकलाले विश्वमा ख्याति प्राप्त गर्दैछ ।

पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाण्डौ उपत्याकामा विजय गरेको तिथिदेखि अहिलेसम्मको काललाई आधुनिक काल मानिन्छ । सं. १८२५ देखि १८७१ सम्म राज्यविस्तारको क्रम, वि.सं. १८७१को सुगौली सन्धि, शाहवंशीय राजाहरूले गरेका सुधारकार्यहरू, दौत्यसम्बन्धहरूको स्थापना, सं १९०३ देखि राणाकालको उदय, वि.सं. १९१० पौष सुरी ७ का दिन सुरेन्द्र विक्रम शाहको लाल मेहर लागेपछि जङ्गबहादुर द्वारा पहिलो मुलकी ऐनको घोषण, सं. १९१० को मुलकी ऐनले सती प्रथामा आंशिक रोक लगाए पनि पछि सन् १८८७ मा वीर शमसेरद्वारा सतीप्रथाको अन्त्य, दासप्रथाको अन्त्य, बालविवाह र अनमेल विवाहमा सुधार, सं. २००७ सालामा राणा शासनको अन्त्य सं. २०१५ को आमचुनाव २०१७ सालमा संसदको विघटन, २०३६ को आन्दोलनपछि पञ्चायती व्यवस्थामा आएको सुधार, २०४६ को आन्दोलन र प्रजातन्त्रको पुनर्स्थापना, दस वर्षे जनयुद्ध, राजदरबार हत्याकाण्ड, संविधान सभाको चुनाव आदि राजनैतिक जीवनलाई निकै प्रभावित गरेका छन् । शहरीकरणको प्रवृति, पर्यटन विकास, वैश्वीकरण, विश्वव्यापार, विस्तृत हुँदै गएको दौत्य सम्बन्ध, अन्तर्राष्ट्रिय सञ्चार प्रणालीसँगको सम्बद्धता (साइबर संस्कृति) विश्व-साहित्य र वाङ्मयसितको परिचिति, विज्ञान र तकनिकको क्षेत्रमा भएका क्रान्ति, विश्वमा हुने वैचारिक सांस्कृतिक तथा ज्ञान-विज्ञान सम्बन्धी क्रियाकलापमा नेपालको सहभागिता, धर्मनिरपेक्ष, संघीय गणतन्त्रात्मक लोकतान्त्रिक राष्ट्रको रूपमा नेपालको विकास आदिले गर्दा नेपाली संस्कृति नव-नव आयाम र रूपान्तरणलाई अंगाल्दै गएको सत्य टङ्कारो भएर आएको छ । आफ्नै परम्परा र धर्मअनुसार जात-जातिका रीतिथितिहरू चल्दै धर्म तथा संस्कृतिका मानिसहरूको सम्पर्कले गर्दा धर्मान्तरण र सांस्कृतिक रूपान्तरणको प्रक्रिया पनि तुलनात्मक रूपमा तीव्र भएको देखिन्छ । नेपालको अन्तरिम सम्बिधान यस दृष्टिले अति उदार छ ।

बुद्ध जयन्ती (वैशाख पूर्णिमा), नागपञ्चमी, रक्षाबन्धन (श्रावण पूर्णिमा), तीज (भाद्र तृतीया), कृष्णाष्टमी (भाद्र कृष्ण आमावस्या) गणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्दशी, दशैं (आश्विन), दीपावली, हरिबोधनी एकादशी, स्वस्थानी पूर्णिमा (माघ) वसन्त पञ्चमी, शिवरात्रि, होली, मातातीर्थ पूजा, मछेन्द्रनाथ यात्रा, सिठीनाख, घन्टाकर्ण (गठेमङ्गल) , गुनला, गाईजात्रा, गोकर्णऔंसी, इन्द्रजात्रा, सोह्श्राद्ध, पचली भैरव जात्रा, आकाश दीप, गुजेश्वरी जात्रा, इन्द्रियाणी पूजा, बालाचतुर्दशी, योमरीपुन्ही र धान्य पूर्णिमा, सेतो मछिन्द्रनाथ पूजा, भीमसेन पूजा, पिशाच चतुर्दशी र घोडा जात्रा, बालाजु जात्रा, लोसार, छठ आदि मनाउने परम्परा पुरानो हो र यिनमा धेरैलाई राष्ट्रिय पर्वको सम्मान प्राप्त रहेको छ। नेपालको वर्तमान अन्तरीम सम्बिधानले मुलुकलाई धर्मनिरपेक्ष राष्ट्रब घोषित गरेपछि क्रिसमस र इद उल-फित्रलाई समेत राष्ट्रिय पर्व घोषित गरिएको छ। धार्मिक र सांस्कृतिक पहिचानका लागि तीब्र हुँदै गएको प्रतिस्पर्द्धामा नयाँ-नयाँ धार्मिक र सांस्कृतिक पर्वहरूले राष्ट्रिय पर्वको रूपमा गौरवशाली आसन पाउने सम्भावनाहरू बन्दैगएका छन्।

एक-अर्काका सांस्कृतिक तत्त्व वा घटकलाई आत्मसात गर्ने प्रवृति बढदो छ। तराई मूलका परिवारहरूमा पनि दशैंको टीका थाप्ने-लगाउने, भैलो र द्यौसी गाउने, नाचगानसहित तीज मनाउने चलन आएको छ। तराईका हिन्दूहरू पनि तजियामा सक्रियतापूर्वक भाग लिन्छन्। त्यसै गरी उपत्यकाका नेवार र पर्वतेसमुदाय तथा तराईका मुसलमानहरूले पनि छठ मनाउन थालेका छन्। अन्तर्जातीय मात्र होइन, अन्तरभौगोलिक विजतीय विवाहको प्रचलन बढ्दै छ। विवाह जस्ता सांस्कारिक अनुष्ठानमा पनि पञ्चेबाजा (वा रसनचौकी) को ठाउँमा बैण्ड बाजा बज्छन्। हिन्दी, पंजाबी र अंग्रेजी धबुनका गीत बज्छन् र तिनमा हाम्रा दिदी-बैनीहरू समेत जन्तीका आगाडि-अगाडि विदेशी संस्कृतिको शैलीमा नाचेर आफु बढी सम्भ्रान्त भएको आत्मवंचनापूर्ण आत्मरतिमा झुम्छन्। बर्थडे केक काट्ने र 'ह्यापी बर्थ डे टू यू' गाउने रंगीन दृश्य लगभग नेपाली घर-घरमा देखिन थालेको छ। यसरी गर्दा, वर्तमान युगलाई नेपालमा सांस्कृतिक रूपान्तरणको युग भन्न सकिन्छ

मिथिला गौरव

मिथिलाको संस्कृति विश्व संस्कृतिको एउटा अनुपम रिक्थ हो, जसको संरक्षण, संबर्द्धन, श्रृंगार प्रसारद्वारा मानव सभ्यताले उत्तरोत्तर उच्चतर शिखरमा आरोहण गर्दै जने कुरामा विश्वस्त हुन सकिन्छ। यहाँ यस संस्कृतिको यसै विलक्षणताको झलक प्रस्तुत गरिएको छ।

गौतम, जनक, याज्ञवल्क्य, कणाद, कपिल, मंडन, वाचस्पति, कुमारिल भट्ट, अहल्या, सीता, गार्गी, भारती, लखिमा, विद्यापति, चन्दा झा, जस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असंख्य जाज्ज्वल्यमान सारस्वत प्रतिभानक्षत्र जन्माउने यस दिव्य भूमिको पाँचहजार वर्षको इतिहास अनेक उत्थान-पतन र जयपराजयको गाथा रहे पनि आफ्नो अद्वितीय सांस्कृतिक परम्पराले गर्दा नै यो जाति आजसम्म आफ्नो स्वतन्त्र राज्य गुमाएर पनि गर्वोन्नत रहेको छ। यस भूखण्डका संस्थापक माधव विदेह र उनका वंशज जनक राजाहरू (३००० ई. पू. - ६०० ई. पू.) देखि मिथिलेश महेश ठाकुर (१५५७-१५७१) को खण्डवाला कुल राज्यसम्म यस जातिले अनेक आँधिबेरी खप्नु पऱ्यो। जनक राजाहरूको विलासप्रियता र अकर्मण्यताले यस राजवंशको समाप्ति, लगभग ३०० वर्ष सम्म तत्कालीन जनपदमध्ये सर्वाधिक शक्तिशाली बृज्जि गणतन्त्रमा मिथिलाको समावेश, लगभग ३२६ ई. देखि १०९६ ई. सम्म शुंगवंश, नन्दवंश, कुशान, पालवंश आदिका अनेक राजाहरूको मिथिलामा आक्रमण र अधिकार, बृज्जिसंघको विघटन पश्चात् पालवंशी राजा मदनपालको पराजय पछि १०९६ ई. तिर कर्णाटवंशी नान्यदेवको विजय र कर्णाटवंशको स्थापना (१०९७-१३२४ ई.) को गौरवमयकाल, ओइनवार राज्यको स्थापना, सुलतान फिरोज शाह (१३५१-८८) को आधिपत्य, ओइनीग्रामका उपार्जक, तवस्वी विद्वान नाह ठाकुरका प्रपौत्र सिद्ध कामेश्वरलाई राज्य प्रदान गर्दा तपस्यामा विध्न पार्ने हुँदा राज्यलाई अस्वीकार, १३५३ ई देखि १५२६ ई. सम्म ओइनवार राज्यको सांस्कृतिक उत्कर्ष, तत्श्चात मुगल सम्राटको आधिपत्य, महामहोपाध्याय पं महेश ठाकुर र उनका शिष्य रघुनन्दनको पाण्डित्यबाट प्रभावित भएका मुगल सम्राट अकवरद्वारा मिथिला राज्य स्थापना जस्ता मिथिलाको इतिहासको धारामा उठेका भीषण ज्वारभाटाका कारण मिथिलाको भौगोलिक काया क्षत-विक्षत हुँदै गए पनि उच्चतम जीवनमूल्यद्वारा निर्मित चेतना - संस्कारको अभिव्यक्ति व्यावहारिक जीवनमा गर्ने गरेको हुँदा यसको सांस्कृतिक आत्मा अविजेय र अविच्छिन्न रह्यो। ती कुन जीवन मूल्य हुन् र कुन सांस्कृतिक वैशिष्ट्य हुन् जसले यति महापुरुषहरू जन्माएका छन् र यस संस्कृतिलाई घोर विषम परिस्थितिमा पनि प्राणवन्त राखेका छन्, तिनको झलकसम्म भएपनि प्रस्तुत गर्नु यसको उद्देश्य हो।

धार्मिक, अधायात्मिक एवं दार्शनिक तत्त्वको जीवन-शैलीमा रूपान्तरण, ऋणहरूको देव, ऋषि एवं पितृऋणको विधान, पुरुषार्थ चतुष्ट्यय (अर्थ, धर्म, काम, मोक्ष) को अभिव्यक्ति, आश्रम व्यवस्था (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, सन्यास) को प्रतीकात्मक अभिव्यक्ति षोडश संस्कार (गर्भाधान, पुंसवन, सीमन्तोनयन, वानप्रस्थ, सन्यास, अन्त्येष्टि) को अनुष्ठान, वर्ण व्यवस्थामा आस्था, कर्म, तथा पुनर्जन्म, सिद्धान्तमा निष्ठा, सामूहिक कुटुम्ब प्रणाली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारस्परिक सहयोगको प्रजातान्त्रिक एवं समाजवदी मूल्यमा आधारित सामाजिक व्यवस्था , धार्मिकता उदारता, आतिथ्य परम्परा समन्वयवादी चेतना, सर्वाङ्गीण विकास एकताको भावना, सर्वमङ्गलको भावना, प्राज्ञिक स्वतन्त्रता, सङ्गीतमयता, चाडवाडको बाहुल्य जस्ता अनेक वैशिष्ट्य मैथिल संस्कृतिको मात्र नभएर सम्पूर्ण हिन्दू संस्कृतिका साझा वैशिष्ट्य हुन । त्यसैले प्रस्तुत अध्यायमा मैथिल संस्कृतिको वेशभूषा एवं परिधान, खानपान र अलङ्कार, धार्मिक संस्कार, अन्धविश्वास, टुनामुना, चाडवाड, लोकगीत, लोककथा, लोकनाट्य, लोकनृत्य र लोकचित्र जस्ता विविध तत्त्वहरूको निजत्व र तिनमा अन्तर्निहित जीवन दृष्टिको वैशिष्ठ्यको विश्लेषण गर्ने चेष्टा गरिन्छ ।

वेशभूषा एवं अलंकार :-

नैयायिक भूमि मिथिलामा प्राचीन कालदेखि नै उष्ण जलवायुले गर्दा पनि पुरुष परिधानमा सादापनको आग्रह देखिन्छ । ब्राह्मणहरू धोती, मिरजइ वा चपकन, दोपटा गमछा र पाग, पनही, वा खडाउँ लगाएर हिँडेका देखिन्छन् । अन्य जातिहरू घुँडा-घुँडासम्म धोती, गोलगला गंजी र गमछाले पनि काम चलाउँछन् । साँचीवाला (मुजावाला) र कमरमा मुजा बेरेर ढट्ठवाल -यी दुई शैली बढी प्रचलित छन् धोती लगाउने । स-साना नानीहरूले धरिया, लँगोटी, घघरा आदि लगाउछन् । बुढाहरूले धोतीमा कम्मर पेटीमा बगुली (बटुआ) भिरेर त्यसमा सरोता, सुपाडी, नसदानी आदि हाल्छन् । हाथमा फराठी (लट्ठी) बेत वा सटका (छडी) पनि लिन्छन् । स्वास्नी मान्छेहरू फरिया चोलो लगाउँछन् । मुख छोप्छन् -सामान्य घुम्टो वा मोरबत काडेर । सान्नानीहरू अझै रंगबिरंगी पेटिकोट जस्ता देखिने घांङग्रो मात्र लगाउँछन् । ओछ्यानमा सफरी, पटिया, शीतलपाटी, तरय, बरहथा, गोनरि, सेज आदिको प्रचलन कम हुँदै गएको छ । पुरुषर्वग प्रत्येक शुभ अवसरमा रातो अथवा पहेंलो धोती लगाउने गर्दछन् । रातो रंग अनुरागको प्रतीक हो, पहेंलो ज्ञान वैराग, निर्वेद वा बुद्धत्वको । रातो शाक्त र पहेंलो वैष्णव धर्मको प्रतीक पनि हो । रागात्मकता र निर्वेदमा तात्त्विक भेद नमान्ने विदेह परम्पराका सन्ततिका लागि रातो र पहेंलो रंगलाई एक अर्काको विकल्पको रूपमा ग्रहण गर्नु स्वाभाविक होइन । मैथिलहरूको पाग (शिरपोश) सहस्रारको प्रतीक हो र यसको स्वरूपमा तान्त्रिकता छ । निधारमा खरानीको त्रिपुंड, रामरजको उर्ध्व रेखा र रातो टिका - शैव, वैष्णव र शाक्त धर्मका अर्थात् स्मार्त परम्पराका प्रतीक हुन् । मिथिला बज्जिसंघमा समाहित भएपछि बुद्ध धर्मको प्रभाव रोक्न सामाजिक सङ्गठन र धार्मिक एकताका लागि ६०० ई. पू. तिर उदयनद्वारा जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्मार्त परम्पराको सूत्रपात गरियो त्यसकै निर्वाह कुलदेवी भगवती, आँगनको तुलसी मठ र एक छेउमा नारीहरूद्वारा शिवविषयक नचारी गीतसँगै बन्दै गरेका माटोका महादेव मूर्तिबाट पनि भइरहेको हुन्छ ।

मिथिलाका पीतवस्त्रधारी बेहुला विष्णु अवतार राम हुन्, बेहुली साक्षत अन्नपूर्णा लक्ष्मीरूपा सीता । त्यसैले त वैवाहिक अवसरमा रामजानकी विषयक गीत गाइन्छन् । यी गीतका बेहुलालाई राम र बेहुलीलाई सीता भनिएको छ । गोडाका औलादेखि टाउकोको मनटिक्कासम्म पारम्परिक रूपमा जति गहनाको प्रयोग मैथिल ललनाहरूले गर्दछन्, संसारकी कुनै संस्कृतिकी नारीले गर्दिनन् । टाउकोमा मनटिक्का, टिकुली, नाकमा ठोप, छक, नथुनी, बुलाकी, नकबेसर, नथिया, कानमा बोर, झुमका, ठेला अन्ति, कनौली, तरही, कनफूली, कनपासा, माकरी, बाली, खुट्टी, झिमझिमिया टुम्मक, गर्धनमा टीप, सूति, सिक्री, हैकल, तख, करसिरी, मटरमाला, चन्द्रहार, रूपैया छड् वा असर्फी, पाखुरामा पचखण्डी, बाँक, कफोरबा, कटबी, बिरखी, बिजोट, बाजुबन्द, पटही, अनन्त, पाटि, जोसन, कुसियारक गेडी, लपेट, कंगन, बरहडी, अगेली, बिचेली, पछेली, लसनी, हथसंकर, पहँची, अमिरती, मटरमाला, सयकडा, कम्मरमा डडँकस, कोचबन, खुट्टामा पजेबा, काँडा, छाँडा, साट, पायल, पयरसंकर, औंठी, बिछिया, नेउर, पैरी, ठेसा, हातका औंलामा माछ, बर्रे आरसि, रूपैया गाडन, मनोरी, कटोरी, अँचरी, कटारी, सात किसिमका हार त्यसमा लाग्ने झुम्ममक, झुम्कामा लाग्ने टुम्मक.....। विभिन्न धातुबाट निर्मित यी अलंकारहरू शरीरस्थ विभिन्न चक्रहरूलाई प्रभावित गर्दछन् भन्ने आस्था धातु विशेषज्ञहरूको छ । सिन्दूर दान सुन सिन्दूरले गरिन्छ र विहामा सुनको मनटिका लगाउनै पर्ने चलन छ । यी गहनाहरूको प्रयोगमा पनि लौकिकता र परलौकिकताको समन्वय सन्तुलनको दशर्न (Philosophy) अभिव्यक्त भएको छ । यी सौन्दर्य प्रसाधक वा यौनोतेजक मात्र होइनन्, चक्र साधकपनि हुन् । सन् १९४० मा रूसी वैज्ञानिक सैनियन वैलोन्टिना क्रिलियनले के प्रमाणित गरे भने प्रत्येक धातुमा एउटा वलय (अओरा) हुन्छ । यी वलयलाई अब क्रिलियन फोटोग्राफीको माध्यमले हेर्न सकिनछ । हाम्रो शिखरचक्रको सम्बन्ध पियूष ग्रन्थि (पिट्यूटरी ग्ल्यानड्स) सित छ जसको स्राव शरीरको निस्रोतस ग्रन्थिको क्रियाशीलता र त्यसमा सन्तुलन बनाइ राख्न आवश्यक हुन्छ । सुन जस्ता धातुले शिखरचक्र (जसले बौद्धिकता प्राप्त हुन्छ) र ललाटचक्र –जसको सम्बन्ध शीर्षग्रन्थि अर्थात पाइनियल ग्रन्थिसित छ र जसले जनन ग्रन्थि अर्थात गोन्याड ग्ल्यान्डदलाई प्रभावित गर्दछ) लाई सक्रिय गराउन सकिन्छ भन्ने मान्यता धातु विशेषज्ञहरूको हो । बेहुलीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घाँटीमा लगाउने सुनको ढोलना (गाई वस्तुलाई नभागून भनेर लगाईने काठको ढोलनाको अनुकृतिमा बनाइएको गहना) ले संयम र अनुशासनको प्रेरण मात्र दिंदैन, यसले हृदयचक्रलाई समेत प्रभावित गर्दछ, जसको सम्बन्ध वाल्यग्रन्थि (थाइमस ग्ल्यान्ड्स) सित छ र जसले शरीरिक विकास तथा यौन क्रियालाई निर्देशित गर्दछ ।

भोजन :-

मिथिलामा प्रचलित भोज्य सामग्रीहरूको सूची अत्यन्त लामो छ । अन्नकूट भन्ने पर्वमा छप्पन प्रकारका व्यञ्जनको रस लिने परम्परा यही छ । भात, दाल, घीउ, अचार, चटनी, माछा, मासु, दही, अदौडी, दनौडी, तिलौडी, कुम्हरौडी, मुरौडी, सकरौडी, अमोट, बड्, बड्ी, तिलकोर, अरिकोंच, ओल, खम्हाउर, परोड, करैल, आलू, कोबी, मुनिगा, नाना किसिमका साग (यथा- गेन्हारी, बथुआ, बदाम, खेसारी, पालक, कर्मी, नैनी, केराओ, ठढिया, लाफ, सर्स्यू, तोडी, पारो, कर्मी, मुला आदि) आलू, ओल, अचार, आँप, गोलभेडा, र इमलकिो खटमिट्ठी, आँप, कटहर, बरहर, ज्यामिर, भोगटे, कागती, निबुवा, अमला, करेला, खोर्सानी, चल्ता, हरफा, करौंना, तथा सागका अचार कसौंजी र मोरब्बा, तथा च्युरा दहीको जलपान लोकप्रिय छ । फलफूलमा भोगटे, बयर, हरफा, बेल, दाडिम, अनार, काँक्रो, सपाटो, तरबूजा, फूँट, आदिबट अन्य नाना प्रकारका खाद्य र पेय सामग्री तयार गरिन्छन् । मिष्ठान्नमा खाजा, मुँगबा, जिलेबी, छेना, रसभरी, रसगुल्ला, पूडी, पूआ, मलिदा, पनितोआ, ठकुआ, भुसवा, पेरूकिया, खजुर, चौरठ, तिलबा, चुडलाई, लाई, र नूनिलोमा झिल्ली, कचरी, मुरही, दलिपिट्ठी, दूधपिट्ठी, विरिया, ओरहा, बगेया, दलिपूडी, आदि प्रसिद्ध छन् । यी अमृतोपम भोज्य पदार्थले शरीर हृष्टपुष्ट भई आध्यात्मिक यात्रामा सहायक बन्दछ । चिकित्साशास्त्रीय दृष्टिले मिष्टान प्रेमी मैथिलहरूको लागि मधुमेह निरोधक तिलकोर (एक जातको गोलकाँक्रो) को तरूआ (पकोडा) र माछा मासु जस्ता तामसिक भोजसँग चूरादहीको जलखइको संयोग (कम्बीनेसन) कति उपयुक्त छ । मिथिलामा भनिन्छ - पान, मखान, माछा र दहीको भेजन तथा कटाक्ष (प्रिय-प्रियाको मीठो व्यंग्योक्ति) तेर्सो नजर र पिहकारी (उन्मुक्त अट्टहास) स्वर्गमा पनि पाइन्न रे । पाहुनालाई आमन्त्रित गर्दा आफ्नो महलमा छप्पन प्रकारको व्यञ्जनको आयोजन भए पनि मैथिलहरूले निवेदन गर्दछन् " आइ हमरे कन, साग ग्रहण कए हाथ धोल जाय" (आज मेरै कुटियामा कनिका र साग ज्युनार गरी हात चुठिबक्सियोस्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टुना मुना र अन्धविश्वास :-

भूत प्रेत किच्चिन, अंगिया बैताल, चुडैल, मनुखदेबा, बढमपिशाच, पनिडुब्बी, राकस, जस्ता लाखौं अतिमानवीय शक्तिहरूको बास बेल, अम्बा, जामुनका रुखमा आँपघारीमा, पोखरी, पोखरीको डीलमा चऊरमा, चौरीमा, घर पछाडि र बारीमा जतातत पाइन्छ। चुडैल नाकले बोल्छ, राकसले राँको बालेर मान्छेलाई माटोको डल्लो रातरात भारी बोक्न लगाउँछ। भूत प्रेतबाट सताइएका मानिस हजार हजार संख्यामा कमला नुहाउन जान्छन् कार्तिक पूर्णिमामा। देवीका थानहरूमा दशैंमा स्वास्नी मानिसहरू देवी देउता र भूत बैताल खेल्छन्। पल्टी देवी, बौकी देवी, पिरडिया माई, राजदेवी माई, फुलेसरी देवी जस्ता दर्जनौ देवीका थान मात्र जनकपुरमा छन्। धामीझाक्रीहरूले भुँइमा चक्कुले रेखा कोरेर यकृत (पिल्ही) आँखामा फुली, परेका इलाज गर्छन् मन्त्रद्वारा सर्पले कुकुर वा बिच्छीले टोकेको उपचार गर्दछन्। सबै रोगहरूका लागि मन्त्रहरू छन्। दशैंमा बोक्सीहरू मसानमा नाङ्गै नाच्छन् भन्ने विश्वास छ र कसैले देख्यो भने "रै मुरहा, घुरि ताक" (ए मूर्ख फर्केर हेर) भनेर कराउँदा कसैले फर्केर हेऱ्यो भने त्यही ठहरै पर्छ।

कुनै सुत्केरी प्रसवकालमा मरेपछि प्रेत भएकी छ भने घरदेखि मसानसम्म उल्टो सर्स्यु छर्नु मावलीमा जन्मिएको बच्चोले पानी पर्दा आगो र ढुङ्गा माटोमुनि गाडयो भने झरी रोकिन्छ। कुल परम्पराले निर्धारण गरेअनुसार घरघरमा कारीख, डिहबार, ज्वालामुखी देवी, कालिका देवी, धर्मराज देवता, भुँइआ सोखा, गोविन्द बाबा, काली, बन्नी, गोरैया, भैरब, जस्ता सयौं कुल देवी देवताहरूको पूजा हुन्छ। मुलमानी आतंकताका कारण केही मुसलमान पीरहरूलाई पनि मैथिलहरूले कुल देउता भित्र सामेल गरेको पाइन्छ। यथा बाला पीरका पूजामा कुखुराको बलि दिइन्छ। धेरै मैथिल परिवारमा सुँगरको बली पनि कुलदेवीको पूजागृहको ढोकामा दिइन्छ। तात्पर्य थियो , सुँगुरसित घृणा गर्ने मुसलमान आततायीहरूलाई कुल देवताको घरमा प्रवेश गर्नुबाट रोक्नु। मिथिलाको प्रचलित तन्त्रमन्त्र लोकविश्वास र टुनामुनाको प्रभावले लाभान्वित हुनेहरूको संख्या पनि यति छ कि त्यसको शक्तिलाई ठाडै चुनौती दिन मिल्दैन। मन्त्रहरूको सिद्धि दशैंमा बोक्सी धामीहरूले गर्छन्। गहबर र थानहरूमा मात्र होइन घरघरमा यस बेला पूजा आजाको अद्भुत वातावरण हुन्छ। "महराइ" (लोक देवी देवताको भजन) ले वातावरण रहस्यमय बनेको हुन्छ। टाउको दुख्ता मैथिली भाषामा एउटा मन्त्र पढेर फुक्नु पर्छ - "चारिद्वार चारि बाट बैसल देवी बिच्चेबाट बैसल देवी कि करैया ? उटंग पर चक्कर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजैय, मारैय, चक्कर उठैय, अनकाल जाग जाग रे बीर बैताल, सहज नाम आधार दसोद्वार, दोहाई ईश्वर गौरा पार्वतीके छी। गाई गोहारि बालक गोहारि तिरिया गोहाइर जे तिरिया से चुके से अस्सी कुनड नरकमे पडे " मन्त्र ध्वनिको प्रभाव आज बहूस्वीकृत भइसकेको छ। भगवतीका उपासकले क्रिया (भगवती तत्त्व) लाई रिझाउन उचित पूजनमा चुक्ता अस्सीकुन्ड नरकमा पर्ने कुरा पनि स्वभाविक हो त्यसैले धेरैजसो मन्त्रमा अन्तिम पंक्ति दोहोऱ्याइन्छ। साँपले टोक्ताको मन्त्र - "बोरा रे बोरा सहर साँपे लाल बोरा , जहरनाम तूनियाँ गरूर नाम सुनियाँ, अल्ला सकुल्ला शहरमार कौडिया, चाकरचाकरपात, लती बहि बहि जाग "

इष्टको निरन्तर साधनाले कुँडलिनी जागरण स्वतः हुन जान्छ, मन्त्रयोगले कुँडलिनी जाग्रत भएर षट्चक्र भेदनको विधान तन्त्रशास्त्रमा प्राप्त हुन्छ। मन्त्र सिद्ध भएपछि कुँडलिनी शक्ति सुषम्ना मार्गबाट शिरस्थ ब्रह्मरंध्रमा, प्रवेश गर्दछ र त्यहाँ शिवशक्तिको संयोगले अमृत-वर्षा हुन्छ। इडा, पिंगला, वक्र-गतिले चल्दा पाँच वक्र बन्दछन्। दुवै नाडी समगतिमा चल्दा सुषुम्नामा यसको लय हुन्छ । कुंडलिनी सुषुम्नामा प्रवेश गरी जब शान्त हुन्छ, त्यस अवस्थालाई समाधि भनिन्छ। भगवान विष्णुको जापले स्वाधिष्ठान चक्र जाग्रत हुन्छ। वं को ध्यानले जल तत्त्वको उत्पत्ति हुन्छ। मणिपूरक चक्रमा अग्नि बीज रहन्छ। यी बीज मन्त्रहरू सँग गणेश, सूर्य, विष्णु, शिव, दुर्गा, क्षेत्रपाल, भैरव आदिको विधान गरिन्छ। मिथिलामा नारीहरूले अनिवार्यरूपले बिहान र बेलुकी मन्त्र सहित गोरी - गौरी पूजन गर्छन्, साँझ पूज्छन्। मधुश्रावणी, बरिसाइत, तुसारी, कार्तिक स्नान सबैका मन्त्र छन्। यी मन्त्रहरूमा शास्त्रीयता र लौकिकताको सम्मिश्रण छ। मुण्डन, उपनयन, विवाह, श्राद्ध कुनै साँस्कारिक कार्य चुमौन बिना सम्भव छैन। प्रत्येक चुमौनपछि दूर्वाक्षत दिने चलन छ। यस दूर्वाक्षत मन्त्रमा व्यक्तिको मात्र होइन समग्र राष्ट्रको मङ्गलको कामना गरिन्छ मैथिल संस्कृतिमा।

चाडबाड :-

मिथिलाका पर्वहरूलाई छ कोटिमा विभाजित गरिन्छ।

(क) धार्मिक पर्व - नागपञ्चमी, अनन्त चतुर्दशी, अक्षय नवमी, देवोत्थान एकादशी, बकपञ्चक, माघी, सप्तमी, शिवरात्री, जेठ दशहरा, निर्जला एकादशी, हरिशयनी एकादशी आदि

(ख) हर्षोल्लास सम्बन्धी पर्व - झुलन, कृष्णाटमी, चौठचन्द्र, दशहारा, गोधन, पखेव, कार्तिक, पूर्णिमा, लबान, विवाह पञ्चमी, सतुआइन, जूडशीतल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानकी नवमी आदि ।

(ग) दाम्पत्य जीवन सम्बन्धी पर्व - मधुश्रावणी, सोमवारी, कोगाज्ञा, तुसारी, बरिसाइत आदि ।

(घ) भाइ-बहिन सम्बन्धी पर्व - भरदुतिया, सामाचकेवा, आदि ।

(ङ) मङ्गलकामना सम्बन्धी - जितीया छठी आदि ।

(च) माता पिता सम्बन्धी पर्व - कुशी अमावस्या, पितृपक्ष, मातृ नवमी आद्र आदि ।

यी सबै पर्वहरूमा लौकिकता र दैविकता भौतिक र अध्यात्मिक अन्त संज्ञानको मणिकाँचन संयोग छ । केहि विशिष्ठ पर्वहरूको संक्षिप्त विवेचन गरिन्छ ।

चौठचान्द : भाद्रपद शुक्ल पक्षको चौठ तिथिमा अनेक नैवेद्यहरू हालेर चन्द्रमाको पूजा गरिन्छ र आकासमा चन्द्रमाको दर्शन हुनासाथ रित्तो हात होइन, नारिवल, काँक्रो, केरा अथवा अन्य कुनै फल लिएर चन्द्रमाको दर्शन गरिन्छ । पुराणअनुसार यस रात भगवान कृष्णले चन्द्रमालाई देखेको हुँदा दुई पटक मणि चोरेको कलङ्क भोग्नु पऱ्यो । किनभने एकपटक गणेशको भुँडी र हात्ती सूँड देखेर चन्द्रमालाई हाँसो उठ्दा गणेशले श्राप दिएका थिए अरे - आजको दिन जसले तेरो मुख देख्छ त्यसलाई कलङ्क लाग्नेछ । श्रापबाट मुक्त हुन गणेशले चौठचन्द्र ब्रत राखेका थिए । कहिल्यै कुनै कलङ्क नलागोस भनेर मैथिलहरू पनि आजसम्म ब्रत गर्दैछन् । कतै कतै यस रात चन्द्रमालाई माटोको डल्लो हान्ने पनि चलन छ

गोधन : कार्तिक शुक्ल प्रतिपदाका दिन प्रातः काल मिथिलाका नारी गाई वस्तु बस्ने गोठमा गोबरको मूर्ति बनाई फूल, पिठार, (अरबा चामल पानिमा फुलाई पिंधेर बलाइएको लेदो) दुबो, धान, सिन्दूर, आदिले पुज्छन् । कतिपय जातमा यस मूर्तिलाई ओखलमा हाली मूसलले कुट्ने चलन पनि छ ।

पखेब : कार्तिक शुक्ल तृतीयाका दिन तेल, सिन्दूर, गाजल, रंग बिरंगी धागो आदिले गाई वस्तुको श्रृंगार गरिन्छ । हरूवा चरूवालाई नयाँ लुगा दिइन्छ र साँझमा मनोरञ्जनका लागि भैंसी र सुँगुरलाई जुधाइन्छ जसलाई "हुर्रा" खेल्नु भनिन्छ ।

लबान : अगहन महिनामा नयाँ अन्न नबन्न आएपछि तिनबाट केही अग्निलाई समर्पित गरिन्छ र आगोले बढाएर परिवारका सदस्यहरू बसेर दूध, च्यूरा, गुँड आफू पनि भोजन गर्छन् । बाहुनलाई पनि । ग्राम्यदेवता डिहवारको पूजा गर्ने पनि चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जूडशीतल : ग्रीष्मारम्भमा अर्थात् चैत्र संक्रान्तिको भोलिपल्ट भात, बडी, दही, घरका ढोकाहरूमा चढाउने, ढोकाहरूमा सिन्दूर लगाउने र पानी हाल्ने , आँपको टिकोला (चिचिलो फल) र जौ लिएर क्रमशः पूर्व र पश्चिम फर्केर "घाटबाट पटाउने" (पानी छर्ने) चलन छ । बुज्रुकहरू आफू भन्दा कान्छोको टाउकोमा पानी हाली "शीतल हुने" आशीर्वाद दिन्छन् । बिहानैदेखि मिथिलाभरि मानिस एक अर्कामाथि यस दिन खरानी, हिलो, धुलो फोहर पानी, गोबर आदि छयाप्छन् र शिवका गण जस्ता भएर एक ठाउँमा भइ ग्राम परिक्रमा गर्दछन् । साँझमा स्याल, बन विरालोको शिकारमा युवाहरू निस्किन्छन् ।

कोजाग्रा : शरद् पूर्णिमाको हर्षोल्लासपूर्ण वातावरण भएको श्वेत धवल निशामा नव विवाहित बेहुलाको ससुरालीबाट आएको पान, मखान, माछा, मिष्ठान्न, दही आदि सबै इष्ट मित्र र कुटुम्बले मिलेर आस्वादन गर्छन् । परस्पर ख्याल ठट्टा गरेर आकासको चन्द्रमाबाट अमृत बर्सिए झैं धर्तीमा पनि रस बर्साउँछन् । नवयुवती र स्त्रीहरू पनि श्रृङ्गारिक टट्टामा रत्तिएका हुन्छन् । गाउँभरि पान मखान बाँडिन्छ । रातभरि मिथिल जागेर शितल जूनको आनन्दमा विभोर भएको देखिन्छ । एक महिना अघिदेखि नै खेलिने पचीसी खेलको अन्तिम समापन रात्रि पनि आजै हो । नव विवाहित बेहुलाको "चुमौन" पनि गरिन्छ । क्षण क्षणमा आउने अट्टहास र "पिहकारी" र (मुक्त हाँसोको मैथिल शैली) ले वातावरण अनुगूञ्जित हुन्छ ।

मधुश्रावणी : श्रावण महिनामा आषढ पूर्णिमा पाँच बितेपछि पञ्चमी तिथिमा नयाँ बेहुलीहरूले पन्ध्र दिने ब्रत लिने गर्दछन् र घोर श्रृंगारिक कथाहरू सुन्दछन् । ब्रतमा बस्नुभन्दा अघि देखि नै नुहाएर चोखो भई बस्तछन् । लोग्नेले ल्याए वा पठाएको फरिया लगाएर घुम्टोले मुखछोपी पञ्चमी दिन सखीहरूसँग गीत गाँउदै फूलबारीमा फूल टिप्न जान्छन् । राति गौरी नैवेद्य बनाइन्छ, कोहबरमा पाँच ठाँउमा "अल्पना" (अरिपन) दिइन्छ र त्यसमा मैनाको नैवेद्य पात हाली नाग विषहरा कोरिन्छन् । एउटामा सिन्दूरले, अर्कोमा गाजलले, कुनैमा चन्दनले, कुनैमा पिठारले पाँचवटा नागको चित्र कोरिन्छ । एउटामा अरवा चमलको पिठार लिएर सबै लेखी त्यस अरिपनमा हालिन्छ र त्यहाँ एउटा "पुरहर पातिल" पनि राखिन्छ जसमा पन्ध्र दिनसम्म दीप बलिरहन्छ । त्यस ठाउँमा नयाँ बस्त्रखण्डमा पाँचवटा कागती, पाँचवटा अम्बा, सवा रूपियाको धनिया र बेसार हालेर, केचुवा बाँधिन्छ, जसलाई हातमा लिएर ब्रतीहरू ब्रत र गौरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुज्छन् । मन्त्र (फकडा) पढ्छन् । फकडा सुनेर गौरी र महादेवका प्रणय प्रसङ्गका मनोरञ्जक श्रृङ्गारिक कथा पन्ध्र दिनसम्म सुन्दछन् । पन्ध्रौ दिनमा विधि गराउने "विधिकरी" ले टेमी दिन्छन् । एउटी विधकरीले आँखा थुन्छिन् । अर्कीले घुँडामा पानको पात हालेर पटोर फरियाको धागोले घुँडा डाम्छिन् । यसरी खुट्टा डाम्नुलाई नै "टेमी" भनिन्छ । डामेको ठाउँमा फोका उठ्यो भने भाग्यमानी, नउठे अभागी ठानिन्छ । मधुश्रावणीमा पढिने मन्त्र हो –

गौरी पूजन मन्त्र : अएलहुँ गौरी चाननक डारि, कुसुमक फूल लोढैत अएलौहुँ, सोहागभाग बटैत अएलौहुँ, सोहाग – भाग हमरा दिय, सिन्दूरधार हमरा दिय, फूलक हार अपने लिय, अपने सनके भाग दिय, अपने सनके सोहाग दिय , शिवसहित गौरीजायनमः र फेरि "फकडा" पढिन्छ – जहियासँ भेली मनमनहारे, विषहरि खसली सोम भण्डारे, कानथि गौरी फेडकथि डारि, हे दाइ विषहरि राखू नारि .....इत्यादि ।

दाम्पत्य जीवनसित सम्बन्धित चाडपर्वमा यो सर्वाधिक महत्त्वपूर्ण चाड हो । श्रावण शुक्ल तृतीयादेखि पन्ध्र दिनसम्म नव विवाहित बेहुलीहरू गौरी पूजन गर्छन् तथा रहस्य – रोमाञ्च ,हास्य एवं श्रृङ्गार रसले ओतप्रोत अनेक थरिका मधुर कथाहरू सुन्दछन् । मिथिलाकी राजकुमारी सीताले दिएको अग्नि परीक्षाको परम्परा प्रतीकात्मक रूपमा मधुश्रावणीमा आज पनि जीवन्त छ । पर्वको अन्तिम दिन बेहुलीको घुँडामा पानको पात हालिन्छ र त्यसमाथि एउटा जल्दो बत्ती हालिन्छ । बेहुलाले आँखा छोपेको हुन्छ । जबसम्म बेहुलीको घुँडामा फोका उठ्दैन बत्ती झिकिदैन । पतिब्रता र पतिप्रेमीको लागि पत्नीले अंगिकार गर्ने धैर्य र पीडाको परीक्षण हो यो । त्यसैले फोका जति ठूलो हुन्छ त्यति नै ठूलो सौभाग्य हुनेछ बेहुलीको भनेर विश्वास लिइएको छ ।

बरसाइत : जेठ अमावस्याको दिन वटवृक्षमुनि सत्यवानको निधन भएको र सावित्रीले आफ्नो सतित्त्वद्वारा उनलाई पुनर्जीवित गरेको आख्यानको आधारमा यस दिन अटल सौभाग्यको लागि विवाहिताहरूले वरमा पिठार, सिन्दूर लगाएर त्यसलाई तीन पटक धागोले बेरी माटोको बर्तनले पानी चढाई बाँसको पँखा हम्की अनेक विधि विधानद्वारा बटबृक्षको पूजा गर्ने गर्छन ।

तुसारी : तुसारी ब्रत गरेपछि मनोनुकूल पति प्राप्त गर्ने मिथिलामा धुब विश्वास छ । पौष संक्रान्तिदेखि लिएर पुज्न लगाउँछन् । सूर्योदयभन्दा पूर्व गोबरले भुँइ लिपेर पटुआको गद्दादार चकटीमा बसी, पिठारले तीन धर्को कोरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि एउटा धर्कोले काटेपछि बनाइएको जोड जसो चिन्हमा हात राखी कुमारीले मन्त्र पढ्छन् –

तु-तुसारी, जन्म कियारी
छत्ता धारी
बाप महादेव, माए गौरी
तीनकर बेटी, हम कुमारी
आँचर झाँपि बयन दी
नमस्ते.....नमस्ते

अन्य ललनाहरू समवेत स्वरमा चन्द्रमुखी जस्ती कन्याका लागि सूर्यमुखी दूल्हा पाउने आकांक्षा व्यक्तिएका गीतहरू गाउँछन् ।

छठि :

मिथिलाञ्चलको महानपर्व छठ (मैथिली उच्चारणमा छइठ) संसारव्यापी सूर्योपासना परम्पराको एउटा अंग हो। भनिन्छ, सर्वप्रथम अत्रि मुनिकी पत्नी अनुसुयाले यो षष्ठी ब्त गरेकी थिइन्। सूर्यपुराणमा यस पर्वको वर्णन छ। कार्तिक शुक्ल षष्ठीमा हुने यस पर्वमा सायंकालीन एवं प्रातःकालीन सूर्यलाई अर्घ्य दिइन्छ। यस अवसरमा चाहिने नाङ्लो, ढक्की, कनसुपति, कोनिया, कोसिया, कुरूवार, सरबा, ढक्कन, माटोको हात्ती आदि एक महिना देखि नै किनेर राखिएका हुनछन्। अन्य पकवानहरू सन्ध्या अर्घ्यकै दिन घरका महिलाहरूले तयार पार्न थाल्छन्। तयार पार्ने सामग्रीमा ठकुवा, भुसबा (कसार) खजुरी, पेरूकिया, आदि हुन्छन्। फलहरूमा नरिवल, मूला, गाँजर, बेसारको गाँठो, ज्यामिर, सुन्तला, सुठनी, केरा आदि हुन्। झुप्पा-झुप्पा फल्ने फलहरू चढाउँछन्। सूर्य द्यौता प्रसन्नभएर ब्रतीलाई कुटुम्ब सहित कल्याण गर्ने विश्वास लिईन्छ। चढाइने पदार्थहरूको संख्या ६० पुऱ्याउनु नै पर्ने, तर सो नभएर गम्हरीको चामल मात्र हाल्दा पनि क्षतिपूर्ति हुन्।

छैठी पर्व चार दिनसम्म मनाइन्छ। पहिलो दिनलाई (चौठको दिनलाई) "अरबा अरबाइन" वा "नहान खान" भनिन्छ। यो दिन ब्रतीले भेजनमा माछा, मासु, लहसुन, प्याज, कोदो, मसुर, आदिको परित्याग गर्छन्। नङ्गकटाई, न्वाई ध्वाई गरी सर्वाङ्ग शुद्ध भई यसै दिनदेखि ब्रत बस्न थाल्छन्। पञ्चमी तिथिलाई खरना भन्दछन्। यस दिन ब्रतीले दिनभरि निर्जला उपवास बस्नुपर्छ। राती चन्द्रमा उदाएपछि चन्द्रमालाई खीर चढाएर सोही प्रसाद ग्रहण गर्नुपर्दछ। यस पछि ब्रतीले पुनः पूर्व उपवास लिनुपर्छ। षष्ठीका दिन सन्ध्याकालमा अस्ताउने सूर्यलाई अर्घ्य दिइन्छ। अर्घ्य कुनै नदी वा तलाउमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएर दिइन्छ । अपराह्न देखि नै त्यस नदी वा तलाउको डिलमा परिवारका सबै सदस्यहरू मिलेर कोसिया, कुरूवार, कनसुपति, र बाँसका कप्टेरोले बनेका अन्य किसिमका ढक्कीहरूमा नानाप्रकारका पकवानहरू बोकेर पुऱ्याउँछन् । पोखरी, जलाशय वा नदीमा स्थानहरू पहिलादेखि नै ओगटिएका हुन्छन् । ती स्थानहरूमा पूजन सामग्रीयुक्त यी वर्तन र ढक्कीहरू हाल्नुभन्दा अगाडि ब्रतीले सामग्री र स्थान दुवैलाई पाँचपटक साष्टाङ्ग दण्डवत गर्दछन् । पूजन सामग्री हालिने यी स्थानहरूमा परिवारका महिलाहरूले लिपपोत गरेर अरिपन कोरेका हुन्छन् । सन्ध्याकालीन अर्घ्यमा पानीलाई प्रणाम गरी ब्रती महिला पानीमा प्रवेश गर्छिन् र डुबुल्की मार्छिन् । रातो बोर्डर भएको पहेंलो साडी लगाएका ध्यानपूर्ण मूद्रामा, पानीमा अर्घ्य दिन उभिएकी ब्रती महिला साक्षात् देवी स्वरूपा देखिन्छिन् । दुवै हत्केलामा पिठार (अरबा चामल भिजाएर, पिंधी बनाइएको लेदो) र सिन्दूर लगाएर अक्षत फूल हालेर पछ्यौराले छोपी सबै अर्घ्य सामग्री पालो पालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर नमस्कार गर्दै ब्रती डिलमा आउँछिन् । चौथो अर्थात सप्तमीको दिनलाई पारन (पार्वण) भनिन्छ । यस दिन प्रातः कालीन सूर्यलाई अर्घ्य दिइन्छ । अर्घ्य समाप्त भएपछि परिक्रमा गर्ने, कथा सन्ने र सूर्यपुराण श्रवण गर्ने चलन छ । छठ व्रतको कथा सकिएपछि ब्रतीले त्यहाँ भएका एभातीहरूलाई सिन्दूर लाइदिने गर्छन् र पछ्यौरा अथवा सप्कोमा प्रसाद हाल्दिने गर्दछन् । प्रसाद वितरण गर्दै सबै घर फर्किन्छन् ।

छठ पर्वको सन्दर्भमा केही कुरा उल्लेखनीय छन् ।

सृष्टिमा जीवनको स्रोत सूर्यलाई छठ विधिको रूपमा पूजा गर्दा प्रतीकात्मक रूपमा केही चिरनतन सत्यको अभिव्यक्ति भएको पाइन्छ । उदाहरणार्थ चेतनाको उत्स सूर्य आत्माको प्रतीक हो जीवनको अवसानमा यो चेतना उत्स, किवां आत्मा समाप्त भएको प्रतीत भए पनि पुनः अर्को जीवनको प्रभातमा उदित हुन्छ । आत्मा अमर हो । जीवन क्रम यसै चलिरन्छ । अतएव जीवनको अन्त्य र जीवनको प्रारम्भ दुवैमा देखिने आत्मा तत्त्वलाई मैथिलहरूको नमन गर्दै आएका छन् । अन्तिम दिनको भोरमा जलाशय वा नदीमा हजार हजार प्रज्वलित दीप प्रवाहित गरिएका हुन्छन् । तात्पर्य छ, कालको अखण्ड धारामा जीवन दीप बल्छन् निभ्छन् । जीवन र मृत्यु, आशा निराशाको क्रम अविच्छिन्न छ । त्यसैले जीवनको यो अग्निशिखा नमस्य छ ।

अर्को महत्त्वपूर्ण कुरा के छ भने मिथिलामा सूर्यपूजाको परम्परा अत्यन्त प्राचीन छ । सूर्यकै आराधना गरेर याज्ञवल्क्यले ज्ञान प्राप्त गरेका थिए । त्यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहरा, भगवतीपुर, सिमराँवगढ, कौआहा, रतनपुर, र मोढा आदि ठाउँहरूमा सूर्यका मूर्तिहरू पाइएका छन्। राममन्दिरमा पूजित मांचन्यतन मूर्ति पनि भगवान सूर्यकै मूर्ति हो। राम, लक्ष्मण, भरत, सत्रुध्न र हनुमानको मूर्ति होइन। जनकपुर नजिक भएको अकौरा गाउँको नाउँको मूल रूप हुनुपर्दछ अर्कपूर अर्थात सूर्य। अर्कपुर≥ अक्कउ ≥ अकौरा। सम्भव छ यहाँको अकौरा ठाकुर पोखरीको डिलमै सूर्यपूजक ज्ञानवल्कयको आश्रम थियो होला। सम्वत २०३४ सालमा प्रो. शिवेन्द्र लालले मलाई त्यस पोखरीको डिलम अकौरा ठाकुर भनेर एउटा अत्यन्त प्राचीन मूर्ति गोलाकार प्रभमण्डलको बीचमा एउटा देवस्वरूप भएको देखाउनु भएको थियो। सम्भवतः त्यो सूर्यमूर्ति थियो जुन आज त्यहाँ छैन।

मानदेवको पालामा वि.स. ५३८ मा गुहमित्रद्वारा स्थापित गराइएको उपत्यकाको सूर्यमूर्ति (हाल राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित) नक्साल धाराको -नेपाल सम्बत १७९ को सूर्यमूर्ति, नेपाल सम्बत १८५ (वि.स. ११२३) को पाटनमा स्थापित सूर्यमूर्ति, वाणदेवले ने.स. २०३ मा स्थापित गरेको सूर्यमूर्ति, पशुपति मन्दिरको दक्षिणपट्टी देखिने सूर्यमूर्ति, र यस्तै लिच्छविकाल, मध्यकाल, (मलकालमा उपत्यकाभरि स्थापित गराइएका सूर्य मूर्तिबट उपत्यकामा समेत सूर्य पूजाको परम्पराको प्रभाव वैशालीमा परेको र पछि लिच्छिविहरूसँगै त्यो परम्परा उपत्यका प्रवेश गरेको हुन पनि सम्भव छ।

लोकगीत :-

प्रायः संसारमा सबभन्दा बढी सांस्कारिक विधिहरू मिथिलामा पाइन्छन् र प्रत्येक विधिका लागि गीत र त्यसका राग सुनिश्चित छन्। संसारमा मैथिल जाति नै एउटा यस्तो जाति हो जो सङ्गीतमै हाँस्दछ, सङ्गीतमै रुन्छ, सङ्गीत मै बोल्छ। रोएको रागिनीबाट मात्र छुट्याउन सकिन्छ -यो मिलनको रूवाइ हो, विछोडको वा मृत्यु वा शोकको। मैथिली लोकगीतको सूची यसरी प्रस्तुत गर्न सकिन्छ।

धार्मिक गीत :- गोसाउनी (भगवती) गीत, नचारी, महेशवाणी, कीर्तन, पराती, साँझ, गङ्गाको गीत, शीतलाका गीत, बढमका गीत, गुरुका गीत, लोकदेवी देवताहरूका भगतह वा महराइ निर्गुण गीत।

संस्कार गीत

जन्म संस्कार : सोहर, दोहड, पुत्रलालसा, प्रसवपीडा, प्रसव, लोग्नेसित नसुत्ने किरिया, उल्लास, दान दहेज र अन्य खेलाओन आश्वासन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुन्डन संस्कार गीत : पितृका गीत, चुमाओन, मिनती, वटगवनी
उपनयन संस्कार गीत : बैसकट्टी, मडबठट्टी, मटिकोर भिखहरि आदि विविध आदि विविध अवसरमा

गाइने गीत

विवाह संस्कार गीत : कुमार, परिछन्, कोबर, उचती, योग, डहकन, उदासी, समदाउन, भूपाली, तिरहुत इत्यादि ।

मृत्यु संस्कार गीत :

ऋतु गीत :- फागु, चैतावर, वसन्त, पावस, झुला, मलार, बारहमासा, छमासा, चौमासा,

त्योहार गीत :- मधुश्रावणीका गीत, नागपञ्चमीका गीत, छठका गीत, तुसारीका गीत, बरिसाइतका गीत अन्य गीत

व्यवसाय गीत :- लगानी, गोदनागीत, चरखा गीत, चाँचर ।

शिशुगीत, क्रिडागीत :- अटकन मटकन, आइलोपाइलो, चारानुकी, इलौटिया, खिलौटिया, गोहि गोहि इयार इयार आदि

विविध गीत :- झिझिया गीत, झररी गीत, झुम्मरि नारी मुक्तिका गीत ।

यी गीतहरूमा मिथिलाको लोकजीवन आफ्नो सम्पूर्णकतामा अभिव्यक्त भएको छ । पारिवारिक जीवनमा देखिने प्रेमिका, पत्नी, माता, पिता, दिदी, बहिनी, भाउजू सासू, ससुरा, देवर, देवरानी, जेठ, जेठानी आदिको मान हुने पारस्परिक सम्बन्धको तिक्तता मधुरता, सामाजिक जीवनमा व्याप्त बहु विवाह, सती प्रथा, चेलीबेटी बेच्ने प्रथा, भाग्यबाद, दरिद्रता, माइतप्रेम, पतिद्वारा माइत प्रेमको बदख्बाँइ र माइतको चुत्थोपनबारे व्यङ्ग्य आदि सँगै मिथिलाको इतिहास, भूगोल, पशुपंक्षी प्रकृति मनोविज्ञान धार्मिकता आदिका चित्रहरू पनि यी मर्मबेधी गीतहरूले समेटेका छन् ।

प्रबन्धात्मक गीत :- मिथिला प्रबन्ध गीतहरूको अथाह भण्डार हो जसमा थोरै संकलित भएका छन् र अरू अनुसन्धानहरूको बाटो पर्खेर बसेको युगौ भइसक्यो केही संकलित प्रबन्धात्मक गीत हुन् :

१. कमला कोइला	२. राजा सल्हेस	३. दीनाभद्री
४. वंशीधर बाभन	५. गांगो	६. लवहरि कुशहरि
७. कारिख पजियार	८. अमर सिंह	९. जय सिंह
१०. गुगुलिया	११. दामोदर सिंह	१२ गोरैया
१३ सरबनिया गोआर	१४ बुलाकी गोप	१५ जिबाइ
१६ मनस गोप	१७ झगरू	१८ जङ्गली बादशाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९ रघुनाथ सिंह २० मीरा २१ मर्छुआ
२२ राजा ढोढन सिंह २३ वख्तौर सिंह
२४ नेवारको कथा
२५ रन्नु सरदार २६ हिरनी बिरनी २७ राजा अहेरी
२८ नैका बनिजारा २९ रमखेलिया ३० बिहुला
३१ कुँवर बृजभान ३२ गोपीचन्द ३३ भरथरी
३४ आल्हा ३५ सारंगा(सदाबृक्ष) ३६ विजय मल्ल
३७ लोरिकाइन ३८ शीत वसन्त आदि

यी प्रबन्ध गीतहरूलाई (क) प्रेम गाथा (ख) पराक्रम गाथा (ग) योग गाथा (घ) जादू गाथा (ङ) पौराणिक गाथा (च) अन्य गाथा गरी छ कोटिमा विभाजित गरिन्छ। सारंग सदावृक्ष, गांगो, राजा अहेरी, सोरठी जस्ता प्रेम गाथामा अपूर्व सुन्दरीलाई प्राप्त गर्न गरिएको साधना र युद्ध तिलस्मीपूर्ण र चमत्कारपूर्ण कथाहरू छन्। लोरिकायन, दीनभद्री, वंशीधर बाभन जस्ता पराक्रम गाथामा यी शुरहरूले प्रेम प्राप्ति मैत्रीको आदर्श रक्षा, दीन दुःखीको सहयोग आदिका लागि देखाउने पराक्रमको कथा पाइन्छ। गोपीचन्द, राजा भरथरी, जस्ता योगगाथामा पत्नी आशक्ति, धोखा, वैराग्य, रानीद्वारा वैरागी राजालई भिक्षादान आदिका विहवलकारी गाथाहरू छन्। लवहरि कुशहरि एउटा पौराणिक गाथाहीन। यसैगरी सर्पदंश, पूजापाठ, सहस्य रोमाञ्चलाई आधार बनाएर अन्य गाथाहरू पनि रचिएका छन्।

यी सबै गाथाहरूमा मानवीयता र अतिमानवीयता दूधपानीझैं मिसिएका छन्।

लोक कथा :- डा. जयकान्त मिश्रले मैथिली लोककथालाई आठ भागमा विभक्त गरेका छन्। ब्रतकथा, परी एवं रोमाञ्च कथा, भुत प्रेत तथा जादू-जादूगर्नी कथा, उपदेशात्मक कथा तथ्यात्मक कथा, बुद्धि - विनोद कथा, शिशु कथा, उपासना कथा, तथा स्थान सम्बन्धी कथा। अति मानवीय तत्त्वको चित्रण, मर्यादित श्रृङ्गार, सुखान्तता लोकमङ्गलको भाव, कौतुहलपूर्ण र स्वभाविक वर्णन शैलीका शिव पार्वती, विधि विधाता, देब्रे हातको कान्छी औंलामा अमृत हुनु, उडेने पतिब्रता स्त्री, सतित्त्वका लक्षण, प्रियतमा सित भेट्ने उपाय, आज्ञाकारी पति, सौतिनी आमा, दुतद्वारा दण्डित प्राणिको रक्षा, जादूको औंठी, आकास मार्गमा उड्ने अलौकिक शक्ति, रूप परिवर्तन, कामरूप-कामाख्य, ढुङ्गा बन्नु, अन्तर्ध्यान हुनु, दुई वा तीन वरदान, बाह वर्षको समय, सौता छोरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा सात रानी नाकका पोहरबाट सर्प निस्किनु, फुलबारीमा पोखरी, अमृतफल नौलखाहार, छाला काढेर नून चुक र भूस भर्नु, सन्तानको इच्छा, सन्तान प्राप्तीका लागि साधना, सन्तान प्राप्तिका विविध रूप, नरबलि, प्राण प्रवेश, प्राणको अन्यत्र स्थिति, पंक्षीको वार्तालाप, पंक्षीद्वारा मार्ग प्रदर्शन, भावी आपत्तिको सूचना, भावी विपद्को रूप, पुर्नजन्मका कथाको स्मृति, राजा भोज र विक्रमादित्य, बडकेशी रानी, सत्त गराउनु नाग नागिन, अनमोल कुरा, प्रिय वस्तुको वियोगमा प्राण त्याग, भार्तृ-प्रेम, बहिनीसँग दुर्व्यवहार, सच्चा मित्र, प्रजावत्सल राजा, चतुर सहयोगी मन्त्री, राजकुमारले शिकार खेल्नु, तील खाएको सोझो गर्नु, तोता मैना, मार्ग प्रदर्शन सुगा, स्याल पण्डित, बगुला भगत आदि यी कथाहरूमा पनि मानवीयता तथा अतिमानवीयताको सम्मिश्रण पाइन्छ ।

लोकनृत्य :- सल्हेस, गोपीचन, हिरनी, बिरनीको नाच, कमला काइला नाच, जट जटिन, सामा चकेबा, जालिम सिंह, विरहा, विदेशीया नाच, आदि मिथिलाका प्रसिद्ध लोकनाट्य तथा कीर्तनिया नाच, पूजा आरती नाच, डमरु नाच, भगत नाच, नरही नाच, मृदंग नाच, दुसाध नाच, कमला मैया नाच, पमरिया नाच, बक्खो नाच, झिझिया नाच, झरी झरी नाच, खजन चिरैया नाच, डम्फा वसुली नाच, विदापत नाच आदि प्रसिद्ध लोक नाच हुन ।

(क) लोक-गीतिनाट्य जट जटिन :- जट नायक हो र जटिन नायिका । अघि त जटिन प्रेमिका नै थिइन पछि विवाह गरेर स्वास्नी भइन् । अब जटले उनको स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउँछन्, जटिन नानीदेखिको बानीले गर्दा त्यसलाइए अस्वीकार गर्छिन । दिन बित्दै गएपछि जटको अतिशय प्रेमाशक्तिले गर्दा जटले जे भनेपनि उनी मान्ने हुन्छिन् । जट जटिनका माया प्रीति, विवाह, द्रव्यांजनका लागि जटको परदेश गमनको तयारी, जटिनको ठस्सा र विरोध जटद्वारा थरी-थरी गहना ल्याइदिने प्रलोभन, गहना नल्याएकोमा जटनको रिस, जटिन माइत जानु र जटले फेरि फकाएर ल्याउनु यो नै कथा वस्तु हो गीतको ।

सामान्यतया कुनै बालिका वा स्त्री नै जट जटिन बन्दछन् । जट जटिन चार पाँच हातको दूरिमा आमुन्ने सामुन्ने जुहारीमा झै उभिन्छन् । दुवै समूहमा छुट्टा छुट्टै, पाँच सात अन्य बालिका वा स्त्रीहरू पनि पंक्तिबद्ध उभिएका हुन्छन् । गीतात्मक कथोपकथन शैलीमा निहुरी निमुरी, हस्त संचालन गर्दै एक पक्षले प्रश्न गर्दछ, अर्कोले उत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्छ । जस्तै :

प्रश्नः लाबही पडतउ गे जटिनयाँ लाबही पडतउ गे
जहिना लिबतै धानक सिसबा लाबही पडतउ गे
उत्तरः नहिए लेबौरे जटबा नहिए लेबौरे
हमत बाबाके दुलारी बेटी अइठकऽ चलबौ रे

वैवाहिक जीवनका जटिलता पुरुषको अहङ्कार नारीको विवशता, नारीको आभूषण प्रियता प्रेमी प्रेमिकाको हास-परिहास, लोग्ने-स्वास्नीको घरेलु रोमान्स आदिको सुन्दर अभिव्यञ्जना प्रस्तुत गीतनाट्यको माध्यामले हुन्छ । के विश्वास गरिन्छ भने यस गीति नाट्यले प्रसन्न भएर वर्षा गराउनु हुन्छ । अभिनयको समाप्तिपछि स्वास्नीमान्छेहरू ओखलमा भ्यागुता हाली मूसलले कुट्छन् र त्यो कुच्याइएको भ्यागुतो कुनै मूखले वा झगडालु स्वास्नीमान्छेले जति गालीको वर्षा गर्छिन् । त्यत्तिकै झमझम पानी पर्ने विश्वास छ ।

(ख) सामा चकेबा :- यसको उल्लेख पद्म पुराणमा पाइन्छ । कार्तिक शुक्ल षष्ठीदेखि कार्तिक पूर्णेको रातसम्म खेलिने यस अभिनेयात्मक खेलका मुख्य स्त्री पात्र श्याम र मुख्य पात्र चकेबा हुन्छ । यसको अतिरिक्त चुगला, ढोलिया, भरिया, सतभौया, खडरिच, वनतितिर, झाँझी, कुकुर, भैया बटतकनी, कालिन, बृन्दावन, आदि हुन्छन् । सबै पात्र माटोले बनाइन्छन् । तर चुगिला माटो माटो र खरपतालले निर्मित हुन्छ । रातमा भोजनोपरान्त स्वास्नीमान्छेहरू एउटा सीकीको ढक्कीमा बल्दो दीप र यी आकृतिहरू सजाएर त्यो ढक्की टाउकोमा हाल्छन् र गीत गाउँदै घरबाट बाहिर निस्कन्छन् । छर-छिमेकका अन्य घरका स्त्री र बालिकाहरू पनि आ-आफ्ना सामचको लिएर गीत गाउँदै बाहिर निस्किन्छन् र कुनै चौबाटो पोखरी वा कुवाँको ब्रजमा जमा भएर, ढक्कीबाट सामाहरू झिकी तिनलाई दूवो खान दिन्छन् । गीत गाउँदै बृन्दावन र चुगिलामा आगो लगाउँछन् । वातावरणको गीतिमयता, उल्लासमयता ज्योतिर्मता अत्यन्त प्रभावकारी हुन्छ । आ-आफ्नो ढक्कीमा सामा सजाएर पुनःस्वास्नीमान्छेहरू घर फर्मिन्छन् । यो खेल प्रत्येक रात पूर्णिमासम्म चल्दछ र पूर्णिमाको रातमा सामालाई फुटाएर जोतिएको खेतमा विसर्जित गरिन्छ ।

स्कन्दपुराण अनुसार श्यामा-चकेबा पति-पत्नी थिए । श्यामाको पिताको नाउँ कृष्ण थियो र पतिको नाउँ चारूबक्र अर्थात चकेबा । कुनै दुष्टले गएर कृष्णलाई के चुक्ली लगाईदिए भने श्यामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै मुनिसित प्रेम गर्छिन्। कृष्णको श्रापले श्यामा चरो भइन्। बहिनीको यस रूपले दाजु शम्बलाई आन्तरिक कष्ट भयो। र कार्तिक पूर्णिमाको राती उनले बहिनीलाई यस कष्टबाट मुक्त गरे। यस नाट्यद्वारा एकातिर लोक जीवनको झलक पाइन्छ भने अर्को तिर यसको सम्बन्ध धार्मिक कथासित छ।

(ग) झिझिया :- आश्विन महिनामा दशैंको बेला झिझिया खेलिन्छ। मिथिलामा के विश्वास गरिन्छ भने दशैंमा धामी झाँक्री र बोक्सीहरू मन्त्र सिद्ध गर्दछन्। बोक्सीले कुनै अनिष्ट नगरोस भनेर झिझियाको आयोजना गरिन्छ। दिनमा केही स्वास्नीमान्छेहरूले माटोको घैंटामा मसिना मसिना सहस्र सहस्र प्वाल पार्दछन्। राती ती घैंटामा दीप (टुकी) राखिन्छ। कुनै दक्ष लोक नर्तकी टाउकोमा कपडा बेह्रेर बनाइएको बाटुलो गेरुली राखी त्यसमाथी एउटामथि अर्को घैंटा हाली अगाडि अगाडी हिड्छिन् र अन्य स्वास्नी मानिस त्यसको पछाडि पछाडि हस्त संचालन, अभिनय, र नृत्य गर्दै गीत गाउँदै हिड्छन्। कुनै कुनै स्त्रीले आठ-आठ, दश-दश घैंटा टाउकोमा हालेर नाच्छन्। नर्तकीको नृत्य गति क्षिप्रतर होस् भनेर के विश्वास फैलाइएको छ भने बोक्सीले प्वाल गन्न सकी भने नर्तक मर्छिन्।

"अहिबातक पातिल" जस्तै झिझियाको घैंटाको पनि प्रतिकात्मक अर्थ छ। माटोको घैंटा अर्थात् माटोको कायामा आत्मा निष्कम्प दीप शिखा झैं प्रदीप्त छ, जसको दीप्ति प्रत्येक प्वाल अर्थात रोम-रोमबाट उद्भासित हुन्छ। प्रत्येक घरबाट तेल मागी झिझियाको दीपलाई उदीप्त गरिन्छ अर्थात आत्माको उर्ध्वीकरणका लागि परिवेशको सहयोग अनिवार्य शर्त हो।

केही प्रमुख संस्कार

(क) जन्म संस्कार :- गर्भिणी नारीले प्रसव पीडाको अनुभव गरेपछि सुत्केरी घर (सोइरी) मा उनलाई नयाँ बस्त्र, सिन्दूर, गाजलले श्रृङ्गार गरी लगिन्छ। सोइरी घरको ढोकामा फुटेको घैंटा, निम र जामुनका हाँगाहरू, जुत्ता झुण्ड्याउँछन्। ढोकामा दुवैतिर गुँइठा बालिएको हुन्छ। भित्र सफा सुग्घर हुन्छ। घरलाई घरका स्वास्नी मानिसहरूले कहिल्यै खाली छोडदैनन्; किनभने जौंआ (एउटा अदृश्य कल्पित प्राणघातक जीव) ले छुने भय हुन्छ। संभतः यो टिटनेसलाई भनिएको होला र संक्रमणको भयले सावधानी राखिएको होला। सुत्केरी नवजात शिशु छ दिन सम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै घरमा बस्छन्। छैंठीका दिन (छैंठो दिन) प्रसविनीको माइतबाट पीरीक भार (पहेंलो कोसेली) आउँछ र यसमा पहेंलो वस्त्र, आभूषण। सँगै पौष्टिक सुस्वाद भोजन हुन्छन्। पीरीक भारको माध्यमले माइतीले हर्षेल्लासको अभिव्यक्तिसँगै प्रसविनीको स्वास्थ्यलाई पनि जान राखेको हुन्छन्। यस दिन सुत्केरीलाई स्नान गराइन्छ। गोबरको ब्रह्मा बनाइन्छ र ब्रह्माको अघिल्तिर पिर्का राखिन्छ, जसमाथि सादा कागत बाँसको कलम राखिन्छ, सीपीमा रातो मसी राखिएको हुन्छ। त्यहाँ दिया पनि बालिएको हुन्छ। छारी पाइएको भए त्यहाँ पाँच ठाउँमा धान पिर्का अगाडि राखिन्छ। त्यहाँ सामुन्नेको पर्खालमा पिठारले पोतिएको भागमा पाँच ठाउँमा सिन्दूर र गाजलको धर्को सुत्केरीले कोर्छन्। पहेंलो कपडामा बच्चालाई बेही ब्रह्मा अगाडि राखिन्छ। बच्चाको भाग्य राम्रो लेख्न आमाले ब्रह्मालाई प्रार्थना गर्छिन्। यसबेला बच्चा रोयो भने शुभ मानिन्छ र प्रायश्चित गरेको ठहर्छ। बच्चा लिएर उठिसकेपछि सुत्केरीको ढाड सेकिन्छ राइ र जुवानोले ब्रह्माको अगाडि राखिएको माछा पाँच प्रकारको पकोडा आदिको भोजन सुत्केरीले गर्छिन्।

पिठारमा पाँच ठाउँमा सिन्दूर गाजलको धर्को कोर्नुको प्रतीकात्मक अर्थ हो पञ्चतत्त्वले यो जीवन सत् (पिठार), रज (सिन्दूर) र गाजल (तम) को समन्वय भएपनि यसको आधार सत् अर्थात सात्विकता हुनुपर्दछ।

यी विधिहरू सामूहिक सोहर खेलावनका सामूहिक सङ्गीतले अनुगुंजित वातावरणमा सम्पन्न हुन्छन्। त्यसपछि आमन्त्रित व्यक्तिहरूलाई अनिवार्य रूपले माछा भात र ऐच्छिक रूपले अन्य सामग्रीहरू भोजन गराउने चलन छ।

(ख) मुण्डन :- प्राचीन कालदेखि नै आर्यावर्तमा प्रचलित यस संस्कारको स्वरूप मिथिलामा विशिष्ट छ मुण्डनका दुई किसिम छन्। मिथिलामा जगमूडन र गनोरा मूडन। जगमुण्डन जगत्भरिका मानिसलाई आमन्त्रित गरेर गरिन्छ र गनोरामुण्डन लुकी छिपी खर्च बचाउनलाई। जगमुण्डनको आरम्भ उदयोगदेखि हुन्छ। यस दिन बरूआ (मुण्डन गरिने बटुक) का सबै पुराना आभूषण निकालेर राखिन्छ। पुरै टोलका स्त्री, पुरुष, इष्ट-मित्र, नाता-कुटुम्बलाई आमन्त्रित गरिन्छ। देव पितर र ऋषिका स्तुति गीत गाएर स्वास्नी मानिसहरूले बरूआलाई बेसार, चन्दन, लगाएर पसाहनि (उच्चारण पसाहइा) गरिन्छ। उदयोगको दिनदेखि मुण्डनको दिन सम्म साँझमा बरूआको पसाहनि भै रहन्छ, पुरुषहरूलाई पान सुपाडी दिने र नारीलाई तेल सिन्दूर लगाइदिने गरिन्छ। मुण्डनको दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिले कुल देवताको पूजा हुन्छ, फेरि ब्रह्माको अन्तमा कैंचीले हजाम कपाल काट्दछ। केश कुनै बूढी हजुरआमा, आमा, दिदी, फुपू वा काकीले आफ्नो आँचलमा हाल्न लगाउँछिन् र त्यसलाई शुभ घडीमा जल वा बाँसघारीमा विसजिर्त गर्छिन्। कपाल कटाए पछि बरूआलाई स्नान गराईन्छ, नयाँ बस्त्राभूषणले शृङ्गार गरिन्छ र चुमौन हुन्छ। त्यसपछि बरूआले भगवतीलाई आफूभन्दा मान्यलाई ढोग्दछ। चुमौनगीत, मिनती, बटगवनी यस अवसरका गीत हुन्।

(ग) उपनयन :- उपनयनमा बटुकलाई ब्रह्मचारी भनिन्छ। स्नान गरेर ब्रह्मचारीले मृगचर्म, मूंज, र कोपीन, पलाशदण्ड, मेघडम्बर, (बाँसको कप्टेरोले बनेको छाता) खडाउ, धारण गर्दछ। प्राचीन ब्रह्मचार्य आश्रममा भएको कुटीका प्रतीक मण्डप बनाइएको हुन्छ। आँगनमा जसमा सामान्यतया मामा, काका, आचार्यरूपमा प्रतिष्ठत हुन्छन्। जसले बैदिक विधिद्वारा ब्रह्मसूत (जनै) ग्रहण गर्ने विधि सम्पन्न गर्छन्।

उपनयन संस्कारको आरम्भ पनि उदोग (उद्योग) को शुभ दिनदेखि हुन्छ। यस दिन बरूआले पाँचवटा बाँसमा पिठार र सिन्दूर लगाउँछन्। ती बाँसहरू सँगै अन्य बाँसलाई पनि काटेर मण्डपको लागि छुट्याइन्छ। शुभ दिनमा मण्डप तैयार हुन्छ। कुनै मांगलिक मुहूर्तमा बरूआलाई साथमा लिई बरूआको कपाल आँचलमा लिने संभावित स्त्री एवं अन्द्यय ऐभातीस्त्रीहरू मांगलिक गीत गाउँदै कुनै तलाउबाट माटो ल्याउँछन, जसबाट उपनयनको लागी चूल्हो बनाइन्छ। यसलाई माटिमंगर भनिन्छ। एक दुई दिनपछि केही स्वास्नी मानिसहरू मिलेर चर्खा काट्छन्। जसलाई चरखकट्टी भनिन्छ। यसैबाट तयार सूतलाई उपनयनका दिन जनैको रूपमा बरूआले धारण गर्दछ। उपनयन भन्दा दुई दिनपूर्व कुलदेवी समक्ष केही हँसिया राखिन्छ जसले भोलिपल्ट खसिको बलि दिइन्छ। बलि प्रदानकै दिन सूर्य अवसानको बेलामा स्त्रीहरू बरूआलाई लिएर कुनै तलाउमा जान्छन् र नाङ्गलो लिएर त्यसलाई नुहाउँछन्। स्नानपछि बरूआले माटोका भाडा, रत्न इत्यादि वस्तु उत्सर्ग गर्दछ। यस विधिलाई कुमरम भनिन्छ। यस दिन कुनै स्त्रीले नयाँ चूल्होमा पितरलाई प्रसन्न तुल्याउन भात, दाल, कढी, बडी, आदि तयार गरी एक ठाउँमा राखिदिन्छन्। उपनयनका दिन हुने यज्ञ, हवन, भिक्षा, दान आदि विधिले पटक पटक प्राचीन आश्रमको स्मरण गराउँछ। अन्त्यमा छुराले कपाल काटिन्छ बरूआले स्नान र नव वस्त्राभूषण धारण गरेपछि चुमौन र दूर्वाक्षत हुन्छ। त्यसपछि कुलदेवी, ब्रह्म, मान्यजनहरूलाई ढोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बरूआले आशीर्वाद प्राप्त गर्दछ। उपनयनको चौथो दिन केही लौकिक कर्म हुन्छन्। जसलाई रातिम भनिन्छ। बँसकट्टी, मण्डप, माटिमंगर, चरखकट्टी, भिखहरि, चुमौन मिनती साँझ गोसाउनी ताथा ब्रह्म हनुमान, पितर आदिको पूजा आदि तथा सबै विधिका गीतहरू छन्।

घ. विवाह संस्कार : विवाहको श्री गणेश सिद्धान्तदेखि हुन्छ। पञ्जिव्यवस्था अनुसार पञ्जिकारले वर एवं कन्यापक्षका सात पुस्तासम्मको रक्तसम्बन्धमा विचार गरी कुनै सम्बन्ध नठहरेमा तार-पत्रमा लेखेर एउटा आयोजन बीच, बर - कन्या दुवै पक्षका नाता कुटुम्ब एवं इष्ट मित्रका बीच, सबैको सहमतिपूर्वक आफ्नो स्वीकृति दिन्छ, जसलाई सिद्धान्त भनिन्छ। सिद्धान्तपछि विवाहको दिन दुवै पक्षका अभिभावकले निश्चित गर्छन् र कन्या पक्षले वरपक्षकहाँ कट (विवाहको तिथि निर्धारित गरेको प्रस्ताव) पठाउँछ जसलाई वरपक्षले लिखित स्वीकृति दिन्छ। मिथिलाक्षरमा लेखिएको सो कट र स्वीकृतिपत्रलाई कुलदेवी वा कुलदेवताको अगाडि राखिन्छ। सिद्धान्तको दिनदेखि विवाहसम्म वर कन्याको पसाहनि हुन्छ जसमा परिवारका स्त्रीहरूसँगै अन्य स्त्रीहरूले बेसार तेल आदिले बनेको अपटन कुमार गीत गाँउदै कन्या र वरलाई आ-आफ्नो घरमा लगाउने गर्छन्।

विवाहमा वर र कन्या पक्षका भिन्दाभिन्दै विधिहरू पनि हुन्छन्। वर जब पहिले पहिले विवाहको लागि कन्याको ढोकामा पुग्दछ उनलाई नारी एवं किशोरीहरूले केही प्रश्न सोध्दछन्। र गृहस्थ जीवनमा काम लाग्ने पिठो आदि चिनाउँछन्। एउटी नारीले पानको पातले नाक समातेर भित्र आङनतिर डोऱ्याउँछिन्। तात्पर्य छ, ब्रह्मचर्याश्रममा वरले प्राणयामको अभ्यास गरेको छ वा छैन त्यसको परीक्षा गर्नु। यस अवसरमा उनको ब्रह्मचर्य ब्रतमा परिपक्वता तथा गृहस्थ जीवनको तयारीको परीक्षणका लागि विधिहरू राखिएका हुनाले समग्रतामा यी विधिलाई परिछन् अर्थात परीक्षण भनिन्छ। यसै अवस्थामा सालोले घाँटीमा दोपटा (दोपट्टा) हालेर उनलाई बिस्तारै आङनतिर डोऱ्याएका हुन्छन्। आँगनमा बेहुलालाई विवाह मण्डप तीन पटक घुमाइन्छ। एउटा माटोको भाँडो लिएर सालो अगाडि अगाडि कुद्दै जान्छ, बेहुलाले छिटो छिटो कुद्दै त्यस भाँडोलाई छुदै मण्डपको चारैतिर कुद्दै जानुपर्छ। यसरी बेहुलाको स्वास्थ्यपरीक्षण पनि हुन्छ। त्यस पछि नैना जोगिन कोहबरमा हुन्छ। कोहवर घरमा चार वटा किशोरीहरू बाँसको कप्टेरोले बनेको सानो नाङ्लो (कनसुपती) लिएर उभिएका हुन्छन्। दूल्हा चारैतिर जान्छन्। किशोरीहरू प्रश्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छन् –कहाँबाट आउनु भयो ? दूल्हाले भन्नुपर्छ–कामरूप कामख्याबाट । सालीहरू सँगै भावी दुल्ही पनि बसेकी हुन्छिन् । बेहुलाले आँपको पल्लव लिएर आफ्नी भावी पत्नीलाई अङ्कलले छुनुपर्ने हुन्छ , जसमा सामान्यतया धोका खाएपछि अट्टहास गुञ्जिन्छ । धोको खाएपछि उफ्रिएर सालीले मुखमा दही पोत्छिन् । त्यसपछि अठोङ्गर कुट्ने (आठजना मिलेर ओखलमा राखेको सुपारी कुट्ने) बेहुली सँगै विवाह मण्डपमा बस्ने , नहछु –बेहुलीको औंला काटी झिकिएको रगत रूवामा लगाएर (राख्ने) गोत्राध्याय , कन्यादान, सिन्दूरदान, आदि विधिहरू हुन्छन् । विवाहका प्रमुख विधि हुन्: परिछन, आम–महुआ विवाह, नैना–जोगिन, कन्या निरीक्षण, मातृका पूजन, कान लाग्नु, गोत्राध्याय, अठोंगर, गेठ–बन्धन, सिन्दूरदान, बेदी घुम्नु, लावा भुटुनु, लावा छर्नु, महुअक, पटिया फाल्नु, कोहबर, गौरी पूजन, जुट्टी खोलाई, अप्रटन लगाउनु, कंगन खोलाई, चतुर्थी, दही खाने पान हरीर खाने, दहनही, घसकट्टी ।

विवाहको चौथो दिन चतुर्थी हुन्छ । परम्परा अनुसार यो रात वर कन्याको मिलनको पहिलो रात हो । यस दिन शास्त्रीय र लौकिक दुवै थरीका विधिहरू हुन्छन् । यसदिन वरकहाँबाट बधूको घरमा कपडा, मिठाई, दही, चामल, आभूषण, आदिका कोसेली आउँछन् । विवाहदेख चारदिनसम्म वरबधूको नित्य महुअक (मधुपर्क) हुन्छ । महुअक ससुरालीरोमान्सको एउटा सुमधुर विधि हो, जसमा सालीले खीर मिष्ठान्न आदिको थालिया माथिमाथि उठाउँछन् र बेहुलीसँग सखीहरूको माझमा बसेको बेहुलाले लुछ्ने प्रयास गर्दछ । यस लुछालुछमा सहस्र सहस्र कुमारी कन्याका कोमल, उन्मादक अङ्गहरूको स्पर्शले बेहुलाले मादकताको अनुभव गर्छन् । द्विरागमनपछि बेहुली घर आएपछि कलश भर्ने, पचीसी (पासा जस्तो खेल) खेल्ने, बेहुला बेहुलीलाई पालकीबाट ओराल्ने, बेसार पिंध्ने, माछा बनाउने खोइछा भर्ने मुख देखाइ, भँडफोडी, चतुर्थी आदि विधिहरू हुन्छन् ।

वरपक्ष र कन्या पक्ष दुवैमा समान रूपले हुने आम–महुआको विवाहको अर्थ स्पष्ट छ जुन प्रणय सम्बन्धमा अमृतोपम फल आँपको मधुरतासँग महुआको विस्मृतिदायक नशा हुँदैन त्यो मात्र सतही शारीरिक सम्मिलन भन्दा बढी केही हुँदैन ।

पञ्जी – व्यवस्था : मिथिलामा ६०० वर्षभन्दा बढीदेखि पञ्जी व्यवस्था छ । सन् १२४८ देखि यो व्यवस्था निरन्तर रूपमा चल्दै आएपनि यो प्रथा सातौं शताब्दीदेखि प्रचलनमा रहेको कुरा मीमांसा सूत्रको वर्तिकाको अध्ययनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पष्ट हुन्छ । राजा हरिसिंह देवले आफ्ना मन्त्री सूर्यकरको सहयोगले यस व्यवस्थालाई पुनर्जीवित र सुसङ्गठित गरे । यसै व्यवस्थाअनुरूप मिथिलामा बंश परम्पराको सूचि राख्ने चलन अहिलेसम्म चल्दै आएको छ । यो सूची वा रजिष्टर सुरक्षित राख्ने दायित्व बोकेको व्यक्तिलाई पञ्जिकार भनिन्छ । त्यसैले कन्या र वरको विवाह ग्राह्य हुने-नहुने कुराको निर्णय यसै रजिष्टरमा सुरक्षित वंशज-क्रमको आधारमा दिने गर्दछन् । यसको उद्देश्य मैथिल ब्राह्मण तथा कर्ण कायस्थहरूको समाजलाई अग्राह्य विवाह (सगोत्रीय, एकमूलीय र सात पुस्ताभित्रको रक्त सम्बन्ध) विरुद्ध सतर्कता राख्नु हो ।

मिथिला चित्रकलाको प्रतीकात्मकता

जातीय जीवनमा संस्कारको रूपमा अन्तर्निहित सहज पारम्परिक मूल्को व्यावहारिक परिणतिको विशिष्ट रीतिलाई संस्कृति भनिन्छ । साँस्कुतिक श्रेष्ठताको निर्धाण मूलतः जातीय जीवनमा अन्तर्निहित ती मूल्यको श्रेष्टताको आधारमा नै गरिनुपर्दछ । श्रेष्ठतम जीवनमूल्यद्वारा निर्मित जातीय संस्कारको अभिव्यक्तिले गर्दा नै मिथिलाको संस्कृति विश्वको अतुलनीय संस्कृति हुन पुगेको छ ।

मिथिला संस्कृतिको मोहकतम र श्रेष्ठतम रूप त्यस जीवन दर्शनको पूर्ण उन्मेषमा देखिन्छ जसमा आध्यात्मिक र भौतिक, ऐन्द्रिकता तथा अतीन्द्रयता बीच विस्मयकर समन्वय स्थापित हुन्छ । संसारका अनेक दर्शन संसारलाई माया, सारहीन वा अफलातूनका शब्दमा सत्यको छायाँ मान्दछन् । सेमेटिक संस्कृतिको गर्भबाट उत्पन्न अनेक संस्कृति (खास गरी प्राचीन इसाइ मत) संसारलाई सारहीन ठान्दछ । टी. ई. लारेन्सका शब्दमा-सेमेटिक सभ्यताको जगमा (यस सभ्यताको जय वा पराजय जे भएपनि) सदैव के धारणा रहेको थियो भने संसारको चिन्तन छुचो कुरो हो । चारवाक् र मार्क्स प्रभृति अनेक भौतिकतावादी दार्शनिक भौतिक यथार्थलाई नै चरम सत्य ठान्दछन् । मिथिला आज हजारौं वर्षदेखि आध्यात्मिकता र भौतिकताको माझ सुन्दर सन्तुलनको सन्देश आफ्नो संस्कृति किंवा जीवन- पद्धतिको माध्यमाले दिंदै आएको छ । मैथिल संस्कृतिको यात्रा रंगमयतादेखि रंगहीनतासम्मको अर्थात् चेतनाको चरम उन्मेष वा परम सत्यको प्राप्तिसम्मको छ ।

यहाँ एक दुई उदाहरण प्रस्तुत गरिन्छ ।

हाम्रो जीवनका प्रायः मधुरतम क्षण ती हुन् जब हामी बेहुला वा बेहुलीसँग कोहबर घर(केलिगृह) मा पहिलो पटक हुन्छौ । भित्तामा एकातिर कोहबर चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । कुनामा नैना-जोगिन, कतै बाँस, कतै बेहुला-बेहुलीका चित्र छन् । चानका डाला, ठक-बक, दिप्पो राखिएका छन् । अहिबातक पातिल भित्र दीप बल्दैछ र अहिबातक पातिल वा प्वालबाट निस्किएर प्रकाश कोठाभरि विकीर्ण हुँदैछ । सम्पूर्ण परिवेश गुलाफी, रूमानी र विस्तारै उत्तेजक हुँदै जान्छ । अहिबातक पातिलबाट छानिएर आउने गुलाफीगुलाफी, ऐन्द्रजालिक ज्योति, गाढा रातो रंगमा रंगिएको धोती, दोपट्टा र बेहुलीको रातो पटोरबाट आउने सिन्दूर, सुगन्धित तेल, इत्र, आदिको उत्तेजक गन्ध कोहबर चित्रमा सङ्केत कछुवा संभोगको, माछा योनिको, हात्ती नारी-योनि र समृद्धिको प्रतीक चित्रहरू-दिप्पोको दीपले प्रकाश दिनछ.....ठक-बकको मूर्ति देख्दा हाँसो उठ्छ । तर कोहबरमा राखिने प्रत्येक उपादानले कसरी क्रमशः चेतनालई ऐन्द्रिक सुखबाट अतिन्द्रीय लोकको चरम सत्यतिर डोऱ्याउँदछ र काम-सेक्स कसरी कुनै अमर अध्यात्मिक आभाले दिप्त हुन जान्छ, त्यसमा विचार गरियोस् । एक-एक वस्तुलाई नियाल्नुहोस् । अहिबातक पातिलबाट उठ्ने प्रकाशले मात्र रूमानी परिवेशको सिर्जना नगरी चेतनालाई उर्ध्वमुखी बनाउने कुँडलिनीलाई जाग्रत गर्ने, सङ्केत दिन्छ, जसको लागि पूर्ण आयोजन यस प्रकोष्ठमा छ । इन्द्रिएको त्यो भाग आत्मा हो जसलाई इन्द्रियले पक्रन सकिन्न । आत्माको त्यो भाग जसलाई पक्रन सकिन्छ इन्द्रिय हो । एउटै केन्द्रबाट निःसृत भएको उर्जा उर्ध्वमुखी भएपछि कुँडलिनी सहस्रारतिर गमन गर्दछ, निम्नगामी भएपछि संभोगसम्म सीमित हुन्छ । तन्त्रमा संभोगद्वारा निःसृत उर्जालाई उर्ध्वमुखी बनाइन्छ । जुन केन्द्रबाट यो उर्जा निसृत हुन्छ त्यहाँ श्वास-प्रश्वासको तीब्र आघात गरिन्छ । त्यसैले अध्यात्मिक साधनामा स्वास प्रश्वासको ज्यादै महत्त्व प्रदान गरिएको छ । यौन क्रियामा जब श्वास प्रश्वासको गति सहज आनन्दप्लावनमा अनुकम्पित हुन्छ र रोम-रोम कदम्ब -कंटकित हुन्छन्, एउटा साहै उपयुक्त बेला हुन्छ जब तपाँइभित्र घट्ने घटनाहरूको प्रसङ्गमा तपाई आफूसित प्रश्न गर्नुहोस्-यो के, कसरी, किन घटित भइरहेको छ ? तपाइभित्र एउटा विस्मय, अचंभाको भाव हुनु आवश्यक छ । प्रिय-प्रियाका लागि युगनद्ध अवस्थामा आफूसित यो प्रश्न गर्ने सम्झना ठक-बकले कोहबरमा दिलाएको हुन्छ । मैथिलीमा एउटा शब्द छ-ठकुआएल बकुआएल जसको अर्थ हुन्छ विस्मित वा अवाक् । यो विस्मय वा अवाकता विवाइल्डरमेन्ट र यस्ता प्रश्नहरू संभोगकालीन अवस्थामा आफैसित गर्दा महान् आध्यात्मिक क्रान्ति घटित हुने सम्भावनाको उल्लेख तान्त्रिक साहित्यमा पाइन्छ । दिप्पो (एक किसिमको पानस) ले पनि चेतनाको दीपशिखालाई उर्ध्वगामी बनाउने सङ्केत गर्दछ । कोहबर चित्र यस संस्कृतिको सर्वाधिक महत्त्वपूर्ण चित्र हो जसमा अंकित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग (फालस) र योनिका चित्रको श्रृंगारिक र तान्त्रिक महत्त्व त छ नै सँगै यसले मिथिला क्षेत्रमा आर्यहरूको आगमन भन्दा पूर्व रहेका अनार्यहरूको त्यस परम्परासँग आफ्नो शैव वा तान्त्रिक परम्परालाई जोर्दछ , जसमा भग र शिश्नको पूजा प्रचलित थियो। यस दृष्टिले मैथिल चित्रकलाको इतिहास आर्यहरूको आगमन भन्दा पूर्वसम्म अविच्छिन्न रूपले चलेको देखिन्छ। अस्तु। यो कोहबर चित्र नव-ग्रह शान्तिको लागि त कोरिएको छ नै, सँगै सूर्य-चन्द्र, ग्रह-उपग्रहका चित्रसँगै कछुवा, माछा, बिच्छी आदिका चित्र उपस्थित गरेर यसले एक कोषीय जीवनको उत्पत्तिदेखि बहुकोषीय जीवनको उत्पत्ति कथा सुनाइ आधुनिक कालमा डार्विनद्वारा प्रस्तुत विकासवादको सिद्धान्त - इवोल्यूसनरी थ्योरी - लाई पनि रूपायित गरेको हुन्छ। सृष्टिको उत्पत्तिको बारेमा साँख्य दर्शनमा प्रतिपादित सञ्चर-प्रतिसंचर सिद्धान्तको व्याख्याको लागि पनि यस कोहबर-चित्रले-शसक्त आधार प्रस्तुत गर्दछ। मिथिलाको ग्राम्य - जीवनमा बाँस-घारी र बाँसको लिङ्गोको धेरै महत्त्व छ। कोहबरमा पारम्परिक रूपमा बाँसघारीको जुन चित्र कोरिएको छ, त्यसको निम्न भागमा योनिका प्रतीक पनि छन् र दुवै मिलेर संभोगद्वारा प्रजनन वा वंशबृद्धिको सङ्केत गर्दछन्-पुत्रार्थे क्रियते भार्या। तर, त्यसको टुप्पोमा बसेको छ सुगा। सुगालाई मैथिल संस्कृतिका व्याख्याताहरूले कहिले प्रेम त कहिले गुरुका प्रतीक मानेका छन्। तर, यो आत्माको प्रतीक हो। गाउँ-घरमा अहिले पनि सुगालाई आत्माराम भनिन्छ। अर्थात् यस सिङ्गो चित्रको तात्पर्य देखियो - संभोग अथवा ऐन्द्रिक सुखमा लिप्त होउ, तर आत्मा त्यसभन्दा माथि साक्षीभावमा अवस्थित होस्। आत्मालाई साक्षीभावमा राख्ने परम्परा मिथिलाको रक्तमा छ। मुण्डनकोउपनिषद्मा भनिएको छ।

समान वृक्षे पुरुषो निमग्नो नीशया शोचति मुह्यमानः।
जुर्ष्ट यदा पश्यत्यन्यन्मीशमस्य महिमानमिति वीत शोकाः।

अर्थात् आत्मा एउटा चरो हो जो एउटा साझा रुखमा बसेको छ। त्यो ब्रह्म होइन, त्यसैले चकित र दुःखी छ तर जब त्यसले देख्छ-अपर प्रिय ब्रह्मको महानता त्यसकै महानता हो, त्यसको पीडा तिरोहित हुन जान्छ। आर्यावर्तमा मात्र होइन, आर्यावर्त भन्दा बाहिर पनि अनेक मुलुकमा सृष्टिको तुलना यस्तो बृक्षसित गरिएको छ। ऋग्वेद् सृष्टिको तुलना यस्तो बुक्षसित गर्दछ, जसले अर्का धर्ती बद्ध छन् - क उस वृक्षः आस यतो द्यावा पृथ्वी निष्ठातक्षुः। श्वेताश्वेतर उपनिषदले भन्छ वृक्ष इवस्तन्धो दिवि तितष्ठत्येकत्तेनेदं पुरुषेण सर्वमां। कठोपनिषद् भन्छ-उर्ध्वमूलो वाक्शाख एशोश्वत्यःसनातन। गीताको उद्घोषण छ - उर्ध्वमूलमथः शावश्मश्वत्थं प्राहुख्याम्...। यस प्रकारले अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँमा सृष्टिलाई बुक्ष र आत्मालाई भोक्ता एवं साक्षी चरा भनिएको छ। सम्पूर्ण हिन्दू दर्शन, गीता, अष्टावक्रगीता, आदिको सार नै आत्मालाई साक्षी भावमा राख्ने उपदेश हो। साक्षी भावलाई उपलब्ध हुनाले नै मिथिलाका जनक राजाहरू विदेह भनिएका थिए र यस भूमिलाई विदेह भूमि भनियो।

के जानी कुनै चिन्तनशील र सहृदयी व्यक्ति-विस्मय-विमुग्ध हुन सक्दछ भने मिथिला लोक चित्रकलामा जुन प्रतीकहरूको चयन गहन चिन्तन-मननपूर्वक गरिएको छ, ती सबै आध्यात्मिकता र भौतिकतावादको समन्वयदर्शनका नै अभिव्यक्ति छन्। यथा, हात्ती एकातिर नारी योनिको र अर्कोतिर समृद्धिको र भगवान गणेशको, घोडा एकातिर पौरूषको अर्कोतिर सूर्यको, माछा एकातिर प्रजनन शक्तिको अर्कोतिर मत्स्यावतार विष्णुको, कछुवा एकातिर सहवासप्रक्रियाको अर्कोतिर कच्छपावतार विष्णुको, कमलको फूल एकातिर नारी-देहको कोमलताको अर्कोतिर लक्ष्मीको प्रतीक भएर आएका छन्। यसैगरी प्रत्येक प्रतीकमा लौकिकतार अलौकिकताको मधुमय समन्वय पाइन्छ। मिथिलाको संस्कृतिले शैव, शक्ति एवं वैष्णव परम्पराको समन्वित रूप स्मार्त परम्पराको इतिहासको झलक पनि दिन्छ। यस संस्कृतिमाथि परेको बौद्ध र इस्लामी संस्कृतिलाई अस्वीकार गर्न सकिन्न र यस दृष्टिले यसको सांस्कृतिक समन्वयको उदारताको तारिफ पनि गर्नुपर्छ तर मूलतः तन्त्रपीठ रहेको हुनाले यस संस्कृतिको गौरवविन्दु प्राण रूपमा त्यस ठाउँमा मात्र अवस्थित छ जहाँ वृति (इन्स्टिक्ट) को पूर्ण अंगिकारद्वारा चरम सत्य साधित एवं अनुभूत हुन जान्छ - या देवि सर्व भूतेषु वृति रूपेण संस्थिता, नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः। लोक चित्रका बोर्डर किनाराहरूमा झिटुकी र पनियागर हाँल्ने व्यवस्था पनि तान्त्रिक प्रतीकसँगै जीवन उर्जा (लाइफ कोर्स) को सङ्केत उपस्थि गर्ने व्यवस्था हो। अष्टदल, कुसुमपसार, चौशांख, चौपड, पुरइन-पात, द्विपदाआदि अनेक अनेक प्रकारका अल्पना चित्रकरू (भूमिमा चामलको रंगले बनाइने चित्र) मा शास्त्र निरूपित तान्त्रिक यन्त्रहरूको जसरी प्रयोग भएको छ, त्यसको व्याख्या यस छोटो निबन्धमा असम्भव छ। मात्र देवोत्थान एकादशीमा बनाइने अल्पना -चित्रमा जुन श्री मन्त्रसँगै ऊँ र डाढु पन्यू, खडाउँ आदि कोरिन्छ त्यसबाट पनि लौकिक जीवन र अलौकिक जीवनमा समरसताको दर्शन प्रति मिथिलाको आस्था अभिव्यक्त भएको छ। यो अल्पना-चित्र पिठारले कोरिन्छ। पिठार अरबा चामलको गेडालाई पानीमा भिजाएर, पिंधी लेप बनाई, तयार गरिन्छ। पिठारको प्रयोग अत्यधिक हुन्छ यस संस्कृतिमा। पिठार अक्षतबाट बन्दछ। अक्षत अर्थात जसको क्षति नहोस अमृत तत्त्व, अखण्ड तत्त्व, परम ब्रह्म। वेदमा पनि अन्नलाई ब्रह्म भनिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। पानी अर्थात जीवनसँग एकाकार हुन्छ यो ब्रह्म तत्त्व अनि बन्दछन् अल्पनाका रूपमा ऋद्धि-सिद्धि दायक शुभ्र यन्त्रहरू। शुभ्र श्वेत रंग संसारको सबै रङ्गलाई एकै ठाउँमा मिसाउनु होस् श्वेत रंग तयार हुन्छ। स्मरण रहोस मिथिलाको संस्कृति रंगमयतादेखि रंगहीनताको, किंवा चरम चेतनाको परम दशा, चरम ज्ञानसम्मको यात्रा हो। श्वेत रंग बुद्धत्वको रङ्ग हो। जीवनमा सम्पूर्ण रंग भरेर संस्कृतिले हामीलाई त्यहाँ पुऱ्याउँछ जहाँ रंगहीनता किंवा चरम चेतनाको प्रकाश छ प्रवृति जसले निबृतिलाई उपलब्ध गराईदिन्छ अथवा एकाकार हुन जान्छ पिठारबाट अल्पना-चित्रका रूपमा बनेका यी तान्त्रिक यन्त्रहरू कति सार्थक छन्।

सङ्गीत - कला

भनिन्छ - मिथिलाको आफ्नै "संङ्गीत, घरानाहरू" (Mithila School of music) थिए। जस्तै- मोरङ घराना, पुरादित्यदरबार घरान, मल्लदरबार घराना, पनिचोभ घराना, बेतिया घराना, आदि। "चर्यापदमा" स्थानीय राग-रागिनीहरूका सन्दर्भ पाइन्छ्। मिथिलामा प्रचलित राग रागिनीहरूलाई महाराज नान्यदेव (१०७७ ई. - ११३३) ले संरक्षित र व्यवस्थित गरेका थिए। उहाँले "सरस्वती हृदयालंकारहार" को रचना मिथिला राज्यलाई अधीनस्थ पारेपछि गरेका थिए। जयदेवको "गीत गोविन्द" (११२० ई.) ले सम्पूर्ण मिथिलालाई उद्वेलित गरेको थियो। महाराज हरिसिंह देव र सिम्रौनगढका राजा (१२७५ ई. - १३२३/४) आफै पनि निष्णत सङ्गीतज्ञ थिए र उहाँको दरबारमा ज्योतिरीश्वर जस्ता सङ्गीत मर्मज्ञ थिए। "वर्णरत्नाकर" मा १४ औं शताब्दीका साङ्गीतिक क्रियाकलापको सूची प्रस्तुत गरेका छन्।

नेपालका मल्ल दरबार, मिथिला तथा मोरङ्ग राजदरबारहरूमा सङ्गीत कला निकै विकसित भएको पाइन्छ। सिंहभूपाल नेपालका प्रख्यात मैथिल सङ्गीतज्ञ थिए। जगद्धरले १४७४ ई. मा "सङ्गीत सर्वस्व" को रचना गरेका थिए। यस दृष्टिले अन्य उल्लेखनीय कृतिहरू हुन् - जगर्ज्योति मल्ल (१५७७ ई. - १६३३) को "सङ्गीत सारसङ्ग्रह" तथा अभिलाषकृत "सङ्गीतचन्द्र" को टीका, सर्वोदय दीपिक, "गीतपञ्चाशिका" इत्यादि। आफ्ना नाति अनन्तको प्रभावले घनश्याम भन्ने सङ्गीत महारथीले "श्री हस्तामुक्तावली" को टीका गरे, जसलाई मिथिला घराना सङ्गीतको दर्लभ ग्रन्थ मानिन्छ। "श्रीहस्तामुक्तावली" का रचनाकार सम्भवतः महाराज महेश ठाकुर (१५५७ ई. - १५७० ई.) का सुपुत्र थिए। शुभशङ्कर ठाकुरले मैथिल नृत्यबारे पनि पुस्तक लेखेको उल्लेख पाइन्छ तर त्यो पुस्तक उपलब्ध हुनु गाह्रोछ। लोचनले आफ्नो "रागतरङ्गिणी"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा मैथिल रागको चर्चा गरेका छन्। उमापति तथा गोविन्ददेखि अठाह्रौं शताब्दीका विख्यात मैथिल सङ्गीतज्ञ थिए। उन्नाईसौं शताब्दीका हर्षनाथ झा, भान झा, चन्दा झाले मिथिला सङ्गीतको परम्परालाई पुनर्जीवित गर्न उल्लेखनीय योगदान दिएका छन्। रसनचौकीमा प्रयुक्त वाद्यपत्रहरूमा मिथलाको निजत्व पाइन्छ। परम्परागत वाद्ययन्त्रहरू – (i) १. भेभच्च, २. हुलुक (हुडुक), ३. डाक, ४.डौकी, ५. डेङ्गुडी, ६. डमरु, ७. धोन्धसि, ८. मजिरा, ९. कठताल, १०. किदल, ११. चंगु, १२. चुटकुला, १३. वौसी, १४. पुहिल, १५. सींगा, (सेनको प्रमाणको अवसरमा रणवाधक उल्लेख छ। (ii) १. ढ़ाक, २. ढोल, ३. टमकी, ४. निसान, ५. रयगति, ६. दममातरल, ७. विरमान्दल, ८. डौन्ति, ९. काशी शक्ति, १०. सा, ११. भेरी, १२. चुटकुला, १३. वौसी, १४. पुहिल, १५. सींगा सेनाको प्रयाणको अवसरमा रणवाद्यको उल्लेख छ। सताइस किसिमका वीणा तथा दर्जनौ रन्ध्र बाद्यहरूको चर्चा वर्णरत्नाकरमा पाइन्छ।

स्थापत्य कला : प्रथम कर्णट राजा नान्यदेवको पालामा (११ औं शताब्दी खिष्टाब्दमा) वास्तुकला र मूर्तिकलाको अभूतपूर्व विकास भएको उल्लेख पाइन्छ। मिथिलामा प्रचलित वास्तुकला शैलीको नाम स्पूनरले तिरहूत टाइप अफ टेम्पल राखेका छन्। यस शैलीका उदहारणहरू सिम्रौनगढदेखि मिथिलाका विभिन्न क्षेत्रमा प्राप्त पुरातात्विक ध्वसावशेषमा पाइन्छ।

मूर्तिकला : मिथिलाका प्राचीन मूर्तिकलाका निम्न लिखित नमूनाहरू निम्न लिखित स्थलम पाइन्छन्।

कोर्थ :– दरभङ्गा जिलाको कोर्थु भन्ने गाउँमा प्राप्त प्राचीन उमादेवी, गजलक्ष्मी, काली, भगवती, बुद्ध, चित्राङ्कित अलंकृत पाषण खण्डहरू, तीन प्राचीन राजा रानीका मूर्ति शिवलिङ।

वारी :– समस्तीपुर जिल्लामा प्राप्त ११ औं शताब्दीको अहिल्या मूर्ति, मन्दिर अवशेष, सहस्रमुख शिवलिङ्ग, षडभुज भगवती, तीन, शिवलिङ्ग र गुप्तकालीन मन्दिर अवशेषका अतिरिक्त निकटस्थ ग्राम वसुदोमा प्राप्त दुई विष्णुमूर्ति तथा एक उमामहेश्वर मूर्ति।

इटवाशिनगर – दरभङ्गा जिल्लाको यसै गाउँमा प्राप्त विष्णु , महिषासुरमर्दिनी, गणेश र पार्वतीका प्राचीन मूर्तिहरू।

दरभङ्गा – दरभङ्गा शहरमै प्राप्त मलेच्छमर्दिनी तथा निकटस्थ गाउँहरू द्येकुली, डलाही, अन्दामा, रघेपुरा र तारालाहीमा प्राप्त गणेश, विष्णु, सूर्य, पार्वती महिषासुरमर्दिनी, अग्नि, दिगम्बर शिव र नटराज मूर्ति आदि। यसैगरी यसै जिल्लाका वैद्यनाथपुर, बिरौल, महुआर, लदहो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रतनपुर, देकुली, हाबभौआर, नेहारा, भंडारिसम, भैरबलिया, उजान, आवाम, कनहइ, गोनौन, सोनहद, रूपनगर, कुर्सो, नदियामी, आदिमा, गिरिजा, विष्णु, सूर्य, महिषासुर मर्दिन, अर्धनारीश्वर इन्द्र आदिका अनेक प्राचीन मूर्ति उपलब्ध छन् ।

मधुबनी जिल्लाको शिवनगर, भोजपरौल, उच्चैठ, अकौरा, सौराठ, कालिकपुर, जयनगर, विष्णुबरूआर, इटहरबा, महादेबमठ, मंगरौनी, अन्हराठाढी, हुलासपट्टी, भीठ भगवानपुर, विन्देश्वर स्थान, लोहना, सरिसवपाही, रखवारी, जमथरी आदिमा प्राचीन मूर्तिहरूका खजाना पाइएका छन् । यस दृष्टिले अकौरामा प्राप्त विभिन्न कालीन पाँच विष्णुमूर्तिहरू, भोजपरौलमा प्राप्त गणेश महेश्वर पार्वती र सूर्यमूर्ति , कालिकापुरमा प्राप्त कालीमूर्ति, जयनगरमा प्राप्त विष्णुमूर्ति र बरूआरमा प्राप्त सूर्यमूर्ति उल्लेखनीय छन् । महादेव मठमा प्राप्त उमामहेश्वर मूर्ति तगा फूलदरमा प्राप्त गिरीजाभवानी मूर्ति दर्शनीय छन् । जमथरिको शिवलिङ्ग अनौठो छ वा भठिभगवानपुरमा प्राप्त 13x10x12 फीट आकारका तीन प्रस्तरशिला उपलब्ध भएका छन् जसमा अनेकौ देव-देवीहरू छन् । यही भगवती, सूर्य, विष्णु , गणेश, उमा, महेश्वर आदिका मूर्तिहरू पनि प्राप्त भएका छन् ।

सहर्षा जिल्लाको वनगाँवमा भगवती पार्वतीको चतुर्भुजी मूर्ति उपलब्ध भएको छ र यसै जिल्लको महिषी गाउँमा उग्रताराका अतिरिक्त देवी देवताका प्राचीन मूर्ति प्राप्त भएका छन् ।

समस्तीपुर जिल्लाकौ सिमरिया भिण्डिमा महिषासुरमर्दिनी उमामहेश्वर तथा विशाल सूर्यमूर्ति पाइएका छन् । मुजफ्फरपुर जिल्लाको सवास भन्ने गाउँमा कर्णटकालीन विशाल सूर्यमूर्ति र विष्णुमूर्ति पाइएका छन् ।

यसरी सम्पूर्ण मिथिलाञ्चल त्रिमूर्ति, नटराज, भगवान लक्ष्मीनारायण, अर्धनारीश्वर, गङ्गा-जमुना, महिषासुर, मर्दिनी, पार्वती, उमामहेश्र, पजष्णु, बुद्धमूर्ति, भैरव, अहल्या, शिवलिङ्ग, वाराह भगवान, हनुमान आदिका विग्रहले भरिपूर्ण छ । अभिलेख, मृदभाण्ड । ई. पू. का मुद्राहरू अनेक स्थानमा प्राप्त भएका छन् ।

प्रा. मदन रिमालका अनुसार "मिथिला क्षेत्रमा प्राप्त भएका प्राचीन मूर्तिकला बंगालको सेनकालमा विकिसित कलापरम्परमाको पृष्ठमूमिमा कर्णाट राजाहरूको थप कलालाई अंगालेर विकसित भएका देखिन्छन् । जस्तै चितवन (नेपाल) को वाल्मीकिआश्रमका मूर्तिहरू, सिम्रौनगढका मूर्तिहरू, मूर्तियाका मूर्तिहरू, जनकपुरधामको राममन्दिर, जनक मन्दिर, इटहरबा र महोत्तरी जिल्ला तथा आसपासका क्षेत्रमा छरिएर रहेका मूर्तिहरू, सप्तरी जिल्लमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका सखडा भगवती, सारस्वरको विष्णुमूर्ति, भारदहको कङ्कालिनी मूर्ति, धर्मपुरको विष्णुमूर्ति, कोशीनदीको नजिक शिव-पार्वती मूर्ति आदि ।

मैथिली लोक नृत्यलाई चार कोटिमा विभक्त गर्न सकिन्छ ।

२. संस्कार – नृत्य, पमरिया नाच (सन्तान जन्मेपछि पमरिया भन्ने जातद्वारा गरिने नाच) बक्खो नाच (पुत्र जन्मोत्सव, विवाह आदि अवसरमा बक्खो जातद्वारा गरिने नाच), घसकट्टी नाच-विवाहको अवसरमा चतुर्थीको रात वरलाई प्रसन्न पार्न महिलाहरूद्वरा गरिने नाच) आदिलाई यस वर्गभित्र राख्न सकिन्छ ।

३. चाड पर्वसित सम्बन्धित नाच : दशैंमा गरिने झिझिया नाच, मुहर्रमको आवसरमा मुसलमानहरूद्वारा गरिने झरनी नाच आदिलाई यस शीर्षक अन्तर्गत राख्न सकिन्छ ।

४. अन्य सामाजिक नाच : खजन-चिडैया नाच, डम्फा नाच, बसुली नाच, विदापत नाच, थारू नच आदि यस वर्गभित्र पर्दछन् ।

यसरी जातीय जीवनदर्शनको प्रतीकात्मक अभिव्यक्ति शाश्वत सर्वश्रेष्ठ जीवन मूल्यमा आधारित जीवन शैली, भौतिकता र अध्यात्मिकताको विलक्षण, समन्वय दर्शन, बैदिकता, तान्त्रिकता र लौकिकताको दुर्लभ मधुबन्ध, पञ्चतन्त्रमात्राको चरम उद्दीपनको सुमधुर आयोजनद्वारा जीवनमुक्तिको दर्शन आधारित व्यावहारिक जीवनशैली, सर्वात्मवादी चेतनाको सहज उन्मेष, प्रजातान्त्रिक- समाजवादी, सहकारितापूर्ण सामाजिक व्यवस्था, ज्ञानको चर्मोत्कर्षको सहज बृत्तिको रूपमा विकास, शास्त्र र जीवनको तादात्म्य, तन्त्र मन्त्र र यन्त्रको दैनन्दिन जीवनको सहज अङ्गको रूपमा प्रयोग बाह्य प्रकृति र अन्तः प्रकृतिको रागात्मक एकात्मकता जस्ता असंख्य विलक्षणताले गर्दा नै मिथिलाको अतुलनीय संस्कृति जनक याज्ञवल्क्य, अष्टाबक्र, गार्गी, मैत्रेयी, कपिल, कणाद,गौतम, विद्यापति, महेश ठाकुर, अयाची, मंडन, भारती, जस्ता असंख्य असंख्य विभूतिहरू संसारलाई दिन समर्थ भयो भन्ने कुरा विश्वले महसुस गर्ने मुहूर्तदेखि विश्वचेतनामा क्रान्तिकारी रूपान्तरण हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न ।

१. विशाल सीमा र जनसंख्या :

उत्तरमा हिमालय, दक्षिणमा गङ्गा, पूर्वमा कोशी र पश्चिममा गण्डकीसम्म प्राचीन मिथिला फैलिएको वर्णन वृहद्विष्णुपुराण (पाँचौ शताब्दी) को मिथिला महात्म्य खण्डमा वर्णित छ । सातौं शताब्दीमा प्रसिद्ध चीनी यात्री हुएनसांग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथिला आएका थिए। उनी जनकपुर पनि आए र जनकपुरलाई "चेनसुना" नगर भनेर वर्णन गरे। कनिंघम, बाबू काशी प्रसाद जयसवाल प्रभृत विद्वान् हरूका मतमा पाणिनिले उल्लेखगरेका "बृज्जि" का दुई भेद छन् - लिच्छवि र वैदेह। यी दुवै एउटै जातिका राष्ट्र सदृश थिए। बृज्जिलाई नै नेपालीमा "बज्जि" भनिन्छ। नेपालका थारु जातिलाई अझै चम्पारणमा "बज्जि" भन्ने चलन छ। यसबाट थारुहरूको बसोबास प्राचीन बज्जि संघअन्तर्गत रहेको सङ्केत पाइन्छ। कनिंघमका दृष्टिमा वैशाली लिच्छवि तथा मिथिलाबासी "वैदेह" हुन् तथा यो विदेह राज्य भारतमा विहारको सारण जिल्लादेखि लिएर पूर्णियासम्म फैलिएको थियो। वैशालीबाट बाह्रौं शताब्दीको एउटा शिलालेख प्राप्त भएको छ। "देवधर्मोयम् प्रवर महायान कराणिम अच्छाहः (उत्साहस्य) माणकिसुतस्य। यदत्रपुण्यं तदभवत्वाचार्योपाहया य माता पिरोत्मनश्च पूर्वगमनम् कृत्वा सकल सत्वराहसेहनुत्तर ज्ञानावात्मयेइति।" तिब्बती बौद्धयात्री धर्मस्वामिनले मिथिलाको भूभाग अत्यन्त विशाल रहेको वृतान्त प्रस्तुत गरेका छन्। उनी कर्णटवंशीय राजा रामदेवको शासनकाल (१२३४ - ३६ ई) मा नेपाल हुँदै मिथिला तथा वैशाली हुँदै राजगृह तथा बोधगया गएका थिए। उनले मिथिलाको लम्बाइ ९२० मील रहेको वर्णन गरेका छन्। वराहमिहिर तथा राजशेखरले पूर्व दिशामा अवस्थित देशलाई विदेह भनेका छन्। पृथ्वीचन्द चरित्र (प्राचीन गुजराती गद्यसन्दर्भ) को देशसूची, संभाश्रृंगार तथा "वर्णसमुच्चय" जस्ता प्राचीन ग्रन्थहरूमा जुन मिथिलाको वर्णन छ, त्यसको भूभाग विशाल रहेको जानकारी प्राप्त हुन्छ। भारत र नेपाल गरी दुई भागमा टुक्रिएको वर्तमान मिथिला भारतमा मधुवनी जिल्ला, दरभङ्गा जिल्ला, सीतामढी जिल्ला, मुजफ्फरपुर जिल्ला, सहरसा जिल्ला, भागलपुर जिल्ला, पूर्णिया जिल्ला, उत्तरी मुंगेर र झारखण्ड राज्य, गोड्डा, राजमहल, देवघर आदिको विस्तृत भूभाग तथा नेपालको मोरङ, सिरहा, सर्लाही, सप्तरी, रौतहट, महोत्तरी, धनुषा, आदि जिल्लासम्म फैलिएको छ। मैथिली लगभग नौ करोड जनसंख्याले बोल्ने भाषा हो। यसरी भूभाग र जनसंख्या दुवै दृष्टिले मिथिला संसारका अनेक सर्वभौमसत्तासम्पन्न देशभन्दा ठूलो हो।

२. तिमिराच्छन्न विश्वलाई चिन्तन र ज्ञानको आलोक दिने प्राचीन ऋषि परम्परा :

जतिखेर संसार अज्ञानको अन्धकारमा हराएर पाशविक जीवन व्यतीत गर्दै थियो, मिथिला वैदिक एवं औपनिषदिक ऋचाहरूको रचना गर्दै थियो। जीवन-जगत्, इहलोक-परलोक, आत्मा-परमात्मा, काल र कालातीत, जन्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र पुनर्जन्म, ऐन्द्रिकता र अतीन्द्रियता, पिण्ड र ब्रह्माण्ड, सृष्टि र प्रलय, कल्प र कल्पेतर पदार्थ र चेतना आदि बारे चिन्तन गर्दै थियो। उल्लेखनीय छ, ६ वटा पूर्वेली दर्शनमध्ये ४ वटा - न्याय, मीमांसा, सांख्य, वैशेषिक को प्रतिपादन यही भयो। बृहदारण्यक उपनिषद्, अष्टावक्र गीता, याज्ञवल्क्य स्मृति जस्ता महान प्राचीन ग्रन्थको रचनाकाल देखि वर्तमानकालसम्म हजारौं कालजयी ग्रन्थको रचना यहाँ हुँदै आएको छ। ऋग्वेद प्रथम मण्डलको रचना गौतमरहुगणद्वारा यही भएको थियो ।

३. महान् विभूतिहरुको जन्मस्थली : अयाची, शङ्कर, पक्षधर, वाचस्पति, मण्डन, भारती, ज्योतिरीश्वर, चण्डेश्वर, विद्यापति, चन्दा झा लाल दास जस्ता मनीषीहरूको यो जन्मस्थली र कर्मस्थली हो , जिनको बारेमा चर्चा पछि गरिने छ।

४. संसारको प्राचीनतम भाषा साहित्यः अन्य नव्य भारतीय भाषाहरूको विकासक्रम - वैदिक संस्कृति ≥ लौकिक संस्कृत ≥ प्राकृत ≥ अपभ्रंश ≥ नव्य भाषा - यसरी छ। मैथिली भाषमा अपभ्रंशपछि एउटा खुड्किलो अवहट्ठ छ। अन्य नव्य भारतीय भाषाको स्वरूप ई. सनको दशौं शताब्दीपछि स्पष्ट हुन्छ। तर मैथिलीको स्वरूप आठौं शताब्दीमै देखिन्छ। अंग्रेजी साहित्यको इतिहासको आरम्भ चसरदेखि (१४ औं शताब्दी पछि) हुन्छ भने नेपालमा प्राप्त मैथिलीको प्राक् विद्यापति - ग्रन्थ "चर्यापद" (८ औं-११ औं) ले मैथिली भाषा र साहित्यको इतिहासलाई प्राचीनतर सिद्ध गर्दछ। मुंशी रघुनदन दासले नान्यदेव (११ औं शताब्दी) का मन्त्री श्रीधर कायस्थद्वारा रचित "सूक्ति कर्णामृत" नमक मैथिली ग्रन्थको चर्चा गर्नु भएको छ। लोकसाहित्यको परम्परा अझ प्राचीन छ। "डाक वचनावली" (जयोतिषग्रन्थ र खगोलविद्यासित सम्बन्धित वहुमूल्य कृषि ग्रन्थ) पनि प्राक्विद्यापति-साहित्य हो। मैथिली विद्वानहरूले कालिदास (विक्रम संवतको प्रथम शतक) लाई पनि मैथिल विद्वान मानेका छन्, जो उज्जैनका विक्रमादित्यको राज्याश्रयमा वस्तथे। विदेह जनपदमा प्रचलित पाली भाषाको सबभन्दा प्राचीन लिखित साहित्य "बुद्धवचन" र "महावीरवचन" उपलब्ध हुन्छ। काशीका दामोदर पण्डित रचित "उक्ति व्यक्ति प्रकरण" (११औं शताब्दी) मा "पढव", "लिखव", "अभ्यासब", "करत आछ" जस्ता मैथिली पद र पदावलीको प्रयोग पाइन्छ। त्यसै गरी ११ औं शताब्दीका रोडा कविद्वारा रचित "राउल वेल" नामक ललित काव्यका "धवलइ कापड़ ओढियल कइसे" जस्ता पंक्तिहरूमा "ओढल"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"पसरल" "कइसे" "जइसे" "खोपा" "जनि" "भूलनि" "बोलसि" "कतह" "दीठि" "मीठ" "जनु" जस्ता मैथिली पद-पदावलीको प्रयोग पाइन्छ। हेमचन्द्रकृत "प्राकृत व्याकरण" (११ औं शताब्दी) "प्राकृतपैंगलम" (१३१०१) म.म. चण्डश्वर ठाकुरकृत "सप्तरत्नाकर आदि मा प्रयुक्त मैथिली पद-पदावलीको अध्ययन पश्चात कुन सत्य स्थापित हुन्छ भने मैथिली भाषाको साहित्यिक स्वरूप ईश्वी शताब्दीको थालनीदेखिनै स्पष्ट हुन थाले पनि ८ औं शताब्दीसम्म पुग्दापुग्दै लोकसाहित्य सँगै मैथिलीको लिखित साहित्य परम्परा सिद्धसाहित्यको रूपमा स्थापीत भइसकेको थियो।

५. प्राचीनतम लिपिमध्ये एक : संसारका अनेक भाषा यस्ता छन्, जसको आफ्नो लिपि छैन। तर मिथिलामा दुई लिपि छन्। १. तिरहुता र २. कैथी। तिरहुता लिपि अत्यन्त प्राचीन लिपि हो। यसको चर्चा वैदेही लिपिको रूपमा बौद्धग्रन्थ "ललित विस्तर" मा भएको छ। तर, प्रामाणिक दस्ताबेजको रूपमा सर्वाधिक प्राचीन तिरहुताको उदारण म.म. हरप्रसाद शास्त्रीद्वारा नेपालमा खोजिएको "बौद्धगान ओ दोहा" को तालपत्रपाण्डुलिपिमा पाइन्छ। महापण्डित राहुल सांकृत्यायनले तिब्बतमा "कुरूवुल्ला सावोन" को तालपत्र देखेका थिए जसलाई उनले प्राचीन तिर हुता भनेका छन्। सम्भवतः "कुरूवल्ला सावोन" को तालपत्र "बोद्धगान ओ दोहा" भन्दा प्राचीन छ। शुद्ध तिरहुताको प्रयोग नान्यदेव (१०९७ ई.) का मन्त्री श्रीधरदासको अन्हराठाढी अभिलेखमा पाइन्छ। डा. अमरनाथ झा अनुसार, मिथिलाक्षरको सर्वाङ्ग स्वरूप ९ औं शताब्दीमा पूर्ण विकसित भइसकेको थियो , यसको प्रमाणमा अनेक प्राचीन अभिलेखहरू उपलब्ध छन्।

६. प्राचीन एवं सुदीर्घ तान्त्रिक परम्परा : आर्यहरूको आगमन भन्दा पूर्वदेखिनै मिथिला तन्त्र भूमि रहेको छ। त्यसैले यसको सांस्कृतिक परम्परामा आर्यहरूको आगमनभन्दा पूर्वदेखिकै तान्त्रिक परम्पराको गहिरो प्रभाव पाइन्छ। मिथिलाक्षरमा प्रयुक्त त्रिकोण, चतुष्कोण, बृत्त, बिन्दु तान्त्रिक यन्त्रका प्रतीक हुन्। मिथिला कला र अरिपनमा योनि र लिङ्गको प्रतीक र "पाग" सहस्रारको प्रतीक हो। पौराणिक पुरोहित गोतम रहुगणले ऋग्वेद प्रथम मण्डलका मन्त्रहरूको रचना गरेका थिए। पौराणिक कालदेखि लिएर अहिलेसम्म अनेक सिद्ध र तान्त्रिकहरू यहाँ जन्मिंदै आएका छन्। सम्पूर्ण सिद्ध साहित्यमा अनेक तान्त्रिक प्रयोगहरू छन्। रोचक कुराके छ भने मैथिली भाषामै रचिएका "साबर मन्त्र" (देवी मन्त्रहरू) सिद्ध गरिएका छन् र आधुनिक कालसम्म तिनको प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदै छ। ज्यातिरीश्वरले आफ्नो "वर्णरत्नाकर" (१४ औं शताब्दी) मा मिथिलामा त्यसबेला प्रचलित आगमतन्त्रको प्रभावको चर्चा गरेका छन् : रुद्रयामल, गौरयामल, शिवधर्म, शिवधमोत्तर, शिवरहस्य, विष्णुधर्म, विष्णुधर्मोत्तर, भूतडामर, कालोत्तर, प्रपञ्चसार, प्रज्ञापारमिताक्षर, अष्टसाहासिका, नारायणी, मंजुवज्र, मंजुघोष, चतुःशती, यक्षणी, कम्पि, चण्डरोसन, उड्डीश, सारावली आदि।

७. विज्ञान चिन्तनः टोलेमीदेखि स्टेफेन हकिङ सम्मको वैज्ञानिक शोधको चिन्तन बीज मिथिलाको पौराणिक कालीन ऋषिहरूको दर्शन – चिन्तन भित्र पाउन सक्छौं। एउटा छोटो उदहारण लिन सकिन्छ मिथिलामा रचित सांख्या दर्शनमा भनिएको छ – "प्रकृतिपुरुषात्मकं ब्रह्मं" अर्थात् प्रकृति र पुरुषको संयोगले सृष्टि हुन्छ। सांख्य, मीमांसा, न्याय र वैशेषिक दर्शनमा पटक-पटक सृष्टिको मूल तत्त्व, परमात्मा (Basic eliment) को चर्चा गरिएको छ। भनिएको छ। परमात्मा तत्त्व – आधुनिक भाषामा (God Partical अथवा Higgs Boson) मा पहले एउटा क्रिया हुन्छ , फेरि प्रतिक्रिया र यसरी क्रिया-प्रतिक्रियाको श्रृखंला आरम्भ हुन्छ। यसबाट अति सूक्ष्म रूप परमाणु (वामनावतार विष्णु) अवतरित भएर आफूतिर पृथ्वी, आकाश, सूर्यलाई आकृष्ट गर्दछन्। एवं आफ्नै शक्तिले "मूलतत्त्व" लाई तानी आफ्नो विस्तार गर्दै ब्रह्माण्डको अद्भुत लीला आरंभ गर्दछन्। यहाँ पृथ्वीलाई "आधार विन्दु" (पाजटिव प्वाइन्ट) एवं सूर्यलाई नाभिक (Neucleus) भन्न सकिन्छ। तीन पाउ भएका वामनावतार विष्णुको अर्थ हो। धन ऊर्जा उत्सर्जित गर्ने विन्दु, ऋण ऊर्जा उत्सर्जित गर्ने विन्दु र नाभिक विन्दु। यसैलाई त्रिगुणी महामाया पनि भनिन्छ। काल (Time) र स्थान (Space) बारे चिन्तन पाइन्छ।

८. प्रजातन्त्र र गणतन्त्रको प्रथम उद्घोषक : प्राचीन मिथिलामा राजतन्त्र थियो। तर राजको चुनाउमा जनमतको महत्त्वपूर्ण भूमिका हुन्थ्यो। जनपरिषद् तथा मन्त्रीपरिषद्ले राजालाई नियन्त्रित गर्थे र यिनलाई ग्रामणी एवं सूत भनिन्थ्यो। राजा पदमा प्रतिष्ठित गर्ने नृप निर्मातालाई द्विजातय : भनिन्थ्यो। सूत र ग्रामणीको सभा हुँदा राजा पनि उपस्थित हुनु पर्थ्यो। जनप्रतिनिधिहरूले राजालाई पदच्युत गर्न सक्थे। वैदिकयुगमा समिति सँग-सँगै सभाको नाउको उल्लेख पनि पाइन्छ। प्रजाप्रेममा हलो चलाउने मिथिलालाई तथा बज्जि संघको सदस्यको रूपमा गणतन्त्रको अनुभवप्राप्त गर्ने मिथिलालाई प्रजातन्त्र र गणतन्त्रको प्रथम उद्घोषक भन्दा अत्युक्ति नहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. पदार्थ र चेतनाको चिन्तन : वामपन्थी विचारधारको मूल चिन्तन विषय पदार्थ र चेतना बारे निरन्तर विवेचन अष्टावक्र महागीतामा विस्तारमा पाइन्छ ।

१०. धान्य संस्कृतिको उद्‌गम भूमि : अनेक विद्वानहरूको विचारमा संसारलाई धान्य संस्कृति मिथिलाले दिएको हो र यसको पुष्टि जनकले हलो चलाएको कथाबाट हुन्छ ।

११. आयुर्वेदको प्राचीनतम परम्परा : "ब्रह्मवैवर्तमा" उल्लेख छ –"वकारे जनको योगी वैद्य सन्देह भंजनम" । यसबाट के स्पष्ट हुन्छ भने जनकले आयुर्वेदवारे कुनै भाष्य अथवा ग्रन्थ लेखेका थिए ।

१२. लोक साहित्यको दुर्लभ भण्डार : प्राचीनकालदेखि नै लोकसाहित्यको दुर्लभ भण्डार मिथिलाले साँचेर राखेको छ । संख्या र प्राचीनता दुवै दृष्टिले यो भण्डार अद्वितीय छ ।

१३. पञ्जिव्यवस्था : पञ्जिव्यवस्था मिथिलाको गौरव हो । शाके १३३२ देखि नै मिथिलामा प्रत्येक वैवाहिक सम्बन्धको "पञ्जी" (Register) राखिन्छ र यसको उद्देश्य मातृपक्षका असपिंड पाँच पुस्ताभन्दा माथि र पितृपक्षमा सात पुस्तादेखि माथिको सम्बन्ध नठहरे मात्र वैवाहिक सम्बन्ध हुन सक्ने र सम मूल – गोत्रमा सम्बन्ध हुनै नसक्ने विधान गरियो । सोको निर्णय पञ्जिकार (Registrar) ले गरे मात्रै कुरा छिन्न सकिने परम्परा बसालियो ।

१४. सम्पूर्ण आधुनिक आर्यभाषाको पहिलो गद्यग्रन्थ : सम्पूर्ण आधुनिक आर्यभाषको पहिलो गद्यग्रन्थ "वर्णरुत्नाकर" (१४ औं शताब्दी) को रचना नेपालको मिथिला खण्ड सिम्रौनगढमा हरिसिंह देवका राजपण्डित ज्यातिरीश्वरले गरे ।

१५. अस्मिता – चेतना : विशाल गुप्त साम्राज्यको पाँचौं शताब्दी देखि नै भारतवर्षमा हूणहरूको आक्रमण हुन थालेको थियो । बाह्य आक्रमणहरूको प्रतिरोध गर्न आठौं शताब्दीमा एउटा सुसङ्गठित प्रयास थालियो । उत्तरका प्रतिहारहरू, दक्षिणका राष्ट्रकूट र पूर्वका पालवंशी राजाहरूले आ-आफ्ना क्षेत्रमा वीरतापूर्वक प्रतिरोध गरे । तर, अरबका मुसलमान आक्रान्ताहरूका आक्रमण पनि थालिए । फलतः अब भारतवर्षमा विदेशी र विजातीय धार्मिक तत्त्वहरूलाई आफ्नै परम्परामा अन्तर्घुलन गर्नु बाहेक उपाय रहेन । बौद्ध र जैन दर्शनको नास्तिक परम्परा पहिलेदेखि नै अस्तित्त्वमा थियो । वैदिक धर्म, कर्मकाण्ड तथा बौद्ध एवं जैन दर्शनका मर्मज्ञहरूबीच परस्पर खण्डन- मण्डनको क्रम चल्न थाल्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै परिस्थितिमा मिथिलामा कुमारिल, मंडन मिश्र, भारती, उदयन जस्ता विभूतिहरू देखापरे । मीमांसाका तीनै शाखा- कुमारिल, प्रभाकर र मुरारि मिश्रको प्रादुर्भाव भयो । बौद्ध धर्मको आँधीबेरी रोक्न नै मिथिलामा न्याय र मीमांसाको उत्कर्ष भएको देखिन्छ । मंडन मिश्र यस्ता मीमांसकमा अग्रगण्य थिए , जसले वैदिक कर्मकाण्डको पक्षमा अकाट्य तर्कहरू प्रस्तुत गरे । कुमारिल कर्मकाण्डका कट्टर पक्षधर थिए ।

शङ्कराचार्य वेदको सम्मान गरे पनि चरम कर्मकाण्डको विरोध गर्दै हिंडेका थिए । उनको अद्वैत वेदान्त औपनिषदिक एवं बौद्ध दशर्नको सुन्दर समन्वय हो । शङ्कराचार्य आफ्नो धार्मिक पुनर्जागरण आन्दोलनको क्रममा बौद्ध तथा कर्मकाण्डीहरूसित शास्त्रार्थ गर्दै सिङ्गो आर्यावर्तमा पीठ र मठहरूको स्थापना गरी हिंडेका थिए । कुमारिलले शङ्कराचार्यलाई सल्लाहदिएका थिए - "वेदान्तमार्गको प्रसारका लागि मैथिल विद्वान मंडन मिश्रलाई शास्त्रार्थमा पराजित गर्नू ।" आकाश मार्गद्वारा शङ्कराचार्य मंडन मिश्रको गाउँ महिसी पुगे । त्यहाँ एउटी पँदेर्नीसित मंडन मिश्रको घर सोधे । उसको उत्तर सुनेर स्वयं शङ्कराचार्य अवाक भएका थिए । उसको उत्तर थियो "स्वतः प्रमाणं, परतः प्रमाणं, शुकांगना यत्र गिरोगिरन्ति तत्र मण्डन मिश्र धामः" अर्थात् फल दिने कर्म हो वा ईश्वर, जगत् ध्रुव हो कि अध्रुव, यसको प्रसङ्गको चर्चा जहाँ पिंजरामा झुण्डिएको सुगाले गर्दछ, त्यो नै मण्डन मिश्रको घर हो । शङ्कराचार्यलाई मंडनकी श्रीमती भारतीले शास्त्रार्थमा पराजित गरी पठाएकी थिइन् । ज्योतिरीश्वरले उदयनको दर्शनको प्रशंसा गरेका छन् । मिथिलाका महान दार्शनिक उदयनले वैदिक मतको रक्षा एवं बौद्ध मतको खण्डनका लागि अनेक ग्रन्थको रचना गरेका छन् । यथा, न्यायवर्तिक, तात्परिबुद्धि, न्यायकुसुमाञ्जली, आत्मतत्त्वविवेक, किरणावली, न्यायपरिशिष्टि आदि । आफूलाई सङ्कट परेको बेला एक पटक उनले ईश्वरलाई संबोधित गर्दै सगर्व भनेका थिए "ऐश्वर्यमदमत्तोऽसि मामवज्ञाय वर्तसे, उपस्थितेषु बौद्धेषु ममाधीना तवास्थितिः ।" (हे भगवान ,ऐश्वर्यले मात्तिएर मेरो उपेक्षा गर्नुहोस्, तर के थाहा पाउनु भने मेरो अस्तित्त्व यदि हजुरमा निर्भर छ भने बौद्ध समाजमा हजुरको अस्तित्त्व पनि मैमा निर्भर छ ।" मिथिलाको करियन गाउँमा जन्मिएका उदयनले आत्मविश्वासपूर्वक उद्घोष गरेका थिए - भाषा वा तर्कलाई मजता चाहन्छु, त्यतै डोऱ्याउन सक्छु । म जता लैजान्छु त्यहि बाटो बन्ने छ । आखिर, सूर्य उदाउने दिशा नै पूर्व मानिन्छ । बौद्ध धर्मलाई धूलो-पीठो बनाउने यस्ता विद्वान दुर्लभ छन् ।

त्यसै, राजा सुधन्वाकी रानीले जब वैदिक धर्मको अवनति र बौद्धधर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्थान देखेर आर्त स्वरमा क्रन्दन गरेकी थिइन् – "किंकरोमि क्वं गच्छामि को वेदानुद्धरिष्यते ?" अर्थात् "के गरूँ, कता जाऊँ, वेदको उद्धार कसले गर्नेछ ?" कुमारिलले स्वाभिमानपूर्वक भनेका थिए – "मानिषाद वरारोहे, भट्टाचार्योसि भूतले।" अर्थात "चिन्ता नलिईबक्सियोस्, कुमारिल पृथ्वीमा आइसकेको छ।" कुमारिलले छद्म भेषमा दीक्षा ग्रहण गरे। बौद्धधर्मलाई घुजा-घुजा पारे, तर हिन्दू शास्त्रका अनचित वर्जनाहरूलाई सहन गर्न नसकी प्रयागमा गई भूसमा आगो लगाएर आत्मदाह गर्नु पऱ्यो।

कुमारिल मण्डनका शिष्य थिए। मंडन मिश्रका केही दिन पश्चात् नै वाचस्पति मिश्र प्रादुर्भूत भए। षड्दर्शनमा असाधारण अधिकार भएकोले यिनलाई "षडदर्शनवल्लभ" पनि भनिन्छ। यिनको जन्मस्थल ठाढी उद्योतकरको "न्यायवर्तिका" माथि भाष्य लेख्ता यिनले लेखे – "उद्योकतरको बूढो गाई हिलोमा भासिएको हँदा त्यसको उद्धार गरी पुण्य काउन चाहन्छु। शङ्कर भाष्यमाथि यिनको टीका "भामती टीका" वेदान्त क्षेत्रको गौरवशाली कृति हो। भामती यिनको विदुषी पत्नीको नाउँ थियो।

मिथिला आदिकालदेखि नै नव्यन्यायको गौरवशाली पीठ रहेको छ। गंगेश उपाध्यायको परम्परामा सबभन्दा प्रसिद्ध पक्षधर मिश्र भए – "शङ्कर वाचस्पत्यो : शङ्कर वाचस्पति सदृशो, पक्षधर प्रतिपक्षी लक्ष्मीभूतो न च क्वापि।" अर्थात्, शङ्कर र वाचस्पति शिव र बृहस्पतिसित तुल्य छन्। तर पक्षधर सदृश कोही देखा पर्दैन। सुदूर बंगालबाट वासुदेव सार्वभौम तथा रघुनाथ तर्कशिरोमणि जस्ता उद्भट्ट विद्वानले मिथिलामा आएर यिनीसित नव्यन्याय पढेका थिए।

यसै युगमा सरिसब (दरभङ्गा) निवासी पं भवनाथ मिश्र पनि भएका थिए। यिनी कसैबाट केही याचना नगरी निर्धनतामै सन्तुष्ट भएर सारस्वत साधनामा लीन हुने गरेको हँदा यिनी अयाची मिश्रको नाउँले आजसम्म प्रसिद्ध छन्। सम्पत्तिको नाउँमा यिनीसित घडेरी समेत गरी जम्मा सबा कट्ठा जग्गा थियो, जसमा उब्जाइएको साग – सब्जीकै भरमा यिनले आफ्नो र परिवारको भरणपोषण गरेका थिए। यीनका पुत्र शङ्कर मिश्र कस्ता संस्कारी थिए भने पाँच वर्षकै अवस्थामा श्लोक रचना गरेर मिथिला नरेशलाई दंग पारिदिए। "बालोहम् जगदानन्द न मे बाला सरस्वती अपूर्णे पञ्चमे वर्षे वर्णयामि जगत्त्रयम्।" अहिले मिथिलामा बच्चा-बच्चालाई यो श्लोक कण्ठ गराइन्छ। मिथिला नरेशले पाँच वर्षको कलिलो बालकको मुखबाट तत्काल यस्तो स्वस्फुरित श्लोक झरेबाट गद्गद भई धेरै धन दिई पठाएका थिए, तर शङ्करकी माता (अयाची पत्नी) भवानीले शङ्करको जन्मको बेला सुँडेनीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाचा दिएकी थिइन् –"मसित तँलाई दिने धन छैन, तर म वाचा दिन्छु , शङ्कर ठूलो भएपछि उसको पहिलो कमाइ म तँलाई नै दिन्छु ।" वाचाअनुसार उनले त्यो सम्पूर्ण धनराशि त्यही सुँडिनीलाई प्रदान गरिन् । तयो सुँडिनीले पनि त्यो धनले जनकल्याण्का लागि पोखरी खनाइन् , जुन अहिले पनि अस्तित्त्वमा छ ।

नोबेल पुरस्कारले सम्मानित कविकुलगुरु रवीन्द्रनाथ ठाकुरको प्रतिभालाई वाल्यकालमा उत्तेजना दिने र प्रेरणा दिने नेपाल, उड्डीसा, आसाम, बंगालसम्म आफ्नो प्रभाव प्रभामण्डल प्रसारित गर्ने विद्यापति (चौधौ शाताब्दी) मैथिली रामायणका रचयिताद्विय चन्दा झा (१९ औं शताब्दी) र लाल दास (१९ औं शताब्दी) देखि वर्तमानकालसम्ममा हजारौं विश्वविख्यात विभूतिहरूको जन्मस्थली र कर्मस्थली मिथिला रहेको छ । यसका अतिरिक्त पनि संसारको पञ्चीनतम एवं महानतम सभ्यतामध्ये एक रहेको मिथिलाको सभ्यताले गौरव गर्ने असंख्य कारणहरू छन् ।

यहाँ संक्षेपमा मिथिलाको महान् संस्कृति र परम्पराबारे चर्चा गरिन्छ ।

राष्ट्रियता :

वैश्वीकरणले गर्दा संसारका संस्कृतिहरू खतरामा परेका छन् । नेपाल सरकारको ठोस संस्कृतिनीतिको अभावमा नेपाली संस्कृतिको अवस्था चिन्ताजनक छ । दलित, जनजाति र पछाडि परेका वर्गहरूको संस्कृतिको दशा झन् विचारणीय छ । वन-विनाश, पैरों, जल-सङ्कट, आधारभूत आवश्यक्ता परपूर्ति गर्ने वातावरणको अभाव आदि कारणले गर्दा पनि शहरीकरण एवं वैश्वीकरणको प्रक्रिया तीव्र हुँदै गएको तथा संस्कृतको क्षय हुँदै गएका उदहारणहरू छन् । राउटे र कुसुन्डेहरूका संस्कृतिलाई उदाहरणको रूपमा लिन सकिन्छ । मानव विकास प्रतिवेदन, १९९९ मा उल्लिखित छ : "विदेशी संस्कृतिको यस्तो आक्रमणले सांस्कृतिक विविधतालाई खतरामा पारेको छ र जनसामान्यमा सांस्कृतिक पहिचान लोप हुने चिन्ता बढाएको छ ।" (Such onslaughts of foreign culture can put cultural diversity at risk, and make people fear losing their cultural identity) बोरडयु (Bourdieu) ले संस्कृतिका दुई भेद मानेका छन् : १. औपचारिक संस्कृति (official culture) र प्रतिसंस्कृति (counter – culture) उनले समाजमा स्थापित अभिजात संस्कृतिलाई औपचारिक (official or established culture) तथा पछाडि परेका समुदाय अर्थात सामान्य जनसमुदायको संस्कृतिलाई प्रति संस्कृति (counter culture) भनेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिजात संस्कृतिले जनसमुदायको संस्कृतिलाई खतरा उत्पन्न गन सक्छन् । उच्च जातीय वा राजनीतिमा पहुँच हुने जातिहरूको संस्कृतिले यदि जनजाति वा दलितको संस्कृतिलाई त्यसरी निल्न थाल्छ जसरी ठूलो माछाले सानो माछालाई भने त्यो पनि राष्ट्रियताको भावना अभिबृद्धिको दृष्टिले राष्ट्रको चिन्ताको विषय हुनुपर्दछ । सांस्कृतिक अभियोजन-प्रक्रिया (Enculturation), शक्ति राष्ट्रको संस्कृतिको प्रभाव प्रक्रिया (Acculturation), विदेशी संस्कृतिको प्रसार (cultural diffusion) जस्ता सांस्कृतिक आक्रमण - संक्रमण र रूपान्तरण (cultural transformation), सांस्कृतिक ऐक्यबद्धता (cultural integration), सांस्कृतिक अनतर्घुलन (Assimilation) नव आविष्कार प्रभाव (Invention effect) आदि अनेकानेक कारणले गर्दा नेपालका कतिपय संस्कृति नै रूपगत र सारगत परिवर्तन तथा विलोपीकारणको प्रक्रियाबाट गुज्रिंदै छन् । यस सम्बन्धमा सम्वन्धित नियकाले चिन्तन - मनन गरी ठोस नीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नु आवश्यक छ । यसले राष्ट्रियतामा आभिबृद्धि गर्ने छ । कुनै पनि राष्ट्रमा राष्ट्रिय एकताको सलतम सूत्र हो - अनेकतामा एकता । कुनै पनि राष्ट्रमा विविधताहरू निश्चित रूपले हुन्छन् : १. भौगालिक विविधता २. ऐतिहासिक परम्पराको विविधता ३. नागरिकहरूको आकृतिको बनोट र रंगको विविधता ४. भेषभूषाको विविधता ५. भोजन-परिकार र प्रणलीको विविधता ६. भाषा र लिपिको विविधता ७. सांस्कृतिक विविधता आदि । एक - अर्काको भाषा, भेषभूषा, चाँडपर्व, रूप-रंग आदि प्रति सम्मान नराख्ने व्यक्तिलाई राष्ट्रियता (राष्ट्रिय अखण्डता) तथा लोकतान्त्रिक मूल्यप्रति आस्थावान त के सुसभ्य नागरिक नै मान सकिन्न । विविधताप्रति सहज सम्मान र अनुराग प्रामाणिक राष्ट्रप्रेमको प्रमाण हो, अन्यथा पाखण्ड हो । राष्ट्रका सबै संस्कृति राष्ट्रकै सम्पदा हुन् । राष्ट्रले गर्व गर्ने राष्ट्रिय जीवनका सबै आयाम हाम्रा साझा पौल हुन् । व्यक्ति र समुदाय महान् भएरै राष्ट्र महान् हुन्छ तथा राष्ट्र महान भए मात्रै हामी महानताको अनुभूति गरी शिर ठाडो पार्न सक्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ-ग्रन्थ-सूची

अलीक, मोहम्मद : इकानोमि हिस्ट्री आफ मिथिला, अभिनव पब्लिकेसन, न्यू दिल्ली, 1974

अग्रवाल, वासुदेव शरण : हर्षचरित-एक सांस्कृतिक अध्ययन, ज्ञढछघ कीर्तिलता (विद्यापति), झासी साहित्य प्रकाशन, 1960

अल्तेकर, ए.एस. (डा.) : पोजिशन आफ वोमेज इन हिन्दू सिभिलिजेशन, बनारस 1938

ओझा, गौरीचन्द्र हीराचन्द्र : मध्यकालीन भारतका साँस्कृतिक इतिहास, इलाहाबाद, हिन्दुस्तानी एकेडमी, तृतीय संस्करण, 1951

उपाध्याय, बलदेव : धर्म और दर्शन

उपाध्याय, विश्वंभरनाथ : हिन्दी साहित्य की दार्शनिक पृष्ठभूमि, आगरा साहित्यरत्न भण्डार, चैत्र 2012

कर्ण, शिवेन्द्रलाल : जनकपुर धामका मठमन्दिरहरु, बृहत्तर जनकपुर विकास परिषद्

कोशाम्वी, डी.डी. : एन इन्ट्रोडक्शन टू दि स्टडी आफ इडियन हिस्ट्री, बम्बई, 1966

: दि कल्चर एण्ड सिविलाइजेशन आफ एसियेन्ट इंडिया इन हिस्टोरिकल आउटलाइन, लंदन, 1965

क्रैमरिस, स्टेला : पाल एण्ड सेन स्कल्पचर कलकत्ता, 1929

कृष्णाभवि कमला तीर्थ (सम्पादक) : विवाद रत्नाकर (चंडेश्वर ठाकुर)

: एशियाटिक सोसाइटी आफ बंगाल, 1931

: दंड विवेक (वर्द्धमान) बडौदा, ओरियन्ट इन्स्टिच्यूट, 1931

: तीर्थ चिन्तामणि (वाचस्पति मिश्र) वी.आइ प्रकाशन, 1913

: गृहस्थ रत्नाकर (चंडेश्वर ठाकुर) कलकत्ता, एशियाटिक सोसाइटी आफ बंगाल, 1928

: कृत्य रत्नाकर (चण्डेश्वर ठाकुर) कलकत्ता, एशियाटिक सोसाइटी आफ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बंगाल, 1905
ग्रियर्सन, जी.ए. (डा.) : मैथिली ग्रामर : इन इन्ट्रोडक्सन टू मैथिली लैंग्वेज, भाग-2
गोखले, वी.जी. : एशियेन्ट इण्डियाः हिस्ट्री एण्ड कल्चर, बम्बई, 1970
गोपाल, लल्लनजी : दी इकोनोमिक लाइफ आफ नदर्न इण्डिया
गोडे, पी.के. : स्टडिज इन इंडियन कचरल हिस्ट्री
गुप्त, नगेन्द्र नाथ : विद्यापति ठाकुर की पदावली, प्रयाग, प्रेस प्रयाग, 1910
चकलेदार, हरान चन्द्र : सोसल लाइफ इन एनशियेन्ट इंडिया, सुशीला गुप्ता, इण्डिया लिमिटेड, ज्ञढछ्द
चटर्जी, सुनीति कुमार (डा.) :वर्णरत्नाकर (ज्योतिरीश्वर) कलकत्ता
मिश्र, बबुआजी (सम्पादक) : रायल एशियाटिक सोसाइटी आफ बंगाल, 1940
चोपडा, पी.एन.(डा.) : सोसाइटी एण्ड कल्चर इन मुगल एज
चौधरी, जतीन्द्र विमल (सं.) : गंगावाक्यावली, कलकत्ता, 1940
चौधरी, राधाकृष्ण : मिथिलाक संक्षिप्त राजनीतिक इतिहास (प्राचीनसँ अद्यपर्यन्त) दरभंगा, वैदेही समिति, 1961
: हिस्ट्री आफ मुस्लिम रुल इन तिरहुत, वाराणसी, चौखम्भा पब्लिकेशन, ज्ञढठण
: मिथिला इन दि एज आफ विद्यापति, वाराणसी, 1976
: ए सर्वे आफ मैथिली लिटरेचर, पटना, 1976
: इन्सक्रीपशन्स आफ बिहार, पटना, ज्ञढछ्ड
जयसवाल, काशी प्रसाद : राजनीति रत्नाकर (चंडेश्वर ठाकुर), बिहार रिसर्च सोसाइटी, पटना, द्वितीय संस्करण, विक्रमाब्द, 1993
: डेसक्रेप्टिभ कैटलाग आफ मैनुसक्रिप्टस इन मिथिला, प्रथम भाग, पटना, बिहार एण्ड उडीसा रिसर्च सोसाइटी 1927
जुयाल, गुणानन्द (डा.) : विद्यापति का अमर काव्य, साहित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकेतन, कानपुर

डा, एच.एन. : दि लिच्छवीज आफ मिथिला एण्ड नेपाल वाराणसी चौखम्बा प्रकाशन

झा, इन्द्रकान्त (डा.) : विद्यपति-विमर्श, पटना, इन्द्रालय प्रकाशन 1970

झा, कमलेश, कमल नायाण: विद्यापति के सुभाषित, नई दिल्ली राजधानी ग्रंथागार, लाजपतनगर, 1961

झा, चन्दा (सम्पादक) : पुरुष परीक्षा (विद्यापति) राज दरभंगा यन्त्रालय, शाके 1910

झा, परमेश्वर : मिथिला तत्व विमर्श, 1949

परमेश्वर (संशोधक) : द्वैत निर्मय (वाचस्पति), मिथिला राज ग्रन्थावली दरभंगा राज प्रेस।

झा, वासुकीनाथ (डा.) : विद्यापति काव्यालोचन, मैथिली अकादमी पटना, प्रथम संस्करण, 1979

झा, भोला : मिथिला गीत सङ्ग्रह, भाग-१,२ दरभंगकन्हैया लाल कृष्णदास प्रेस

झा, रमानाथ (प्रो.) : मैथिल ब्राह्मणो की पञ्जी व्यवस्था

: पुरुष परीक्षा (विद्यापति) पटना, पटना विश्व विद्यालय, शाके 1881

झा, राजेश्वर : महाकवि विद्यापति नाटक, पटना, अमरनाथ प्रकाशन, 1965

झा, रामचन्द्र (पं.) (सम्पादक) : वर्षकृत्य (रुद्रधर) प्रथम भाग, वाराणसी चौखम्बा संस्कृत सीरीज आफिस, 1958

झा, रामकृष्ण (पं.) सम्पादक : विवादचन्द्र (मिसरु मिश्र) बनारस, विद्याविलास प्रेस, शाके ज्ञडछघ, खृष्टाब्द 1931

झा, लक्ष्मीकान्त (सं.) : विवाद चिन्तामणि (वाचस्पति मिश्र) पटना, युनाइटेड प्रेस लिमिटेड, 1937

झा, सुभद्र (डा.) : विद्यापति गीत सङ्ग्रह, बनारस, मोतीलाल बनारसी दास, 1954

ठाकुर, उपेन्द्र (डा.) : हिस्ट्री आफ मिथिला, दरभंगा रिसर्च इन्स्टीच्यूट 1956

: हिस्ट्री आफ सुसाइड इन इण्डिया, दिल्ली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

1962

ठाकुर, उपेन्द्र (डा.) : स्टडीज इन जैनिज्म एण्ड बुद्धिज्म इन मिथिला, वाराणसी, 1964

: सम आस्पेक्टस आफ एशियेट इण्डियान हिस्ट्री एण्ड कल्चर नयँ दिल्ली, 1974

: मिथिलाक इतिहास, पटना मैथिली अकादमी, 1980

ठाकुर, जीवानन्द : मैथिली डाक, दरभंगा मैथिली साहित्य परिषद, 1357

ठाकुर, ज्योतिरीश्वर : धूर्त्त समागम, प्रयाग अखिल भारतीय मैथिली साहित्य समिति, तीरभुक्ति, 1960

ठाकुर, विजय कुमार : मध्यकालीन मिथिलामे सामंतवाद (मैथिली), मिथिलावली, दरभंगा, 1902

ठाकुर, शिवनन्दन : महाकवि विद्यापति, लहेरियासमाय, पुस्तक भण्डार, 1989

डाउसन, जे.ए. : क्लासिकल डिक्शनरी आफ हिन्दू मायथोलोजी, लंदन 1960

तिवारी, कमलाकर (अनुवादक) : मुसलिम भारट की ग्रामीण व्यवस्था, इलाहाबाद, इतिहास प्रकाशन संस्थान, 1863

दास, आर, वी. : मिथिला दर्पण (मैथिली) दरभंगा, 1915

दास, नरेन्द्र नाथ : विद्यापति काव्यालोक, लहेरिया सराय, मित्रमण्डल 1937

दास, रास बिहारी लाल : मिथिला दर्पण, दरभंगा, 1915

दिनकर, रामधारी सिंह : संस्कृत के चार अध्याय, दिल्ली, राजपाल एण्ड सन्स, द्वितीय संस्करण, 1956

दिवाकर, आर. आर.(सं.) : बिहार थू दि एजेज, कलकत्ता, 1969

द्विवेदी, हजारी प्रसाद : मध्यकालीन धर्म साधना, इलाहाबाद, साहित्य भवन, द्वितीय संस्करण, 1956

नलिन एवं बंसल : विद्यापति, दिल्ली साहित्य संस्थान, 1961

निर्णय सागर प्रेस (बंबई) : गीत गोविन्द (जयदेव) चतुर्थ संस्करण, 1906

नेहरु, जवाहर लाल : विश्व इतिहास की झलक, अनुवादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रगुप्ता वार्ष्णेय, सस्ता साहित्य मण्डल प्रकाशन, 1991

पाठक, चन्द्रकान्त (संपादक) : पुरुष परीक्षा (विद्यापति) लक्ष्मी वेकटेश्वर छापाखाना, संवत् 1984

पाण्डेय, राजवली (डा.) : हिन्दू संस्कर, वाराणसी, चौखम्भा विद्याभवन, 2014

प्रसाद, वेनी : हिन्दूस्तान की पुरानी सभ्यता, प्रयाग, ज्ञढघज्ञ

बसु, एन.के. : हिस्ट्री आफ प्रोस्टिट्यूशन इन इण्डिया, भाग-१ कलकत्ता, 1993

बख्सी, म.म. मुकुन्द झा : मिथिला भाषामय इतिहास, बनारस सिटी, विद्याविलास प्रेस, गोपाल मंदिर लेन

भार्गव, एल.एच. : एन्सियेन्ट सोसाइटी

भारी, देवराज सिंह : विद्यापति और उनकी पदावली, आगरा, हिन्दी साहित्य संसार, 1963

भट्टाचार्य, सचिदानन्द (डा.) (सम्पादक) : भारतीय इतिहास कोश

मजुमदार, आर, सी. : कारपोरेट लाइफ इन ए एसियेन्ट इण्डिया कलकत्ता 1922

मजुमदार, आर.सी. : हिस्ट्री आफ बंगाल, भाग-१, 1943

मजुमदार, तथा अल्तेकर : ए न्यू हिस्ट्री आफ दि इण्डिया, पिपुल, भाग-द्ध लाहौर, 1946

मजुमदार, राय चौधरी तथा दत्त : एन एडवान्स हिस्ट्री आफ इण्डिया, लंदन, 1948

मल्लिक, शैलेन्द्र नारायण : मिथिलाका कर्ण कायस्थ यश मिथिला जनकपुर-१०

माथुर, जे.सी. तथा मिश्र योगेन्द्र : होमेज टू वैशाली, मुजफ्फरपुर, 1948

मोतीचन्द्र (डा.) : प्राचीन भारतीय वेश-भूषा, प्रयाग, भारतीय भण्डार सम्बत् 2007

मुखर्जी, आ.के. : एन्सियेंट इण्डियन एजुकेशन, लंदन 1901

मुखर्जी, आर.के. : हिन्दू सिविलाइजेशन, लंदन 1901

मिश्र, उमेश (डा.) (संपादक) : विद्यापति ठाकुर, हिन्दुस्तानी एकेडमी संयुक्त प्रान्त, इलाहाबाद, द्वितीय परिवद्धित संस्करण, 1949

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

: मिथिलाक संस्कृति ओ सभ्यता (मैथिली) दरभंगा

: गोरक्ष विजय (विद्यापति) इलाहाबाद, अखिल भारतीय मैथिली साहित्य समिति, तीरभुक्ति, ज्ञघटड मिथिलाब्द 1961

: कीर्तिपताका (विद्यापति) इलाहाबाद, अखिल भारतीय मैथिली साहित्य समिति, तीरभुक्ति। एलनगज रोड, 1960

: कीर्तिलता (विद्यापति) इलाहाबाद, अखिल भारतीय मैथिली साहित्य समिति तीर भुक्ति, 1960

मिश्र, कृष्णकान्त (प्रो.) : मैथिली साहित्यक इतिहास, मिथिला प्रकाशन, लहेरियासराय, 1955

मिश्र, जनार्दन (डा.) : भारतीय प्रतीक विद्या, पटना, बिहार राष्ट्रभाषा परिषद, शकाब्द, 1880

मिश्र, जयकान्त (डा.) : हिस्ट्री आफ मैथिली लिटरेचर, भाग-१, इलाहावाद 1947

मिश्र, जयकान्त एवं झा, इन्द्रकान्त (संपादक) : विद्यापति संस्कृत ग्रंथावली, प्रथम भाग, दरभंगा, कामेश्वर सिंह विश्वविद्यालय, 1980

मिश्र, बालकृष्ण : विद्यापति पदावली, काशी मैथिली साहित्य समिति 1937

मिश्र, योगेन्द्र : एन अर्ली हिस्ट्री आपु वैशाली, बनारस, 1960

मिश्र, विश्वेश्वर (प्रो.) : विद्यापतिक काव्य साधना, दरभंगा, विद्यापति प्रकाशन, 1965

राकेश, रामइकबाल सिंह : मैथिली लोकगीत, हिन्दी साहित्य सम्मेलन प्रयाग

राम चौधरी, एच.सी. : पालिटिकल हिस्ट्री आफ इण्डिया, कलकत्ता, 1964

राय चौधरी, हेमचन्द्र : दी अर्ली हिस्ट आफ दी वैष्णव सकट, कलकत्ता विश्वविद्यालय, 1936

राधा कृष्णन (डा.) : धर्म और समाज, दिल्ली, राजपाल एण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्स, 1963

राय, एन.आर. : एशियेंट नेपाल, कलकत्ता, 1960

: मेडिवल नेपाल, कलकत्ता, 1965

वर्मा, एवं वेनी माधव : हिन्दी साहित्य का आलोचनात्मक इतिहास, इलाहाबाद पंचम संस्करण, 1964

वर्मा, वी.एस. : सोशिओ रिलिजियस, इकोनोमिक एण्ड लिटरेरी कंडिशन आफ बिहार, दिल्ली, 1960

वस्टमार्क : हिस्ट्री आफ ह्यूमैन मैरेज, लंडन मैकमिलन, पंचम संस्करण, 1008

वार्ष्णेय, कैलास चन्द्र (प्रो.) : विद्यापति एक अध्ययन, आगरा, सरस्वती पुस्तक सदन, मोती कटरा, 1955

विमल, राजेन्द्र प्रसाद : मिथिलाको इतिहास, संस्कृति र कलापरम्परा, हिमाली बुक स्टल, काठमाण्डौ

शर्मण, परमेश्वर (परिशे.) : दुर्गाभक्ति तरंगिनी (विद्यापति) दरभंगा, राजकीय यन्त्रालय, दरभंगा, 1900

शर्मण, फणि (संशोधित) : दानवाक्यावली (विद्यापति) बनारस, विक्टोरिया प्रेस, शाके 1805

शर्मणा, वासुदेव (सम्पादक) : याज्ञवल्क्य स्मृति, निर्णयसागर मुद्रणालय, द्वितीय संस्करण, शकाब्द ज्ञडद्धण, 1916

शर्मा, वृजेन्द्रनाथ : सोशल एण्ड कल्चरल हिस्ट्री आफ नार्थन इण्डिया (1000-1000 ए.डी) नई दिल्ली, 1970

शर्मा रामप्रकाश (डा.) : मिथिला का इतिहास, दरभंगा, कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, 1979

शर्मा, आर.एस. : इण्डियन फ्यूडेलिज्म, कलकत्ता, 1965

शर्मा, राजनाथ : विद्यापति का अमर काव्य, आगरा, रतन प्रकाशन मंदिर 1960

शास्त्री, आर.शाम (सं.) : अर्थशास्त्र (कौटिल्य), मैसूर, तृतीय संस्करण, 1909

शास्त्री सदानन्द (परिशो.) : पंचसायक (ज्योतिरीश्वर), बनारस,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोतीलाल वनासरी दास

शुक्ल, रामचन्द्र : हिन्दी साहित्य का इतिहास, काशी नागरी प्रचारिणी सभा

सहाय, ब्रजनन्दन : मैथिली कोकिल विद्यापति, आगरा, नागरी प्रचारिणी सभा, द्वितीय संस्करण, संवत् 2009 वि.

सक्सेना, वाबूराम (डा.सं.) : कीर्तिलता (विद्यापति) काशी नागरी प्रचारिणी सभा, चतुर्थ सस्करण, संवत् 2021

सरकार, ए.सी. : सम आसपेक्टस आफ दी आर्लियेस्ट हिस्ट्री आफ इण्डिया, लंदन, आक्सफोर्ड यूनिवर सिटी प्रेस, 1908

सरकार, जे.एन. : हिस्ट्री आफ बंगाल, भाग-२, कलकत्ता

सिंह, प्रेम शंकर (डा.) : पुरुषार्थ ओ विद्यापति, भागलपुर ऋचा प्रकाशन, राधा रनी सिन्हा रोड, 1986

सिंह, श्याम नारायण : हिस्ट्री आफ तिरहुत, कलकत्ता, दी वपिस्ट मिशन प्रेस 1922

सिंह, शिव प्रसाद : कीर्तिलता और अवहट्ठ भाषा, इलाहाबाद 1955

सिन्हा, अरविन्द नारायण : विद्यापति युग आ साहित्य, आगरा विनोद पुस्तक मन्दिर, 1966

सिन्हा, चन्देश्वर प्रसाद नारायण : मिथिला अण्डर कर्णाट्स जानकी पब्लिकेशन्स दिल्ली 1977

सिन्हा, वी.पी. : दि डिक्लाइन आफ दि किंगडम आफ मगध, दिल्ली 1857

: दि कम्प्रिहेन्सिव हिस्ट्री आफ बिहार, भाषा-१, पटना 1974

स्मिथ टी. एस. : दि अर्ली हिस्ट्री आफ इंडिया आक्सफोर्ड, 1914

सेन, वी.सी. : सम हिस्टोरिकल आसपेक्ट्स आफ दि इन्सक्रिप्शन आफ बंगाल, कलकत्ता, 1940

सेन, डी.सी. : हिस्ट्री आफ बंगाली लैग्वेज एण्ड लिटरेचर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेन, सुकुमार (डा.) : हिस्ट्री आफ वजबुलि लिटरेचर, कलकत्ता, विश्वविद्यालय 1935

त्रिपाठी, आर.एस. : हिस्ट्री आफ कन्नौज, दिल्ली, 1959

जर्नल

जर्नल आफ दी बिहार एण्ड उडीसा रिसर्च सोसाइटी

जर्नल आफ दी बिहार रिसर्च सोसाइटी

जर्नल आफ दी रायल एशिएटिक सोसाइटी आफ बंगाल

जर्नल आफ दी राएल एशिएटिक सोसाइटी आफ ग्रेट ब्रिटेन एण्ड आयरलैंड, न्यू सीरीज, 1898, 1989

जर्नल आफ दी एशिएटिक सोसाइटी आफ बंगाल 1922 तथा 1957–सुनीति कुमार चटर्जी

जर्नल आफ दी मैनचेस्टर ओरिएण्टल सोसाइटी

जर्नल आफ इण्डियन हिस्ट्री, 1935 गोविन्द पाण्डे

जर्नल आफ दी नुमिसमेटिक सोसाइटी आफ इण्डिया

जर्नल आफ दी ब्रान्च आफ दी रायल एशिएटिक सोसाइटी ।

सिंहावलोकन (पाक्षिक), सं. कुलराज घिमिरे, जनकपुरधाम (2046 संवत्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

बडाकाजी अमरसिंह थापा निर्मित श्रीराम मन्दिर, जनकपुर ।

ISBN 978-9937-0-4222-2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu